


ब्रह्मज्ञानी परमपूज्य श्री १००८ खप्तडबाबा-तत्पूरुषका

करकमल बाट पोखिएको अमृतको ग्रन्थ

"धर्म-विज्ञान"(प्रथम-खण्ड)

यस पुस्तकको सङ्कलन-सम्पादनको प्रेरणा कहिले किन र कसरी ?

पाश्चात्य शिक्षा-दीक्षाको फलस्वरूप जति विजातीय चीजहरू हाम्रो देशभित्र पसेका छन् तिनमध्ये नास्तिकता पनि एक हो । अचेल्का शिक्षित भनिने व्यक्तिहरूमा हामी यसको बढी प्रभाव परेको पाउँदछौं । ज्यादाजसो मानिसहरू यसै भ्रममा परेर ईश्वर, आत्मा, धर्म कर्मवाद, पुनर्जन्म, देवी-देवता, स्वर्ग-नरकादिका कुराहरूलाई केवल ढोंग र भ्रमोत्पादक देख्दछन् । यस प्रकारको धार्मिक उपेक्षाको छाप यति बढ्दै गइरहेको छ कि धेरैजसो मानिसहरू प्राचीन धर्मग्रन्थहरूको पाठ गर्नु, विद्वान्-हरूका कुराहरू सुन्नु अथवा उनीहरूसँग यस विषयमा केही सोध्नु त परै रहोस्, आफैं पनि यी कुरा-हरूबारे विचारसम्म पनि गर्न चाहँदैनन् । उनीहरू आफ्नो स्थूल दृष्टिले संसारको जुन स्थूलरूप देख्दछन् केवल त्यसैलाई सत्य मानेर आफ्नो दृढ सिद्धान्त बनाउँदछन् । अझ यसभन्दा पनि डरलाग्दो कुरा, त यो छ-- उनीहरू येन-केन प्रकारेण आफ्ना धर्मविरोधी अधूरा सिद्धान्तहरूको प्रचार-प्रसारसमेत गर्ने कुचेष्टा गर्दछन्, फलस्वरूप आज यसप्रकारका अनेकौं लेख तथा पुस्तकहरू पाइन्छन् जुनद्वारा साधारण जन-समुदायमा पर्याप्त भ्रम फैलिरहेको छ । मानिसहरू आफ्नो धार्मिक विश्वास गुमाएर दिन-प्रतिदिन बढी अशान्त भइरहेका छन् । यही हो आजको तथाकथित वैचारिक स्वतन्त्रताको स्वरूप तथा परिणाम । यी व्यक्तिहरूलाई ऋषि-मुनिहरूको अनुभव तथा शास्त्रवचनहरूमाथि विश्वास छैन; त्यसै कारण यस सङ्कलनात्मक ग्रन्थमा शास्त्रीय प्रमाणहरू ज्यादा नदिईकन केवल पदार्थविज्ञान तथा मनोविज्ञान शास्त्रसम्मत बुद्धिगम्य युक्तिहरू र ऐतिहासिक प्रमाणहरू तथा जन-साधारणका अनुभवहरूको आधारको नै विचार-प्रणाली अँगालिएको छ । म जनसाधारणसँग यही प्रार्थना गर्दछु-- उनीहरू पक्षपात तथा दुराग्रह छाडेर सारासारको विचार गरून् र सत्यलाई ग्रहण गरून् । क

वर्तमान युवावर्गहरूमध्ये अधिकांश युवक-युवतीहरूका आचरण एवं कर्महरू देखेर दुःखी भएका कैयौं सज्जनहरू आफ्ना शिक्षित सन्तानहरूको जीवन आलस्यपूर्ण, खर्चिलो, अकर्मण्य तथा धर्मशून्य देखेर मर्माहत भई अनेक प्रश्नहरू गर्दछन् । आजभन्दा करीब १८ वर्षअघि हरिद्वारको कुम्भमेलामा मेरा एक निकटतम भक्त-परिवारका सदस्यहरूले आफ्ना उच्च-शिक्षारत पुत्र-पुत्रीको सम्बन्धमा बडो दुःखी मनले कैयौं कुराहरू भनेका थिए । त्यसै समयदेखि मेरो मनमा प्रस्तुत सङ्कल-नात्मक ग्रन्थ लेख्ने इच्छा बारम्बार जाग्रत् हुन लाग्यो । मैले उक्त भक्त-परिवारका सन्तानहरू-

सँग प्रेमपूर्वक प्रश्न गर्दा उनीहरूले आत्मग्लानिको अनुभव गर्दै मसँग भने– 'महाराज ! तपाईं नै भन्नुहोस्, हामी के गरौं ? आफ्ना माता-पिताप्रति हाम्रो यथेष्ट श्रद्धा एवं भक्ति हुँदा-हुँदै पनि उहाँहरू हामीसँग असन्तुष्ट झैं हुनुहुन्छ । हामीले आफ्नो अध्ययनको शुरुआतदेखि नै यसै शिक्षाको अध्ययन गऱ्यौं । हाम्रो मन एवं बुद्धिको स्वरूप त्यसै शिक्षाअनुरूप बन्यो । धार्मिक शिक्षाको विषयमा हामीलाई आफ्ना शिक्षालयहरूमा न केही पढाइयो, न त हामीले नै केही पढ्न सक्यौं । हाम्रा माता-पिता हामीबाट हामीले नपढेका नसिकेका ज्ञानको अपेक्षा गर्दछन्, जसले गर्दा हामी भित्रभित्रै बडो असामञ्जस्यमा पर्दछौं । हामीले अध्ययन गरेको विषयमा कसैले हामीसँग कुनै पनि प्रश्न गर्दछ भने हामी चित्तबुझ्दो गरी त्यस प्रश्नको उत्तर दिन सक्षम छौं, यस कुरामा हामीलाई पूर्ण आत्मविश्वास छ । वास्तवमा हामी धर्मको विषयमा जान्न चाहन्छौं र हामीले केही प्रयत्न पनि गऱ्यौं, तर धर्मका सबै मौलिक ग्रन्थहरू संस्कृतमा छन् जुन हामीलाई पढाइएन । तपाईं हाम्रा पूज्य माता-पिताका लागि परम श्रद्धेय भएको नाताले हाम्रो लागि पनि श्रद्धेय हुनुहुन्छ। अब तपाईं नै हामीलाई उचित उपदेश दिनुहोस्– हामी के गरौं ! जीवनमा आज पहिलोपल्ट हामीले आफ्नो हृदय तपाईंको सम्मुख उदाङ्गो पारेका छौं । अस्तु, त्यसै समयदेखि मेरो मनमा एउटा यस्तो सङ्कल्पका लागि प्रेरणा उत्पन्न भयो, जसले संस्कृतका अनभिज्ञ तर धर्मप्रति श्रद्धा एवं जिज्ञासा राख्ने युवावर्गलाई केही प्रकाश मिल्न सकोस् ।

(ख) वर्तमान शिक्षासम्बन्धी रोग त हाल यति व्यापक भइसकेको छ कि त्यो निको हुनु असम्भव जस्तै देखिन्छ । हुन त गुण र दोष सबै कुरामा हुन्छन्, यस दृष्टिकोणले वर्तमान शिक्षामा केही गुणहरू पनि छन् र तिनबाट लाभ पनि भइरहेको छ, तर सूक्ष्म दृष्टिले विचार गर्ने हो भने लाभभन्दा हानिकै मात्रा बढी देखिन्छ । शुरू-शुरूमा त मोहवश, मिथ्या सम्मानको कारणले सोचिएन, परिणामबारे विचार गरिएन र अहिले जब चारैतर्फ यसै शिक्षाद्वारा उत्पादित जनहरूको सङ्ख्या बढिसक्यो र शिक्षाको प्रगतिको नाममा यसलाई विस्तार गर्ने विद्यालय-महाविद्यालयहरू पनि बढिसके, दृष्टिकोणको परिवर्तनले लाखौं युवक-युवतीहरू यसै शिक्षालाई परमलाभकारी मानेर सम्मानको दृष्टिले हेर्न लागिसकेपछि अब आएर बल्ल ध्यान दिनाले र विचार गर्नाले केही विशेष लाभ होला भन्ने आशा गर्न सकिंदैन । अब त यस रोगका जराहरू ज्यादै भित्र-भित्रसम्म पुगिसकेका छन् र जबसम्म यसका विषमय कुफलहरूद्वारा हाम्रो समाज जर्जरित भएर निरुपाय भई ईश्वरको शरणमा जाँदैन, तबसम्म यसबाट मुक्त हुनु ज्यादै गाह्रो छ । विश्वविद्यालयहरूका दीक्षान्त-भाषणहरूमा यस वर्तमान शिक्षा-पद्धतिलाई बेकारी बढाउने, ईश्वर र धर्ममाथि अविश्वास जगाउने, आमा-बाबु तथा गुरुजनप्रति अश्रद्धा उब्जाउने, प्राचीनताप्रति द्वेष बढाउने तथा घरेलु कला-कौशलका कार्यहरू गर्नमा लज्जा एवं सरलताको अभाव इत्यादि दोषहरू उत्पन्न गर्ने भनेर भन्न त भनिन्छ, तर लाभ केही पनि हुँदैन । यसको कारण पनि प्रत्यक्ष छ– परिणामअनुसार उनीहरू यसका दोषहरू बयान त गर्दछन्, तथापि दृष्टिकोण अपरिवर्तित रहेको हुनाले जति विचार गरे पनि तिनलाई यसमा लाभ नै देखा पर्दछ तथा अनेकौं कारणहरूले गर्दा यसको आवश्यकता पनि अनुभव हुन्छ, अतः कुनै क्रियात्मक सुधार हुन पाउँदैन । जसले

आफ्नो दृष्टिकोणमा यस अवस्थालाई परमलाभकारी भन्दछ, उसलाई पनि दोष दिन सकिन्न, किनकि उसको दृष्टिले त्यस्तै देख्दछ । (ग)

जुन धर्म तथा ईश्वरलाई हामीले आफ्नो समाजरूपी शरीरको मेरुदण्ड सम्झेका थियौं आज त्यसै धर्मको आवश्यकता एवम् ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायसामु स्वीकार गर्नमा हाम्रा शिक्षित युवावर्गलाई सङ्कोच एवं लाजको अनुभव हुन्छ, मानौं उनी कुनै मूर्खता-पूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्वत्तामाथि कलङ्क लगाइरहेका छन् अथवा कुनै जघन्य अपराध गरिरहेका छन् । कामोपभोग नै आज हाम्रो जीवनको चरम लक्ष्य बनेको छ । कामपरायण भएर आज हामी अदूरदर्शी शिक्षाभिमानी भई आपातरमणीय इन्द्रियसुखलाई नै परम सुख मानेर अग्निशिखामा भस्म हुनको लागि अनजान भएर उड्न लागेका छौं । यसमा समयको प्रभाव त निश्चय नै एक कारण हो, तर यसको जगमा रहेको एउटा ठूलो अभिशाप हो– हाम्रो यो धर्महीन वर्तमान शिक्षापद्धति । यस शिक्षालाई एक यस्तो संस्कृतिको प्रेरणा प्राप्त छ जसले हाम्रा आँखालाई तिरमिराइदिएको छ, त्यसैले हामी यस माया-मरीचिकामा फसेर त्यसलाई अँगाल्नका लागि जोडले दौडिरहेका छौं तथा यसैबाट आज हामी आफ्ना सरल-हृदय बाल-बालिकाहरूको हृदयमा कामोपभोगमय सभ्यताको भीषण विषपान गराएर तिनलाई ध्वंसको मार्गतर्फ धकेलिरहेका छौं र यसैमा तिनको र आफ्नो कल्याण मानिरहेका छौं । जुन देशहरूको यो सभ्यता छ, उनीहरू आज वाक्क भएर यसबाट मुक्त हुने बाटो खोजिरहेका छन् तथा हाम्रो संस्कृतितर्फ आशामय दृष्टिले हेरिरहेका छन् । तर हामी अभागीहरू त्यसैलाई अँगाल्नका लागि आँखा चिम्लेर दौडिरहेका छौं । ईश्वरले हाम्रो बुद्धिमाथि रहेको विभ्रमको यो पर्दा कहिले पन्छाउलान् ?

यस लेखमा मेरो अभिप्राय यो कदापि होइन कि म पाश्चात्यशिक्षा प्राप्त पुरुष तथा स्त्रीलाई मात्र उपर्युक्त दोषले युक्त ठान्दछु । मलाई यस्ता कैयौं पुरुषरत्न एवं सम्माननीय नर-नारीहरूसँग परिचय गर्ने सौभाग्य मिलेको छ जो यस शिक्षामा धेरै माथि पुगेका भए तापनि सबै दृष्टिकोणले आदर्श छन् र महत्त्वपूर्ण जिम्मेदारीहरू पूरा गर्दै तपस्वी जीवन बिताइरहेका छन् । यस्ता कैयौं आमा तथा दिदी-बहिनीहरूलाई म चिन्दछु जो पाश्चात्य शिक्षा प्राप्त गरेर पनि परम् सती-साध्वी छन् र ईश्वर, धर्म तथा सदाचारप्रति परम श्रद्धा राख्दछन् । परिचय त वास्तवमा थोरैसँग मात्र हुन्छ । मैले नचिनेका पाश्चात्य शिक्षा प्राप्त पुरुषहरूमध्ये अनेकौं यस्ता शुद्ध संस्कारी महानुभावहरू तथा अनेकौं पवित्रहृदया दिदी-बहिनीहरू होलान्, जसको समुचित आदर मैले गर्नुपर्दछ; तर मेरो विचारमा तीमध्ये अधिकांश उनै छन् जो ज्यादा उमेर पुगेका छन् अथवा जो सौभाग्यवश घरको वा सत्सङ्गको शुद्ध वातावरणमा रहन्छन् र आफ्ना माता-पिताको शुद्ध आदर्शलाई केटाकेटीदेखि नै देखिआएका छन् । तरुण एवं वयस्क आजका छात्र-छात्रा-हरूमा त यस्ता पुरुष तथा नारीको सङ्ख्या क्रमशः घट्दै नै गइरहेको छ । यो कुरा त सबैले स्वीकार गर्नैपर्दछ तथा प्रत्यक्ष प्रमाणहरू पनि यही कुरा देखाइरहेका छन् ।

धार्मिक भावको उपेक्षा नै हाम्रो अनुशासनहीनता तथा नैतिकस्तरको ह्रासको प्रमुख कारण हो । आज चाहे जे-जस्तो अवस्था होस्, तर अनादिकालदेखि नै हिन्दू-राष्ट्र सधैं धर्ममूलक राज्य रही आएको छ । आज समयको प्रभावले गर्दा वा पाश्चात्य सभ्यताको विषालु संसर्गले गर्दा मानिसहरू चाहे धर्मलाई केवल व्यक्तिगत विचार सम्झून् अथवा केवल मन्दिर, मस्जिद र गिर्जा-घरको सीमित क्षेत्रको कुरा सम्झून्, तर हाम्रो राष्ट्रमा त अतिप्राचीन कालदेखि नै धर्मको विषय जीवनका सम्पूर्ण क्षेत्रहरूमा यति व्यापक रूपमा फेलिएर रहेको छ जसरी शरीरमा रगत । जसरी रक्तहीन शरीरको कल्पना पनि गर्न सकिन्न, त्यसरी नै धर्मनिरपेक्ष राष्ट्रको पनि कल्पना गर्न सकिन्न । अनुवादको अधूरो प्रणालीले गर्दा आज यस शब्दले युवावर्गमा आफ्नो विष बडो भद्दा किसिम-ले फिजाइदिएको छ, जसले अनुशासनहीनता तथा अनैतिकतालाई प्रोत्साहन दियो र दिइर-हेको छ । अंग्रेजी अनुवादले हाम्रो भाषाका शब्दहरूका भावलाई पूर्णरूपले अभिव्यक्त गर्न सक्तैन र कहिलेकाहीं त यसले एकदमै भिन्न प्रकारको भाव पनि अभिव्यक्त गरिदिन्छ, जो अनर्थको कारण बन्न सक्तछ । धर्म-निरपेक्ष यस्तै एक शब्द हो । यसको वास्तविक अर्थ हो– 'सबै धर्महरूलाई समान आदर र आफ्नो धर्मप्रति दृढ आस्था एवम् अगाध-श्रद्धा' तथा भ्रामक अर्थ छ– 'कुनै पनि धर्मलाई नमान्नु ।' दुर्भाग्यवश आजका युवापिढी ज्यादाजसो यसै भ्रामक अर्थको अनुयायी बन्दै गइरहेको छ जसको फलस्वरूप अनुशासनहीनता र अनैतिकतापूर्ण वातावरणको सृजना हुँदै गइरहेको छ ।

(घ)

प्राचीन कालमा जीवनका सम्पूर्ण क्षेत्रहरू चाहे त्यो सामाजिक होस् वा राजनीतिक, वैय-क्तिक होस् वा सामूहिक, अक्षुण्ण धर्म-भावनाले ओतप्रोत हुने गर्दथे । एक सामान्य नागरिकदेखि सम्राट्सम्मको सम्पूर्ण कार्य तथा क्रियाकलापमा धर्मको नियन्त्रण थियो र उनीहरूले जेसुकै गरे पनि त्यसको गणना पाप र पुण्य यिनै दुई श्रेणीमा हुन्थ्यो । वास्तविक कुरा त यो हो– हिन्दू-धर्मको प्राचीन इतिहासमा हामी सम्पूर्ण कुराहरूको केवल एक मात्र क्षेत्र पाउँदछौं, त्यो हो धर्मको क्षेत्र । राजनीति, समाजवाद, व्यापार-व्यवसाय, युद्धविद्या, सङ्गीत, नृत्य, चित्रकलादि, शिक्षा, सदाचार, परम्परा आदि सम्पूर्ण विद्याहरू तथा मानवोचित गुण त्यसै धर्मलाई पुष्ट पार्ने उद्देश्यले नै विकसित भएका थिए । एक साधारण कुरा नै लिऊँ– राष्ट्रको योग्य नागरिक बन्नका लागि जे-जे गुणहरूको आवश्यकता हुन्थ्यो, वेदादिशास्त्रहरूमा ती सबै धर्मका अनिवार्य अङ्ग घोषित गरिएका छन् । सत्य भाषण, आवश्यकतानुसार अरूलाई मद्दत गर्नु, मातृभूमिप्रति प्रेम, सद्व्यवहार, सदाचार-पालन आदि सबै गुणहरू, जसका लागि आज कानूनी व्यवस्था, गर्नु परिरहेको छ कुनै बेला धर्मका अङ्ग थिए र मानिसहरू तिनलाई यसै विश्वाससाथ पालन गर्दथे कि उनीहरू धर्मार्जनद्वारा पुण्यभागी बनिरहेका छन् ।

धार्मिक भावको उपेक्षा हुनाले धर्ममा आश्रित जनताको नैतिक स्तर मात्र तल झरेन, अपितु शासन-तन्त्रका लागिसमेत राजनीतिक शिरोवेदना (Political Headache) उत्पन्न भएको छ । जनतामा धर्मनिरपेक्ष रुचिको वृद्धिले धर्म-अधर्म, पाप, पुण्यको प्रति विकृत एवं

ढोगो बुद्धि उत्पन्न हुनाले चोरी, ठगी, व्यभिचार, हत्या आदि अपराधहरूमा अवाञ्छित वृद्धि भइ-रहेको छ । बितेका केही वर्षको तथ्याङ्कबाट स्पष्टसँग यही परिणाम देखिन्छ– अनेकौं प्रकारका वादहरूका चक्करमा फसेर हामीले (संसारले) केही पनि ठोस उपलब्धि हासिल गर्न सकेनौं, तर धेरै कुराहरू भने निश्चय नै गुमायौं । अघिअघि कुनै पनि काम गर्दा मानिसको हृदयमा यो भावना उब्जन्थ्यो– ओहो '! यो त पाप हो ।' तर आज यो भावना सर्वथा लुप्त हुँदै गइरहेको छ । धर्म-अधर्मलाई त देखावटीपना बनाइदिए, ढोंग बनाइदिए, अब मनुष्यलाई खराबीबाट जोगाउने को? कानून? त्यही लचकदार कानून, जो वकील महानुभावहरूको वाक्पटुतामा फसेर केही समय-सम्म छटपटाएर शान्त हुन्छ? के कानून भन्ने कुरा हरबखत अपराधी सँगसँगै हिंड्दछ ? आज प्रायः जहाँतहीं बजारमा मिसावटयुक्त खाद्य सामग्रीहरूको बिक्री भइरहेको छ । प्रत्येक वस्तु, खाद्य सामग्री मात्र हैन औषधिहरूसम्म पनि मिसावटयुक्त नै पाइन्छन् । किन यस कानूनले ती नरपिशाचहरूको हात समातेर भन्न सक्तैन– 'खबरदार ! तिम्रो यो अशुद्ध र सत्त्वहीन वस्तुहरू खुवाई-खुवाई हाम्रा नागरिकहरूको आयु र स्वास्थ्य बरबाद पारिरहेका छौ । तर केवल कानूनमात्रमा यो शक्ति छैन । आजको यस कानूनको त विचित्र चाला छ जो सोझो-साझा र निमुखा मानिस त्यसको हातमा पर्दछ ऊ त अकालैमा मर्दछ, तर जो चलाक हुन्छ, समर्थ र सम्पन्न हुन्छ तथा कानूनरूपी अस्त्रलाई चाँदीको झन् चम्किलो अस्त्रले परास्त गर्ने क्षमता राख्दछ, उसलाई कानूनसँग केको डर र केको त्रास ?

यी दुष्प्रवृत्तिहरूलाई रोक्न सक्ने शक्ति धर्ममा नै थियो, जसमा आज हामी निरपेक्ष हुँदै गइरहेका छौं । त्यस धर्ममा नै एकान्त तथा शून्यमा सबैको आँखा छलेर कुभलो गर्न खोज्ने मानिस-को हात समातेर यो भन्न सक्ने शक्ति थियो– 'ए मूर्ख ! किन यसरी लुकेर पापी प्रवृत्तिमा लाग्दै छस् ? यो कुरा नबिर्सी कि धर्मराजको दरबारमा एक दिन तँले यस कुराको उत्तर दिनुपर्नेछ । यो नसोच् कि तँलाई कसैले देखेको छैन । सदा स्मरण राख् कि–

द्यौर्भूमिरापो हृदयं चन्द्रार्काग्निर्यमानिला ।
रात्रिः सन्ध्येच धर्मश्च वृत्तज्ञाः सर्वदेहिनाम् ॥

अर्थात् द्युलोक, पृथ्वी, जल, अग्नि हृदयमा बसिरहेको भगवान्को प्रतिनिधि आत्मा, सूर्य, चन्द्र, यम, वायु, रात्रि तथा दुवै सन्ध्याहरूका दैवी शक्तिहरू पनि मानिसहरूले लुकी-लुकी गरेका सम्पूर्ण कार्यहरू अवश्य देख्दछन् । यस प्रकारको भावनाको उदयबाट मानिस ज्यादाजसो पापमार्ग-बाट पर हुन्थ्यो । प्रत्येक धर्ममा यस्ता अनेकौं घटनाहरूको उल्लेख भएको पाइन्छ कि यस भावनाले मानिसहरूलाई सन्मार्गमा लगायो । कानून यस भावनाको एक उत्तम साधन अवश्य हुन सक्तछ । आफ्नो छल, बल एवं कौशलले यहाँको अदालतलाई छलेर उम्के पनि सर्वव्यापी ईश्वरको त्यस बृहत् अदालतबाट कसरी उम्कलान् र ? यही अटल एवं मानिसको हृदयमा बलियो जरा गाडेको धारणाले नै आजसम्म मनुष्यलाई कुपथमा लाग्नबाट जोगाई आएको छ ।

हिन्दू राजाहरूमध्ये सूर्यवंशी तथा चन्द्रवंशी राजाहरू ज्यादै प्रसिद्ध भएका छन् । आज संसारका सबै राष्ट्रहरूमा चोरी, झूठ, व्यभिचार, हत्या, छलकपट आदिको बोलवाला छ, र सरकार जति-जति नयाँ कानूनहरू बनाएर यी खराबीहरूमाथि रोक लगाउन खोज्दछ यी खराबीहरू त्यति-त्यति नै बढ्दै गइरहेका छन् । संसारको इतिहासमा यस्ता शासकहरूको उदाहरण बिरलै पाइन्छ जसले यी लोकविघातक दुष्प्रवृत्तिहरूलाई नै जरैदेखि उखेलेर फ्याँकेका छन् । महाराज अश्वपति यस्तै विरल राजाहरूमध्ये एक थिए । छान्दोग्योपनिषद्मा ती न्याय-परायण तथा प्रजापालक राजा-को यो सात्त्विक गर्वोक्ति पाइन्छ–

न मे स्तेनो जनपदे न कदर्यो न मद्यपः ।
नाऽनाहिताग्निर्नाऽविद्वान् न स्वैरी स्वैरिणी कुतः।।

अर्थात्, मेरो राज्यमा न कोही चोर छ, न जुवाडे-जँड्याहा आदि छन् । यस्तो कुनै व्यक्ति छैन जो प्रातःसाँझ यज्ञ गर्दैन । कोही अशिक्षित छैन; तथा जब कुनै पुरुष पनि व्यभिचारी छैन भने व्यभिचारिणी नारी कहाँ हुनु? विश्वकै इतिहासमा खोज, विश्वासपूर्ण यति व्यापक कुरा भन्न सक्ने राजा हिन्दू-देशको अतिरिक्त अन्य कहीं पाउनेछैनौं । के तिमीलाई आफ्नो पुर्खाको उज्ज्वल कीर्तिमा गर्व हुँदैन? यदि हुन्छ भने अर्काको अन्धाधुन्ध अनुकरण गर्ने यो बानी किन? आफै विचार गर ।

अब प्रश्न उठ्छ– धर्म र ईश्वरलाई किन मान्नुपर्दछ? भोजन किन गर्नुपर्दछ? पानी किन खानुपर्दछ? सास फेर्न किन आवश्यक छ? किन सुत्नुपर्दछ ? यी प्रश्नहरूका उत्तर यिनै हुने छन्– भोकको कष्टले भोजन गर्न विवश पार्दछ । प्यासले पानी पिउन विवश बनाउँदछ । जीवन सास फेर्न विवश गर्दछ । थकाइले सुत्न आवश्यक बनाउँदछ। त्यस्तै संसारमा कष्ट र दुःखको अनुभव एवं कष्ट र दुःखको उपस्थिति ईश्वर तथा धर्म-(व्यवस्था)-लाई स्वीकार गर्न तथा अङ्गीकार गर्न आव-श्यक बनाउँदछ । यदि संसारमा दुःख नभएको भए अथवा संसारमा दुःखको निराकरण भएको भए यस प्रश्नको उपेक्षा निश्चय नै गरिन्थ्यो होला, तर आज कुनै दार्शनिक महात्मा वा वैज्ञानिकले हामी-लाई यो बताउन सकेको छैन– संसारबाट कष्ट दूर गर्ने स्थायी उपाय के हो? च

यस कुरामा शङ्का छैन– विज्ञानले दुःख-कष्ट कम गर्ने धेरै उपाहरू बतायो, त्यसको साथसाथै शुद्ध भावले निकै हृदसम्म यस दुःखको निदान गर्ने प्रयत्न गऱ्यो जसका लागि हाम्रो हृदयमा असीम कृतज्ञता छ; तर अपशोच ! यति गरेर पनि संसारबाट दुःख घटेन । बाह्य उन्नतिबाट हार्दिक उन्नति प्राप्त हुन सकेन । विज्ञानले सुखका अनेकौं साधनहरू बनायो जसबाट मनुष्यलाई धेरै आराम मिल्यो, बाहिरी दुःख निश्चय नै कम भयो, तर यी कुराहरूबाट हार्दिक शान्ति किन प्राप्त हुन सकेन? सकल-सुखसाधन-सम्पन्न व्यक्तिहरू पनि दुःखी नै छन् र उनीहरू प्रश्न गर्दछन्– शान्ति कहाँ छ?

आफ्ना समयका नास्तिकताका प्रबल समर्थक श्री डेविड ह्यूम-(David Hume) -ले आफ्नो सुप्रसिद्ध पुस्तक Treaties of Human Nature मा राम्रोसित स्वीकार गरेका छन्–

Thc intenseview of these manifold contradictions and imperfections in human reason has so wrought upon me and heated my brain that I am ready to reject all belief and reasoning, and can look upon no opinion as more probable or likely than another. Where am I or what ? From what causes do I derive my existence, and to what condition shall I return ? Whose favour shall I covet ? And whose anger must I dread ? What beings surround me ? And on whom have I any influence or who has any influence on me ? I am confounded with all these questions, and begin to fancy myself in the must deplorable condition imaginable environed with the deepest, darkness, and utterly deprived of the use of every member and faculty.

अर्थात् मनुष्यका युक्तिहरूको अपूर्णता तथा तिनमा विद्यमान अनेकौं विरोधी जटिलता-हरू देखेर म यति प्रभावित भएको छु तथा मेरो मस्तिष्क यसले यति अस्त-व्यस्त गरिदिएको छ कि सबै प्रकारका विश्वास एवं युक्तिहरूलाई स्वीकार नगर्न म तयार छु र कुनै पनि विचारलाई अर्कोभन्दा ज्यादा सम्भव एवं समर्थनयोग्य मान्न सक्तिनँ । 'म कहाँ छु र के हुँ ? मेरो जीवन कुन स्रोतद्वारा प्रवाहित हुन्छ र यो कहाँ जान्छ ? म कसको कृपाप्रति लालायित छु र कसको रिससँग डराउँछु ? मेरो चारैतिर यो के छ ? मैले कसलाई प्रभावित पारेको छु र म केद्वारा प्रभावित छु '– मेरो चारैतर्फ यी प्रश्नहरू खडा हुन्छन् र म ज्यादै नैराश्यपूर्ण अवस्थामा (विचारमा) पर्दछु । मेरो चारैतर्फ घोर अन्धकार व्याप्त छ, तथा मेरो मानसिक शक्ति एवं सम्पूर्ण अङ्ग अकर्मण्य हुन्छन् । छ

नास्तिकतामा निराशा एवम् अन्धकार बाहेक अरू मिल्दछ पनि के र ? तब के तिमी यस नैराश्यपूर्ण अन्धकारमा प्रसन्न रहन सक्तछौं ? अहँ । के तिमी सुखको खोज र इच्छाहरूलाई छाड्न सक्तछौं ? अहँ, अब, संसारमा सुख छैन र सुखको खोजी छाड्न सकिन्न भने के गर्ने ? यसको उत्तर यही नै हुन आउँदछ– या त त्यो मृग जस्तो हुनुपऱ्यो जो प्यासले व्याकुल भई मरुभूमिमा माया-मरीचिकाको पछि-पछि दौडन्छ, तर उसले त्यहाँ कहीं पानी पाउँदैन र छटपटाएर प्राण त्याग गर्दछ, अथवा कसैसँग सोधेर जलको खोजी गर्नुपऱ्यो जलाशयको पत्ता लगाउनुपऱ्यो । त्यसैले 'सुख कसरी पाइन्छ ?'– को उत्तर यही कुनै हुन आउँदछ– ईश्वरलाई चिन । ईश्वर नै हाम्रो त्यस आवश्यकताका पूर्ति हुन् ।

वस्तुतः ईश्वरको सत्ताले युक्तिहरूको अपेक्षा राख्दैन, अपितु युक्तिहरू नै आफ्नो अस्तित्वको लागि ईश्वरको अपेक्षा राख्दछन् । युक्तिहरू मानव-मस्तिष्कका उपज हुन् । मस्तिष्कको सम्बन्ध शरीरसँग छ । शरीर संसारसँग र संसार ईश्वरसँग सम्बद्ध छ । ईश्वर नभएका भए संसार पनि हुने थिएन, शरीर पनि हुने थिएन, न त मस्तिष्क नै हुने थियो र मस्तिष्क नभई युक्तिको सृजना कहाँबाट हुने ? अतः ईश्वरको सत्ता युक्तिहरूको अधीनमा छैन, अपितु यी सब कुराहरू उसको सत्ताको अधीनमा

छन् । उनी संसारका प्रत्येक परमाणुमा बसेर 'मछु, मछु' भनिरहेका छन्, तर हामी 'नाम-रूप' हेर्दै उनलाई बिर्सन्छौं । यदि तिमी सिनेमाघरको पर्दामा चित्रहरू आओस् भन्ने चाहन्छौं भने सबै झ्याल-ढोकाहरू बन्द गर । जब बाहिरी प्रकाश रोकिन्छ, तब चित्र प्रष्ट देखिन्छ । त्यसै प्रकार जब इन्द्रिय-हरूले बाहिरी प्रकाश अर्थात् इच्छाहरूलाई मनमा उतार्न छाड्छन्, तब ईश्वरको सत्ताको प्रमाण पाइन्छ । त्यसलाई प्राप्त गर्ने प्रबल-इच्छा हुनुपर्दछ ।

सर्वप्रथम हृदयलाई पवित्र पार । हृदयको पवित्रता के कुरा हो ? नम्रता (विनय), प्रेम, विश्वास, प्रार्थना, सहनशीलता, आत्मसमर्पण । यी कुराहरूलाई प्रथम-नियमरूप स्वीकार गर्नाले, चाहे अन्धविश्वासपूर्वक नै किन नहोस्, हृदय शुद्ध हुन थाल्छ । यसपछि त्यो सत्ता स्वयं नै आफ्नो प्रभाव एवम् आफूप्रतिको विश्वास बढाउन थाल्दछ–

अस्तित्वेवोपलब्धस्य तत्त्वभावः प्रसीदति । 'उनी छन्'–यसमा दृढ विश्वास राख ।

सम्पूर्ण देश तथा समयका मनुष्यहरूले परमात्माको सत्तालाई स्वीकार गरेका छन् । ऋषि-मुनि एवं साधु-महात्माहरूले माथि-तल, बाहिर-भित्र सर्वत्र उनको सत्ताको दर्शन गरेका छन् । मानवबुद्धिको यथासम्भव उपयोग गर्ने दार्शनिक, तार्किक तथा वेदान्तज्ञाताहरूले उनको अस्तित्व प्रमाणित गरेका छन् । योगीहरूले त्यस अन्तर्ज्योतिको अनुभव गरेका छन् । जसको प्रकाशमा उनै प्रिय ईश्वरको अजर सौन्दर्य प्रकट हुन्छ । कविहरूले त्यस सौन्दर्यलाई राम्रा-राम्रा छन्दहरू एवं सुन्दर गद्यपदहरूमा वर्णन गरेका छन् । अज्ञेयवाद तथा नास्तिकहरूको व्यर्थका तर्क-वितर्कभन्दा यी घटनाहरूको प्रमाण निकै बलवर्धक छन्; तर यी सब कुराहरू बाहेक हाम्रो आफ्नै अन्तस्तल-भागको जुन पुकार छ, ईश्वरको अस्तित्वका लागि त्यसभन्दा बलियो अरू के प्रमाण हुन सक्तछ ? हाम्रो बुद्धि-विवेकले नै हामीलाई यी कुरा भन्दछ– नियमबद्ध रूपले यस संसार-लाई चलाउने नियमहरूको निर्माता कोही न कोही अवश्य छ; कुनै यस्तो चेतशील समष्टि मन छ जसले मनिसहरूको पाप तथा पुण्यका सबै काम-कारबाहीहरूलाई प्रष्ट जान्दछ तथा कर्मअनुसारको फल प्रत्येकलाई समय-समयमा प्रदान गर्दछ । प्रकृति जड र मनुष्य स्वार्थी छ, अतः यी दुवैभन्दा माथि कुनै प्रभु छन् जो न जड छन स्वार्थी, अपितु उनी अनन्त शक्ति-ज्ञानका स्रोत र प्रेमका स्वरूप छन्, हाम्रो हृदय हामीलाई तर्कशास्त्रको कुनै प्रकृतिको बलले नभ्याउने जोडले, हाम्रो मन्दबुद्धि तथा शङ्कालु विवेकपछाडि नै छाड्ने वेगले तथा गणितका विकट समस्याका समाधानहरू तथा बाटैमा अल्मलिरहने हाम्रा बुद्धिका उपायहरू जहाँको त्यहीं नै रहने गरी प्रत्यक्ष रूपले यही नै सिद्ध गर्दछ– यदि तिम्रो कोई प्रियतम नभएको भए र यदि उसले तिमीलाई बोलाइ नरहेको भए तिम्रो मनमा प्रेमको प्रकाश कहिल्यै प्रज्वलित हुन सक्ने थिएन । यस्तो प्रेमको भाव उत्पन्न भएपछि कवि टेनिसन (Tennyson) ले आफ्नो (Two voices) नामक कवितामा प्रश्न गरेका छन्–

Who forget that other iufluence,
The heat of inward evidence,
By which he doubts against the Sense ?

अर्थात्– यो दोस्रो प्रभाव कसले उत्पन्न गऱ्यो ? अन्तःसाक्षीको यो ताप कहाँबाट आयो जसको कारणले गर्दा इन्द्रियहरूको साक्षीमाथि पनि विश्वास बाँकी रहेन ?

प्रत्येक मानिसभित्र एक सहज ज्ञानस्फूर्तिको शक्ति हुन्छ, जो अकस्मात् सूर्यको प्रकाशले जस्तै हाम्रो हृदयाकाशलाई प्रकाशित पार्दछ तथा भगवान्को मुखमण्डलको सौन्दर्य र उनको प्रममधुर मुस्कानको मोहक छवि देखाउँदछ । आत्मज्ञानको कुराका लागि प्रमाणको के आवश्यकता छ ? यसका लागि प्रमाण हुनै के सक्तछ र ? चिनीको स्वाद जिब्रोमात्रले अनुभव गर्न सक्तछ, के यसको कारण बताउनेका लागि पनि कुनै वैज्ञानिकको आवश्यकता पर्दछ ? अनि, वैज्ञानिक के वास्तविक कारण भन्न सक्तछ ? ऊ एक वैज्ञानिकको हैसियतले त केवल यो भन्न सक्तछ– चिनीमा गुलियोपनाको कुनै तत्त्व छ र कुनै ज्ञानेन्द्रियको अग्र भागमा त्यसलाई ग्रहण गर्ने क्षमता छ, तर यति भन्न केवल शुष्क पाण्डित्य तथा घमण्डी ज्ञान दर्शाउनु मात्र हो । जुन व्यक्तिलाई ईश्वरको सत्ताप्रति विश्वास छैन, त्यही नै संसारको सबैभन्दा ठूलो अभागी हो; किनभने जीवनको जुन वास्तविक प्रयोजन उपभोग र महत्त्व छ उसले त्यसलाई नै गुमाएको छ । पशुहरूमा बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदैन, त्यसैले ऊ ईश्वरलाई चिन्न सक्तैन, तर बुद्धि तथा सहजज्ञान-स्फूर्ति हुँदा-हुँदै पनि जो मनुष्य ईश्वरीय विश्वासदेखि पर रहन्छ, ऊ वास्तवमा आफ्नो ठूलो हानि गर्दछ । श्रुतिमा भनिएको छ–

इह चेदवेदीदथ सत्यमस्ति (झ)
न चेदिहावेदीन्महती विनष्टिः ।
भूतेषु भूतेषु विचित्य धीराः
प्रेत्यास्माल्लोकादमृता भवन्ति ।।

अर्थात्– यसै जन्ममा ब्रह्मलाई चिन्न सकिए त ठीक छ, तर उसलाई यस जन्ममा चिन्न सकिएन भने त ठूलो हानि छ । बुद्धिमान् मानिसहरू यसलाई समस्त प्राणिमात्रमा उपलब्ध गरी यस लोकबाट गएर अमर हुन्छन् ।

विज्ञानले यस विश्वको अद्भुत रचनाक्रमको विवेचना गरेर वास्तवमा धर्मको ठूलो सेवा गऱ्यो । विज्ञानले यो कुरा सिद्ध गरेको छ– विश्व परमाणुहरूद्वारा बनेको छ, प्रत्येक परमाणु (Atom) धनात्मक (Positive) र ऋणात्मक (Negative) विद्युच्छक्तिको मिश्रण हो र यो एक-एक सौर मण्डलको समान छ, जसमा अतिसूक्ष्म विद्युत्परमाणु (Electrons) आफ्ना अत्यन्त सूक्ष्म अन्तरङ्ग परमाणुहरू (Protons)– को चारैतिर अति वेगले घुमिरहेको छ । यसप्रकार यो जड संसार गतिमय छ र यो गति विद्युद्विकिरण (Radiation) हो । बस, विज्ञानको विश्लेषण यहींसम्म पुगेर रोकिन्छ तथा विज्ञान यो बताउन असमर्थ छ–यो विद्युद्विकिरण के हो ? गतिको यो गतिशीलता कहाँबाट आयो ? र संसारको जुन नियमबद्धता देखिन्छ त्यो कहाँबाट आयो ? यो विश्वका सबै अंशहरूको आश्रय कसरी सिद्ध

भयो ? सर्वत्र सौन्दर्यको यो आश्चर्यजनक परिदर्शन कसरी भइरहेको छ ? तथा, यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुरा, यो जीवन कसरी सुघटित भएको छ ? विज्ञान यी प्रश्नहरूको सामु मौन छ । यो विश्वको रहस्य त्यति नै आश्चर्यजनक छ, जति यसको सौन्दर्य छ । जीवनभन्दा पनि ज्यादा रहस्यमय एवम् आश्चर्यमय मन छ । यदि यस जड विश्वभित्र मन नभएको भए यसले आफूलाई कसरी व्यक्त गर्ने थियो ?



वाल्मीकि, व्यास तथा कालिदास या शेक्सपियर, मिल्टन र गेटे केवल विद्युच्छक्ति या केवल प्राणतत्त्वबाट नै कसरी उत्पन्न हुन सक्ने थिए । मनभन्दा पनि आश्चर्यजनक वस्तु हो– प्रेम । यो प्रेम कहाँबाट उर्लन्छ, जो प्रेमास्पदलाई सुखी, सुरक्षित एवं निर्मुक्त गर्नका लागि आत्मोसर्ग गर्नमा दिव्य आनन्दको अनुभव गर्दछ । यसभन्दा पनि ज्यादा आश्चर्यजनक कुनै आदर्शको लागि प्रेमावेश हो, हृदयको त्यो उफ्राइ हो जो रत्नजडित राजमुकुटभन्दा काँडाको आसनलाई बढी मूल्यवान् ठान्दछन् र सबैभन्दा आश्चर्यजनक छ सनातन सौन्दर्य तथा प्रेम-साथि प्रेमयोगीको आत्मोसर्ग । यो संसार यिनको दृष्टिमा– प्रेममय, प्रेमी र प्रेमास्पद छ । के यी सबै कुराहरूबाट यो स्पष्ट हुँदैन कि अनन्त-असीम नै यस सान्त-ससीममा मिलेको छ । यद्यपि हामी त्यसलाई तबसम्म देख्न सक्तैनौं, जबसम्म हामी यस जन्म-मरणको चक्रमा बाँधिएका हुन्छौं । हाम्रो चारैतिरका वायुमण्डलमा सङ्गीत गुञ्जायमान भइरहेको छ, यसलाई रेडियोले नै उत्पन्न गरेको होइन । हो, यो सुन्न र बुझ्नको लागि आवश्यकता छ सूक्ष्म चेतनाको, तर यो चेतना पनि उनैको कृपाले प्राप्त हुन्छ । भगवान्ले पनि गीतामा भन्नुभएको छ– दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ।

मेरो यो विश्वास छ– जसरी भगवान् बुद्धि एवं वाणीभन्दा पर रहेर पनि विशुद्ध बुद्धि एवं वाणीमा आउन सक्तछन्, त्यसैगरी उनी चक्षु, श्रवण तथा स्पर्शको क्षेत्रमा पनि आउन सक्तछन् । उनी सबैमा सबै थोक हुन्, त्यसैले हामी न केवल उनको चिन्तन र कथन मात्र गर्न सक्तछौं, अपितु उनलाई देख्न पनि सक्तछौं र उनको वाणी सुन्न समेत सक्तछौं । उनको रूप अनेक र स्वर अनन्त छ । उनको कुनै एक रूप वा वाणीलाई सर्वोत्तम मान्नु मनुष्यको मिथ्याभिमान हो । तैपनि यो कुरा सत्य हो– संसारका दिव्य अपौरुषेय ग्रन्थहरू नै उनको वाणीका पहिचान हुन् । यदि यस्तो नभएको भए जोसुकै धोकेबाज एवं पाखण्डी व्यक्ति आफूलाई सिद्ध बताउँदै अज्ञान तथा अन्धविश्वास फैलाउन सक्तथ्यो । हाम्रो कर्तव्य त यति मात्र हो– आफ्नो शरीर, मन तथा इन्द्रियहरूलाई शुद्ध पारौं, किनभने यी भगवान्का सन्दिरका द्वार एवं प्राङ्गण हुन् । अनि हृदयको गर्भस्थित मन्दिरमा भगवान् प्रकट हुनु उनको आफ्नै इच्छामा निर्भर छ– **यमेवैष वृणुते तेन लभ्यस्तस्यैष आत्मा विवृणुते तनं स्वाम्** (कठोप०) । चित्त-शुद्धिका लागि हामीले ईश्वरसँग प्रार्थना गर्नुपर्दछ– जीवनको ऐहिक सुखका लागि होइन अपितु मनको अचञ्चलता, प्रसन्नता एवं दृढताको प्राप्तिका लागि भगवान्को पवित्र नामको

हामीले निरन्तर जप गर्नु पर्दछ तथा भगवान्को लक्षण, गुण एवम् उनका करुणामय लीला-कर्महरूको चिन्तन गर्नु पर्दछ– अप्यनैव तु संसिद्धयेद् ब्राह्मणो नाऽत्र संशयः ॥ ८

हामीले अपौरुषेय ग्रन्थहरू तथा धर्मशास्त्रको अध्ययन गर्नुपर्दछ । स्वाध्याययोगसम्पत्त्या परमात्मा प्रकाशते । अस्तु ।

व्यक्तिगत अनुभवका विषय यति गुह्य एवं गोपनीय हुन्छन् कि तिनको सम्बन्धमा सामान्यतया कसैसँग आलोचना गर्ने प्रवृत्ति नै हुँदैन । मेरो व्यक्तिगत प्रकृति एकातिर जसरी विश्वासशील छ, अर्कोतर्फ त्यसैगरी संशयप्रवण छ । अतएव मेरो आफ्नो जीवनमा जे-जति उपलब्ध गरेको छु र गरिरहेको छु तिनलाई ज्यादै कठोरताका साथ सबै प्रकारका प्रमाणका कसीहरूमा नजाँचीकन मैले स्वयं कहिले पनि सत्य रूपमा ग्रहण गरेको छैन या गर्दिनँ । मेरो विचारमा जे सत्य छ त्यो सदैव सत्य नै रहन्छ । अतः परीक्षा गर्नाले त्यसको चमक बढ्ने नै छ, घट्ने छैन ।

युक्ति तथा विचारको प्रमुख काम हो– असम्भावनालाई पर सार्नु । अर्थात् हृदय प्रिय वचन सुनेर स्वभावतः जुन विषयमा श्रद्धाशील हुन्छ, त्यो अयौक्तिक होइन अपितु सम्भावनीय हो, यति कुरा देखाउँदैमा युक्तिविचारको कार्य समाप्त हुन्छ । यसपछि साधन-प्रणालीद्वारा त्यसै श्रद्धालाई विषयीभूत, महापुरुषहरूका उपदेशहरू एवं युक्तिद्वारा समर्थित सत्यको रूपमा प्रत्यक्ष पार्नु आवश्यक छ । यस साधन-प्रणालीमा मूलतः योग नै सर्वप्रधान छ । कर्म, ज्ञान, भक्ति आदि यसकै सहायक साधनहरू हुन् । योगको अवलम्बनद्वारा जब साध्य तत्त्वलाई सम्पूर्ण रूपले प्रत्यक्ष गरिन्छ, तब सबै शङ्काहरू स्वतः दूर हुन्छन् । ज्ञाता र ज्ञेयबीचको भ्रामक भेद हटेपछि विशुद्ध ज्ञानको आकाशमा विशुद्ध चैतन्य-ज्योति स्वयमेव प्रतिष्ठित भएर अखण्ड स्वप्रकाश सत्ताको रूपमा स्थित हुन्छ । यसैले तर्क-वितर्क तथा शङ्का-उपशङ्काको जालबाट मुक्त भएर चाँडै नै कुनै एक साधनामा लीन भइहाल । यसैमा कल्याण छ । इति ।

मेरा परिचित धेरैजसो भावुक युवक भक्तजन यस्ता छन्, जो हिन्दू-धर्मको मौलिक संस्कृत ग्रन्थहरूसँग अनभिज्ञ हुँदा-हुँदै पनि आधुनिक भौतिक एवं व्यावहारिक विद्याहरूमा उच्च शिक्षा प्राप्त गरेका छन् र संस्कृतका मौलिक धार्मिक साहित्यहरूको अध्ययन-अध्यापनको व्यवस्था स्कूल-कलेजहरूमा नभएको हुनाले गर्न पाएनन् । अब उनीहरू व्यवहार तथा गृहस्थी जीवनको जिम्मेवारीमा व्यस्त भएको हुँदा मौलिक ग्रन्थहरूको अध्ययन गर्ने समय निकाल्न असमर्थ छन् । यति हुँदा-हुँदै पनि धर्मको स्वरूप तथा आध्यात्मिक साधनाको लागि हृदयदेखि नै लालायित रहन्छन्, त्यस्तै जिज्ञासु पाठकहरूका लागि नै यो धर्म-विज्ञान नामक ग्रन्थको सङ्कलन गरिएको छ । यसमा अत्यधिक अंश कल्याण, सन्मार्ग, अध्यात्मकल्पहरू आदि मासिक पत्रिकाहरू तथा अन्यान्य भूतकालका विद्वान्हरू र महात्माहरूका उपदेशहरू एवं लेखहरूको सङ्कलन गरिएको छ । दुःखको कुरा छ– ती महापुरुषहरूमध्ये धेरैजसो आज यस संसारमा छैनन् । म ती सबैप्रति अत्यन्त आभारी छु तथा तिनको दिवङ्गत आत्माको अनन्त शान्तिका लागि कृतज्ञतापूर्वक भगवान्सँग प्रार्थना गर्दछु ।

यस सङ्कलनमा यथासम्भव धर्मको मौलिकताको संरक्षण गर्दै उदार नीति अपनाइएको छ । समयको माग एवं उदारताको नाममा धर्मको मौलिकताको परित्याग मेरो विचारमा वाञ्छनीय हुँदैन । बीचको बाटो नै ठीक हुन्छ । यति सङ्कीर्ण नबन कि अरू मानिस तिम्रो नजीक नै नआऊन् र यति उदार पनि नबन कि अरूले तिम्रो अत्यधिक उदारताको अनुचित लाभ उठाएर तिम्रै लागि अनेक समस्या उत्पन्न गरिदिऊन् । सबै धर्मप्रति आदर र आफ्नो धर्ममा दृढ आस्था एवं विश्वास राख्नु– यही नै मध्यम मार्ग हो ।

संस्कृतका प्रौढ विद्वान्हरूका लागि सम्भवतः यो ग्रन्थ ज्यादा आकर्षक-विन्दु नबन्ला, किनकि उनीहरूले मौलिक ग्रन्थहरूको अध्ययन मनन गरिसकेका हुन्छन् । यस ग्रन्थको ज्यादाजसो उपयोग भौतिक तथा व्यावहारिक शिक्षा पाएका तो विद्वत्वर्गका लागि हुनेछ, जो वास्तवमा आफ्नो धर्म एवं संस्कृतिबारे आधुनिक भाषामै जानकारी चाहन्छन् । यस प्रकारका पाठकहरूको ऋषि-मुनिहरू तथा शास्त्र-वचनहरूमाथि विश्वास हुँदैनन्, त्यसैले यस ग्रन्थमा यस्ता प्रमाणहरू ज्यादा नदिएर केवल पदार्थ-विज्ञान तथा मानस-विज्ञानशास्त्रद्वारा सम्मत बुद्धिगम्य युक्तिहरू तथा जन-साधारणका अनुभवहरूको आधारमा नै धर्म एवम् ईश्वरको विषयमा विचार गरिएको छ । मेरो विनम्र प्रार्थना यही छ– भौतिकवादको पक्षपात र दुराग्रहलाई छाडेर सार एवं असारको विचार गरी सत्यलाई ग्रहण गरून् । केवल वैज्ञानिक तथा युक्तिप्रधान दृष्टिकोण अँगालिएकोमा संस्कृतका आदरणीय विद्वान्हरूले क्षमा गर्नेछन् ।

भाषाको कठोरताको ठाउँ-ठाउँमा आभास हुनु सम्भव छ । यसका मुख्यतया दुई कारण-हरू हुन् सक्तछन् । पहिलो त मेरो आफ्नै कमजोरी र दोस्रो विवशता । मेरो गृहत्यागपछिको जीवनको तीन चौथाइ भाग हिमालयका हिमाच्छादित क्षेत्रहरू तथा पवित्र नदीका तटवर्ती जङ्गल तथा एकान्त स्थानहरूमा नै बिते र बितिरहेका छन् । मेरो बोली-चाली, खानपान आदि धेरै मात्रामा ग्रामवासी व्यक्तिहरूबाट प्रभावित भएको छ । तिनीहरू शुद्ध भाषा त बोल्न सक्तैनन्, तर तिनको हृदय अन्य सभ्य मानिसहरूको भन्दा ज्यादा शुद्ध हुन्छ । ममा पनि भाषाको त्यही कमजोरी छ, त्यसका लागि म क्षमाप्रार्थी छु । दोस्रो कारण विवशताको विषयमा यही भन्नु छ– सबै धर्म-हरूको उपदेश प्रायः अनुशासनपूर्वक प्रबोधनात्मक शैलीमा दिइएको छ, विशेषतः हाम्रो धर्मको त यस्तै शैली छ, जस्तै– उठ्नुहोस्, जाग्नुहोस् नभनेर उतिष्ठत, जाग्रत अर्थात् उठ, जाग भनिएको छ । दुर्भाग्यवश यो बनावटी कुराहरूको युगले उपदेश एवं ज्ञानका यस्ता शब्दहरूलाई रूखो एवं कठोर भाषाका श्रेणीमा राखेको छ । म यस कमजोरी तथा विवशताका लागि समालोचक, आलोचक र विशेषतः धोचकहरूसँग क्षमाप्रार्थी छु ।

म आशा गर्दछु– यस सङ्कलित ग्रन्थद्वारा आधुनिक समाजका धर्म तथा ईश्वरसित सम्बद्ध धेरैजसो सन्देहहरूको निराकरण हुनेछ र अनीश्वरवादको घोर अन्धकारतर्क गइरहेका जनता-लाई प्रकाश मिल्दछ ।

यस पुस्तकद्वारा धर्मजिज्ञासु एवं मुमुक्षु व्यक्तिहरूलाई धर्म तथा साधनापथमा अग्रसर हुनमा सहायता मिलोस्, भगवान्सँग मेरो यही हार्दिक प्रार्थना छ । अब अन्तमा– ङ

'मेरा गुरुदेव ! अब म आफ्नो अन्तिम अभिलाषाको साथै चुप लाग्न चाहन्छु । गुरुदेव तपाईंले त सदादेखि सदासम्म चुप रहन नै मन पराउनुभयो । शब्द र सङ्केत त तपाईलाईं मनै पर्दैनन् आजसम्म मैले तपाईंसँग जे-जति भनें, त्यो मेरो धृष्टता थियो । मैले अनेकौं पटक बितेका अनन्त जन्महरूमा तपाईंको यस अनादि, अनन्त मौन मुद्रालाई खलबल्याउने असफल चेष्टा-हरू गरें, तर सबै व्यर्थ भए । अब त मेरो मन तपाईंसँग केही पनि भन्न चाहँदैन । त्यसको आव-श्यकता पनि त छैन, किनकि बोल्नुको मतलब तपाईंलाई बिर्सनु नै त हो । हे सच्चिदानन्दमय ! तपाईंलाई बिर्सेर जीवनको आनन्द कहाँ पाइन्छ ? अनि हे देव ! तपाईंलाई नबिर्सीकन बोल्नु पनि कसरी ? देवो भूत्वादेवं यजेत्– देवपूजनका लागि पहिले आफै देव बन, तब मात्र उसको पूजा हुन सक्तछ । त्यसैले अब म पनि तपाईंजस्तै चुप लागेर पूर्ण मौन भएर आफ्नो मनलाई पनि 'भयो, चूप लाग' भनेर तपाईंको यस जगदपदाधिष्ठानरूप शुद्ध स्वरूपमा आफ्नो यस मौनावेष्ठित मनलाई–तपाईंदेखि मलाई अलग्याउने मनलाई–आफ्नो साथ-साथै एक बरफको टुक्रासम्म तपाईंको अनन्त समुद्रमा बिलीन गरिदिन्छु । यही एक अन्तिम अभिलाषाको साथै यो सम्पूर्ण क्रिया-कलाप तपाईंको शुद्ध स्वरूपलाई अर्पण गर्दछु । अब मेरो लेख्ने-लेखाउने, गर्ने-गराउने, हराउने-पाउने काम सदाका लागि समाप्त हुनेछ ।' साथै पाठकहरूका लागि पनि श्रुति भन्दछ–

उत्तिष्ठत, जाग्रत, प्राप्य वरान् निवोधित ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत् कवयो वदन्ति ।

ॐ शान्ति ॐ शान्ति ॐ शान्ति

--खप्तडबाबा

ॐ श्री गुरुपरमात्मने नमः

धर्म-विज्ञान (प्रथम-खण्ड)

विषयसूची

१.	ग्रन्थको प्रारम्भ	१
२.	धर्मको परिभाषा	१३
३.	ईश्वर	३३
४.	भगवान् के हुन् ?	४५
५.	निराकार-साकारको एकता	५५
६.	आधुनिकतम विज्ञान र शक्ति	६०
७.	अहिंसाका आदर्श महर्षि वशिष्ठ	११७
८.	अहिंसा धर्मका आदर्श सेठ सुदर्शन	११९
९.	प्रह्लादको विलक्षण अहिंसा	११९
१०.	सत्यको निरूपण	१२३
११.	अस्तेय धर्म अथवा परस्वापहरण-त्याग	१८१
१२.	ब्रह्मचर्य-महिमा	१८५
१३.	ब्रह्मचर्य-धर्मका उदाहरण	१९६
१४.	अपरिग्रह तथा सन्तोष-धर्मका आदर्श	१९८
१५.	तपो धर्मका आदर्श	१९९
१६.	क्षमा धर्मका आदर्श	२०३
१७.	धी धर्म	२१६
१८.	विद्या धर्म	२२१
१९.	आदर्श धर्मपालन	२२५
२०.	कलियुगको प्रमुख धर्म—ज्ञान	२३४
२१.	दान धर्मको महिमा	२४०
२२.	दया धर्म	२४९
२३.	परोपकार धर्म	२५१
२४.	सामान्य धर्म र विशेष धर्म	२६६

ॐ श्री गुरुपरमात्मने नमः

धर्म-विज्ञान (प्रथम-खण्ड)

२५.	कार्यका लागि कार्य	२७७
२६.	विशेष धर्म	२९८
२७.	प्राचीन सभ्यताहरू	३१४
२८.	वर्णाश्रमको स्वरूप	३३९
२९.	ब्राह्मण धर्म	३४१
३०.	क्षत्रिय धर्म	३४७
३१.	वैश्य धर्म	३४९
३२.	शूद्र धर्म	३५४
३३.	आश्रम धर्म	३५६
३४.	हाम्रो वर्तमान शिक्षा	३५९
३५.	समानाधिकार	३७५
३६.	सिनेमा	३७८
३७.	गृहस्थाश्रम	३८४
३८.	वानप्रस्थाश्रम	३८९
३९.	संन्यासाश्रम	३८९
४०.	आदर्श व्यक्ति धर्म	३९३
४१.	गुरु धर्म र त्यसको आदर्श	४०१
४२.	राज धर्मको आदर्श	४१२
४३.	नारी-धर्म र त्यसको आदर्श	४१७
४४.	मित्र धर्म	४७३
४५.	पुत्र धर्म	४८३
४६.	भातृ धर्म	४९३
४७.	पुरोहित धर्म	४९५
४८.	कवि-लेखक धर्म	४९६
४९.	उपसंहार	४९९

ॐ श्री गुरुपरमात्मने नमः

धर्म-विज्ञान (प्रथम-खण्ड)

ॐ श्रीगुरुपरमात्मने नमः । श्रीगणेशाय नमः ।

जाग्रदादित्रयोन्मुक्तं जाग्रदादिमयं तथा ।

ॐकारैकसुसंवेद्यं यत्पदं तन्नमाम्यहम् ।।

आज चारैतिर अनेक राजनैतिक औ आर्थिक वादको यस्तो भयङ्कर जाल फैलिएको छ जसले गर्दा जुन महान् दार्शनिक वादहरूले हाम्रो व्यक्तिगत र सामाजिक जीवनलाई चिन्तनशील एवं विचारशील बनाएर आध्यात्मिक उत्कृष्टतातर्फ प्रवृत्त गरिराखेका थिए, त्यसको चर्चा नै बन्द हुन गएको छ । यसकै परिणामस्वरूप आज चारैतिर राग, द्वेष औ हिंसा-प्रतिहिंसाका प्रबल प्रवाह बगिरहेछन् एवं सामाजिक भयानक दुर्दशा हाम्रा सामु प्रत्यक्ष भइरहेछ ।

बाह्य विज्ञानबाट मनुष्यलाई सच्चा शान्ति कहिल्यै मिल्न सक्तैन । शास्त्रोक्त आत्म-स्वरूपको सम्यक् ज्ञानद्वारा नै मनुष्य शोक मोहबाट निवृत्त भएर शाश्वती शान्ति प्राप्त गर्छ । तरति शोकमात्मवित्- तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः । शाश्वतीं शान्तिमाप्नोति इत्यादि अनेक शास्त्रवाक्य तथा तदनुसार हिंडेर शान्तिलाई प्राप्त गर्ने महापुरुषका पवित्र जीवन यसका प्रमाण हुन् ।

शास्त्रमा भनिएको छ- शरीरमाद्यं खलु धर्मसाधनम् धर्म-साधनका लागि नै यो मानव देह हो, यसै कारणले मनुष्यको उद्भव भएको हो औ यसका निम्ति मान्छेको अस्तित्व छ । मनुष्य जन्म पाएर मनुष्य-देह धारण गरेर जुन परम तत्त्व जान्न सकिन्छ, परमात्मालाई पाउन सकिन्छ, त्यो पाउन जो चेष्टा गर्दैन त्यो नितान्त हतभाग्य हो, उसले जन्म लिनु वृथा हो, उसको जीवन मिथ्या हो । श्रीमद्भागवत एकादश स्कन्धमा श्रीभगवान्ले स्वयं भन्नुभएको छ-

नृदेहमाद्यं सुलभं सुदुर्लभं ।
प्लवं सुकल्पं गुरुकर्णधारम्
मयानुकूलेन नभस्वतेरितं ।
पुमान् भवाब्धिं न तरेत् स आत्महा ।।

अर्थात् यो नरदेह प्रथम (सर्वापेक्षया उत्तम) छ। यो हरिभजन या आत्मचिन्तन गर्नेका लागि 'सुलभ' या सहजप्राप्य छ, परन्तु दाम्भिक जीवहिंसकका लागि सुदुर्लभ हुन्छ। यो भवसागर पार गर्नका निम्ति 'सुकल्प' सुदृढ नौका हो। श्रीगुरुदेव यसका 'कर्णधार' हुन्। म (भगवान्) स्वयं अनुकूल वायुरूप भएर त्यो जीवदेहरूपी डुङ्गालाई संसार-सागरबाट पार गर्दिन्छु। जो यस्तो सुयोग रहँदा-रहँदै पनि प्रयत्न गर्दैन त्यो आत्मघाती हो अर्थात् आफूलाई आफैं जन्ममरणको चक्रमा हाल्छ। उसले तत्त्वज्ञान पाउन सकेन भने मानवदेहको सर्वश्रेष्ठता व्यर्थ हुन्छ। धर्म तत्त्वज्ञानकै नामान्तर हो। जो पुरुष तत्त्वज्ञान प्राप्त गर्ने चेष्टा गर्दैन उसले त्यो पाउँदैन, ऊ धर्म-साधन पनि गर्न सक्तैन। अयं तु परमो धर्मो यद्योगेनात्मदर्शनम् (याज्ञवल्क्यस्मृति)। जीवात्मा धेरै योनिमा घुमेर परम सौभाग्यबल औ अनेक पुण्यको फलले मानवजन्म पाउँछ। परन्तु उसको सार्थकता तब मात्र साधित हुन सक्तछ, जब ऊ तत्त्वज्ञानरूप धर्म-साधन गरेर आफ्नो लक्ष्य प्राप्त गर्न समर्थ हुन्छ। एकमात्र धर्मको बलले नै मनुष्यको मनुष्यत्व विकसित हुन्छ औ एकमात्र धर्म-साधनद्वारा नै मुक्ति प्राप्त हुन्छ।

क्रमोन्नति प्रकृतिको अनिवार्य एवं अलङ्घनीय विधान हो। केवल जड जगत्मा, उद्भिज्जगत्मा या इतर प्राणीजगत्मा यो क्रमोन्नति-विकास (Evolution) को प्रक्रिया पर्यवसित छैन। मानव-जगत्मा, मानवको अध्यात्मजगत्मा नै यसको प्राक्कर्म प्रकट हुन्छ। क्रमोन्नति-विधानको बलद्वारा नै अध्यात्मशक्ति विकसित एवं परिस्फुरित हुन्छ। उसको बलबाट योगबल प्राप्त गरेर आफ्नो निजी स्वरूपलाई प्राप्त गरेर जन्ममरणको दुःखमयी स्थितिबाट माथि उठ्दछ। उसको अभावमा मानवजन्मको अधोगति अवश्यम्भावी हुन्छ। श्रीमद्भागवतमा लेखिएको छ—सृष्टिभन्दा पहिले ब्रह्माको आविर्भाव भयो औ उनी किंकर्तव्यविमूढ भएर विचार गर्न थाले कि अब कर्तव्य के हो ? तब उनका चारैतर्फ अनन्त जलराशिबाट "तप-तप" शब्द हुन लाग्यो। यसै ध्वनिबाट तब ब्रह्माले अठोट गरे कि तपस्या नै एकमात्र कर्तव्य हो। तपस्याकै बलबाट ब्रह्माले परम ज्ञान औ महाशक्ति लाभ गरे औ त्यसकै बलबाट विश्वब्रह्माण्डको सृष्टि गर्न समर्थ भए। तपस्याकै बलबाट आत्मा पवित्र हुन्छ, आध्यात्मिक शक्ति विकसित हुन्छ औ तत्त्वज्ञानको पथप्रदर्शन गर्छ। २

यज्ञो दानं तपः कर्म न त्याज्यं कार्यमेव तत्।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम्॥

धर्म-साधनको एकमात्र अन्तिम फल हो तत्त्वज्ञान। तत्त्वज्ञानको फलबाट नै आध्यात्मिक, आधिदैविक, आधिभौतिक आदि विविध दुःखबाट अत्यन्त निवृत्ति हुन्छ। यसैले तत्त्वज्ञान नै जीवनको एकमात्र ध्येय औ सर्वश्रेष्ठ उद्देश्य तथा परम पवित्र लक्ष्य हो। पशु औ मनुष्यमा यहीं आएर पार्थक्य रहन्छ—पशु देह-धारण गरेर देहरक्षाकै लागि व्यस्त रहन्छ औ मनुष्य आध्यात्मिक शक्तिको विकास गरेर तत्त्वज्ञान प्राप्त गर्न प्रयत्नशील हुन्छ। जुन मानिसमा मानवदेह-धारण गरेर पनि तत्त्वज्ञान प्राप्त गर्ने व्याकुलता छैन, ऊ नरदेहधारी पशुसिवाय केही होइन। शास्त्रमा पनि भनिएको छ—

आहारनिद्राभयमैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम् ।
धर्मो हि तेषामधिको विशेषो धर्मेण हीनाः पशुभिः समाना ।। -महाभारत

जब मनुष्य यथार्थ मनुष्यत्व लाभ गर्छ, तब उसको अन्तरात्माबाट स्वयं नै प्रश्न उठ्न थाल्दछ– यस जीवनको यथार्थ उद्देश्य के हो ? यस मनुष्यदेह-धारणबाट के लाभ ? यो गूढ प्रश्न नै मानव-जीवनलाई धन्य औ कृतार्थ बनाउने एकमात्र उपाय हो । यो अन्तरात्माबाट उठेको प्रश्न नै विषयान्ध मूढ मान्छेको ज्ञान-चक्षु बनेर उसको यथार्थ गन्तव्य स्थानको पथ-प्रदर्शन गरिदिन्छ । जबसम्म मनुष्य यो गूढ प्रश्नको समाधान गर्न सक्तैन तबसम्म उसका चित्त शान्त हुँदैन । विकसित मनुष्यका लागि जसरी यो प्रश्न अनिवार्य हुन्छ, त्यस्तै उसको निम्ति यसको समाधान हुनु पनि आवश्यक हुन्छ । परन्तु यसका लागि विशेष चिन्ता या गम्भीर गवेषणाको आवश्यकता हुँदैन, किनभने मनुष्यमात्र यो कुरा जान्दछ कि दुःखको अत्यन्त निवृत्ति औ परम-सुखप्राप्ति नै जीवनको एकमात्र ध्येय हो । अनि प्रश्न उठ्दछ –सबै प्रकारका दुःख-निवृत्ति, महासुख या परमानन्द रूपी अनिर्वचनीय सुखलाई प्राप्त गर्ने उपाय के हो ? यसै प्रश्नलाई लिएर हाम्रो दर्शनशास्त्रको प्रवृत्ति भएको हो । उनीहरूले यसै प्रश्नलाई "हेय (दुःख), हेयहेतु (दुःखको कारण), हान (दुःखको निवृत्ति) औ हानोपाय (दुःखनाशको उपाय) "-का स्वरूपद्वारा आ-आफ्ना विचारशैलीको अनुसार अत्यन्त विस्तारपूर्वक गम्भीर विचार गरेका छन् । थोरै शब्दमा शास्त्रकारहरूले सर्व -दुःखनिवृत्ति, परमानन्द प्राप्तिका उपाय धर्म-साधन औ त्यसको फलस्वरूप अन्तःकरणको शुद्धिपूर्वक तत्त्वज्ञानको प्राप्ति नै बताएका छन् । परन्तु प्रश्न आउँछ– त्यस धर्मसाधनको स्वरूप के हो ? त्यसकै स्वरूप-निर्णयका लागि यस पुस्तकमा यथासाध्य प्रयत्न गरिएको छ ।

धर्मको उद्देश्य

स्थूललाई छाडेर सूक्ष्ममा प्रवेश गर्नु, जडलाई त्यागेर चेतन आत्माको स्वरूपलाई साक्षात् गर्नु नै धर्मको उद्देश्य हो । जडमा, जड देहमा, जड इन्द्रियहरूमा आत्माको भ्रान्ति हुँदा मनुष्यलाई जति पनि दुःख हुन्छ तिनबाट मुक्त हुनु नै धर्मको वास्तविक रहस्य हो । यही नै धर्मको सूक्ष्म तत्त्व हो, यही आत्मदर्शनको स्वरूप हो ।

आत्मदर्शनबाट नै ब्रह्मदर्शनको लाभ हुन्छ । ब्रह्मदर्शनद्वारा ब्रह्मानुभूति औ ब्रह्मानुभूतिबाट भूमा-भाव (महत्ता)-को प्राप्ति भएर जीव ब्रह्मरूप हुनजान्छ– ब्रह्मविद् ब्रह्मैव भवति । क्षुद्र सीमाबद्ध जीवात्मालाई परमात्मस्वरूप आत्मानुभव हुनु (अर्थात् "म स्वयं ब्रह्मरूप हुँ"– यो भाव प्राप्त गर्नु जसलाई वैदिक भाषामा सोहऽम् या तत्त्वमसि आदि भनिन्छ) हिन्दू धर्म अथवा वेदान्तको प्रधान सिद्धान्त हो । यही सैद्धान्तिक सूत्रलाई लिएर आधुनिक औ प्राचीन दर्शनहरू तथा दार्शनिकहरूले धर्मको नीति बनाएका छन् । यही-वेदान्त दर्शन औ वेदान्त-धर्मका यस युगका आदि प्रचारक जगद्-गुरु शङ्कराचार्य हुन् । अस्तु ।

पुराना इतिहास, पुराण औ अरू धार्मिक ग्रन्थहरूबाट यो के कुरा थाहा हुन्छ भने कुनै जमानामा मनुष्य प्राप्त भोगसुखलाई छाडेर परमात्मसुखका लागि लालायित थिए। उनीहरूले आफ्नो जीवनको उद्देश्य मानेका थिए –आत्मालाई र परमात्मालाई प्राप्त गर्नु। गर्भाधानकालदेखि नै यसैका लागि तयारी हुन्थ्यो औ जीवनभर नै यसैको शिक्षा दिइन्थ्यो। ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र सन्न्यास यी चार आश्रम औ ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र यी चार वर्ण मनुष्यको यही अन्तिम ध्येयको प्राप्तिका लागि नै बनाइएको थियो र यही सुव्यवस्थापूर्ण पद्धति मनुष्यलाई क्रमशः परमात्मापट्टि लिएर जान्थ्यो। शिक्षाको उद्देश्य नै थियो मनुष्यको पूर्ण सुखको साधन बताउनु।

समयले पल्टा खायो, मनुष्यको दृष्टि तल गिऱ्यो, ध्येय पदार्थ तल्लो श्रेणीको भयो औ अब त यहाँसम्म भयो कि सुख भोग नै जीवनको लक्ष्य सम्झन थालियो–आफ्नो सुख या देशको सुख। जो छोटो घेराभित्र छ त्यो आफ्नो सुखकै लागि यत्नवान् हुन्छ, जो ठूलो परिधिभित्र रहन्छ ऊ देशको सुखका लागि चेष्टा गरिरहन्छ, त्यसभित्र पनि निजी सुख लुकेको हुन्छ नै। फेरि यो सुखको स्वरूप के हो ?–खूब धन होस्, सम्मान होस्, सत्ता होस्, अधिकार होस्, प्रभुत्व होस्। यिनको प्राप्तिका लागि जुन साधनको प्रयोग गर्नुपरे पनि जुन उपायबाट काम लिए पनि झूट, कपट, छल, द्रोह, हिंसा कुनैका लागि पनि रोकावट हुँदैन, काम हुनुपछ, सफलता प्राप्त गर्नुपर्छ। आश्चर्य त यस कुरामा छ– मरणधर्मा मनुष्य अरूलाई लुटेर, मारेर स्वयं सुख-शान्तिले बाँच्न चाहन्छ !!!

परन्तु के गर्ने! विद्यालय, विश्वविद्यालय, मठ, मन्दिर, आश्रम, यी सबै ठाउँमा यही शिक्षा मिलिरहेको छ। धनी बन, अधिकार प्राप्त गर, सत्तालाभ गर; बस, यस लोकमा सुख नै सुख छ, यहाँको अधिकार नै जीवनको लक्ष्य हो; यो भएन भने जीवन नै वृथा हुन्छ। परिणाम प्रत्यक्ष छ। आज चारैतिर अधिकारका लागि लडाइँ शुरु भइरहेको छ, लोकको जीवन दुःखमय बनेको छ, कोही अधिकार प्राप्त गर्न व्याकुल छन् त कोही अधिकार-रक्षाका लागि। के भन्ने ! हाम्रो सारा जीवन नै बाह्य भयो, बाह्य वस्तुहरूका लागि-इन्द्रिय भोगका लागि बिक्यो। मासुको टुक्राका लागि चील-कागको झैं लडाइँ हुन लाग्यो।

कुनै जमानामा परमात्माको प्राप्तिका लागि तप हुन्थ्यो आज भोगको प्राप्तिका लागि हुन्छ। पहिले भगवान्प्रति आत्मसमर्पण हुन्थ्यो, आज भोगको प्रतिमा पुजिन्छ! उहिले देहात्मबोध छाडेर ब्रह्मात्मबोध गराइन्थ्यो, अब ब्रह्मात्मबोधलाई अनावश्यक सम्झेर त्यस मार्गका पथिकहरूलाई पनि देहात्मबोधको शिक्षा दिन थालिएको छ! ठूला-ठूला मनीषी, तपस्वी, संयमी पुरुष पनि आज भोगको प्राप्ति गर्नका लागि जीवन औ धर्मको बाजी लगाएर बस्नेका छन् र यसैलाई धर्म सम्झिरहेछन्! यो भोग-परायणता (इन्द्रिय सुखको चाहना) को परिणाम के हुन्छ ? मनुष्यमा राक्षसभावको उदय, द्वेष, हिंसा-प्रतिहिंसाको प्राबल्य, घोर अशान्ति र सुखको नाममा दुःखपूर्ण जीवन-यापन

यसको प्रत्यक्ष प्रमाण त भोग-सुख औ भौतिक सत्ता-सामर्थ्यले सम्पन्न समुन्नत ठानिने देशको भित्री दशा हो। परन्तु यस दशालाई पनि हेर्नुपर्छ ईश्वराभिमुख ज्ञानले

सम्पन्न ऋषिनेत्रले । आज हामीले यो नेत्र हराएका छौं, हाम्रो यसै नेत्रमा भौतिक भोगवादको जाल फिजिएको छ, यसले गर्दा नै हामी विपरीतदर्शी भएका छौं । त्यहाँका सबै कुराहरू हामीलाई ठीक लाग्दछ चाहे त्यो खराबभन्दा खराब किन नहोस्, यस्तो जादू भएको छ कि जसले हृदयलाई नै अर्कै बनाइदियो । यसकै परिणामस्वरूप आज हामी त्यहाँको अनाचारमा सदाचार, पापमा पुण्य, स्वार्थान्धतामा देशभक्ति, अवनतिमा उन्नति, अधर्ममा धर्म औ पतनमा उत्थानको विपरीत दृश्य देखिरहेछौं र सबैतिरबाट त्यसैको परिवर्तनको अन्धचेष्टामा नै तत्पर छौं ।

आज जे कुरा भइरहेको छ त्यसको अधिकांशमा न ज्ञान छ, न निष्काम कर्म छ, न भक्ति नै । ज्ञानका लागि प्रधान बाधा छ देहाभिमान, त्यसैलाई खूब बढाइरहिएको छ । निष्काम कर्मयोगमा प्रधान बाधक हो स्वार्थ-बुद्धि, यसैको वृद्धिका लागि अनेक सम्प्रदाय र दल जोडतोडका साथ सङ्घटित भइरहेछन् । भक्तिमा प्रधान प्रतिबन्धक नै शरणागतिमा कमी हो । सच्चा ज्ञानी, सच्चा निष्कामकर्मी र सच्चा भक्त कहिल्यै पनि छल, कपट, दम्भ, असत्य, अन्याय औ हिंसा आदिको अवलम्बन लिंदैन ।

ज्ञानको साधनमा देहात्मबुद्धि अर्थात् शरीरमा 'म' बुद्धिको त्याग गर्नुपर्छ त्यसका लागि आत्मा शरीरबाट त्यसरी नै अलग्ग छ जुन प्रकार अरूको शरीरबाट हाम्रो शरीर! यो स्थिति प्राप्त भएपछि अर्थात् देहात्मबुद्धि छुटेर गएपछि पापकर्म हुन सक्तैन । यसै प्रकार स्वार्थबुद्धिको परित्यागले ईश्वरार्थ गरिने निष्काम कर्म पनि पापयुक्त हुँदैन । भगवद्भक्तिमा त मनुष्य भगवान्को शरणमा नै हुन्छ, त्यस अवस्थामा उसको दूषित भावको त्याग स्वाभाविक हुन्छ नै ।

अज्ञानजनित भोगलोलुपताको अन्धकारले हाम्रो ज्ञानलाई ढाकेको छ औ चारैतिरबाट यस अँध्यारोलाई अझ घना बनाउने अथक प्रयत्न भइरहेछ । यसै अन्धकारको घनतालाई नै ज्ञानको प्रकाश मान्न थालिएको छ । मनुष्यको बुद्धि आज लाटोकोसेरो औ चमेराको दृष्टि जस्तो भएको छ । जसरी यी पक्षीहरू दिनमा अँध्यारो औ रातमा प्रकाश देख्तछन् उसरी नै हामीलाई पनि आज अन्धकारमा प्रकाशको भ्रम भइरहेछ । यसले गर्दा हामी 'कामोपभोगपरायण' भएर सयौं आशाका पाशमा बाँधिएर कामक्रोधादि साधनद्वारा 'कामभोगार्थ' अन्यायपूर्वक अर्थप्राप्तिको उपायमा लागिरहेछौं । मोहले हामीलाई घेरेको छ । अभिमानले हामीलाई अन्धो बनाएको छ । लोभले हाम्रो वृत्तिलाई बिगारिदिएको छ । मदले हामीलाई उन्मत्त बनाइदिएको छ । यसले गर्दा नै आज हामी अहङ्कार, बल, दर्प, काम, क्रोधहरूकै आश्रय लिएर 'सर्वभूतस्थित' परमात्मासँग द्वेष गर्न लागिरहेछौं । यो आसुरी भावको परिणाम अनन्त दुःख र अशान्ति सिवाय अरू के हुन सक्तछ ? ७

वर्तमान समय मानव-जातिका लागि क्रान्तिको युग भनिन्छ । भनिएको छ— शताब्दियौं-देखि सुतेका मानवले आज कोल्टे फेरेका छन् । आजसम्म उनीहरू परतन्त्र औ रूढिको दासताले ग्रस्त थिए किन्तु अब यो साङ्लो चुँडालेर आफ्नो जन्मसिद्ध अधिकार—स्वतन्त्रता र सर्वाङ्गीण विकास पाउनका लागि व्यग्र छन् । कुनै जाति, सम्प्रदाय र रूढिको बन्धन उनीहरू सहन सक्तैनन् ।

यस भूमिमा मात्र होइन, अब त उनीहरू अन्य ग्रह र नक्षत्रहरूमा पनि आफ्नो विहार-स्थान बनाएर सशरीर स्वर्गसुख, भोग्नका लागि व्याकुल छन् ।

परन्तु ए लाटो मान्छे! केही विचार त गर्– के यही तेरो वास्तविक अधिकार हो? के के पेटभर खानका लागि नै प्रभुले तँलाई यो शरीर दिएको हो? भोगले कहिल्यै कसैलाई तृप्ति भएको छ? के राजा ययातिको उपाख्यान कहिल्यै सुनेको छस्? भोग रोगमा परिणत हुन्छ र भोग-वासना अतृप्त नै रहिरहन्छ । सम्पूर्ण संसारको सम्पत्ति एकत्रित गरेरै पनि कुनै एक मनुष्यको तृष्णाको शान्ति हुनु सम्भव छ? यसकारण केहीबेर रोकिएर सोच्– तेरो वास्तविक अधिकार के हो? के कुनै यस्तो वस्तुमा तेरो अधिकार हुन सक्तछ, जुन पाउनकै लागि पनि तँ परतन्त्र छस्, जुन कुराको प्राप्ति अनिश्चित छ र जुन पाएर पनि तेरो तृष्णा अतृप्त नै रहन्छ? आफ्नो अधिकार पाएर त तँलाई कृतकृत्यता, पूर्णताको अनुभव हुनुपर्छ । अतः निश्चय ठान्– संसारको कुनै पनि वस्तु, अवस्था या परिस्थिति तेरो वास्तविक लक्ष्य या अधिकार हुन सक्तैन किनभने त्यो पाउनका लागि तँ स्वतन्त्र छैनस्, त्यसको प्राप्ति निश्चित छैन र त्यो पाएर पनि तँलाई आत्यन्तिक विभ्रान्ति मात्र मिल्न सक्तछ । प्यारो मानव! यसमा सन्देह छैन– तँ स्वभावले नै पूर्णताको माग गरेर अवतीर्ण भएको छस् । आमाको कोखबाट जन्मनेबित्तिकै तँमा रुने प्रवृत्ति देखिएको छ । तँ बाहेक अरू कुनै प्राणा जन्म लिनेबित्तिकै रोएको देखिएको छैन । रुनु सधैं कुनै न कुनै अभावको वेदनाले गर्दा नै हुन्छ । अतः निश्चय हुन्छ तेरो आविर्भाव सबै प्रकारको अभावको अभाव गर्नका लागि भएको हो । यसको यो अर्थ भने कुनै हालतमा पनि होइन कि अरू प्राणीहरूलाई कुनै अभाव नै हुँदैन । समय-समयमा अभावको अनुभूति त सबै प्राणीहरूलाई हुन्छ र आफ्नो–आफ्नो योग्यताको अनुसार उनीहरू त्यसको पूर्तिको प्रयत्न पनि गर्दछन् परन्तु मानव! तँ आरम्भदेखि नै अभावको वेदना लिएर उत्पन्न भएको हुन्छस् र खालि यही यस्तो जीव छ जो सब प्रकारको अभावको अभाव गरेर पूर्ण पदमा प्रतिष्ठित हुन सक्तछ । किन?

प्राणीको विकास

यसको एक विशेष कारण छ । उद्भिज्ज, स्वेदज, अण्डज र जरायुज–चार प्रकारका प्राणी छन् । यिनीहरूमध्ये उद्भिज्ज प्राणीहरूमा अन्नमयको अतिरिक्त खालि प्राणमय कोशको पनि अभिव्यक्ति भएको छ । प्राणशक्तिबिना त कुनै पनि व्यक्तिलाई प्राणी नै भन्न सकिंदैन । अतः प्राणी-वर्गको विकास उद्भिज्ज जगत्बाट नै आरम्भ हुन्छ । यस्तो प्रकारको जीवमा जन्म, मरण र वृद्धि आदि प्राणको व्यापार नै देख्न सकिन्छ । स्वेदज प्राणीहरूमा मनोमय कोशको पनि विकास भएको हुन्छ । यसकारण उनीहरूमा सङ्कल्पशक्ति पनि रहन्छ । उनीहरू सुख –दुःखको अनुभव गर्दछन् र हिंड्दछन्, डुल्दछन् पनि; परन्तु उनीहरूमा कुनै प्रकारको शत्रु-मित्र र आफ्नो-पराईको भेद हुँदैन । अण्डज र जरायुज प्राणीहरूमा पूर्वोक्त तीन कोशको अतिरिक्त विज्ञानमय कोशको पनि विकास भएको हुन्छ । अतः उनीहरूमा शत्रु-मित्र तथा आफ्नो-पराईको पनि भेद रहन्छ; परन्तु यी सब प्राणी

खालि देखिएको दुःखको नै निवृत्ति गर्दछन्; यिनीहरूमा आगामी दुःखको निवृत्तिको उपाय अथवा धेरैभन्दा धेरै सुख पाउने वासना देखिदैन। भोक लागेपछि तिनीहरू आफ्नो स्वभावसिद्ध आहारा ग्रहण गर्दछन्, परन्तु यिनीहरू यो कहिल्यै पनि सोच्दैनन्-फेरि पनि भोक लाग्दछ, यसकारण केही आहारा जम्मा गरेर राखूँ। न कहिल्यै यस्तो नै विचार गर्दछन्-हामी जुन आहारा खान्छौं, त्यसमा खुर्सानी-मसला हालेर अझ केही स्वादिष्ठ बनाऊँ। यसै प्रकारले गर्मी-जाडो लाग्दा अथवा डर लाग्दा पनि उनीहरू आफ्नो स्वभावको अनुसार तात्कालिक व्यवस्था मात्र गर्दछन्, तिनीहरूबाट बच्नका लागि स्थायी प्रबन्ध गर्दैनन्। परन्तु मनुष्यको स्वभाव केही अर्कै प्रकारको छ। ऊ त खालि दुःख-निवृत्तिका लागि मात्र होइन, उत्तरोत्तर अधिकाधिक सुख पाउनका लागि पनि प्रयत्न गर्नमा व्यस्त छ। यसले गर्दा उसको भोग-सामग्री दिनका दिन बढेर गए तापनि ऊ निरन्तर यिनीहरूलाई बढाउनमा नै लागिरहन्छ, जब अरू प्राणी जसरी लाखौं वर्ष पहिले रहन्थे त्यस्तै प्रकारले आज पनि रहेका छन्। यसको कारण हो- आनन्दमय कोशको विकास खालि मान्छेमा भएको छ। अतः निरतिशय आनन्द नै उसको एक मात्र माग हो। जहाँ जन्मकालिक रोदनले यसको अभावको वेदना सूचित गर्दछ, उहीं उसको उन्मुक्त हाँसोले यसको पूर्तिको क्षमताको पनि परिचय दिन्छ। मान्छेको अतिरिक्त कुनै अरू प्राणी कहिल्यै हाँसेको पनि त देखिएको छैन। अतः यस्तो प्रकारको पूर्णता निरतिशय आनन्द या अमरत्व नै तेरो एक मात्र अधिकार हो।

आफ्नो यो जन्मसिद्ध अधिकारको प्राप्तिबिना तँलाई कहिल्यै शान्ति मिल्न सक्तैन। परन्तु तँ त किन हो कुम्ल्ल कुन शान्तिको प्राप्ति र सुरक्षाका लागि के उपाय गरिरहेछस्! आफ्नो समकक्षको व्यक्तिप्रति संशयालु भएर उनीहरूलाई भयभीत राख्नाका लागि ठूला-ठूला संहारकारी शक्तिहरूको शरण लिन्छन् र आफूलाई समृद्ध एवं सुरक्षित बनाउनका लागि पृथ्वीमा मात्र नभई आकाशको अर्कोपट्टि आफ्नो घर बनाउन चाहन्छस्। यस प्रकार कसैलाई शान्ति मिलेको छ? अरूलाई भयभीत राखेर के कोही स्वयं निर्भय रहन सक्तछ? यी सबै त सङ्घर्ष र अशान्तिकै भूमिका हुन्। शान्ति त तेरो निजी सम्पत्ति हो। त्यो त तँलाई स्वभावले नै प्राप्त छ। तैंले यो अशान्तिको उपकरणको आश्रय लिएर उल्टो आफूलाई अशान्त बनाएको छस्। तेरो अधिकार-लालसाले तेरो जन्मसिद्ध अधिकारको, तेरो सुख-लोलुपताले तेरो स्वरूप-भूत सुखको, तेरो सुरक्षाको चिन्ताले तेरो स्वाभाविक अमरत्वको र तेरो बढेको वासनाले तेरो वास्तविक विभुत्वको आवरण नै गरेको छ। यसप्रकार तैंले आज जसलाई साधन सम्झेर अपनाएको छस्, त्यही वास्तवमा असाधन हो। यदि तँलाई आफ्नो वास्तविक साध्य पाउनु छ भने यी सबै साधनहरूलाई छाडेर त्यसै साध्यको शरणमा जा। उसले स्वयं नै आफ्नो परिचय दिएर तँलाई आफूबाट अभिन्न गरेर लिन्छ।

केही विचार गर्, तेरो वास्तविक अधिकार त तँसँगै छ र यो यत्रो महान् छ कि यसभन्दा ठूलो कुरा तँ सोच्नै सक्तैनस्। आज जुन वस्तुहरू तथा परिस्थितिहरूलाई पाउनका लागि तँ छट्पटिएको छस्, ती कुराहरूको त उनको अगाडि केही सत्ता नै छैन। तँ आफ्नो सहज स्वरूपलाई बिर्सेर आफूलाई

देह ठानेर बसेको छस्, यसले तँलाई व्यर्थ वासनाको फन्दामा फस्नुपरेको छ। तँ जे कुरा पाउन र सुरक्षित राख्न चाहन्छस्, त्यसको सम्बन्ध यो देहसँग नै त छ र देहमा यस्तो कुनै वस्तु छैन, जसलाई यस विश्वबाट अलग्ग गर्न सकियोस्। अतः यो शरीर त यस संसार-सागरको एउटा तुच्छ तरङ्ग हो। जुन प्रकारले यो संसार जड, पर-प्रकाश्य र परिणामी छ उस्तै प्रकार यो शरीर पनि त छ। तँ त चेतन, स्वयंप्रकाश र एकरस होस्। अतः जुन प्रकारले संसार तेरो प्रकाश्य छ र त्यसमा तेरो केही सम्बन्ध छैन, त्यस्तै प्रकारले यो शरीर पनि कदापि तेरो स्वरूप हुन सक्तैन। यस शरीरसँग तादाम्य गरेर नै तैंले आफ्नो यस्तो दुर्दशा गरिस्। यसै कारणले तँ आफ्नो सहजसिद्ध अलौकिक अधिकारलाई बिर्सेर तो वस्तुहरूको वासनामा फसिस्, जुन कहिल्यै कुनै प्रकारले पनि तेरा हुन सक्तैनन्। अतः यदि तँ आफूलाई आफ्नो त्यस स्वयंसिद्ध परमपदमा अभिव्यक्ति देख्न चाहन्छस् भने तैंले यस देहको तादात्म्यदेखि मुक्त हुनुपर्छ।

स्वरूप

अतः दृढ निश्चय गर् कि म शरीर होइन, म नाम होइन। नामरूप ममा आरोपित हुन्। यससँग मेरो वस्तुतः कुनै सम्बन्ध छैन। शरीरको नाशले मेरो केही बिग्रँदैन, नामको बदनामीले मेरो बदनामी हुँदैन। म अमर छु, अजर छु, निष्कलङ्क छु, शुद्ध छु, सनातन छु, सधैं एकरस छु, कहिल्यै घट्ने-बढ्ने होइन। शरीरको उत्पत्तिले मेरो उत्पत्ति हुने होइन, शरीरको नाशले म नष्ट हुने होइन। म नित्य हुँ, असङ्ग हुँ, अव्यय हुँ, अज हुँ। मेरो स्वरूपमा कहिल्यै कुनै अन्तर पर्दैन। ८

जे-जति परिवर्तन हुन्छ नाम-रूपमै हुन्छ। नाम-रूपबाट आत्मा पृथक् छ। आमाको कोखमा जब जीवात्मा पस्यो त्यस बेला उसको यो स्थूल शरीर (रूप) थिएन, परन्तु जीवात्मा थियो। मरेपछि शरीर नष्ट हुन्छ, परन्तु जीवात्मा रहन्छ। अतएव यो सिद्ध छ कि शरीर जीवात्मा होइन। यस्तै प्रकार आमाको गर्भमा जीवको कुनै नाम थिएन। मान्छे भन्दछन्-बच्चा पाउनेछ। यो पनि थाहा हुँदैन गर्भमा छोरी छ या छोरो। जन्मेपछि छोरो पायो भने! केही समयपछि एक नाम राखियो। आमा-बाबुलाई त्यो नाम मन परेन, उनीहरूले अर्को सुन्दर नाम राखे। ठूलो भएपछि त्यो नाम पनि काटिदिए। यसबाट यो सिद्ध भयो कि नाम पनि जीवात्मा होइन।

नाम-रूप दुवै कल्पित र आरोपित हुन्। परन्तु जीव यसलाई आफ्नो स्वरूप सम्झेर यसको हानि-लाभमा आफ्नो लाभ-हानि सम्झन्छ र दिन-रात यसैको सेवामा लागिरहन्छ। शरीरलाई आराम मिलोस्, नामको नाम (कीर्ति) होस्। खालि यसको पछाडि साना-ठूला सबै पागल भइरहेछन्। यही नै मोह हो, अज्ञान हो, उन्माद हो, माया हो। यसबाट आफूलाई अलग्ग राख! आफ्नो स्वरूपलाई सम्हाल! निश्चय गर, जबसम्म यस नाम-रूपलाई आफ्नो स्वरूप सम्झेका छौ त्यस बेलासम्म जगत्को सुख-दुःखले तिमीलाई सताउँछ। जुन दिन, जुन क्षण, नाम-रूपलाई मिथ्या प्रकृतिको वस्तु मान्छौ र आफूलाई त्यसबाट अलग्ग सम्झन्छौ त्यही क्षण प्रकृतिजन्य सुख-दुःखबाट छुट्टिन्छौ। सारा कार्य प्रकृतिमा भइरहेछ, आत्मा निर्लेप छ। आत्मा तिम्रो स्वरूप हो।

विचार गर-शरीर रोगी हुँदा तिमी रोगी हुँदैनौ, शरीर स्वस्थ हुँदा पनि तिमी स्वस्थ हुँदैनौ, शरीर मोटो हुँदा तिमी मोटो हुँदैनौ, शरीर दुब्लो हुँदा तिमी दुब्लो हुँदैनौ । तिमी निःसङ्ग छौ, सदा सम छौ । तिम्रो भित्र यो द्वन्द्व छँदै छैन । पूरा द्वन्द्व प्रकृतिमा छ । परन्तु हो, जबसम्म तिमी प्रकृतिमा स्थित छौ तबसम्म प्रकृतिको सारा विकार तिमीलाई आफ्नो भित्र भान हुन्छ, तिमी प्रकृतिको रोगले भरिएका छौ- महान् रोगी छौ । शरीर मोटो -फुर्तिलो र पूर्ण स्वस्थ हुँदा हुँदै पनि सर्वथा अस्वस्थ छौ, तिमीलाई वास्तविक स्वस्थता त स्व (आत्मा)-मा स्थित हुँदा प्राप्त हुन्छ । जो आत्मामा स्थित छ, ऊ नै स्वस्थ छ, र जो प्रकृतिमा स्थित छ ऊ अस्वस्थ छ !

यस्तै प्रकार तिम्रो नामको यश फैलँदैमा तिम्रो कुनै यश हुँदैन, नामको बदनामीमा तिम्रो कुनै बदनामी हुँदैन । नामको अपमानमा तिम्रो अपमान हुँदैन र नामको सम्मानमा तिम्रो सम्मान हुँदैन । तिमी नामदेखि अलग्ग छौ । परन्तु जुन बेलासम्म नामलाई आफ्नो स्वरूप सम्झिरहन्छौ, त्यस बेलासम्म नामको बदनामीमा तिमीलाई महान् दुःख हुन्छ, नामको नाम हुँदामा सुख हुन्छ । यसै कारणले तिमी आज नामको नाम कमाउनमा अमूल्य जीवन हराइरहेछौ ! सान, नामको नाम भयो भने पनि त्यो के कामका लागि ? कति दिन रहन्छ र तिमीलाई त्यसबाट वस्तुतः के लाभ हुन्छ ? नामको नामले बन्धन अझ दृढ हुन्छ, तिमी आत्मामा स्थित भएर स्वस्थ हुने अवस्थाबाट अझ बढी पछि हटेर जान्छौ ।

अतएव नाम–रूपको मोह छाडेर-शरीरको आराम र नामको चिन्ता छाडेर आफ्नो स्वरूपलाई सम्हाल । तिमी सदा मुक्त छौ, बन्धन तिम्रो समीपमा आउनै सक्तैन । सुख-दुःखको द्वन्द्व तिम्रो कल्पनामा पनि रहन सक्तैन । तिमी आनन्दस्वरूप हौ, तिमी सत् हौ, तिमी चेतन हौ । तिमी स्वयं शान्तिको भण्डार हौ, तिमी पूर्ण हौ, तिमी अखण्ड हौ, तिमी अनन्त हौ, तिमी कूटस्थ हौ, तिमी ध्रुव हौ र तिमी सनातन हौ ।

वास्तवमा देहसँग तादात्म्य गर्नाले नै तिमीमा वस्तु, व्यक्ति तथा परिस्थितिको अनुकूलता या प्रतिकूलताको भास हुन्छ, जसबाट उनमा राग या द्वेष गरेर तिमी उनलाई पाउन या त्याग्नका लागि चिन्तित रहन्छौ । परन्तु यो देह रहनाले के कहिल्यै यो सम्भव छ कि तिम्रो जीवनमा सर्वदा अनुकूलता नै रहन्छ, प्रतिकूलताको दर्शन नै हुँदैन ? संसारको इतिहासमा आजसम्म त यस्तो एक पनि व्यक्ति सुनिएको छैन जसको जीवनमा प्रतिकूलता नरहेको होस् । अहँ, यस्तो हुनै सकेको छैन । साँचो कुरा त यो हो–प्रतिकूलताले जीवन निक्खर हुन्छ । संसारमा जति महापुरुषहरू भए, उनीहरूको जीवनलाई महान् बनाउने गौरव त प्रतिकूलतालाई नै छ । जसले प्रतिकूलतालाई धैर्यपूर्वक स्वागत गर्दछ । ठूलो-भन्दा ठूलो विपत्तिको सम्भावना हुँदा पनि जो आफ्नो कर्तव्यबाट च्युत हुँदैन, ऊ नै जनसाधारणको पथ-प्रदर्शक र समाजको भूषण मानिन्छ । अतः अनुकूलताको प्रलोभन र प्रतिकूलताको भयलाई छाडेर तिमी सत्यको संकेतको अनुसरण गर । यसैले जीवनपथमा आउने सब प्रकारको भन्ज्याङ्ग पार गरेर तिमीलाई तिम्रो साध्यसँग मिलाइदिन्छ ।

यस सत्यको संकेत पाउनका लागि तँलाई कहीं अन्यत्र जानु पर्दैन। प्रभु तँभित्र स्वयं अन्तर्यामी या विवेकरूपले अवतीर्ण भएर विराजमान हुनुहुन्छ। उहाँ नै तेरो सच्चा गुरुदेव र पथ-प्रदर्शक हो। तँलाई यो शरीर पूर्णपदमा प्रतिष्ठित हुनका लागि मिलेको हो र त्यो पद सर्वथा अप्राकृत एवं अलौकिक छ। कुनै पनि लौकिक साधन तँलाई त्यहाँ लिएर जान सक्दैन। अतः करुणामय प्रभु ! तँलाई आफ्नो त्यो परम धाममा लानका लागि स्वयं नै विवेकरूपले तेरो हृदयमा आविर्भूत हुनुहुन्छ। अविवेकवश आफ्नो स्वार्थी दूषित प्रवृत्तिको कारणले कति नै पतित किन नहोस् तथापि यी विवेक भगवान् कहिल्यै पनि दूषित हुनुहुन्न किनकि उहाँ सर्वथा अलौकिक, अप्राकृत एवं एकरस हुनुहुन्छ। अतः उहाँबाट तँलाई कहिल्यै यस्तो केही संकेत मिल्न सक्तैन, जुन तँलाई असत्प्रवृत्तिमा प्रेरित गरोस् यदि तँ उहाँको संकेतको अनुसरण गर्दछस् भने निश्चय नै एकदिन आफ्नो चरम लक्ष्य र वास्तविक अधिकारलाई प्राप्त गर्दछस्।

विवेकको आदर गर्नका लागि पहिलो शर्त यो छ– तँले अरूको होइन, आफ्नो आचरणमा दृष्टि राख्नुपर्छ। जसको दृष्टि परदोष-दर्शनमा लागिरहन्छ ऊ विवेकी भगवान्को संकेतलाई कहिल्यै पनि बुझ्न सक्तैन, किनभने परदोषदर्शन आफूमा गुणको अभिमान हुनाले हुन्छ र जहाँ गुणको अभिमान छ त्यहाँ यस्तो केही दोष छैन जुन प्रकट नहोस्। अतः अरूको दोष नदेखेर आफ्नो नै आचरणमा दृष्टि राख्। त्यसमा केही त्रुटि छ भने त्यसका लागि प्रायश्चित्त गर् र त्यसलाई फेरि नदोहोऱ्याउने निश्चय गर्। यसले तेरो दृष्टिद्वारा तँ विवेक भगवान्को संकेतलाई देख्न र त्यसको अनुसरण गर्नमा समर्थ हुन्छस्।

आज तँ अरूको कर्तव्यमा दृष्टि राख्तछस् र त्यसद्वारा आफ्नो अधिकारलाई सुरक्षित देख्न चाहन्छस्। यही नै सारा अशान्तिको मूल हो। तेरो स्वतन्त्रता त आफ्नो कर्तव्य पालन गर्नमा नै छ। अरूले आफ्नो कर्तव्य पालन गरून् यो तेरो अधीनको कुरो नै होइन। उनीहरूलाई कर्तव्यपालनको प्रेरणा दिने सर्वोत्कृष्ट उपाय पनि आफैं कर्तव्यनिष्ठ हुनु हो। साथै उनीहरूद्वारा आफ्नो अधिकारको प्राप्ति अथवा सुरक्षाको वासना पनि संघर्षको नै मूल हो। यो अधिकार-वासना सधैं देहाभिमानको नै पुष्टि गर्दछ, जो सब प्रकारको अनर्थको नै कारण हो। अतः तीं अधिकार नपाउनाले पनि तेरो के क्षति हुन्छ ? छोड् यो अधिकारलालसा। यो त अरूको क्षोभ र तेरो अशान्तिको नै कारण हो। अरूमाथि शासन नगरेर तँ आफूमाथि नै शासन गर्। जो अरूप्रति क्षमाशील रहन्छ र आफूमाथि शासन गर्छ ऊ स्वयं निर्दोष बन्छ र अरूलाई कर्तव्यनिष्ठ बन्ने प्रेरणा दिन्छ।

यस प्रकार निर्दोष भएर नै तँ निष्काम हुन सक्तछस्, कामना नै मनको मूल हो। जब मनमा भोगको कामना रहँदैन र सबै विषय निःसार प्रतीत हुन लाग्दछ, तब वास्तविक कल्याण-कामना या जिज्ञासा जाग्रत् हुन्छ। जुन चित्त बाह्य विषयमा आफ्नो प्रसन्नता देख्तैन ऊ नै उनीहरूसँग विमुख भएर आफ्नो स्वरूपभूत शाश्वत परमसुखपट्टि फर्कन्छ। यस्तो चित्त आफ्नो प्रकृतिअनुसार

या त जिज्ञासु भएर परमार्थ-सत्यको खोजमा लाग्दछ या आफ्नो परम प्रेमास्पदबाट अभिन्न हुने लालसा लिएर प्रेमपथ (भक्तिपथ) को पथिक बन्दछ ।

जुन चित्त विचार-प्रधान हुन्छ, त्यो जब विषयदेखि विमुख हुन्छ तब उसलाई यो दृश्य जगत् र जगत्कर्ताको विषयमा अनेक प्रकारको सन्देह हुन लाग्दछ । यही हो आत्मकृपा, किनभने जुन विश्वप्रपञ्चमा अरू जीव रहन्छन्, उसमा अनासक्ति भएर नै उसलाई सत्यको जिज्ञासा जाग्रत् हुन्छ । जब उसको यो सन्देहको वेदना असह्य हुन्छ, तब भगवत्कृपा गुरुदेवको रूपमा उसको अगाडि अवतीर्ण हुन्छ । गुरुदेव विवेकरूपमा त पहिले नै उसको अन्तःकरणमा विराजमान हुनुहुन्थ्यो, अब प्रत्यक्ष मानव-मूर्ति भएर पनि उसको अगाडि प्रकट हुनुहुन्छ। यस प्रकार आत्मकृपा, भगवत्कृपा तथा गुरुकृपा– तीनवटैको सहयोग हुनाले उसमा शास्त्रको कृपा हुन्छ । शास्त्रकुनै ग्रन्थविशेषको नाम होइन । गुरुदेव जुन उपदेश या अनुशासन गर्नुहुन्छ त्यो पनि शास्त्र हो। उसको रहस्य हृदयङ्गम भयो– यही हो शास्त्रकृपा । यसप्रकार चारौटै कृपाहरूको संयोग जुट्नाले निःसन्देहता प्राप्त हुन्छ । यसबाट उसको भित्र रहने जड-चेतनको ग्रन्थि काटिन्छ र उसको समस्त सन्देह निवृत्त हुन्छ । फेरि जुन कुराको उसलाई उपलब्धि हुन्छ, त्यही हो सर्वाधिष्ठानभूत परमार्थ सत्य । त्यही परमपद हो, लाटो मान्छे ! त्यही तेरो आफ्नो वस्तु हो, जुन तँलाई सधैं प्राप्त छ, अविवेकका कारणले मात्र तेरो आँखाबाट ओझेल भएको हो । जब तेरो आफ्नो वस्तु या अधिकार मिल्दछ, तब के हुन्छ जान्दछस् ? फेरि अरू कुनै पनि जान्नुपर्ने या पाउनुपर्ने कुरा बाँकी रहँदैन, त्यसभन्दा बढी अरू कुनै लाभ देखिँदैन र ठूलोभन्दा ठूलो आपत्ति पनि उसलाई एउटा खेल जस्तो हुन्छ ।

यो त भयो विचार-प्रधान चित्तको कुरा । तर कुनै चित्त भावप्रधान हुन्छ । त्यसलाई आफ्नो साध्यको विषयमा कुनै सन्देह हुँदैन । उसको हृदय स्वभावले नै ऊप्रति आकर्षित हुन्छ र ऊ उसको साथ घुलमिल भएर एक हुनका लागि लालायित रहन्छ । जब ऊ बिषयदेखि विमुख हुन्छ, तब सबै प्रकारको सांसारिक सम्बन्धलाई छाडेर प्रभुसँग नाता जोड्दछ । यस प्रकार अरू सबै आश्रयलाई छाडेर ऊ भगवदाश्रित हुन्छ । यो आश्रय अनेक प्रकारको भावमा परिणत भएर प्रेमको रूप धारण गर्छ अनि त प्यारको साथ प्रेमको आदान-प्रदान गरेर जे-जति लीला हुन्छन् तिनमा प्रेम नै स्थायी भाव हुन्छ । तो लीलाको कहिल्यै अन्त हुँदैन । तिनमा ऊ जुन अलौकिक, अनिर्वचनीय एवं अप्राकृत आनन्दको आस्वादन गर्छ, सम्पूर्ण विश्वको सुख त्यसको एक कणको दाँजोमा पनि आउन सक्तैन । उसको दृष्टिमा मोक्षको सुख पनि त्यसको अगाडि नगण्य हुन्छ । त्यो आनन्द नित्य, नवीन र निरन्तर बढ्ने खालको हुन्छ । त्यो प्रभुप्रेमीको सृष्टि अलग नै हुन्छ । देहदृष्टिले यो प्राकृत प्रपञ्चमा देखिए तापनि ऊ सर्वदा चिन्मय भावजगत्मै घुमिरहन्छ । त्यो चिन्मय लोकमा जुन रसमयी लीला हुन्छ, उसमा भक्त, भगवान् र सेवकको भेद खालि लीला मात्र हुन्छ । उहाँ धाम, धामी र लीला सबै रसरूप नै हो । यो रस चिन्मय छ । चिन्मय पनि उसलाई लीलालोकमा नै भनिन्छ, वास्तवमा त त्यो चिन्मात्र नै हो । यसप्रकार जिज्ञासुलाई आफ्नो परम लक्ष्य प्राप्त हुँदा जुन सर्वाधिष्ठानभूत चिन्मात्र तत्त्वको

उपलब्ध हुन्छ, त्यही आफ्नो प्रेमी भक्तहरूलाई दिव्य चिन्मय प्रेमरसको आस्वादन गराउनका लागि रस-रूपले अभिव्यक्त हुन्छ । वस्तु एकै हो खालि उपलब्धि र आस्वादनको नै भेद हो । सुवर्ण र आभूषणमा तथा जल र समुद्रमा जस्तो तत्त्वतः केही अन्तर छैन, उस्तै प्रकार ज्ञानीलाई उपलब्ध हुने पर-ब्रह्म र प्रेमीलाई प्राप्त हुने रसरूप भगवत्तत्त्वमा पनि केही भेद छैन । १२

जुन महानुभावलाई यो परमपदको प्राप्ति हुन्छ, उसको आफ्नो कुनै अलग अस्तित्व हुँदैन । ऊ त यो अनन्त र अखण्ड तत्त्वबाट अभिन्न हुन्छ । सबै प्रकारको अहंता पग्लेर जाँदा नै यो चिन्मय अमर पदको अनुभूति हुन्छ । अहंताले नै यो चिन्मात्र अभय पदमा जडता एवं मृत्युको भास गरायो । सम्पूर्ण प्रपञ्चको निषेध हुँदा पनि यसको अनुभूति हुन्छ, अतः यो सर्वातीत छ । किन्तु अनुभव हुँदा यो सर्वरूप ठानिन्छ । यस प्रकार सर्वातीत नै सर्व हो । सर्वातीत नै परब्रह्म हो र सर्व नै भगवान् वासुदेव हुनुहुन्छ । यही सर्वमय भगवान् वासुदेव नै भावुक भक्तहरूलाई अलौकिक भाव-रसको आस्वादन गराउनका लागि चिन्मय धाम, धामी र सेवकको रूपमा प्रकट हुनुहुन्छ । अतः तत्त्वज्ञानीहरूको परब्रह्म नै भक्तहरूको भगवान् हो । जुन प्रकारले परब्रह्मको ज्ञान हुनाले केही जान्न बाँकी रहँदैन उस्तै प्रकारले भगवान्को प्राप्ति हुनाले पनि अरू केही पाउन बाँकी रहँदैन, किनकि सबै कुरा उनैको दृष्टिविलास त हो । ए सोझो मान्छे ! जीवनको परमलाभ सम्झेर जुन पद, प्रतिष्ठा र राज्यवैभव आदिको पछि तँ भट्किरहेको छस्, त्यसको महत्त्व त तेरै आसक्तिको चमत्कार मात्र हो । तैंले मोहवश आफ्नो मूल्य घटाएर नै उनीहरूको महिमा बढाएको होस् । प्रिय पाठक ! त्यो सबै तेरै छाया हो । जुन व्यक्ति सूर्यबाट विमुख भएर आफ्नो छायालाई पक्रनका लागि दौड्दछ, ऊ कहिल्यै त्यसलाई पक्रन सक्तैन किन्तु यदि छायाँबाट मुख मोडेर ऊ सूर्यपट्टि बढ्न लाग्यो भने छायाँ उसको पछाडि लाग्दछ । यस्तै दशा यो मायाको विलासको छ । जो यसलाई पक्रन चाहन्छ उसबाट यो टाढा भाग्दछ र जो यतापट्टि-बाट मुख मोडेर मायाका मालिकप्रति बढ्न लाग्दछ, उसको पछाडि यो स्वयं लाग्दछ । परन्तु ऊ कहिल्यै यतापट्टि आँखा उठाएर पनि हेर्दैन । अतः आफ्नो त्यो वास्तविक अधिकारमा अभिषक्त भइस् भने जुन वस्तुहरूका लागि आज तँ भड्किरहेछस् ती सबै तेरो पछि आउँछन् । यसकारण सबको मोह-ममता छाडेर तँ आफ्नो यो निज धामका लागि हिंड् ।

आफ्नो यो वास्तविक अधिकारलाई पाउनमा तँलाई कुनै प्रकारको पराधीनता पनि छैन । यो तेरो निजी सम्पत्ति हो, तँसँगै छ, तँलाई नै प्राप्त छ । केवल अन्य वस्तुहरूको आसक्तिले नै तँलाई यसको प्राप्तिको भ्रान्ति भइरहेछ । त्यस भ्रान्तिको निवृत्ति नै त्यसको प्राप्तिको साधन हो । भ्रान्तिको वास्तवमा आफ्नो केही सत्ता नै छैन; र जसको सत्ता नै छैन, त्यसको निवृत्तिमा परिश्रम पनि के हुन सक्तछ, न यसका लागि कुनै प्रकारको संग्रहको नै अपेक्षा छ । अतः यो प्राप्त गर्न तँ सर्वथा स्वतन्त्र छस्, यो पाउनका लागि नै तँलाई शरीर मिलेको छ र यसको प्राप्ति भएमा अरू पाउनुपर्ने कुरा केही पनि शेष रहँदैन । फेरि तँ आफ्नो यो अक्षयनिधिलाई छाडेर अन्त कहाँ भौंतारिइरहन्छस् ? अस्तु ।

धर्मको परिभाषा

हामी जहाँसुकै 'धर्म' शब्दको उच्चारण गरौं, त्यसबाट हाम्रो अभिप्राय 'वाद' (ism) लक्षित हुँदैन, अर्थात् केवल अध्यात्मविचार नै धर्म होइन। 'धर्म' त्यो निष्ठा, विचार तथा क्रियापद्धतिको नाम हो जो सबैलाई धारण गर्छ, जसबाट मनुष्यको सात्त्विक उत्थान हुन्छ। जो प्राणिमात्रको वास्तविक हित तथा सुखको साधन हो तथा अन्तमा निःश्रेयस या मोक्षको प्राप्ति गर्नेवाला हो, त्यही धर्म हो– यतोऽभ्युदयनिश्रेयसः सिद्धि स धर्मः (वैशेषिक १।२)। परन्तु दुर्दैवले आज धर्मको स्थान 'भोगवाद' ले लिइरहेछ। आजको भोगवादी मानव यस धर्मको परवाह गर्दैनन्। उसको निश्चित सिद्धान्त नै हुन्छ कामोपभोग–कामोपभोगपरमा एतावदिति निश्चिताः (गीता १६–११) विषयभोगमा लागेका मनुष्य, बस 'यही सबै कुरा हो' भनी निश्चित रूपले मान्दछन्–न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमा- अर्थात् आसुरी भावका, माययाऽपहृतज्ञाना आसुरं भावमाश्रिताः (गीता ७–१५) आश्रय गरेको मायाद्वारा अपहृत ज्ञानवाला दूषित कर्म गर्ने नराधम मूढ म (भगवान्) लाई स्मरण गर्दैनन्– भगवान्लाई भज्दैनन्, भोगमा लागिरहन्छन्, यसकारण उनीहरू नराधम तथा मूढ हुन्।

यस्ता भोगवादी असुर मानवलाई जीवनमा मिल्दछ–चिन्ता, अशान्ति, कामनाजनित पाप-ताप तथा मृत्युको पछि नरकको प्राप्ति तथा बन्धन। यथा चिन्तामयरिमेयां च प्रलयन्तामुपाश्रिताः (गीता १६–११) मृत्युको अन्तिम क्षणसम्म अपरिमित चिन्ताहरूले घेरिरहन्छन् तथा अनेकचित्त विभ्रान्ताः मोहजालसमावृताः (गीता १६–१६) मोहजालबाट समावृत्त अनेक प्रकारबाट भ्रमित चित्त अशान्त रहन्छ।

हिन्दू संस्कृतिमा जुन 'कर्तव्य' र 'त्याग'- को उज्ज्वल आदर्श थियो, त्यसको ठाउँ आज अधिकार एवं भोगले लिइरहेछ। सबैजना अधिकार, अर्थ या भोगको पछि उन्मत्त छन्। कर्तव्य तथा त्याग हुँदा उचित अधिकार र अर्थभोग स्वतः आउँछ। राम र भरतको इतिहास यसको साक्षी हो। कर्तव्य र त्यागको कारण दुवैको अधिकार कायम रह्यो। दुवै उचित अर्थका भागी भए। हाम्रो आदर्श नै थियो– 'कर्तव्यमय त्याग'। अमृतत्वको प्राप्ति त्यागबाट नै हुन्छ। उपनिषद्को वाणी छ–'न कर्मणा न प्रजया धनेन, त्यागेनैके अमृतत्वमानशु-कर्मबाट होइन, प्रजाबाट होइन, धनबाट होइन, एक थरीले त्यागबाट नै अमृतत्व प्राप्त गरे– यस्तो नै वेदको उपदेश छ। ईशावास्यमिदंसर्वयत्किञ्च जगत्यां जगत्। तेन त्यक्तेन भुञ्जीथा मा गृधः कस्य चित् धनम्। (शुक्लयजुर्वेद ४०-१) अर्थात्– "अखिल विश्वमा जुन कुनै जड चेतन जगत् छ, ती सबै ईश्वर व्याप्त छन्। ती ईश्वर लाई साथ राखेर (याद गरेर) त्यागपूर्वक भोग गरिराख। यसमा आसक्त नहोऊ। कसैको पनि धनको इच्छा नगर।" आज यो कुरा उपहासको वस्तु जस्तो बनिसक्यो। आज त प्रत्येक वस्तुहरूको मूल्याङ्कन हुन्छ–आर्थिक या भोगको दृष्टिबाट। आत्माको प्रकाश गर्ने खालको 'शिक्षा' पनि आज भोगदृष्टिले नै

हुने गर्छ। प्रत्येक वस्तुमा यसै दृष्टिले विचार विमर्श गरिन्छ– यसमा आर्थिक लाभ छ या छैन, यो सबै भोगवादको नै विषालु प्रभाव हो ।

यो भोगवादको विषले आक्रान्त हुनाले नै आज हाम्रा ठूला-ठूला अध्यात्मवादी विद्वान् पनि, पाश्चात्य भोगवादी विद्वान् कहीं खराब नभनिदिऊन्, यसका लागि आफ्नो संस्कृतिको परम्परा-गत सामान्य सिद्धान्तलाई तथा इतिहासहरूलाई पनि यथार्थ रूपमा प्रकाश गर्न हिचकिचाउँछन् र त्यसलाई विकृत गरेर उनीहरूकै मतानुकूल व्याख्या गर्ने प्रयत्न गर्दछन् । यो मस्तिष्कको दासत्व ज्यादै शोचनीय तथा घातक छ । यसले हाम्रो प्राचीन इतिहास तथा ऐतिहासिक घटनाहरूको काल बदल्ने र सबैलाई ३–४ हजार वर्षभित्र ल्याउने चेष्टा गरिरहेछ, दुःखको विषय छ कि हाम्रा विद्वान् पनि यो कुरालाई स्वीकार गरिरहेछन् । अस्तु । यसमा अरू बताइदिनु पनि आवश्यक छ ।

"अवश्य नै हिन्दू-संस्कृतिमा भोगको बहिष्कार पनि छैन– अर्थ र कामको तिरस्कार छैन– परन्तु यिनीहरू जीवनका लक्ष्य होइनन् । भोग रहोस् तर रहोस् धर्मको नियन्त्रणमा र उसको लक्ष्य हो मोक्ष या भगवत्प्राप्ति ।" पुरुषार्थचतुष्ठ्यमा अर्थ-काम भगवत्सेवामा नियुक्त भएर मोक्षको प्राप्तिको साधन बन्छ र त्यही 'अर्थ-काम' जीवनको लक्ष्य बनेर मनुष्यलाई घोर अशान्ति तथा चिन्तामय जीवन बिताउनलाई बाध्य गरेर अन्तमा महान् दुःख दिन्छ ।

यस युगमा जड विज्ञानले पर्याप्त उन्नति गरेको छ । विभिन्न प्रकारको गवेषणाले नयाँ-नयाँ तथ्य आविष्कृत भएको छ । व्यावहारिक जीवनमा यी तथ्यहरूले विभिन्न प्रकारका यन्त्रहरूको रूप धारण गरेको छ । भौतिक सुख प्राप्तिको उद्देश्यले तो यन्त्रहरूको प्रचुर व्यवहार भइरहेछ । फलतः समाजमा अपूर्व परिवर्तन भइसकेको छ ।

विज्ञानको अद्भुतता

आज विज्ञानद्वारा आविष्कार गरिएका तथ्यहरू जीवनका अनेक क्षेत्रमा प्रयोग भइरहेछन् । उनीहरूमा दुईओटा क्षेत्र विशेष रूपले दृष्टिलाई आकर्षित गर्दछन् । मनुष्यको यातायात (Transportation) तथा संवादको आदान-प्रदान (Communication) यी दुई दिशाहरूमा परिवर्तन चामत्कारिक छ । पहिलेका मान्छे घण्टामा चार मीलदेखि धेरै हिंड्न सक्तैनथे, आज वायुयानबाट हजारौं मीलसम्म जान सक्तछन् । पहिलेको मान्छे प्राणपणबाट जोर गरेर पनि तीनसय हातभन्दा ज्यादा पर आफ्नो आवाज सुनाउन सक्तैनथ्यो, आज रेडियो यन्त्रको सहायताबाट हजारौं माइल परको संगीत घरमा बसेर सुन्दछन् । विज्ञानको प्रसादले टाढाका मानिस नगीच भएका छन् । टाढाटाढाका घटनाहरूले नर-नारीको दैनिक जीवनमा प्रभाव पारिरहेछन् । पृथ्वी आयतनमा मानौं छोटो भएको छ । दूरदेशबासी मानौं छिमेकीसमान नगीच भएका छन् । आधुनिक जड-विज्ञानको यो एउटा आश्चर्यजनक दान हो । यो सबै सत्य हो ।

परन्तु यो महान् परिवर्तनको साथ-साथ विज्ञानले एउटा अद्भुत समस्याको सृष्टि पनि गरेको छ । विज्ञानले दूरलाई निकट ल्याइदियो, यो जसरी सत्य छ, यसभन्दा पनि अधिक कटु सत्य यो छ कि यसै विज्ञानले हाम्रो निकटतमलाई ज्यादै टाढा गरिदिएको छ । विज्ञान एउटैको प्रसारणले दुइटा विभिन्न विपरीत फल फलेको छ, यो आश्चर्यको विषय हो । यस युगमा (वैज्ञानिक युगमा) मनुष्य छिमेकीलाई चिन्दैनन् । आत्मीय स्वजन, बन्धु-बान्धव यहाँसम्म कि ऊ माता-पितासम्मको खबर राख्दैन । मनुष्यको साथ मनुष्यको कुराकानी र व्यवहारमा अधिक अंशसम्म कृत्रिमताको आवरण रहन्छ । के व्यक्तिहरूमा, के जातिहरूमा, के राष्ट्रहरूमा, सबैतिर एकको अन्तःकरण दोस्रोको कपटको आवरणले आवृत्त हुन्छ । अकपट भावको आदान-प्रदान एक अतीतकालको कहानी बनिसक्यो । सबै काममा यन्त्रको मध्यस्थताले मनुष्य यन्त्ररूपमा परिणत भइसकेको छ । कतै यन्त्र-यन्त्रको सङ्घर्ष बढेर बारुदले घर नउडोस्, यस भयले सबै भयभीत, संत्रस्त र सशङ्क भएर चिन्तामय जीवनयापन गरिरहेछन् ।

यन्त्र-सभ्यताले जन-सङ्घर्ष बढाएको छ । मनुष्य-मनुष्यको शरीरलाई धकेलेर चलिरहेछ । मनुष्यको दवाबले मनुष्य पिसिएर मरिरहेछ । चारैतिर जनसमुद्र फैलिएको छ तथा यसभित्र प्रत्येक मनुष्य मानौं असहाय एक्लो छ, आफ्नो भारले आफैं कातर भइरहेछ । जुन विज्ञानले दूरलाई निकट ल्याइदियो, उसले आफ्नालाई पराई बनाइदियो, कत्रो दुःखको कुरा ! जन-सम्पर्क अवश्य बढेको छ, किन्तु लोक-संग्रहको कार्य मानौं एक पटक सधैंका लागि बिदा भयो । मानिसहरूको शरीरको स्पर्श त भइरहेछ, किन्तु प्राणले प्राणको स्पर्श गर्दैनन् । निरन्तर धक्काधक्की चलिरहेछ, परन्तु एकचोटि पनि अङ्कमाल गर्दैनन् । मनुष्य हात, गोडा, आँखा र कानलाई बढाउनका लागि बुद्धि र यन्त्रलाई बनाइरहेछन्, परन्तु त्यसले दीन सङ्कुचित आत्मालाई विशाल रूपमा देख्ने साधन बिर्स्यो । १५

यस युगमा मनुष्यको दैहिक क्षुधा बढेको छ, परन्तु आत्मिक क्षुधा मर्‍यो । भोग-विलासको सामग्री बढेर हजारौं-हजार पसलहरूको शोभामा वृद्धि भइरहेछ, परन्तु आत्माको महान् गुण-समूह मृतवत् भएर मानवीय सभ्यता मरुभूमिमा परिणत भइरहेछ । यो वर्तमान युगको समस्या हो, यही वर्तमान युगको सर्वापेक्षया महान् प्रश्न हो । यो बिराट् मानवीय आवरण कसरी दूर हुन्छ ? आर्थिक र राजनीतिक स्वार्थलाई लिएर मनुष्य मनुष्यको अति निकट छ । परन्तु धार्मिक र आध्यात्मिक स्वार्थलाई बिर्सेर ऊ एक-अर्कादेखि टाढा छ, अति टाढा छ !! देहसँग समीप छ र प्राणदेखि टाढा छ । मनुष्य-मनुष्यको सङ्घर्ष निष्प्राण यन्त्रको सङ्घर्ष-समान भएको छ । यो अद्भुत असामञ्जस्यले नै मनुष्य-समाजमा सब प्रकारको अशान्ति उत्पन्न भएको छ । यस असामञ्जस्यको समाधान कसरी हुन्छ ? यही यस युगको मौलिक जिज्ञासा हो । ज्ञात या अज्ञात रूपले मनुष्य यही जिज्ञासाको उत्तर खोजिरहेछ । अनेकौं सभा-समितिहरू दिन-प्रतिदिन स्थापित र विसर्जित भइरहेछन्, परन्तु मूल प्रश्नको उत्तर मिलेको छैन ! मिलेकै छैन !!

शिवविहीन यज्ञ जसरी दक्षयज्ञ हो, उस्तै प्रकारले आध्यात्मिकताविहीन सभ्यता युद्धको आतङ्कले ग्रस्त उन्माद मात्र हो । मनुष्यमा चाहे जतिसुकै दक्षता होओस् शिव (कल्याण-मङ्गल) नभएको

मानव-जीवन-यज्ञ अंडवंड व्यर्थश्रम मात्र हो। वैज्ञानिक यन्त्रहरूको उत्पादनको दक्षता असीम हुँदा पनि अध्यात्म ज्ञान तथा प्रेम-प्रीति-विहीन मानव-संस्कृति मरुभूमिको तातो बालुवाको एक मुठी मात्र हो। मानवप्रेम यथार्थ अकस्मात् उत्पन्न हुँदैन। धेरै-धेरै वाग्वितण्डाको योजना, थुप्रै-थुप्रै सभा-समितिहरूको स्थापनाद्वारा उत्पन्न हुँदैन। कुनै पनि बाह्य आडम्बर हृदयलाई सरस तथा प्रेमयुक्त बनाउन सक्दैन। कुनै पनि कृत्रिम उपायबाट मानवीय एकत्व आउँदैन। हृदयको देवताको साथ हृदयको सम्बन्ध स्थापित हुँदा मात्र जीव-जीवमा प्रेम-एकता सुप्रतिष्ठित हुन्छ, अन्यथा हुँदैन-हुँदैन !!

आजको युगको भोगवादी संसारको यही संक्षिप्त रूपरेखा हो। यति नै पर्याप्त छ। अब हामीले आफ्नो मौलिक विषय–यस युगको मौलिक जिज्ञासा तथा हाम्रो अन्तिम लक्ष्य आदिको सम्बन्धमा विचार गर्नु छ।

हाम्रो अन्तिम लक्ष्य

मोक्षको इच्छाले प्रेरित भएर मोक्षको मार्ग र साधनको खोजीमा निक्लेको प्रत्येक विचारवान् पुरुषको अनुभव छ–यद्यपि भगवान्द्वारा रचित सृष्टिअन्तर्गत अनन्त कोटि ब्रह्माण्डमा रहने अनन्त कोटि जीवहरूमा शरीर, इन्द्रियहरू, चित्तवृत्तिहरू, बुद्धि, विद्या, अभ्यास आदिको अंशमा अनन्त भेद रहेको हुँदा कल्याण या मोक्षको साधनबारे अनन्त कोटि मतभेद रहेका छन् तथा प्रत्येक जीवको मनमा पनि एकै दिनमा अनन्त मत परिवर्तित हुँदै जाने गर्छ, तथापि सबै जीवहरूको विचारमा यस कुरामा अत्यन्त एकता दृष्टिगोचर हुन्छ कि उनीहरूको अन्तिम लक्ष्य त एउटै हो र त्यो हो– हामीलाई सबै स्थानहरूमा, सबै समयमा, सबै अवस्थाहरूमा, सबै प्रकारबाट सुख र शान्ति नै मिलिरहोस् र हाम्रो उन्नति नै भइरहोस्, कुनै स्थानमा या कुनै अवस्थामा, कुनै प्रकारको केही दुःख या अशान्ति हुन नपाओस्। यो स्वाभाविक चित्तवृत्तिबाट प्रेरित भएर सबै जीव आफ्नो-आफ्नो विचार र शक्तिअनुसार अनेक प्रकारका प्रयत्न गरिरहेछन्।

जीवनको चिह्न

यसमा कुनै सन्देह या मतभेद छैन– उन्नतिको इच्छा स्वाभाविक मात्र नभई अत्यन्त आवश्यक पनि छ, किनकि उन्नतिको इच्छा र त्यसलाई प्राप्त गर्ने साधन गर्नु, हरेक जीवको मुख्य सिद्धान्त हो, र वास्तवमा जहाँ उन्नतिको इच्छा, विचार तथा प्रयत्न हुँदैन, त्यहाँ या त जीवन नै छैन या त्यो जीवन क्षीण हुँदा-हुँदै नासिन लागिरहेछ। यो एक यस्तो सर्वथा सत्य कुरा हो जसको विषयमा कुनै मतभेद हुन सक्दैन।

उन्नतिको सच्चा अर्थ

उन्नतिको विचार-साधनमा यसकारण कठिनाइ हुन्छ कि उन्नति चाहँदा-चाहँदै पनि हामी राम्ररी कुनै पनि तत्त्वको विचार गर्दैनौं र उन्नतिको यथार्थ लक्षण थाहा नपाएर भ्रममा

पर्दछौं । यति मात्र होइन आफ्नो उन्नतिको इच्छाले जेसुकै गरौं उसको फलस्वरूप उल्टो नयाँ-नयाँ दुःखमा फस्दछौं । यसकारण हामीले आफ्नो वास्तविक लक्ष्य पत्ता लगाएर साधन या मार्गको विचारमा प्रवृत्त हुनु अत्यन्त आवश्यक छ ।

लक्ष्य र साधनक्रम

साधारणभन्दा साधारण काममा त हामी पहिले नै आफ्नो लक्ष्य (Goal or Destination)– को सङ्कल्प या निश्चय गर्दछौं र फेरि उसको विषयमा जिज्ञासा या खोज गर्न लाग्दछौं र धेरै मार्गहरू छन् भने यो खोज्दछौं– कुनचाहिं मार्ग सबैभन्दा समीप, सजिलो र सस्तो छ । परन्तु साना-साना कुरामा त आफ्नो बुद्धि, चातुरी चलाखीलाई हामी खूब काममा लगाउँदछौं, तर जीवन-रूपी संसारको यात्रा (जसमा हाम्रो अनेक जन्मको सुख-दुःख निर्भर छ)– मा यति प्रमाद र लापरवाही गर्दछौं, यो कति ठूलो दुःखको कुरा ! यति मात्र होइन, विचार गरौं हाम्रो यो लामो यात्राको के लक्ष्य हो । यात्राको आरम्भ भइसकेको हुन्छ, हामी आफ्नो लक्ष्यलाई किञ्चित् पनि नजानेर धेरै टाढा पुगिसकेपछि पनि आफ्नो लक्ष्यबारे विचार गर्दैनौं र मार्गमा जानेहरूसँग सोधिरहन्छौं– हामीलाई कुन मार्गबाट हिंड्नु छ । यसभन्दा ठूलो प्रमाद अरू कुनचाहिं हुन सक्तछ– हामी स्वयं नै जान्दैनौं 'हामी कहाँ जाने ?' र अरूसँग सोद्धछौं–'कुनचाहिं बाटो ठीक हो ?'

यसको परिणाम

हामी यो पनि जान्दैनौं– 'हामीलाई कहाँ जानु छ' र अरूसँग सोद्धछौं– 'कुन बाटो ठीक छ ?' परिणामस्वरूप जसलाई हामी सोद्धछौं ऊ हाम्रो अन्तर्लक्ष्यलाई नबुझेर उसको चित्तमा जुन मार्ग ठीक लाग्दछ या जे आउँदछ त्यही बताइदिन्छ, फलस्वरूप त्यो हाम्रो अनुकूल हुन सक्दैन । यसकारण सर्वप्रथम आफ्नो असल र सच्चा लक्ष्यको पत्ता लगाउनुपर्छ, तब साधन या मार्ग स्वयं नै जुर्छ ।

वास्तविक लक्ष्य (गन्तव्य-स्थान) एक नै छ

सर्वप्रथम, यो त स्पष्ट नै छ प्रत्येक मनुष्यको चित्तमा नित्य अनेक विचार र इच्छाहरू उत्पन्न भइरहन्छन् र बदलिइरहन्छन् । कसैको पनि एउटा निश्चित लक्ष्य छैन, फेरि सबैको एउटै लक्ष्य कसरी हुन्छ ? परन्तु जब हामी माथिको स्थूल विचारलाई छाडेर सूक्ष्म र गहिरो विचारमा जान्छौं र त यो स्पष्ट नै प्रतीत हुन्छ कि अन्तिम र सच्चा लक्ष्य सबैको एकै प्रकारको र एकै लक्ष्यको छ ।

साधनको विचारमा भेद

सत्य त यो प्रतीत हुन्छ कि कोही धनका लागि लालायित छन् त कोही शारीरिक बलका लागि, कोही पदका लागि त कोही मानका लागि । तर गम्भीरतासाथ विचार गर्दा प्रत्यक्ष नै थाहा

हुन्छ कि कुनै पनि पुरुष धन, मान, इज्जत, स्वास्थ्य आदिका लागि मात्र यी वस्तुहरूलाई चाहँदैनन्, बरु यी वस्तुहरूलाई शान्ति र आनन्दरूप वास्तविक लक्ष्य सम्झेर र मानेर यसको प्राप्तिका लागि प्रयत्न गर्दछन् । यदि कसैलाई सोध्यौं– तँ धन किन चाहन्छस् त ? ऊ यही उत्तर दिन्छ कि यो-यो भोगका लागि । र, भोग किन चाहन्छस् त ? आनन्दका लागि । र, आनन्द किन चाहन्छस् त ? आनन्द स्वाभाविक हो । केवल यिनै उत्तर हुन सक्तछन् । उपनिषद्मा भनिएको पनि छ– न वा अरे सर्वस्य कामाय सर्वं प्रियं भवति आत्मनस्तु कामाय सर्वं प्रियं भवति । ९८

लक्ष्यको एकता र लक्षण

परिणाम यो निक्ल्यो कि सबैको सांसारिक व्यापारको केवल एक नै लक्ष्य छ र त्यो हो केवल आनन्दलाई प्राप्त गर्नु । बाह्य भेद खालि साधनको विषयमा नै हो, लक्ष्य त सबैको एक नै हो । अब विचार गर्नुपर्छ त्यस लक्ष्यको के के लक्षण छ । त्यो जान्नका लागि शास्त्र र महापुरुषहरूको वचन नै प्रमाण हो, उनीहरूबाट नै यस विषयको सम्यक् ज्ञान हुन सक्तछ । तर यदि कोही मनोवैज्ञानिक दृष्टिले, केवल आफ्नै चित्तसँग सोधोस् कि तँ के के चाहन्छस् ? त हाम्रो चित्तको सही उत्तर नै हाम्रो लक्ष्यको लक्षण हुन्छ । चित्तको सही उत्तर यही हुन सक्तछ –

(१) सत्स्वरूप– चित्तबाट ज्ञात हुन्छ "म सदैव बाँचिरहूँ"–चाहे जतिसुकै साँसारिक दुःख किन भोग्न नपरोस् वा भोगिरहेको होस्, तापनि सधैं नै जीवनको इच्छा बनिरहन्छ । र, यदि कसैसँग 'किन ?' भनी सोधेमा उत्तर यो हुन्छ– यो स्वाभाविक हो । स्वभावलाई लिएर 'के' भन्ने प्रश्न नै उठ्तैन । जस्तै– तामाको भाँडालाई अमिलो आदिले जतिसुकै सफा चम्किलो बनाएर राख, तैपनि त्यो आफ्नो स्वाभाविक मैलो हुने धर्मले गर्दा एकैछिनमा पहिले जस्तै मैलो नभई छाड्दैन किनकि त्यसको प्राकृतिक लक्षण चमक होइन । यसबाट यो पत्ता लाग्यो– कुनै पदार्थको स्वाभाविक लक्षणलाई लिएर 'किन' भन्ने प्रश्नै उठ्दैन । यसरी सिद्ध भयो– सधैं बाँचिरहनु नै हाम्रो लक्ष्यको सबभन्दा पहिलो लक्षण हो र शास्त्रमा यसलाई सत्य पदार्थ भनिन्छ ।

(२) चित् पदार्थ– फेरि यदि चित्तलाई सोधियो–"तँ हिमालयको समान सधैं जीवित रहनमा सधैं सन्तुष्ट छस् ?" त उत्तर यही हुन्छ–"छैन, हामी जड भएर बाँच्न चाहँदैनौं," जीवित भएर सबै पदार्थलाई जान्न चाहन्छौं अर्थात् ज्ञान चाहन्छौं, यही हाम्रो लक्ष्यको दोस्रो लक्षण हो, शास्त्रमा यसैलाई चित् भनिन्छ ।

(३) आनन्द-पदार्थ– यदि फेरि आफ्नो मनसँग यो प्रश्न गरियोस्– यदि जीवित भएर र सबै पदार्थलाई जानेर पनि हामी अरू केही चाहन्छौं या चाहँदैनौं, त मनको उत्तर यही हुनेछ – हामी यसको अतिरिक्त सुख र आनन्द पनि चाहन्छौं । सधैं जीवित रहेर सबै पदार्थलाई चिनेर पनि दुःख-मिश्रित जीवन भोग्नुपर्‍यो भने हामी सन्तुष्ट हुँदैनौं । हामी सुख र आनन्दपूर्वक बाँच्न चाहन्छौं र

सुख पनि अल्प या परिच्छिन्न होइन अखण्ड र परिपूर्ण आनन्द नै चाहन्छौं । जसमा दुःखको लेश मात्र पनि कहिल्यै नहोस् । यो हाम्रो लक्ष्यको तेस्रो लक्षण हो, जसलाई शास्त्रमा आनन्द भनिन्छ ।

४) **मोक्षस्वरूप**–यो सबै जीवन, ज्ञान र आनन्द हुँदाहुँदै पनि मनलाई सोधौं– हामी यतिले नै सन्तुष्ट हुन्छौं या अरू पनि केही चाहन्छौं ? त उत्तर मिल्दछ - हामी सधैं जीवन, ज्ञान र आनन्द त भोग्न चाहन्छौं, तर पराधीन भएर होइन । हामी यी सबै स्वतन्त्रतापूर्वक भोग्न चाहन्छौं । पराधीनता परम दुःख हो – यो खालि हाम्रो मात्र होइन सारा देशहरू र जातिहरूको सिद्धान्त हो । र, मोक्षको स्वरूप पनि शास्त्रहरूको अनुसार यही हो, अर्थात् सबै बन्धनबाट निवृत्ति नै मोक्षको स्वरूप हो । बन्धन मात्र नै दुःखको स्वरूप हो, अवाञ्छनीय हो ।

(५) **ईशस्वरूप** – अमरता, अखण्ड ज्ञान, परिपूर्ण आनन्द र स्वतन्त्रता समेत मिले पनि यो जीव सन्तुष्ट हुँदैन । अझै चाहन्छ– मेरो इच्छानुसार सब संसार चलोस् र मलाई कसैको इच्छानुसार चल्न नपरोस् । मनुष्य त एउटा सानो बालक पनि यही चाहन्छ– आमा-बाबु मेरै बुद्धि र इच्छानुसार चलून् । महान् आश्चर्यको कुरा हो तर हो अत्यन्त सत्य । एकातिर हामी समेत सबै जीव स्वतन्त्रता चाहन्छन् भने दोस्रोतिर हामी यो चाहन्छौं– अरू सबै हाम्रो वशमा रहुन् र हाम्रो इच्छानुसार चलून् । कस्तो परस्परविरोधी कुरा ! तर हो बिलकुल ठीक । हामी खालि स्वतन्त्र रहन मात्र होइन अरूलाई आफ्नो अधीनमा राख्न पनि चाहन्छौं र यही नै शास्त्रहरू अनुसार ईशन् या ईश्वर-स्वरूप हो ।

संसारको कुनै पनि जीव, धर्म या देशको यसको विरुद्ध लक्ष्य छैन । सबैको लक्ष्य यही हो । तब यी उपर्युक्त पाँच लक्षणको एक नाम भयो 'ईश्वर' । किनकि सबै देश र धर्मका धर्मशास्त्र पनि लगभग ईश्वरको यही पाँच लक्षण बताउँछन् र यसको प्राप्तिको स्थान पनि मनुष्य- शरीर नै हो । यही ईश्वरको दार्शनिक र सार्वभौम परिभाषा हो । जुन नास्तिक ईश्वरलाई नमान्ने अभिमानमा छ, ऊ पनि आफूमा यी पाँच लक्षणहरूलाई मानेर ईश्वरलाई साक्षात् आफूमा देख्न चाहन्छ । अन्यथा उसले मान्नुपर्छ, "म यी पाँच गुणवाला ईश्वरको विरुद्ध लक्षण अर्थात् असत्ता (मृत्यु), अज्ञान (जडता), दुःख परतन्त्रता तथा पराधीनता आदिको हार्दिक इच्छुक छु–"संसारको कुनै पनि प्राणी यो कुराको इच्छा गर्दैनन् । यस कारण संसारमा कुनै मानिस नास्तिक छैन र न हुन नै सक्तछ । आफैलाई ईश्वर नमान्ने ए मित्र ! नास्तिकताको वृथा अभिमान छाडिदेऊ । आफ्नो भूललाई स्वीकार र ठीक बाटोमा जाऊ । ईश्वरले तिम्रो कल्याण गरून् । यसले यो सिद्ध भयो हामी नर हुँदाहुँदै पनि नारायण बन्ने फिक्रीमा आफ्नो-आफ्नो विचारअनुसार प्रयत्न गरिरहन्छौं । अरू धर्म यो अद्वैत भावनाई यथार्थ रूपमा नसम्झनाले यससँग डराऊन् र यसलाई नमानून्, परन्तु सनातन धर्म यसलाई अवश्य नै मान्दछ र यसमा अटल छ । अस्तु ।

यहाँसम्म हामीले आफ्नो लक्ष्यको विषयमा संक्षेपमा केही विचार गर्‍यौं । अब यसपछि यो हेर्नु छ हाम्रो यस लक्ष्यको प्राप्तिको साधन के छ ? संसारमा जति पनि मतभेद देखिन्छन्, त्यो

सबै साधनलाई लिएर भएको हो, लक्ष्यलाई लिएर होइन, लक्ष्य त सबैको एक नै छ। मनुष्य सात्त्विक, राजस र तामस त्रिविध प्रकृतिको हुनाले कुनै एक साधन सबैको अनुकूल हुँदैन। साधनमा भेद अवश्यम्भावी छ। यसै बाह्य भेदलाई लिएर हो-हल्ला नगर ! अलि गम्भीरतासाथ विचार गर।

यस प्रकार दुःखको आत्यन्तिक निवृत्ति प्राणिमात्रको जीवनको लक्ष्य स्वीकार गर्नामा कुनै पनि प्रकारको शङ्काको अवकाश नै छैन, किनकि दुःखको त नाम मात्र लिंदा पनि सबै प्राणी स्वभावतः निधारमा गाँठो पार्दछन्। यसरी परमानन्दको प्राप्ति, सबै दुःखहरूको अत्यन्त निवृत्ति प्राणिमात्रको जीवनको स्वाभाविक लक्ष्य हो भन्ने सिद्ध भयो र यही मोक्षको स्वरूप हो। २०

संसारी विषय कदापि सुखस्वरूप होइन, सुखस्वरूप त केवल परमानन्द नै हो। अब सांसारिक विषयजन्य सुखहरूको वास्तविकतामा विचार गर्ने हो भने त मुक्त कण्ठले यही भन्नुपर्छ– आफ्नो स्वरूपले त्यो कदापि सुखस्वरूप ठहरिंदैन, किन्तु सुखशून्य भोग्य विषयमा सुख-बुद्धि, यही एक मात्र जीवका दुःखहरूको मूल हुन्छ। अन्ततः जस-जसले यो विषयजन्य सुखलाई आफ्नो जीवनको लक्ष्य बनाए, उनले मानौं तीनै लोकको दुःखलाई अपनाए। वर्तमानमा जुन जुन पशु-पक्षी अथवा देव-मनुष्य आदि प्राणीलाई जुन जुन योनि अथवा तज्जन्य दुःखको प्राप्ति भइरहेछ, त्यसको मूलमा निर्विवाद रूपले एकमात्र हेतु यही छ उसले अवश्य नै कुनै समयमा यी सुखशून्य विषयहरूलाई सुख-बुद्धिले समातेको छ। यसैले शास्त्रहरूले यी विषयलाई कुनै हालतमा पनि सुखस्वरूप भनेनन्, किन्तु अस्ति-भाति-प्रियरूप अथवा सत्-चित्-आनन्दरूप एकमात्र भगवान्को स्वरूप नै भने। शास्त्रहरूमा त यो पनि भनियो विषयजन्य सुखको भोगकालमा पनि प्राणिमात्रलाई जुन क्षणका लागि जति मात्रामा जुन सुखको उपलब्धि हुन्छ, त्यो सुख विषयबाट कदापि आउँदैन, किन्तु त्यस विषयको निमित्तले त्यो समय आफ्नो हृदयमा नै स्थित एक मात्र आफ्नो परमानन्द स्वरूपको नै अभिव्यक्ति हो, जुन देश-कालको सीमादेखि रहित छ। किनकि–

(१) पहिला त सुखस्वरूप या आनन्दस्वरूप त्यो वस्तु हुन सक्तछ, जुन सर्वदा एक रस-स्थित होस्। जुन वस्तु कहिले छ र कहिले छैन त्यो त सुखस्वरूप बन्ने नै कसरी? एकरस त्यही वस्तु रहन सक्तछ जुन निर्विकार देश-कालको परिच्छेदबाट रहित, त्रिकालाबाध्य र सत्-स्वरूप छ। यसप्रकार जुन वस्तु निर्विकार सत्-स्वरूप छ उसको स्वयं प्रकाश हुनु त निश्चित नै छ र उही आनन्दस्वरूप हुन सक्छ। यसको विपरीत जब यो भोग्य विषय क्षण-परिणामी छ, विकारी देश-कालको चक्करमा छ, उत्पत्ति-नाशरूप छ तथा असत्-जड रूप छ, तब सुखस्वरूप कसरी हुन सक्तछ?

(२) यदि यो विषय सुखस्वरूप हुँदो हो त यसले त्यस समयमा पनि हामीलाई सुखी बनाउनुपर्थ्यो, जब हामीलाई यिनीहरूको इच्छा हुँदैन। पेट भरिएपछि यद्यपि भोजनको इच्छा केही समयका लागि निवृत्त हुन्छ; तथापि सुखको इच्छा त कुनै पनि समयमा पनि लोप हुँदैन र यो त्यस बेला पनि विद्यमान नै रहन्छ। सुख त्यसै वस्तुबाट नै आएको हो भने वस्तु अहिले पनि हाम्रो

सन्मुख विद्यमान नै छ, तथापि पेट भरिएपछि, हामी कराउँदछौं, पुग्यो पुग्यो- अब त एक गाँस पनि विष हुन्छ। यस्तै प्रकारले रसको अतिरिक्त शब्द, स्पर्श, रूप र गन्ध, यी चार विषयहरूलाई पनि बुझ्नुपर्छ।

(३) यदि यो विषय सुखरूप हो त संसारमा कम-से-कम कुनै एक विषय त सबका लागि सुखस्वरूप ठहरिनुपर्छ। जस्तो मिस्री आफ्नो स्वरूपले मीठो छ त उसलाई सबै मीठो भन्दछन्। ब्रह्मादेखि लिएर कमिलापर्यन्त सबै प्राणीहरूका चेष्टा आफ्नो-आफ्नो विचारअनुसार यद्यपि भिन्दा-भिन्दै छन्, तथापि सबैको अभिष्ट सुख नै हो। परन्तु संसारमा कुनै पनि विषय यस्तो छैन, जसलाई सबै प्राणी सुखरूपले ग्रहण गर्दछन्। यसको विपरीत यहाँ त कोही स्त्री-पुत्रादिमा, कोही यसको चाहनामा सुख खोजिरहेका छन् त कोही यसको त्यागमा।

(४) जस-जसले आफ्नो-आफ्नो विचारअनुसार जुन-जुन विषयलाई सुखरूप माने, वास्तवमा त्यही विषय सुखरूप हुँदो हो त त्यो विषय प्राप्त गरेपछि सुखका लागि उसको दौड-धूप बन्द हुनुपर्ने हो, किनकि सुखस्वरूप त्यो वस्तु अब उसलाई प्राप्त छ। परन्तु यस्तो भएको देखिंदैन, बरु वाञ्छित वस्तु प्राप्त भएपछि पनि सुखको निम्ति उसका अनर्गल प्रवृत्ति देखिन्छ। २१

(५) यदि विषयमा नै सुख प्राप्त भएको भए त सुषुप्तिमा त सबै विषयहरूको अभाव हुन्छ, यसकारण त्यहाँ कसैलाई पनि सुख नमिल्नुपर्ने, परन्तु त्यहाँ सबैलाई निर्विषयक सुखको प्राप्ति नै हुन्छ।

यस प्रकार यो स्पष्ट छ– एकमात्र त्रिकालाबाध्य सच्चिद्रूप भगवान् नै सुखस्वरूप हुन सक्तछन्, संसारी विषय कहिल्यै पनि हुँदैन। अब हेर्नुछ– तथापि वाञ्छित विषयको संयोगले सुखको अभिव्यक्ति किन हुन्छ ? यस विषयलाई वेदान्त यस प्रकार स्पष्ट गर्छ– संसारमा यावत् दुःखहरूको मूल एक मात्र रजोगुणी इच्छा नै हो, जुन अज्ञानको कार्य हो, र जुन जीवको हृदयमा नै निवास गर्छ। जहिले-जहिले जुन-जुन प्राणीलाई कुनै दुःख-सुखको प्राप्ति हुन्छ, त्यसको मूलमा निश्चय नै यसै नियमको राज्य हुन्छ। जब कुनै दुःखको प्राप्ति हुन्छ, तब अवश्य कुनै इच्छाले उसको हृदयलाई निचोरिरहेको हुन्छ र जब कुनै सुखको प्राप्ति हुन्छ, तब अवश्य उसको हृदय कुनै-न कुनै इच्छाले खालि भएको देखिन्छ। प्रत्येक प्राणी आफ्नै अनुभवले यस सिद्धान्तको सत्यलाई प्रमाणित गर्छ। जुन प्रकार हावाले हल्लाएको ऐना अथवा पानीमा हामी आफ्नो मुख देख्न सक्तैनौं, परन्तु नहल्लिएको ऐना तथा पानीमा उसको स्पष्ट भास हुन्छ, यस्तै प्रकारले सर्वव्यापी हुनाले जुन परमानन्द हाम्रो हृदयमा पनि भरपूर छ, रजोगुणी इच्छारूपी वायुद्वारा हल्लाइनाले हाम्रो हृदयरूपी दर्पणमा त्यसको अभिव्यक्ति हुँदैन, परन्तु इच्छारूपी वायु नचल्नाले स्थिर अन्तःकरणमा त्यसको अभिव्यक्ति स्वीच थिच्दा गुलुपमा बिजुलीको अभिव्यक्ति भए जस्तै गरी हुन्छ। यहाँनिर बुझिने कुरा के हो भने यो प्रकाश अभिव्यक्तिको नै हो। यस प्रकार वाञ्छित बल्बको होइन, किन्तु बिजुलीको हो; त्यसरी नै सुख विषयरूप बल्बको होइन, परमानन्दको पदार्थले आफ्नै प्राप्तिद्वारा कुनै क्षणका लागि हामीलाई सुखी बनाउनमा खालि यत्ति नै काम

गरेको छ, त्यसले आफ्नो इच्छाले कुनै क्षणका लागि हाम्रो हृदयलाई खालि गरिदिएको छ, किनकि पदार्थको प्राप्ति र उसको इच्छा परस्पर विरोधी हुनाले तो एक अधिकरणमा सामानकालिक हुन सक्तैनन् । यसरी सुख आएको त थियो एक मात्र इच्छाको निवृत्तिद्वारा स्थिर अन्तःकरणमा हाम्रो हृदयमा नै स्थित त्यस परमानन्दको अभिव्यक्तिले; परन्तु आफ्नो अज्ञानले गर्दा सुख आएको ठान्दछौं हामी त्यो वाञ्छित विषयमा । किनकि पदार्थको प्राप्ति, तत्सम्बन्धी इच्छाको निवृत्ति, इच्छा-निवृत्तिद्वारा हृदयको स्थिरता र स्थिर हृदयमा परमानन्दको अभिव्यक्ति– यो चारै एक कालमा हुन्छन् । यसले गर्दा जीव आफ्नो अज्ञानले मोहित भएर वाञ्छित विषयबाट नै सुख आएको हो भन्ठा-नेर अधिकाधिक विषयहरूको इच्छा आफूभित्र भरेर आफ्नो हृदयलाई चञ्चल तुल्याइरहन्छ र त्यो परमानन्दभन्दा झन्-झन् टाढा भएर जान्छ । एक यही अज्ञान जीवका अनन्त दुःखहरूको मूल हो, यसै अज्ञानले प्रभावित हुन्छ विषयी जीव; मृगसमान यो मृगतृष्णारूपी विषयहरूको पछाडि दौडी-दौडीकन लखतरान हुन्छ र यस संसारबाट खालिहात जान्छ ।

परमानन्दको प्राप्तिको साधन केवल ज्ञान नै हो । यहाँ यो प्रश्न उठ्न सक्तछ– जब त्यो परमानन्द सर्वव्यापी हुनाले हाम्रो हृदयमा नै भरिपूर्ण छ, तब त्यो किन प्राप्त हुँदैन र उसलाई कुन प्रकारबाट प्राप्त गर्ने ? यसको समाधान यही हो– त्यो परमानन्द हाम्रो हृदयमा नै भरिपूर्ण छ र त्यो नित्य प्राप्त छ, परन्तु जीवको हृदय अज्ञानरूपी अन्धकारले भरिपूर्ण रहनाले जीव त्यसलाई त्यहाँ देख्न सक्तैन र यसै अज्ञानले गर्दा कस्तुरी मृग झैं बाह्य विषयमा त्यसको खोजी गरेर हिंड्दछ, परन्तु भित्र हराएको वस्तु बाहिर मिल्छ कसरी ? जब गुरु-शास्त्रको कृपा र विवेक-वैराग्य आदि साधनले सम्पन्न भएर यो जीव आफ्नो परमार्थ-पथमा आरूढ छ, तब आफ्नो आत्मस्वरूपको ज्ञानद्वारा हृदयस्थ अज्ञानान्धकार निवृत्त हुनाले उसलाई त्यहाँ साक्षात् प्राप्त गर्न सक्तछ । जसरी अन्धकारको विरोधी प्रकाश नै हुन सक्तछ, त्यसरी नै अज्ञानको विरोधी एक मात्र ज्ञान नै हुन सक्तछ अरू हुन सक्तैन । यदि त्यो परमानन्द आफूदेखि पृथक् हुँदो हो त उसको प्राप्तिका लागि यज्ञ, ज्ञान, तप आदि अरू साधन पनि गरिन्थ्यो, परन्तु जब त्यो आफूदेखि अत्यन्त अव्यवहित, अझ आफ्नो आत्मा नै हो र ऊभन्दा निकट अरू कुनै वस्तु हुन नै सक्तैन, किन्तु एक मात्र अज्ञानको प्रभावले नै त्यो नित्य प्राप्त हुँदाहुँदै पनि अप्राप्त झैं भान हुन्छ, तब त्यसको प्राप्तिका लागि आफ्नो ज्ञानको त्याग गरेर अन्य जे-जे साधन गरिन्छन्, तिनले गर्दा त्यसलाई पाउनुको सट्टा गुमाइन्छ मात्र । अज्ञानले गर्दा 'हराएको छ' भन्ने मानिएको 'दशम पुरुष' जुन उसको आफ्नै आत्मा नै हो, त्यसको प्राप्तिका लागि उसको ज्ञान नै एक मात्र साधन हुन सक्तछ, अरू हुँदैन । यस कारण शास्त्रमा भनिएको छ– ऋते ज्ञानान्न मुक्तिः – ज्ञानबिना मुक्ति छैन

ज्ञानादेव तु कैवल्यम् – केवल ज्ञानले नै मुक्ति हुन्छ ।

नान्यः पन्था विद्यतेऽयनाय – मोक्षका लागि ज्ञानबिना अरू कुनै मार्ग नै छैन ।

कर्म-उपासना आदि अरू जति पनि साधन हुन सक्तछन् तो सबै परमानन्दको ज्ञानको प्राप्तिमा प्रतिबन्धक हुन् । जीवको हृदयमा रहने जुन बेग्ला-बेग्लै दोष छ, त्यो आफ्ना-आफ्ना दोषहरूको निवृत्तिद्वारा परम्परादेखि साधन त हुन सक्तछ, परन्तु तो कुनै पनि परमानन्दको प्राप्तिको साक्षात् साधन हुन सक्तैनन्, परमानन्दको प्राप्तिको साक्षात् साधन त परमानन्दको ज्ञान नै हुन सक्तछ। यसकारण शास्त्रहरूमा जसरी माथि वर्णन गरिएको छ, परमानन्दको प्राप्तिको एक नै मार्ग ज्ञान हो, अरू जति पनि साधनहरू छन् तो एक नै मार्गको सिढी या अडान (पडाव) त हुन सक्तछन् परन्तु स्वतन्त्र मार्ग कदापि हुन सक्तैनन् । किनकि–

अज्ञानको फलस्वरूप जीवको हृदयमा मल, विक्षेप र आवरण– यी मुख्य तीन दोष स्वभावतः रहन्छन् । अरू जति पनि दोष छन् तो सबै यसैका शाखा-प्रशाखा हुन सक्तछन् । यही अज्ञानरूपी अन्धकार हो, जसले गर्दा परमानन्द जीवको हृदयमा भरिपूर्ण रहँदा-रहँदै पनि, यसको निजात्मा हुँदा-हुँदै पनि, यसलाई भान हुँदैन तथा नित्य प्राप्त भएर पनि अप्राप्त जस्तो हुन्छ । यी तीनै दोषहरूमा पनि मूलभूत त आवरण दोष नै हो, विक्षेप तथा मलदोष यसका परिणाम हुन् । "म पुण्य-पापको कर्ता, सुख-दुःखको भोक्ता र यसको फलस्वरूप जन्म-मरणको धर्ता संसारी हुँ"– यही आवरणको स्वरूप हो र यही आवरणमुनि यो परमानन्द छोपिएझैं रहेको छ । यसै आवरणको फलस्वरूप नाना किसिमका सांसारिक कामनाहरूको वेग हृदयमा उठिरहनु विक्षेप-दोष भनिन्छ। कामनाहरूको प्रवाहले असल-खराबको विचार नरहेर, दुर्वासनाहरूको उद्बोध भइरहनु मल-दोष भनिन्छ। यसबाट स्पष्ट हुन्छ – बन्धनहरूको मूल त एक मात्र आवरण-दोष नै हो। आवरणले विक्षेप र विक्षेपले मल-दोष उब्जिन्छ । यस प्रकार भवरोगको रोगी जीवमा अनुग्रह गरेर वेदले यी तीनै दोषहरूको निवृत्तिका लागि भिन्दाभिन्दै तीनओटा नै साधन बताएको छ। अर्थात् प्रथम मल-दोषको निवृत्तिका लागि निष्काम-कर्म, तदनन्तर विक्षेप-दोषको निवृत्तिका लागि उपासना र तदुपरान्त आवरण दोषको निवृत्तिका लागि परमानन्दस्वरूपको ज्ञान । क्रमैले यी तीनै साधन बताइएका छन् । यसकारण त्रिकाण्ड (कर्म, उपासना र ज्ञान) नै वेद हो । यद्यपि अन्धकारको विरोधी प्रकाश नै हुन सक्छ, अर्थात् "म कर्ता भोक्ता संसारी हुँ" भन्ने आवरणको विरोधी– साक्षात् हत्केलाको अमला जस्तो "म देहबाट पृथक् नित्य शुद्ध बुद्ध मुक्त स्वरूप हुँ"– भन्ने ज्ञान नै हुन सक्तछ। कर्म, उपासना आदि यस आवरणका विरोधी हुन सक्तैनन्, बरु भेदबुद्धि बिना कर्म, उपासना आदि सिद्ध नहुनाले यी झन् उल्टो आवरणका पोषक नै हुन सक्तछन् । तथापि जबसम्म प्रथम निष्काम कर्म तथा उपासनाद्वारा हृदयबाट दुर्वासना तथा कामनारूपी मल-विक्षेपलाई निकालिदैन, त्यस बेलासम्म हृदयमा उपयुक्त ज्ञानको उद्बोध हुनु सर्वथा असम्भव छ । किनकि मल-विक्षेप यी दुवै नै यस ज्ञानका प्रतिबन्धक दोष हुन्, यसकारण उपर्युक्त शास्त्रकारहरूले प्रतिबन्धक भावलाई सबै कार्यहरूप्रति साधारण कारण– सामग्रीमा स्वीकार गरेका छन् । दृष्टान्तस्थलमा यस विषयलाई यसप्रकार स्पष्ट गर्न सकिन्छ–

कल्पना गर– एउटा जलाशय धमिलो पानीले भरिएको छ र प्रचण्ड वायुले त्यसमा ज्यादै लहरहरू उठिरहेछन्, यसको साथै रातको अँध्यारो पनि छ । अब हामी उसमा आफ्नो मुख हेर्न चाहेमा देख्न सक्तैनौं, यद्यपि मुख पानीको अति सामु छ। पानीमा मुख देख्नका लागि सबभन्दा पहिले हामीले त्यसमा निर्मली औषधि हालेर त्यसलाई निर्मल बनाउनुपर्छ, यसपछि त्यस ठाउँलाई हावा नलाग्ने गर्नुपर्छ र सूर्योदय भएपछि हामी त्यस पानीमा सजिलैसित आफ्नो मुख देख्न सक्तछौं । पानी निर्मल नतुल्याई निर्वात स्थल र सूर्यको प्रकाश जुटाउन सफल भइहाले पनि फोहर पानीमा हामी आफ्नो मुख देख्न सफल हुँदैनौं, यदि पानी निर्मल पारी निर्वात स्थल बनायौं र कुनै प्रकारले हामी सूर्यको प्रकाश जुटाउन सफल भइहाल्यौं भने पनि लहर उठेको पानीमा भने हामी मुख देख्न सक्दैनौं । के हामी लहर उठेको पानीमा आफ्नो मुख देख्न् सक्तछौं ? कुनै हालतमा सक्तैनौं । पानीमा आफ्नो मुख देख्नका लागि हामीले पहिले निर्मल जल, फेरि हावा नलाग्ने ठाउँ र फेरि सूर्य-प्रकाश, यस सोपान-क्रमले नै चल्नुपर्छ । यस प्रकार हृदयरूपी जलाशयमा जुन बुद्धिरूपी जल भरिएको छ, उसमा अत्यन्त टड्कारो आफ्नो परमानन्दस्वरूपको साक्षात्कार गर्नका लागि पनि हामीले प्रथम निष्काम कर्मद्वारा बुद्धिलाई दुर्वासनाहरूबाट निर्मल गर्नुपर्छ, तत्पश्चात् उपासनाद्वारा चञ्चलतारूपी विक्षेपलाई टाढा हटाउनुपर्छ र ज्ञानरूपी सूर्योदय गरेर अज्ञानरूपी आवरणलाई टाढा भगाउनुपर्छ । यसको सिवाय अरू कुनै मार्ग हुनै सक्तैन । यसले स्पष्ट हुन्छ परमानन्दको प्राप्तिको एकमात्र मार्ग परमानन्दस्वरूपको ज्ञान नै हो, र त्यो अत्यन्त निर्मल अन्तःकरणमा नै प्रकट हुन सक्तछ । अरू जति पनि साधन हुन सक्तछन् तो अन्तःकरणमा रहने कुनै न कुनै ज्ञानको प्रतिबन्धक दोषको निवृत्तिका लागि नै हुन्छन् । यसकारण तिनीहरू साक्षात् अथवा परम्पराले ज्ञानको नै साधन हुन सक्तछन् । अब यसपछि संक्षेपमा यो कुरा स्पष्ट गरिन्छ–ज्ञानको अतिरिक्त अरू जति पनि साधन छन् तो सबै भिन्दाभिन्दै कुन-कुन ज्ञानको प्रतिबन्धक दोषलाई निवृत्त गरेर कुन-कुन रूपमा ज्ञानका सहायक हुन्छन्–

(१) निष्काम कर्म

माथि जलाशयको दृष्टान्तले स्पष्ट गरियो, धमिलो पानी समानको हृदयमा या अन्तःकरणमा स्थित मलदोष ज्ञानको प्रतिबन्धक हो । यस निष्काम कर्मको आचरणले त्यस मलदोषको निवृत्ति हुन्छ । अर्थात् सकाम कर्मको अवस्थामा अव्यवसायात्मिका बुद्धि अर्थात् कर्तव्य कर्ममा अनिश्चित बुद्धि हुनाले जहाँ किसिम-किसिमका वासनाहरूको प्रवाह अन्तःकरणमा मडारिरहेको हुन्छ त्यसको फलस्वरूप जीवको गति अत्यन्त शोचनीय भएको छ, यसको स्थानमा यो निष्काम कर्मको आचरणले यस जीवलाई व्यवसायात्मिका बुद्धि प्राप्त हुन्छ, जेले मानव-जीवनको लक्ष्य संसार नभएर भगवत्-प्राप्ति नै हुन्छ । कर्मफल भगवान्मा अर्पण गर्ने बुद्धिले रजोगुणी कर्मको वेग घट्दछ र रजोगुण घट्नाले जुन भगवान्लाई कर्मफल समर्पण गरिन्थ्यो उसको प्रेमा-भक्तिको बीज फुटेर निक्लन्छ । यसप्रकार यो निष्काम कर्म ज्ञानका प्रतिबन्धक मलदोषलाई हटाउने र ज्ञानलाई उपयोगी उपासनाको उद्बोधक (बिउँझाउने) सिद्ध हुन्छ ।

(२) उपासना

मलदोषबाट निवृत्त हुनाले यद्यपि दुर्वासनाहरू हट्दछन् तथापि हृदयमा चञ्चलतारूपी विक्षेपले घर जमाएको हुन्छ, जसले गर्दा संसारी विषयहरूको राग हृदयबाट छुटेको हुँदैन, किनकि विषयविरोधी कुनै अरू रागले अहिलेसम्म हृदयलाई व्यापेकै छैन। यो नियम छ– हृदय सधैं रागशून्य रहन सक्तैन, यसकारण संसारी राग निकाल्नका लागि यसमा भगवान्को चरणकमलको राग भर्नुपर्छ। यस प्रसङ्गमा रागको सामान्य अर्थ प्रेम हो। चञ्चलताले गर्दा हृदयमा न त गुरुशास्त्रका वचन नै रहन सक्तछन्, न नित्यानित्य-विवेक नै उठ्न सक्तछ। किन्तु जसरी पानीको भेलमा खसालिएको झार एक छिन पनि खडा रहन सक्तैन र तत्काल बगेर जान्छ, ठीक त्यस्तै गति गुरु-शास्त्रको पारमार्थिक वचनहरूको पनि हुन्छ, त्यो त अड्नै पाउँदैन। परन्तु यस प्रेमा-भक्तिको आचरणले जब त्यो भगवान्को छाया हृदयमा बन्दछ तथा– २५

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥ (गीता १०–९)

अर्थात् जसको चित्त र प्राणहरूको गति ममा नै छ र जो परस्परमा मेरो नै कुरा गर्ने, बुझाउने गरेर सधैं ममा नै सन्तुष्ट हुन्छन् र रमण गर्छन्।

यस भगवद्वचनअनुसार जब यी भक्तको चित्त, बुद्धि र प्राणसमेत भगवान्मा अर्पित हुन्छ–केवल कर्म मात्र होइन–तब स्वाभाविक सांसारिक विक्षेप दब्छ र तब निर्विषयक सुखको प्राप्ति हुन्छ। यसरी उपासना, ज्ञानमा प्रतिबन्धक जुन विक्षेप छ, त्यसलाई त हटाउँछ नै र विवेकलाई पनि जगाउँछ भन्ने सिद्ध हुन्छ।

(३) विवेक

जीवको यावत् प्रवृत्ति स्वभावतः एक मात्र सुखका लागि नै हुन्छ। परन्तु जब मृगतृष्णाको जल जस्ता यी विषयहरूका लागि जति दौडँदा पनि जीवको हात केही पर्दैन, यसको विपरीत यी प्रेमा-भक्तिको प्रभावले कुनै क्लेशबिना नै जब स्थिर शान्ति प्राप्त हुन लाग्दछ, तब सारासार-विवेक स्वभावतः हृदयलाई चारैतिरबाट घेर्छ र अनि संसारको नश्वरता तथा भगवान्को अचलताको चित्रले हृदयमा घर जमाउँछ यसैको नाम विवेक हो। यस प्रकार जब हृदयमा विवेकको दुन्दुभि बज्दछ तब संसारी राग स्वभावतः वैराग्यको रूपमा बदलिन्छ। यो अटल नियम छ–जुन विषयदेखि सत्य-बुद्धि निक्लन्छ त्यसबाट राग पनि स्वभावतः निक्लन्छ, जेले गर्दा ब्रह्मलोकको भोग नै त्यस विवेकवान्को अगाडि खडा भए तापनि उसमा पनि राग हुँदैन, किनकि भगवान्को चरणकमलको प्रेमा-भक्ति र विवेकको प्रभावले त्यसबाट त्यसको सत्यता-बुद्धि निक्लिसकेको हुन्छ। यसप्रकार विवेक प्रथमतः ज्ञानको प्रतिबन्धक जुन अविवेकमूलक संसारी राग छ, त्यसको निवृत्तिद्वारा ज्ञानको

सहायक वैराग्यको उद्‌बोधक सिद्ध हुन्छ र तदनन्तर शम आदि ६ किसिमका सम्पत्ति एवं मुमुक्षुताको पोषक बन्छ। यी उपासना आदि सबै विषयहरूको सविस्तार विवेचना अगाडि गरिनेछ।

(४) वैराग्य मुमुक्षुता र शमादि षद् सम्पत्ति

जबसम्म कुनै वाञ्छित सुखस्वरूप वस्तु प्राप्त हुँदैन, जीवको हृदयमा स्वभावतः त्यसको इच्छा भरपूर रहन्छ। विवेक-वैराग्यको प्रभावले जब त्यस वैराग्यवान्‌को हृदयबाट संसारी रागको साथ-साथै उसको इच्छा पनि निक्लन्छ तब त्यसको स्थानमा तत्त्वजिज्ञासा अर्थात् मुमुक्षुता (संसारको बन्धनबाट छुट्ने इच्छा) हृदयमा स्वभावतः भरिन पुग्छ किनकि परमानन्दको प्राप्ति नभएसम्म कुनै न कुनै प्रकारको इच्छा भित्र रहेकै हुन्छ, इच्छाशून्य ऊ कुनै हालतमा पनि हुन सक्तैन। अर्थात् संसारी इच्छा निक्लेर गएपछि हृदयमा स्वभावतः परमानन्द-प्राप्तिको इच्छा भरिन पुग्छ, यसैको नाम 'मुमुक्षुता' हो। मुमुक्षुता भरीपूर्ण हुनाले जब त्यो मुमुक्षु जन्म-मरणरूप संसार-रोगको सच्चा रोगी बन्दछ, तब जुन प्रकारले रोगी हुनाले रोगीद्वारा वैद्य तथा औषधिमा श्रद्धा, पथ्यको पालन र कुपथ्यको त्याग स्वभावतः हुन थाल्छ त्यसै प्रकारले त्यस मुमुक्षुद्वारा शम-दमको पालन, समाधान-उपरामको रूपमा मनलाई चञ्चल गर्ने बहिर्मुखी–प्रवृत्तिहरूको त्याग इत्यादि षट् सम्पत्तिको उपार्जन स्वाभाविक रूपले नै हुँदै जान्छ।

(६) वेदान्त-श्रवण

यसप्रकार हृदयको मल–विक्षेपादि दोषहरूदेखि छुटेर तथा विवेक-वैराग्यादि साधन-चतुष्टयले सम्पन्न भएर जब त्यस मुमुक्षुको हृदयरूपी क्षेत्र सर्वथा कोमल हुन्छ, परमार्थरूपी बीज रोप्न योग्य बन्छ, तब त्यो मुमुक्षु श्रद्धाभावले सद्‌गुरु एवं सच्चा शास्त्रको शरणमा पुग्छ स्वभावतः उसको हृदयमा यो संशयात्मक प्रश्न खडा हुन्छ–वेदान्तशास्त्र जीव र ब्रह्मको स्वरूपको एकता प्रतिपादन गर्छ या यसको भेद? किनकि आफ्नो स्वतन्त्र बुद्धिले नै केही विचार गर्नुभन्दा पहिले नै जसको हृदय श्रद्धाले भरीपूर्ण छ, त्यस जिज्ञासुलाई सत्पुरुषहरू र सच्चा शास्त्रहरूको मन्तव्य जान्नु आवश्यक छ, जेले गर्दा आफ्नो बुद्धिको सच्चा लक्ष्य स्थिर गर्न सकिनेछ। यो त संसारको नियमै हो– जबसम्म पहिले कुनै लक्ष्य स्थिर गरिँदैन तबसम्म कुनै गति नै हुन सक्तैन। यसप्रकार वेदान्त-श्रवण ज्ञानको प्रतिबन्धक प्रमाणित भएको संशयको निवृत्तिद्वारा आफ्नो स्वतन्त्र विचारका लागि लक्ष्य स्थिर गरेर ज्ञानको सहायक मननका लागि उपयोगी सिद्ध हुन्छ। "वेदान्तशास्त्र जीव-ब्रह्मको भेदको प्रतिपादन गर्छ अथवा अभेदको"– यस संशयलाई 'प्रमाणगत संशय' भन्दछन्।

(६) मनन

श्रद्धापूर्वक गुरुशास्त्रद्वारा जे सुनियो र त्यसअनुसार विचारपूर्वक जुन लक्ष्यस्थिर गरियो–जीव र ब्रह्मको स्वरूपमा एकता छ, भेद छैन। त्यत्तिमै मात्र निर्भर नरही यस लक्ष्यअनुसार आफ्नै स्वतन्त्र बुद्धिले युक्तिपूर्वक विचारहरूको प्रवाह चलाउनु र आफ्नो बुद्धिरूपी तराजुमा त्यसलाई ठीकसँग

तौलनुलाई 'मनन' भनिन्छ । किनकि यो केवल श्रद्धाको विषय होइन र श्रद्धाले मात्र ज्ञान्को प्राप्ति हुँदैन, श्रद्धा त यस मार्गमा खालि प्रवृत्तिको कारण मात्र हो र श्रद्धाबिना प्रवृत्ति सम्भव पनि छैन । यसप्रकार बारम्बार मननद्वारा यो मुमुक्षु यस परिणाममा पुग्दछ। वास्तवमा वेदान्तशास्त्रले जसरी निरूपण गरेको छ, त्यस विचारअनुसार पनि जीव-ब्रह्मको एकता नै सिद्ध हुन्छ । यसप्रकार मनन ज्ञानमा प्रतिबन्धक प्रमेयगत संशयको निवृत्तिद्वारा निदिध्यासनमा उपयोगी सिद्ध हुन्छ । 'वास्तवमा जीव-ब्रह्मको भेद सत्य हो अथवा अभेद सत्य हो' यस संशयलाई 'प्रमेयगत संशय' भन्दछन् र यो मननद्वारा निवृत्त हुन्छ। यस संशयको निवृत्तिबिना अगाडिको बाटो खुल्दैन किनकि संशयात्माविनश्यति यो त प्रसिद्ध नै छ ।

(७) निदिध्यासन

वेदान्तशास्त्र जीव-ब्रह्मको भेदको प्रतिपादन गर्छ अथवा अभेदको, विचारद्वारा "जीव-ब्रह्मको भेद प्रमाणित हुन्छ अथवा अभेद ।" यद्यपि श्रवण-मननद्वारा यी दुवै संशयहरूको (शङ्काहरूको) निवृत्ति त भयो; तथापि जन्म जन्मान्तरका संस्कारहरूको दृढताले गर्दा जब आँखा खोलेर हेर्छौं अनि जीव-ब्रह्मको भेद नै सत्य हो। भोक्ता जीव कसरी ब्रह्म हुन सक्तछ? यो विपरीत भावनाले हृदयलाई पकडेर राखतछ । यो झूटो विपरीत भावनाको निवृत्तिका लागि मननको प्रभावबाट हृदयमः ब्रह्माकार वृत्तिहरूको वेग ल्याउनु निदिध्यासन हो । किनकि सत्य त सत्य नै हो र मिथ्या मिथ्या नै, जब मिथ्याको अभ्यासले सत्य पनि दब्छ, सत्यको अभ्यासले मिथ्या उड्छ; यसमा त आश्चर्य हुने कारण नै के छ र? यसप्रकार निदिध्यासन ज्ञानमा प्रतिबन्धक विपरीत भावनालाई हटाउन समर्थ हुन्छ ।

यस्तै तरीकाले जुन उत्तम जिज्ञासुको हृदयबाट ज्ञानका प्रतिबन्धक मत-विक्षेपादि दोष हट्दछन्, विवेक-वैराग्यको प्रभावबाट जसको हृदयबाट राग एवं अविवेकरूपी हिलो हट्छ र जो शम-दम एवं श्रद्धासम्पन्न भएर सद्गुरु र सच्चा शास्त्रको शरणमा प्राप्त हुन्छ तथा श्रवण-मनन निदिध्यासनद्वारा संशय विपर्ययरूप सर्पको मुखबाट निक्लन्छ, उसको अज्ञानरूपी आवरण घस्नँदै गएर यस्तो पातलो हुन्छ तत्त्वमसि यो महावाक्यको श्रवणमात्रले पनि एकदम उसको अहं ब्रह्मास्मि को रूपमा ब्रह्माकारवृत्ति उत्पन्न हुन्छ, जेले म कर्ता, भोक्ता, संसारी हुँ भन्ने आवरण तुरुन्तै उड्छ र परमानन्दको तत्काल अनुभूति हुन्छ । परमानन्दको प्राप्तिका लागि यो एक मात्र बाटो हो, यो बाहेक अर्को कुनै बाटो न भयो, न हुनेछ । यसकारण वेदान्तरूपी सिंहको यस्तो गर्जना छ "नाऽन्यः पन्था विद्यतेऽयनाय" अर्थात् मोक्षका लागि ज्ञानदेखि बाहेक अरू कुनै मार्ग छैन ।

यहाँसम्म कुरा प्रस्ट भयो परमानन्दको प्राप्तिको मार्ग एक मात्र परमानन्दको ज्ञान हो । अरू जति पनि साधन हुन सक्छन् तो सबैका सबै कुनै न कुनै ज्ञानको प्रतिबन्धक दोषको निवृत्ति-द्वारा नै ज्ञानको साधन हुन सक्तछन्, तो कुनै पनि परमानन्द-प्राप्तिका स्वतन्त्र साधन हुन सक्तैनन् ।

वास्तवमा त ज्ञान पनि अज्ञानरूप आवरणको निवर्तक हुन्छ त्यसैले पनि परमानन्द प्राप्ति गराउँदैन। नित्य प्राप्त वस्तुका लागि त साधन नै किन ?

यो पनि सम्झिराख्नुपर्छ– अपरोक्ष ज्ञानको सिद्धि भइसकेपछि ज्ञान कुनै हालतमा पनि कर्मको निरोधक हुँदैन, किन्तु ज्ञान त एक मात्र कर्तृत्वाहङ्कारको नै अवरोध हो जो कर्मफलको मूल हो। ज्ञानद्वारा यो अहङ्कार दग्ध भएपछि ज्ञानीको देहेन्द्रियाद्वारा स्वाभाविक क्रियाहरू हुन्छन् तापनि त्यसको कुनै प्रतिक्रिया हुँदैन। यही ज्ञानको आश्चर्यरूपको महत्त्व हो। **प्रवृत्तिको परिणाम निवृत्ति**

शास्त्रहरूमा प्रवृत्तिमार्ग र निवृत्तिमार्गको नामले दुई मार्ग जतातै बताइएका छन्। तीं दुवै मार्ग पनि स्वतन्त्ररूपले मोक्षका प्रापक होइनन्, वास्तवमा प्रवृत्तिमार्ग चित्तशुद्धिद्वारा निवृत्ति-मार्गमा उपयोगी सिद्ध हुन सक्तछ, स्वतन्त्र रूपले प्रापक हुन सक्तैन। यद्यपि प्रकृतिरचित सम्पूर्ण संसार प्रवृत्ति र निवृत्ति दुई मार्गमा बाँडिएको देखिन्छ, यी दुवै मार्गहरूदेखि भिन्न अर्को कुनै मार्ग देखिं-दैन, तैपनि तिनीहरू मोक्षका बेग्लाबेग्लै स्वतन्त्र निरपेक्ष मार्ग हुन् भन्न सकिंदैन। संसारमा जति पनि गति, चेष्टा अथवा साधन सामग्री छन्, ती सबै यी दुई मार्गहरूमै समावेश पाउँछन्। उनमा ग्रहणरूप गति वा चेष्टाहरूको नाम 'प्रवृत्ति' र त्यागरूप गति वा चेष्टाहरूको नाम 'निवृत्ति' भनिन्छ। जब संसारमा ग्रहण या त्याग सिवाय अरू कुनै व्यापार नै हुँदैन तब प्रवृत्ति र निवृत्तिलाई छाडेर अर्को कुनै तेस्रो मार्ग बन्छ नै कसरी ? यद्यपि प्रकृति तम,रज सत्त्वको भेदले त्रिगुणात्मक छ, तापनि तम आफ्नो स्वरूपबाट जडतारूप हुनाले उसमा कुनै पनि व्यापार असम्भव छ। यसैले रज र सत्त्वमा नै व्यापार सम्भव हुनाले प्रवृत्ति तथा निवृत्तिरूप दुई मात्र मार्ग हुन सक्तछन्। तिनमा रजो-गुणको परिणाम 'प्रवृत्ति' र सत्त्वगुणको परिणाम निवृत्ति भनिन्छ। यस विषयमा अझै विचार गर्दा हामी देख्दछौं– प्रकृतिको गाढ तमोगुणी अवस्था पाषाणादि जड योनिहरूमा गाढताले गर्दा कुनै पनि गति या चेष्टा देखिंदैन, परन्तु अगाडि गएर तमोगुणको क्षीणताले गर्दा उद्भिज्जादि (उम्रने) जड योनिहरूमा अन्नमय कोशको विकासको सँगसँगै केही गति वा चेष्टा पनि देखिन्छ, जेले गर्दा ती पहिलेको अपेक्षा बढे-चढेका देखिन्छन्। योभन्दा अगाडि स्वेदज (पसिनाले जन्मने) योनिमा तमोगुणको ज्यादै कमी, रजोगुणको विकास र यसको फलस्वरूप प्राणमय कोशको विकासले गर्दा केही स्थानान्तर गति (एक ठाउँबाट अर्को ठाउँमा जाने) पनि पाइन्छ। पछि गएर अण्डज योनिमा रजोगुणको पूर्ण विकास र यसको फलस्वरूप मनोमय कोशको विकासले गर्दा उसमा गति वा चेष्टा अमर्यादित रूपले निस्कन्छ, जेले गर्दा उसमा दिनभर चञ्चलता रहिरहन्छ। त्यसपछि जरायुज योनिमा केही सत्त्वगुणको विकास र यसको फलस्वरूप विज्ञानमय कोशको विकासले गर्दा यी योनि-हरूमा जानकारी पनि पाइन्छ, जेले गर्दा कुकुर आफ्नो र परायालाई चिन्दछ इत्यादि। मानव-योनिमा पुगेर सत्त्वगुणको पूर्ण विकास र त्यसको फलस्वरूप आनन्दमय कोशको विकास भइदिनाले उसमा उद्भिज्जादिको समान चञ्चलताको तिरोभाव भएर सत्त्वगुणको विकास हुन्छ, जेले गर्दा उसमा सुखको इच्छा र बौद्धिक ज्ञानको पूरा विकास हुन्छ। यसले स्पष्ट हुन्छ– तमोगुण जडरूप,

रजोगुण चञ्चलतारूप र सत्त्वगुण प्रकाशरूप हो। श्रीभगवान्ले गीता अ. १४ श्लोक ११ देखि १३ सम्म यी तीन गुणहरूका लक्षणको बयान गरेर श्रीमुखबाट यस्तो नै भन्नुभएको छ। अर्थात् जब शरीरका सबै द्वारहरूमा (इन्द्रिय-मन-बुद्धि आदिमा) ज्ञानरूप प्रकाश उत्पन्न हुन्छ, अनि, सत्त्वगुण बढेछ' भन्ने जान्नुपर्छ। लोभ, प्रवृत्तिको आरम्भ र कर्महरूमा तृप्त नहुने आसक्ति, रजोगुण बढ्नाले यी सबै प्रकट हुन्छन्। अप्रकाश, प्रवृत्तिको अभाव, प्रमाद एवं मोह तमोगुण बढ्नाले निस्कन्छन्। यसले यो विषय स्पष्ट हुन्छ तमोगुण जडतारूप हो र त्यसमा प्रवृत्तिको लोप हुन्छ, रजोगुण चञ्चलतारूप हो र उसमा प्रवृत्तिको लोप हुन्छ, तथा सत्त्वगुण प्रकाशरूप हो, प्रवृत्तिको शमन, शान्ति, जानकारी, प्रकाश र शरीर आदिमा हल्कापन यसको पहिचान हो।

यसप्रकार यद्यपि संसारमा रज र सत्त्वको भेदले मार्ग दुइटै छन् तथापि यी मार्गहरूद्वारा मानवको मार्ग पनि दुइटै छन्, यस्तो भन्न सकिंदैन। किन्तु मानवमात्रको मार्ग त एक नै हुन सक्तछ र त्यो हो परमानन्द-प्राप्तिरूप पूर्ण सुख (कुनै अधुरो सुख होइन)। यहाँ स्वभावतः यो प्रश्न उठ्दछ– जब वाञ्छित वस्तु एक नै छ, अनि त्यसको प्राप्तिका लागि रात र दिन जस्ता परस्पर विरोधी मार्ग (निवृत्ति र प्रवृत्ति) किन ? यसको समाधान यही हुन सक्तछ – यद्यपि प्रवृत्ति र निवृत्ति रूप दुइटा बेग्लाबेग्लै मार्गहरूको उपचार गरिएको छ, तैपनि वस्तुतः यी दुवै एक नै अधिकारका लागि एउटै समयमा, स्वतन्त्र, निरपेक्ष एवं वैकल्पिक मार्ग बनाइयो होला भन्न कहिल्यै पनि सकिन्न र न विचारले नै यस्तो सिद्ध गर्न सकिन्छ। वास्तवमा मोक्ष-प्राप्तिको एक मात्र मार्ग ज्ञान हो। सिद्धिका लागि देश-काल-पात्रअनुसार प्रवृत्ति आफ्नो समयमा निवृत्तिका लागि सहायक त हुन सक्तछ, परन्तु यो स्वतन्त्र निरपेक्ष मार्ग बनाउन सकिंदैन। मार्ग त एक निवृत्ति नै हुन सक्तछ र पूर्ण निवृत्ति (सर्वत्याग) को नाम नै ज्ञान हो। प्रवृत्ति-निवृत्ति प्रकृतिको राज्यमा नै हुन्छ– पहिले नै स्पष्ट गरिसकिएको छ – त्रिगुणात्मक प्रकृतिको आद्य अवस्था तमोगुणमा त कुनै पनि प्रवृत्ति-निवृत्ति हुँदै-हुँदैन, किन्तु तमोगुण क्षीण भएपछि स्वभावतः रजोगुणको विकास हुन्छ र त्यो रजोगुणको परिणाम नै प्रवृत्ति हो तथा आफ्नो यस प्रवृत्तिद्वारा रजोगुणको वेगलाई खतम गर्नु, यही एक मात्र प्रवृत्तिको प्रयोजन हो। किनकि प्रवृत्तिद्वारा रजोगुण निवृत्त हुनाले नै सत्त्वगुणको उद्बोध सम्भव हुन्छ। आशय यो हो तमोगुणको तल रजोगुण र रजोगुणको मुनि सत्त्वगुण दबेर रहन्छ। यसकारण तमोगुण निक्लनाले रजोगुणको विकास र रजोगुण निक्लनाले सत्त्वगुणको विकास हुन्छ। रजोगुण विकसित भएर ननिस्केसम्म खालि तमोगुणको विकास हुँदैमा साक्षात् सत्त्वगुणको विकास हुनु असम्भव छ। जसरी शरीरमा आएको खटिरा पहिला पाक्दछ, पीप भरिन्छ, र फुटेर पीप निक्लेपछि मात्र शान्त हुन्छ, त्यसरी नै हृदयमा तमोगुण परिपक्व भएपछि रजोगुणी पीप भरिनु र रजोगुणी पीप निक्लेपछि सत्त्वगुणी शान्तिको उद्बोध हुनु निश्चित छ। आँप हाँगामा लर्की पाकेर झर्छ वा टिपिन्छ, तब त्यसमा मिठास भरिएको हुन्छ, अन्यथा हुँदैन। त्यसरी नै रजोगुणी प्रवृत्ति पनि बढेर पाक्छ। निवृत्तिद्वारा सत्त्वगुणी निवृत्तिमा निवृत्त हुनका लागि नै यस्तो हुन्छ। त्यसपछि मात्र त्यो मिठास दिने पात्र हुन सक्तछ। यसैले भन्नुपर्‍यो– सबै प्रकारका प्रवृत्तिरूपी नदीहरू शास्त्रोक्त विधि र निषेधरूप दुई किनारका

मर्यादाहरूको बीचमा आफ्नो गतिले चल्ने निवृत्तिरूप समुद्रमा पर्यवसित भएर निवृत्ति हुनका लागि नै हुन् ।

यो कुरा स्वीकार्नमा त कहिल्यै कसैलाई अप्ठ्यारो पर्दैन प्रकृति-राज्यमा थकाइ छ। प्राणी प्रत्येक प्रवृत्तिले गर्दा आफ्नो समयमा स्वभावतः थाक्छ, अर्थात् ऊ चल्नु, बस्नु, जाग्नु, सुत्नु, केही गर्नु, केही पनि नगर्नु, बोल्नु, चुप लाग्नु, पढ्नु इत्यादि सबै प्रवृत्तिहरूद्वारा अवश्य थाक्दछ । यसप्रकार जब प्रवृत्तिमा थकाइ छ, अनि त्यो स्वयं कदापि फलरूप बन्न सक्दैन, किन्तु त्यो कुनै न कुनै विक्षेपरूप विकारको निवर्तक मात्र सिद्ध हुन सक्तछ, वस्तुको प्रापक कदापि हुँदैन । ३०

यो कुरा पनि निर्विवाद सिद्ध छ– प्रवृत्ति आफ्नो स्वरूपले न यस लोकमा सुख-शान्तिको हेतु हुन सक्तछ, न परलोकमा । जब यो लोक-परलोक सुख-शान्तिरूप अर्थको कारण नै होइन, तब त्यो परमार्थको कारण बन्छ भन्ने कुराको त कल्पनासम्म पनि गर्न सकिन्न । रजोगुणको परिणाम हुनाले त्यो त आफ्नो स्वरूपबाट विक्षेपरूप नै हो हामीले भन्नैपर्छ प्रवृत्तिमा पनि कहीं, कहिल्यै कसैलाई केही सुख-शान्तिको उपलब्धि हुन्छ भने त्यो उत्ति नै मात्रामा उसको निवृत्तिको नै प्रसाद हुन्छ, प्रवृत्तिको कहिल्यै पनि हुँदैन । जसरी हलुवामा गुलियोपन आउँछ त चिनीको संयोगले नै आउँछ, पीठो र घिउको संयोगले होइन । आशय यो हो– यस लोकमा पनि कसैलाई कुनै भोग्य पदार्थ-को प्राप्ति हुन्छ भने त्यो उसको वर्तमान प्रवृत्तिको फल होइन भन्न सकिन्न किन्तु कर्मविपाकको सिद्धान्तअनुसार वर्तमान प्रवृत्ति त खालि निमित्तरूप नै हुन्छ, त्यो फलको उपादानरूप बीजत फलको सम्मुख पूर्वार्जित धर्म-संस्कार नै हुन सक्तछ र त्यो संस्कार पनि त्यागरूप निवृत्तिमूलक नै हुन सक्तछ । अर्थात् पहिलो जन्ममा अवश्य उसले केही त्याग गरेको थियो र त्यसको फलस्वरूप त्यस त्यागको संस्कार नै सत्यस्वरूप परमात्माको साक्षीमा बीजरूप बनेर आफ्नो समयमा यो पदार्थ-को रूपमा फुटेर निक्लन्छ, यस्तो मान्नु बाहेक अरू कुनै उपाय नै छैन । किनकि ग्रहण (प्रवृत्तिबाट) त कहिल्यै कसैलाई केही मिल्दैन, यो अकाट्य सिद्धान्त हो । भोग्य पदार्थको प्राप्तिपछि उसको संयोगले पनि जब कहिल्यै कसैलाई सुख-शान्तिको प्राप्ति हुन्छ, तब उसको मूलमा पनि निवृत्तिको नै राज्य हुन्छ । अर्थात् उसको संयोगले उही पुरुषलाई उही कालमा सुखको प्राप्ति हुन्छ, जसको इच्छा पहिले उसलाई रहेको थियो र ती पदार्थहरूद्वारा वर्तमानमा उसको इच्छा-निवृत्ति भइरहेछ । यदि उसलाई त्यसको इच्छा छैन र त्यसद्वारा उसको इच्छा-निवृत्ति पनि हुँदैन त त्यो पदार्थ उसका लागि कदापि सुख–साधन हुन सक्तैन । यसरी इहलौकिक भोगहरूको प्राप्ति अथवा यिनीहरूको संयोगले सुखको अनुभूतिको समयमा त एक मात्र निवृत्ति नै फलरूप सिद्ध हुन्छ । फेरि पारलौकिक सकाम स्वर्गादिको प्राप्ति मा पनि एक मात्र निवृत्तिरूप यज्ञ-दान-तप आदिको नै राज्य हुन सक्तछ, खालि प्रवृत्तिरूप क्रिया-चेष्टा मात्र सफल हुन सक्तैन । अर्थात् यज्ञ-दान-तप आदिद्वारा जब हामी आफ्नो तन-मन-धन निवेदन गर्छौं, तब मात्र फलको प्राप्ति हुन्छ, नत्र प्राप्ति हुँदैन । यसको अतिरिक्त पदार्थसम्बन्धी निष्काम कर्म, उपासना, विवेक-वैराग्य र ज्ञानादिको सिद्धिमा त केवल स्वार्थमयी कामनाको निवृत्ति, ममत्वको त्याग र अहंभावको पूर्ण निवृत्तिको नै

एक मात्र राज्य हुन्छ, यसमा सन्देह नै के छ ? यसबाट यो कुरा स्पष्ट हुन्छ प्रवृत्ति आफ्नो स्वरूपले कहीं पनि र कहिल्यै पनि कुनै फलको हेतु हुँदैन, फल त एक मात्र निवृत्तिमा नै हुन्छ । निष्काम कर्म-प्रवृत्तिमा पनि एक मात्र फलत्यागरूप निवृत्तिको नै बोलबाला हुन्छ, खालि कर्मप्रवृत्ति त आफ्नो स्वरूपले कुनै पनि फलको कारण हुँदैन ।

यसले यो आशय पनि सम्झनु हुँदैन– प्रवृत्ति सधैं निष्फल हो । होइन, होइन, यो कसरी हुन सक्तछ ? संसारमा वस्तु त कुनै पनि निष्फल हुँदैन नै, बरु वस्तुको उपभोग मात्र सफल-असफल हुन्छ । प्रत्येक वस्तुलाई उसको सदुपयोगद्वारा सफल र उसको दुरुपयोगद्वारा असफल बनाउन सकिन्छ । जसरी महाविष पनि सन्निपातको रोगीलाई उचित मात्रामा उपयोग गरेर अमृतरूप बनाउन सकिन्छ र अमृत पनि अनधिकारीका लागि वा अधिक मात्रामा प्रयोग गरे विष बन्छ यसरी नै साथि भनिएझैं प्रवृत्ति पनि वास्तवमा निवृत्तिको विकासका लागि नै हो र त्यो निवृत्तिको साधन बनाउन सकिन्छ, न कि कुनै स्वतन्त्र मार्ग । परन्तु त्यसको सफलता त्यसलाई निवृत्तिको लागि उपयोग गर्नुमै मात्र निहित छ। यो पनि बिर्सनु हुँदैन– यसरी प्रवृत्तिको उपयोगले जुन फलको प्राप्ति हुन्छ, त्यसको श्रेय त निवृत्तिलाई नै दिनुपर्छ जसरी निष्काम 'कर्म' प्रवृत्तिको सम्बन्धले जुन फलको प्राप्ति हुन्छ, त्यो प्रसाद त फल-त्यागरूप निवृत्तिको नै मानिन्छ, कर्म-प्रवृत्तिको कुनै हालतमा होइन। यसको विपरीत निवृत्तिबाट मुख मोडेर प्रवृत्तिका लागि मात्र प्रवृत्तिको उपयोग गरे वर्तमानमा त अवश्य दुःखहरूको पात्र बनाउँछ नै र परलोकमा नरक आदिको यमयातनाको साधन पनि सिद्ध हुन्छ । किनकि प्रकृतिको सम्पूर्ण चेष्टा प्रवृत्तिबाट निवृत्तिमा लग्नका लागि रहेको छ । यसकारण प्रकृतिको राज्यमा पुण्य-पाप र सुख-दुःखको मर्यादा केवल यसै कुरामा रहेको छ – जति-जति ग्रहणरूप प्रवत्तिको ग्रहण गरिन्छ, उति-उति पाप एवं दुःख र जति-जति त्यागरूप निवृत्तिको आश्रय लिइन्छ, उति-उति नै पुण्य एवं सुखको अधिकार प्राप्त गर्न सकिन्छ । तथैव जुन क्षणमा यो जीव सर्वत्याग रूप निवृत्तिको छत्रछायामा आउँछ त्यस क्षणमा यो जीव शिवरूपमा प्राप्त भएर तत्काल संसार-बन्धनबाट मुक्त हुन्छ । किनकि आफ्नो अज्ञानले गर्दा ग्रहण वा संग्रहकै कारणले यो आत्मा आफ्नै जीवभावमा बाँधिएर र माकुराले जस्तो भित्रबाट ग्रहणरूपी जाल निकाल्दै आफ्नै संसार-बन्धनमा फसेर अनेक जन्म -मृत्युको चक्रमा दुःख पाइरहेछ ।

यसले यो स्पष्ट हुन्छ– परमानन्दको प्राप्ति एक मात्र ज्ञान-विचार-रूप निवृत्तिमा नै अव-लम्बित छ, कुनै पनि प्रकारले कर्मादि प्रवृत्तिको पहुँच यहाँ पुग्दैन । सूक्ष्मताले विचार गरेमा त प्राकृतिक दैवी विधानको स्वाभाविक स्रोत त्यसै पनि प्रवृत्तिबाट निवृत्तितिर नै गइरहेछ । अर्थात् सम्पूर्ण प्रवृत्तिहरू निवृत्तिमा पर्यवसित हुनका लागि नै हो प्रवृत्तिका लागि कुनै पनि प्रवृत्ति छैन,किनकि बन्धनको मूल खालि प्रवृत्ति नै हुन्छ निवृत्ति होइन। किन्तु निवृत्ति भने बन्धन काट्नमा सहायक हुनाले मोक्षमूलक नै हुन्छ । यो प्रवृत्ति यद्यपि असंख्यविध छ, तैपनि सार रूपले उसलाई तीन भागमा बाँड्न सकिन्छ । यी तीन भित्रै बाँकी सबै प्रवृत्तिहरू पर्दछन्, अर्थात् पहिलो अहन्ता, दोस्रो ममता र तेस्रो अहन्ता-ममतासम्बन्धी स्वार्थ । पहिले यो आत्मा आफ्नो अनन्तस्वरूपबाट च्यूत भएर जीवभावले कुनै सीमित रूपमा बाँधि-

एको हुन्छ। त्यसपछि देहादिको, अहन्ताले बाँधिएर त्यो देहादिको अभिमानी हुन्छ। अनि देहसम्बन्धी-हरूसँग ममत्वाभिमान राखेर त्यस देहाभिमानलाई ज्यादै दृढमूल तुल्याइन्छ। त्यसपछि अहन्ता-ममता दृढमूल भएपछि शाखा-प्रशाखाका रूपमा असंख्य प्रकारका अहन्ता-ममतासम्बन्धी स्वार्थमयी कामनाहरू निस्कन थाल्छन् र फेरि-अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा गुणप्रबुद्धा विषयप्रवालाको रूपमा संसार-वृक्ष यसरी फुटेर निस्कन्छ जसको जड स्वर्ग,पातालदेखि लिएर तीनलोक चौध भुवनमा फैलन्छन्। यही प्रवृत्ति हो, यही बन्धनको स्वरूप हो र यसलाई काट्नुको नाम नै निवृत्ति हो, मोक्ष हो। यो पनि बुझ्नुपर्छ-अहंताको जुन क्रमले यो बन्धन भएको हो, उस्तै क्रमले यो काट्न सकिन्न किन्तु काट्नका लागि त विपरीत मार्ग नै लिनुपर्छ। अर्थात् जुन प्रकारले चारैतिरबाट विस्तृत वट-वृक्षलाई काट्नका लागि पहिले नै त्यसको जरामा बञ्चरो नहानी बरु पहिले त्यसका पात एवं हाँगाबिङ्गा-हरू काटेर त्यसलाई अलि सजिलो पारेपछि नै त्यसको मूल काट्न सकिन्छ। ठीक त्यसरी नै संसार-वृक्षलाई काट्नका लागि पनि पहिले स्वार्थमयी पात काट्नुपर्छ, त्यसपछि ममतारूपी हाँगाबिङ्गा र त्यसपछि अहन्तारूपी मूल निर्मूल गर्न सकिन्छ। आशय यो हो जसरी रोग र शत्रुलाई नाश गर्नका लागि पहिले तिनीहरूलाई कमजोर तुल्याउनु जरूरी हुन्छ र त्यसपछि मात्र तिनाहरूलाई नष्ट गर्न सकिन्छ, बलियो र दरो अवस्थामा होइन। यसप्रकार स्वार्थ काट्नाले ममता खुकुलो हुन्छ र त्यसपछि उसमा ज्ञानरूपी बन्चरो चलाउन सकिन्छ। आशय यो हो-अज्ञानान्धकारमा मोहित भएर त्यसैको फलस्वरूप देहाभिमानसँग बाँधिएको जीवका लागि प्रकृतदेवीले प्रथमतः प्रवृत्तिरूप भोगहरूलाई रचना गरेर गुड-जिह्वा-न्यायले ऊ यसमा प्रवृत्त भएर स्वानुभवले यसबाट उसलाई आराम होस् भनी उसमा सुख-बुद्धिको आरोप गरिन्। दोस्रो-भोगहरूद्वारा सुखी हुनका लागि जब यो जीव उसको सङ्ग्रहार्थ कर्ममा प्रवृत्त हुन्छ, अनि दैवी विधानमा कर्मको साथ नै क्रियाको प्रतिक्रिया हुन्छ। तेस्रो-त्यस प्रवृत्तिमा विश्रान्ति हुन्छ। चौथो-यसको परिणाममा द्वन्द्वरूप संयोग-वियोग, हर्ष-शोक र हानि-लाभादि, क्षय-अतिशयरूप विकारभरियो जसको मूलमा स्वाभाविक दुःख छिपेर रहेको हुन्छ। पाँचौं-यस भूतलाई पनि टाउकामाथि चढाइयो-हामीलाई सुख मिलोस् र यस्तो सुख मिलोस् जसको कहिल्यै पनि नाश नहोस्। यसरी संसार-रोगले गर्दा रोगी भई जति-जति अहन्ता-ममताको दास भएर यो जीव सुखी हुनका लागि स्वार्थमयी कामनाहरूको विस्तार गर्छ त्यति-त्यति त्यो द्वन्द्वमय विकारको जालमा अधिकभन्दा अधिक फस्दछ र त्यति-त्यति नै उसले तल छिपेको दुःखको ज्यादाभन्दा ज्यादा अनुभव गर्छ। जीव जति-जति दुःखको अनुभव गर्छ त्यति-त्यति त्यसबाट थाक्दछ, किनकि सुख नपाउँदा यद्यपि थकाइ मिथ्या भोगहरूले गर्दा हुन्छ, तथापि वाञ्छित सुख सत्य हुनाले त्यसबाट जीव कहिल्यै पनि थाक्दैन, बरु उसको माग बढ्दै गइरहेको हुन्छ। यस प्रकार जति-जति यस द्वारा वाञ्छित सुखको आशा नैराश्यमा बदलिन्छ त्यति-त्यति स्वभावतः यसको त्याग हुन्छ। यसरी जब स्वार्थमयी कामनाहरूले थाकेर त्यसको त्यागले ममता कम हुन्छ, तब सकाम प्रवृत्ति निष्काम कर्म एवं उपासनाको रूपमा बदलिनु स्वभाविक हो। किनकि यद्यपि यो जीव कामनाहरूले थाकेको छ तथापि सुख यसको निजी स्वरूप हुनाले त्यसबाट कहिल्यै पनि थाक्दैन। यस प्रकारको निष्काम-प्रवृत्तिले मलविक्षेपको

निवृत्तिद्वारा ममता निर्मूल भएर जब निर्मल अन्तःकरणमा विवेक-वैराग्यको उद्बोध हुन्छ त अहन्ता शिथिल हुन्छ र तत्त्वजिज्ञासा प्रज्ज्वलित हुन्छ। तत्त्व-जिज्ञासाको उद्बोध हुनाले जब यो जिज्ञासा सद्गुरु र सच्चा शास्त्रको शरणमा प्राप्त भएर श्रवण-मनन-निदिध्यासनमा परायण हुन्छ, तब असम्भावना–विपरीतभावना दोषको निवृत्तिद्वारा देहाभिमानबाट निकलेर आफ्नो अखण्ड परमानन्द स्वरूपमा स्थिति प्राप्त गर्छ। यस प्रकार प्रकृति-राज्यमा सम्पूर्ण प्रवृत्तिहरू साक्षात् अथवा परम्पराले पूर्ण निवृत्तिमा निवृत्ति हुनका लागि नै रचना गरिएको हुन्। यही नै प्राकृतिक दैवी विधानमा प्रवृत्तिको निवृत्तिसुखताको स्पष्ट प्रमाण हो। यस स्थितिमा पुगेर यो जीवन्मुक्त विद्वान् देहको स्थितिपर्यन्त देहादिद्वारा सबै कुरा गरेर पनि केही गर्दैन, किनकि यस स्थितिमा जुन कुनै व्यवहार देहादिद्वारा प्रकट हुन्छन्, उसको त्यो आफ्नो ज्ञान प्रभावले कर्तृत्वाभिमानी नभई केवल द्रष्टा-साक्षी नै रहन्छ, उसको सबै कर्म अकर्म नै हुन्छ (गीता४–१८) र तब उसको सम्पूर्ण प्रवृत्ति ठोस निवृत्ति नै हुन्छ। यही ठोस निवृत्ति मनुष्य जीवनको लक्ष्य हो र यही निवृत्ति प्राप्त गर्नका लागि सम्पूर्ण वेद-शास्त्रहरूको प्रवृत्ति भएको हो।

सारांश यो भयो– मोक्षप्राप्तिको एकमात्र मार्ग निवृत्ति नै हुन सक्तछ। प्रवत्ति उसको विकासको साधन त बनाउन सकिन्छ, परन्तु त्यो स्वतन्त्र मार्ग कहिल्यै पनि हुन सक्तैन। त्यो पनि प्रवृत्तिको निवृत्तिका लागि उपयोग गरेमा निवृत्तिको संयोगविना खालि प्रवृत्ति त आफ्नो सम्बन्धले कर्तालाई नरकादि यमयातना दिन्छ र पशु-पक्षी आदि जड-योनिहरूमा प्रवृत्तिलाई पुऱ्याउँछ मात्र। यस्तो आस्थालाई मोक्षको स्वतन्त्र मार्ग कसरी बनाउन सकिन्छ र कसरी मान्न सकिन्छ? परमानन्द-को प्राप्तिको मार्ग एकमात्र परमानन्दको ज्ञान हो र अरू सबै साधन क्रमशः उसको अडान या सिढी हो। संशय-विपर्यय ज्ञानको मोटो प्रतिबन्धक दोष हो, जसको सर्वथा निवृत्ति नभईकन परमानन्दको ज्ञान असम्भव छ। संशय-विपर्ययको निवृत्ति विवेक-वैराग्यादि साधनचतुष्टय सम्पन्न भएर सद्गुरुको उपदेश र सत्-शास्त्रको श्रवण तथा मनन निदिध्यासनद्वारा नै हुन सक्तछ अन्यथा हुँदैन।

अहिलेसम्मको विचारले यो स्पष्ट भयो–हाम्रो अन्तिम लक्ष्य शान्तिसुख या परमानन्द हो। उसको प्राप्तिको साधन आफ्नो स्वरूपको ज्ञान हो। त्यस ज्ञानको प्राप्तिको साधन (प्रतिबन्धक-निवारक) निष्काम कर्म, उपासना र श्रवण मनन आदि हुन्। अब यिनै साधनहरूको विचार गर्नु छ। तर साधनहरूको विचारभन्दा पहिले केही ज्ञातव्य अरू पनि छन् जसको जानकारी यस विषयलाई सम्झनका लागि अत्यावश्यक हुन्छ। यिनै विषयहरूका अन्तर्गत धर्म, उसको साधारण र विशेष स्वरूप, कर्तव्य, ईश्वर, कर्म, भक्ति, ज्ञान, व्यवहार, अन्तःकरण शुद्धि, गुरु, शिष्य, साधन आदि अनेक विषयहरू छन्। अब त्यसमा छोटकरीमा केही विचार गरिन्छ–

ईश्वर

पाश्चात्य शिक्षा-दीक्षाको फलस्वरूप जति विजातीय चीजहरू हाम्रो देश र धर्ममा आएका छन्, तिनमा एक 'नास्तिकता' (तर अधूरो नास्तिकता) पनि हो। आजभोलिका शिक्षित कहलिने

मानिसहरूमा हामी यसको पूरा प्रचार देख्दछौं। उसको चक्रमा परेर यी मानिसहरूमा ईश्वर र धर्म-बाट आफ्नो आस्था हराएको छ र उनीहरूको दृष्टिमा ईश्वर, आत्मा, धर्म, कर्मवाद, पुनर्जन्म, देवी-देवता, स्वर्ग-नरक आदि कुराहरू खालि ढोंग र भ्रम उत्पन्न गर्ने देखिन्छन्। यी मानिसहरूको मनमा नास्तिकताको यति गहिरो छाप परेको छ कि प्राचीन धर्म-ग्रन्थहरूको पाठ गर्नु, विद्वान् पुरुष-हरूको कुरा सुन्नु या उनीहरूबाट यस विषयमा केही सोध्नु त परै जाओस्, तिनीहरू आफै पनि यी कुराहरूमा केही गर्न चाहँदैनन्। तिनीहरू आफ्नो स्थूल दृष्टिले संसारको जे-जे स्थूल रूप देख्दछन्, बस, त्यसैलाई सत्य मानेर आफ्नो दृढ सिद्धान्त बनाउँछन्। तिनीहरू प्रायः प्रश्न पनि गर्दछन्— ईश्वरलाई हामीले किन मान्ने ? त्यसको उत्तर यही हो— भोजन हामीले किन गर्नुपर्छ ? पानी किन खानुपर्छ ? सास किन फेर्नु पर्छ ? किन सुत्नुपर्छ ? यस कारणले— क्षुधाको कष्ट विवश गर्छ खाना खानको लागि, प्यास पानी पिउनलाई विवश गर्छ, जीवन श्वास लिनलाई विवश गर्छ, थकाइ सुत्नलाई विवश गर्छ। यस प्रकार कष्ट र दुःखको संसारमा अनुभव र दुःखको संसारमा रहनु विवश गर्छ।

ईश्वरलाई मान या जान। यदि संसारमा दुःख नहुँदो हो अथवा संसारमा दुःखको पूर्ण प्रतिकार हुँदो हो त अवश्य यस प्रश्नको उपेक्षा गरिन्थ्यो। परन्तु आजसम्म कुनै वैज्ञानिकले हामीलाई यो बता-एनन्— संसारमा कष्ट दूर गर्ने अमोघ उपाय के छ। यसमा सन्देह छैन — विज्ञानले दुःख कम गर्ने धेरै तरीका सम्झायो, अपितु शुद्ध भावले धेरै सीमासम्म यो दुःख हटाउने यत्न पनि गऱ्यो, जसको लागि हाम्रो हृदयमा पर्याप्त कृतज्ञता पनि छ। परन्तु अपशोच ! यसो गर्नाले संसारको दुःख कम भएन बाह्य उन्नतिद्वारा हार्दिक उन्नति मिलेन। हवाइजहाज बन्यो, रेल बन्यो, तार बन्यो, पानी-जहाज बन्यो, बिजुलीहरू निक्ले— यसले मनुष्यलाई ज्यादै आराम मिल्यो। दुःख कम भयो, परन्तु किन यी कुराले हार्दिक शान्ति मिलेन ? सबै सुख-साधनसम्पन्न व्यक्ति पनि हैरान छन् र सोद्धछन्— शान्ति कहाँ छ ?

पहिले यदि युद्ध हुन्थ्यो त शस्त्र कम हुनाले मानिसहरूमा आक्रमण निर्बल रूपमा हुन्थ्यो र जीवन कम नष्ट हुन्थ्यो। अब विज्ञानले यस्तो प्रकारले शस्त्रास्त्र प्रत्येक देशमा तैयार गरेको छ जसले ज्यादै धेरै मानिसहरूको संहार सामान्य प्रयत्नले हुन सक्तछ। यो मानवोन्नति मान्छेकै हत्याका लागि भयो। विषय-भोगको सामग्री जति बढ्यो उति नै ईर्ष्या र एक-अर्कोभन्दा ठूलो हुने डाहले भरि-एको इच्छा बढ्दै गयो। परिणाममा एक-अर्कासँग हार्दिक वैर भयो। यसको तात्पर्य यो पनि होइन —यी व्यर्थ भए; तर हो— यसले शान्ति मिलेन।

जुन शान्तिको खोजमा विज्ञान र संसारको प्रत्येक परमाणु लागेको छ, त्यो संसार र त्यसका पदार्थहरूमा विद्यमान छैन। परन्तु यो वज्ञानिक उन्नतिले हामीलाई त्यो शिक्षा दियो, जसको प्राप्ति अन्य कुनै प्रकारले पनि कठिन थियो। यसको भनाइ छ— तिमीहरू जुन पदार्थमा आराम चाहन्छौ, त्यो यसमा छैन। हेर, मैले संसारको आत्यन्तिक उन्नतिको दृश्य तिमीहरूको सम्मुख ल्याएर राखें; परन्तु फेरि पनि त्यो सुखको कुनै पत्ता नै भएन, जसको खोजमा स्वभावतः प्रत्येक

व्यक्ति छन् । यदि यो उन्नति नहुंदो हो त यो विचार बन्द हुने थियो । शायद यस्तो प्रकारको उन्नति हुनाले त्यो सुख मिल्दथ्यो । त फेरि के तपाइँ यस दुःखमा प्रसन्न रहन सक्नुहुन्छ ? सक्नुहुन्न । के तपाईं यो सुखको इच्छालाई छाड्न सक्नुहुन्छ ? सक्नुहुन्न ।

अब संसारमा सुख छैन र सुखको खोज छुट्दैन पनि, तब के गर्ने ? यसको उत्तर यही मिल्दछ या त घुमी-घुमीकन त्यो मृगझैं मर, जो प्यासले गर्दा मरुभूमिमा माया-मरीचिकाको पछि दौडन्छ । तर त्यहाँ कहीं पनि उसलाई पानी मिल्दैन र यसमा तड्पेर प्राण त्यागिदिन्छ । त्यसैले कसैलाई सोधेर पानीको खोजी गर । तब यस प्रश्नको के उत्तर छ– सुख कसरी मिल्छ ? उत्तर यही छ– ईश्वरलाई जान । ईश्वर हाम्रो त्यो आवश्यकताको पूर्ति हो, जुन संसारबाट पूरा हुन सक्तैन । ईश्वर सच्चिदानन्दस्वरूप, सर्वशक्तिमान्, सर्वव्यापक, दयालु र मोक्ष दिने हुन् । अतः ईश्वर प्राप्ति-ले हामीलाई त्यो आनन्द मिल्दछ जसको हामीलाई खोजी छ; र त्यस सर्वशक्तिपुमान्सित सम्बन्ध जोड्नाले हाम्रा निर्बलताहरू दूर हुन्छन् र सर्वव्यापक सम्झनाले पाप कम हुन्छ, चित्त प्रसन्न रहन्छ । दयालु सम्झनाले धैर्य स्थिर रहन्छ र ईश्वरलाई नमान्नाले यसको विपरीत सब कुरा हुन्छ अर्थात् अशान्ति रहन्छ जुन सबै दुःखहरूको जननी हो ।

अब यदि कसैले हामीसँग ,ईश्वरको अस्तित्वको प्रमाण के हो ?' भन्ने प्रश्न गरे त्यसको उत्तर यही हुन्छ– ईश्वरको सत्ताको मुख्य प्रमाण त हाम्रो आवश्यकता तथा हाम्रो इच्छा हो जुन हामीलाई संसारबाट मिल्दैन । दृष्टान्तको रूपमा भनौं– पुतलीको हृदयमा बत्तीप्रति प्राकृतिक प्रेम छ । त्यसले प्रत्येक वस्तुसँग बसेर सम्झेको हुन्छ– न म यसका लागि हुँ न यो नै मेरा लागि हो किनकि उसलाई उसमा शान्ति मिल्दैन । परन्तु जुन समय ऊ बत्तीलाई देख्दछ अनि त्यही क्षण सम्झन्छ यो त्यही वस्तु हो जसका लागि म बेचैन थिएँ । यस्तै प्रकारले जीवको स्वाभाविक परमानन्दको इच्छा नै ईश्वरको अस्तित्वको मुख्य प्रमाण हो, किनकि संसारको कुनै पनि वस्तुले पूर्ण आनन्द दिन सक्तैन ।

१. संसारको दृश्य र उसको नियम ईश्वरको सत्ताको प्रमाण बन्छ । बताऊ त्यो कुन शक्ति हो, जसले शिशुका लागि जन्मने बित्तिकै आमाको स्तनमा दूध उत्पन्न गऱ्यो ? आँखाका लागि सूर्य कसले बनायो ? जीवनका लागि वायु कसले उत्पन्न गऱ्यो ? इत्यादि ।

त्यो शक्ति निर्जीव छ या सजीव अर्थात् जड छ या चेतन ? यदि जड छ त उसले यस्तो सम्झ्यो किन ? र यदि चेतन हो त त्यो अल्पशक्ति हो या सर्वशक्ति ? पुनः यदि अल्पशक्ति छ त उसले यी सबै कुरा कसरी बनायो ? औ यदि सर्वशक्तिमान् छ त फेरि उही ईश्वर हो । हेर ! दूधमा नौनी हुन्छ तर देखिदैन, परन्तु मथ्नाले पाइन्छ । यस्तै प्रकार ईश्वर हृदयमा विद्यमान छन्, परन्तु हृदयको शुद्धिले पाइन्छ । हामी आँखा बन्द गरेर सूर्यको सत्ताको प्रमाण सोद्धछौं । यदि कुनै अन्धा सूर्यलाई उसको प्रकाशले देख्न सक्तैन त फेरि मैनबत्तीले कसरी देखिन्छ ? ठीक छ, तिमी नै बताऊ जलको अस्तित्वको प्रमाण के हो ? प्यास र वायुको सत्ताको प्रमाण ? सास फेर्ने आवश्यकता । यस प्रकार हाम्रा

निर्बलताहरू र संसारमा आनन्दको अभाव उसको सत्ताको प्रबल प्रमाण हो। बिन्दु समुन्द्रको प्राकृत प्रमाण हो। किरण सूर्यलाई प्रकाशित गर्दछ। व्यष्टि समष्टिको प्रमाण हो। अतः हाम्रो जीवत्व नै ईश्वरत्वको प्रमाण हो। यदि ईश्वर नहुँदो हो त हामी संसार र उसका पदार्थहरूमा नै प्रसन्न र सन्तुष्ट रहन्थ्यौं, किनकि फेरि हाम्रो मूल तत्त्व यो संसार नै हुन्छ र प्रत्येक मनुष्य आफ्नो मूलसँग मिलेर प्रसन्न हुन्छ; परन्तु यहाँ कोही पनि प्रसन्न छैनन्। उनीहरू कुनै अरू वस्तु पाउन चाहन्छन्। राजा, महाराजा, दार्शनिक, विद्वान्, महात्मा– सबै कुनै वस्तुको खोजमा छन्। त्यो वस्तु के हो? – ईश्वर। हामी जसलाई बाहिर खोज्दछौं ऊ हृदयमा नै लुकेर बसेको छ, किनकि ऊ जान्दछ यहाँ मलाई खोज्न कोही आउँदैन। यदि ईश्वरको अस्तित्वलाई बुझ्न चाहेमा पहिले उसको यस्तो आवश्यकता महसूस गर जसरी तिर्खालुलाई पानीको र क्षुधापीडितलाई भोजनको। ३६

वस्तुतः ईश्वरको सत्ता युक्तिहरूको अपेक्षा गर्दैन, अपितु युक्तिहरू नै आफ्नो अस्तित्वका लागि उसको अपेक्षा गर्छन्। युक्तिहरू मस्तिष्कबाट निस्कन्छन्, मस्तिष्क शरीरसँग सम्बन्ध राख्दछ, शरीर संसारसँग र संसार ईश्वरसँग। यदि ईश्वर नहुँदो हो त संसार हुँदैनथ्यो, अतः शरीर नभए मस्तिष्क पनि हुँदैन र फेरि युक्तिहरू कहाँबाट आउँछन्? अतः ईश्वरको सत्ता युक्तिहरूको अधीनमा छैन, अपितु यी सबै वस्तुहरू उसको सत्ताको अधीन छन्; त्यो संसारको प्रत्येक परमाणुमा बसेर– 'म हु,' 'म हुँ,' भनिरहेछ; किन्तु हामी नाम रूपलाई देखेर उसलाई भुल्दछौं 'यदि तपाईं चाहनुहुन्छ– सिनेमाको पर्दामा चित्र आओस्, त झ्याल बन्द गरे देखिन्छ। जब बाह्य प्रकाश बन्द हुन्छ, चित्र प्रकट हुन्छ। यस्तै प्रकार जब इन्द्रियहरू बाह्य प्रकाश अर्थात् इच्छाहरूलाई ल्याएर मनमा प्याँक्न बन्द गर्छ तब उसको सत्ताको प्रमाण मिल्दछ।

ईश्वरलाई पाउनुभन्दा पहिले ईश्वर पाउने इच्छा उत्पन्न गर्नु आवश्यक छ। चक्षु सूर्यको सत्ताको प्रमाण हो; परन्तु उसैको प्रकाशले उसलाई देख्दछ। आँखामा अञ्जन जुन दृष्टिलाई बढाउँछ, उसैमा छिप्तछ। वस्तुतः ईश्वरको सत्ताको ठूलो प्रमाण त तो महात्मा हुन्, जसले आफूले आफैलाई उसको मार्ग लगाएका छन्। यी महात्मा कसी मिल्लान् र यिनको पहिचान क्या हो? यसको उत्तर यो हो–शुद्ध औ तीव्र इच्छा भएपछि आफू तो नै मिल्दछन् र उनको पहिचान खालि यही हो – सम्मुख आउँदा नै हृदय उनलाई मान्दछ, योभन्दा प्रबल प्रमाण अरू कुनै छैन।

प्राणिमात्रमा ज्ञानको प्रतीति हुन्छ; यो ज्ञान अनादिसिद्ध चैतन्यरूप हो। जड प्रकृतिबाट कदापि ज्ञान उत्पन्न हुँदैन। शायद मान्छे भनून्– शरीरको उत्पत्तिको साथै चेतनाशक्ति र ज्ञान पनि उत्पन्न हुन्छ, अनादि ज्ञान मान्नुपर्छ किन? परन्तु सृष्टिको यो नियम छ जुन गुण मूल उपादान कारणमा हुन्छ त्यही गुण ऊबाट हुने कार्यमा आउँछ। मूल कारणमा जुन गुण हुँदैन त्यो कदापि उसको कार्यमा उत्पन्न हुन सक्तैन। यस सृष्टिमा जति जति पदार्थहरू दृष्टिगोचर हुन्छन् तो सबै प्रकृतिबाट बनेका हुन्। प्रकृतिमा चेतनाशक्ति र ज्ञानगुण हुँदैन, तब यो प्रकृतिको कार्यरूप संसारमा तो नयाँ गुण कसरी उत्पन्न भए? यसकारण मान्नुपर्छ ज्ञानरूप चैतन्य अनादि

औ सर्वव्यापक छ । यस चैतन्यको आधारबाट नै प्रकृतिको रूपान्तर भइरहन्छ । पाश्चात्य दार्शनिकहरूले पनि यो सिद्धान्त स्वीकारे । यदि यो सिद्धान्त विरोधीहरूलाई प्रतिकूल प्रतीत हुन्छ भने तिनीहरू कुनै यस्तो यन्त्र बनाएर देखाऊन् जुन अरू चैतन्यको सहायताबिना बुद्धिपूर्वक यथासमय आहारादि प्राप्त गरून् र आफ्नो मालिकको कार्य पनि गरिरहून् । जसरी कमिला स्वेच्छाले अनुकूल दिशामा आहारा आदिका लागि घुम्दछ र पल्टनका सिपाही अफिसरको आज्ञानु सार बुझेर नियमपूर्वक कवाज खेल्दछन्, उस्तै प्रकार बुद्धिपूर्वक काम गर्ने जड यन्त्र तयार गरेर देखाऊन् । यदि यस्तो यन्त्र तयार हुन सक्दैन तथा प्रकृतिको कार्यरूप पत्थर आदिमा ज्ञान प्रतीत नहुँदो हो र जहाँ-जहाँ अभिमानी चैतन्य रहन्छ, त्यहाँ-त्यहाँ नै ज्ञानको प्रतीति हुँदो हो, त यो मान्नु नै पर्छ प्रकृतिबाट ज्ञान गुणको उत्पत्ति हुँदैन ।

चैतन्य सर्वव्यापक हुनाको कारण प्रकृतिको परमाणु-परमाणुमा ओतप्रोत हुन्छ । जड प्रकृति चैतन्यबाट अलग्ग भएर कुनै पनि काम गर्न सक्तैन । आजसम्म कुनै पदार्थ-विज्ञानवेत्तालाई प्रकृतिको एक पनि अणु यस्तो प्राप्त भएन, जुन चैतन्यशक्तिबाट अलग्ग छ । वनस्पतिका बीजहरूमा प्रकृतिको परमाणुको साथै चैतन्यशक्ति रहन्छ । यसैले बीच पृथ्वीमा रोप्नाले पञ्चभूतको कार्यरूप माटोको बीचमा वर्तमान चैतन्यशक्तिअनुसार, भिन्न गुणहरूमा रूपान्तर हुन्छ । यदि बीचमा चैतन्यशक्ति नहुँदो हो त एक नै प्रकारको माटोको भिन्न-भिन्न रूपान्तर कसरी हुन्छ ? यसरी नै प्राणीमात्रको बुद्धिको विकास न्यूनाधिक परिमाणमा भएको देखिन्छ । कुनै मनुष्यको शरीरमा प्रकृतिको ज्ञानवर्द्धक परमाणु बाहिरबाट घुस्दैन, तथा उस्तै मानसिक श्रम र उस्तै आहार खानाले पनि बुद्धिको विकासमा भिन्नता हुन्छ । यसको कारण के हो ? नास्तिकको मनमा यसको कुनै सन्तोषप्रद समाधान मिल्दैन । आस्तिकको मतअनुसार पुनर्जन्म र अनेक कर्मको संस्कारसहित अभिमानी चैतन्य जीवात्मा प्रत्येक जीवित शरीरमा रहन्छ । यसकारण उसको संस्कारअनुसार भिन्न-भिन्न परिमाणमा बुद्धिको विकास हुन्छ । औ बुद्धि-विकास अनुसार सर्वव्यापक चैतन्यरूप ज्ञानको प्रकाशको लाभ न्यूनाधिक परिमाणमा जीवात्मालाई मिल्दछ ।

बुद्धिवृत्तिको आविर्भाव र तिरोभावको साथ ज्ञानको उत्पत्ति औ नाश भएको प्रतीत हुन्छ, परन्तु यो सोपाधिक भ्रम हो । जसरी जवाकुसुम फूलमाथि स्फटिक राख्नाले फूलको रातोले गर्दा स्फटिक पनि रातो देखिन्छ र मृगजलको ठाउँमा सूर्यको तापको कारण भ्रम हुनाले बालुवामा पानीले भरिएको तलाउ प्रतीत हुन्छ, त्यसरी नै बुद्धिवृत्तिको उत्पत्ति र लयको साथ ज्ञानको उत्पत्ति र नाश भान हुन्छ । वास्तवमा अनादि स्वतःसिद्ध स्वप्रकाश छ । यदि ज्ञान यस्तो नहोस् त अरू विषयहरूको कदापि सिद्धि हुन सक्तैनथ्यो । ज्ञान घटादि पदार्थहरू झैं जड, अप्रकाशरूप छैन । ज्ञानलाई अप्रकाश जडरूप मानेमा त उसलाई अरूको अधीन र विषय रूपमा भासित हुनुपर्दथ्यो, परन्तु विषयहरूबाट ज्ञानको प्रतीति कदापि हुँदैन । ज्ञान विषयी (विषयलाई जान्ने)- को रूपबाट नै सर्वदा भासित हुन्छ । अतः विषयबाट वैलक्षण्य हुनाको कारण ज्ञान स्वप्रकाश रूप हो । ज्ञानको प्रागभाव (प्राक्-कालीन अभाव) र ध्वंसभावको सिद्धि स्वतः या अरूद्वारा नहुनाले त्यो ज्ञान अनादि अनन्त छ । जसरी

घटादि पदार्थको उत्पत्ति र नाश ज्ञानद्वारा जानिन्छ, उस्तै ज्ञानको उत्पत्ति र नाश त्यस ज्ञानबाट अथवा अरू कुनै तरहले अनुभवमा आउँदैन । औ संसारमा उत्पत्ति-विनाशशील पदार्थहरूको उत्पत्ति-विनाशशीलता जान्नका लागि अविनाशी, अपरिणामी साक्षिस्वरूप ज्ञानको अस्तित्वको आवश्यकता हुन्छ । यदि सबै विकारदेखि रहित त्रिविध (देश, काल र वस्तु) परिच्छेदशून्य तथा त्रिकालिक विकार-समूहको साक्षिरूप चैतन्य-स्वप्रकाश ज्ञानस्वरूप नहुँदो हो त यस सृष्टिमा काल र तत्कृत विकारादिको ज्ञानको प्रतीति नै हुने थिएन ।

कदाचित् कुनै ज्ञानलाई अनित्य माने त यस दशामा पनि सर्वज्ञानको अवधिभूत एक नित्यज्ञानको आवश्यकता रहि नै रहन्छ । कारण, बुद्धिवृत्तिको उत्पत्ति र विनाशको साथ उत्पत्ति-विनाशशील अनित्य ज्ञान परस्पर व्यभिचारी अननुगत हुन्छ । त्यो ज्ञान जुन आश्रयमा उत्पन्न हुन्छ, उसको स्वरूपभूत हुनाको कारण या उसको साथ तादात्म्य-प्राप्तिको कारण मूल आश्रय पनि विकारलाई प्राप्त हुन्छ । अतएव ज्ञानको उत्पत्ति, स्थिति औ नाश, यसको प्रतीति त्यो विकारावस्थाले या अवस्थावान्ले (बुद्धि या प्राणतत्त्व माने त उसले पनि) गर्न सक्तैन, किनकि यो नियम छ- विषय र विषयी (विषयलाई जान्ने) सर्वदा भिन्न रहन्छ । अतएव अवस्थारहित परन्तु अवस्थामा आध्यासिक तादात्म्य सम्बन्धले अनुगत अविनाशी सर्वव्यापक ज्ञानरूप एक चैतन्यको आवश्यकता रहन्छ । यस चैतन्यले नै संसारका सब विषयहरूको सिद्धि हुन्छ; यही हाम्रो 'ईश्वर' हो ।

यस प्रकार सर्वत्र सर्वव्यापक चैतन्य र सबै चर-अचर प्राणीहरूमा आत्मचैतन्यको शक्ति स्पष्ट प्रतीत भइरहेछ । तैपनि बहिर्मुख काम-भोग-परायण पुरुषहरूका लागि चैतन्यको प्रकाश कतै पनि देखिदैन र तिनीहरू ठीक उस्तै प्रकार ईश्वर र धर्मसम्बन्धी कुराहरूलाई गफ भनेर उडाइदिन चाहन्छन् । जसरी अबोध बालक पुस्तकहरूका अक्षरहरूमा ज्ञान भण्डार, दूधमा घिउ, दाउरामा आगो, पानीमा बिजुली, सलाईमा आगो आदि कुरालाई कपोलकल्पित र गफ सम्झन्छन् ।

यो सृष्टिमा प्रतीत हुने आनन्द अनादिसिद्ध चैतन्य रूप हो । यदि सर्वव्यापक चैतन्य आनन्द रूप नभए आत्म-चैतन्य पनि आनन्दरहित नै हुनुपर्दछ । र, यदि आत्मचैतन्य आनन्दरहित छ भने यस संसारमा अनुकूल विषयको सम्बन्धले जुन स्वरूपानन्दको भान हुन्छ, त्यो हुनु हुँदैन । अब कुनै इच्छित विषयको प्राप्ति हुन्छ, बहिर्मुख वृत्ति क्षणभरका लागि अन्तःकरणदेशमा अन्तर्मुख आत्माकार बनेर आनन्दको ग्रहण गर्छ । जबसम्म वृत्ति बहिर्मुख रहन्छ, तबसम्म मनमा चञ्चलता रहने हुनाले स्वरूपानन्दको भान हुँदैन । केवल अन्तर्मुखी वृत्ति बनेमा नै आनन्दको अनुभव हुन्छ परन्तु स्वरूपानन्दको ग्रहण र विषयको ज्ञान दुवै अत्यन्त अव्यवहित हुनाको कारण अविवेकीलाई भ्रान्ति हुन्छ औ ऊ सम्झन्छ मलाई विषयबाट नै आनन्द प्राप्त भएको हो । यदि विषयबाट नै आनन्दको उत्पत्ति हुँदो हो त कुनै एक नै विषयले जुन एक व्यक्तिलाई आनन्द मिल्छ र उसैबाट दोस्रोलाई दुःख हुन्छ, यस्तो हुँदैनथ्यो । जस्तै-रक्सीबाजलाई त रक्सी पाउनाले आनन्द हुन्छ, परन्तु रक्सीलाई हानिकारक र अपवित्र मान्नेलाई रक्सीको स्पर्श मात्रले नै अत्यन्त दुःख हुन्छ । औ,एक विषय एक समय जति आनन्दप्रद

प्रतीत हुन्छ, त्यो विषय अर्को समय उति प्रिय हुँदैन । जस्तै -यदि कुनै मानिसको आज्ञाकारी युवक छोरो धन, विद्या र कीर्ति प्राप्त गरेर धेरै समयपछि विदेशबाट आएर भेट्दा उसलाई जति आनन्द हुन्छ त्यति आनन्द उसलाई दोस्रो दिन त्यही छोरालाई भेट्दा हुँदैन । यस्तै नै एकै विषय एक समय आनन्ददायक प्रतीत हुन्छ, अर्को समय त्यही दुःखदायी अनुभव हुन्छ, जस्तै-जाडोमा नुहाउन तातोपानी पाउँदा आनन्द हुन्छ, परन्तु त्यस्तै तातोपानी यदि जेठ असारको गर्मीमा नुहाउनका लागि प्राप्त भएछ भने दुःख अनुभव हुन्छ । यी सबै दृष्टान्तहरूबाट यो स्पष्ट सिद्ध हुन्छ-विषयहरूमा आनन्द छैन । विषय-हरूबाट यदि आनन्दको उत्पत्ति हुँदो हो त त्यसबाट सबैलाई सबै समय समान आनन्द मिल्दथ्यो, परन्तु यस्तो अनुभव हुँदैन । मनमा जुन विषयको इच्छा हुन्छ, उसै विषयको प्राप्ति हुनाले आनन्द मिल्दछ, परन्तु जब त्यस विषयको प्रतिकूल विषयको प्राप्ति हुन्छ, तब मनमा दुःख हुन्छ । यसले निश्चय हुन्छ मनको वृत्ति अन्तर्मुखी हुनाले नै आनन्द मिल्दछ । अन्तर्मुखी वृत्ति नभई आनन्द-प्राप्ति हुँदैन र वृत्ति तृप्त हुनाले जुन समयसम्म अन्तर्मुखी हुन्छ, त्यही नै समयसम्म आनन्दको भान हुन्छ । थोरै समयसम्म वृत्ति अन्तर्मुख रहे थोरै समयसम्म आनन्द रहन्छ र धेरै समय वृत्ति अन्तर्मुखी रहे धेरै समयसम्म आनन्दको अनुभव हुन्छ ।

आत्मासँग सम्बन्ध राख्ने खालका पदार्थहरूमा प्रीति हुन्छ र त्यसमा पनि जो जति बढी सम्पर्कमा हुन्छ उसमा उति नै बढा प्रेम हुन्छ । तात्पर्य-टाढाका पदार्थको अपेक्षा नगीचैका पदार्थमा बढी प्रेम हुन्छ । जस्तै -छोराको साथीको अपेक्षा छोरामा, छोराको अपेक्षा आफ्नो स्थूल शरारमा, स्थूल शरीरको अपेक्षा सूक्ष्म शरीर रूप प्राणतत्त्व जीवनमा अधिक प्रेम हुन्छ। यदि कुनै मानिसको गोडाको औंलामा सर्पले टोकेको छ र डाक्टरले यति औंला काट, अन्यथा प्राण जाने डर छ भने त्यो मानिस सूक्ष्म शरीरमा अधिक प्रेम हुनाले आफ्नो त्यति स्थूल शरीर तुरुन्त कटाउँछ । सूक्ष्म शरीरको आत्मासँग साक्षात् सम्बन्ध हुनाले सूक्ष्म शरीरमा स्थूल शरीरको अपेक्षा अधिक प्रीति हुन्छ । जुन आत्माको सम्बन्धले गर्दा प्रीति हुन्छ, त्यस आत्मामा सबको अपेक्षा अधिक प्रीति हुन्छ, यस्तै नै मान्नु-पर्छ । वास्तवमा यो प्रीति आनन्द र दुःखको अभावमा हुन्छ; र यो आनन्द र दुःखको नाशका लागि नै सांसारिक पदार्थहरूमा प्रीति प्रतीत हुन्छ । अतः सबैको प्रीतिको मुख्य विषय आनन्द रूप चैतन्य नै हो ।

पशुहरूको स्वाभाविक वृत्तिको निरीक्षण गर्नाले थाहा हुन्छ तिनीहरू पनि आफ्ना बच्चामा शुरुमा अति प्रेम गर्दछन् । जब जब बच्चा ठूलो हुँदै जान्छ अनि आमाको प्रेम पनि कम हुँदै जान्छ । जब बच्चाले दूध पिउन बन्द गर्छ प्रीति सिद्धिन्छ, खालि सामान्य सद्भाव रहन्छ । आरम्भमा अत्यन्त प्रेम गरेर बच्चालाई स्याहार्ने मनोवृत्ति उत्पन्न भयो किन ?एकैछिनका लागि यस्तो ठान--मनुष्य त यो प्रलोभनको कारण सन्तानलाई प्रेमले स्याहार्छ कि भविष्यमा बालक ठूलो भएर आफ्ना आमा-बाबुको सेवा गर्लान् । परन्तु पशुहरूलाई न त भविष्यको सेवाको लोभ छ न वर्तमान समयमा बच्चा-हरूलाई रक्षा गर्नाले उनीहरूलाई कुनै लाभ नै हुन्छ । यस्तो पनि होइन पहिलो सन्ततिमा प्रेम होस्

र पछि हुने सन्ततिमा प्रेम नहोस् । जति नै चोटि सन्तान भए पनि बराबर पशुको प्रेमविषयक वृत्ति एकनास नै देखिन्छ र हरेक चोटि ऊ उस्तै प्रकारले एक निश्चित समयसम्म प्रेम गरेर फेरि प्रेम छाड्दछ यो प्रेमवृत्तिलाई प्रकृतिको स्वाभाविक परिणाम भनिन्छ या प्रेमलाई हरिरूप भन्ने ? यदि प्रकृतिको परिणाम भनूँ त फेरि प्रसवको समय के विकृति भयो जसले प्रेमको इच्छा उत्पन्न भयो र फेरि यसको विरुद्ध कुनचाहिं क्रिया भयो तथा किन भयो जसले प्रेम विसर्जित भयो ? प्रेम गर्ने र छाड्नेमा मनो-वृत्तिको ज्ञानपूर्वक नै विकृति हुन्छ । त्यस ज्ञानको उत्पत्ति र नाश कदापि हुँदैन । आनन्द र ज्ञान चैतन्य-रूप हुनाले अनादि हो । केवल वृत्तिको उत्पत्ति र लयले अविवेकीलाई भ्रान्ति भइरहन्छ । ज्ञान र आनन्द कदापि प्रकृतिको स्वभावले उत्पन्न हुन सक्तैन ।

कुनै-कुनै मान्छे यो शङ्का उठाउँदछन्—घटको कर्ता कुमाले हो र कुमाले आफ्नो आमा-बाबुबाट जन्मेको हो । यस्तै जब जगत्का कर्ता ईश्वर हुन् त यस्ता ईश्वर कोबाट उत्पन्न भए ? उनको कर्ता कसलाई मान्ने ? यस शङ्काको समाधान यो हो— ईश्वर अनादिसिद्ध हुन् । जुन वस्तु अनादि हुन्छ, त्यो कार्य भनिंदैन । जुन कार्य हुन्छ, त्यसको उत्पत्ति हुन्छ र जसको उत्पत्ति हुन्छ, त्यसका लागि कर्ताको आवश्यकता रहन्छ। जुन किन्तु कार्य होइन, त्यसलाई उत्पन्न हुने भन्न सकिन्न । अतःउनको कुनै कर्ता पनि हुन सक्तैन । यो प्रतीत हुने संसार कार्यरूप हो, यसकारण यो मान्नु नै पर्छ कुनै अज्ञात कालमा उत्पन्न भएको हो र यो संसार उत्पन्न भएको हो । यसैले उसदेखि बेग्लै उसको कुनै कर्ता पनि हुन्छ नै । जसरी यो कार्य हुनाले उत्पन्न भएको हो । अतः त्यसको उपादान कारण माटो तथा निमित्त कारण कर्ता कुमाले हो, त्यस्तै नै यो संसार पनि कार्यरूप हुनाले यसको उपादान कारण प्रकृति र निमित्त कारण ईश्वर हो; परन्तु जसरी संसाररूप कार्यको उपादान कारण प्रकृति अनादि हुनाले उत्पन्न हुनेवाला छैन र यसैले उसको कुनै उपादान या निमित्त कारण पनि हुन सक्दैन । त्यस्तै नै ईश्वर पनि अनादि स्वयंसिद्ध हुनाले उसको पनि कुनै उपादान या निमित्त कारण छैन ।

ईश्वर सर्वव्यापक छन्, एक देशमा स्थित छैनन् । जुन वस्तु एक देशमा हुन्छ, अरू देशमा हुँदैन, त्यसको उत्पत्ति र नाश हुन्छ । जसको देशबाट अन्त हुन्छ उसको कालबाट पनि अन्त हुन्छ । ईश्वर एक देशमा स्थित (परिच्छिन्न) छैनन्; परन्तु विभु-सर्वव्यापक छन् । सर्वव्यापकको कर्ता कोही हुन सक्तैन । त्यसरी नै जुन वस्तु अनित्य हुन्छ, त्यही कर्ताबाट जन्य हुन्छ; परन्तु ईश्वर अनित्य छैनन्, ईश्वर अपरिणामी, अनादि, अनन्त छन् । यी कारणले ईश्वरको कोही कर्ता हुन सक्तैन ।

कहिलेकाहीं ईश्वरको कुनै कर्ता मानौं त उसमा यो दोष देखिन्छ, कुनै आफैंलाई आफ्नो कर्ता बनाउन सकिन्न । एक ईश्वरको कर्ता अर्को ईश्वरलाई मान्नुपर्छ । फेरि दोस्रोको कर्ता तेस्रोलाई ईश्वर मान्नुपर्छ । फेरि तेस्रोको चौथो, चौथोको पाँचौं र यस प्रकार अनन्त कर्ताहरूलाई मान्नुपर्छ । धाराको कतै विराम हुँदैन तथा यसरी अनवस्थादोषको प्राप्ति हुन्छ । वास्तवमा यस संसारमा जुन अविचल नियम देखिन्छ, उसको रक्षक सर्वज्ञ ईश्वर हुन् । परिणामी प्रकृतिमा रूपान्तर हुनका लागि यही अपरिणामी ईश्वर आधारस्वरूप हुन् यसैले ईश्वर अनादि सिद्ध हुनाले कर्ताबाट जन्य होइन ।

आस्तिकवादी यस संसारलाई अनादि मान्दछन् । अनादिको अर्थ आदि अर्थात् उत्पत्ति-राहत हो । कसको उत्पत्ति छैन– यस पृथ्वीको अथवा पृथ्वीबासी मनुष्यादि प्राणाहरूको ! यस पृथ्वीको उत्पत्तिको निश्चित समय थाहा नपाउनाले पनि यो मान्नु नै पर्छ– यसको उत्पत्ति कुनै अज्ञात भूतकालमा भएको थियो । कारण– कुनै पनि कार्यलाई हामी अनादि भन्न सक्तैनौं र पृथ्वी पनि एक कार्य नै हो । वनस्पति, पशु, पक्षी र मनुष्यादि सबै प्राणीहरूको उत्पत्ति र नाशको अनुभव त हामीलाई बारम्बार भइरहेछ त फेरि संसार अनादि हो, यसको के मतलब ? जीवात्मा, जुन पर-ब्रह्मको अंश हो अनादि हो औ कार्यरूप विनाशी पृथ्वी, सूर्यादि मण्डल र प्राणीमात्रको शरीरको उपादान-कारणरूप प्रकृति पनि अनादि हो, परन्तु दुवैमा अन्तर यो छ–जीवात्मा अपरिणामी नित्य हो र प्रकृति परिमाणी नित्य हो । परिणामी तत्त्वलाई अपरिणामी तत्त्वको आधार हुनुपर्छ। नित्य, अविचल, अपरिणामी आधारविना परिणामी प्रकृतिको नित्यता सिद्ध हुन सक्तैन । प्रकृतिको जुन परमाणु समुदाय-सँग यो ब्रह्माण्ड (सूर्यादि-मण्डल, पृथ्वी र प्राणीमात्र)-को उत्पत्ति भएको छ त्यसै परमाणु-समुदाय-बाट यस ब्रह्माण्डको उत्पत्ति हुनुभन्दा अगावै धेरैचोटि ब्रह्माण्डको उत्पत्ति र नाश भइसकेको छ । प्रकृतिमा कुनै पनि सृष्टि पहिलोचोटि भएको होइन । यस्तो कार्यरूप जगत् अनन्तचोटि उत्पन्न भएर र नष्ट भएर पनि चैतन्य (ईश्वर र आत्मा) तथा कारणरूप मूल प्रकृति अनादि हुनाको कारण सृष्टिलाई अनादिमानिएको हो । कार्यरूपमा सृष्टिलाई अनादि मानिएको छैन । प्रवाहरूपले सृष्टि-लाई अनादि भन्न सकिन्छ; किन्तु केवल उत्पत्तिको अभाव भनेर वर्तमान सृष्टिलाई कुनै पनि विद्वान्ले अनादि मानेका छैनन् । सृष्टिको जब-जब आरम्भ हुन्छ, तब-तब नयाँ-नयाँ जीवात्माहरूको उत्पत्ति हुँदैन । परन्तु पूर्वसृष्टिअनुसार प्रकृतिको आश्रय गरेर सुप्तावस्थामा परेका जीवात्मा-हरूबाट जस-जसको विश्रान्तिको समय पूर्ण हुन्छ र जन्म लिने समय प्राप्त हुन्छ उनीहरूको उत्पत्ति फेरि-फेरि भइरहन्छ । वास्तविक दृष्टिले यो उत्पत्ति होइन खालि पुनरागमन मात्र हो, र जीवहरूको पूर्वजन्ममा आर्जेको (कमाएको) संस्कारअनुसार उनीहरूलाई मनुष्य योनि या इतर योनि, सुख दुःख र ज्ञानको न्यूनाधिकता प्राप्त भइरहन्छ ।

प्राणी मात्र कर्म गर्न स्वतन्त्र छ, परन्तु फल भोग्न परतन्त्र छ । गरेको कर्महरूको फल नभोगी नष्ट हुन सक्तैन, यसकारण कर्महरूको अनुसार न्यूनाधिक सुख-दुःख प्राप्त हुन्छ । सुख-दुःख भाग्दा-भोग्दा सबैलाई दुःखबाट छुट्ने इच्छा पनि हुन्छ, परन्तु दुःख कसरी छुट्छ, यो जोसुकै जान्न सक्तैन । केवल सदाचारी र पुण्यात्मा व्यक्तिहरूलाई नै ईश्वरको शरणमा जाने इच्छा हुन्छ, जसले गर्दा तिनी-हरू सर्वदा ध्यानादि क्रिया गरेर ईश्वरीय नियमअनुसार सत्यका लागि अग्रसर भइरहन्छन्, अन्तमा सांसारिक दुःखहरूबाट छुट्तछन् । जसरी सेवन गर्नेहरूको जाडो हटाउनु र भोजन पकाउनु एवं सेवन नगर्नेहरूको जाडो नहटाउनु र भोजन नपकाउनुका लागि अग्निलाई अन्यायी वा पक्षपाती भन्न सकिंदैन, त्यसरी नै ध्यानादिद्वारा सत्यको विशेष साक्षात् हुनाले तथा दुःखबाट मुक्ति मिल्नाले गर्दा परमात्मालाई खुशामद मन पराउने भन्न सकिन्न । जब कुनै अधिकारी मान्छे ज्ञानपूर्वक ध्यानादि क्रिया गरेर सत्यको अधिक नगीचै पुग्दछ, तब उसको हृदयबाट राग, द्वेष, भय, क्रोध,

ईर्ष्या, असत्य, अनीति, दुराचार र हिंसादि वृत्तिहरू नष्ट हुन्छन् र दया, उदारता, क्षमा, प्रेम, भक्ति, धैर्य, शान्ति, सत्यपरायणता इत्यादि धार्मिक वृत्तिहरू बढ्दछन् । यसरी बिस्तारै-बिस्तारै दुष्ट वासनाहरूको नाश हुन्छ, मन विषय-सेवनबाट उपराम हुन्छ, र सत्य अनुभवजन्य ज्ञान बढ्दछ । संसारमा यस्ता अनेक व्यक्ति देखिन्छन्, किन्तु कुवृत्तिहरूको नाश, सद्वृत्तिहरूको विकास, विषयासक्तिबाट उपरामता र ज्ञानको वृद्धि– यी सबै एकै जन्ममा मातृ-पितृप्रदत्त संस्कारअनुसार नै हुँदैन । यदि मातापिताको गुण अथवाउपदेश नै पूर्णतः सन्तानमा आउँछ, अथवा प्रकृतिको स्वभावले सहज नै हृदयको विकास हुन्छ त कालिदास, शेक्सपियर, छत्रपति शिवाजी, अकबर, औरंगजेब, नेपोलियन बोनापार्ट, महात्मा गान्धी, रवीन्द्रनाथ ठाकुर इत्यादि व्यक्तिहरूका सन्तानहरूमा पनि उनीहरूको गुण देखिनुपर्दथ्यो, अथवा अन्य समयमा पनि यस्ता व्यक्तिहरू संसारमा देखिनुपथ्यों, तर यस्तो हुँदैन । किन ? आजसम्म कालिदाससमान अर्को कुनै कवि भएन किन ? तिलक र गान्धीजीका सबै छोराहरूमा उनीहरूकै जस्तो गुण सर्वांशमा किन आएन ? छत्रपति शिवाजीको समान बल-पुरुषार्थ र चतुर्‍याइँ उनका पुत्रमा किन आएन ? यसका कारण खालि यही यो भनिन्छ यो अन्तर उनीहरूको पूर्वजन्मको संस्कारले गर्दा नै देखिन्छ । यी पूर्वजन्मका दुष्ट संस्कारहरूको क्रमशः नाश र शुभ संस्कारहरूको वृद्धि ईश्वरका कृपा र भक्तिबिना हुँदैन । जसलाई हामी महान् दुराचारी सम्झन्छौं ऊ पनि कुनै न कुनै दिन साधुवृत्तिवाला हुन्छ । ऊ यस जन्ममा अथवा अर्को जन्ममा विषयहरूबाट उपराम भएर ईश्वरको मार्गमा लाग्दछ र उसलाई भगवान् अगाडि बढ्ने सामर्थ्य दिन्छन्– यसमा सन्देह छैन । यी सब कुराबाट भगवान्को लीला सजिलैसँग नै बुझ्न सकिन्छ ।

प्रकृति परिणामी हो, उसमा सधै रूपान्तर भइरहन्छ, परन्तु यस संसारमा कार्यमा पनि पुनः कारणभावको प्राप्ति देखिन्छ । यस्तो परिवर्तनका लागि अपरिणामी नित्य आधारको आवश्यकता हुन्छ । आधारविना स्वयं प्रकृतिको परिणाम या परिवर्तन हुन सक्दैन । जस्तै –एउटा बीउ पृथ्वीमा रोपियो तब बीउभित्र निगूढ अवस्थामा वर्तमान चेतनाशक्तिले पञ्चभूतको कार्यरूप माटोद्वारा रूपान्तर गरी पोषक रसबाट आकर्षित गरेर वृक्षरूप शरीरको रचना गर्‍यो । अनन्तर वृक्षको फललाई मान्छेले खाए, जसबाट अन्तर-शक्तिले सूक्ष्म भाग लिएर उसको उपयोग शरीरवृद्धिमा गर्‍यो र स्थूल भागलाई मल-मूत्रको रूपमा बाहिर निकालेर फ्याँक्यो । यो मलमूत्र आदि दूषित पदार्थलाई वायु, वर्षा र घाम आदिले व्यापक चैतन्यशक्तिको बलले फेरि पञ्चभूतको रूप दियो । यो परिवर्तन रूप क्रिया चैतन्यको आधारमा भयो । अपरिणामी आधारबिना यो रूपान्तर हुन सक्तैन । पाश्चात्य तत्त्ववेत्ताहरूले पहिले सृष्टिको मूल उपादान कारण सत्तरा-बहत्तर एलिमेण्ट (तत्त्व, पदार्थ) लाई मानेका थिए; परन्तु अब तिनीहरू पनि एकै तत्त्वलाई मान्दछन् । त्यस तत्त्वको नाम उनीहरूले 'प्रोटाइल' राखेका छन् । हाम्रा प्राचीन शास्त्रकार संसारको मूलकारण प्रकृतिलाई मान्दछन् । यो प्रकृति 'प्रोटाइल' को पनि । कारण हो या प्रकृति र 'प्रोटाइल' एक नै चीज हो, खालि नाममात्रको भेद छ । यसको निश्चय भविष्यमा निर्भर छ । अहिले हामी प्रकृति र प्रोटाइललाई एक नै चीज मात्र सक्तछौं । पाश्चात्य विद्वान्हरूको

मत छ– वर्तमान सबै ब्रह्माण्डको नाश कुनै न कुनै समय भविष्यमा हुन्छ र तो प्रौटाइल अवस्थालाई प्राप्त गर्दछन् । यसकारण भावको प्राप्तिका लागि उनीहरूले स्थिर आधार रूप चेतनालाई पनि स्वीकारे । चेतनाको आधारविना मूल कारणभावको प्राप्ति हुन सक्तैन र फेरि प्रकृति रूप कारणमा क्रिया भएर नियमपूर्वक सृष्टि रचना पनि हुन सक्तैन ।

सृष्टिकार्य नास्तिकहरूको दृष्टिले प्रकृतिको स्वाभाविक परिणाम हो र आस्तिक यसलाई ईश्वररचित भन्दछन् । वास्तवमा सृष्टि प्रकृतिको नै रचना हो; परन्तु चेतनको आधारमा बनेको छ । जसरी जीवित मनुष्यको मनमा इच्छा हुनाले उसको हात-गोडामा नियमित क्रिया हुन्छ; तर मृत शरीरमा न इच्छा नै हुन्छ न कुनै नियमित क्रिया । त्यस्तै चैतन्यको सम्बन्धको कारणले इच्छा उत्पन्न भएर पछि सृष्टिको रचना हुन्छ । सृष्टिमा सबै क्रियाहरू नियमित देखिन्छन्, यसैले हामी यसलाई प्रकृतिको मनगढन्ते परिणाम भन्न सक्तैनौं । ईश्वरमा विश्वास नगर्ने विषयमा डार्विन र हक्स्ले आदिको जडाद्वैतअनुसार विकासवादलाई मान्दछन् । तिनीहरू यस कुरामा विश्वास राख्दछन्–पहिले साना-साना जन्तु उत्पन्न भए, अनन्तर विकास-हुँदा-हुँदा बाँदर र बाँदरहरूबाट मान्छे बने, तर यसमा शङ्का यो हुन्छ– यहाँ इतिहासकालको प्रायः तीन-चार हजार वर्षहरूमा तो बाँदरहरूबाट कुनै मानिस बनेका छन् या छैनन् ? अरू कुनै प्रकारका पशुहरूबाट कुनै दोस्रो जातिको पशु बनेको छ या छैन ? यदि यतिका दिनको इतिहासमा यस्तो कुनै परिवर्तन भएको छैन त हामी यो कसरी मान्दछौं प्राचीन भूतकालमा मात्र यस्तो भएको थियो ? यदि कुनै समयमा यस्तो एकआध परिवर्तन भएको भए पनि यसै कारणले हामी त्यसलाई प्रकृतिको स्वाभाविक परिणाम भन्न सक्तैनौं । यदि प्रकृतिको यस्तै स्वभाव हुँदो हो त जाति-परिवर्तन निरन्तर भइरहनु पर्दथ्यो । अत-एव यदि कुन समयमा एक-आध परिवर्तन भएको भए पनि त त्यसको कुनै अरू नै कारण भन्नुपर्छ ।

आमा-बाबुको भन्दा बेग्लै विचार राख्ने बालक अनेक समयमा पैदा हुन्छन्; कहिले न्यून बुद्धिवाला त कहिले विरोधी अधिक बुद्धिवाला र कहिले विचारवाला पनि देखिन्छन् । कुनै समयमा कुनै एउटा स्थानमा एकाध व्यक्ति यस्ता अद्भुत बुद्धिवाला उत्पन्न हुन्छन्, जसको समान दोस्रो मान्छे सैकडौं वर्षसम्म देख्दैनन् । फेरि यी महापुरुषहरूका सन्तति साधारण मानिस झैं नै हुन्छन् यसलाई के प्रकृतिको स्वभाव भन्ने ? प्रकृतिको स्वभावमा कुनै एक समय अचानक परिवर्तन हुनु, फेरि नियमानुसार बन्नु, यो कसरी हुन सक्तछ ? सत्य त यो छ कर्मफलअनुसार परमात्माले बनाएको नियमबाट जीवात्माहरूलाई शुभाशुभ योनि, ज्ञान, सुख, दुःख, अनुकूलता आदि प्राप्त हुन्छन् । भगवान् आपत्तिको समयमा संसारमा असाधारण व्यक्तिलाई पठाएर संसारको मर्यादाको रक्षा गर्दछन् तथा मनुष्य-समाजलाई उन्नत पार्दछन् ।

यसैले ईश्वरमा विश्वास नराख्ने नास्तिक साथी ! पाश्चात्य भौतिक-विद्याका ग्रन्थ-

हरूलाई देखेर जसरी तिमीहरूको पहिलो विचारमा ज्यादा परिवर्तन भयो, उसरी नै फेरि जब सत्य तत्त्वको साक्षात्कार हुन्छ, अनि तिम्रो यो विचार पनि आफै नै बदलिनेछ । जबतक सत्यको ग्रहण हुँदैन र विपरीत भावना रहिरहन्छ, तबतक तिमी नै आफूलाई हानि पुऱ्याइरहन्छौं , जसरी सूर्यमा धूलो प्याँक्नेहरूका आँखाहरूलाई आफैले प्याँकेको धूलोले हानि गर्छ । यसैले आप्त वाक्यहरू र शास्त्रहरूमा विश्वास र श्रद्धा गर, भगवान् तिम्रो कल्याण गर्नुहुन्छ । ४४

यस संसारमा ईश्वरगामिनी वृत्ति स्वाभाविक हो, अनादि हो, यो मनुष्य-हृदयको विकार होइन । संसारको कुनै पनि देशलाई हेर, प्राचीनभन्दा प्राचीन भूतकालको निरीक्षण गर, सजिलैसित यो सत्य तिम्रा सम्झनामा आउँछ । ब्राह्मणहरूले आफ्नो स्वार्थका लागि इश्वरको अस्तित्व मानेका हुन् भन्नु अविचारपूर्ण छ। हाम्रो देश बाहेक अरू देशहरूमा र यस्ता देशहरूमा पनि जसको सम्बन्ध भूतकालमा हाम्रो देश या अरू सभ्यदेशहरूसित थिएन, ईश्वर र धर्मको अस्तित्व त्यहाँ पनि पाइयो । त्यहाँ हामीले कसलाई दोषी ठान्ने ? १४९३ ई. मा जब कोलम्बसले अमेरिकाको पत्ता लगाए अनि त्यहाँ पनि ईश्वर र धर्म मौजूद थियो । अफ्रिकामा जब यूरोपियनहरू पालैपालो गए तब त्यहाँ पनि ईश्वर र धर्म थियो नै । अष्ट्रेलियामा जब अंग्रेज पुगे त्यस बेला उसको सम्बन्ध कुनै देशसँग थिएन; किन्तु त्यहाँ पनि ईश्वरको साम्राज्य थियो । वास्तवमा यदि हामी विचार गरौं त थाहा हुन्छ मनुष्यमा ईश्वरको कल्पना अज्ञानवश पछि घुसेको होइन, तर यो मनुष्यमात्रमा जन्मसिद्ध छ। अलि गम्भीरतासाथ विचार गर ।

कुनै मनुष्य यो पनि प्रश्न गर्न सक्तछ– जब ईश्वर सर्वशक्तिमान् हुनुहुन्छ अनि संसारमा उहाँ अज्ञान र दुःखलाई छिटो किन हटाउनुहुन्न ? तर यस्तो प्रश्न पनि कुनै समझदार व्यक्तिले गर्न सक्तैन । एउटा उदाहरण लिएर यसमा पनि विचार गरौं । एउटा बैरिस्टर साहेबसँग उनको पाँच छ वर्षको छोरा ले भन्यो– बुबा ! मलाई पढ्नका लागि स्कूलमा पठाउनु किन ? दश-पन्ध्र वर्षसम्म स्कूल-कलेजमा जाने, पैसा खर्च गर्ने र पढ्ने लेख्ने गरी टाउको दुखाउने गर्नाले के लाभ ? तपाईं दुई-चार दिन कोशिश गरेर मलाई बैरिस्टरी पढाइदिनुस्, अनि कमाउन थाल्दछु यसमा बैरिस्टर साहेबले हाँसेर उत्तर दिए– बाबु ? तिमी अहिले बुझ्न सक्तैनौं; किनकि तिम्रो बुद्धिको अहिले विकास भएको छैन । यसकारण स्कूलमा गएर कसैले विद्याध्ययन गर्नु नै हितकर छ । बुद्धि परिपक्व नभई बैरिस्टरीको अभ्यास हुन सक्तैन । विद्याको जुन संस्कारको संग्रह पन्ध्र वर्षमा हुन्छ, त्यो दुई-चार दिनमा कहिल्यै पनि हुन सक्तैन । सृष्टिको नियमविरुद्ध केही पनि हुन सक्तैन । यस्तै ईश्वर अपरिपक्व मनोवृत्तिवाला अनधिकारी जीवहरूलाई असमयमा पारमार्थिक सत्य नियम नाघेर दिन सक्तैनन् । सर्वशक्तिमान्को अर्थ नियमविरुद्ध कार्य गर्ने होइन । यस्तो कल्पना गर्नु नै मूर्खता हो

यस्तै रीतिले अनुकूल युक्ति र तर्कद्वारा विचार गर्नाले ईश्वरको सिद्धि हुन्छ । ईश्वर ढोंग होइन, तर यस्तो विपरीत-दर्शन हुनु बुद्धिको नै दोष हो । हामीविरुद्ध भावना राख्ने मानिस-हरूसँग अनुरोध गर्दछौं – उनीहरू आफ्नो बुद्धि शुद्ध गरून्, जसले गर्दा उनीहरूलाई सत्यको प्राप्ति होस् । भगवान् उनीहरूको कल्याण गरून् । अब स्वस्ति वः पराय तमसः परस्तात् ।

भगवान् के हुन् ?

भगवान् के हुन् ? यस सम्बन्धमा जे-जति भन्न चाहन्छु त्यो मेरो आफ्नो निश्चयको कुरा हो । म यो भन्दिनँ अरूको निश्चय बेठीक हो; परन्तु मलाई आफ्नो निश्चयमा कुनै सन्देह छैन । म यस विषयमा संशयात्मा छैन तापनि अरूको निश्चयलाई गलत साबित गर्न मलाई कुनै अधिकार छैन । भगवान् हुन् के ? यी शब्दको वास्तविक उत्तर त यही हो– यो कुरा भगवान् मात्र जान्दछन् । यसभन्दा बाहेक भगवान्को विषयमा उनलाई तत्त्वपूर्वक जान्ने ज्ञानी पुरुष उनको तटस्थ अर्थात् नगीचैको केही भाव बताउन सक्तछ । वास्तवमा भगवान्को स्वरूपलाई भगवान् नै जान्नुहुन्छ । तत्त्वज्ञहरू संकेतको रूपमा भगवान्को स्वरूपको केही वर्णन गर्न सक्तछन्; परन्तु जे-जति जानिन्छ र वर्णनमा आउँछ, वास्तवमा भगवान् त्यसभन्दा अझ विलक्षण हुनुहुन्छ । वेद-शास्त्र र मुनि-महात्मा परमात्माको सम्बन्धमा सधैं भन्दै आइरहेछन्, किन्तु उनीहरूको यो भनाइ आजसम्म पूरा भएन । कोही परमात्माको वास्तविक स्वरूपको वर्णन गर्न चाहे तापनि ऊद्वारा पनि पूरा वर्णन हुन सक्तैन । अधूरो नै रहन्छ । यसैलाई एउटा भावुक महात्मा कुन प्रकार भन्दछन् सुन्नुहोस्– हाम्रो चारैतिर भित्र-बाहिर जो नित्य निरवच्छिन्न रूपले अधिष्ठित छन्, जसको खालि आँखाको इशारामले (कटाक्षविक्षेपले) इन्द्र, वरुण, चन्द्र-सूर्य, वायु आदि आफ्नो-आफ्नो कर्तव्यको पालनमा तत्पर रहन्छन्, जसको सत्ताको प्रभावले हामी जीवित छौं, उनी को हुन् ? जो चरणरहित भएर पनि सबै ठाउँमा जान्छन्, कान नभए तापनि मनको कुरासम्म पनि सुन्छन्, आँखा नभए तापनि सबै वस्तुहरूलाई प्रत्यक्ष देख्तछन्, जो हामीलाई सधैं हेरिरहन्छन्, किन्तु हामी जसलाई देख्ने इच्छा भएर पनि देख्न सक्तैनौं, थाहा छ, उनी को हुन् ? जो गुप्तरूपले सबैको वृत्तान्त जान्दछन्, जो सबैको परोक्षमा कसैले केही नचाहँदा पनि कति धेरै दान गरिरहेका छन्, जो भोकाएकालाई अन्न, तिर्खाएकालाई पानी, रोगीलाई औषधी, र भयभीतहरूलाई अभय दिनाका लागि आफ्नो शान्तिमय काख फैलाएर बस्दछन्, उनी हुन् को ? यो रत्नजडित मुकुट लाउने अहङ्कार, दम्भ, अभिमान आदि आफ्नो गणको साथ जसको दर्शन गर्नका लागि गएर दर्शन नै नपाई अपमानित भएर घोसेमुन्टो लाउँदै फर्किरहेछन्, यी काम क्रोध, लोभ आदि ठग जसको समागमको डरले डराएर देश छाडी भागिरहेछन्, यो दुराशा, विषय-तृष्णा, भ्रान्ति, वेदना, दुर्बुद्धि, आसक्ति आदि वेश्याहरू जसको आदेशले राजधानी-बाट निक्लेर गइरहेछन्, सौम्यमूर्ति उनी को हुन् ? बुद्धि जसलाई आलिङ्गन गर्न एवं ज्ञान जसको स्वरूप-निर्णय गर्नका लागि गएर यसै फर्कियो, भाव जसलाई धारणा गर्नका लागि एवं कल्पना जसको परिमाण जान्नका लागि गएर पार पुग्न सकेनन्, मन जसलाई देख्नका लागि गएर एवं आत्मा जसको नगीच गएर फेरि फर्केन, जान्दछौ उनी को हुन् ? मान्छे देश-देशमा खोजेर, कर्मकाण्डमा प्रयत्न गरेर ठूला-ठूला सम्प्रदायहरूको संगठन गरेर पनि जसलाई प्राप्त गर्न सकेन, माया जसको अन्वेषण गर्दा, गुण जसको बन्धन गर्न खोज्दा र संज्ञा जसलाई निर्देशन गर्न खोज्दा

आफैं परास्त भए, एवं बोली (वाणी) जसको व्याख्या गर्न खोज्दा अवाक् भयो, जान्दछौ उनी को हुन् ? जसको आरतीका लागि तारारूपी रत्नहरूले सुशोभित आकाशरूपी थालमा चन्द्र-सूर्य-रूपी बत्ती बलिरहेछ, हावा चमर हल्किरहेछ, फूलका बोट सुगन्धित फूलहरूको वृष्टि गरिरहेछन्, पक्षीगण सबै मङ्गल-गाथाहरूको कीर्तन गरिरहेछन्, वज्रघोष शङ्खध्वनि गरिरहेछ, देव दानव र मानव वन्दना गरिरहेछन्, प्रसन्न मुख-मुद्रा भएका उनी को हुन् . जो रत्नवेदीमा रहेर जीवलाई कर्मानुसार सुख अथवा दुःखरूप फल दिइरहेछन्, भक्ति, श्रद्धा, शान्ति, करुणा, मुक्ति आदि जसको चरण सेवा गरिरहेछन्; वैराग्य, अनिर्मत्व, निरहङ्कार, ज्ञान, विचार, योग, धर्माचरण आदि शूर-वीर आफ्नो भुजदण्डको प्रतापले जसको ढोकामा द्वारपालको कार्य गरिरहेछन्; आनन्दस्वरूप उनी को हुन् ? यी मेघमालाहरू अति वेगले जाँदा-जाँदै जसको प्रेमपूर्ण मुख देख्दैमा आँसु बगाउन थाल्द-छन्, यो बिजुली जसको दर्शनका लागि चञ्चल भएर दौडन लाग्दछ, यो पाषाणहृदय पर्वतहरूले जस-को प्रेमपूर्ण मुखको दर्शन गरेर प्रेमाश्रु-जलमा (नदीको प्रवाहमा) देश-विदेशलाई बहाएको छ, यो अग्निकुण्ड जसको भावले विमोहित भएर वाष्पाकुल नेत्र भएको छ, उनी को हुन् ? कुसुमावली जसतिर ताकेर हाँसिरहेका छन्, रूख जसको मुख देखेर रातको ओसको बहानाले रोई-रोई व्याकुल भएको छ, विश्वशोभा जसको दर्शन गर्नका लागि सबैलाई आह्वान गरिरहिछन्, जान्दछौ उनी को हुन् ? जसले यो भोगविलासी घोर सांसारिक पुरुषहरूलाई आफ्नो विश्वमोहक भावमा विमोहित गरेर सर्वत्यागी बनाइदिए, जो सुकेको पात खाने जर्जर-शरीर तरुतलवासी तपस्वी-हरूको हृदयमा आविर्भूत (प्रकट) भएर उनका दुवै आँखा बन्द गरिरहेछ, जो बाह्यज्ञानशून्य जटाधारी पुरुषहरूको हृदयरूपी गुफामा प्रकाशित भएर कहिले उसलाई हँसाइरहेछ, कहिले आँसुले उसको वक्षस्थललाई निथ्रुक्क भिजाइरहेछ, कहिले उसलाई मौनी बनाएर स्थिर आसनमा बसालिरहेछ, र कहिले ठूलो स्वरले गाना गाउन र नाच नचाउन लगाइरहेछ, प्रेमको आवास उनी को हुन् ? जो संसाररूपी सागरको तटमा खडा भएर अभय दिने निजी चरणरूपी डुङ्गाले मूल्य नलिई पतित एवं सन्तापित जीवहरूलाई पार गर्नका लागि आफैं माझी बनेर प्रेमपूर्वक पुकारि-रहेछन्, जो दीन-दुःखी मानिसहरूको भयभीत हृदयको रोदन सुनेर आफ्नो हातले उनीहरूको आँसुलाई पुछिरहेछन्, जो व्याकुलचित्त मानिसहरूलाई लगातार शान्तिरूपी अमृतपान गराइरहे-छन्, कोही उनलाई चिन्न सक्तछन्, उनी को हुन् ? समय-समयमा घोर अज्ञान जाललाई चुँडालेर जसको तेज अज्ञानले मलिन मनमा पनि प्रकाशित भइरहेछ, जीव भले उनलाई बिर्सोस् किन्तु उनी-उसको परित्याग गर्दैनन् । जो मायारूपी निद्रा नाश गरेर जीवलाई उठाउनका लागि बारम्बार पुकारिरहेछ, हेर, हेर उठेर हेर, उनी को हुन् ? जसले आफैं निर्गुण भएर पनि तीन गुणहरूले जगत्लाई बाँधेर राखेका छन्, आफैं रूपरहित भए पनि आश्चर्यरूपले त्रिभुवनलाई विमोहित गरेर राखेको छ तथा आफैं चैतन्यरूप भएर पनि संसार रूप स्वप्न देख्ने जीवलाई आफ्नो मोहिनी मायाले अचेतन गरेर राखिरहेछ, भोगनिद्राको परित्याग त गर, योगबलले चेतन भएर त हेर, उनी को हुन् ? आदिपुरुष ब्रह्माले ध्यानयोगले अपूर्व रूपको दर्शन गरेर भने– उनी को हुन् ?

वृत्रासुरलाई मारेपछि इन्द्र, वायु, वरुण, अग्नि र यम उनको परम ज्योतिर्मय रूपलाई देखेर बोले उनी को हुन् ? देवर्षि, ब्रह्मर्षि र महर्षिहरूले समाधिमा जसलाई देखे, उनी को हुन् ? वेदवेदाङ्ग, दर्शनशास्त्र आदि जसको वर्णन गर्नमा असमर्थ भएर बोले– उनी को हुन् ? कविहरू कल्पनाराज्यमा घुमेर अन्तमा सोध्दछन्– उनी को हुन् ? देवता, मानिस सबै जिज्ञासा गर्दछन्– उनी को हुन् ? म पनि भन्दछु– उनी को हुन् ? यदि कसैलाई थाहा छ भने हामीलाई बताइदिऊन्– उनी को हुन् ? ए विषयानुरागी मान्छे ! बिस्तारै-बिस्तारै दिन बितिरहेछ । वृद्धावस्था सेतो चँवर (फुलेको कपाल, जुँगा-दारी आदि) आधि-व्याधिरूप झन्डा फहराएर मृत्युराज्यको आगमनको वृतान्तको घोषणा गरिरहेछ यसैले उसलाई छिटो जान्ने कोशिश गर– उनी को हुन् ? श्रुति पनि पुकारिरहेछ – उत्तिष्ठत जाग्रत प्राप्त वरान् निबोधत । ४७

क्षुरस्य धारा निशिता दुरत्यया, दुर्गं पथस्तत् कवयो वदन्ति ।

जुन देवताका देवता महादेवबाट यो जगत् उत्पन्न भएको हो, जसले यो समस्त विश्वलाई व्याप्त गरेर राखेको छ र जसमा यो सम्पूर्ण प्रपञ्च लीन हुन्छ, तैपनि जुन देवताको यस दृश्यसित कुनै पनि सम्बन्ध रहँदैन, उनै देवता पूजनीय छन् । जसको न आदि छ, न अन्त र मध्य नै छ, जसको देश, काल अथवा वस्तुबाट परिच्छेद हुँदैन, सबै पदार्थ जसको सम्बन्धले सिद्ध हुन्छ, कुनै प्रमाणले जो सिद्ध हुँदैन, उनै स्वयंसिद्ध देव पूजनीय हुन् । जुन अलौकिक देवताको कुनै नाम छैन, तैपनि जुन नामले बोलाऊ त्यही नामबाट बोल्दछन् । उनको कुनै धाम छैन, तापनि सबै धामहरूमा विराजमान छन्, कुनै धाम उनीबाट रहित छैन, उनै देव पूजनीय छन् । यो जगत् जसको आँखामा छ, जो जगत्का आँखाहरूमा छन् । आँखाविना नै जो सबैलाई देख्दछन्, कानविना नै जो सबै शब्दहरूलाई सुन्दछन्, गोडा नहुनाले पनि जो मनले पनि छिटो दौड्दछन्, जसलाई कोही समात्न सक्तैन, न कोही छाड्न सक्तछ उनै देव पूजनीय छन् ।

जुन देवको कुनै शरीर छैन, सबैको शरीर जसको शरीर हो, सबै शरीरहरूको जुन आत्मा हो, सबै शरीरहरूलाई जो नियममा राख्दछन् र सबै शरीरहरूमा जो अभिमान गर्दछन्, फेरि पनि जसमा नियम्य-नियामकभाव छैन, व्याप्य-व्यापकभाव पनि जसमा छैन र जीव-ईश्वरभाव पनि जसमा छैन, जो सूर्य भएर सारा संसारलाई तताउँछन् र प्रकाशित गर्छन्, चन्द्र बनेर देव, मनुष्य, औषधी आदिको पोषण गर्दछन्, वैश्वानर बनेर सबैको पेटमा रही खाएका पिएका अन्न-जल पचाउँदछन्, जो आनन्दस्वरूप हुन्, जसको आनन्द लेशको अंशले ब्रह्मादेखि लिएर स्तम्बपर्यन्त आनन्दित भइरहेछन्, जसलाई जानेर फेरि केही जान्न बाँकी रहँदैन, अर्थात् सबै कुरा जानिसकेको हुन्छ, जसलाई पाएर सबै कुरा पाइसकेको हुन्छ, केही पाउन बाँकी रहँदैन, सबै कुरा जसमा छ जो सबैको उपादान कारण हो, सबैको कर्ता हो, तैपनि अशेष विशेष रहन्छ, एक हो, अद्वितीय हो, सबै उपाधिहरूबाट वर्जित हो, सबैको आफ्नो आफै हो, न सँगै छ, न टाढा छ, स्मरणमात्रमै उपस्थित हुन्छ, हो, उही देव पूजनीय हो ।

म, तँ र ऊ भन्ने नाम जसमा छैन; देश, काल र वस्तु को जसमा काम छैन; ज्ञाता, ज्ञान र ज्ञेयदेखि जो टाढा छ; सब ज्योतिहरूको ज्योति हो; सत्त्व, रज र तमको जसमा लेश छैन, जसमा न अशेष छ, न विशेष छ; तैपनि जसको नाम निर्विशेष छ; कुनै पद वाक्य जसको नाम बताउन सक्दैन, तैपनि एक नकार अक्षरको यस्तो माहात्म्य छ– त्यो सत् र असत्‌ले रहितलाई पनि, सबै प्रपञ्चको निषेध गरेर शम, दम, सन्तोष, क्षमा, विवेक, वैराग्य आदि शुभ गुणहरूले युक्त अधिकारीको मनमा प्रकाश गरिदिन्छ। किनकि यो सबैको आत्मा अर्थात् स्वरूप हो, यसैले स्थूल, सूक्ष्म र बीजरूप प्रपञ्चको निषेध हुनाले आफै नै शेष रहेर पूर्ण आत्मरूपले प्रकाश हुन्छ। यस प्रकार नकार अक्षरको सहायता लिएर नै श्रुति भगवती त्यस देवताको बोध गर्दछिन् । जो छ र छैन पनि, तैपनि छ र छैन दुवैलाई सिद्ध गर्ने हो। विद्वान्‌हरूको भनाइ छ त्यसलाई जान्न गान्हो छ, यस्तो हुँदो हो त ठीकै थियो। उसलाई कठिनाइसाथ जानिन्छ, परन्तु कठिनाइ त यो हो उसलाई जान्न सजिलो छैन त सजिलो छैन नै मानौं, परन्तु उसलाई जान्न त कठिन पनि छैन। जुन देव ग्राह्य पनि होइन, उपादेय पनि होइन, उसलाई कोही कसरी जानून् ? जान्नु त अरूलाई पर्छ। आफूले आफूलाई जान्नु नजान्नु दुवै हुँदैन। जो आफ्नो आफू हो, उनै देव पूजनीय हुन्। ४८

जुन देवको साक्षात्कार गरेर दधीचि ऋषिले देवताहरूको हित गर्नका लागि आफ्नो हाडहरू दिन अलिकता पनि सङ्कोच गरेका थिएनन्; किन्तु क्षणभरमा त्यस देवको ध्यान गरेर यस सङ्घातको त्याग गरेर उनै देवमा लय भएका थिए जसका हाडहरूको वज्रास्त्र बनाइएको थियो, जसको प्रतापले इन्द्रले वृत्रासुरलाई मारेर देवताहरूलाई निर्भय पारेका थिए। जुन देवको विज्ञानले पिप्पलाद मुनिले सुकेशादि छ ऋषिहरूलाई प्राण, श्रद्धा, आकाश, वायु, तेज, जल, पृथ्वी, इन्द्रिय, मन, अन्न, वीर्य, तप, मन्त्र, कर्म, लोक र लोकहरूमा नाम, यी सोह्र कलावाला पुरुषहरूको उपदेश गरेका थिए, जसलाई जानेर आजकाल पनि मनुष्य, जसरी गङ्गा आदि नदीहरू समुद्रमा मिलेर समुद्र नै हुन्छन्, त्यसरी नै प्रकृति पुरुषबाट परपुरुषमा लीन भएर परपुरुष नै हुन्छन्। जुन देवको ज्ञान नचिकेता नाम गरेका पाँच वर्षका बालकले यमराजकहाँ गएर समस्त ब्रह्माण्डलाई लात मारेर हिरण्यगर्भको सर्वोत्तम पदको पनि इच्छा नगरेरै पाएका थिए। जुन देवलाई जानेर याज्ञवल्क्यले जनक राजाको सभामा सुवर्णसहित गाईहरू अनेक विद्वान्‌हरूलाई शास्त्रार्थमा परास्त गरेर हरेका थिए, उनै देव पूजनीय हुन्।

जुन देवसमान कुनै अर्को देव धनी र निस्पृह छैनन्, जुन देव हामी उहाँलाई मानौं या नमानौं, यसको स्पृहा गर्दैनन्, किन्तु जो हामीहरूले नमान्नाले नै सिद्ध हुन्छ। कोही त छ नै, जसलाई मान्नु नमान्नुलाई लिएर हामी विवाद गर्दछौं। यदि कोही नहुँदो हो त कसको हुनु र नहुनुलाई लिएर हामी विवाद गरौं ? कोही छ, उसलाई ग्रहण गरेर विवाद गरिन्छ। जुन देव सबै धर्म वालालाई मान्य छन्, जसको कुनै धर्म छैन, तैपनि जसका सबै धर्म छन्, जसलाई नजान्नाले सबै धर्ममा भेद देखिन्छ, जसलाई जान्नाले धर्महरूको, देशको, कालको, मेरो, तेरो इत्यादिको सबै भेद मेटिन्छ। न आफ्नो धर्ममा राग रहन्छ, न अर्काको धर्ममा द्वेष हुन्छ; किन्तु सर्वत्र सधैं सबै धर्महरूको

अधिष्ठाता देशहरूका महाराज एकै सनातन देव सबैमा दृष्टि-गोचर हुन्छन्, हृदय शान्त रहन्छ, आधि-व्याधि हट्दछन्, तीनोटै पीर हट्दछन्, सुख नै सुख संसारमा परिपूर्ण उपलब्ध हुन्छ, सबैलाई सबै प्यारा हुन्छन्, दोषी कोही हुँदैन, सबको सबै ईश्वररूप नै देखिन्छन् उनै देव पूजनीय छन्, भजनीय छन् र माननीय छन् ।

सृष्टिभन्दा पहिले एक नै सत्य, ज्ञान र आनन्दस्वरूप देव थिए, अर्को कोही थिएन । एक नै निष्काम, आप्तकाम र पूर्णकाम थियो, यस्तो देवलाई पनि नजाने कुन कारणले इच्छा भयो–म एक्लै छु, एकबाट धेरै होऊँ, धेरै भएर जगत्को लीला हेरूँ, उनले तीन गुण बनाए, पाँच भूत बनाए, तिनै तीन-पाँच मिलाएर चौध भुवन बनाए, तैपनि एकको एकै नै रहे, दोस्रो भएनन्, अनि दोस्रो बस्नका लागि उनले जसरी सूर्य प्रतिविम्ब रूपले चमकदार पदार्थहरूमा प्रवेश गर्छ, उसरी नै प्रवेश गरे, प्रवेश गर्नासाथ चौध भुवन र त्यसमा बस्ने जीव चेतन भए । यसप्रकार एकै देव अनेक भएर विश्ववाटिकामा नै घुम्न लागे । अहिले पनि घुमिरहेछन्, जो भाग्यवान् छ, त्यो सन्त-महात्माहरूको सेवाबाट यो जान्दछ एकै देव आफ्नो माया-शक्तिले सबैमा प्रवेश गरेर लीला गरिरहेछन् । उनी सबैमा उस्तै सम-पर-मात्माको दर्शन गर्दछन्, यस्ता समदर्शी न कसैसँग राग गर्दछन्, न द्वेष गर्दछन्, न कसैलाई आफ्नो भन्दछन्, न कसैलाई पराई ठान्दछन्, आनन्दले जगत्को सैर गर्छन् । जो मूढ सन्त-महात्माहरूको सङ्गत गर्दैन, सत् शास्त्रहरूको अवलोकन गर्दैन, ऊ राग द्वेष गरेर आफै दुःखी हुन्छ, आफ्ना अनुया-यीहरूलाई दुःख-सागरमा डुबाउँदछ । जुन देवको ज्ञान सुखका लागि र अज्ञान दुःखको कारण हो, उनै देव पूजनीय छन् ।

जुन देवको वारपार छैन, जुन करोडौं ब्रह्माण्डहरूका एक आधार छन्, आफैं निराधार छन्, जसको माया अपरम्पार छ । जसरी समुद्रहरूमा अनेक तरङ्ग उठेर लीन भइरहन्छन्, त्यसरी नै करोडौं ब्रह्माण्ड उत्पन्न भएर लीन हुन्छन्, जो सानोभन्दा सानो र ठूलोभन्दा ठूलोमा पनि पूर्ण छन्, तैपनि आफ्नो मायाले मोहित पुरुषहरूलाई अपूर्ण झैं देखाइदिन्छन् । अनेक भएर पनि जो स्वरूपबाट अच्युत हुनाले एकको एकै नै रहन्छन् । जस्तो बहुरूपिया अनेक रूप धारण गरेर अनेक झैं देखिन्छन् तैपनि एकको एकै हुन् त्यस्तै जो आफ्नो मायाले ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र, वरुण, कुबेर, देव दानव, मनुष्य, पशु-पक्षी अनेकरूपवाला दृष्टिगोचर हुन्छन्, तैपनि एकको एकै हुन् । जो अनेक आकारमा छिपेर काने-कानेपिच्चा खेलिरहेछन्, जो सूक्ष्मदर्शी उसलाई खोज्दछ, ऊ काने-कानेपिच्चाको खेलमा उसलाई खोज्न सफल भएर आनन्दले घुम्दछ, जो स्थूलदर्शी छ, ऊ उसलाई नगिचभन्दा पनि नगिच हृदयमा छिपेको भए तापनि खोज्न सक्तैन । ऊ जहाँ जान्छ, हार्छ, कहिल्यै पनि जित्दैन । जो देव आफ्नो आफू हुनाले विवेकीहरूलाई परम-प्रत्यक्ष छन् र अविवेकीहरूलाई जो करोडौं उपाय गर्नाले पनि दर्शन दिंदैनन्, उनै पूजनीय छन् ।

जो देव कहीं त मथुरा, काशी, बदरीकाश्रम आदि तीर्थहरूमा; कहीं इन्द्रादिदेवहरूमा; कहीं वामन, नृसिंह आदि अवतारहरूमा; कहीं ईश्वर, हिरण्यगर्भ, विराट आदि ईश्वरहरूमा;

कहीं विश्व, तैजस, प्राज्ञ आदि जीवहरूमा; कहीं स्थूल, सूक्ष्म, कारण आदि शरीरहरूमा, कहीं जाग्रत् स्वप्न, सुषुप्ति आदि अवस्थाहरूमा; कहीं आकाशादि भूतहरूमा; कहीं सत्त्व आदि गुणहरूमा; कहीं साम आदि वेदहरूमा; कहीं इतिहास पुराण आदिमा; कहीं ब्रह्मसूत्र आदि दर्शनहरूमा लुकेका छन् । बहिर्मुख पुरुष जसलाई यी स्थानहरूमा खोजेर हैरान भइरहेछन्, परन्तु उसको कहीं पत्ता लाग्दैन, यसैले विचराहरू दुःखको अनुभव गरिरहेछन् । अन्तर्मुखी पुरुष जसलाई यी ठाउँहरूमा खोज्दैनन् किन्तु प्राणादिको संयम गरेर आफ्नो हृदयाकाशमा नै खोज्दछन् । खोजेर उसलाई पाउँदछन् र सर्वदाका लागि सुखी र स्वतन्त्र हुन्छन् । जुन देवको दर्शन सुख र स्वतन्त्रताका लागि छ र जसको दर्शन नहुनु दुःख र परतन्त्रताको कारण हो, उनै देव पूजनीय छन् । ५०

जो नरपशु मूढ पुरुष संसारको चमक-दमक देखेर अन्धो भइरहेछ, जसलाई सत्य र असत्य-को विवेक छैन, उनीहरूमध्ये कोही कीर्तिमा, कोही वासनामा, कोही कामनामा, कोही स्त्रीमा, कोही पुत्रमा, कोही धनमा, कोही ऐश्वर्यमा, कोही धर्ममा, कोही अर्थमा, कोही काममा लागेका छन् । कसैलाई मित्र सम्झन्छन् कसैलाई शत्रु मान्दछन्, कसैसँग द्वेष गर्दछन् । देहलाई नै आत्मा सम्झन्छन्, देहका सम्बन्धीहरूलाई नै आफ्नो सम्झन्छन्, लकीरका फकीर छन् अर्थात् मानिएका (कल्पित) बिन्दुलाई साँचो ठानेर नाप-तौलमा नै लागेका छन् । यस्तालाई जुन देवको छाया पनि देखिनु कठिन छ र जो विवेकी धीरवर पुरुष दुनियाँको चमक-दमक देखेर मोहित हुँदैनन्, जसलाई सत्य असत्यको विवेक हुन्छ, उनी कीर्ति आदिमा, स्त्री, पुत्र आदि नाशवान् पदार्थहरूमा आसक्त हुँदैनन् । न कसैको राग गर्छन् र न कसैको द्वेष गर्छन्, सबैलाई समान प्रेम गर्छन् । जसको दृष्टिमा शत्रु-मित्र समान हुन्छन् जसको दृष्टिमा दोस्रो नै छैन, एकै जनार्दनलाई नै जो सर्वत्र, सर्वदा, सर्वथा, सबैमा देख्दछन्, जसको देहमा आत्माध्यास छैन, र देहका सम्बन्धीहरूमाथि पनि जसलाई ममता र मोह छैन, यस्ता भाग्यवान् पुरुषहरूको जुन देव आफ्नो स्वरूप नै हो, उनै देव पूजनीय छन् ।

ए मोहग्रस्त सोझो मान्छे ! चेत्, उठ्, मोहनिद्रा त्याग्, शोकतन्द्रा भगा, एक नै देव छन्, एकै देवले अनेक रूप धारणा गरेका हुन्, सबै एउटै ढुङ्गाका बुट्टा हुन् अनि किन कसैसँग राग गर्दछस्, किन कसैसँग द्वेष गर्दछस्, एकको नै सबैमा दर्शन गर्, एकको नै सबैमा स्पर्श गर्, एकलाई नै चाख्, एकलाई नै सुँघ्, एकैको गाना गा, एकैको ध्यान गर्, भेद कतै पनि, कहिल्यै पनि, किञ्चित् पनि नदेख्, आफूलाई समान सबैलाई प्रेम गर्, आफूलाई नै समान सबैलाई सम्मान दे, मानप्रति-ष्ठाको चाहना नगर्, ठूलो बन्ने इच्छा नगर्, सानो बनेर दुःखी पनि नहो । जस्तो तेरो देव सम छन् त्यस्तै तँ पनि सम रहेस्, सपनामा पनि विषम नहो । समता त्यस देवको पूजा हो, समता त्यस देवको भक्ति हो, समता नै ज्ञान हो, समता नै योग हो । समता सिद्ध हुनाले भक्ति, ज्ञान, योग सबै नै सिद्ध हुन्छन्, समता सिद्ध भएन भने त गरेको दान, धर्म, ज्ञान, भक्ति सबै निष्फल हुन्छन् । निर्दोषं हि समं ब्रह्म– यो न्याय अनुसार समता नै तपस्या हो । समताबाट सम-परमात्मदेवको दर्शन हुन्छ; अरू कुनै पनि प्रकार सम ब्रह्मको दर्शन हुँदैन ।

यहाँसम्म ईश्वरको दार्शनिक स्वरूपको यत्किञ्चित् (अलिकता) विवेचना भयो । अब यसको उपरान्त ईश्वरको विषयमा पौराणिक दृष्टिकोणबाट केही विचार गर्छु । श्रीमद्भागवतमा भगवान्को वचन छ– अहमेवासमेवाग्रे नान्यद्यत्सदसत्परम् ।

पश्चादहं यदेतच्च योऽवशिष्येत सोऽस्म्यहम् ॥ २।९।३२

सृष्टिको आदिमा कार्य (स्थूल) र कारण (सूक्ष्म) ले अतीत एक मात्र म नै थियो, म सिवाय अरू कोही पनि थिएन । सृष्टिपश्चात् पनि म नै रहन्छु र यो जुन जगत्प्रपञ्च देखिन्छ, त्यो पनि म नै हुँ तथा सृष्टिको संहार हुँदासम्म जे-जति बच्दछ त्यो पनि म नै हुँ । शिवपुराणमा पनि लेखिएको छ–

एक एव सदा रुद्रो न द्वितीयोऽस्ति कश्चन ।
संसृज्य विश्वं भुवनं गोप्तान्ते सञ्चुकोच सः ॥
विश्वतश्चक्षुरेवायमुतायां विश्वतोमुखः ।
तथैव विश्वतोबाहुर्विश्वतःपादसंयुतः ।
द्यावाभूमी च जनयन् देव एको महेश्वरः ।
स एव सर्वदेवानां प्रभवश्चोद्भवस्तथा ॥ (७।१।६।१४–१६)
अचक्षुरपि यः पश्यत्यकर्णोऽपि शृणोति यः ।
सर्वं वेत्ति न वेत्ताऽस्य तमाहुः पुरुषं परम् ॥ (७।१।६।१३)

त्यस समयमा एक रुद्र नै थिए, दोस्रो कोही थिएन । तो जगद्रक्षकले नै संसारको रचना गरेर अन्तमा त्यसको संहार गरे । उनका चारैतिर आँखा छन्, चारैतिर मुख छन्, चारैतिर हात छन्, तथा चारैतिर गोडा छन् । पृथ्वी र आकाशलाई उत्पन्न गर्ने एक महेश्वर देव नै छन्, उनै सबै देवताहरूका कारण र उत्पत्तिको स्थान हो । जो आँखा-कान बिना नै देख्दछन् र सुन्दछन्, जो सबैलाई जान्दछन् तथा उनलाई कोही जान्दैनन्, उनी परम पुरुष भनिन्छन् । श्रीमद्भागवतमा लेखेको छ–

एकस्त्वमात्मा पुरुषः पुराणः सत्यः स्वयं ज्योतिरनन्त आद्यः ।
नित्योऽक्षरोऽजस्रसुखो निरञ्जनः पूर्णोऽद्वयो मुक्त उपाधितोऽमृतः ॥ (१०।१४।२३)

उनी एक नै आत्मा पुराणपुरुष, सत्य, स्वयंप्रकाशस्वरूप, अनन्त, सबका आदि कारण, नित्य, अविनाशी, निरन्तर सुखी, मायाले निर्लिप्त अखण्ड, अद्वितीय, उपाधिले रहित तथा अमर हुन् । गोस्वामी तुलसीदासजीले पनि रामायणमा यसो भन्नुभएको छ–

व्यापक एक ब्रह्म अविनासी । सत चेतन घन आनन्दरासी ॥
आदि अन्त कोउ जासु न पावा । मति-अनुमान निगम जस गावा ॥

विनुपद चलै सुनै बिनुकाना । कर बिनुकर्म करै विधि नाना ।।
आननरहित सकल रस भोगी । बिनुबानी वक्ता बड जोगी ।।
तनुबिनु परस नयनबिनु देखा । ग्रहै घ्रानबिनु वास असेखा ।।
अस सब भाँति अलौकिक करनी । महिमा तासु जाई किमि बरनी ।।

जुन शास्त्र यस प्रकार परमात्माको महिमा गाउँछन्, उनै यो पनि भन्दछन् उसलाई हामी आँखाले देख्न सक्तैनौं ।

न सदृशे तिष्ठति रूपमस्य न चक्षुषा पश्यति कश्चनैनम् । (श्वेताश्व. ४।२०)

ज्ञानप्रसादेन विशुद्धसत्त्वस्ततस्तु तं पश्यते निष्कलं ध्यायमानः । (मु.उ.३।१।८)

ईश्वरलाई कोही आँखाले देख्न सक्तैनन्, किन्तु हामीहरूमध्ये कसैले मनलाई पवित्र गरेर विमल बुद्धिले ईश्वरलाई देख्न सकिन्छ । यसैले जसले ईश्वरलाई मनको आँखाले (बुद्धिले) देख्न चाहन्छ, उनलाई उचित छ ऊ आफ्नो शरीर र मन पवित्र गरेर र बुद्धि विमल गरेर ईश्वरलाई खोजून् ।

त्यो परमात्मा एक नै हो तर त्यही एकको तीन संज्ञा छ– ब्रह्मा, विष्णु, महेश । यो उनै एक परमात्माको तीन संज्ञा अर्थात् नाम हुन् । विष्णुपुराणमा लेखिएको छ–

सृष्टिस्थित्यन्तकरणीं ब्रह्मविष्णुशिवाभिधाम् ।
ससंज्ञां याति भगवानेक एव जनार्दनः (१।२।६६)

त्यो एक नै जनार्दन भगवान् सृष्टि, पालन र संहार गर्ने ब्रह्मा, विष्णु तथा शिवनामका तीन संज्ञा प्राप्त गरेका छन् । यो कुरा बृहन्नारदीय पुराणमा पनि लेखिएको छ–

नारायणोऽक्षरोऽनन्तः सर्वव्यापी निरञ्जनः ।
तेनेदमखिलं व्याप्तं जगत् स्थावरजङ्गमम् ।।
तमादिदेवमजरं केचिदाहुः शिवाभिधम् ।
केचिद्विष्णुं सदा सत्यं ब्रह्माणं केचिदुच्यते । (१।२।२-५)

भगवान् नारायण अविनाशी, अनन्त, सर्वत्र व्यापक तथा मायाले अलिप्त हुनुहुन्छ, यो स्थावर-जङ्गमरूप सारा संसार उहाँबाट व्याप्त छ । तो दुःखरहित आदिदेवतालाई कोही शिव, कोही सदासत्यस्वरूप विष्णु र कोही ब्रह्मा भन्दछन् । यस्तै प्रकार शिवपुराणमा आफै महेश्वरको वचन छ–

त्रिधा भिन्नो ह्यहं विष्णो ब्रह्मविष्णुहराख्यया ।
सर्गरक्षालयगुणैर्निष्कलोऽयं सदा हरे ।।

अहं भवानयं चैव रुद्रोऽयं यो भविष्यति ।
एकं रूपं न भेदोऽस्ति भेदे च बन्धनं भवेत् ।। (२।१।६।२८,३८)

हे विष्णु ! सृष्टि, पालन तथा संहार यी तीन गुणहरूको कारण म नै ब्रह्मा, विष्णु र शिव नामका तीन भेदले युक्त छु । हे हरि ! वास्तवमा मेरो स्वरूप सधैं भेदहीन छ । म, तपाइँ, यो (ब्रह्मा) तथा रुद्र र अगाडि आएर जो कोही पनि हुन्छन्, यो सबैको एक नै रूप हो, त्यसमा केही भेद नै छैन, भेद मान्नाले बन्धन हुन्छ । श्रीमद्भागवतमा पनि स्वयं भगवान्को वचन छ–

अहं ब्रह्मा च शर्वश्च जगतः कारणं परम् ।
आत्मेश्वर उपद्रष्टा स्वयंदृगविशेषणः ।।
आत्ममायां समाविश्य सोऽहं गुणमयीं द्विजः ।
सृजन् रक्षन् हरन् विश्वं दध्रे संज्ञां क्रियोचिताम् ।।(४।७।५०–५१)

हामी ब्रह्मा र शिव संसारको परम कारण छौं, हामी सबैको आत्मा ईश्वर, साक्षी, स्वयं-प्रकाश र निर्विशेष छौं । हे ब्राह्मण ! यो म (विष्णु) आफ्नो त्रिगुणमयी मायामा प्रवेश गरेर संसारको सृष्टि, रक्षा तथा प्रलय गरेर भिन्दाभिन्दै कार्यहरूअनुसार नाम धारण गर्छु ।

यसैले शिवपुराणमा लेखिएको छ- शिवो महेश्वरश्चैव रुद्रो विष्णुः पितामहः ।
संसारवैद्यः सर्वज्ञः परमात्मेति मुख्यतः ।।
नामाष्टकमिदं नित्यं शिवस्य प्रतिपादकम् (६।९।१–२

शिव महेश्वर, रुद्र, विष्णु, पितामह, संसारवैद्य, सर्वज्ञ र परमात्मा- यो आठ नाम मुख्य-रूपले शिवका बोधक हुन् । तो परमात्मा कस्ता छन् ? श्रीमद्भागवतमा लेखिएको छ –

विशुद्धं केवलं ज्ञानं प्रत्यक्सम्यगवस्थितम् ।
सत्यं पूर्णमनाद्यन्तं निर्गुणं नित्यमद्वयम् ।।
ऋषे विदन्ति मुनयः प्रशान्तात्मेन्द्रियाशयाः । (२।६।३९-४०)
ज्ञानमात्रं परं ब्रह्म परमात्मेश्वरः पुमान् ।
दृश्यादिभिः पृथग्भावैर्भगवानेक ईयते ।। (३।३२।२६)

ब्रह्म सत्य हो, सधैं रहन्छ, छ पनि, सधैं रहनेछ पनि । त्यो ज्ञानमय, चैतन्य र आनन्द-स्वरूप हो । उसको आफ्नो शरीर छैन, किन्तु विनाशवान् शरीरमा प्रवेश गरेर संसारको लीला गर्छ । त्यो खालि निर्मल ज्ञानस्वरूप हो, पूर्ण हो, उसको आदि छैन, अन्त छैन । ऊ नित्य र अद्वितीय छ । एक भएर पनि अनेक रूपमा देखिन्छ ।

एको देवः सर्वभूतेषू गूढः सर्वव्यापी सर्वभूतान्तरात्मा ।
कर्माध्यक्षः सर्वभूताधिवासः साक्षी चेता केवलो निर्गुणश्च ।।(श्वेता.६।११)

एकै परमात्मा सबै प्राणीहरूभित्र छिपेका छन्, सबैमा व्याप्त भइरहेछन्, सबै जीवहरूका भित्री अन्तरात्मा हुन्, जे-जति काम सृष्टिमा भइरहेछ, त्यसका नियन्ता उनै हुन् । सबै प्राणीहरूको भित्र बसेका छन्, सबै संसारका कार्यहरूको साक्षीरूपमा देख्ने चैतन्य, केवल एक जसको कुनै जोड छैन र गुणहरूको दोषले रहित छन् ।

न तस्य कश्चित् पतिरस्ति लोके न चेशिता नैव च तस्य लिङ्गम् ।
स कारणं करणाधिपाधिपो न चाऽस्य कश्चिज्जनिता न चाऽधिपः।।(श्वेता. ६।९)

संसारमा उसको न कोही मालिक छ, न उसमाथि आज्ञा चलाउने कोही छ, न उसको कुनै चिह्न छ । ऊ नै सबको कारण हो, उसको कोही कारण छैन, उसलाई उत्पन्न गर्ने कोही छैन, न उसको कोही रक्षक नै छन् ।

तमीश्वराणां परमं महेश्वरं तं देवतानां परमं च दैवतम् ।
पतिं पतीनां परमं परस्ताद् विदाम देवं भुवनेशमीड्यम् ।।(श्वेता.६।७)

ती सबै सामर्थ्य र अधिकार राख्नेको सबैभन्दा ठूलो मालिक, सारा त्रिभुवनको स्वामी, परमपूजनीय देवलाई हामीहरूले चिनेका छौं ।

शुद्ध ब्रह्म निराकार चेतन विज्ञानानन्दघन सर्वव्यापी परमात्माको वास्तविक रूप सम्पूर्ण गुणहरूले सर्वथा अतीत छ । जगत्को सारा गुण-अवगुण सत्त्व, रज र तमले बन्दछ । सत्त्व, रज र तम तीनै गुण मायाको अन्तर्गत छ, यसैले उनको नाम त्रिगुणमयी माया हो । यसमा सत्त्व उत्तम हो, रज मध्यम हो र तम अधम हो । परमात्मा यो मायाले अत्यन्त विलक्षण, सर्वथा अतीत र गुणरहित छन् । यसैले उनको नाम शुद्ध हो । अतएव उनी गुणातीत छन् ।

माया वास्तवमा छँदै छैन, यदि कहीं मानिहाले तापनि त्यो कल्पनामात्र हो । यो मायाको कल्पना परमात्माको एक अंशमा छ । गुण-अवगुण सबै मायामा छ । यो न्यायले सत्य, दया, त्याग विचार र काम, क्रोध, लोभ, मोह आदि गुण र अवगुणहरूले युक्त यो सम्पूर्ण संसार तो परमात्मामा नै अध्यारोपित मात्र सकिन्छ । यस स्थितिमा उनी असल-खराब सबै गुणहरूले युक्त भन्न सकिन्छ ।

यो ब्रह्माण्ड जसको अन्तर्गत छ, तो मायाविशिष्ट ब्रह्म सृष्टिकर्ता ईश्वर शुद्ध ब्रह्मदेखि भिन्न छैनन् । उनी मायालाई आफ्नो अधीनमा राखेर प्रादुर्भूत हुन्छन्, समय-समयमा अवतार लिन्छन्, यसैले उनी माया विशिष्ट भनिन्छन् । गीतामा भनिएको छ–

गीतामा भनिएको छ– अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ।। (४।६)

जसरी अवतार हुन्छ उसरी नै सृष्टिको आदिमा पनि मायालाई आफ्नो अधीनमा पारेर भगवान् प्रकट हुन्छन् । यिनैको नाम विष्णु हो । यिनी आदिपुरुष विष्णु सर्वसत्त्वगुण सम्पन्न छन् । सत्त्वगुणका मूर्ति हुन् । सात्त्विक तेज, प्रभाव, सामर्थ्य, विभूति आदिले विभूषित छन् । दैवी सम्पदाको गुण नै सत्त्वगुण हो । शुद्ध सत्त्व नै उनको स्वरूप हो । दुर्गुण त रज र तममा रहन्छ, प्रेम सादृश्य र सम्पन्नतामा हुन्छ, यसैले जुन भक्तमा दैवी सम्पत्तिको गुण हुन्छ उनी नै भगवान्को दर्शनलाई उपयुक्त पात्र सम्झिन्छन् । मायाविशिष्ट सगुण भगवान् मायालाई साथ लिएर समय-समयमा अवतार लिन्छन् । उनी सर्वगुण सम्पन्न छन् । यसैले यद्यपि त्यो शुद्ध सत्त्वगुणरूप सगुण-साकार परमात्मामा रज र तम वास्तवमा रहँदैन तथापि उनी रज-तमको कार्य गर्न सक्तछन् । न्यायकारी हुनाले उनी यथावश्यक, दुष्टदमन आदि कार्य गर्दछन् । राजा जनक मुक्त पुरुष थिए, परम सात्त्विक थिए, परन्तु राजा हुनाले न्याय गर्नु उनको काम थियो । चोरहरूलाई उनी दण्ड पनि दिन्थे । यसमा कुनै दोषको कुरा छैन । आमा आफ्नो प्यारो बच्चालाई शिक्षा दिनका लागि हप्काउँछिन् र कहिले आवश्यक सम्झेर मायाले भरिएको हृदयले एक दुई थप्पड दिन्छिन्; परन्तु यस्तो गर्नाले पनि उनले दया नै गरेको हुन्छ । यस्तै प्रकार दयानिधि, न्यायकारी भगवान्को दण्डविधान पनि दयाले नै युक्त हुन्छ ।

निराकार-साकारको एकता

शरीरका तीन भेद छन्–स्थूल, सूक्ष्म र कारण । जुन देखिन्छ त्यो स्थूल हो, जुन मर्दा सँगै जान्छ, त्यो सूक्ष्म हो र महाप्रलयको बखत जुन मायामा लय हुन्छ त्यो कारण हो । शरीरका यी तीन भेद सधैं नै देखिन्छन् । जाग्रत्मा स्थूल शरीर काम गर्छ, सपनामा सूक्ष्म र सुषुप्तिमा कारण देह रहन्छ । यस्तै प्रकार परमात्माका पनि तीन स्वरूप कहिन्छन् । महाप्रलयमा रहने परमात्माको कारण-स्वरूप हो, सारा विश्व उसैमा लय भएर रहन्छ, त्यस वेला खालि परमेश्वर र उनको प्रकृति या माया मात्र रहन्छन्, सारा जीव प्रकृतिभित्र लय हुन्छन् । जीवमा पनि प्रकृति-पुरुष दुवैको अंश हुन्छ । चेतनता परमात्माको अंश हो र अज्ञान प्रकृतिको । मायाको उपाधिले गर्दा महाप्रलयमा पनि जीव मुक्त हुँदैन । यसपछि सृष्टिको आदिमा फेरि सुतेर बिउँझेझैं आ-आफ्नो कर्मानुरूप नाना रूपमा बिउँझन्छन् । यस प्रकार महाप्रलयमा परमात्माको रूपलाई कारण भन्न सकिन्छ ।

परमात्मा सूक्ष्मरूपले सबै ठाउँमा रहन्छन्, यसैको नाम आदिपुरुष हो, सृष्टिको आदि-कारण यही हो, यिनको नाम पुरुषोत्तम, सृष्टिकर्ता ईश्वर हो । परमात्मा स्थूल रूपले शङ्ख, चक्र, गदा, पद्म धारण गर्ने भगवान् विष्णु हुन्, उनै ब्रह्मा हुन्, उनै शिव हुन्, जो सधैं नित्य धाममा बस्दछन् । उनी भक्तको भावनानुसार नै भगवान् बन्दछन् । यो सारा ब्रह्माण्ड परमात्माको शरीर हो, यसैभित्र हाम्रो शरीर छ, यस न्यायले हामी सबै परमात्माको पेटमा नै छौं ।

एक तत्त्वको कुरा बुझ्नुपर्छ । जब आकाश निर्मल हुन्छ, सूर्य उदाइसकेको हुन्छ, त्यस बेला सूर्यको र हाम्रो बीचमा आकाशमा कुनै चीज देखिंदैन, परन्तु त्यहाँ पानी रहन्छ । यो मान्नुपर्छ- सूर्य र हाम्रो बीचमा पानी भरिएको हुन्छ, परन्तु त्यो देखिंदैन किनकि त्यो सूक्ष्म र परमाणुरूपमा रहन्छ । जब उसमा घनता आउँदछ, अनि क्रमशः उसको रूप स्थूल भएर व्यक्त हुन लाग्दछ । सूर्यदेवको तातोले बाफ बन्दछ । जब बाफ घन हुन्छ, तब त्यसको बादल बन्छ; फेरि उसमा पानीको सञ्चार हुन्छ । पानीको बादल पहाडमाथि हिंड्छ । त्यस बेला कोही त्यहाँ गएमा पानी नपरे तापनि उसको लुगा भिज्दछ । बादलमा पानीको घनता हुनाले थोपा बन्दछ र अधिक घनता भए चाहिं त्यो असिना बनेर बर्सन थाल्दछ । फेरि त्यो असिना या हिउँ गर्मी हुनेबित्तिकै पानी भएर गल्दछ र धेरै गर्मी भएर त्यसको फेरि उही बाफ बन्दछ, बाफ आकाशमा उडेर अदृश्य हुन्छ र अन्तमा पानी फेरि उही परमाणु अव्यक्त रूपमा परिणत हुन्छ । यो परमाणुरूपमा स्थित जलको अत्यन्त सूक्ष्म परमाणुलाई सहस्रगुण स्थूल देखाउने यन्त्रले पनि कसैले देख्न सक्तैन, तर पानी अवश्य रहन्छ नै, नरहेको भए आउँछ कहाँबाट ? यस दृष्टान्तअनुसार परमात्माको स्वरूप बुझ्नुपर्छ । श्रीमद्भागवद्गीतामा भनिएको छ-

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ।।
अधिभूतं क्षरो भावः पुरुषश्चाऽधिदैवतम् ।।
अधियज्ञोऽहमेवाऽत्र देहे देहभृतां वर ।।

अर्जुनका सात प्रश्नमा ६ प्रश्न यी थिए ब्रह्म के हो ? अध्यात्म के हो ? कर्म के हो ? अधिभूत के हो ? अधिदैव के हो ? र अधियज्ञ के हो ? भगवान्ले उपर्युक्त श्लोकहरूमा तिनीहरूका उत्तर दिएका छन्- अक्षर ब्रह्म हो, स्वभाव अध्यात्म हो, शास्त्रोक्त त्याग कर्म हो, नाश हुने पदार्थ अधिभूत हो, समष्टिप्राणरूपले हिरण्यगर्भ द्वितीय पुरुष अधिदैव हो र निराकार व्यापक विष्णु अधियज्ञ म हुँ । उपर्युक्त दृष्टान्तद्वारा यसको दृष्टान्त यस प्रकार बुझिन्छ- (१) परमाणुरूप जलको स्थानमा-

शुद्ध सच्चिदानन्द गुणातीत परमात्मा, जसमा यो संसार न कहिल्यै भयो र छ; जो केवल गुणातीत परम अक्षर हो । (२) बाफरूप जल-

त्यही शुद्ध ब्रह्म अधियज्ञ निराकाररूपले व्याप्त रहने मायाविशिष्ट ईश्वर । (३) बादल -

अधिदैव सबैको प्राणाधार हिरण्यगर्भ ब्रह्मा । सत्र तत्त्वहरूको समूहलाई सूक्ष्म भनिन्छ,

यसमा प्राण प्रधान हो । सबैको प्राण मिलेर समष्टिप्राण हुन्छ, यो समष्टिप्राण प्रलयमा पनि रहन्छ, महाप्रलयमा रहँदैन । यो सत्र तत्त्वहरूको समूह हिरण्यगर्भ ब्रह्माको सूक्ष्म शरीर हो ।

(४) जलका लाखौं-करोडौं थोपा- जगत्का सबै जीव । (५) वर्षा- जीवहरूको क्रिया ।

(६) जलको असिना या हिउँ- यो सृष्टिको स्वरूप यति स्थूल र विनाशशील छ अलिकति तातो लाग्नेबित्तिकै पग्लेर पानी भएझैं तुरुन्त गल्दछ ।

अज्ञान नै चिसो हो । जति अज्ञान हुन्छ त्यत्ति नै स्थूल हुन्छ र जति ज्ञान हुन्छ उति नै सूक्ष्मता हुन्छ । जुन चीज जति गह्रौं हुन्छ उति नै तल खस्दछ, जति हलुका हुन्छ उति नै माथि जान्छ । अज्ञान पनि बोझ हो; पानी अत्यन्त स्थूल भएर जब त्यो हिउँ बन्दछ अनि उसलाई तल खस्नुपर्छ, यस्तै अज्ञानको बोझले स्थूल भएपछि जीवलाई गिर्नुपर्छ ।

ज्ञानरूपी तापको प्राप्तिले नै संसारको बोझ हट्दछ र जसरी तातोले गलेर पानी भइसकेपछि फेरि ताप प्राप्त हुनाले पानी धूवाँ या बाफ भएर माथि उठ्दछ, यस्तै जीव पनि अज्ञान-मोहरूपी संसारबाट माथि उठ्दछ ।

जीवात्मा परमात्माको अंश हो, परन्तु जडता या अज्ञानले जब यो स्थूल हुन्छ अनि यसको पतन हुन्छ । अज्ञान नै अधःपतनको कारण हो र ज्ञान नै उत्थानको कारण हो । जीवात्मा एक चोटि बाँकी सीमासम्म उठेपछि फेरि गिर्दैन । उसको ज्ञानमा सबै कुरा परमेश्वर नै हुन्छ, वास्तवमा तत्त्वबाट त सबै एकै हो । परमाणु, बाफ, बादल, थोपा, असिना, सबै पानी नै त हुन् ।

यस न्यायबाट सबै वस्तुहरू एकै परमात्मतत्त्व हुन् । यसैले भगवान् जसरी, जहिले, जहाँ, जुन रूपमा चाहनुहुन्छ त्यसै रूपबाट प्रकट हुनुहुन्छ, यो कुराको ज्ञान भएपछि साधकहरू सबै ठाउँमा ईश्वर नै देख्दछन् । पानीको तत्त्व बुझ्नाले सबै ठाउँमा पानी नै देखिन्छ, त्यही परमाणुमा र त्यही असिनामा । यस्तै प्रकार स्थूल र सूक्ष्ममा त्यही एक परमात्मा हुनुहुन्छ । अणोरणीयान् महतो महीयान् - यही निराकार-साकारको एकरूपता हो ।

अज्ञानले अहङ्कार बढ्दछ । जति अहंकार धेरै हुन्छ उति नै ऊ सांसारिक वस्तुहरूलाई अधिक ग्रहण गर्छ । जति सांसारिक बोझ अधिक हुन्छ उत्ति नै ऊ तल जान्छ । गुण तीन छन्, यसमा तमोगुण सबैभन्दा गह्रौं छ, यसैले तमोगुणी पुरुष तल खस्दछ । रजोगुण समान हो, यसैले रजोगुणी बीचमा मनुष्य आदिमा रहन्छन् । सत्त्वगुण हलुका हुन्छ, यसैले सत्त्वगुणी परमात्मातर्फ माथि उठ्दछन्- ऊर्ध्वं गच्छन्ति सत्त्वस्थाः मध्ये तिष्ठति राजसः अधो गच्छन्ति तामसाः ।

हलुका कुराहरू माथि उत्रन्छन्, गह्रौं डुब्दछन् । आसुरी सम्पदा तमोगुणको स्वरूप हो, यसैले यसले तल लग्दछ, सत्त्वगुण हलुका हुनाले माथि उठ्दछ । दैवी सम्पदा नै सत्त्वगुण हो, यो ईश्वरको सम्पत्ति हो । यो सम्पत्ति जति-जति बढ्दछ त्यति-त्यति साधक माथि उठ्दछ, अर्थात् परमात्माको अगाडि पुग्दछ । परमात्मा व्यापकरूपले सबैलाई देख्नुहुन्छ र जान्नुहुन्छ- ५८

सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमांल्लोके सर्वमावृत्य तिष्ठति ।। (गीता १३।१३)

उहाँ सबैतिर हात-गोडा, सबैतिर आँखा, टाउको तथा मुख भएको सबैतिर कान भएको हुनुहुन्छ । यस्तो कुनै ठाउँ छैन जहाँ उहाँ हुनुहुन्न, यस्तो कुनै शब्द नै छैन जसलाई उहाँ सुन्नुहुन्न, यस्तो कुनै दृश्य छैन जुन उहाँ देख्नुहुन्न, यस्तो कुनै वस्तु छैन जेलाई उहाँ ग्रहण गर्नुहुन्न र यस्तो कुनै ठाउँ छैन जहाँ उहाँ पुग्नुहुन्न,।

अर्थात् हाम्रा प्रत्येक क्रियाकलापलाई उहाँ देख्नुहुन्छ, परन्तु हामी उहाँलाई देख्न सक्तैनौं । यसमा यो प्रश्न हुन्छ एकै पुरुषको सबै ठाउँमा सबै इन्द्रियहरू कसरी रहन्छन् ? जहाँ-जहाँ आँखा छ त्यहाँ कान कसरी हुन सक्तछ ? यसको उत्तरमा यही भन्न सकिन्छ यो कुरा त ठीक हो, परन्तु परमात्मा यसैले विलक्षण हुनुहुन्छ । त्यो कुनै अलौकिक शक्ति हो, उसमा सबै कुरा सम्भव छ । मानौं, एउटा सुनको डल्लो छ, उसमा चुरा, बाजु, कण्ठी, औंठी आदि सबै गहना सबै ठाउँमा छ । जहाँ इच्छा हुन्छ त्यहींबाट सबै कुराहरू निक्लन सक्तछन् । यस्तै प्रकार त्यो एक यस्तो वस्तु हो जेमा सबै ठाउँ सबै वस्तुहरू व्यापक छन्, सबै त्यसबाट निक्लन सक्तछन् । ऊ सबै ठाउँका र सबैका कुराहरूलाई एकै पटक सुन्न सक्तछ र सबैलाई एकै चोटि देख्न सक्तछ ।

सपनामा आँखा, कान, नाक आदि नहुँदा पनि अन्तःकरण सबै क्रियाहरू आफै गर्छ, र आफैं देख्छ, सुन्छ । द्रष्टा, दर्शन र दृश्य सबै बन्दछ । यस्तै प्रकारले ईश्वरीय शक्ति पनि बडो विलक्षण छ, ऊ सबै ठाउँमा सबै कुरा गर्नमा सर्वथा समर्थ छ । यही त उसको ईश्वरत्व हो र विराट् स्वरूप हो ।

यो समस्त ब्रह्माण्ड त्यस परमेश्वरको स्थूल शरीर हो, जसरी हिउँ पानीको शरीर हो परन्तु उसबाट अलग्ग छैन, यस्तै प्रकारले के संसार पनि वस्तुतः यस्तै नै हो ? के शरीर परमात्मा हो ?

यसको उत्तरमा यही भन्नुपर्छ– हो पनि र होइन पनि । मेरो यस शरीरको कोही सेवा गर्दछन् या यसलाई आराम दिन्छन् तब म उसबाट आफ्नो सेवा र देह आफूलाई आराम हुन्छ यस्तो ठान्दछु, परन्तु वस्तुतः म शरीर होइन, म आत्मा हुँ, तर जबसम्म म यो साढे तीन हातको देहलाई 'म' मान्दछु, तबसम्म त्यो म हुँ तथा यस स्थितिमा चराचर ब्रह्माण्ड ईश्वर हो, सबैले उसको सेवा गर्नुपर्छ, उसको सेवा नै ईश्वरको सेवा हो, संसारलाई सुख पुऱ्याउनु नै परमात्मालाई सुख पुऱ्याउनु हो र जब म यो

शरीर होइन, तब यो ब्रह्माण्डरूपी शरीर पनि ईश्वर होइन। यो आपनो शरीर हो त्यस बेलासम्म त्यो उसको शरीर हो। हामी सबै उसको अंश हौं त ऊ अंशी हो। वास्तवमा अन्तमा हामी आत्मा नै ठहरिन्छौं, शरीर होइन; परन्तु जबसम्म यस्तो ज्ञान-भान हुँदैन तबसम्म यस्तै चालले चल्नुपर्छ। जगत् परमेश्वरमा अध्यारोपित छ। जस्तो डोरीमा सर्पको भानमात्र हुन्छ, तर त्यो वास्तवमा सर्प होइन। सपनाको संसार आफैंमा प्रतीत हुन्छ, मृगतृष्णाको जल या आकाशमा तिरमिर प्रतीत हुन्छ, यस्तै परमात्मामा संसारको प्रतीति हुन्छ। ब्युँझेपछि ब्युँझेकाका लागि सपनाको संसारको असारताको यथार्थ ज्ञान हुन्छ। जबसम्म यो कुरा बुझिंदैन, तबसम्म उपाय गर्नुपर्छ। उपायलाई यथामति बताउनु नै यस पुस्तकको प्रकृत विषय हो।

सारांश यो हो 'ईश्वर' शब्दबाट हाम्रो अभिप्राय संसारको सृष्टि, स्थिति र संहारको कर्ता एवं अनुग्रह र निग्रहको हेतुभूत (कारण स्वरूप) सच्चिदानन्दमय अनन्त–शक्तिसमन्वित सत्ता विशेषसँग छ। भन्नु आवश्यक छैन- यस सत्तामा जुन शक्तिहरू निहित रहन्छन्, तो शक्तिहरूको साम्यावस्था ईश्वरको 'ब्रह्मभाव' भनिन्छ। वैषम्यकालमा कुनै पनि शक्ति प्रधान भएर इतर-शक्तिलाई अभिभूत गरेर प्रकाशित भएर उठ्दछ, यसबाट खालि त्यसै शक्तिको क्रिया देखिन्छ, यस प्रकार पृथक्-पृथक् रूपले सृष्टिमा अनन्त शक्तिहरूको क्रिया दृष्टिगोचर हुन्छ। सृष्टिको अन्तमा कुनै पनि शक्तिको उपलब्धि हुँदैन तथा शक्ति र शक्तिमान् अभिन्न भावले एकरस भएर प्रकाशित रहन्छ। संसारमा जे कुरा छ र होला सबै ईश्वरबाट उद्भूत हो। ईश्वरमा स्थित छ र ईश्वरमा विलीन हुन्छ। यसैले जबसम्म जगत् हुन्छ तबसम्म जगत्को आश्रयरूप जुन प्रकारले जलाशय तरङ्गहरूको आश्रय हुन्छ उस्तै प्रकारले– ईश्वरसत्तालाई अनुसन्धानपूर्व प्रत्यक्ष गर्नुपर्छ, यति मात्र होइन सांसारिक सत्ता पनि मूलतः ईश्वरीय सत्तादेखि अभिन्न छ, यसको पनि उपलब्धि गर्नुपर्छ। प्रलयमा जगत् जेमा विलीन हुन्छ तथा त्यस बेला जो अवशिष्ट रहन्छ, त्यो विशुद्ध ईश्वरीय सत्तालाई पनि बुझ्नुपर्छ। जगत्को स्थितिको समय यसको संरक्षक, नियामक, दर्शक र यहाँसम्म कि भोक्ता रूपले पनि ईश्वरको सत्ता अनुसन्धानयोग्य छ। जुन कला र विद्यारूप शक्तिहरू प्रवाहरूपमा प्रवर्तित भएर व्यावहारिक जगत्को कार्यसाधन गरिरहेछन्, उनको मूल प्रवृत्ति जहाँबाट हुन्छ, त्यही ईश्वर हो। यस प्रकारले पनि सर्वशक्तिको अधिष्ठाताको रूपमा ईश्वरको अस्तित्वको धारणा गर्नुपर्छ।

यो परिदृश्यमान जगत्को पर्यालोचना गर्नाले थाहा हुन्छ- लौकिक प्रत्यक्ष गोचर स्थूल-सत्ताको अन्तरालमा एक शक्तिमयी सूक्ष्म सत्ता वर्तमान रहन्छ। शक्ति बिना कुनै क्रिया हुन सक्तैन। जुन-जुन वस्तुमा क्रिया छ, त्यसको मूलमा शक्तिको प्रेरणा रहन्छ, यो कुरा मान्नैपर्छ। कुनै कौशलले शक्तिको निरोध गर्न सक्नाले यसको फलस्वरूप क्रिया पनि निवृत्त हुन्छ। मनुष्यको शरीरमा दर्शन-श्रवण आदि क्रिया अथवा ग्रहण, गमन, उत्सर्ग आदि क्रियाहरू निरन्तर भइरहन्छन्। यी सबै क्रियाहरूको मूलमा एक शक्ति छ, यसमा कुनै सन्देह छैन। यस्तै प्रकार बाह्य जगत्मा वायुको सञ्चालन, मेघको गर्जन, विद्युत्को दीप्ति इत्यादि नाना प्रकारका क्रियाहरू देखिन्छन्। जब क्रियाद्वारा नै शक्तिको अनुमान हुन्छ, तब विभिन्न क्रियाहरूको पार्थक्यले शक्तिको पार्थक्यलाई पनि स्वीकार गर्नुपर्छ; किन्तु जुन

मानिसले जड-विज्ञानको दृष्टिले शक्तितत्त्वको आलोचना गरेको छ, ऊ जान्दछ-एकजातीय शक्तिबाट अन्यजातीय शक्तिको आविर्भाव हुन्छ। शक्तिहरू खालि परस्पर सम्बद्ध छन् यस्तो कुरा होइन, उनीहरूको मलमा एकभन्दा दोस्रो शक्तिको पत्ता लाग्दैन। एक नै महाशक्तिको आधारभेदले बेग्ला-बेग्लै शक्तिरूपमा प्रकाशित हुन्छ, बेग्लाबेग्लै कार्यगर्दछ एकैव सा महाशक्तिस्तया सर्वमिदं ततम्- चण्डीको यो महावचन बीसौं शताब्दीको विज्ञानले पनि शिर झुकाएर स्वीकार गर्नुपर्छ। तर यस शक्तिको स्वरूप के हो ? भन्न सकिन्न। यस सम्बन्धमा विज्ञानले अहिलेसम्म कुनै पनि समाधान गर्न सकेको छैन। शक्तिको अखण्डरूप विज्ञानलाई दृष्टिगत हुनु त छँदैछ, तर उसको परिच्छिन्न रूपको सम्बन्धमा वैज्ञानिक जगत्मा यथेष्ट गवेषणा भइसक्यो।

आधुनिकतम विज्ञान र शक्ति

प्रत्येक क्षण हामी शक्तिको विविध रूप देख्दैछौं। यसको कार्यकलापसित परिचित भइरहन्छौं। यो सबै जान्दछन्– शक्तिबिना सब कुरा निष्क्रिय हुन्छ। सोच्ने-विचार्ने र लेख्ने-पढ्नेदेखि लिएर जीवनको प्रत्येक क्षणमा हामीलाई शक्तिको अनिवार्य आवश्यकता हुन्छ। शक्तिबिना न त कुनै जीवन सम्भव हुन्छ न सृष्टिको अस्तित्व नै। सामान्य जीवनमा र भौतिक विज्ञान (Physics) मा हामी शक्ति या ऊर्जाको विविध रूप देख्छौं र अध्ययन गर्दछौं। प्रकाश, विद्युत्, ताप र चुम्बक इत्यादिको अध्ययन विज्ञानको प्रत्येक विद्यार्थी गर्दछन् र जान्दछन् यो शक्ति या ऊर्जा (Energy) हो, तर जुन विद्युत्-शक्तिले गर्दा वर्तमान युगका तमाम चमत्कार हामी देखिरहन्छौं, जुन तापशक्तिले सृष्टिको पालन भइरहेछ र जुन प्रकाश-शक्तिले हामी जीवन धारण गरिरहेछौं तीं-शक्तिहरूलाई कसैले कहिल्यै आँखाले देखेको छ ? छैन। शक्ति अदृश्य छ। प्रकाशलाई कसैले देखेको छैन। यो प्रकाशशक्ति अदृश्य भएर पनि सबै वस्तुहरू देख्नमा हामीलाई समर्थ बनाउँछ। यस्तै प्रकार अरू शक्तिहरू पनि अदृश्य छन्।

हाम्रा धर्मग्रन्थहरूले सम्पूर्ण चराचर जगत्लाई ब्रह्मको 'वैवर्तरूप' मानेका छन्, तर शक्तिको त्यो 'परिणाम' मानिएको छ, यसैले यो समस्त दृश्य र अदृश्य पदार्थ एवं समस्त दृश्य र अदृश्य संसार शक्तिको नै रूप हो। वर्तमान युगका महान् विज्ञानवेत्ता आइनस्टाइनले गणितीय विधिहरूले यो सिद्ध गरेका थिए पदार्थ केही होइन ऊर्जा या शक्ति हो र ऊर्जा केही होइन पदार्थ नै हो र यो पनि सिद्ध गरेका थिए– प्रकाशलाई पदार्थरूपमा बदल्न सकिन्छ। हामी जान्दछौं- प्रकाश पदार्थ होइन, शक्ति (Energy) हो, तर जब शक्तिलाई पदार्थरूपमा बदल्न सकिन्छ त पदार्थ पनि शक्तिको रूपान्तर हुन्छ। यो त पहिले नै जानिएको थियो–एक शक्तिलाई दोस्रो शक्तिको रूपमा बदल्न सकिन्छ। जसरी विद्युच्छक्तिलाई बल्बस्थित विद्युन्निरोधक तन्तु (Resistant Wire) को सहायताले प्रकाश-शक्तिमा बदलेर, त्यही विद्युन्निरोधक तन्तुको सहायताले विद्युत्लाई ताप-शक्तिमा बदलेर तथा त्यही विद्युद्धारा फलाममा बेरिएर तारबाट प्रवाहित भएर चुम्बक-शक्तिमा परिणत

हुन्छ । तर शक्तिलाई पदार्थरूपमा बदल्ने यो सिद्धान्त अत्यन्त महत्त्वपूर्ण छ। पदार्थमा एक निश्चित भार हुन्छ र जब शक्तिलाई भारमा बदलिन्छ उसको पनि भार हुनुपर्छ । तर त्यो भार के हो ? सबै भार तुलनात्मक नै हुन्छ, यसैले उसको एक एकाइ पनि छ, जेसित अरूको तुलना हुन्छ त्यो एकाइ सबैभन्दा सूक्ष्मबाट आरम्भ हुन्छ जस्तो भौतिक शास्त्रमा हाइड्रोजनबाट । हाइड्रोजन नै भारको एकाइ हो । तर सबै शक्तिको भार आजसम्म जान्न सकिएन (यद्यपि पदार्थरूपमा यसको भार हुनुपर्छ) यसका लागि यो सूक्ष्मतम छ, अतः अब शक्तिलाई नै सबैको मूल, सबैको एकाइ मान्नुपर्छ र यस्तै प्रकार आइनस्टाइनको उही सिद्धान्तअनुसार यो पनि हुन्छ– यो चराचरको समस्त सूक्ष्म र स्थूल पदार्थ शक्तिको रूप नै हो, यो शक्तिहरूको एकाइ पनि कुनै महाशक्तिको बदलिएको रूप हो, यसैले 'द्रव्यको' कहिल्यै पनि नाश हुँदैन, उसको रूपान्तर मात्र हुन्छ । रसायनशास्त्र (Chemistry) को आधार यही सिद्धान्त छ, द्रव्य अविनाशी छ, सात सेर फलाम र चार सेर गन्धक मिल्नाले एघार सेर नै फलाम सल्फाइड बन्दछ । यद्यपि लौह-सल्फाइडमा फलाम या गन्धक कुनैको गुण पनि विद्यमान हुँदैन तापनि यो यौगिक (मिश्रण) को भारमा कुनै अन्तर पर्दैन । दुई परमाणु हाइड्रोजन र एक परमाणु अक्सिजनको मिसावटले एक अणु पानी बन्दछ । यस पानीमा न त हाइड्रोजनको गुण हुन्छ न अक्सिजनको नै, तर द्रव्यको नाश त्यहाँ पनि भएन । यसै पानीलाई विद्युद्धाराले विभाजित गरेर हामी फेरि दुई परमाणु हाइड्रोजन र एक परमाणु अक्सिजन पाउन सक्तछौं । प्रकृति आफ्नो गुण-परिवर्तन गर्छ, त्यसको नाश हुँदैन ।

जुन प्रकारले द्रव्यको अविनाशिताको नियम छ उस्तै प्रकारले Thermo-Chemistry मा शक्तिको अविनाशिताको नियम (Law of Conservation of energy) आउँदछ । शक्ति न त शून्यबाट उत्पन्न गर्न सकिन्छ, न शून्यमा त्यसको लय नै हुन सक्तछ । यसलाई यसप्रकार पनि सम्झाउन सकिन्छ– जब द्रव्य शक्तिको रूपान्तर हो त द्रव्य अविनाशी हुनाले शक्ति पनि अविनाशी हो ।

यस प्रकार यो सिद्ध भयो–यो स्थूल जगत् पनि शक्तिको नै स्थूल रूप हो, होइन भने तात्त्विक दृष्टिले यो अवास्तविक हो। यसमा यदि हामी तर्क गरौं–जुन रूप वा जे-जति हामी देखिरहेछौं, त्यो सत्य नभएर अवास्तविक कसरी भयो ? त हामी स्वप्नावस्था र-जाग्रदवस्थाको दृष्टान्त दिन्छौं । सपनामा जुन समय हामी आफ्नो जन्म-मृत्यु, दुःख-सुख इत्यादि देख्दछौं हामीलाई त्यो पूर्ण सत्य लाग्दछ । त्यसबेला जाग्रत् संसारको स्मृति हामीलाई रहँदैन । त्यस बेला यो संसार नै असत्य हुन्छ । तर फेरि जाग्रत् हुँदा त्यो सपनाको संसार असत्य र यो जाग्रत्को संसार सत्य प्रतीत हुन्छ । तात्त्विक दृष्टिले सत्य कुनै पनि छैन । सिनेमामा हामी जे कुरा देख्दछौं, त्यो के हो ? त्यो त चित्र पनि होइन चित्रको छाया हो । तर त्यो देखेर के हाम्रो मनमा विभिन्न भाव उठ्दैन ? नायक-नायिकाहरूको सुख-दुःखले के हामी सुखी या दुःखी हुँदैनौं ? तात्त्विक दृष्टिले त त्यहाँ पनि केही छैन, खालि प्रकाश र छायाको चमत्कार, एक प्रकारको दृष्टि-भ्रम । 'थ्री डायमेन्शन' चित्रहरूमा यो अनुभूति विशेष रूपले हुन्छ, हामी सत्य दृश्य नै हेरिरहेछौं; किनकि जुन तीन परिमाणहरू-लम्बाइ, चौडाइ र उचाइले यो जगत्को रचना भएको

छ, यी तीनै कुरालाई यी चित्रहरूमा स्थान दिइएको छ। (एक चौथो आयाम कालको पनि हो, तर एक रूसी वैज्ञानिकले यो सिद्ध गरेका छन्– काल दिक् देशभन्दा अलग्ग छैन र दिक् समाप्त भएपछि काल पनि स्वयं समाप्त हुन्छ, तर यो चौथो आयामको अधुरो परिभाषा हो। पछि शायद यसमा परिवर्तन हुन्छ)–सिनेमामा सबै चित्र रिलमा अलग-अलग्गै हुन्छ र त्यसमा यस सिद्धान्तले काम गर्छ- कुनै पनि दृश्यको प्रभाव हाम्रो आँखामा १/१० सेकेन्डसम्म रहन्छ र यदि यही १/१० सेकेन्डभित्र कुनै दोस्रो दृश्य आए त हामी वास्तविक निर्णय गर्न सक्तैनौं। कुनै पनि दृश्यलाई हामी एकै समयमा देख्न सक्तैनौं, तर एक लाख छयासी हजारौं सेकेन्डको अन्तरबाट देख्दछौं; किनकि प्रकाशको गति यही हो। यो हाम्रो दृष्टि-भ्रम नै हो जुन यो बेग्लाबेग्लै चित्रहरूको छाया धाराप्रवाह रूपमा देखिन्छन्। दृश्य र अदृश्य पदार्थहरूमा पनि यस्तै हुन्छ। विज्ञानका विद्यार्थी जान्दछन्– व्यासको अवस्था त्यो हुन्छ जेमा तत्त्व या यौगिकको परमाणु या अणु टाढा-टाढा छिटो घुम्दछ। यही घुम्ने तीव्रताको र अणु-परमाणुहरूको दूरी यदि उच्च चाप र निम्न तापमानद्वारा धेरै गरिदिए त त्यो पदार्थको द्रवावस्था हुन्छ र यदि यस द्रवको अणु-परमाणुहरूको दूरी र तीव्रता र अधिक उच्च चाप तथा अति निम्न तापमानद्वारा कम गरिदिए त त्यो पदार्थको ठोस अवस्था हुन्छ। यसबाट यो सिद्धान्त निस्क्यो– वस्तु दृश्य या अदृश्य हुनु उसको प्रकम्पमा आधृत छ। यदि कुनै स्प्रिङ्गको तारलाई जोडले तानेर छोडिदिए त्यसमा भीषण प्रकम्प पैदा हुन्छ। यो प्रकम्प (Frequency per second) जति धेरै हुन्छ, स्प्रिङ्ग देखिंदैन। जति-जति प्रकम्प कम भएर जान्छ, स्प्रिङ्ग देखिन्छ। यी हरेक अवस्थाहरूमा स्प्रिङ्ग स्थूल रूपमा विद्यमान थियो, तर कम्पन धेरै हुनाले त्यो अदृश्य थियो। मृगतृष्णा के हो? हावाका बेग्लाबेग्लै घनत्वहरूद्वारा विचलित पथबाट आएको प्रकाशबाट उत्पन्न दृष्टिभ्रम नै त हो। हावालाई कसले देखेको छ? तर यसको अस्तित्व छ कि छैन? यस हावालाई उच्च चाप र निम्न तापमानमा द्रव र ठोस रूप दिन सकिन्छ। यो हावाको दृश्य रूप भयो। बाफ, पानी र हिऊँ पानीका तीन अवस्था भए। तात्त्विक दृष्टिले सबै पानी नै हो। कीइला र हीरामा के अन्तर छ? दुवै कार्बन हुन्। त हामी जे कुरा जुन रूपमा देख्दछौं त्यही अन्तिम सत्य होइन। यो विश्व इन्द्रजालको खेल हो, जेमा केही केही प्रतीत भइरहेछ।

यो समस्त चराचर जगत्को यावत् (सबै) पदार्थ शक्तिको नै स्थूल रूप हो, यो हामीले पहिले नै बताइसक्यौं। किनकि एक शक्तिलाई दोस्रो शक्तिमा बदल्न सकिन्छ, त एक पदार्थलाई अर्को पदार्थमा पनि अर्थात् फलामलाई सुनमा पनि बदल्न सकिन्छ। वैज्ञानिक दृष्टिले तब हामीले तत्त्वहरूको परमाणु-रचनामा ध्यान दिनुपर्छ। यदि एक तत्त्वको परमाणुको इलेक्ट्रोनको संख्या अर्को तत्त्वको परमाणुका इलेक्ट्रोनको संख्या बराबर गर्न सके त एक तत्त्वलाई अर्को तत्त्वमा बदल्न सकिन्छ। यो सबैको अर्थ यो हो सारा पदार्थ, सारा शक्तिहरू बेग्लाबेग्लै प्रतीत भए तापनि एक नै हो, जेलाई हामीले पहिले नै एकाइको रूपमा मान्यौं, जुन अविनाशी छ, र जसबाट सबैको उत्पत्ति र जेमा सबैको लय हुन्छ। शक्ति बाहेक अरू केही छैन। सारा सृष्टि शक्तिको नै रूप हो। तिनै आदि-शक्ति हाम्रो दुर्गा हुन्, सरस्वती हुन्, लक्ष्मी हुन्। उनै जगज्जननी र महाकाली हुन्।

विज्ञानको दृष्टिमा शक्तिको स्वरूप जुन माथि बताइयो, त्यसको दोस्रो अन्तिम विश्लेषण पनि विचारणीय छ । त्यसलाई निम्नलिखित प्रकारले सम्झाउन सकिन्छ–

सृष्टिको पहिलो पदार्थ अणु-परमाणुहरूको समूह हो । विभिन्न प्रकारका अणु-परमाणु र विभिन्न प्रकारका पदार्थ– प्रत्येक पदार्थ कुनै ठाउँ घेर्दछ तथा एक निश्चित समयसम्म रहिरहन्छ । तर पदार्थ हो के ? यो अनेक साना टुक्राहरू, अणु-परमाणुहरूको समूह हो । अब एक टुक्रालाई लिऊँ, उसको सानोभन्दा सानो भागको अझ सानो र झन् सानो भाग बनेको सोच्दै जाऊँ र अन्त भयो– केही छैन– शून्य । गणितशास्त्रमा कुनै वस्तुलाई अनन्तले विभाजित गर्नाले त्यो शून्य हुन्छ । त पदार्थमात्र खालि अनन्त शून्यको सङ्घात मात्र हो ।

काल के हो ? एक क्षण ? होइन, त्यसको सानोभन्दा सानो अनन्तौं भाग– केही होइन, शून्य । त यस्तै हिसाबले पदार्थ र काल दुवै नै अनन्त शून्यको सङ्घात हो । एक प्रतीति मात्र हो अरू केही होइन ।

यो अनन्तता विशुद्ध गति हो र शून्यता विशुद्ध स्थिति । विज्ञानमा यो कन्टिनुअम र क्वान्टम (Contineum and Quantum) हो । तन्त्रशास्त्रमा यही नाद र बिन्दु हो । नाद अनन्त गति हो । बिन्दु शून्यरूप स्थिति हो । यस सृष्टिमा जे-जति देखिन्छ त्यो नाद र बिन्दुको नै उन्मिषित रूप हो, गति र स्थितिको विलास हो । नाद ब्रह्मको इच्छाशक्ति हो, बिन्दु क्रियाशक्ति । 'नाद' शब्द नाम हो, 'बिन्दु' रूप हो । नाद पदरूपमा छ त बिन्दु पदार्थ रूपमा ।

नाद या शब्द के हो ? वस्तुतः यो कम्पन हो । विज्ञानमा भाइब्रेशन (Vibration) र उपनिषद्हरूमा 'एजन' हो । कुनै वस्तुमा जब प्रकम्प हुन्छ त शब्द उत्पन्न हुन्छ र कुनै वस्तुको दृश्यमान या अदृश्य हुनु पनि प्रकम्पनमा नै आधृत हुन्छ, यो पहिलेको स्प्रिङ्गको उदाहरणबाट नै स्पष्ट छ । र, वस्तु भएर पनि नदेखिनु या नभएर पनि देखिनु माया हो ।

प्रतिसेकेन्ड बीसदेखि चालीस हजारचोटिको कम्पन (Frequency Per Second द्वारा उत्पन्न ध्वनिलाई हामी सुन्न सक्तछौं, यसभन्दा माथि या परवर्ती नादलाई होइन । यो परवर्ती नाद 'अनहद नाद' हो, योगीहरू जसको अभ्यास गर्दछन् । यही नाद आफ्नो चरम सीमामा ॐकार रूपमा नाद-ब्रह्म हो ।

बिन्दुलाई, हामी गणितीय बिन्दु लिऊँ त यो आयामरहित छ । यस बिन्दुलाई एउटा गणितीय रेखाले लपेटेको छ जो यसको प्रत्येक भागलाई स्पर्श गर्छ, अर्थात् दुवै मिलेर एक बिन्दुमय हुन्छ । रेखा 'शक्ति'को वृत्तीय प्रकृति हो, यसैले वस्तुहरूमा वक्रता हुन्छ । भनौं– कुनै सरल रेखामा गति सम्भव छैन, यसैले प्रत्येक ग्रह-उपग्रह वक्र पथहरूमा गतिशील छन् र यस प्रकार विभिन्न ब्रह्माण्डहरूको निर्माण गर्दछन् ।

'इलेक्ट्रोन थ्योरी'-का अनुसार परमाणु सौर-मण्डलसँग मिल्दो-जुल्दो एउटा लघु (सानो) ब्रह्माण्ड हो । यसको केन्द्रमा धनात्मक विद्युदावेशयुक्त प्रोट्रोन (यो केन्द्रमा न्यूट्रोन पोजि-

ट्रोन, ह्वीपार्टिकिल्स आदि पनि) छ तथा यसको चारैतिर वृत्ताकार रूपमा तीव्र गतिले घुम्ने इलेक्ट्रोन छ जुन ऋणात्मक विद्युदावेशयुक्त हुन्छ र विभिन्न कक्षाहरूमा स्थित छन् । यी दुवै आवेश मिलेर परमाणुलाई सन्तुलित राख्दछन् । यस्तै नै सारा विश्वमा भइरहेछ । जुन पिण्डमा हुन्छ त्यही ब्रह्माण्डमा हुन्छ । विश्वमा सारा ग्रह सूर्यको चारैतिर घुम्दछन् र सूर्यसहित सारा ग्रह-मण्डल पनि अरू कुनै सापेक्ष स्थिर केन्द्रको चारैतिर घुम्दछन् र यस प्रकार हामी निरपेक्ष सर्वनियन्ता, स्थिर ब्रह्म-बिन्दुसम्म पुग्दछौं ।

शक्तितन्त्रमा शिव र शक्तिको सम्मिलित स्वरूपलाई चणक (चना) नामले अभिहित गरेको छ । एक चणक (चना) मा दुई दल हुन्छन्, तर एक-अर्कोमा यति टाँसिएर रहन्छ एकै नै भन्ने भान पर्छ । यो एकै नै बोक्राले बेरिएको छ । यी दुवै दल शिव र शक्ति हुन्, र जुन बोक्रा छ त्यो माया हो । यस संकेतलाई वैज्ञानिक भाषामा यस प्रकार प्रकट गर्न सकिन्छ– शिव धनात्मक आवेश हो र शक्ति ऋणात्मक । यी आवेशहरूले उत्पन्न बल-क्षेत्र नै मायाको स्वरूप हो ।

यी दुबैका कारण नै यो सृष्टि हो, जुन माया हो । यी दुबै परस्पर एक-अर्कामा लीन भएमा मायाको क्षेत्र अर्थात् जगत्को लोप हुन्छ । विनाशक्तिको शिव शव हुन्छ, अर्थात् निष्क्रिय गति-शून्य । त एक्लै धनात्मक आवेशरूपमा पनि शिव संसारको रचना गर्नमा समर्थ हुँदैन । तर धनात्मक-ऋणात्मक एक नै शक्तिका दुई आवेश-प्रकार हुन्, जुन विद्युत्-युक्त हुन्छन् । दुबै नै मूलतः एक भएर पनि दुई रूपमा विश्व-प्रपञ्च देखाउनका लागि हुन् । यिनीहरू एकरूप हुनु नै महाप्रलय हो । योग-वाशिष्ठमा महाप्रलयको समय जुन महाकाली उत्पन्न हुन्छिन् र फेरि शिवमा लीन हुन्छिन् त्यससँग यी विद्युदावेशहरूको तुलना गरौं । जब यी दुवै मिलेर एक हुन्छन्, दुवैमा के अन्तर? तर अब पनि प्रश्न उठ्दछ के यो भौतिक जगत्को यो विद्युत्बिन्दु नै त्यो शिव या शक्ति हो? होइन। पिण्डे पिण्डे ब्रह्माण्डे ब्रह्माण्डे– का अनुसार जो पिण्डमा छ त्यही ब्रह्माण्डमा छ, त जुन विद्युन्मय 'त्यो' छ उसैको प्रतिरूप यहाँ पनि हुन्छ । शरीरमा असी र वरुणा नाडीहरूको सङ्गमस्थानहरूलाई नै 'वाराणसी' भनिएको हो जहाँ बस्नाले (प्राण केन्द्रस्थ गर्नाले भन्ने अभिप्राय हो) मोक्षको प्राप्ति हुन्छ । यो स्थान भ्रूमध्य हो । यही शङ्करको तेस्रो नेत्र हो । उसैको प्रतिरूप यस संसारमा असी र वरुणा नदीको सङ्गममा रहेको वाराणसी हो, जसलाई काशी पनि भनिन्छ ।

यो धनात्मक-ऋणात्मक रूप नर र नारीको रूपमा पनि समस्त सृष्टिमा व्याप्त छ । अर्धनारीश्वरको जुन प्रतिरूप यस संसारमा छ, त्यही परमाणुको इलेक्ट्रोन र प्रोट्रोनमा पनि । यसमा 'जो' आवेश–क्षेत्र या माया उत्पन्न गर्दछ त्यही महामाया हो । मूलतः एक भएर पनि सृष्टि, पालन र संहार गर्दछिन् ।

दुर्गा-सप्तशतीको-'प्राधानिक-रहस्यम्' मा लेखिएको छ सृष्टिको आदिमा एक महालक्ष्मी नै थिइन् । उनैले आफ्नो शरीरबाट ठीक आफ्नै आकार-प्रकारकी काली स्त्रीलाई प्रकट गरिन्, जसको नाम महाकाली भयो । पछि अरू देवी-देवताहरूको उत्पत्तिको वर्णन छ । जुन महालक्ष्मी सुवर्णको

ईं कान्तिले युक्त थिइन् । वैज्ञानिक भाषामा यसको स्पष्टीकरण यस प्रकार पनि हुनसक्तछ– विद्युत्-को ऋणात्मक र धनात्मक आवेश जब आपसमा मिल्दछ, तेज या प्रकाश उत्पन्न हुन्छ । यसरी इलेक्ट्रोन र प्रोटोन अर्थात् परमाणुको ऋणात्मक र धनात्मक आवेश पनि जब एकमा मिलेका थिए त त्यो बिन्दु एक तेजःपुञ्जको रूपमा नै थियो, जुन एक्लो थियो, अद्वैत थियो । यही सृष्टिको लयको स्थिति हो । विज्ञानले यो मानेको छ– परमाणुका यी आवेश-बिन्दुहरूमा आफ्नो इच्छाशक्ति पनि हुन्छ । अब जबसम्म प्रोटोन बिन्दुबाट इलेक्ट्रोन बिन्दु अलग हुँदैन, सृष्टिको प्रक्रिया या मायाको क्षेत्र उत्पन्न हुँदैन । इलेक्ट्रोन जब प्रोटोनबाट अलग्ग भयो त त्यो शक्तिपुञ्जको आवेश नै महाकालीको रूप भयो । प्रकाशको अभाव नै अन्धकार हो जुन कालो छ। किनभने दुवै आवेशहरू अलग भएमा त्यो एक बिन्दु, तेजःपुञ्ज रहेन, खालि इलेक्ट्रोनमा त्यो प्रकाशको सर्वथा अभाव भएर त्यो शक्तिको रूपमा सक्रिय भयो– त्यो महाकालीको रूप हो । अब अरू देवी-देवताहरूका उत्पत्तिहरूमा पनि ध्यान दिऊँ– मूलतः सबै एकै हो । यिनीहरूको उत्पत्तिलाई हामी भिन्न-भिन्न तत्त्वहरूको रचनामा हेर्रौं, जहाँ उही इलेक्ट्रोनको बेग्लाबेग्लै संख्या बेग्लाबेग्लै कक्षाहरूमा तीव्र गतिले घुमेको विभिन्न प्रकारका तत्त्वहरूलाई बना-उँछ । यो सम्पूर्ण विश्व नै तत्त्वहरू र यौगिकले निर्मित छ । सबैको मूलमा खालि ऋण-धन विद्युत्को आवेश नै छ । विज्ञानको भाषामा त्यही शक्ति हो, त्यही शिव हो ।

हामीले पहिले नै भनिसक्यौं अनेक शक्ति रूपहरूमा पनि मूलशक्ति एक नै छ र यी सबै शक्तिहरू त्यो महाशक्ति या अनन्तशक्तिको एक छाया हो, एक किरण हो । तर एक थोपा पानी पनि पानी हो र सागरको पानी पनि पानी हो । तात्त्विक दृष्टिबाट दुवै एकै हो । यस्तै प्रकार शक्ति र महा-शक्तिको अन्तर सम्झनुपर्छ । माथि हामीले यो पनि भनिसक्यौं ऋणात्मक-धनात्मक विद्युदावेश पनि मूलतः एक नै हो, तर मायाको क्षेत्र उत्पन्न गर्नका लागि तिनीहरू बेग्लाबेग्लै छन् । एकको हुनुमा अर्काको हुनु पनि अनिवार्य छ । यो उस्तै प्रकार छ जुन प्रकार प्राण स्त्री-पुरुष नहुँदा पनि स्त्री-पुरुषरूपी देहमा गएर नै दुवैको सहयोगद्वारा सृष्टि गर्न समर्थ छ । विज्ञानको यो तत्त्वलाई यस प्रकार स्पष्ट गरेको छ । शिव-शक्ति भेदको उत्तर आफै आमा दिन्छिन् । एकचोटि देवताहरूले गएर भगवतीसँग सोधे– काऽसि त्वं महादेवी ? हे महादेवी ! तपाईं को हुनुहुन्छ ? त भगवतीले उत्तर दिनुभयो– अहं ब्रह्मस्वरूपिणी, मत्तः प्रकृतिपुरुषात्मक जगत् (श्रुति) । म ब्रह्मस्वरूपिणी हुँ, प्रकृति-पुरुषात्मक जगत् मबाट उत्पन्न भएको हो । मुण्डमालातन्त्रमा शिव र शक्ति यस्ता कहिएका छन्–

यथा शिवस्तथा दुर्गा या दुर्गा विष्णुरेव सः ।
अत्र यः कुरुते भेदं स नरो मूढदुर्मतिः ॥
देवीविष्णुशिवादीनामेकत्वं परिचिन्तयेत् ।
भेदकृन्नरकं याति रौरवं नाऽत्र संशयः ॥

भगवान् श्री शङ्कराचार्यले जुन अद्वैतवादलाई प्रतिपादन गरे, जुन सत्यलाई हाम्रो श्रुति-स्मृतिले गाए, विज्ञानको अन्तरालमा पनि त्यही सत्य आश्चर्यजनक रूपले मिल्दछ । विज्ञान यो

महासत्य स्वीकार्न हिचकिचाउँछ तर आखिर यो हिचकिचाहट कतिसम्म रहन्छ ? यसैले ए साथी विज्ञान ! आफ्नो जेठो दाजु धर्मको साथै मिलेर एकै होऊ । यसमा तिम्रो ठूलो श्रेय हुन्छ । होइन भने त कहीं यस्तो नहोस् कुनै पौराणिक तिमीलाई कुनै भयानक राक्षसको नाम रूप दिएर दैत्यकुलको वंशावलीमा सामेल नगरिदेओस् !

सारांश यो हो शक्ति नै घनीभूत भएर, भौतिक सत्ताको रूपमा आविर्भूत हुन्छ, तब त्यसबाट यस्ता अनेकौं विकास हुन्छन्, जसको अस्तित्व विशुद्ध शक्तिको अवस्थामा खोज्नाले पनि मिल्दैन, वस्तुतः भौतिक रूप नियन्त्रित अथवा बद्ध अवस्था मात्र हो, किनकि शक्तिलाई यन्त्रद्वारा बद्ध गर्न नसक्नाले उसबाट स्थूल भावको विकास सम्भव हुँदैन । दोस्रो प्रकारले यो बन्धन मुक्त गरिदिनाले अर्थात् स्थूलभावले स्थूलत्वलाई हटाउनाले सत्ता विशुद्ध शक्तिको रूपले नै पर्यवसित हुन्छ । अतएव शक्ति र भौतिक सत्ता, अवस्थागत भेद रहनाले पनि वास्तवमा अद्वैत हो । शक्तिको यो नियन्त्रित अवस्थालाई सृष्टिमा हामी निरन्तर सर्वत्र देखिरहेछौं, विशुद्ध शक्तिको स्वरूपलाई साधारणतः कोही प्रत्यक्ष देख्न सक्तैन तथा कोही शक्तिशाली पुरुष यदि उसलाई देखाउँछ भने पनि साधारण जीव उसको तेजलाई सहन सक्तैन । सांसारिक क्रिया, परिणाम, विपाक आदि व्यापारहरूबाट साधारण मनुष्य केवल शक्तिको अनुमान गर्न सक्छ । यसभन्दा अधिक अग्रसर हुने अधिकार साधारण मनुष्यहरूलाई त छँदैछैन, जड-विज्ञानवादी वैज्ञानिकहरूलाई पनि हुँदैन । जुन मानिस विचारशील एवं कर्मी छ, अर्थात् जो मान्छे खालि प्रवाहको साथ नबहेर आफ्नो विवेक र विचारको आश्रयबाट दृश्यमान वस्तुको सूक्ष्म तत्त्वलाई खोज्नका लागि उद्यमशील हुन्छ, उसले यो स्वीकार्नैपर्छ यो स्थूल सांसारिक अवस्थाको अन्तरालमा एक विराट् शक्तिमय अवस्था छ । आस्तिक र नास्तिक, ईश्वरको विश्वासी अविश्वासी सबैले यो स्वीकार्नु पर्छ, तर प्रश्न यो छ यस शक्तिको स्वरूप के हो ? यो शक्ति चेतन हो या जड । यसको विवेचना गर्नुभन्दा अघि यो हेर्नुपर्छ– यसको साथ मानवीय इच्छाशक्तिको कुनै सम्बन्ध छ या छैन ? किनकि इच्छालाई मध्य-भूमिमा राख्न नसक्नाले एकातिर ज्ञान र अर्कातिर क्रियाको पारस्परिक सम्बन्ध स्थापित गर्न सकिन्न । क्रियाबाट खालि शक्तिको अनुमान गर्न सकिन्छ, तर त्यो शक्ति इच्छारूपी भएन भने त त्यसबाट ज्ञानको अस्तित्व सिद्ध हुन सक्तैन । त्यस्तै नै ज्ञानबाट इच्छाको विकास कुन प्रकार हुन्छ, यसलाई नजान्नाले तथा इच्छाशक्तिको रूपमा उपलब्धि नहुनाले त्यसबाट क्रियाको उत्पत्ति हुनु युक्तिद्वारा सम्झाउन सकिन्न । जुन विराट् महाशक्तिको क्षुद्रतम अंशको प्रभावबाट विशाल जगत्को अनन्त प्रकारका क्रियाहरू निष्पन्न हुन्छन्, उससँग इच्छाशक्तिको के सम्बन्ध छ, यही सर्वप्रथम विचारणीय छ ।

साधारण दृष्टिबाट सांसारिक क्रियाकलापलाई इच्छाकृत एवं अनिच्छाकृत यी दुई भागहरूमा विभक्त गर्न सकिन्छ । इच्छाबाट जुन कार्य निष्पन्न हुन्छ, त्यो इच्छाकृत कार्य तथा उसदेखि भिन्न सबै कार्य अनिच्छाकृत एवं स्वाभाविक हुन्छ । मनुष्यको देहमा जुन यान्त्रिक क्रियाहरू हुन्छन्, तिनमध्ये अधिकांश इच्छापूर्वक हुँदैनन् ।

तर यस कुरालाई धेरै मानिस जान्दछन् यी सारा अनैच्छिक क्रियाहरू पनि विशेष चेष्टा

र कौशलद्वारा दीर्घकालमा इच्छाको अधीन हुन सक्तछन् । अतएव दैहिक क्रियाहरूबाट जुन साधारणतया इच्छाधीन हुँदैन, ती पनि कालक्रमले इच्छाधीन हुन सक्तछन् । यसबाट स्पष्ट नै सम्झन सकिन्छ मनुष्यको इच्छाशक्ति यदि त्यस प्रकारले परिचालित एवं परिशोधित भए त त्यस-बाट देहका समस्त क्रियाहरूलाई नियन्त्रित गर्न सकिन्छ। जब इच्छाद्वारा कुनै पनि कार्यको प्रवृत्ति, निवृत्ति अथवा परिवर्तन सम्भव हुन्छ, तब फेरि यो स्वीकार नगरी सुख छैन– इच्छा नै क्रिया अथवा कार्यको मूल हो । अवश्य नै यो दैहिक क्रियाको विषयमा भनिएको हो, किन्तु बाह्य क्रिया पनि यस प्रकार व्यक्तिविशेषको इच्छाद्वारा नियन्त्रित गर्न सम्भव भए त बाह्य क्रियाको मूलमा पनि इच्छाशक्ति हुन्छ, यसमा सन्देह (शङ्का) रहँदैन । यो इच्छाशक्तिको मात्रा सबैतिर समान छैन । यसैले यसबाट जति बाह्य क्रियाहरू निष्पन्न हुन्छन् ती पनि सबै क्षेत्रहरूमा समान हुँदैनन् । अर्थात् यो स्वीकार्न सकिन्न-इच्छाशक्तिको तीव्रता सर्वत्र समान नै हुन्छ। अतएव जुन शक्तिले बाह्य जगत् एवं अन्तर्जगत्मा सबै प्रकारका क्रियाहरू निष्पन्न हुन्छन्, त्यो इच्छास्वरूप नै हो । जुन जड शक्तिहरूबाट हामी परि-चित छौं वस्तुतः ती सबै खालि इच्छाशक्तिका विभिन्न अवस्थाहरू हुन् । यस्तो नहुँदो हो त ती शक्ति-हरूको विपरीत इच्छाशक्तिले कार्य गर्न सक्तैनथ्यो । मध्याकर्षण-शक्ति, वैद्युतिक शक्ति, आणविक आकर्षण र विकर्षणशक्तिका यो समस्त शक्तिहरू विशुद्ध र संयत इच्छाद्वारा अधीन हुन सक्तछन् । भन्नु आवश्यक छैन आविर्भूत इच्छाको मात्राको अपेक्षा जुन शक्तिको मात्रा कम हुन्छ, त्यो इच्छा-द्वारा अभिभूत हुन्छ । एवं जसको मात्रा अधिक हुन्छ, त्यो प्रवल हुनाले इच्छालाई अभिभूत गरेर राख्दछ । प्राक्तन इच्छा नै वर्तमान कालमा जड-शक्तिको रूपमा प्रकटित हुन्छ । वर्तमान इच्छा प्राक्तन शक्तिको विरोधी हुनाको कारण जब प्रवल हुन्छ, तब प्राक्तन इच्छा आफैमा अभिभूत हुन्छ । जड-शक्तिको नै अर्को नाम अदृष्ट हो एवं इच्छाशक्तिको अर्को नाम पुरुषार्थ हो । वस्तुतः यी दुवै शक्तिहरूमा कुनै भेद छैन । बोध-क्षेत्रमा शक्तिको प्रकाश हुनाले यही इच्छा अथवा पुरुषार्थको रूपमा अभिव्यक्त हुन्छ । अर्कोतिर अबोध भूमिमा अर्थात् बोधराज्यको तल-देशबाट यदि शक्तिको विकास हुन्छ त उसैलाई अदृष्ट या जड शक्ति सम्झनुपर्छ । वस्तुतः दुवै शक्तिहरू एक नै हुन् ।

जब हाम्रो परिचित ज्ञानको आलोक क्रमशः अधिकतर विशुद्ध भएर निर्मल प्रकाशको रूपमा परिणत हुन्छ, तब थाहा हुन्छ बोध-राज्यको तल-देशमा पनि बोध रहन्छ, अर्थात् तल ज्ञानको विस्तारको सीमा अनन्त हुनाले अज्ञानको सत्ता कहीं खोजेर पाइँदैन । जब जानिन्छन् सबै शक्तिहरू ती शुद्ध बोधमय क्षेत्रबाट उठ्दछन् । अतएव अभिव्यक्त शक्ति मात्र नै इच्छास्वरूप हो । यही विराट् महाशक्ति जसलाई इच्छा-शक्ति या ईश्वरीय शक्तिको रूपले वर्णन गरिएको छ, आगमशास्त्रमा जगदम्बा अथवा जगत्प्रसूतिको नामले वर्णित भएको छ– इच्छाशक्तिरूपा कुमारी (शिवसूक्त) ।

संसारको मूल कारण अझसम्म वैज्ञानिकहरूको दृष्टिपथमा यथार्थ रूपले आएन । आएको भए त यो कारणरूप शक्तिलाई इच्छाको रूपमा जान्न सक्तथे, एवं आफ्नो इच्छाको साथ

उसको घनिष्ठ सम्बन्ध आविष्कार गरेर चिन्मय धाम अथवा बोधराज्यमा जाने यथार्थ मार्ग प्राप्त गर्थे। शक्तिलाई इच्छारूपमा नजान्नाको कारण तिनीहरू जगत्-कार्यको मूलमा चैतन्यको सत्ताको आविष्कार गर्न सक्तैनथे। शक्ति इच्छामयी छ या छैन ? यो जान्ने एकमात्र उपाय यही हो—जसलाई हामी इच्छा भन्दछौं, उसलाई विशुद्ध र संयत गरेर त्यसैद्वारा सांसारिक शक्तिमाथि प्रभाव विस्तार गर्न सकिन्छ या सकिंदैन यसको परीक्षा गर्नु। इच्छाको स्फुरणले यदि बाह्य शक्ति स्तम्भित हुन्छ अथवा निरुद्ध शक्ति उद्रिक्त हुन्छ त यसबाट सिद्ध हुन्छ एकातिर जस्तो बाह्य शक्ति इच्छामयी छ त्यस्तै नै अर्कोतिर इच्छा पनि शक्तिरूपा छ। इच्छाद्वारा अन्ततः आंशिक रूपमा जुन बाह्य शक्तिमाथि क्रिया गरिन्छ, यो वर्तमानकालका वैज्ञानिकहरूलाई अज्ञात छ। जुन योगी अथवा उच्च कोटीका साधक छन्, तिनीहरू इच्छामात्रले नै कुनै पनि शक्तिलाई चाहेजस्तो उपयोग गर्न समर्थ छन्, संसारमा यसका अनेक उदाहरण मिल्दछन्।

पूर्वोक्त आलोचनाबाट सम्झनामा आएको होला इच्छा र शक्ति मूलतः अभिन्न पदार्थ हो। एवं यसको मूलमा चैतन्यमय प्रकाश नित्यसिद्ध सत्ता अथवा पराशक्तिको रूपमा जाग्रत् छ। जुन चैतन्यरूप अखण्ड सत्ताबाट वायु-विक्षुब्ध समुद्रको वक्षस्थलमा तरङ्ग उर्लेझैं स्वभावको प्रेरणाले इच्छामयी शक्तिको आविर्भाव हुन्छ तथा इच्छाद्वारा क्रमसृष्टिको नियमअनुसार क्रियाको विकास हुन्छ, त्यही 'ईश्वर' पदवाच्य वस्तु हो। इच्छारूपा शक्ति कहिले त्यसमा अन्तर्लीन भएर वर्तमान रहन्छ र कहिले उन्मेषलाई प्राप्त गरेर बाह्य गतिको सम्पादन गरेर प्रपञ्चसृष्टिको सूचना गर्छ। जड जगत्बाट चिन्मय ईश्वर-सत्तालाई प्राप्त गर्नका लागि मध्यवर्ती शक्ति अथवा इच्छाभूमिबाट नै हिंड्नुपर्छ। विज्ञानजगत्मा जब यो शक्तिको स्वरूप केही यथार्थ रूपमा प्रकाशित हुन्छ, तब उसबाट मौलिक चित्सत्ताको सम्बन्धमा उनीहरूलाई (वैज्ञानिकहरूलाई) अनुमान गर्न मौका मिल्दछ। अप्रतिहत इच्छा अथवा शक्तिको चैतन्यमय आधार नै हाम्रा 'ईश्वर' हुन्।

जुन मानिस जिज्ञासुभावले जगत्को इतिहासको अनुसन्धान गर्छन्, उनीहरू जान्दछन् सांसारिक दृष्टिले ज्ञानशक्ति अथवा क्रियाशक्ति कसैको पनि क्रमिक उत्कर्षको अवधि दृष्टिगत हुँदैन। शक्ति वस्तुतः अव्यक्त हुनाले पनि आधारविशेषको अवलम्बनको अभिव्यक्त हुन्छ तथा निर्दिष्ट कार्य गर्दछ। आधार सर्वत्र एकै प्रकारको हुँदैन, अतः शक्तिको विकास पनि सर्वत्र समान रूपले हुन सक्तैन। जुन आधार जति निर्मल हुन्छ, जसको धारणशक्ति जति धेरै हुन्छ, उसमा उस्तै हिसाबले शक्तिको विकास हुन्छ। अवश्य नै हामी कुनै निर्दिष्ट शक्तिको सम्बन्धमा यो कुरा भन्दैनौं। ज्ञान र क्रिया दुबै क्षेत्रहरूमा एक नै नियम छ, तर दुबैको आधारमा विशेषता हुन्छ, यही यसमा भेद हो। अव्यक्त ज्ञानशक्ति जसरी अनन्त छ, त्यस्तै नै अव्यक्त क्रियाशक्ति पनि अनन्त छ। जसको अभिव्यक्ति छैन उसको प्रतिबन्धक पनि हुँदैन उसबाट कुनै कार्य पनि निष्पन्न हुँदैन। अतएव क्रिया-सम्पादनमा समर्थ अभिव्यक्त ज्ञान अथवा क्रियाशक्तिको उत्कर्ष आधारको उत्कर्षमाथि नै निर्भर गर्छ। आधार यदि मलिन र आवरणले आच्छन्न छ त शक्तिको विकास पनि राम्रोसँग हुन सक्तैन। आवरण हट्नासाथ शक्तिको अभिव्यक्तिमा विघ्न हट्दछ। अतः आवरणशून्य र बाह्य सत्ताको सम्बन्धले शून्य विशुद्ध उपादानमा जुन ज्ञान-शक्ति र क्रियाशक्तिको प्रकाश हुन्छ, त्यो अपरिच्छिन्न अप्रतिहत र अनन्त हुन्छ। वस्तुतः यो ईश्वरको नै नामान्तर हो। जीवमात्रलाई भित्र ज्ञान र क्रिया केही न केही

अवश्य नै प्रकाशित रहन्छ । यस्तो नहुँदो हो त चेतन जीव जडभन्दा बेग्लै हुन सक्तैनथ्यो । यही ज्ञान-क्रिया क्रमशः बढ्दै बढ्दै आधार विशेषमा पूर्ण रूपले प्रकाशित हुन्छ । शास्त्रमा शुद्ध आधारमा (शुद्ध माया) अभिव्यक्त यो पूर्ण ज्ञान-क्रिया अथवा चैतन्यको नै 'ईश्वर' नामले वर्णन गरिएको छ । ६९

अलौकिक तर प्राकृतिक घटनाहरूको अनुसन्धानपूर्वक संग्रह गरेर जुन तत्त्वनिर्णय गर्ने प्रयास हुन्छ, उनीहरूलाई थाहा हुन्छ धेरैजसो सुदूर अतीतकालको अथवा देशान्तरमा भएको घटना तथा दृश्यजस्तो कहिलेकाहीं अनागत घटना तथा दृश्य कसै-कसैलाई प्रत्यक्ष हुन्छ । यस प्रकारका घटनाहरू कम हुँदैनन् । यस प्रसङ्गमा यस्ता घटनाहरूको उल्लेख गर्नु आवश्यक छैन; तर साँच्चै यस्ता कुराहरू हुन्छन्, यसको समर्थन अनेकौं प्रकारले गरिएको छ । यसको तत्त्वको आलोचना गर्दा हृदय विह्वल हुन्छ । जुन दृश्य आजसम्म सृष्टिको राज्यमा आविर्भूत भएन, जुन घटना अझसम्म कतै घटेन, यदि यस्तो प्रकारको दृश्य अथवा घटना-जुन सांसारिक दृष्टिले धेरै समयपछि आविर्भूत हुने खालको छ–अझ स्पष्ट रूपले तथा यथार्थ रूपले प्रत्यक्ष भए त कुनै पनि विचारशील व्यक्ति यस तत्त्वको मीमांसा गर्न सक्तैन र मोहित हुन्छ । यथार्थतः जसको सत्ता नै छैन, व्यावहारिक भावले मात्र होइन प्रतिभासरूपमा पनि जो छैन, ऊ वर्तमान ज्ञानमा कसरी आउन सक्तछ, यो जान्नु अत्यन्त कठिन छ । अतीत ज्ञानको सम्बन्धमा व्यक्तिगत भावले यो कुरा यति जटिल छैन; किनकि चित्तमा अनुभूत ज्ञान र क्रियाको संस्कारलाई स्वीकार्ने तथा निमित्त कारणको सहकारितावाट उसको उद्बोधनलाई मान्नाले अतीतको साक्षात्कार त ज्यादै धेरै बोधगम्य हुन सक्तछ । अवश्य नै विश्व-व्यापकरूपमा अतीतको ज्ञानको व्यापक आधार- जेमा समस्त संस्कार निहित छ–भन्ने स्वीकार नगरी उत्पन्न हुन सक्तैन । यसबाट एक विराट् एवं आपेक्षिक नित्यता-विशिष्ट आधारको अस्तित्वलाई स्वीकार्नु अनिवार्य हुन्छ । जो जीवात्माको 'एकत्ववाद' को सिद्धान्तलाई मान्दछन्, उनीहरूको दृष्टिमा यही त्यो व्यापक जीव हो । सबै देशको र सबै युगका नाना जीव यसका विभिन्न अंश मात्र हुन्; किन्तु अतीत ज्ञानद्वारा समष्टि जीवको अस्तित्व सिद्ध हुँदा पनि ईश्वरको अस्तित्व सिद्ध हुँदैन । भविष्यत् दृश्य अथवा घटनाविषयक प्रत्यक्षबाट ईश्वरको अस्तित्व स्वभावतः प्रमाणित हुन्छ; किनकि कालको प्रभावले जुन सत्ता अहिले उदित भएको छैन, उसको दर्शन अतीत दर्शनसमान संस्कारको उद्बोधन-द्वारा हुन सक्तैन । संस्कार चित्त अथवा लिङ्ग-शरीररूप आधारमा रहन्छ तथा उद्बोधक कारणहरूको सन्निधानबाट जाग्रत् भएर स्मृतिरूपमा परिणत हुन्छ । अवश्य नै आविर्भावको विशदताबाट आभास ज्ञान स्पष्टतामा प्राप्त हुन्छ । यति मात्र होइन, सृष्टि अपरोक्ष अनुभूतिको रूपमा पनि देखिन सक्तछ, किन्तु अनागत प्रत्यक्षमा चित्त अथवा लिङ्ग-शरीरको कुनै पनि उपयोगिता हुँदैन । वास्तविक कुरा यो छ नित्य-कारण-भूमिबाट आंशिक भावमा स्रोत निस्कन्छ र त्यो कार्यरूपमा परिणत हुन्छ । अनागतबाट वर्तमानतर्फ जुन शक्तिको प्रवाह छ यो नै कारणको कार्यावस्थाप्रतिको उन्मुखता हो । भाव अथवा क्रिया जब अनागतावस्थामा रहन्छ, तब त्यो कारणकै अन्तर्गत हुन्छ । अतएव चित्त वा लिङ्ग-शरीरको अन्वेषण गरेर कारणस्थ भावको पत्ता लाग्ने सम्भावना छँदैछैन । त्यो अहिले न कालस्रोतमा रहेको छ न त वर्तमान अवस्थामा उपनीत भएको नै हुन्छ । यसकारण वस्तुतः त्यसको कुनै संस्कार

नै छैन । यस कारण चित्त क्षेत्रमा त्यसको कुनै प्रतिबिम्ब पर्दैन । अतएव अनागत-दर्शनमा चित्त वा संस्कार दुबैको अलिकति पनि अपेक्षा रहँदैन । अब प्रश्न यो उठ्छ-तब अनागत-दर्शन कसरी सम्भव हुन सक्छ ? महर्षि पतञ्जलि यसको उत्तरमा भन्दछन्–अनागत पनि वस्तुतः वर्तमानदेखि भिन्न छैन । हाम्रा लागि जुन अनागत हो, व्यापक ज्ञानविशिष्ट पुरुषका लागि त्यो अनागत नभएर वर्तमान नै हुन सक्छ ! यस युक्तिअनुसार मात्र सकिन्छ-जहाँ ज्ञान व्यापकतम छ अर्थात् जुन ज्ञानमा कुनै प्रकारको आवरण छैन, त्यहाँ कुनै पनि पदार्थ वा घटना अनागत रहन सक्तैन । वस्तुतः हामी समक्ष जुन अनागत छ त्यही वर्तमान हो, यही कुरो अतीतको विषयमा पनि मात्र सकिन्छ । जुन भूमिमा अतीत र अनागत नित्य वर्तमान रूपमा प्रकाशित हुन्छन्; त्यही पूर्ण ज्ञानभूमि हो । त्यहाँ कालको भेद हुँदैन, घटनाको पृथक्ता हुँदैन, भावको विशिष्टता हुँदैन र क्रियाको तारतम्य पनि हुँदैन-यही कारण जगत् हो । यसका अधिष्ठाता जो हुन् उनै ईश्वर हुन् । अतएव कुनै अचिन्त्य कारणले क्षणमात्रका लागि ईश्वरीय सत्ता र जीवसत्ताको अभिन्नता सिद्ध हुँदा जीवलाई उपर्युक्त भविष्य दर्शन हुनु कत्ति पनि आश्चर्यको कुरा होइन, किनभने जीवभूमिमा जुन भविष्यत् हो, यस प्रकारको युक्तावस्थामा ईश्वरीय भूमिबाट त्यही वर्तमान रूपमा प्रकाशित हुन्छ । यसबाट सिद्ध हुन्छ-ज्ञानको पहिले एक निर्मल अवस्था हुन्छ, जहाँ उपर्युक्त भविष्यत् पनि नित्य वर्तमान रूपमा सदा प्रकाशमान रहन्छ । यस प्रकारको एक नित्य वर्तमान अवस्था नरहेको भए व्यक्तिविशेषका लागि भविष्य-दर्शन कहिल्यै सम्भव हुन सक्दैन । अतएव प्रामाणिक भविष्यदर्शन ईश्वरीय सत्ताको युक्तिपूर्वक अनुमान लगाउन सकिन्छ । ईश्वरको अस्तित्व मात्रका लागि यो एक अभ्रान्त प्रमाण हो ।

कुनै कार्यको उत्पत्तिमा प्रधानतया उपादान र निमित्त यिनै दुई प्रकारका सामर्थ्य देखिन्छन् । जगद्रूपी कार्यको विश्लेषण गर्दा ठीक यसरी नै दुई कारणलाई स्वीकार गर्नु आवश्यक हुन्छ । जुन उपादानद्वारा जगत् निर्मित हुन्छ त्यसलाई परमाणु, त्रिगुण, माया वा कला जेसुकै भनियोस् त्यसलाई जड नै मान्नुपर्ने हुन्छ, किन्तु चेतनको सन्निधानविना केवल जड उपादान स्वतः कार्य रूपमा परिणत हुन सक्तैन । यसैको प्रभावले जगत्को मूल उपादान विक्षोभमा प्राप्त भएर विभिन्न कार्यहरूको रूपमा परिणत हुन्छ । यो अखिल जगत्को व्यापक निमित्तकारण नै ईश्वर हुन् । जो निमित्तविना नै उपादानको विक्षोभ एवं परिणामलाई स्वीकार्दछन् तिनीहरू विपर्यस्त-स्वभाववादी हुन्, किनकि अनुसन्धान नगरीकन स्वभावको शरण लिनु विचारशास्त्रको नीतिको विरुद्ध छ । अतएव सृष्टिप्रवाहमा निमित्तरूपले ईश्वरको अस्तित्व प्रमाणसिद्ध छ । अवश्य नै सृष्टिको अरू पनि उत्कर्ष हुनाले यो बुझिन्छ निमित्त र उपादानमा वस्तुगत कुनै भिन्नता छैन । तब यो पनि ठानिन्छ– एक नै चैतन्य-सत्ता आफ्नो इच्छाद्वारा विभिन्न रूप धारण गरेर विचित्र जगत्को रूपमा प्रकाशित हुन्छ ।

जगत्तिर हेर्नाले सर्वत्र एवं प्रतिक्षण एक घोर परिवर्तन भएको देखिन्छ, यो सबै मान्दछन् । अपरिवर्तनीय द्रष्टाको अगाडि परिवर्तनको सार्थकता हुन्छ । जगद्व्यापी यो शाश्वत परिणामको कुनै नित्यद्रष्टा अवश्य हुन्छ । नहुनाले परिवर्तनको कुनै अर्थ नै रहँदैन । विशुद्ध व्यापक द्रष्टा, जुन समग्र जगत्का अखिल अभिनयहरूलाई निर्विकार रूपले प्रत्यक्ष गरिरहेछ, तो नै चिन्मय ईश्वर

हुन् । यस रूपमा दृक्-शक्ति नै अभियुक्त एवम् अन्यान्य शक्तिहरू विलीन अवस्थामा स्थित छन् भनिरहनु परोइन ।

अन्तमा यही भन्नुपर्छ ईश्वरको अस्तित्वको सम्बन्धमा विचारशील साधारण व्यक्तिका लागि बोधगम्य हुने खालका जे कुरा माथि बताइए, ती सबै युक्ति मात्र हुन् । यसप्रकार धेरै युक्ति-हरू शास्त्रहरूमा देखिन्छन् एवम् ईश्वर-विश्वासी विद्वान्हरूले पनि आफ्ना-आफ्ना ग्रन्थहरूमा देखाएका छन् । वस्तुतः प्रयोजन भएमा अरू पनि धेरै युक्तिहरू देखाउन सकिन्छ किन्तु यी युक्ति-हरूद्वारा कोही कहिल्यै ईश्वरमा विश्वास गर्लान् भन्ने आशा ज्यादै कम छ । शास्त्रवाक्य अथवा अनुभूतिसम्पन्न महापुरुषहरूको वाक्यबाट ईश्वरको सत्ताको विषयमा उपदेश सुनेर निर्मल र अन्तःप्रवेशोन्मुखी हृदयमा जुन अस्फुट श्रद्धा उदाउँछ, विचारद्वारा उसको समर्थन गर्नु नै युक्तिको उद्देश्य हो किन्तु जो आगम-प्रमाणको प्रमाणतालाई मान्दैनन्, उनीहरूको चित्तमा शुष्क युक्ति-द्वारा कुनै विषयमा विश्वास उत्पन्न गर्नु असम्भव हुन्छ । युक्ति र विचारको प्रधान कार्य असम्भा-वनाबोधलाई हटाउनु हो या टाढा पार्नु हो । अर्थात् हृदय आप्तवचन सुनेर स्वभावतः जुन विषयमा श्रद्धाशील हुन्छ त्यो अयौक्तिक छैन, खालि सम्भावनीय छ, यो देखाउनमा नै युक्तिको कार्य समाप्त हुन्छ । त्यस पश्चात् साधन-प्रणालीद्वारा त्यही श्रद्धाको विषयीभूत, महापुरुषको उपदिष्ट एवं युक्तिद्वारा समर्थित सत्यलाई प्रत्यक्ष गर्नु आवश्यक छ । यो साधन-प्रणालीमा मूलतः योग नै सर्वप्रधान हो । कर्म, उपासना,ज्ञान आदि यसका नै एक-एक पर्व मात्र हुन् । योगको अवलम्बनले जब साध्य तत्वलाई सम्पूर्ण रूपले प्रत्यक्षको विषयीभूत गरिन्छ तब सबै संशय स्वतः टाढा हुन्छ । ज्ञाता र ज्ञेयको मायिक भेद टाढा हुनाले विशुद्ध ज्ञानको आलोकमा विशुद्ध चैतन्य-ज्योति स्वतः प्रतिष्ठित भएर अखण्ड स्वप्रकाश–सत्ता रूपमा स्थित हुन्छ ।

जो साधनपथको बटुवा छन्, उनीहरूको अगाडि ईश्वरको अस्तित्व शुष्क युक्तिद्वारा प्रकाशित हुँदैन । ज्ञानको जुन भूमिद्वारा हामी वर्तमान अवस्थामा जगत्लाई देख्दछौं, जबसम्म त्यस भूमिको अति-क्रम गर्दैनौं, तबसम्म जगत्को अथवा आफ्नो या तदतीत कुनै सत्ताको बोध जस्तो अहिले हुन्छ, तब पनि उस्तै हुन्छ तर एकचोटि यदि कुनै अचिन्त्य कारणवश चित्तमा क्षण मात्रका लागि पनि चित्-शक्ति सञ्चारित भएर साथमा ज्ञानको भूमिकाको परिवर्तन गरिदेओस्, त एकै क्षणमा हाम्रा दर्शन एवं सत्ताबोध अचानक अदृष्टपूर्व नवीनस्वरूप धारणा गर्छ । अहिले हामी नास्तिक र घोर अवि-श्वासी नै किन नहोऔं लोकोत्तर शक्तिको प्रभावले एकाएक नवीन मनुष्यको रूपमा परिणत हुन सक्तछौं । जगत्मा जहाँ ईश्वर-दर्शन या सत्यज्ञानको उदय भएको छ, त्यहाँ यस्तै भएको हुन्छ; युक्ति-तर्कद्वारा, स्वपक्ष र परपक्षको विचारद्वारा कहीं भएको छैन । वस्तुतः मनुष्यको जीवनमा यस्ता धेरै अनुभूतिहरू हुन्छन्, जसबाट मनुष्यको दृष्टिकोण परिवर्तन हुन केही पनि बेर लाग्दैन । सुदुराचारी पनि महान्-आत्मा बन्दछन् । अस्तु । श्रुति भन्छ-

उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत्कवयो वदन्ति।(कठ.१।१३।१४)

"उठ (साधनका लागि प्रयत्नशील होऊ)। अज्ञान-निद्राबाट ब्यूँझ। सर्वश्रेष्ठ विद्वान् जुन मार्गलाई छुराको तेज धारको समान दुर्गम भन्दछन्, त्यसलाई महापुरुषहरूकहाँ गएर बुझ।"

अतएव भगवत्साक्षात्कार या आत्मसाक्षात्काररूप परम कल्याण र परम सुखको प्राप्तिको साधनमा कत्ति पनि अबेर गर्नु हुँदैन। यही मनुष्य-जन्मको परम कर्तव्य हो, यही सबभन्दा ठूलो र सच्चा सुख हो। अब यो विचार गर्नु छ– यो भगवत्साक्षात्काररूपी परम सुख प्राप्तिको साधन के हो? साधन हो– 'धर्म'। शास्त्रमा भनिएको छ : ७२

धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः ।
तस्माद्धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥
मृतं शरीरमुत्सृज्य काष्ठलोष्ठसमं क्षितौ ।
विमुखा बान्धवा यान्ति धर्मस्तमनुगच्छति ॥
अनित्यानि शरीराणि विभवो नैव शाश्वतः ।
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्मसंग्रहः ॥

मान्छेसँग कर्मको अविच्छेद-सम्बन्ध छ, यसैले मानवताको चरम लक्ष्य धर्मपालन नै हुनुपर्छ; किनकि मनुले धर्म-पालनको बाटोलाई श्रेष्ठ र सरल बताएका छन्। जुन मान्छे धर्माचरण गर्दैन, त्यस धर्म-त्यागीलाई धर्मले पनि त्यागिदिन्छ। उसको उल्टो धर्मपालन गरेर जो मानव धर्मको रक्षा गर्दछ, त्यो 'रक्षित धर्म'ले धर्मपालकलाई रक्षा गर्दछ। मानवमात्रले आफ्नो उत्कर्षका लागि सदाचारको पालन गरेर रहनुपर्छ। यो नश्वर देह कुन दिन विनष्ट हुन्छ– यो निश्चय छैन। यौवन, धन र कुटुम्बहरूको वियोग हुनु पनि निश्चित छ, अर्थात् यी सबै स्थिर रहने खालका होइनन्। धर्मले मान्छेको जीवनभर साथ दिन्छ र मरणोपरान्त पनि त्यो साथ रहन्छ; त्यसैले बुद्धिमान् मनुष्यले धर्मको परित्याग कहिल्यै गर्नु हुँदैन।

रक्षित धर्मले कुन प्रकार रक्षा गर्छ – काशीका धर्मनिष्ठ धर्मपालका छोरा प्रारम्भिक अध्ययन समाप्त गरेर उच्च शिक्षा प्राप्त गर्न तक्षशिला विश्वविद्यालयमा गएका थिए। त्यहाँ कुनै बेला आचार्यको युवक छोराको मृत्यु भयो। उनले भने– 'अहो! यहाँ त युवक पनि मर्दा रहेछन्।' उनका सहपाठीहरूलाई उनको कुरा बहुतै नमीठो लाग्यो। जब सबै शोकमग्न छन्, कोही यस प्रकार कुरो गर्दछ भने नराम्रो लाग्दछ नै। मान्छेहरूले व्यङ्ग्य गरे– 'तिमीहरूकहाँ के मृत्यु तिमीसँग सल्लाह लिएर वृद्धका लागि मात्र आउँछ?'

'हाम्रो कुलमा त सात पुस्तादेखि कुनै युवक मरेका छैनन्'–उनले आफ्नो कुरा दोहोऱ्याए। कुरो आचार्यसम्म पुग्यो। उनलाई पनि नराम्रो लाग्यो। कुनै कामवश उनलाई काशी जानु नै थियो, परीक्षा लिने निश्चय गरे। जब उनी काशी पुगे, आफ्नो साथ मरेको बाख्राको अलिकता हाड पनि लगे। ती हाडहरू धर्मपालको अगाडि राखी रोएको अभिनय गरी आचार्यले भने– 'हामीलाई यो बताउँदा ज्यादै दुःख छ तपाईंको छोरा अचानक मरे।'

ब्राह्मण धर्मपाल हाँसे– 'तपाइँ कुनै भ्रममा पर्नुभयो । मर्ने अवश्य अर्को कोही होला । हाम्रो कुलमा सात पुस्तादेखि कहिल्यै कुनै युवक मरेको छैन ।'

आचार्यले खिन्न स्वरमा भने– 'आजसम्म कुनै युवक मरेनन् त अब पनि मर्दैनन् भन्ने नियम त छँदैछैन, मृत्युको के भरोसा ! त्यो वृद्ध, युवा, बालक कसैको परवाह गर्दैन ।'

'हेर्नुहोस्! हामी सावधानीसाथ आफ्नो वर्णाश्रम–धर्मको पालन गर्छौं । अधर्म, जुन अकालमृत्युको कारण हो त्यसबाट सधैं टाढा रहन्छौं । सत्सङ्ग गर्दछौं र दुर्जनहरूको निन्दा नगरी उनीहरूको सङ्गतबाट बच्दछौं । दान दिने बेला बोली तथा व्यवहारमा नम्रता राख्दछौं । साधु, ब्राह्मण, अभ्यागत, अतिथि, माग्ने एवं दुःखीहरूको यथाशक्ति सेवा गर्दछौं । हाम्रा घरका स्त्रीहरू पतिव्रता छन् र पुरुष एकपत्नीव्रत त छन् नै, संयमी पनि छन् । यमराजका लागि पनि हामीहरू– कहाँ कसैलाई अकालमा – युवावस्थामा मार्नु सम्भव कसरी हुन सक्तछ ?' – ब्राह्मण धर्मपालले बडो विश्वासले आफ्नो कुरालाई समर्थन गरे ।

'तपाइँ ठीक भन्नुहुन्छ । तपाइँका छोरा जीवित तथा सुरक्षित छन्' – आचार्यले आफ्नो यस्तो आचरणको कारण स्पष्ट गरे ।

'धर्म जसको रक्षा गर्दछ, उसलाई मार्न कसले सक्तछ ?' – ब्राह्मणले भने । हामी सबै धर्मको रक्षा गर्दछौं, अतः धर्म हाम्रो रक्षा गर्दछ – यसमा हाम्रो घरको कुनै सदस्यलाई पनि कहिल्यै शङ्का हुँदैन ।' एक यस्तो पनि समय थियो । परन्तु आज ! यूरोप–अमेरिकाको रङ्गमा रङ्गिएर विज्ञानको चकाचौंधमा फसी हाम्रा आजका युवक पनि भन्न थालिसके– ईश्वर र धर्मप्रति हामीलाई घृणा छ, अतएव यस विषयमा हामीसँग चर्चा नगर । परन्तु भाइ ! तिमी त आफ्नो जग (आधार)-लाई नै बिर्सिरहेछौ जुन ईश्वरसँग तिमीलाई घृणा छ, त्यही ईश्वर त तिम्रो शरीरमा, तिम्रो आफ्नो हृदयमा सर्वदा रहन्छ । उसको कृपाबाट तिम्रो आँखाले देख्न सक्तछ, र कानले सुन्न सक्तछ । उसको दयाले तिम्रो नाक सुँघ्न सक्तछ र जिब्रो स्वाद लिन सक्तछ । उसैको प्रसादबाट तिम्रो हात लिनुदिनु गर्दछ र गोडा चल्न, घुम्न सक्तछ र मन मनन गर्न सक्तछ । धेरै के भनूँ तिम्रो जीवन नै उसको अनुकम्पामाथि आश्रित छ । यस्तो ईश्वरसँग घृणा-उपेक्षा भएमा कसरी काम चल्छ ? आफैं नै विचार गर ।

धर्मको विषयमा पनि यही कुरा हो । तिमी जुन विश्वमा रहन्छौ, त्यो विश्वको स्वरूप जति विशाल छ, त्यसभन्दा अनेक गुना विशाल छ धर्मको स्वरूप; र उसको पेटको एक अंशमा तिम्रो यो विश्व स्थित छ । तब फेरि यस्तो धर्मलाई घृणा-उपेक्षा गरेर तिम्रो पालन-पोषण कसरी चल्दछ ? आफैं विचार गर ।

संसारमा प्रत्येक प्राणी आफ्नो एक यूथ, एक दल, एक झुन्ड बनाएर रहन्छन् । त्यसको कुनै नियम या काइदा हुन्छ जसलाई पालन गर्नु हरेक सदस्यको कर्तव्य हुन्छ । यस्तै प्रकारले मनुष्यको पनि एक समाज छ । हो, ऊ संसारको सबैभन्दा उत्तम प्राणी हो; यसैले उसको समाज पनि उत्ति नै उत्तम हुनुपर्‍यो, जसले समाजको प्रत्येक सदस्य शारीरिक, बौद्धिक तथा आत्मिक उन्नति

गर्दै धेरैभन्दा धेरै सुख-शान्ति प्राप्त गर्न सकून् । यसै आवश्यकतालाई ध्यानमा राखेर धेरै अनुभव-पछि केही यस्ता कुरा या नियम खोजेर निकालिएको छ, जसलाई धारण गर्नुपर्छ, त समान रूपले सबैका लागि उपयोगी हितकर तथा कल्याणकारी होस्, यो महान् कार्य गरे बेग्लाबेग्लै देशहरूमा समय-समयमा पैदा हुने महापुरुषहरूले ।

वास्तवमा धर्मको स्वरूप यति विशाल छ, त्यसलाई कुनै एक व्याख्यामा बाँध्न सकिन्न । यसप्रकार आफ्नो-आफ्नो दृष्टिअनुसार विभिन्न विचारकहरूले धर्मका अनेकौं व्याख्याहरू गरेका छन्, धर्म शब्दको व्युत्पत्ति पनि विभिन्न प्रकारबाट गरिएको छ । जहाँ हामी बसेका छौं त्यसै कोठाको एक छाया-चित्र यदि कोठाको ईशानकोणमा राखेर लिऊँ तथा अर्को छाया-चित्र नैर्ऋत्यकोणमा राखेर लिऊँ त । दुवै छाया-चित्र एकसमान हुँदैनन् । एकमा जहाँ हाम्रो मुख देखिन्छ, त्यहाँ अर्कोमा हाम्रो पीठ देखिन्छ । यस प्रकार जहाँ-जहाँ उभिएर जुन दृष्टिबाट धर्मको अवलोकन गऱ्यौं, उसै-अनुसार उसैको व्युत्पत्ति गरेर लक्षण बताइएको छ ।

अब धर्म-शब्दको केही व्युत्पत्ति हेरौं । अन्तिम अर्थ त सबैको एकै हो । परन्तु हामीले जसरी पहिले भनेका थियौं, उसैअनुसार जुन दृष्टिबाट हामी त्यसलाई हेर्दछौं, त्यस्तै नै त्यो हामी देख्दछौं । – (१) **धिन्वनाद् धर्मः** । धिन्वनको अर्थ हो धारणा या आश्वासन दिनु, दुःखबाट पीडित समाजलाई धैर्य दिएर सुखको मार्ग देखाउनु । यस्तो प्रकारको आचारको नाम धर्म हो । (२) **धारणाद् धर्मः** । धारणा गर्नु, दुःखबाट बच्नु । श्रीकृष्ण भगवान्ले जसरी गोवर्धनलाई धारण गरेर ब्रजलाई बचाएका थिए, उस्तै प्रकारले जसको आचरणबाट समाज अधोगतितिर नजाओस् र आफ्नो उच्च आसनमा स्थिर रहन सकोस्, उसैको नाम धर्म हो । प्रकृतिको स्वभावले नै पानी तल खस्ने हो । अर्थात् यदि धर्मको अवलम्बन नगरे त सहजै स्वभावैले प्रजा अधोगतितिर घिस्रेर जान्छन् । आज धर्मको आश्रय घट्नाले नै हामी दिन-प्रतिदिन गिरिरहेछौं ।

मनु भगवान्ले धर्मको दश लक्षण बताएका छन् । त्यसमा धर्म-पालन गर्ने सारा स्वरूप आउँछ । पुराणहरूमा त्यसको विस्तार गरेर तीस लक्षण बताइएको छ । मनुले सामान्य धर्म र विशेष धर्मको नामबाट दुई स्वरूप बताएका छन् । यी सबै कुराहरूको विस्तृत विचार पछि गरिन्छ । धर्मको एकाध अङ्गकै मात्र समझदारीसाथ पालन भए पनि अर्का अङ्गहरूको पालन आफैं हुन्छ । जसरी खाटको एक खुट्टालाई तान्नाले बाँकी तीन खुट्टाहरू उसको साथै तानिन्छन्, यस्तै प्रकार धर्मको पालनमा पनि हुन्छ । तर धर्म-पालन समझदारीका साथ हुनुपर्छ ।

अब धर्मको एक सर्वदेशीय सर्वमान्य व्याख्या हेरौं । वास्तवमा धर्मको ज्ञान खालि चर्चाद्वारा वा यस विषयका ग्रन्थहरूको अवलोकनद्वारा ठीक तरीकाले हुँदैन । यो त आचरणमा ल्याउने वस्तु हो । जति-जति आचरण धर्ममय हुँदै जान्छ, त्यति-त्यति नै धर्मको रहस्य बुझिन्छ । चर्चा आदि गर्नाले त खालि बोक्के ज्ञान हुन्छ, जेलाई खालि जानकारी मात्र भन्न सकिन्छ । धर्मको व्याख्या यस प्रकार छ– **यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः** । जुन आचरणबाट अभ्युदय तथा निःश्रेयसको प्राप्ति हुन्छ उसैको नाम धर्म हो ।

अभ्युदय र निःश्रेयसको अर्थ बुझ्नुपर्छ । 'श्रेयस' को अर्थ हो कल्याण । जुन कल्याणभन्दा अर्को कुनै ठूलो या अधिक महत्त्वको कल्याण हुँदैन, त्यो सर्वश्रेष्ठ या सर्वोपरि कल्याणलाई निःश्रेयस भनिन्छ । सर्वश्रेष्ठ कल्याण 'मोक्ष' भनिन्छ, किनकि यसलाई प्राप्त गरेपछि अरू कुनै पनि प्राप्त गर्न बाँकी रहँदैन । यस प्रकार निःश्रेयसको अर्थ भयो मुक्तिको प्राप्ति या भगवत्-प्राप्ति अथवा जन्म-मृत्युरूपी बन्धनबाट निवृत्ति । अतएव धर्मको एक लक्षण यो भयो जेको आचरणबाट मोक्षको प्राप्ति होओस् ।

अभ्युदयको अर्थ खालि यही हो शरीर-निर्वाहको साधन सजिलैसँग प्राप्त होओस्, विलासको सामग्री या शरीरलाई लड्ने–लडाउने वैभव होइन । मनु महाराजले अत्यन्त संक्षेपमा बताएका छन् धर्मको आचरण कसरी गर्नुपर्छ–

अहिंसा सत्यमस्तेयशौचमिन्द्रियनिग्रहः ।
एतद् धर्मसमासेन चातुर्वर्ण्येऽब्रवीन्मनुः ॥



पहिलो अहिंसा । हिंसाको स्थूल अर्थ हो शरीर र प्राणको वियोग गर्नु; तर यसको सूक्ष्म अर्थ हो– मनसा, वाचा, कर्मणा कसैलाई कष्ट दिनु । आफ्नो शरीरबाट कसैलाई दुःख दिनु, वाणीबाट मृत्युको धम्की दिनु अथवा यस्तो कठोर बोली बोल्नु जसबाट कसैलाई मनमा आघात पुगोस् र मनदेखि कसैको विनाश या खराबी चाहनु– यो पनि हिंसा नै हो । यस्तो कुनै पनि हिंसाबाट टाढा रहनु 'अहिंसाको पालन' हो ।

दोस्रो तत्त्व हो– सत्य । यस्तो कुन सम्प्रदाय छ, जुन सत्यको आवश्यकतालाई स्वीकार गर्दैन । भलै कदाचित् सत्य वचनमा कुनै बल नदेओस्, परन्तु असत्यको आचरण गर्न त कुनै पनि सम्प्रदाय भन्दैन । अतएव सत्य अर्थात् सत्यको आचरण र असत्यको त्याग, यी सबै सम्प्रदायहरूका लागि सामान्य धर्म हो ।

तेस्रो छ– अस्तेय । अस्तेयको अर्थ हो चोरी नगर्नु । मालिकको अनुपस्थिति या उसको आँखा छलेर उसको वस्तु आफ्नो उपयोगका लागि लिनु, यो साधारण चोरी भनिन्छ । उसको उपस्थितिमा बलपूर्वक खोस्नु 'लूट' भनिन्छ । यो चोरी र लूटको ज्यादै साधारण अर्थ भयो । तर जुन व्यापारी एक मन मालको पैसा लिएर कम तौलन्छ या कपडा आदि कम नाप्दछ, असल मालको पैसा लिएर खराब दिन्छ या शुद्ध वस्तुमा अन्य वस्तु मिलाएर दिन्छ तथा जुन कालिगढ पूरा तलब लिएर निश्चित कामलाई ईमानदारीसाथ गर्दैन, जुन अधिकारी या नोकर घूस-रिश्वत लिन्छ या लिने इच्छा गर्छ– सारांश यो हो जुन मान्छे आफ्नो व्यवहारमा पूरा ईमानदारी गर्दैनन्, जुन नोकर आफूलाई सुम्पिएको काम विश्वासपूर्वक गर्दैनन्, ती सबै चोरी गर्ने हुन् । यस प्रकारको कुनै पनि चोरीबाट टाढा रहने काम 'अस्तेय-व्रतको पालन' भनिन्छ । यो अस्तेय-सिद्धान्तको विरुद्ध कोही सम्प्रदाय हुन सक्तछ, यो म जान्दिनँ ।

चौथो– शौच । शौचको अर्थ हो पवित्रता । यसमा एक त छ– शरीरको पवित्रता अर्थात् शरीरलाई स्वच्छ राख्नु । यी कुरा त पशु-पक्षी पनि बुझ्दछन्, तब मनुष्यले पनि यस्तो गर्नैपर्छ यसमा

नयाँ कुरा के भो र ? दोस्रो हो– मनको पवित्रता । मनलाई दुष्ट सङ्कल्पदेखि टाढा राख्नुपर्छ । मनमा कुनै प्रकारको खराब विचार आउनै नपाओस् उसलाई यस्तो पवित्र बनाउनुपर्छ । शौचको विषयमा पनि कुनै पनि सम्प्रदायको कुनै विरोध हुँदैन; किनकि तन-मनको पवित्रताका लागि नै सम्पूर्ण कर्म-काण्डको योजना बनाइएको छ ।

पाँचौं छ– इन्द्रिय-निग्रह । वास्तविक स्वतन्त्र मनुष्य को हो ? –जसको आफ्ना इन्द्रिय-हरूमाथि पूरा नियन्त्रण हुन्छ । अरू केही होइन स्वतन्त्र देशमा बस्नाले शरीर ठीकै छ, स्वतन्त्र भनिन्छ; परन्तु त्यो मनुष्य जुन आफ्ना इन्द्रियहरूको गुलाम हो, त्यो जसरी चलाउँछ, त्यसरी नै पशु समान चल्छ त त्यो स्वतन्त्र मनुष्य होइन, बरु गुलामभन्दा पनि गए-गुज्रेको हो । यस प्रकार इन्द्रिय-निग्रह पनि प्रत्येक सम्प्रदायमा कुनै न कुनै रूपमा मान्य हुनुपर्छ र यसकारण कुनै पनि सम्प्रदाय इन्द्रिय-निग्रहको शिक्षाको विरोध गर्दैन, कुनै न कुनै रूपमा मान्दछ नै ।

यस प्रकारले यो स्पष्ट नै प्रतीत हुन्छ– कुनै पनि राज्यमा संस्था, अथवा समाज या व्यक्ति धर्मबिना रहन नै सक्तैन । कुनै पनि राज्य असाम्प्रदायिक हुन सक्तछ, तर त्यो धर्मनिरपेक्ष या धर्म-विहीन हुन नै सक्तैन । राज्यका लागि पनि उसको धर्म छ, जहाँसम्म त्यसको पालन हुन्छ तबसम्म त्यो 'सुराज्य' भनिन्छ । राज्यको धर्म रामायण तथा महाभारतमा विस्तारपूर्वक लेखिएको छ ।

आज संसार दुई प्रकारका विषम दृश्यहरूबाट एकैसाथ पीडित र किंकर्तव्यविमूढ भएर चौबाटामा उभिएको छ ।

एकातिर न्याय, स्वतन्त्रता, समता र बन्धुत्वका नारा छन्, अर्कातिर यिनै गुणहरूको विनाश-साधनको तयारी छ। एकातिर संसार मानसिक दृष्टिबाट अविभाज्य बन्दै गइरहेको छ, अर्कातिर पहिलेभन्दा पनि ज्यादा खण्डित छ । सुविधाहरू बढेका छन्; अन्धाहरूका लागि स्कूल खोलिएका छन्; बहिराहरूका लागि श्रवणयन्त्र (सुन्ने यन्त्र) उपलब्ध छन्; गरीबहरूका लागि चिकित्सालय छन्; कोरीहरूका लागि चिकित्साको व्यवस्था छ; बूढा-असक्त मान्छेहरूका लागि समाजको ध्यान गएको छ, केटाकेटीको शिक्षाको रूप बदलिएको छ; उनीहरूको महत्त्व बुझाउन लागेका छन्; गर्भवती स्त्रीहरूमा विशेष ध्यान दिइरहेका छन्; विधवाहरूको सहायताका लागि स्कूल र आश्रम खुलेका छन्; माग्ने प्रथा उडाइएको छ; बेकारीको समस्याको समाधान खोजि-रहेछन्; गुलामीको प्रथा पनि हटाइसकिएको छ; अकाल, बाढी, भूकम्प इत्यादि प्राकृतिक आप-त्तिसँग लड्नका लागि सङ्कटित साधनहरूको खोजी भइरहेछन्; ज्ञान, पुस्तकालय, समाचारपत्र, रेडियो आदि अगणित भेष लिएर घर-घर दौडिरहेछन्; विनोदका साधन सुलभ भइरहेछन्; यात्रा पहिलेभन्दा सस्तो र सुविधाजनक भएको छ; पशुहरूको नश्ल सुधार्नका लागि चेष्टाहरू भइरहे-छन्; उनीहरूप्रति अत्याचार दण्डनीय भएको छ । यसप्रकार मानव मानवको ज्यादै नगीचै आएको देखिन्छ ।

परन्तु अर्कोतिर देखिन्छ– हरेक समाज, समूह या सम्प्रदायको अलग-अलग सङ्गठन बनि-रहेछ । वर्ग-चेतनाको वृद्धिले मानवता टुक्रा-टुक्रा भइरहेछ । प्रत्येक वर्गमा आफ्नो नै हितको, स्वार्थ-

को प्रेरणा यति बढेको छ, अन्य वर्गहरूको समष्टिको हितको भावना नै लोप भयो । स्त्रीहरू आफ्ना सम्पूर्ण कष्टका लागि पुरुष-वर्गलाई गाली गर्दछन्; श्रमिक मालिक वर्गलाई गाली गर्दछन्, मालिकवर्ग श्रमिकहरूको शोषण गरेर उनीहरूबाट धेरैभन्दा धेरै लाभ उठाउन चाहन्छन्; विद्यार्थी आफ्नो वर्गका एकाइहरूद्वारा भएको गल्तीको पनि समष्टिरूपमा समर्थन गर्दछन्, अध्यापकवर्ग अनुशासनहीनताको जिम्मेवारी विद्यार्थीहरूमाथि लगाउँदछन् । वर्गभावना अझै विभाजित हुन्छ, एक खण्डलाई अझ संकुचित गरिदिन्छ— यी हुन् अफिसका अफिसर, यी हुन् रेलका श्रमिक, यी हुन् खानीका श्रमिक । सबै बेग्ला-बेग्लै आफ्नो-आफ्नो फाइदाको सीमामा आबद्ध । उसलाई भए अरूलाई होस्--नहोस्, ऊ जिम्मेवार छ ? हरेक पेशाको बेग्लै सङ्गठन छ । यही हाल राष्ट्रहरूको छ । राष्ट्र-राष्ट्र, देश-देशका बीच प्रतिद्वन्द्विता छ । गुलामीका विरुद्ध आवाज उठाउने राष्ट्र अर्को देश एवं जातिहरूलाई आफ्नो बन्धनमा राख्नका लागि असत्य प्रचार तथा विज्ञानको सहायता लिन्छ । राष्ट्रहरूका बीच अस्पष्टता, सन्देह, अविश्वास, प्रतियोगिता र धम्कीको बोलवाला छ । जीवनको स्वच्छता र आफूलाई बढाउनका लागि एकातिर जहाँ यति प्रयत्न भइरहेछ, त्यहाँ समूहहरू, वर्गहरू एवं राष्ट्रहरूको पारस्परिक सङ्घर्षको कारण त्यही जीवन पाइला-पाइलामा खतराले भरिएको छ । मानव-जीवनको मूल्य घटेको छ । व्यक्तिको वास्तविक स्वतन्त्रताको, स्वतन्त्र चिन्तन एवं तदनुसार कार्य गर्ने प्रेरणा तथा शक्तिको लोप भयो । सामूहिक जीवन पाखण्डले भरिएको छ । प्रत्येक वर्ग र समूह सुविधा र फाइदा ज्यादाभन्दा ज्यादा चाहन्छन्, तर इमान्दारीका साथ त्यसको मूल्य तिर्नलाई तयार हुँदैनन् । अधिकार धेरै र जिम्मेवारी कम चाहन्छन् । व्यक्तिगत जीवन तथा सदाचारमा जुन कुरा हेय छ, उनैको वर्गगत जीवनमा बोलवाला छ । हाम्रा अगाडि यो कस्तो परस्पर विरोधी दृश्य छ । मानव-जीवनको एक पक्ष स्वस्थ, सुखद्, सज्जनता एवं सहानुभूतिले भरिएको छ र उसको अर्को पक्ष भद्दा, घृणापूर्ण, दुःखद् तथा अन्धकारले आच्छन्न छ । यस वैषम्यबाट मानवता आज किंकर्तव्यविमूढ छ ।

आधुनिकताको नाममा आज संसारमा सर्वत्र जुन जडवाद एवं भोगवादको आराधना भइरहेको छ र इन्द्रिय-लोलुपतालाई प्रश्रय दिइएको छ, त्यसले गर्दा मनुष्यको मनुष्यत्व क्रमशः ह्रास भइरहेछ । मनुष्य सद्गुण, सद्बुद्धि एवं सद्विवेकबाट भ्रष्ट भएर भोगसर्वस्व जीवन एवं अस्वस्थ इन्द्रियपरायणतातिर दौडिरहेछन् । यो इन्द्रियप्रमत्ततालाई नै आज 'युगधर्म' नाम दिइएको छ र उसैको महिमाको नाना प्रकारले जयगान गरिएको छ । शिक्षा एवं संस्कृतिको नाममा यो 'जैव धर्म'- को उपासना भइरहेको छ र शिक्षा-संस्थाहरूमा ज्ञान-विज्ञानको रूपमा यसैको अध्ययन एवं अनुशीलन भइरहेछ । यस प्रकारको शिक्षा प्राप्त गरेर मानिसले एकातिर यही भौतिक ज्ञानको क्षेत्रमा नयाँ तथ्यहरूको उद्भावना एवं आविष्कारमा, शिल्प-वाणिज्यद्वारा सम्पदाको सृष्टिमा आफ्नो गौरवदीप्त प्रतिभाको, आफ्नो असामान्य कृतित्वको परिचय दिएको छ, त्यहाँ साथसाथै उसले केही यस्ता वस्तुहरू पनि हराएको छ, जुन उनीहरूको आत्माको धन थियो, जुन उनीहरूको मनुष्यत्वको पूँजी थियो । मनुष्यको मनुष्यत्वको मूल्य सत्य, क्षमा, दया, प्रेम, स्नेह, करुणा, स्थैर्य, संयम आदि जुन

सद्गुणहरूद्वारा नापिन्थ्यो र भित्रको जुन स्निग्ध, सुकुमार वृत्तिहरूलाई क्रमशः विकास गरेर मनुष्य मनुष्य आफ्नो पाशविक वृत्तिलाई संयमित राख्नमा समर्थ हुन्थ्यो, आज तो सद्गुणहरूको उपेक्षा भइरहेछ, र जीवनमा त्यसको स्थान अत्यन्त गौण भयो। जीवनमा महान् आदर्शका प्रति आस्था रहेन, जसले अधिकांश मनुष्य हतबुद्धि एवं विभ्रान्त भएर दिशो न जाने न लभे च शर्म- को दुःखद स्थितिमा जीवन-यापन गरिरहेछन्। एकन्त भौतिकमुखी एवं भोगलोलुप जीवनले मनुष्यको मनोराज्यलाई यस प्रकार विक्षिप्त, विच्छिन्न एवं विशृङ्खल बनाएको छ कि त्यो आफ्नो मानसिक सन्तुलन हराएर बसेको छ र प्रत्यक्ष रूपमा एक समृद्ध एवं सुगठित असभ्यताको अधिकारी हुँदाहुँदै पनि आफ्नो आचार-अनुष्ठानमा सर्वथा असभ्य मनुष्यलाई अहिंसा एवं आसुरिकताको परिचय दिइरहेछ। वर्तमान युगमा ज्ञान-विज्ञानको चरम उन्नति भयो, मनुष्यले आफ्नो पुरुषार्थ एवं कर्मोद्यमद्वारा असाध्य-साधन गरेका छन्, फेरि पनि हृदयबाट त्यो यति निष्ठुर स्वार्थान्ध एवं सङ्कीर्ण बनेको छ कि त्यसको सारा विद्या, बुद्धि, मनीषा एवं प्रतिभा ध्वंस एवं विनाशको कार्यमा नियोजित भइरहेछ। जाति-जातिमा, राष्ट्र-राष्ट्रमा, मनुष्य-मनुष्यमा आज जस्तो भेदबुद्धि, ईर्ष्या, द्वेष, कटुता, असहिष्णुता एवं शत्रुताको भावना देखिइरहेछ, त्यस्तो पहिले कहिल्यै देखिएको थिएन। मानवताको कल्याणका लागि विज्ञानको जुन चमत्कारपूर्ण आविष्कार भएको छ र भइरहेछ, त्यही आज मनुष्यका लागि भय एवं विपत्को कारण बनेको छ। यस प्रकार सभ्यताको कल्पनातीत उन्नति एवं भोगैश्वर्यको असीम सम्भारबीच पनि मनुष्यको आत्मा आज दैन्यले पीडित छ। उसभित्र शून्य एवं हाहाकार छ। नैतिक दृष्टिबाट उसको टाट उल्टयो र आध्यात्मिक दृष्टिबाट ऊ कङ्गाल बन्यो।

माथि जे-जति लेखिएको छ, त्यसको यो अर्थ पनि होइन कि ज्ञान-विज्ञानको क्षेत्रमा जुन उन्नति भएको छ त्यो उपेक्षणीय छ, त्यसबाट फाइदा नउठाएर हामी त्यसबाट विमुख नै होऔं भन्ने होइन; कुनै पनि वस्तुको उपयोगिता त्यसको सदुपयोग अथवा दुरुपयोगमा निर्भर हुन्छ। मेरो अभिप्राय भावनाशुद्धिसँग छ– कुनै पनि वस्तुको उपयोग जुन भावनाबाट गरिन्छ त्यस्तै नै उसको सिद्धि हुन्छ। यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी अर्थात् सात्त्विक भावना छ त सात्त्विक, राजसी छ त राजसी, तामसी छ त तामसी, पवित्र छ त पवित्र, मलिन छ त मलिन, दैवी छ त दैवी र आसुरी छ त आसुरी। यो सारा संसार यी भावनाहरूको सिद्धिको प्रयोगशाला हो। यस जगत्को इतिहास भावना-सिद्धिको विविधताको इतिहास हो।

यस प्रकार ज्ञान-विज्ञान र मानव-बुद्धिमा पनि भावनाशुद्धि नभए त मनुष्यको बुद्धिपूर्वको अज्ञानलाई नै ठीक भन्न थालिन्छ; कसलाई यस्तो लाग्दैन अणुबम, हाइड्रोजनबम तथा अरू मारक साधनहरूको ज्ञानको वृद्धिको अपेक्षा पहिलेको अज्ञानता राम्रो थियो? आजको व्यापारको समृद्धि र तडक-भडकको अपेक्षा पहिलेको सस्तो र शान्तिको रोटी राम्रो थियो? कसलाई लाग्दैन कि आजको झम्टाझम्टी, नेताहरूका भाषणको मारामारी र बा-हमासे चुनाव-हरूको दाँजोमा पहिलेका धार्मिक क्षेत्रिय राजाहरूद्वारा गरिने राज्य-सञ्चालनको सुख-शान्ति बढी

राम्रो थियो ? एउटा दुष्ट पुरुष जब मर्न लाग्यो तब आफ्नो छोरालाई सिफारिश गरेर गयो– "तिमी मेरो सद्गति चाहन्छौ त मान्छेहरूमा मेरो जुन आज निन्दा हुन्छ त्यसको बदला मान्छेहरू प्रशंसा गरून्– यस्तो काम गर ।" छोराले हुन्छ भन्यो र त्यो बूढो मऱ्यो । तर आफ्नो वचन कसरी पालन गर्ने ? उसले नयाँ अनुसन्धान गऱ्यो– खराबी गर्नमा बाबुको अपेक्षा दोब्बर गरे त मान्छे उसको अपेक्षा बाबुलाई असल भन्दछन् । यही कुरा आजको संसारमा पनि छ । कुनै भन्दछन्– हामी त उपाय गरेर मर्न लागिसक्यौं, फेरि पनि महगी बढी नै रहेछ, बेकारी बढ्दै छ, अशान्ति बढिरहेछ, झगडा बढिरहेछ, द्वेष र अपराध बढ्दै छ, युद्धप्रियता बढिरहेछ, वैर-विरोध बढिरहेछ । यी सबै के हुन् ? मानवता, राष्ट्रियता, अन्वेषणप्रियता, समाज-विज्ञान या लोकतन्त्र तथा अन्य अनेकौं उपाय गर्नाले पनि किन कुनै बाटो मिल्दैन ? परन्तु मिलोस् कसरी ? ईश्वरको राज्य भावनाको विशुद्धि चाहन्छ, र त्यतापट्टि तिम्रो दृष्टि गइरहेको छैन; सोझो मान्छे ! स्वयं विचार गर ! यी अपेक्षित भावनाशुद्धिको साधन छ एक मात्र धर्मपथ । यसैले धर्मको आवश्यकता छ । मेरा युवक मित्र ! ईश्वर, धर्म र संयमको विरुद्ध विद्रोह ठीक छैन । त्यसबाट धेरै संस्कृतिहरू– सभ्यताहरूको विनाश भइसकेको छ । इतिहास साक्षी छ । ईश्वरीय प्रयोगशालामा त सधैं प्रयोग चलिरहेछ, हामी आफ्नै क्षुद्र दृष्टिले उसलाई देख्न सकिरहेका छैनौं । ७९

यसबाट यो स्पष्ट छ सुख, समृद्धि, शान्ति, सुरक्षा आदिको मूल धर्मपथ नै हो । त्यो धर्मपथको स्वरूप लक्षण आदिको विचारभन्दा पहिले यो विचार गर्नु आवश्यक प्रतीत हुन्छ– धर्म र सम्प्रदायमा के अन्तर छ ? कोही प्रायः यस्तो भन्ने गर्दछन् धर्मको नाममा अनेक रक्तपात र झगडा भएको छ। तिनीहरू प्रायः सम्प्रदायहरूलाई नै धर्म मान्ने भ्रममा परेर अरूलाई पनि भ्रान्त गर्ने चेष्टा गर्ने गर्दछन् । सम्पूर्ण विश्वका लागि धर्म त एक नै हुन्छ–भलै त्यसलाई मानव सभ्यता भनौं, सदाचारतत्त्व भनौं या शिष्टाचारको सूत्र भनौं, अथवा मूलतत्त्व भनौं । यी तत्त्वहरूलाई नै 'धर्म' नाम दिइएको छ । यसको कारण यो हो कि यो मूलभूत सिद्धान्त यदि कुनै प्राणी या पदार्थमा, अथवा व्यक्ति या संस्थामा नहोस् त्यो उसको नामको योग्य नै रहँदैन । यो कुरा विनादृष्टान्त बुझ्न सकिदैन । आगाको धर्म हो तातो दिनु । यदि यस धर्मलाई आगाले छाडिदिए त त्यो आगो भनिंदैन खालि खरानी या गोल भनिन्छ । सूर्यको धर्म हो तातो र प्रकाश दिनु, यस धर्मको यदि लोप भएमा त 'सूर्य' नामका लायक रहँदैनन् र पत्थरको गोलो मात्र भनिन्छ । पानीको धर्म हो तरलता र शीतलता; परन्तु यसको यो धर्म यदि अदृश्य भएमा त यो हिउँ या बाफ भनिन्छ ।

वस्तुस्वभावो धर्मः ।

यस प्रकार यदि मनुष्यलाई मनुष्य झैं बाँच्नु छ त उसको आचरण कस्तो हुनुपर्छ, यसका लागि पुरुषहरूले नियम बनाइदिएका छन् र जुन मनुष्यमा यो नियम–सद्गुण छैन त्यो 'मानव' भन्न योग्य छैन, खालि मानवदेहधारी पशु हो–यस्तो निश्चय गरिएको छ । यसकारण यस्तो आचरणका नियमहरूलाई 'धर्म' नाम प्रदान गरियो, किनकि जहाँसम्म मनुष्य तो नियमहरूलाई धारण गरिरहन्छ, त्यहींसम्म त्यो मनुष्य भनिन्छ । 'धर्म' शब्दको व्युत्पत्ति पनि यस्तै नै छ– धारणाद् धर्मः ।

जसको आचरणबाट व्यष्टि अथवा समष्टि आफ्नो यथार्थ जीवन धारण गर्छ त्यो आचरणविशेषको नाम नै 'धर्म' हो। मनुष्य-भावबाट पशुभावमा ढल्नु प्रकृतिको स्वभाव हो। यसलाई रोक्ने तत्त्वको नाम धर्म हो। यसैले धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः भनिएको छ। धर्मको रक्षामा नै मनुष्यत्वको रक्षा छ।

अब हेरौं धर्म र सम्प्रदायमा के अन्तर छ? जीव अर्थात् शरीरमा रहने चैतन्य जसरी नित्य छ त्यसरी नै धर्म पनि नित्य छ। यसैले यो समात्म भनिन्छ। यसप्रकार धर्म अनादि छ र सम्प्रदायहरूको स्थापना अवतारी पुरुषहरूद्वारा गरिएको हुन्छ। अतएव उसमा देशकाल र समाज-अनुसार कर्मकाण्डको विशेषता हुन्छ र यसकारण उसको प्रभाव पनि सीमित नै हुन्छ। सम्यक् प्रदीयते इति सम्प्रदायः गुरुपरम्पराबाट जुन सम्यक् रूपले चलेर आइरहेछ र गुरु जसमा शिष्यलाई सम्यक् रूपले मन्त्र, आराध्य, आराधना-पद्धति तथा आचार-पद्धति प्रदान गर्नुहुन्छ, त्यसको नाम सम्प्रदाय हो।

सम्प्रदायको अर्थ सोझो रायमा– धर्मको पथविशेष। एक सम्प्रदाय साधकलाई–अनुयायी-लाई एउटा पथ प्रदान गर्दछ जुनमा चलेर ऊ धर्मद्वारा निर्दिष्ट लक्ष्यसम्म पुग्न सकोस्। एक ग्रन्थ, एक उपासना, एक आचार–पद्धति जहाँ पनि प्रचलित छ, जहाँ पनि भनिन्छ– कल्याणको यही बाटो या मार्ग हो, त्यो सम्प्रदाय हो।

सम्प्रदाय शब्द वास्तवमा न त सङ्कीर्णतायुक्त छ, न हेय नै। विवेकहीन मान्छेहरूको लामो परम्पराले पो यस शब्दप्रति जगत्मा अरुचि उत्पन्न गरिदियो। 'यस साधन एवं मार्गको अतिरिक्त मनुष्यको कल्याण सम्भव नै छैन। अन्य सबै मार्ग भ्रान्त, हेय तथा त्याज्य हुन्।' यो मिथ्या-भ्रम अहङ्कार एवम् अविवेकले गर्दा पुष्ट भयो र उसले यो शब्दप्रति उपेक्षा उत्पन्न गरिदियो। साम्प्रदायिकको अर्थ नै सङ्कीर्ण मनोवृत्तिको व्यक्ति मानिन लाग्यो।

'हाम्रो मार्ग सर्वथा ठीक छ। हाम्रो मन्त्र, ग्रन्थ, गुरु, उपासना, आचार त्रुटिरहित छ। हाम्रा लागि यो सर्वश्रेष्ठ मार्ग हो।' यो निष्ठा त आवश्यक छ-किन्तु यस निष्ठाको साथै अन्य मार्ग-हरू, मन्त्रहरू, ग्रन्थहरू, गुरुहरू, उपासना एवं आचार-पद्धतिहरूप्रति द्वेष एवं घृणा हुनु हुँदैन। उनका अनुयायी भ्रान्त नै छन्, यो धारणा अज्ञानमूलक हो। यही धारणा धर्मप्रति ग्लानि उत्पन्न गर्ने खानको छ। त्यो मार्ग या सम्प्रदाय उसका लागि ठीक हुन्छ, यो उदारता धार्मिक पुरुषहरूमा अवश्य हुनुपर्छ। जुन पुरुष धर्मको लक्ष्य प्राप्त गर्न चाहन्छ उसले कुनै न कुनै बाटो त लिनु नै पर्छ। लक्ष्यसम्म जानु छ त बाटो पहिल्याएर हिंड्नुपर्छ। यो अर्कै कुरा हो तपाईंको बाटो त्यहाँबाट प्रारम्भ हुन्छ, जहाँ तपाईं उभिनुभएको छ। तपाईंको अधिकारअनुसार तपाईंको साधन-सम्प्रदाय हुनुपर्छ, तर सम्प्रदायविना त साधन नै छैन। बाटोविना त लक्ष्यसम्म गति नै हुँदैन।

धर्म आत्मा हो र विविध सम्प्रदाय त्यसको शरीर हो। सबै शरीरमा आत्मा एक नै छ तथापि ती शरीरहरूसितको व्यवहार तिनै शरीरका आकृति र स्वभावअनुसार गर्नु आवश्यक छ। यसै प्रकार सबै सम्प्रदायहरूमा धर्मको तत्त्व एक हुँदाहुँदै पनि उनीहरूको कर्मकाण्डमा विभिन्न प्रकारको विशेषता हुनाले उनीहरूको व्यवहारको विभिन्नता अनिवार्य छ।

अंग्रेजी पढे-लेखेका मानिस यो कुरा यसप्रकार बुझ्न सक्तछन् । एउटा सिक्काका दुई प्रकारका मूल्य हुन्छन्– एक स्वरूपगत मूल्य (Intrinsic value) र अर्को हो- व्यावहारिक मूल्य (Face value) । यी दुवै मूल्यका बीचमा जति धेरै अन्तर हुन्छ त्यति नै धेरै त्यो सिक्का निम्न कोटिको मानिन्छ । आदर्श सिक्कामा दुवै मूल्य समान हुन्छ । उदाहरण छ- खास सुनको सिक्कामा दुवै मूल्य बराबर हुन्छ । यही कुरा धर्म र सम्प्रदायको छ । जहाँ दुवैका बीच विशेष समानता हुन्छ, त्यहाँ सम्प्रदाय उच्च कोटिको हुन्छ र जहाँ कम समानता हुन्छ त्यहाँ सम्प्रदाय निकृष्ट कोटिको सम्झिन्छ । व्यावहारिक मूल्यअनुसार जुन राज्यको सिक्का हुन्छ त्यहीं माल पाइन्छ तर अर्को राज्यमा त उसको स्वरूपगत मूल्यअनुसार नै मूल्याङ्कन हुन्छ । यसैप्रकार सम्प्रदायको मूल्य उसका अनुयायीहरूसम्म मात्र सीमित रहन्छ, अरू उसलाई मान्दैनन् र कहिलेकाहीं उपेक्षा पनि गर्दछन् । जब अरूलाई मनाउने दुराग्रह या हठाग्रह गरिन्छ तब सङ्घर्ष नभई रहँदैन र सङ्घर्ष जति-जति तीव्र या उग्र भएर जान्छ उतिउति नै लडाइँ-झगडा र रक्तपात बढेर जान्छ । युरोपको क्रुसेड्स् (Crusades) यसको प्रत्यक्ष प्रमाण हो ।

यसप्रकार हामी देख्छौं-विश्वका सबै सम्प्रदायहरूमा ऐक्य स्थापित गर्नु त सम्भव छैन, परन्तु धर्मको सिद्धान्त त एक नै हो । एक हिन्दू-धर्ममा नै अनेक सम्प्रदाय छन्, परन्तु धर्म-सिद्धान्त एकै हुनाले नै कुनै विरोध आउँदैन । समाजमा हेरे त एक नै परिवारमा अनेक सम्प्रदाय भेटिन्छन् । लोग्ने शैव छ त स्वास्नी वैष्णव, बुहारी आउँछे त देवीभक्त हुन्छे । यस प्रकार नै घरमा विभिन्न सम्प्रदाय हुन्छन्, तथापि व्यवहारमा कुनै पनि प्रकारको वैमनस्य देखिंदैन; किनकि धर्ममा भावको प्रधानता हुन्छ र सम्प्रदायमा क्रियाको प्रधानता हुन्छ ।

प्रायः भनिन्छ-धर्मको नाममा ज्यादै रक्तपात भएको छ । यसबाट धर्म शब्द नै अनर्थकारी भएको छ । परन्तु यो भन्नु गलत हो । उदाहरणार्थ इसाई धर्मको नाममा क्रुसेड (Crusade) भयो र ज्यादै रक्तपात भयो । इङ्गल्यान्डमै पनि प्रोटेस्टेन्ट र क्याथोलिक सम्प्रदायहरूको झगडामा धेरै रक्तपात भयो र धर्मप्रेमी मनुष्यहरूलाई देश छाडेर परदेश जानुपऱ्यो । तथापि युरोपको कुनै पनि प्रजा धर्मको नामबाट भड्कँदैन, उनीहरूले आफ्ना गिर्जाघरहरूलाई भत्काएका छैनन् । खालि हामी अभागी मात्र छौं, जो अलिकता अंग्रेजी पढ्दैमा धर्मदेखि चिढ्छौं र धर्मको नाम लिन पनि चाहँदैनौं । यो सबै अंग्रेजी अक्षरज्ञानको शिक्षाको परिणाम हो । वास्तवमा यो हाम्रो अविवेकपूर्ण अन्धानुकरण मात्र हो ।

रक्तपातको कारण धर्म होइन बरु एक सम्प्रदाय (मजहब या रिलिजन)-को कर्मकाण्डको दोस्रो सम्प्रदायको कर्मकाण्डको साथ विरोध नै यसको मुख्य कारण हो । कुनै सम्प्रदायहरूमा मित्र-धर्मीहरूलाई आफ्नो धर्ममा ल्याउनु ठूलो पुण्य मानिन्छ । जपतप आदि कर्मकाण्डद्वारा पुण्यार्जन गर्न त शारीरिक कष्ट सहनुपर्छ, तर एक मनुष्यलाई जबर्जस्ती धर्मपरिवर्तन गराउने या विधर्मी बनाउन स्वयं कुनै कष्ट उठाउनु पर्दैन । यसैले धर्मको नाममा जोशले भरिएका मान्छे पुण्य कमाउनका लागि कहिलेकाहीं सबै प्रजालाई आफ्नो धर्ममा ल्याउनका लागि सङ्घर्ष गर्दछन् र यस्तो अवसरमा रक्तपात अनिवार्य हुन्छ । उदाहरणार्थ- इसाईहरू आफ्नो धर्म-प्रचारका लागि करोडौं धन खर्च गरेर र साम-दान जस्तो युक्ति-प्रयुक्तिबाट अरूलाई आफ्नो पथ स्वीकार गराएर पुण्य कमाउन चाहन्छन्; मिशनरीवालाहरू धनको लोभ देखाएर, विद्यालयहरू, अस्पतालहरू र सेवाको लोभ दिएर तथा

सुन्दरी केटीहरूको मोह दिएर मानिसहरूलाई इसाई बनाउँदछन्, निश्चय नै यो प्रभु इसाका सिद्धान्त-हरूको सर्वथा विरुद्ध छ। मलाई हाँसो उठ्दछ-जुन मान्छे चोर-डाँकू छ, व्यभिचारी छ, व्यभिचारको पूर्तिका लागि नै जो धर्मदीक्षाको ढोंग रच्दछ, एकै दिनमा बपतिस्मा लिएर या सुन्नत गराएर जो काफिरबाट इसाई या मुसलमान बनाइन्छन्, उनीहरूका आचरणहरूमा कुनै परिवर्तन भएको छ त्यो कुरा पनि होइन, तिनीहरू एक समुदायलाई छाडेर दोस्रो स्वार्थी समुदायका सदस्य बने। यतिबाट नै के ऊ धार्मिक बन्यो ? यही यी संख्या बढाउने लोभी पन्थहरूको ठूलो दोष हो। ८२

हिन्दूहरूमा धर्मको असहिष्णुता प्रायः कहिल्यै रहेन। बौद्ध धर्म, कुनै वैदिक आर्यधर्मबाट पृथक् धर्म थिएन। त्यो त वैदिक धर्मको अन्तर्गत नै सुधारकहरूको एक समूह थियो। समाजले हिन्दू-धर्म, बौद्ध धर्म भन्ने भेदभाव कहिल्यै गरेन। जो राजा महाराजा हुन्थे, ती बौद्ध भिक्षुहरू र ब्राह्मण-हरूलाई समान भावले पुज्दथे, समान भावले उनीहरूलाई दान दिन्थे। तिनीहरू नै सब सिद्धान्त, त्यही सबै सद्गुणहरूको विकासमा बल भयो। धर्म त एक नै हो।

बिस्तारै-बिस्तारै बौद्ध धर्ममा हीनयान, महायान, वज्रयान आदि अनेक भेद-प्रभेद बढे, आफ्नो-आफ्नो प्रचारको लोभ बढ्यो। संख्या बढाउने प्रलोभनलाई उनीहरूले रोक्न सकेनन्। जसरी भए पनि भिक्षुहरू-भिक्षुणीहरूको संख्या बढाइयोस्। बौद्ध धर्मको प्रचार होस्, बुद्धको नामको डङ्का सम्पूर्ण विश्वमा फैलियोस्- यस्तो प्रवृत्ति बौद्धसङ्घहरूमा बौद्धाचार्यहरूमा बढ्यो। त्यसको पूर्तिका लागि उनीहरू देश-विदेशहरूमा घुम्दै हिंडे। लाखौं भिक्षु धर्मप्रचारका निमित्त पृथ्वीका विभिन्न देशमा गए। परन्तु त्यसबेला पनि उनीहरूमा आफ्नो कुलपरम्परागत धर्मलाई एकदम छाडेर बुद्ध-धर्मको दीक्षा लिइहाल्ने प्रवृत्ति थिएन। त्यस बेलासम्म बुद्धधर्मको कुनै निश्चित रूपरेखा नै बनेको थिएन। कुनै भेदभाव वैदिक धर्मबाट भएकै थिएन। बुद्ध भगवान् चाहनुहुन्थ्यो- यज्ञहरूमा जुन वेदको नाममा लाखौं जीवहरूको बलि दिइन्थ्यो, त्यो नदिइयोस्। यदि वेद यो क्रूर हिंसाको समर्थन गर्छ त त्यसलाई पनि अमान्य ठहराइदिनुपर्छ। यति नै उनको वर्तमान कर्मकाण्डीहरूसँग मतभेद थियो। सत्य, अहिंसा, सम्पूर्ण प्राणीहरूको हितभावना आदि सद्गुणको कुरा त समान नै थियो। बौद्ध भिक्षु चीन, जापान जहाँ पनि गए उनीहरूले प्राचीन मान्यताहरूको कहीं खण्डन गरेनन्। आफ्नो प्राचीन धर्ममा नै रहेर सबै जना भगवान् बुद्धका उपदेशहरूको पालन गरून्- यही उनीहरूको ध्येय थियो। उनीहरूले कसैसँग लडाइँ गरेनन्। सबैलाई प्रेमद्वारा, सद्गुणद्वारा जिते। यस प्रकार शान्तिपूर्ण ढङ्गले संसारमा बुद्धधर्मको प्रचार गरे।

यहूदीहरूका मान्यताहरू बेग्लै थिए। उनीहरू पुनर्जन्मलाई मान्दैनथे र अरू पनि केही कुरा बेग्लै थिए। प्रभु इसामा बुद्धधर्मको अत्यधिक प्रभाव पऱ्यो। कसैको भनाइ त यहाँसम्म छ--आफ्नो जीवनको अज्ञात बाह्र वर्ष काबुल गान्धारको मार्गबाट भारतमा आएर बौद्धको सङ्घमा रहेर अध्ययन गरे। जेसुकै होस्, तिनी चाहे यहाँ आएका होऊन् या नहोऊन्, बौद्धहरूसँग रहेका होऊन् या नहोऊन्, तर यो त ध्रुवसत्य छ- उनी बौद्धहरूद्वारा अत्यन्त प्रभावित थिए। उनी पनि एसियाका थिए, यूरोपमा तबसम्म धर्मको प्रचार भएको थिएन। प्रभु इसाले, जो स्वयं यहूदी समाजमा उत्पन्न भएका थिए,

त्यसमा केही सुधार गर्न चाहे । यसैमा त तत्कालीन शासकहरूसँग उनको मतभेद भयो र उनलाई शूलीमा चढाइदिए । वर्तमान समयका धर्मप्रचारकहरूमा प्रभु इसा नै एक यस्ता विख्यात धर्मप्रचारक हुन् जसले आफ्नो समयमा आफ्नो सम्प्रदायको उन्नति आफैले देख्न सकेनन् । तर उनी आफै बडो पवित्र थिए, धर्माचरण गर्ने त्यागी महापुरुष थिए । उनका चेलाहरूले यहूदी धर्मबाट बेग्लै इसाई धर्मको स्थापना गरे । इसाई धर्ममा यदि पुनर्जन्मलाई अरू मानिदिए त उसमा र बौद्ध धर्म र सनातन वैदिक धर्मका सिद्धान्तहरूमा अन्तर नै के छ ! पछि जब इसाईहरूको प्रभुत्व भयो र पोप धर्मगुरु मात्र नरहेर शासक पनि मानिन लागे, तब उनीहरूले पनि आफ्नो सम्प्रदायलाई बढाउने लोभको संवरण गर्न सकेनन् । नौकाहरू र जहाजहरूमा चढेर साहसी इसाईहरू समुद्रमा चक्कर लगाउन लागे । उनका साथ दुई वस्तुहरू रहन्थे- एक तोप, दोस्रो पोपको व्यवस्था । त्यो व्यवस्था थियो– जो इसाई होइन, उसलाई समुद्रमा आउन नदिइयोस् । ८३

मुसलमानहरूले त धर्मान्धिताको हद नै गरिदिए । जो मुसलमान होइन, उसलाई लुट, या त बलपूर्वक उसलाई मुसलमान बनाऊ या मार–यही खलीफाहरूको नीति रह्यो । हो, उसमा केही अपवाद पनि छ जस्तो खलीफा हारूँलरशीद आदि । तर मुस्लिम धर्मको प्रचार सबै देशहरूमा प्रायः यस्तै नै हुन्छ ।

धर्मको प्रचारका लागि वंश-परम्परागत मान्यताहरूलाई छाड्ने कुरा पहिले कहिल्यै भनिएन । भारतवर्षबाट सर्वत्र विदेशहरूमा धर्म प्रचारको हेतु बौद्ध भिक्षु गए । तबसम्म इसाई धर्म र मुस्लिमधर्मको त जन्म पनि भएको थिएन । यहूदी धर्मले पनि सम्प्रदायको रूप धारण गरेको थिएन । मान्छे आफ्नो भावनाअनुसार बेग्लाबेग्लै तरीकाको उपासना गर्दथे । त्यसै समय बौद्ध भिक्षु ब्राह्मण-संन्यासी युरोप र एसियाको प्रायः प्रत्येक देशमा सैकडौंको संख्यामा पुगेका थिए । उनको जीवन त्यागमय हुन्थ्यो, उनमा अधिकांश मान्छे दिगम्बर (नग्न) रहन्थे, जुन वस्त्र पनि लगाउँथे, कहिलेकाहीं फाटेको पुरानो चिथ्रो लपेट्दथे । तिनीहरू अन्तःकरणको शुद्धिमा अधिक बल दिन्थे । अफगानिस्तान, इरान, तुर्किस्तान, सिरिया, चीन, जापान, लङ्का, जाभा, मङ्गोलिया, सुमात्रा तथा युरोपका सबै देशहरूमा यी त्यागी-वैरागी सन्त पुग्थे । यी मान्छे न त कुनै देवताको विरोध गर्दथे, न कसैको परम्परागत मान्यता तथा पैतृक धर्मलाई नै छुटाउँदथे । यी सबै विश्वप्रेम, सत्य, सरलता, सदाचार, सादगी, अन्तःकरणको शुद्धि तथा योग-साधनमा बल दिन्थे । जापानमा मान्छे प्रायः सिंतो धर्म मान्ने थिए र चीनमा ताओ मत प्रचलित थियो । बौद्ध भिक्षुहरूले न त यसको खण्डन गरे न छाड्नलाई भने- यो धर्म अझैसम्म चीन, जापानमा विद्यमान छ । हिन्दू-धर्मप्रचारकहरूले सधैं आत्मशुद्धि, आध्यात्मिक उन्नति तथा अन्तःकरणको शुद्धिलाई नै धर्मको मुख्य अङ्ग माने । बाह्य मान्यताहरू तपाईंको जेसुकै होस्, यसमा उनीहरूले कहिल्यै ध्यान दिएनन् ।

हिन्दूधर्ममा जुन प्रकारले रामायण, महाभारत आदि ग्रन्थहरूमा उच्च आदर्शले युक्त कथा-हरू चित्ताकर्षक ढङ्गले वर्णित छन्, त्यस्तो अरू धर्मको कुनै ग्रन्थमा छैन तथा जनसाधारणमा यस प्रकार उच्च आदर्शहरूको प्रचार गर्ने व्यवस्था पनि छैन । यसकारण हिन्दू जनसाधारणको

चरित्र अरू देशहरूको जनसाधारणको अपेक्षा उन्नत थियो । यस विषयमा अनेक विदेशी विद्वान्-हरूले पनि आफ्ना सम्मति प्रकट गरेका छन् । सम्भवतः मनुष्यको भोगाकांक्षा प्रबल हुन्छ । चरित्रलाई उन्नत बनाउनु छ त भोगाकांक्षालाई संयत गर्नुपर्छ । धेरै मानिसमा यस्तो संयम-शक्ति हुँदैन । यसैकारण समाजमा पुण्यको अपेक्षा पापकम धेरै हुन्छ । जब पापको बोझ धेरै बढ्दछ, तब समाज ध्वस्त हुन्छ । सुमेर, मिश्र, बेबिलोनिया, असीरिया, ग्रीस, रोम आदिका प्राचीन सभ्यता-हरू यसै कारण ध्वस्त भएका थिए । वैदिक समाजमा धेरै दिनसम्म जनसाधारणको चरित्रलाई ज्यादै उच्चा राखिएको थियो । यसैबाट यो संसारका अरू प्राचीन सभ्यताहरू झैं ध्वस्त भएन । मेगास्थनिज, हुएनसांग आदि विदेशीहरू प्राचीन हिन्दूहरूको उन्नत चरित्रको सम्बन्धमा धेरै-धेरै प्रशंसा गरेर गए । अरू देशवासीहरूको अपेक्षा हिन्दूहरू मनुष्यत्वको विषयमा धेरै उन्नत थिए । केही ऐतिहासिक घटनाहरूद्वारा यसको समर्थन गरिन्छ– इसा मसीहले यहूदीहरूको धर्मग्रन्थ पुरातन बाइबल (Old Testament) -लाई अस्वीकार गरेका थिएनन्, तर केही नयाँ कुरा पनि भनेका थिए । यसैले गर्दा यहूदीहरूले उनलाई शूलीमा चढाइदिए । अर्कोतिर बुद्धदेवले वेदहरूको घोर निन्दा गरेका थिए, तर हिन्दूहरूले उनलाई उत्पीडन गर्नु त परै जावस्, उनलाई भगवान्को अवतार माने ।

८४

अरबहरूले एक हातमा कुरान र अर्कोमा तलबार लिएर इरानमा आक्रमण गरेका थिए । केही मान्छे इरानबाट भागेर जहाजद्वारा भारतमा आए र उनीहरूले यहाँको हिन्दू राजालाई सोधे– 'के हामीहरू तपाईंको देशमा बसेर आफ्नो धर्म पालन गर्न सक्तछौं ?' हिन्दू राजाले उनीहरूलाई बस्नका लागि सहर्ष सम्मति दिए । तिनै मानिस भारतमा 'पारसी' नामले प्रसिद्ध छन् ।

जब पहिलो पटक प्रोटेस्टेन्ट धर्मको प्रचार भयो तब रोमन क्याथलिकहरूले अनेकौं प्रोटे-स्टेन्टहरूको हत्या गरे । पश्चात् जहाँ प्रोटेस्टेन्टहरूको संख्या धेरै भयो त्यहाँ उनीहरूले रोमन क्या-थलिकहरूको हत्या गरे । हिन्दू भारतवर्षमा एकचोटि बौद्ध धर्मको प्रचार भयो, प्राबल्य भयो, पछाडि फेरि हिन्दूधर्मको प्रचार र पुनःस्थापन भयो । कुन धर्म श्रेष्ठ छ, यसको साधारणतः तर्क र विचार-द्वारा निर्णय हुन्थ्यो । पाश्चात्य देशहरूको जस्तै धर्मको नाममा नर-शोणितबाट भारतवर्ष प्लावित भएन । 'धर्मको नाममा रक्तपात भयो' यस्तो भन्नेवाला अंग्रेजी पढे-लेखेका सोझा भाइ ! केही गम्भीर विचार गर, यसैले यस विषयमा यति धेरै लेख्नुपरेको छ । अब एक ऐतिहासिक घटनाको उल्लेखपछि यस विषयलाई समाप्त गरिन्छ ।

कर्नेल टाडले राजस्थानको इतिहासमा लेखेको छ– "एउटै समयमा दिल्लीको सिंहासनमा मुसलमान बादशाह राज्य गर्दथे र चित्तौडको सिंहासनमा हिन्दू राजा राज्य गर्दथे । दिल्लीको सिंहा-सनका लागि आफन्तहरूमा प्रायः मारकाट र लडाइँ भई नै रहन्थ्यो । चित्तौडको इतिहास स्वार्थ-त्यागी महान् चरित्रवान् पुरुषहरूको चरित्रगाथाहरूले समुज्ज्वल छ । एक ऐतिहासिक सत्य घटना–

बादशाह औरङ्गजेबले जोधपुर राज्य हस्तगत गर्ने बहुत चेष्टा गरे, तर उनी आफ्ना प्रयत्नहरूमा सफल भएनन् । महाराजा जसवन्तसिंहको उपकार उनले बिर्सिसकेका थिए । कसैको उप-

कार र सम्बन्धलाई सम्झना राख्नु उनको स्वभाव नै थिएन । राजनीतिमा उनी निष्ठुर थिए र आफ्नो धर्ममा अत्यन्त संकीर्ण–दुराग्रही । तर जसवन्तसिंहको बालक छोरा अजीतसिंहको संरक्षक बनेर जुन राठौर वीर दुर्गादासले जोधपुरमा तलबार निकालेका थिए, उनीसित बादशाहको केही लाग्दैनथ्यो ।

बादशाहले आफ्नो छोरालाई सेनाको साथ दुर्गादासको दमन गर्नलाई पठाए । ऊ लगभग घेरिइसकेको थियो; तर उसले जब मित्रताको प्रार्थना गऱ्यो दुर्गादासले त्यसलाई अस्वीकार गरेनन् । यो समाचार बादशाहकहाँ पुग्यो त उनले छोराको विरुद्ध सेना पठाए । बाबुसँग शत्रुता गर्नु पनि छोरालाई राम्रो लागेन । ऊ इरान गयो । बादशाहको सेनालाई दुर्गादासले हराए ।

शाहजादा इरान जाने बेला आफ्नो छोरा बुलन्द अख्तर तथा पुत्री सफायतुन्निशालाई जोधपुरमै छोडेर गएका थिए । यात्रामा बच्चाहरूलाई लिएर ऊ कहाँ हिंडोस् ! बादशाहलाई यो समाचार पनि मिल्यो । उनका सेना हारेर फर्किसकेका थिए । बादशाहले आफ्नो प्रतिनिधि बनाएर ईश्वरदास नागरलाई जोधपुर पठाए । ८७

दुर्गादासले आफ्नो मन्तव्य स्पष्ट गरे– शाही बच्चाहरूलाई म आफै सुरक्षित दिल्ली पुऱ्याइदिन्छु; तर बादशाहले अजीतसिंहलाई जोधपुर-नरेश स्वीकार गर्नुपर्छ ।

बादशाहसँग दोस्रो उपाय पनि थिएन । उनले शर्त स्वीकार गरे । दुर्गादास जति वीर थिए उति नै नीतिकुशल पनि थिए । औरङ्गजेबको कुरा विश्वसनीय छैन, यो उनी जान्दथे । उनी एक्ले छोरीलाई लिएर दिल्ली गए, तर छोरालाई उनले जोधपुरमा नै बस्न दिए । बादशाहका लागि यो चेतावनी थियो– 'यदि तिमीले धोका दिए त तिम्रा नाति हाम्रा सरदारहरूका हातमा छन् ।'

त्यसबेला औरङ्गजेब दिल्लीबाट टाढा ब्रह्मपुरीमा थिए । नातिनीले पुगेर उनका पाउमा शिर झुकाइन् त प्यारले उनलाई सँगै बसाएर उनले भने– 'छोरी ! तिमी सोह्र वर्षकी भयौ । अहिलेसम्म तिमीलाई आफ्नो मजहबबारे थाहा छैन । काफिरहरूसँग तिमीले बस्नुपऱ्यो । अब कुरान पढ्न मन लगाऊ ।'

नातिनीले भनिन्– 'बाबाजान ! मैले त कुरान पढेकी छु । काका दुर्गादासजीले मलाई पढाउनका लागि एक मुसलमान स्वास्नीमान्छे लगाइदिनुभएको थियो । तपाईं सोधिहेर्नुहोस्, मलाई कुरानका पूरा आयत (श्लोक)– हरू आउँछन् ।'

औरङ्गजेब मनमनै आफ्नो कालो करतूतलाई सम्झेर दाँतले ओंला टोकी लामो सास लिएर भन्दछन्– ओहो ! हिन्दूहरूका धेरै कुरा यस्ता छन्, त्यसमा उनीहरूको मुकाबला शायद फरिश्ता (देवता) नै गर्न सक्तछन् । बादशाह नातिनीको कुरो सुनेर प्रसन्न भए ।

'यो हाम्रो कर्तव्य थियो जहाँपनाह !' यसो भनेर त्यसै बेला दुर्गादासले प्रणाम गरे । उनी भनिरहेका थिए– 'हाम्रो कुनै धर्मसँग द्वेष छैन । आफ्नो मालिकको रक्षाका लागि हामी तलबार उठा-

उँदछौं, र दिल्लीको अन्यायी बादशाहसँग हाम्रो दुश्मनी छ, कुनै धर्मसँग अथवा तपाईंका बच्चाहरूसँग होइन ।'

बादशाह बोले– 'दुर्गादास ! तिमी देवता हौ ।' उनले राठौर शूरमालाई सम्मानपूर्वक बसाले । अजीतसिंहलाई जोधपुर महाराज मान्ने स्वीकृति (फरमान) लेखिदिए ।

सारांश यही हो- यदि हामी पाश्चात्य सभ्यताको अन्धानुकरण गर्दछौं, ऋषिहरूका कल्याणकारी अवस्थाहरूलाई यदि कुसंस्कारपूर्ण तथा अनिष्टकारी मानेर त्याग्दछौं, यदि सदाचारको पालन गर्दैनौं, जीवनबाट यदि धर्मलाई निकालिदिन्छौं, इहलोकको उन्नतिलाई नै जीवनको सार मान्दछौं त हामी धेरै धनी हुन सक्तछौं कि सक्तैनौं-यसमा त सन्देह (शङ्का) छ; तर यो कुरामा त कुनै सन्देह छैन–हाम्रो मनुष्यत्व कम भएर जान्छ तथा पाश्चात्य सभ्यतामा झैं हामीहरू पनि सङ्कटापन्न अवस्थालाई प्राप्त गर्दछौं । जर्मन दार्शनिक स्पेंसाङ्लर (Spangler)- ले आफ्नो पुस्तक (Decline of the Weak) मा सप्रमाण प्रतिपादन गरे- 'मिश्र, ग्रीस, रोम आदि देशहरूको प्राचीन सभ्यता जुन प्रकार विनष्ट भयो, पाश्चात्य सभ्यता पनि उस्तै प्रकार विनाशोन्मुख छ ।' रोम्यान रोलान्ड (Roman Roland)- ले पनि भनेका छन्- "पाश्चात्य सभ्यता यो बेला ज्वालामुखीको मुखमा अवस्थित छ ।" यसैले हामीले विचार गर्नु छ ।

अनित्यानि शरीराणि विभवो नैव शाश्वतः ।
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्मसंग्रहः ।।

अर्थात् शरीर क्षणभङ्गुर हुनाको कारण अचानक नाशमा प्राप्त हुन्छ र यसको अगाडि नै कुनै निश्चित सूचना मिल्दैन । वैभवको साधन पनि समय आएपछि नाश हुन्छ । सूर्यको अस्त हुनुको साथ-साथ मृत्युको आगमन नजिक आउँछ, जान्छ । यस प्रकार दिन-प्रतिदिन मृत्यु अगाडि आइरहेछ र त्यो कहिले आइपुग्दछ यसको ठेगान छैन । यसैले विवेकी र कल्याणकामी पुरुष धर्मको संग्रह गरेर जीवनलाई सफल बनाओस्, यही परम-शान्तिको उपाय हो ।

धर्म शब्द यति महत्त्वपूर्ण, सारगर्भित तथा लचिलो छ कुनै पनि भाषामा यसको समानार्थक शब्द छैन । आज जुन धर्म शब्द दल, सम्प्रदाय, फिरका (मत), पन्थ आदिका लागि उपयुक्त हुन लाग्यो- जसरी हिन्दूधर्म, इसाई धर्म, मुसलिम धर्म, यहूदी धर्म आदि- यो धर्मको संकुचित र एकदेशीय प्रयोग हो । यसलाई सर्वथा अशुद्ध त भन्न सकिन्न, तर यो धर्मको अपूर्ण प्रयोग हो । धर्म शब्द ज्यादै व्यापक अर्थ राख्दछ, जसरी वर्णाश्रम-धर्म, ब्राह्मण-धर्म, क्षत्रिय-धर्म, वैश्यधर्म, शूद्रधर्म, स्त्रीधर्म, पतिधर्म, आपद् धर्म, सामान्य धर्म, विशेष धर्म आदि ।

धर्मको सम्बन्ध अभ्यन्तरसित (मन-बुद्धिसित) पनि छ र बाह्यसित पनि तथा आजीविकासित पनि छ । तिमी आफ्नो समस्त जीवनमा प्राणीहरूका साथ मनसा-वाचा-कर्मणा कस्तो व्यवहार गर्ने र कसरी आफ्नो आजीविका चलाउने, यसै कुराको शिक्षा धर्मले दिन्छ । अर्थात्

लोक-परलोकप्रति कर्तव्यपालन तथा व्यावहारिक जीवन जेबाट आनन्दप्रद बन्दछ, यसैले जसबाट यो लोकमा अभ्युदय हुन्छ र परलोकमा मोक्षको प्राप्ति हुन्छ उसैलाई धर्म भनिन्छ –

यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः ।

बौद्ध धर्मभन्दा अघि यहाँ व्यक्तिहरूको नामले धर्म चलाउने प्रथा थिएन । ऋषिहरूको नामले गोत्र चल्दथ्यो, त्यसको सम्बन्ध कुलसँग थियो । धर्म सबैका लागि एक छ, त्यो मानव मात्रका लागि सनातन शाश्वत छ । जसरी हामी यो भन्दैनौं- बौद्ध दया, इसाई सत्य, मुसलिम अहिंसा । दया, सत्य, अहिंसा, ब्रह्मचर्य आदि सद्गुण सबैका लागि समान छ, उस्तै प्रकार धर्म पनि सबैका लागि समान छ । यो होइन कि हिन्दूहरूका लागि धर्म अर्को छ, अंग्रेजहरूका लागि कुनै तेस्रो छ र अरबी-हरूका लागि चौथो छ । जस्तो सखर र चिनी अंग्रेजले खाऊन्, चीनियाले खाऊन् अरबीहरूले खाऊन् या भारतीयहरूले खाऊन् सबैलाई यो मीठो नै लाग्दछ; उस्तै प्रकार धर्मको आचरण अंग्रेज गरून्, भारतीय गरून्, पारसी गरून् अथवा अरबीहरू गरून्, सबैलाई धर्मबाट यस लोकमा सुख र परलोकमा निःश्रेयस मोक्षको प्राप्ति हुन्छ ।

संसारमा जहिले पनि दुई प्रकारका मान्छे भएका छन्– दैवी सम्पत्तिको प्रेमी र आसुरी सम्पत्तिको, आर्य र अनार्य अथवा सुसंस्कृत तथा पिछडिएको वर्गका जङ्गलीहरू । जो मोक्षका लागि, संसारको निवृत्तिका लागि साधना गर्छन्, परलोकलाई ध्यानमा राखेर सबै काम गर्दछन्, तिनीहरू आर्य हुन् । जुन मान्छे पेट भर्नका लागि नै पशु-पक्षी, कीरा-माकुरा झैं निरन्तर पेटको चिन्तामा नै निमग्न रहन्छन्, पेटका लागि मोहवश अर्थ-अनर्थ सबै कुरा गर्नका लागि उद्यत हुन्छन्, उनीहरू नै अनार्य हुन् । भगवान्ले गीतामा अर्जुनलाई यही कुरा भन्नुभयो तिमी मोहवशक्षत्रिय-धर्मलाई परित्याग गरिरहेछौ, यो 'अनार्यजुष्ट' कार्य हो, अस्वर्ग्य हो । यसले परलोक बन्न सक्तैन, स्वर्ग पनि मिल्न सक्तैन, किनकि स्वर्ग कीर्तिमान्लाई मिल्दछ, तिम्रो यो काम अकीर्तिकर छ ।

आर्य र अनार्यहरूको कुल पृथक्-पृथक् हुन्छ, किनकि कुलगत संस्कार कठिनताले मेटिन्छ । रज र वीर्यमा वंशगत गुण-अवगुणहरूको रहन-सहन, आचार-विचार, चाल-चलन, पृथक्-पृथक् हुन्छ । फेरि पनि धर्मको सम्बन्ध बाह्य कर्महरूको अपेक्षा सद्गुणहरूसित ज्यादा मानिन्छ । कोही अनार्य-वंशमा उत्पन्न छ, तर उसमा आर्यहरूको जस्तो सद्गुण हुन्छ त ऊ आर्यहरूको सदृश नै मानिन्छ जस्तो प्रह्लाद । कुनै जन्ममा आर्य पनि हो- उच्च कुलको पनि हो, तर उसको आचरण अनार्यहरूको जस्तो छ त ऊ अनार्यवत् नै बन्दछ; जस्तो रावण आदि ।

धर्ममा दुई कुरा मुख्य छन्– एक त यो आफ्नो आचरणलाई शुद्ध राख, अर्थात् दुर्गुणहरूलाई छाडेर सद्गुणहरूलाई धारण गर; दोस्रो कुरा यो छ आफ्नो वंश-परम्परागत शुद्ध आजीविकाद्वारा निर्वाह गर । जो यो गर्दछ त्यो नै धार्मिक हो । सबै धर्मप्रवर्तक महानुभावहरूले यिनै दुई कुरामा विशेष बल दिएका छन् । सनातन धर्म कुनै एक जातिका लागि, एक देशका लागि या एक समाजका लागि होइन । वास्तवमा त धर्ममा हिन्दू-मुसलिम-इसाई-यी विशेषण लगाउनु नै ठीक

छैन, धर्म त धर्म नै ठहरियो; फेरि पनि देश, काल तथा पात्रको भेदद्वारा धर्मका बाह्य क्रियाहरूमा भेद मानियो ।

धर्म शब्द 'धृ' धातुबाट बनेको हो, यसको अर्थ हो धारण गर्नु, अर्थात् जुन तत्त्व सारा संसारको जीवनलाई धारण गर्छ, जुनविना लोकस्थिति सम्भव हुँदैन, जसबाट सबै कुरा संयमित, सुव्यवस्थित एवं सुसञ्चालित रहन्छ, त्यसैलाई धर्म मान्न सकिन्छ । यसैले व्यासजी भन्नुहुन्छ–

ऊर्ध्ववाहुविरोम्येष न च कश्चिच्छृणोति मे ।
धर्मादर्थश्च कामश्च स किमर्थं न सेव्यते ।।
नजातु कामान्न भयान्न लोभाद्
धर्मं त्यजेज्जीवितस्यापि हेतोः ।
नित्यो धर्मः सुखःदुखे त्वनित्ये
जीवो नित्यो हेतुरस्य त्वनित्यः ।।

सारांश यो हो– चाहे प्राण जाओस् तर धर्म नछुटोस् । न कामनाको पूर्तिका लागि, न प्राण-भयले, न लोभले नै धर्मको त्याग गर्नु । धर्म त नित्य वस्तु हो, संसारका सुख-दुःख चार दिनका हुन् ।

महाभारत शान्तिपर्वमा पनि भनिएको छ ।

धारणाद्धर्ममित्याहुर्धर्मो धारयति प्रजाः ।
यः स्याद्धारणसंयुक्तः स धर्म इति निश्चयः ।।
प्रभवार्थाय भूतानां धर्मप्रवचनं कृतम् ।
यः स्यात् प्रभवसंयुक्तः स धर्म इति निश्चयः ।।
अहिंसार्थाय भूतानां धर्मप्रवचनं कृतम् ।
यः स्यादहिंसासंयुक्तः स धर्म इति निश्चयः ।।
बहून् यो बाधते धर्मो न स धर्मः कुधर्म तत् ।
अविरोधी तु यो धर्मः सः धर्मः सत्यविक्रम ।।
लोकयात्रार्थमेवेह धर्मस्य नियमः कृतः ।
उभयत्र सुखोद्रेक इह चैव परत्र च ।।

यी पाँच श्लोकहरूमा धर्मको पूरा व्याख्या गरिएको छ-"धारणा गर्नाले धर्म भनिन्छ, धर्मले नै प्रजालाई धारण गरेको छ । जुन धारणसंयुक्त छ, जेले गर्दा समाज सधैं रहोस्, समाजमा उच्छृङ्खलता आउन नपाओस्, वास्तवमा त्यही धर्म हो । धर्म हुन्छ प्रभवका लागि, उन्नतिका लागि । धर्मप्रवचन उन्नतिका निमित्त हो । यसले सर्वत्र यो लोकमा तथा परलोकमा प्रभावसंयुक्त होस्, उन्नति गर्ने होस्, त्यही धर्म हो । प्राणीहरूमा अहिंसाको प्रचार होस्, भन्छे एक अर्कालाई दुःख दिन छाडोस्, धर्मको

प्रवचन यसै कारण गरिएको हो। जुन अहिंसासंयुक्त होस्, परपीडाले रहित होस्, वास्तवमा त्यही धर्म हो, जुन धर्म धेरै मानिसलाई पीडा पुऱ्याउँछ, बलपूर्वक जेलाई मास्नका लागि मान्छेहरूलाई विवश गरिन्छ, वास्तवमा त्यसलाई धर्म भन्न सकिन्न; त्यो त कुधर्म हो, अधर्म हो। हे सत्यविक्रम ! जो धर्म अविरोधी छ, कसैलाई हानि पुऱ्याउँदैन, कसैको मान्यतामा आघात गर्दैन, त्यही धर्म हो। संसार यात्रीहरूको समूह हो। सबै यात्री हुन्। सबै कहीं जान लागिरहेछन्। यो लोकयात्रा जुन साधनले सरल-सुगम हुन्छ त्यही धर्म हो। यसैका लागि सबै धार्मिक नियम हुन्। तिमीहरूका आमा, बहिनीहरूलाई कसैले खराब दृष्टिले हेरे तिमीहरूलाई कष्ट हुन्छ, तिमीहरूको लोक-यात्रा दुःखद हुन्छ। यसैले धर्मवेत्ता-हरूले नियम बनाइदिए-मातृवत् परदारेषु। अरूका स्वास्नीलाई आमासमान सम्झ। यस्तै प्रकार धर्मको सत्य, अहिंसा, दया, अस्तेय आदि नियम छन्। यसको पालनले लोकयात्रा सुखद बन्दछ। जुन नियमहरूबाट यस लोकमा र मरेपछि परलोकमा पनि सुख हुन्छ, त्यही धर्म हो। यो धर्मको कति ठूलो, निष्पक्ष, सत्यसङ्गत सार्वभौम व्याख्या छ। हाम्रो हिन्दूहरूको बाह्य मान्यता, उपासना-पद्धति, रीति-रिवाज, सम्प्रदाय-सबै बेग्लाबेग्लै भएर पनि मूलमा सबै एक नै धर्मका अनुयायी छन्, त्यसलाई चाहे तपाईं वैदिक धर्म भन्नुहोस्, अथवा सनातन धर्म, आर्य-धर्म, मानव-धर्म या हिन्दू-धर्म– कुनै पनि नामले पुकार्नु होस्। श्रीमद्भागवतमा व्यासजीले सनातन-धर्मको निरूपण गरेर भन्नुभएको छ :

सत्यं दया तपः शौचं तितिक्षेक्षा शमो दमः ।
अहिंसा ब्रह्मचर्यं च त्यागः स्वाध्याय आर्जवम् ॥
सन्तोषः समदृक् सेवाग्राम्येहोपरमः शनैः ।
नृणां विपर्यये हेक्षा मौनमात्मविमर्शनम् ॥
अन्नाद्यादेः संविभागो भूतेभ्यश्च यथार्हतः ।
तेष्वात्मदेवता, बुद्धिः सुतरां नृषु पाण्डव ॥
श्रवणं कीर्तनं चाऽस्य स्मरणं महतां गतेः ।
सेवेज्यावनतिर्दास्यं सख्यमात्मसमर्पणम् ॥
नृणामयं परो धर्मः सर्वेषां समुदाहृतः ।
त्रिंशल्लक्षणवान् राजन् सर्वात्मा येन तुष्यति ॥

अर्थात् सत्य व्यवहार, दया गर्नु, तपस्या, बाहिर-भित्रको पवित्रता राख्नु, सुख-दुःखलाई समभावले सहनु, युक्त-अयुक्तको (ठीक-बेठीकको) विचार गरिरहनु, इन्द्रियलाई वशमा राख्नु, मनलाई निग्रह गर्नु, कसैको पनि हिंसा नगर्नु, ब्रह्मचर्य धारण गर्नु, त्यागवृत्तिले रहनु, सबै स्वाध्यायमा संलग्न रहनु, जीवनमा सरलता ल्याउनु, सन्तोष हुनु, जति पनि समदर्शी महात्मा छन् उनीहरूको समभावले सेवा गर्नु, यो कुरालाई सधैं अभ्यास गरिरहनु-संसारी भोग अनित्य छ, यसबाट निवृत्त रहनु नै श्रेयस्कर

हुन्छ, यो कुराको विचार गर्नु- सबै कुरा प्रारब्धले मिल्दछ, तर कहिलेकाहीं मानव प्रयत्नहरूको ठीक उल्टो नै फल हुन्छ, मौनको अभ्यास गर्नु, आत्मचिन्तनमा समय बिताउनु, सबै प्राणीहरूलाई यथाशक्ति यथासामर्थ्य अन्नहरू बाँड्नु, सबै प्राणीहरूलाई, विशेष गरेर मानवमात्रमा इष्टदेवको बुद्धि राख्नु, जो प्रभु महात्माहरूका आश्रयभूत छन्, उनीहरूको नाम-गुणहरूको श्रवण गर्नु, उनीहरूको नाम-गुण-हरूको कीर्तन गर्नु, तो भगवान्हरूलाई सधैं सम्झिरहनु, भगवान्लाई यथाशक्ति यथासामर्थ्य सेवा गरिरहनु, भगवान्को पूजा गर्नु, उहाँलाई नमस्कार गर्नु, भगवान्प्रति दासत्वभाव राख्नु, उहाँको प्रति सख्यभाव राख्नु, र उहाँमा आत्मसमर्पित हुनु यस प्रकार यी तीस प्रकारका आचरण नै परम धर्म हो, यही सनातन या वैदिक आर्यधर्म हो। यही सर्वोत्कृष्ट सर्वश्रेष्ठ तथा मानवमात्रका लागि परमधर्म हो। यस धर्मको पालन गर्नाले सर्वात्मा श्रीहरि प्रसन्न हुनुहुन्छ।

यस प्रकार तपाईं देख्नुहुन्छ– यथार्थ धर्म बाह्य आचरणहरूको विशेष अपेक्षा राख्दैन, त्यो देश-काल-सम्प्रदाय, सीमा तथा रङ्गरूपमा आबद्ध छैन। त्यसको पालन सर्वत्र, सबै स्थानहरूमा, सबै मानिसहरूद्वारा सर्वदा गर्न सकिन्छ।

छान्दोग्योपनिषद्मा धर्मको तात्पर्य छ– "आश्रमहरूको विशिष्ट कर्तव्य"। यो धार्मिक कर्म परलोक सुधार्न संसार-सागरबाट तार्नका लागि, धर्म सबै जीवनका कर्तव्यहरूसँग आफ्नो सम्बन्ध राख्दछ।

तैत्तिरीयोपनिषद्, गीता, मनुस्मृति तथा अन्य स्मृतिहरूमा धर्मको अभिप्राय प्रायः समान नै छ, खालि उक्तिमा शब्दपार्थक्य पाइन्छ। मनुस्मृतिमा वेदोऽखिलो धर्ममूलम् भनेर धर्मको दश लक्षण निर्धारित गरेका छन्।

मेधातिथिले धर्मका पाँच स्वरूप स्वीकारेका छन्– (१) वर्ण-धर्म, (२) आश्रम-धर्म, (३) वर्णाश्रम-धर्म, (४) नैमित्तिक धर्म, (५) गुण-धर्म। यी पाँचै स्वरूपहरूमा मानव-जीवन धर्मले ओतप्रोत हुन सक्दछ; किनकि यो उक्त स्वरूप जीवन-शृङ्खलामा परस्पर अनुस्यूत हुन्छ। यसमा विच्छिन्नता आउन हुँदैन।

जैमिनिले चोदनालक्षणोऽर्थो धर्म अर्थात् 'श्रुतिप्रमाणको धर्म' स्वीकार गरेका छन्। महर्षि कणादले आफ्नो वैशेषिकसूत्रमा धर्मको लक्षण यतोऽभ्युदयनिःश्रेयससिद्धिः स धर्मः बताएका छन्।

जुन तत्त्व व्यक्तिहरूको चरित्र र नैतिक भावनाहरूलाई परिष्कृत गरेर विकसित गर्छ त्यसै-लाई धर्म भन्न सकिन्छ। त्यसैले त अहिंसा परमो धर्मः, न हि सत्यात् परो धर्मः, आचरः प्रथमो धर्मः भनिएको छ। जेले प्रत्येक मनुष्यको हृदयमा ज्ञानरूपी निभेको आगो बलेर भित्र एक अद्भुत प्रकाश दिन्छ, सद्दिशा देखाउँछ र सद्गति दिएर परब्रह्मरूप परमात्मासम्म पुऱ्याउँछ, त्यही हाम्रो संस्कृतिको श्रेष्ठ धर्मतत्त्व हो। अर्थात् जेले मानव-जीवनको व्यावहारिक, आध्यात्मिक पक्षमा विकास होस्, सबै प्रकारको, सबैको र आफ्नो हित होस्, जेले सबैलाई सुख-सन्तोष मिलोस्, जीवनमा

व्यवस्था, नियमबद्धता, चेतना एवं पवित्रताका साथ पूर्णता आओस्, आदर्श आर्य-महापुरुषहरू, साधु-महात्माहरू एवं सद्ग्रन्थहरूको त्यो निर्देशन नै धर्म हो। त्यही हाम्रो संस्कृतिको प्राण हो।

वेदः स्मृतिः सदाचारः स्वस्य च प्रियमात्मनः ।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥–मनु.

वेद, स्मृति, सत्यपुरुषहरूको आचरण र आफ्नो आत्माको प्रसन्नता यी चार धर्मका परिचायक हुन्।

अहिलेसम्म जति प्रमाण उद्धृत गरिएका छन्, ती प्रमाणहरूबाट 'धर्म' गुण अथवा क्रिया नै सिद्ध हुन्छ, जो आत्मद्रव्यमा समवाय-सम्बन्धले रहन्छ। मीमांसकहरूले धर्मद्वारा एक अपूर्व नाम-संस्कारको उत्पत्ति मानेका छन् र त्यो जबसम्म स्वर्गादिको प्राप्ति गराउँदैन तबसम्म नष्ट हुँदैन–यस्तो उनीहरू भन्दछन्।

पौराणिकहरूले धर्मलाई द्रव्य मानेका छन्। उनीहरूको भनाइ छ धर्मको जन्म ब्रह्माको स्तन भागबाट भएको हो र धर्मको गणना देवताहरूमा छ–

अंगुष्ठाद्दक्षिणाद्दक्ष प्रजापतिरजायत ।
धर्मः स्तनान्तादभवद् हृदयात्कुसुमायुधः ॥–३।१० मत्स्यपुराण

ब्रह्माको दक्षिण अंगुष्ठबाट दक्षप्रजापति उत्पन्न भए, स्तनको अन्तर्भागबाट धर्म र हृदयबाट काम-देवको उत्पत्ति भयो।

विष्णुपुराणमा धर्मका त्रयोदश पत्नीहरूको नाम तथा छोराहरूको उत्पत्ति भनिएको छ-

श्रद्धालक्ष्मीर्धृतिस्तुष्टिः पुष्टिर्मेधा तथा क्रिया ।
बुद्धिर्लज्जा वपुः शान्तिः ऋद्धिः कीर्तिस्त्रयोदशी ॥
पत्न्यर्थं प्रतिजग्राह धर्मो दाक्षायणी प्रभुः ।

तिनका छोराहरू छ–

श्रद्धा कामं च श्रीदर्पनियमं धृतिरात्मजम् ।
सन्तोषं च तथा तुष्टिर्लोभं पुष्टिरसूयत ॥
मेधा श्रुतं क्रिया दण्डं नयं विनयमेव च ।
बोधं बुद्धिस्तथा लज्जा विनयं वपुरात्मजम् ॥

व्यवसायं प्रजज्ञे वै क्षेमं शान्तिरसूयत ।
सुखं सिद्धिर्यशः कीर्तिरित्येते धर्मसूनवः ।।

अर्थात् श्रद्धा-लक्ष्मी आदि तेन्ह पत्नीहरू र कामादि सत्ताईस छोराहरू छन् । अरू पुराण-हरूमा पनि यस्तै प्रकारको कथा पाइन्छ । तात्पर्य यो हो– धर्म जहाँ रहन्छ त्यहाँ उसका पत्नीहरू रहन्छन् र जुन गुण जगत्का समस्त प्राणीहरूका लागि कल्याणकारी हुन्छ, ती गुण पुत्ररूपले धर्मानुष्ठातासँगै रहन्छन् । धर्म देवता हो जुन प्रत्येक प्राणीको शरीरमा विराजमान हुन्छ । यही यसको सूक्ष्म भावार्थ हो ।

वेदहरूको ज्ञान अत्यन्त गहन छ तथा त्यो अधिकारी पुरुषहरूका लागि नै प्राप्त हुन सक्तछ । यसैले परम दयालु ऋषिमुनिहरूले लोक-कल्याणका लागि तपश्चर्या, योगसाधन तथा अत्यन्त उग्र आराधना गरेर वेदको गुह्य-ज्ञान श्रवण तथा स्मरणद्वारा प्राप्त गरे । तदनन्तर ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र यसका चार उपवेद आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद तथा शिल्पवेद प्रकट गरे । सँगै नै सांख्य, न्याय, वशेषिक, योग, पूर्व-मीमांसा, उत्तर-मीमांसाद्वारा त्यही ज्ञान सम्झाउने कृपा गरे । यसप्रकार वेदका छ अङ्ग शिक्षा, कल्प, छन्द, निरुक्त, ज्योतिष र व्याकरणद्वारा त्यही ज्ञान दर्शाउने कृपा गरे, तथा ईश, केन, कठ, मुण्डक, प्रश्न, माण्डूक्य, ऐतरेय, तैत्तिरीय, छान्दोग्य, बृहदारण्यक आदि उपनिषद्हरूद्वारा उही ज्ञानको प्रतिपादन गरे । फेरि मनु, अत्रि, विष्णु, वशिष्ठ, याज्ञवल्क्य, पराशर, शङ्ख, लिखित, वृहस्पति आदि स्मृतिहरूद्वारा उही ज्ञान मनमा उतार्ने प्रयत्न गरे । रामायण र महाभारत जस्तो अति श्रेष्ठ सर्वज्ञानसम्पन्न अनुपम इतिहासहरूद्वारा मानिसहरूको हृदयमा बसाल्ने आयोजना गरेर यतिले नरोक्किएर अत्यन्त ठूलो अनुकम्पा देखाएर श्रीमद्भागवत, विष्णु, ब्रह्म, शिव, पद्म, स्कन्द, वामन, नारद, वराह, मार्कण्डेय, मत्स्य तथा गरुड आदि पुराण-हरूद्वारा वेदको ज्ञानलाई सर्वग्राह्य बनाएर हिन्दू जाति, धर्म र संस्कृति जीवित राखेर जीवहरूको उद्धार गरे र अहिले पनि गरिरहेछन् । यसैले मनुजी भन्नुहुन्छ –

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्रं शिक्षेरन् पृथिव्यां सर्वमानवाः ।।

"भारतवर्षमा उत्पन्न भएका अग्रज ब्राह्मणहरूबाट सबै देशहरूका सबै मनुष्य आफ्नो-आफ्नो शील, सदाचार र चरित्रको शिक्षा ग्रहण गरून् ।" तर हामी अभागी आज पनि पाश्चात्य देशहरूको संस्कृति-सभ्यताको अन्धानुसरण गरि नै रहेछौं !!! हाम्रो दुर्बुद्धि !!!

धर्म सार्वभौम छ, सबैका लागि भएकाले उस समयानुकूल तथा साधकको परिस्थिति तथा अधिकारको अनुसार बेग्लाबेग्लै रूप हुनुपर्छ । यसैले प्रत्येक युगको विशेष-विशेष धर्म हुन्छ । प्रत्येक वर्ण एवं आश्रमको बेग्लाबेग्लै धर्म छ । प्रत्येक व्यक्तिको अधिकारअनुसार बेग्लाबेग्लै धर्म छ । धर्मका (कर्तव्यका) यी विविध रूपहरूको नामको उल्लेख गर्नाले एउटा विशाल पुस्तक बन्दछ।

यी असंख्य विविधताहरू भए तापनि धेरै नै मौलिक एकताहरू हुन्छन् । जस्तो मान्छेहरूका रङ्ग तथा आकृतिहरू, उनीहरूको कद, उनीहरूको तौल बेग्लाबेग्लै हुनाले पनि उनीहरूका आकृतिहरूमा समानता छ, जेले गर्दा सबै मनुष्य भनिन्छन् । त्यस्तै प्रकार सबै मनुष्यहरूको पृथक्-पृथक् आचरणमा पनि एक समानता हुन्छ । सबैको अभ्युदय निःश्रेयसका साधनहरूमा जुन समत्व छ, त्यसलाई दृष्टिमा राखेर सबैका लागि धर्मका कर्तव्य कर्महरूका जुन मुख्य-मुख्य भेद छन्, तिनको विचार यहाँ गरिएको छ ।

नित्यकर्म– यो सबैभन्दा मुख्य अङ्ग हो धर्मकृत्यको । भनिएको छ– नित्यकर्म गर्नाले पुण्य हुँदैन, नगर्नाले पाप हुन्छ, जस्तो नुहाउनु । सामान्य स्नान गर्नाले शरीरलाई कुनै नयाँ शक्ति मिल्दछ, यो भन्न सकिँदैन, तर स्नान नगर्नाले शरीर मलावृत रहन्छ र रोगी होइन्छ । यस्तै प्रकार नित्यकर्मको अर्थ हो प्राकृतिक एवं शास्त्रीय रीतिबाट दैनिक मानसिक स्वच्छताको कार्य । ९३

प्रकृति स्वभावैले विकासोन्मुख छ । कुनै पनि घर बनाएर बन्द गरे तापनि त्यसमा थोरै-धेरै धूलो फोहोर जम्मा भएकै हुन्छ । दैनिक स्वच्छता घरका लागि स्थूल शरीरका लागि जस्तै अपेक्षित हुन्छ, मनलाई पनि सूक्ष्म शरीरको अङ्ग मानिएको छ । त्यो पनि प्राकृतिक तत्त्व हो । अतः मन कुनै यस्तो कहिल्यै बन्दैन त्यसको स्वच्छताको प्रयास बन्द गरिदिएमा त्यो स्वच्छ नै बनिरहन्छ । यो प्रयास त गरि नै रहनुपर्छ ।

खालि स्वच्छताको प्रयास मात्र होइन, दैनिक रूपले पोषण पनि आवश्यक छ । तपाइँ काम नगर्नुहोस्, चूपचाप बसिरहनुहोस् तापनि हृदय काम गर्छ । रगत दौडन्छ । अतः शरीरलाई आफ्नो शक्ति बनाइराख्नका लागि दैनिक भोजन आवश्यक हुन्छ । यस्तै प्रकार मनलाई पनि सशक्त राख्नका लागि शुद्ध आहार प्रतिदिन चाहिन्छ । तपाईं शुद्ध आहार नदिनुहोस् त त्यो मनपरि आहार ग्रहण गर्दछ र तब रोगी हुन्छ । उसमा मानसिक रोगले जरा हाल्दछ ।

स्नान, सन्ध्या-तर्पण, बलिवैश्वदेव आदि कर्म नित्यकर्म हुन् द्विजातिका लागि । यसमा पनि सन्ध्यादिको पद्धति बेग्लाबेग्लै छ । प्रत्येक सम्प्रदायले आफ्ना अनुयायीहरूका लागि नित्यकर्म निश्चित गरेका छन् । बिहान उठेर प्रार्थना गर्नुदेखि लिएर सुत्नेसम्म नित्यकर्म हो । तात्पर्य यो हो– तपाइँको सम्प्रदायका अनुसार जुन तपाईंको नित्यकर्म हो त्यसको पालन तपाइँले नियमपूर्वक गर्नुपर्छ । यो मनको स्वच्छता, स्वस्थता तथा सशक्तताका लागि आवश्यक हुन्छ ।

नैमित्तिक कर्म– मनुष्यको जीवनमा धेरै निमित्त आउँछन्, जब उसले आफ्नो दैनिक चर्यामा परिवर्तन गर्नुपर्छ त्यसबेला उसले त्यो निमित्तविशेषलाई दृष्टिमा राखेर कार्यक्रम बनाउनुपर्छ । धार्मिक दृष्टिले जब यस्तै विशेष निमित्त आउँछ, तब विशेष धार्मिक कर्म आवश्यक हुन्छ ।

घरमा सन्तान हुन्छन्, विवाह हुन्छ, कुनै विशेष पाहुना आउँदछन्, कोही मर्दछन् । यस्तो समय तपाइँ आफ्नो कार्यालय, पसल आदिको सामान्य काममा अन्तर गर्नुहुन्छ या हुँदैन ? यी अवसरहरूमा तपाइँको चित्तमा विशेष उत्साह, शोक या चाञ्चल्य हुन्छ । अतएव चित्त परिष्कारका लागि पनि यी अवसरहरूमा विशेष आचरण हुनुपछ ।

निमित्त स्थानले गर्दा आउँछ जस्तै– तपाइँ तीर्थयात्रा गर्नुहुन्छ त तीर्थस्थान विशेष निमित्त हो। काल निमित्त बन्दछ; जस्तै एकादशी, औंसी, पूर्णिमा, शिवरात्रि आदि। जब प्रकृति विशेष अवस्थामा हुन्छिन्, व्यक्ति अथवा घटनाहरू निमित्त बन्दछन्। निमित्तहरूअनुसारको हाम्रो त्यो जीवन, हाम्रो मन अभ्युदय एवं निःश्रेयसको बाटोमा ठीक स्थिर रहोस् भनी बेगले अगाडि बढ्ने यसको जुन विधान छ, तो नैमित्तिक कर्म हुन्।

यात्रामा आँधी बेगको छ र प्रतिकूल छ भने डुङ्गालाई घाटमा ल्याएर रोक्नुपर्छ। हावाको वेग अनुकूल छ भने पाल चढाउनुपर्छ। यसप्रकार नैमित्तिक कर्मको विधान प्रतिकूल निमित्तको बाधाबाट रक्षा पाउन तथा अनुकूल निमित्तको शक्तिबाट ज्यादाभन्दा ज्यादा फाइदा उठाउनका लागि निश्चित भएको छ।

सामान्य कर्म– सबैका लागि साधारण रूपले व्यवहार गरिने केही नियम हुन्छन्। बाटोमा आफ्नो बायाँ हातपट्टिबाट सवारी चलाउनु सामान्य नियम हो। यस्तै प्रकार सत्य, अहिंसा, अपरिग्रह, सेवा, सन्तोष, मन-इन्द्रियको संयम, ईश्वरमा श्रद्धा आदि सामान्य कर्म हुन्। यसको आचरण सबैले गर्नुपर्छ। यो सबैलाई आचरणीय एवं नित्य मङ्गलमय हुन्छ। श्रीमद्भागवतमा प्रह्लादजीलाई देवर्षि नारदले धर्मोपदेश गर्दै सत्ताईस लक्षणयुक्त सार्ववर्णिक, सार्वभौम मानव-धर्म बताउनुभएको छ–

सत्यं दया तपः शौचं तितिक्षेक्षा शमो दमः ।
अहिंसा ब्रह्मचर्यं च त्यागः स्वाध्याय आर्जवम् ॥
सन्तोषः समदृक् सेवा ग्राम्येहोपरमः शनैः ।
नृणां विपर्ययेहेक्षा मौनमात्मविमर्शनम् ॥
अन्नाद्यादेः संविभागो भूतेभ्यश्च यथार्हता ।
तेष्वात्मदेवताबुद्धिः सुतरां नृषु पाण्डवः ॥
श्रवणं कीर्तनं चाऽस्य स्मरणं महतां गतेः ।
सेवेज्यावनतिर्दास्यं सख्यमात्मसमर्पणम् ॥
नृणामयं परो धर्मः सर्वेषां समुदाहृतः ।
त्रिंशल्लक्षणवान् राजन् सर्वात्मा येन तुष्यति ॥ –७।११।८–१२

(१) सत्य, (२) दया, (३) तपस्या, (४) पवित्रता, (५) कष्टसहिष्णुता, (६) उचित-अनुचित विचार, (७) मनको, संयम, (८) इन्द्रियहरूको संयम, (९) अहिंसा, (१०) ब्रह्मचर्य, (११) त्याग, (१२) स्वाध्याय, (१३) सरलता, (१४) सन्तोष, (१५) समदर्शिता, (१६) सेवा, (१७) बिस्तारै-बिस्तारै सांसारिक भोगवृत्तिको त्याग, (१८) मनुष्यको लौकिक सुख-प्राप्तिको प्रयत्न

उल्टो नै फल दिन्छ यो विचार, (१९) मौन, (२०) आत्मचिन्तन, (२१) प्राणीहरूमा अन्न आदिको यथायोग्य विभाजन तथा उनीहरूमा विशेष गरेर मनुष्यहरूमा आफ्नो आराध्यलाई देख्नु, (२२) महापुरुषहरूको परमगति भगवान्को रूप, गुण, लीला, माहात्म्यको श्रवण, (२३) भगवन्नाम गुण-लीलाको कीर्तन, (२४) भगवान्लाई नमस्कार गर्नु, (२५) भगवान्प्रति दास्यभाव, (२६) सख्यभाव र (२७) भगवान्लाई आत्मसमर्पण, यी सत्ताईस लक्षणवाला धर्म सबै मनुष्य-हरूका लागि भनिएको छ । यसको पालनबाट सर्वात्मा भगवान् सन्तुष्ट हुनुहुन्छ ।

विशेष धर्म– मनुष्य हुनाको साथै प्रत्येक मनुष्यको एक विशेष परिस्थिति पनि समाजमा हुन्छ । यो परिस्थितिका अनुसार उसको विशेष कर्तव्य पनि हुन्छ । तपाईं देशको सामान्य नागरिक हुनुहुन्छ, यसैले नागरिकताको सामान्य कर्तव्य पालन त तपाईंले गर्नै पर्छ । यसको साथै तपाई कसैको बाबु, कसैको छोरो, कसैको लोग्ने, कसैको भाइ पनि हुनुहुन्छ । समाजमा तपाईका अन्य सैकडौं सम्बन्ध छन् र ती सम्बन्धका अनुसार विभिन्न कर्तव्य, विभिन्न दायित्व तपाईको छ । त्यसको निर्वाह पनि तपाईले गर्नुपर्छ ।

यो बिर्सनु हुँदैन- प्रत्येक व्यक्ति कसै-न-कसैको आदर्श हो । उसका छोरा, साथी, सेवक उसको अनुकरण गर्दछन् । यसैले हाम्रो आफ्नो आचरण हामीलाई मात्र प्रभावित गर्दैन आफ्ना नातेदार, आश्रितहरूमा पनि प्रभाव पार्दछ । हामी अनेकौं अरूहरूको अभ्युत्थान या पतनका पनि निमित्त आफ्नो आचरणबाट बन्दछौं । यसैले हामीले आफ्नो कर्तव्य-निर्वाहप्रति ज्यादै सतर्क रहनु आवश्यक छ ।

मनुष्यको जुन समाज, परिवार, राष्ट्रमा विशेष-विशेष स्थिति हुन्छ यसले गर्दा उसको विशेष-विशेष धर्म (कर्तव्य) बन्दछ । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्रको धर्म आ-आफ्नो वर्णका अनुसार । ब्रह्मचारी, गृहस्थ, वानप्रस्थी र संन्यासीको धर्म आफ्नो-आफ्नो आश्रमका अनुसार । बालक, युवा, वृद्धको धर्म शरीरको अवस्थाका अनुसार । आमा, बाबु, छोरा, भाइ, बहिनी, मित्र, गुरु, चेला आदिको धर्म आफ्नो सम्बन्ध एवं स्थितिअनुसार हुन्छ ।

सैनिकको धर्म अर्कै र प्रशासकको अर्कै । न्यायाधीशको धर्म बेग्लै र वकील या व्यापारीको बेग्लै । यस प्रकार समाजमा तपाईको जुन परिस्थिति हुन्छ, जहाँ, जुन समय, जुन रूपमा, जुन पदमा तपाई हुनुहुन्छ, त्यसैका अनुसार तपाईको विशेष-धर्म निश्चित हुन्छ । एकै व्यक्तिको स्वास्नी-प्रति बेग्लै, छोरीप्रति बेग्लै र आमाप्रति बेग्लै नै भावना हुन्छ ।

काम्यकर्म या धर्म– जबसम्म हामी केही चाहँदैनौं जीवन सामान्य गतिले चलि-रहन्छ । तर जब हामी कुनै पदार्थविशेष या परिस्थिति विशेष प्राप्त गर्न चाहन्छौं, हामीले विशेष उद्योग गर्नुपर्छ र हाम्रो सफलता उद्योगको सर्वथा ठीक-ठीक हुनामा निर्भर हुन्छ । उद्योगमा त्रुटि हुनाले उद्योग पूर्ण सफल हुन्छ, असफल हुन्छ या विपरीत फल दिन्छ– केही भन्न सकिन्न ।

काम्यकर्म अनिवार्य छैन । यसलाई नगर्नाले कुनै दोष कुनै पाप हुँदैन । जस्तो वार-व्रत छ । सबै वार-व्रत कुनै न कुनै कामनाले गरिएको हुन्छ । अतः कोही रविवार, मङ्गल या कुनै अरू वारको व्रत गर्दैनन्, यो कुनै दोष होइन । त्यो वार-व्रतको जुन लाभ छ, त्यसलाई प्राप्त गर्ने इच्छा छ भने व्रत गरिन्छ । काम्य-कर्म गर्नाले आफ्नो फाइदा हुन्छ ।

यसमा यो सम्झनुपर्छ– काम्यकर्ममा श्रद्धा तथा विधिको सम्यक् पालन आवश्यक हुन्छ । "हामी विधि जान्दैनथ्यौं । कुनै भूल अनजानमा भयो"– यसको छुट काम्यकर्म– सकाम धर्मानुष्ठानमा हुँदैन । जस्तो– रोग लाग्यो या घर बनाउनु छ त औषधिको ठीक जानकारी हुनुपर्छ, ठीक उपयोग हुनुपर्छ, या घर बनाउने पूरा कौशल जान्नु अनिवार्य हुन्छ । नजानी या प्रमादले भएको त्रुटिले आफ्नो फल अवश्य देखाउँछ । यस प्रकार सकाम धर्मानुष्ठानमा विधि नजान्नाले या भूल प्रमादवश त्रुटि भए त त्यसले आफ्नो फल अवश्य देखाउँछ । यसप्रकार सकाम धर्मानुष्ठानमा विधि नजान्ने या भूल प्रमादवश त्रुटि हुने हुन्छ भने तपाईंको श्रम व्यर्थ जान सक्तछ या यसले उल्टो फल पनि देखाउन सक्तछ ।

आपद्धर्म– मनुष्य सधैं सामान्य परिस्थितिमा रहँदैन । रोग, शोक, विपत्ति आदि आई नै रहन्छन् । अतः यस्तो परिस्थितिमा शास्त्रले निर्वाहको विधान गरेको छ । त्यस्तो बेला नित्य अथवा विशेष धर्ममा केही छुट दिइएको छ, तर त्यति मात्र छुट, जति नभए जीवन-धारण सम्भव हुँदैन ।

एकचोटि दुर्भिक्ष भयो । एउटा ऋषि भोकले मरणासन्न थिए । प्राणरक्षाका लागि उनले शूद्रले आफ्नो जूठो उमालेको गहत खाए । शूद्रले पानी दिन खोज्यो, तर ऋषिले भने– "तिम्रो जूठो पानीले स धर्मभ्रष्ट हुन्छु । पानी त मलाई अरूतिर पनि मिल्छ । प्राणरक्षाका लागि मैले गहत खाएँ, प्राण राखेर धर्मपालन तथा ईश्वरको आराधना गर्दछु ।"

यो दृष्टान्त आपद्धर्मको मर्यादालाई धेरै स्पष्ट गर्दछ । तर यो सम्झनुपर्छ– आपद्धर्म नित्य पालन गर्न योग्य धर्म होइन । अत्यन्त विवशतामा खालि प्राणरक्षाका लागि धर्ममा केही शिथिलताको त्यो छुट हो । त्यो बेला त्यो शिथिलता स्वीकार गर्नुमा दोष हुँदैन; "तर आपद्धर्म नस्वीकारेर विपत्तिमा, प्राण संकटमा पनि धर्ममा पूर्णतः स्थिर रहनु विशेष प्रशस्त महान् पुण्यप्रद मानिएको छ ।" यसैले 'धर्मशासित जीवन' नै यथार्थ जीवन हो –

ऊर्ध्वबाहुविरोम्येऽष न च कश्चिच्छृणोति मे ।
धर्मादर्थश्चकामश्च स किमर्थं न सेव्यते ।।

–महा. स्वर्गा. ५।६९

भगवान् व्यास भन्नुहुन्छ– "म दुवै हात उठाएर पुकारिरहेछु, तर कोही मेरो कुरा नै सुन्दैनन् । हे भाइ ! जसबाट धन तथा काम-भोग मिल्दछ, त्यो धर्मको आचरण किन नगर्ने ?"

अरूका धर्म-सम्प्रदायहरूको कुरा म गर्दिनँ । जहाँ कर्मको निर्णय कयामत (महाप्रलय)-को समय हुन्छ, त्यहाँ धर्म एक निश्चित समय उपासना गर्ने सातौं दिन प्रार्थना गरेर आउनेसम्म सीमित भए त कुनै आश्चर्य छैन । त्यो पनि धर्म हो र पूरा जीवनलाई अनुशासित गर्दछ, तर त्यसमा प्रमादलाई अवकाश धेरै छ, यो मान्नुपर्छ ।

हिन्दू-धर्म सनातन धर्म प्रारब्धलाई मान्दछ र मान्दछ पुनर्जन्मलाई । पुनर्जन्मलाई मान्नुको अर्थ नै प्रकृतिको एक तथ्यलाई स्वीकृति दिनु र त्यो तथ्य हो बीज-वृक्षन्याय । तपाईं खेती गर्नुहुन्छ या वृक्ष लगाउनुहुन्छ । तपाईंको वृक्ष या अन्नमा अंकुर आउन, फूल लाग्न, बढ्न तथा फल दिनमा समय लाग्दछ । खेत, मल, पानी तथा अरू प्रकारका अनुकूलताहरू अपेक्षित हुन्छन् । कुनै प्रतिकूलताहरू बीज या अंकुरलाई मार्दछन्, कुनै वृक्ष या बालीलाई कमजोर पारिदिन्छन् । सबै अनुकूलता भए त एक बीज धेरै फल उत्पन्न गर्दछ । यस्तै प्रकार एक कर्म आज गरिन्छ । त्यो बेला त्यसमा श्रम हुन्छ । फल त्यसको धेरै नै हुन्छ, तर कालान्तरमा हुन्छ । देश, स्थान, समय, विधि कर्मको उपकरण, कर्ताको योग्यता एवं सावधानी तथा श्रद्धा आदि अनेक कुराको अनुकूलता त्यस कर्मको पूर्ण फलका लागि अपेक्षित हुन्छ । यसको प्रतिकूलता कर्मलाई निष्फल गरिदिन सक्तछ या त्यसको फल घटाइदिन सक्तछ ।

कर्म आफ्नो फल दिन्छ र कालान्तरमा जन्मान्तरमा दिन्छ । यस वर्ष रोपेको बाली अर्को वर्ष खाइन्छ । अघिल्लो वर्षको बालीको अन्न अहिले खाइन्छ । यस्तै प्रकार अघिल्लो जन्मका कर्महरूबाट यस जन्ममा भोग्नका लागि प्रारब्ध बनेको हो । जीवनको सुख-दुःख, हानि-लाभ, जस-अपजस, संयोग-वियोग, आयु तथा मृत्यु प्रारब्धअनुसार मिल्दछ । यो अर्को कुरो हो तत्कालै खान योग्य जस्तै कुनै तर्कारी हुन्छन्, त्यस्तै नै अनुष्ठानादि कुनै कर्म प्रारब्ध बनेर तत्काल फल दिनेवाला पनि हुन्छन् ।

जीवनको पूरा निर्माण आफ्ना विगत कर्महरूअनुसार भएको हुन्छ । त्यो हाम्रो टाउकोमा बलपूर्वक थुपारेको निरंकुश स्वेच्छाचारीको विधान होइन । यो स्वीकृतिको फलितार्थ यो हो- जीवन-निर्माणप्रति हामी आफैं नै उत्तरदायी छौं । हामी जस्तो चाहन्छौं आफ्नो आगामी जीवन त्यस्तै बनाउन सक्तछौं ।

प्रारब्ध र पुनर्जन्मको यस मान्यताले गर्दा हिन्दूको सम्पूर्ण जीवन धर्मशासित छ, किनकि धर्म-सत्कर्म नै उत्तम भोग एवम् अभीष्ट अर्थको उत्पादक हुन सक्तछ । पुरुषार्थको प्रयोजन आगामी जीवनको निर्माण हो हिन्दूका लागि । वर्तमान जीवनमा भोग या अर्थको उपलब्धिमा पुरुषार्थ प्रायः सहायक छैन । त्यो त प्रारब्धअनुसार प्राप्त हुन्छ यदि फलदानोन्मुख प्रारब्धलाई रोकेर तत्काल फल-दायी नवीन प्रारब्धको निर्माण प्रचण्ड-पुरुषार्थ सकाम अनुष्ठान आदिद्वारा नगरूँ ।

यस जीवनमा अर्थ र भोग प्रारब्धअनुसार मिल्दछ । आगामी जीवनमा त्यो मिल्दछ यस जन्मको कर्म-सत्कर्मअनुसार । अतएव अर्थ एवं भोगको मूल पनि धर्म नै हो । धर्माचरण नै जीवन-मा प्रधान हुनुपर्छ ।

जीवनको लक्ष्य के हो ? धन जुटाउनु ? धनको यदि कुनै प्रयोजन छैन भने धन जुटाउनुको के अर्थ ? धन बैंकमा धेरै छ । त्यो तपाईं को पास-बुकमा रहेको होस् या अर्काको पास-बुकमा । के अन्तर पर्छ ? अन्तर त तब पर्छ जब त्यसको उपयोग गर्नु छ । उपयोग दुइटा सम्भव हुन्छ- सुखोपभोग तथा धर्म । धर्मका लागि धन आवश्यक छैन । धन छ भने त्यसको उपयोग धर्ममा गर्नुपर्छ । नभए त निर्धन पनि सरलतासाथ खालि सेवाले त्यति धर्म अर्जित गर्न सक्तछ, जति बढीभन्दा बढी धनी अर्जित गर्न सक्तछ । दरिद्रको एक पैसा दान धनीको करोडौं रुपैयाँको दान जति नै पुण्यप्रद हुन्छ । ९८

धनको उपयोग भोग, यो कुरा त भनिन्छ । तर के यो सत्य हो ? खालि धनले नै भोग प्राप्त हुँदैन । भोग सुख हो, प्राप्तिका लागि अनुकूल प्रारब्ध चाहिन्छ; मैले यस्ता करोडपति देखेको छु जो फलको रस पनि पचाउन सक्तैनन् । तोरियाँ उमालेर त्यसको रस पिएर र जौको चोकरको रोटी खाएर उनीहरूलाई जीवन घिच्याउनुपर्छ । इन्द्रियको शक्ति अपेक्षित हुन्छ भोगका लागि, र असंयमित भोग गर्नेहरूबाट प्रकृति त्यो शक्ति खोस्दछिन् ।

यसप्रकार तथ्य यो हो-जीवनको लक्ष्य न अर्थ हो र न भोग । लक्ष्य त हो- मनुष्य-जीवनको जन्म-मरणको चक्रबाट मोक्ष । यो मोक्ष तथा अर्थ र भोगको साधन पनि धर्म हो । यसैले मनुष्यको जीवनको आधार, जीवनको चालक एवं नियन्त्रक धर्मको हुनुपर्छ । मनुष्य त्यही ठीक अर्थमा मनुष्य हो जसको जीवन धर्मशासित हुन्छ ।

धर्मशासित जीवनको अर्थ हो- धर्मपूर्वक अर्थको आर्जन । जुन अर्थ धर्मबाट प्राप्त हुँदैन, जो धर्मको पोषण गर्दैन, त्यो हाम्रा लागि अवश्य अवाञ्छनीय हुनुपर्छ किनकि जीवनको शुद्धिको आधार अर्थ हो । जीवन-निर्वाह-सुखोपभोगको उपलब्धिको माध्यम अर्थ हो । त्यो अर्थ धर्मार्जित भएन भने त त्यसबाट प्राप्त सबै उपकरण अपवित्र हुन्छन् । अपवित्र अर्थ अपवित्र उपकरणबाट धर्म हुँदैन । त्यसबाट गरिएको धर्मकार्य फलवान् हुँदैन । मनुजीले भन्नुभएको छ-

सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम् ।
योऽर्थे शुचिर्हि स शुचिर्न मृद्वारिशुचिः शुचिः ।।

"जसको अर्थ पवित्र छ, त्यही पवित्र हो । माटो-पानीको उपयोगले आफूलाई पवित्र मान्ने पवित्र हुँदैन; किनकि समस्त पवित्रताहरूमा धनको पवित्रता नै सर्वोपरि भनिएको छ ।"

धर्मपूर्वक अर्थको उपार्जनमै मात्र धर्मानुशासित जीवन हुँदैन । त्यो त धर्मानुशासित जीवनको आधार-भूमि हो । त्यो धर्मार्जित धनको धर्मपूर्वक व्यय पनि गरे त जीवन ठीक धर्मजीवन हो । जो यस्तो गर्दछ त्यो अब मोक्षको साधक बन्न योग्य हुन्छ । यद्यपि अहिले त्यो विषयी हो । जब त्यो मोक्षको साधनको अधिकारी बनेर साधन गर्छ तब मोक्ष प्राप्त गर्छ ।

पामर, विषयी, साधक र सिद्ध यी चार-कक्षाहरू मनुष्यका हुन्छन् । जो इन्द्रियहरूको भोग तथा त्यो भोगप्राप्तिको साधन धन उचित-अनुचित कुनै प्रकारले जुटाउनमा लाग्दछ त्यो त पामर

हो । संसारमा यस श्रेणीका मान्छे धेरै छन् । जो धर्मपूर्वक धनोपार्जन गर्छन् र त्यो धर्मोपार्जित धनले आफ्नो वर्णाश्रम-धर्मका लागि विहित जुन सुख उपभोग गर्दछन्, ती मात्र भोग्दछन्, ती विषयी हुन् । धर्मपूर्वक उपार्जित धनलाई धर्मकार्य सेवाकार्यमा लगाउने तथा धर्मपूर्वक जुन विषयहरूको सेवन गर्न सकिन्छ, त्यसको पनि त्याग गरेर मन तथा इन्द्रियहरूलाई संयम गर्ने साधक हुन्छ । यो साधनको दृढ एवं परिपक्व अभ्यासबाट जसको राग-द्वेष, देहासक्ति, अहङ्कार तथा अविद्याको नाश हुन्छ, परमात्मतत्त्वको साक्षात्कार गर्ने त्यो महापुरुष सिद्ध भनिन्छ । मानवजन्मको लक्ष्य उनीहरूले सिद्ध गरेका छन् ।

मनुष्य पामर नबनून्, तिनीहरू कम-से-कम ठीक विषयी बनून् । जो विषयी छन्, तिनीहरू साधक बनून् र साधक सिद्धपद प्राप्त गरून्, यही हिन्दू-धर्मको प्रेरणा तथा लक्ष्य हो । अतएव हिन्दू-धर्म व्यक्तिको पूरा जीवनलाई शासित गर्दछ । जीवनको यस्तो कुनै क्षेत्र छैन, जुन धर्मको शासनदेखि बाहिर होस् ।

अर्थोपार्जन कसरी हुन्छ ? जीविका कसरी चलाउने ? यसमा धर्मको निर्णय चाहिन्छ । घर कसरी बनाउने ? धर्मशास्त्र बताउँछ । चिकित्सा कसरी हुन्छ ? यो औषधि लिने या नलिने ? धर्मशास्त्रको सम्मति चाहिन्छ । उठ्नु-बस्नु, चल्नु-घुम्नु, सुत्नु-ब्यूँझनुमा धर्मशास्त्रको विधि छ । यात्रा गर्नु, कपडा लाउनु, तेल लाउनु, कपाल बनाउनुमा धर्मशास्त्रको नियम । अरू कुरा छाडिदिऊँ दिसा-पिसाबमा धर्मशास्त्रको विधि छ । बच्चा पैदा गर्नु (गर्भ धारण गर्नु)- मा धर्मशास्त्रको नियम छ । पूरा दिनचर्यामा यस्तो कुनै कुरा छैन, जुन धर्मशास्त्रको मर्यादामा बाँधिएको नहोस् ।

आजको नयाँ सभ्यताको चकाचौंधले (तिरमिराएका मान्छेले) प्रायः व्यङ्ग्य गर्दछन्, हिन्दू त छिउँ गर्नु, खोक्नुमा पनि धर्मशास्त्र हेर्दछन् । तर कुरा साँचो हो । छिउँ गर्ने, खोक्ने बेला सभ्यताको नियम– मुखको अगाडि हात या रुमाल राख्ने कुरो तिनीहरू आफै गर्दैनन् र ?

अन्न र पानी–यसले त शरीर बन्दछ । यो त जीवन-निर्माणको मूल धातु हो । अतः धर्मशास्त्र यसको सम्बन्धमा धेरै अनुशासन चाहन्छ । खाद्याखाद्यविवेक त धार्मिक जीवनका लागि अत्यन्त अनिवार्य कुरा हो ।

हिन्दूसँग जुन अर्थशास्त्र, चिकित्साशास्त्र, नीतिशास्त्र, कामशास्त्र छन्– तिनलाई अहिले पनि विश्व सम्मान गर्दछ र तिनलाई मूलाधार मानेर नचले आजका महान् विद्वान्हरूको विद्या पनि अपूर्ण रहन्छ । चाणक्य, सुश्रुत, चरक, वात्स्यायन आदिलाई वन्दना नै गर्दछन् आजका विद्वान् पनि । र, यो सम्पूर्ण स्वच्छन्द छ । अन्तर यही छ–जहाँ यिनीहरूको व्यावहारिक कुरा आउँछ, हिन्दू-धर्म यसलाई धर्मको अनुवर्ती मान्दछ; जहाँ धर्मशास्त्रको अनुकूल यिनीहरूको विधि बन्दैन त्यहाँ यिनीहरूको विधि त्याज्य हुन्छ ।

स्त्रीषु नर्मविवाहे च वृत्त्यर्थे प्राणसङ्कटे ।
गोब्राह्मणार्थे हिंसायां नानृतं स्याज्जुगुप्सितम् ।। -श्रीमद्भागवत ८।१९।४३

आचार्य शुक्रको यो नीति वाक्य हो– "स्त्रीहरूका साथ एकान्त क्रीडामा, हास-परिहासमा, कसैको विवाह-सम्बन्ध स्थिर हुन्छ भने आजीविका तथा प्राण बचाउनका लागि, गाई एवं ब्राह्मण-को रक्षाका लागि तथा कसैको पनि प्राण बचाउनका लागि झूटो बोल्नु निन्दित हुँदैन ।" १००

नीतिवाक्यको यो उपदेश शुक्राचार्यले आफ्नो शिष्य दैत्यराज बलिलाई गरे– त्यसबेला, जब बलि भगवान् वामनलाई भूमिदान गर्न लागिरहेका थिए । बलिले त्यसै बेला यस नीतिलाई अस्वीकार गरे, किनकि यो नीति धर्मशास्त्रको प्रतिकूल थियो । यो एक उदाहरण हो यस कुराको– हिन्दू-समाजलाई नीतिशास्त्र आजको कूटनीतिको पनि पूरा पक्का ज्ञान थियो; तर धर्मको प्रति-कूल नीति थियो त त्यो त्याज्य थियो । त्यसको त्यागबाट हुने हानि उठाउनु नै गौरव मानिन्थ्यो ।

आयुर्वेदमा लसुन-प्याजको धेरै-धेरै प्रशंसा छ । अनेक यस्ता औषधिहरूको निर्माणविधि-छ जसमा मासु अथवा साना जीव पर्दछन् । निघण्टुमा विविध जीवहरूको रक्त-मासु आदिका गुण-हरूको विस्तृत वर्णन छ । तर धार्मिक पुरुष यस्ता औषधिहरूलाई त्याज्य मान्दछन् । धर्मशास्त्रले लसुन-प्याजलाई तामस आहार हुनाले त्याज्य मानेको छ र धार्मिक पुरुष त्यसलाई उपयोग गर्दैनन् ।

कुनै वस्तुमा, कुनै क्रियामा के गुणदोष हुन्छ– यो जान्नु एउटा कुरा हो । नीतिशास्त्र, आयुर्वेद आदि यस गुण-दोषको परिचय गराउँछन् । तर धर्मशास्त्र मनुष्यको शुद्ध चरित्र, पवित्र हृदयको निर्माण गर्नका लागि विधान बनाउँछ । तपाइँ के जानी-बुझीकन कुनै यस्तो काम गर्न सक्नुहुन्छ, जसले तपाइँको मनमा कुनै प्रभाव नपरोस् ? जब जानी-बुझी, सङ्कल्पपूर्वक कुनै काम गरिन्छ त्यसको मनमा केही-न-केही प्रभाव पर्छ नै । अतएव जुन धर्म मनको निर्माण चित्तशुद्धिलाई नै मुख्य मान्दछ, त्यो कुनै पनि कामलाई आफ्नो अनुशासनदेखि बाहिर कसरी राख्न सक्तछ ? कुनै पदार्थ जुन तपाइँको निर्जीव, तपाइँमा एक प्रभाव छाडेर जान्छ । यसैले जुन तपाइँको मनोनिर्माणको दायित्व राख्दछ, त्यो तपाइँको प्रत्येक चेष्टामा, तपाइँको सम्पर्कमा आउने खालको प्रत्येक वस्तुको सम्बन्धमा आफ्नो अनुशासन राख्दछ । यसो नगरे त त्यो अपूर्ण धर्म हुन्छ ।

धारणाद् धर्मः जुन धारण गर्छ, मनुष्यको अभ्युदय निःश्रेयस दुवै जेमा निर्भर हुन्छ, मनुष्यको सम्पूर्ण जीवनको अनुशासन हुन्छ त्यो । त्यसद्वारा अनुशासित जीवन नै सम्यक् जीवन हुन्छ । उसको अनुशासनको बहिर्गत जीवनको अर्थ हुन्छ आफ्नो धारिका शक्तिदेखि बाहिर जाने– पतन, विनाशतिर जाने जीवन !!!

धर्मको पूर्णता यसमा नै छ– त्यो सम्पूर्ण जीवनको धारण एवं शासन गर्छ । जुन जीवनको कुन एक अङ्गलाई मात्र पनि आफ्नो अनुशासनदेखि बाहिर छाड्दछ त्यो धर्म त्यत्ति नै अंशमा अपूर्ण हुन्छ । मनुष्य-जीवनको पूर्णता पनि यसैमा छ- उसको पूरा जीवन उसको जीवनको प्रत्येक क्रिया धर्मद्वारा अनुशासित हुन्छ। अस्तु !!

हामी आफ्नो मौलिक विषयबाट धेरै टाढा आयौं यसैले एकचोटि त्यसलाई फेरि सम्झनुपर्छ– "मनुष्यमात्रको अन्तिम लक्ष्य परमानन्दको प्राप्ति र सबै दुःखको निवृत्ति हो। सांसारिक विषय कहिल्यै सुखस्वरूप होइन, सुखस्वरूप त खालि परमानन्द नै हो र आफ्नो स्वरूप नै हो जुन अज्ञानावृत छ। त्यो आफ्नो स्वरूपभूत परमानन्दको प्राप्तिको साधन खालि ज्ञान नै हो। ज्ञानको प्रतिबन्धक दोष मल, विक्षेप र आवरण हुन्। त्यसको निवृत्ति निष्काम कर्म, उपासना र ज्ञानका अन्तरङ्ग साधन–श्रवण, मनन र निदिध्यासन आदिद्वारा हुन्छ– या साधनहरूमा परम्परा साक्षात् रूपले सहायक जुन कर्तव्य कर्म छन्, जसद्वारा अन्तःकरणको शुद्धि भएर मनुष्यलाई ज्ञानद्वारा मोक्षको प्राप्ति हुन्छ त्यही कर्तव्य कर्म तथा उपासना आदि 'धर्म' शब्दले शास्त्रमा सर्वत्र वर्णन गरिएको छ।" यो मौलिक विषयलाई (परम धर्मलाई) सबैतिर सधैं याद राख्नुपर्छ अन्यथा धर्मको लक्ष्यबाट हामी टाढा गएर भ्रमित हुन्छौं।

अब धर्मरूपी चित्तशुद्धिको हेतु कर्तव्य कर्महरूको विचार गर्नुपर्छ, मनु भन्नुहुन्छ–

वेदोऽखिलो धर्ममूलं स्मृतिशीले च तद्विदाम्।
आचारश्चैव साधूनामात्मनस्तुष्टिरेव च ॥ -२।६

सारा वेद, वेदज्ञहरूका स्मृतिहरू, तिनका शील, साधुजनहरूको आचार तथा आत्मतुष्टि– यी धर्मका मूल या प्रमाण हुन्। तथा–

वेदः स्मृतिः सदाचार स्वस्य च प्रियमात्मनः।
एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्य लक्षणम् ॥ -मनु. २।१२

वेद, स्मृति, सदाचार तथा आत्मतुष्टि– यी चार धर्मका साक्षात् लक्षण (प्रमाण) ऋषिहरूले निर्देश गरेका छन्।

धर्म एक यस्तो वस्तु हो जो पालन गरिनाले वस्तुको स्वरूप सुरक्षित राख्दछ र त्यसको नाश गरेपछि उसको स्वरूपको नाश गरिदिन्छ, विकृत गरिदिएमा त्यसलाई विकृत गर्छ। यसैले मनुले भनेका छन्– धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः।
तस्माद् धर्मो न हन्तव्यो माऽनो धर्मो हतोऽवधीत् ॥

यसको उदाहरणस्वरूप आगोलाई हेरौं, त्यो आगोको स्वरूप अथवा धर्म तातो हो। जबसम्म आगो त्यो धर्मलाई राख्दछ तबसम्म त त्यसको सत्ता रहन्छ। जब त्यसको उष्णता रहँदैन अनि आगो पनि नरहेर खरानी हुन्छ। यस्तै प्रकार पानीलाई लिऔं। त्यसको धर्म तरलता तथा प्यास शान्त गर्नु आदि हो। जब यसको यो धर्म निकलन्छ या निकालिदिन्छौं तब यो पानी नभएर हिलो नै हुन्छ। यस प्रकार जो धर्मको पालन गर्दैन उसमा मानवता रहँदैन। धर्म एक यस्तो वस्तु हो जुन पापबाट बचाउँछ। धर्मको विरोधी मानव दानव बन्दछ। यसैले भनिएको छ– धर्मो धारयते प्रज्ञाः धर्म

प्राजाहरूलाई धारण गर्दछ । धर्म नरहरूनाले प्राजाहरू नष्ट हुन्छन्।ए सोझो मान्छे !केही अतीतको इतिहासलाई हेर् । यस भूमण्डलमा पुराकालमा अनेक जातिहरू थिए तर उनीहरूमा केही नै बाँचेका छन्, शेष यस धरातलमा लुप्त भइसके । यवन, मिश्र तथा रोमन जातिहरू कुनै समय आफ्नो वैभव-को चुलीमा विद्यमान थिए; तर आज तिनका नाम मात्र अवशिष्ट छन् । यसको के कारण हो ? यवन या यूनानको सम्बन्धमा भनिएको छ– त्यो एथेन्स र स्पार्टा नामका दुई विभागमा विभाजित थियो । स्पार्टा आफ्नो वीरताका लागि र एथेन्स आफ्नो कलाका लागि प्रख्यात थियो । आज न त्यो वीरता नै जीवित छ र न कला नै । जगद्विजयी सिकन्दरलाई जन्म दिने यूनान आज शक्तिको दृष्टिबाट जर्जर छ । धर्मको एकाको रूपलाई अपनाउनाले यही परिणाम हुन्छ । रोम या इटली-को अवस्था पनि यस्तै छ । कुनै समय रोमन साम्राज्य टाढा-टाढासम्म विस्तृत थियो, आज त्यो खुम्चिएर संकुचित सीमाहरूभित्र आबद्ध छ । मुसोलिनीले पुरानो रोमन साम्राज्यको स्वप्नलाई फेरि साकार रूप दिन चाहे, यूथोपियालाई हत्याए पनि तर अन्तमा उनको स्वप्न ध्वस्त भयो । ग्रीक र ल्याटिन भाषाहरू श्रवणमात्रका वस्तु हुन् । तिनको कुनै अस्तित्व रहेको छैन । मिश्रको पनि खालि प्राचीन ध्वंसावशेष रहेको छ । न त्यहाँको प्राचीन भाषा जीवित छ, न त्यहाँको संस्कृति नै दृष्टिगोचर हुन्छ । प्राचीन मर्यादाहरू लुप्त भएका छन् । यो ध्वंस-लीलाको मूलमा एक नै कारण कार्य गरिरहेछ । यी जातिहरूले आफ्नो धर्मको पालन गरेका छैनन्, त्यसलाई सुरक्षित राखेका छैनन्– धर्म एवं हतो हन्ति धर्मो रक्षति रक्षितः– जुन प्राणपण दीक्षा, श्रद्धा, उत्साह र तपद्वारा कुनै वस्तु-को रक्षा गरिन्छ, त्यसको यी जातिहरूमा अभाव भएको छ । परिणामतः तिनीहरू कालको ग्रासमा परे । उनीहरूको संस्कृति नष्ट भयो । उनीहरूका सभ्यताहरूमा अर्को सभ्यता आच्छादित भयो । उनीहरूको विश्वासको स्थान अर्को विश्वासले लियो । यो सबै धर्मको अवहेलनाको परिणाम थियो ।

धर्मको मूलमा श्रद्धा निहित रहन्छ । जातिहरूको ज्ञानधारा र कर्म-परिकल्पना यसैद्वारा सञ्चालित हुन्छ । धर्ममा श्रद्धा बनिरहे त त्यसप्रति चिन्तन र मनन पनि चल्दछ नै र त्यस अनुकूल आचरण गर्ने प्रकृति पनि जाग्रत हुन्छ । श्रद्धाको अभावमा ज्ञान एवंम आचरण दुबै नै मृतप्राय हुन्छन् । यसैले गीतामा- सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत । १०२

श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एवं सः।।(१७।२)

पुरुष श्रद्धामय हुन्छ, ऊ श्रद्धाले नै बनेको हुन्छ, यो श्रद्धा पनि कुनै व्यक्तिको सत्त्वको अनुरूप नै हुन्छ । अतः श्रद्धाका लागि पनि सत्त्वको शुद्धिको आवश्यकता हुन्छ । सत्त्वको शुद्धि आहारमा अव-लम्बित हुन्छ । सात्त्विक अन्नको सेवन नै सात्त्विक धर्ममा श्रद्धा उत्पन्न गर्दछ । जुन व्यक्ति र जाति-हरू राजस एवं तामस आहाराको सेवन गर्दछन्, उनीहरूको प्रवृत्ति त्यसअनुकूल आदर्शमा नै हुन्छ । तमोगुण प्रमाद उत्पन्न गर्दछ, त्यसबाट जीवनमा जडता आउँछ । रजोगुण क्रियाशील भएर हिंसा एवं परपीडनतिर पनि जान सक्तछ । परोपकारतिर ऊ त्यसै बेला प्रयास गर्दछ जब सात्त्विकताले प्राभावित हुन्छ । अतः प्रधानता सत्त्वको नै छ । यसैले गीतामा श्रद्धाका लागि आहारनिर्मित सत्त्व-

मा बल दिइएको छ । जुन जातिहरूको नामको उल्लेख माथि गरिएको छ उनीहरू सत्त्वको संसर्गबाट टाढा थिए । रजोगुणको चक्रले सत्त्वको अभावमा उनीहरूलाई हिंसाप्रधान बनायो र तमोगुणले उनीहरूलाई जडतामा परिणत गऱ्यो । विनाशको मार्ग यही हो । यूरोपका जातिहरू सत्त्वबाट विरहित भएर आज फेरि यही रजोगुणको चक्रमा लीन छन् र विद्वान्हरूले उनीहरूको निराशाजनक भविष्यको घोषणा पनि गरिसके । विज्ञानको जुन वैभव यी जातिहरूलाई जल, थल र वायुमा एकान्त आधिपत्य स्थापित गर्ने प्रेरणा दिइरहेछ, त्यो केही सफलताको गर्भबाट उनीहरूलाई उन्मत्त गरिरहेछ । त्यो कालान्तरमा आफू अपदस्थ हुनेछ, अरू जातिहरूलाई पनि लिएर डुबनेछ । १०३

हिन्दू धर्म तथा संस्कृति आफ्नो अध्यात्मका लागि प्रख्यात रहेको छ । यो अध्यात्मको आधारशिला सत्त्वानुरूपा श्रद्धा हो । यस संस्कृतिले भयङ्करभन्दा भयङ्कर आँधी-बेरी झेलेको छ आँधी र तूफानको सामना गरेको छ तर धर्मलाई छाडेको छैन । आध्यात्मिकता हाम्रो प्राण बनेर रहेको छ । परम तत्त्वमा अविचल विश्वास हामीलाई सहनशक्ति दिइरहेछ र दिएको छ । महमूद गजनवी, चङ्गेज खाँ र तैमूरको हत्याकाण्ड पनि यो श्रद्धा-विश्वासलाई विचलित गर्न सक्तैन । पठानहरू र मुगलहरूको अद्भुत प्रतापले पनि यस श्रद्धालाई शिथिल गर्न सकेन । अंग्रेजहरूको कूटनीतिले हामीमा अकथनीय प्रभाव पाऱ्यो र हाम्रो श्रद्धाका केही अंशहरूलाई आफ्नो चकाचौंधले प्रभावित मात्र होइन परिवर्तित पनि गरेर गए, हाम्रो धर्म श्रद्धा-ईश्वर-विश्वास आदि आज पनि जीवित छ ।

इतिहास साक्षी छ– जब-जब हाम्रा मान्यताहरूमा ठेस लाग्दछ र धर्म क्षीणतातिर जान लाग्दछ तब-तब भगवत्कृपाले केही दैवी विभूतिहरू जन्म लिइरहन्छन् र उनीहरूले हामीलाई धर्मतिर उन्मुख गर्न प्रशंसनीय कार्य गरेका छन् । किन नगरून् ! भगवान्ले आफै आफ्नो श्रीमुखबाट नै

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदाऽऽत्मानं सृजाम्यहम् ।। -४।७

भन्ने प्रतिज्ञा गर्नुभएको छ । यो ध्वनि हाम्रो वायुमण्डलमा सधैं गुन्जिरहेछ र गुन्जिरहनेछ । कल्याणकारी प्रभु ! हामीलाई कल्याणपथमा अग्रसर गर्नु होस् !!!

अँ त, हामी धर्मको स्वरूप-लक्षणको विषयमा विचार गरिरहेका थियौं, बीचमा अर्कै प्रसङ्ग आएको छ ।

धर्मलाई हामीहरू कर्तव्य-वाचक र भाववाचक रूपले पनि मान्दछौं । वर्ण-धर्म, आश्रम-धर्म, गुण-धर्म, नैमित्तिक धर्म, पुरुष-धर्म, स्त्री-धर्म आदि सबै कर्तव्यवाचक धर्म हुन् । ती सबैको विषयमा मनु आदि स्मृतिकारहरूले सविस्तार लेखेका छन्–

आर्षं धर्मोपदेशं च वेदशास्त्रविरोधिना ।
यस्तर्केणाऽनुसंधत्ते स धर्मं वेद नेतरः ।।-मनु १२।१०६

अर्थात् वेद र वेदमूलक स्मृति आदि शास्त्रहरूको उपदेशको जो अविरोधी तर्कद्वारा अनुसन्धान गर्दछ, त्यही धर्मको स्वरूपलाई बुझ्न सक्तछ । विचारको सुविधाका लागि हामी धर्मलाई तीन भागमा विभाजित गर्न सक्तछौं– पहिलो सामान्य धर्म, दोस्रो विशेष धर्म र तेस्रो परम धर्म ।

(१) सामान्य धर्म या सार्ववर्णिक धर्म

धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।-मनु ०६।९२

धृति (धैर्य) अर्थात् सन्तोष, क्षमा अर्थात् सामर्थ्य हुँदा-हुँदै पनि अपकारीको अपकार नगर्नु, दम अर्थात् विषयहरूको संसर्ग हुँदा पनि मनलाई निर्विकार राख्नु, अस्तेय अर्थात् काय, वचन र मनले परद्रव्य नचोर्नु, शौच अर्थात् शास्त्रानुसार माटो, जल आदिद्वारा देह शुद्धि इन्द्रिय-निग्रह अर्थात् यथेच्छ विषयभोगबाट हटाएर अलौकिक विषयको प्राप्तिका लागि शास्त्रसम्मत मार्गद्वारा इन्द्रियहरूलाई लिएर हिंड्नु धी अर्थात् आत्मविषयिणी बुद्धि– "म शरीर होइन आत्मा हुँ, यस प्रकारको बुद्धि" विद्या अर्थात् आत्मज्ञान जेले होस् त्यस ब्रह्मविद्याको अनुशीलन, सत्य अर्थात् यथार्थ कथन र प्राणीहरूको हितसाधन, अक्रोध अर्थात् क्रोधको कारण उपस्थित हुँदा पनि क्रुद्ध नहुनु– यी दशको नाम धर्म हो । यसमा जुन सम्यक् प्रतिष्ठित छ, त्यो धार्मिक हो । उसैलाई परमगतिको प्राप्ति हुन्छ । अथवा मनुले यस्तो पनि भनेका छन्–

अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः ।
एतत् सामासिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन्मनुः ।।-मनु- १०।६३

अहिंसा, सत्यवचन, परद्रव्य अपहरण नगर्नु, शुचिता तथा इन्द्रिय-निग्रह अर्थात् इन्द्रियहरूको संयम यसलाई सर्वसाधारण चारै वर्णका धर्म तथा संकीर्ण जातिको धर्मको रूपमा अनुष्ठेय बताएर भगवान् मनुले निर्देश गरेका छन् । विष्णु-संहितामा लेखिएको छ–

क्षमा, सत्य, दम, शौच, दान, इन्द्रिय-निग्रह, अहिंसा, गुरुसेवा, तीर्थ-दर्शन, दया, ऋजुता, निर्लोभता, देव-ब्राह्मणहरूको पूजा र अनसूया– यी साधारण धर्म चारै वर्णका लागि हुन् ।

जैमिनिकृत मीमांसा-दर्शनमा प्रथम सूत्र छ– अथाऽतो धर्म-जिज्ञासा अर्थात् धर्म मीमांसा नै मीमांसा-दर्शनको मूल हो, यस्तो बुझिन्छ । धर्म के हो ? उसको लक्ष्य के हो ? कुन कर्म गर्नाले धर्म हुन्छ र कुन कर्म नगर्नाले धर्म हुँदैन ? यसको उत्तर दिनाले पहिले धर्मको एक लक्षण गर्नु आवश्यक हुन्छ । धर्म–जिज्ञासाको अर्थ हो- धर्मलाई बुझ्ने इच्छा । धर्मलाई बुझ्ने आवश्यकता किन छ तथा

धर्मको कुन कुन साधन छ ? प्रसिद्ध धर्म के हो ? र अप्रसिद्ध धर्म के हो ? एकजना पुरुष धर्मको लक्षणा एक प्रकारले गर्दछ र अर्को अर्कै प्रकारले गर्दछ । यी सबै कुराको मीमांसा गरेर जैमिनिले धर्मको लक्षणमा यो सूत्र लेखे– चोदनालक्षणोऽर्थो धर्मः । १०७

क्रियामा प्रवर्तित गर्ने शास्त्र-वचनको नाम चोदना हो । अर्थात् आचार्यबाट प्रेरित भएर जुन याग आदि गरिन्छ त्यसैको नाम धर्म हो । शास्त्रले जुन कर्तव्य कर्महरूको विधान गरेको छ र जुन श्रेयस्कर अर्थात् मङ्गलजनक छ त्यसैको नाम धर्म हो । मत्स्यपुराणमा भनिएको छ–

अद्रोहोऽथाऽप्यलोभश्च दमो भूतदया तपः ।
ब्रह्मचर्यं ततः सत्यमनुक्रोशः क्षमा धृतिः ।।
सनातनस्य धर्मस्य मूलमेतद् दुरासदम् ।

अद्रोह, अलोभ, इन्द्रिय-निग्रह, प्राणिमात्रप्रति दया, तपस्या, ब्रह्मचर्य, सत्य, करुणा, क्षमा र धैर्य यो सनातन धर्मको दुर्लभ मूल हो । देवताहरूको धर्म वामनपुराण ११ अध्यायमा यसप्रकार भनिएको छ–

सुकेशी नाम गरेको एक राक्षसले ऋषिहरूसँग यो प्रश्न गरेको थियो– जगत्मा श्रेय के हो ? ऋषिहरूले बताए– यो लोक र परलोकमा धर्म नै श्रेय छ । साधुजन यो अक्षय धर्मको आश्रय लिनाले नै जगत्मा पूज्य छन् र धर्ममार्गमा चल्नाले सबै सुखी हुन सक्तछन् । सुकेशीले सोधे– धर्मको लक्षण के हो ? र के गर्नाले धर्म हुन्छ ? ऋषिहरूले भने– याग-यज्ञादि क्रिया, स्वाध्याय, तत्त्वज्ञान, विष्णु-पूजामा रति, विष्णुको स्तुति, यो देवताहरूको परम धर्म हो । बाहुको पराक्रम संग्रामरूप सत्यकार्य, नीतिशास्त्रको निन्दा र शिवभक्ति दैत्यहरूको परम धर्म हो । योगानुष्ठान, स्वाध्याय, ब्रह्मज्ञान, विष्णु र शङ्करको भक्ति सिद्धहरूको धर्म हो । नृत्य-गीत आदिको अभिज्ञता र सरस्वतीको दृढ भक्ति गन्धर्वहरूको धर्म हो । पौरुषको कार्यमा अभिज्ञता, भवानी र सूर्यको भक्ति तथा गन्धर्व-विद्या यो विद्याधरहरूको धर्म हो । समस्त मन्त्र-शस्त्रविद्यामा निपुणता किम्पुरुषहरूको धर्म हो । योगाभ्यासमा सधैं अनुरक्ति, सबै स्थानहरूमा इच्छानुसार गमनागमन, नित्यब्रह्मचर्य र जप-सम्बन्धी ज्ञान पितृहरूको धर्म हो । धर्मज्ञान ऋषिहरूको धर्म हो । स्वाध्याय, ब्रह्मचर्य, दम, यजन, सरलता, क्षमा, जितेन्द्रीयत, शौच, मङ्गलकार्यमा श्रद्धा, देव-भक्ति मानव-धर्म हो । धनाधिपतित्व, भोग, स्वाध्याय, शङ्करोपासना, अहङ्कार र मदले रहित हुनु गुह्यकहरूको धर्म हो । अर्काकी स्वा-स्त्रीको अभिलाषा, अर्काके पैसाका लागि लोलुपता, वेदाभ्यास र शङ्करभक्ति राक्षसहरूको धर्म हो । अविवेक, अज्ञान, अशुचि तथा आमिष-भणक्षमा रति पिशाचहरूको धर्म हो ।

आगम तन्त्र जान्ने आर्यहरू जुन कर्मको अनुष्ठान गर्दछन् तथा जेको प्रशंसा गर्दछन् त्यो धर्म भनिन्छ र जुन कर्मको निन्दा गर्छन् त्यो अधर्म भनिन्छ । प्रवृत्ति र निवृत्ति– यी दुई प्रकारका

वैदिक कर्महरू ब्रह्माले सृष्टिको आदिमा निर्देश गरेका थिए । यसमा प्रवृत्ति- लक्षण जुन कर्म छ त्यो धर्म भनिन्छ । यो धर्म गुणभेदअनुसार तीन प्रकारको छ– सात्त्विक, राजस र तामस । यसको विस्तृत व्याख्या गीताको अठारौं अध्यायमा हेर्नुपर्छ । मनुष्यका लागि जुन कर्तव्य यो आचरणीय भनिएको छ त्यही धर्म हो ।

सारांश यो हो– सामान्य धर्मअन्तर्गत सबै शुभ कर्म जुन अन्तःकरणको शुद्धिको कारण हो, जस्तो अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह, शौच अर्थात् शुद्धि, सन्तोष, तप, स्वाध्याय, ईश्वरभक्ति, ज्ञान, वैराग्य, मनको निग्रह, इन्द्रिय-दमन, श्रद्धा, दया, तितिक्षा, क्षमा, अभय, तेज, सरलता, स्वार्थत्याग, अमानित्व, दम्भहीनता, अपिशुनता, निष्कपटता, नम्रता, धीरता, वीरता, सेवाभाव, उत्सङ्ग, ईश्वर-स्मरण, ईश्वर-ध्यान, निर्वैरता, समता, निरहङ्कारता, मैत्री, दान, कर्तव्य-परायणता र शान्ति- यी चालीस गुणहरूलाई दैवी सम्पदा भन्दछन्, यी नै यथार्थ धर्म नामले शास्त्रहरूमा मानिने सद्गुण हुन् । यिनै सद्गुणहरूबाट मानवताको शोभा हुन्छ । यही मनुष्यको सहज स्वरूप या स्वभाव हो । यही धर्म हो । यसै धर्मबाट मनुष्य महान् हुन्छ । आगोको धर्म हो उष्णता । उष्णता नै अग्निको अग्नित्व धारण गर्छ । आगोमा उष्णता नरहे त त्यो खरानी हुन्छ, त्यो आगो हुँदैन । यस्तै प्रकार मनुष्यमा उपर्युक्त धर्म नभए त दुईखुट्टे भएर पनि पशु या पिशाच भलै नहोस् मनुष्य कहलिन सक्दैन । भगवान् व्यासले भन्नुभएको छ– **न हि मनुष्यात् परतरं हि किञ्चित्** मनुष्यभन्दा श्रेष्ठ कोही छैन । तर मनुष्य सर्वोपरि किन छ, बुझ्दछौ ? तडक-भडक खालको लुगा लाउनाले ? ठूला-ठूला वरमा रहनाले ? मोटर या हवाईजहाजमा घुम्नाले अथवा छिटोभन्दा छिटो धेरैभन्दा धेरै प्राणीहरूका संहारका नयाँ नयाँ उपाय खोजी निकाल्नाले ?

हेर्नुहोस् ! मनुष्यको बुद्धिमत्ताको डिंग नहाँक्नुहोस् । मनुष्यको बुद्धिले जति अनर्थ गऱ्यो र गर्न सक्तछ त्यति कुनै पशु-पक्षीले गर्न सकेन, न गर्न नै सक्तछ । योजनापूर्वक विश्वसंहारको शस्त्र पशु बनाउन सक्तैन । पशु आफ्नो आहाराका लागि हिंसा गरे पनि पाली-पाली पशुपक्षीहरूलाई पेटमा हाल्ने नृशंसता त गर्न सक्तैन ।

भैगो, यो कुरा पनि छाडौं । जङ्गलमा खालि कौपीन लगाउने खालका, रूखमा रहने खालका जुन जातिहरू छन्, उनीहरूलाई तपाईं मनुष्य मान्नुहुन्छ या अरू केही ? हात्ती, कुकुर, घोडा, परेवा, कमिलाहरूले अनेकचोटि यति सूझबूझको काम गरेको देखिएको छ कि, अनेक मनुष्यहरूमा त्यति समझदारी हुँदैन । यसैले बुद्धिले गर्दा मनुष्य श्रेष्ठ छ भन्ने कुरो ठीक होइन, न भगवान् व्यासले नै आफू मनुष्य हुनाले गर्दा पक्षपातपूर्वक मनुष्यलाई श्रेष्ठताको पदक दिनुभएको हो । तब भन्नुपऱ्यो–

मनुष्य श्रेष्ठ छ धर्मले गर्दा । धर्माधर्म, कर्तव्याकर्तव्यको विचार, मृत्युपश्चात् पनि जीवको सत्ताको मान्यता तथा ईश्वरानुभूतिको क्षमता खालि मनुष्यमा हुन्छ । यसैले मनुष्य श्रेष्ठ छ ।

प्रकृतिले ऊर्ध्वस्रोत, तिर्यक्स्रोत, तथा अधःस्रोत– यी तीन प्रकारका प्राणी बनाएका छन् । वृक्ष ऊर्ध्वस्रोत हो उसको रस मूलबाट माथि जान्छ । यसको अर्थ हो– तिनीहरू विकासोन्मुख हुन् । पशुपक्षी आदि तिर्यक्स्रोत हुन्, उनीहरूको शरीर भूमिको समानान्तरप्रायः रहन्छ । उनीहरूको आहारा मुखदेखि तिर्यक् टेढो हुन्छ । मनुष्य अर्वाक्(अधः)-स्रोत प्राणी हो । उसको आहार माथिबाट तल जान्छ । यसको तात्पर्य हो प्रकृतिको प्रवाहमा विकासको अन्तिम सीमामा मनुष्य पुग्यो । प्रकृतिको चक्र जहाँसम्म उठ्न सक्तथ्यो उठिसक्यो । अब त्यो स्वतः प्रयत्नले प्रकृति-प्रवाहदेखि पार हुँदैन, जन्म-मरणदेखि मुक्त हुँदैन त अर्वाक् (अधः)-गतिको द्वारमा पुगिसकेको छ । यही जीवन यस प्रकृति-प्रवाहबाट मुक्त हुनेको ढोका हो, यसैले यो सर्वश्रेष्ठ हो ।

मनुष्यको यस जीवनमा धर्म सहजसिद्ध सहज स्वभाव हो । अधर्म त मनुष्यको विकृति हो । अधर्ममा निष्ठा राखेर त्यसको आचरण कोही पनि गर्न सक्तैन । हिंसाको कुरा छाडौं, किनकि हिंसाको व्रत लियौं भने त फाँसीको तख्ता दुई-चार दिनमा नै देखिन लाग्दछ चोरी पनि इयालखानामा थुनाउँछ । तर असत्यको विषयमा पनि विचार गनुपर्छ । तपाईं सत्य नबोल्ने र खाली झूठ बोल्ने व्रत लिनुहुन्छ भने कति समय यसको निर्वाह गर्न सक्नुहोला ? आफ्नो नाम, आफ्नो बाबुको नाम, स्थान, व्यवसाय तथा प्रत्येक जानकारी तपाईंले झूठो बताउनुपर्छ त कति दिन तपाईं इयालखानाबाट बाहिर रहन सक्नुहुन्छ ? समाजमा कति समय तपाईंको निर्वाह सम्भव हुन्छ ?

असत्यको निर्वाह नै सत्यको सहाराबाट हुन्छ । धर्मको आड लिएर नै अधर्म बाँच्न सक्तछ । त्यो स्वयं जीवित रहन समर्थ हुँदैन । त तिमी नै बताऊ मेरा सोझा भाइ ! उसको अवलम्बन गर्ने डुब्दछ-नष्ट हुन्छ या हुँदैन ?

धर्म मनुष्यको सहज-स्वभाव हो । सत्य बोल्नका लागि, अहिंसा अस्तेयको पालन गनका लागि, परोपकारादि धर्मका लागि कुनै योजना, कुनै बुद्धिपूर्वक चिन्तन गर्नुपर्दैन, यथार्थको पालन गर्नुपर्छ । धर्मको पालन शक्ति दिन्छ, सत्तावान् बनाउँछ, लोक-परलोकमा उन्नति गर्छ । जस्तो स्वास्थ्यका नियमहरूको पालन शरीरका लागि नै हो, त्यस्तै संयमको पालन मनका लागि हो ।

धर्मको दासताबाट मुक्तिको कुरा आजको प्रगतिशील मान्छे बडो गर्वसाथ गर्दछ; तर यसको अर्थ के हो ? कहिल्यै विचार गरेका छौ ? यसको अर्थ हो– मन इन्द्रियहरूको दासताको स्वीकृतिायो स्वीकृति विनाशतिर लग्दछ । संयमको दासताबाट मुक्ति लिएर मनपरि आहार-विहार गर्नेहरू रोगहरू तथा मृत्युको शिकार बन्दछन् । यसै प्रकार धर्मको दासताबाट मुक्तिको अर्थ मन-इन्द्रियहरूको दासता हो र उसको फल नै रोग, शोक, अशान्ति । स्वतन्त्र ऊ छ जो मन-इन्द्रियहरूको स्वामी छ, जो धर्मलाई आफ्नो मार्गदर्शक बनाएर हिंड्दछ, किनकि जीवन एवं मनुष्यत्वको धारणकर्ता धर्म उसको आधार हो । स्वस्थ जीवन एवं शान्त मन उसको स्वत्व हो ।

मानव-धर्म मनुष्यको धर्म र मनुष्य शाश्वत-सनातन हो, अतः मनुष्यको धर्म पनि शाश्वत-सनातन हुन्छ । यो सनातन धर्म नै एकमात्र धर्म हो । जुन अहिंसा, सत्य, अस्तेय आदि धर्मका दश लक्षण मनुले बताएका छन्, त्यसको अपवाद तपाईंलाई कहीं मिलेको छ ? कुनै पनि देशको कुनै पनि धर्माचार्य, झूट, चोरी, हत्यालाई धर्म भन्दछन् ? यस्तो त छैन । तब एउटै उपदेश दिने अनेक मान्छेलाई तपाईं पृथक्-पृथक् धर्मको प्रवर्तन किन भन्नुहुन्छ ? १०८

सनातन धर्म नै एक यस्तो धर्म हो, जेमा मनुष्यको रुचि, स्थिति, तथा अधिकार-भेदलाई स्वीकार गरेर साधन-भेद, आचार-भेदको व्यवस्था गरिएको छ । मनुष्य सनातन प्राणी हो, अतः उसको धर्म पनि सनातन नै हुन्छ । रिलिजन, मजहब, पन्थ, मत अनेक छन्, तर धर्म एक नै हो । राम्ररी बुझ, कहीं धर्मलाई नै रिलिजन या मजहब मानेका छैनौ ? रिलिजन धर्मको पर्यायवाची शब्द होइन ।

सनातन धर्मअन्तर्गत जुन सामान्य धर्म, विशेष धर्म र परम धर्मको निरूपण गरिएको छ त्यसमा अहिंसा, सत्य, अस्तेय आदि जुन सामान्य धर्मको लक्षण छ, त्यसको वर्णन उदाहरणसहित पछाडि गरिन्छ । यसको आचरण, सबै जाति, सम्प्रदाय या राष्ट्रका मान्छे गर्न सक्तछन् । परन्तु विशेष धर्मको नामले मनु आदि स्मृतिकारहरूले जुन वर्ण-धर्म, आश्रम-धर्म र व्यक्ति-धर्म, गुरु-धर्म, शिष्य-धर्म बताएका छन् ती हिन्दूहरूका लागि नै आफ्नो वर्ण र आश्रमअनुसार पालनीय छन् । त्यसको सविस्तार निरूपण फेरि गरिन्छ ।

परमधर्म– महर्षिहरूले आत्मदर्शन या भगवद्दर्शनलाई नै सर्वश्रेष्ठ परम धर्म मानेका छन् - अयं तु परमो धर्मो यद् योगेनात्मदर्शनम् । -याज्ञवल्क्य-स्मृति १।७

आत्मदर्शनको अर्थ हो परमात्मदर्शन ।

उपनिषद्हरू, योगशास्त्रहरू तथा ब्रह्मपुराणादि ग्रन्थहरूमा यो शुद्धैकतत्त्व-चिन्तनरूप ध्यानलाई विशुद्धतम धर्म भनिएको छ–

ततोऽभ्यासपाटवात् सहस्रशः सदा धर्मामृतधारा
वर्षति ततो योगवित्तमाः समाधिं धर्ममेघं प्राहुः ।। -पैङ्गलोपनिषद् ३।३–१४

तथा–

अनादाविह संसारे सञ्चिताः कर्मकोटयः ।
अनेन विलयं यान्ति शुद्धो धर्मो विवर्धते ।।

धर्ममेघमिमं प्राहुः समाधिं योगवित्तमाः ।
वर्षत्येष यतो धर्मामृतधाराः सहस्रशः ॥

तथा-

पसंख्यानेऽप्यकुसीदस्य सर्वथा विवकख्याते-
धर्ममेघः समाधिः । -योगदर्शन ४।२९

मनसश्चेन्द्रियाणां चाऽप्यैकाग्र्यं परमं तपः ।
विज्ञेयः सर्वधर्मेभ्यः स धर्मः पर उच्यते ॥ -ब्रह्मपुराण २३७।१७

तथा-

विद्यातपः प्राणनिरोधमैत्रौ
तीर्थाभिषेकव्रतदानजाप्यैः ।
नात्यन्तशुद्धिं लभतेऽन्तरात्मा ।
यथा हृदिस्थे भगवत्यनन्ते ॥ -श्रीमद्भागवत १२।३।४८-५०
म्रियमाणैरभिध्येयो भगवान् परमेश्वरः ।
आत्मभावं नयत्यङ्गः सर्वात्मा सर्वसंश्रयः ॥

महाभारत शान्तिपर्व मोक्षधर्म १९५।३०६ तथा २४९।२५० एवं ब्रह्मपुराणको २३७ औं अध्यायमा 'सर्वधर्मविशिष्ट-धर्मनिरूपण' नामको अध्याय नै छ । यसमा सर्वत्र ध्यान-चिन्तनलाई नै सर्वोपरि धर्म भनिएको छ । यसमा शुकदेवजी (कहीं-कहीं मुनिहरू) श्री व्यासजीसँग प्रार्थना गर्दछन्- प्रभु! जुन सबैभन्दा ठूलो धर्म हो तपाईं त्यो बताउने कृपा गर्नुहोस् ।

यस्माद्धर्मात् परो धर्मो विद्यते नेह कश्चन ।
यो विशिष्टश्च धर्मेभ्यस्तं भवान् प्रब्रवीतु मे ॥ -ब्रह्मपुराण २३७-१५

यसको उत्तरमा व्यासजीले भन्नुभयो-

धर्मं ते सम्प्रवक्ष्यामि पुराणमृषिभिः कृतम् ।
विशिष्टं सर्वधर्मेभ्यस्तमिहैकमनाः शृणु । -२३७-१६ ब्रह्मपुराण

अर्थात् ऋषिहरूले जुन धर्मलाई प्राचीनकालदेखि परम विशिष्ट धर्म सर्वोपरि श्रेष्ठ धर्म मानेका छन्, त्यो बताइरहेछु तपाईंहरू ध्यान दिएर सुन्नुहोस्–

मनसश्चेन्द्रियाणां चाऽप्यैकाग्र्यं परमं तपः ।
तज्जयः सर्वधर्मेभ्य स धर्मः पर उच्यते ।।
गोचरेभ्यो निवृत्तानि यदा स्थास्यन्ति वेश्मनि ।
तदा त्वमात्मनाऽऽत्मानं परं द्रक्ष्यसि शाश्वतम् ।।–ब्रह्मपुराण

अर्थात् मानस-निरोध- सर्ववृत्तिशून्यता नै सर्वोपरि धर्म एवं तपस्या हो । जब सारा वृत्तिहरू तथा इन्द्रियहरू निरुद्ध भएर सुस्थिर हुन्छन् तब तिमी आफ्नै आत्मामा परमात्माको दर्शन गर्न लाग्नेछौ । अज्ञानी जन त्यो आफ्नो परम आत्मालाई चिन्दैनन् । तर अभ्यासी मानिस ज्ञानदीपको सहारालै त्यस आत्माको दर्शन गर्दछन् । आत्मदर्शनद्वारा ज्ञानी पुरुषको समस्त पाप-ताप तत्कालै नष्ट हुन्छ-

विमुक्तः सर्वपापेभ्यो मुक्तत्वच इवोरगः ।
परां बुद्धिमवाप्येह विपाप्मा विगतज्वरः ।।

यही धर्म विद्वान्हरूद्वारा सर्वोपरि सर्वश्रेष्ठ मानिएको छ ।

एनं वै सर्वधर्मेभ्यो विशिष्टं मेनिरे बुधाः ।
धर्मं धर्मभृतां श्रेष्ठा मुनयस्तत्त्वदर्शिनः ।।-ब्रह्मपुराण २३७।३३–३४

को धर्मः सर्वधर्माणां भवतः परमो मतः ।
एष मे सर्वधर्माणां धर्मोऽधिकतमो मतः
यद्भक्त्या पुण्डरीकाक्षस्तवैरर्चेन्नरः सदा ।-महाभारत, अनुशासनपर्व

स वै पुंसां परो धर्मो यतो भक्तिरधोक्षजे ।
अहैतुक्यप्रतिहिता ययाऽऽत्मा सम्प्रसीदति ।।–श्रीमद्भागवत १।२।६

यसरी यी सबै ठाउँमा यही कुरा भनिएको छ । समाहित ध्यानको महत्ता यसैले स्वीकार गर्नुपर्छ । तन्त्र-मन्त्र, शास्त्र, सांख्य-योगादि (राजयोग, लययोग, हठयोगादि) शास्त्रहरू, वृद्धहारीत, बृहत्पाराशर, विश्वामित्र आदि स्मृतिहरूमा, मीमांसा-ग्रन्थहरू एवं विष्णुधर्म, भविष्य, मत्स्यादि पुराणहरूमा पनि यसलाई सविस्तार निरूपण गरेर यसैलाई नै मानव-जीवनको परम लक्ष्य मानेको

छ। यद्यपि अन्यत्र योग-पद्धतिहरू र तान्त्रिक मार्गहरू साधनाहरूका आफ्ना स्वतन्त्र दिशा हुन्, तथापि यी सबै ध्यानलाई नै लक्ष्य गरेर अग्रसर हुन्छ। ध्यान-समाधिद्वारा नित्य सर्वत्र परमात्मदर्शन नै वेदान्तलाई अभीष्ट हुन्छ। योगवाशिष्ठ तथा उपनिषत्हरूको प्रायः प्रत्येक वाक्यमा यसैको निरूपण छ। परमयोगी तथा जगद्वन्द्य यतिको पनि एकमात्र यही धर्म मानिएको छ, त्यो नित्य निरन्तर अखण्ड ध्यानमा लीन रहोस्–

ध्यानयोगेन सम्पश्येद् गतिमस्याऽन्तरात्मनः ।।
सम्यग्दर्शनसम्पन्नः कर्मभिर्न निबध्यते ।
दर्शनेन विहीनस्तु संसारं प्रतिपद्यते ।। -मनु. ६।७३।७४

ध्यानिकं सर्वमेवैतद् यदेतदभिशब्दितम् ।
न ह्यनध्यात्मवित् कश्चित् क्रियाफलमुपाश्नुते ।। -मनु. ६।८२

र यही संसारको सबैभन्दा ठूलो सुख पनि हो–

समाधिनिर्धूतमलस्य चेतसो
निवेशितस्याऽऽत्मनि यत् सुखं भवेत् ।
न शक्यते वर्णयितुं गिरा तदा
स्वयं तदन्तःकरणेन गृह्यते ।। मैत्रायण्युपनिषद् ४।४।६

यही परम धर्म हो। यसैको सविस्तार निरूपण उपासना, ध्यान, योग आदि प्रकरणमा गरिन्छ। अब यसपछि सामान्य धर्मको सविस्तार निरूपण गरिएको छ।

(१) सामान्य धर्म या सार्ववर्णिक धर्म

शास्त्रमा- धृतिः क्षमा दमोऽस्तेयं शौचमिन्द्रियनिग्रहः ।
धीर्विद्या सत्यमक्रोधो दशकं धर्मलक्षणम् ।। -मनु.

तथा– अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रह ।
दानं दया दमः क्षान्तिः सर्वेषां धर्मसाधनम् ।। - याज्ञवल्क्य-स्मृति

मनुष्यमात्रका लागि अहिंसा, सत्य आदि धर्मको साधनरूप बताइएको छ । यो अहिंसा, सत्य, अस्तेय आदि के हो ? आचारको अङ्ग हो । अतः वशिष्ठ एवं महाभारतकारहरूले आचारलाई नै धर्म घोषित गरेका छन् । आचारः परमो धर्मः सर्वेषामिति निश्चयः । -वशिष्ठ-स्मृति

सामान्य धर्मका लक्षणहरूमा पहिलो अहिंसालाई नै लिऊँ ।

धर्म अहिंसाको स्वरूप

अहिंसा भनेको प्रेम । अहिंसा भनेको कसैलाई नसताउनु, कसैलाई नमार्नु, कसैलाई दुःख नदिनु र कसैको अहित नगर्नु । यसैमा सबै कुरा आउँछन्, सारा मनुष्य जाति आउँछन्, सारा पशु-पक्षी आउँछन्, सारा कीरा-फटेंग्रा आउँछन्, सारा प्राणी आउँछन्, सारा सृष्टि आउँछ-स्थावर, जङ्गम सबै । हिंसाका हामी स्थूल र सूक्ष्म दुई भेद गर्न सक्छौं ।

स्थूल हिंसा--कसैलाई मार्नु, घायल गर्नु, हातखुट्टा भाँच्नु, पिट्नु, कसैलाई अपमान गर्नु कसैको आजीविका खोस्नु, शोषण गर्नु, कसैको अहित गर्नु, कसैबाट उसको इच्छा विरुद्ध काम गराउनु स्थूल हिंसा हो । गाली-गलौज, व्यङ्ग्य, मुक्का-मुक्की, लाठीमुंग्री, तोपबन्दूक, बम आदि हिंसक शस्त्रास्त्रहरूको प्रयोग स्थूल हिंसा हो ।

सूक्ष्म हिंसा-मनमा कसैप्रति दुर्भाव राख्नु, घृणाको भाव राख्नु, राग-द्वेषको भाव राख्नु र त्यस भावलाई व्यावहारिक रूप दिन लायक योजनाहरू बनाउनु । विरोधी व्यक्ति वा प्राणीलाई सताएर आफ्नो वैर साध्ने मौकाको खोजी गर्नु । मनमा सूक्ष्म हिंसा भरिएर रहेको हुन्छ, अलिकति मौका पाउनेबित्तिकै बारुद झैं पड्कन्छ ।

हिंसामा एक नै भाव भरिएको हुन्छ म र मेरो मर्जी । म जे चाहन्छु त्यही हुनुपर्छ । मेरो मर्जी नै कानून हो । मेरो नै कुरा हुनुपर्छ । मलाई हरतरहको सुख मिलोस् । सारा दुनियाँ, सारा सृष्टि मेरै इच्छाको अनुकूल चलोस् । जो-जो मेरो मर्जीको विरुद्ध चल्दछ, बोल्दछ, तिनलाई म कुल्चि-दिनेछु, बरबाद गरिदिनेछु, माटोमा मिलाइदिनेछु ।

यो म हरेक ठाउँमा ठक्कर खान्छ--घर परिवारमा, अफिसमा, बजारमा, समाजमा, सभामा एक म अर्को मसँग जुध्न थाल्छ । जहाँ हेर्नुस् सङ्घर्ष छ, लडाइँ छ, झगडा छ, विरोध छ । यो सर्वतोमुखी हिंसा आज हामीलाई खाइरहेछ । त्यसले हाम्रो जीवनमा अशान्ति र असन्तोष भरिरहेछ । हामी त्यसको लपेटमा झुल्सिरहेछौं । यस्तो स्थितिमा परित्राण पाउने एक मात्र उपाय छ--अहिंसा ।

अद्रोहः सर्वभूतेषु कर्मणा मनसा गिरा ।
अनुग्रहश्च दाय्यं च सतां धर्मः सनातनः ।। -महाभारत

मन, वचन र कर्मद्वारा सम्पूर्ण प्राणीहरूको अद्रोह अर्थात् मित्रता गर्नु र प्राणिमात्रलाई अनुग्रह गरेर उनीहरूलाई सुख पुऱ्याउनु आदि सनातन धर्म नै पर धर्म हो ।

अधृष्यः सर्वभूतानामायुष्मान्नीरुजः सुखी ।
भवत्यभक्षयन्मांसं दयावान् प्राणिनामिह ।। महा. ११५

जुन मनुष्य सम्पूर्ण प्राणीहरूलाई दया गर्दछन् र कहिले पनि मासु खाँदैनन्; त्यो मानिस न त स्वयं कुनै प्राणीहरूदेखि डराउँछ न त अरूलाई नै तर्साउँछ । त्यो दीर्घायु हुन्छ, आरोग्यपूर्वक रहन्छ र सुख-पूर्वक जीवन व्यतीत गर्छ । मनु महाराज भन्नुहुन्छ–

यो बन्धनवधक्लेशान् प्राणिनां न चिकीर्षति ।
स सर्वस्य हितप्रेप्सुः सुखमत्यन्तमश्नुते ।।
यद्ध्यायति यत् कुरुते धृतिं बध्नाति यत्र च ।
तदवाप्नोत्ययत्नेन यो हिनस्ति न किञ्चन ।। –मनु. ५,४६-४७

जुन मनुष्य कुनै पनि प्राणीको बन्धन या वध गर्दैन, कुनै पनि प्रकारले कसैलाई कष्ट पुऱ्याउँदैन त्यो सबैको हितचिन्तक मनुष्य अपार सुख प्राप्त गर्दछ । यसप्रकार कर्म गर्ने मनुष्य जेसुकै किन नगरोस् ऊ जुन कार्यमा धीरतापूर्वक लाग्दछ, त्यसैमा उसलाई विनाप्रयत्न नै सफलता मिल्दछ, किनकि ऊ कुनै पनि प्राणीलाई कहिल्यै पनि दुःख पुऱ्याउन चाहँदैन, अनि उसलाई दुःख कसरी हुन्छ ? जो प्राणिमात्रमा प्रेमभाव राख्दछन्, उसलाई सबै प्राणी प्रेम गर्दछन् र सबै प्राणीहरूका अधिष्ठाता ईश्वर पनि त्यस व्यक्तिसँग ज्यादै प्रसन्न रहन्छन् ।

योऽहिंसकानि भूतानि हिनस्त्यात्मसुखेच्छया ।
स जीवश्च मृतश्चैव न क्वचित् सुखमेधते ।। –मनु. ५।४५

जो मनुष्य भएर पनि अहिंसक अर्थात् निरपराधी प्राणीहरूलाई आफ्नो सुखका लागि दुःख दिन्छ, उसको हिंसा गर्दछ, ऊ न त यस जन्ममा सुखी रहन्छ न मरेपछि नै स्वर्गसुख प्राप्त गर्न सक्तछ ।

देवर्षि नारद भगवान्को पूजाका लागि गुण-पुष्पको चर्चा गरेर अहिंसा धर्मको सर्वप्रथम नाम लिन्छन् ।

अर्थात् अहिंसा पहिलो पुरुष हो, दोस्रो पुष्प इन्द्रिय-निग्रह हो, तेस्रो पुष्प जीव-दया हो, र चौथो क्षमा । यसैबाट भगवत्-पूजा गर ।

इसाई धर्ममा पनि अहिंसा स्वीकार गरिएको छ । इसा मसीह भन्दछन्–

"Thou shall not kill and ye shall be holy man unto me neither shall ye eat any flesh that is torn at beasts in the field". अर्थात् तँ कसैलाई नमार् । तँ मसँग पवित्र मानिस भएर रहेस्, जङ्गलका प्राणीहरूको बध गरेर उनीहरूको मासु नखा ।

बौद्ध धर्म पनि अहिंसालाई आफ्नो सर्वोत्तम धर्म स्वीकार गर्दछ । त्यसको मूल सिद्धान्त अहिंसामा नै आधृत छ । मज्झिम निकायमा–

पाणं न हाने न च घातयेय्य न चानुजंग्या हनतं परेस ।
सब्बेसु भूतेसु निधाय दंडं ते थावरा ये चेतसंसि लोके ।।

अर्थात् सबै प्राणीहरूमा दया राखेर जो लोकमा स्थावर जीव हो या जङ्गम जीव हो, उनीहरूमा कुनैको पनि प्राण लिनु हुँदैन न उनीहरूको घात नै गर्नुहुन्छ र न घात गर्न अनुमोदन नै गर्नुहुन्छ । अन्यत्र पनि भनिएको छ–

"जस्तो म हुँ त्यस्तै ऊ हो, जस्तो ऊ हो त्यस्तै म हुँ। आफू जस्तै अरूलाई ठानेर न त कसैको हिंसा गर्नु हुन्छ न हिंसा गराउनु हुन्छ । अहिंसा परम धर्म हो ।"

जैन धर्म त अहिंसाप्रधान धर्म नै हो । जति अहिंसालाई जैन धर्म महत्त्व दिन्छ, त्यति शायद अरू धर्म दिंदैन । जैन साधु त हिंसाको भावसम्म मनमा आए पाप मान्दछन् र यसलाई बन्धनको कारण मान्दछन् । भगवान् महावीर भन्दछन्–

"ज्ञानी हुनुको यही सार हो–कुनै पनि प्राणीको हिंसा नगर्नु ।"

अहिंसा धर्मको आदर्श हो–दया, क्षमा, करुणा, समदृष्टि, सहनशीलता, अक्रोध, ब्रह्मचर्य आदि । सबै प्राणीहरूमा एकै चैतन्य परमात्माको अनुभव गरेर सबैलाई समान भावले हेर्नु, कसैसँग रागद्वेष नगर्नु, कसैसँग घृणा नगर्नु, कसैलाई कष्ट नदिनु, सबैलाई सुख पुऱ्याउनु, सबैको हित गर्नु र सबैलाई प्रेम गर्नु । महाभारत अनुशासन पर्वमा–

अहिंसा परमो धर्मो ह्यहिंसा परमं सुखम् ।
अहिंसा धर्मशास्त्रेषु सर्वेषु परमं पदम् ।।
देवतातिथिशुश्रूषा सततं धर्मशीलता ।
वेदाध्ययनयज्ञाश्च तपो दानं दमस्तथा ।।

आचार्यगुरुशुश्रूषा तीर्थाभिगमनं तथा ।
अहिंसाया वरारोहे कलां नार्हन्ति षोडशीम् ॥

अहिंसा परम धर्म हो । अहिंसा परम सुख हो । समस्त धर्मशास्त्रहरूमा अहिंसालाई परमपद बताइएको छ ।

देवताहरू अरु अतिथिहरूको सेवा, सतत धर्मशीलता, वेदाध्ययन, यज्ञ, तप, दान, दम, गुरु अरु आचार्यको सेवा तथा तीर्थयात्रा–यी सबै अहिंसा धर्मको सोह्रौं कलाको बराबर पनि छैन ।

आत्मार्थं यः परप्राणान् हिंस्यात् स्वादुफलेप्सया ।
व्याघ्रगृद्धश्रृगालैश्च राक्षसैश्च समस्तु सः ॥
संछेदनं स्वमांसस्य यथा सञ्जनयेद् रुजम् ।
तथैव परमांसेऽपि वेदितव्यं विजानता ॥
स्वमासं परमांसेन यो वर्धयितुमिच्छति ।
उद्विग्नवासं लभते यत्र यत्रोपजायते ॥

जो स्वादको इच्छाले आफ्ना लागि अरूको प्राणको हिंसा गर्छ त्यो बाघ, गिद्ध, स्याल र राक्षसहरूसमान हो ।

जस्तो आफ्नो मासु काट्नाले आफूलाई दुख्दछ, त्यसरी नै अरूको मासु काट्दा उसलाई पनि दुःख हुन्छ, प्रत्येक विज्ञ पुरुषले यो बुझ्नुपर्छ ।

जो अरूको मासुले आफ्नो मासु बढाउन चाहन्छ त्यो जहाँ कहीं पनि जन्म लिंदा त्यही उद्वेगमा परिरहेको हुन्छ ।

मां स भक्षयते यस्माद् भक्षयिष्ये तमप्यहम् ।
एतन्मांसस्य मांसत्वमनुबुद्धचस्य भारत ॥
ये भक्षयन्ति मांसानि भूतानां जीवितैषिणाम् ।
भक्ष्यन्ते तेऽपि भूतैस्तैरिति मे नाऽस्ति संशयः ॥
नाऽत्मनोऽस्ति प्रियतरः पृथिवीमनुसृत्य ह ।
तस्मात् प्राणिषु सर्वेषु दयावानात्मवान् भवेत् ॥ -महा. अनु

हे भरतनन्दन ! (जसको वध गरिन्छ त्यो प्राणी भन्छ–) मां स भक्षयते यस्माद् भक्षयिस्ये तमप्यहम् । अर्थात् "आज मलाई उसले खान्छ त कहिले म पनि उसलाई खाउँला" यही मांसको मांसत्व हो । यसलाई नै 'मासु' शब्दको तात्पर्य सम्झनुपर्छ ।

जो जीवितरहने इच्छा गर्ने प्राणीहरूको मासु खान्छन् तिनीहरू अर्को जन्ममा तिनै प्राणीहरूद्वारा खाइन्छन् । यसै विषयमा व्यासजी भन्नुहुन्छ– मलाई कुनै पनि संशय छैन ।

यस भूमण्डलमा आत्माभन्दा ठूलो कुनै प्रिय वस्तु छैन । यसैले सब प्राणीहरूमा दया गर र सबैलाई आफ्नो नै आत्मा सम्झ । यसैमा परम कल्याण छ ।

सारांश यो हो– शरीर, वाणी अथवा मनबाट काम, क्रोध, लोभ, मोह, भय आदिका मनोवृत्तिहरूको साथ कुनै प्राणीलाई शारीरिक, मानसिक पीडा अथवा हानि पुऱ्याउनु या पुऱ्याउन लगाउनु या यस्तो अनुमति दिनु या स्पष्ट अथवा अस्पष्ट रूपले यसको कारण बन्नु हिंसा हो । यसबाट बच्नु अहिंसा हो । गाई, घोडा आदि पशुहरूलाई उचित रीतिले पालन-पोषण गरेर उनीहरूलाई कष्ट नदिई उनीहरूबाट नियमित रूपले दूध आदि सामग्री प्राप्त गर्नु तथा सेवा लिनु हिंसा होइन । तर यही सबै उनीहरूको रक्षाको ध्यान नराखीकन दूध, सेवा आदि क्रूरता गरेर लिइन्छ भने त्यही हिंसा हुन्छ ।

अरूलाई शिक्षा दिंदा पिट्नु, रोग-निवारणार्थ औषधि दिनु अथवा अपरेशन गर्नु, सुधारार्थ या प्रायश्चित्तका लागि दण्ड दिनु हिंसा होइन, यदि यो विनाद्वेष खालि प्रेमले उनीहरूको कल्याणार्थ गरिएको छ भने । तर यही द्वेष, काम, क्रोध, लोभ, मोह र भय आदि मनोवृत्तिहरूले मिश्रित भए त हिंसा हुन्छ । प्राणलाई शरीरबाट वियोग गर्नु सबैभन्दा ठूलो हिंसा हो । श्री व्यासजीले अहिंसाको व्याख्या (व्यासभाष्ययोगदर्शन) यस प्रकार गर्नुभएको छ– "सबै कालमा, सबै प्रकारले, सबै प्राणीहरूको चित्तले पनि द्रोह नगर्नु अहिंसा हो" अहिंसा नै सबै यम–नियमहरूको मूल हो । यसको साधन तथा सिद्धिका लागि अरू यम र नियम छन् र त्यस अहिंसालाई निर्मलरूप बनाउनका लागि नै तिनको ग्रहण गरिन्छ ।

जुन प्रकारले क्लेशहरूको मूल अविद्या हो उस्तै प्रकारले सारा यमको मूल अहिंसा हो । हिंसा तीन प्रकारका हुन्छन्–(१) शारीरिक– कुनै प्राणीको प्राण हर्नु अथवा अन्य प्रकारले शारीरिक कष्ट पुऱ्याउनु, (२) मानसिक– मनलाई मैलो पार्नु या मनले कसैको खराबी चाहनु, (३) आध्यात्मिक– अन्तःकरणलाई मलिन पार्नु । यो राग, द्वेष, काम, क्रोध, लोभ, मोह, भय आदि तमोगुण वृत्तिले मिश्रित हुन्छ । कुनै प्राणीको कुनै प्रकारको हिंसा गर्नुको साथै हिंस्रक आफ्नो आत्मिक हिंसा गर्छ अर्थात् आफ्नो अन्तःकरणलाई हिंसाको क्लिष्ट संस्कारको मलले दूषित गर्छ । यी तीन प्रकारका हिंसाहरूमा सबैभन्दा ठूलो हिंसा आध्यात्मिक हिंसा हो, जस्तै ईशोपनिषद्मा भनिएको छ–

असुर्या नाम ते लोका अन्धेन तमसाऽऽवृताः ।
तांस्ते प्रेत्याऽभिगच्छन्ति ये चाऽत्महनो जनाः ।।

जोसुकै आत्मघाती अर्थात् अन्तःकरणलाई मलिन गर्ने होस् ती मरेर ती लोक (योनि)हरूमा जान्छन्, जुन असुरहरूको लोक भनिन्छन् र घोर अँध्यारोले ढाकिएका हुन्छन् अर्थात् ज्ञानरहित मूढ नीच योनिहरूमा जान्छन् ।

शरीर र मनको अपेक्षा आत्मा श्रेष्ठतम हो, किनकि शरीर र मन आत्माको साधन हो। यो मनुष्यलाई उसको कल्याणका लागि दिइएको हो। यसैले हिंसक अधिक दयापात्र हुन्छ। उसप्रति पनि द्वेष गर्नु या बदला लिने भावना राख्नु हिंसा हो। यसले जसको हिंसा गरिन्छ उसको तथा हिंसक दुवैको कल्याणार्थ हिंसा-पापलाई हटाउनुपर्छ तथा अहिंसा-धर्मलाई ग्रहण गर्नुपर्छ। अहिंसा धर्मको आधार (जग) हो

देश र धर्मको रक्षाका लागि युद्ध गर्नु क्षत्रियहरूको धर्म (कर्तव्य) हो। त्यसबाट बच्नु हिंसारूप अधर्ममा सहायक हुनु हो। गीतामा भनिएको छ–

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत् क्षत्रियस्य न विद्यते ।। – २।३१

स्वधर्मलाई सम्झेर पनि तिमीले हिचकिचाउनु ठीक होइन, किनकि धर्मयुद्धको अपेक्षा क्षत्रियहरूका लागि अरू कुनै बढी श्रेयस्कर हुँदैन ।

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ।। - गीता २।१

हे पार्थ! जुन आफैं प्राप्त भयो र मानौं स्वर्गको ढोका नै खुल्यो, यस्तो युद्ध त भाग्यशाली क्षत्रियहरूलाई मात्र मिल्दछ ।

आफ्नो दुर्बलताले गर्दा भयभीत भएर अत्याचारीहरूको अत्याचार सहनु, आफ्नो धन-सम्पत्ति चोर-डाँकाहरूद्वारा हरण गराउनु, आफ्नो अगाडि आफ्ना परिवार, देश, समाज अथवा धर्मलाई दुर्जनहरूद्वारा अपमानित भएको हेर्नु अहिंसा होइन, बरु हिंसाको पोषक कायरतारूपी महापाप हो। क्षत्रिय-धर्मअनुसार तेजस्वी वीर नै अहिंसा-व्रतको यथार्थ पालन गर्न सक्तछ, डरपोक-कायर होइन ।

अहिंसाका आदर्श महर्षि वशिष्ठ

कुशिक–वंशमा उत्पन्न राजा विश्वामित्र फौज लिएर शिकार खेल्न निक्लेका थिए। आफ्नो राज्यबाट टाढा महर्षि वशिष्ठको आश्रमको नजीक पुगे। वशिष्ठजीले एक ब्रह्मचारीको हात खबर पठाए– "तपाई आश्रमको नजीक आउनुभयो, अतः हाम्रो आतिथ्य स्वीकार गर्नुहोस् ।"

अरण्यवासी तपस्वीहरूका लागि राजाले असुविधा उत्पन्न नगरून् यो नियम हो। तर विश्वामित्रले महर्षि वशिष्ठको प्रशंसा सुनेका थिए। उनको तपःप्रभावमा विश्वास थियो। अतः आतिथ्यको आमन्त्रण स्वीकारे। उनलाई आश्चर्य त्यो बेला भयो जब सेनाहरूको साथ उनलाई

राजोचित सामग्री प्रचुर मात्रामा भोजनार्थ दिइयो र त्यो पनि तपःशक्तिले होइन, वशिष्ठको होमधेनु नन्दिनीको प्रभावले ।

तपाईं यी गाई मलाई दिनुहोस् । यिनको सट्टामा जे चाहिन्छ मसँग माग्नुहोस् ।'

विश्वामित्र ती गाईका लागि लालायित भएका थिए।जाने बेलामा उनले आफ्नो इच्छा प्रकट गरे ।

'ब्राह्मण गाई बिक्री गर्दैनन् । म यी गाई दिन सक्तिनँ ।' ऋषिले अस्वीकार गरिदिए । उग्रस्वभाव विश्वामित्र उत्तेजित भए । उनले बलपूर्वक गाई लिएर जाने आज्ञा सैनिकहरूलाई दिए । तर नन्दिनी साधारण गाई त थिइनन् । उनको हुँकारले सयौं-सयौं योद्धाहरू उत्पन्न भए । उनीहरूले विश्वामित्रको फौजलाई परास्त गरे ।

विश्वामित्रले वशिष्ठमाथि आक्रमण गरे । कुशको ब्रह्मदण्ड हातमा लिएका वशिष्ठ स्थिर शान्त भएर बसिरहे । विश्वामित्रका साधारण तथा दिव्य अस्त्र सबै त्यस ब्रह्मदण्डसँग ठक्कर खाई नष्ट भए । कठोर तपस्या गरेर विश्वामित्रले पाएका अरू दिव्यास्त्र पनि ब्रह्मदण्डमा लागेर नष्ट भए ।

'ब्रह्मबल नै श्रेष्ठ हो । क्षत्रियको शक्ति तपस्वी ब्राह्मणको केही बिगार गर्न सक्तैन । अतः म यसै जन्ममा ब्राह्मणत्व प्राप्त गर्छु' – विश्वामित्रले यो निश्चय गरे । अत्यन्त कठोर तपस्यामा उनी लागे ।

सयकडौं वर्षको कठोर तपस्याको पश्चात् प्रसन्न भएर ब्रह्माजी प्रकट भए । उनले बरदान दिए– 'वशिष्ठले स्वीकार गर्नेबित्तिकै तिमी ब्रह्मर्षि हुनेछौ ।'

विश्वामित्रका लागि महर्षि वशिष्ठसँग प्रार्थना गर्नु ज्यादै अपमानजनक थियो । संयोगवश जब वशिष्ठ भेटिन्थे त उनी 'राजर्षि' भन्दथे । अतः विश्वामित्र वशिष्ठका घोर शत्रु बने । एक राक्षसलाई प्रेरित गरेर उनले वशिष्ठका सय छोराहरू मराए । आफैं वशिष्ठलाई अपमानित गर्न, नीच देखाउन मौका खोजिरहन लागे । उनको हृदय वैर तथा हिंसाको प्रबल भावनाले पूर्ण थियो ।

विश्वामित्रले आफ्नो तरफबाट केही बाँकी राखेका थिएनन् । ठूलो दृढ निश्चय, प्रबल शङ्कल्प थियो उनको । दोस्रो सृष्टिसम्म गर्न लागे । अनेक प्राणी, अन्नहरू बनाए । ब्रह्माले नै उनलाई रोके । अन्तमा आफैं हात-हतियार भिरेर राति लुकेर वशिष्ठलाई मार्न गए । दिनमा प्रत्यक्ष आक्रमण गरेर अनेकौं चोटी पराजित भइसकेका थिए ।

जुनेली रात थियो । कुटीको बाहिर वेदीमा एकान्तमा पत्नीका साथ महर्षि बसेका थिए । अरुन्धतीजीले भनिन्– 'कस्तो निर्मल ज्योत्स्ना छ ।'

वशिष्ठजीले भने– 'यस्तै निर्मल प्रकाश आजभोलि विश्वामित्रको तपस्याको छ ।'

वशिष्ठको निर्मल मन अहिंसा तथा क्षमाले पूर्ण थियो ।

विश्वामित्र लुकेका थिए । उनले सुने र उनको हृदयले उनलाई धिक्कार्‍यो । जो एकान्तमा पत्नीसँग बसेर आफ्ना सय छोराहरूको हत्या गर्नेको प्रशंसा गरिरहेछन् उनै महापुरुषलाई मार्न आएको छस् तँ !

विश्वामित्रले हतियार तल फ्याँके । दौडेर महर्षिका पाउमा परे । ठीक भनिएको छ –

अहिंसाप्रतिष्ठायां तत्सन्निधौ वैरत्याग ।

विश्वामित्र ब्राह्मण हुनमा उनको दर्प, उनको द्वेष, उनको असहिष्णुता नै त बाधक थियो । त्यो आज हटयो । महर्षि वशिष्ठले उनलाई झुकेर उठाउँदै भने– 'उठ्नुहोस् ब्रह्मर्षि !'

अहिंसाधर्मका आदर्श सेठ सुदर्शन

अर्जुन माली यक्षोपासक थिए । उनको घरमा छ डाँका पसे । मालीलाई बाँधेर घर त लुटे नै, उनकी पत्नीसँग दुर्व्यवहार पनि गर्न लागे । त्यसैबेला अर्जुनमा यक्षको आवेश भयो । उनले बन्धन छिनाले । नगीचै राखेको फलामको मुंग्रो उठाएर उनले डाँकाहरूलाई र पत्नीलाई पनि मारे ।

यक्षावेशमा उन्मत्त अर्जुन माली फलामको मुंग्रो लिएर घरबाट बाहिर निक्ले । जो अगाडि आए, मारिए । राजगृह नगरमा हाहाकार मच्चियो । अर्जुन माली त्यस आवेशमा प्रतिदिन सात मान्छेलाई मारेर शान्त हुन्थे । मान्छेहरूले घरबाट निक्लन बन्द गरे ।

सेठ सुदर्शनले समाचार पाए– श्रवण महावीर राजगृहको समीप उद्यानमा आउनुभएको छ । तीर्थङ्करको पवित्र वाणी सुन्ने निश्चय उनी कुनै पनि डरले त्याग्न सक्तैनथे । घरका मानिसहरूले ज्यादै सम्झाए तैपनि उनी रोकिएनन् ।

त्यस दिनमा अर्जुनले छ-जना मानिसलाई मारिसकेका थिए । रगतले पोतिएको मुंग्रो लिएर उनी सातौं व्यक्तिलाई राजपथमा खोजिराखेका थिए । सेठ सुदर्शनलाई देख्ने-बित्तिकै कुदे; तर हान्नका लागि उठाएको मुंग्रो हान्नुभन्दा अगाडि हातबाट खस्यो । उनको शरीरमा आविष्ट यक्ष अहिंसक सुदर्शनको तेज सहन नसकेर भागिसकेको थियो ।

'अर्जुन ! यसरी के हेरिरहेछौ, हिंड तीर्थङ्करका पवित्र वाणी सुनौं । अचम्म र डरले उभिएका अर्जुन मालीको हात समाते सेठ सुदर्शनले र उनलाई श्रवण महावीरको अगाडि लगे । त्यसै दिन अर्जुनले दीक्षा लिए । मानिसहरू उनलाई लट्ठीले पिट्दथे, ढुङ्गाले हिर्काउँदथे, किनभने उनीद्वारा आफ्ना मानिसहरू मारिएकाले जनता धेरै क्रुद्ध थिए, तर अब त अर्जुन माली शान्त, अहिंसक मुनि भइसकेका थिए ।

प्रह्लादको विलक्षण अहिंसा

सन्तहरूको जीवन ज्यादै नै विचित्रको हुन्छ । आफैं त उनीहरू दुःख-सुखबाट टाढा हुन्छन्, तर अरूको सुख दुःखले सुखी-दुःखी हुने गर्दछन् । अरूको दुःखमा दुःखी हुनु, क्षमाशीलता, अहिंसा

आदि उनीहरूको सहज स्वाभाविक गुण हो । कसैको अमङ्गल नहोस्, कसैलाई दुःख नहोस्, सबै सङ्कटमुक्त होऊन्, सधैं सबको मङ्गल होस्, सबै सुखी होऊन्, सबै नित्य निरामय होऊन्, यो उनीहरूको स्वाभाविक कामना हुन्छ । उनीहरूलाई जो जतिसुकै हानि गरून्, जतिसुकै अपमान गरून्, जतिसुकै कष्टक्लेश दिऊन्, जतिसुकै भीषण हिंसा गरून्, उनीहरू कहिल्यै बिर्सेर पनि उनीहरूको अमङ्गल चाहँदैनन्, देख्न सक्तैनन्, बरु आफ्नो तरफबाट प्रयत्न गरेर उनीहरूलाई सुखी बनाइदिन्छन् । प्रह्लाद यस्तै एक परम उदार भक्त थिए ।

उनी आरम्भदेखि नै प्रभुभक्त थिए । यद्यपि उनले असुरकुलमा दुर्धष दैत्य हिरण्यकशिपुको घरमा जन्म लिएका थिए । तर आसुरी भावले उनलाई छुनसम्म पनि सकेको थिएन । उनको त एकै चरम लक्ष्य थियो भगवत्प्रीति र एकै काम थियो भगवद्भजन । उनी पाठशालामा यही पढ्दथे ।

१२०

दुनियाँको नियमानुसार बाबुले समयमा उनलाई बालोचित पाठ पढाउनका लागि गुरुका घरमा पठाए । बालक बिस्तारै-बिस्तारै शिक्षा पाउन लागे । एकदिन बाबुले बोलाएर बडो स्नेहले सोधे– 'बाबु ! आजसम्म गुरुसेवामा तत्पर रहेर तिमीले जे कुरा सिक्यौ, पढ्यौ, त्यसको सारभूत अंश हामीलाई सुनाऊ ।' बालक प्रह्लाद त सबै कुराको सार कुरा र सबै सारको एक मात्र सार श्रीहरिलाई नै जान्दथे । उनले भने– "जुन आदि, मध्य र अन्तले रहित अजन्मा वृद्धिक्षयशून्य र अच्युत हुन्, ती श्रीहरिका श्रीचरणमा मेरो प्रणाम । मैले त यही सिकेको छु– ती भगवान्का गुणहरूको श्रवण, कीर्तन, उनैको स्मरण, उनैका पाउको सेवा, अर्चन, वन्दन, दास्य, सख्य तथा उनैमा आत्मनिवेदन गर्नुपर्छ ।"

यति सुन्नेबित्तिकै दैत्यराज कुपित भए, राता-राता आँखा पारेर गुरु शुक्राचार्यका छोरा शण्डामर्कहरूसँग भने– 'ए दुर्बुद्धि ब्राह्मणाधम ! तिमीहरूले मेरो आज्ञाको अवज्ञा गरेर यसलाई मेरो विपक्षीको स्तुतिले युक्त असार शिक्षा किन दियौ ? जाओ, लिएर जाओ यसलाई र राम्रो प्रकारले शासित गर !' प्रह्लाद फेरि गुरुजीको संरक्षणमा विद्याध्ययन गर्न लागे । केही दिनपछि असुरराजले उनलाई फेरि बोलाएर भने– 'छोरा ! आज कुनै गाथा सुनाऊ !' प्रह्लादको त एक ही धर्म एक व्रत नेमावाला स्थिति थियो । उनले भने– 'जेबाट सारा सचराचर जगत् उत्पन्न भयो, ती जगन्नियन्ता भगवान् विष्णु हामीसँग प्रसन्न होऊन् ।' क्रोधित भएर हिरण्यकशिपुले भने– 'यो त बडो दुरात्मा रहेछ । यस पापीलाई तुरुन्त मारिहाल । यो त विपक्षीको नै पक्ष लिने कुलाङ्गार पैदा भयो । यसको जीवनको के प्रयोजन?' यति सुन्नेबित्तिकै हजारौं दैत्य प्रह्लादलाई मार्नका लागि विविध प्रयोग गर्न लागे ।

!!'

उनको भोजनमा हलाहल विष मिलाइदिए । उनले भगवान्को नाम लिएर त्यसलाई पिए, विष मर्‍यो । दारुण दैत्यहरूले उनीमाथि नाना प्रकारका शस्त्रास्त्रले प्रहार गरे, तर उनलाई

अलिकता पनि वेदना भएन, सारा शस्त्रास्त्र नष्ट भए। अति क्रूर विषधर सर्पहरूद्वारा भयानक रूपले अङ्ग-प्रत्यङ्गमा टोकाए, सर्पहरूका दाँत झरे, शिरका मणिहरू चर्के, फणाहरूमा पीडा हुन थाल्यो, साँपहरूको हृदय काँप्यो, तर भगवान् श्रीकृष्णमा आसक्तचित्त भएर भगवत्स्मरणको परमानन्दमा डुबेका प्रह्लादको छाला अलिकति पनि खोस्रिएन, न विषको नै केही असर पऱ्यो। पर्वताकार दिग्गजहरूद्वारा पृथ्वीमा पछारेर भीषण दान्हाहरूद्वारा पेल्न लगाए, तर भगवान्को स्मरण गरिरहनाले हात्तीहरूका हजारौं दान्हा उनको वक्षस्थलमा ठोकिएर भाँचिए, तर उनको एक रौं पनि झरेन। पहाडको चुचुराबाट खसाइए, तर उनलाई कति पनि कष्ट भएन, किनकि जमिनमा खस्नासाथ भगवान्को कृपाले उनले कोमल फूलको जस्तो सुखद् स्पर्श पाए। समुद्रमा पयाँकी उनीहरूमाथि पहाडहरू खसाइए, तैपनि रत्तीभर दुःख भएन। आपना गोविन्दको स्मरणमा उनी पानीभित्रै आनन्दसाथ आराम गरिरहे। आगोमा हालिए; तर अग्नि शान्त भयो। हरतरहबाट हार खाई दैत्यराज हिरण्यकशिपुले आखिरमा पुरोहितहरूलाई भने –

त्यर्यतमां त्वर्यतां हे हे सद्यो दैत्यपुरोहिताः ।
कृत्यां तस्य विनाशाय उत्पादयत मा चिरम् ।। –विष्णु पुराण १।१८।९

"पुरोहितहरू हो ! छिटो गर, हतारिऊ; यसको विनाश गर्न तुरुन्त कृत्या उत्पन्न गर। अब ढिलो नगर।" तब पुरोहितहरू गएर अनेकौं किसिमले सम्झाउन लागे र प्रह्लादजीले नमान्दा धम्की दिंदै कड्के–

यदास्मद् वचनान्मोहग्राहं न त्यक्ष्यत भवान् ।
ततः कृत्यां विनाशाय तव सृक्ष्याम दुर्मते ।। –विष्णु पुराण १।१८।३०

"हेर कुबुद्धि ! हामीहरूले सम्झाउँदा पनि यस्तो मोहमय ढिपी छाड्दैनस् भने तेरो ज्यान लिन कृत्या उत्पन्न गर्नेछौं।" प्रह्लादले भने– 'कसबाट कुन जीव मारिन्छ र को कसबाट रक्षित हुन्छ ?' प्रह्लादको कुरा सुनेर रिसाएका पुरोहितहरूले आगाको भयानक ज्वालासरह धपधप बलिरहेको शरीर भएकी कृत्यालाई उत्पन्न गरे। रिसले चूर भई ती कृत्याले आपना गोडा बजारेर धरतीलाई कपाउँदै प्रह्लादको छातीमा त्रिशूल बजारिन्। तर कत्रो आश्चर्य। त्यस बालकको छातीमा ठक्कर खानासाथ त्यो त्रिशूल सैकडौं टुक्रा भएर जमिनमा झऱ्यो। जुन हृदयमा भगवान् सर्वेश्वर श्रीहरि निरन्तर निवास गर्दछन् त्यससँग ठक्कर खाँदा त वज्र पनि टुक्रिन्छ भने त्यस त्रिशूलको के कुरा ?

यत्राऽनपायी भगवान् हृद्यास्ते हरिरीश्वरः ।
भङ्गो भवति वज्रस्य तत्र शूलस्य का कथा ।। –विष्णु पुराण १।१८।३६

पापी पुरोहितहरूले पापरहित प्रह्लादमाथि कृत्याको प्रयोग गरेका थिए । त्यसैले फर्केर कृत्याले उनीहरूकै नाश गरिन् र आफू पनि नष्ट भइन् । आफ्ना गुरुहरू कृत्याद्वारा भस्म हुन लागेको देखेर, 'हे कृष्ण ! हे अनन्त ! रक्षा गर ! रक्षा गर ! ' पुकार्दै महामति प्रह्लाद त्यता दौडे । १२२

प्रह्लादजीको मनमा न राग थियो, न द्वेष । त्यसमा हिंसाको त कल्पनासम्म पनि थिएन । त्यसैले आफूलाई निश्चित रूपले मार्न घोर व्यवस्था गर्ने मिलाउने गुरुपुत्रहरूलाई बचाउन सर्वत्र भगवान्को दर्शन गर्ने र सदा-सर्वदा अहिंसापूर्ण हृदय भएका, क्षमाशील प्रह्लादले विनीत भएर भगवान्सँग प्रार्थना गरे । प्रह्लादले पुकारा गरे, "हे सर्वव्यापी ! विश्वरूप ! विश्वस्रष्टा जनार्दन ! यस मन्त्राग्निरूप असह्य दुःखबाट यी ब्राह्मणहरूको रक्षा गरिबक्स्योस् । सर्वव्यापी जगद्गुरु भगवान् विष्णु सर्वत्र र सबै प्राणीहरूमा व्याप्त रहन्छन् भन्ने मेरो अनुभवसिद्ध सत्यको प्रभावले यी पुरोहितहरू जीवित होऊन् ! यदि आफ्ना विपक्षीहरूमा पनि सर्वव्यापी तथा अविनाशी भगवान् विष्णुको नै म दर्शन पाउँछु भने यी पुरोहितहरू बाँचून् ! मलाई मार्न आउने, मलाई विष खुवाउने, मलाई आगोमा डढाउन लगाउने, मलाई दिग्गज हात्तीहरूले कुल्चाउने र मलाई विषालु सर्पहरूले टोकाउने सबैप्रति पनि यदि म समान तथा सर्वथा हिंसारहित मित्रभावले रहेको छु र मेरो मनमा कहिल्यै पनि पाप, द्वेष या हिंसाबुद्धि रहेको छैन भने यी असुर-पुरोहितहरू यस सत्यको प्रतापले जिऊन् ।"

यस प्रकार भगवान्को स्तुति गरेर प्रह्लादले ती पुरोहितहरूलाई छोए र स्पर्श पाउनासाथ उनीहरू स्वस्थ रूपमा जीवित भए । उनीहरूले नम्रतापूर्वक अगाडि उभिएको बालकसँग गद्गद भई कृतज्ञतापूर्ण हृदयले आशीर्वाद दिंदै भने–

दीर्घायुरप्रतिहतो बलवीर्यसमन्वितः ।
पुत्रपौत्रधनैश्वर्ययुक्तो वत्स भवोत्तमः ॥ –विष्णु पुराण १।१८।४५

"बाबु ! तिमी परम श्रेष्ठ छौ । चिरञ्जीवी होऊ ! उत्तरोत्तर वृद्धिशाली होऊ ! बल, वीर्य, छोरानाति एवं धन-ऐश्वर्य आदिले सम्पन्न होऊ ! " यो हो अहिंसावृत्ति, रागद्वेष-शून्यता, क्षमाशीलता, परदुःख-कातरता र सर्वत्र भगवद्दर्शनको ज्वलन्त उदाहरण ! ठीक नै भनिएको छ–

कलेर्दोषनिधे राजन्नस्ति ह्येको महान् गुणः ।
कीर्तनादेव कृष्णस्य मुक्तसङ्गः परं व्रजेत् ॥
कृते यद् ध्यायतो विष्णुं त्रेतायां यजतो मखैः ।
द्वापरे परिचर्यायां कलौ तद्धरिकीर्तनात् ॥ श्रीमद्भागवत १२।३।५१-५२

सत्यको निरूपण

अभ्युदय र निःश्रेयसको साधन धर्म चार पुरुषार्थहरूमध्ये मुख्य मानिएको छ । मोक्षको प्रमुख साधन धर्म हो । धर्मबाट नै अर्थ र काम वास्तविक रूपमा फलिफाप हुन्छ । हाम्रा धर्मशास्त्रहरूमा धर्मका अनेकानेक परिभाषाहरू दिइएका छन् । तीमध्ये अर्थ, काम र मोक्षको त्रिवर्गसागर धर्म जीवको प्रेरक मानिएको छ । सबैले उसलाई श्रेय-प्रेयको आधार तथा सुखको मूल मानेका छन् । लोकरक्षक, प्रेरक, आचार-शिक्षक तथा ऐहिक-आमुष्मिक सुखको प्रधान साधन धर्म हो । 'सत्य' यस धर्मको प्रमुख साधन अथवा अङ्ग हो र यत्ति महत्त्वपूर्ण छ कि कहीं कहीं त यो धर्मभन्दा व्यापक अथवा धर्मको पर्यायको रूपमा देखापर्छ । प्राचीन समयका गुरुकुलमा शास्त्रपारङ्गत आचार्यहरूले आचारको शिक्षा दिंदा सत्यं वद, धर्मं चर भनी धर्मभन्दा पहिले सत्यको पालनमा दृष्टि राख्नुपर्दथ्यो । सत्य धर्मको केवल एउटा प्रधान अङ्ग अथवा उसभन्दा महत्त्वपूर्ण मात्र नभई ब्रह्मस्थानीय पनि हो । ब्रह्म सत्यं, जगन्मिथ्यामा जहाँ एउटा दार्शनिक परिभाषा छ, त्यहीं सत्य र मिथ्याको वास्तविक रूपको पनि वर्णन भएको छ । महर्षि वाल्मीकिले रामायणमा सत्यको महत्त्व यस प्रकार बताउनुभएको छ-**सत्यमेकपदं ब्रह्म सत्ये धर्मः प्रतिष्ठितः**।-वा.रा.अयोध्या.

सत्यमेवाऽक्षया वेदाःसत्येनाऽवाप्यते परम्।। १४।७

वास्तवमा प्रणव, वेद अथवा सत्यबाट चित्त-शुद्धि हुन्छ । चित्तशुद्धि भएपछि सत्यब्रह्म परमपदको प्राप्ति सरल हुन्छ । लोक-व्यवहारमा पनि अर्थ र कामको भन्दा धर्मको महत्त्व बढी मानिएको छ । अर्थ र कामको प्रभाव त छँदैछ, तर धर्म जीवलोकका सम्पूर्ण श्रेयहरूको सबैभन्दा बढी महत्त्वपूर्ण एकमात्र कारण हो । धर्मको विषयमा स्वयं भगवान् मर्यादा-पुरुषोत्तम श्रीरामले भनेका छन्-धर्मार्थकामाः खलु जीवलोके,

समीक्षिता धर्मफलोदयेषु ।
ये तत्र सर्वे स्युरसंशयं मे,
भार्येव वश्याऽभिमता सपुत्रा ।।
यस्मिंस्तु सर्वे स्युरसन्निविष्टा
धर्मो यतः स्यात् तदुपक्रमेत ।
द्वेष्यो भवत्यर्थपरो हि लोके
कामात्मता खल्वपि न प्रशस्ता ।। – वा. रा. अयोध्या. २१।५७।५८

श्रीरामचन्द्र वनमा गएपछि भरतजी अयोध्याका प्रमुख व्यक्तिहरूलाई लिएर उनलाई पुनः अयोध्यामा ल्याउन चित्रकूट गएका थिए । त्यसबेला श्रीरामचन्द्रजीलाई अयोध्या फर्काउने अभिप्रायले ऋषि जावालिले प्रत्यक्षं यत्तदातिष्ठ परोक्षं पृष्ठतः कुरु भन्नुभएको थियो । केवल प्रत्यक्षलाई मात्र सत्य मान्ने र परोक्ष, अनुमान, शब्द आदि प्रमाणलाई सत्य नमान्ने ऋषि जावालिको दृष्टिकोण थियो । तर वेदशास्त्र र स्मृतिद्वारा निर्धारित कुलाचारलाई नै सत्यवादी पराक्रमी श्रीरामले धर्म मान्नुभयो । जसको परिणाम सुख हुन्छ र जसको फल शुभ हुन्छ त्यस्तो पितृपूजित पथ सत्यलाई श्रीरामले राज्य र जीवनको मुख्य आधार मानेर भनेका थिए– 'राजाहरूले विशेषतः सत्यको पालना गर्नुपर्दछ, किनकि राजाको जस्तो आचरण हुन्छ, त्यस्तै आचरण प्रजाको पनि हुन जान्छ ।' यद्वृत्ताः सन्ति राजानस्तद्वृत्ता सन्ति हि प्रजाः । कामबाट सञ्चालित स्वेच्छाचारी जीवन सबै लोकको विनाश गर्दछ भन्ने दृष्टिकोण भगवान् रामको रहेको छ । संसारमा सत्य नै सम्पूर्ण रूपमा सर्वसमर्थ र धर्मको आश्रय हो । जगत्को सर्वस्व सत्यमा आधृत छ । सत्यभन्दा भिन्न कुनै अर्को परमपद छैन । त्यसैले भगवान् रामले सत्यको जुन शाश्वत महिमाको उद्घोष गर्नुभएको छ, त्यसैलाई आधार मानी व्यवहार गरेमा जगत्को कल्याण सम्भव छ । झुट्टा मानिसहरू श्रीरामको भनाइअनुसार दुईजिब्रे र लोकलाई दुःख दिने हुन्छन् । धर्ममय सत्य, पराक्रम, प्राणीहरूप्रति दया, प्रियवादिता, ब्राह्मणदेव अतिथिको पूजा- यी स्वर्ग दिने साधनहरूमध्ये सत्यलाई नै श्रीरामले पहिलो स्थानमा राख्नुभएको छ। श्रीरामले स्वयं रामोद्विर्नाऽभिभाषते भन्नुभएको छ ।

सामान्यतः यथार्थाभिधानं सत्यम् यथार्थ भनाइको नाम सत्य हो ।

यथार्थकथनं यच्च सर्वलोकसुखप्रदम् ।
तत् सत्यमिति विज्ञेयमसत्यं तद्विपर्ययम् ।। -पद्मपुराण

यथार्थ कथनलाई सत्य भन्दछन् । त्यसले सबै लोकहरूमा सुख प्रदान गर्दछ । यसको उल्टो भनाइलाई असत्य भन्दछन् । यसबाट सर्वत्र दुःख हुन्छ । महाभारतमा–

सत्यं च समता चैव दमश्चैव न संशयः ।
अमात्सर्यं क्षमा चैव ह्रीस्तितिक्षाऽनसूयता ।।
त्यागो ध्यानमथार्यऽत्वं धृतिश्च सततं दया ।
अहिंसा चैव राजेन्द्र ! सत्याकाराश्चतुर्दश ।।

"सत्य, समता, दम, अमात्सर्य, क्षमा, लज्जा, तितिक्षा, अनसूया, त्याग, ध्यान, आर्यत्व, धृति, नित्य दया र अहिंसा सत्यका चौध आकार हुन् ।" योग-दर्शनमा पनि अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य र अपरिग्रह यम मानिन्छन् । यसको दोस्रो अङ्ग सत्य हो ।

वञ्चना वा भ्रम नउब्जाउने तथा श्रोताका लागि अर्थरहित नहुने, जस्तो भएको हो सोही अनुरूप अर्थ बुझाउने र जसरी देखिएको हो, अनुमान गरिएको हो अथवा सुनिएको हो तदनुसारको वचन र मन राख्नु अर्थात् हुबहु त्यस्तै बोल्नु र चिन्तन गर्नु र आफ्नो आशय अरूलाई बताउनु त्यस्तै किसिमले बोल्नु मात्र सत्य वचन हुन सक्तछ । तर त्यस्तो वचन कुनै पनि प्राणीका लागि घातक नहुनु र झन् परोपकारी अभिप्राय भएको हुनु आवश्यक हुन्छ; किनकि मुखबाट निस्केर वचन यदि प्राणीहरूका लागि घातक हुने भएमा त्यसबाट सत्यरूपी पुण्य प्राप्त हुनुको साटो पाप लाग्न जान्छ । यस्तो पुण्य जस्तो भान हुने र पुण्य जस्तो देखा पर्ने वचनबाट चारैतिर दुःखैदुःख अथवा नरक पाइन्छ । त्यसैले विचार पुऱ्याएर सबै प्राणीहरूका लागि कल्याणप्रद हुने सत्य बोली बोल्नुपर्छ । १२५

सत्यप्रतिष्ठायां क्रियाफलाश्र यत्वम् ।। -योगसूत्र २।३६

सत्यको प्रतिष्ठा भएपछि कर्मको फल वचनमा आश्रित भएर रहन्छ । 'धार्मिक होऊ !' भन्दा स्रोता धार्मिक हुन जान्छ । 'स्वर्ग प्राप्त होस् !' भन्नाले स्वर्ग प्राप्त हुन्छ । सत्यको प्रतिष्ठाबाट वाणी अमोघ हुन जान्छ । 'पानी माटो बनोस् !' जस्तो वचन सत्यको प्रतिष्ठाद्वारा सिद्ध हुँदैन । अतः सत्यप्रतिष्ठ योगी क्षमताभित्र रहेर नै सङ्कल्प गर्दछन् । जो वाक्यार्थलाई बुझ्दछ, त्यस्तै मानिसमाथि सत्यप्रतिष्ठाबाट उत्पन्न शक्ति प्रभावकारी हुन्छ ।

'अस्' धातुबाट 'सत्य' शब्द बन्दछ । 'हुनु' त्यसको अर्थ हो । सत्तावान् नै सत्य हो । सत्यं वद उपनिषद्को यो वाक्य सत्यको व्यापकताको द्योतक हो । मानवताको मेरुदण्ड सत्य नै हो । मानव-जीवनमा बाहिरी र भित्री सत्य अपेक्षित छ । केवल बोलीको सत्य मात्र जीवनमा पर्याप्त हुदैन र भित्री भावको सत्यको सत्यबाट आन्तरिक शुद्धि हुन्छ । वचस्येकं मनस्येकं कर्मण्येकं महात्मनाम् भने जस्तो व्यवहार सामाजिक र अन्तर्राष्ट्रिय क्षेत्रमा हुनुपर्दछ । भनाइको पुष्टयाइँ गराइले गर्नु नै मानवता हो । यथासमय आफ्नो अपराधलाई स्वीकार गर्नु सदाचारको स्वाङ्भन्दा धेरै राम्रो हो । अपराधको स्वीकृतिबाट प्रायश्चित्त हुन्छ र विनयको सञ्चार हुन्छ । सत्यपूतं वदेद् वाक्यं, तर सत्यं ब्रूयात्-को पाठ त्यत्तिकै आवश्यक छ जत्ति प्रियं ब्रूयात्- को । अन्धालाई अन्धा नभनी सूरदास र कानालाई कानानभनी समदर्शी भन्नु शिष्टता हो । शिष्टताबाट विनय र नम्रताको भावना उदाउँछ । जुन बेलामा मानिस-मानिस माविनयको भावना उत्पन्न होला, त्यसबेला समाजमा सङ्घर्ष, पारस्परिक वैमनस्य र ईर्ष्याको भाव स्वतः समाप्त हुनेछ । नम्रता सदैव प्रशंसनीय हुन्छ, तर छलकपट अथवा घमण्ड मिसिएको नम्रताले मानिसको जरो उखेल्छ । मानिसले आचारः परमो धर्मलाई सदैव आफ्नो जीवनको लक्ष्य बनाएर राख्नुपर्छ । यसैमा परम कल्याण छ । 'सत्य नै ब्रह्म हो' भनी सत्यको विषयमा श्रुति भन्दछ–

हिरण्मयेन पात्रेण सत्यस्याऽपिहितं मुखम् ।
तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ।। ईशोप. १५

'आदित्य-मण्डलमा स्थित ब्रह्मको मुख ज्योतिर्मय पात्रले (सूर्यले) ढाकिएको छ । सत्यधर्मलाई आत्माको उपलब्धि गराउन, हे पूषन् ! तँ त्यसलाई हटा अर्थात् आफ्नो तेज समेट् ।"

तस्यै तपो दमः कर्मेतिप्रतिष्ठा वेदाः
सर्वाङ्गानि सत्यमायतनम् । -केनोपनिषत् ४।८

तपस्या, उपशम, कर्म आदि उक्त ब्राह्मी उपनिषद्का पादस्वरूप हुन्, वेद उसका विभिन्न अङ्ग हुन् तथा सत्य उसको वासस्थान हो । सत्य नै ब्रह्मविद्याको विशेष साधन हो ।

तदेतत् सत्यं मन्त्रेषु कर्माणि कवयो यान्यपश्यन् । मुण्डको. १।२।१

वशिष्ठादि मेधावीहरूलाई ऋग्वेदादिबाट दृश्यमान भएका अपरा विद्याका विषयीभूत कर्महरू नै सत्य हुन् अर्थात् पुरुषार्थका निश्चित साधन हुन् ।

तदेतत्सत्यं यथा सुदीप्तात् पावकाद्विस्फुलिङ्गाः सहस्राः प्रभवन्ते स्वरूपाः। -मुण्डको.२।१।१

पराविद्याद्वारा जानिने अक्षर नै पारमार्थिक सत्य हो । राम्रोसँग बलेको आगोबाट जुन किसिमले आगोका सजातीय हजारौं फिलिङ्गाहरू निस्कन्छन्, त्यस्तै किसिमले हे सौम्य ! अक्षरबाट किसिम-किसिमका जीवहरू उत्पन्न हुन्छन् र उसैमा बिलाउँछन् ।

तस्माच्च देवा बहुधा सम्प्रसूताः
साध्या मनुष्याः पशवो वयांसि ।
प्राणापानौ व्रीहियवौ तपश्च
श्रद्धा सत्यं ब्रह्मचर्यं विधिश्च ।। -मुण्डको.२।१।८

उसैबाट विभिन्न देवयोनिहरू समुत्पन्न हुन्छन् । साध्य, देवता, मनुष्य, पशु-पक्षी, जीवन, धान, जौ, तप, श्रद्धा, सत्य, ब्रह्मचर्य र कर्मविधि उसैबाट उब्जिन्छन् ।

सत्येन लभ्यस्तपसा ह्येष आत्मा ।
सम्यज्ज्ञानेन ब्रह्मचर्येण नित्यम् ।। -मुण्डको. ३।१।५

"दोषहरू खियाइसकेका यतिहरूलाई अविचल सत्य, अविच्छिन्न एकाग्रता, नित्य, सम्यक् आत्मदर्शन र अटूट ब्रह्मचर्यद्वारा हृदयाकाशमा ज्योतिर्मय शुद्ध आत्मा उपलब्ध हुन्छ ।"

सत्यमेव जयते नाऽनृतं, पन्था विततो देवयानः । -मुण्डको.३।१।६

सत्यको जय हुन्छ, झूटको होइन । सत्यरूपी साधनद्वारा प्राप्य यो सर्वोत्तम पुरुषार्थ जहाँ निहित छ र जुन बाटो सत्यद्वारा अविच्छिन्न भावले आस्तीर्ण अर्थात् सतत सत्यावलम्बनमा प्रवृत्त आप्तकाम ऋषिगण जान्छन्, त्यही नै देवयान मार्ग हो ।

तैत्तिरीयोपनिषद्को शिक्षाध्यायको प्रथम अनुवाकमा सत्यं वदिष्यामि– सत्य बोल्नेछु, र नवौं अनुवाकमा सत्यं च स्वाध्यायप्रवचने च साँचो बोलुँला तथा अध्ययन र अध्यापन गरुँला भनिएको छ । श्वेताश्वेतरमा सत्येनैनं तपसा यो अनुपश्यति जसले सत्य र तपस्याद्वारा श्रवणपछि साक्षात्कार गर्दछ लेखिएको छ । सत्यं ज्ञानमनन्तं ब्रह्म सत्यस्वरूप, ज्ञानस्वरूप तथा अनन्तस्वरूप ब्रह्मलाई हृदयस्थ परमाकाशमा बुद्धिको गहिराइभित्र अवस्थित देख्नेले साथ साथै सम्पूर्ण काम्य वस्तुहरूको उपभोग गर्दछ ।

सत्यं चाऽनृतं च सत्यमभवत् । यदिदं किञ्च तत्सत्यमित्याचक्षते (तैत्ति. २।६।१) त्यस कार्यमा प्रवेश गरेर सत्यस्वरूप ब्रह्ममूर्त वा अमूर्त जे जसो छ, सबै भयो । सत्य-मिथ्या सबै थोक उही नै हो । त्यसैले ब्रह्मज्ञानीहरू उसलाई सत्य भन्दछन् ।

छान्दोग्योपनिषद्मा, "पश्चात् उसको तपस्या, दान, सरलता, अहिंसा र सत्यवचनमिति सत्यवादिता पुरुषयज्ञको दक्षिणा हो" भनिएको छ । (३।१७।४) स य एषोऽणिमैतदात्म्यमिदं सर्वं तत् सत्यम् । (६।८।७) "त्यो सत्नाम सूक्ष्म कारण हो र त्यसबाट नै यो समस्त जगत् आत्मवान् भएको छ । उही नै परमार्थ सत्य हो र उही नै आत्मा हो" । एतस्य ब्रह्मणो नाम सत्यमिति (छा. उ. ८।३।४) उक्त ब्रह्मको नाम सत्य हो । ब्रह्मको यस नामका अक्षरको संख्या स, त, यम् तीन छन् सकार अमृत हो र तकार मर्त्य हो । यंकारले उक्त दुवै अक्षरहरूलाई आफ्नो नियन्त्रणमा राखेछ । भनिएको पनि छ– सत्यमेव परं ब्रह्म सत्यरूपो जनार्दन ।

न हि सत्यात् परो धर्मो नाऽनृतात् पातकं महत् ।।

सत्य नै परम ब्रह्म हो, सत्य नै जनार्दन हो, सत्य नै श्रेष्ठ धर्म हो र मिथ्या समान पाप कुनै छैन । सत्यविना धर्म हुन्न र मिथ्याविना अधर्म हुन्न । पुण्य सधैं सत्यको आश्रयमा रहन्छ र पाप सदा मिथ्यामा आश्रित हुन्छ । धर्म-अधर्मको विचार नगरी स्वेच्छापूर्वक जो वचन बोलिन्छ, वास्तवमा त्यस्तो वचन नै समस्त कल्याणको विनाश गर्ने मिथ्या वाक्य हुन्छ ।

सैषागायत्र्येतस्मिंस्तुरीये दर्शते पदे परोरजसि प्रतिष्ठिता -बृ.उ. ५।१४।४

गायत्री तुरीय दर्शत र परोरजः पादमा प्रतिष्ठित छ । यो तुरीय पाद सत्यमा प्रतिष्ठित छ । चक्षु नै त्यो सत्य हो, किनकि सत्य भनेर प्रसिद्ध छ । त्यसैकारण 'मैले देखेको हो' र 'मैले सुनेको हो' भनी दुई व्यक्ति विवाद गर्दै आए भने आजकाल पनि हामीहरू देख्नेमानिसकै विश्वास मान्छौं । यो सत्य शक्तिमा प्रतिष्ठित छ । प्राण नै त्यो शक्ति हो । अतः सत्य प्राणमा प्रतिष्ठित छ । त्यसैले भनिएको पनि छ- सत्यस्य कथनाल्लोके सर्वमाप्नोत्यसंशयम् । १२८

सत्यहीना क्रिया मोघा तस्मात् सत्यमयो भव ।।

"सत्य बोल्नाले मानिस संसारमा निःसन्देह सब थोक प्राप्त गर्दछ । सत्यरहित कर्महरू निष्फल हुन्छन् । त्यसैले सत्यले भरिपूर्ण बन ।"

न ह्यसत्यात् परोऽधर्म इति होवाच भूरियम् ।
सर्वं सोढुमलं मन्ये ऋतेऽलीकपरं नरम् ।।

असत्यभन्दा ठूलो कुनै अधर्म छैन । अधर्मपरायण व्यक्तिलाई छाडेर अरू सबैलाई बोक्न सक्तछु भनी पृथ्वी भन्छिन् । वाचो विचलितं यस्य सुकृतं तस्य हारितम् ।
मेदिनी तस्य पापेन कम्पते च मुहुर्मुहुः ।।

"मिथ्यावादीको शुभ काम पनि नष्ट हुन्छ र उसको पापले पृथ्वीलाई बारम्बार कँपाइ-राख्दछ" त्यसैले- सत्यं परं ब्रह्म विज्ञानरूपं
सत्यं हि सृष्टिस्थितिलीनकर्तृ ।
सत्यं हि साम्यं किल वस्तुधर्मः
सत्यं शरण्यं शरणं प्रपद्ये ।।

सत्य नै परब्रह्म हो । सत्य नै विज्ञानमा छ । सत्यबाट नै जगत्को सृष्टि, स्थिति र लय हुन्छ । सत्य नै शरणदाता हो र म उसैको शरणमा छु ।

यस लोक-परलोकका लागि सहायक सत्यको महिमा हिन्दूहरूका शास्त्र, काव्य तथा आख्यानहरूमा अधिकांश प्रतिपादित भएको छ । सत्यान्नाऽस्ति परो धर्मःको सँगसँगै नाऽनृतात् पातकंपरम्को पनि निर्देशन छ । मिथ्या भाषण रोग, विष तथा भयङ्कर शत्रु मानिएको छ । असत्यवादीहरूसँग कोही मित्रता गर्दैन । पुण्यात्माहरू असत्यलाई अविश्वासको मूल कारण, कुवासनाहरूको निवासस्थान, विपत्तिको कारण तथा अपराध ठगीको आधार मानी त्यागिदिन्छन् । जसरी आगोले बनलाई डढाउँछ त्यस्तै असत्यबाट यश नष्ट हुन्छ । सिंचाइ-

बाट जसरी रूखहरूको विकास हुन्छ त्यसरी नै असत्यबाट दुःखहरू बढ्दछन् । संयम र तपको दुश्मन असत्यबाट बुद्धिमान् मानिसहरू टाढा रहन्छन् । सत्य भाषणको पुण्य, हजारौं अश्वमेध-हरूको पुण्यभन्दा बढी हुन्छ । यो भनाइ कति तथ्यपूर्ण छ –

गोभिर्विप्रैश्च वेदैश्च सतीभिः सत्यवादिभिः ।
अलुब्धैर्दानशीलैश्च सप्तभिर्धार्यते मही ।।

गाई, विप्र, वेद, सती, सत्यवादी, निर्लोभ तथा दानी यी सात पृथ्वीका आधार हुन् । यिनीहरूले नै पृथ्वीलाई धानिराखेका छन् ।

गौ– गाईको आध्यात्मिक रूप त पृथ्वी हुँदै हो । प्रत्यक्ष रूपमा पनि उसले पृथ्वीलाई धारणा गरिराखेको छ । सम्पूर्ण मनुष्यजातिलाई कुनै न कुनै किसिमले गाईबाट जीवन तथा पोषण प्राप्त भइरहेको छ । प्राचीन समयमा यज्ञहरूमा घ्यूको प्रमुखता थियो । अहिले पनि देव-पितृ आदिका सम्पूर्ण कार्यहरू गाईका घ्यूबाट नै सुसम्पन्न हुन्छन् । दुर्भाग्य ! आजकाल गाईको घ्यूको सट्टा नक्कली घ्यू हाम्रो प्रयोगमा आउँछ । गाई दूध, दही, घ्यू, गोबर र गहुँत दिन्छिन् । उसका बाछा गोरु बनेर सब प्रकारका अन्न, कपास, तिल, जौ, आदि उत्पन्न गर्दछन् । त्यसैले गोमाताको रक्षा र सेवा गर्नु हिन्दूमात्रको कर्तव्य हो ।

विप्र– थाहा छैन, ब्राह्मणले कुन अतीत कालदेखि त्यागमय जीवन अँगाली विद्यो-पार्जन तथा विद्या-वितरणको महान् कार्य प्रारम्भ गरेको हो जो अझसम्म कुनै न कुनै रूपमा चलिरहेको छ । ब्राह्मणले पृथ्वीका मानिसहरूलाई ज्ञानको प्रकाश दान नगरेका भए उनीहरू सधैं अज्ञानको अन्धकारमा परिरहने थिए ।

वेद– परमात्माको यथार्थ ज्ञान या ज्ञान गराउने ईश्वरीय वचनको नाम वेद हो । यो वेद अनादि हो । वेदमा समस्त ज्ञान भरिपूर्ण छ । इतिहास, पुराण आदि उसैका अनुवाद हुन् । सम्पूर्ण कर्म-पद्धतिहरू, संस्कार, ज्योतिष आदि सबैको मूल स्रोत वेद हो । वास्तवमा गाई, विप्र र वेद यी तीनै एक अर्कोमा उनिएका छन् । गावो विप्राश्च वेदाश्च कुलमेकं द्विधाकृतम् ।
एकतो वर्तते मन्त्री हविरेकत्र तिष्ठति ।।-महाभारत

सती– सती नारीहरू पृथ्वीका दृढ स्तम्भरूप हुन् । सतीहरूको त्याग, तेज तथा प्रताप-बाट मानिसलाई ठूलो विचित्र सात्त्विक बल प्राप्त हुन्छ र अहिलेसम्म पनि प्राप्त भइरहेको छ । सतीको स्मृति नै पुण्य दिने हुन्छ । सतीहरूका पवित्र सन्तानहरूबाट नै संसारको संरक्षण, अभिवृद्धि तथा पुण्य जीवन हुन्छ ।

सत्यवादी–संसारको सारा व्यवहार सत्यमा आधृत छ। झूटो बोल्नेहरू पनि सत्यको महिमा स्वीकार गर्दछन्। सत्य भगवान्को स्वरूप हो। यस सत्यलाई स्वीकार गरी सत्यभाषण-परायण पुरुषहरू संसारका मानिसहरूको सामुन्ने एउटा महान् आदर्श मात्र राख्दैनन्, जीवनलाई झन् बढी सरल, शुद्ध र शक्तिशाली बनाउनमा सहायता गर्दछन्। झूटो भ्रमवश जतिसुकै फलिफाप भएको देखिए तापनि अन्तमा विजय सत्यको नै हुन्छ। सत्य र सत्यवादीहरूद्वारा उब्जाइएका विश्वासहरूमा नै जगत्को व्यवहार अडेको छ। जबसम्म संसारमा सत्यवादी मानिसहरूको अस्तित्व कायम रहिरहला चाहे उनीहरू थोरै होऊन्, तबसम्म जगत्को स्थिति रहिरहने नै छ। १३०

निर्लोभ-पापको बाबु लोभ हो। लोभले गर्दा विभिन्न किसिमका नयाँ-नयाँ दुर्गुण, दोष तथा पाप उप्जन्छन्। परिणामस्वरूप महान् सन्ताप खडा हुन्छ। चोरी, बेईमानी, चोरबजारी, घूसखोरी, डकैती, ठगी, लूट, वस्तुहरूमा मिसावट आदि चरित्रलाई भ्रष्ट पार्ने सबै, अपराधहरूको मूल लोभ नै हो। लोभी मानिस सधैं अशान्त र दुःखी बनिरहन्छ। सबैलाई दुःखी बनाउँछ। उसले संसारबाट सद्गुणहरूलाई उखेल्छ। यसको विपरीत जो लोभरहित छ, त्यसै सच्चा भावले सम्पूर्ण दुर्गुणहरू, दोषहरू तथा पापहरूबाट बच्दै तथा अरूलाई बचाउँदै मानवको विकास, संरक्षण तथा संवर्धन गर्दछ। यस प्रकार उसले पृथ्वीलाई धानेको हुन्छ।

दानशील–सारा सुख-शान्तिको मूल प्रेम हो र प्रेमको मूल त्याग हो। दानमा त्यागको प्रधानता छ। जो मानिस आफ्नो धन, विद्या, कुशलता, ज्ञान तथा अरू साधन-सामग्री परोपकारका लागि उत्सर्ग–दान गर्छ उही नै दानशील हो यस्तो दानशील व्यक्तिले लोभ, कृपणता, परिग्रहवृत्ति आदिको नाश गर्छ र मानिसहरूमा पारस्परिक सेवा-सहायताको भावनालाई जगाएर राख्दछ। वास्तवमा दानबाट पवित्र सृजना तथा निर्माणको काम उत्पन्न हुन्छ। दिने प्रवृत्ति जगत्मा बढ्दछ। उदारताको विस्तार हुन्छ। ममताको बन्धन खुकुलो हुन्छ। यसप्रकार दानशील पुरुष पृथ्वीलाई धारण गर्दछ। त्यसैले यी सातद्वारा नै पृथ्वी धारण गरिएको छ र विनाआधार टिकेको छ। यिनीहरूको अभावमा पृथ्वीको अस्तित्व नै सम्भव छैन। यसै कारणले, प्रातःकाल विभिन्न देवताहरूको उपासनाको क्रममा नित्य सत्यको स्तुति गरिन्छ-सत्यरूपं सत्यसन्धं सत्यनारायणं हरिम्।
यत् सत्यत्वेन जगतस्तत् सत्यं त्वां नमाम्यहम्॥

सत्यनारायणको कथा प्रायः घर-घरमा लगाइन्छ। यसमा मिथ्यावादीहरूको धन-धान्य सखाप भएका कथाहरू दुःख, पीडा र परिवारको विनाश रोक्नका लागि आश्रयहीनका आश्रयदाता सत्यनारायण भगवान्को शरण पर्नुपर्ने सन्देशहरू दिइएका छन्।

कुनै महापुरुषलाई यस सत्य धर्मको जब प्रेरणा हुन्छ, थाहा छ तब मनमा के हुन्छ? कस्ता विचारहरू आउँछन्? यी सुन्दरीहरू! यो राजमहल! यो भोगविलास! छि! छि!

के छ यो सबमा ? केही तत्त्व छैन यो सांसारिक जञ्जालमा ! व्यर्थ छ यो सारा वैभव ! यी विषय-भोगहरूबाट कहिल्यै तृप्ति होला र ?

विश्वमा सर्वत्र बुढेसकाल छ, रोग छ, मृत्यु छ, दुःख छ, शोक छ, हाहाकार छ, र यसैमा हामी सबै टाँस्सिइरहेका छौं र छटपटाइरहेका छौं । मेरा भौतिकवादी मित्र ! मेरो वैराग्यको कुरा सुनेर नडराऊ । तिमीहरू अहिलेदेखि नै सबै छोडछाड गर भनी म तिमीहरूलाई भन्दिनँ, न त मैले भन्दैमा जगत् छाडी तिमी अध्यात्मवादी नै बन्छौ । त्यसैले कृपया सुन र उचित ठानेमा यसमा केही विचार पनि गर, नभए जस्तो तिम्रो इच्छा ! कुनै करकाप छैन । हो त, म भनिरहेको थिएँ—यो जीवन जसमा हामी रातदिन टाँस्सिइरहेका छौं,.. थाहा छ, यसको व्याख्या ? नभए सुनिहाल, 'हाय राम ! हे आमा ! ऐया-ऐया !' को मरणान्त क्रन्दन कानबाट सोझै मुटुमा बिज्दछ । जीवन कति क्षुद्र देखा पर्छ । त्यहाँ, यमराजको सहोदर रोगले आफूभित्र कालको डसाइ लुकाइराखेको देखिन्छ । कसैको छाला डढेको छ भने कसैको टाउको, र कसैको खुस्केको खुट्टा ठूला ठूला खपेटाहरूमा कस्सिएर कुनै फलामको कडाबाट लत्रिरहेको छ । कसैको नाक नै छैन । कसैको पेट सुन्निएको छ र दिशा-पिशाब नै हुँदैन । कसैको पेटबाट हावा निस्कँदैन; गला सुकिरहेको हुन्छ; मानिस औंडाहाले छटपटी गरिरहेको हुन्छ । डाक्टर चश्माबाट हेरेर 'ग्यास पास भइरहेको छैन' भन्छ । अक्कलको चमत्कार । ओखतीहरू गलाको नलीबाट खन्याइँदै छन् । डाक्टर कुनै स्थितप्रज्ञ जस्तै अविचल भावले बसी सब रोगीहरूलाई हेरिरहन्छ । कुनै सिकिस्त बिरामीको हितैषीले आएर चिन्ता व्यक्त गर्दै सोध्छ, 'हाम्रो भाइ ठीक होला ? यहाँको के विचार छ ?' विनाविचार व्यस्त भावले डाक्टर भनिदिन्छ, 'मोस्ट अर्डिनरी ! मामूली कुरो हो नडराउनुहोस् ।'

कसलाई के रोग लागेको छ भनी डाक्टर भन्न सक्तछ ? ओखतीहरूको कडा गन्ध वातावरण-मा उकुसमुकुस पैदा गरिरहेछ, तर ऊ अडिग र असम्बद्ध जस्तो हलचल नगरी बसिरहन्छ । एक्कासि ऊ एकदम छटपटाउँछ उसको शरीरमा कम्प छुट्छ, चेहरामा दुःखका रेखाहरू छर्लङ्ग हुन्छन् । लगभग पचास बिरामीहरूलाई रेखदेख गर्नुपर्ने जिम्मेवारीलाई ऊ बिर्सन्छ । कुनै डाक्टर उसलाई फोन गर्छ-तिम्रो छोरा इमर्जेन्सीमा आएको छ । दुर्घटना भएछ । सारा स्थितप्रज्ञता समाप्त हुन्छ । मनको पहिलेको समता नष्ट हुन्छ । 'ओहो ! के गरूँ ?' मुटु जोरसँग धड्कन थाल्छ । मुटुलाई ताकत दिने ठूलठूला इन्जेक्सनहरूको नाम थाहा पाउनेहरूको यो हाल छ ।

हेर्नुहोस् न, उहाँ सङ्गीतज्ञ हुनुहुन्छ, उहाँ स्वरहरूलाई मूर्तिमान् पार्न सक्नुहुन्छ । रागिनी हरूको ज्ञान छ । आफ्नो सङ्गीतको बलले ब्रह्माण्डलाई हल्लाउने दावी गर्नुहुन्छ । निभेको बत्ती बाल्न सकिन्छ; तर आफ्नो निभ्न लागेको जीवन-दीपलाई जोगाउन सकिन्न । मृत्युको हुरीले जीवनको दियोलाई निभाइदिन्छ ।

यस्तै, उहाँ नामी पहलवान हुनुहुन्छ । हेर्नुहोस् उहाँको सुडौल फलामजस्तो शरीर ! यदि कुनै मानिसमाथि उहाँको हात बज्रेमा उसलाई कालको मुखबाट कसैले पनि बचाउन सकोइन ।

उहाँले हजारौंका हड्डीहरू चूर पारिसक्नुभएको छ । कतिपयले त उहाँको लँगौटीको झट्कैले प्राण त्यागिसके । मृत्यु मलाई केही गर्न सक्तैन भन्ने उहाँलाई लागेथ्यो; तर आज पिशाप बन्द भई दुर्बल मानिसहरूको बौद्धिक चमत्कारको दयामा अस्पतालको एउटा खाटमा लाचार भएर लडिरहनुभएको छ । अब बाँच्नुहुन्न । संसार-विजयीहरूमा ख्यातिप्राप्त उहाँ बाथ र हृदयरोगको पञ्जामा परी विवश भई कराइरहनुभएको छ ।

उहाँ कलाकार हुनुहुन्छ । सौन्दर्यका सृष्टिकर्ता, ब्रह्माको बाँजोका सृजनाकार, कुरूपलाई रूप दिने उहाँ कल्पनाका पखेटाहरूद्वारा आकाशको कुना-कुनासम्म पनि देख्नुहुन्छ । आफ्नो शक्तिशाली वाणी र कलमले मुर्दाहरूमा पनि प्राण फर्काउन सक्ने उहाँ आफ्नो भाँचिएको खुट्टालाई खपेटाहरूको सहारामा फलामका अग्ला छडहरूमा झुन्डिएको देखेर संसारको सबभन्दा कुरूप कल्पना गरिरहनुभएको छ । सोचिरहनुभएको छ–पैसा छैन ! धेरै बालबच्चाहरू, ठूलो परिवार ! मरें भने त मेरा रचनाहरूलाई पनि कसैले आफ्नो नाममा प्रकाशित गर्ने हो कि ! 'हा! हाय! मरें-मरें–' का कोटि जप चलिरहन्छन् । पानी खान पनि डाक्टरले मनाही गरेको छ । पानी हुँदा-हुँदै प्यासले मर्न लागिरहनुभएको छ । किन ?

अर्का एक ठूला दार्शनिकलाई हर्ट डिजिज् (हृदयरोग) छ । मुटुको व्यथा चर्क्यो । जीवन-मरणका मूल समस्याहरूबारे घोर चिन्तन गर्दागर्दै हृदयरोग भइदियो । धेरै सोच्यो, भयो के त ? केही किताबहरू लेखिए, नाम चल्यो, मालाहरू पहिराइए, मान्यता प्राप्त भयो, अभिनन्दन मिल्यो र पछि अस्पतालमा आउनुपऱ्यो ।

संसारका रोगहरूको निराकरण गर्ने चिन्ताले यिनलाई रोगी बनाइदियो । मुटुमा हात राखी लामो सास फेर्दै बोले- प्राण त निस्कने लागेको छ । अर्को एक हमला भयो कि म मरें । आत्मा त अमर हो । जीव क्षुद्र छ । शरीरको नाश..हरे ! कस्तो भयङ्कर पीडा ! मर्नु त एक दिन अवश्य पर्छ, तर सबै चीजको एउटा समय हुन्छ । मेरो उमेर त भर्खर पैंतीस मात्र पुगेको छ ।

यहाँ नामी नेता हुनुहुन्छ । जब यहाँ भाषण दिनुहुन्छ तब लाखौं जनता मन्त्रमुग्ध भई उहाँका एक-एक शब्द सुन्दछन्, बारम्बार करतलध्वनिको गड्कोले आकाश थर्किन्छ । संसारमा कुनै शक्ति छैन जो मेरो विरोध गरी बच्न सकोस्, जो मेरा योजनाहरूलाई अलिकति पनि बाधा पार्न सकोस्.. भन्दाभन्दै उहाँको हृदयगति रोकियो, भाषण गर्ने मञ्चबाट घुप्लुक्कै लड्नुभयो । हलचल चलमलाउने शक्तिसम्म पनि रहेन उहाँमा । अफसोस !

संसारको समस्त ज्ञान, वैभव, कला, पुस्तक, विज्ञान मृत्युको अगाडि फिक्का देखिन्छन् । जबसम्म मृत्युको समस्याको समाधान गरिंदैन या यसो भनौं कि जीवनको गुजुल्टो फुकाइँदैन तबसम्म यी सबै चीजको वस्तुतः केही प्रयोजन छ र ? यस्तो पनि के जिन्दगी जो पाइला-पाइलामा कालको हुङ्कारबाट खुम्चेर सीमित हुन्छ ! मृत्युको समस्या नसुल्झिएसम्म जीवनको प्रत्येक व्याख्या अधुरो

नै रहनेछ । के विज्ञानले यो समस्या सुल्झायो त ? मेरा वैज्ञानिक मित्र ! समय छँदै केही विचार गरिहाल्नोस्, नभए अनुसन्धानको पेटारो कहीं जस्ताको त्यस्तै पडेको पडयै नरहोस् ।

सहस्त्रवाहु दशवदन आदिनृप वचे न काल वली ते ।
हम हम करि धन-धाम सँवारे अन्त चले उठि रीते ।।
गरब हिमाकत में कन्यौ कन्यौ न नेक विचार
सबकछु पलमें गल गयो पाँव सोयो पसार ।।
काल फिरे सिर ऊपरे हाथौं धरा कमान ।
कबीर गहु हरिनामको छाँड सकल अभिमान ।।

सारा संसार, स्वर्ग, पाताल सर्वत्र हाहाकार मचाउने सहस्त्रवाहु, रावण, हिरण्यकशिपु सबै कालको मुखमा पसे भने आजकालका यी अल्पशक्ति र अल्पायु मानिसहरूको मात्र किन गन्ती ? यिनीहरू सधैं सबैलाई गोली ताकि नै रहन्छन् र सबैलाई गोलीको शिकार बनाउने विचार गर्दछन् । तर अदम्य कालमाथि यिनीहरूको गोलीहरूको कुनै असर पर्दैन । ऊ सधैं आफ्नो पञ्जा फैलाइरहेको हुन्छ र समय आउनासाथ न्याकेर मिति पुऱ्याइदिन्छ । सारा योजना, व्यवस्था र सम्पूर्ण शक्ति-सामर्थ्य सर्वथा असफल हुन्छन् यसको अगाडि ! आजको सैनिक-सज्जापूर्ण विज्ञानले घमन्डी असुरमानवले विश्व-विध्वंशकारी शस्त्रहरूलाई हातमा लिएर काललाई पनि निशाना बनाउने धाक लगाइराखेको छ, तर कालको क्रूर दृष्टि परेको छ उसमाथि । यो वैज्ञानिक असुर मानव आफ्ना सबै मनोरथहरू-सहित ध्वस्त भएको बाँच्नेहरूले देख्लान् ।

कुनै वैज्ञानिकको सामुन्ने जब मृत्युको समस्या खडा हुन्छ तब उसको वैज्ञानिक अनुसन्धान ठप्प हुन्छ र ऊ दार्शनिक पद्धतिअनुसार जीवनको विश्लेषण गर्न लाग्दछ । तब उसको विचार-पद्धति ठीक हुन्छ र ऊ यस समस्याको समाधानका लागि दार्शनिक तत्त्वज्ञानको नजीक आइपुग्छ । सत्तत्त्वको अनुभव गराउन सक्ने सामर्थ्य आध्यात्मिक अन्तर्दृष्टिमा मात्र छ । आध्यात्मिक शास्त्रले केवल बौद्धिक जिज्ञासाको मात्र समाधान गर्दैन, त्यसको अतिरिक्त दिव्य जीवनको अनुभव पनि गराउँदछ । आफ्नो अनुसन्धानबाट प्रायः मानव-जातिको अपकार भयो भनी अन्तमा वैज्ञानिक अनुभव गर्दछ र आफूबाट मानवजातिलाई वास्तविक लाभ पुगेको छ भनी आध्यात्मिक तत्त्वदर्शी महसुस गर्छ । यस्तो तत्त्वदर्शी पुरुष जीवनको महान् लक्ष्य प्राप्त गर्न आफ्ना प्रयासका महान् अनुभवहरू आफ्नो पछाडि छाडेर जान्छ । पछिका मानिसहरू सत्यको अनुसन्धानमा उसका ती आध्यात्मिक प्रयत्नहरू-बाट लाभ उठाउन सक्तछन् । जुनसुकै धर्म, जात वा राष्ट्रको मानिस भए पनि पूर्ण जीवनको प्रश्न अर्थात् पूर्ण लाभ उपलब्ध गर्ने मनोरथ मनुष्यमात्रमा हुन्छ, तर आवश्यकता पर्छ श्रद्धा र विश्वासको । श्रद्धा र विश्वासमा भिन्नता भएमा फलमा पनि भिन्नता भइहाल्छ । मानव आध्यात्मिक प्राणी हो बुद्धिमान् पशु होइन । संसारका जटिल समस्याहरूका निर्माता बुद्धिवादी पशु मात्र हुन्छ, अध्यात्मवादी मानव हुँदैन । यस तथ्यलाई कहिल्यै बिर्सनुहुन्न ।

त्यस सत्यरूपी पूर्ण जीवनको प्राप्तिको लालसा, प्रेरणा, श्रद्धा-विश्वासपूर्वक जुन महानुभावहरूमा उत्पन्न भएको थियो, थाहा छ तिनका आदर्श को को हुन् ?

श्रीशङ्कराचार्यको संन्यास– 'आमा ! तिम्रो छोरो आफ्नो मनुष्य-जीवन सफल पार्न चाहन्छ । अतः तिमी दुःख नमान । जीवनको लक्ष्य परमतत्त्व प्राप्त गर्न सांसारिक मोह र घरको बन्धन छाड्नुपर्छ र जब तिम्रो देहत्यागको समय होला, म अवश्य तिम्रो समीपमा आइपुगुँला ।' पाँच वर्षको बालकका यी वचनहरूबाट आमालाई कति धैर्य मिल्न सक्थ्यो होला, तर जसले आफ्नो ज्ञानको प्रकाशले विश्वलाई झलमल्ल पार्नु थियो र जो ज्ञानको सूर्यलाई उदाङ्गो पार्न पृथ्वीमा आएका थिए, त्यस्तालाई घर-परिवारले कसरी रोक्न सक्थ्यो ? पाँच वर्षको अवस्था ! महानुभावहरू प्रबुद्ध हुनमा उमेर कहाँ बाधा भएको छ ? त्यो बालक जो घर छाडिरहेको थियो, भुवनवन्द्य शङ्कराचार्य नै थिए ।

राजकुमार सिद्धार्थ– संसारमा सर्वत्र बुढौती छ, रोग छ, मृत्यु छ, दुःख छ, शोक छ, हाहाकार छ र यसैमा हामीहरू टाँस्सिइरहेछौं ।

को नु हासो किमानन्दो निच्चं पज्जलिते सति ।
अन्धकारेन ओनद्धा पदीपं न गवेसथ ।।

"यो कस्तो हाँसो ? यो कस्तो आनन्द हो ? चारैतर्फ आगो दनदन दन्किरहेको छ । सारा संसार त्यस आगोमा पिल्सिरहेको छ, तैपनि अन्धकारले घेरिएका मानिसहरू उज्यालो खोज्दैछन् ।"

सिद्धार्थ त्यस प्रकाशको खोजीमा हिंड्दिए । महल, राजपाट, पत्नी, पुत्र, वैभव र विलासले उनको बाटो छेक्न सकेन । सत्यको प्राप्तिका लागि सब थोक त्यागेर जङ्गलको बाटो समाते । भिक्षा मागिएका रुक्खा-सुक्खा रोटीहरू बडो मुश्किलले गलामा छिर्थे, तर उनले यसको चिन्ता मानेनन्, कारण उनको हृदयमा सत्यधर्मको प्रेरणा भइरहेको थियो । त्यसैले उनले भनेका थिए– 'सारथि ! अब यी सबै लैजाऊ । सिद्धार्थका लागि यिनको कुनै उपयोग छैन ।' सुतेकी पत्नी यशोधरा तथा शिशु पुत्र राहुललाई छाडी राजकुमार सिद्धार्थ मध्यरातमा राजमहलबाट निस्के । टाढा पुगेर उनले घोडा पनि छाडे र बहुमूल्य वस्त्राभूषण आफ्नो आङबाट उतारी साथमा आएको सारथिलाई दिए । 'महाराजलाई भन्नू ! बोध प्राप्त भएछ भने कुनै दिन त्यसको आलोक प्रदान गर्न फर्कुला अन्यथा'..... ! यसप्रकार जसको त्यागमा सुविचार एवं दृढ निश्चय छ बुद्धत्वले उनको प्रतीक्षा नगरेर के गर्छ त ? जगत् पवित्र हुनैपर्ने थियो, उनको वाणीबाट ।

महावीर – उनलाई पनि सत्यको प्रेरणा भयो । भरिलो जवानी भएका बेला घरबार छाडी उनले जङ्गलको बाटो समाए । वर्षौं साधना गरेर उनले सत्य प्राप्त गरे । तीर्थङ्कर पद पाएर उनी भन्दछन्, 'हे पुरुष ! तँ सत्यलाई नै साँचो तत्त्व जान् ।' जो बुद्धिमान् सत्यको नै आदेशमा रहन्छ, ऊ मृत्युलाई तरेर पार पुग्छ अर्थात् अमर हुन्छ ।

राजरानी मीरा– वैभवको काखमा हुर्के-बढेकी मीरा सबथोक त्यागी बाहिर निस्किन् । किन थाहा छ ? सत्यको प्रेरणा उनका नसा-नसामा भरिएको थियो । उनको सत्यले 'गिरिधर गोपाल' को रूप धारण गऱ्यो । उनका लागि त्यही मात्र एक सत्य थियो अरू बाँकी सबका सब असत्य । त्यसको प्राप्तिका लागि मीराले के गरिनन् ? 'लोक कहे मीरा भई रे बावरी' दुनियाँ उनलाई बहुलाही भनून्, तर सत्य धर्मको प्रेरणा थियो उनीभित्र । उनले यस पागल पनलाई शिरोधार्य गरिन् । यति मात्र होइन, 'मीरा मानती नहीं' जस्ता उनका भजन-कीर्तनबाट मेवाडको राजकुलको मर्यादा कलङ्कित हुन्छ । तब मीराको जीवन ! राणाले मीराका लागि विषको प्याला पठाए । १३५

राणाको आदेश छ– 'यो चरणामृत हो'। तर ल्याउने दासी भन्छे– 'रानीजी ! यो हलाहल विष हो ।' 'भगवच्चरणामृत अनि विष ! चरणामृत त नित्य अमृत हो ! विष होस् । यसले नश्वर शरीरलाई नष्ट गर्नुभन्दा बढी अरू के गर्न सक्ला ? चरणामृत भनेर जे आयो– मीरा छाडिदेओस् उसलाई ?'– मीराले ओठमा प्याला लगाइन् । चरणामृत नै भइहाल्यो त्यो । मीराका गिरिधर गोपालले त्यसलाई अमृत बनाइसकेका थिए । मीराका लागि कसरी विष रहन सक्दथ्यो त्यो ?

राजा हरिश्चन्द्र– राजा हरिश्चन्द्रले सत्य र सत्यधर्मका लागि राजपाट दान दिए । रानी र छोरालाई बिक्री गरे । आफूलाई समेत चाण्डालको हातमा सुम्पे । यति मात्र होइन, मसानघाटको महसुल असुल नगरी उसको चितामा आफ्नो छोराको लाशसम्म जलाउन दिएनन् । के थियो यस्तो कठोरताको पछाडि ? त्यो थियो केवल सत्य-धर्मको प्रेरणा । इतिहास भरिएर रहेको छ, सच्चा वीरहरूका सत्यकथाहरूले । सुकरातलाई लिनुहोस्, मंसूरलाई लिनुहोस् वा इसालाई लिनुहोस् । यी मानिसहरू विषको प्याला पिउँछन्, शूलीमा चढ्छन् र क्रसमा झुन्डिन्छन् । कुन प्रेरणाले गर्दा यिनीहरूले हाँस्दै आफूलाई बलि चढाए ? उही थियो सत्यधर्मको प्रेरणा । तिमीले सुनेका छैनौ ? महान् दार्शनिक सुकरात भगवत्सम्बन्धी आफ्ना विलक्षण विचारहरूले गर्दा कैदी बनाइए र विषको प्याला दिइयो उनलाई ।

'सनातन सत्य एक शारीरिक जीवनभन्दा महान् हुन्छ' हाँसे तो महापुरुष । 'विष केवल शरीर नष्ट गर्न सक्तछ।' सत्यका लागि र परमात्माका लागि सुकरातले आफूलाई बलिदान गर्न सहर्ष स्वीकार गरे । मंसूर सूलीमा चढे । 'काफिर हो मंसूर ! धर्मविपरीत बकवास गर्छ । सङ्कीर्ण विचार र ग्रन्थहरूका शब्दहरूमा बुद्धि सीमित भएका मुल्लाहरू के बुझून् मंसूरको आनन्द ? उस सर्वव्यापकसँग ऐकात्म्यप्राप्त फकीरको परावाणी अनलहक भारतीय वाणीको श्रुतिको उद्घोष अहं ह्माऽस्मि तो बुझ्न सक्तैनथे र तो अज्ञानीहरूको रिसले मंसूरको शरीरलाई सूलीमा चढाइदियो । देहातीत तत्त्वज्ञानी मंसूरको सूलीबाट पनि उद्घोष उठ्यो– अनलहक ।

चैतन्य महाप्रभु –के थिएन गौराङ्गको वरमा ? साक्षात् कमलबाट जन्मेजस्ती पतिपरायणा परमसुन्दरी पत्नी विष्णुप्रिया, वात्सल्यमयी आमा, स्वस्थ सुन्दर शरीर, नदियाको हर मानिसको

स्नेह, आफूलाई भन्दा बढी सम्मान गर्ने शुभचिन्तकहरूबाट प्रकाण्ड प्रतिभा, विपुल यश– जुन भोगहरूको लालसा संसारमा कसैमा हुन सक्छ, ती सब निमाइका श्रीचरणमा समुपस्थित थिए ।

निदाएको आमा र स्वास्नीलाई अलाप-विलाप गर्नलाई छाडी मध्यरातमा पौडेर गङ्गा तरी निमाइ निस्के संन्यास ग्रहण गर्न । कुनै दुःखले ? कुनै कसीले ? होइन ! होइन ! जब प्राणमा उस विश्वमोहन नीलसुन्दर श्रीकृष्णचन्द्रको आकर्षण तथा त्यसलाई प्राप्त गर्ने प्यास जाग्छ, के संसारका आफन्त एवं भोगमा आँखा गड्छ ?

१३६

यस प्रकार सत्यधर्मको यस्तो प्रेरणा हरसानिसको मनमा हुन्छ र हुनुपर्छ । हामी त्यसलाई थिचिराख्छौं भने कुरो अर्कै हो । सत्यको प्रेरणा भएको खण्डमा मानिस कुनै गलत काम गर्न सक्तैन । गर्दै रहे तापनि, सत्यको प्रेरणाले उसलाई गलत बाटोबाट हटाई सही बाटोमा लैजान्छ, तर त्यस प्रेरणाको कुरा सुन्ने र मान्ने अभ्यास गर्नुपर्छ ।

आजको संसार जुन धारामा बगिरहेको छ, त्यसमा सत्यधर्मको प्रतिष्ठा घट्दै आइ-रहेको छ । साँच्चै भन्ने हो भने, असत्यलाई पनि आफ्नो अस्तित्वका लागि सत्यको नै सहारा लिनुपर्छ । असत्यको आफ्नो कुनै सत्ता छैन । सत्यको सहाराबाट नै त्यो केही समय अड्न पाउँछ । तर सत्यमा अडी नै रहने मानिसलाई जुन सुख मिल्छ, जुन आनन्द आउँछ, र जुन सन्तोष लाग्छ, असत्यमा लागेकालाई त्यो कहाँ प्राप्त हुन्छ ?

यो ठीकै हो कि सत्यको प्रेरणामा चल्नु बढ्ता कष्टदायक छ । त्यसमा त्याग र तपस्या गर्नुपर्छ । तर त्यसबाट हुन्छ के ? कष्टहरूको ज्वालामा खारिएर नै नम्बरी सुन बन्दछ ।

अमिरीमा पालिएका टाल्स्टाय भोग-विलासहरूमा डुबिरहन्छन् । तर एकदिन उनको मनमा सत्यधर्मको प्रेरणा हुन्छ– 'छिः ! छिः ! कस्तो अधम छ मेरो जीवन ! के रात-दिन भोग-विलासमा डुबी र उल्झिरहनैका लागि मेरो जन्म भएको हो त ? मेरा छरछिमेकका हजारौं लाखौं भाइ-बहिनीहरू कस्तो गरीबीको जीवन बिताइरहेका छन्, कति कष्ट झेलिरहेका छन् र कस्तो शोषणको जाँतोमा पिसिइरहेका छन्, तर म रातोदिन मोज उडाइरहेको छु ।' अनि उनी हिंडे सत्यको बाटोमा । आफ्नो जीवनगाथा खोलेर उनी राखिदिन्छन् सत्यरूप परमेश्वरका पाउमा । उनको जीवन सर्वथा बदलिन्छ ।

महात्मा गान्धीले पनि भनेका छन्– 'म सत्यरूपी परमेश्वरको पुजारी हुँ ।' त्यो एउटै सत्य हो, अरू सब मिथ्या हो । यो सत्य मलाई पनि मिलेको छैन । तर म उसको शोधक हुँ । यस खोजीका लागि म आफ्नो प्यारोभन्दा पनि प्यारो चीज त्याग्न तयार छु र मलाई विश्वास छ– यस शोधरूपी यज्ञमा आफ्नो यस शरीरलाई होम्ने मेरो तयारी र शक्ति छ ।

असत्यको वातावरणले आज हामीलाई चारैतिरबाट घेरिरहेको छ । सब मानिसहरू आँखा चिम्ली दौडिरहेछन् उसैतिर । सुन्दरी र सुनको माया हामीलाई पथभ्रष्ट पारिरहेको छ ।

हामीहरू एक-एक पैसाका लागि आफ्नो इमान-धर्म बेचिरहेका छौं, इज्जत बेचिरहेका छौं, र स्वाभिमान बेचिरहेका छौं । बिचरो सत्य एक कुनामा लडिरहेछ । तपाईंलाई थाहा छ– आज के भइरहेछ ? नराम्रो नलाग्ने भए केही कटु सत्य भनूँ !

घूसखोरी– न्यायालय र पुलीस त पुरानो जमानादेखिका परम्परा-पटु, तर अब त पोस्ट र नयाँ नयाँ-खुल्ने विभाग ... ... उदाहरण दिनु व्यर्थ छ । सबै रिसाउलान् र पछि 'नमो नारायण' भन्न पनि छाडिदेलान् । तपाईंहरूमध्ये कोही पनि यस्तो नहोला जो 'केही भेटी' चढाउन कहिल्यै बाध्य नभएको होस् । स्वयं नै विचार गर्नुहोस् कुरा सत्य हो-होइन । एउटा ईमान्दार, कार्यकुशल र सच्चा कर्तव्यपरायण अधिकारीलाई मैले सोधें– 'अहिले तपाईं यही... ... ... यसै पदमा?' उनीपछिका धेरै उनका साथीहरूको दुई दुई पटक बढुवा भइसकेको थियो । 'मेरो अयोग्यता !' उनको अयोग्यता यही हो कि उनी 'फर्जी कारवाई' (कागजी घोडदौड) गर्न जान्दैनन् । 'लिदैनन्' भने त उच्चाधिकारीहरूलाई 'दिएर' सन्तुष्ट गर्ने साधन पनि कहाँबाट जुटाउन् ? यस्तो उहाँ एक्लो मात्र होइन । कैयौं यस्ताहरू मेरा परिचितहरूभित्रै छन् ।

उपरी आम्दानी– बडो गौरवसँग सोध्ने र बताउने गरिन्छ आजकाल, र त्यस उपरी आम्दानीलाई बढाउने सतत प्रयत्न !मानवता कहाँ गएर रोओस् ?जो जति ठूलो, उसको पेट पनि उत्तिकै ठूलो !

चोरबजारी– सरकारी अधिकारीहरूको सबभन्दा बढी काम पर्छ व्यापारीहरूसँग । व्यापारीहरू उनीहरूलाई 'खवाइ'रहन्छन् भने त्यसभन्दा बढी आफ्नो 'खाना'को व्यवस्था पनि मिलाउँछन् । बजारमा चीजबीजको अभाव आशीर्वाद हुन्छ उनीहरूका लागि । जनताको पीर उनीहरूका लागि वरदान बन्छ र खुशियालीको मौका हुन्छ । अभाव हुन्छ, माग बढ्छ र मनपरी मोल तिरेर आवश्यकतापीडित जनता किन्न बाध्य हुन्छ । मानिसहरू भोकले छटपटाउँछन् र अन्न गुप्त गोदाममा सड्छ । जाडोमा मानिसहरू कठांग्रिन्छन् र कपडाका गाँठहरू चर्को भाउको प्रतीक्षा गरिरहन्छन् । सबै थोकको यस्तै दशा छ । कसैसँग अदब राखी केही भन्ने साहस गरेमा पनि जवाफ पाइन्छ, 'सबै यस्तै गर्छन् । म मात्र एक्लै कहाँ हुँ र ? के गरूँ ?'

'आफ्नो सन्दुक भरियोस् । आफ्नो बैंकको खाता बढ्दै रहोस् ।' र त्यो बढ्दछ, मानिसहरूले खप्नुपर्ने अभाव, मानिसहरूको क्रन्दन र दुःखीहरूको पीरबाट । 'तब फेरि मानवताको चर्चा र मृत्युपछिको कुरा' विचार गर्ने नोटको संसारमा मग्न मानिसहरूलाई फुरसत कहाँ ? उसको यो मोह-निद्रा उसलाई पतनको खाल्डोमा खसालेर नै सन्तुष्ट हुने हो कि ? अरूले गर्ने नै के सक्तछ र ?

मिसावट– रुपैयाँ ! रुपैयाँ !! रुपैयाँ !!! उन्मत्त छ, आजको मानिस र गुमाइसकेको छ आफ्नो स्वरूपभूत मानवता ! उसलाई थाहा छैन कि रुपैयाँ उसलाई कहाँ डोऱ्याइराखेको

छ ? उसलाई के गराइरहेछ यस रुपैयाँले ? दूध र घ्यूमा मिसावट, तेलमा मिसावट, पीठो, चामल र दालमा मिसावट, सबैमा मिसावट ! जीरामा झारपात र मरीचमा मेवाको गेडा ! कसले कति गन्ती गर्न सकोस् ? चियामा काठको धूलो र औषधिहरूमा पनि मिसावट !

भाइलाई टाइफाइड भएको छ । साबुदाना त शुद्ध छ ? तर पसलेले लाचारी प्रकट गऱ्यो । थोक व्यापारीहरू नै मिसावट गर्दछन्, ऊ के गर्न सक्तछ ! ?

बिरामी वेदनाले कराइरहन्छ । मरणासन्न छ । निदान ठीक छ, औषधि गर्दा पनि रोगीको कष्ट नघट्दा डाक्टर छक्क पर्छन् । तर औषधि ! औषधि भए पो त ! त्यहाँ त इन्जेक्शनमा, पाउडरमा, र सबैमा मिसावट छ । ग्लूकोजको मिसावटी इन्जेक्शन दिनासाथ एउटा सार्वजनिक अस्पतालमा बत्तीस जनाको प्राण गयो । ठीक दुई वर्षअघिको साँचो घटना हो ।

न दया, न त धर्म । मानवता गयो चुल्हामा । बाँकी बच्यो रुपैयाँ, केवल रुपैयाँ । तर रुपैयाँको यो मोह मानिसलाई आज कता लगिरहेको छ ! घर-घरमा दुःख, अशान्ति, रोग र झगडा यसैको छ गुनासो । तर के पापको कमाइ घरमा सुख ल्याउन समर्थ छ ?

झूटो गवाही (साक्षी)– धर्मको साक्षी, ईश्वरको साक्षी, तथा गीता, तुलसी, तामा र गङ्गाको किरिया धर्म भकाउनु न्यायालयको कर्तव्य, ऊ भकाउँछ, भकाइरहोस् । तर धर्म भाक्ने साक्षी त आपनो मनमनै सबै कसम खाइसक्छ– 'अदालतमा साँचो काम लाग्दैन' र के बक्नुपर्छ सिकाउनका लागि नै रहेको वकिलको जमातले सुगासरह रटाएको साक्षी उसले दिनुपर्छ । सत्य बिदा भइसकेको छ आज न्यायालयबाट । साक्षीहरूको यो असत्य ! अदालतको फैसलाको पनि के दोष ? तर यस्तो झूटो साक्षी पाप हो भनी आजका मानिसले सोच्न सके पो त ? अरे, सोझा मानिस हो ! तिमीले कहिल्यै विचार गरेका छौ– पापको आखिरीमा फल के हुन्छ ? कान थापेर सुन !

पशुयोनि– त्यसै त रजोगुण-तमोगुणप्रधान पशु-जुनी पाइयो । भोकले व्याकुल, आहाराका लागि सधैं चिन्तित र प्राणरक्षाका लागि सदा सशङ्क जीवन हुन्छ पशु-पक्षीको, र त्यो पनि जङ्गलको स्वतन्त्र जिन्दगी पाएमा मात्र (आज जङ्गल नै कहाँ रहेको छ ?) । कतिलाई यो सौभाग्य सुलभ होला ।

पाल्तु पशु– सम्पूर्णतः पराधीन जीवन ! यहाँले देख्नुभएको छ सर्वाङ्ग गलेको कुकुरको शरीर ? क्षीण देह, जर्जर, स्याँ-स्याँ गर्ने, अहिल्यै निक्ललान् जस्ता आँखाका गेडा भएका, गन्हुँगो भार लादिएका, गाडीमा जोतिएका गोरु वा राँगा, मध्यान्हको भीषण घाम, कतै छहारी वा पानी छैन, विश्राम छैन, त्यसमाथि लाठीको तडातड मार– सबैले देखेकै छन् तराई-क्षेत्रमा, अनि भार लादिएको दुर्बल टट्टु, खच्चर वा गधा– हिंड्ने नसकिने स्थिति, पिठ्यूँको घाउबाट रगत बगिरहेको छ, मुखबाट फीँज काढिरहेको छ, तर हिंड्नु छ उकालो बाटोमा, यसमाथि लठ्ठीको मार ! –शिव ! शिव !

ए भोला मानिस ! यो तँ होस् ! तेरो यस्तो दुर्गति छ । तेरा पापका कामहरूले तँलाई यहाँ पाप योनिमा पछारेर यो दुःख भोगाएको छ । यदि तँ सुधिनस् भने तँ हुनेछस् त्यसै ठाउँमा । कुनै बठ्याइँ काम लाग्ने छैन ।

नरक यन्त्रणा– सुनेर डराउलास् र 'सबै यस्तै त हो' भन्लास्, तर शास्त्रमा र सबै धर्महरूमा वर्णन छ नरकको । 'शरीर टुक्रा टुक्रा पारी काट्छन् र आगो या उम्लेको कराहीमा पकाउँछन् । तर न मूर्छा, न त मृत्यु हुन्छ । शरीर काटेको र भस्म गरेको वेदना हुन्छ र भई नै रहन्छ हजारौं हजार वर्षसम्म । नरकको शरीर त 'यातना देह' हो र त्यो काटेर पनि काटिन्न, पोलेर पनि भस्म हुँदैन । त्यो त अपार दुःख र पीर भोग्नका लागि नै हो । एक सीमासम्मको वेदना भएमा संसारमा देहधारीको मरण हुन्छ, तर घोर पाप भएको खण्डमा, लामो समयसम्म दण्डको पीडा भोग्नका लागि नै यमराजकहाँ नरकको स्थिति छ ।

हिंस्रक जन्तुहरू लुछ्छन्, पहाडबाट मुन्ट्याइन्छ, र सर्वाङ्ग लुगासरह सिइन्छ । हजारौं हजार वर्षसम्म यातनाको यस्तो तरीका अटूट चलिरहन्छ । विलाप, चिच्याहट र वेदना ! नरकमा अरू के होला ? त्यसैले ए पापमा लागेको मानिस ! तँ के गरिरहेछस् ? आफूलाई नरकबाट जोगाउनु छ भने पापको बाटोबाट टाढा हुनुपर्छ तैंले ।

रोग– यस लोकमा नै के कम दुःख छ ? औषधिहरूको अपार आविष्कार पनि के यी रोगहरूलाई रोक्ला ? मानिसका पापको नतीजा दुःख हो र जबसम्म मानिस पापको बाटो छाड्दैन, पापको बीउ उत्पन्न भइरहन्छ नै ।

यो हैजा, यो प्लेग, यो क्षय रोग र यो कोढ ! महामारीको संख्या दिनहुँ बढ्दै गएको छ । बेरीबेरी, मस्तिष्कशोध, गर्दनतोड ज्वरो, पहेंलो ज्वर, क्यान्सर, अनुसन्धान र नामकरण हुनु अझै बाँकी रहेका आजकालका रेडियो एक्टिभिटीसम्बन्धी नयाँ नयाँ रोगहरू जन्मँदै गइरहेका छन् । मानिस जब पापका नौला नौला तरीकाहरू अँगाल्दै गइरहेछ– पापको वृद्धि हुन्छ, त रोगको वृद्धिलाई कसले रोक्न सक्तछ ?

ज्वरो, चिलाउने, अल्काई, दम, हनुस्तम्भ, धनुष्टङ्कार, शरीरबाट कीरा झर्ने रोग र खटिरा आदि परम्परागत रोगहरूको संख्या पनि कहाँ कम छ ? रोग नलाग्ने अङ्ग कुन छ र ? रोग जहाँसुकै भए पनि पीडा त भई नै हाल्छ । मानिसका पापकर्महरूका फल हुन् यी रोग । सुख चाहिन्छ भने सत्यधर्ममा लाग्नु नै एकमात्र उपाय हो ।

दारिद्र्य– सबै रोगहरूमा महारोग दरिद्रता हो । प्राण जस्तो प्यारो बालक मरणासन्न हुन्छ, तर साथमा औषधि किन्ने दाम हुन्न । घरमा कैयौं दिनसम्म भोकभोकै उपवास, तर अन्न कहाँ पाइने ? काम कहीं पाइँदैन । गरीबीको सरापले शरीरमा लुगा छैन, पेटमा अन्न छैन, र बस्नलाई मुन्टो लुकाउने खरको छाप्रोसम्म छैन । नहीं दरिद्रसम दुःख जगमाहीं । अर्थात् दरिद्रताबरा-

बरको दुःख केही छैन । साथसाथै बारम्बारको अकाल, अतिवृष्टि, अनावृष्टि, बाढी, सल्ह, पशुरोग तथा बालीनालीको रोगले निर्धनता बढिरहेको छ, र बेकारी बढिरहेको छ । सरकारबाट सबै प्रयास-हरू हुँदा-हुँदै पनि प्रतिदिन बढिरहेको छ यो विपत् ।

पाप बढिरहेको छ । असन्तोष बढिरहेको छ । असंयम बढिरहेको छ । त्यस्तोमा सुख-शान्ति र समृद्धि बढ्न सक्तैन । पापको वृद्धिले दुःख, रोग र दरिद्रता नै बढ्ने हुन्छ स्वयं विचार गर ।

असत्यमाथि सत्यलाई समर्पित गर्नु के ठीक हो ? हाम्रो जीवन गलत बाटोमा लागेको छ भने के उसलाई हामीहरूले त्यसैमा लागिरहन दिनु हुन्छ ? लोभ र लालच तथा शक्ति र पदको चमकमा हामीले आफूलाई हराउनु हुन्छ ?

हामीले आफैसँग यी सवालहरूको जवाफ माग्नुपर्छ । हामीले याद राख्नुपर्छ– असत्य सधका लागि अड्न सक्तैन । उसका लागि आफूलाई गिराउनु कदापि ठीक हुँदैन ।

वास्तवमा यथार्थ ज्ञान नै सत्य हो । उसलाई शरीरमा प्रयोग गर्नु शरीरको सत्य हो, बोलीमा प्रयोग गर्नु वाणीको सत्य हो र विचारमा प्रयोग गर्नु मनको सत्य हो । जो जुन समय जसका लागि जस्तो यथार्थ रूपमा गर्नु वाञ्छनीय हुन्छ त्यही सत्य हो, अर्थात् कर्तव्य नै सत्य हो । अहिंसा तीनै कालमा सत्य हुन्छ । त्यसैले यथार्थ रूपमा र यथार्थ ज्ञानले अहिंसाका लागि जे-जति गर्न सकिन्छ त्यो सत्य हो । यदि कुनै मानिस द्वेष गरेर चित्त दुखाउन अन्धालाई अपमानपूर्वक अन्धा भन्छ भने त्यो असत्य हो । किनकि त्यो हिंसा हो र हिंसा सधैं असत्य हुन्छ । श्रीव्यासज्यू योगभाष्यमा सत्यको व्याख्या यसरी गर्नुहुन्छ– वाणी र मनको व्यवहार अर्थानुकूल हुनु अर्थात् जस्तो देखेको हो, जस्तो अन्दाज लगाइएको हो, जस्तो सुनेको हो त्यस्तै नै कुरा भन्नू र मनमा धारण गर्नू । अरूलाई आफ्नो बोधअनुसार ज्ञान गराउनका लागि भनिएको वाणी धोका दिने, भ्रान्ति गराउने, र ज्ञान गराउन असमर्थ नहुने भयो, सबै प्राणीहरूको उपकारका लागि प्रवृत्त भयो र त्यसबाट कुनै प्राणीको नाश, हानि अथवा पीडा भएन भने त्यो सत्य हो; यस प्रकार बोलिएको वचन प्राणीहरूको नाश गर्ने भयो भने त्यो सत्य होइन । त्यसैले विचार गरेर सबै प्राणीहरूको हित हुने सत्य बोलोस् । मनुले पनि भनेका छन्–सत्यं ब्रूयात् प्रियं ब्रूयात् न ब्रूयात् सत्यमप्रियम् । साँचो बोलोस्, मीठो बोलोस् र र यस्तो सत्य नबोलोस् जुन अप्रिय वा तीतो हुन्छ । यहाँ प्रियको अर्थ चाकरी वा खुशामदगिरी पनि होइन । त्यसैले जो मनुष्य आफ्नो अवस्था र समयअनुसार प्रत्येक प्राणीप्रति आफ्नो कर्तव्य यथार्थ रूपमा बुझ्दछ र त्यसको त्यसअनुरूप पालन गर्छ, त्यही सत्यव्रती हो । राजा हरिश्चन्द्रले आफ्नो छोरा रोहिताश्वको मृत्युको शोक र घोर आपत्-विपत्मा परी आफ्ना सामुन्ने उभिएको देखेर पनि पत्नीको मोहलाई त्यागी आफ्नो मालिक चाण्डालप्रति आफ्नो कर्तव्य सम्झेर त्यसैको पालना गरे । यो उनको सत्यको अन्तिम परीक्षा थियो, जसले उनको नामलाई सदाका लागि अमर बनायो । प्रत्येक मानिसले आफ्नो कर्तव्यरूपी सत्यव्रतको पालना गर्न शुरू गरेको खण्डमा संसारको

अशान्ति आफैं टाढा हुट्न सक्तछ । कतिपय अविवेकी मानिसहरू अर्काको चित्त दुखाउने वचन बोल्नमा आफू सत्यवादी हुने घमण्ड गर्दछन् । यस सम्बन्धमा एउटा ऐतिहासिक घटना छ ।

राजसूय यज्ञको समाप्तिमा मय दानवद्वारा स्फटिकले बनाइएको, युधिष्ठिरको आश्चर्य-लाग्दो सभा-भवनमा जललाई थल र थललाई जल, भित्तालाई ढोका र ढोकालाई भित्ता इत्यादि ठानी दुर्योधनले ठाउँ-ठाउँमा ठक्कर खाएको देखी पाण्डवहरू र द्रौपदीले उसको हंसी उडाउनु र दुर्योधनको दिलमा दर्द पुऱ्याउने नियतले अन्धाको छोरा अन्धा नै हुन्छ भन्ने गूढ आशयले 'ओ धृतराष्ट्र (अन्धा) – का पुत्र ! ढोका यता छ' जस्ता बोलीले उसलाई वचन लगाउनु हिंसारूपी असत्य हो (महाभारत, सभापर्व ३०।३४)। यसको परिणामस्वरूप महाभारतको लडाइँ र हिन्दू संस्कृति, विज्ञान तथा क्षत्रिय वीरहरूको पतन भयो ।

यसरी नै महाभारत कर्णपर्वमा एउटा घटना छ । युद्धमा भीष्मपितामह ढलेपछि कर्ण सेनापति बनाइए । उनले एकदिन महात्मा युधिष्ठिरलाई हराए । उनका सबै हतियारहरू खोसिए । उनी परवश बने । कर्णले आफ्नो धनुको ताँदो उनको गलामा फन्दा हाली अवाच्य वचनद्वारा उनको बेइज्जति गर्दै भने– 'जब तिमीलाई लड्न नै आउँदैन भने युद्धमा आउने आँट किन बटुल्छौ ?' कर्ण योद्धा मात्र थिएनन्, साथसाथै दानी र दयावान् पनि थिए । युधिष्ठिरलाई लज्जित देखेर उनलाई भने– 'जाऊ ! सोझै शिविरमा जाऊ । अब फेरि लड्न नआऊ ।' शिविरमा फर्केर युधिष्ठिर चिन्ताग्रस्त भई पल्टिरहेको बेला अर्जुन आइपुगे । उनलाई देखेर रिसाउँदै युधिष्ठिर भन्न लागे, 'तेरो गाण्डीव धनुष, बाहुको पराक्रम, केसरीपुत्र हनुमान्को झण्डा र अग्निले दिएको रथलाई बारम्बार धिक्कार छ । तिमी आफ्नो गाण्डीव धनुष तिमीभन्दा बलवान् छ भन्ने दावा गर्ने कुनै मित्र राजालाई सुम्पि-देऊ ।' जो आफ्नो गाण्डीव धनु आफूभन्दा बहादुर कुनै अर्कोलाई दे भनेर दुत्कार्छ त्यसलाई मार्ने प्रतिज्ञा अर्जुनले गरिराखेका थिए । त्यसैले युधिष्ठिरलाई मारी आफ्नो प्रतिज्ञा पूरा गर्न उनले तरवार झिके । यसबेला श्रीकृष्णले अर्जुनलाई सत्यको स्वरूप यसप्रकार वर्णन गर्नुभयो– 'हेर अर्जुन ! अज्ञानीहरू शब्दको स्थूल रूपलाई मात्र बुझ्दछन्, तर ज्ञानीहरू उसको सूक्ष्म स्वरूपको अर्थ जान्दछन् र त्यसैअनुसार व्यवहार गर्दछन् । गाण्डीव धनुषलाई धिक्कार्नेलाई मार्ने मात्र तिम्रो प्रतिज्ञा हो, र धिक्कार्नु, अपमान गर्नु द्वेषभावबाट हुन्छ, तर युधिष्ठिरले गाण्डीव धनुको प्रशंसा र मान बढाउनका लागि प्रेमभावले तिमीलाई उत्तेजित गराएर कर्णको वध गराउन यो शब्द भन्नुभएको हो । त्यसैले युधिष्ठिरका शब्दहरूको शाब्दिक अर्थ मात्र ग्रहण गर्न सकिन्न र उनलाई मार्नु असत्य हुन्छ । तैपनि तिमी, अज्ञानीहरूसरह रूढिवादमा टाँसिइरहन चाहन्छौ भने पनि स्थूल शरीरलाई हतियारले मार्नु मात्र मार्नु होइन । युधिष्ठिर ज्ञानी हुनुहुन्छ । शरीर उहाँका लागि फेर्ने लुगासरह छ । शरीरबाट अलग्गिनु उहाँका लागि मरण होइन । वचनको चोट हतियारको भन्दा बढी गहिरो हुन्छ । त्यो उहाँका लागि मृत्युतुल्य हुन्छ र त्यसैबाट उहाँलाई मार ।'

राष्ट्रका सम्पूर्ण परिस्थितिहरूलाई ध्यानमा राखेर भगवान् श्रीकृष्ण महाभारत कर्ण-पर्वको ६९ औं अध्यायमा अर्जुनलाई सत्यभाषणको अवस्थाबारे यसप्रकार सम्झाउनुहुन्छ :–

न हि धर्मविभागज्ञः कुर्यादेवं धनञ्जय ।
यथा त्वं पाण्डवाऽद्येह धर्मभीरुरपण्डितः ॥१७॥
अकार्याणां क्रियाणां च संयोगं यः करोति वै ।
अकार्याणामक्रियाणां च स पार्थ पुरुषाधम ॥१८॥
अनुसृत्य तु ये धर्मं कथयेयुरुपस्थिताः ।
समासविस्तारविदां न तेषां वेत्सि निश्चयम् ॥१९॥
अनिश्चयज्ञो हि नरः कार्याकार्यविनिश्चये ।
अवशो मुह्यते पार्थ यथा त्वं मूढ एव तु ॥२०॥
न हि कार्यमकार्यं वा सुखं ज्ञातुं कथञ्चन ।
श्रुतेन ज्ञायते सर्वं तच्च त्वं नाऽवबुध्यसे ॥२१॥
अभिज्ञानाद् भवान् यच्च धर्मं रक्षति धर्मवित् ।
प्राणिनां त्वं वधं पार्थ ! धार्मिको नाऽवबुध्यसे ॥२२॥
प्राणिनामवधस्तात सर्वज्यायान् मतो मम ।
अनृतां वा वदेद् वाचं न तु हिंस्यात् कथञ्चन ॥२३॥
स कथं भवान् ज्येष्ठं राजानं धर्मकोविदम् ।
हन्याद् भवान् नरश्रेष्ठ प्राकृतोऽन्यः पुमानिव ॥२४॥

पाण्डुपुत्र धनञ्जय ! हेर, धर्मको विभागलाई जान्नेहरू यस्तो गर्दैनन् जस्तो तिमी आज यहाँ धर्मभीरु र अज्ञानी भइरहेका छौ । जो मानिस गर्न नहुने कामहरू गर्छ तथा गर्नुपर्ने कामहरू गर्दैन त्यो, हे पार्थ ! अधम हो । धर्मको अनुष्ठान गर्ने मानिसहरू जो निश्चयपूर्वक धर्मको निरूपण गर्दछन् ती संक्षेप तथा विस्तारपूर्वक जान्नेहरूको निश्चय तिमी जान्दैनौ । हे पार्थ ! कर्तव्य र अकर्तव्यको निश्चयले रहित मूर्ख मानिस तिमी जस्तै भूल गर्दछ । कर्तव्य र अकर्तव्य कुनै हालतमा पनि सुखपूर्वक जान्न सकिंदैन । त्यो सबका सब वेद र शास्त्रको श्रवणबाट जानिन्छ । तिमी यो कुरो बुझ्दैनौ । हे धर्म जान्ने कौन्तेय ! तिमी धर्मको तत्त्व नबुझीकनै धर्मको रक्षा गर्न चाहन्छौ । धार्मिक प्रवृत्ति भएका तिमी पनि प्राणीहरूलाई कुन समयमा मार्नुपर्दछ भन्ने कुरा जान्दैनौ । हेर भाइ ! प्राणीहरूलाई नमार्नु सबभन्दा बेश हो । यो मेरो मत हो । झूट बोल्नुपरे पनि हिंसा कदापि नगर्नू । ए नरश्रेष्ठ ! त्यसैले कुनै अर्को अज्ञानी मानिस जस्तै तिमी धर्मतत्त्वका ज्ञाता राजा तथा दाजुलाई कसरी मार्छौ ? स्वयं विचार (१७–२४) ।

अयुद्ध्यमानस्य वधस्तथा शस्त्रोश्च मानद ।
पराङ्मुखस्य द्रवतः शरणं चाऽपि गच्छतः ॥२५॥

कृताञ्जलेः प्रपन्नस्य प्रमत्तस्य तथैव च ।
न वधः पूज्यते सद्भिस्तच्च सर्वं गुरौ तव ॥२६॥
त्वया चैवं व्रतं पार्थ बालेनैव कृतं पुरा ।
तस्मादधर्मसंयुक्तं मौख्र्यात् कर्म व्यवस्यसि ॥२७॥
स गुरुं पार्थ कस्मात् त्वं हन्तुकामोऽभिधावसि ।
असम्प्रधार्य धर्माणां गतिं सूक्ष्मां दुरत्ययाम् ॥२८॥
सत्यस्य वदिता साधुर्न सत्याद् विद्यते परम् ।
तत्त्वेनैव सुदुर्ज्ञेयं पश्य सत्यमनुष्ठितम् ॥३१॥
भवेत् सत्यमवक्तव्यं वक्तव्यमनृतं भवेत् ।
यत्राऽनृतं भवेत् सत्यं सत्यं चाऽप्यनृतं भवेत् ।
सर्वस्वस्याऽपहारे तु वक्तव्यमनृतं भवेत् ॥३२॥
तत्राऽनृतं भवेत् सत्यं सत्यं चाप्यनृतं भवेत् ॥
तादृशं पश्यते बालो यस्य सत्यमनुष्ठितम् ॥३४॥
भवेत् सत्यमवक्तव्यं न वक्तव्यमनुष्ठितम् ।
सत्यानृते विनिश्चित्य ततो भवति धर्मवित् ॥३५॥

जो लडिरहेको छैन, जो शत्रु होइन, जसले पिठ्यूँ फर्काइसकेको छ, जो लडाइँबाट भागिरहेको छ, जो शरण परेको छ, जो हात जोडी सामुन्ने आएको छ तथा (आपद्ग्रस्त) जसको बुद्धि ठेगानमा छैन, हे मानद ! त्यस्तालाई मार्नु भलाद्मी राम्रो ठान्दैन । यी सब कुरा तिम्रा दाजु युधिष्ठिरमा विद्यमान छन् । पार्थ ! तिमीले पहिले जो प्रतिज्ञा गरेका थियौ, त्यो त लडकपन मात्र हो । त्यसैले आफ्नो मूर्खताले गर्दा अधर्मयुक्त कार्य गर्ने निश्चय गरिरहेका छौ । धर्मको सूक्ष्म तथा दुरत्यय गतिको निर्णय नगरी हे पार्थ ! तिमी आफ्ना दाजुलाई मार्न किन धावा बोल्छौ ? सत्य बोल्ने साधु हो र सत्यभन्दा उत्तम अरू छैन । हेर ! व्यावहारिक सत्य तत्त्वतः दुर्विज्ञेय छ । जहाँ झूट सत्य हुने हुन्छ र सत्य झूट हुन्छ, त्यहाँ सत्य बोल्नु अकर्तव्य हुन्छ र झूटो बोल्नु कर्तव्य हुन जान्छ । दुराचारी हिंसकद्वारा सर्वस्वहरण हुने स्थितिमा झूटो बोल्नु कर्तव्य भइदिन्छ । त्यहाँ झूट सत्य र सत्य झूट बनिदिन्छ । सत्यको अनुष्ठान गर्न चाहने बालकले सत्यको यही तत्त्व बुझ्नुपर्छ । तर कतै सत्य कुरा नभन्नु नै राम्रो हुने भए, त्यहाँ गरिएको सत्य बताउनु हुँदैन । यस किसिमले सत्यका तत्त्वहरू बुझी मानिस धर्मज्ञ बन्दछ ।

वृद्धानपृष्ट्वा सन्देहं महच्छ्वभ्रमिवाऽर्हति ।
तत्र ते लक्षणोद्देशः कश्चिदेवं भविष्यति ॥५४॥

दुष्करं परमं ज्ञानं तर्केणाऽनुव्यवस्यति ।
श्रुतेर्धर्म इति लोके वदन्ति बहवो जनाः ।
तत् ते न प्रत्यसूयामि न च सर्वं विधीयते ॥५५॥
प्रभवार्थाय भूतानां धर्मप्रवचनं कृतम् ।
यत् स्यादहिंसासंयुक्तं स धर्म इति निश्चयः ।
अहिंसार्थाय हिंस्राणां धर्मप्रवचनं कृतम् ॥५७॥
धारणाद् धर्ममित्याहुर्धर्मो धारयते प्रजाः ।
यत् स्याद् धारणसंयुक्तं स धर्म इति निश्चयः ॥५८॥

जो मानिस ज्ञानवृद्ध व्यक्तिसँग सोधेर शङ्का समाधान गर्दैन, त्यो अज्ञानको ठूलो खाल्टोमा जाकिइरहन्छ । त्यसैले अहिले म तिमीलाई धर्मका केही लक्षणहरू र उद्देश्यहरू भन्दछु । धर्मको ज्ञान बडो कठिन छ । तर्कबाट नै त्यसको निश्चय हुन सक्तछ । धेरै मानिसहरू यस्तो भन्छन्–श्रुतिबाट धर्मको ज्ञान हुन्छ । तिम्रो अगाडि म यसको खण्डन गर्दिनँ, तर श्रुतिबाट नै सब थोकको निश्चय हुन सक्तैन । देश, काल र परिस्थितिअनुसार कतै तर्कको पनि सहारा लिनुपर्छ । प्राणीहरूको रक्षाका लागि धर्मको प्रवचन भएको छ । जो अहिंसायुक्त, छ, त्यही धर्म हो । यसलाई तिमी निश्चय बुझ । धर्मको प्रवचन त अहिंसाका लागि हिंस्रकहरूलाई पनि गरिएको छ । धर्म प्रजालाई धान्दछ र व्यवस्थित राख्दछ । धारण गर्ने हुँदा नै उसलाई धर्म भन्दछन् । जो धारण (कर्म) संयुक्त छ (प्रजालाई व्यवस्थित राख्छ) त्यही धर्म हो, यो (शास्त्रहरूको) निश्चय हो ।

ये न्यायेन जिहीर्षन्तो धर्ममिच्छन्ति कर्हिचित् ।
अकूजनेन मोक्षं वा नाऽनुकूजेत् कथञ्चन ॥५९॥
अवश्यं कूजितव्ये वा शंकेरन्नाऽथ कूजितः ।
श्रेयस्तत्राऽनृतं वक्तुं तत् सत्यमविचारितम् ॥६०॥
यः कार्येभ्यो व्रतं कृत्वा तस्य नाऽनुपपादयेत् ।
न तत्फलमवाप्नोति एवमाहुर्मनीषिणः ॥६१॥
प्राणात्यये विवाहे वा सर्वज्ञातिवधात्यये ।
नर्मण्यभिप्रवृत्ते वा नच प्रोक्तं मृषा भवेत् ॥६२॥
अधर्मं नाऽत्र पश्यन्ति धर्मतत्त्वार्थदर्शिनः ।
यत् स्तेनैः सह सम्बधान्मुच्यते शपथैरपि ॥६३॥
श्रेयस्तत्राऽनृतं वक्तुं तत् सत्यमविचारितम् ।
न च तेभ्यो धनं देयं शक्ये सति कथञ्चन ॥६४॥

पापेभ्यो हि धनं दत्तं दातारमपि पीडयेत् ।
तस्माद् धर्मार्थमनृतमुक्त्वा नाऽनृतभाग् भवेत् ॥६५॥
एष ते लक्षणोद्देशो मयोद्दिष्टो यथाविधि ।
यथाधर्मं यथाबुद्धिर्मयाऽद्य वै हितार्थिना ॥६६॥

जो न्यायनुकूल आचरणलाई नै धर्मको लक्षण मान्छन्, उनीहरूको मत छ– कतै यदि नबोल्नाले नै फुर्सद मिल्छ भने त्यहाँ बोल्नु हुन्न । कदाचित बोल्नु आवश्यक परेमा या नबोल्दा शङ्का लाग्ने भएमा त्यहाँ झूटो बोल्नुमा नै कल्याण हुन्छ । त्यो निःसन्देह विचारै गर्नु नपर्ने सत्य नै कहलाउँछ । जो कुनै कामको प्रतिज्ञा गरी त्यसलाई अनेकौं प्रकारले (विधिमा हेरफेर गरी) गर्छ, त्यसले त्यसको फल पाउँदैन भनी मननशील व्यक्तिहरू भन्दछन् । प्राणलाई सङ्कट परेको बेला, विवाहको समयमा, सबै जातिको अत्यन्त वध उपस्थित भएमा या ठट्टामा बोलिएको झूट झूट मानिंदैन । चोरहरूको चंगुलमा पर्दा यदि झूटो किरिया खाएर पनि आफू छुटकारा पाउँछ भने धर्मको तत्त्व जान्नेहरू त्यसलाई अधर्म भन्दैनन् । चोर आदिको फेला पर्दा झूट बोल्नु राम्रो हो । त्यो सन्देहरहित सत्य नै हुन्छ । ताकतले भ्याएसम्म उनीहरूलाई कुनै प्रकार पनि धन दिनु हुन्न । पापीहरूलाई दिइएको दानले दातालाई पनि पोल्छ । यसै कारण, धर्मको निमित्त झूट बोलेर पनि मानिस झूटो हुन्न । हे पार्थ ! म तिम्रो हितैषी हुँ । आज मैले धर्मको यो लक्षण र उद्देश्य बुद्धिपूर्वक विधिसहित धर्मानुसार भनेको हुँ । यो सुनेर तिमी नै भन–युधिष्ठिर मार्न लायक छन् ? अर्थात् वधयोग्य छन् ? (अर्थात् मार्नु ठीक होइन) ।

राजा श्रान्तो विक्षतो दुःखितश्च कर्णेन संख्ये निशितैर्वाणसंघैः ।
यश्चाऽनिशं सूतपुत्रेण वीर शरैर्भृशं ताडितो युध्यमानः ॥७६॥
अतस्त्वमेतेन सरोषमुक्तो दुःखान्वितेनेदमयुक्तरूपम् ।
अकोपितो ह्येष यदि स्म संख्ये कर्णेन हन्यादिति चाऽब्रवीत् सः ॥७७॥
जानाति तं पाण्डव एष चाऽपि पापं लोके कर्णमसह्यमन्यैः ।
ततस्त्वमुक्तो भृशरोषितेन राज्ञा समक्षं परुषाणि पार्थ ॥७८॥
नित्योद्युक्ते सततं चाऽप्रसह्य कर्णे द्यूतं ह्यद्य रणे निबद्धम् ।
तस्मिन् हते कुरवो निर्जिताः स्युरेवं बुद्धिः पार्थिवे धर्मपुत्रे ॥७९॥
ततो वधं नार्हति धर्मपुत्रस्त्वया प्रतिज्ञार्जुन पालनीया ।
जीवन्नयं येन मृतो भवेद्धि तन्मे निबोधेह तवानुरूपम् ॥८०॥
यदा मानं लभते माननार्हस्तदा स वै जीवति जीवलोके ।
यदाऽपमानं लभते महान्तं तदा जीवन्मृत इत्युच्यते सः ॥८१॥

सम्मानितः पार्थिवोऽयं सदैव त्वया च भीमेन तथा यमाभ्याम् ।
वृद्धैश्च लोकैः पुरुषैश्च शूरैस्तस्यापमानं कलया प्रयुङ्क्ष्व ॥८२॥

त्वमित्यत्रभवन्तं हि ब्रूहि पार्थ ! युधिष्ठिरम् ।
त्वमित्युक्ते हि निहतो गुरुर्भवति भारत ॥८३॥

एवमाचर कौन्तेय धर्मराजे युधिष्ठिरे ।
अधर्मयुक्तं संयोगं कुरुष्वैनं कुरुद्वह ॥८४॥

राजा युधिष्ठिर लडाइँमा कर्णका तीखा वाणको पर्रालै घाइते, पीडित र थकित भए । हे वीर ! युद्ध गर्दा उनलाई सूतपुत्र लगातार तीर हानिरहेको थियो । त्यसैले पीडित ती युधिष्ठिरले रिसाएर यो अनुचित वचन तिमीलाई भनेको हो । यदि तिमी रिसाएनौ भने युद्धमा कर्णलाई मार्न नसक्लाऊ भन्ने ठानी उनले यस्तो भनेका हुन् । युधिष्ठिरको अभिप्राय तिम्रो या गाण्डीवको अपमान गर्नु होइन, बरु त्यसको विपरीत तिमीलाई उत्तेजित गरेर कर्णको बध गराउनु हो । हे पाण्डव ! राजा युधिष्ठिर यो पनि बुझ्दछन्– पापी कर्ण लोकमा अरू वीरहरूभन्दा असह्य छ । हे पार्थ ! त्यसैले रिसाएका धर्मराजले तिम्रो अगाडि नै तिमीलाई यो कडा वचन गरेका हुन् । सधै उद्यत र अत्यन्त असह्य कर्णको भरोसामा नै आज युद्धमा बाजी थापिएको छ । ऊ मरेपछि कौरव हार्नेछन् । महाराज धर्मपुत्रको यो अभिप्राय हो । त्यसैले धर्मपुत्र वधयोग्य छैनन् । हे अर्जुन ! तिमीले प्रतिज्ञा पालन गर्नुपर्छ त्यसरी, जसले गर्दा यी जीवित नै मरेतुल्य होऊन् । यो उपाय तिम्रो अनुकूल हुनेछ । यो मबाट बुझिहाल । जबसम्म मान्छेपर्ने मानिस मान पाइरहन्छ, तबसम्म मात्र जीवित रहन्छ र जुन बेला त्यसको ठूलो अपमान हुन्छ त्यतिखेर ऊ जिउँदै मरेको भनिन्छ । यी राजा युधिष्ठिर तिमीबाट, भीम, नकुल र सहदेवबाट तथा अरू बूढापाका शूरवीर मानिसहरूबाट सदैव संसारमा सम्मानित भइरहेका छन् । तिमी यिनको अलिकति अपमान गरिदेऊ । हे पार्थ ! तिमी युधिष्ठिरलाई 'तपाइँ' को सट्टा 'तँ' भन । जो पूज्य हुन्छ, ऊ 'तँ' भनाउनुपर्दा मरेतुल्य भइहाल्छ । हे कौन्तेय ! तिमी यस्तै व्यवहार धर्मराज युधिष्ठिरसँग गर । हे कुरुश्रेष्ठ ! यिनीसँग तिमी यस्तो अधर्मयुक्त व्यवहार नै गर । यिनको अपमानका लागि यत्तिकै व्यवहार पर्याप्त छ । मान्यलाई जसले तँ भन्छ, त्यसबाट मान्यको विनावध नै वध हुन्छ । हे धर्मज्ञ ! जस्तो मैले भनें, त्यस्तै तिमी धर्मराजलाई भन । हे पाण्डव ! यी धर्मराजले यस प्रकार 'तँ' भनिएकालाई अनुचित ठाने भने तिमी यिनका चरणमा पर्नू र कुन्तीपुत्र युधिष्ठिर-लाई सान्त्वना दिनू । तिम्रा बुद्धिमान् दाजु धर्म सम्झी तिमीसँग कदापि रिसाउनेछैनन् । हे पार्थ ! 'झूट र भ्रातृवध' ले रहित भई तिमीले खुशीसाथ सूतपूत्र कर्णलाई मार्नुपर्छ ।

सत्यस्य वचनं श्रेयः सत्यादपि हितं वदेत् ।
यद्भूतहितमत्यन्तमेतत् सत्यं मतं मम ॥ -महाभारत शान्तिपर्व

सत्य बोल्नु असल हो, तर यस्तो बोल्नु सत्यभन्दा पनि बढी असल हो जसबाट सब प्राणी-हरूको हित होओस्, किनकि जसबाट सब प्राणीहरूको अत्यन्त कल्याण हुन्छ त्यो मेरो विचारमा सत्य हो ।

यहाँ यो कुरा राम्रोसँग बुझ्नुपर्छ अहिंसा आफ्नो वास्तविक स्वरूपमा तीनै कालमा सत्य हुन्छ । त्यसैकारण, अहिंसाका लागि नियमित सीमासम्म जे भने पनि र जे जसो गरे पनि, त्यो सत्यको रूप नै हुन्छ, किनकि जुनवेला जसका निमित्त जस्तो गरिनुपर्छ या भनिनुपर्छ, त्यही कर्तव्य नै सत्य हो । यसै कुरालाई यहाँ शास्त्रकारहरूले देखाएका हुन्, तर यसलाई सांसारिक लाभ तथा सङ्कट र आपत्तिको वेलाको असत्य-भाषणको समर्थक ठान्ने भूल या धूर्त चलाकी कदापि पनि गर्नु भएन, किनकि यस्तै परेको वेलामा सत्यको परीक्षा हुन्छ । सत्यको महिमा शास्त्रहरूमा अत्यन्तै अधिक बताइएको छ–

अश्वमेधसहस्रं च सत्यं च तुलया धृतम् ।
अश्वमेधसहस्राद्धि सत्यमेव विशिष्यते ।।
आत्महेतोः परार्थे वा नर्महास्याश्रयात् तथा ।
ये मृषा न वदन्तीह ते नराः स्वर्गगामिनः ।।

जो यस संसारमा आफ्नो स्वार्थका लागि, अर्काको स्वार्थका लागि, या हँसी-ठट्टामा पनि कदापि झूटो बोल्दैनन्, त्यस्ता मानिसहरूलाई स्वर्ग प्राप्त हुन्छ । यसैको स्पष्टीकरणका लागि महाभारतमा भनिएको छ– धर्मावतार युधिष्ठिर महाराजले सङ्कटको समयमा एकपटक मात्र 'नरो वा कुञ्जरो वा', 'मानिस अथवा हात्ती' भनेका थिए । त्यसै कारण, जमीनभन्दा चार अङ्गुल माथि चल्ने उनको रथ साधारण रथहरूसरह जमीनमा चल्ने भयो र आखिरमा एक छिनका लागि नरक पनि जानुपऱ्यो । शिखण्डीलाई अगाडि सारी पछाडिबाट वाणहरूद्वारा भीष्म पितामहलाई मारेको फलस्वरूप अर्जुनले आफ्ना छोरा बभ्रुवाहनबाट हार्नुपऱ्यो ।

भीष्म पितामह शरशय्यामा सुतेको बेला भगवान् कृष्णले भन्नुभएको थियो 'युधिष्ठिर ! धर्मका सूर्य अस्ताउन लागिरहेछन् । तपाईंलाई जे जति जान्न मन छ अहिले पितामहसँग सिकि-हाल्नुहोस् ।' सोधेपछि पितामहले भन्नुभयो– 'युधिष्ठिर ! धर्मको ठीक-ठीक तत्त्व श्रीकृष्णबाहेक त्रिलोकमा कोही जान्दैन ।' धर्मस्य तत्त्वं निहितं गुहायाम् । धर्मको तत्त्व साँह्रै गूढ छ । सत्य, अहिंसा, अस्तेय, अपरिग्रह आदि धर्म हुन् र झूट, मारकाट, चोरी आदि पाप हुन् भन्ने कुरा सबै धर्मका सम्प्रदायहरू मान्दछन् । यसलाई साधारण मानिसहरू पनि बुझ्दछन्, चाहे उनीहरू त्यसको पालना नगरून् अथवा गर्न नसकेका होऊन् । तर यति प्रस्ट हुँदाहुँदै पनि धर्मको रहस्य वास्तवमा अत्यन्त गहिरो छ ।

जीवनमा यस्ता अवसरहरू धेरै पटक आउँछन् र धर्मात्मा पुरुषहरूको जीवनमा पनि आउँछन् जुन बेला निर्णय गर्न गाह्रो पर्छ– धर्म (कर्तव्य) के हो ? आज सब मानिसहरूको जीवन स्वेच्छाचारप्रधान भइसकेको छ । जीवनमा धर्मको महत्त्व नै रहन गएन र यो कुरा साह्रै मामूली लाग्न लागेको छ । तर जीवनमा जब धर्माचरण हुन्छ, तब मन अधर्मसँग डराउँदछ र त्यसबेला यो कुरा बुझिन्छ– हरसमय धर्मलाई प्रष्ट चिन्न कति कठिन रहेछ प्रधान पुरुषहरूका लागि !

धर्मराज युधिष्ठिरले जुवामा आफ्नो सम्पूर्ण राज्य हारे । उनले पालैसित आफ्ना भाइहरू-लाई थापे र आफूलाई पनि थापे । प्रत्येक बार उनी हार्दै गए । आखिरमा उनले द्रौपदीलाई पनि दाउमा थापे र त्यो बाजी पनि हारे । दुर्योधनको आदेशबाट दुःशासनले द्रौपदीलाई जगल्टचाई भरिभराउ सभामा घिस्याएर ल्याए । विदुर, भीष्म, कृपाचार्य जस्ता धर्मज्ञ धर्मको त्यस सभामा थिए । द्रौपदीले रुँदै सोधिन्– 'तपाईंहरू सबैले धर्मको निर्णय गरेर भनिदिनुहोस्– म हारिएकी हुँ वा होइन ?'

पति आफ्नी पत्नीको सदा स्वामी हुन्छ । त्यसैले द्रौपदीमाथि धर्मराजको स्वामित्व कायम छ । उनी उनलाई दाउमा थाप्न सक्तथे । यस दृष्टिले विचार गर्ने पक्ष दुर्योधनको पट्टि थियो र त्यसलाई सर्वथा भ्रान्त पक्ष पनि भन्न सकिन्न । तर एउटा अर्को पक्ष पनि थियो । युधिष्ठिरले आफूलाई दाउमा थापी पहिले हारिसकेका थिए । जब उनले स्वयं आफूलाई हारिसकेका थिए भने उनको कुनै वस्तु बाँकी रहेको थिएन । उनलाई द्रौपदीलाई दाउमा थाप्ने अधिकार नै कहाँ बाँकी रहेको थियो ? अनाधिकार उनले कुनै बाजी लगाएका थिए भने त्यो कसरी उचित भयो ? यति विकट र भयानक प्रश्न थियो कि त्यस सभामा कसैले त्यसको निर्णय गर्न सकेन । द्रौपदीका पुका-रको कसैले उत्तर दिएन । सब असमर्थ भए निर्णय गर्न ।

'जहाँ सत्य बोल्नु अनर्थकारी हुन्छ, त्यहाँ चुप रहनुपर्छ' भन्ने कुरा धेरैजसो सुनिन्छ । कतै एउटा दृष्टान्त पढेको थिएँ । घटना सत्य हो वा होइन तर त्यसमा तथ्य छ । एउटी गाई कुनै प्रकार डोरी छिनाएर बधिकहरूका हातबाट फुत्किन् र भाग्दै वनको एउटा पहाडी गुफाभित्र लुकिन् । गुफानिर कुनै मुनि आसन लगाएर बसेका थिए । गाईको पछि लाग्दै आएका बधिकले त्यहाँ पुगेर सोधे– 'तपाईंले यता भागेर आउन लागेकी गाई देख्नुभयो ? त्यो कहाँ गई ?' मुनिले गुफा-मा जान लागेकी गाईलाई देखेका थिए । यो तथ्य बताइदिएको भए अनर्थ हुन्थ्यो । उनी केही बोलेनन् । कुनै संकेत पनि उनले गरेनन् । बधिकहरूले ठाने कि मुनि मौनव्रती हुन् । त्यसैले उनीहरूले गुफाभित्र खोजेर गाईलाई पक्रेर लगे । तो मुनिलाई केही सिद्धिहरू प्राप्त भएका थिए । तो तुरुन्त त्यसै बेला नष्ट भए । आफ्नो गुरुकहाँ उनी गए, गुरुले भने– 'तँलाई गोवधमा मतियार भएको पाप लागेको छ । झूटो बोलेर तँ गाईको प्राण बचाउन सक्थिस् । त्यो तैंले गरिनस् । अब तैंले प्रायश्चित्त गर्नुपर्छ ।'

'कहिलेकाहीं दुई या बढी खराबीहरूमा एउटालाई छानु अनिवार्य भइदिएमा कुनलाई छान्ने हो' भन्ने निर्णय गर्नलाई सान्है सूक्ष्म तथा सतर्क विचार-दृष्टिको आवश्यकता पर्छ। अश्वत्थामा हतो हतः नरो वा कुञ्जरो वा धर्मराज युधिष्ठिरले भनेका थिए, र जानी-जानी भनेका थिए। उनले अश्वत्थामा हतः भन्नेबित्तिकै मानिसहरूले शङ्ख बजाउन शुरु गरे। युधिष्ठिरका पछिल्ला शब्दहरू शङ्खध्वनिमा बिलाए र द्रोणाचार्यले सुनेनन्। सशरीर स्वर्ग गए तापनि, यस असत्य भाषणको फलस्वरूप युधिष्ठिरले नरक-दर्शन गर्नुपऱ्यो। गहना कर्मणो गतिः। १४९

युधिष्ठिरलाई यस्तो छल वाक्य किन बोल्नुपऱ्यो ? यसकारण कि द्रोणाचार्य धर्मयुद्धको उल्लङ्घन गर्दै गइरहेका थिए। उनी त्यस्तामाथि पनि दिव्यास्त्रको प्रयोग गरिरहेका थिए, जो दिव्यास्त्रका ज्ञाता थिएनन्। यो हतियाररहित मानिसलाई मार्नुसरहको कुरा थियो अथवा हातमा लट्ठी मात्र भएका मानिसहरूमाथि तोपका गोलाहरू बर्साउनुको उपमा यसलाई दिन सकिन्छ। द्रोणाचार्यको हातमा शस्त्र रहेसम्म उनी मारिन सक्तैनन् र आफ्नो एक्लो छोरा अश्वत्थामाको मरणको समाचार मात्र उनलाई शस्त्रत्याग गराउन सक्तथ्यो। द्रोणलाई अधर्मबाट निवारण गर्न उनीद्वारा अधर्मपूर्वक हुन लागेको संहारलाई रोक्न श्रीकृष्णले त्यो छलवाक्य बोल्न युधिष्ठिरलाई बाध्य गरेका हुन्।

अब यस घटनाबारे केही गम्भीरतापूर्वक विचार गरौं। युधिष्ठिरले यस्तो दोधारे वाक्य नबोलेका भए के हुन्थ्यो ? उनी नरक-दर्शन गर्नबाट जोगिन्थे भनी यो तपाईं भन्न सक्नुहुन्छ। तर श्रीकृष्णको आदेशको भङ्ग गर्ने अपराध गर्थे उनी। आफ्नो तरफका र दिव्यास्त्रको ज्ञानले रहित आफ्ना आशामुखी मानिसहरूको विनाशलाई रोक्ने दायित्व उनीमाथि थियो। यस जिम्मेवारी-लाई पूरा गर्न नसकेको कारणबाट ती सब मानिसहरूको मृत्युले जुन पाप भइरहेको थियो आंशिक रूपमा त्यसको भागी उनी हुन्थे। हातमा शस्त्र रहुन्जेल म मारिनेछैन भन्ने द्रोणाचार्यको व्रत अर्थात् मर्यादालाई भङ्ग गरी मार्नुपर्ने हुन्थ्यो। आचार्य मारिए तापनि असम्मानित भएर मारिन्थे। नरक-दर्शनको अलिकति कष्ट सहेर भए पनि उनी यी सब अनर्थहरूबाट बचे। यहाँसम्म हाम्रो दृष्टि पुगेमा, धर्मको यथार्थ रहस्य श्रीकृष्ण मात्र बुझ्नुहुन्छ भनी भीष्मपितामहले भनेकोले त्यो कुरा अवश्य मगजमा चढ्न सक्तछ।

हामीहरूको जीवनमा पनि यस्ता अनेक अवसरहरू आउँछन्। जब कर्तव्यको ठीक-ठीक बोध हुन्न र दुईटामध्ये कुन धर्मको पालना गर्ने भन्ने निर्णय आफ्नो बुद्धिबाट हुन सकेन भने त्यसबेला के गर्नुपर्छ ? आफूभन्दा बढी बुद्धिमान्, सदाचारी तथा धर्मात्मा मानिसको राय लिनुपर्छ र उनका आदेशको पालना गर्नुपर्छ। तर सम्मति लिनुपर्छ धर्ममा निष्ठावान् व्यक्तिको। केवल विद्वान् र बुद्धिमान् यस सम्बन्धमा राय दिने अधिकारी होइन।

युद्ध र प्रेममा नियम हुँदैन, तर प्रेमभन्दा युद्धको रङ्गरूप र नीति विचित्र हुन्छ। सजिलो-सँग बुझिंदैन। भीष्मपीतामहले कौरवहरूको सेनापतिको पद स्वीकार गरी लडाइँ थाले, तर उनको

प्रभावले काम दिन नलाग्दा, दुर्योधनले प्रशस्त तीतो-मीठो पोखी उनलाई जोश्याए । भीष्मले उसै-दिन प्रतिज्ञा गरे – भोलि उनी पृथ्वीलाई पाण्डवरहित पार्नेछन् । भीष्मको यो कठोर प्रतिज्ञा सत्य प्रतिज्ञा ठहरियो । त्यसैदिन कृष्ण युद्धविरामपछि द्रौपदीलाई लिएर रातमा भीष्मको शिविरमा पुगे । आफू बाहिर उभिरहे र द्रौपदीलाई भित्र गएर ढोगेर आउन अन्हाए । चुराको आवाज सुनेर भीष्म सौभाग्यवती भव भनी आशीर्वाद दिन पुगे । श्रीकृष्णको यो युक्ति पछि भीष्मको समझमा आयो ।

स्वास्नीमानिसहरूसँग भीष्म लडाइँ लड्दैनन् भन्ने कुरा भीष्मबाट नै थाहा पाइएपछि र सोझै उनको वध गर्न सम्भव नहुँदा भीष्मको वध गराउन शिखण्डीलाई सम्मुख पार्नु आवश्यक भइदियो ।

त्यस जमानामा आजकालको जस्तो अविश्वासी समय थिएन । प्रत्यक्ष युद्ध सूर्य अस्ताउना-साथ रोकिन्थ्यो र सूर्य उदाउन्जेल दुवै पक्ष एक-अर्कालाई भेट्ने र कुराकानी पनि गर्ने गर्थे । भीष्मले युद्धमा यति पौरख देखाए कि शस्त्र उठाउनेछैन भन्ने आफ्नो प्रतिज्ञा तोडी श्रीकृष्ण चक्र उठाएर दौडे । तर भीष्मले यो कहिल्यै भनेनन्– कृष्णले यो अधर्म गरे, किनकि उनलाई थाहा थियो कि धर्मको ठीक ठीक तत्त्व श्रीकृष्ण मात्र जान्दछन् ।

यस्तै एउटा प्रसङ्ग कर्ण र अर्जुनको युद्ध परेको बेला आयो । अधर्मी शत्रु सङ्कटमा फँसेपछि त्यसबाट पूरा फाइदा लिनु धर्म नै हो । रथको पांग्रा जमिनमा धसिएकोले कर्ण त्यसलाई उठाउन लाग्नेबित्तिकै उसलाई मार्न श्रीकृष्णले अर्जुनलाई आदेश दिइहाल्नुभयो । त्यसबेलाको कर्ण र श्रीकृष्णको संवाद बडो मार्मिक छ ।

अर्जुनलाई कर्णले भने– 'महाधनुर्धर पार्थ ! जमीनमा फँसेको रथको पांग्रा झिकुन्जेल पर्खिदेऊ । दुर्भाग्यले मेरो यो पांग्रा भुइँमा धसिएको छ । म यस बेला विलक्षण सङ्कटमा परेको छु । त्यसैले पांग्रा माथि नउठाउन्जेल मलाई बाण प्रहार नगर । निन्द्य मानिसहरूको जस्तो व्यवहार तिमीलाई शोभा दिंदैन । कौन्तेय ! युद्ध गर्न तिमी विश्वप्रसिद्ध छौ । त्यसैले पाण्डव ! तिम्रो हातबाट विशिष्ट काम मात्र हुनुपर्छ, कुनै प्रकारको निन्दनीय कर्म होइन । अर्जुन ! साधुव्रतधारी सज्जन वीर पुरुषहरू कैदी, युद्ध-विमुख, हात जोड्ने, शस्त्र त्यागिसकेको, भागिरहेको, बाणहीन, कवच भाँच्चिएको, हतियार भाँच्चिएको तथा हतियार बिग्रेको र ब्राह्मणहरूलाई कहिल्यै शस्त्र तान्दैनन् । पाण्डव ! तिमी सबै लोकहरूमा अत्यन्त सूरो र सज्जनशील छौ । वेदान्त-सिद्धान्त तिमीलाई रास्रो-सँग थाहा छ । तिमी दिव्य अस्त्रका जानीफकार छौ र युद्धमा तिम्रो कार्तवीर्यको जस्तो असीम पराक्रम छ । तिमी रथमा छौ, जबकि म भुइँमा उभिएको छु । त्यसो त, म तिमीसँग या श्रीकृष्णसँग डराउन्नँ । तिमी क्षत्रिय कुलमा जन्मेर महान् कुलवर्धक छौ । त्यसैले मैले रथको यो पांग्रा माथि नउठाउन्जेल मलाई बाण नहान । यो म तिमीलाई बारम्बार भनिरहेको छु ।'

यो सुनेर अर्जुनको सारथिको काम गर्ने भगवान् वासुदेवले भन्नुभयो– 'राधेय ! आज तिमीलाई धर्मको याद भइरहेछ । म यसलाई अहोभाग्य ठान्छु । नीच मानिसहरू कुकर्मको समुद्रमा चुर्लुम्म भएपछि दैवलाई सम्झने गर्दछन् । तर उनीहरूलाई आफ्नो निन्द्य कर्म याद रहँदैन । रे कर्ण ! दुर्योधन, दुःशासन, शकुनि र तिमी चार मिलेर एकवस्त्रा र रजस्वला द्रौपदीलाई घिसारेर सभामा ल्यायौ । उसबेला तिमीलाई तिम्रो यो धर्मको याद भएन ? कर्ण पाशा खेल्न नजान्ने धर्मराजलाई झेल गरी शकुनिले जुवामा जितेको बेला तिम्रो धर्म कहाँ गएको थियो ? बाह्र वर्षको वनबास र एक वर्ष गुप्तबास बिताइसकेपछि पनि तिमीहरूको धर्म कहाँ गयो ? कर्ण ! तिम्रो सल्लाहबाट जुनबेला दुर्योधनले भीमसेनलाई विष मिसाएको अन्न खुवाएथे र पानीमा खसालेका थिए, त्यस समयमा तिम्रो धर्म कहाँ गएको थियो ? राधापुत्र ! वारणावतमा पाण्डवहरू सुतेको लाहाको घरमा जब तिमीहरूले आगो लगाएका थियौ, तब तिम्रो धर्म कहाँ गएको थियो ? पर सरेकी द्रौपदी-लाई दुःशासनले हात हाल्दा तिमी सभामा खूब खित्का छाडी हाँसिरहेका थियौ । त्यस समय तिम्रो धर्म कहाँ थियो ? नीचहरूले निरपराधा द्रौपदीको अनेक तरहको बेइज्जति गरे र तिमी त्यहाँ भएर पनि त्यो आँखा तानी हेरी बसेका थियौ । त्यस बखत तिम्रो धर्म कहाँ थियो ? 'सबै पाण्डवहरू सखाप भइसके । सधैंका लागि नरकमा खसिसके । अब तँ अर्को लोग्ने छान्' – यो फलाकी जब तिमीले ती गजगामिनीको अपमान गरेथ्यौ तब तिम्रो धर्म कहाँ गएको थियो ? राधासुत ! राज्यको आशाले लालची तिमीले जुन बखत शकुनिको आडमा पाण्डवहरूलाई जुवाका निम्ति निम्त्याएका थियौ, त्यस बखत तिम्रो धर्म कहाँ गएको थियो ? जुनबेला तिमी जस्ता अनेकौं महारथीहरू मिली युद्धमा एक्लो बालक अभिमन्युको हत्या गरी छाड्यौ, त्यसबेला तिम्रो धर्म कहाँ गएको थियो ? ' १५१

'जब, उस समय तिमीहरूले धर्मतिर फर्केर पनि हेरेनौ भने तब, अहिले धर्म-धर्म भनेर गला सुकाएर के फाइदा ? कर्ण ! आज तिमी धर्मका बखान जतिसुकै गरे पनि जीवित रहन पाउँदैनौ । महाराज नललाई पुष्करले जुवामा जितेका थिए, तर उनले आफ्नो पराक्रमद्वारा फेरि राज्यश्री र कीर्ति कमाए । त्यसै प्रकार पाण्डवहरू पनि आफ्नो पराक्रमद्वारा र चन्द्रवंशीको सहायताद्वारा ठूलठूला शत्रुहरूलाई समाप्त पारी आफ्नो राज्य फिर्ता लिइछाड्नेछन् । यी धर्मरक्षित नरश्रेष्ठ पाण्डवहरूबाट कौरवहरूको सर्वनाश नभई छाड्दैन ।'

यहाँ यो कुरा बुझिराख्नुपर्दछ कि यस्ता परिस्थितिहरू धर्म-सङ्कटअन्तर्गत मानिन्छन् । आपत्काले मर्यादा नास्ति भन्ने उखान पनि छ । जीवनमा हरहमेसा यस्ता कुराहरूको भरोसा मानेर हिंड्नु हुन्न । त्यो सदाचार नभई धर्ममर्यादाको विपरीत हुने कदाचार भइदिन्छ । हाम्रो आफ्नै जीवनमा यस्ता अनेक अवसर आउँछन् । ठीक-ठीक धर्म (कर्तव्य) सुझेन, दुई धर्म- (कर्तव्य)-मध्ये कुनचाहिं लिने भन्ने निर्णय आफ्नो बुद्धिले गर्न नसके भने आफूभन्दा अधिक बुद्धिमान्, सदाचारी, धर्मात्मा पुरुषको सम्मति लिनुपर्छ र उनको आदेशको पालन गर्नुपर्छ; तर सम्मति लिंदा धर्ममा निष्ठा राख्ने पुरुषबाट लिनुपर्छ; केवल विद्वान्-बुद्धिमान् यस सम्बन्धमा सम्मति दिने अधिकारी

होइनन् तर अनेक पटक तुरुन्त निर्णय गर्नुपर्ने हुन्छ र राय-सल्लाह लिने अवसर हुँदैन र जोसँग सम्मति लिइनुपर्छ त्यस्तो कुनै पुरुष पनि नजीक फेला पर्दैन भने यस्तो अवस्था आइपरेमा एउटा सजिलो उपाय पनि छ । कार्पण्यदोषोपहतस्वभावः पृच्छामि त्वां धर्मसम्मूढचेताः । १५२

यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं साधि मा त्वां प्रपन्नम् ।।

नेत्र बन्द गरी पार्थसारथि श्रीकृष्णलाई सम्मुख सम्झी गीताको यस श्लोकलाई सातपटक एकाग्र चित्तले पाठ गर्नुहोस् । तपाईंले के गर्नुपर्छ सो कुराको सूझ आउँछ । भगवान् प्रकाश दिनुहुन्छ ।

यस्तो धर्मसङ्कटकालिक अवस्थालाई मात्र आफ्नो जीवनको बाटो बताउने विधि मात्रु हुन्न । जुन महापुरुषहरूको जीवनका यी घटनाहरू हुन्, ती महापुरुषहरूको धर्मनिष्ठा र कर्तव्य-परायणताका राम्रा, शिक्षाप्रद घटनाहरू पनि छन् । हामीहरूले तिनलाई नै आफ्नो जीवनको पथ-प्रदर्शक बनाउनुपर्छ । यही वैधानिक बाटो हो र निषेधात्मक बाटो हिंड्नु हुँदैन । आदर्श घटनाहरू यसप्रकार छन्:–

धर्मपुत्र युधिष्ठिर– 'धर्मपुत्र युधिष्ठिर ! तिमीले तुरुन्त कौरवहरूसँग लड्नुपरेको छ । नकुल या सहदेव के सहायता गर्लान् तिमीलाई ? प्रचण्ड पराक्रमी भीमसेन या बेजोड अस्त्रज्ञ अर्जुनको जीवन तिमी किन माग्दैनौ ?' – यक्षले युधिष्ठिरलाई सोध्यो ।

जुवाको खालमा हारेका पाण्डवहरू वनमा भौंतारिइरहेका थिए । प्यासले छटपटिई पानीको खोजीमा उनीहरू एक-एक गरी तलाउमा आइपुगेका थिए । कुनै यक्ष भन्दै थियो–'मेरा प्रश्नहरूको उत्तर दिएर पानी लिनू, नभए मर्नेछौ ।' कसैले यक्षको कुरामा ध्यान दिएन । सब मरेर लडेका थिए तलाउको किनारामा । आखिरमा युधिष्ठिर आइपुगे । यक्षका प्रश्नहरूको जवाफ दिएर उसलाई सन्तुष्ट पारे । यक्षले एउटा भाइलाई जीवित पार्न स्वीकार गरेपछि नकुललाई जियाउने कुरा गरे ।

अगाडिका लागि जो प्रारब्धमा लेखिएको छ, त्यो हुने नै छ, तर मरी दुई आमामध्ये आमा कुन्तीको छोरा म जिउँदो छु र अर्की आमा माद्रीको वंशको पनी रक्षा होस् भन्ने कारणले तपाईं नकुललाई जीवित पारिदिनुहोस् ।

उत्तीर्ण भए धर्मपरीक्षामा धर्मपुत्र । यक्षको रूपमा त स्वयं उनका पिता धर्म थिए । युधिष्ठिरका सबै भाइहरूलाई जीवन त मिल्नु नै थियो । युधिष्ठिरकै अन्तिम जीवनको अर्को घटना छ । 'यो कुकुर मसँग आएको हो र म सहयात्रीलाई छाड्न सक्तिनँ । यसलाई पनी बसाउनुहोस्

विमानमा ।' युधिष्ठिरको बिन्ती सुनेर देवराज इन्द्रलाई हाँसो उठ्यो, के अचम्मको कुरा ! स्वर्गमा कहीं कुकुर जान सक्छ ? 'यसलाई छाडेर त म जान तैयार छैन । आफ्नो आधा पुण्य म यसलाई अर्पण गर्छु' – युधिष्ठिर आफ्नो निश्चयमा अडिग भए ।

राज्य त्यागी हिमालयमा अवधूत बनेर आए । रानी द्रौपदी र पालैसित चारै भाइ बाटामा लडे र उनीहरूलाई फर्केरसम्म हेरेनन्, तर कुकुर आश्रित हो र आश्रितलाई त्याग कसरी गरून् धर्मराज ! कुकुरभेषधारी धर्म आफ्नो अंश तो मानव धर्मराजसँग कति गद्गद भए होलान्, भन्नुपर्ला र ?

धर्मनिष्ठ कर्ण

'भोलि नै चक्रवर्ती पदमा तिमीलाई अभिषेक गर्नुपर्छ । युधिष्ठिर तिम्रो पछाडि उभिएर तिमीलाई छाता ओढाउलान् र अर्जुन र भीमसेन चमर हम्कलान् । नकुल, सहदेव तथा म तिम्रो आज्ञाको पालन गरौंला । तिमी कुन्तीका जेठा छोरा मसँग हिंड र आफ्नो अधिकार प्राप्त गर ।' पाण्डवहरूको सन्धिदूत बनेर श्रीकृष्ण हस्तिनापुर आए र असफल भई जब फर्कन लागे, त्यसबेला कर्णलाई केही परसम्म आफ्नो रथमा बसाई यी कुरा बडो प्रभावकारी ढङ्गले श्रीकृष्णले भने । 'मधुसूदन ! मलाई थाहा छ, म देवी कुन्तीको जेठो छोरा हुँ र यो पनि जान्दछु – धर्मपुत्र युधिष्ठिर यो थाहा पाउने-बित्तिकै मेरो गोडा पर्नेछन्' – महामनस्वी कर्ण भनिरहेका थिए– 'तर जनार्दन ! मेरो बिन्ती छ; यो कुरा युधिष्ठिरलाई नभन्नुहोला । दुर्योधनले मेरो त्यसबेला सम्मान गऱ्यो, जब मेरो कोही आफन्त थिएन । उसले मलाई अपनायो, राज्य दियो, र मेरो भरोसाले ऊ युद्ध गर्न तयार भएको छ । म उसलाई छाड्न सक्तिनँ । कर्ण विश्वासघात गर्न सक्तैन, पुरुषोत्तम !'

उदारमना शल्य 'यहाँलाई कुनै तकलीफ त भएन बाटोमा ?' उदारमना मद्राधिपति शल्य छक्क भए उस समय जब हस्तिनापुर पुग्दा दुर्योधनले उनको सेवामा उपस्थित भएर यो प्रश्न सोधे ।

माद्रीका सहोदर भाइ, नकुल-सहदेवका मामा शल्य नामी शूर थिए । दुई अक्षौहिणी सेनाका साथ पाण्डवहरूलाई सहायता गर्न मद्रदेशबाट हिंडेका थिए । ठाउँ-ठाउँमा बाटोमा उनले विश्राम-शिविर भेटे । ती शिविरहरूमा खटिएका सेवकहरूले शल्य र उनको सेनाको राम्रोसँग सत्कार गरे । त्यो व्यवस्था युधिष्ठिरको हो भन्ने शल्यको मनमा परेको थियो । तर पाण्डव निश्चित थिए– मामाज्यू त आफ्नो पक्षमा अवश्य पाल्नु नै होला ।

'सेवकले त कर्तव्यको पालन गऱ्यो' दुर्योधनले सो सब व्यवस्था आफूले गरेको हो भन्ने कुरा सुनाइदियो र त्यसैले शल्यले आफ्नो इच्छाविपरीत कौरवको पक्षमा लागी युद्ध गर्नु आफ्नो कर्तव्य ठाने । उनी पाण्डवपक्षमा गएको भए दुवैतर्फको सेनाको संख्याको बल बराबर हुन्थ्यो, तर . . . ।

सम्राट् अशोक – 'सम्राट् अशोकको जय !' रक्तले नुहाएको सेनापतिले सामुन्ने आएर टाउको निहुराएर भन्यो– 'श्रीमान् जीत भयो । 'विजयी हुनुभयो श्रीमान्'– एक्कासी एउटा तेजिलो सौम्य पहेंलो चीवरधारीको स्वर पनि एकपट्टिबाट आयो । प्रचण्ड अशोकले देखे– भिक्षुको स्वरमा व्यङ्ग्य थिएन । उसका आँखामा अपार करुणा थियो र ऊ भनिरहेको थियो, 'कलिङ्गका शौर्यका लाश तड्पिरहेका छन् र जन्मभूमिको गौरव बचाउन जसले कोशिश गरे तिनलाई कुकुर र गिद्ध लुछिरहेछन्, श्रीमान्को विजयोत्सव मनाइरहेका छन्– यी स्याल, यी गिद्ध र यी कुकुरहरू । लोग्ने मरी विलाप गरिरहेका सतीहरू, पुत्र-वियोगले रोइरहेका आमाहरू तथा भ्रातृविछोडले क्रन्दन गरिरहेका दिदी-बहिनीहरू ! यी सबैको चीत्कार श्रीमान्को विजयको घोषणा हो । श्रीमान् विजयी हुनुभयो, यी लाशहरूमाथि, यस रक्ताम्य धर्तीमाथि र यस खण्डहरहरूको भूमि कलिङ्गमाथि ...।'

'भो, भिक्षु भो!'– चिच्याएर उठे अशोक । रणदुर्मद सम्राट्ले थुतेर फाले कम्मरका हतियारहरू र उसै युद्धभूमिमा प्रतिज्ञा गरे–'अशोक अहिलेदेखि हिंसालाई त्याग्छ । अहिंसाका निमित्त हुनेछ अशोकको बाँकी जीवन ।'

सम्राट् हर्षवर्धन– श्रीगङ्गा-यमुनाको सङ्गमस्थली र कुम्भको पुनीत पर्व– प्रत्येक कुम्भ एवं अर्धकुम्भको पवित्र पर्वमा सम्राट् हर्षवर्धन केवल स्नान या दर्शनको पुण्य प्राप्त गर्नका लागि मात्र आउँदैनथे, उनको सर्वस्वदानको पर्व हुन्थ्यो त्यो कुम्भ । सर्वस्वदान, अन्न वस्त्र, सुन, मणि, गहना, रथ, घोडा, आफ्नो जे-जति सर्वस्व थियो सबै, यहाँसम्म कि लगाएका गहना र शरीरका लुगासमेत दान दिने ती महामानव !

कुम्भको अपार भीड देखिरहेको थियो–भारतको यो सम्राट् आफ्नो अन्तिम वस्त्रसम्म दान गरी बहिनी राज्यश्रीसँग मागेर एउटा धरो कम्मरमा बेरी प्रयागबाट बिदा भएको । आजको भोको संसारको कल्पनामा सो महान् आदर्श कसरी आउला ?

यहाँ यो कुरा राम्ररी बुझ्नुपर्छ–अहिंसा आफ्ना वास्तविक रूपमा तीनै कालमा सत्य छ, अर्थात् सत्यको परिपूरक छ । अतः अहिंसाका लागि नियमित सीमासम्म जेसुकै गरियोस् र भनियोस् त्यो गर्नु र भन्नु सत्य रूप नै हो । किनभने जुनवेला जसका निमित्त जस्तो गर्नुपर्छ वा भन्नुपर्छ त्यही कर्तव्य सत्य हो । यसै कुरालाई यहाँ शास्त्रकारहरूले देखाएका छन् । तर यसैको आडमा सांसारिक लाभका लागि वा सङ्कट -आपत्तिको समयमा असत्य भाषण गर्नुपर्छ भन्ने भूल या बठ्याइँ कदापि गर्नु हुँदैन, किनभने यस्तै वेलामा सत्यको परीक्षा हुने गर्छ । साना-तिना कुरामा 'नरो वा कुञ्जरो वा'को आड लिएर आफ्नो अन्तःकरण र व्यवहारलाई दूषित पार्नु हुँदैन । नरो वा कुञ्जरो वा भन्ने महा-पुरुषहरूको जीवनका अन्य आदर्शहरू पनि हेर्नुपर्छ ।

सदाचार तथा सद्व्यवहारको महत्त्व जति धार्मिक दृष्टिबाट छ, आयुर्वेद या स्वास्थ्य-शास्त्रको दृष्टिबाट पनि त्यति नै छ । आयुर्वेदमा भनिएको छ– आहार, आचार, विचारको समुचित

प्रयोग न सुखहरूको कारण हो। वास्तवमा सांसारिक सुखहरूमध्ये आरोग्य सबभन्दा ठूलो छ। रोग नै दुःख हो। सुखसंज्ञकमारोग्यं विकारो दुःखमेव च। रोगलाई हटाउने या लाग्न नदिने तरीका बताउनु आयुर्वेद र धर्मशास्त्र दुवैको समान उद्देश्य रहेको छ। शरीरमाद्यं खलु धर्मसाधनम्।

शरीरं सत्त्वसंज्ञं च व्याधीनामाश्रयो मतः। -चरक-सू. १।२७
तथा सुखानां योगस्तु सुखानां कारणं समः॥

महर्षि चरक भन्नुहुन्छ कि शरीर र मन यी दुवैलाई रोगहरूको आश्रय मान्नुपर्छ र सुख (आरोग्य)-को आश्रय पनि यिनैलाई।

अविकृत वात, पित्त तथा कफ शरीरलाई धान्दछन्। जुन बखत यी मिथ्या आहार-विहार-बाट विकृत हुन्छन्, त्यस समय 'रोग या दुःखका कारण' हुन गई शरीरलाई नाश गर्दछन्। त्यस्तै रजोगुण र तमोगुण मनका दोष हुन्। जब विकृत हुन्छन्, त्यस बखत यिनले मनलाई रोगी बनाइ-दिन्छन्। शारीरिक तथा मानसिक दोषहरूको सम अवस्था नै आरोग्य या सुख हो। यिनीहरूको विषमता नै रोग या दुःख हो।

रोगस्तु दोषवैषम्यं दोषसाम्यमरोगता।
वायुः पित्तं कफश्चोक्तः शरीरो दोषसंग्रहः॥
मानसः पुनरुद्दिष्टो रजश्च तम एव च। -च.सू. १।२८

विकृत भएका शारीरिक दोषहरू र मानसिक दोषहरूलाई साम्य अवस्थामा ल्याइदिनु नै आयुर्वेद र धर्मशास्त्रको लक्ष्य हो। चरकले शारीरिक र मानसिक रोगहरूबाट छुटकाराको उपाय यसप्रकार बताएका छन्- प्रशाम्यत्यौषधैः पूर्वो दैवयुक्तिव्यपाश्रयैः।
मानसो ज्ञानविज्ञानधैर्यस्मृतिसमाधिभिः॥ -च.सू. १।२९

शरीरका रोगहरू दैव र युक्तिमा आश्रित औषधिहरूको प्रयोगहरूबाट शान्त हुन्छन् र मनका रोगहरू ज्ञान, विज्ञान, धैर्य, स्मृति, समाधि आदि मानसिक उपायहरूबाट शान्त हुन्छन्।

मन रोगी र शरीर निरोगी या शरीर स्वस्थ र मन अस्वस्थ कहिल्यै एक साथ रहँदैनन्। दुवै एक अर्कामाथि निर्भर हुन्छन्। त्यसैले दुवैको उपचार बताउनु आयुर्वेदको लक्ष्य हो। यही कारण

हो कि आहार, आचार-विचार, व्यवहार र दिनचर्याको सम्बन्धमा आयुर्वेद र धर्मशास्त्र एउटै मतका भएका छन् । मानिसलाई सुख प्राप्त गराउनु दुवैको लक्ष्य हो–

सुखार्थाः सर्वभूतानां मताः सर्वाः प्रवृत्तयः ।
सुखं न च विना धर्मात् तस्माद् धर्मपरो भवेत् ।।

सब प्राणीहरूको प्रवृत्ति सुखका निमित्त नै हुन्छ । सुख धर्मको पालनबिना मिल्दैन । अतः सुख चाहनेहरूले धर्मपरायण हुनुपर्छ ।

अधार्मिको नरो यो हि यस्य चाऽप्यनृतं धनम् ।
हिंसारतश्च यो नित्यं नेहाऽसौ सुखमेधते ।। -मनु. ४।१७०

जुन मानिस अधर्मी छ, झूठ बोल्नु नै जसको धन कमाउने बाटो हुन्छ, र जो मन, वचन तथा कामले अर्काको हिंसा गर्छ अथवा प्राण लिन्छ, त्यो यस संसारमा कहिल्यै सुखी हुन सक्तैन ।

नाऽधर्मश्चरितो लोके सद्यः फलति गौरिव ।
शनैरावर्तमानस्तु कर्तुर्मूलानि कृन्तति ।। -मनु. ४।१७२

जमीनमा रोपिएका बीउहरू तुरुन्त फल्दैनन्, तर याम भएपछि बिस्तारै बढ्दै जब रूखको रूपमा फस्टाउँछन् तब मात्र फल्दछन् । अधर्मको बोटको स्वभाव पनि यस्तै हुन्छ । त्यो तत्काल फल्दैन र तब ठूलो भएर फल्छ जब त्यसले गर्नेको जरोलाई नै काट्छ ।

अधर्मेणैधते तावत् ततो भद्राणि पश्यति ।
ततः सपत्नान् जयति समूलं च विनश्यति ।। -मनु.४।१७४

अधर्मले शुरूमा त मानिस एक पटक सप्रन्छ । फेरि मोज, सोख र आनन्द पनि गर्दछ र आफ्ना स-साना शत्रुहरूलाई धनको बलले जित्छ पनि, तर आखिरमा जीउ, धन र सन्तान आदि सहित त्यसको जरो मासिन्छ । दुराचारो हि पुरुषो लोके भवति निन्दितः ।
दुःखभागी च सततं व्याधितोऽल्पायुरेव च ।।

दुराचारी मानिस संसारमा निन्दित ठहरिन्छ, सधैं दुःख भोग्छ, रोगी रहन्छ र छोटो आयुको हुन्छ । तर

सर्वलक्षणहीनोऽपि यः सदाचारवान् नरः ।
श्रद्धालुरनसूयश्च शतं वर्षाणि जीवति ॥ -मनु. ४।१५८

सब शुभ लक्षणरहित मानिस पनि यदि सदाचारी छ, ईश्वर तथा धर्मशास्त्रमा श्रद्धा राख्छ तथा अरूका अवगुणको चेवा-चर्चा गर्दैन भने त्यो सय वर्षसम्म बाँच्दछ । यति मात्र होइन, त्यसको अतिरिक्त सदाचारको पालनाले रोगहरू आइलाग्दैनन्–

ईर्ष्याशोकभयक्रोधमानद्वेषादयश्च ये ।
मनोविकारास्तेऽप्युक्ताः सर्वे प्रज्ञापराधजाः ।
त्यागः प्रज्ञापराधानामिन्द्रियोपशमः स्मृतिः ।
देशकालात्मविज्ञानं सद्वृत्तस्याऽनुवर्तनम् ॥
आगन्तूनामनुत्पत्तावेष मार्गो निदर्शितः ।
प्रज्ञाः प्रागेव तत् कुर्याद्धितं विद्याद् यदात्मनः ॥ -च.सू. ७।२५।२७

ईर्ष्या, शोक, भय, क्रोध, मान, द्वेष आदि सब मनका रोग हुन् जो प्रज्ञापराधहरूबाट जन्मन्छन् । प्रज्ञापराधको त्याग, इन्द्रियहरूको उपशम, धर्मशास्त्र र आयुर्वेदका उपदेशहरूको वास्ता, देश, काल र आत्माको विज्ञान, सद्वृत्तिको पालना–यी सब आइलाग्ने रोगहरूबाट बच्ने उपायहरू हुन् । रोग लाग्नुभन्दा पहिल्यै, बुद्धिमान् मानिसहरूले आफ्नो हितका यी उपायहरूको पालन गरिहाल्नुपर्छ जसले गर्दा आगन्तुक रोग लाग्न नसकोस् । आयुर्वेदमा आयुको रक्षाका निमित्त महर्षि चरकले यसप्रकार बताउनुभएको छ–

हितं जनपदानां च शिवानामुपसेवनम् ।
सेवनं ब्रह्मचर्यस्य तथैव ब्रह्मचारिणाम् ॥
संकथा धर्मशास्त्राणां महर्षीणां जितात्मनाम् ।
धार्मिकैः सात्त्विकैर्नित्यं सहावास्यं वृद्धसम्मतैः ॥
इत्येतद् भेषजं प्रोक्तमायुषः परिपालनम् ॥ -च.वि. ३।८–९–१०

मङ्गलमय, स्वास्थ्यप्रद शान्त देशहरूमा वास, ब्रह्मचर्यको पालन, ब्रह्मचारीहरूको सेवा, धर्मशास्त्रका कथाहरूको र जितात्मा महर्षिका चरित्रहरूको श्रवण, पठन र मनन गर्नु तथा ज्ञानवृद्ध, वयोवृद्ध, धार्मिक र सात्त्विक मानिसहरूबाट प्रशंसा प्राप्त सात्त्विक एवं धार्मिक पुरुषहरूको सत्सङ्गत गर्ने चेष्टा–यी सब आयुको परिपालन गर्ने उत्तम औषधिहरू हुन् ।

महामारीको वेला, देश, काल, जल र वायु दूषित भएर सामूहिक रूपमा नरसंहार भइदिन्छ र देशका देश उजाड हुन्छन्। देश, काल, जल र वायुमा सँगसँगै विकृति हुनुको कारण सामूहिक अधार्मिक आचरण नै हो।

महर्षि चरक फेरि भन्नुहुन्छ– अग्निवेश ! यी वायु आदि सबै एकैसाथ दूषित हुनाको मूल कारण अधर्म हो, यस अधर्मको जरो असत् कर्म हो। अधर्म र असत्कर्मको मूल जरो प्रज्ञापराध नै हो। जुनवेला देश, नगर र निगमका प्रमुख अधिकारीहरू धर्मको उल्लङ्घन गरेर प्रजासँग अधर्मको व्यवहार गर्छन्, त्यस स्थितिमा तिनीहरूका आश्रित र आशामुखी तल्लो तहका कर्मचारी र कामदारहरू, जनपदका बासिन्दाहरू तथा व्यापारीहरू त्यस अधर्मलाई फैलाउँछन्। त्यस अधर्मले धर्मलाई जबर्जस्ती छोप्छ। जब मानिसहरूमा धर्म लोप हुन्छ र उनीहरूमा अधर्मको प्रधानता कायम हुन आउँदछ, तब उनीहरूका अनेकौं रक्षक आधिभौतिक तथा आध्यात्मिक देवताहरू उनीहरूलाई त्यागिदिन्छन्। ऋतुहरूको स्वभाव बदलिन्छ। यथाकाल वर्षा हुँदैन अथवा पानी नै पर्दैन या विकृत वर्षा भएर बाढी आउँछ। वायु विकृत भएर चल्छ, पृथ्वी विपन्न हुन्छ। पानी सुक्दछ। औषधिहरू आफ्नो स्वभाव छाडेर विरुद्ध गुण भएका हुन्छन्। बिग्रेको हावा इत्यादिको स्पर्श तथा अशुद्ध खाद्यान्नको आहाराले देशका देश एकैसाथ महामारी फैलिएर सखाप हुन्छन्।

युद्धजन्य नरसंहारको कारण पनि अधर्म नै हो। जब मानिसहरूमा मर्यादा उच्छिन्ने खालको अत्यधिक लोभ, रिस, मोह र अभिमान बढ्दछ, तब प्रबल शक्तिशालीहरू शक्ति र धनको बलले निर्धा र गरीबहरूको बेवास्ता गर्दछन् र आफ्ना पराया सबैको नाश गर्नलाई शस्त्रास्त्रहरूबाट आक्रमण गर्दछन्। यसप्रकार युद्धबाट बस्तीहरूको हुने विध्वंशको मूल कारण पनि अधर्म नै हो।

उहाँ अगाडि फेरि पनि भन्नुहुन्छ–सराप परेर जनपदहरू सखाप हुनुको कारण पनि अधर्म नै हो। जब मानिसहरूमा धार्मिक भावनाको लोप हुन्छ तथा धन र शक्तिको मद बढ्छ, तब तिनीहरू मान्यजन, गुरु, वृद्ध, सिद्ध र ऋषिजनहरूको हेला गर्दछन्, अनि उनीहरूको सरापले यदुवंशीहरू-सरह एकै पटक जरोसहित नष्ट हुन्छन्।

यो निश्चित छ कि रोग, दुःख र अकाल मृत्यु आदि असत्य व्यवहार या पापको फल हो। समाजमा यो जुन वेला सामूहिक रूपमा बढ्दछ, तब यसले सामूहिक विनाश गर्दछ। व्यक्तिगत पाप व्यक्तिलाई नै नष्ट गर्दछ र त्यसले निको नहुने असाध्य र दीर्घ रोगहरूद्वारा, र धन र इज्जतको विनाशद्वारा मानिसलाई कष्ट दिन्छ। मानिसको आयु साधारणतया सय वर्षको मानिएको छ। आयु सकिएमा मर्नु निश्चित छ, यसभन्दा पहिले मर्नु जीवका आफ्ना अपराधहरूको परिणाम हो।

आयुर्वेदको सिद्धान्तअनुसार मृत्यु एक सय एक छ र जुनमध्ये मनुष्यको एक मृत्यु त निश्चित नै छ जो कुनै उपायबाट पनि टाल्न सकिंदैन, बाँकी सय मृत्यु अकाल मृत्यु कहलाउँछन्। ती आयुर्वेद र धर्मशास्त्रमा उल्लिखित सद्वृत्तिको अनुष्ठानद्वारा टर्दछन्।

एकोत्तरं मृत्युशतमथर्वाणः प्रचक्षते ।
तत्रैकः कालसंज्ञस्तु शेषास्त्वागन्तवः स्मृताः ॥

सारांश हो– आगन्तुक मृत्यु हितकारी उपचारबाट हटाउन सकिन्छ । हितोपचारमूलं जीवितमतो विपर्ययान्मृत्युः जीवनको मूल हितोपचार हो र अहितकारी उपचार नै मृत्युको कारण हो भन्ने चरकको सिद्धान्त छ । यहाँ चरकद्वारा प्रतिपादित हितोपचारहरूको अलिकति झलक देखाउँदछु । बाँकी चरकसूत्रको आठौं अध्यायमा हेर्नुहोला । तत्सद्वृत्तमखि-नोपदेक्ष्यामोऽग्निवेश (च.सू.) अब म सम्पूर्ण सद्वृत्त सदाचारको उपदेश दिन्छु । देवता, गाई, ब्राह्मण, सिद्ध र आचार्यको पूजाआजा गर्नु, प्रतिदिन अग्नि-होत्र गर्नु, पर्याप्त औषधि सेवन गर्नु, रत्नहरू लगाउनु, दुईपटक स्नान र सन्ध्या गर्नु, प्रसन्न रहनु, भेटघाट गर्नेहरूलाई पहिले आफैले क्षेम-कुशल सोध्नु, पितृहरूलाई पिण्डदान श्राद्ध-तर्पण गर्नु, हितकारी र छोटकरी बोल्नु, हितकारी र मीठो खाना निश्चित चाहिने मात्रामा समयमा खानु, निश्चिन्त, निडर, क्षमाशील, धार्मिक र आस्तिक भएर रहनु इत्यादि अनेकौं सद्वृत्त छन् जसको संक्षेपमा वाग्भटले एउटै श्लोकमा वर्णन गरेका छन् –

नित्यं हिताहारविहारसेवी
समीक्ष्यकारी विषयेष्वसक्तः ।
दाता समः सत्यपरः क्षमावा-
नाप्तोपसेवा च भवत्यरोगः ॥१॥

प्रतिदिन हितकारी आहार-विहार गर्ने, सोच-विचार गरी काम गर्ने, विषय भोगहरूमा आसक्त नहुने, दानी, हानि-लाभमा समान रहने, सत्यपरायण क्षमावान्, आप्त पुरुषहरूको सेवा गर्ने तथा उनीहरूको शिक्षाअनुसार रहने मानिस नै निरोगी र सय वर्ष बाँच्ने हुन्छ ।

सारांशमा, आयुर्वेदले जुन आहार, विहार र आचारहरूलाई रोगोत्पादक मानेको छ, तिनलाई धर्मशास्त्रमा पापजनक ठहऱ्याइएको छ। त्यसैले स्वास्थ्यको दृष्टिले पनि सदाचार अवश्य पालनीय छ । यहाँ एकपटक फेरि आफ्नो मौलिक विषयको स्मरण गराउन चाहन्छु । मनुष्यमात्रको आखिरी लक्ष्य परमानन्दको प्राप्ति र सम्पूर्ण दुःखहरूबाट छुटकारा पाउनु हो। सांसारिक विषय कदापि सुखको स्वरूप होइन । सुखस्वरूप त केवल परमानन्द नै हो र त्यो आफ्नो स्वरूप हो, जो अज्ञानले ढाकिएको हुन्छ । त्यस आफ्नो स्वरूपभूत परमानन्दको प्राप्तिको साधन केवल ज्ञान नै हो । दूषित मल-विक्षेप र आवरण त्यस्तो ज्ञानका लागि रोकावट हुन् । तिनीहरूको निवृत्ति निष्काम कर्म, उपासना र ज्ञानका अन्तरङ्ग साधनहरू (जस्तै– श्रवण, मनन र निदिध्यासन आदि)–बाट हुन्छ । यिनै साधनहरूमा परम्परागत अथवा प्रत्यक्ष रूपमा जुन सहायक कर्तव्य कर्म छन् तिनीहरूको पालनबाट अन्तःकरण शुद्ध भएर मानिसलाई ज्ञानद्वारा मोक्ष मिल्छ । ती कर्तव्य कर्महरू निष्काम बुद्धिले गर्दा अन्तःकरणको मैलारूपी पहिला दोष हट्छ र अन्तःकरण उपासना गर्न

योग्य हुन्छ, अन्यथा हुँदैन। त्यसैले व्यवहारको शुद्धता अनिवार्य छ। यसको अभावमा चित्तलाई उपासनाको अधिकार हुँदैन।

सद्व्यवहार– मनमा यस कुराको निश्चय गर कि शरीरको नाशबाट तिम्रो मृत्यु हुँदैन। तिमी शरीर होइनौ यस शरीरभन्दा पहिले पनि तिमी थियौ र पछि पनि रहनेछौ। तिमी आत्मा हौ। तिम्रो स्वरूप नित्य छ। जुन वस्तु नित्य हुन्छ, त्यही सर्वव्यापी, अचल, स्थिर र सनातन हुन्छ। यस नित्य, सनातन र सर्वगत स्वरूपमा न जन्म छ, न मरण, न विषमता, न विषाद, न राग, न रोग, न दोष, न द्वेष, न दोष, विकार न विनाश। त्यो सत् हो, चेतन हो र आनन्दमय हो।

यही आनन्दमय सत् चेतन स्वरूप आत्मा सर्वगत छ। संसारमा भएका सबै जीवहरूमा यही निर्दोष र सम आत्मा स्थित छ। त्यसैले जसको दृष्टि यस आत्मातिर लागेको हुन्छ, त्यसले न कसैको द्वेष गर्छ, न कसैलाई घृणा। उसले सबैमा समान भावले आफ्नो आत्मस्वरूपदेखि सबैप्रति आत्मतुल्य व्यवहार गर्दछ।

आत्मवत् व्यवहारमा आफ्नै शरीरका दायाँ-बायाँ र तल-माथिका अङ्गहरूप्रति गरिने तथा तिनीहरूबाट हुने व्यवहार जस्तै कामकाजमा भिन्नता रहन्छ। किनकि सबका सब बाह्य व्यवहार प्रकृतिमा हुन्छ र प्रकृतिमा भेद छँदैछ। यस प्रकृतिभेदले गर्दा नै समस्त संसारमा असमानता देखा परिरहेछ। न त सबैको रङ्ग एकनास छ, न बुद्धि समान छ, न ढाँचा एकै किसिमको छ, न शारीरिक तागत बराबर छ, र न चेहरा एउटै छ। केही न केही फरक अवश्य छ, यस भेदमय संसारमा अभेद देख्नु नै आत्मबुद्धि वा शुद्ध ज्ञान हो। यी सारा भिन्नताहरू नाशवान् छन् र यो भेद, अविनाशी हो अतएव यी सबै जीव जति अलग अलग तथा भिन्नभिन्न रूपमा देखा पर्दछन् तौ सबैमा एउटै अविभाज्य र नित्य अविनाशी आत्मालाई देख, यस्तो देखेर यथायोग्य व्यवहार गर तिम्रा सबै व्यवहारहरू भिन्नबाट सर्वथा दोषरहित बन्नेछन्।

एउटै विशाल वृक्षमा धेरै हाँगाहरू हुन्छन्, लाखौं पात हुन्छन्, र हजारौं फूल तथा फल फुलेका र फलेका हुन्छन्। हाँगा र पातहरूको भिन्नाभिन्नै आवश्यकता छ र सार्थकता पनि, किनकि फल र फूल यिनैबाट पाइन्छन्। केवल फेदबाट फल तथा फूल मिल्दैन। तर कुनै पनि बुद्धिमान् मानिस हाँगा र पातका लागि फेदको जरा काट्दैन। जरा काटिएको खण्डमा हाँगा, पात, फूल र फल होलान् नै केको आधारमा ? तर केवल जराको रक्षा गरिराखेर हाँगा र पातहरू काट्नाले पनि काम चल्दैन। यसै प्रकारले मूल रूख आत्मा हो र त्यसका हाँगा र पात विभिन्न बाह्य अङ्गहरू हुन्। त्यसैले न त सर्वगत, एकरस, निर्दोष र सम आत्मामा भेदको कल्पना गर, न बाहिरी व्यवहारमा विभिन्नता देखेर त्यसलाई समाप्त गर्ने व्यर्थको प्रयास गर। विभिन्नतामा नै फल छ र यसैमा सौन्दर्य छ। प्रकृतिको महान् सुन्दरता यसै वृक्षका चित्रविचित्र शाखा र पात, रङ्गविरङ्गी मनमोहक पुष्प तथा रसिला स्वादिष्ट फलहरूमा नै देख्न पाइन्छ। यस रङ्गविरङ्गी र रसिलो व्यावहारिक दृष्टिलाई मेटेर विविध विचित्रताहरू र नाना किसिमका रङ्गहरूले रहित सधैं

एकरस तथा एउटै रङ्गको आत्माको उपलब्धि सजिलोसँग हुँदैन । यस विचित्रता र अनेकतामा नै त्यस नित्य एकरसत्व र एकत्वलाई अनुभव गर र व्यावहारिक अनित्य भेदमा नै पारमार्थिक अविनाशी अभेदको दर्शन गर ।

सर्वव्यापी, एकरस, निर्दोष र अभेदमय आत्मालाई देखेर नै भेदमय व्यवहार गर। व्यवहारको भेद तिमीले मेट्न खोज्दैमा नामेट हुन्न र तिमी आत्मामा अभेद उत्पन्न गर्न सक्तैनौ । त्यसैले व्यवहारमा आवश्यक भेद राख, तर आत्मदृष्टि नछाड । कहीं आत्मालाई बिर्सेर शरीर र शरीर-सम्बन्धी भिन्नताहरूलाई नै आफ्नो असली स्वरूप मान्यौ भने राग, द्वेष, आफ्नो परायाको अज्ञान तथा पापमय झमेलाहरूमा फसेर पतित हुनेछौ । तिमी हिन्दू हौ, सनातनी हौ, कुनै एक देशविशेषका हौ, कुनै खास प्रान्तका हुन सक्छौ, कुनै गृहस्थ हुन सक्छौ र कुनै पण्डित हुन सक्छौ, तर यी सबैभन्दा पहिले तिमी आत्मा हौ । यी सबै परवर्ती स्वरूपहरूको पूरा रक्षा गर र सबै मर्यादाहरूको पालन गर, तर त्यस्तै गरी जसरी नाटकको कलाकार नाट्यमञ्चमा आफ्नो अभिनयअनुसार खेल खेल्छ, तैपनि आफ्नो स्वरूपलाई कहिल्यै भुल्दैन । यो सबै व्यवहारहरू केवल तिम्रो यसै शरीरका स्वाङ हुन् । आत्मा तिम्रो यथार्थ नित्य निजी स्वरूप हो । तिमी मरेपछि यूरोपमा जन्मन सक्छौ र हिन्दू हुन सक्छौ, तैपनि आत्माबाट अनात्मा हुन सक्तैनौ । अवश्य नै नाटकको त्यसै पात्रको उन्नति हुन्छ र त्यसैले नै खेलमा माथिल्लो अभिनय गरेको ठहर्छ जसले आफ्नो स्वाङको खेललाई उसैको अनुसार ठीक तरीकाले पालन गर्छ ।

अर्काको कर्म झुक्किएर पनि गर्नु हुँदैन । यही नै वर्णाश्रमको रहस्य हो । स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहःलाई राम्रोसँग बुझिराख । प्रत्येक उन्नति चाहना गर्ने व्यक्तिले वर्णाश्रमको यस मर्यादाको अवश्य पालन गर्नुपर्छ । तर यसैलाई नै असली रूप मानेर अरू स्वाङहरू– (जस्तै– अर्को देश, जाति, धर्म, प्रान्त, वर्ण, आश्रम र आजीविकाका साधनहरू)– लाई कहिल्यै घृणा नगर, र उनीहरूलाई आफ्नोभन्दा तल्लो नठान । आफ्नो-आफ्नो स्वरूपमा सबैको आवश्यकता तथा सार्थकता छ, र सबै ठूला हुन् । छोटो सम्झी अर्को कुनैलाई घृणा नगरे जस्तै बडो ठानी नक्कल अथवा चाह पनि नगर । एउटै नित्य अविनाशी सत्चेतन आनन्दमय आत्मामा यी प्रकृतिका अनेकौं खेल भइरहेका हुन् । यही सम्झेर र यसैतिर दृष्टि राखेर सधैं आत्माको ध्यान गर्दै शरीरले यथायोग्य व्यवहार चलाऊ ।

यो आत्मा परमात्माको सनातन अभिन्न अंश हो । परमात्माको नै स्वरूप हो । तर जुन समयसम्म यसको स्थिति प्रकृतिमा रहन्छ तबसम्म यसलाई प्रकृतिजन्य गुणहरूलाई भोग्न र गुणहरूको संसर्गबाट असल र खराब योनिहरूमा जानुपर्छ । असङ्ग, निष्क्रिय, नित्य तथा आनन्दमय भएर पनि प्रकृतिमा स्थित भएकोले यसले सुख-दुःख भोग्नुपर्छ । यस प्रकृतिबाट अहंलाई झिकेर सत् तथा आनन्दमय सर्वगत र अविनाशी आत्मामा स्थापना गर, र प्रकृतिजन्य गुणहरूको फन्दा-

बाट छुटेर सुख-दुःखभनदा पर अनामय आनन्दमय ब्रह्मी स्थितिमा रमाऊ । यसैमा जीवनको सफलता छ ।

शरीरमा रहेकोले सुख-दुःख भोग्ने जो जीवात्मा कहिन्छ; त्यही साक्षीको रूपमा द्रष्टा, भित्रबाट सच्चा आवाज दिने भएकोले अनुमन्ता, धारण-पोषण गर्ने हुँदा भर्ता, नियामकको रूपमा ईश्वर तथा निर्गुण रूपमा परमात्मा हो । यी सबै स्वरूपहरू एकैबेला एउटै भगवान्मा छन्, र केवल कार्य-भिन्नताले गर्दा स्वरूप-भिन्नता छ । यही उहाँको अनिर्वचनीय लीला हो । १६२

यस समग्र परमात्माका मुख्यतः एउटा व्यक्त र अर्को अव्यक्त दुई नित्य स्वरूप छन् । अव्यक्तमा एउटा अव्यक्त निर्गुण र दोस्रो अव्यक्त सगुण दुइटा भेद छन् । अव्यक्त निर्गुण त्यस स्थितिको नाम हो जसमा शक्तिको लीला बन्द भएको हुन्छ, अर्थात् शक्तिमान्मा बिलाएको हुन्छ । यसैलाई विज्ञानानन्दघन ब्रह्म भन्दछन् । अव्यक्त सगुण नै सृष्टिकर्ता, सर्वव्यापी, सबको नियामक र विभु हो । आत्मा, जीवात्मा, द्रष्टा, अनुमन्ता, भर्ता तथा भोक्ता त्यसैका स्थितिअनुसारका भेद हुन् । शक्तिको क्रिया हुने स्थितिमा नै त्यो सगुण भनिन्छ । त्यही परमात्मा नित्य दिव्य र विग्रह रूपमा प्रकट छ । यसैका राम, कृष्ण आदि अवतार तथा विष्णु, शिव, ब्रह्मा, देवी, सूर्य आदि दिव्य स्वरूप हुन्छन् । यी सब स्वरूपहरूलाई स्वरूप र तत्त्वको दृष्टिबाट फरक-फरक कहिल्यै नमान । एउटैका अनेकौं व्यक्त र अव्यक्त लीला-रूपहरू हुन् । आफ्ना इष्ट देवताको अनन्य भक्ति गर । बाँकी सबै रूपहरूलाई हुन सके आफ्ना इष्टमा विलीन गरेर सर्वत्र तथा सर्वथा उसै एकलाई मात्र देख र सुन, नभए सब रूपलाई आफ्ना उस एउटै लीलामय इष्टदेवताका विभिन्न स्वरूप मान । यो निश्चित मान कि सर्वशक्तिमान्, सर्वाधार, सर्वव्यापी, तथा सर्वरूप, भगवान्को कुनै पनि व्यक्त साकार रूपको एकमात्र महेश्वर बुद्धिले परम श्रद्धायुक्त भई अनन्य उपासना गर्ने भक्त र नित्य निर्गुण विज्ञानानन्दघन परमात्माको अभेद उपासना गर्ने ज्ञानी अन्तमा एउटै भगवत्तत्त्वमा प्राप्त हुन्छन् । किनकि परमात्मा एउटै हुन् । अवश्य नै लीलामय सगुण रूपको अनन्य उपासक श्रेष्ठ योगवेत्ता पुरुष प्रेमरस विशेष रूपबाट प्राप्त गर्दछ । भगवान्का नित्य विग्रह श्रीराम, श्रीकृष्ण आदिका स्वरूपहरूलाई कहिले जन्मने र कहिले मर्ने ठानी अवहेलना नगर । यिनको प्रादुर्भाव र तिरोभाव अथवा प्राकट्य र अन्तर्धान हुन्छ, न कि जन्म र मरण । जुन मानिस यिनका अजन्मा र अविनाशी महेश्वररूप परमपुरुषोत्तम भावलाई नबुझी यिनलाई जन्मने र मर्ने मानिस भन्ने ठान्दछन्, तिनी-हरूको कुरा कहिल्यै नपत्याऊ र परमश्रद्धापूर्वक आफ्नो-आफ्नो रुचिअनुसार यी दिव्य स्वरूपहरूको ध्यान र भजन गर्दै रहू । यो भगवान्को योगमायाको अद्भुत प्रभाव हो । योगमायाको घुम्टो हालेर प्रकट भएको हुनाले नै त हामी मूर्ख मानिसहरू अज तथा अविनाशी भगवान्लाई नचिनी श्रीराम-कृष्णस्वरूपलाई मायाबद्ध मानवरूप भन्दछौं । तर राम्रोसँग बुझिराख– भगवान्को अपार मायाबाट त्यही पुरुष छुटेर पार पाउँदछ, जो मायाका अधिपति भगवान्को शरणागत हुन्छ । अतएव भगवान्का व्यक्त तथा अव्यक्त र सगुण तथा निर्गुण रूपहरूमा भेदभाव नगरी, विवादलाई छाडी तथा तर्कलाई तिलाञ्जलि दिएर केवल प्रेमपूर्वक भजन गर्दै रहू ।

चाहे अव्यक्तलाई भज चाहे व्यक्तलाई, तर प्राणिमात्रसँग सद्व्यवहारको आवश्यकता दुवैमा रहन्छ । अव्यक्तमा सब ब्रह्ममय छ र व्यक्तमा सब श्रीकृष्णमय या श्रीराममय छ । कुरो एउटै हो । चाहे सबलाई ब्रह्ममय सम्झी आफूलाई पनि त्यसबाट अभिन्न मानेर अनिवार्य व्यावहारिक भेदलाई कायम राख्दै अभेद व्यवहार गर, चाहे सबलाई श्रीरामस्वरूप मानी श्रीरामले आफूलाई तोकेर दिएको अभिनय अनुसारको यथायोग्य सेवा गर । तर यो पनि सम्झिराख सेवा स्वकर्मद्वारा राम्रोसँग हुन सक्तछ, परकर्मबाट वा परधर्मबाट होइन । यो आदर्श साधकहरूका लागि हो । सिद्धहरूको कुरा सिद्ध नै जान्दछन् र उनै जानून् ।

सेवा गर्नु परम धर्म सम्झी यथायोग्य तथा यथाशक्ति तन-मन-धनले सबैको सेवा गर, तर आफूले कसैको सेवा या उपकार गरेको भन्ने अभिमानलाई मनमा उत्पन्न हुन नदेऊ । उसलाई जे-जस्तो मिल्यो त्यो उसको भाग्यले उसका कर्मको फलको रूपमा मिलेको हो । तिमी त निमित्त मात्र हौ, अर्कोलाई सुख पुऱ्याउन निमित्त बनाइयौ । यसलाई ईश्वरको कृपा सम्झी जसले तिम्रो सेवा स्वीकार गऱ्यो त्यसप्रति मनैमन कृतज्ञ होऊ ।

सेवा गरेर निगाह देखाउनु, सेवाको सट्टा सेवा चाहनु र अरू कुनै पनि फलको इच्छा-पूर्तिको चाहना गर्नु त प्रत्यक्षतः सेवाधर्मबाट च्युत हुनु हो । मनमा यस इच्छाको लहरलाई पनि उठ्न नदेऊ कि अर्कोलाई तिमीले गरेको सेवाको जानकारी हुनुपर्छ । सेवाको बदलामा मान चाहनु या प्रशंसा र प्रतिष्ठाको चाहना गर्नु त मनको चाहनाको चञ्चल लहर मात्र होइन अपितु निकै ठूलो धारा हो । यहाँ मनुष्य प्रायः गल्ती गरिरहन्छ । जब उसले नै व्यष्टि (कुनै जीव) या समष्टि (देश तथा जाति)– को कुनै सेवा गर्दछ र सम्भवतः उसबेला त्यो सेवाभावले नै गर्दछ, तर पछि यदि त्यस सेवाको बदलामा उसलाई केही पनि मिल्दैन अथवा त्यस मानिस या देशद्वारा जसको उसले सेवा गरेको थियो, कुनै अर्कोलाई सम्मान मिल्छ भने उसको चित्त दुख्दछ । यो यस कारण-बाट हुन्छ कि त्यसले मनमनै तिनीहरूबाट सम्मानित हुने आफ्नो स्वत्व या हक ठानेको थियो र कुनै अर्को सम्मानित हुँदा उसलाई आफ्नो हक छिनेको जस्तो देखियो । वास्तवमा यो एक प्रकारले सेवाको मोल घटाउनु हो । त्यसैले यो कहिल्यै कामना नराख कि तिमीलाई कुनै पुरस्कार या सम्मान मिलोस्, न त अर्कालाई मान मिलेको देखेर डाहा गर । तिमी त केवल सेवालाई नै आफ्नो अधिकार सम्झ ।

कर्म या त्यसको फलमा आसक्त नहोऊ, न ममता गर, र असफलतामा अफसोस नगर । तिमीले कसैको सेवा गऱ्यौ र उसले तिम्रो उपकार मानेन भने नरिसाऊ, झन् उल्टो त्यस सेवालाई बिर्सी बस । याद रहिरहे, पत्ता लगाऊ, कहीं त्यसमा दोष रहेको होला । सेवा गरेर तिमीले हल्ला गऱ्यौ होला, या उसलाई उपकारको धाक लगायौ होला, अथवा बदलामा केही चाहना राख्यौ होला । जुन व्यक्ति या देशको सेवा गर्छौ त्यसको त्यो काम भएपछि त्यसमा आफ्नो कुनै अधिकार नठान । त्यस अवसरमा आफूलाई असाध्य भाग्यमानी ठान, जब तिम्रो सेवाको पुरस्कार दिनका निमित्त

तिमीलाई सामुन्ने हुँदा-हुँदै पनि कसैले खोजी पत्ता लाउन नसकोस्, त्यो पुरस्कार अर्कोलाई मिल्न जाओस् र तिमी त्यसमा सहायता गर ।

सेवा या सत्कार्यको बदलामा मरेपछि पनि कीर्तिको चाह नगर । तिमीलाई मानिसले बिर्सिसकून्, यसैमा आफ्नो कल्याण सम्झ । काम असल तिमी गर र कीर्ति कसैलाई लिन देऊ । खराब काम भूलले पनि नगर, तर तिमीलाई त्यसको आरोप लाएर अर्को त्यसबाट मुक्त हुन्छ भने त्यसलाई शिरोधार्य गर । तिम्रो केही बिग्रनेछैन । तिम्रो त्यो दुःखदायी साबिती अपमानले तिम्रा लागि मुक्तिको र आत्यन्तिक सुखको ढोका खोलिदिने छ ।

सेवा गरेर नेता, गुरु, अध्यक्ष, सञ्चालक, पथ-प्रदर्शन र सन्मान्य हुने भावनालाई कहिल्यै मनमा आउन नदेऊ । जो पहिल्यै सम्मान र उच्च पद पाउने आशामा कसैको सेवा गर्न चाहन्छन्, तिनीहरू वास्तविक सेवा गर्न सक्तैनन् । साथीहरूसँग तिनीहरूको प्रतिद्वन्द्विता हुनजान्छ र सेवा गर्ने शक्ति प्रतिद्वन्द्वीलाई पछार्नमा खर्च हुन लाग्छ । राग-द्वेष बढ्ने नै हुन्छ । सेवा गर्दा मनपर्ने चीज नपाइँदा दुःख हुन्छ । यसको अतिरिक्त एक कुरा यो छ– जो उच्च बन्ने उद्देश्यले नै तल्लो बनेर कार्य गर्दछ, वास्तवमा यसले तल्लो बन्ने– आज्ञा मान्ने या सेवा गर्ने– बहाना मात्र गर्दछ । त्यसको असली रूपमा अरूहरूलाई नै तल्लो, आज्ञाकारी र सेवक बनाउने नियत हुन्छ । जसको नियत नै यस्तो हुन्छ, त्यसले के सेवा गर्न सक्तछ ? अतएव, सदा सबको सेवक बन्ने अभिलाषा राख, स्वामी बन्ने होइन ! कसैले साथिल्लो बनाउन खोजेमा स्वीकार नगर । विचार रहोस् – धेरैजसो उच्च मानलाई अस्वीकार गर्ने काम पनि बडप्पनका लागि नै गरिन्छ । यस्तो बडाइको मोहमा पनि नफँस । मान-बडाइको त्याग गर र त्यसपछि यस त्यागको सम्झनालाई पनि त्याग ।

तिमीबाट कसैको कुनै भलो हुन गएमा यो नसम्झनू कि त्यो भलाइ तिमीले गरेका हौ । उसको कल्याण भगवान्‌ले गरेको हो र उसको आफ्नो पूर्वकृत कर्म त्यसको कारण हो । तिम्रो दृष्टि धेरै टाढासम्म जान सक्तैन । तिमी जुनमा कसैको भलाइ सम्झन्छौ, सम्भवतः परिणाममा त्यसैबाट त्यसको अहित हुन जाओस् । तिम्रो बुद्धि सीमित छ । तिम्रो विचार सर्वथा भ्रान्तिरहित छैन । सद्विचारका लागि परमात्मासँग प्रार्थना गर र परमात्माको सत्ता, स्फूर्ति र प्रेरणा सम्झेर नै कसैको उपकारको काम गर । याद गर, तिम्रा बाहिरी चेष्टाहरूबाट भन्दा ईश्वरको प्रार्थनाबाट धेरै बढ्ता र निश्चित फल मिल्ला । अदूरदर्शिताको कारण तिम्रो प्रयासले उल्टो फल नै फलाउन सक्तछ, तर ईश्वर-प्रार्थनाबाट विपरीत फल हुँदै हुन्न ।

सेवा गर्ने अभिमानमा ईश्वरको भूल भेट्टाउने दम्भ नगर । धेरै मानिसहरू ईश्वरले बाँधेको विधानलाई पल्टाउने व्यर्थको चेष्टा गरी ईश्वरलाई नित्य निर्दयी, असक्त र असत् सिद्ध गर्न र आफ्नो बलको स्थापना गर्न चाहन्छन् । यो तिनीहरूको ठूलो भूल हो । ईश्वरको प्रत्येक विधान-लाई न्याय र दयायुक्त मान । ईश्वर कसैलाई व्यर्थमा कष्ट दिंदैन र जीवलाई कसैको फल सुख र दुःखको रूपमा भोगाउँदछ । त्यसमा पनि उसको दया रहेको हुन्छ । उसको विधानलाई उल्टाउने

चेष्टा नगर । बरु, कष्ट पाइरहेका प्राणीहरूको कष्ट दूर गर्ने चेष्टा अवश्य गर । यसबाट ईश्वर तिमीमाथि त्यस्तै किसिमले खुशी होला जुन किसिमले स्नेहमयी आमा स्वयं आफूले दण्ड दिएर रोएको आफ्नो बच्चालाई चूप तुल्याई खुशीले हँसाइदिनेसँग दङ्ग हुन्छिन् । त्यसैले दुःखीको उपेक्षा नगर ।

ईश्वरलाई दयालु र सर्वशक्तिमान् मान र उसको अस्तित्वमा कहिल्यै सन्देह नगर । जगत्को अस्तित्व नै उसको अस्तित्वलाई सिद्ध गर्छ । जगत्लाई स्वीकार गर्नु र ईश्वरलाई अस्वीकार गर्नु उस्तै हो जस्तो सुनका गहनाहरू स्वीकार गर्नु र सुनलाई अस्वीकार गर्नु । १६७

सर्वत्र तथा सर्वदा ईश्वरको सत्ता देखेर जगत्को व्यवहार गर । प्रत्येक सिर्जन र संहारमा उसका मङ्गलमय हातहरूको दर्शन गर । प्रत्येक रोदन र गायनमा उसको मधुर कण्ठस्वरको अनुभव गर । प्रत्येक दुःख र सुखमा उसको कोमल शरीरको स्पर्श गर । प्रत्येक रूपान्तर र कालान्तरमा उसको मुसुमुसु हाँसिरहेको मुहार हेर । प्रत्येक गति र चञ्चलतामा उसका अरुण चरणहरूका पाउजेबको स्वर सुन, र प्रत्येक प्रवाहमा उसको स्थिर, अचल, प्रकाशमय, नित्य सनातन, सच्चिदानन्दमय, सर्वव्यापी तथा रसमय मूर्तिको पूजा गर । तिमी धन्य हुनेछौ ।

ए, दुनियाँको सुधार र उद्धार गर्ने भोला भाइ ! यदि तिमी नरात्रो नमान्ने भए, केही भनूँ ? सुन । संसार सुधार र उद्धारको चिन्ता छाडी पहिले आफ्नो सुधार र उद्धार गर । तिम्रो सुधार भए सम्झ-- दुनियाँको एउटा आवश्यक अङ्गको सुधार भइसक्यो । यदि यस्तो भएन, तिम्रो हृदयमा उच्च भावनाहरूको संग्रह हुन सकेन र तिम्रा कामकाजहरू, राग-द्वेषरहित र पवित्र भएनन् भने तिमीले दुनियाँको सुधारको भारा उठाएको खण्डमा याद राख, तिमीबाट दुनियाँको सुधार हुनै सक्तैन । यो नठान कि तिमी लोकसेवक हौ र लोकसेवा गरिरहेका छौ भने फेरि तिम्रो व्यक्तिगत चरित्रसँग यसको के सम्बन्ध ? तिम्रो चरित्र कलुषित या दूषित भएमा तिमी लोकसेवा गर्न सक्तैनौ । लोकसेवा तिमी त्यसै सामग्रीबाट नै गरौला जो तिमीसँग होला । दुनियाँको सामुन्ने तिमी त्यही चीज राखौला जुन तिमीभित्र होला । दुनियाँलाई तिमी स्वभावतः उही सिकाउँला जो तिमी गर्छौ । यसबाट दुनियाँको कल्याण कहिल्यै नहोला ।

जुन समयसम्म तिम्रा आभ्यन्तरिक आँखाहरूमा राग र द्वेषको चश्मा चढिरहला, त्यतिन्जेल तिमीलाई वस्तुस्थितिको यथार्थ दर्शन नहोला र यथार्थ ज्ञानविना तिमी यस कुराको विचार गर्न नसकौला कि कुन कुराबाट कसको सुधार र उद्धार होला । विचार गरौला, तर त्यो विचार यथार्थ नहोला, किनकि तिम्रो विचारमा त्यही कार्य ठीक लाग्ला जसमा तिम्रो झुकाउ छ र सम्भव छ, त्यो कार्य ठीक नहोस् । त्यसैले पहिले आफ्नो चश्माको नम्बर र रङ्ग ठीक पार अनि अरूहरूको पनि सुधार गर ।

तिमी यथार्थमा सुध्रेका छैनौ र दुनियाँलाई सुधार्न खोज्छौ भने यस्तो हालतमा दुई कुरा होलान् । या त तिमी अज्ञानको कारणबाट आफूलाई उत्तम स्थितिमा पुगिसकेको, दुनियाँलाई

सुधार गर्न योग्यता भएको र उच्च कोटिको पुरुष सम्झी अभिमानको वशमा पर्नेछौ, अथवा घमण्ड र कपट गर्न लाग्नेछौ । दुवै किसिमले तिम्रो पतन होला । दुनियाँको सुधार त हुने नै छैन ।

अभिमानले गर्दा अरूहरू तिम्रो नजरमा तिमीभन्दा तल परेका देखिएलान् । तिमी उनीहरूमाथि शासन गर्न चाहौला, उनीहरूको नेता बन्ने इच्छा गरौला, तथा आफ्नो झण्डामुनि ल्याएर उनीहरूलाई अनुयायी बनाउन चाहना गरौला । परस्पर वैमनस्य होला र द्वेषपूर्ण दलालीहरू होलान्, लीडर-लीला गर्नु नै पर्ला । तिम्रो र प्रतिद्वन्द्वीको तागत एकले अर्कोलाई तल परेको देखाउनमा खर्च हुन लाग्ला । मन अशान्त रहला र यस चिन्ताले दुनियाँको सुधारको कुरा भुली तिमी लोकको धेरै ठूलो कल्याण गर्न पुगौला । आफैं विचार गर ।

जुन प्रयास या चेष्टाबाट दुनियाँको असली भलाइ हुन्छ, त्यसमा तिम्रो भलो अवश्य नै निहित रहन्छ । तर लोकको हित आफैं असल नबनी, तिमी गर्न सक्तैनौ । त्यसैले पहिले स्वयं आफ्नो सुधार भइसकेपछि दुनियाँको सुधार गर्ने घोषणा फलाकेर तिमीलाई हिंड्नुपर्ने छैन । जगत्मा तिम्री रहनु, तिमीले सास फेर्नु, तिम्रो खानपान, तिम्रो सुताइ र उठाइ तथा तिम्रो व्यवहार गराइ– सबका सब स्वाभाविक रूपमा दुनियाँको कल्याण नै गर्न खालका होलान् ।

तिमीविना संसारको कल्याण कसरी हुन सक्ला भन्ने यो कुरा तिम्रो मनमा रहुन्जेल त्यसको तिमीबाट भलाइ नहोला । जुन समयसम्म तिमी यो ठानिरहन्छौ– 'म उत्तम छु, ममा सद्गुणहरू छन्, ठूला-बडा तथा अरूहरू निकृष्ट हुन्, दुर्गुणी छन् र नीच छन्' तबसम्म तिमी जगत्को कल्याण गर्न सक्तैनौ । जुन बेलासम्म तिमी यो महत्त्वाकांक्षा राखिराख्छौ कि तिमी दुनियाँको कल्याण गर्छौं र जनताले तिमीलाई नेता मानोस्, आफ्नो पूज्य सम्झोस् आफ्नो सेव्य सम्झोस्, तिम्रो सेवा-पूजा गरोस् वा तिम्रो प्रशंसा होस्, त्यतिन्जेल तिमी उसको यथार्थ कल्याण गर्न सक्तैनौ किनकि तिम्रो मनमा नेता, पूज्य र सेव्य बन्ने जो चाहना हुन्छ, त्यसले तिम्रो भित्र एउटा यस्तो कमजोरी पैदा गरिरहन्छ जसले गर्दा तिमी दुनियाँको अगाडि सच्चा भलाइको कुरा भन्न सक्तैनौ । जे-जति मात्रामा होस्, उनीहरूलाई अनुकूल कुराहरू मात्र गर्न तिमीलाई कर लाग्ला । तिम्रो मनमा यो डर रहला कि कहीं उनीहरू नरिसाऊन्, किनकि उनीहरू रिसाए भने सेवा, पूजा, मान र प्रतिष्ठा नमिल्ने तिमीलाई आशङ्का रहन्छ । जतिन्जेल तिमी मान र बडाइका लागि लोकसेवा गर्दछौ र लोकसेवा गरेर मानपदवी पाउँदा खुशी हुन्छौ, त्यतिन्जेल तिम्रो मनमा लोकसेवाको साथसाथै मान-बडाइको एउटा यस्तो कामना लुकी बस्दछ, जुन तिमीलाई बिस्तार-बिस्तार लोकरञ्जनतिर धकेल्छ । जब तिम्रो मनमा दुनियाँको मनोरञ्जनको भाव होला, तब तिमीलाई उनीहरूको सेवा छाड्नुपर्ला । त्यसपछि त तिमी त्यही गरौला जसबाट उनीहरूलाई मज्जा आउँछ, किनकि यसैबाट नै तिमीलाई मान र प्रशंसा प्राप्त होला । जुन क्रिया र चेष्टाबाट तिमीलाई मान-सम्मान नमिल्ने हो, त्यस्ता काम तिमी गर्नेछैनौ, चाहे त्यो लोकहित र तिम्रै हितका लागि जतिसुकै आवश्यक किन नहोस् । त्यसको साथसाथै जुन कामकाजबाट स्यावासी मिल्ने हो त्यसलाई तिमी त्यो काम खराब हो भन्ने थाहा पाएर पनि गर्नेछौ । तिम्रो जिन्दगी दम्भ र कपटपूर्ण बन्ला, अलि गम्भीर भएर सोच ।

यसको यो तात्पर्य होइन कि तिमी जनसेवा गर्न छाडिदेऊ । जनताको सेवा गर, खूब गर; तर सँगै आफूलाई त्यसका लागि योग्य पनि बनाउँदै जाऊ । मैलो-फोहर कुचो लिएर अर्काको घर बढार्न गयौ भने त्यहाँ सरसफाइको सट्टा बढी फोहोर-मैला छरिदिनेछौ । तिम्रो भित्र जति बढी पवित्रता आउला उति बढी लोकसेवा गर्ने योग्यता तिमीलाई प्राप्त होला । त्यसैले बडो होशियारीका साथ आफ्ना भावहरूलाई पवित्र र झन् पवित्र बनाऊ । आफ्नो चरित्र सुधार, आफ्नो आचरणलाई उँचो उठाऊ, राग-द्वेषलाई छाड र मानप्रतिष्ठाको चाहनालाई सुँगुरको गुहुसरह त्याग । तब मात्र, जे-जस्तो तिमी गरौला त्यसैबाट दुनियाँको सुधार अथवा उद्धार होला, चाहे सो समयमा तिम्रा क्रियाकलापहरू सर्वथा अप्रिय नै किन नहोऊन् ।

सुधारको ठेक्का नलेऊ, न त आफ्नो विचारलाई पूरापूर उपकारी ठानी कसैमाथि लाद्ने हठ गर । सुधारको सच्चा रूप जुन हो भन्ने तिमी सम्झन्छौ, सम्भव छ, त्यो नहोओस् र तिमीलाई मोह, परिस्थिति, स्वार्थ र द्वेषले गर्दा त्यस्तो देखिएको होस् । सावधान ! सुधारको नाममा कहीं बिगार या संहार नगर । सुधार तिमीले गरेर हुने पनि होइन । सच्चा सुधारक त भगवान् हुन् जो प्रकृतिद्वारा नाश र निर्माणको रूपमा सुधार गरिरहन्छन् । निःस्वार्थी जीवहरूका स्नेही, सर्वज्ञ तथा सर्वशक्तिमान् हुनुभएकोले भगवान्बाट हुने यसको सुधार परिणाममा निश्चय नै कल्याणकारी हुन्छ र मोहवश इच्छा नगरे तापनि बाध्य भएर त्यसलाई सबैले स्वीकार पनि गर्नुपर्छ ।

भगवान् मङ्गलमय हुनुहुन्छ, हाम्रा परमहितैषी हुनुहुन्छ र सर्वज्ञ हुनुहुन्छ । कुन कुराले कसरी हाम्रो कल्याण हुन्छ, त्यो कुरा जान्नुहुन्छ । अतएव उहाँका प्रत्येक विधानको स्वागत गर र खुशीसाथ शिर चढाएर स्वागत गर । उहाँका हातले दिएको विषमा पनि अमृतको अनुभव गर, उहाँको तरवारमा शान्तिको शोभालाई देख्ने गर, उहाँको कोमल कर-स्पर्शको महिमा प्राप्त सुदर्शनमा चरम सुखको शुभ दर्शन गर तथा उहाँले दिएको मृत्युमा अमरत्व प्राप्त गर । उहाँका प्रत्येक मङ्गल-मय विधानमा उहाँ स्वयंलाई अवतीर्ण देख । तिम्रो परमकल्याण हुनेछ ।

मेरो सोझो भाइ ! साह्रै छोटो जीवन, यति समय नै कहाँ छ, जसलाई परचर्चा र पर-निन्दामा खर्च गरियोस्, तिमी त आफ्ना उन्नतिका कामहरूबाट नै कहिल्यै फुर्सत पाउनेछैनौ । यति अवश्य याद राख– अर्काको अवनति गरेर या अर्काको खराबी गरेर तिमी आफ्नो उन्नति वा भलाइ कहिल्यै गर्न सक्तैनौ । तिम्रो मङ्गल उसै काममा होला जसमा अर्काको मङ्गल भरिएको होस् । कम-से-कम आफ्नै मङ्गलका लागि मोहवश कहिल्यै अर्काको अकल्याण नगर र नचाहू । आफ्नो अमङ्गलबाट अर्काको मङ्गल हुने देखा परेमा जरूर गर । यो विश्वास राख- अर्काको कल्याण गर्ने व्यक्तिको परिणाममा कहिल्यै अकल्याण हुनै सक्तैन । निश्चय मान । तिमी जनसेवा

डराऊ-पापसँग, अभिमानसँग, ममतासँग, कामनासँग, शोकसँग, क्रोधसँग, सम्मानसँग, लोभसँग, प्रशंसासँग, ख्यातिसँग, पूजासँग, नेतृत्वसँग, बुजुर्ग्याइँसँग, मनपर्दो आचरणहरूसँग, इन्द्रियहरूको

गुलामीसँग, विषयासक्तिसँग, मोज-शोखसँग, विलासितासँग, वाद-विवादसँग, परचर्चासँग, परनिन्दा-सँग, पराई धनसँग तथा परस्त्रीसँग, र यिनीहरूबाट यथासम्भव बचेर बस ।

कुनै काम सफल हुँदा यो नसम्झ कि त्यो तिम्रो नै प्रयत्नले भएको हो । तिमी त निमित्त मात्र हौ । सफलता र मान मिल्दा खुशीले नफुल । उठ, यो त संसारको नियम नै हो । सफलताका लागि सबैले बधाइ दिन्छन् र बडाइँ गर्दछन् तथा असफलताका लागि धिक्कार र निन्दा । आज तारीफमा दङ्गदास पऱ्यौ भने भोलि धिक्कार पाउँदा रुनुपर्ला । सदा न त कसैलाई सफलता हासिल हुन्छ न असफलता हात पर्छ । सबैको सम्मान गर, सबैको हितको इच्छा गर तथा सबैसँग प्रेम गर । तर यसको यो अर्थ होइन कि व्यवहारको आवश्यक भेदलाई पनि मेटाइदेऊ । मूर्खलाई विद्वान् सम्झे र उसको कुरा खायौ भने तल खसौला र विद्वान्लाई मूर्ख ठानी उसको कुरा मानेनौ भने ज्ञानबाट वञ्चित रहौला । पापलाई घृणा गर, असंयमलाई द्वेष गर, दुष्ट आचरणहरूसँग दुश्मनी गर, कुविचारहरूको अपमान गर र नास्तिकको नाश गर । जुन मानिसमा यसको उल्टो दोष हुन्छ त्यससँग टाढा बस, तर त्यससँग आत्माको दृष्टिबाट घृणा नगर । स्वरूपमा अभेद र व्यवहारमा आवश्यक भेद राख ।

विश्वको रूपमा साक्षात् भगवान् नै प्रकट भइरहनुभएको छ । जीवको रूपमा शिव नै अनेकौं लीला गरिरहनुभएको छ । त्यसैले तिमी कसैलाई घृणा नगर, कसैको कहिल्यै अनादर नगर तथा कसैको अहित गऱ्यौ तथा कसैको मनमा चोट पुऱ्यायौ भने निश्चय नै त्यो चोट तिम्रो भगवान्को हृदयमा लाग्न जानेछ । चाहे जतिसुकै अबेरसम्म अलग बसेर तिमी भगवान्लाई मनाउँदैरहू, तर जबसम्म सब प्राणीहरूमा रहेका भगवान्लाई स्वार्थवश तिमी चोट पुऱ्याउँदै रहौला तबसम्म भगवान् तिम्रो पूजा कदापि स्वीकार गर्न सक्नुहुन्न । जसलाई तिमी नीच, पापी र पतित मान्दछौ तिनीहरूमा पनि तिम्रा उही भगवान् विराजमान हुनुहुन्छ जो महात्मा ऋषिहरूको हृदयमा ।

आफ्नो समझले कहिल्यै कुनै खराब काम नगर, नीयत खराब नगर र फल नराम्रो भएमा पनि चित्त नदुखाऊ । यस्तै किसिमले आफ्नो समझले राम्रो काम गर, राम्रो नीयत राख, फल त विधाताको हातमा छ । तिमी आफ्नो काम गर । विधाताको विधानलाई पल्टाउने व्यर्थको चेष्टा नगर । यसैमा तिम्रो र संसारको सच्चा सुधार छ । यही कर्महरूमा कौशलरूप योग हो । यही निष्काम कर्म हो । यही चित्त-शुद्धिको कारण हो, यसैबाट चित्त शुद्ध भएपछि मानिस ज्ञानको अधिकारी बन्दछ ।

सारांशमा, सारा संसारको उत्पत्ति भगवान्बाट भएको हो र भगवान् नै सम्पूर्ण जगत्मा परिपूर्ण हुनुहुन्छ । मानिस आफ्ना कर्महरूद्वारा यी भगवान्को पूजा गरेर परमसिद्धिरूप भगवान्लाई सजिलैसँग प्राप्त गर्न सक्तछ । जुन मानिस जे काम गर्दछ र जे उसको स्वाभाविक कर्म हो, त्यही काम गरोस् । न सबका कर्महरू एकनास हुन्छन्, न त एकसमान बनाउने चेष्टा गर्नु नै जरूरी छ । नाटकमा सबै पात्रहरूले एउटै पात्रलाई सुम्पेको काम मात्र गर्न खोजे भने खेल नै खराब होला । आफ्नो-आफ्नो ठाउँमा सबैको जरूरत छ र सबैको महत्त्व छ । राजा र मजदूर दुवैको नै आवश्यकता छ तथा दुवै आ-आफ्नो महत्त्व राख्दछन् । त्यसैले कर्म नबदल, तर मनको भाव बदली छाड । कर्मको सानो-ठूलोपन

बाहिरी हो। महत्त्व त हृदयका भावको हुन्छ। उच्च-नीचको भाव राखेर द्वेषपूर्ण र अर्काका लागि अहितकर एवं लोकदृष्टिमा मात्र शुभ देखा पर्ने कर्म गर्ने नरकगामी हुन सक्तछ र शास्त्रविधिअनुसार कुनै फलको कामनाले यज्ञ, दान, तप आदि सत्कर्म गर्नेले ऐश्वर्य, स्वर्ग आदि नश्वर फल तथा भोग प्राप्त गर्न सक्दछ, तर स्वार्थलाई सर्वथा छाडेर निष्काम भावले भगवत्प्राप्तिका लागि भगवान्को आज्ञानुसार साधारण स्वकर्म गरिरहने मानिस नै परमसिद्धिरूप परमात्मालाई पाउन सक्तछ। मानिसले यसप्रकार आफ्नो प्रत्येक कर्मलाई मुक्ति या भगवत्प्राप्तिको साधन बनाउन सक्तछ।

त्यसैले दम्भ, दर्प, अभिमान, मान, बडाइ, काम, क्रोध, वैर, लोभ, असत्य, हिंसा आदि दोष र दुर्गुणहरूलाई मनबाट निकालेर अथवा यी दोषहरूलाई यथाशक्ति दमन गर्दै केवल भगवान्को प्रीतिका लागि भगवान्को आज्ञा सम्झेर तथा भगवान्को सेवाको भावले आ-आफ्ना कामहरू गर। हरेक कामले सदा सर्वत्र स्थित भगवान्को पूजा गर। जुन कर्ममा काम, क्रोध, लोभ आदि छैनन्, जसमा भगवान्लाई छाडेर अरू कुनै फलको इच्छा छैन, तथा जुन कर्महरू, कर्म अथवा फलको आसक्तिले होइन कि भगवान्ले तोकेको नाटकको खेल राम्रोसँग खेल्ने इच्छाले निरन्तर भगवत्स्मरण गर्दै भगवान्प्रतिको प्रेमका लागि सात्विक उत्साहपूर्वक गरिन्छन्, त्यस्तै विशुद्ध कर्महरूबाट भगवान्को पूजा हुन्छ।

प्रत्येक नारी या पुरुष यस्तो पूजा शुद्ध स्वकर्मद्वारा आ-आफ्नो स्थानमा रही सजिलोसँग गर्न सक्तछ। केवल मनको भाव बदलेर कर्मको प्रवाहलाई भगवान्तिर फर्काउनु आवश्यक छ। त्यसपछि प्रत्येक कर्म तिम्रो मुक्तिको साधन बन्न जाला र आफ्ना सजिला कर्महरू गर्दै रहेर पनि भगवान्लाई प्राप्त गरेर तिमी आफ्नो जीवनलाई सफल पार्न सकौला, कृतार्थ होऔला।

यदि तिमी व्यापारी छौ या पसले छौ भने यो विचार गर—तिम्रो त्यो व्यापार धन कमाउनका लागि होइन अपितु श्रीभगवान्को पूजा गर्नका लागि हो। जुन-जुनसँग तिम्रो व्यवहार हुन्छ तिनीहरूलाई लाभ पुऱ्याउँदै आफ्नो आजीविका चलाउन मात्र व्यापार गर, लोभवृत्तिले होइन। व्यापारमा पाप लोभले गर्दा हुन्छ। लोभ छाड्यौ भने कुनै प्रकार पनि अर्काको हक हनन गर्ने चेष्टा हुन सक्तैन। वस्तुहरूको नाप-तौल या गन्तीमा बढी रकम लिने-दिने, बढियाको बदला घटिया दिने, कमसलको सट्टा असल लिने र आढत-दलाली इत्यादिमा शर्तभन्दा घटी-बढी पार्ने इत्यादि व्यापारिक चोरीहरू लोभबाट हुन्छन्, तर केवल लोभ मात्र छाडेर पुग्दैन, अर्काको हितको पनि चेष्टा गर्नुपर्छ। जसरी लोभी मानिस आफ्नो पसलमा कुनै ग्राहक आउँदा उसको बनावटी आदर-सत्कार गरी उसलाई ठग्ने चेष्टा गर्दछ, ठीक त्यसरी नै तिमीले कपट त्यागी ग्राहकलाई प्रेमपूर्वक सरल भाषामा साँचो कुरा सम्झाएर उसको हितको वास्ता राख्नुपर्दछ। यो सम्झनुपर्दछ कि त्यसै ग्राहकको रूपमा साक्षात् परमात्मा नै पाल्नुभएको हो र उहाँको जे-जति सेवा तिमीबाट सम्भव छ त्यो कमै हुनेछ। यो सम्झेर व्यापार गऱ्यौ भने तिमी श्रीभगवान्को कृपापात्र बन्नेछौ र त्यो व्यापार नै तिम्रा लागि भगवत्प्राप्तिको साधन बन्नेछ।

यदि तिमी दलाल हौ भने दुइटा व्यापारीहरूका बीचमा झूट्टा सच्चा कुराहरू त हुन् भन्ने सम्झी दलालीको लोभले कसैलाई नठग। दुवैको रूपमा ईश्वरको दर्शन गरेर सत्य र सरल बोलीद्वारा उनीहरूको सेवा गर्ने कोशिश गर ! मनमा दृढ निश्चय राख—अहिले नभए पनि पछि गएर तिम्रो यस व्यवहारको मानिसहरूमा ठूलो प्रभाव पर्ला। यदि परेन भने पनि कुनै खाँचो छैन, किनकि त्यो तिम्रो मुक्तिको साधन त अवश्य बन्ला यसभन्दा बढी अरू के लाभ हुन सक्तछ ?

यदि तिमी जमिनदार रहेछौ भने जुनसुकै तरीकाले रैतीहरूसँग तिरो आदि असूल गरी त्यसलाई मोज र सोखमा या आफूभन्दा ठूलाबडाहरूलाई खुशी पार्नमा खर्च गर्न छाड। आफ्ना किसानहरूलाई आफ्नै परिवारका मानिसहरू सम्झी उनीहरूका सुख-दुःखको विचार गर। दुःख पर्दा उनीहरूलाई नसताऊ र आफ्नो खर्चमा कटौती गरेर पनि अनुचित कर माफ गरिदेऊ। याद राख—तिमी वा तिम्रो कुनै कारिन्दाबाट गरीब प्रजाको कुनै व्यक्तिमाथि अन्याय हुन नपाओस्। गरीबहरूको र आइमाईहरूको आदर र सम्मान गर तथा उनीहरूका केटाकेटीहरूलाई आफ्नै बाल-बच्चा-सरह प्यार गर, उनीहरूको आशीर्वादले तिमी फुल्ने-फल्नेछौ। तिमीलाई भगवत्प्राप्ति गर्नु छ भने जमिनदारीद्वारा नै त्यसलाई पनि प्राप्त गर्न सक्छौ। त्यसको तरीका यो हो— रैती स्त्री र पुरुषहरूलाई आफ्ना अन्नदाता श्रीभगवान्को स्वरूप सम्झ र आफ्नो जमीनदारीको नाटकअनुसार, जो भगवान्ले नै दिएको हो, उनीहरूलाई सुख दिने नीयतले तथा उनीहरूकै पूजार्थ न्यायसाथ र सजिलोसँग उठाउन योग्य करमात्र असूल गर। त्यसपछि पारिश्रमिकको रूपमा त्यसबाट केही अंश आफ्नो खर्चका लागि राखेर बाँकी सब सुन्दर किसिमले उनीहरूकै सेवामा लगाइदेऊ। तिमीलाई जमीनदारीको अभिनय यसकारण दिइएको हो कि रैतीहरूको धन उनीहरूबाट उठाएर व्यवस्थापूर्वक उनीहरूकै हितका लागि तिमी खर्च गर। उनीहरूको रेखदेख, रक्षा र सेवाको काम तिम्रो जिम्मामा छ। उनीहरूलाई सताएर मोज उडाउने तिमीलाई कुनै अधिकार छैन। यसबाट त उनीहरूको साथसाथै तिम्रो पनि दुःख अवश्य बढ्ला। यदि उनीहरूलाई भगवान्को स्वरूप सम्झी आफ्नो योग्यतानुसार भगवान्को प्राप्तिका लागि नै भगवान्को आज्ञानुसार उनीहरूमाथि शासन गऱ्यौ भने त्यसद्वारा तिमीलाई भगवत्प्राप्ति भइजाला।

यदि तिमी हाकिम रहेछौ भने आफ्नो अभिनयअनुसार दयापूर्ण न्याय गर। तिम्रो इजलासमा कुनै पनि मुद्दा पऱ्यो भने त्यसलाई ध्यानपूर्वक सुन। घूस खाएर वा अरू कुनै पनि कारणले पक्षपात र अन्याय नगर। प्रत्येक न्याय माग्न आउनेलाई भगवान्को स्वरूप सम्झेर न्यायरूप सामग्रीद्वारा उसको पूजा गर। उसलाई न्याय पाउने काममा सक्दो सहुलियत देऊ र सेवाको भावले नै आफूलाई प्रशासक या न्यायाधीश ठान, शान देखाउने अधिकृत होइन। तिम्रो यसै निष्काम सेवाबाट तिमीलाई भगवान्को कृपा प्राप्त होला र तिमी भगवत्प्राप्ति गर्न सकौला।

यदि तिमी वकील हौ भने पैसाको लोभले अन्यायको पैसा नलेऊ, झूटा गवाहीहरू नबनाऊ र कसैलाई झन्झट दिने नियत नराख। प्रत्येक झगडियालाई भगवान्को स्वरूप सम्झेर न्याय-

पक्ष ग्रहण गर । झूटा मुद्दा गर्न नसिकाऊ । तिमीले चाहेको खण्डमा भगवान्को ठूलो सेवा गर्न सक्तछौ र त्यसै सेवाद्वारा तिमीलाई भगवत्प्राप्ति हुन सक्तछ ।

यदि तिमी डाक्टर या वैद्य हौ भने विरामीलाई भगवान्को स्वरूप सम्झी उसका लागि सेवाभावले नै उचित पारिश्रमिक लिएर औषधिको व्यवस्था गर । लोभवश रोगीलाई नसताऊ । गरीबहरूको सधैं विचार राख । तिमी आफ्नो निःस्वार्थ सेवाद्वारा भगवान्को धेरै प्यारो बन्न सक्छौ र भगवान्को प्राप्ति साह्रै सरलतासँग गर्न सक्छौ । तिमी भगवान्को अति नजीक हुन्छौ ।

तिमी प्रहरी अधिकृत हौ भने आफूलाई जनतारूप भगवान्को सेवक ठान, कसैलाई गाली नगर न त कसैलाई सताऊ । लोभ, घमण्ड, अभिमान या द्वेषवश कसैलाई कुनै बेला भुलेर पनि बेकारमा दुःख नपुऱ्याऊ। सेवाको भावले नै सारा कामहरू गर । तिम्रो काम अत्यन्त सावधानीसाथ गरिने खालको हो । यदि तिमी आफ्नो सुधार गरी यसप्रकार भगवत्सेवामा लाग्यौ भने आफ्नो यसै प्रहरीको कामबाट तिमीलाई भगवत्प्राप्ति हुन सक्तछ ।

यदि तिमी नेता हौ या उपदेशक हौ भने आफ्नो पूजा-प्रतिष्ठाको चाहना नराख, साँचो र अनुभवसिद्ध बाटोमा मानिसहरूलाई लगाऊ, दलबन्दी नगर तथा सम्प्रदाय नबनाऊ । त्यही काम गर, त्यसलाई पनि अभिमान, लोभ र मान-सम्मान छाडेर गर, जसले सबैको हित होस् । तिम्रो यसै सेवाबाट भगवान् खुशी भएर तिमीलाई आफ्नो पद अवश्य दिनुहोला, नेताहरूको पनि महान् नेता होउला ।

तिमी मालिक हौ भने नोकरहरूलाई दुःख नदेऊ र अभिमानवश आफूलाई धेरै ठूलो नठान । आफ्नो अभिनयअनुसार उनीहरूबाट काम चलाऊ, तर मनमनै उनीहरूलाई भगवान्को स्वरूप सम्झी उनीहरूको हितरूपी सेवा गर्ने प्रयास गर र गर्दै रहू। मनले कसैको तिरस्कार नगर । लोभले कसैको न्यायपूर्ण आजीविकाको हरण नगर । उनीहरूको भलाइमा लागिरहू । यसै-बाट तिमीमाथि भगवान् कृपा गर्नुहोला र तिमीलाई आफ्नो परमपद दिनुहोला, जसले तिमी मालिकहरूको मालिक बन्ने होलाऊ ।

यसप्रकार अरू पनि सब मानिसहरूले आ-आफ्ना कामहरूद्वारा भगवान्को निष्काम पूजा गर्नुपर्छ । यस कुरालाई भगवद्गीतामा यसप्रकार भनिएको छ –

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥ (१८ । ४५)

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥ (१८ । ४६)

यो सारा संसारको उत्पत्ति भगवान्बाट भएको हो र भगवान् नै सारा जगत्मा परिपूर्ण छन् । मनुष्य आफ्नो कर्मद्वारा भगवान्को पूजा गरेर परमसिद्धिरूप भगवान्लाई सहजै प्राप्त गर्न सक्छ । जो जुन कर्म गर्छ, जसको जुन स्वाभाविक कर्म हो, त्यही नै गरोस् । सबै कर्म एक जस्तो हुन सक्तैन र एक जस्तै बनाउने व्यर्थ चेष्टा पनि गर्नु हुन्न । नाटकमा सबै पात्रले एकै पात्रको अभिनय गर्न खोजे भने खेल नै बिग्रन्छ । आ-आफ्नो ठाउँमा सबैको जरूरत छ र महत्त्व पनि छ ।

स्वकर्म या स्वधर्म जतिसुकै विगुण होस्, तैपनि त्यसैमा रहेर मानिसले चित्त शुद्ध पारी आफ्नो विकास गर्नुपर्दछ, किनकि उसैमा लागिरहनाले विकास हुन सक्तछ । यसमा मान-अपमानको प्रश्न नै रहँदैन । यो त मानसिक विकासका निमित्त सूत्र हो । स्वधर्म यस्तो वस्तु होइन, जसलाई ठूलो ठानी मन पराइयोस् र सानु सम्झी छाडियोस् । वास्तवमा त्यो न ठूलो न त सानो हुन्छ । त्यो ठीक हामी बराबरको हुन्छ ।

अर्काको धर्म (कर्म) राम्रो लागे लागोस्, तर त्यसलाई तिमीले ग्रहण गर्दा तिम्रो कल्याण हुँदैन । सूर्यको प्रकाश हामीहरूलाई प्यारो छ । त्यस प्रकाशमा हामी हुर्कन्छौं । हामीहरूका लागि सूर्य वन्दनीय छ, तर त्यसै कारण पृथ्वीमा रहन छाडी उसैको नजीक जान चाहेमा हामीहरू डढेर भस्म हुनेछौं । यसको विपरीत, पृथ्वीमा रहनु विगुण भए होस्, सूर्यको सामुन्ने पृथ्वी तुच्छ होस् र त्यो स्वप्रकाशित नहोस्, तैपनि जबसम्म सूर्यको तेजलाई खप्ने ताकत हामीमा आउन्न त्यतिन्जेल सूर्यभन्दा टाढा पृथ्वीमा नै हामीले आफ्नो विकास गरिरहनु पर्दछ । माछाहरूलाई यदि कसैले भनोस्, पानीभन्दा दूध कीमती हुन्छ, तिमीहरू दूधमा बस्न हिंड । के तिनीहरू त्यो मान्लान् ? माछाहरू त पानीमा नै बाँच्न सक्तछन् र दूधमा मरिहाल्छन् । सत्य त यो हो कि हाम्रो जन्मको साथ-साथै हाम्रो स्वधर्म पनि जन्मन्छ । यसको अतिरिक्त यो पनि भन्न सकिन्छ– त्यो हाम्रो जन्मभन्दा पहिल्यै हाम्रा लागि तयार हुन्छ । किनकि त्यो हाम्रो जन्मको हेतु हो । हाम्रो जन्म त्यसैलाई पूरा गर्न हुन्छ । 'स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।'

स्वधर्म हामीलाई यति सजिलोसँग मिलेको छ कि हामीबाट आफ-से-आफ त्यसको अवश्य पालना हुनुपर्ने हो । पशु-पक्षीहरूमा यस्तो भइरहेको पनि छ, तर बुद्धिमानीको ढोंग हाँक्ने मानव !! तिमीबाट हुन सकेन ! अनेकौं प्रकारका बौद्धिक अपराधहरूले गर्दा स्वधर्मको पालन गर्नमा मानिस आफूलाई असमर्थ मान्न लाग्यो । कहिले जमानालाई दोष दिन्छ भने कहिले कलियुगलाई गाली ।

यस्तोमा अब के गर्ने ? यसको सोझै उत्तर यो हो– तामस र राजस कर्महरूलाई बिलकुलै छाडिदिनु पर्दछ तथा सात्त्विक कामहरू गर्दै जानुपर्दछ । यसको साथसाथै यो पनि विवेक पुऱ्याउनु पर्दछ कि जुन सात्त्विक काम सजिलो र स्वाभाविक रूपमा सामुन्ने आइपुग्छ त्यो सदोष हुँदाहुँदै पनि त्याज्य हुँदैन । दोष छ भने रहन देऊ । त्यस दोषबाट पिण्ड छुटाउन खोज्यो भने अरू दोषहरूले कठालो समाउलान् । आफ्नो नाक जस्तो छ उसलाई त्यस्तै रहन देऊ । उसलाई यदि काटेर राम्रो बनाउने कोशिश गऱ्यो भने त्यो झन् डर लाग्दो र नराम्रो हुन जाला । त्यो जस्तो छ

त्यस्त न राम्रो हो। सात्त्विक कर्म सदोष भए तापनि स्वाभाविक रूपमा प्राप्त हुने कारणले गर्दा छाड्नु हुन्न। त्यो गर्नैपर्दछ, तर फलको आशा त्यागेर। संकुचित र हेय बुद्धिलाई छाडेर स्वधर्म र स्व-कर्मको आचरण गर। चित्तशुद्धिको यही एउटा बाटो हो। तर आज असत्यको वातावरणले चारैतिरबाट हामीलाई घेरेको छ। सबै मान्छे बेतोडसँग असत्यतिर नै दौडिरहेका छन्। मोहले हामीलाई पथभ्रष्ट गराउँदै छ। हामी पैसा-पैसाका लागि आफ्नो ईमान बेचिरहेका छौं, इज्जत बेचिरहेका छौं, स्वाभिमान बेचिरहेछौं, बिचरा सत्य कुनामा लडिरहेछ, उसका कुरा सुन्ने पो को छ र !

तर यो सही हो ? असत्यका लागि सत्यलाई तिलाञ्जलि दिनु के ठीक हो ? हाम्रो जीवन गलत बाटोबाट गइरहेको छ भने के त्यसै प्रवाहमा उसलाई बग्न दिन चाहनु हुन्छ र ? लोभ र लालच, सत्ता र मदको चाकचक्यमा आफूलाई हराउन दिनु हुन्छ ? हुँदैन, कदापि हुँदैन। हामीले सत्य व्रत-धारी आदर्श महापुरुषको जीवनलाई आफ्नो पथ-प्रदर्शक बनाउनुपर्छ।

राजा हरिश्चन्द्र– "आज त्रिभुवनमा हरिश्चन्द्रसमान धर्मात्मा अर्को छैन" भनी अमरावती सभामा चर्चा चलेपछि देवराजलाई सही नसक्नु भयो। उनले हरिश्चन्द्रको परीक्षा लिनलाई विश्वा-मित्रसँग अनुरोध गरे। महर्षि विश्वामित्रले त्यसलाई मान्नुभयो। ऋषिले यस्तो चमत्कार गर्नुभयो जसले गर्दा हरिश्चन्द्रले सपनामा आफूले आफ्नो सारा राज्य विश्वामित्रलाई दान गरिरहेको देखे।

सम्झना छ ? दोस्रो दिन महर्षि विश्वामित्र अयोध्याको राजसभामा आइपुग्नुभयो। पहिलो पटक स्वप्नमा देखेको हुँदा राजा हरिश्चन्द्र चिनेर उहाँको स्वागत गर्न उठे। तर विश्वामित्रले स्वागत-सत्कारभन्दा पहिल्यै भन्नुभयो–'राजन् ! तिमीलाई आफ्नो दानको सम्झना छ ?' 'याद छ भगवन् !' हरिश्चन्द्रले स्वीकार गरे। 'यो राज्य अब मेरो हो। तिमी मेरो राज्यबाट गइहाल।' ऋषिले आज्ञा गर्नुभयो र साथसाथै भन्नुभयो–'यस महान् धर्मकार्यको अनुष्ठानको दक्षिणा पनि दिनुपर्छ तिमीले, विना दक्षिणा कुनै धर्मकार्य पूर्ण हुँदैन।' 'अवश्य टक्र्याउँला, प्रभु ! आज्ञा होस्।' तैपनि हडबडाए-नन्। 'यस दानको दक्षिणा हुन्छ एक हजार असर्फी। त्यसको तिमी चाँडै प्रबन्ध गर।' विश्वामित्रले भन्नुभयो–'तर यो राज्य, यसको ढुकुटी र यसका सबै सामग्रीहरू अब मेरा हुन्। राम्रोसँग यो ध्यान राख्नू।'

'मलाई छोटो भाका निगाह होस्' हरिश्चन्द्रले बिन्ती गरे– 'एक महीनाभन्दा बढी म पर्खनेछैन' ऋषिले अवधि तोकिदिए।

अयोध्याका सम्राट् भिकारी बने। रानी र बालक राजकुमार रोहितलाई साथ लिएर हरिश्चन्द्र पैदल काशी पुगे, किनकि रथ इत्यादि त्यसबेला उनका थिएनन्। काशीमा पनि उनका सुनका रुपैयाँको कसरी व्यवस्था गर्ने ? ब्राह्मण थिएनन् उनी, भिक्षा माग्न। वैश्यवृत्ति शुरू गरौं भने व्यापार गर्ने धन नै कहाँ थियो ! अर्कातिर विश्वामित्र लगातार आफ्नो दक्षिणा मागिरहनुभएको थियो।

आखिरमा हरिश्चन्द्रले रानीलाई बिक्री गर्ने निधो गरे। एउटा ब्राह्मणले पाँच सय स्वर्णमुद्रा तिरेर रानीलाई आफूकहाँ दासीको काम गराउनका लागि किन्न स्वीकारे। रानीलाई ब्राह्मणले लैजान लाग्दा बालक रोहित आमालाई अँगालो हाली रुन लाग्यो। बल्लतल्ल ब्राह्मणले बालकलाई सँगसँगै लैजान रानीलाई आज्ञा दिए।

विश्वामित्रलाई पाँच सय स्वर्णमुद्रा दिए। बाँकी पाँच सयका लागि राजाले आफूलाई नै बेच्ने घोषणा गरे। उनलाई किन्यो काशीका चाण्डालहरूको नाइकेले र उनलाई मसानमा खटाउँदै उसले भन्यो– 'ठेक नतिरी कसैले दाह-संस्कार गर्न नपाओस्।' यस्तो काम मिल्यो हरिश्चन्द्रलाई ! विश्वामित्र त दक्षिणा लिएर बिदा हुनुभयो

रानी शैव्या, जसको सेवा अयोध्यामा सैकडौं दासीहरू गर्दथे, ब्राह्मणकहाँ कुचो लगाउने, घर पोत्ने, पानी भर्ने आदि साना- ठूला सब काम गर्न बाध्य भइन्। उनलाई मिरमिरे उज्यालोमा उठी काममा जोत्तिनुपर्दथ्यो र राति पनि धेरै अबेरपछि मात्र उनी सुत्ने फुर्सत पाउँथिन्। राजकुमार रोहितलाई पनि फूल टिप्ने जस्ता साना-तिना सेवाहरू गर्नुपर्दथ्यो। उता चक्रवर्ती राजा हरिश्चन्द्र रातदिन लठ्ठी लिएर मसानघाटमा पहरेदारी गर्दथे तथा मुर्दा जलाउन आउनेहरूसँग शुल्क उठाउँदथे।

दुर्भाग्य यस्तो हुँदा पनि सन्तुष्ट भएन। विश्वामित्रले त हरिश्चन्द्रलाई पूरा कसी लगाउनु थियो र अचानक एक दिन राती बालक रोहितलाई सर्पले टोक्यो र उसको मृत्यु भयो। आकाशमा बादल टम्म र घोर अन्धकार ! एक्ली रानी शैव्या छोराको लाश बोकेर मसानमा पुगिन्। ती बिचरी दासीलाई साथ दिने त्यहाँ को हुन्थ्यो र ! ब्राह्मणले त आफूकहाँ रातभर लाश राख्न पनि मानेनन्। उनको गालीको कारणले नै रानी राति नै पुत्रशव लिएर श्मशानतिर हिंडेकी थिइन्।

चूक घोप्टिएको जस्तो अन्धकार थियो। कुनै स्वास्नीमानिसको रुवाइ सुनेपछि हरिश्चन्द्रले अनुमान गरे कि कुनै मुर्दा आयो। त्यो आवाज जताबाट आइरहेको थियो त्यहाँनिर पुगेर उनले सोधे– 'को हो ? श्मशानघाटका मालिकको कर पहिले बुझाऊ अनि मात्र अरू थोक गर्नू।' 'म हुँ भाग्यहीन पुत्रहीन शैव्या।' रानीले स्वर चिनिसकेको थिइन्, 'नाथ ! यो हजूरको कुमार रोहितको लाश हो। सर्पले डसेर मृत्यु भएकोले यसको दागबत्ती हुन नसक्ने हुँदा पानीमा बगाउन आएकी हुँ।'

बिजुली चम्क्यो र त्यस आधा छिनमा हरिश्चन्द्रले विषले नीलो भएको छोराको मुख र विपद्ग्रस्त रानीलाई देखे। उनको गलामा गाँठो पऱ्यो। केही बेर स्तब्ध भइरहे। रानी विलाप गरिरहेकी थिइन्। आफूलाई सम्हाल्दै हरिश्चन्द्रले भने–'देवी ! जीवन र यसका भोग नश्वर हुन्। धर्म नै सत्य हो। तिमी आफ्नो धर्मको पालन गर र मलाई पनि धर्ममा अडिग रहनमा सहयोग पुऱ्याऊ। मालिकको आदेश छ–कर नतिरी कसैले यहाँ शवदाह या शवप्रवाह गर्न नपाओस्।' 'मसँग त केही पनि छैन।' रानी पोरले रोइन्। 'के अयोध्याका युवराजको लाश अन्तिम संस्कारविना त्यसै लडि-रहला ! मैले त आफ्नो सारीले नै यसलाई छोपेकी छु। 'म विवश छु'–हरिश्चन्द्रको स्वरमा वेदना

थियो, तर वज्रको जस्तो दृढता पनि थियो–'कर नतिरी उत्तरक्रिया म गर्न दिन सक्दिनँ।' 'यो लाश छोपेको कात्रो मात्र छ'–रानी मूर्छा परिन् एकछिन– 'के मेरो रोहितलाई नाङ्गै जल-प्रवाह गर्नुपर्ने भयो मैले?' 'त्यसको आधा च्यातेर मलाई करको सट्टा बुझाइदेऊ – हरिश्चन्द्रले निर्णय सुनाए। हुन्छ?' भन्दै निरुपाय, परमदुःखकातरा र पुत्रशोक-विह्वला रानीले त्यस अन्धकारमा सरेको एक्लो छोराको लाशमाथिको कात्रो च्यात्नलाई आफ्ना लगलग कामेका हात बढाइन् र चारै दिशामा आलोक छायो। त्यस स्मशानघाटमा त्यसबेला देवराज इन्द्र, धर्मराज तथा महर्षि विश्वामित्र उभिएका थिए।

'बस ! उठेर बस' धर्मराजले रोहितलाई सम्बोधन गरे र ऊ जीवित भयो। उनले भने– 'राजन् ! तिम्रा लागि मैले चाण्डालको रूप लिनुपरेको थियो। धर्मको दास अरू कसैको दास बन्न सक्तैन। महाराज ! यो सबाट यहाँको जाँच गरिएको हो। यसबाट यहाँको यश उज्ज्वल हुनेछ। ब्राह्मणको रूप मैले नै धारण गरेको थिएँ।' विश्वामित्रले अयोध्याको राज्य फिर्ता गर्नुभयो। इन्द्रले हरिश्चन्द्रको धर्म तथा सत्यनिष्ठाको अत्यधिक तारीफ गरे। यो हो सत्यधर्मको आदर्श !

सत्य-रक्षाका लागि प्राणत्यागी महाराज दशरथ– पुण्यपुंज दशरथ सम नाही...।

कुनै समय, देवासुर-युद्धमा कैकेयीको त्याग र साहसबाट खुशी भएर दुइटा वरदान दिने कुरा चक्रवर्ती महाराज दशरथले सुनाउनुभएको थियो। असुरहरूसँग लडाइँ गर्दा महाराजको रथको धुरी भाँचियो। उहाँले थाहा नपाउने गरी कैकेयीले त्यसमा आफ्नो हात पसाई रथलाई चलिरहने पारेकी थिइन्। त्यसबेला रानीले वरदान मागिनन् र पछिका लागि तिनलाई थाती राखिन्।

भगवान् रामको लीलाको इशाराबाट देवी सरस्वतीले प्रेरणा दिइन् र मन्थराको बुद्धि भ्रिग्र्यो। उसको खोटो सल्लाहबाट रानीको चित्तमा व्यामोह उठ्यो। श्रीरामको राज्याभिषेकभन्दा अघिल्लो दिन राति रानी कैकेयीले महाराज दशरथलाई वचनबद्ध पारी दुइटा वरदान– 'भरतको राज्याभिषेक' तथा 'श्रीरामलाई चौध वर्षको वनवास' मागिन्। जीवन मोर राम विनु नाही। यसलाई महाराजले रामोसँग बुझेका थिए। त्यति थाहा पाउँदापाउँदै पनि उनी कैकेयीको कुरा अस्वीकार गर्न सक्तैनथे। महत्त्व जिन्दगीको थिएन र मोह प्राणको थिएन। प्राण दिंदा पनि श्रीरामको वनवास जानु रोकिन्थ्यो ? प्राणका प्राण श्रीरामलाई वनवास गएर चौध वर्ष तापसुबेष विशेष उदासी बस्नुपर्ने थियो। त्यो थियो मुटु छिया छिया पार्ने पीडा।

मानिसहरू भन्छन् कि महाराज दशरथले रानी कैकेयीका वरदानलाई 'हुन्छ' भनेनन्। उनले रामलाई वन जाने आज्ञा दिएका थिएनन्। त्यसैले बाबुको वचन सम्झी श्रीराम वन पालनुभएको कुरा ठीक होइन। उत्तमश्चिन्तितां कुर्यात् प्रोक्तकारी च मध्यमः। उत्तम छोराले बाबुले चिताए-अनुसार र मध्यम छोराले बाबुले भनेअनुसार गर्छ। यो नीति बिर्सनु हुन्न। मर्यादा पुरुषोत्तम श्रीरामका लागि बाबुको वरदान नै पिताको आज्ञा हो। यसको अतिरिक्त दशरथको मौनता वरदानको स्वीकृति होइन भनी कसले भन्ला ?

जसलाई पाउन सम्पूर्ण धर्माचरण गरिन्छन् उनै श्रीराम आफैं पुत्ररूपमा प्राप्त भए। त्यस्ता प्राणभन्दा प्यारालाई वनवास पठाउने कुरा मुखबाट निस्कन सक्तैनथ्यो। यो सोच्नासाथ छटपटी बढ्दथ्यो र मूर्छा पर्दथे। रानी कैकेयीका वरदानको स्वीकृति नै त थियो त्यो व्याकुलता। अन्यथा व्याकुलताको कारण के ? व्याकुलता स्वयं मौन स्वीकृति थियो।

श्रीराम पाल्नुहुन्छ। महारानी कैकेयी आफ्ना वरदानको कुरा उहाँलाई सुनाउँछिन्। त्यसलाई स्वीकार गरी मर्यादा पुरुषोत्तम मुमा कौशल्यासँग बिदा हुन पाल्नुहुन्छ। यो सबै महाराज दशरथको उपस्थितिमा उनकै सामुन्ने हुन्छ। फर्केर श्रीराम त्यसै ठाउँमा वल्कल धारण गर्नुहुन्छ र पाउमा ढोगी भाइ लक्ष्मण तथा जानकीको साथ प्रस्थान गर्नुहुन्छ। महाराजको व्याकुलता तथा असहाय अवाक् अवस्था नै यी सबको मौन अनुमोदन नै हो। सत्यको रक्षाका लागि यो त्याग ! यस्तो त्याग जसको वेदनाले अन्तमा प्राण लिएर छाड्यो। यसै सत्य-संरक्षण एवं त्यागले गर्दा नै महान् महिमावान् भएका छन् चक्रवर्ती महाराज दशरथ।

आदर्श विद्यार्थी— बालककालमा गोपाल पढ्न पाठशाला जान्थे। एकदिन शिक्षकले विद्यार्थीहरूका ती प्रश्नहरू जाँच्न शुरू गरे, जुन उनीहरूलाई घरबाट गरेर ल्याउन अह्राइएको थियो। केवल गोपाल मात्र त्यस्ता थिए जसका सबै प्रश्नहरूका उत्तर सही थिए। गुरुले उनको प्रशंसा गरे र कुनै चीज पुरस्कार दिन खोजे। तर अध्यापकलाई त्यस समय बडो अचम्म लाग्यो जुन बखत बालक गोपाल खुशी हुनुको सट्टा डाँको छाडी रुन थाले। मास्टरले सोधे— 'तिमी किन रुन्छौ ?' गोपालले जवाफ दिए— 'सबै प्रश्नहरू मैले नै हल गरेको हुँ भनी यहाँले ठान्नुभएको छ, तर मैले एउटा प्रश्न आफ्नो साथीलाई सोधेर गरेको हुँ। यसप्रकार मैले यहाँलाई धोकामा राखें। मैले त इनामको सट्टा सजाय पाउनुपर्दछ।' यस्तो सत्यप्रियताबाट कुन शिक्षक प्रसन्न नहोला ? शिक्षकले भने —'अब यो पारितोषिक तिमीलाई, तिम्रो सत्यप्रियताका लागि दिन लागिएको छ।'

सत्यधर्मका आदर्श महात्मा सुकरात— महात्मा सुकरातको गिन्ती यूनानका महान् दार्शनिकहरूमा गरिन्छ। उनी आत्मवादी थिए। उनले मानिसहरूलाई सजग पारे— संसार नश्वर छ र यसका पदार्थ र प्राणीहरूबाट सच्चा सुखको प्राप्ति हुन सक्तैन। 'आफूलाई आफै चिन' यो आफ्नो कल्याणको सोझो बाटो हो। इसाभन्दा ४६९ वर्षअघि यूनानको एथेन्स नगरमा जन्मी उनले सीधासाधा जीवन बिताएर मानिसहरूलाई सत्यको बाटोमा हिंड्ने शिक्षा दिए। आफ्नो उपदेश-ले गर्दा उनीमाथि तात्कालिक प्रशासनको रिस खनियो। सत्यको संरक्षणका लागि मृत्युलाई पनि अँगालो हाल्नुपऱ्यो, तर उनी सत्यको पालनाबाट डेग चलेनन्। उनले मानिसहरूलाई त्यसै कुराको शिक्षा दिए जसको उनले आफै आफ्नो जीवन तथा आचरणमा अभ्यास गरिसकेका थिए। यूनानका नवयुवकहरूलाई गलत बाटोमा लाग्नुबाट उनले बचाइराखे। तर प्रशासनको दृष्टिमा यही उनको सबभन्दा ठूलो अपराध थियो। उनी अदालतमा पेश गरिए।

'सुकरात नगरका नवयुवकहरूलाई सत्य-शिक्षणको नाममा गलत बाटोमा लगाउँदछन् । यस कसूरका लागि उनलाई ज्यान सजाय दिनुपर्छ' मेलिटस र उनका साथीहरू, अनिट्टस तथा लीसनले अभियोग लगाए । 'नाटककार एरिस्टोफनीसले आफ्नो 'क्लाउड' नाटकमा सुकरातलाई स्वर्ग र पातालको कुरा जान्ने र हावामा उड्ने चमत्कारीको रूपमा चित्रित गरेर यो साबित गरिसकेका छन् कि उनी जनतालाई असत्य र अनाचारको पाठ पढाउँछन् । अपराधीलाई विष खुवाएर प्राण लिने सजाय दिइन्छ ।' बाहिर पखिरहेका नागरिकहरू न्यायालयको त्यस निर्णय-बाट चकित र क्रोधित भएर उठे । सुकरात शान्त थिए । प्रशासनको आदेशले उनलाई झ्यालखाना-मा हालियो ।

'म प्रार्थना गर्दछु– यहाँ अझै पनि आफ्नो कीमती प्राण बचाउन सक्नुहुन्छ । यस कारागार-बाट निस्केर भाग्नमा हामीहरू यहाँलाई सहायता गर्नेछौं ।' क्रीटोले सुकरातको सामुन्ने प्रस्ताव राखे र उनलाई सम्झाउन शुरु गरे । 'तिमी सत्यभन्दा बढी मूल्यवान् प्राणलाई सम्झन्छौ ? क्रीटो ! सत्य अमर र अविनाशी हो । सत्य शाश्वत प्रकाश हो र उसलाई मृत्युको अँध्यारो अज्ञानले ढाक्न कहिल्यै सम्भव छैन । सत्यको रक्षाका लागि प्राण दिनु नै मेरो पवित्र कर्तव्य हो । यही मानव-धर्म हो । यसबाट न्यायको शिर ठाडो होला ।' –सत्तरी वर्षका वृद्ध दार्शनिक सदाचारको शिक्षा क्रीटोलाई दिइरहेकै बेला मृत्युको समय आइपुग्यो । न्यायपतिहरूका सेवकले विषको प्याला महात्मा सुकरातका हातमा राखिदिए । दिशाहरू शोकमग्न भए । वातावरणमा शान्त विक्षोभ थियो ।

'अझै विष खाने बेला भएको छैन । दिनको केही अंश बाँकी छ'– क्रीटोले आँखाभरि आँसु पारी भने । 'आफ्नो भित्र चेतन आत्माको ज्ञान प्राप्त गर । यो ज्ञान नै सर्वव्यापक सत्य हो । आफू-लाई आफै चिन । तिमी शरीर होइन, आत्मा हौ । यो आत्मा अमर, शाश्वत, चिरन्तन र अक्षय छ । मेरो भित्र स्थित आत्मसत्यलाई बुझ क्रीटो ! मृत्युले शरीरलाई नाश गर्न सक्तछ । आत्माको राज्यमा उसको प्रवेश हुन सक्तैन । प्राण छुटेपछि शरीरलाई समाधिस्थ गरिदिनू ।' यति भनी सुकरात विषको प्याला ओठमा लगाएर न्यायपतिको आदेशानुसार डुल्दै-डुल्दै खान लागे । उनका खुट्टा धरमराए ।

'तिमीले ठानेका हौला– मैले तिम्रो कुरा नमानेर तुरुन्त विष खान थालें । म सत्यको अमरलोकमा प्रवेश गर्न क्षणभर पनि अबेर गर्न चाहन्नथें । अब हामी दुवै एक अर्कोबाट अलग भइ-रहेका छौं । तिमी जीवनतर्फ गइरहेका छौ र म मर्ने बाटोमा छु । जीवन र मरणमा कुन श्रेष्ठ हो, यसको ज्ञान परमात्मा, केवल परमात्माला .....ई...मा....त्र....छ ।' सुकरातले धेरै बेरसम्म आफूलाई संभाल्न सकेनन् । क्रीटोको सहायताले उनी भुइँमा पल्टे । क्रीटोले उनको मुख लुगाले छोपे ।

सत्यवादी घाटम भक्त-नाऽस्ति सत्यात् परो धर्मः यस सिद्धान्तसँग शास्त्र, वेद, धर्म एकै स्वरमा सहमत छन् । कुनै ठाउँमा पनि र कुनै समयमा पनि कसैको मतभेद छैन । सत्य त सबै

वर्णहरूमा विकाररहित छ । तर यो सत्य के वस्तु हो ? जस्तो सुन्यो, सम्झ्यो र देख्यो अर्थात् सनेर, सम्झेर र देखेर जे कुरा जसरी समझमा आएको हो ठीक त्यसरी नै सुन्ने मानिसको समझमा पनि त्यो कुरा आओस् भन्ने यस्तो कथनको नाम सत्य हो । आडम्बरहीन भाषामा मनका सच्चा भावहरू-को प्रकाश अर्कोलाई दिनु सत्य हो । उच्चारण ठीक गरिए तापनि भन्ने ढङ्ग बदलिंदा अर्थ बदलिन्छ । सत्यमा वाक्-छल या कपट-दम्भलाई ठाउँ छैन । साथै सत्य त्यही हुन्छ जसबाट कुनै निर्दोषको हानि हुन्न । सत्यको सम्बन्धमा सत्यप्रिय घाटमको कथा याद आउँछ ।

१७८

राजस्थानको एउटा गाउँमा घाटम नाउँको एउटा मीना बस्दथ्यो । त्यहाँ त्यस जातका मानिसहरू प्रायः चोरीबाट गुजारा गर्ने गर्थे । घाटम पनि त्यही गर्दथ्यो । ऊ कहिलेकाहीं एउटा महात्माकहाँ पनि जाने गर्दथ्यो । महात्माका लागि को असल, को खराब ? उनी त, आफ्नो स्नेह-द्वारा उसलाई पनि सत्यको बाटोमा लगाउन चाहन्थे । एकदिन महात्माले भने– 'घाटम ! तँ चोरी गर्न छाड्दे ।' घाटमले भन्यो 'महाराज ! चोरी गर्न छाडें भने आफ्नो परिवार कसरी पालौंला ? मेरो त आजीविका नै चोरी हो । महाराजले यस बाहेक अरू कुनै पनि आज्ञा दिनुभए म त्यसलाई पालन गर्न तयार छु ।' महात्माले भने– 'भैगो त, चोरी छाड्न सक्तैनस् भने म तँलाई चार नियमहरू बताउँछु र तिनको पालन गर्न शुरू गर् । पहिलो सदा सत्य बोल्; दोस्रो साधु सेवा गर्; तेस्रो भगवान्लाई अर्पण गरेर मात्र खा; र चौथो, भगवान्को आरती हेर्ने गर् ।' सरलहृदय घाटमले चारै नियमहरू पूरा गर्ने व्रत लियो । महात्माले चोरलाई पनि प्रभुको समीप पुग्ने मङ्गलमय मार्ग देखाए । महात्मा घुम्दै अर्को ठाउँ पुगे । त्यहाँ एक पटक भगवान्को उत्सव भएको थियो । गुरुजीले त्यसमा घाटमलाई पनि बोलाए । ठाउँ धेरै टाढा थियो र समय कम बाँकी थियो । घाटमको चोर्ने बानी जाग्यो । उसले सोच्यो– राजाको तबेलाबाट एक घोडा लिएको खण्डमा बेलैमा पुग्न सकिन्थ्यो । अनि ऊ सोझै अस्तबलमा पुग्यो र भित्र छिर्न लाग्यो । नचिनेको मानिस सरासर भित्र पस्न लागेको देखेर पालेहरूले सोधे– 'तिमी को हौ ?' घाटमले सत्य बोल्ने कबूल गरेको थियो । उसले उत्तर दियो– 'म चोर हुँ । एउटा घोडा चोर्न आएको हुँ ।' पहरेदार-हरू अचम्ममा परे । उनीहरूले सोचे– 'यस्तो भन्ने मानिस चोर कसरी हुन सक्तछ ? सम्भवतः महाराजको कुनै नयाँ कर्मचारी होला ।' त्यसैले उनीहरू चुपचाप बसे । घाटमले झट्ट सब-भन्दा बढिया घोडा छान्यो र लिएर हिंड्यो । बाटोमा साँझ पर्‍यो । एउटा मन्दिरमा आरती हुन लागेको थियो । गुरुको आज्ञाअनुसार घाटम त्यहाँ रोकियो र घोडा एउटा रूखमा बाँध्यो ।

न उता जब वास्तविक कुरा पत्ता लाग्यो, तुरुन्त राजाका रिसल्लाहरू दौडे र घोडाका टापहरू हेर्दै त्यहाँ पुगिछाडे । त्यहाँ घोडा बाँधिएको थियो । गएर हेरे, घाटम मस्त भएर आरतीमा एकाग्र भइरहेको थियो । तर आश्चर्य ! कालो रङ्गको घोडाको सट्टा सेतो रङ्गको घोडा थियो । जो संसारलाई बन्धनहरूबाट मोक्ष गर्दछन् उनको सत्यवादी भक्त बन्धनमा कसरी

पन सक्तथ्यो । फेरि घोडाको रङ्गमा त्यति सानो फरक पारिदिनु, नभएको घटनालाई भएको देखाउन सक्ने त्यस व्यक्तिलाई के कठिन थियो र ! आरती सिद्धिएपछि प्रेमी भक्त झुन्डै बाहिर आयो र घोडामा चढ्यो । 'उही मानिस, सबका सब उही तर घोडाको रङ्ग अर्कै कसरी' भनेर राजाका घोडसवारहरूलाई ठूलो आश्चर्य लाग्यो । एउटाले सोद्धा घाटमले भन्यो– 'नडराऊ ! म उही चोर हुँ र उही घोडा हो । अर्को रङ्ग त तिमीहरू भ्रान्तिवश वा भगवान्को मायाले गर्दा देखिरहेका छौ । गुरुजीकहाँको महोत्सवमा मलाई पुग्नु छ । तिमी चाहन्छौ भने मसँग हिंड । उताबाट फर्केर म तिमीहरूसँग राजाकहाँ जाउँला ।' रिसल्लाहरूले माने । गुरुजीको महोत्सवबाट फर्केर घाटम राजाको समीपमा पुग्यो र राजाले सोद्धा घाटमले आद्यो-पान्त सबै कुरा सुनायो । राजा छक्क परेर सत्यनिष्ठ भगवद्भक्त घाटमका चरणमा नमस्कार गर्न थाले । राजाले उसलाई धेरै धन-दौलत दिन खोजे तर घाटमले एकदमै इन्कार गऱ्यो । समय-समयमा गुरुजीको सेवा गर्न जानलाई केवल एउटा घोडा स्वीकार गऱ्यो र गुरुले बताएको सत्यमा हिंडेर ऊ संसारबाट मुक्त भयो ।

यो हो सत्यको महिमा, जसले जिन्दगीभर चोरी, डकैती आदि नीच र घृणित कर्म गर्ने मीनालाई पनि सधैंका लागि प्रभुका त्रिविध-तापविनाशी श्रीचरणमा स्थान दिलाइदियो ।

सत्यप्रिय रघुपति सिंह–एउटा अर्को राज्यको सेनापतिले एउटा राजपूतको किल्ला-लाई घेरा हालेको थियो । राजपूत सरदार रघुपति सिंह भागेर जङ्गल पसेका थिए । यिनलाई जिउँदो या मृत पक्रेर ल्याउनेलाई पुरस्कार दिने घोषणा भएको थियो । वनमा समाचार पुग्यो– रघुपति सिंहको छोरा अचानक मरणासन्न भएको छ ।

मर्न लागेको छोराको मुख हेर्ने इच्छा राखेर रघुपति सिंह वनबाट फर्के । घेरा हाल्ने सेनाको सरदारको अगाडि गए र उनले भने– 'मलाई गढीभित्र जान दिनुहोस् । मर्न लागेको छोराको मुख हेरेर तपाईंछेउ फर्की आउँला अनि मलाई पक्रनुहोला ।' सेनापति हच्क्यो र भन्यो– तपाईं फर्किनुभएन भने ? रघुपति सिंहले जवाफ दिए – राजपूतले कहिल्यै झूट बोलेको छ ?' उनलाई दुर्गमा जान दिइयो । छोरालाई भेटी फर्केर उनी सोझै सेनानायकको सामुने खडा भएर भने– 'अब मलाई समात ।'

उनलाई लिएर सेनानायक आफ्नो प्रधान सेनापतिसमक्ष पुग्यो । रघुपति सिंहको आत्मसमर्पणको विवरण सुनेर त्यस वीर प्रधान सेनापतिले भन्यो– 'तपाईं स्वतन्त्र हुनुहुन्छ । यस्ता बहादुर सच्चा वीरलाई मारेर म आफ्ना हात कलङ्कित गर्न सक्तिनँ ।'

सत्यधर्म निष्ठा नन्दा गाई–ती श्रेष्ठ गाई थिइन् । कपास जस्तो सेतो वर्ण थियो उनको पुच्छर, सिङ्ग, स्तन र जिब्रो सब सेता थिए । राम्रो र पुष्ट आङ भएकी ती गाईको नाउँ नन्दा थियो । वनमा चर्दा-चर्दै तिनी आफ्नो बथानबाट अलग हुन पुगिन् । मध्यान्हमा प्यास लाग्यो र तिनले

तलाउको बाटो समातिन् तर बाटोमा एउटा सिंहसित जस्काभेट भयो। सिंहलाई देखेर नन्दाका पाउ रोकिए। उनका आँखाबाट आँसु बग्न थाले।

सिंह गर्ज्यो– 'लाछी गाई तँ किन रुन्छेस्? तँलाई अमर त हुनु छैन। बूढो या बिरामी भएर दुःख पाएर मर्थिस्। आज म तँलाई बढ्ता कष्ट नदिई तुरुन्त मारुँला।'

गाईलाई केही धैर्य भयो। तिनले भनिन्– 'तपाईं वनका राजा हुनुहुन्छ। तपाईंले मसँग कुरा गर्ने कृपा गर्नुभएकोले मेरो पनि एउटा निवेदन सुनिदिनुहोस्। म आफ्ना लागि रुन्नँ। जो जन्मन्छ उसले त मर्नु नै छ।' सिंह करायो– 'ठीक! तँलाई म छोड्ने होइन, तर आफ्नो कुरा झट्ट भनिहाल्।' गाईले भनिन्– 'मेरो पहिलो पटक बाच्छो जन्मेको छ। त्यो अहिले घाँस खान जान्दैन। म उसको मायाले दुःखी छु। मलाई छोटो समय दिनुहोस्। म आफ्नो बाच्छोलाई आखिरी पटक दूध खुवाएर त्यसको माथ चाटेर त्यसलाई संगिनीहरूको जिम्मा लगाई तपाईंकहाँ आइपुगुँला।'

सिंहले भन्यो– 'बठ्याइँ छाड्! तँ मलाई ठग्न सक्तिनस्। आफ्नो पन्जामा पारेको शिकारलाई छाड्ने होइन म।'

गाईले सत्यको किरिया खाइन्। सिंहले उनको शपथमाथि विश्वास गऱ्यो। उसले सोच्यो– यसको वाचा पनि हेरूँ। एकदिन आहार नजुटेर मेरो के बिग्रेला!' सिंहको अनुमति पाएर गाई आफ्नो गोठमा फर्केर गइन्। बाछालाई दूध खुवाउँदा उनका नेत्रहरूबाट आँसुका धारा झर्न लागे। महतारी रुनाको कारण बाछोले सोध्यो र उनलाई भन्यो– 'म पनि तिमीसँगै जान्छु।'

अरू गाईहरूले अनेक युक्ति र उदाहरणहरू दिएर नन्दालाई सम्झाए– 'आफ्नो प्राण बचा- उनका लागि झूट बोल्नुमा दोष छैन। तँ सिंहकहाँ नजा।' नन्दाले भनिन्– 'प्राणीलाई एक दिन अवश्य मर्नैपर्दछ। यस नश्वर शरीरका लागि आफ्नो वचनलाई झूटा बनाउन्नँ। सत्यको रक्षा नै प्राणीको ठूलो धर्म हो।' बाच्छालाई दूध खुवाई, चाटेर उसलाई अरू गाईहरूको जिम्मा लगाएर नन्दा हिंडिन्। तर बाच्छो रोकिएन। त्यो पनि माउको पुच्छर लाग्यो। नन्दा सिंह भएठाउँमा पुग्ने- बित्तिकै बाच्छो आफ्नी आमा र सिंहका बीच उभियो। नन्दा गाईले भनिन्– 'वनराज! म फर्केर आएँ। तपाईंले यस अबोध बाच्छालाई दया राख्नुपर्छ र मलाई मारेर आफ्नो भोक मेटाउनुहोस्।' सिंहले गाईको सत्यनिष्ठाबाट प्रसन्न भएर भन्यो– 'कल्याणी! जो सत्यमा अडिग रहन्छ त्यसको कुभलो कसैले गर्न सक्तैन। तिमी आफ्नो बाच्छो लिएर जाऊ। अब यस वनमा तिम्रीलाई म र अन्य कुनै जनावरबाट डर छैन।'

त्यसै बखत धर्मराज प्रकट भए। उनले नन्दा सत्यको प्रभावले बाच्छोसहित स्वर्गको हकदार भइसकेकी छ भन्ने कुरा बताए। सिंह पनि त्यो धर्मात्मा गाईको संसर्गले पापबाट मुक्त भयो।

एउटा बालचर- (Scout) परीक्षा भइरहेको थियो। हिसाबको प्रश्नपत्र धेरै कठिन थियो। त्यसको उत्तर केटाहरूलाई आउँदैनथ्यो। कुनै केटाले प्रश्नपत्रलाई कुनै प्रकारले परीक्षा-भवनबाट बाहिर पठायो। बाहिरबाट उसको साथीले सब प्रश्नहरू हल गरेर पठाईदियो। त्यस कोठामा बसेका सबै विद्यार्थीहरूले ती उत्तरहरूको नक्कल गरे। त्यस कोठामा एकजना बालचर थियो। उसले पनि जाँचमा उत्तीर्ण हुने लोभले नक्कल गऱ्यो।

राति सुत्ने बेलामा सधै झैं उसले बालचरका नियमहरू पढ्यो र तुरुन्तै व्याकुल भयो। नियमानुसार उसले सधै सत्यको पालना गर्नुपर्दथ्यो, तर उसले त्यस दिन असत्यको आचरण गरेर आएको थियो। उसलाई यति पछुतो भयो कि उत्तिखेर लुगा लगाएर ऊ पाठशालाका प्रधान अध्यापकको घरतिर हिंड्यो, त्यहाँ सबै कुरा,खोलेर भन्यो- 'मबाट अपराध हुन गयो। मलाई दण्ड दिनुपर्छ।' प्रधानाध्यापकले सोधे–'यो पश्चात्ताप स्वयं तिमीलाई सजाय हो। गणितका प्रश्नहरूमा तिम्रो फेरि जाँच गरिएला।' दोस्रो पटकको परीक्षामा ऊ राम्रो नम्बर ल्याएर पास भयो। सार्नै अरू छात्रहरूले दण्ड पाए।

अस्तेय धर्म अथवा परस्वापहरण त्याग

यावद् भ्रियेत जठरं तावत् स्वत्वं हि देहिनाम्।
अधिकं योऽभिमन्येत स स्तेनो दण्डमर्हति ॥श्रीमद्भागवत ७।१४।८

'मानिसहरूको अधिकार या हक त्यत्ति नै धनमा हुन्छ जतिबाट उनीहरूको पेट पाल्न पुगोस्। यसभन्दा बढीलाई जो आफ्नो ठान्दछ, त्यो चोर हो र त्यसलाई दण्ड दिनुपर्दछ।' श्रीमद्भागवतमा यी देवर्षि नारदका वचनहरू हुन् युधिष्ठिरप्रति। यो अस्तेय-व्रतको मात्र लक्षण होइन। यो त्यो सिद्धान्त हो जसको पालन गर्नाले सारा संसारको आर्थिक असमानताको नाश हुन जान्छ र विभिन्न वादहरू, जो अर्थ-व्यवस्थालाई लिएर परस्पर झगडा गरिरहेका छन्, तिनका सबै समस्याहरूको समाधान हुन जान्छ। यो धार्मिक नियम नअँमालेकोले आज चारैतिर छोटो स्वार्थको विस्तार भइरहेको छ र यसैले गर्दा कैयौं किसिमको सभ्यताको पोशाकमा लुकिरहेको परस्वापहरण या चोरी जस्ता पापहरूलाई आजका मानिसहरूले न्यायसङ्गत मानिसकेका छन्। त्यसैले 'अस्तेय व्रत' केवल ग्रन्थहरूमा पढ्ने विषय भई बचेको छ। अर्काको धन आदिको उपयोग उसको अनुमतिबिना गर्नु स्तेय या चोरी हो। त्यसको विपरीतको कार्यलाई अस्तेय भन्दछन्। आजकाल अस्तेयको कसरी नाश भइरहेको छ, त्यसको अति संक्षेपमा केही विचार गरिन्छ।

'अर्काको जड, चेतन, प्राणी, पदार्थ या स्वत्वाधिकार आदि जुनसुकै वस्तुको हरण गर्नु स्तेय हो। स्तेयको अर्थ हो चोरी र चोरी नगर्नुको नाम हो अस्तेय। चोरी कैयौं किसिमका हुन्छन्, जस्तै

आफ्नो कर्तव्यपालन नगर्नु, जिम्मेवारीको वास्ता नराखी जथाभावी आचरण गरी घमन्ड गर्नु, गैरकानूनी काम गर्नेहरूलाई सहायता पुऱ्याउनु, कीर्ते कागज बनाई जाली काम गर्नु र गराउनु, मजदूरहरूलाई पेट भर्न जमदुरी नदिनु, तलब या मेहनत लिएर पनि तोकिएको काममा पूरा समय लगाएर कामदारहरूले राम्रोसँग काम नगर्नु, व्यापारीहरूले असल चीजको दाम लिएर कमसल चीज दिनु या कम मोलमा बढिया वस्तु लिनु वा नाप, तौल र गन्तीमा बढी लिनु र कम दिनु, वा कसैलाई घूस खुवाएर अन्यायपूर्वक आर्थिक लाभ लिनु, वा एउटा चीजमा अर्को थोक मिसाएर दिनु वा एउटा वस्तुलाई अर्को पदार्थ भनी बेच्नु, सस्तो सम्झेर चोरीको माल किन्नु, बोलकबोल नपुऱ्याउनु, झूटो खबर फैलाएर मानिसहरूलाई धोकामा पार्नु, चर्को ब्याज लिएर गरीबहरूको सम्पत्ति हरण गर्नु, झुट्टा प्रमाणहरू लेख्नु र लेखाउनु, कुनै निश्चित कामका लागि प्राप्त चीजबीजहरूलाई सो कार्यमा नलगाई महँगो भाउमा बजारमा बेच्नु, बाटो, रेल आदिमा पाएको अर्काको मालसामानलाई पुलिस आदिको जिम्मा नलगाई आफै राख्नु; विनामाल या थोरै मालको कारोबार गरेर बढी माल वा अर्कै मालको रसीद-भरपाई गरी लोभी व्यापारीहरू वा अधिकारीहरूले रेल आदिबाट पैसा असूल गरी आपसमा बाँडचुंड गरी खानु; लोभी वकीलले पैसाको प्रलोभनबाट गलत सल्लाह दिएर मुद्दा लडाउनु या आफ्ना गाहकीहरूलाई झुट्टा प्रमाण र झुट्टा साक्षी बनाउन लगाएर न्यायबाट बच्नका लागि असत्य या चोरीका नयाँ-नयाँ तरीका बताउनु र न्यायाधीशलाई घूस दिने-दिलाउने व्यवस्था गर्नु; डाक्टर-वैद्यहरूले लोभवश रोगलाई बढाई चढाई बिरामीलाई बताउनु ।

यस्तै, इञ्जिनियरहरूले ओभरसियर, अरू कर्मचारीहरू, हिसाबस्रेस्ता गर्नेहरू र क्लर्कहरूसँग मिली ठेकेदार वा मालसामान उपलब्ध गराउने मानिसहरूलाई काम नगरी या मालसामान उपलब्ध नगराई झुट्टा बिल भरपाई बनाएर रुपैयाँ हडप्नु, या काम पूरा नगर्दा वा पूरा सामान नदिंदा पनि पूरा रकम भुक्तानी दिनु या घूस लिएर अर्काको भन्दा बढी लागतको टेण्डर पास गर्नु र त्यसपछि मनमानी गर्नु । यसप्रकार अन्यायको धन लिएर न्यूनाधिक रूपमा बाँडेर खाने ठेकेदार, अर्डर सप्लाएर, इञ्जिनियर, ओभरसियर, लेखापाल, बिल-भरपाई-जाँचकी, क्लर्क एवं रुपैयाँ-चोर सबै चोरीका अपराधी हुन्छन् ।

यी कुराहरू अत्यन्त अप्रिय र सुन्दा तीता छन्, तर छन् एकदम सत्य । निष्पक्ष भावले आफै नै विचार गर । यसमा कसैको आलोचनाको कुरा छैन । हाम्रो मानव-समाजको मिल्दो-जुल्दो वास्तविक चित्र हो । यस प्रकारका कुराहरू आजकाल धेरै बढिसकेका छन् र बढ्दै गइरहेका छन् । मानौं, सम्पूर्ण समाज नै यस मीठो तर भयानक विषद्वारा आक्रान्त भइसकेको छ । हाम्रो मनबाट यस प्रकारका कामहरूप्रतिको घृणा र पापबुद्धि बिदा भइसकेको छ; हामीहरू यसैमा बुद्धिमानी र गौरवको अनुभव गरिराखेका छौं । सबभन्दा खराब कुरा यो हो आज हाम्रो समाज यस्ता पापमय कामहरूलाई चतुऱ्याइँ या धनार्जन-कुशलता मान्न लागेको छ र यसप्रकार निन्दित कर्महरूद्वारा धनी भएका मानिसहरूको समाजमा ठूलो आदर-सम्मान हुन्छ । उनीहरू नै धर्मात्मा, नेता, अगुवा

तथा आदर्श मानिन्छन् । यसबाट स्वाभाविक रूपमा अरू मानिसहरूको मनमा पनि त्यस्तै किसिमले धनी बनेर भोग-विलास र मोज-शोख गर्ने तथा आदरसम्मान पाउने कामना र लालच उत्पन्न हुन्छ । जति-जति नयाँ कानूनहरू बन्दछन् उति-उति यस किसिमका कुकर्महरूका नयाँ-नयाँ र सफल क्रियाहरूको आविष्कार हुँदै जान्छ । कानून बिचरो किताबहरूमा दबिइरहन्छ । १८३

सभ्य पोशाकहरूमा सजिएका हाम्रा भाइहरूलाई यो विश्वास गर्न पनि कठिन जस्तै लाग्ला एक जमाना त्यस्तो पनि थियो जुन बखत अस्तेय धर्मका आदर्श ऋषि शङ्ख र ऋषि लिखित जस्ता पुरुषहरू पनि यसै पृथ्वीमा हाम्रै बीचमा थिए । ऋषि शङ्ख र लिखित दुवै सहोदर भाइ थिए । दुवै धर्मशास्त्रका परम मर्मज्ञ थिए । दुवैका स्मृतिहरू आजसम्म उपलब्ध छन् । विद्याध्ययन पूरा गरी दुवैले विवाह गरे र बेग्लाबेग्लै आश्रम बनाएर अलग-अलग बस्न लागे ।

एकदिन ऋषि लिखित आफ्ना दाजुलाई भेट्न उनको आश्रममा गए । आश्रममा त्यस बेला न शङ्ख थिए, न उनकी धर्मपत्नी नै । लिखितलाई भोक लागेको थियो । उनले दाजुको बगैंचाबाट एउटा फल टिपे र खान लागे । उनले फल पूरा खाइ नसक्दै शङ्ख आइपुगे । लिखितले उनलाई प्रणाम गरे । ऋषि शङ्खले भाइलाई सत्कारपूर्वक नगीच बोलाए । उनको कुशल-समाचार सोधे । त्यसपछि बोले- 'भाइ ! तिमी यहाँ आयौ र मेरो अनुपस्थितिमा यस बगैंचालाई आफ्नो सम्झी तिमीले यसबाट फल लियौ, यसबाट मलाई खुशी लाग्यो; तर हामी ब्राह्मणहरूको सर्वस्व धर्म हो । तिमी धार्मिक तत्त्व जान्दछौ । यदि कसैको वस्तु उसको अनुपस्थितिमा उसको अनुमतिविना लिइयो भने त्यस कर्मको नाम के होला ?' 'चोरी'-लिखितले नहच्की उत्तर दिए- 'मबाट लापरबाहीले गर्दा यो कुकर्म भैदियो । अब के गर्नुपर्ला ?' 'राजाबाट यसका लागि दण्ड माग । यसले यस दोषको निवारण होला ।' शङ्खले भने ।

ऋषि लिखित राजधानी गए । राजाले उनलाई प्रणाम गरी अर्घ्य दिन लाग्दा उनले भने- 'राजन् ! अहिले म तिम्रो पूजनीय होइन । मैले अपराध गरेको छु । तिम्रा लागि म दण्डनीय छु ।' अपराधको वर्णन सुनेर राजाले भने- 'जसरी दण्ड गर्ने अधिकार राजालाई छ, त्यसरी नै क्षमा गर्ने अधिकार छ, लिखितले बीचमै रोकेर भने- 'तिम्रो काम दण्ड-विधानको निर्णय गर्नु होइन । विधान निश्चित गर्ने काम ब्राह्मणको हो । तिमी त्यस विधानलाई केवल कार्यान्वित गर्न सक्तछौ । मलाई दण्ड दिनुपर्छ । तिमी दण्डविधानको पालन गर ।'

त्यस ताकाको दण्डविधानअनुसार चोरीको दण्ड थियो चोरका दुवै हात काट्नु । राजाले लिखितका दुवै हात नाडीसम्म कटाइदिए । हात काटिएका लिखित धेरै प्रसन्न भई आफ्ना दाजुकहाँ फर्के र भने,- 'दाजु ! म दण्ड पाएर आएँ ।' शङ्खले भने- 'मध्यान्ह सन्ध्याको समय भयो । हिंड, स्नान-सन्ध्या गरेर आऊँ ।'

लिखितले दाजुसँगै नदीमा स्नान गरे । तर्पण गर्ने बानीअनुसार हात उठाउँदा ती सद्दे भएका थिए । उनले दाजुलाई हेरेर भने- 'दाजु अहिले यही गर्नु थियो भने तपाईले मलाई राजधानी-

सम्म किन दौडाउनुभयो ?' शङ्खले जवाफ दिए– 'अपराधको दण्ड शासकले नै दिन सक्छ, तर ब्राह्मण-लाई कृपा गर्ने अधिकार छ ।'

यसपछि एउटा अस्तेय तथा त्यागधर्मका आदर्श एक ब्राह्मणको कुरा सुन्नुहोस् । एउटा विद्वान् र बुद्धिमान् ब्राह्मण थिए । प्रतिग्रह (दान) लिंदा उनलाई आफ्नो पुण्य क्षय भएको लाग्दथ्यो । संयोगवश केही यस्तो भयो कि कुनै यज्ञ, पूजा तथा कथा लगाउने यजमान लामो समय बित्दा पनि मिलेन । कुनै विद्यार्थी पनि उनीकहाँ पढ्न आएन । तब उदरपोषण कसरी होस् ? पेट नभरि-एमा उसले माग्न छाड्दैन । भोको मानिस विवेकहीन हुन जान्छ । ती विद्वान् ब्राह्मणको मनमा पनि चोरी गर्ने इच्छा भयो । देशमा अनिकाल परेको थियो । उनले चाहे तापनि काटेको खेतमा खोज्नलाई न बाली थिए न यताउता दाना नै । 'शिलोञ्छवृत्ति' ब्राह्मणका लागि सर्वोत्तम हो; तर अनिकाल परेको बेला त्यो पनि पूरा भासिन्छ ।

रात अँध्यारो भएपछि ती ब्राह्मण राजाको भवनमा पसे । यस्तो थिएन कि प्रहरीहरूले उनलाई नदेखेका होऊन्, तर धार्मिक नरेशहरूका भवनहरूमा जान ब्राह्मणहरूलाई रोक्ने आदेश दिइएको हुँदैनथ्यो । राजभवनमा आएर उनी एउटा एकान्त ठाउँमा लुकी बसे । मध्य रातमा जब राजभवनका सब सेवकहरू सुतिसके, अनि उनी निस्के । भवनभित्र कोठाहरूका ढोका खुला थिए । उनी एउटा कोठामा पसेपछि रत्नजडाउ गहनाहरूमा उनका आँखा परे । तिनलाई छुनुभन्दा पहिले उनलाई स्मरण भयो, 'स्वर्णस्तेयी पापतमः' उनलाई महापापी हुनु थिएन । विचार गरे, 'यी मलाई काम लाग्दैनन् ।' तर उनीलाई काम लाग्ने वस्तु उनले पाएनन् । एकबाट अर्को कोठामा भौंता-रिनु नै उनका हातलाग्यो । घोडा, हात्ती र रथ उनी लिंदा हुन् सही, तर राज-सदनमा अन्न र कपडाको थुप्रो लागेको थियो । कठिनाइ थियो– प्रत्येक वस्तु अर्काको थियो । त्यसको चोरी गर्नुलाई शास्त्रले जे पाप भनेको छ त्यसको स्मरण भइदिन्थ्यो वस्तुमा आँखा जानासाथ । घुम्दा-घुम्दा प्रातःकाल हुन लाग्यो । अन्तमा पण्डितजीले कुनै चीज देखे । आफ्नो ओढ्नेमा उनले त्यसैलाई पोको पारे र टाउकोमा राखी हिंड्न लागे ।

'भगवन् ! यो के हो, तपाईसँग ?' ब्रह्ममुहूर्त भइसकेको थियो । राजाको निद्रा खुल्यो, भगवान्को नाम लिंदै उठ्नेबित्तिकै ब्राह्मणलाई देखेर उनका पाउ ढोग्दै राजाले सोधिहाले । 'ख-रानी हो राजन् !' ब्राह्मणले भान्साघरबाट टाढा फालेको खरानी बाँधेका थिए उपर्नामा । 'यहाँ म आएको थिएँ पेट भर्नलाई केही लैजान । सब वस्तुहरू कसै न कसैका छन् । अर्काको वस्तु लिनु चोरी-पाप हो । मैले देखें– यो भस्म मिल्काइएको हो । यसमाथि कसैको कुनै अधिकार छैन । यसैलाई खाएर पनि पेटको ज्वाला त शान्त गर्न सकिन्छ होला नै ।'

राजा धेरै चिन्तित भए– उनका राज्यमा विद्वान् ब्राह्मण त्यस्तो कष्टमा थिए । दान लिन-लाई ती विप्रश्रेष्ठ तयार थिएनन् । त्यसैले उसै दिन उनलाई यज्ञको आचार्यमा राजाले वरण गरे ।

अस्तेय धर्मको आदर्श एउटा गरीब बालक– घरमा आमा र सानी बहिनी थिइन् । बहिनी

बिरामी भई । बालक उनको बिमारीको समाचार काकालाई दिन गइरहेको थियो । बाटोमा ए-उटा पाकेटबुक मिल्यो । त्यसमा १२० रुपियाँको नोट रहेछ । केटो घर आयो र आमालाई भन्यो– 'जसको पाकेटबुक हराएको छ त्यो धेरै दुःखी होला । उसलाई चिन्ता परेको होला, तर उसको पत्ता कसरी लाग्ला ? म उसको रुपैयाँ कसरी फिर्ता गरूँ ।'

आमा ईमानदार नभई बालकमा ईमानदारी कहाँबाट आउँदथ्यो । उनले समाचारपत्रमा खबर छपाउन अ-हाइन् । बालक गयो समाचारपत्रको कार्यालयमा र उसको समाचार प्रकाशित भयो । समाचार पढेर, जसको पाकेटबुक थियो, उनी लिन आए, त्यस बालकको घरको हालत देखेर चकित भए । त्यति गरीब र त्यति ईमानदार ! उनले भने– 'धन्य छौ तिमीहरू! जो यस्तो स्थितिमा पनि प्रभुमाथि विश्वास गरेर सत्यमा दृढ छौ ।' त्यो नोट उनले उसकी बहिनीको दबाइका लागि दिए र उसलाई आफूकहाँ काममा राखे ।

ब्रह्मचर्य-महिमा

ब्रह्मचर्यको विषयमा श्रुति, स्मृति, इतिहास, पुराणादिमा धेरै लामा-लामा प्रकरणहरू छन् । तिनमा यसको उपयोगिताबारे मनोवैज्ञानिक ढङ्गबाट राम्रो प्रकाश पारिएको छ ।

ब्रह्मचर्येण तपसा राजा राष्ट्रं विरक्षति ।
ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नत ।। -अथर्व० ११।५।१७

अर्थात्, ब्रह्मचर्यद्वारा नै राजा राष्ट्रको संरक्षण-सम्बर्द्धन गर्न सक्तछ । ब्रह्मचर्यद्वारा नै देवता अमर भएका हुन् र उनीहरूले मृत्युलाई जितेका थिए । मुण्डकोपनिषद्मा, ब्रह्मचर्यबाट भगवत्प्राप्ति परमात्मसाक्षात्कार हुन्छ भनिएको छ - सत्येन लभ्यस्तपसा ह्येष आत्मा
सम्यज्ज्ञानेन ब्रह्मचर्येण नित्यम् ।

अथवा ब्रह्म-बीजं रेतस्तच्चरति तं न मुञ्चति इति ब्रह्मचारी । अथवा ब्रह्मवेदं वा गुरुणा प्रदत्तं चरति । अथवा ब्रह्मस्वयंभूस्तस्यायं दडकमण्डलुधारणारूप आकारो ब्रह्मवत् चरति इति वा ब्रह्म-परमात्मानं अभिमुखं वा चरसि इति ।

पुराणहरूमा पनि, जस्तै हरिवंश पुराणको ४५ औं अध्यायमा ब्रह्मचर्यको ठूलो महिमा छ । उर्व मुनि ऋषिहरूलाई हप्काउँदै भन्नुहुन्छ– राम्रोसँग पालना भएको ब्रह्मचर्यले ब्रह्मालाई पनि हल्लाउन सक्तछ ।

ब्रह्मचर्यमा नै धर्म र तप आधृत छन्; योगविना सिद्धि हुँदैन, सिद्धिविना यश हुन्नः तर ब्रह्मचर्यविना त योग, तप, यश कुनै पनि हुन्न । विनायोग-साधनको संन्यास, विना सङ्कल्पको व्रतानुष्ठान र विना-ब्रह्मचर्यको तप, स्वाध्यायादि धर्म अनुष्ठान गर्नु आडम्बर मात्र हो ।(हरिवंशपुराण ४५) स्कन्द-पुराण रेवाखण्ड १९४-२४-२५ मा ब्रह्मचर्यलाई नै सम्पूर्ण धर्म, साधन, सिद्धि, श्री, कीर्ति आदिको कारण बताइएको छ । जस्तै-

मूलं हि सर्वधर्माणां ब्रह्मचर्यं परन्तपः ।
मूलश्रीः प्रोच्यते ब्राह्मी ब्रह्मचर्यस्वरूपिणी ॥
सर्वयोगमयी पुण्या सर्वपापापहारिणा ।
शुभा समस्तसिद्धानां हेतुः सेयं प्रकीर्तिता ॥ स्कन्द०रेवा०१९४-२२-२४

भारतीय आयुर्वेद र अरू-अरू चिकित्सा-पद्धतिहरूमा पनि ब्रह्मचर्य सर्वस्व मानिएको छ । वैद्यप्रकाशमा 'वीर्यको नाश प्राणको नाशतुल्य हो' भनी लेखिएको छ । अष्टाङ्गहृदयकार वाग्भट-को भनाइअनुसार ब्रह्मचर्य नै तेज, ओज, बल, तुष्टि, पुष्टि आदिको कारण हो । यसको नाशबाट उपर्युक्त वस्तुहरूको कमी हुनुको साथै प्राणको पनि क्षय हुन्छ । ब्रह्मचर्यबाट नै प्रतिभा, फुर्ती, उत्साह, सुन्दरता, शारीरिक शक्ति आदिको उपलब्धि हुन्छ । योगरत्नाकर, चरक, सुश्रुत, आदिका भनाइ यस्तै किसिमका छन् । हिन्दूशास्त्रहरू ब्रह्मचर्यको महिमाले भरिएका छन् । पहिले पाश्चात्य देशहरू-मा पनि ब्रह्मचर्यको ठूलो महत्त्व थियो । रोमन चर्चहरूमा माथिबाट तलसम्मका सबै पुजारीहरूले ब्रह्मचर्य-धारणको धर्म भाक्नु पर्दछ । ग्रीसको स्पार्टा देश यसमा अग्रणी थियो । त्यहाँका केवल तीन सय ब्रह्मचारीहरूले इरानी बादशाह खुसरोका तीन लाख सैनिकहरूको सामना गरे र उनी-हरूलाई अगाडि बढ्न दिएनन् । एथिक्सका विभिन्न ग्रन्थहरू र 'इन्साइक्लोपीडिया' को 'सेलीबेसी' (Celibacy) शब्दमा यसका उदाहरणहरू हेर्नु वाञ्छनीय छ ।

सत्येन लभ्यस्तपसा ह्येष आत्मा
सम्यज्ज्ञानेन ब्रह्मचर्येण नित्यम् ।
अन्तः शरीरे ज्योतिर्मयो हि शुभ्रो
यं पश्यन्ति यतयः क्षीणदोषाः ॥ -मुण्डकः० ३।१।५

अर्थात् यो आत्मा सर्वदा सत्य, तप, सम्यज्ज्ञान तथा ब्रह्मचर्यद्वारा प्राप्त हुन सक्तछ । जसलाई दोषरहित योगीहरू देख्दछन्, त्यो ज्योतिर्मय शुभ्र आत्मा शरीरभित्र रहन्छ । जीवनको

लक्ष्यप्राप्तिमा जुन ब्रह्मचर्यको यस्तो विशेष महत्त्व छ, त्यसको विषयको ज्ञान आवश्यक छ । सा-है संक्षेपमा, यसको दिग्दर्शन गराउने प्रयास गरिएको छ ।

पुरुषले आठ प्रकारका मैथुन-अर्थात् कुभावनाले कुनै आइमाईलाई हेर्नु, त्यससँग बातचित गर्नु, त्यसको अङ्ग छुनु, त्यसको स्मरण गर्नु, त्यसको कुरा सुन्नु, त्यससँग एकान्तमा बस्नु, त्यससँग ख्याल-ठट्टा गर्नु तथा त्यससँग सँगसँगै बस्नुबाट अलग रहनु 'ब्रह्मचर्य' भनिन्छ । यस्तै किसिमले नारीका लागि पुरुषको विषयमा सम्झनुपर्दछ । अश्लील वचन नबोल्नु, त्यस्ता भावनाहरूलाई मनमा स्थान नदिनु र त्यस्तो विषयको अनुमोदन नगर्नु तथा यस्ता व्रतका सबै ठाउँमा, सबै अवसरहरूमा, सबै देशहरूमा र सबै प्राणीहरूको सम्बन्धमा पालना गर्नु 'महाव्रत' कहलाउँदछन् । केवल तीर्थहरूमा, एकादशीमा पूर्णिमामा, अमावास्यामा या यस्तै तिथिहरूमा तथा केवल मनुष्य-समाजले अनुमोदन गरेका अवसर-हरूमा यस व्रतको पालना गर्नु मात्र 'महाव्रत' होइन ।

ब्रह्मचर्यको आत्मीय उन्नति तथा ज्ञानसँग गहिरो एवं घनिष्ठ सम्बन्ध छ र यो शारीरिक, मानसिक तथा सदाचारविषयक तीनवटै उन्नतिहरूको कारण हो । अतएव यो व्रत मनुष्य-जीवनको जग हो । केही पाश्चात्य देशवासीहरू योगाभ्यास र भोगाभ्यास एकैसाथ गर्दछन् र भोगाभ्यास आत्मोन्नतिका लागि बाधक हुन सक्तैन भन्दछन् । यो उनीहरूको धेरै ठूलो भूल हो । इन्द्रियहरूको भोगबाट हाम्रो भित्री शक्तिको धेरै नै दुरुपयोग र ह्रास हुन्छ । त्यसैले हाम्रो आत्मिक उन्नतिमा ठूलो बाधा पर्दछ । यदि हामीले आफ्नो शक्तिलाई भोगहरूमा खर्च नगरेर आत्मिक प्रगतिमा लगायौं भने महान् शक्तिको जगेर्ना गर्न सक्तछौं । यो शक्तिसञ्चय नै आत्मोन्नतिको प्रधान साधन हो । कर्मेन्द्रियहरूबाट हाम्रो शक्तिको सबभन्दा बढी नाश हुन्छ । अतः यस ब्रह्मचर्यव्रतको पालन शक्ति सञ्चयका लागि पनि धेरै जरूरी छ ।

वीर्य सब रसहरूको रस र चरम धातु हो । हाम्रो शरीरमा ओज र कान्ति उही हो त्यसैले यदि हामीहरू ओजस्वी, कान्तियुक्त र तेजस्वी हुन चाहन्छौं भने वीर्यरक्षा गर्नु अवश्य हाम्रो परम कर्तव्य हो । गृहस्थ पनि, यदि सन्तान उत्पत्तिका निमित्त केवल आफ्नी धर्मपत्नीसँग ऋतुकाल-मा मात्र गमन गर्दछ भने शास्त्रानुसार ब्रह्मचारी मानिन्छ । पर-स्त्रीगमन महापाप हो र महाभारत आदि ग्रन्थहरूमा बताइएअनुसार आयुक्षय गर्ने दुष्कर्म यही हो । यो कुकर्म प्रायः कुसङ्गतमा पर्दा हुन्छ । कुसङ्गतबाट जोगिन सत्सङ्ग पाउनु आवश्यक छ । आजकल कुसङ्ग, दूषित वातावरण, सिनेमा, सहशिक्षा, स्कूल-कलेजहरूमा विकृत गुरु-शिष्य सम्बन्ध तथा पाश्चात्य दूषित विचारहरूको प्रचार ब्रह्मचर्यका बाधक हुन् । आयुस्तेजो बलं वीर्यं प्रज्ञाश्रीश्च महद् यशः ।
पुण्यं च सत्प्रियत्वं च लभते ब्रह्मचर्ययोः ।। —महाभारत

वास्तवमा ब्रह्मचर्यको मतलब बुझ्नु कठिन छ । धेरैजसो मानिसहरू यसको अर्थ इन्द्रिय दमन र शमन नलगाई केवल विवाह नगर्नु आदि मात्र लगाउँदछन् । स्थूल अर्थमा ब्रह्मचर्यको मतलब 'वीर्यनिरोध या काम दमन' नै हो । ब्रह्मचर्यको पूरा अर्थ ईश्वरपरायणता अथवा ब्रह्मरूप वेदहरूको अध्ययनसेवन तथा सच्चिदानन्दघनब्रह्ममा एकात्म्य हो ।

मरणं विन्दुपातेन जीवनं विन्दुधारणात् ।
तस्मादतिप्रयत्नेन कुरुते विन्दुरक्षणम् ॥

वीर्यपातबाट मृत्यु र वीर्यधारणबाट जीवन हुन्छ । त्यसैले प्रयत्नपूर्वक वीर्यको रक्षा गर्नुपर्दछ । ब्रह्मचारी नै दीर्घायुष्य, तेज, बल, वीर्य, श्री, बुद्धि, कीर्ति, पुण्य, कर्म,ज्ञान तथा भक्ति प्राप्त गरेर ब्रह्ममा लीन हुन सक्तछ । ब्रह्मचर्यको अभावमा प्राणीहरू दुःखी, रोगी र अल्पायु हुन्छन् । हिन्दू आयुर्वेदले स्वास्थ्यका लागि आहारः स्वप्नो ब्रम्हचर्यमिति त्रय उपस्तम्भाः अर्थात् आहार, निद्रा र ब्रह्मचर्यलाई नै मुख्य खम्बा मानेको छ । मानसिक विकास पनि ब्रह्मचर्यबाट नै हुन्छ । शुक्र एउटा महान् शक्ति हो । अथर्ववेदमा पनि ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत अर्थात् ब्रह्मचर्यरूप तपस्याद्वारा देवताहरूले मृत्युलाई जिते भनिएको छ । ब्रह्मचर्याश्रम हिन्दू-धर्मको महान् विशेषता हो । अंग्रेजीमा ब्रह्मचर्यका लागि शब्द छैन । ब्रह्मचर्य मनुष्यरूप वृक्षका लागि सर्वोत्तम खुराक हो, रूखको जस्तै जीवनको शुरूबाट नै राम्रो खुराक आत्मा र बुद्धिलाई मिल्न सकोस् भन्ने अभिप्रायले ब्रह्मचर्यको व्यवस्था गरिएको हो । धर्मग्रन्थहरूमा बताइएका आठ प्रकारका मैथुनहरूबाट जोगिनु नै ब्रह्मचर्य धर्म हो ।

ब्रह्मचर्यका ऊर्ध्वरेता पहिलो; योगी दोस्रो तथा ब्रह्मचारी तेस्रो, तीन श्रेणीहरू मानिएका छन् । जगत् त्रिगुणमयी मायाको कार्य हो, त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदंजगत् (गीता)। अतएव ब्रह्मचारी पनि तीन प्रकारका छन् । प्रथम श्रेणीका ब्रह्मचारीहरूको शुक्रमा कम्पन वा विकास सर्वथा हुँदैहुन्न । सनकादि, नौ योगीश्वर कपिलदेवादि ऊर्ध्वरेता ब्रह्मचारी मानिन्छन् । दोस्रो श्रेणीका ब्रह्मचारीको वीर्यमा कम्पन-विकार अवश्य हुन्छ तर उनीहरू आफ्नो कडा संयम, बल, प्रज्ञा र योग-साधनादिद्वारा ती कम्पन-स्पन्दनहरूलाई अर्थात् विन्दुलाई ब्रह्ममा लीन गराइराख्दछन् । नारद, भीष्मादि ब्रह्मचारीहरू यस दोस्रो श्रेणीका ब्रह्मचारी ठहराइन्छन् । तेस्रो श्रेणीमा सबै साधकहरू आउँदछन्, जसका लागि भगवान्ले गीतामा भन्नुभएको छ, धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ । यस श्रेणीमा गृहस्थहरू पनि ब्रह्मचारी मानिएका छन् । जसको वीर्यमा कम्पन, स्पन्दन आदि विकारहरू उठ्दछन्, उनीहरूले ईश्वरको आदेशानुसार प्रजा उत्पन्न गर्नुपर्दछ । प्रजनश्चाऽस्मि कन्दर्पः उस ब्रह्मको उस ब्रह्मविन्दुबाटै उठ्ने एकोऽहंबहुः स्याम् रूपी जो दिव्य सङ्कल्पशक्ति छ, त्यसैको प्रेरणाबाट सन्तानोत्पत्ति-कार्यमा सामेल हुनुपर्दछ । यसलाई प्राकृतिक भन्नु पनि ठीकै हो । जस्तै पशु-पक्षी बाह्रै मास हिंडडुल गर्दछन् र जुन बेला ऋतुअनुसार प्राकृतिक संकेत पाउँदछन्, तब तिनीहरू प्रजनन कार्य गर्ने गर्दछन् ।

धन्य हुन् पशु-पक्षीहरू जो ईश्वरी प्राकृतिक शक्तिको सङ्केतअनुसार अहिलेसम्म सृजन-विज्ञानको रहस्यमा सुसंयमी रहेका छन् ! सभ्य मानिसहरू विषयासक्तिवश, संयम हराएर मनपर्दो आचरण गर्न लागेका छन् र कुरा गरेर नै जित्न खोज्दछन् ।

विवाहो न विलासार्थः प्रजार्थ एव केवलः ।
तेजोबुद्धिबलध्वंसा विलासात् प्रभवेत् खलु ।।
अतएव परित्यज्य विलासं मोहकारणम् ।
संनियम्येयन्द्रियाण्याशु विचारेण सुखी भवेत् ।।

अर्थात् स्त्री र पुरुष दुवैले जान्नुपर्दछ- विवाह विलासका लागि होइन, केवल सन्तान जन्माउनका लागि हो । विलासबाट तेज, बल र बुद्धिको नाश हुन्छ । अतः तुरुन्त इन्द्रिय-संयम गरेर वास्तविक सुख खोज्नुपर्दछ ।

पाश्चात्य-सभ्यताको प्रभावबाट आज प्रायः ब्रह्मचर्यधर्म सब प्रकारले नष्ट-भ्रष्ट हुन लागेको छ । विद्यार्थी जीवनको सारा क्रम नै उल्टोपाल्टो भइसकेको छ । कहाँ गुरुकुलनिवासी ब्रह्मचारीको कडा संयम र कहाँ आजका छात्रावासका विद्यार्थीहरूको असंयमी जीवन ! ब्रह्मचर्य-धर्मबाट खसाल्ने केही कारणहरूको दिग्दर्शन गराइन्छ –

कुविचार– दिमागमा जस्ता विचार भरिन्छन् त्यस्तै प्रकारको काम हुन्छ । कुत्सित विचार नै कामवासनालाई उत्तेजित पार्दछ । संयमरहित मनोविनोद, सह-शिक्षा र फोहरी साहित्यको पठन कुत्सित विचारहरूका जन्मदाता हुन् । त्यसैले सदा संयम र नियम सिकाउने खालको साहित्यको अध्ययन गर्नुपर्दछ र पवित्र भावमयी गङ्गा-जमुना सरहको पवित्र धार्मिक पुस्तकहरू नै पढ्नु वाञ्छनीय हुन्छ ।

शृङ्गार– सूट-बूट, सजावट, तेल, साबुन, क्रीम, स्नो, पाउडर, लिपिस्टिक आदि कृत्रिम सौन्दर्यका वस्तुहरूमा आसक्ति-कामना तथा स्कूल-कलेजमा चल्ने सहशिक्षा ब्रह्मचर्य-व्रतको नाश गर्ने मुख्य कारण हुन् । यसैले ब्रह्मचर्य-व्रतमा शृङ्गार गर्नु शास्त्रले निषेध गरेको हो । शृङ्गारप्रिय मानिस कामरहित हुनै सक्तैन । नाऽकामी मण्डनप्रियः ।

कुसङ्ग- सङ्गको मनुष्यमा धेरै चाँडो असर पर्दछ । असत्यवादी, असंयमी, बकवादी, दुष्ट, व्यभिचारी, दुर्व्यसनी र नीच मानिसहरूको सङ्ग -साथबाट जीवनमा भ्रष्टता र पापवासनाहरू आउँदछन् । यस्तो कुसङ्गतबाट बच्नुपर्दछ । बाह्रौं शताब्दीको सभ्यता आदि भनेर मानिसले दोष लगाए लगाऊन्, तर त्यसलाई सब सहेर भए पनि वा त्यसलाई पागल-प्रलाप ठानेर कुसङ्गतको आदतबाट सदा बच्नुपर्दछ ।

सिनेमा– छात्रहरूको चरित्र बिगार्नेमा सबैभन्दा प्रमुख कारणहरू हुन् आजकालका

सिनेमा । सिनेमा हेर्ने ज्यादा शोख भएमा विद्यार्थीहरूमा व्यापक घातक प्रभाव पर्दछ । कारण छात्रावस्थामा ९० प्रतिशत छात्रछात्रा वीर्य-विकारबाट पीडित भइरहेका हुन्छन् । सिनेमा एउटा अदम्य मीठो विष हो जो घर-घर फैलिसकेको छ ।

अनियमितता- आजकाल सबै मानिसहरू न समयमा उठ्दछन्, न बेलामा सुत्तछन्, न त समयमा नै खान्छन् । विश्राम आदिहरूमा पूरा मात्रामा अनियमितताको साम्राज्य फैलिएको छ । सिनेमा र रेडियोले खानु, पिउनु र सुत्नु बेगर जागा रहन सिकाएको छ जसबाट मानसिक र शारीरिक अङ्ग-प्रत्यङ्गहरूमा कुप्रभाव पर्दछ । होटलको खाना, चिया, चाट, केक, बिस्कुट, सिगरेट, क्लबको टी-पार्टी, स्याच, पर्यटन, मासु, मदिरा, अण्डा आदि अभक्ष्य-भक्षणको फलस्वरूप आहार, विहार तथा आचरणमा अनियमितता आउँदछ । स्वास्थ्य र ज्ञानतन्तुहरू नष्ट हुन्छन् । खानपिनको अशुद्धिबाट बुद्धि तामसी हुन जान्छ ।

आत्मदोष– उष्णताप्रधान देशहरूमा प्रायः जलवायुको प्रभावले धेरैजसो केटा-केटीहरूमा बान्ह-तेन्ह वर्षको उमेरमा युवावस्थाका प्रारम्भिक चिन्हहरू उत्पन्न हुन थाल्दछन् । युवावस्था उदाउनाले शरीरका अवयवहरूमा उत्तेजना उत्पन्न हुन्छ । यसलाई सहशिक्षाको सुविधा प्राप्त हुन्छ । अतएव क्षणिक आनन्दका लागि विभिन्न खराबभन्दा खराब आदतहरूको चंगुलमा फँसेर तथा व्यभिचार इत्यादि कुलतहरूको शिकार भएर ९० प्रतिशत विद्यार्थी वीर्य-नाशका रोगी हुन पुग्दछन् । आजको सभ्य संसार हृदयदेखि यी सबै कुराहरूलाई सत्य जान्दाजान्दै पनि झन् उल्टो आफ्नो रोग लुकाएर यसको विपरीत गलफती गर्दै रहँदो छ ! खेद !!

घरको वातावरण– घरको असंयमपूर्ण तथा कलुषित वातावरणको केटाकेटीहरूको मनमा खराब प्रभाव पर्दछ । हाल सबै सभ्य परिवारहरूमा संयमविरोधी फोहरी उपन्यास, तास, सिनेमासम्बन्धी पत्रिका, फिल्मी चित्र तथा अश्लील गीतका पुस्तक आदि सामग्रीहरू पाइन्छन् र यसबाट आनन्द लिने इच्छाले जब घरका सबै मानिसहरू मिलेर विषय-वासनालाई प्रोत्साहित गर्ने फोहर हास्य-विनोद गर्दछन्, कोमलमति बालबालिकाहरूको मनमा ती सबको गहिरो अमिट छाप अङ्कित हुन्छ । हुनु के आश्चर्यको कुरा हो र ? परिणाममा ब्रह्मचर्य पालनमा धेरै धेरै हानि पुग्न जान्छ । केटाकेटीहरूको अगाडि स्त्री-पुरुषले कहिल्यै अश्लील हास्य-विनोद गर्नु हुन्न । घरमा देवमन्दिर सजाएर भगवान्का अवतारको जन्मोत्सव आदिको कार्यक्रम मनाउनु तथा भक्त, महात्मा, वीर पुरुष, संयमी महापुरुष, संयमी आदर्श पुरुष र व्यक्तिहरूका जीवनीहरू पढ्नु र सुनाउनु, सान्है बेस हो । महापुरुषहरूका आदर्श गुणहरुको बखान गरेर केटाकेटीहरूलाई त्यतापट्टि आकर्षित पार्नुपर्दछ र कीर्तन, भजन आदि सत्सङ्गद्वारा घरमा सत्य, सदाचार तथा शान्तिको वातावरण बनाइराख्नुपर्दछ । जसबाट बच्चाहरूको मनमा सुसंस्कार परोस् र उनीहरूका लागि ब्रह्मचर्यको पालना गर्न सजिलो होस् र उनीहरूमा संयमको भावना पुष्ट होस् ।

असंयम– जिब्रो, कान, नाक, आँखा, हात, खुट्टा, मुख, छाला र मनलाई सँगसँगै ठीक संयममा नराख्नेको खण्डमा एक्लै जननेन्द्रिय कहिल्यै वशीभूत हुन सक्तैन । जिब्राको स्वादका लागि भोजन गर्नु, उच्छृङ्खल प्रेमका गीत सुन्नु, चड्किला-भड्किला लुगा लगाउनु, शोखवर्धक सुगन्धी तेल हाल्नु, आमा, बाबु र मान्यजनहरूको आज्ञाविना विचारै नगरी मनपर्दो गर्नु, आफ्नो भेषभूषा छाडी पाश्चात्य पोशाक पैन्हनु, बेकाममा डुलिरहनु, स्नान इत्यादि नगर्नु तथा अमिलो, पिरो, गरम मसला, फुल, मासु, माछा, मदिरा आदि निषिद्ध वस्तुहरूको सेवन गर्नु, यस्तो गर्दा-गर्दै पनि आफूलाई संयमी बनाएर राख्नु सर्वथा असम्भव छ । आज परिवार नियोजनको जुन गलत ढङ्गबाट प्रचार भइरहेको छ त्यसबाट पनि असंयमको वृद्धि भइरहेको छ । आदर्श परम्पराअनुसार यदि स्त्री-पुरुषले ब्रह्मचर्य-पूर्वक संयमी जीवनमा रहन खोजेको भए आज यो स्थिति आउने थिएन । असंयम-वृद्धिका नयाँ-नयाँ साधन-सामग्री औ उपाय निकाली सिकाइएका छन् । अनि मनुष्य आफूलाई आफैले पठित शिक्षित र सभ्य भन्ने मनुष्य बडा सोखसँग ती सबै कुरालाई अँगालिरहेछन् र त्यस पशुतालाई महान् गौरव भन्ठानिरहेछन् । तिमीलाई के यो थाहा छ हामीभित्र एउटा धारणा अत्यन्त दृढबद्ध मूल भइरहेछ कि यसबाट जुन कुनै बाहिर आउँछ जसमा धर्म, सभ्यता, भेषभूषा पनि शामेल छन्, ती सबै आरम्भदेखि नै श्रेष्ठ रही औ त्यसको प्रतिरूप जगत्का अन्य भागमा थिए । ती सबै हीन । यस्तो पश्चिमको व्याधि छ, जसको जरा बहुतै भित्रसम्म जमेको हुन्छ । परन्तु पश्चिमको लडकपन थियो जो आजसम्म चल्यो, अब अघि चल्दैन । तिमी जान्दछौ– पाश्चात्य सभ्यताले हामी-लाई के के दियो र हामीले के के लियौं । उसमा असल कुरा पनि होला परन्तु हामीले के सिक्यौं थाहा छ ? सुन –

सिनेमा– सिनेमाबाट शिक्षा पनि मिल्न सक्तछ, हामी यस कुरालाई अस्वीकार गर्दैनौं । पाठशालाहरूमा बच्चाका लागि, गाउँमा ग्रामीणहरूका लागि स्वास्थ्य, स्वच्छता, निर्माण तथा शिक्षा-सम्बन्धी फिल्म देखाइयून् । परन्तु फिल्म निर्माताहरूको अगाडि पनि यदि यस्तै सद्उद्देश्य हुँदो हो र सरकार पनि उनीहरूउपर कडा नियन्त्रण राख्दो हो तब... । तर आज सिनेमाघरहरूमा गएर मानिसहरू के हेर्न पाउँछन् ? हत्या, चोरी, बगलीमारी, धोकाबाजीका अनेकौं उपायहरू, नाना प्रकारका कामोत्तेजक अभिनेत्री र अभिनेताहरूका हाउ-भाउहरू र कामवासनालाई उत्तेजित पार्ने गायन देख्न-सुन्न पाइन्छन् ।

बुट्टावाल जनाना कपडाको बुश्शर्ट लगाएका, बाल सजाएका, पाउडर पोतेका र सिनेमा-का गीत गुनगुनाउँदै वा फलाक्दै हिंडेका आजका युवकहरू मात्र होइन, अबोध बालकहरू समेत र त्यस्तै अनेकौं प्रकारका आधुनिक प्रसाधनहरूबाट सज्जित र अङ्ग-प्रदर्शनलाई प्रधानता दिने वस्त्रहरू लगाएका आजका कलेजका कन्याहरू ! सिनेमा कस्तो तीव्र गतिले मानिसको मानवतालाई पतनतिर डोऱ्याइरहेछ– यो कसले हेरोस् ? आजका युवकहरूको मनपर्दो उत्ताउलो व्यवहार तथा दिनहुँ भइरहने अवाञ्छित घटनाहरू सबैको मुहानमा सिनेमाको कति ठूलो प्रेरणा रहेको छ, आजका

बुद्धिजीवी आदर्श पुरुषहरू त्यसलाई देखेर पनि देख्न सक्तैनन् । पतनको भयङ्कर साधन हो आजको सिनेमा ।

क्लब– पाश्चात्य सभ्यताले हामीहरूलाई दियो क्लब अर्थात् अनियन्त्रित मनोरञ्जनको ठाउँ । आधुनिक शिक्षामा हुर्के-बढेको आजको हिन्दू सम्पत्तिशाली वर्ग क्लबहरूको पछाडि दौडिरहेको छ । थाहा छ, यी क्लबहरूबाट के हुन्छ ? यसका केही व्यायामहरू उपयोगी मात्र सकिन्छन्, त्यो पनि तिनको अत्यधिक सुधार भएको छ भने । हक्की, फुटबल, पौडी, घोडादौड तथा विमान-उडानका क्लबहरू राम्रा नै हुन्; तर यस्ता छन् नै कति ? धेरै कम । नभए त प्रायः क्लबहरूमा चल्दछ प्रमाद-तास, शतरञ्ज तथा यस्तै समय बर्बाद गर्ने अरू खेलहरू । क्लबमा चल्छ जुवा, चाहे तासबाट होस वा अरू किसिमले । क्लबमा चल्छन् रक्सीका बोतलहरू । क्लबमा अरू चल्छ मनोरञ्जनको नाममा स्त्री-पुरुषको परस्परको उच्छृङ्खल मिलाप, नृत्य तथा रमाइलोको नामका अनाचारहरू । मानवताको पतनका लागि यसभन्दा बढी अरू के चाहियो ! १९२

घोडादौड– पाश्चात्य सभ्यताले नै दियो 'घोडालाई रेस' । एकै दौड सैकडौंका सम्पत्ति-हीन गराइछाड्छ । घोडाहरूमा ठूलठूला रकम बाजी लगाइन्छन् । 'रेस' -का टिकटको खुल्लमखुल्ला बिक्री हुन्छ । घोडदौड द्यूतको यो सभ्य मानिने आधुनिकतम रूप हो र जुवा मानिसको परम शत्रु हो । के यो पनि कसैलाई सम्झाउनु पर्ला ? स्वास्नीका गहना बेचेर र साहु काढेर पनि जुवा घोडदौडलाई पुग्दैन अनि चोरी शुरू हुन्छ । 'हारा जुआरी शराबखाने' एउटा प्रसिद्ध उखान छ ।

जुवा– घोडदौडलाई जुवा मान्दैनन् र भए पनि त्यो यस्तो जुवा हो जुन सबै देशहरू-मा गिने-चुनेका ठाउँहरूमा थोरै मानिसहरूबाट खेलिन्छन्; तर लगभग सबै नगरहरूमा र आजकाल गाउँहरूमा पनि जुवाका अखाडाहरू छन् । मानवताकै पतनका ती अड्डाहरू ! एक पल्ट जुवामा लागेको मानिसले आफ्नो मानवतालाई नै दाउमा थाप्ने हुन्छ । धर्मराजले द्रौपदीलाई थापेथे दाउमा । दैव ! यसलाई हामीले सम्झे पो ! यत्ति मात्र होइन, अरू पनि धेरै अवाञ्छनीय कुराहरू हामीले पाश्चात्य सभ्यताबाट सिकिसकेका छौं । शायद यहाँहरू नराम्रो मान्नुहोला । आफ्ना गल्ती र दोष-हरू सुनेर मलाई पनि नराम्रो नै लाग्ला । जे होस्, केही छैन । आउनुहोस्, हामी सबै मानिसहरू, आफ्ना गल्ती र दोषहरूलाई सुनेर तिनलाई सुधार्ने कोशिशमा लागौं, जसले गर्दा हामीहरूबाट मानवता कलङ्कित हुन नपाओस् । अँ, हामीले अरू सिक्यौं यस सभ्यताबाट मद्यपान । 'रक्सी शैतानको रगत हो ।' यो एक पाश्चात्य उखान हो र यो सर्वथा सत्य हो कि रक्सी खाएर मानिस, मानिस रहँदैन, र शैतान बन्दछ । बुद्धिलाई भ्रष्ट पार्ने पदार्थहरूमा सर्वोपरि छ रक्सी र आजको सभ्यताको रक्सीबिना गुजारा नै चल्दैन । क्लबमा मदिरा, होटलमा मदिरा र घरमा मदिरा । के गर्नु ? पाश्चात्य सभ्यता ठहरियो, मदिराबिना कुनै साधारण योजना पनि पूरा हुन सक्तैन । आज मानिस, सर्वसाधारण मानिस पनि अर्काको देखासिकी गरी रक्सीबाज भएको छ र हुँदै छ ।

१९२ अभक्ष्यभोजन– स्वास्थ्य विशेषज्ञहरू भन्दै रहून्– मांसाहारबाट अनेकौं रोगहरू लाग्दछन्; तर आजको मानिसको जिब्रोले जाने पो त ? मासु, फुल, माछा र अरू कुन्नि के के हुन् .....।

जिब्राको तृप्ति– कछुवा, भ्यागुतो, चिप्लेकीरा र अरू के-के हो के-केले पेट भर्दछ, आजको मानस । नाक र आँखीभौं खुम्च्याउनु व्यर्थ छ । आजका ठूलठूला होटलको भान्सा देखेका छौ कहिल्यै र दोस्रो केको बोसो उपयोगमा आइरहेको छ यहाँ कसैलाई मतलब छ ? आधुनिकतामा सबै ठीक छ, को सुन्छ मानवताको पुकार । शुद्ध आचार-विचारको पुकार ! तर पुकारको मतलब के हुन्छ, जब मानिसको आहार नै दूषित छ । रगत, मासु, मन तथा बुद्धिको निर्माण हावाबाट त हुन्न, आहारबाट हुन्छ । तर आजको आहार..... ! तपाईं हरू आफै विचार गर्नुहोस् । मन र बुद्धिलाई के दोष !

जूठो– असभ्य र पिछडिएका मानिसहरू हुन् जो आजका प्रगतिशील पार्टीहरूमा सामिल हुन सक्तैनन् । तैपनि कुरा तपाईं ले पनि सुन्नुभएको होला । आजकालका प्रगतिशील पार्टीहरू ! थाहा छ तपाईं लाई ? खाना एउटै भाँडोमा र सबैका चम्चा फरक-फरक ! चम्चाले उठायो र मुखमा हाल्यो । एउटै प्लेटमा सबैका चम्चा । जूठो-चोखो ! यी सबै त पछौटेपनका कुरा हुन् ।

ज्वरो आएको मानिसको सहानुभूतिले टाउको मुसार्न, कतै ज्वरो सल्केला भन्ने डर लाग्छ । सुम्सुम्याइहाले पनि कार्बोलिक साबुनले हात धुनुपर्दछ । तर यो सबै जूठो ! आधुनिकतामा सब ठीक होटलहरूमा र अरू सार्वजनिक खाने ठाउँहरूमा धेरैजसो गाहकीहरूले खाएका प्लेटहरूमा बचेका खानेकुरा काम लाग्ने भए, अर्को खानामा मिलाइन्छ । स्वास्थ्य र सदाचारको नियम ? के गर्नु, आजको प्रगतिशीलताले यता हेर्न थालेमा प्रगति हुने कसरी ? मानिसको यो प्रगति पतनतिर छ, यो अर्कै कुरा हो ।

अपवित्रता– आजको सुशिक्षितले स्वच्छतालाई बुझ्दछ, तर पवित्रता के ? पवित्रताको अर्थ उसको सूझबाट बाहिर छ । अपवित्र ठाउँमा, अपवित्र मानिसले ठीक पारेको, अभक्ष्य-अपवित्र खाना अपवित्र अवस्थामा सधैं नै खान्छ । स्वच्छ कोठा, सफा मेजपोश र चम्किला काँटाचम्चा भए ! भो ! ऊ स्वयं हात नधोई र जुत्ता लगाई खान्छ होला । अपवित्र भोजन, त्यसैमा पनि कुकुरसँग बसेर भोजन गर्ने गर्दछ र गरि नै रहेको छ ।

ठीक छ, यस्तो आहारले उसको मनलाई अपवित्र बनाउँछ, तर उसलाई मनको पवित्रता-को वास्ता भए पो त !

हाम्रो मन र बुद्धिको बनावट आहारबाट नै हुन्छ । आजको आहार-विहारको विचार तपाईं आफैं गर्नुहोस् । एउटा कथा छ । माछा बेच्ने एक आइमाई कतै जान लागेकी थिई । बाटा-मा जोडसँग हुरी-बतास चलेकोले उसले त्यहाँ एउटा मालीको घरमा बस्ने निधो गरी । रातभरि एउटा बाटामा सुत्ने ठाउँ उसले पाई । नगीचै सो कोठा थियो जसमा माली फूल राख्ने गर्दथ्यो । उसलाई निद्राको एक झप्को पनि लागेन । नजीकैको कोठाबाट आइरहेको फूलको वासनाले गर्दा उसलाई निद्रा नपरेको हो भन्ने कारण उसले पत्ता लगाई । अनि उसले माछाको आफ्नो खाली टोकरीमा

पानी छर्की र त्यसलाई आफ्नो नाकको नजीक राखी। केही बेरपछि उसलाई गहिरो निद्रा पऱ्यो। वास्तबमा यस्तै दशा आधुनिकताले हाम्रो बनाइसकेको छ र हामीलाई त्यसैमा गौरवको अनुभव हुन थालिसक्यो। त्यसैले त गीतामा–

अधर्मं धर्ममिति या मन्यते तमसावृताः।
सर्वार्थान् विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥-गीता १८।३२

अर्थात् जब मानिसको मन-बुद्धि तामसिक आहार-विहारबाट तामसी बन्न जान्छ तब ऊ अधर्ममा धर्म देख्ने बुद्धि भएको बन्दछ र सबै कुराहरू उल्टो बुद्धिबाट सम्झन लाग्दछ। वास्तवमा मनुष्यको यो अत्यन्त चिन्ताजनक अवस्था हो। तर हाम्रा सुशिक्षित आधुनिक भाइ-बहिनीहरूले यसलाई बुझून् तब न !

यी सबै कुराहरूमा विचार पुऱ्याई प्रत्येक स्त्री-पुरुषले ब्रह्मचर्य-धर्मको रक्षा गर्नुपर्दछ। पुष्ट वीर्यसंयमी बन्नुपर्दछ। ब्रह्मचर्यको शक्तिबाट महत्ता यश तथा सच्चा उन्नति हुन्छ। ब्रह्मचर्यबाट शारीरिक शक्ति, वाक्-शक्ति, ज्ञानशक्ति, उत्साहशक्ति, स्मरणशक्ति, विज्ञानशक्ति, दैवीशक्ति, ईश्वरीय शक्ति आदि शक्तिहरूको प्राप्ति र वृद्धि हुन्छ। ब्रह्मचर्यको रक्षाका लागि केही सहायक नियमहरू तल लेखिन्छन्। तिनलाई धारण गर्नुपर्छ।

महान् ध्येय- मनुष्य-जीवनको ध्येय हो परमात्माको प्राप्ति। भगवत्प्रेमको प्राप्ति या मोक्ष, यसका लागि विभिन्न पारमार्थिक साधनाका साथ नै देशसेवा, परोपकार, धर्मप्रचार आदि श्रेष्ठ साधन गर्नु पर्छ। यसमा मानवता छ जसको जीवनको कुनै ध्येय छैन, जो वासनातृप्तिलाई नै जीवनको लक्ष्य सम्झन्छ त्यो व्यक्ति छात्र होस् या प्रौढ स्त्री-पुरुष, कसैको भनाइ-दवाबबाट या रेखदेखले ब्रह्मचारी रहन सक्तैन। पवित्र उच्च ध्येयलाई निरन्तर जीवनको अगाडि राख तब ब्रह्मचर्य-धर्ममा सफलता मिल्छ।

ईश्वरपरायणता- परमात्मा सर्वज्ञ, सर्वसामर्थ तथा सर्वव्यापक छन्; हाम्रो असल-खराब सबै कर्मलाई देख्दछन्। उनी हाम्रो हृदयमा विराजमान छन्। हामी अपराध गर्दछौं र परिणाममा छल-बलद्वारा राजदण्डबाट बच्दछौं, परन्तु प्रभुको दृष्टिबाट बच्न सक्तैनौं। उनका नियमहरू, राज्य-सत्ताका नियमहरूभन्दा बढी निश्चित र दृढ छन्। हेर्नु होस्! अन्धा, लाटा, लङ्गडा, बहिरा, रोगी, कोरी, सन्तान नपाउने, गरीब, माग्ने, दीन, हीन, पीन र पराधीन-यी सबै आ-आफ्ना कुकर्मको कुफल भोग्दछन्। तिनलाई कसैले टार्न सक्तैन। अतः ईश्वरपरायणता ब्रह्मचर्यको लक्ष्य हो र यसको सेवन ठीक तरीकाले र भक्तिभावसहित सादर तथा सप्रेम गरिनुपर्दछ। भगवान्को कृपामा विश्वास र भरोसा राख्नुपर्दछ। मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात् तरिष्यसि।

सात्त्विक भोजन- दूध फल, अन्नादिको सात्त्विक सादा आहार ब्रह्मचर्यलाई सहायता गर्दछ। ठीक नियमित समयमा, उचित मात्रामा हल्का र रात्रोसँग पच्ने भोजन ब्रह्मचारीका लागि

उपयोगी हुन्छ । अचार, मिठाइ, फुल, मासु, माछा, मदिरा, लहसुन, प्याज, झर्रो पीरो, रायो, गरम मसाला र उत्तेजक पदार्थ तथा बासी, जूठो र अपवित्र भोजन गर्नु हुँदैन । फल र दूध विशेष अनुकूल हुन्छ ।

स्वाध्याय- छात्रहरूका लागि जसरी मनोयोगमूलक पुस्तकहरू पढ्नु लाभदायक हुन्छ, त्यसरी नै ब्रह्मचारीका लागि महाभारत, गीता, पुराण, सन्त तथा महापुरुषहरूद्वारा लेखिएका ग्रन्थहरू र वेदान्त -ग्रन्थहरू तथा ज्ञानार्जनका लागि श्रवण, मनन र निदिध्यासन गर्नु ठूलो लाभप्रद हुन्छ । धर्म, कर्म, ज्ञान, भक्ति औ वैराग्य विवेकको प्राप्तिद्वारा आत्मकल्याणको इच्छाले धर्मग्रन्थहरूको अध्ययन र भगवान्का पवित्र नामहरूको तथा इष्ट मन्त्रहरूको जप नै स्वाध्याय हो र यही ब्रह्मचर्य-धर्ममा सहायक हुन्छ ।

स्वास्थ्यकामना- जो सय वर्षसम्म निरोगी भएर बाँच्न चाहन्छ त्यसले स्वास्थ्यको धेरै राम्रोसँग विचार गर्नुपर्दछ । ब्रह्मचर्यबाट स्वास्थ्यको र स्वास्थ्यबाट ब्रह्मचर्यको रक्षा हुन्छ । मानिसले उपयुक्त वायु, आहार, विहार तथा विचारको सेवन गर्नुपर्दछ। सुत्नु-जाग्नु, उठ्नु-बस्नु, बोल्नु-सुन्नु र खानु-पिउनु सबै ठिक्क हुनुपर्दछ । व्रत, उपवास, मौन, फलाहार र जागरण पनि जीवनका बलिया आधारहरू हुन् । त्यसबाट ब्रह्मचर्यको पालन हुन सक्तछ र बल, वीर्य, तेज र तपको पुण्य बढ्दछ ।

कार्यव्यस्तता- मानिसका निम्ति बेकम्मा बस्नु कहिल्यै ठीक हुँदैन । फुर्सतको समयमा आमा-बाबु, गुरु, दीन-दुःखी, रोगी, अनाथ, अबला, गाई, देश, ब्राह्मण, साधु, संन्यासी तथा समाजको सेवामा लागिहाल्नुपर्दछ । व्यर्थ गफ गर्नु, डुल्नु, अश्लील नाटक हेर्नु, ताश-पाशा खेल्नु, परनिन्दा र परचर्चा गर्नु, चुक्ली लाउनु, चोरी गर्नु आदि छाडेर समयलाई सधैं सदाचारमा लगाउनु ब्रह्मचर्यका लागि सहायक हुन्छ ।

मितव्ययिता–सादापनाले रहनु परमावश्यक छ । आज फेशनै-फेशनमा मानिसहरूको आर्थिक अवस्था खस्किसकेको छ । यस देशमा, जहाँ सुन-चाँदी, हीरा-मोती, दूध-दही, घ्यू-मह तथा ज्ञान र भक्तिको भण्डार थियो, त्यहाँ आज दिनहुँको भोकमरी, खाद्यान्नको अटूट अभाव, नक्कली घ्यू र दूध आदि खाद्य पदार्थहरूबाट गुजारा चलाउनुपरेको छ । यस सर्वत्रको के खाऊँ र के लाऊँ भन्ने चिन्ताले मानिसहरूलाई हैरान पारेको छ । यसको एउटा मुख्य कारण अनावश्यक खर्च र श्रमकातरता हो । आजको नवशिक्षित युवक काम अथवा शारीरिक परिश्रम गर्नु आफ्नो बेइज्जत ठान्दछ। शोख, विलासिता, ढाँचा-काँचा र नयाँ किसिमका लुगाहरू आदिको चक्करमा परेर साँच्चै हामी आफ्नो हिन्दू-संस्कृतिलाई प्रतिदिन गुमाइरहेका छौं । यो दुर्भाग्यको कुरा हो कि कामोपभोग-परमा एतावदितिनिश्चताको आसुरी दुष्परिणामबाट आज सन्तानमाथि सन्तान जन्मँदै गएका छन् । एउटा पुरुषको एक स्त्रीबाट सन्तृप्ति छैन । मानिस व्यभिचारमा धन, मन र तन गुमाइरहेछ । जो आफैं दुःखी, रोगी र अल्पायु हुन्छन्, ती मानव समाजलाई सुखी, स्वस्थ, दीर्घजीवी बनाउन सक्तैनन् ।

देश र समाजको उन्नति केवल पढाइ-लेखाइ र सजावटबाट हुँदैन। उन्नतिको मूल मन्त्र हो संयम र त्यागी ब्रह्मचर्य-धर्म। प्राचीन कालका हिन्दूहरू ब्रह्मचर्यको बलबाट नै महान् थिए, यशस्वी थिए तथा बलवान्, विद्वान्, धनवान्, ज्ञानी र जीवन्मुक्त थिए। यो समुन्नति ब्रह्मचर्यको प्रतापबाट नै भएको थियो। गृहस्थ जीवनमा पनि ईश्वरीय प्राकृतिक प्रेरणाबाट ऋतुकालोपरान्त केवल सन्तानोत्पत्तिका लागि एक पटक मात्र सहवास गर्ने एकपत्नीव्रती तथा पतिव्रता ब्रह्मचारी नै मानिन्छन्। यस्ता ब्रह्मचारी गृहस्थहरूका सन्तान नै बलवान्, बुद्धिमान्, यशस्वी एवं तेजस्वी हुन्छन्। वीर्यवान्, स्वस्थ र संयमी स्त्री-पुरुषका पुष्ट रजोवीर्यका कीटाणुहरूमा रोगका सबै कीटाणुहरूलाई नष्ट गर्ने शक्ति हुन्छ। नष्टवीर्य र दुराचारी मानिसको शरीरमा रोगका कीटाणुहरू बढ्ने हुँदा त्यो रोगी हुन्छ। उसका बुद्धि, सदाचार, धैर्य तथा सद्विचार नष्ट हुन्छन् र त्यसको दुष्परिणाम स्वरूप उसले आफ्नो अमूल्य मनुष्य-जीवनलाई पनि गुमाउँदछ। भनिएको पनि छ- सिद्धे विन्दौ महादेवि किं न सिद्धचति भूतले।

ब्रह्मचर्य-धर्मका उदाहरण १९६

श्रीहनुमान्‌जी– 'आज मेरो व्रतभङ्ग भयो।' अत्यन्त ठूलो पश्चात्ताप र महान् दुःख। मुटुमा लागेको त्यस पीरको कल्पना गर्नु सर्वसाधारण मानिसका लागि सम्भव छैन। जसले कुनै व्रत या नियम लामो समयसम्म पालन गरेको होस्, त्यसबाट भ्रममा परी अनजानमा त्यो नियम टुट्न गएमा त्यस्तोलाई तब व्रतभङ्गको वेदना कस्तो हुँदोरहेछ भन्ने केही अनुभव हुन्छ।

'म मरुन्जेल प्रायश्चित्त गर्नेछु' हनुमान्‌जी लङ्कामा पस्नुभएको थियो रातमा तर रावणले जनक-नन्दिनीलाई कहाँ राखेको थियो, उनलाई पत्तो थिएन। त्यसले गर्दा उनी राक्षसहरूका घर-घरमा खोज्न लागे। रावणको जनाना-खण्डलाई एक-एक गरी तलाश गरे। श्रीजानकीजीलाई पत्ता लगाउनु थियो भने उहाँलाई अन्तःपुरमा नै त खोज्नुपर्दथ्यो, जहाँ आइमाईहरू मात्र रहन सक्तथे। सबै राक्षसहरूका अन्तःपुरहरू थिए र ती संयमीहरूका घर थिएनन्। सुरापान र उन्मत्त विलास नै राक्षसहरूको व्यसन थियो। उनीहरू उन्मत्त लहडबाजी सिध्याएर भुसुक्क निदाएका थिए। लगभग सबै घरहरूमा लुगा र गहनाहरू अस्त व्यस्त, खुस्केका र निर्वाङ्ग नाङ्गा भई मस्तसित सुतेका तरुणीहरू देख्न पाइन्थे। त्यस्तो अवस्थामा परस्त्रीलाई देख्नु भलाद्मी गृहस्थका लागि पनि ठूलो दोष मानिन्थ्यो भने फेरि हनुमान्‌जी त ब्रह्मचारी हुनुहुन्थ्यो।

कुनै अनर्थ भइदेओस् र केही गरिहालूं भन्नेपट्टि लाग्नुभन्दा पहिले हृदयमा प्रकाश उदायो। भित्र बसेका भगवान् आफ्ना भक्तहरूको सदा रक्षा गर्नुहुन्छ। हनुमान्‌जीको मनमा विचार उठ्यो– 'कुनै नारीको सुन्दरतामा त मेरा आँखा लागेनन्। म त आमा जानकीलाई खोजिरहेको थिएँ। मेरो मनमा त कतै कुनै खराबी आएन। यी आइमाईहरूका जो आङ्हरू मेरा सामु देखा परे ती सब लाशसरह नै त हुन् मेरो दृष्टिमा!'

व्रतको मूल मन हो, शरीर होइन । हनुमान्‌जीको व्रतमा कुनै त्रुटि भएको थिएन । उनको मनमा लागेको पछुतो ब्रह्मचर्यव्रतप्रतिको उनको प्रबल निष्ठा र नित्य सावधानीको सूचक थियो ।

श्रीशुकदेवजी– 'देवीहरू ! मेरो छोरो युवक छ र नाङ्गै रहन्छ । ऊ जब यताबाट गयो, तब तपाईंहरू सबैले लुगा पैरिनु आवश्यक ठान्नुभएन, तर म आएको देखेर तपाईंहरूले हतारमा लुगा लगाइसक्नुभएको छ, जब कि म बूढो हुँ र लुगा लगाएको छु । तपाईंहरू सबको यस अचम्म-लाग्दो व्यवहारको के कारण हो ? भगवान् व्यासजीले यो कुरा स्वर्गका परीहरूलाई सोधे ।

शुकदेवजी वैरागी भएर वन पस्न लागेका थिए । त्यस्ता सद्‌गुणी भगवान् जस्ता छोराका वियोगले व्याकुल व्यासजी 'छोरा ! छोरा' भन्दै बोलाउँदै पछ्याइरहेका थिए । एकान्त जङ्गलमा-सफा पानीको पोखरी थियो । केही परीहरू किनारमा लुगाहरू फुकाली त्यसमा स्नान र जल-क्रीडा गरिरहेका थिए । शुकदेवजी उसै तलाउको नगीचबाट अगाडि बढ्नुभयो । उनले न ताल तिर हेरे, न त परीहरूले उनीपट्टि ध्यान दिए । तर जब व्यासजी आउन लागेका देखिए, तब सब देवीहरूले पानीबाट झटपट निस्केर आफ्ना लुगाहरू लगाए र नगीच पुग्दा सबैले हात जोडेर व्यासजीलाई प्रणाम गरे । **त्वाऽस्ति स्त्रीपुं भिदा न सुतस्य विनिक्तदृष्टेः ।** यहाँ हामीलाई क्षमा गर्नुहोस् । पशुहरू र अबोध बालकहरूसँग हामी नारीहरूलाई लाज लाग्दैन । कुनचाहिं नारी हो र कुन पुरुष भनी जसले छुट्ट्याउन सक्दैन त्यससँग लाज मान्नुपर्ने कारण हुन्न । तो देवाङ्गना-हरूले जवाफ दिए– 'यहाँ यति त जान्न र बुझ्नुहुन्छ कि नारी कुन हो र पुरुष कुन; तर यहाँका छोराको दृष्टिमा त नारी र पुरुषको भिन्नता देखा पर्दैन । उहाँ त सर्वत्र एउटै चेतन तत्त्व मात्र देख्नुहुन्छ ।' ब्रह्मचर्यको पराकाष्ठा हो यो, जहाँ स्त्री-पुरुषलाई फरक-फरक देख्ने दृष्टिभेद नै रहेको हुँदैन र मनमा कामभाव जाग्नलाई कुनै आधार नै बाँकी रहेको हुन्न । त्यसैले श्रीशुकदेवजी परमहंसहरूका पनि परमगुरु मानिएका छन् ।

ब्रह्मचर्य-धर्मका आदर्श भीष्म पितामह– भीष्मले स्वयंवर-सभाबाट आफ्ना भाइका लागि काशीराजकी तीनैवटी राजकुमारीको हरण गर्नुभयो । उनीहरूमध्ये अम्बिका र अम्बालिका-को विवाह विचित्रवीर्यका साथमा भयो; अम्बाले भनिन्– 'मैले पहिले नै अङ्गनरेशलाई मनले वरण गरिसकेकी छु । म स्वयंवर सभामा उनलाई नै जयमाला पहिराउने थिएँ; मेरो हरण गरेर तपाईंले ठीक गर्नुभएन ।'

भीष्मले इज्जतसाथ रथमा बसाएर अम्बालाई बिदा गरे, तर उनलाई उहाँका राजाले स्वीकार गरेनन् र उनले भने– 'क्षत्रियले विवाहयोग्य स्वजातिकी कन्याको हरण गर्नु शास्त्रले उचित मानेको छ । जब एउटाले तिम्रो हरण गरिसक्यो, म तिमीलाई कसरी स्वीकार गर्न सक्दछु ! जसले मलाई लडाइँमा हरायो, उसको दान मलाई स्वीकार्य छैन ।'

निराश भएर अम्बा फर्केर आइन् र भीष्मलाई भनिन्– 'तपाईंले मेरो हरण गर्नुभएको हो, त्यसैले तपाईं मलाई स्वीकार गर्नुहोस् ।' भीष्म जन्मभर ब्रह्मचारी रहने आफ्नो प्रतिज्ञाले गर्दा

उनलाई स्वीकार गर्न सक्तैनथे । उनीबाट रुक्खा जवाफ पाएपछि अम्बा परशुरामजीको शरणमा पुगिन् । परशुरामजीले भीष्मलाई अस्त्र-विद्या सिकाएका थिए । उनी अम्बालाई लिएर भीष्म-कहाँ आए । भीष्मले भने 'अनुचित आज्ञा गुरुको पनि मान्य हुँदैन ।'

'यदि तिमी मेरा आज्ञा मान्दैनौ भने युद्ध गर'–रिसले चूर भएर परशुरामजीले धनुष उचाल्नु-भयो । भीष्म शान्त रहे । उनले भने– 'भयले, लोभले अथवा अरू कुनै कारणले म आफ्नो धर्म फाल्ने होइन ।' गुरु-शिष्यमा युद्ध भयो । दुवै दिव्यास्त्रहरूका ज्ञाता थिए । परशुराम चिर-ञ्जीवी थिए भने भीष्मलाई पनि पिताबाट इच्छामरणको र माताबाट हातमा धनु रहेसम्म कसैबाट पराजित हुनुनपर्ने वरदान र आशीर्वाद मिलेका थिए । दिव्यास्त्रहरूको परस्परको होडबाजीबाट पृथ्वी काम्न थाल्यो । अन्तमा ऋषिहरू आएर परशुरामजीलाई शान्त गराए । उनी त्यहाँबाट 'अब कहिल्यै क्षत्रियहरूलाई अस्त्रविद्याको शिक्षा दिने छैन' भन्ने प्रतिज्ञा गरेर गए ।

अम्बाले हताश भएर आफूलाई अग्निमा आहुती दिइन् । त्यसको केही वर्षपछि, जब विचि-त्रवीर्य अपूतै मरे, तब आमा सत्यवतीले भीष्मलाई भनिन्–'छोरा ! तिम्रो बाबुको वंश नष्ट हुँदैछ, अब तिमीले विवाह गर्नुपर्दछ । भीष्मले त्यस बखत पनि आफ्नो व्रत छाड्न स्वीकार गरेनन् ।

अपरिग्रह तथा सन्तोष-धर्मका आदर्श

महर्षि लोमश–देवराज इन्द्रलाई एकपल्ट एउटा धेरै राम्रो भवन बनाउने इच्छा भयो । उनले आफ्ना कालिगढ विश्वकर्मालाई त्यस काममा खटाए ।

देवराज त्यस बेलासम्म त्रिभुवनमा कसैले कल्पना पनि नगरेजस्तो विशाल र भव्य भवन बनाउन चाहन्थे । त्यत्रो अजङ्गको चौगिर्दावाल विशाल भवनको एक-एक औंलाभर ठाउँमा पनि उनलाई सूक्ष्म कला-चित्रणको रहर थियो ।

विश्वकर्मा वर्षौंसम्म आफ्ना सहकर्मीहरूसहित व्यस्त रहे । असाध्य खिन्न र थकित भए उनी । देवर्षि नारद स्वर्ग आएको बेला विश्वकर्माले प्रार्थना गरे–'यस विपत्बाट यहाँ नै उम्काउन सक्नुहुन्छ । म र मेरा सबै अनुचरहरू थाकिसक्यौं । आफ्नो लामो दिव्य उमेरभर पनि यस भवनलाई तयार गर्न सक्ने आशा छैन । यस काट्ने र ताछ्ने कामको कटचाङकुटुङमा नै जीवन बित्ने भयो । यस्तो देवत्वभन्दा अर्को कुनै जुनी राम्रो हो !'

देवर्षि उनलाई आश्वासन दिएर इन्द्रको समीप पुगे । आफ्नो इच्छानुसारको घर बनाउन लागेको कसैलाई पनि त्यस्तो घर अरूहरूलाई देखाउने ठूलो उत्सुकता हुन्छ । इन्द्रले पनि आग्रह गरेर नारदजीलाई आफ्नो त्यस विशाल भवनलाई देखाए र सोधे– 'यहाँ त तीनै लोकहरूमा डुल्नु-हुन्छ । यस्तो विशाल र कलापूर्ण भवन यहाँले कहिल्यै कतै देख्नुभएको छ ?'

'मैले त देखेको छैन' नारदजीले भन्नुभयो– 'तर महर्षि लोमश दीर्घजीवी हुनुहुन्छ र उहाँले कहीं देखेको भए भन्न सक्तिनँ ।' यसैबीच टाउकोमा एउटा गुन्द्री मात्र बोकेका महर्षि लोमश

पनि आइपुग्नुभयो । नारदजीले मनमनै उनको स्मरण गरेका थिए र ऋषिहरू त बोलिने भाषाभन्दा मनको भाषालाई बढी बुझ्दथे । इन्द्रले महर्षिलाई प्रणाम गरे र देवर्षिले सोधे-'महर्षि ! टाउकोमा गुन्द्री किन बोक्नुहुन्छ ?' कम्मरमा एउटा लँगौटी, हातमा कमण्डलु र त्यस गुन्द्रीबाहेक अरू कुनै सरसामान लोमशसँग थिएन । नारदजीको प्रश्न सुनेर उनले भने-'जीवन विनाशी हो । यस्तो सान्है छोटो आयुका लागि जोडने, जम्मा गर्ने र कुटी बनाउने झंझट कसले गरोस् ! यो गुन्द्री नै मेरा लागि प्रशस्त छ ।' इन्द्रले अचम्म मानी भने– 'यहाँको आयु ! सान्है छोटो ?' १९९

'हेर्नुहोस् देवराज ! मेरा यति रौं त झरिसके ।' लोमशले आफ्नो छातीमा रुँयाँको चक्का जत्रो रौं खुइलेको टाटो औंल्याए । 'जुन दिन सबै रौं झरिसक्लान् त्यस दिन लोमश मर्नेछ । एकब्रह्मा मर्दा उनको सम्मानमा मेरो एक रौं झर्दछ र यी ब्रह्मा त बारम्बार मरि नै रहन्छन्' –महर्षिले भने ।

ब्रह्माको एउटै दिनमा चौध इन्द्रहरूको पालो पुग्दछ । यस्ता ३६० दिनको एक वर्षको हिसाबले एक सय वर्षको आयु ब्रह्माको हुन्छ । एक ब्रह्मा मर्दा महर्षि लोमशको एउटा रौं मात्र झर्दछ र उनी जस्ताको तस्तै ! देवराज इन्द्र टाउको थामी उहीं थुचुक्क बसे । उसै दिन उनले भवन बनाउने काम बन्द गर्न विश्वकर्मालाई आदेश दिए ।

प्रयत्न र परिश्रमको परिणामस्वरूप पाइने प्रसन्नताबाट सन्तुष्ट रहने कुरा हामीहरूले सिक्नुपर्दछ । सन्तोषबाट नै परम सुखको प्राप्ति हुन्छ । निष्काम कर्मयोग, अनावश्यक इच्छाहरूको दमन, लोभको त्याग तथा इन्द्रियहरूको नियन्त्रण, यी सबै उपदेशहरू सन्तोषतिर लाने खुड्किला हुन् । निष्कर्षरूपमा सन्तोषको यही आदर्श हो– इच्छाहरूलाई घटाउँदै सच्चाइ र ईमानदारीसाथ हामी प्रशस्त मेहनत गरौं र फलको चिन्ता नराखी त्यसलाई परमेश्वर र परिस्थितिहरूमाथि छाडौं । प्रत्येक मानिसमा समाजका लागि उपयोगी बन्ने भावना हुनुपर्दछ । जीवनको साथमा इच्छा र कामनाहरू हुन्छन् नै, परन्तु सुखी जीवनका लागि कतै न कतै इच्छाहरूको टुङ्गो त लाग्नैपर्दछ । त्यो टुङ्गो सन्तोषमा मात्र छ र त्यसैमा मानिसले पूरा तृप्ति या आनन्दको अनुभव गर्दछ र ऊ इच्छारहित हुन जान्छ ।

तपोधर्मका आदर्श

काशीका दुई सन्त– श्रीविश्वनाथको पुरी वाराणसी अनादि समयदेखि सिद्ध र विद्वान्-हरूको थलो हो । धेरै अघिको कुरा हो, त्यहाँ दुइटा सिद्ध सन्तहरू रहन्थे । एउटाले दशाश्वमेधघाट-भन्दा माथि जहाँ विश्वनाथजीको मन्दिर जाने गल्ली छ, त्यहाँ गल्लीको सामुन्ने सडकको अर्कोपट्टि एक हलवाईको पसलसँग जोडिएको ढुङ्गाको चौतारोमा आसन लगाएका थिए । त्यो चौतारो अहिले पनि छ र त्यहाँ एउटा पीपलको बोट पनि छ ।

तो महापुरुषको नाम र धाम पत्ता लगाउने कुनै उपाय थिएन । उनी प्रायः मौन रहन्थे । थाहा छैन, कहाँबाट उनी आए । एक दिन त्यस ढुङ्गामा खुट्टा पसारेर सडकपट्टि मुख फर्काएर टाउकालाई दाहिने हातको सिरान हालेर आधा पल्टे । त्यसै आसनमा उनी चौध वर्ष हलचल नगरी पडिरहे ।

आधा चिम्लेका आँखा, लट्टा परेको कपाल, नाङ्गो जीउ र हलचलरहित शरीर, उनी लडेका थिए । ग्रीष्मको प्रचण्ड लू, हाडहरू ठिन्याउने हिउँदको हावा र वर्षाको झरी आउने-जाने गर्दथे । चौध वर्षमा कयौं पटक हुरी चले, असिना परे, तर उनको शरीर त्यस ढुङ्गाको नै एउटा हिस्सा जस्तो थियो । नुहाउने कुरा त परै जाओस्, उनले खाना खाएको, पानी पिएको र शुचि गरेको पनि कसैले देखेन । उनी चौध वर्ष विनाखाना-पिना त्यस ढुङ्गामा अविचल पडिरहे । त्यहीं उनको देहावसान भयो ।

२००

अर्का एक सन्त दशाश्वमेधघाटका सिंढीहरूमा रहन्थे । कालो वर्ण, राता-राता आँखा, छरिएका लामा-लामा केश । उनी पनि नाङ्गै रहन्थे । उनले एउटा कालो साँढेलाई फलामको सिक्रीले बाँधिराखेका थिए । कसैले केही दियो भने साँढेको अगाडि राखिदिन्थे । त्यो साँढे ती वस्तुबाट केही खान्थ्यो अनि उनी पनि खान्थे । साँढेले खाएन भने कुकुरलाई पयाँकिदिन्थे ।

हिउँद, गर्मी, वर्षाका लागि न कुनै ओत, न त लुगा-कपडा । त्यहीं सिंढीहरूमा नै उनी एकपट्टि बसी, पल्टी या उभिई रहन्थे । शरीर छाड्नुभन्दा तीन दिनअघि उनले साँढेलाई फुकाइदिए । उनी कहाँ गए, कसलाई पत्तो ! तीन दिनमा उनले कति चोट्टि भनेको सुनियो–'यो घर भत्कनेछ आफू पनि मर्नेछौ र मलाई पनि मराउनेछौ ।' घरपतिहरूले घर छाडे, तर सबै थोक थाहा पाएर पनि ती वीतराग तथा देहातीत सन्तले त्यस ठाउँको त्याग गरेनन् । त्यो घर भत्कियो र उनी तल पुरिए ।

असुर गुडाकेश– गुडाकेशको जन्म सृष्टिको शुरूमा भएको थियो । असुरहरू प्रायः जन्मै-देखि सिद्ध हुन्छन् । गुडाकेशको रुचि धर्म र भगवान्को भक्तिमा थियो । उसको मनमा तपस्या गर्ने अठोट हुनाको साथसाथै यो कुरा पनि आयो– 'तप गर्ने समयमा धमिरो, लामखुट्टे आदि स-साना कीरा-फटेंग्राहरूले ध्यानलाई शरीरतर्फ आकर्षित गराउलान् । कथं-कदाचित् ध्यान शरीरपट्टि तानि-एन भने पनि ती कीराहरूले लामो समयपछि शरीरको बोसो र मासु खाई सिद्धयाउलान् र त्यसबखत शरीरलाई स्वस्थ बनाउनका लागि सृष्टिकर्ताको अनुग्रहलाई स्वीकार गर्नुपर्ला । त्यसैले उसले सङ्कल्पको शक्तिबाट आफ्नो शरीर तामाको बनायो र तपस्या गर्न लाग्यो । चौध हजार वर्षसम्म ऊ धैर्यपूर्वक तपमा लागिरह्यो ।

भगवान् नारायण गुडाकेशको तपस्याबाट खुशी भएर उसको सामुन्ने प्रकट हुनुभयो । आफ्ना आराध्यलाई प्रत्यक्ष देखेर त्यो भक्तश्रेष्ठ आनन्दले विह्वल भयो र प्रभुका पाउमा पऱ्यो र उठेर नाच्न लाग्यो । उसको आनन्दको आवेश केही शान्त भएपछि भगवान्बाट आज्ञा भयो -'गुडाकेश ! तिमी मलाई धेरै प्रिय छौ । तिमीलाई जे चाहना छ, माग ।'

'करुणामय ! प्रभु प्रसन्न हुनुहुन्छ भने यो वरदान पाऊँ–म जहाँसुकै जन्मे पनि हजूरका श्रीचरणहरूमा मेरो भक्ति रहिरहोस्'–उसले माग्यो । 'एवमस्तु ! अरू पनि केही माग । तिमीलाई वरदान दिएर आज म अनुपम तृप्तिको अनुभव गरिरहेको छु'– भगवान्बाट फेरि आग्रह भयो ।

'प्रभुका हातबाट चलेको चक्रबाट नै मेरो मरण होस् । मेरो देह र त्यसका सब तत्त्वहरू तामा बनेर रहून् र त्यो तामा प्रभुको सेवामा लागोस् । जो त्यसमा राखेको जलबाट अर्चन गर्ला उसलाई प्रभुको प्रसन्नता प्राप्त होओस्'– गुडाकेशले माग्यो ।

'वैशाख-शुक्ल-द्वादशीको दिन चक्रले तिमीलाई देहमुक्त गर्नेछ,' भगवान्ले वरदान दिनुपऱ्यो । 'तिम्रो शरीरको हरेक पदार्थ तामा बनी रहनेछ र त्यो विश्वका लागि उपकारको साधन हुनेछ । त्यसमा राखिएको जलबाट मप्रतिको प्रेम सुसम्पन्न हुनेछ ।' मानिसहरू मर्नुबाट डराउँदछन्, तर गुडाकेश कहिले मरूँ र आफ्नो शरीर लोककल्याणको साधन बन्नेछ भनी त्यस क्षणको प्रतीक्षा उत्सुकतापूर्वक गरिरहेको थियो । त्यो तिथि आइपुगेपछि उसले प्रार्थना गऱ्यो–

मुञ्च मुञ्च प्रभो चक्रं ज्वलद्वन्हि समप्रभम् ।
आत्मा मे नीयतां शीघ्रं निकृन्त्याङ्गानि सर्वशः ।।

'प्रभु ! कालाग्नि जस्तो तेजिलो आफ्नू चक्र चलाउनुहोस् । चलाउनुहोस् ! तुरुन्त मेरो अङ्ग टुक्रा-टुक्रा पारी मेरो जीवनलाई आफ्नू सेवामा स्वीकार गर्नुहोस् ।' गुडाकेशको प्रार्थना स्वीकृत भयो । उसको शरीरका अङ्गप्रत्यङ्ग पृथ्वीमा छरिए । त्यही तामा नै समयमा परिपक्व भएर सुन र चाँदी पनि बन्यो र त्यसको कसरबाट शीशा, जस्ता आदि धातुहरू बने । तामामा राखिएको जल परम पवित्र हुन्छ र त्यसले पूजा गर्दा भगवान् धेरै प्रसन्न हुनुहुन्छ, तर ताम्रपात्रलाई जूठो पार्नु दोष मानिन्छ ।

तपको आदर्श असुर गय– अत्यन्त अद्भुत असुर थियो गय । असुर वंशमा जन्मेको भए तापनि उसमा आसुरी भावको निसानीसम्म पनि थिएन । स्वभावले अत्यन्त शान्त ऊ भगवान् नारायणको परमभक्त थियो । उसको चित्तमा कुनै प्रकारको कामना थिएन । मानिसहरूलाई त शारीरिक सुख प्यारो लाग्दछ भने असुरहरू झन् इन्द्रिय-सुखमा लुब्ध हुने नै भए । तर गयको प्रेम थियो तपस्या गर्नमा । तप उसलाई धेरै प्यारो थियो । तपस्याको फल पाउनुपर्दछ भन्ने कुराले उसको चित्तलाई छुनै सक्तैनथ्यो ।

एक खुट्टामा खडा भएर कैयौं हजार वर्ष गय निर्जल, निराहार र खडाको खडै नारायणको ध्यान गरिरह्यो । उसको चित्तमा भगवान्को त्रिभुवन मनोहर मूर्ति नित्य प्रकट थियो र हृदयमा त्यस आनन्दघनको झलक पाएर गय सधैं आनन्दमग्न रहन्थ्यो । उसलाई भोक, प्यास र निद्राको बाधाले दुःख पुऱ्याउँदैनथ्यो । उसको शरीर पनि दुर्बल भएको थिएन । परिश्रम, थकाइ र कष्टको कुनै अनुभव उसलाई हुँदैनथ्यो ।

'यसलाई अहिल्यै मारिदेऊ ! नभए दैत्यको बल तपस्याबाट बढ्ला र यसले देवताहरूलाई स्वर्गबाट निकाल्ला'– इन्द्रादि देवहरूले गयमाथि त्यसपछि आक्रमण गरे, जब अप्सराहरूका उन्मत्त क्रीडाहरू र कामदेवका सारा कोशीशहरू खेर गए। गय त कसैतिर हेर्दैहेर्दैनथ्यो। जसरी उसले अप्सराहरूको नाच र गीतको वास्ता गरेको थिएन, ठीक त्यसै गरी उसले देवताहरूले गरेको प्रहारको पनि बेवास्ता गऱ्यो। आङ्मा झींगा बसेर उडेसरह देवताहरूको कुनै अस्त्रशस्त्रले उसको जीउमा घाउसम्म पार्न सकेन।

'वरदान माग, बाबु !' –देवताहरू निराश भएर फर्केपछि स्वयं ब्रह्माजी हाँस्दै त्यहाँ पाल्नुभयो र गयलाई बोलाउनुभयो।

'यहाँको जय होस् ! कृपाका लागि आभारी छु, धन्यवाद ! तर मलाई केही पनि चाहिन्न।' –यस पटक गयले आँखा खोलेर ब्रह्माजीतिर हेर्नेसम्म काम गऱ्यो। सृष्टिकर्तालै त्यसै फर्कनुपऱ्यो।

कलियुगमा सत्त्वगुणको शक्ति र सीमा कम हुन्छ, त्यसैले कलिमा साधन तुरुन्त फल्दछ। सत्ययुगमा सत्त्वगुण पूरा शक्तिमा रहेको हुन्छ, अतः धेरै साधन– तप गरेपछि मात्र सृष्टिका अधिपति देवताहरू प्रभावित हुन्छन्। तैपनि सत्त्वगुणको एउटा चौहद्दी हुन्छ। त्यसले त्यो हद नाघ्यो भने रजोगुण र तमोगुण. समाप्त भएर प्रलय नै हुन जाने हुन्छ। गयको तेज तपस्याबाट बढिरहेको थियो। त्यस तेजबाट सबै देवताहरू, सूर्य, चन्द्र र अग्नि पनि ग्रस्त भए। सृष्टिका प्राणीहरूमा क्रियाशालता नष्ट हुन लाग्यो। भगवान् ब्रह्मालाई सृष्टिको रक्षाको चिन्ता लाग्यो।

'महाभाग्यमानी ! तिमी त मसँग वर माग्दैनौ। आज म तिमीसँग माग्न आएको छु।' –भगवान् नारायणको शिक्षा पाएर ब्रह्माजीले भन्नुभयो– 'मलाई यज्ञ गर्नु छ र तिम्रो शरीर जस्तो पवित्र ठाउँ त्यस यज्ञका लागि त्रिभुवनमा अन्यत्र छैन।' 'मेरो जीउमा, मेरा आराध्यलाई सन्तुष्ट गर्न यहाँ यज्ञ गर्न चाहनुहुन्छ भने यसभन्दा बढी सौभाग्य मेरो के होला!' ब्रह्माजीको कुरा सिद्धिनुभन्दा पहिल्यै गय भुइँमा पल्टयो र भन्यो– 'यहाँले यसमा यज्ञ गर्नु होस्।'

कुण्ड, वेदिका आदि सबै बनाइए र सैकडौं वर्ष यज्ञ चलिरह्यो, तर गयको एक रौं पनि पोलिएन। ऊ सास नफेरी स्थिर पडिरह्यो। यज्ञलाई सांग्य गर्नु नै थियो। त्यसपछि गय फेरि उठ्ला भन्ने डरले भगवान्ले उसका विभिन्न अङ्गहरूमा देवताहरूको स्थापना गर्नुभयो र उसको हृदयमा आफै गदा लिएर खडा रहनुभयो। 'ब्रह्माजी ! चाहें भने म अझ पनि उठ्न सक्तछु। उस सर्वलोकेश्वरले यति शक्ति मलाई प्रदान गरिराखेको छ' गयले भन्यो– 'तर मेरा आराध्य मेरो छातीमा उभिइरहेसम्म म उठ्ने होइन। प्रभु हटे भने मलाई उठ्नलाई कसैले पनि रोक्न सक्तैन, मेरो शरीरमा जोसुकैले जस्तोसुकै पिण्डदान गरे पनि उसका पितृहरूलाई अक्षय तृप्ति प्राप्त होओस्' भन्ने वरदान गयले भगवान्बाट माग्यो। पूरा गयाक्षेत्र उसैको देहमाथि छ।

सन्त तुकाराम– श्रीतुकारामजी भगवान्को भक्तिमा डुबेर जुनबेला कीर्तन गर्न लाग्थे त्यस अवसरमा उनका मुखबाट ज्ञान, वैराग्य र भक्तिको गूढ रहस्यलाई बुझाउने टुक्काहरू निस्कन्थे।

ठूला-ठूला विद्वान् र साधुहरू उनको सत्सङ्ग गर्न आउन लागे । उनीप्रति मानिसहरूमा श्रद्धा बढ्यो । पुनाबाट नौ माइल टाढा बाघौलीनिवासी एउटा कर्मनिष्ठ र वेद-वेदान्ती पण्डित रामेश्वर भट्टलाई त्यो धेरै नराम्रो लाग्यो । उसले स्थानीय अधिकारीसँग निवेदन गऱ्यो– 'तुकाराम शूद्र भएर पनि आफ्ना टुक्काहरूमा वेदहरूको सार बोल्दछ । उसलाई यस ठाउँबाट धपाउने आदेश हुनुपर्दछ ।'

२०३

यो खबर पुगेपछि आफैं रामेश्वर भट्ट भए ठाउँ गएर तुकारामजीले उसलाई नमस्कार गर्दै भने– 'मेरो मुखबाट उखानहरू श्रीपाण्डुरङ्गको प्रेरणाबाट नै निस्कन्छन्, तर तपाईं ब्राह्मण हुनुहुन्छ, भगवान्को मुखरूप हुनुहुन्छ र तपाईंको आज्ञा भगवान्को नै आज्ञा हुन्छ । तपाईं भन्नुहुन्छ भने अबदेखि छन्दहरू बनाउने छैन । अहिलेसम्म जति अभङ्गपदहरू बनेका छन् र लेखिएका छन् तिनलाई के गरूँ ? यो बताइदिने कृपा गर्नुहोस् ।' फन्केर रामेश्वरले भन्यो– 'तिनलाई नदीमा डुबाइदेऊ ।'

तुकारामजी फर्केर आए । अभङ्गहरू लेखिएका सबै पुस्तकहरूलाई उनले इन्द्रायणी नदीमा सेलाइदिए । तर यसले चित्तलाई खिन्न पाऱ्यो । भगवान्को नाम, रूप, गुण, महात्म्य आदिबारे बोल्न र लेख्न पनि एउटा शास्त्रज्ञ विद्वान्ले वर्जित गरिदियो भने अब बाँचेर के काम ! जिन्दगीमा भगवान्का अतिरिक्त अर्काको आकर्षण थिएन । उनका पाण्डुरङ्ग भगवान् भेट्टिएनन् र उनको चर्चामाथि प्रतिबन्ध लाग्यो । श्रीतुकारामजीले निश्चय गरे– 'अब कि उनी विट्ठल भगवान्सँग मिल्लान् कि शरीर जाला !'

श्रीविष्णुको मन्दिरको सामुन्नेको ढुङ्गामा तुकाराम गएर बसे । उनले अन्न, पानी र निद्रालाई पनि छाडे । पूरा तेऱ्ह दिन तेऱ्ह रात उनी त्यसै ढुङ्गामाथि बसिरहे । त्यस्तो ईश्वरभक्ति ! आराध्यमा चित्तको त्यस्तो विकट लगाव । कहिलेसम्म पाण्डुरङ्ग यस्तो प्रेमहठीप्रति उदासीन रहन सक्तथे । उनै नवघनसुन्दर पीताम्बरधारी वनमाली बालकरूपमा प्रकट हुनुभयो । धन्य भए तुकारामका नेत्र र उनको जिन्दगी ।

'मैले तिम्रा अभङ्ग पदका बहीहरू इन्द्रायणीको हृदयमा सुरक्षित राखेको थिएँ । आज तिनलाई तिम्रा श्रद्धालुहरूलाई दिएर आएको छु ।' – उही लीलामय यो समाचार सुनाएर अन्तर्धान हुनुभयो ।

क्षमा-धर्मका आदर्श

विष्णु भगवान् तथा भृगु ऋषि– मनु महाराजले दश मानव धर्म बताउनुभएको छ । समर्थ भएर पनि आफ्नो अनिष्टमा अहित गर्नेमाथि रिस नउठ्नु अक्रोध भनिन्छ । यसमा बदला लिने भावना मनमा रहन सक्तछ, परन्तु क्षमामा प्रतिशोधको भावना या कल्पना रहनै सक्तैन, किनकि यसमा या त अपराधीको उपकार गरिन्छ या उसलाई उल्टो महत्त्व दिइन्छ ।

मानिस आफ्नो अहङ्कारले गर्दा अर्काको सानो विराम देखेर आफ्नो क्षमाशीलता गुमाई भयानक बदला लिने विचारमा लाग्दछ । यस्तो अमङ्गल सङ्कल्पको अनिष्ट भावनाबाट विपक्षीको अहित र अमङ्गल उसको प्रारब्धमा लेखेको भए मात्र हुन्छ । तर रात-दिन द्वेषको आगोले मुटु पिरोलिन्छ; सारा शान्ति समाप्त हुन्छ, र आफ्नो अहित गरेर भए पनि जसरी हुन्छ विरोधीको कुभलो नगरी नछाड्न मन व्यग्र हुन्छ । यस्तै अशुभ भावनाबाट नै राष्ट्र र जातिहरूको प्रायः नामनिशान बाँकी रहँदैन भने फेरि एउटा मानिसको त के कुरा ।

यसको सट्टा जब क्षमा आउँदछ तब रिस, वैर, द्वेष, बदला, प्रतिहिंसा आदि दुर्गुण-हरूको सुखेका मरुभूमिमा पनि स्नेहको एक अमृतधारा फुट्दछ । शान्तिको साम्राज्य फैलिन्छ र सर्वत्र सुख नै सुख आइपुग्दछ ।

बाह्ये चाऽऽध्यात्मिके चैव दुःखे चोत्पादिते क्वचित् ।
न कुप्यति न वा हन्ति सा क्षमा परिकीर्तिता ॥

बाहिरी र आध्यात्मिक दुःख भएकोले नरिसाउनु र प्रहार नगर्नु क्षमा हो ।

आक्रुष्टोऽभिहतो यस्तु नाऽऽक्रोशेन्न हनेदपि ।
अदुष्टैवाऽऽत्मनः कायैस्तितिक्षुश्च क्षमा स्मृता ॥ -मत्स्यपुराण

रिसाएर तथा चोट खाएर पनि जो मन, वचन र तनबाट रिस गर्दैन, चोट पुऱ्याउँदैन र झन् उल्टो सहजै सहन गर्दछ, त्यसको यस्तो सहनशीलताको नाम क्षमा हो ।

स्वयं भगवान् विष्णुको जगत्को इतिहासमा क्षमाका लागि धेरै नै ठूलो स्थान छ । एउटा सानो कहानी छ । एकपल्ट महर्षि भृगु शिवलोक, ब्रह्मलोक आदिबाट भ्रमण गर्दागर्दै तथा ठूलठूला देवताहरूको कोधको जाँच गर्दागर्दै विष्णुलोक आइपुग्नुभयो । त्यसबेला भगवान् विष्णु लक्ष्मीको काखमा शिर राखी पल्टिरहनुभएको थियो । भृगुजीले पुग्नासाथ विष्णुको छातीमा कसेर एक लात हान्नुभयो । लात लाग्नासाथ भगवान् उठेर बस्नुभयो र महर्षिका पाउ आफ्ना करकमल-हरूमा राखेर सुसार्न लाग्नुभयो र सुसार्दा-सुसार्दै बडो नम्र भएर भगवान् विष्णुले भन्नुभयो– 'नाथ ! मेरो छाती बडो कडा छ र यहाँका चरण धेरै कमला छन् । कतै चोट त लागेन ? मलाई क्षमा दिनुहोस् । आजदेखि म सधैं यहाँका चरणको छाप आफ्नो छातीमा गहनासरह सजाएर राखुँला ।' भगवान्को वक्षस्थलमा सधैं सुशोभित चिन्हको नाम नै 'भृगुलता (भृगुलाञ्छन) हो ।

भृगुजी भगवान्को क्षमाशीलताको परीक्षा गर्न लागेका थिए, तर विष्णु भगवान्को त्यस्तो व्यवहार देखेर उनी आश्चर्यचकित भएर गद्गद् भएर भगवान्का चरणमा लडी-बुडी खेली प्रार्थना गर्न लागे– 'नाथ ! चाहेको भए मलाई कडाभन्दा कडा दण्ड दिन सक्नुहुन्थ्यो । झन् त्यसको

सट्टा भगवान्‌ले कस्तो विचित्र व्यवहार गर्नुभयो । धन्य छ यहाँको यो महत्ता ! क्षमाको यो ठूलो आदर्श !!

त्यसपछि भगवान् विष्णुले भृगुजीका पाउ दाबेर उनका छातीमा मात्र के सम्पूर्ण विश्वको धरातलमा एउटा यस्तो छाप लगाइदिनुभयो जसले क्षमालाई सदा-सर्वदा अत्यन्त उच्च स्थान दिइराख्नेछ ।

प्रह्लादको क्षमाशीलता– हिरण्यकशिपुको वध भयो । नृसिंह भगवान्‌को क्रोध शान्त हुन सकेको थिएन । देवता तथा ऋषिहरूले डराई-डराई स्तुति गरे । अन्तमा भगवान्‌को रिस शान्त गराउन देवताहरूले लक्ष्मीलाई बोलाए । उनी पनि डरले फर्केर गइन् । त्यसपछि प्रह्लाद आएर भगवान्‌का चरणमा तेर्सो परे । भगवान्‌को क्रोध शान्त भयो । प्रह्लादले भगवान्‌को धेरै विलक्षणको स्तुति गरेपछि नृसिंह भगवान्‌ले उनलाई मन लागेको वरदान माग्न लोभ्याउनुभयो । प्रह्लादले बिन्ती गरे– 'म जन्मदेखि नै विषयभोगमा लुब्ध छु । मलाई लोभ नदेखाउनुहोस् । मेरो परीक्षा गरिरहनुभएको छ भने थाहा पाउँदछु । तर प्रभु परमदयालु हुनुहुन्छ र मलाई भोगहरूमा कसरी फँसाउन सक्नुहोला ? भगवन् ! जुन सेवक प्रभुबाट आफ्ना इच्छाहरू पूरा गराउन चाहन्छ, त्यो सेवक होइन । त्यो त लेन-देन गर्ने बनिया हो ।'

यस्तु आशिष आशास्ते न स भृत्यः स वै वणिक् ।-श्रीमद्भागवत ७।१०

'मैले चाहेको वरदान प्रदान गर्न भगवान्‌को इच्छा भए मलाई त्यस्तो वरदान कृपा होस्, जसले गर्दा मेरो मनमा कामनाको बीउ टुसाउन नपाओस्; किनकि हृदयमा कामना उठ्नासाथ इन्द्रिय, मन, प्राण, देह, धर्म, बुद्धि, लज्जा, श्री, तेज, स्मृति, सत्य इत्यादि सब नष्ट हुन्छन् ।'

भगवान् अत्यन्त खुशी हुनुभयो । आफ्नो मनमा कुनै चाहना छैन भने प्रह्लादले सोचेका थिए, तर वरदान माग्नलाई भगवान्‌बाट आज्ञा भएपछि शायद कुनै इच्छा लुकिरहेको छ कि भने विचार प्रह्लादलाई आयो । वास्तवमा एउटा ठूलो दिव्य कामना लुकेको पनि थियो जुन प्रह्लाद जस्ता सन्त भक्तहरूको हृदयमा मात्र उठ्न सक्तछ । 'उमा सन्तकी यही बढाई । मन्द करत सो करत भलाई ।' प्रह्लादले प्रार्थना गर्नुभयो– 'हे देवाधिदेव ! म एउटा वरदान माग्दछु । मेरा बाबुले ईश्वरीय तेज र सबै लोकका गुरु तथा स्वामी प्रभुलाई नचिनी प्रभुको ठूलो निन्दा गरे । दीनवत्सल ! प्रभुको दृष्टि पर्नासाथ त्यस्ता मेरा बाबु पवित्र भइसकेका छन् तैपनि त्यस्तो चाँडो कट्टा नहुने अपराध-बाट मेरा बाबुलाई शुद्ध बनाइदिनुहोस् भनी प्रार्थना गर्दछु ।' प्रह्लादको त्यस भक्तजन-योग्य कामना थाहा पाएर खुशी भई भगवान् नृसिंहबाट आज्ञा भयो–

त्रि सप्तभिः पिता पूतः पितृभिः सह तेऽनघ ।
यत् साधोऽस्य गृहे जातो भवान् वै कुलपावन ।

यत्रतत्र च मद्भक्ताः प्रशान्ताः समदर्शिनः ।
साधवः समुदाचारास्ते पूयन्त्यपि कीकटाः ।।-श्रीमद्भागवत ७।१०।१८-१९

'पुण्यात्मा प्रल्हाद ! जसले तिमी जस्तो कुललाई पवित्र पार्ने छोरो पायो, त्यो बाबु स्वयं पवित्र भएर तरिसक्यो । यसमा भन्नु बाँकी नै के छ ? उनका एक्काईस पुस्ताहरू तरिसके । शान्त, समदर्शी तथा खुशीसाथ सदाचारको पालना गर्ने मेरा भक्तहरू जहाँ बस्दछन्, ती स्थानहरू चाहे कीकट (अर्थात् जस्तोसुकै अशुद्ध) किन नहोऊन्, पवित्र बन्दछन् ।'

२०६

महारानी द्रौपदी– घोर भयानक दृश्य थियो । अश्वत्थामाले पाण्डवसेनाका शिविर-हरूमा राति आगो लगाई, सुतिरहेका सैनिकहरूमध्ये जसले भाग्ने कोशिश गरेका थिए, तिनलाई समेत मारिदिए । महाभारतको लडाइँबाट बचेको बाँकी सेना त्यस रात सखाप भयो । कौरव-पक्षका कृपाचार्य, कृतवर्मा, अश्वत्थामा र विदुर बचेका थिए । अर्को पक्षमा पाण्डव, श्रीकृष्ण र सात्यकि बचेका थिए । उनीहरू पनि त्यसकारण बचे कि त्यस दिन युद्धमा विजय प्राप्त गरेपछि श्रीकृष्ण उनीहरूलाई लिएर अन्यत्र पाल्नुभएको थियो । बिहान फर्कंदा उनीहरूले सम्पूर्ण शिविरक्षेत्र डढेका र आधा डढेका लाशहरूले छापिएको देखे ।

महारानी द्रौपदीका पाँचवटै छोराका गिंडिएका मस्तक र लाशहरू झुल्सेका र अलग-अलग परिरहेका थिए । आइमाईहरूको मुटु छेड्ने विलाप सुनी मानौं आकाश रोइरहेको थियो । द्रौपदीको व्याकुलताको सीमा थिएन । पाँच छोराका सँगै लडिरहेका लाश देखेर उनी मूर्छा परिन् । अर्जुनले उनलाई सम्झाउँदै–बुझाउँदै भने– 'यिनको हत्यारा हो अश्वत्थामा, उसको काटिएको टाउको देखेपछि मात्र आज तिमीले नुहाउन् ।'

गाण्डीवधारी अर्जुन कृष्णको साथ रथ चढे । अश्वत्थामा भाग्यो, तर उसको घोडा अर्जुनको दिव्यरथलाई कसरी जित्न सक्तथ्यो । ब्रह्मास्त्रको प्रयोगले पनि द्रोणपुत्रलाई जोगाउन सकेन । अर्जुनले उसलाई पत्रेर बाँधे र उसै बन्दी हालतमा ल्याएर द्रौपदीको सामु उसलाई उभ्याए । देख्नासाथ भीमसेनले दाँत किटेर भने– 'यस दुष्टलाई तुरुन्त मार्नुपर्छ ।'

दैवी द्रौपदीले सबैलाई रोकेर भनिन्– 'हरे ! यो यहाँले के गर्नुभयो ? छाड्नुहोस् यिनलाई, अहिले नै छाड्नुहोस् । मेरा छोराहरू मारिएका छन् र छोराको मरणबाट आमालाई कत्रो पीडा हुन्छ भनी म अनुभव गरिरहेकी छु । यिनकी आमा कृपी हाम्री गुरुमा हुन् र उनलाई पुत्र-वियोगको दुःख पर्नु हुन्न । जसबाट अस्त्र-शस्त्र चलाउन यहाँहरूले सिक्नुभयो, उनै द्रोणाचार्यजी-लाई नै यस छोराको रूपमा उपस्थित देखेर पनि हामीहरू कसरी निष्ठुर हुन सक्नु ! यिनलाई तुरुन्त छाडिदिनोस् !'

जसका पाँचवटै छोराहरू मारिएका थिए र छोराका लाशहरू अगाडि परेका थिए तै द्रौपदीले छोराका हत्यारामाथि यति दया गरिन् कि लाजले घोप्टो परेको उसको मुख देखेर पुत्रशोक

बिर्सी उनको हृदय पग्लेर आयो । ती देवी द्रौपदी अनन्त धन्यवादकी पात्र छन्, द्रौपदीको क्षमाको विजय भयो । आमाले नै पुत्रघातीलाई क्षमा गरिदिएपछि अर्कोले के दण्ड दिन सक्तथ्यो ! श्रीकृष्णको रायअनुसार अर्जुनले अश्वत्थामाको मस्तकबाट कपेर मणि झिकी उसलाई छाडिदिए ।

क्षमाधर्मका आदर्श महाकवि जयदेव– गीतगोविन्दका रचयिता महाकवि जयदेव तीर्थयात्रा गरिरहेका थिए । बाटामा एउटा राजाले उनको सत्कार गऱ्यो र धेरै धन दियो । धनको लोभले डाँकाहरू बटुवा बनेर महाकविको साथ लागे । जङ्गलमा पुगेपछि डाँकाहरूले हात र खुट्टा काटेर उनलाई एउटा कुवाभित्र फ्याँकिदिए र दौलत लिएर टाप कसे ।

कुवा सुक्खा थियो । होश आएपछि महाकवि त्यस कुवाभित्रै भगवान्को नाम र यशको भजन गर्न थाले । गौडका राजा लक्ष्मणसेनको सवारी उसै दिन त्यतातिरबाट भयो । कुवाभित्रबाट मानिसको स्वर आएको सुनी त्यस मानिसलाई बाहिर झिक्न नरेशले आफ्ना सेवकहरूलाई आदेश दिए । जयदेवलाई राजाले आफूसँग राजधानी लगे । महाभागवत र सरस्वतीका वरदपुत्र जयदेवको विद्वत्ता, भगवद्भक्ति र सज्जन स्वभावको राजामाथि यति प्रभाव पऱ्यो – उनले जयदेवलाई आफ्नो पञ्चरत्न-सभाको प्रधान रत्न बनाए । धेरै कोट्याउँदा पनि उनले आफ्ना हात-खुट्टा काट्ने-हरूको विषयमा केही बताएनन् । त्यस घटनालाई उनी भगवान्को मङ्गल विधान हो भन्दथे ।

राजभवनमा एकपल्ट कुनै उत्सव थियो । साधु, ब्राह्मण र भिक्षुहरू ठूलो संख्यामा भोज खान आए । त्यसैमा भेष बदलेर ती डाँकाहरू पनि सामेल भए, जसले जयदेवका हात-खुट्टा काटेका थिए । लुला-लङ्गडा जयदेवलाई चिनेर तथा उनलाई नै मुख्य हर्ताकर्ता देखेर उनीहरूको चेत उड्यो । जयदेवले पनि उनीहरूलाई चिने । उनले राजालाई भने, 'मेरा केही पुराना मित्रहरू पाल्नु-भएको छ । इच्छा भए उहाँहरूलाई केही धन कृपा हुनुपऱ्यो ।'

नरेशले डाँकाहरूलाई नगीच बोलाएर ठूलो स्वागत गरे र उनीहरूलाई प्रशस्त धन दिए । डाँकाहरू त्यहाँबाट तुरुन्त सुईंकुच्चा ठोक्न चाहन्थे, तर महाकवि जयदेवका मित्र ठानेर राजाले यतिका दौलत दिएका थिए कि उनीहरूलाई घरसम्म सुरक्षित पुऱ्याउनु आवश्यक सम्झियो । केही सेवकहरू उनीहरूको साथमा खटाइए ।

मनमा खस्खसी लागेर राजसेवकहरूले बाटामा सोधे – 'हाम्रा सर्वाध्यक्षसँग यहाँहरूको के सम्बन्ध पर्दछ ?' साधुभेषधारी डाँकाहरूले भने– 'तिम्रो सर्वाध्यक्ष हामीहरूसँग एउटा राज्यको कर्मचारी थियो । उसले त्यहाँ यस्तो कुकर्म गऱ्यो कि राजाले उसलाई ज्यान सजाय दिए, तर हामी-हरूले दया गरेर उसका हात-खुट्टा मात्रै कटाउन लगाएर उसलाई जिउँदै छुटायौं । कहीं पोल नखुलोस् भन्ने डरले उसले हाम्रो यस्तो सम्मान गरेको हो ।'

सृष्टिका विधाताका लागि त्यसबेला भक्तका ती अपराधीहरूको त्यो कुरा असह्य हुन गयो । पृथ्वी फुट्यो र डाँकाहरू त्यसभित्र पुरिए । राजसेवकहरू धन-दौलत लिएर फिर्ता भए । समाचार सुनेर जयदेवजी अत्यन्त दुःख मानेर भन्न थाले– 'उनीहरू दरिद्र हुन्, धनको लोभले

पाप गर्दछन् र धन पाएको खण्डमा पापबाट जोगिन सक्तछन् भन्ने मैले सोचेको थिएँ, तर म अभागीको कारणले गर्दा उनीहरूले ज्यान गुमाउनुपऱ्यो । प्रभु ! उनीहरूलाई क्षमा गर्नुहोस् ! उनीहरूको सद्गति होस् !' यत्तिकैमा जयदेवजीका हात-खुट्टा जस्ता पहिले थिए फेरि उस्तै भए ।

क्षमाधर्मका आदर्श समर्थ रामदास– समर्थ रामदास शिवाजी महाराजलाई भेट्न गइरहेका थिए । साथमा केवल एउटा शिष्य थियो । केही अरू श्रद्धालुहरू पनि साथमा हिँडिरहेका थिए । नसोधेर कसैको एक तृण लिनु पनि समर्थ रामदास अपराध मान्दथे । शिष्यका साथ उनी अगाडि हिँडिरहेका थिए र अरू श्रद्धालुहरू अलि पछि थिए । त्यहाँ बाटामा एउटा उखुबारी थियो । समर्थ हिँड्दै गइरहेका थिए, तर पछाडिका मानिसहरूले खानलाई केही उखु भाँचे । समर्थलाई तब थाहा भयो, जब खेतको रखवारे कराउँदै दौड्यो ।

साथमा हिँड्ने मानिसहरू उखु लिएर भागे, तर श्रीसमर्थ खडा रहे र शिष्यलाई भने– 'आफ्नो साथमा हिँड्नेले अपराध गऱ्यो भने त्यसमा आफ्नो पनि दोष हुन्छ । त्यसैले जे होला, चुपचाप सहन गर्नुपर्दछ ।' त्यस साधुले नै आफ्ना साथीहरूलाई उखु लिएर भाग्न लगाएको होला भन्ने उखुको धनीलाई मनमा परेको थियो । उसले गाली गऱ्यो र कोर्रालै दुवैलाई खूब पिट्यो । ऊ हिँडेपछि समर्थ रामदास छत्रपतिकहाँ गए । उनका आङभरि कोर्राको चोटबाट नीलडाम परेका थिए । शिवराज महाराजजीले सोधखोज गरे । समर्थ कुरा खोल्ने होइनन् भन्ने उनलाई थाहा थियो, तर छत्रपति जस्ता निपुण प्रशासकका लागि पत्ता लगाउनु गाह्रो थिएन । उखुको धनीलाई मराठा सैनिकहरूले समातेर ल्याए । शिवाजीले सोधे –'यसलाई के सजाय दिनुपर्छ?' समर्थ स्वामीले भने–'मलाई खुशी पार्नु छ भने यसलाई त्यो उखुको खेत पुरस्कार देऊ । त्यसको तिरो यसबाट नलिनू ।' छत्रपतिले उनका आज्ञाको पालन गरे ।

ब्राह्मण गुरुको क्षमा– महाभक्त काकभुशुण्डीजी पूर्व जन्ममा कुनै शूद्र थिए र एक पटक शिव मन्दिरमा भेट हुँदा गुरुलाई उठेर प्रणाम गरेनन् । यो एउटा नियम हो र सधैं ध्यानमा राख्नुपर्दछ–गुरुहरूको अपमान गर्नु भयङ्कर अपराध हो र गुरु-सेवा महान् पुण्यकर्म हो । गुरुहरूका अपराधीहरूलाई भगवान् पनि क्षमा दिनुहुन्न । उनीहरूलाई देवताहरूबाट सराप नै मिल्दछ । परम दयालु गुरु या सच्चा स्वामीको शिष्य या सेवकमाथि सधैं स्वभावतः स्नेह-दृष्टि रहन्छ, जसबाट उसको मङ्गल नै हुन्छ ।

त्यो शूद्र आफैं पनि श्रीशङ्करको भक्त थियो र भोलाबाबा तुरुन्त आफ्ना भक्तहरूमाथि खुशी पनि भइहाल्छन् तापनि त्यसबाट भएको गुरुको अपमान भगवान् शिवले सहन सकेनन् । गुरु-अपमानको गम्भीरताको विचार राखी भगवान्ले शूद्र भक्तलाई अजिङ्गर बन्ने सराप दिनुभयो ।

बैठी रहोसे अजगर इव पापा ! सर्प होइ खलमल मति व्यापी ।
महाविटप कोटर महुँ जाई, रहु अधमाधम अधगति पाई ।।

गुरु स्वभावैले परमक्षमाशील थिए। उनलाई रिस कहिल्यै पनि उठ्दैनथ्यो र न उनलाई आफ्नो अपमानको किञ्चित् मात्र पनि आभास भएको थियो। भगवान् शिवको त्यस कठोर शापलाई सुनेर उनको दयालु हृदय पोलियो र उनका आँखाबाट आँसु झरे। उनी हाहाकार गर्दै भगवान्‌शिवका चरणमा दण्डवत् प्रणाम गरी आफ्नो शिष्यका लागि स्नेहपूर्ण हृदयले बिन्ती गर्न लागे। गद्‌गद स्वरले स्तुति गरी उनले भगवान् शङ्करलाई खुशी पारे। अनि भगवान् प्रसन्न भएर आकाशवाणीद्वारा आज्ञा भयो– 'ब्राह्मण ! वर माग।' तब उनले निवेदन गरे - 'भगवान् ! प्रभु कृपासागर हुनुहुन्छ। मायाको वशमा परी भुलेको अचेत जीवमाथि क्रोध नगरी कृपा राख्नुहोस् र यहाँको यो सराप तुरुन्त अनुग्रहको रूपमा परिणत होस्; र यसको परमकल्याण होस्। कृपानिधान ! यही कृपा रहोस् !'

शङ्कर दीनदयाल अब एहिपर होहु कृपाल।
साप अनुग्रह होई जेहिनाथ थोरैहो काल॥

२०९

क्षमाशील ब्राह्मणको परमहितैषी वचन सुनेर भगवान् शङ्करले आकाशवाणीबाट 'एवमस्तु' भन्नुभयो र फेरि आज्ञा भयो–'ब्राह्मण ! यद्यपि यसले घोर अपराध गरेको थियो र मैले पनि रिसाएर नै सराप दिएको थिएँ, तैपनि तिम्रो सज्जनताबाट रिझेर अब म यसमाथि विशेष कृपा गर्नेछु। क्षमाशील परोपकारी पुरुष मलाई भगवान् रामसमान प्रिय हुन्छन्। मेरो सराप वृथा हुन्न। यसका एक हजार जन्म होलान्, तर यसलाई जन्म-मरणबाट कत्ति पनि कष्ट हुने छैन; कुनै जन्ममा पनि यसको ज्ञान हराउनेछैन; र यसलाई भगवान् रामको भक्ति प्राप्त हुनेछ।' यसप्रकार अपराधी शिष्यले भगवान् शङ्करबाट पाएको सरापलाई क्षमाशील गुरुले वरदानको रूपमा परिणत गराइदिनुभयो।

कस्तो अनुपम छ उनको क्षमाशीलता र उदारता ! जसले अपमान गरेको थियो उसको कत्ति पनि कुभलो नहोस्, ऊ दुःखी नबनोस् र उसको परमकल्याण होस् भन्ने यस प्रकारको कामनाले शङ्करजीसँग क्षमा प्रार्थना ! यो हो सच्चा मानवता र दानशीलता। आफ्नो अपराधीले दण्ड भोगेको देख्दा मानिसको मनमा त्यसबखत एउटा सुख-शान्तिको अनुभव हुनु, वास्तवमा यो एउटा मानवीय दुर्बलता हो। तर यो असुरमानवको स्वभावको द्योतक हो र आजको हिंसाको बदला हिंसाले लिने वृत्ति यस युगको लक्षण हो। त्यसैले आजकाल क्षमाशील महापुरुषहरू मूर्खहरूको श्रेणीमा गनिन्छन्। क्षमामा प्रतिहिंसा जरोसहित नष्ट भएको हुन्छ र अपराधको कुपरिणामलाई पनि श्रेष्ठ सुखद फलको रूपमा परिणत गराइन्छ।

क्षमाशील अब्राहम लिङ्कन– सच्चा मानवहरू प्रायः सबै देशहरूमा जन्म लिइरहन्छन्। सुनसान रात थियो। शान्त रात्रिको एकान्तमा प्रकृति स्याँ-स्याँ गरिरहेको भान हुन्थ्यो। अमेरिकामा गृहयुद्ध चलिरहेको थियो। रणस्थलमा सैनिकहरू विश्राम गरिरहेका थिए, तर ऊ पहरा कुरिराखेको थियो। उसलाई पालो बस्ने काम सुम्पिएको थियो। ऊ थियो एउटा जवान सिपाही। नाम उसको स्कट थियो। दिनभरि ओहर-दोहर गर्दा ऊ थकित भइसकेको थियो। निद्रादेवी उसलाई कज्याउन बारम्बार प्रयत्न गरिरहेकी थिई। आखिर उसको केहि लागेन। एकापट्टि बन्दूक थान्को लगाएर ऊ

भुसुक्क भयो। कत्रो भयङ्कर थियो त्यो भूल। शत्रुले मोर्चा रुँगेका थिए र ऊ पालो कुर्न राखिएको थियो, तर त्यस सङ्कटको बेला ऊ सुतिरहेको थियो। संयोगले पहरा-निरीक्षक पनि रेखदेख गर्दै त्यस बखत त्यहाँ आइपुग्यो। उसले सैनिकलाई सुतेको देख्यो। हिँडिराखेको जाँचको क्षणभर टक्क अडियो र तुरुन्त युवकको बन्दूक हातमा लियो अनि उसले पहरेदारलाई ब्यूँझायो। युवक एक्कासि झस्केर ठाडो उठ्यो। सामुन्ने निरीक्षकलाई देखेर पनि उसले कुनै हलचल गरेन। निरीक्षकले सोध्यो–'स्कट! तँ सुतिरहेको थिइस्?' तर युवक चूपचाप; उसको टाउको निहुरेको थियो। निरीक्षक रिसाएर हिंड्यो।

दोस्रो दिन बिहान सबेरै ऊ सैनिक अदालतको न्यायाधीशको अगाडि उभिएको थियो। न्यायाधीशले उसलाई मृत्युदण्डको सजायँ सुनायो। युवक चूप रह्यो, किनकि उसको कसूर थियो। युवकलाई भएको ज्यान सजायँको खबर जङ्गलको डढेलो सरह समस्त सेनामा फैलियो। अमेरिका-का राष्ट्रपति अब्राहम लिङ्कन रथी ग्रान्टसँग आफ्नो कोठामा बसी युद्धको विषयमा कुराकानी गरिरहेका थिए। त्यसै बेला उनीकहाँ युवकको मृत्युदण्डको समाचार आइपुग्यो। उनले त्यस युवक-लाई भेट्न चाहे। आज्ञानुसार युवक उनका समक्ष पेश भयो। एउटा साहसी, सच्चरित्र र देशका लागि मर्न तयार बहादुर युवकलाई सम्मुख खडा भएको लिङ्कनले देखे। उनको मनमा करुणा रसाएर आयो। युवकलाई उनले सोधे– 'के तिम्रो नै नाम विलियम स्कट हो?' 'हो, श्रीमान्!' युवकले तुरुन्त जवाफ दियो। 'पहरा कुर्दा तिमी सुत्नुको कारण?'

'श्रीमान्! ह्वाइट भन्ने मेरो एउटा साथी छ। उसको हेरविचार गरुँला भनी मैले उसकी आमालाई वचन दिएको थिएँ। केही दिन यता ऊ बिरामी थियो। सेनामा फर्केर आइसकेपछि पनि बिरामीले गर्दा ऊ असक्त थियो। यो घटना हुनुभन्दा एक दिन अघि मैले आफ्नूबाहेक उसको सरसामान पनि पीठमा बोकेर कवाज खेलेको थिएँ। शिविरमा पुग्दा हामीहरू सबै थकाइले डल्लिइसकेका थियौं। ह्वाइटमा पहरा बस्ने ताकत नै बाँकी रहेन। त्यसैले उसको पालो पनि मैले जिम्मा लिएँ। म थकित थिएँ नै, भुसुक्क निद्रा परेछ।'

'मृत्युदण्ड पाएको कुरा के तिमीलाई थाहा छ?'

'थाहा छ, श्रीमान्! मलाई मृत्युदण्डबाट डर छैन, तर म मातृभूमिको काममा लाग्न सकिनँ भन्ने कुराको दुःख छ। रणस्थलहरूमा वीरहरूले गर्ने सरह मातृभूमिका लागि आफ्नो प्राण समर्पण गरुँला भन्ने सोचेको थिएँ, तर आज कुकुरको मरण मर्ने भएँ।'

युवकको यो उत्तर सुनेर लिङ्कनको दयालु हृदय रसायो। उनले युवकलाई फेरि सोधे– 'के तिम्रा आमा-बाबुले तिम्रो मृत्युदण्डको खबर पाइसके?'

'छैन श्रीमान्! मेरी विधवा आमा छिन्। मबाहेक उनको अर्को कोही सहारा छैन। मेरो मृत्युदण्डको खबर सुनेर आमाको मुटु तड्पेला र उनको अन्तिम सहारा टुट्ला भन्ने डरले मैले खबर पठाइनँ।'

यति भनेर उसले लिङ्कनको हातमा एउटा तसवीर दियो, जो उसकी वृद्धा आमाको थियो र जसलाई आमाप्रतिको असीम श्रद्धाको कारणले उसले हरबखत आफूसँग राखेको हुन्थ्यो। युवकको मातृ-

भक्ति, साहस र धैर्य देखेर लिङ्कन प्रभावित नभइरहन सकेनन् । उनको वचन फुट्यो– 'पीर नमान, स्कट ! तिमी कुकुरसरह मर्दैनौ । देशलाई अझै तिमी जस्ता वीरहरूको आवश्यकता छ ।' यति भनेर लिङ्कनले स्कटलाई माफी प्रदान गर्ने आज्ञा-पत्र रणक्षेत्रमा पठाए ।

यो देखेर युवक सपनामा पनि नचिताएको खुशीले नाच्यो । मातृभूमिका लागि मरिमेट्ने आकांक्षा फेरि एकपटक उसको मनमा प्रदीप्त भयो । उसले राष्ट्रपतिलाई सैनिक सलाम गऱ्यो र कृतज्ञ भएर बिदा भयो । विलियम स्कटले शत्रुसँग रणभूमिमा वीरतापूर्वक लड्दा-लड्दै वीरगति प्राप्त गऱ्यो भन्ने खबर अर्को दिन पुग्यो । धन्य छ, त्यो वीर र त्यस मातृभक्त युवकको साहस जसले देशको वेदीमा आफूलाई बलिदान गऱ्यो र धन्य छ लिङ्कनको क्षमाशील उदारता ! जसको कारणले युवकले मातृभूमिका लागि प्राण चढाउने सुअवसर पायो ।।

मनोनिग्रह अर्थात् शमका आदर्श अर्जुन– पन्ध्र-पन्ध्र दिन प्रत्येक भाइले द्रौपदीसँग रहने नियम पाण्डवहरूले भगवान् व्यासको आदेशानुसार बाँधेका थिए । द्रौपदीसँग एकान्तमा एक भाइ भएको वेला अर्कोले जान नहुने र यस बन्देजको उल्लङ्घन गर्ने भाइले बाह्र वर्षसम्म घरबाट निकाला हुनुपर्ने व्यवस्था थियो ।

एकपटक दौडँदै-कराउँदै एक ब्राह्मण इन्द्रप्रस्थको राजभवनमा आयो । चोरहरू उसका गाईहरूलाई धपाएर लगिरहेका थिए । संयोगवश अर्जुनबाहेक त्यहाँ अरू कोही थिएन र उनको धनुष जुन कोठामा राखिएको थियो त्यसमा युधिष्ठिर द्रौपदीसँग बसेका थिए । शिर निहुराएर अर्जुन त्यस कोठाभित्र पसे र धनुष समातेर बाहिर निस्के । रथमा चढेका गाण्डीवधारीलाई देखनासाथ चोरहरू भागे । उनीहरूलाई दण्ड भयो र ब्राह्मणले आफ्ना गाई फिर्ता पाए ।

'अब मलाई आज्ञा मिलोस्' काम पूरा गरिसकेपछि अर्जुनले घरबाट निस्कने तयारी गरे र युधिष्ठिरसँग बिदा मागे । युधिष्ठिरले भने– 'त्यसवेला द्रौपदीसँग केवल भगवान्को चर्चा गरिरहेको थिएँ । त्यसैमा पनि भाइले दाजुको खोपीमा जाँदा दोष लाग्दैन । ब्राह्मणका गाईहरू उसलाई फिर्ता गराउन लगाउनु राजाको धर्म थियो । तिमीले मेरै धर्मको रक्षाका लागि त्यो काम गर्नुपरेको थियो । त्यसैले तिमीले निर्वासन स्वीकार गर्नु आवश्यक छैन ।'

अर्जुनले भने–'धर्मको पालनमा बहना खोज्नु हुन्न । भय, लोभ अथवा क्लेशको डरले धर्मको त्याग गर्नु अधर्म हो । हामीहरूले जुन नियम बनाएका छौं त्यसमा कुनै छूट वा अपवाद राखेका छैनौं । अतः मैले त्यसको पालना गर्नैपर्छ ।' उनी स्वेच्छा निर्वासन स्वीकार गरी बाह्र वर्ष पर्यटन गर्दै रहे ।

यसभन्दा अघि जुन बखत पाण्डव वनमा थिए, भगवान् शङ्करबाट पाशुपतास्त्र प्राप्त गर्न भगवान् व्यासको सम्मतिअनुसार अर्जुन तपस्या गर्न गएका थिए । उनले पिनाक-पाणि प्रभुलाई आफ्नू तप र पराक्रमबाट प्रसन्न गराए । पाशुपतास्त्र त प्राप्त भयो नै, साथसाथै देवताहरूका अनेकौं अस्त्रहरू पनि मिले । देवराजले रथ पठाएर उनलाई स्वर्ग बोलाए। त्यहाँ अर्जुनले असुरहरूको दमन गरे । त्यसको उपलक्ष्यमा देवसभामा अर्जुनको सम्मान भयो । अप्सराहरू नाचे र गन्धर्वहरूले गाए ।

अर्जुनले बारबार उर्वशीलाई हेरिराखेको इन्द्रले देखे । उर्वशीलाई अर्जुनको सेवामा पठाउन उनले गन्धर्वराज चित्रसेनलाई आदेश दिए । उर्वशी आफैं अर्जुनको रूप र पराक्रमबाट मोहित भइसकेकी थिई । स्वर्गकी सर्वश्रेष्ठ अप्सरा उर्वशीले आफ्नू सम्पूर्ण सीप आफूलाई सिंगार्नमा लगाई त्यस दिन । रात परेपछि एकली उर्वशी अर्जुनको निवासमा पुगी ।

२१२

'आमा ! कौन्तेय अर्जुन प्रणाम गर्दछु ।' उर्वशीलाई देख्नासाथ धनञ्जय उठेर कर जोरेर झुके ।– 'यहाँले यस्तो कुवेलामा फसरी कष्ट गर्नुभयो ?' उर्वशीले आफ्नू अभिप्राय खोली र महेन्द्रको आदेश पालन गर्न आएकी भनी । अर्जुनले भने– 'देवराजलाई मेरो अभिप्राय बुझ्न भ्रम भएछ । हाम्रो कुलकी जननी हुनुहुन्छ यहाँ । भरतकुलकी आमा यहाँलाई चिनेर बारम्बार तपाईंका पाउको दर्शन गरिरहेको थिएँ म त्यस समय ।'

'स्वर्गका अप्सराहरू कसैकी आमा या बहिनी होइनन् । उनीहरू प्रत्येक पुण्यात्माका भोग्या हुन् ।' कामवासनाले विवश उर्वशीले धेरै प्रयत्न गरी, तर सबै व्यर्थ भयो । अर्जुनले भने– 'जस्ती मेरी आमा कुन्ती हुन्, माद्री हुन् र शची हुन् त्यस्ती नै तपाईं मेरी आमा हुनुहुन्छ । पुत्रलाई आशिष दिनुहोस् ।' त्यस एकान्तमा उर्वशीको शृङ्गार र चेष्टा मात्र होइन कि उसका बिन्तीभाउले पनि संयमी अर्जुनलाई डगाउन सकेन ।

'तिमी नपुंसक होऊ वर्षभर ! स्त्रीहरूलाई नाचगान सिकाऊ' निराश र रिसाएकी उर्वशीले सराप दिई तर धर्मको पालना कहिल्यै विपत्ति बन्दैन । उर्वशीको सराप अर्जुनका लागि वरदान भयो । गुप्त वनवासको वेला त्यसैको फलस्वरूप उनी अज्ञात रहन सके ।

मनोनिग्रह अर्थात् शमका आदर्श भिक्षु उपगुप्त–'यौवनको रसपानको समय यही हो । पहेंलो पहिरनलाई त्यागी जीवनको परमसुख उपभोग गर्न ढिलाइ गर्नु अज्ञान मानिन्छ । तरुण ! मेरो कामनालाई तृप्त गरी जीवन सफल पार्नुहोस् । यस्तो रसिलो समय बारम्बार आउने होइन ।' मथुराकी परमसुन्दरी वेश्या वासवदत्ताले बौद्ध भिक्षु उपगुप्तको मनलाई आफ्नू रूप वैभवको मदिराले आकृष्ट गर्न खोजी ।

'मलाई धर्मभिक्षा चाहिन्छ । कामभिक्षाको अब समय बाँकी रहेन । भगवान् तथागतले तिम्रो कल्याण गरून् ।' उपगुप्त वासवदत्ताको सौन्दर्य-मदको बेवास्ता गरी अगाडि हिंडे । वासवदत्ता छक्क परी । जुन रूपरसका लागि सैकडौं धनपतिहरू उसको ढोकामा लाम कस्दथे र जोसँग केवल क्षणभर बात मार्न नौजवानहरू आफ्नो सर्वस्व उडाउँदथे, त्यसैको उपेक्षा गरी हिंडे तरुण संन्यासी । यसभन्दा ठूलो अर्को आश्चर्य नै के थियो ?

'मलाई पैसा चाहिन्न, भिक्षु ! म अदाच्छे सम्पत्ति र अनेकौं दास-दासीहरूको मालिक्नी हुँ । मलाई कृतार्थ पार्नुहोस् । आफ्नो प्रेम प्रदान गरी जीवनदान दिनुहोस् । वासवदत्ताले भिक्षुको निर्धनता उसलाई त्यहाँ आउन बाधक भएको ठानेकी थिई ।

'देवी ! यो प्रेम होइन, काम हो । यो जीवनदान नभई आत्मविनाश हो । यसबाट जीवनमा वास्तविक कल्याणको उदय हुन सक्तैन ।' भिक्षु उपगुप्तले कोमलताको सट्टा कठोरताको परिचय दिए । उनी स्वस्थ र सावधान भए ।

वासवदत्तालाई कडा दण्ड दिनैपर्दछ । उसले धनको लोभले आफ्नो प्रेमको सटही व्यापार कुनै बाहिरको धनी मानिससँग गरी आफ्नो नवयुवक प्रेमीको हत्या गरेर त्यसको लाश आफ्नै घरमा लुकाएकी छे । यसरी उसले नागरिक-मर्यादाको हनन गरेकी छे । न्यायालयले आफ्नो निर्णय सुनायो । राजाको आदेशले वासवदत्ताका हात, खुट्टा, नाक र कान काटिए । अङ्गभङ्ग भएकी उसलाई लगेर मसानमा फालिदिए । उसको भयानक दर्दबाट चार दिशाहरू कामिरहेका थिए । उसको मासु खानलाई काग र गिद्ध चारैतिर कावा खाँदै थिए । जीउबाट रगत चुहिरहेको थियो । साह्रै दयनीय दशा थियो उसको । एउटा दयालु दासी उसको स्याहार-सुहारमा थिई ।

'भिक्षु उपगुप्त ।' दासीका ती शब्दहरू वासवदत्ताको कानमा पर्नासाथ ऊ तरुनो संन्यासीको आगमनबाट छटपटिई । गेरुवा वस्त्रमा उपगुप्तको शरीर बडो राम्रो देखिएको थियो, तर वासवदत्ता-लाई त्यो त्यसबखत चिताको आगो झैं लाग्यो । 'फर्कनुहोस् ! अहिले मसँग न रूप छ, न त जवानीको रस छ । यस मसानमा न दौलत छ, न त आफन्त । रित्तो हात फर्कनुमा नै यहाँलाई फाइदा छ । वासवदत्ताले कोल्टो फेरी । उपगुप्तका आँखाबाट करुणाको गङ्गा बगिरहेको थियो ।

'शिक्षाको समय यही हो, देवी ! खाली हात अब फर्कन सक्तिनँ । तिमीलाई मेरो जरूरत छ । त्यसताक तिमी रूप र जोबनको नशाले मात्तिएकी थियौ । धर्म र अधर्मको किञ्चित् ज्ञान पनि थिएन र तिम्रो मनमा विषय-वासना थियो । आज तिमी धर्मको भावना पाउनका लागि छटपटिइरहेकी छौ । यही तिम्रो कल्याण हुने समय हो । सद्धर्म, सज्ज्ञान र सद्भावना पाउने अधिकार छ, तिमीलाई आज' – भिक्षु उपगुप्तले आफ्नू करुणाबाट वासवदत्ताको मनमा नयाँ जिन्दगीको सञ्चार गरे ।

'भिक्षु ! धर्मोपदेश चाहियो भिक्षु ! तपाईंले मलाई विनाशको बाटोबाट तानी ल्याएर कल्याणको बाटोमा लाग्ने शिक्षा दिनुभएको छ । मेरो उद्धार गर्नुहोस् ।' वासवदत्ताको मनको वेदना कम भयो । उसका शरीरका घाउहरू पुरिन लागेको जस्तो भान भयो । भिक्षुको धर्मोपदेशको अमृतले प्राण सिञ्चित भयो । वासवदत्ता धर्मको शरणमा गई । उपगुप्तको कर्तव्यनिष्ठा, सद्धर्म-परायणता र सहज करुणाले उसलाई नयाँ चेतना दियो र नयाँ जीवन दियो । उनले उसलाई आत्म-शान्ति प्रदान गरे ।

इन्द्रिय-संयम अर्थात् दमका आदर्श एक ब्राह्मण– जो चराचुरुङ्गीलाई चारो छर्छ उसको आँगनमा कुनै बेला हाँस आउने सम्भावना रहन्छ र जो पाहुनाहरूको सत्कार गरिरहन्छ उसको घरमा कुनै न कुनै दिन योगी, सिद्ध वा महात्मा आइपुग्दछन् । यो एक आहान हो । वरुणा नदीको किनारमा बसेको अरुणास्पद गाउँका एक ब्राह्मणश्रेष्ठ धेरै अतिथि-सत्कारप्रेमी थिए । त्यतातिर आवत-जावत गर्ने यात्रीहरू टाढैबाट उनको नाम सुन्दथे र उनैको घरमा वास

बस्दथे । एकपटक अकस्मात् एउटा सिद्ध महात्मा उनको घर आइपुगे । उनको संयम र सत्कार-बाट खुशी भई उनले ब्राह्मणलाई खुट्टामा लगाउने एउटा अचूक मालिश दिए । अतिथि महात्मा लेप दिएर हिंडे । ब्राह्मणको मनमा देवता र ऋषिहरूको पवित्र भूमि हिमालय हेर्ने धेरै दिनदेखि रहर थियो । त्यसैले खुट्टामा त्यो लेप लगाएर हिंडे । पछि आफू आकाशमार्गबाट उडिरहेको उनलाई थाहा भयो । हिमालयमा पुगेपछि उनी तल ओर्लेर यताउति डुल्न लागे । उनलाई त्यहाँ उनीसँग अरू लेप बाँकी थिएन भन्ने कुराको हेक्का रहेन । हिउँमा हिंड्दा पैतलामा लगाइएको लेप पखा-लियो । यसबाट ब्राह्मणको तीव्र वेग नष्ट भयो; तर यस कुराको चाल डुल्दा-डुल्दा थकित भएपछि घर फिर्ने इच्छा भएको बेला मात्र ब्राह्मणले पाए ।

अनि ब्राह्मणलाई धेरै दुःख लाग्यो । म घरबाट धेरै टाढा छु । त्यहाँ नपुगी आफ्ना गृहपति अग्निमा हवन गर्न पाउने छैन । मेरो धर्मलोप हुने अवस्था आइलाग्यो । खिन्न भएर उनी हिमालयको कुनै यस्तो सिद्ध, योगी वा तपस्वीलाई खोज्न थाले जसले उनलाई कृपा गरेर घर पुऱ्याइदेओस् । त्यस खोजी-तलाशीमा कुनै सिद्ध योगी भेटिएन, बरु वरूथिनी नाउँकी अप्सरा देखिई । ब्राह्मणलाई आफ्नो कर्म नाश हुने चिन्ता थियो । उनले अप्सराको नजीक पुगेर भने– 'देवी ! म आफ्नो लापर-वाहीले यहाँ आपत्मा परेको छु । मैले खुट्टामा मलेको तीव्रगति प्रदान गर्ने सिद्धलेप यहाँ हिउँले पखालियो । सूर्यास्तभन्दा अघि म घर पुग्न सक्ने र मेरो नित्यकर्म लोप नहुने कुनै यस्तो उपाय सिफाइदिनुहोस् ।'

अप्सरा त्यस संयमी, तपस्वी र तरुण ब्राह्मणमाथि आसक्त भइसकेकी थिई । उसले भनी– 'तिमी सान्है लठुवा रहेछौ । धर्म गरेर स्वर्ग पुगेपछि जुन कुरा प्राप्त हुन्छ, त्यो अप्सरा म तिम्रो सम्मुख छु र तिमी मेरो वास्ता नगरी घर फर्कन खोज्दछौ । त्यो विचार छाड र मसँग यहाँ इच्छानु-सार सुख-सयल गर ।

'दुष्टे ! हट् यहाँबाट'– ब्राह्मणले नगिचिन लागेकी अप्सराको सातो लिए– 'परस्त्री मेरो लागि आमासरह र परद्रव्य माटोसरह छ । कथञ्चित् तिम्रो ममाथि साँच्चिकै केही माया छ भने मलाई छिट्टै घर पुऱ्याउने उपाय गर ।'

अप्सराले तरह-तरहको बिन्ती-भाउ गरी, तर उसका सब प्रयासहरू त्यस संयमी ब्राह्मणको सामु व्यर्थ भए । ब्राह्मणले पानी छोएर अग्निदेवतालाई आफ्नो मनमा स्मरण गऱ्यो – 'अग्निदेव ! कर्महरूलाई सिद्धि दिलाउने कारण तपाईं नै हो । प्राणी र देवताहरूलाई धान्ने र पोषण गर्ने तपाईं नै हो । यदि मैले तपाईंको सेवामा कहिल्यै हेलचक्याइँ गरेको रहिनछु भने घर पुगेर आजको सूर्यास्तको दर्शन गर्न पाऊँ ।'

ब्राह्मणले यस्तो सङ्कल्प गर्नासाथ उनको शरीरभित्र अग्निको प्रवेश भयो । उनको देह अग्निका ज्वालाहरूको पुञ्ज भयो । केही क्षणपछि उनी आफ्नो घर पुगे ।

सेठ सुदर्शन– राजपुरोहित र सेठ सुदर्शनको गाढा सम्बन्ध थियो । उसको सदाचार र संयमको परीक्षा गर्ने विचारले पुरोहितकी पत्नीले लोग्ने बिरामी भएको बनावटी खबर पठाएर

सेठलाई एकान्तमा बोलाइन् । त्यहाँ पुरोहितकी पत्नीको उत्ताउलो चेष्टा र पुरोहितको अनुपस्थिति देखेर सेठ सुदर्शन 'बहिनी ! मलाई माफ गर्नुहोस्' भनी तुरुन्त फर्के ।

चम्पानरेशकी रानीकहाँ गएको समयमा धर्म-चर्चाको प्रसङ्ग हुँदा पुरोहितकी पत्नीले सेठ सुदर्शनको संयम तथा सदाचारको प्रशंसा गरी । रानीलाई आफ्नो सौन्दर्यको घमण्ड थियो । उनलाई पुरोहितकी स्वास्नीको कुरामा पत्यार लागेन । बिदा हुँदा पुरोहितकी अर्धाङ्गिनीले भनी– 'धर्मात्मालाई शङ्का गर्नु पाप हो । बरु परीक्षा गरेर यहाँले हेरे हुन्छ ।' २१५

वचन लाग्यो । रानीले दासीहरूमार्फत सेठ सुदर्शनलाई बोलाएर अन्तःपुरमा ल्याउन लाइन्; तर उनले गरेको हाव-भाव, दिएको प्रलोभन र देखाएको डर सब व्यर्थ गए । यस्तो अवसरमा हार खाएकी नारी विवेकभ्रष्टा नागिनी हुन्छे । रानीले आरोप लगाइन्– 'यो सेठ लुकेर अन्तःपुर प्राएको हो र मलाई भ्रष्ट गर्न यसले कोशिश गरेको हो ।' सुनेपछि राजा रिसले आगो भए । सेठ सुदर्शन चुपचाप बसे । कुनै स्वास्नीमानिसले कुनै लोग्नेमानिसलाई यस्तो दोष लगाएको बेला उसले मौन रहनु जाती हुन्छ; किनकि त्यस बखत कोही पनि उसको प्रतिवादमा विश्वास गर्ने मन-स्थितिमा हुन्न । राजाले आदेश दिए– 'यसलाई अहिल्यै शूलीमा चढाऊ ।' सेठ सुदर्शन शूलीमा चढाइन लाग्दा शूली सबैको सामुन्ने सिंहासनमा बदलियो । राजाले क्षमा मागे र उनले रानीलाई पनि सेठ सुदर्शनबाट क्षमा मगाए ।

महाराज छत्रसाल– महाराज छत्रसाल प्रायः एक्लै नगरमा डुल्ने गर्दथे । उनी प्रजाका कठिनाइहरूबारे उनीहरूसँगै सोधपुछ गरिरहन्थे । बडो भव्य शरीर थियो महाराजको । ठूलठूला आँखा, ठूलो ललाट, विशाल बाहु तथा एकदम चौडा छाती, उनी जस्तो सुन्दर र बलियो बनावट भएको अर्को मानिस राज्यमा पाउन गाह्रो थियो । उनको त्यस सौन्दर्यमा एउटी स्त्री मोहित भई । बाटामा महाराजका सम्मुख परेर कैयौंपटक आफ्ना हाउभाउले उनलाई उसले आकर्षित गर्न खोजी, तर महाराज स्वास्नीमानिसलाई सामुन्ने देख्दा ठाडो नजर लाउँदैनथे । अर्को कुनै उपाय नपाई एक दिन उसको ढोका अगाडिबाट हिंडिरहेका महाराजलाई आफ्नू दैलामा उभिएर उसले भनी– 'म साह्रै दुःखी छु ।' – महाराजले सोझो पाराले सोधे 'यहाँलाई के दुःख पऱ्यो देवी ?' त्यस बखत पनि महाराजले आँखा तल झुकाएका थिए । उसले भनी – 'श्रीमान् ! मेरो कष्ट काट्नलाई वचन दिनुहुन्छ भने बिन्ती गरूँ !' महाराजले भनिहाले-'मबाट सम्भव भएमा यहाँको कष्ट हटाउनेछु ।' त्यसपछि त्यस स्त्रीले आफ्नू चेष्टा विचित्र पारेर भनी– 'मेरो सन्तान छैन । लोग्ने यसका लागि असमर्थ छन् । मलाई श्रीमान् जस्तै छोरा चाहियो ।' छत्रसाल छक्क परे । कसैले उनीसँग त्यस्तो कुरा गर्न पनि सक्तछ भन्ने उनले सोचेकै थिएनन्, तर तुरुन्तै उनले आफूलाई सह्याली हात जोडेर भने– 'तपाईंलाई म जस्तै छोरा चाहिएको न हो, आमा ? आजदेखि यो छत्रसाल नै तपाईंको छोरा भयो ।' त्यसै दिनदेखि महाराजले उसलाई राजमातासरह स्वीकार गरे ।

इन्द्रियविजयी भक्त हरिदासजी–भक्त हरिदासजी बङ्गालको यशोहर जिल्लाको एउटा गाउँमा एक गरीब मुसलमानको घरमा जन्मेका हुन् । पूर्वजन्मको संस्कारले गर्दा बालककालदेखि

नै उनलाई हरिनाममा अनुराग थियो । उनी ठूला सदाचारी, इन्द्रियविजयी, क्षमाशील तथा अटल-विश्वासी शान्त स्वभावका सज्जन पुरुष थिए । उमेरमा बीस-पच्चीस वर्ष जेठा भए तापनि उनले आफूलाई श्रीचैतन्य महाप्रभुका चरणमा समर्पण गरेका थिए । उनी प्रतिदिन तीन लाख हरिनामको जप ठूल-ठूला स्वरले गर्थे भन्ने भनाइ छ ।

एकताक हरिदास वनग्राम गएका थिए । त्यहाँको दुष्ट जमिन्दार रामचन्द्र खाँले उनको साधना नष्ट गर्ने कुनोयतले एउटी सुन्दरी वेश्यालाई धनको लोभ देखाई उनको कुटीमा पठाउन लगायो । त्यसबेला उनी हरिनामको कीर्तनमा डुबेका थिए । वेश्या आफ्नो वृत्तिअनुसार कुचेष्टा गर्न लागी, तर उनको तेजले उनलाई छुन सकिन, किनकि हरिदासजी इन्द्रियविजयी हुनुका साथै भगवान्को नामको आश्रयमा निर्भर रहने भक्त थिए । भगवान्नामको महान् शक्ति थियो उनीसँग । वेश्या रातभरि जागराम बसी ! प्रातःकाल उठेर उनले भने- 'हेर ! मलाई जपबाट फुर्सत भएन । त्यसैले मैले तिमीसँग कुरा गर्न सकिनँ । के गर्नु !' ऊ फर्केर हिंडी र रात परेपछि फेरि आई । तर त्यहाँ हरिदासजी आफ्नो उसै नाम-कीर्तनको महान् कार्यमा मग्न थिए । त्यसपटक पनि अघिल्लो रातकै जस्तो भयो । फुर्सत नपाएको कुरा बताएर उनले त्यही कुरा फेरि भने । जमिन्दारले कर लगाउँदा वेश्या तेस्रो रात फेरि पनि आई, तर हरिदासजी आफ्नो साधनामा संलग्न थिए । चौथो दिन बिहानी-पख ऊ हरिदासका चरणमा परी । तीन रात हरिकीर्तन सुनिसकेकी थिई र एउटा सच्चा सन्तको समीपमा बस्ने पुण्य सौभाग्य उसलाई प्राप्त भएको थियो । त्यसले गर्दा उसको अन्तःकरण अधिकांश शुद्ध भइसकेको थियो । उसले विचार गरी- 'यो मानिस मलाई हेर्दै हेर्दैन । यस्तो इन्द्रिय-विजयी मैले कहीं देखेकै छैन । जरूर यसले कुनै महान् चीज फेला पारेको छ ।' वेश्याको हृदय परिवर्तन भयो । उसले गद्गद स्वरमा अत्यन्त नम्र भएर बिन्ती गरी-'स्वामी ! म घोर पापिनी हुँ । मेरो उद्धार गर्नुहोस् । हरिदासजीले उसलाई हरिनाम र माला दिएर कृतार्थ गरे ।

दीन-दुःखीहरूलाई आफ्नू सर्वस्व दान गरी ऊ तपस्विनी बनी । हरिदासजी उसै बखत त्यहाँबाट हिंडिहाले । त्यसपछि ऊ त्यहींबसेर भजन गर्न लागी ।

भगवान्को नामको प्रतापले हरिदासजीको इन्द्रिय-विजय वेश्यालाई महान् संयमी र भक्तिमती बनाउन समर्थ भयो ।

धी—धर्म

सम्यक्ज्ञानं प्रतिपक्षसंशयादिनिराकरणम् ।

सम्यक् ज्ञान तथा प्रतिपक्षीका संशयहरूको निराकरण नै धी कहलाइन्छ ।

अथवा शास्त्रादितत्त्वज्ञानं धी शास्त्रादिको तत्त्वज्ञानको नाम धी हो ।

धी-धर्मको आदर्श— केशरका क्यारीहरू जहाँबाट हावाद्वारा बास्ना उडाउँदछन्, त्यो अति रमाइलो काश्मीरको धर्ती कैयौं शताब्दीदेखि काव्य, कला र विद्वान्हरूको पनि क्रीडा-भूमि हुँदै

आएको छ । सरस्वतीका अनेकानेक दिग्वजयी सपूतहरूले प्रकृतिको त्यस प्यारो रङ्गिलो थलोलाई सिंगारे, तर अनन्त आकाशमा असीम प्रकाशका एकमात्र आधार भगवान् भास्करलाई पनि अस्ताउनै-पर्दछ। काश्मीरी प्रतिभाको त्यो विचित्र ज्योति पनि त्यस दिन अन्धकारमय भयो। त्यस दिन दिग्विजयी शास्त्रार्थ-केशरी प्रतिपक्षी प्रकाण्ड पण्डित प्रलयङ्कर पराजित भएर फर्केका थिए। चेलाहरूलाई उनले बाटैबाट बिदा गरिदिएका थिए। केवल दुइटा नैष्ठिक गुरुभक्तहरू मात्र साथमा आएका थिए। ग्रन्थहरू र सामग्रीहरूबाट भरिभराउ गाडीहरू, विजय-बडाइँका बाजा र बाजेहरू, बहुमूल्य पुर-स्कारहरूबाट टनाटन बाकसहरू र घोडा, हात्ती आदिको बथान अघिका यात्राहरूमा भएसरह त्यस पटक साथमा थिएनन्। त्यो सब जिन्दगीमा भएको पहिलो हारको दिनै काशीमा विसर्जित भयो।

'युवावस्थाको शुरूदेखि नै मैले सरस्वतीको आराधना गरेको हुँ। ती हंसवाहिनीले मलाई आफ्नो आशीर्वादले संरक्षण गरिन्, तर काशी विश्वनाथको पुरी हो। पात्र-कुपात्रको विचार नराखी वरदान दिने ती आशुतोषका आराधकहरूको सम्मुख शारदाको शक्तिको पनि पाइन गयो। यसको लाज मलाई लागेको छैन। 'सेतो कपाल, ठूलो जीउ-डाल, गोरो वर्ण र चौडा ललाटले सुशोभित उनी आफैं शैव थिए। उनको ललाटको त्रिपुण्ड्र र गलाको रुद्राक्षमाला त्यस दिन आतङ्कको सट्टा श्रद्धा उत्पन्न गराउने भइसकेका थिए। उनमा रहेको पाण्डित्यको घमन्ड र छिछरोपन त्यस दिन शाम्य भएर उनको आकार सौम्य भएको थियो। उनको शान्त मुहारमा उनका बडेमानका आँखा कुनै रहस्य-लाई खोजिरहेका जस्ता थिए।

पश्चात्ताप वा खेद तिलभर थिएन मुखमा। जसलाई जिन्दगीमा विजयघोष सुन्ने बानी परिसकेको थियो र जसका चरणमा वैभव लुटपुटिन्थ्यो ती त्यस दिन राजसी ठाटबाटलाई तिलाञ्जलि दिएर झन् बढी भव्य भएका थिए। प्रशंसा प्राप्तिका लागि पूरा वेगले बगिरहेको उनको प्रतिभा केवल मृग-मरीचिका मात्र थियो भनी उनको सूक्ष्मदर्शी प्रज्ञाले बुझिसकेको थियो। उनलाई सन्तोष थियो-भगवान् चन्द्रमौलीले आफ्नो निवासको सुन्दर कीर्तिलाई जोगाउनै पर्दथ्यो। अन्नपूर्णाको पुरीबाट पनि जितबाजीको प्रमाणपत्र चाहनु मेरो धृष्टता थियो। काशीका वृद्ध र विद्याधनीहरू शास्त्रार्थमा भाग लिंदैनन् भन्ने सुनेको थिएँ। त्यस्ताका चरणमा पर्ने श्रीविश्वनाथका तरुण सेवकहरूलाई मेरो घमण्ड असह्य भयो। स्वाभाविक थियो र आखिर शारदा पनि उनै त्रिलोचनको कृपाकणबाट नै शक्तिशालिनी भएकी हुन्। म सेवकको गर्व नाश गरेर उनले ममाथि कृपा नै गरेका हुन्।

'भो राजन्! यो बूढो राजसभाको सत्कार सेवन गरेर अब तृप्त भइसकेको छ। यसलाई अब उसको आराध्य भस्माङ्ग-रागभूषित भवहारीको सेवाका लागि श्रीमान्बाट अवकाश प्राप्त हुनुपर्छ।'- महापण्डितले काश्मीर-नरेशको प्रार्थना स्वीकारेनन्। महाराज आफ्ना महापण्डितको त्यस पराजयलाई महत्त्व दिंदैनथे। अघिसरहै राजसभा ती पण्डितबाट सुशोभित भइरहोस् भनी उनी चाहन्थे। उनको ठाउँमा महापण्डितका युवक छोरा रहून् भन्ने राजाको प्रस्ताव पनि स्वीकार भएन।

'बाबु ! विद्या वाग्देवीको वैभव हो; तर ती श्वेतकमलासनी नै सर्वोपरि होइनन् ।' ती प्रज्ञाका परमधनीले छोरालाई आदेश दिए–'बाबुको अधुरो काम जसले पूरा गरेर देखाउँछ, ऊ नै छोरा भएको सार्थक हुन्छ । शास्त्रार्थमा विजयी हुने मेरा पिताको आकांक्षा थियो । त्यसलाई पूरा गर्न जीवन बिताएँ मैले, तर अर्कालाई हराउनु ब्राह्मणत्व होइन । धीको प्राप्ति, विशुद्ध र निर्मल धी ब्राह्मणको सर्वस्व हो । तिमी त्यसैलाई कमाऊ ।'

'छोरा ! तिमीले आफ्नो वन्दनाले कौटिल्यलाई गौरवान्वित गरायौ । जुन चाणक्यको यशोगान हिमालयका शुभ्र शिखरहरूदेखि लिएर समुद्रपर्यन्त भारतभूमिलाई पवित्र गर्दछ, त्यस्ताका मेधावी पुत्र जोसँग अन्तेवासी भएर यहाँ आए, त्यो धन्य भयो ।' मगधको चक्रवर्ती जसको सामुन्ने सेवकसरह करबद्ध खडा रहन्थ्यो ती आचार्य चाणक्यले काशीबाट फर्केको युवकलाई गद्गद भई दुवै हातले अङ्गालो हाली छातीमा लगाएका थिए । ती राजनीतिका परमचतुर र सधैं शुष्क रहने भनी मानिने उनका आँखाबाट आँसु टप्केका थिए ।

'आर्यावर्त आज आर्यको बुद्धिले श्रीसम्पन्न छ'–विनम्र युवक ब्राह्मणले निहुरेर चरण छोयो -'पिताजीबाट मलाई धीको प्राप्तिका लागि आज्ञा भएको छ र आज देशमा आर्य नै त्यसको एकमात्र ज्योतिकेन्द्र हुनुहुन्छ ।'

त्यस अत्यन्त सुन्दर, सज्जन र विद्वान् युवकलाई विश्रामको आवश्यकता थियो । सुदूर काश्मीरबाट प्रस्थान गरी त्यो युवक मगध पुगेको थियो । आफ्नो कुटीमा नै आचार्यले उसलाई डेरा दिए । चाणक्यका शिष्यहरू गुरुको इशारा बुझ्न नसक्ने भए भने शिष्यत्व नै कस्तो ? उनीहरू आफ्नो सहपाठीको व्यवस्था र सत्कारमा स्वतः लागे ।

'आचार्य ! धीको स्वरूप के हो ?'– बिहानको नित्य कर्म सिद्धाई अग्निमा आहुति दिएर गोबरले लिपेको वेदीमा मृगचर्म ओछ्याएर जुन बखत श्यामवर्ण, ठूल-ठूला राता आँखा तथा हिन्दू-नीतिशास्त्रका साक्षात् मूर्ति जस्ता आचार्य चाणक्य राज भए, तब त्यो दुब्लो र अग्लो, घुँडासम्म हात पुगेको, कमल जस्ता आँखा भएको र पाँग्रे आँखीभौं भएको काश्मीरी आगन्तुक छात्र उनका अगाडि वेदिकाको तल्लोपट्टि कुशासनमा बस्यो । उसमा वास्तविक जिज्ञासा जागेको उसका आँखा र मुखको आकृतिबाट प्रकट भएको थियो ।

'बाबु ! कौटिल्य दार्शनिक होइन, नीतिज्ञ हो ।' आचार्य चाणक्य गम्भीर भए– 'जब तिम्रो प्रतिभा जाग्ला तब त्यसको आलोकले संसारलाई चकित पार्ला भनी तिम्रा आँखा र ललाटका रेखाबाट थाहा हुन्छ । तिमी जस्तो मन्त्री पाएर मगध आफूलाई सित्तैमा कृतार्थ मान्ला । यदि तिमीले राजनीतिमा रुचि लिएको भए ... .. ।'

'म तिमीलाई हतोत्साह पार्दिनँ ।' एक दुई क्षण चाणक्य चुप रहे । आफ्नो प्रयास असफल भयो भन्ने उनले बुझिहाले । उनको त्यो नयाँ छात्र त्यस वेलासम्म राजनीतिबाट आकर्षित भएको थिएन । त्यसैले उसले सोधेको प्रश्नको उत्तर दिए आचार्यले–'विनादर्शन कुनै विद्या पूरा हुन्न । अतः चाणक्य दर्शनसँग अपरिचित छ पनि भन्न सकिन्न । धी एउटा वृत्त्यात्मक शक्ति हो । त्यो पदार्थ

होइन । त्यसैले त्यसको रङ्ग र स्वरूप पनि निश्चित गर्न सकिन्न । मन नै जब विवेचन गर्दछ, तदाकार हुनु त्यसको स्वभाव हो ।'

'आर्य ! धृष्टता क्षमा पाऊँ !' युवक एकछिन मौन रह्यो र आचार्यको अनुमति आँखाका सङ्केतबाट पाएर बोल्यो–'राजनीतिको विवेचनको कार्य राजस होइन र आर्य !' 'कर्मका समस्त प्रेरणाहरू र सम्पूर्ण कर्मचिन्तन राजस हो ।' नरोकिएरै चाणक्यले भने–'राजव्यवस्था राजस हुँदै हो । त्यसमा लागेको बुद्धि राजस हो र राजनीति त राजस मात्र होइन कि तामस पनि हो । त्यसमा हिंसा, छल आदि अनेकौं यस्ता कुराहरू छन् जसलाई धर्मशास्त्र स्वीकार गर्दैन ।' २१९

'विशुद्धधी... '–युवकले सोध्ने तरखर मात्र गरेको थियो । 'चाणक्य अर्थ र कामको विद्वान् हो, बाबु !' आचार्यले धेरै स्नेहले उसलाई हेरे– 'आज तिमी आराम गर । तिमीलाई उपयुक्त ठाउँको विचार गरौंला । सत्त्वोन्मुख ब्राह्मणपुत्रलाई रजस्को हिलोमा हाल्ने अकर्म कौटिल्य गर्दैन ।' राजनीतिको कठिनतम प्रश्न जसको निधारमा एउटा खुम्चो पार्न समर्थ भएको थिएन त्यस्ता आचार्य चाणक्य पनि सोचमा परे । उनको सामु काश्मीरको त्यो युवक समस्या थियो । उनी एउटा साम्राज्यका सूत्रधार थिए र सोच्न लागे एउटा अभीष्ट युवक ब्राह्मणको जिज्ञासाको समाधान प्राप्त गराउने कर्तव्य के राज्यको होइन ? राज्य जतिसुकै शक्तिशाली र साधनसम्पन्न भए तापनि के यस्तो व्यवस्था उसको सामर्थ्य र सीमाभित्र पर्दछ ? काश्मीरबाट खाली हात हल्लाउँदै त्यो युवक यहाँ आएको होइन । काश्मीर पनि तपस्वी साधक र सिद्धहरूले रहित कहाँ छ ! वैष्णवीदेवी र अमरनाथको आकर्षण कसलाई त्यहाँ आकर्षित गर्दैन ! स्वयं शिवाचार्य विद्यमान छन् त्यहाँ र उनको अनुग्रह प्राप्त छ युवकका पितालाई ।

प्रज्ञा र प्राणलाई एउटै बनाई साधक जब मूलाधारबाट उठ्ने परावाणीलाई जीवनमा उतार्न सक्तछ, तब उसको जन्म-जन्मान्तरको फोहोर-मैला त्यस शुभ्र धारामा धोइन्छ । प्राणहरूमा अवतीर्ण परावाणी नै शरीरमा गङ्गाको अवतरण हो । श्रीशिवाचार्यको यस्तो उपदेशलाई यथार्थ होइन भन्न कसले सक्ला तर प्रत्येक जिज्ञासु कुनै एउटै साधनाको अधिकारी मात्र हुन्न । जतिसुकै जिज्ञासा तीव्र भए तापनि त्यस युवकले एउटा साधन-विशेषमा रुचि लिनैपर्दथ्यो भन्नु आवश्यक छैन । त्यो आफ्नो कुलको होइन भन्ने कुरा शिवाचार्यले बुझिसकेका थिए ।

मूलाधारमा साढे तीन फन्का बेरिएर मुखमा पुच्छर हाली जुन ज्योतिर्मयी नागमाता प्रत्येक प्राणीमा सुतिरहेकी छिन् त्यो तिम्रो कुण्डलिनी शक्ति तिम्रो सौभाग्यले जाग्रत् छ र स्वाधिष्ठानलाई भेदन गरी मणिपुरसम्म आइसकेको छ । योगी चन्द्रनाथ बाटामा भेटिए र उनले युवकलाई आफै परिचय दिएका थिए । उनले स्वयं हातको स्पर्शले युवकको मेरुदण्डमा झनझनाहट उत्पन्न गराएका थिए । परीक्षणपछि उनले भने– 'तँ जन्मान्तरको साधक होस् । यदि तैंले साधना शुरू गरिस् भने आधा महीनामा तेरो कुण्डलिनी शक्ति आज्ञाचक्रसम्म पुग्नेछ । भ्रमरगुहा भएर विन्दुवेध गर्दै सहस्रारमा पुगेर शून्य शिखरभन्दा माथि सत्स्वरूपमा अवस्थित हुनलाई पनि तिमीलाई धेरै समय लाग्ने सम्भावना छैन ।'

जसको अनुग्रह पाउने आकांक्षा साधकहरू गर्दछन्, त्यस्ता योगसिद्ध चन्द्रनाथको सहायताको लोभले पनि त्यस युवकलाई आकर्षित गर्न सकेन । त्यसको उदासीनतादेखि चकित चन्द्रनाथ आँखा बन्द गरेर जब ध्यानबाट बिउँझे मन्द स्वरले बोले– 'तँले वास्ता नगर्नु ठीक छ । तर तँ यस कुलको हुँदै हैनस् ।'

यमुनाको किनारमा डुलिरहेका दिगम्बर सिद्धाचार्य कुलशेखरलाई उसले अकस्मात् भेट्टाएको थियो र उनी खित्का छाडी बोलेका थिए– 'तँ बत्तीस लक्षणले युक्त छस् । कुण्डलिनी जागेको मानिस पशु नहुने हुनाले मात्र कुनै पनि वीर शैवले तँलाई बलि बनाएन । यस्तो मानिस शिवको स्नेहपात्र सेवक हो । चण्डिका त्यसको बलिलाई स्वीकार गर्दिनन् । तेरो लागि शक्ति म ल्याइदिउँला । भुक्ति-मुक्तिदायिनी त्रिपुराको आराधना किन गर्दैनस् ? आज हिड् ।' २२०

'मलाई क्षमा गर्नुहोस् ।'–उसले नम्र भएर अस्वीकार गरेको थियो । बाबुको साथ श्रीशिवाचार्यको सत्संग उसले गरिसकेको थियो । तान्त्रिक साधनहरू उसले असलमा नगरेको भए तापनि तिनका विवरणहरूसँग ऊ अपरिचित पनि थिएन । ती साधनहरूको स्मरण उसको मनमा घृणा गराउँदथ्यो । अतः ऊ अवधूत कुलशेखरको छेउबाट तुरुन्त पर भएको थियो ।

'मलाई मोक्षको आकांक्षा छैन ।'– उसले कैयौं सिद्ध र साधुहरूलाई यो जवाफ दिएको थियो– 'मेरो के हुन्छ, यसको चिन्ता म लिन्नँ । पिताले मलाई एउटा आदेश दिनुभएको छ । यदि म त्यसलाई प्राप्त गर्न लागिरहें भने, त्यो जिन्दगीभर पूरा नभएमा पनि सन्तोष भइरहनेछ' दैव जानोस्, त्यो के थियो ? जिज्ञासा थियो कि, पिताको ख्याति थियो कि, उसको प्रतिज्ञा थियो या अरू कुनै ? तर उसमा कुनै यस्तो थियो जसले भेट भएका ठूला विद्वान्हरू, साधकहरू र सिद्धहरूलाई ऊतिर आकर्षित गराउँदथ्यो । उसलाई बाटामै महापुरुषहरूको कृपा प्राप्त हुँदै थियो । त्यसलाई उसले आफ्नो परम सौभाग्य सम्झ्यो । श्रद्धालु थियो नै । तैपनि उसले तीमध्ये कसैको कृपाबाट लाभ उठाउन सकेन ।

आचार्य चाणक्यले नयाँ आगन्तुकबाट यो सब एक-एक विवरण प्राप्त गरिसक्नुभएको थियो। कुशल राजनीतिज्ञ सम्पूर्ण परिस्थितिलाई पहिले नै जान्न चाहनुहुन्थ्यो, तर परिस्थितिको जानकारीबाट समस्या सुल्झाउनमा कुनै सहायता पुगेन । जसलाई त्यत्तिका पुगेका सिद्ध महापुरुषहरूले सन्तुष्ट गर्न सकेनन् भने उनी जस्ता एउटा राजनीतिका ज्ञाताबाट सन्तुष्ट होला भन्ने सम्भावना कसले मान्ने ? तर उसलाई कहाँ पठाउने ? जिज्ञासु ब्राह्मण-कुमारलाई निराश फिर्ता पठाउन पनि आचार्यको मन मान्दैनथ्यो ।

'मलाई लाग्दछ, तिम्रो भित्र नै प्रकाश प्राप्त भइसकेको छ ।' धेरै मनन र चिन्तनपछि आचार्य यस निष्कर्षमा पुग्नुभएको थियो । 'तिमी केही समयसम्म यहीं बस र आफूलाई शान्त राखेर भित्रबाट मार्गदर्शन पाउने प्रयास गर ।'

'अस्य गायत्रीमन्त्रस्य विश्वामित्र ऋषिः गायत्री छन्दः सविता देवता. . . . . प्रातः गायत्रीजपका लागि ऊ गंगाको तटमा बसिरहेको थियो । त्यस समय भिजेको कपालबाट

थोपाहरू टप्किरहेका थिए । सन्ध्यासङ्कल्प गरेर अङ्गन्यास गर्दा-गर्दै झस्क्यो ऊ । मनमा मन्त्रको उत्तरार्ध आफै जाग्रत् भएजस्तो भयो– धियो यो नः प्रचोदयात्– वृद्धिका प्रेरक हुन् भगवान् सविता । प्रतिदिन बाल्यकालैदेखि त्रिकाल सन्ध्या चलिरहेको थियो, तर त्यस बेलासम्म यस तथ्यमा दृष्टि गएन । केवल मन्त्रजप अथवा मन्त्रपाठबाट कोही ऋषि बन्न सक्तैन । मन्त्रजप हृदयमा आफैं प्रकाशित हुन्छ । त्यस अनौठो आलोकको वर्णन वाणी गर्न सक्तैन । सन्ध्या साङ्गे भयो । कुनै कर्मको विधि भङ्ग भएन तर यो सब भयो लामो समयसम्मको अभ्यासबाट । कसरी ती कर्महरू उसबाट हुँदै गएउसलाई थाहा भएन । सूर्यको दर्शन गरेर ऊ गङ्गाको तीरमा टक्क उभिएको थियो । उसको बोली मौन थियो, तर उसको मौन स्तुति कुनै शब्दको भन्दा बढी श्रद्धामय विविधता हुन गयो । त्यस दिन उसका आँखा सूर्यको ज्योतिबाट झिम्किँदैथे ? ऊ ज्योतिर्मय सूर्यमण्डललाई आँखा नचिम्ली हेरिरहेको थियो । के ? त्यो के ? उसको शरीर रोमाञ्चले भरियो । उसका आँखाबाट आँसुका धारा लागे । उसले सूनेको थियो शुक्लाम्बर-परिधान, शशिवर्ण, चतुर्भुज, शङ्ख-चक्र-गदा-पद्महस्त । श्रीनारायण हुन् अधिष्ठाता सूर्यमण्डलका र उनी सम्पूर्ण जगत्का स्वामी ! त्यस दिन मुसुमुसु हाँसेर प्रत्यक्ष भएका थिए र सैकडौं चन्द्रमाको टहकिलो जुनेली चढेको उनको अर्धचन्द्राकार रश्मि ! अचानक गलाबाट परा वाणी प्रकट भयो र सूर्यमण्डलमा विराजमान पुरुष आलसको फूलको जस्तो चहक भएका पीताम्बरधारी वनमालीमा बदलिए । उनको त्यो मुटुमा अमृत छर्ने मुस्कान ! एक एक अणु त्यस-ले निथ्रुक्क छ ।

'धी-मेधा स्वाभाविक सत्य रूप हो । सात्त्विक अहं त्यसको सृजना गर्दछ । राजस् र तामस्को आश्रय पाएर उसमा विकृति आउँछ । अर्थ र काम उसको आफ्नू क्षेत्र होइन । ऊ त सत्यमयी हो र उसको क्षेत्र हो सत्यमूर्ति धर्म । त्यसपछि सुन्दरताको एकमात्र खानी त्यो मूर्ति अलप भयो र उसका आँखा आफै चिम्लिए । शरीरको ढुकढुकी पनि थामियो, तर भित्र भने विवेकको प्रकाशमा अद्भुत र अचिन्त्य शब्दहरूको राश व्यक्त हुँदै रहेको थियो, 'सत्त्वमूर्ति धर्मका परम प्राप्य हुन् सच्चिदा-नन्दघन श्रीहरि । मेधा-धी पवित्र हुन्छ, उनका कमल-चरणको पवित्र संसर्ग भेट्टाएर ।'

फर्की आएर युवकले भन्यो– 'आर्य ! आज्ञा पाऊँ ।' ऊ आचार्यका चरणबाट बिदा लिन आएको थियो । उसले उनका पाउमा टाउको राख्यो । 'तिमी धीमान् छौ बाबु ! अच्युतका चरणमा लागेको बुद्धि नै निर्मल हुन्छ र त्यही नै धार्मिक हुन्छ । आचार्य चाणक्यको बुद्धिले पनि तथ्यको साक्षात्कार गरिसकेको थियो । चङ्गा शरीर र उज्यालो कान्तिमय मुख भएको युवकलाई देख्नासाथ आफ्नो त्यस अल्पकालीन अन्तेवासी आफ्नो उद्देश्य प्राप्त गरी सदाका लागि कृतार्थ भइसकेको थियो भन्ने आचार्यले बुझिसकेका थिए ।

विद्या धर्म

धर्मका दश लक्षणहरूमध्ये विद्या आठौं हो । विद्याऽऽत्मज्ञानम्– विद्या आत्मज्ञान हो (मेधातिथि) । कर्मज्ञानको नाम धी हो र आत्मज्ञानको नाम विद्या हो; अथवा परमोत्तम

पुरुषार्थ–साधनभूत विद्या ब्रह्मज्ञानरूप हो । पुरुषको परम उत्कृष्ट प्रयत्नले साधित ब्रह्मज्ञान नै विद्या हो। 'विद्या' शब्दको अर्को अर्थ 'शास्त्र' पनि हुन्छ ।

अङ्गानि वेदाश्चत्त्वारो मीमांसा न्यायविस्तरः ।
धर्मशास्त्र-पुराणानि विद्या ह्येताश्चतुर्दश ।। -विष्णुपुराण

आयुर्वेदो धनुर्वेदो गान्धर्वश्चेति ते त्रयः ।
अर्थशास्त्रं चतुर्थं च विद्या ह्यष्टादशैव ताः ।।

शिक्षा, कला, व्याकरण, निरुक्त, ज्योतिष, छन्द, ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र मीमांसा, न्याय, धर्मशास्त्र, पुराण, आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र यति अठार विद्या हुन् । विद्याको प्रशंसामा-विद्या नाम नरस्य रूपमधिकं प्रछन्नगुप्तं धनं

विद्या भोगकरी यशःसुखकरी विद्या गुरूणां गुरुः ।
विद्या बन्धुजनो विदेशगमने विद्या परं दैवतम्
विद्या राजसु पूज्यते न तु धनं विद्याविहीनः पशुः ।।

भर्तृहरिले भनेका छन्– 'विद्याले मानिस रूपवान् हुन्छ । विद्या कल्याणधन हो । विद्याले भोग, यश र सुख उपलब्ध गराउँछ । यो गुरुहरूलाई पनि ज्ञान दिने गुरु हो। बन्धुबान्धवसरह विद्या परदेशमा सहायता गर्दछ । विद्या परमदेवता हो । विद्याले राजाहरूद्वारा पूजा-सत्कार गराउँछ, जो धनबाट पाउन सकिन्न । विद्यारहित मनुष्य पशुसमान् हो ।'

देहोऽहमिति या बुद्धिरविद्या सा प्रकीर्तिता ।
नाऽहंदेह श्चिदात्मेति बुद्धिर्विद्येति भण्यते ।। -अध्यात्मरामायण

म देह हुँ भन्ने बुद्धिको नाम अविद्या हो तथा म देह होइन, चिदात्मा हुँ भन्ने बुद्धिको नाम विद्या हो ।

अक्रोधधर्मका आदर्श सन्त एकनाथ– महाराष्ट्रमा एकनाथ महाराजको पैठण गाउँ र गोदावरीको बीचमा एउटा धर्मशाला थियो। त्यहाँ एउटा यवन रहन्थ्यो। ऊ स्नान गर्न आएका हिन्दूहरूलाई हैरान गर्दथ्यो । नुहाएर आएका उनीहरूको जीउमा ऊ थुकिदिन्थ्यो । मानिसहरूलाई बारम्बार नुहाउनुपर्ने हुन्थ्यो । त्यसले गर्दा कहिलेकाहीं कुनै सज्जन रिसाउँदथ्यो र रिसाउनु स्वाभाविक पनि थियो; तर त्यो यवन आफ्नू बानीले लाचार थियो ।

खास गरेर जति पटक एकनाथ महाराज स्नान गरेर फर्कन्थे ऊ त्यति नै फेरा माथिबाट थुकिदिन्थ्यो । कहिलेकाहीं उनलाई चार-पाँच चोटि पनि नुहाउनुपर्दथ्यो र ऊ बौलाहा-सरह थुकिरहन्थ्यो । तर एकनाथ महाराज अत्यन्त खुशी भई गङ्गामा पटक-पटक स्नान गर्दथे र त्यस्तो गर्दा पुण्यजलमय श्रीगोदावरीको काखमा धेरै पटक स्नान पाइने हुनाले आफ्नो अहोभाग्य ठान्दथे । यस्तो अनौठो थियो उनको शान्ति ।

एक दिन उनी स्नान गरेर फर्के, संयोगले यवन त्यस दिन त्यहाँ थिएन । उसको नियम भङ्ग नहोस् भनी एकनाथजी त्यहाँ उसलाई पर्खी बसे । केही समयसम्म पर्खे पनि, तर ऊ आउने कुनै लक्षण नदेखेर नै उनी अगाडि हिंडे । त्यस किसिमले प्रायः दिनहुँ ऊ उनलाई तकलीफ दिने गर्दथ्यो । एक पटक रुखमा चढेर त्यस यवनले पटक-पटक उनलाई थुक्दै गऱ्यो । एकनाथ पनि विचित्र क्षमाशील थिए । एकपटकसम्म पनि उनको रत्तीभर चित्त दुखेन, रिसको कत्ति पनि संकेत मुखमा देखा परेन र बदला लिने भावना तिलभर पनि कहीं उत्पन्न भएन । पटकै पिच्छे उनी स्वाभाविक भावले स्नान गर्दथे र उन्मत्त यवनको थुकलाई हाँसेर शिरोधार्य गर्दथे । एक सय आठ बाजि यस्तो भयो । उनी तालैपिच्छे स्नान गर्दै रहे र मूर्ख यवन रिसले चूर भएर थुक्दै गयो, तर एकनाथजीको शान्ति भङ्ग भएन । उनको सौम्यतामा अलिकति पनि छिचरोपन आएन । त्यस्तो बौलट्टी रिसाहा मूर्खता र उच्च कोटीको विवेकशील र अनुपम सहनशीलताको बीच परेको बेजोड होड हेर्नलाई त्यहाँ नरनारीको घुइँचो लाग्यो । आखिर यवन थाक्यो र लाज मानेर एकनाथ महाराजाका पाउमा पऱ्यो महाराजाका विचित्र महात्मा-पनको स्तुति गर्न लाग्यो । अक्रोधको यस्तो उदाहरण धेरै कम भेटिन्छ ।

एक सय आठ पल्ट उसले हैरान गऱ्यो, एकनाथ महाराजले एक सय आठ पल्ट नै नुहाएर त्यस्तो क्षमाशीलताले त्यस मलिन मानवको हृदयलाई पल्टाइदियो । ऊ स्वयं नै आफू-लाई अपराधी सम्झी एकनाथसँग क्षमा माग्न लाग्यो । एकनाथले भने– 'भाइ ! तिमी आफ्नो स्वभावले बाध्य थियौ, तर तिमीले गर्दा मलाई बारम्बार गोदावरी स्नानको पुण्य प्राप्त भइरहेको थियो ।'

साँच्चै भन्ने हो भने उपदेशद्वारा जुन शिक्षा हामी सिकाउन सक्तैनौं, हाम्रो जीवनको स-सानो आचरणले त्यसको एउटा गहिरो अमिट छाप छाड्दछ र मन स्वतः प्रभावित हुन्छ । त्यसैले अक्रोध जीवनको धेरै महत्त्वपूर्ण उच्च सद्गुण हो र क्रोध नै नीच दुर्गुण हो । जसले क्रोधलाई जितेको हुन्छ उसले स्वार्थ र परमार्थ दुवैमा नै परम लाभ प्राप्त गर्दछ ।

अक्रोध धर्मका निपुण वासुदेव– एकपल्ट बलदेव, वासुदेव र सात्यकि वन गइरहेका थिए । त्यस समय उनीहरूसँग कुनै सेवक थिएन । शिकार खेल्न गएका थिए सेना लिएर तर उनका तेजिला घोडाहरू धेरै टाढा पुगिसकेका थिए र सैनिकहरू पछाडि छुटिसकेका थिए । घना वनको छहारीमा साँझ कुनबेला पऱ्यो, पत्तो भएन । रात्रीको अन्धकार बढेपछि यात्रा रोक्नुपऱ्यो । त्यस-

बखत न अगाडि जानु सम्भव थियो, न पछाडि फिनु नै । एउटा घना छायाँ भएको रूखमुनि तीनैजनाले रात काट्ने निधो गरे । घोडाहरू बाँधे । उनका पीठका जीनपोशहरू खोलेर तल ओच्छ्याइए । रातको आधा प्रहर गइसकेको थियो । आखिरी आधा प्रहर रात बाँकीमा प्रातःकर्मका लागि उठ्नु नै थियो । तीन प्रहर रात बिताउनु थियो । घनघोर वनमा निस्फिक्री सुत्नु बुद्धिमानी होइन । एक-एक प्रहरका लागि एउटा-एउटा मानिस सुरक्षाका लागि नसुतेर पालैसित सतर्क बस्ने निर्णय भयो । पहिलो प्रहरमा बलदेव र वासुदेव सुते । सात्यकि रक्षक भए । त्यसै बखत एउटा पिशाच प्रकट भयो र उसले भन्यो– 'यी दुइटैलाई भोजन गर्न दियौ भने तिमीलाई छोडिदिउँला ।' सात्यकिले उसलाई हप्काए, तर भूत किन थर्कन्थ्यो ! दुवैको भिडन्त पऱ्यो । यस्तो अचम्म भयो जति-जति सात्यकिलाई रिस उठ्दथ्यो, त्यति-त्यति नै पिशाचको बल र जीउ बढ्दथ्यो । उसले धेरै पटक सात्यकिलाई पछान्यो । नराम्रोसँग चोटपटक लागेकोले थकित भए सात्यकि, तर एक प्रहर जेनतेन पिशाचसँग कुस्ताकुस्ती गर्दै रहे । त्यो प्रहर पूरा हुनासाथ पिशाच अलप भयो ।

सात्यकिले बलदेवलाई बिउँझाए र आफू सुते । पिशाच फेरि प्रकट भयो । बलदेवसँग पनि उसले त्यही नै कुरा दोहऱ्यायो र उनीसँग पनि मल्लयुद्ध पऱ्यो । पिशाचको शरीर ज्यादै ठूलो हुँदै गयो । पूरा एक प्रहर घम्साघम्सी परिसकेपछि ऊ अदृश्य भयो । घाउखत परेर बलदेवको जीउ थिलथिलो भएको थियो र उनी साह्रै थकित भएका थिए ।

रातको तेस्रो प्रहरमा वासुदेव उठे र बलदेव सुते । पिशाचलाई प्रकट हुनु नै थियो । उसलाई देख्ने बित्तिकै वासुदेवले हाँसेर भने– 'बडो रात्रो भयो, तिमी आयौ । तिमीसँग लड्दा-लड्दै एक प्रहर आनन्दसाथ काटिएला । निद्रा र आलस्य दुवैबाट बच्ने यो एउटा उत्तम उपाय हो । आऊ, हामी दुवै बाहुबल अजमाऔं ।' पिशाच भिड्न त भिड्यो, तर जुन बखत ऊ दान्हा किटेर थप्पड र मुक्का ठोक्दथ्यो अनि वासुदेव खित्का छाड्दथे– 'तिमी पक्का वीर हौ । तिमीमा साहस त छ !'

पिशाचले घम्सान भिडन्त त गऱ्यो, तर परिणाममा वासुदेवको प्रत्येक हाँसोको साथ-साथै उसको बल घट्दै र डाल खिइँदै गइरहेको थियो । अन्तमा ऊ साह्रै सानो कीरा जत्रो मात्र बाँकी रह्यो । वासुदेवले टिपेर उसलाई पटुकाको छेउमा गाँठो पारी राखे ।

बिहानीपख सात्यकिको घाइते घुँडा र सुन्निएको चेहरा देखेर वासुदेवले सोधे– 'तिमीलाई के भयो ?' 'तपाईंले त्यस पिशाचलाई फेला पार्नुभएन ? बडो भयानक थियो त्यो' – सात्यकिले आफ्नो बिन्ती सुनाए । बलदेवले सही थापे । वासुदेवले पटुकाको टुप्पो खोलेर उसलाई अगाडि राखे र भने– 'यो हो त्यो पिशाच । तपाईं दुवैले यसलाई चिन्नुभएन । यो क्रोध हो । तपाईं दुवै जति रिसाउनुभयो, यो उति नै बढ्दै गयो । यसको यही स्वरूप हो । नरिसाएको खण्डमा रिसको बल फैलावट सब समाप्त हुन्छ । बास्ता नै नराखी त्यस कीरा जस्तो क्रोध पिशाचलाई उनले टाढा मिल्काइदिए ।

अक्रोधी सुक्रात– महात्मा सुकरातको जन्म इसाभन्दा ४६९ वर्ष अघि ग्रीसको एथेन्स नगरमा भएको थियो । उनी सत्यका सच्चा शोधक थिए र आफ्नो साधनाको फलस्वरूप उनले सत्यको साक्षात्कार पनि गरिसकेका थिए । उनको सन्तजीवन थियो । उनकी पत्नीको नाम जैनथिपी थियो । भाग्यको कुरा हो– उसको स्वभाव साह्रै रुक्खा थियो । भन्दछन्– ऊ कर्कशा थिई । उनको सन्तस्वभावलाई झन् बढी सुदृढ पार्न जैनथिपी उनका लागि वरदानस्वरूप थिई । उसको व्यवहार र बर्ताव जति विपरीत हुन्थ्यो उति नै उनको सन्तस्वभावको विकास हुन्थ्यो भन्दछन्–

एक दिन बाहिरबाट घर पुग्नेबित्तिकै उसले सुकरातको आङमा फोहोर पानी खन्याइ-दिई र आफू आएर अगाडि उभिई । उनले हाँसेर भने– 'तँले बडो राम्रो गरिस् । गर्मीमा पोलिएर आएको थिएँ, चिसो पानी खन्याएर साह्रै शीतल पारिस् ।' धन्य हो सन्तको अक्रोध । २२५

आदर्श धर्मपालन

महाराज दिवोदास– भगवान् शङ्कर काशीबाट कैलाश गए र त्यहाँ आसन लगाएर समाधिमा स्थित रहँदा समय बित्तै गयो । समाधि त्यस समय भङ्ग भयो जुन वेला काशीमा महाराज दिवोदास सिंहासनमा थिए । आयुर्वेदका परम आचार्य र साँच्चै भन्ने हो भने धर्मका साक्षात् मूर्ति दिवोदास । उनको शासनकालमा सबका सब प्रजा संयम र धर्मको कडाइका साथ पालन गर्दथे । शारीरिक रोग औषधि-उपचारको राम्रो प्रबन्धले गर्दा राज्यबाट धपिइसकेका र धर्ममा अडिग मानिसहरूको मनलाई मानसिक व्याधिले छुन सक्तैन । सारा दुनियाँ सुखी, सन्तोषी र हँसिलो थिए । आशुतोष विश्वनाथ अथवा अन्नपूर्णाको पनि आफूलाई कुनै आवश्यकता छ भन्ने कुरा मानिस-हरूले बिर्सिसकेका थिए ।

काशी भगवान् विश्वनाथलाई धेरै मन पर्दछ । उनी फर्केर वाराणसीमा बस्न आकुल भएका थिए, तर आफ्नै पुरीमा आफूलाई कसैले टेरपुच्छर नलगाउने हालतमा त्यहाँ गएर बस्दा के रमाइलो होला ? दिवोदास हटेको खण्डमा काशी आफू बस्नलायक होला भन्ने भगवान्को मनमा लाग्यो । तर दिवोदास कसरी हट्ने ? धार्मिक निष्ठाले गर्दा रोगले राजालाई समात्न सक्तैनथ्यो, न त कालले उनलाई वा उनका प्रजालाई लैजान नै सक्तथ्यो । शङ्करजीले सूर्यलाई भन्नुभए–'काशी गएर दिवोदास-लाई निकाल्न केही गर ।'

सूर्यनारायण ब्राह्मणको रूप लिएर काशी पुगे । धर्मप्रति कतै कुनै नीचमराइ भए पो कसैले केही गर्न मिल्दथ्यो । तर त्यस महान् पुण्यात्माको आचरणमा कुनै त्रुटि र कतै छिद्र सम्पूर्ण जगत्का द्रष्टा सूर्यको दृष्टिमा परेन । त्यति रमाइलो, त्यति सात्त्विक र त्यति शान्त पुरी थियो वाराणसी । सूर्य साँच्चै मोहित भए । उनी राजासँग डेरा मागेर रहन लागे त्यहीं । लोकार्कक्षेत्र भन्हिले पनि उनको निवासस्थान हो ।

भगवान् शिवले चन्द्रमालाई पठाए, भैरवलाई पठाए र अम्बिकालाई पठाए। एकपछि अर्कोलाई पठाउँदै गए। जो काशी गयो त्यो फर्केर खबर दिन आएन। त्यस धर्मपुरीले उसलाई आकर्षणमा लट्ठ्याएर राख्यो। अर्काको कुरै छाडौं, जब स्वयम् अर्धाङ्गिनी अम्बिका अन्नपूर्णा फर्किनन्। तब भोलाबाबालाई छटपटी पऱ्यो। उनले भगवान् नारायणलाई सम्झे। शङ्कर भगवान्को प्रेरणाले विष्णु भगवान् ब्राह्मणवेशमा काशी पुगे। उनी सीधै राजसभामा पसे। राजाबाट पूजा-अर्चा स्वीकार गरिसकेपछि उनले भने– 'राजन्! न त म भिक्षाजीवी हुँ, न दानजीवी नै। यहाँले आफ्नो पुरीमा कथावार्ता लगाउने आज्ञा दिनुभएमा केही दिन शरीर-निर्वाह गरी रहने इच्छा छ।' 'यहाँको ठूलो कृपा' –राजा दिवोदासले प्रार्थना गरे– 'यहाँले राजसभामा नै कथा भन्ने कृपा गर्नुभएमा मेरा कान पनि पवित्र होलान्।'

कथावाचक महाशयले त्यही खोजेका थिए। राजसभा कथा-मण्डप बन्यो। काशीमा त्यस जमानामा अपराधहरू गरिन्थे र उजूर सुन्नु-सुनाउनु! कथावाचक स्वयं श्रीहरि भइदिएमा कथाको मिठास के भन्नु! एउटै विषय थियो कथाको र त्यो थियो– वैकुण्ठको वैभव तथा उत्कृष्टताको वर्णन। वैकुण्ठको बखान सुन्दा-सुन्दा राजाको मनमा किञ्चित् लोभ लाग्यो। एक दिन उनले सोधे– 'वैकुण्ठ मिल्छ कसरी?' 'अरूहरूलाई जसरी मिल्ने भए तापनि इच्छा छ भने यहाँ पूरै प्रजाको साथमा अहिल्यै त्यहाँ पुग्न सक्नुहुन्छ।' कथावाचकजीले भने– 'राजन्! यो पृथ्वी मृत्युमण्डल हो। यहाँ चिरञ्जीवी भएर बस्नु पनि सृष्टिको मर्यादालाई भङ्ग गरेर पाप गर्नु समान नै हो। यहाँ वैकुण्ठ पाल्नुहोस्।' राजाले माग्नासाथ भगवान् नारायण आफ्नो स्वरूपमा प्रकट भए। प्रजालाई साथ लिई दिवोदास वैकुण्ठ लागे र भगवान् शङ्कर काशी फर्कनुभयो।

शास्त्र-श्रद्धाका आदर्श श्रीकुमारिल भट्ट– 'मैले प्रायश्चित्त गर्नैपर्दछ। मैले गुरुद्रोह गरेको छु।' जुन बखत आचार्य कुमारिल भट्टले यो निश्चय गरे त्यस समय उनका चेलाहरू चकित भए। आफ्नो समयका पूर्वमीमांसा कर्मकाण्डशास्त्रका सर्वश्रेष्ठ भाष्यकारलाई सम्झाउने धृष्टता गर्न को सक्थ्यो? त्यसताका सनातन धर्म, बौद्ध धर्मद्वारा अपमानित भएको थियो। देशमा र बौद्ध धर्ममा पनि वज्रयानी साधना र किसिम-किसिमका ढोंगहरूको सहारा मात्र बचेको थियो। शास्त्र र धर्मको उद्धारको लागि तथा मानिसहरूमा शास्त्रमाथिको निष्ठा जागा गराउन शास्त्रार्थमा खुल्लमखुल्ला बौद्ध धर्मको खण्डन गरी सनातन धर्मको महत्ताको स्थापन आवश्यक भएको थियो। यो तब मात्र सम्भव हुन्थ्यो जब बौद्ध धर्मको गहिरो अध्ययन गरिएको होस्। आजकाल ग्रन्थहरू सुलभ भएसरह हुनलाई त्यस जमानामा छापाखाना थिएन। ताडपत्रमा लिखित ग्रन्थरूह ठूलठूला विद्वान्हरूकहाँ मात्र हुन्थे र बौद्ध विद्वान्हरू सनातन

धर्मावलम्बी बालकलाई पढाउँदैनथे । बौद्ध धर्मको दीक्षा नलिएको भए तापनि बालक कुमारिल भट्टले बौद्ध भेष धारण गरे । आफूलाई बौद्धमार्गी देखाएर उनी एउटा बौद्ध विहारमा पढ्न लागे । एकदिन बौद्ध छात्रहरू आपसमा सनातन धर्म र वेदशास्त्रको हँसी उडाइरहेका थिए । कुमारिललाई त असह्य भयो । उनले ती छात्रहरूको खण्डन गरे । कुरा फैलियो । बौद्ध विद्यार्थीहरूले भने– 'यदि ती शास्त्र र त्यो धर्म सच्चा हुन् भने तिनको ताकत देखाऊ ।' त्यसवेला बौद्ध विहारको अग्लो पर्खालमाथि कुमारिल बसेका थिए । उनले 'यदि धर्म र वेद सत्य हुन् भने मेरो रक्षा गर्लान्' यति भनेर विहारपट्टि हाम्फाले । चोट लाग्यो र एउटा आँखा गयो, तर प्राण सुरक्षित रह्यो । कुमारिलले भने– 'मैले यदि धर्म तथा वेद सत्य हुन् भने' भनेर तिनको सत्यतामा जुन शङ्का व्यक्त गरें त्यसको दण्ड हो मेरो आँखाको हानि ।' विद्याध्ययन पूरा भइसकेको थियो र कुमारिल बौद्ध थिएनन् भन्ने कुरा प्रकट भयो । तर ती प्रकाण्ड प्रतिभाशालीको सम्मुख शास्त्रार्थमा कुनै बौद्ध विद्वान् अड्न सकेन ।

यो सब भयो, तर कुमारिलको मन एउटा असह्य पीरले व्याकुल हुन लाग्यो । 'धर्मको रक्षाको लागि नै भए तापनि, हो त यो गुरुद्रोह नै । जसबाट विद्या सिकियो उसैको खण्डन गरियो ।' मण्डन मिश्र जस्ता उग्र विद्वान् शिष्यलाई आफ्नो सम्पूर्ण ज्ञान दिइसकेपछि उनले प्रायश्चित्त गर्ने निधो गरे । प्राणान्त प्रायश्चित्त, त्यो पनि भुसको आगोमा सल्की-सल्की डढ्दै-पिल्सँदै कैयौं दिनमा मर्नु ! श्रीशङ्कराचार्य शास्त्रार्थ गर्न पुगेको वेला आचार्य कुमारिल प्रयागराजको त्रिवेणीतटमा भूसको खातमा आगो सल्काई त्यसमाथि बसिसकेका थिए । धन्य हो त्यो शास्त्र-श्रद्धा ! धन्य छ त्यो धर्मनिष्ठा !

व्रतनिष्ठाका आदर्श राजा रुक्माङ्गद– 'भगवन् ! आज अयोध्याको राज्यको विस्तार विश्वको अधिकांश भागमा भएको छ र मेरा दूतहरूलाई त्यस राज्यमा पस्न वर्जित गरिएको छ' –यमराजले त्यस दिन सृष्टिकर्तासँग बिन्ती गरे' –कर्मलोक पृथ्वीका अधिकांश प्राणी अमर भएर रहन्छन् भने मैले कर्म-निर्णायक बनिरहनुको के अर्थ ? नरक र स्वर्ग दुवै खाली हुँदै छन् । जुन प्राणी पृथ्वीमा जान्छ त्यो फर्केर आउँदैन । मकहाँ त अब कुनै कामै छैन ।'

तमोगुण या पाप मात्र प्रलयको कारण बन्दैन । सृष्टिको लागि तीनवटै गुणहरूमा समन्वय अपेक्षित हुन्छ र त्यस समय त्यस्तो समन्वय समाप्त भएको थियो । अयोध्याको सिंहासनमा राजा रुक्माङ्गद थिए । उनी एकादशीव्रत धेरै निष्ठापूर्वक गर्दथे । इन्द्रियहरूलाई नियन्त्रित गरेर एकादशीमा अहोरात्र केवल भगवान्को पूजा, कीर्तन, जप र कथा श्रवण गर्नु, काम, क्रोध लोभ असत्य आदिको त्याग गर्नु र परनिन्दा नगर्नु: यी जो एकादशीव्रतका नियमहरू छन्, तिनलाई अक्षरशः राजा रुक्माङ्गद कार्यान्वयन गर्दथे । राजाको कारणबाट सम्पूर्ण प्रजा त्यस व्रत र नियमको पालन गर्दथे । त्यसको परिणामस्वरूप यमदूतहरू त्यस राज्यमा पस्नसम्म पनि नसक्ने भए ।

'केही त गर्नु नै पऱ्यो' –सृष्टिकर्ता क्षणभर घोरिए र एउटी अत्यन्त रात्री युवतीको सृष्टि गरे । ती सुन्दरी स्रष्टाको इरादाअनुसार अयोध्या पुगी । राजा त्यसको रूप-सौन्दर्य देखेर मुग्ध भए । राजाले उससित विवाह गर्न आँटेपछि त्यस बखत उसले भनी– 'मेरो अनुरोध कहिल्यै अस्वीकार नगर्ने प्रतिज्ञा गरे मात्र म तपाईंलाई वरण गर्नेछु ।'

'नारी विष्णुमाया प्रकट !' त्यसैले राजाले अगाडि–पछाडि नहेरी उसको प्रस्तावलाई समर्थन गरी उसँग विवाह गरे । तर जब एकादशीको तिथि पऱ्यो तब रानीले अनुरोध गरिन्– 'तपाईं आज व्रत नबस्नुहोस् ! सुन्नेबित्तिकै राजाको होश उड्यो । उनले भने– 'देवी ! तिमी यस्तो आग्रह नगर । यसको सट्टा मेरो प्राण माग पनि म दिन सक्छु । तिमी अरू कुनै माग, तर यो व्रतभङ्ग गर्न अनुरोध नगर ।'

'त्यसो भए तपाइँ आफ्नो एक्लो छोरा कुमार धर्माङ्गदको टाउको आफ्नै हातले काटेर मलाई दिनुहोस् ।' रन्केर खुट्टा बजार्दै ती मोहिनीले भनिन् – 'बुबा ! शरीर अजम्मरी होइन । जब यसलाई एक दिन नाश हुनु नै छ भने आमालाई सन्तुष्ट पार्नलाई यो सार्थक बनोस् । तपाइँ आफ्नो सत्यलाई जोगाउनुहोस् ।' – राजकुमार त्यहीं थिए, उनले बडो नम्र भई बिन्ती गरे–'बाबुको व्रत र सत्यको रक्षाका लागि मेरो शरीरको उपयोग होओस्, यस्तो सौभाग्य फेरि कहाँ पाउँला !'

'तपाइँको छोरा ठीक भनिरहेको छ ।' परमसती सन्ध्यावलीले पनि राजकुमारलाई समर्थन गरिन् । 'तपाइँ आफ्नो सत्यको रक्षा गर्नुहोस् ।' धन्य हिन्दू नारी ! पतिको सत्यको रक्षाका लागि छोराको बलिदानलाई समर्थन गर्न सक्ने महान् शक्ति तिमीमा मात्र छ ।

राजाले तरबार उठाए तर रुक्माङ्गद जस्ता व्रतनिष्ठलाई पुत्रवध गर्नु पऱ्यो भने तथा धर्माङ्गद जस्ता पितृभक्तको अकाल मरण भयो भने के धर्ती यस्तै नै रहिरहला ? धर्म, जसले धरालाई धारण गर्दछ विध्वंसको कारण नबन्ला ? धर्मराज र ब्रह्मा मात्र होइनन्, स्वयं भगवान् नारायण जो धर्मका परम स्वामी हुन्, तत्काल त्यहाँ प्रकट भए । रुक्माङ्गदलाई सशरीर तथा सपरिवार आफ्नो साथमा विमानमा बसालेर त्रिभुवनका प्रभुले वैकुण्ठ लैजानुभयो ।

धर्मज्ञ सुगा–बरको एउटा अजङ्गको रूख थियो । त्यसमा अनगिन्ती चराचुरुङ्गी राति विश्राम गर्दथे । धेरैजसोले त्यसमा गुँड लगाएका थिए र कतिपय त्यसका टोड्काभित्र बस्दथे । एक समय एउटा व्याधाको विषालु बाण निशाना चुकेर त्यस वटवृक्षमा लाग्नपुग्यो । विष कडा थियो । त्यसको असरले त्यस बोटका पात ओइलाउन लागे । बिस्तारै त्यो वृक्ष सुक्यो । त्यसको आश्रयमा बस्ने गरेका अरू पक्षीहरू त्यो वृक्ष सुकेपछि अन्यत्र उडेर गए, तर त्यसको एउटा टोड्काभित्र बस्ने एक सुगा कहीं गएन । झन् उसले त्यस टोड्काबाट बाहिर आउन छाडिदियो । जल र चारो छाडेकोले ऊ सुकेर दुब्लो भयो । उसका राम्रा प्वाँख खस्न लागे । उसले वृक्षका साथ सती जाने अठोट गरिसकेको थियो ।

त्यस सुगाको त्याग, तप र धैर्य देखी देवराज इन्द्रलाई उसमाथि दया जाग्यो । उनी त्यहाँ आइपुगे र भन्न थाले– 'पक्षी ! यस बोटमा रहने अरू सबैले अन्यत्र पखेटा हालिसके । वनमा तिमीलाई बस्न लायक हरिला-भरिला घना रूखहरू प्रशस्त छँदै छन् । तिनमा तिमी रहन योग्य टोड्का पनि छन् । यो रूख सुकी पनि सक्यो । अब यो पलाउने पनि होइन । यसले अब कुनै दिन ढल्नु नै छ । त्यसैले तिमी यसलाई छाडी कुनै हरियो रूखमा किन जाँदैनौ ?'

सुगाले जवाफ दियो– 'देवराज ! म यसै रूखको टोड्कामा जन्में, यसैमा हुर्कें र यसैमा जाडो-गर्मी-वर्षा र शत्रुबाट बचेर बसें । यसैको फल खाएर मोटोघाटो भएँ । अब जब यो विपत्मा

छ, म यसलाई छाडेर आफ्नो सुखक लागि कहाँ जाऊँ ? मैले यसबाट सुख-भोग पाएँ। अब म यसलाई आपत्मा छाड्न सक्तिनँ ।' इन्द्र यो सुनेर धेरै खुशी भए । उनले सुगालाई वरदान माग्न अन्हाए । सुगाले निवेदन गऱ्यो– 'यहाँ यदि खुशी हुनुभएको भए यस वृक्षलाई फेरि हराभरा बनाइदिनुहोस्' अमृत वर्षा गरेर इन्द्रले त्यस वटवृक्षलाई त्यस्तै बनाइदिए ।

शरणागत-रक्षण धर्मका आदर्श महाराज शिवि– उशीनर-नरेश शिविको धर्म-निष्ठाको प्रशंसा स्वर्गमा सुनेर देवराज इन्द्रको मनमा डाहा भयो । शिविको परीक्षा गर्ने उनले निश्चय गरे । इन्द्रले आफूलाई बाज बनाए र अग्निदेवतालाई परेवा । पूरा कार्यक्रम तयार पारी उनीहरू पृथ्वीतिर हिंडे । देवताका राजा र सर्वपूज्य हव्यवाहक अग्नि पक्षी बने । जसमा पक्षपात हुन्छ त्यही नै हो पक्षी र देवताहरू धर्मका पक्षपाती हुन्छन् । धर्मनिष्ठाको परीक्षा गर्ने सङ्कल्प उनीहरूका लागि नसुहाउने होइन ।

बिहानको सन्ध्या-पूजा सिद्धचाएर महाराजा शिवि राजसभामा आनन्दसँग बसेका थिए । त्यसैबीच एउटा आत्तिएको र तर्सेको परेवा ठूलो वेगले उडेर आयो र राजाको काखमा बसेर उनका पोशाकभित्र लुक्ने कोशिश गर्न लाग्यो ।परेवा कामिरहेको थियो र महाराजले मायाले त्यसलाई हातले सुम्सुम्याएपछि ऊ आफैंमा खुम्चिएर दप्किरह्यो । यत्तिकैमा एउटा बाज उडेर आयो र प्रस्ट मानिसको बोलीमा भन्यो– 'यो मेरो आहारा हो । प्रजापालकले कसैको दाना हरण गर्नु हुन्न । तपाईं यो मलाई दिनुहोस् ।'

राजाले भने– 'यो मेरो शरणमा आएको छ। शरणागतको रक्षा गर्नु धर्म हो । यसलाई म त्याग्न सक्तिनँ ।'

'मलाई भोकले आच्छु-आच्छु खेलाएको छ र चरा मेरो स्वाभाविक भोजन हो ।' – बाजले भन्यो – 'मेरो आहारा खोसेर तपाईं मलाई मृत्युको मुखमा पुऱ्याउने पाप गरिरहनुभएको छ । यति थाकिसकेको छु कि अब म अर्को शिकार गर्न सक्तिनँ ।'

'तिमीले यसैलाई खाएर मात्र अघाउनु भन्ने पनि त केही छैन ।' – शिविले उत्तर दिए– 'तिम्रो आहाराको इन्तजाम गर्न सकिन्छ ।' 'म मांसाहारी जीव हुँ भन्ने यहाँलाई थाहा छ । फल, अन्न, सागपात वा दूध मेरो आहारा होइन ।' – बाजले भन्यो– 'मलाई खाना दिन कुनै प्राणीलाई यहाँले मरा उनैपर्ला र त्यो पनि यहाँकै राज्यको र यहाँबाट नै रक्षा गरिनुपर्ने प्राणी होला । त्यसउसले, यस परेवामाथि मात्र यहाँको माया किन ? मरेका प्राणीको अपवित्र मासु त म खाऊँ ।'

'कुनै अरू प्राणीको मासु म तिमीलाई खुवाउन्ँ ।' शिविको स्वरमा निष्कम्प निश्चय थियो– 'तिमी मेरो मासुले आफ्नो भोक मेटाउन सक्तछौ । म जिउँदो छु र मेरो मासुलाई तिमी अपवित्र मान्दैनौ होला ।'

'यहाँको शरीर सम्पूर्ण प्रजाको पालनाको लागि आवश्यक छ । त्यसकारण यहाँको यस अठोटमा सूक्ष्मबूझ छैन' –बाजले भन्यो– 'तैपनि मलाई कुनै गुनासो छैन, यस परेवाको तौल बराबरको मासु यहाँ मलाई दिनुहोस् । बढीको मलाई लोभ छैन र घटीले मेरो काम चल्दैन ।'

तुला-तराजु मगाइयो । एक पल्लामा परेवा बस्यो । मासु काट्न महाराजको गाथमा चोट पुऱ्याउने साहस अरू कोही कसरी गर्दथ्यो ? स्वयं महाराजले तरवार उचाले र आफ्नो बायाँ हातको हत्केला काटेर अर्को पल्लामा राखिदिए । तर कत्रो आश्चर्य ! परेवा तैपनि गह्रौं थियो । राजाले एक-एक गरी घुँडासम्म दुवै खुट्टा र त्यसपछि कम्मर-मुनिसम्म दुइटै जाँघ काटेर तराजुमा राखे तैपनि परेवा गह्रौं नै रह्यो ।

'यो सब व्यर्थ हो ।' शिविले तरवार पर्याँकिदिए । उनको शेष बचेको धड रगतले लतपत भइरहेको थियो । उनले एक हातले मुकुट, आभूषण र वस्त्र आदि खोलेर भने– 'तिमी मेरो शरीरलाई इच्छा भए जति मनग्गे खाएर आपनो भोक मेटाऊ ।' शिवि जसरी-तसरी लुडबुडिँदै तराजुमा चढिसकेका थिए । त्यस्ता धर्मप्राणको दाँजो भनौं बराबरी गर्न सक्ने शक्ति त्यस वेशधारी परेवामा थिएन । परेवाको तराजु हलुँगो भएर माथि उठ्यो– 'राजन् ! तपाईंको कल्याण होस् ! ' एकाएक बाज र परेवा देवराज इन्द्र र अग्निको रूपमा प्रकट भए । राजा शिविको शरीर स्वस्थ र सर्वाङ्गपूर्ण भयो । इन्द्रले भने– 'यहाँको धर्म महान् छ ।'

आश्रितरक्षा-धर्मका आदर्श युधिष्ठिर– भगवान् श्रीकृष्णचन्द्रको लीला अस्ताएको समाचार पुग्ना-साथ धर्मराजले परीक्षितलाई राजतिलक लगाएर आपना सबै वस्त्राभूषण खोली उनलाई दिए । मौनव्रत धारण गरी, केश खोली तथा कसैलाई केही आदेश र इशारा नगरी वीर-संन्यास लिएर उनी राजभवनबाट निस्के र उत्तर दिशातर्फ अगाडि बढे । उनका चारैजना भाइ र द्रौपदी पनि उनका पछाडि हिंडे । विनाअन्न, विनापानी तथा कसैतर्फ दृष्टि नदिई धर्मराज चुपचाप हिंड्दै गए । गोडामा काँडा बिज्ला या फोका पर्ला भन्ने वास्ता थिएन । उनले विश्राम पनि कहीं गरेनन् । हस्तिनापुरबाट गङ्गाको किनारै-किनार हरिद्वार र ऋषीकेश हुँदै अझ अगाडि गए । त्यसपछि अलकनन्दाको किनार समाते । बद्रीनाथ धाम पछाडि छुट्यो । सत्पथ पार गरेपछि स्वर्गारोहणको दिव्य भूमि आयो । द्रौपदी, सहदेव, नकुल, अर्जुन, र भीम पालैसित गल्न थाले र लडे । जो जहाँ लड्यो फेरि उठ्न सकेन । युधिष्ठिर रोकिंदैनथे, न त ढल्ने भाइहरूप्रति नै फर्केर हेर्दथे । जो चिप्लन्थ्यो र जो खस्दथ्यो उसलाई अलकनन्दाको छहराले आफैंमा मिलाइ-सक्दथ्यो ।

सबभन्दा पछि आखिरमा भीमसेन लडे । चतुःस्तम्भ पर्वतहरूको मध्यभाग जहाँ नारायण पर्वतका चरण-बाट अलकनन्दा र भागीरथीका मूल हिमस्रोत प्रारम्भ हुन्छ, स्वर्गारोहणको त्यस उच्चतम शिखरमा युधिष्ठिर पुगे । त्यसवेला पनि युधिष्ठिर एक्लै थिएनन् । उनको पछिपछि हस्तिनापुरदेखि नै एउटा कुकुर साथमा आइरहेको थियो र त्यो त्यसवेला पनि उनीसँग थियो । उनीसरहै त्यो कुकुर पनि भोक, प्यास र आराम त्यागेर लगातार पछि लागिरहेको थियो ।

२३१

'तपाईं विमानमा बस्नुहोस्' –एक्कासि देवराज इन्द्र विमानका साथ त्यस दिव्य भूमिमा ओर्ले र उनले युधिष्ठिरलाई सशरीर स्वर्ग जाने आग्रह गरे । 'मेरा भाइहरू र द्रौपदीलाई पनि लगिदिनुहोस् !' –तब युधिष्ठिरलाई भाइहरूको सम्झना भयो । 'उनीहरू पहिले नै पुगिसके' –इन्द्रले भन्नुभयो । 'त्यसो भए यस कुकुरलाई पनि विमानमा बसाल्नुहोस्' –धर्मराजले भने । 'तपाईं धर्मज्ञ हुनुहुन्छ । तपाईंले यस्तो कुरा गर्नुहुन्न । कुकुर अपवित्र प्राणी हो । स्वर्गमा ऊ पस्न सक्तैन । यसले मेरो दर्शन पायो, र यही नै यसको लागि बढ्ता भयो ।' देवराज इन्द्र कुकुरलाई विमानमा चढाउन चाहँदैनथे ।

युधिष्ठिरले भन्नुभयो– 'यो मेरो आश्रित हो । मेरो भक्तिको कारणले नै यति टाढा आएको हो । आश्रितलाई छाड्नु अधर्म हो । म यसलाई छाडेर स्वर्ग जान्नँ ।' इन्द्रले सम्झाए– 'स्वर्गको प्राप्ति नै पुण्यको फल हो । यो पुण्यात्मा भएको भए यस्तो अधम जुनीमा किन जन्मन्थ्यो ?' 'स्वर्ग जानको निमित्त यसलाई पुण्य नै चाहिने त हो' –युधिष्ठिरले शान्त स्वरमा भने– 'मेरो आधा पुण्य यसलाई दिन्छु ।' 'युधिष्ठिर! तिमी धन्य छौ !' –कुकुर एकाएक धर्मको रूपमा प्रकट भयो । धर्मराज सदेह स्वर्ग पुगे ।

शरणागत-धर्मकी आदर्श सुभद्रा– महर्षि गालब पानीमा उभिएर सन्ध्या गरिरहेका थिए । उनले सूर्यलाई अर्घ्य दिनलाई अँजुली उठाउनेबित्तिकै त्यसमा माथि विमानमा उडिरहेको चित्रसेन गन्धर्वको पानको थुक पऱ्यो । एकदम रिस उठ्यो ऋषिलाई, तर सराप दिएर आफ्नो तप घटाउनु उनलाई ठीक लागेन । त्यहाँबाट उनी सोझै श्रीकृष्ण भगवान्को समीप द्वारका पुगे ।

'भोलि सूर्यास्तभन्दा अघि, म तपाईंको यस्तो अनादर गर्ने मात्तिएकोलाई मार्नेछु' –ब्रह्मण्यदेव श्रीकृष्णले प्रतिज्ञा गरेर ऋषिलाई शान्त पारे र उनको यथोचित सत्कार गरे । महर्षि गालब बिदा भए र देवर्षि नारद द्वारका आइपुगे । उनले श्रीकृष्णचन्द्रबाट नै उनको प्रतिज्ञाबारे जानकारी पाए । अनजानमा भएको अपराधको लागि गन्धर्वलाई प्राणदण्ड दिनु देवर्षिलाई राम्रो लागेन । उनी द्वारकाबाट हिंडेपछि गन्धर्व चित्रसेनकहाँ पुगे । नारदजीबाट श्रीद्वारकानाथको प्रतिज्ञा सुन्नासाथ उसको होश उड्यो । श्रीकृष्णले प्रतिज्ञा गरिसकेपछि त्रिलोकमा त्यसलाई कसले बचाउन सक्ने ?

'अब आफ्नो प्राण बचाउने चिन्ता गर' –देवर्षिले भने । 'चिन्ता गर्नलाई अब बाँकी नै के रहेको छ र ?' –गन्धर्व पूरा निराश भइसकेको थियो । तैपनि उसले कोशिश गर्ने विचार गऱ्यो । इन्द्र, यम, वरुण आदिको के कुरा स्वयं ब्रह्मा र शङ्करजीले पनि टकटकिएर कोरा जवाफ दिनुभयो । त्यसपछि फर्केर उसले नारदजीलाई खोज्यो र प्रार्थना गरेपछि देवर्षिले 'यमुना-तटमा जाऊ । रातमा कुनै नारी भेटिएमा ठूलो स्वरले रून्। उसले तिम्रो दुःख टार्ने प्रतिज्ञा नगरेसम्म केही नभन्नू ।' –युक्ति सुझाए ।

'देवी ! आज मध्यरातमा यमुनास्नान गरेर कसैको दुःख हटाएमा अक्षय फल प्राप्त हुने साइत परेको छ भनी सुनाउन आएको हुँ'– गन्धर्वलाई उपाय सिकाएर नारदजी इन्द्रप्रस्थ गए र सुभद्रालाई यस्तो धर्मोपदेश दिन लागे । मध्यरातमा देवी सुभद्रा दुई-चार सैनिकहरूको साथ यमुनाको किनारमा पुगिन् । त्यहाँ उनले गन्धर्वको अलापविलाप सुनिन् । स्नान सिद्धयाएर उनी उसको नजीक गइन् । कसैको दुःख मेट्ने सुअवसर सित्तैमा हात पऱ्यो भनी उनको मनमा ठूलो उत्साह थियो । धेरै सोधखोज गरिन्, तर गन्धर्व एकोहोरै विलाप गरिरहेको थियो– 'मेरो विपत्ति कसैले हटाउन सक्तैन । तपाईं राजदरबार पाल्नुहोस् । म यहाँ प्राण त्याग्न आएको हुँ ।' २३२

श्याम- 'म श्रीकृष्णकी बहिनी, सार्हिला पाण्डवकी पत्नी, तेरो दुःख हटाउने प्रतिज्ञा गर्छु । तँ आफ्नो के विपत्ति हो भन्'– सुभद्राले करै लगाइन् । गन्धर्वले आफ्नो दुःख खोल्यो । प्रतिज्ञा गरिस-किएको थियो । उनी उसलाई साथ लिएर फर्किन् । उनीबाट सबै कुरा सुनेर अर्जुनले भने– 'तिमीले गरेको प्रतिज्ञा मेरै प्रतिज्ञा हो ।' देवर्षि नारद सूर्योदय हुनासाथ द्वारका पुगे । उनले श्रीकृष्ण-लाई समाचार सुनाए– 'तपाईंकी बहिनीले चित्रसेनलाई अभयदान दिइसक्नुभयो । अब गाण्डीव, धनुषधारीको सुरक्षामा छ ऊ । उसमाथि शस्त्र चलाउनुभन्दा पहिले सोचविचार गरिहाल्नुहोस् ।'

लीलामय श्रीकृष्णले नारदजीलाई नै दूत बनाउनुभयो । उनलाई अर्जुनले भने– 'मेरो शक्ति र सर्वस्व श्रीकृष्ण हुन् । म उनको शक्तिबाट नै उनीसँग युद्ध गर्नेछु, तर शरणागतलाई त्याग्न सक्तिनँ । देवर्षि समाचार बोकेर फर्के । युद्धसिवाय कुनै उपाय थिएन । ठूलो घमासान युद्ध पऱ्यो । तीं अभिन्न मित्रहरूको लडाइँमा द्वारका तथा इन्द्रप्रस्थका मानिसहरू केवल दर्शक बने । ठूला-ठूला महारथीहरूले नाम मात्र सुन्न पाएका दिव्य अस्त्रहरूको प्रयोग भयो र ती विफल पनि भए । न शार्ङ्गधनुषधारीका हात काम्दथे, न त गाण्डीवधारीको ठोक्को खाली हुन्थ्यो । अन्तमा श्रीकृष्णले चक्र उठाएपछि अर्जुनले धनुषमा पाशुपतास्त्र चढाए । दुइटै अमोघ र प्रलयकारी थिए; तर बीचैमा त्रिलोचन भगवान् शङ्कर प्रकट भए । उनले इशारा गरेर अर्जुनलाई शान्त पारे र हात जोरेर श्री-कृष्णलाई भने– 'लीलामय ! पार्थले अहिलेसम्म प्रतिज्ञाभङ्ग गरेको छैन र यहाँले भक्तको खातिर आफ्नो प्रतिज्ञालाई कहिल्यै महत्त्व दिनुभएको छैन । त्यसैले आज पनि यहाँले भक्तको इज्जत राख्नै पर्दछ ।'

'यहाँ जसमाथि दया गर्न चाहनुहुन्छ त्यसको अनिष्ट कसरी सम्भव हुन्छ ?' श्याम-सुन्दरले भगवान् शङ्करसमक्ष शिर झुकाई अगाडि बढेर अर्जुनलाई अँगालो हाले । गन्धर्व चित्रसेनलाई उनले पनि अभय-प्रदान गरे । तिमीहरू सबै मतियार भएर मेरो अपराधीका रक्षक भयौ ।' श्रीकृष्णले पनि गन्धर्वलाई अभय दिइसकेको महर्षि गालबले बुझे । उनी रिसाए । उनले कमण्डलुबाट हातमा

जल लिएर भने– 'तपस्वी ब्राह्मणको शक्तिको तिमीहरूलाई अहिल्यै स्वाद चखाउँछु । यस अधम गन्धर्व र यसका सबै आश्रयदाताहरूलाई भस्म पारी छाड्छु ।'

'साँच्चै म पतिव्रता रहिछु भने तपाईंको त्यो जल जमीनमा खस्न नपाओस् ।'– स्वभावतः तेजस्विनी सुभद्राले ऋषितिर फर्केर भनिन् । ऋषिले हातको जल भुइँमा छर्न खोजे, तर त्यो उनको हातमा टाँसिएको जस्तो भयो । 'महर्षि ! सतीसँग प्रतियोगिता गर्ने शक्ति मसँग पनि छैन ।' – भगवान् शङ्करले महर्षिलाई हप्काए– 'अब तपाईंको दाहिने हात यस शापजलबाट अपवित्र भइसक्यो । त्यो कुनै पनि शुभ कार्यका लागि योग्य रहेन । देवी सुभद्रालाई बढी रुष्ट नगराई यहाँबाट हिंड्नुमा नै यहाँको कल्याण छ ।' लाजले महर्षि गालब त्यहाँबाट बिदा भए ।

शरणागत-रक्षण-धर्मका आदर्श राणा हमीर– साह्रै सानो अपराध थियो मङ्गोल-सरदारको । ऊ बादशाहको मुख लागेको थियो । आफ्नो बहादुरी र इमानदारीले गर्दा सम्मानित थियो । तर त्यस दिन ऊ अलि बढ्ता ठट्टा गर्न पुग्यो । क्रूर र कुटिल बादशाह अलाउद्दीनले रिसले आँखा देखेन । बादशाहका आँखीभौं टेढिएका देखेर ऊ तुरुन्त महलबाट खस्क्यो । अलाउद्दीनलाई ऊ राम्रै गरी चिन्दथ्यो । त्यसैले दिल्ली छाडेर तुरुन्त सुईंकुच्चा ठोक्यो । उसलाई पक्डाउ गर्न बादशाहले सिपाहीहरू खटायो । ऊ भागेको खबर पाएर बादशाह रिसले बौलाएर गर्ज्यो– 'जहाँ भए पनि उसलाई पक्रनैपर्छ । ज्यानसजाय हुनेछ उसलाई ।'

मङ्गोल-सरदार दिल्ली छाडेर भागेको थियो । ठाउँ-ठाउँमा पुग्यो, तर उसलाई शरण दिएर बादशाहसँग शत्रुता गर्न सक्ने साहस कसैमा थिएन । भौंतारिंदै ऊ रणथम्भौर पुग्यो । त्यहाँका राणा हमीरले उसको स्वागत गर्दै भने– 'तपाईं यहाँ आरामसँग बस्नुहोस् । राजपूत शिर दिएर भए पनि शरणागतको रक्षा गर्छ ।'

बादशाहकहाँ त्यो समाचार पुग्यो । उसले राणा हमीरलाई खबर पठायो– 'शाही अपराधीलाई शरण दिनु सिंहासनको अपमान हो । रणथम्भौरको एउटा इँटसम्म पनि सही रहनेछैन । नभए हाम्रो अपराधीलाई फिर्ता पठाऊ ।'

राणा हमीरको उत्तर सोझो थियो– 'आपत्मा परेको कुनै मानिस प्राणरक्षाका लागि राजपूतको शरण परोस् र राजपूत क्षत्रीले त्यसलाई निराश पारोस्– यस्तो कदापि हुन सक्तैन । राज्य नाश हुने या प्राण जाने डरले पनि म धर्म फाल्न सक्तिनँ । जसले आपत्बाट दुःखीलाई बचाउँदैन, त्यो केको क्षत्री ?'

सरदारहरू राणासँग सहमत थिएनन् । त्यसैले एउटाको राय थियो– 'बादशाहसँग वैर बढाउनु राम्रो होइन । यो भगुवा सरदार मुसलमान हो । यो आखिरमा आफ्ना मानिसहरूसँग मेलमिलाप गर्नेछ ।'

राणा हमीर लत्रेका भए हमीर-हठ शब्द बन्थ्यो नै कसरी? उनले भने– 'मेरो धर्म यो होइन कि शरणागत को हो, उसले के गन्यो र ऊ पछि के गर्ला– यो सब विचार गरूँ। भलो अथवा भयले म आफ्नो कर्तव्यको त्याग कदापि गर्दिनँ।'

अलाउद्दीनले राणाको जवाफ पाएर ठूलो सेना बढायो, तर रणथम्भौर फलामको चिउरा ठहरियो। मुगल-सेनालाई आच्छु-आच्छु पारे राजपूतहरूले। पटकैपिच्छे हमला असफल भएपछि सेनाले किल्लालाई घेरामा पान्यो। पाँच वर्षतक घेरा हालेर बादशाही सेनाले अडान लियो। त्यसका सैकडौं सिपाही मारिए, तर उसलाई थप मदत मिल्दै गयो।

रणथम्भौरको गढीमा रसद सिद्धियो। सैनिकहरू कम हुँदै गइरहेका थिए। केवल मेरा लागि राणाले अरू बढी विनाश गराउनु हुन्न र मलाई बादशाहकहाँ जान दिनुपर्छ भनी मङ्गोल-सरदारले राणासँग कैयौं पल्ट आग्रह गन्यो, तर राणाले उसलाई पटकैपिच्छे रोके– 'तपाईंलाई एउटा राजपूतले शरणमा लिएको छ र प्राण रहुन्जेल तपाईंलाई वहाँ जान दिन्नँ।'

दुर्गमा सबै भोकभोकै थिए। त्यसको चोकमा एउटा ठूलो चिता तयार गरियो। किल्ला-भित्रका सबै नारीहरूले त्यस दन्केको चितामा आनन्दपूर्वक होम फालेर देह त्यागे। पुरुषहरूले केशरी वस्त्र धारण गरे र गढीको ढोका खोली शत्रुहरूमाथि झम्टा दिए। तिनीहरूमध्ये त्यस युद्धमा एउटा पनि जीवित रहेन। केवल त्यो मङ्गोल सरदार पक्राउ पऱ्यो। बादशाहले उसलाई सोध्यो– 'मैले माफी दिएँ भने तँ के गर्छस्?' सरदारले जवाफ दियो– 'हमीरका सन्तानलाई दिल्लीको सिंहासनमा राख्न म तिमीसँग आजीवन तरवार बजार्नेछु।' निर्दयी अलाउद्दीन जस्तोले उसलाई कसरी जिउँदै छाड्न सक्तथ्यो? जे होस्, धन्य छ क्षत्रिय वीरको शरणागत-रक्षण-धर्म!!!

कलियुगको प्रमुख धर्म-ज्ञान

तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते।
द्वापरे यज्ञमेवाहुर्दानमेकं कलौ युगे॥ –मनु.

यो श्लोक मनु. १।८६, पद्मपुराण सृष्टिखण्ड १८।४४०, पराशरस्मृति १।२३, लिङ्ग-पुराण १।३९ आदिमा हूबहू यस्तै पाइन्छ। शतपथब्राह्मण र बृहदारण्यकअन्तर्गत 'द' का आख्यायिका-हरूमा पनि दान मनुष्यको प्रधान धर्म भनिएको छ। शास्त्रहरूका अनुसार 'दानभन्दा ठूलो कुनै पनि धर्म छैन।' दानधर्मात् परो धर्मो भूतानां नेह विद्यते। भर्तृहरिका अनुसार दान, भोग र नाश–यी तीन धनका गतिहरू हुन् –

दानं भोगोनाशस्तिस्त्रो गतयो भवन्ति वित्तस्य।
यो न ददाति न भुङ्क्ते तस्य तृतीया गतिर्भवति॥ -नीतिशतक

स्कन्दपुराणको मही-सागर-सङ्गमको कथामा दानका दुईवटा कारणहरू, छवटा अधिष्ठानहरू, छवटै अङ्गहरू, छवटा फलहरू, चारओटा किसिमहरू र तीनवटा विनाशकहरूको विवरण दिइएको छ । श्रद्धा र भक्ति दानका दुईटा हेतु हुन् । धर्म, अर्थ, काम, लाज, भय र हर्ष दानका अधिष्ठान हुन् र दाता, ग्रहणकर्ता, दिइने वस्तु देश, काल र श्रद्धालाई छ अङ्ग बताइएको छ । दुष्फल, निष्फल, हीन, तुल्य, विपुल र अक्षय–यी दानका छ परिणामहरू हुन् । अन्न, दही, मह, गाई, जग्गा, सुन, घोडा, हात्ती र अभयको दान उत्तम हो । आफ्नो मुखले बयान गर्ने पश्चात्ताप आदि जस्ता कारणहरूबाट दानको फल नष्ट हुन्छ । प्रिय वचन र श्रद्धासहित दिइएको दान दुर्लभ मानिन्छ ।

दानं प्रियवाक्सहितं ज्ञानमगर्वक्षमान्वितं शौर्यम् । २३५
वित्तं त्यागनियुक्तं दुर्लभमेतच्चतुष्टयं लोके ॥

दान-धर्मका आदर्श दैत्यराज विरोचन- भक्तश्रेष्ठ दैत्यराज प्रह्लादका छोरा थिए यी विरोचन । प्रह्लाद पछि उनै दैत्यहरूका अधिपति बने । धर्मको शिक्षा ग्रहण गर्न यी विरोचन नै दैत्यहरूका अग्रणी भएर प्रजापति ब्रह्माको समीप गएका थिए । धर्मप्रति यी श्रद्धावान् थिए । आचार्य शुक्रका यी ठूला निष्ठावान् भक्त थिए र शुक्राचार्य पनि यिनलाई स्नेह गर्दथे ।

आफ्ना बाबु प्रह्लादको विरोचनमाथि प्रशस्त प्रभाव परेको थियो । त्यसैले यिनी देवताहरूसँग कत्ति रिस-राग गर्दैनथे । सन्तोषी विरोचनको मनमा पृथ्वीमाथि पनि अधिकार जमाउने इच्छा भएन भने स्वर्गमाथि अधिकार कायम गर्न झन् उनी के चाहन्थे ? उनी त सुतलको दैत्यराज्यबाटै सन्तुष्ट थिए ।

'शत्रुसँग सम्पर्क हुनुपर्दछ'–यो नीति हो र विनाकारण सशङ्क भइरहने सम्पन्न मानिसहरूको स्वभाव पनि हो । मानिसलाई निश्चित र निर्भय रहन नदिनु, सम्पत्तिको सबभन्दा ठूलो बैगुन हो । असुर र सुरहरूको बीच शत्रुता छ र यो स्वाभाविक पनि हो; किनकि दैत्यहरूमा रजोगुण-तमोगुणको आधिक्य हुन्छ र देवताहरूमा सत्वगुण प्रधान हुन्छ । त्यसैले कथं-कदाचित् असुरहरूले अमरावतीमाथि आक्रमण गरे भने परम धर्मात्मा विरोचनसित युद्धमा सामना गर्नु देवताहरूको सामर्थ्यको बाहिर हुने र त्यस समय हार नै हात पर्ने ठानी देवराज इन्द्रको मन त्यसैको डरले व्याकुल रहन्थ्यो ।

शत्रु प्रबल छ र लडाईंमा उसको मुकाबला गर्न सम्भव हुने छैन भने त्यसलाई खतम गर्ने प्रबन्ध पहिले नै गर्नुपर्दछ । इन्द्रले आक्रमण गरी अथवा धोका दिएर विरोचनलाई मारे शुक्राचार्य आफ्नो सञ्जीवनी विद्याको प्रभावले उसलाई जीवित गराइदिन्थे र त्यसताकको शान्त विरोचन त्यसपछि रिसाएर देवताहरूका विरोधी बन्न पुग्ने थिए । त्यसैले देवगुरु बृहस्पतिको सरसल्लाहले इन्द्र ब्राह्मणको वेशमा सुतलमा गए ।

विरोचनले अतिथि ब्राह्मणको स्वागत गरे । ब्राह्मणका खुट्टा धोएर उनले पूजा गरे र त्यसपछि नमस्कार गर्दै भने–'म असुरको घरमा तपाईंका पवित्र चरण पर्नु आज मेरो सौभाग्य उदाएको हो । म तपाईंको के सेवा गरूँ ?' इन्द्रले विरोचनको दानशीलताको ठलो प्रशंसा गरे र उनले आग्रह गरेकोले उनले भने–'मलाई तपाईंको आयु चाहियो ।'

दैत्यराजको टाउको माग्ने काम व्यर्थ भयो, किनकि गुरु शुक्राचार्यको सञ्जीवनी कहीं गएको थिएन । तैपनि विरोचन फर्त्ति पनि आत्तिएनन् । उनले खुशीसाथ भने– 'म धन्य भएँ । मैले जन्म पाएको सफल भयो । मेरो जिन्दगीको दान स्वीकार गरेर तपाईंले मलाई धेरै कृतार्थ बनाउनुभयो ।'

विरोचनले एउटा हातमा खड्ग लिए र टाउको काटेर अर्को हातले ब्राह्मणतर्फ बढाए । त्यो टाउको लिएर इन्द्र डराएर तुरुन्त स्वर्ग फर्के । तर भगवान्ले विरोचनलाई आफ्नो पार्षद बनाउनुभयो ।

महादानी दैत्यराज बलि– आचार्य शुक्र आफ्ना महामनस्वी शिष्यमाथि अत्यन्त खुशी थिए । उनले सर्वजित यज्ञ गराएका थिए र त्यस यज्ञमा अग्निदेवताले प्रकट भएर बलिलाई रथ, घोडा, धनु, अक्षयभोग तथा अभेद्य कवच दिनुभयो । ती दिव्य उपकरणहरूबाट सम्बद्ध भएर जब असुरको सेनाले स्वर्गमाथि चढाइ गऱ्यो तब देवताहरूले घरद्वार छाडेर भाग्नु-पऱ्यो । त्यसबेला इन्द्रले तेजस्वी बलिको सामना गर्ने साहस गर्न सकेनन् ।

एकसय अश्वमेधकर्ता इन्द्र हुन्छ– यो सृष्टिको मर्यादा हो । यस्ता सय यज्ञहरू नगरी जो ताकतको भरमा अमरावती कब्जा गर्दछ, त्यसलाई सृष्टिका सञ्चालक टिक्न दिंदैनन् । बलिले स्वर्गमा अधिकार जमाएपछि आफ्ना चेलाको वैभवलाई स्थायी बनाउने फिक्री शुक्राचार्यलाई भयो । स्वर्गलोक कर्मलोक हुँदै होइन । त्यसैले सम्पूर्ण नोकर-चाकरहरूसहित बलिलाई लिएर आचार्य नर्मदा नदीको उत्तरी तटमा पुगे र त्यहाँ निर्विघ्नतापूर्वक बलिका अश्वमेध यज्ञ पूरा हुन लागे । बाँकी सयौं चाहिं यज्ञ भइरहेका थिए ।

त्यसै समयमा देवमाता अदितिको आराधनाबाट प्रसन्न भएर भगवान्ले उनीकहाँ बाउन्ने रूपमा अवतार लिनुभयो । व्रतबन्ध पूरा भएपछि मूजको मेखला लगाएर तथा हातमा छाता, लट्ठी र पूर्ण कमण्डलु लिएर भगवान् बामन बलिको यज्ञशालामा आइपुग्नुभयो । ती सूर्य-समान तेजस्वीलाई देखेर सब ब्राह्मणहरू र दैत्यहरू जराक-जुरुक उठे । आसनमा राखेर बलिले उनका खुट्टा धोएको पनि शिर चढाए । पूजापछि बलिले भने– 'मलाई लाग्छ, ऋषिहरूको सम्पूर्ण तपस्या तपाईंको रूपमा मूर्तिमान् भएर मेरो उद्धार गर्न आज मकहाँ आएको हो । तपाइँ कुनै काम-विशेषले पाल्नुभएको होला । त्यसो हो भने जे इच्छा छ त्यो निर्धक्क माग्नुहोस् ।'

बाउन्नेले बलिका पुर्खाहरूको शूरवीरता, पराक्रम र दानशीलताको बखान गरेर अन्तमा भने– 'विरोचन नन्दन ! कसैको हकको जग्गामा अरू कसैले तप, साधना आदि गऱ्यो भने त्यसको फलको भाग जग्गा धनीले पनि पाउँदछ । त्यसैले आफ्ना लागि मेरा तीन पाइलाले जति नाप्न सक्छ त्यति जमीन मात्र म तपाईंबाट आकांक्षा गर्दछु ।'

बलिलाई हाँसो उठ्यो । साना बाउन्ने र स-साना कलिला गोडा भएका तिनले कति जग्गा नाप्न सक्लान् र भन्ने बलिलाई परेको थियो । उनले भने– 'तपाईं जतिसुकै विद्वान् हुनुभए तापनि अझै केटाकेटी हुनुहुन्छ । म त्रिलोकपति हुँ । मकहाँ आएर तपाइँले जग्गा माग्नु नै छ भने कम-से-कम त्यति माग्नुहोस् जसबाट तपाईंको गुजेस्ता चलोस् ।' वामन गम्भीर स्वरमा बोले– 'राजन् ! तृष्णाको पेट भरिंदैन । यदि मैले सानु टुक्रामा सन्तोष मानिनँ भने सो सप्तद्वीपसम्पन्न पृथ्वी त के त्रिलोकैले पनि यस तृष्णालाई सन्तुष्ट गर्न सकिन्छ र ? अतः आफूलाई काम लाग्नेभन्दा बढी मलाई चाहिएन ।'

'भइहाल्यो, जति चाहनुहुन्छ त्यति जग्गा दिउँला ।' बलिले भने र भूमिदानको सङ्कल्प गर्नलाई कमण्डलु उठाए । 'पर्ख !'– शुक्राचार्य त्यतिन्जेल बाउन्नेलाई नियालिरहेका थिए । उनका आँखाले त्यस छली भेषमा पनि हरिलाई ठम्यायो । त्यसैले उनले भने– 'दैत्यकुलमाथि महान् सङ्कट आइपरेको मलाई भान हुन्छ । यी विप्रकुमार होइनन्, साक्षात् विष्णु हुन् । तिमीले दान गर्ने सङ्कल्प गऱ्यौ भने पृथ्वी यिनको एक पाइला हुनेछ । अर्को कदम ब्रह्म-लोक पुग्ला र तेस्रो एक पाइला राख्ने ठाउँ नहोला । आफ्नो जीविका उडाउने गरी दान गर्नु हुन्न । तिमी यिनलाई यो भूमिदान नगर ।'

'यहाँको कुरा असत्य हुन सक्तैन'– बलिले एकछिन सोचेर भने– 'तर यज्ञद्वारा जुन यज्ञपुरुषको आराधना मलाई गराइरहनुभएको छ, उहाँ नै मकहाँ भिक्षु बनेर पाल्नुभएको छ भने के म उहाँलाई निराश पारूँ ? दिन्छु भनेर बोलिसकेपछि प्रह्लादको नातिले फेरि दिन्न भनोस्– यो हुनै सक्तैन । सत्पात्र आएको खण्डमा उसलाई सम्पत्ति दान गर्न नसक्नु लडाइँमा प्राण त्याग्नुभन्दा पनि गाह्रो हुन्छ । यिनी जोसुकै होऊन् र जेसुकै गरून्, लोभ गरेर म यिनलाई दान-बाट वञ्चित तुल्याउन्नँ ।'

'तँ अज्ञ पनि मैले भनेको मान्दैनस् । त्यसैले तेरो तुरुन्त ऐश्वर्य नष्ट भइजाओस् ।' – रिसले चूर भएर शुक्राचार्य सराप दिन पुगे तैपनि बलिको चित्त त्यसबाट मोडिएन । उनले खुशीसाथ वामनलाई भूमिदानको सङ्कल्प गरे । सङ्कल्प थापेर लिनासाथ वामनले विराट् स्वरूप धारण गरे ।

'त्रिलोकको स्वामी हुँ भन्ने तँलाई घमण्ड थियो । पृथ्वी तेरो अगाडि मेरो यस पाउले नापिसक्यो र थाहा छ ? –मेरो दोस्रो पाउ ब्रह्मलोकसम्म पुगिसकेको छ ।'– विराट् स्वरूप

विष्णुले वनावटी रिस निकालेर भने– 'अब म तेस्रो पाउ कहाँ टेकूँ ? तैले मलाई ठगिस् । जति दिन सक्तैनथिस्, त्यतिको सङ्कल्प गरिस् तैले । त्यसैले तँलाई केही दिन नरकमा बस्नुपर्ला ।'

'भगवान् ! सम्पत्तिभन्दा स्वामी ठूलो हुन्छ । मैले यहाँलाई ठगें भन्ने यहाँ ठान्नु-हुन्छ भने त्यो ठीक होइन । आफ्नो सङ्कल्प सत्य साबित गर्दछु । यो मेरो मस्तक छ । यहाँ, यसमाथि आफ्नो तेस्रो कदम टेक्नुहोस् ।' स्वस्थ र सुप्रसन्न बलिले सुदृढ स्वरमा भने र शिर निहुराए ।

विष्णुले बलिका टाउकामा पाउ टेक्नुभयो । बलि धन्य-धन्य भए । बलिको इच्छा-विपरित असुरहरूले वामनमाथि हमला गर्ने कोशिश गरे । भगवान्का पार्श्ववर्तीहरूले उनी-हरूलाई पिटपाट गरेर धपाए । भगवान्को इशारा बुझेर गरुडले बलिलाई पाता कसे । प्रह्लादजी पाल्नुभयो । उनले बलिको ऐश्वर्यको विनाशलाई भगवान् विष्णुको कृपा ठहऱ्याए र प्रार्थना गर्न लागे– 'प्रभु ! धन र पदको लोभले विद्वान् पनि त्यसमा मोहित हुन्छ । यहाँले यसको धन र ऐश्वर्य लिएर यसको महान् उपकार गर्नुपयो ।'

तर सृष्टिकर्ता ब्रह्माजीलाई ठूलो चिन्ता पऱ्यो । त्यहाँ पुगी हात जोरेर उनले भगवान्सँग निवेदन गरे– 'प्रभु ! बलि बाँधिनुबाट धर्मको मर्यादा मासिनेछ । यहाँका श्रीचरणमा श्रद्धालु भई अँजुलीभर पानी र दुई पात तुलसीपत्र चढाउनेले वैकुण्ठधाम पाउँदछ भने, यहाँलाई शत्रुपक्षी सम्झेर पनि बलिले एकाग्र मनले यहाँका पवित्र पाउमा तिनै लोकको राज्य चढाएको हो ।'

'ब्रह्मन् ! प्रह्लादको यो नाति मलाई धेरै प्रिय छ' – भगवान्बाट आज्ञा भयो– 'जसमाथि मेरो कृपा हुन्छ, म त्यसको धन र सम्पत्ति उडाइदिन्छु, किनकि मानिस धनको मातले मात्तिएर मेरो र अरू सबैको हेला गर्न थाल्छ । जसलाई खानदान, कर्म, अवस्था, रूप, विद्या, ऐश्वर्य र धन आदिको घमण्ड हुँदैन त्यसैमाथि मेरो कृपा छ भन्ने बुझ्नू । यो बलि मेरो यस्तै कृपापात्र हो । गुरुले सराप दिंदा, धन खोसिंदा, मेरो नक्कली क्रोधले आक्षेप गर्दा पनि यो विचलित भएन । धर्मप्रति यो दृढता मेरै अनुग्रहबाट यसलाई प्राप्त भएको हो । अब यसले सुतलको राज्य गर्नेछ । आगामी मन्वन्तरमा यसलाई इन्द्र बनाउनेछु । त्यतिन्जेल म आफै गदा लिएर सुतलमा यसको ढोकामा पालो-पहरा गर्नेछु ।'

'प्रभो ! दयाधाम ! म जस्तो अधम असुरमाथि यत्रो कृपा?' –बलिको स्वर गद्गद भयो– 'मबाट प्रभुको आराधना कहाँ भएको छ र ? मैले त केवल प्रभुका चरणमा प्रणाम गर्ने प्रयास मात्र गरेको थिएँ ।' आफ्नो चेलाको यज्ञमा कुनै दोष रहेको भए अथवा कुनै त्रुटि भएको भए त्यसलाई मार्जन गर्न भगवान्ले शुक्राचार्यलाई आज्ञा दिनुभयो । 'जुन यज्ञमा यज्ञपुरुष स्वयं

सन्तुष्ट हुनुभएको छ त्यस यज्ञमा के त्रुटि हुन्थ्यो ? यज्ञीय त्रुटिहरू भगवान्‌को नामकीर्तनबाट नै निर्मूल हुन्छन् । तैपनि म भगवान्‌को आज्ञालाई शिरोधार्य गर्दछु'– यति भनेर शुक्राचार्यले यज्ञको अधुरो काम पूरा गराउनुभयो । बलिले असुरहरूलाई लिएर सुतलतिर प्रस्थान गरे र इन्द्रलाई स्वर्गको राजपाट मिल्यो । बलिको यस महादानबाट नै संसारमा कुनै पनि माथिल्लो दर्जाको त्याग बलिदानको नामले प्रसिद्ध हुन पुग्यो ।

महादानी कर्ण– एकपटक पाण्डवको सभा, इन्द्रप्रस्थमा श्रीकृष्णचन्द्र कर्णको दानशीलको प्रशंसा गर्न लागे । अर्जुनलाई मन परेन । उनले भने– 'हृषीकेश ! धर्मराजको दानशीलतामा के त्रुटि छ र उनकै उपस्थितिमा कर्णको दानशीलताको बढाइ गर्नु !' 'यस तथ्यलाई तिमी आफैं यथासमय बुझ्नेछौ' – भनेर त्यसबेला श्रीकृष्णले त्यो कुरा टार्नुभयो ।

केही समयपछि श्यामसुन्दर अर्जुनलाई लिएर ब्राह्मणवेशमा पाण्डवहरूको राजसदनमा पाल्नुभयो र भन्न लाग्नुभयो– 'राजन् ! म स्वयंपाकी छु । चन्दनको दाउराले पकाएको खानामात्र म खान्छु र त्यस्तो दाउरा कत्ति पनि चिसो हुनुहुन्न ।'

त्यसबेला झरी परिरहेको थियो । युधिष्ठिरले राजसदनमा खोज्न लगाए, तर संयोगवश जो-जोसँग चन्दन थियो त्यो सब भिजेको पाइयो । धर्मराजलाई सकस पऱ्यो तर उपाय केही पनि थिएन ।

उसै वेशमा श्रीकृष्ण र अर्जुन सोझै कर्णको राजधानी गएर त्यही कुरा कर्णसँग गरे । राजसदनमा सुकेको चन्दन थिएन र शहरमा पनि पाइएन । शहरमा सुक्खा चन्दन काठ नपाइएको सेवकहरूबाट सुन्नासाथ कर्णले धनुष चढाए । राजसदनमा बेलबुट्टे मूल्यवान् ढोकाहरू चन्दनका थिए । अनेकौं पलङ्गहरू चन्दनका काठका थिए । कैयौं अरू सरसामानहरू चन्दनबाट बनेका थिए । छिनभरमै कर्णले बाणले तिनलाई चिरेर चाङ लगाउन लगाए र भने– 'भगवन् ! तपाईं खाना पकाउनुहोस् ।'

उनी आतिथ्यप्रेमका भोका भगवान् गोपाल त्यसै कसरी छाड्दथे ! त्यहाँबाट तृप्त भएर बाहिर निस्किसकेपछि श्रीकृष्णले अर्जुनलाई भने– 'पार्थ ! तिम्रो राजसदनमा पनि ढोका इत्यादि चन्दनका नै छन् । तिनलाई नदिन पाण्डव किरन्टोकी होइनन्, तर कुन चीज कहाँबाट कसरी जुटाएर दिनुपर्छ भनी जसको प्राण दान-धर्ममा वास गरेको हुन्छ त्यसैलाई मात्र मौकामा याद हुन्छ ।

अर्को घटना पनि सुन्नुहोस् ।

'आज दानशीलताको सूर्य अस्त हुन लागेको छ ।' जुन दिन कर्ण युद्धभूमिमा धराशायी भए उसै बेलुकी शिविरमा फर्केर आई श्रीकृष्ण अँध्यारो मुख लगाएर बस्नुभएको थियो । 'अच्युत ! कर्णमा यहाँले खिन्न हुनुपर्ने महिमा के थियो ?' – अर्जुनले सोधे । 'हिंड ! त्यस महाप्राणको अन्तिम दर्शन गरेर आऊँ । तिमीले टाढैबाट हेरिरहनू ।' – श्रीकृष्ण उठे । उनले वृद्ध ब्राह्मणको रूप धारण

गरे । रक्तले हिलो भएको, लाशहरूले पाटिएको तथा छिन्न-भिन्न हतियारहरूले ढाकिएको रण-क्षेत्रमा रातको समय स्याल आदि घुमिरहेका थिए । त्यस्तो ठाउँमा मरणासन्न कर्ण लडेका थिए ।

'महादानी कर्ण !'– कराए वृद्ध ब्राह्मण ।

'म यहाँ छु प्रभु !'– पीडाले कराउँदै बल्लतल्ल कर्णले भने ।

'तिम्रो सुयश सुनेर बहुत थोरै पैसाको आशले यहाँ आएको हुँ'– ब्राह्मणले भने ।

'तपाईं मेरो घर पाल्नुहुने कृपा गर्नुहोस्'– कर्णले अरू के भन्न सक्तथे !

'भैगो, म जान्छु । यताउता दौडधूप गर्ने मेरो ताकत छैन ।'–ब्राह्मण रुष्ट भए ।

'मेरा दाँत सुनले बाँधिएका छन् । तिनलाई भाँचेर तपाईं सुन लिनुहोस्' – कर्णले विचार गरेर भने ।

'छिः ब्राह्मणले पनि यस्तो क्रूर काम गर्छ ?'– उनी झन् रुष्ट भए ।

मुस्किलले कर्ण सरे । उनले नजीकै खसिरहेको हतियारमाथि मुख बजारे । हतियारले भाँचिएका दाँतका सुन थुते, तर रक्ताम्य सुन ब्राह्मणले कसरी लिने ? धनुष उचाल्ने शक्ति पनि कर्णमा थिएन । मरणासन्न तथा अत्यन्त घाइते कर्णले हात र घाग्रल मुखले धनुष चढाएर वारुणास्त्रले पानी तुल्याए र सुन धोएर दान गरे । अनि श्रीकृष्ण प्रकट हुनुभयो । अन्तिम समयमा दर्शन दिएर कर्णलाई कृतार्थ गर्न नै पाल्नुभएको थियो लीलामय श्यामसुन्दर ! उनका देव दुर्लभ चरणमा शिर राखेर कर्णले देहत्याग गरे ।

दानधर्मको महिमा

दानधर्मको महिमा– मर्यादा पुरुषोत्तम श्रीराम पञ्चवटीमा निवास गर्नुभन्दा पहिले जब पहिलो पटक महर्षि अगस्त्यको आश्रममा पुग्नुभयो, ऋषिले स्वागत गरेर विश्वकर्माले बनाएको एउटा दिव्य आभूषण उहाँलाई दिँदै भन्नुभयो– 'यसले पहिरने व्यक्तिलाई निर्भय तुल्याउँदछ र अनेकौं आपत्हरूबाट रक्षा गर्दछ ।'

क्षत्रीले दान लिनु उचित हुन्न । श्रीरामले बनमा तापस वेशमा रहने व्रत लिएका थिए, तर महर्षिको आग्रह हुँदा उनैको प्रसाद सम्झी त्यो गहना लिएर श्रीजानकीलाई दिएका थिए । त्यो लिन मन्जूर गर्दै उहाँले सोध्नुभयो– 'यो यहाँले कसरी पाउनुभयो ?' – महर्षिले भन्नुभयो– 'म एक पटक वनमा यात्रा गरिरहेको थिएँ । एउटा ठूलो जंगलमा पुगेपछि मैले एक योजन लामो ताल भेटें । राम्रो सफा पानी थियो त्यसको र किनारामा एउटा आश्रम पनि थियो, तर त्यहाँ कोही थिएन । त्यस वनमा कुनै पशुपक्षी मैले देखिनँ । ग्रीष्म ऋतु थियो । म हिंडेर थकित भएको थिएँ । अतः म त्यस आश्रममा एक रात बसें । बिहान नुहाउन त्यस तालतर्फ जान लाग्दा बाटामा मैले एउटा लाश देखें । मोटोघाटो शरीर देखेर त्यो तापसको लाश होइन भन्ने मलाई लाग्यो । यति सुन्दर र सुपुष्ट मानिस यस जङ्गलमा कहाँबाट आयो होला भनी म सोच-विचार गर्न लागें । यत्तिकैमा

एउटा विमान आकाशबाट उत्रयो। त्यसबाट ओर्लेर एउटा देवता जस्तो मानिसले तालमा नुहाइ-सकेपछि त्यस मुर्दाको मासु मुखले नै टोकेर पेटभरि खायो। त्यो देखेर मलाई आत्मग्लानि भयो।

'तिमी को हौ ? यो घिनलाग्दो आहार किन खान्छौ ?'– त्यो मानिस विमानमा चढ्न लाग्दा मैले सोधें। उसले भन्यो– 'कुनै वेला म विदर्भ देशको राजा श्वेत थिएँ राज्यबाट विरक्त भएर तपस्या गर्न म यस आश्रममा आएँ। लामो समयसम्म तपस्या गरेर मैले शरीर छाडें। तपको प्रतापले मैले ब्रह्मलोक पाए तापनि त्यहाँ पनि मलाई भोकले सताउन लाग्यो। भगवान् ब्रह्माले भन्नुभएको थियो– 'श्वेत ! पृथ्वीमा दान नगरी यस लोकमा कुनै वस्तु भेट्टाइन्न। तिमीले कुनै भिक्षुलाई भिक्षासम्म दिएका थिएनौ। केवल आफ्नो शरीरलाई तिमीले किसिम-किसिमका भोगहरूले मोटो पारेका थियौ। शरीरलाई नै सुकाएर तिमीले तपस्या गऱ्यौ। तप-स्याको फल त तिमीले यस लोकमा पाउनु थियो। तिम्रो शरीर पृथ्वीमा लडेको छ। त्यो पुष्ट र अक्षय बनाइएको छ। तिमी त्यसैको मासु खाएर भोक मेटाऊ। अगस्त्य ऋषिसँग भेट भएपछि तिमी यस्तो घृणित भोजनबाट छुटकारा पाउनेछौ।'

'त्यहाँदेखि यो लाश मेरो आहारा भएको छ। मैले दिनहुँ खाँदा पनि यो घट्दैन'– श्वेतले भन्यो। 'म नै अगस्त्य हुँ'– मैले भनें। तब त्यो बहुत खुशी भयो। करै लगाएर उसले मलाई यो आभूषण दियो। मलाई यसको के काम थियो र। तर उसको उद्धारका लागि मैले त्यो दान लिन मन्जूर गरें।' यसप्रकार महर्षि अगस्त्यले त्यस आभूषणको कथा श्रीरामलाई सुनाउनुभयो।

दानधर्मका आदर्श राजा हर्षवर्धन– प्रायः बाह्र वर्षको अवधिमा बृहस्पति ग्रह मिथुन राशिमा सर्दा तीर्थराज प्रयागमा गङ्गा-जमुनाको सङ्गमको किनारामा कुन जमानादेखि कुम्भ महापर्व मनाइँदै आएको छ, थाहा छैन। त्यसको आधा अवधिमा पर्ने अर्धकुम्भको पर्व मानिन्छ। यद्यपि कुम्भपर्व भारतका चार तीर्थहरूमा मनाइन्छन्, तर अर्धकुम्भ प्रयागमा मात्र पर्दछ। यसप्रकार वर्ष छ-छ मा प्रयागमा कुम्भ अथवा अर्धकुम्भको पर्व पर्दछ।

भारत-सम्राट् शीलादित्य हर्षवर्द्धन कुम्भ अथवा अर्धकुम्भी पर्वको प्रत्येक पटक प्रयाग अवश्य आउनुहुन्थ्यो। सम्राट्को तर्फबाट मोक्षसभाको आयोजना हुन्थ्यो। सनातन-धर्मावलम्बी विद्वान्हरू तथा साधुहरू त आउने नै गर्दथे र त्यसको अलावा देशका सुप्रसिद्ध बौद्ध विद्वान् र भिक्षुहरू पनि आउँदथे। सम्राट्बाट नै सबैका लागि खाने, बस्ने आदि व्यवस्था गरिएको हुन्थ्यो। लगातार एक महीनासम्म धर्मको चर्चा चलिरहन्थ्यो।

हर्षवर्धनले आफूलाई कहिले पनि राजा सम्झेनन् भन्ने कुरा याद गर्न योग्य छ। उनी आफूलाई आफ्नी दिदी राज्यश्रीको प्रतिनिधि मान्दथे। 'प्रयागको यो पवित्र भूमि महादानको भूमि हो। यहाँबाट केही पनि घर फर्काएर लैजानु अत्यन्त अनुचित हुन्छ' भन्ने तपस्विनी राज्यश्रीको भनाइ थियो।

मोक्षसभाको आयोजना पहिलो पटक भएको थियो । हर्षले सर्वस्वदानको घोषणा गर्नुभएको थियो । राज्यश्रीले पनि भएभरको दान गरिसकेकी थिइन् । धन, रत्न, गहना, वस्त्र, सवारी इत्यादि सबका सब दान दिइए । जीउमा लगाउने लुगासम्म पनि राज्यश्रीले नोकरहरूलाई दिइन् । तर उनी त्यसबेला चकित भइन् जब केवल धोतीमात्र फेरेका र उँभो आङ पूरा नांगै भएका उनका भाइ सम्राट् हर्ष सामुन्ने आएर भन्न लागे– 'दिदी ! हर्ष– तिम्रो राज्यको सेवक हो । यो उँभो जीउको लुगा यसले एउटा नाउलाई दिने सङ्कल्प गरि-सकेको छ । आफ्नो यस सेवकलाई के एउटा लुगा नदेउली?' राज्यश्रीका आँखाभरि आँसु भए । उनको शरीरमा पनि केवल एउटा सारी मात्र बाँकी बचेको थियो । उनले खोज्दा शिविरमा एउटा पुरानो लुगा मिल्किएको फेला पारिन् । फाटेर थाङनु भएको कारणले नै त्यो बाँकी रहेको थियो । त्यो कन्था उनले लाएर आफ्नो धोती नाउलाई दिए । २४२

त्यसपछि त्यो एउटा परम्परा बस्यो । प्रत्येक छैटौं वर्ष हर्षवर्धन सर्वस्व दान गर्दथे र दिदी राज्यश्रीसँग मागेर एउटा फाटेको झुत्रो लिन्थे । कम्मरमा कन्था कसेका भारतका ती सम्राट् नाङ्गो शरीर कुम्भको घुइँचोमा पैदल जब दिदीसँग बिदा हुन्थे त्यस महादानीको त्यस बेलाको शोभा के देवताहरूलाई स्वप्नमा पनि प्राप्त हुन सक्तथ्यो ? त्यो झुत्रो पनि हर्षसँग रहन पाउँदैनथ्यो । प्रयागको त्यस सङ्गमक्षेत्रबाट बाहिर पुग्नासाथ कुनै-न-कुनै राजा आइपुगेका हुन्थे ।

'सम्राट् ! यहाँले सर्वस्व दान गरिसक्नुभएको छ । यहाँको यो कम्मरको वस्त्र पाउने आशा राखेर आएको छ यो सेवक ।'

राजाहरूबाट स्नेहपूर्वक टक्र्याइएका उपहारहरूलाई सम्राट्ले स्वीकार गर्नैपर्दथ्यो । त्यो कम्मरमा भिरेको झुत्रो लुगा जसले पाउँदथ्यो ऊ आफूलाई कृतार्थ र अत्यन्त सम्माननीय सम्झन्थ्यो ।

दानशीलता धर्मका आदर्श विद्यासागर– श्री ईश्वरचन्द्र विद्यासागर अत्यन्त साधारण पहिरनमा रहन्थे । एक दिन उनी कलकत्तामा कतै जान लागेका थिए । बाटामा एउटा मानिसलाई खिन्न देखेर उनले त्यसको दुःखको कारण सोधे । उसले पहिले त भन्न चाहेन । धेरै सोधेपछि उसले भन्यो– 'मैले छोरीको विवाहका लागि ऋण काढ्नुपरेको थियो । रूपैयाँ तिर्ने प्रबन्ध मिलाउन सकिएको छैन र साहुले नालिश हालिसक्यो । अब त ह्यालखान जानु नै भाग्यमा लेखिएको छ ।'

विद्यासागरले उसको नाम र ठेगाना पत्ता लगाइसकेका थिए । उसलाई सहानुभूति देखाएर हिंडे । उसको तर्फबाट कुनै मानिसले अदालतमा रूपैयाँ धरौटी राखिसकेको रहेछ भनी उसले तारीख थाम्न आउँदा पत्ता पायो । मुद्दा सिद्धियो । कसले रूपैयाँ जम्मा गरेको हो भन्ने पत्ता लगाउनु उसका लागि सम्भव थिएन । बाटामा भेटिएको गाउँले जस्तो मानिसको त्यो काम होला भनी ऊ अन्दाजै गर्न सक्तैनथ्यो । हर्जा परी हैरान भएका, गरीब र दुःखीहरूको खोजी-तलासी गर्ने विद्या-

सागरको स्वभाव थियो र सहायता कसले गरेको हो त्यसको सुइँकोसम्म सहायता पाउनेले नपाउने गरी उनी प्रायः सदृत गर्दथे। यस्तै नै सर्वोत्तम दान हुन्छ।

आतिथ्यधर्मका आदर्श महर्षि मुद्गल– हिन्दू-धर्ममा अतिथि-सत्कार प्रमुख कर्तव्यको रूपमा मानिएको छ । अधिकांश ऋषिमुनिहरू गृहस्थ ब्राह्मण हुन्थे भन्ने कुरा स्मरणीय छ । वीतराग, तपस्वी र भजननिष्ठ भएकाले उनीहरू धेरैजसो बस्तीहरूबाट धेरै टाढा कुटीहरूमा बस्ने गर्दथे र पढ्ने र पढाउने काम गरिरहन्थे ।

महर्षि मुद्गलले शिलोञ्छवृत्ति लिएका थिए । किसानहरूले बाली काट्दा खेतमा झरे-परेका अन्नलाई 'शिला' र अनाजको बजारका पसलहरू बन्द भइसकेपछि यताउति उछिट्टिएर पडिरहेका अन्नका गेडालाई उञ्छ भन्दछन् । मुद्गलजी र उनका परिवारका मानिसहरू यामअनुसार त्यस्तो सिलो र उछिट्टिएका अन्नका दाना टिप्ने गर्दथे र त्यसैबाट आफ्नो जीविका चलाउँदथे । त्यसैमा पनि ३४ सेरभन्दा बढ्ता अन्न कहिल्यै जम्मा नगर्ने नियम बनाएका थिए ।

विषयी मानिसहरू भोगप्रिय हुन्छन्, तर ऋषि र ऋषिको परिवार तपस्वी थिए । जिन्दगी-को एक-एक क्षण मूल्यवान् हुन्छ र त्यसलाई भगवान्को स्मरण र भजनमा लगाउनुपर्दछ । त्यसैकारण मुद्गलको घरपरिवार औंसी र पूर्णिमामा मात्र खाना खान्थे । त्यस बखत पनि चूलो-चौकोको झन्झट-मा समय खेर जान नपाओस् भन्ने अभिप्रायले जम्मा पारेको अन्नलाई भुटेर सातु पिनेर राखेको हुन्थ्यो । अमावास्या र पूर्णिमामा पनि सातु खायो र भजनमा लागिरह्यो । शरीर धान्नलाई त्यति आहार प्रशस्त हुन्थ्यो ।

'भगवान् ! यस कङ्गालको आतिथ्य ग्रहण गरेर यसलाई कृतार्थ गर्नुहोस्'– एउटा औंसीको दिन महर्षि दुर्वासा मुद्गलजीको छाप्रोमा पुगेपछि मुद्गलजीले उनका गोडा धोए, उनलाई आसनमा बसाले र उनको पूजा गरेपछि भोजन गर्नका लागि निवेदन गरे ।

'म भोकले सताएर नै आएको हुँ' –दुर्वासाले खान माने । त्यति शुद्ध र सात्त्विक भोजन, त्यतिको स्नेह र श्रद्धाबाट मिलेर भए सर्वलोकमा नित्य-तृप्त महेश्वरलाई पनि भोक लाग्ने हुन्छ । दुर्वासाजी खान बसे, उनले भएभरको सबै सातु सिध्याए र खुशी भएर बिदा भए । मुद्गलजीलाई पनि भोक लागेको थियो, तर त्यस वेला अन्न जम्मा पार्ने झन्झट कसले गर्ने ? अघिल्लो पर्वसम्मका लागि भोजन टन्यो र सबैजना भजनमा लागे । तर दुर्वासालाई त्यो सातु यति मीठो लाग्यो कि उनी अर्को पर्वमा पनि त्यहाँ आइपुगे । यसप्रकार उनको आगमन ६ पटकसम्म अमावास्या र पूर्णिमामा भइ नै रह्यो । महर्षि मुद्गलले पनि उत्तिकै उत्साह र उत्तिकै श्रद्धाले उनको आतिथ्य सत्कार गर्न कुनै कसर राखेनन् । पूरा तीन महीना मुद्गल परिवारलाई निराहार रहनुपऱ्यो ।

'महाभाग ! हजूर विमानमा पाल्नुहोस्, हजूरलाई पाएर स्वर्ग धन्य हुनेछ' भन्दै देवदूत-हरू विमान लिएर महर्षि मुद्गललाई स्वर्गमा लैजाने उद्देश्यले आए, तर धन्य छ महर्षिको विवेक र

त्याग । उनले देवदूतहरूबाट स्वर्गबारे विस्तृत जानकारी लिइसकेपछि भने -'म जान्नँ त्यहाँ । त्यहाँ पनि अतृप्ति, असन्तोष, आफ्नोभन्दा ठूलो मानिने पद र आफ्नोभन्दा धेरै मानिने भोगका उपभोक्ता-हरूप्रति ईर्ष्या र असूया आदि छन् भने त्यहाँ गएर केही लाभ छैन जहाँ दुःख र अभाव सँगसँगै रहन्छन् ।' यस्ता त्यागीलाई त परमपदमा पुग्नु थियो ।

महाराज मयूरध्वज–महाभारतको युद्ध समाप्त भइसकेको थियो । सम्राट् युधिष्ठिरले अश्वमेध यज्ञ गर्न घोडा फुकाए । ठीक त्यसैवेला रत्नपुरका नरेश धार्मिक र भगवद्भक्त राजा मयूर-ध्वजले पनि अश्वमेध यज्ञको शुभारम्भ गरे र त्यस यज्ञको यज्ञीय अश्व पनि फुकिसकेको थियो । राजकुमार ताम्रध्वज त्यस अश्वको रक्षा गर्दथे । युधिष्ठिरको यज्ञीय अश्वको रक्षा गर्दै अर्जुन मणि-पुरमा पुग्दा रत्नपुरको यज्ञीय अश्व पनि त्यहाँ आइपुग्यो । फलस्वरूप दुवै दलमा युद्ध शुरू भयो ।

अर्जुनको धारणा थियो –'म जस्तो वीर अर्को छैन । श्रीकृष्णलाई पनि वशमा तुल्याउने प्रबल शक्तिको स्रोत ममा छ र म जस्तो भक्त पनि अरू को हुन सक्तछ ?' भगवान् त गर्वहारी हुनुहुन्छ । आफ्ना भक्तहरूको चित्तमा अहङ्कारलाई बस्न दिनुहुन्न । मणिपुरको त्यस युद्धमा गाण्डीव धनुका धनी अर्जुनलाई हार्नुपऱ्यो । श्रीकृष्ण र अर्जुन दुवै रणभूमिमा मूर्छित भए । राजकुमार ताम्रध्वजले दुवै यज्ञका घोडाहरूलाई आफ्ना बाबु महाराज मयूरध्वजका छेउमा लिएर गए । मन्त्रीले ठूलो उत्साहसित राजालाई विजयको समाचार सुनाए ।

'तँ मेरो छोरो नभएर शत्रु होस्' भन्दै प्रसन्नताको बदला राजाले निकै क्षोभ र दुःखको अनुभव व्यक्त गरे । भवभयहारी श्रीहरिको साक्षात् दर्शनको सौभाग्य पाउँदा पनि उहाँको सेवामा नलागेर उल्टै यज्ञको घोडा लिएर आउनु तेरो कत्रो दुःसाहस हो । भक्तवत्सल भगवान्का अनुग्रह-भाजन युधिष्ठिरका यज्ञमा तँबाट बाधा भयो । तँलाई यति पनि थाहा छैन–यज्ञको सम्पूर्णता मेरो लक्ष्य हैन । मैले त यज्ञहरूद्वारा भगवान्कै आराधना र अर्चना गर्ने गरेको छु । भगवान्को प्रसन्नता मात्र मेरो अभीष्ट हो ।

उता युद्धभूमिमा मूर्छाबाट ब्यूंझेका अर्जुन निकै दुःखी थिए । फुकाइएको घोडा नफर्केपछि धर्मराजको यज्ञ अपूर्ण हुने चिन्ताले व्याकुल अर्जुनको शक्तिको घमन्ड नष्ट भए पनि भक्तिको घमण्ड अझै पनि बाँकी नै थियो । चिन्तित अर्जुनलाई आश्वस्त गराएर श्रीकृष्ण स्वयं ब्राह्मणको रूप लिई अर्जुनलाई शिष्यका रूपमा अनुगामी बनाई एउटा आफ्नो मायाले रचिएको सिंहलाई साथमा लिएर रत्नपुरमा जानुभयो ।

श्रीकृष्णले रत्नपुरको दरबारमा पुग्नासाथ मयूरध्वजलाई 'स्वस्ति राजन् !' भन्दै आशीर्वाद दिनुभयो ।

राजा मयूरध्वजले श्रद्धापूर्वक प्रणाम गर्दै भगवान्सँग निवेदन गरे –'भगवान्! हजूरको किन यस्तो अनुचित आचरण ! ब्राह्मणले त अरूले प्रणाम गरेपछि मात्र आशीर्वाद दिनु-पर्छ । म त हजूरको सेवक हुँ, मैले के सेवा गर्नुपर्छ आज्ञा पाऊँ ।'

ब्राह्मणवेशधारी श्रीकृष्णले भन्नुभयो–'राजन् ! हामी तपाईंका अतिथि हौं र ठूलो महत्त्वाकांक्षा लिएर आएका छौं । म आफ्नो छोरासित यता आउन लाग्दा मसित सँगै आएको यस भोको सिंहले मेरो छोरालाई खानै आँटयो । मेरो निकै अनुनय विनयपछि यसले राजा मयूरध्वजको शरीर उनकी महारानी तथा उनका छोराले आराले चिरेर त्यस शरीरका दायाँ भागहरू दिएमा आफू तृप्त हुने कुरा गरेको छ ।'

मयूरध्वजले सहर्ष स्वीकृतिको मुद्रामा भने–'यो नाशवान् शरीर ब्राह्मणको हितमा लगाउन पाउनु मेरो परम सौभाग्यको विषय हो ।'

'म महाराजाकी अर्धाङ्गिनी हुँ, सिंहले मलाई खाएमा नरेशको आधा अङ्ग सिंहले खाएको मानिनेछ' –महारानीले आफ्नो हार्दिक इच्छा व्यक्त गरिन् ।

ब्राह्मणले आपत्ति जनाउँदै भने–'देवी ! यद्यपि तपाईंको भनाइ सत्य हो, तर नारी पुरुषको वामाङ्ग हो र सिंहलाई नरेशको दक्षिणाङ्ग चाहिएको छ ।'

'पुत्र पिताको नै स्वरूप मानिएको हुँदा म महाराजाको स्वरूप र दक्षिणाङ्ग पनि हुँ तसर्थ सिंहले मलाई आफ्नो आहार बनाउनुपर्छ र महाराजाको जीवन रहनुपर्छ'–राजकुमारले भने ।

ब्राह्मणले अस्वीकृतिको मुद्रामा भने–'बाबु ! तिमीले सुनिसकेका छौ–तिमी र तिम्रो आमाले आरा लगाएर चिरिएको अर्धाङ्ग नै सिंहको भोज्य हुनेछ, तिमी पिताका प्रतीक हौ, तर आफ्नो अङ्ग आफै छिन्न त सक्तैनौ ।'

राजाका मन्त्रीहरू, सभासद्हरू र अरू हितैषीहरूले उक्त प्रसङ्गमा ठूलो आपत्ति जनाउँदा राजाले 'तीं मेरो हितैषी छन् र त्यसैले मेरो परम कल्याण चाहन्छन्, उनीहरूले यस कुरामा हस्तक्षेप गर्न हुँदैन' भनेर सबैलाई चूप लाग्न विवश गराए ।

आरा तयार पारियो । 'माधव ! गोविन्द ! मुकुन्द !' उच्चारण गर्दै राजा मयूरध्वज आरामुनि शान्त र स्थिर भएर बसिरहे । उनले राजमुकुट उतारिसकेका थिए । रानी र राजकुमारले आरा चलाएपछि राजाको मस्तक चिरिन पुग्दा रगतको धारा बग्न थाल्यो र राजाको बायाँ नयनबाट आँसुका दुइटा थोपा गुडेका देखिए ।

ब्राह्मणले रोषको मुद्रामा भने–'दुःख मानी-मानी दिइएको दानलाई म अस्वीकार गर्दछु ।'

'भगवन् ! मेरो बायाँ आँखादेखि आँसु खसेको न हो ! यस शरीरको बायाँ भागलाई अभागी भएकोमा दुःख लागेको छ किनकि मेरो शरीरको दायाँ भाग हजूरको सेवामा अर्पित पाएर सार्थक र गौरवान्वित भएको छ भने बायाँ भाग यस उपलब्धिबाट वञ्चित हुन गएको छ ।'–राजा मयूरध्वजले निवेदन गरे ।

'तिमी धन्य छौ' भन्दै सहसा शङ्ख, चक्र, गदा र पद्म लिनुभएका चतुर्बाहु नवजलधर-सुन्दर भगवान् श्रीकृष्णको स्वरूप प्रकट भयो । आरा उठाएर फ्याँकिदिनुभयो । भगवान्को कर-स्पर्श हुनासाथ मयूरध्वजको शरीर स्वस्थ भयो । अर्जुन आफ्नै रूपमा देखिए, सिंह अदृश्य भयो । भगवान्ले वरदान माग्न अन्हाएपछि भगवान्का चरणमा परेको आफ्नो शरीरलाई उठाउँदै राजा मयूरध्वजले भने– 'भगवान्! हजूरका चरणकमलमा मेरो अविचल भक्ति सदा रहोस् । अर्को निवेदन छ दयासागर ! हजूरबाट भक्तहरूको यस्तो कठोर परीक्षा फेरि नलिइयोस् ।' प्रभुबाट आज्ञा भयो– 'एवमस्तु ।' उहाँबाट यो बाहेक अरू कुरा भनिने सम्भावना पनि के थियो र !

'महाराज ! मेरा अपराधमा क्षमा पाऊँ' भन्दै अर्जुन राजाका पाउमा पर्दा राजा मयूर-ध्वजले उनलाई उठाएर छातीमा लगाए । अर्जुनको गर्व गइसकेको थियो ।

'तपाईं आफ्नो यज्ञीय अश्व लिएर जानुहोस् । धर्मराजसँग राजकुमार ताम्रध्वजको धृष्टता-का लागि मैले क्षमा चाहेको कुरा बताइदिनुहोस् । उहाँ सम्राट् पदका अधिकारी हुनुहुन्छ । श्रीकृष्ण-का कृपाभाजन धर्मराजको अनुगामी हुन पाउँदा मलाई गौरव नै छ' – राजा मयूरध्वजले आफ्नो हृदय खोले । यसरी सत्कृत भएर अर्जुन आफ्ना नित्य-सारथि श्रीकृष्णका साथ यज्ञीय अश्व लिएर रत्नपुरबाट बिदा भए ।

भगवान् श्रीकृष्णको अपूर्व अतिथिसत्कार –महर्षि दुर्वासा एकपटक 'मलाई वास चाहिएको छ । कोही मलाई आफ्नो घरमा वासको बन्दोवस्त मिलाउन सक्तछ ? तर अतिसामान्य अपराधमा पनि मेरो क्रोधको आगो दनदनाउने कुरा प्रत्येक वास दिन चाहने व्यक्तिले पहिले नै राम्ररी सोच्नु र बुझ्नुपर्नेछ' भन्दै घुमिरहेका थिए ।

लामा-लामा जटाहरू भएका, हातमा बेलको लौरो लिएका, चीरवस्त्रधारी, क्षीणकाय र प्रसिद्ध तपस्वी दुर्वासा ऋषि सुप्रसिद्ध क्रोधी पनि भएकाले उनलाई आफ्नो घरमा वास दिएर विनाकारण विपत्तिलाई निम्त्याउने रहर कसलाई लाग्थ्यो ? तीनै लोकमा कसैले पनि उनलाई घरमा वास दिन चाहेनन् । यसरी वासको खोजीमा घुम्दा-घुम्दै महर्षि दुर्वासा एक दिन द्वारकामा पुगे । पुण्यात्मा, पापी, क्षमाशील र क्रोधी जनहरूले समेत उनका चरणाविन्दमा आश्रय पाउँछन्, त्यस्ता त्रिलोकीका परमाश्रय, श्रीकृष्णका ढोकाबाट आश्रयाभिलाषी ऋषि निरास भएर फिर्ने फर्कनु असम्भव थियो । श्रीकृष्णले दुर्वासालाई आदरपूर्वक बोलाएर आफ्नै भवनमा निवासको व्यवस्था मिलाइ-दिनुभयो ।

दुर्वासाको जीवनशैली आफ्नै किसिमको थियो । उनी कहिले एक हजार मानिसलाई पुग्ने भोजन एक्लै खाइदिन्थे, कहिले एउटा सानो बालकलाई पुग्ने आहारले अघाउँथे । कहिले घरबाट बाहिर गएपछि फर्कंदै फर्कन्नथे भने कहिले मध्यरातमा आएर भोजन माग्दथे ।

संसारको सृष्टि, स्थिति र संहार जसका सामान्य क्रीडा हुन पुग्दछन् र भगवती योगमाया जसको सेवामा सदा करबद्ध उपस्थित हुन्छिन्, उनै श्रीकृष्णलाई महर्षि दुर्वासा कुनै असुविधा कसरी उब्जाउन सक्तथे ? यस्तो कुन व्यवस्था छ जो श्रीकृष्णको संकेतमात्रले उपस्थित हुन नसकोस् ।

एक दिन महर्षिले आफू बस्ने ठाउँमा रहेका सबै सामग्रीहरूमा आगो लगाउँदा त्यहाँ भएका सबै प्राणी र पदार्थहरू डढेर खरानी भएपछि भाग्दै-भाग्दै आएर भने– 'वासुदेव ! मलाई खीर खान मन लागेको छ ।'

'महर्षि ! आसनमा राज होस्' भन्दै श्रीकृष्णचन्द्रले उभिएर सादर दुर्वासाका पाउ धुनुभयो । दुर्वासा आसनमा बसेपछि महारानी रुक्मिणीले स्वर्णपात्रमा खीर पस्किन् ।

दुर्वासाले धेरैजसो खीर थालमा जूठै छाडेर श्रीकृष्णलाई आदेश दिए– 'तपाईं तुरुन्तै यो जूठो खीर आफ्नो शरीरमा पोत्नुहोस्

'जो आज्ञा !' भन्दै श्रीकृष्णले सम्पूर्ण अङ्गहरूमा खीर पोत्नुभयो । महारानी रुक्मिणी उभिएर त्यो दृश्य हेरिरहेकी थिइन् । दुर्वासाले आज्ञा दिएर उनका शरीरमा पनि बाँकी खीर पोत्न लगाए । खीरले पोतिएर सेताम्य भएकी श्रीरुक्मिणीलाई दुर्वासाले आदेश दिए– 'तिमी रथ तान, म त्यसमा बस्छु ।' यसरी रुक्मिणी रथमा नारियिन् । त्यस रथमा बसेर दुर्वासा ऋषि कोर्रा चलाउन थाले । रुक्मिणीद्वारा तानिएको रथ राजभवनबाट बाहिर निस्केर खुला राजमार्गमा चल्न थाल्यो । सो दृश्यले यादवहरूको मन सान्है पोलेको थियो, तर विरोधको स्वरमा बोल्ने साहस कसैको थिएन ।

दुर्वासाद्वारा हाँकिएको रथ तान्दा-तान्दा सान्है थाकेर रुक्मिणी लरखराउन थालेपछि अचानक दुर्वासा रथबाट कुदेर दक्षिण दिशातिर पैदलै भाग्न थाले । त्यो देखेर श्रीकृष्णले पनि खीरले पोतिएको स्वरूपमा नै बाटो नभएको ठाउँमा पनि दौडिरहेका दुर्वासाका पछिपछि' दौडँदै भन्नुभयो– 'भगवन् ! प्रसन्न हुनुहोस् ।' सुनेर दुर्वासाले उभिँदै भने– 'महाबाहो वासुदेव ! तपाईंले रिसलाई जितनुभएको छ । तपाईं संसारमा सर्वप्रिय हुनुहुनेछ । तपाईंले सम्पूर्ण शरीरमा खीरको लेपन गर्नुभएको हुँदा तपाईंको सम्पूर्ण शरीर शास्त्रास्त्रबाट अभेद्य हुनेछ, तर तपाईंले पैतालामा खीर नदल्नुभएको हुँदा तौ पैतलाहरू निर्भय र अभेद्य हुन सकेनन् ।' त्यसपछि रुक्मिणीतिर फर्केर दुर्वासाले आशीर्वादको स्वरमा भने– 'कल्याणी ! तिमीलाई व्याधि र वार्धक्यले छुन सक्ने छैनन्, तिम्रो अङ्गकान्ति कहिल्यै मलिन हुने छैन र तिम्रो यशले त्रिलोकैलाई पवित्र गर्नेछ ।'– यति भनेर महर्षि दुर्वासा त्यहीं नै अदृश्य भए ।

आतिथ्य रूप धर्मको फल– प्रतिष्ठानपुरका राजा सातवाहनले शिकार खेल्न वनमा जाँदा आफ्ना दल-बलसित बिछोडिएर बाटो बिर्सेपछि बीच बनमा भट्कँदा-भट्कँदै अचानक एउटा भील (भिल्ल) को छाप्रो भेटे । भोक र प्यासले व्याकुल सातवाहनलाई बिचरा भिल्लले राजा हुन् भनेर चिन्न नभ्याए पनि पाहुनाको रूपमा आफूले सक्ने सत्कार गर्दै पानी र सातु

टक्न्याएर आफ्नो कर्तव्यको पालना गऱ्यो । अरू दिने कुरा त ऊसँग थियो नै के र ! त्यो सातुबाट राजा तृप्त भए । भिल्लको छाप्रो निकै सानो थियो । शीतकालीन रात्रिको कुरा, संयोगवश त्यसै बेला ठूलो झरी पऱ्यो । त्यस भिल्लले पाहुनालाई छाप्रोभित्र बोलाएर त्यहाँ साँघुरो ठाउँ भएको हुँदा आफू ओतिने ठाउँ नभएर त्यस जाडो यामको झरीमा छाप्रोबाहिर पानीले भिजिरहयो । अत्यन्त ठण्डीले बिचरा भिल्ल त्यसै रात मऱ्यो । अर्को दिन बिहान राजाका सैनिकहरू राजालाई खोज्दै त्यहाँ आइपुगे । राजाले ठूलो सम्मानका साथ त्यस भिल्लको अन्तिम संस्कार गराए । दिवङ्गत भिल्लकी पत्नीको पत्ता लगाएर उसलाई निकै धन दिइयो । यी सम्पूर्ण कुरा गरेपछि सातवाहन राजधानीमा त फर्के तर उनको चित्तमा शान्ति भने भएन । उनलाई यस चिन्ताले सताइरहयो– 'मैले गर्दा नै बिचरा भिल्ललाई मर्नुपऱ्यो ।' पीरले दुब्लाउँदै गएका राजालाई देखेर महापण्डित र ज्योतिर्विद् वररुचिले एक दिन उनलाई नगरसेठको घरमा लिएर गए । नगरसेठको घरमा भर्खरै जन्मेको बालकलाई राजाका सामु ल्याइएपछि पण्डितप्रवर वररुचिको आदेशमा त्यस बालकले भन्यो– 'राजन ! म तपाईंप्रति कृतज्ञ छु । तपाईंलाई सातु दिनाले म नगर सेठको छोरो भएर जन्मन पाएँ र त्यसै पुण्यको प्रतापले मलाई बितेको जन्मको सम्झना छ ।'

महाराणा प्रताप र उनकी कन्या– हिन्दूकुल-सूर्य महाराणा प्रतापले चित्तौड छाडिसकेका थिए । महारानी, शिशु राजकुमार तथा राजकुमारीलाई लिएर उनले अरावलीका वनमा शरण लिनुपरेको थियो । दिल्ली-सम्राट् अकबरको शक्तिशाली सेना उनकै खेदोमा पछि लागेको हुँदा उनीहरूले गुफामा, वनमा र नदी-नालाहरूमा रात बिताउनुपर्दथ्यो । तिनताक वनमा कन्द, फल र चपाउन सकिने घाँसका पातसम्म पनि थिएनन् । स्वयं महारानी घाँसका बीजहरू ढुङ्गामा पिनेर रोटी बनाउँथिन् । त्यो प्रक्रिया पनि सधैं हुन पाउन्नथ्यो । पूरा परिवार यसरी सुकेर अस्थिकङ्काल भइसकेको थियो ।

यिनै विपत्तिका दिनको कुरा हो । धेरै दिनसम्म लगातार निराहार रहेपछि मात्र एकदिन केही घाँसका बीजहरू जम्मा हुन सके । त्यही पिन्दा बल्लतल्ल एउटा मात्र रोटी बन्यो । महाराजा र महारानीलाई त पुग्ने कुरै थिएन । दुई भाइबहिनालाई आधा-आधा रोटी बाँडियो । राजकुमार निकै अबोध भएका हुँदा उनले आफ्नो भागको आधा रोटी तत्काल खाइहाले । राजकुमारी भर्खरकी बच्ची नै भए पनि परिस्थितिका विवशताहरूलाई बुझ्दथिन् । उनले आफ्नो भागमा परेको आधा रोटी नखाई भुइँमा ढुङ्गाले च्यापेर दबाइन्, किनकि भोक लाग्यो भनेर भाइ रुँदा उसलाई दिनु आवश्यक थियो ।

वनको त्यस निर्वासित र अभावग्रस्त जीवनमा पनि एक दिन एउटा अतिथि महाराणा प्रतापको निवासमा आइपुगे । महाराणा शिलामा सुकेका पातहरू बिछ्याएर आसन दिई पाउ धुन पनि टक्क्याएपछि चिन्तित मुद्रामा यताउति हेर्न थाले । मेवाडका स्वामीसँग आज एउटा पाहुनालाई पानीसित टक्क्याउन दुइटा जुनेलाका दाना पनि थिएनन् । उनकी छोरीले पिताको

आशय बुझेर आफ्नो भागको आधा टुक्रा रोटीलाई पातमा राखी पाहुनाका सामु टक्र्याउँदै भनिन्– 'आज हामीसँग हजूरको सत्कार गर्न सुहाउने कुनै पनि कुरा छैन। हजूर कृपया यसैलाई स्वीकार गर्नुहोस् ।'

पाहुना त्यो रोटी खाएर बिदा भए। उनी गएको केही बेरमा नै ती राजकुमारी मूर्छित भएर लडिन्। निरन्तर निराहारले गर्दा उनी साह्रै दुब्ली र अशक्ता भइसकेकी थिइन् र त्यो उनको अन्तिम मूर्छा थियो। जुन रोटीलाई भाइका निम्ति लुकाएकी थिइन् र पछि पाहुनालाई टक्र्याइन् त्यो रोटी नै उनको जीवन थियो। उनको भ्रातृप्रेम र आतिथ्य धर्म दुवै धन्य भएका छन् ।

दया-धर्म

परे वा बन्धुवर्गे वा मित्रे द्वेष्ये रिपौ तथा ।
आपन्ने रक्षितव्यं हि दयैषा परिकीर्तिता । -अत्रिस्मृति

पराई, बन्धु-बान्धव, मित्र, आफूसँग द्वेष गर्ने मानिस र शत्रु नै पनि विपत्तिग्रस्त भएमा उसको रक्षा गर्नु दया कहिन्छ।

न हि प्राणैः प्रियतमं लोके किञ्चन विद्यते ।
तस्मात् प्राणिदया कार्या यथाऽऽत्मनि तथा परे ।।

"संसारमा प्राणभन्दा प्यारो कुनै कुरा छैन। त्यसकारण सबै प्राणीहरूमा दया गर्नु पर्दछ। आफूले अरूबाट दया चाहेजस्तै अरूले पनि आफूबाट दया चाहेको कुरा मनन गर्नु पर्दछ।"

–महाभारत, अनुशासनपर्व

दया-धर्मका आदर्श परोपकारी राजा– पद्मपुराणको पातालखण्डमा एउटा पुण्यात्मा राजाको कथा छ। उनलाई कुनै कारणवश देवदूतहरूले नरकको बाटो हुँदै स्वर्ग लैजान लाग्दा राजाको शरीरलाई स्पर्श गरेर आएको हावाको स्पर्शले नरकको डरलाग्दो यन्त्रणा भोगिरहेका दीन-दुःखी र आर्त प्राणीहरूको व्यथा हर्लुंगिदै गयो। उनीहरू राजालाई बारम्बार पुकारेर त्यहीं बस्न आग्रह गर्न थाले। दयालु राजाले त्यहीं रोकिएर देवदूतहरूलाई भने–'भाइ हो! मेरो शरीरलाई स्पर्श गर्ने हावाबाट यदि ती प्राणीहरूलाई सुखको अनुभूति भएको छ भने मलाई त्यहीं पुऱ्याउनुहोस् जहाँ ती आर्त प्राणीहरू छन्। संसारमा ती नै सुकृति पुरुष हुन् जो परहितका लागि पीडित रहन्छन्। ती सन्त हुन् जो अरूको पीडा पन्छाउँछन् र दुःखीहरूको दुःख हटाउन आफ्ना प्राणहरूको वास्ता राख्दैनन्। यस्तै परहितमा समर्पित सन्तहरूबाट नै पृथ्वीको धारण भएको छ। केवल आफ्नो मनको सुख त नरक जस्तै हो। यस संसारमा आर्त प्राणीहरूको दुःखलाई जस्ताको तस्तै रहन दिएर यदि कुनै सुखको उपलब्धि हुन्छ भने त्यस सुखलाई भोग्नुको सट्टा मर्नु या नरकमा पर्नु नै राम्रो हुन्छ।

जसको मन सङ्कटमा परेका प्राणीहरूको रक्षा गर्न तत्पर हुँदैन त्यसले गरेका यज्ञ, दान र तपस्या यस लोक र परलोक दुवैका कल्याणका साधक बन्दैनन्। देवदूतहरूले भने–'महाराज! तपाईं ठूलो पुण्यात्मा पुरुष हुनुहुन्छ। अहिले तपाईंलाई लिन स्वयं धर्मराज र देवराज इन्द्र आउँदै हुनुहुन्छ। उहाँहरूसित नै तपाईं जानुहुनेछ।' त्यसपछि त्यहाँ आइपुगेका धर्मराजले भने--'राजन्! अब तपाईंले यस विमान-बाट छिटै अगाडिको यात्रा गर्नुपर्‍यो।' राजाले भने–'धर्मराज! यहाँ नरकमा हजारौं प्राणीहरू कष्ट भोगिरहेछन् र मलाई लक्ष्य गरेर बारम्बार आर्त भावले त्राहि-त्राहि पुकारिरहेका छन्। यिनीहरू-लाई छाडेर म स्वर्ग जान चाहन्नँ। तपाईंले मलाई धेरै पुण्य भएको ठहराउनुभएको छ भने मेरो जे-जति पुण्य छ त्यसद्वारा यी यातना भोगिरहेका पातकी प्राणीहरूलाई नरकबाट छुटाउन अनुरोध गर्दछु।' धर्मराजसित सँगै आएका इन्द्रले भने– 'तपाईंको यस पुण्यदानले तपाईंको पुण्य बढेको र अझै उच्च स्थान पाउनुभएको छ। हेर्नुहोस्–यी पापी जीवहरू नरकबाट मुक्त भए।' त्यसैबेला राजामाथि फूलहरूको वर्षा हुन लाग्यो। स्वयं भगवान् विष्णुले आई उनलाई विमानमा बसालेर दिव्य धाममा लिएर जानुभयो र जति पनि त्यहाँ पापी जीवहरू थिए तो सबै नरक-यन्त्रणाबाट मुक्त भएर गए।

२५०

न दयासदृशो धर्मो न दयासदृशस्तप ।
न दयासदृशं दानं न दयासदृशः सखा ॥
दुःखितानां हि भूतानां दुःखोद्धर्ता हि यो नरः ।
स एव सुकृतिर्लोके ज्ञेयो नारायणांशजः ॥
न स्वर्गे नाऽपवर्गेऽपि सत्सुखं लभते नरः ।
यदार्तजन्तुनिर्वाणदानोत्थमिति नो मतिः ॥ -पद्मपुराण, पातालखण्ड

दयाजस्तो धर्म कुनै छैन, दयासमान कुनै तपस्या छैन, दयाबराबर कुनै दान छैन र दया-तुल्य कुनै मित्र छैन। जुन मानिस दुःखसन्तप्त प्राणीहरूको उद्धार गर्दछ त्यो मानिस पुण्यात्मा हो र त्यसलाई नारायणको अंशबाट उत्पन्न सम्झनुपर्दछ। मनुष्यले आर्त प्राणीहरूलाई दुःखबाट मुक्त गराएपछि जुन सुख र सन्तुष्टि पाउँछ त्यसका सामु स्वर्ग र मोक्षको सुखको कुनै मूल्य हुँदैन।

अब्राहम लिङ्कन–श्री अब्राहम लिङ्कन त्यसबेला अमेरिकाको राष्ट्रपति पदमा पुगिसकेका थिए। एकदिन उनले आफ्नो मोटर आफैं हाँक्दै राज्यसभाको अधिवेशनमा सम्मिलित हुन जाँदा बाटामा एउटा सुँगुरलाई हिलोले भरिएको खाल्डोमा धस्सिएको देखे। त्यो हिलोबाट बाहिर निस्कन चाहन्थ्यो तर धापमा अझ भास्सिँदैथ्यो। लिङ्कनले मोटर रोकेर हिलोमा गई सुंगुरलाई त्यसबाट मुक्त गराएपछि मात्र मोटरमा आएर बसे। राज्यसभाको बैठकको समय भइसकेको थियो। उनी तिनै हिलोमा लतपतिएका लुगामा त्यहाँ पुग्दा सभासद्हरूले कारण थाहा पाएर राष्ट्रपतिको निकै प्रशंसा गरेपछि उनले भने–'यसमा प्रशंसाको के कुरा छ र! हिलोमा फसेको त्यस प्राणीलाई देखेर

म दुःखी भएँ र मेरो दुःखलाई हटाउन मैले त्यो काम गरें । वस्तुतः मैले आफ्नै कल्याण गरेको छु किनकि उसलाई हिलोबाट मुक्त गर्नासाथ मेरो दुःखको निवारण भएको छ ।'

प्राणिमात्रका दुःखमा दुःखी भएर उनीहरूलाई दुःखबाट मुक्त गराउन चेष्टा गराउने अन्तःप्रेरणाको नाम नै दया हो ।

परोपकार-धर्म

परोपकार व्यापक शब्द हो । सेवा, त्याग, प्रेम, सुहृदयता, कष्टसहिष्णुता आदि यसका अङ्ग मानिएका छन् । पूर्वोक्त सम्पूर्ण गुणहरूको समवाय नै परोपकार हो । शुद्ध रूपमा ईश्वर-प्रेमको अभिव्यक्ति पनि परोपकारद्वारा नै हुन्छ । परोपकारका लागि आत्मबलिदान गर्ने महामानवहरूको गौरवगाथाले हिन्दूहरूको इतिहास देदीप्यमान छ । परेवाको प्राणरक्षाका लागि आफ्नो शरीरको मासु सुम्पने राजा शिवि, नागहरूको जीवनको रक्षा गर्न आफ्नो जीवनको उत्सर्ग गर्ने जीमूतवाहन, याचकका लागि आफ्नो शरीरका कवच र कुण्डल दान गर्ने उदार कर्ण, गोरक्षाका लागि आफ्नो शरीर सिंहलाई सुम्पने सूर्यवंशशिरोमणि दिलीप र आफै भोकको ज्वालामा पिल्सिएर पनि आफ्नो अन्नजल अरू भोका आत्माहरूलाई सहर्ष प्रदान गर्ने महाराजा रन्तिदेवका नामहरू के कहिल्यै मानवता-को इतिहासबाट मेटिनेछन् ? जो भगवान्द्वारा वरदान माग्न आज्ञा पाउँदा पनि भन्दछन्– 'भगवन् ! म अष्टसिद्धि स्वर्ग र मोक्ष पनि चाहन्न, तर म सम्पूर्ण प्राणीहरूको अन्तःकरणमा बसेर उनीहरूको सारा दुःखलाई आफै भोग्न चाहन्छु –

न कामयेऽहं गतिमीश्वरात् परामष्टर्द्धियुक्तामपुनर्भवं वा ।
आर्तिं प्रपद्येऽखिलदेहभाजामन्तःस्थितो येन भवन्त्यदुःखाः ।। -श्रीमद्भागवत

भर्तृहरि तिनीहरूलाई धन्य मान्छन् जो परोपकार-यज्ञमा आफ्नो जीवनलाई समिधा बनाएर आहुति दिन्छन् । यस्ता महामानवहरू आफ्नो हानिलाई सहेर पनि परोपकारमा रत हुन्छन् । उनीहरूको हृदय यति विशाल हुन्छ कि त्यसबाट कुनै तत्त्व नझटाएर बाहिर जाँदैन । उनीहरूको हृदय सदा अरूहरूका लागि सिंहासन बनेको हुन्छ ।

सामान्य श्रेणीका मानिसहरू त्यतिका त्याग गर्न नसके पनि वैयक्तिक हितको सुरक्षा गर्दै परसेवा गर्दछन् । भर्तृहरिको यिनीहरूप्रति कुनै आक्रोश छैन । हामीले त्यति मात्र गर्न सके पनि हाम्रो अहोभाग्य हो । यी परोपकारी प्राणीहरूको विपरीत आसुरी वृत्ति भएका पुरुषहरू आफ्नो स्वार्थ-सिद्धिका लागि अरूको स्वार्थको हनन गर्न डराउँदैनन्, तर असीम आश्चर्य त्यति बेला लाग्छ जब यस्ता व्यक्ति पनि भेटिन्छन् जो जानी-जानी अरूको अहित गर्दा परिणामबारे कुनै विचार गर्दैनन् । भर्तृहरि यस्ता नारकीय प्राणीहरूको नामकरण गर्न आफ्नो असामर्थ्य व्यक्त गर्दै भन्दछन्–

एके सत्पुरुषाः परार्थघटकाः स्वार्थं परित्यज्य ये ।
सामान्यास्तु परार्थमुद्यमभृतः स्वार्थाविरोधेन ये ।।
तेऽमी मानवराक्षसाः परहितं स्वार्थाय निघ्नन्ति ये ।
ये निघ्नन्ति निरर्थकं परहितं ते के न जानीमहे ।।

–नीतिशतक

परोपकारको मीठो महिमा गाउँदै सन्त तुलसीदास भन्दछन्–

परहित सरिस धरम नहीं भाई । परपीडासम नहीं अधमाई ।।

–रामचरितमानस

अर्थात् परोपकारसमान कुनै धर्म छैन र परपीडा जस्तो कुनै पाप छैन ।

परोपकार-धर्मका आदर्श महर्षि दधीचि–'वृत्रासुरको मृत्युको एउटा उपाय छ' भन्दै देवताहरूको प्रार्थना सुनेर प्रकट हुनुभएका नारायणले एउटा विचित्र युक्ति बताउनुभयो– 'महर्षि दधीचिका हाडहरूबाट विश्वकर्माले वज्र बनाएमा त्यसबाट त्यो असुर मर्न सक्नेछ ।'

वृत्रासुरले स्वर्गमा अधिकार जमाइसकेको थियो । इन्द्रादि देवताहरू युद्ध गर्न जाँदा तिनीहरूका शस्त्रास्त्र उसले सजिलैसित निलिदिएपछि देवताहरूले परास्त भएर स्वतः निर्वासित जीवन बिताउन बाध्य हुनुपऱ्यो । उता वृत्रासुरको संरक्षण पाएका दैत्यहरूले अमरावतीलाई आफ्नो निवास बनाए । तीनै लोक असुरहरूको अत्याचारले सन्तप्त बन्यो । देवताहरू सृष्टिकर्ता ब्रह्माजीछेउ निवेदन गर्न ब्रह्मलोक पुगे र ब्रह्माजी समेत उनीहरू नारायणको स्तुति गर्न लागे ।

एकाएक सुनियो दधीचिको अस्थितिर सङ्केत गर्ने, नारायणको मुखारविन्दको मधुर ध्वनि । उत्साहित देवताहरूको मुखमण्डल निराशाले निस्तेज भयो । कुनै दिन महातापस दधीचिको उग्र तपस्याबाट थर्केका इन्द्रले उनको तपस्या भङ्ग गर्न अप्सरा पठाएका थिए । गुप्तचरको रूपमा कामदेव पठाइएका थिए । यी उद्योग निकम्मा भएपछि दधीचिको जीवनलाई नै निभाउनेसम्म प्रयत्न पनि गरिएको थियो । इन्द्र, वरुण, यम आदिले आ-आफ्ना किसिमका आघात गर्न कसर छाडेका थिएनन् तर कुनै प्रकारको प्रतिशोधको भावना नराखेर दधीचि शान्त र अविचल बने । उनको तपस्याको तेजले दिक्पालहरूका दिव्यास्त्रहरू शक्तिशून्य बन्न पुगेका थिए । आज उनै दधीचिको हाड देवताहरूलाई चाहिएको छ । के यो कुरा सम्भव छ ? सम्भव हुने भए के उनको ज्यान लिने प्रयत्न नगरिएको हो ? इन्द्रले के कम उद्योग गरेका हुन् दधीचिलाई निष्प्राण तुल्याउन ?

देवताहरूको मनमा खेलिरहेका तर्क-वितर्कको समाधान गर्दै नारायणले भन्नुभयो– 'निराश हुने कुनै कुरा छैन, महर्षि दधीचि परम धर्मात्मा पुरुष हुन् । उनीसँग याचना गरेपछि उनले प्रसन्नतापूर्वक तिमीहरूलाई आफ्नो शरीर दिनेछन् ।' त्यसपछि भगवान् अदृश्य हुनुभयो ।

देवताहरूले महर्षि दधीचिका आश्रममा पुगेर बिन्ती गरे– 'महात्मन् ! आज हामी विपत्तिमा परेका छौं । हामीलाई तपाईंका शरीरका अस्थिहरू चाहिएका छन् ।'

उनै इन्द्र र उनै देवताहरू, जसले दधीचिको तपस्यालाई भङ्ग गर्न र त्यसबाट असफल भएपछि उनलाई मार्नसम्म आफ्नो वशले भेट्ने शक्ति लगाए, आज उनै देवताहरू महर्षिसँग उनको शरीर माग्न आएका थिए । तर महर्षिको निधारमा ती कुराको सम्झनाले नसाहरूको सानो संकुचनसम्म पनि भएन । त्यस बेला महर्षिको हृदयले भन्यो-'सृष्टिमा सात्त्विकताको नै सदा वर्चस्व रहनुपर्दछ र संसारका प्राणीहरूले असुरहरूको उत्पीडनबाट सुरक्षा पाउनुपर्दछ । यस पुण्यकर्ममा जो कारण बन्न सक्तछ त्यो धन्य हो ।' त्यसपछि देवताहरूलाई दधीचिले भने– 'यो शरीर विनश्वर छ । एकदिन यसले मलाई अवश्य छाड्नेछ भने यसलाई च्यापिरहने पूर्वाग्रह म किन गरूँ । यसबाट तपाईंहरूको कुनै सेवा गर्न सकिन्छ भने यसको सार्थकता स्वतः सिद्ध हुनेछ । मेरा प्रभुले ममाथि अपार कृपा गरेर यस्तो स्वर्णावसर दिनुभएको छ ।'

२५३

त्यसपछि समाधि लगाएर बसेका महर्षिले योगक्रियाद्वारा आफ्नो शरीर छाडे । जङ्गली गाईहरूले उनको शरीरका बोसो र मासु चाटे । त्यस शरीरका हाडहरूबाट विश्वकर्माले वज्रको निर्माण गरेपछि इन्द्रद्वारा चलाइएको त्यो वज्र वृत्रासुरको काल हुन पुग्यो ।

गृध्रराज जटायु– श्रीरामले मायाले स्वर्णमृग बन्न पुगेको मारीचलाई पछ्याउँदै धनुष चढाएर प्रहार गर्न खोज्दा उसले श्रीरामलाई छकाएर टाढा बनमा पुऱ्यायो । त्यहाँ रामवाण लाग्दा मारीचले कपटस्वरमा गरेको 'हाय लक्ष्मण !'– को आर्तनाद पर्णशालामा लक्ष्मणको सुरक्षामा बसेकी जानकीका कानमा पर्दा उनी साह्रै अधीर भइन् । जानकीको अत्याग्रह हुँदा लक्ष्मणलाई अनिच्छापूर्वक श्रीरामको छेउमा जानुपऱ्यो । दुरात्मा रावण यस्तै अवसरको खोजीमा थियो र संन्यासीको स्वरूप लिएर श्रीरामको पर्णकुटीमा आइपुग्यो । केही बेरपछि नै आफ्नो सक्कली स्वरूप प्रकट गरेर उसले बलपूर्वक सीताजीलाई रथमा राखेर त्यो आकाशगामी रथद्वारा अत्यन्त वेगले आर्तक्रन्दन गरिरहेकी सीताजीलाई लिएर उड्यो । सत्ययुगको आरम्भकालमा जन्मेका साह्रै वृद्ध पक्षी जटायुले नारीस्वरको त्यो करुण चीत्कार सहसा सुने । उदात्त विचारका धनी प्राणीहरू कसलाई विपत्तिमा परेको देखेर आफ्नो शक्ति र आइलाग्ने कुनै पनि सङ्कटको विषयमा विचार गरिरहँदैनन् ।

धावा क्रोधवन्त खग कैसे । छूटै पवि पर्वत कहँ जैसे ।।

पक्षिराज जटायुले रिसले चूर भएर इन्द्रको शक्तिशाली बज्र पर्वतहरूमा पऱ्के जस्तै गरी दुष्ट रावणमाथि धावा गरे । आफ्नो सम्पूर्ण शक्ति लगाएर जटायु रावणमाथि जाइलाग्दा सुरासूरजयी विश्वविजयी रावणले पनि उनको वेगलाई पहिलो पटक थाम्न सकेन । केशमा समाती रावणलाई रथबाट हुत्त्याएर श्रीजानकीलाई सुरक्षित ठाउँमा राखी जटायुले दोस्रो पटक आक्रमण गरे । रावणको रथ भाँचियो र रथमा जोतिएका घोडाहरू मरे । जटायुका नंग्रा, पञ्जा र चुच्चाले रावण क्षतविक्षत भयो । जसको बन्दीगृहमा लोकपालहरूलाई बस्नुपरेको थियो, त्यो रावण आज व्याकुल र सन्त्रस्त थियो । तर वृद्ध जटायुमा त्यो युवककालिक जोश नभएकोले रावणले मौका पाएर उनका पखेटा काटिदिंदा उनले भुइँमा लड्नुपऱ्यो । त्यस क्षतविक्षत अवस्थामा पनि श्रीरामलाई सीताहरणको समाचार सुनाउन जसरी-तसरी प्राणलाई रोकेर राखे ।

मारीचलाई मारेर भाइ लक्ष्मणसित श्रीराम पर्णकुटीमा आउँदा त्यहाँ जानकीलाई नदेखी पत्नीको वियोगले व्याकुल भएर उनलाई खोज्दै अगाडि बढे । त्यसैबेला रामको जटायुसँग भेट भयो । जटायुले त्याग र पराक्रमको विशेषताले गर्दा एकछिन मर्यादा पुरुषोत्तमलाई आफ्नो नरलीला बिर्सन कर लाग्यो र स्पष्ट रूपमा भने– 'तात ! तपाईं शरीरको रक्षा गर्नुहोस्, म तुरुन्तै तपाईंलाई स्वस्थ बनाइदिन्छु ।' जटायुले यो कुरा स्वीकार गरेनन्, किनकि साक्षात् नारायणस्वरूप श्रीरामका सामु प्राणत्याग गर्न पाइने त्यस्तो मङ्गलमय पर्व के पटक-पटक आइरहन्छ र ? २५४

मर्यादा-पुरुषोत्तम श्रीरामले रगतै-रगतले भिजेको जटायुको शरीरलाई आफ्नो काखमा लिएर बस्दा उनका आँखाबाट आँसुका धारा बगिरहेका थिए । जटायुका शरीरमा लतपतिएको धूलो आफ्ना जटाहरूले झारेर उनको सुसार गर्दा राम मनमनै आफू स्वयं समर्थ भएर पनि पक्षिराज जटायुलाई केही दिन असमर्थ भएको कुरा स्वीकार गरिरहेका थिए । पक्षिश्रेष्ठ जटायुले देहत्याग गरेर दिव्य शरीर धारण गरी भगवद्धामको यात्रा गरेपछि श्रीरामले जटायुलाई बाबुसरहको सम्मान दिएर चिता बनाई उत्तरक्रिया सम्पन्न गरे ।

देवी कुन्ती– दुर्योधनले लाक्षाभवनमा पाण्डवहरूलाई जिउँदै जलाउने षड्यन्त्र रचेको थियो । महात्मा विदुरको सहानुभूति र सामयिक सावधानताले गर्दा पाण्डवहरू बाँचेर आफ्नी आमा कुन्तीसित सुरुङको बाटो चुपचाप वनमा जान समर्थ भए । त्यसबेला राजा धृतराष्ट्र आफ्ना छोराहरूको पक्षमा थिए र ती छोराहरू पाण्डवपक्षको सर्वनाश गर्न जुरमुराएका थिए । यस परिस्थितिमा आफ्नो पक्षलाई दरिलो नबनाईकन र आफ्ना प्रबल सहायकहरू नजोडी कौरवपक्षसामु देखिनु उचित नभएको हुँदा उनीहरू वनको मार्गबाट एकचक्रानगरीमा पुगेर आफ्ना नाम र कामहरू लुकाएर बस्न लागे ।

एकचक्रानगरीनजीकै वनमा एउटा अत्यन्त बलियो बक नाम गरेको राक्षस बस्दथ्यो । त्यसको डरलाग्दो अत्याचारबाट तर्सेर नगरवासीहरूले त्यससित एउटा सम्झौता गरेका थिए । त्यस सम्झौताअनुसार नगरको प्रत्येक घरबाट दिनदिनै पालैपालोसित एक-एकजना मानिसले त्यसलाई खानेकुरा लिएर जानुपर्दथ्यो र त्यस दुष्ट राक्षसले भोजनका साथै भोजन लिएर आउने मानिसलाई पनि खाने गर्थ्यो । यो त्यही एकचक्रानगरी थियो जहाँ पाण्डवहरू एउटा ब्राह्मणको घरमा बसेका थिए । नगरका प्रत्येक घरको पालो आएसरह त्यस घरको पनि राक्षसको घरमा जाने पालो आउने लागेको थियो । थोरै दिनमा नै त्यस परिवारको पालो आइपुगेपछि त्यस घरमा रुवाबासी चल्यो । त्यस परिवारमा ब्राह्मण, उनकी पत्नी, एक छोरा र एक छोरी थिए । त्यहाँ सम्भावित मृत्युको त्रासबाट एकातिर रोदन थियो भने अर्कातिर सबैको 'म जान्छु' भन्ने विवाद पनि चर्किरहेको थियो । त्यसबेला युधिष्ठिर आफ्ना भाइहरूसित भिक्षा माग्न बाहिर गएका हुँदा घरमा भीमसेन र कुन्ती मात्र थिए । ब्राह्मण-परिवारमा भइरहेको कुराकानीबाट कुन्तीको हृदय भरिएर आयो । उनले ब्राह्मणलाई भेटेर भनिन्– 'तपाईंहरू किन रुनुहुन्छ, हामी तपाईंहरूका आश्रयमा बसेकाले यो हाम्रो पनि परिवार हो । तपाईंहरूको विपत्ति हाम्रो पनि विपत्ति भएकाले तपाईं-

हरूलाई सधाउनु हाम्रो कर्तव्य हो । चिन्ता नलिनुहोस् । म आफ्नो एउटा छोरालाई भोजन लिएर त्यस राक्षसकहाँ पठाइदिनेछु ।

ब्राह्मणले त्यस प्रस्तावलाई अस्वीकार गर्दै भने– 'तपाईंहरू हाम्रा पाहुना हुनुभएकोले आफ्नो प्राण बचाउन अतिथिहरूको प्राण लिने काम हामीबाट हुँदैन । यो त उल्टै अधर्मको कुरा हुने भएकोले तपाईंहरूको भनाइमा म सहमत छैनँ ।' कुन्तीले 'मेरो बलवान् पुत्र भीमसेन गएर उसै राक्षसलाई नै मारिदिनेछन्' भन्दा पनि ब्राह्मणले मानेनन् । निरुपाय भएर कुन्तीले भनिन्– 'तपाईंले मेरो प्रस्ताव नमाने पनि मेरो आज्ञा पाएर भीमसेन त्यहाँ अवश्य जानेछन्, तिनलाई तपाईंहरूले रोक्न त सक्नुहुन्न ।' यी कुरा सुनेपछि ब्राह्मणलाई विवश हुनुपऱ्यो । आमाको आज्ञा पाएर भीमसेन त्यहाँ जान तयार थिए । त्यसै बेला भिक्षा मागेर फर्केका युधिष्ठिर र अरू पाण्डव-हरूले पनि आमाको कुरालाई समर्थन गरे । बयलगाडीमा भोजन-सामग्री राखेर भीम निश्चित ठाउँमा पुगे । त्यहाँ गएर गाडामा जोतिएका गोरु फुकाई त्यो सम्पूर्ण भोजन आफैंले खाए । त्यसपछि युद्धमा आततायी त्यस राक्षसलाई मारेर एकचक्रानगरीलाई सबैका लागि निर्भय बनाइदिए ।

भीमसेनलाई त्यहाँ पठाउँदा कुन्तीले भनेको थिइन्– 'बाबु ! ब्राह्मण, क्षत्रिय, वैश्य र शुद्रमध्ये जुनसुकै वर्णमा पनि विपत्ति पर्दा प्राण हत्केलामा राखेर भए पनि उनीहरूको रक्षा गर्नु क्षत्रिय-धर्म हो । यिनीहरू ब्राह्मण हुन्, निर्बल छन् र हाम्रा आश्रयदाता पनि हुन् । यिनीहरूको रक्षा गर्दा कदाचित् प्राण-परित्याग गर्नुपरे पनि तिमीले क्षत्रियवंशमा जन्म लिएको सार्थक नै हुनेछ ।'

सती साध्वी क्षत्रिय कुलाङ्गनाहरूले यस्तै अवसरका लागि पुत्र पैदा गर्दछन् ।

कोशलराज– काशीनरेशले सहसा कोशलराज्यमा आक्रमण गरे । कोशलनरेशको दिगन्तव्यापी यश उनलाई सह्य थिएन । कोशलनरेशले युद्धमा हारे । उनलाई वनमा भाग्नुपऱ्यो । काशीनरेशले राजालाई जिते पनि त्यहाँका प्रजाको हृदयलाई जित्न सकेनन् । प्रजा कोशलराजको वियोगले छटपटाएका थिए । विजयी र गर्वोन्मत्त राजा जनताको कुनै सहयोग नपाएकोले रिसले चूर थिए । शत्रुलाई जरैदेखि मास्ने नीयतले उनले घोषणा गराए– 'जसले कोशलराज-लाई खोजेर ल्याउन सक्छ त्यसले १०० स्वर्णमुद्रा पुरस्कारस्वरूप पाउनेछ ।' यहाँ त्यस घोषणाको रत्ती मात्र पनि प्रभाव भएन किनकि धनका लोभले आफ्ना धार्मिक राजालाई शत्रुका हातमा बेच्ने अधम त्यहाँ कुनै जन्मेको थिएन ।

उता कोशलराज वनमा घुमन्ता फिरन्ता भए । जटाहरू बढे, शरीर दुर्बल भयो र उनी एउटा साधारण वनवासी देखिन थाले । एकदिन उनलाई देखेर एउटा बटुवाले भन्यो– 'यो वन कति ठूलो छ र वन छिचोलेर कोशल पुग्ने बाटो कुन हो ?'

कोशलको नाम सुन्दा उनले झल्याँस्स हुँदै सोधे– 'किन कोशल जाँदै हुनुहुन्छ ?'

उसले भन्यो– 'म विपत्तिमा परेको एउटा व्यापारी हुँ। मालले भरिएको नाउ नदीमा डुब्यो। अब कति अरूका ढोका-ढोका भिक्षा माग्दै डुलूँ। सुनिन्छ कोशलनरेश साह्रै उदार छन् रे ! म त्यहीं जाँदै छु।'

केही बेर सोचेर राजाले पथिकलाई भने– 'तपाईं ठाढाबाट आउनुभएको रहेछ, वनको बाटो साह्रै विकट भएकोले म पुऱ्याइदिन्छु। ल हिंड्नुहोस्।'

२५६

यसरी बटुवासित कोशलनरेशले कोशलमा गएर दरबारको सभाकक्षमा काशीराजलाई भेटे। कोशलराजको स्वरूप नै बदलिएको हुँदा उनलाई कसैले चिन्न सकेनन्। काशीराजले सोधे– 'तपाईं कहाँबाट पाल्नुभयो ?'

महात्मा कोशलनरेशले जवाफ दिए–'म कोशलको राजा हुँ। मलाई समातेर ल्याउने सन्दर्भमा तपाईंले पुरस्कारको स्वर्णमुद्रा मेरो साथमा आएको पथिकलाई दिनुहोस् किनकि म हाजिर भएको छु।'

यो कुरा सुनेर सभा स्तब्ध भयो।

सबै कुरा बुझेर काशीनरेशले सिंहासनबाट उठ्दै भने–'महाराज ! तपाईं जस्ता धर्मात्मा र परोपकारीलाई पराजित गरेर पाइने गौरवभन्दा त्यस्ता महात्माको चरणमा आश्रय लिंदा पाइने गौरव महत्त्वपूर्ण र मङ्गलमय छ। यो सिंहासन तपाईंको हो, कृपया अबदेखि मलाई आफ्नो अनुचर बनाउनुहोस्।'

त्यसपछि विपत्तिग्रस्त व्यापारीले मागेको धन पायो र कोशलराज्य र काशीराज्य त्यसै दिन मित्रराज्य बने।

महाराज मेघवाहन– महाराज मेघवाहन दिग्विजय गर्न हिंडेका थिए। समुद्रतटवर्ती वनको बाटो हुँदै जाँदा एक्कासि उनको कानमा 'मेरो रक्षा गर्नुहोस्, मेरो प्राण बचाउनुहोस् भन्ने करुण चीत्कार पऱ्यो। महाराजको रथ आफ्नो सेनाभन्दा अगाडि आएको थियो। उनी हातमा तरवार लिएर रथबाट कुदे। सारथिलाई रथ समाल्न लगाएर उनी वनभित्र पसे। सघन वनमा एउटा 'चण्डिकामण्डप' देखियो। त्यसमा देवीको यज्ञ गरिसकिएपछि शवर-सेनापति हातमा खड्ग लिएर नरवलि दिंदै थियो। जसलाई वलि बनाइँदैथ्यो त्यो पुरुष चीत्कार गर्दैथ्यो। महाराजलाई देख्नासाथ त्यस पुरुषले कातर कण्ठले आर्तनाद गऱ्यो– 'भद्रपुरुष ! मलाई बचाउनुहोस्, बचाउनुहोस्।'

राजाले आश्वासनको स्वरमा भने–'तिमीले डराउनुपर्दैन, सुरक्षित छौ तिमी।' शवर-सेनापतितर्फ फर्केर भने–'मेघवाहनको राज्यमा निरीह प्राणीहरूमाथि अत्याचार गर्ने साहस गर्न सक्ने को हौ तिमी ? तिमीलाई आफ्नो प्राण-सङ्कटको ख्याल छैन ?'

शवर-सेनापतिलाई मेघवाहनलाई देख्नासाथ आभास भइसकेको थियो–यिनी स्वयं सम्राट् मेघवाहन नभए पनि उनको शासनका कुनै महत्त्वपूर्ण अधिकारी हुन्। उसले नम्रतापूर्वक जवाफ दियो– 'मेरो छोरो मरणासन्न रोगी भएकोले देवताहरूले रोगमुक्तिको उपाय नरवलि हो

भनेका छन् । तसर्थ म पुत्रको प्राणरक्षाका लागि देवाज्ञाको पालन गर्दैछु । मेरो पुण्य कर्ममा तपाईं ले बाधक बनिदिनुभएन ।'

मेघवाहनले भने- 'असहाय प्राणीको हत्या महापाप हो । मोहान्ध भएर तिमी यस्तो पापमा अगाडि सरेका छौ ।'

उसले भन्यो-'तपाईंका लागि यो बलिपुरुष जस्तै मेरो छोरो पनि अपरिचित छ । म पुत्र-मोहमा परेको सामान्य प्राणी हुँ । तपाईं त्यस पुरुषको रक्षाका लागि मेरो छोरालाई मृत्युको मुखमा झोक्दै हुनुहुन्छ । यो कुन पुण्यकर्म हो र मेरो छोराले तपाईंलाई के नगर्नु गरेको छ ?'

शवर-सेनापतिको हातमा बलिमा प्रयोग गरिने शस्त्र चम्किरहेको थियो । केही बेरपछि फेरि उसले भन्यो- 'म र मेरो परिवारका धेरै मानिसहरूको जीवन यस बालकको रक्षामा निर्भर छ । तपाईं एउटाको रक्षाको निहुँले अनेक हत्याको पाप बोक्न तर्खरिँदै हुनुहुन्छ ।'

वध्यपुरुष दीन याचनाका दृष्टिले महाराजलाई हेर्दैथ्यो । केही बेर मौनतापूर्वक विचार गरेर राजाले भने- 'तिमीले नरबलि जुनसुकै पुरुषलाई बनाए पनि हुन्छ । यो पुरुष र तिम्रो छोरो-दुवैको रक्षा गर्नु मेरो कर्तव्य हो । तिमीले त्यस पुरुषलाई बन्धनमुक्त गरी मलाई बलि बनाएर तिम्रा देवताहरूलाई प्रसन्न बनाऊ ।'

मेघवाहन आफ्नो हातको खड्ग भुइँमा फ्याँकी मुकुट उतारेर बलिस्थानमा पुगे । बलिका लागि बाँधिएको पुरुषलाई मुक्त गराएर आफू त्यसको ठाउँमा उभिए ।उनको मस्तक निहुरियो । शवर-सेनापतिले सम्झाउँदै भन्यो--'राजन् ! सम्पूर्ण प्रजाको सुरक्षाका लागि तपाईंको छत्रछाया आवश्यक छ । तपाईं यस्तो काम किन गर्दै हुनुहुन्छ ? प्रजा, धन र परिवारको चिन्ता नगरेर राजाले आफ्नो प्राणरक्षा गर्नुपर्दछ भन्ने नीति छ ।'

'तिमीले गरेको नीतिसम्बन्धी कुरा सही छ, तर धर्म नीतिभन्दा धेरै माथिल्लो स्तरको विषय हो । म प्राणभयले धर्मत्याग गर्न चाहन्न । तिमी ममाथि शस्त्र प्रहार गर ।' भनेर मेघवाहनले फेरि शिर झुकाए ।

सहसा 'महाराज मेघवाहनकी जय ! धन्य राजा मेघवाहन !' भन्ने सुनियो । राजाले चारैतिर हेर्दा शवर-सेनापति देखिएन । त्यहाँ लोकपाल वरुण उभिएका थिए आशीर्वाद दिँदै, जसले मेघवाहनको धर्मपरीक्षा गर्न यो नौलो नाटक रचेका थिए ।

शिवाजी र ब्राम्हण– दिल्लीको बादशाह औरङ्गजेबले भेटघाटका निहुले शिवाजीलाई दिल्लीमा बोलाएर बन्दी बनायो । यस्ता विश्वासघाती शत्रुसित विनाचातुर्य कुनै काम बन्ने सम्भावना थिएन । तसर्थ शिवाजीले पनि आफू बिरामी भएको निहुँ पारे । त्यसै प्रसङ्गमा ब्राह्मणहरूलाई मिठाईले भरिएका टोकरीका-टोकरी दान गर्न थाले । एकदिन उनी स्वयं र उनका छोरा सम्भाजी मिठाईका टोकरीमा लुकेर बसे र औरङ्गजेबको जालबाट मुक्त भए । बाटामा शिवाजी बिरामी परे । उनीसित आएका विश्वस्त सेवक तानाजी र येसाजी सँगै थिए । तीव्र ज्वरमा यात्रा गर्नु निरापद थिएन । मुशिदा-

बदामा ठूलो प्रयासपछि विनायकदेव ब्राह्मणका घरमा आश्रय पाए। शिवाजीले बिचरा गरे, स्वस्थ भएर यात्रा गर्दा पर्याप्त समय लाग्ने सम्भावना छ। त्यसपछि उनले आफ्ना सहभागीहरूलाई भने– 'तपाईंहरू दुवै सम्भाजीलाई लिएर महाराष्ट्र जानुहोस्, राज्यको सुरक्षा र उचित प्रशासनका लागि जानु आवश्यक छ। म सन्चो भएपछि आउँछु।'

उनीहरूले विवश भएर यो आदेश मान्नुपऱ्यो। तानाजीले केही पर गएर येसाजीलाई भने- 'तपाईं सावधान भएर सम्भाजीलाई लिएर जानुहोस्। म गुप्त रूपले शिवाजीको रेखदेख गर्दछु।'

छत्रपति शिवाजीले आफ्नो भेष बदलेका थिए। ब्राह्मण विनायकदेवले उनलाई गोस्वामी साधु मानेको थियो। विनायकदेव अत्यन्त विरक्त स्वभावको विद्वान् मानिस थियो। ऊ आमासित बस्थ्यो। उसका अरू कोही थिएनन्। विवाह गरेकै थिएन र भिक्षा नै जोविकाको साधन थियो। उसलाई परिग्रहात्मक प्रवृत्तिले स्पर्श गर्न पाएको थिएन। जतिले दुई छाक टारिन्छ त्यति नै भिक्षा प्रतिदिन त्यहाँ जम्मा हुन्थ्यो। एक दिनको कुरा हो, भिक्षा थोरै हात लाग्यो। भोजन बनाएर विनायक-देव शिवाजी र आफ्नी आमालाई भान्सा गराएर आफू भोकै बस्यो। छत्रपति शिवाजीलाई आफ्नो आ-श्रयदाताको यो दरिद्रता निकै खट्क्यो। उनले मनमनै सोचे –'महाराष्ट्र गएर यी ब्राह्मणका लागि धन पठाइदिन्छु, तर उहाँबाट पठाइएको धन यहाँ सुरक्षित आइपुग्ने छ भन्ने विश्वास कसरी गर्ने फेरि यो कुरा प्रकट भएमा यवन बादशाह औरङ्गजेबले बिचरा ब्राह्मणको ज्यान बाँकी राख्ला?' २५८

यस विचार-प्रवाहपछि शिवाजीले ब्राह्मणसित कलम, मसी र कागत मागेर एउटा चिठी लेखे र ब्राह्मणलाई त्यो चिठी स्थानीय सुबेदारछेउ पुऱ्याउन लगाए। पत्रमा लेखिएको थियो- 'शिवाजी पत्रवाहक ब्राह्मणका घर बसेका छन्। ब्राह्मणसित सँगै आएर शिवाजीलाई समात्नुहोस्, तर यो सूचना दिएबापत यी ब्राह्मणलाई दुई हजार अशर्फी दिनुपर्नेछ, नत्र शिवाजी हातमा आउनेछैनन्।'

सुबेदारलाई थाहा थियो-शिवाजी कुरा गर्न निकै सिपालु छन्। उनको इच्छाविरुद्ध उनलाई समात्नु पनि ठट्टाको कुरा थिएन। अर्कोतिर शिवाजीलाई दिल्ली दरबारमा पुऱ्याउन सके बादशाह-बाट पुरस्कारस्वरूप एउटा प्रान्त नै पाउन सकिने सम्भावना पनि थियो। यसैले दुई हजार अशर्फी-हरूको थैली त्यहाँ दिएर शिवाजीलाई लिएर हिंड्यो। सोझा विनायकदेवलाई आफ्ना लागि यहाँ के-के भइसक्यो केही थाहा थिएन। सुबेदारले त्यसरी आफ्ना पाहुनालाई समातेर लगेको देख्दा ब्राह्मणलाई सान्है नराम्रो लाग्यो। त्यसै बेला अचानक विनायकदेवले शिवाजीका साथी तानाजीलाई देखेर उनीसित गई सुबेदारद्वारा गोस्वामी लगिएको खबर सुनायो। तानाजीले भने-'उनी सामान्य मानिस नभएर गो-ब्राह्मणप्रतिपालक छत्रपति शिवाजी हुन् र म उनको सेवक हुँ।'

यो कुरा सुन्नासाथ ब्राह्मण मूर्छित भयो। ब्यूंझेपछि टाउको बजाई भन्न थाल्यो -'उनी मेरा पाहुना थिए। म जस्तो कङ्गालको दरिद्रता पन्छाउन उनले आफूलाई मृत्युको मुखमा सुम्पे। म पापीद्वारा नै उनी आज शत्रुका हातमा परे।'

ब्राह्मणले बारम्बार हठ गरेर भने-'तानाजी ! यी अशर्फी तपाईं राख्नुहोस् र यसबाट शिवाजीलाई छुटाउने काममा मद्दत गर्नुहोस्। तानाजीले पहिले नै सुबेदारले भोलि कुन बाटो कुन

समयमा शिवाजीलाई लैजाने विचार गरेको छ भन्ने कुरा पत्तो पाइसकेका थिए। ब्राह्मणलाई उनले नआत्तिन भनेर शिवाजीको मुक्तिबारे आश्वासन दिए ।

अर्को दिन जब सुबेदारले दलबल साथ लिएर राती शिवाजीलाई दिल्ली पुऱ्याउन हिंडायो, बनमा पुग्नासाथ तानाजीले अचानक सुबेदारमाथि हमला गरे । तानाजीसित ५० जना सैनिक थिए । उनले शिवाजीलाई सुबेदारका पञ्जाबाट छुटाए ।

माङ्ग-बर्माको श्येबूगाउँनजीकै त्यहाँका किसानहरूले ठूलो बाँध बनाएका थिए । वर्षाको मौसम सकिएपछि त्यस बाँधको पानीबाट खेतको सिंचाइ सम्पन्न गर्ने ती किसानहरूको आशा उचितै थियो । त्यस वर्षको एकदिन त्यहाँ निकै वर्षा भयो । नदी उर्लेर आयो । नदीको पानी आफ्नो किनारा भत्काएर बाँधभित्र पसेमा बाँस र खरले बनेका छाप्राहरूले भरिएको त्यस गाउँमा प्रलय नै हुने भएकोले त्यस खतराबाट सबैलाई सावधान गर्न गाउँको चौकीदारले हावामा गोली चलायो । ग्रामीणहरू बाँधको सुरक्षामा जुटे । बाँधको छेउछाउ माटो, बालुवा, काठ र बाँसहरू राखेर सुदृढ बनाउने काम हुन थाल्यो ।

आफूलाई बाँध हेर्ने काम सुम्पिएकोले माङ्ग चारैतिर घुमेर हेर्न संलग्न भयो । त्यसै बेला एक ठाउँमा उसले लामो तर सानो प्वालबाट पानी बाँधभित्र पसिरहेको देख्यो । उसले विचार गऱ्यो– 'अझ केही बेर यसरी पानी पसिरह्यो भने नदीले बाँध भत्काउने पूरा सम्भावना छ । कसैलाई बोलाउने वा खबर गर्ने बेला थिएन । तसर्थ आफैले पानी गइरहेको प्वाललाई शरीरले छेकेर त्यसलाई थुनिराख्यो । माङ्गले पानीमा उभिनुपऱ्यो, माथिबाट झरी परि नै रहेको थियो । हावाको वेग खपिसक्नु थिएन । उसको शरीर सुस्तसुस्त कम्पन थाल्यो । हाडहरूमा भयङ्कर पीडा हुन थाल्यो । लगातार बढिरहेको वेदनाले ऊ मूर्छित जस्तो भए पनि उसको शरीर पानीको वेगले गर्दा बाँधमा टाँस्सिइ नै रहेको थियो ।

केही बेरपछि गाउँमा माङ्गको खोजी भयो । सबैलाई माङ्गको अनुपस्थितिले आश्चर्य-मिश्रित त्रास गराइरहेको थियो । केही मानिसहरू उसलाई खोज्न हिंडे । सबभन्दा पहिले बाँधमा हेरेर उनीहरूले खबर गर्नु थियो । उनीहरूले बाँधमा खाँदिएको माङ्गलाई देखे, तर ऊ मूर्छित थियो । उसलाई हटाउनासाथ प्वालबाट बाँधभित्र पानी पस्न थाल्यो । अर्को मानिसले आफ्नो शरीरले प्वाल ढाक्यो र अरूले बाँधलाई सुदृढ बनाउने काम सम्पन्न गरे । माङ्गलाई उठाएर गाउँमा पुऱ्याइयो ।

म्याडम ब्ल्याबट्स्की– मैडम ब्ल्याबट्स्की सन् १८३१ ई. मा रूसको दक्षिणी भागको इक्टरीनसलो– नामक स्थानमा एउटा समृद्ध परिवारमा जन्मेकी थिइन् । उनले 'थियोसफी सोसाइटी'–को स्थापनामा अनुपम योगदान दिएर मानिसहरूको हृदयमा निर्मल अध्यात्मशक्ति-प्रति श्रद्धा जगाएकी थिइन् । उनको जीवनको एउटा मार्मिक प्रसङ्गको उल्लेख तल गरिंदै छ जस-बाट उनाको परहित-चिन्तन प्रकाशित हुन्छ ।

आफ्नो विचारधारालाई सर्वगम्य बनाउन उनी अमेरिकाको न्यूयोर्क नगरमा जाँदै थिइन् । उनले प्रथम श्रेणीको टिकट लिएकी थिइन् र हाबरमा जहाज चढ्न लाग्दा उनले एउटी महिलालाई जससँग दुइटा बालकहरू पनि थिए, करुण क्रन्दनसाथ रोइरहेकी देखिन् । ब्ल्याबट्स्कीले रुनाको कारण सोध्दा त्यस महिलाले 'दिदी ! मेरा श्रीमान्ले मलाई अमेरिका झिकाउन रूपैयाँ पठाउनु-भएको थियो । जहाजको एउटा ठग एजेन्टले मलाई नक्कली टिकट दिएर मेरा पैसा ठग्यो । मैले उसलाई निकै खोजें, तर भेट्टाउन सकिनँ । मेरा टिकट साधारण श्रेणीका थिए ।' भन्दै आफ्नो विव-शता प्रकट गरी । ब्ल्याबट्स्कीको कोमल हृदय त्यस महिलाको वेदनाले पग्ल्यो । उनी 'बहिनी ! तिम्रो चिन्ताको विषय यत्ति हो ? यसका लागि रोएर के फाइदा ?' भन्दै मुसुक्क हाँसिन् र त्यस आइमाई-लाई आफ्ना पछिपछि आउने सङ्केत गरिन् । त्यो नारी 'ब्ल्याबट्स्कीको सद्भावना पाएर आशान्वित भई ।

ब्ल्याबट्स्की जहाजका एजेन्टछेउ गइन र आफ्नो प्रथम श्रेणीको टिकटसित चारवटा साधा-रण श्रेणीको टिकट साटिन् । त्यहाँबाट निस्केर उनले त्यस महिलालाई भनिन्– 'बहिनी ! आऊ, जहाज अब हिंड्न लागेको छ । त्यसपछि असाधारण महिला ब्ल्याबट्स्कीले साधारण श्रेणीको सीट-मा बसेर न्यूयोर्कको यात्रा पूरा गरिन् ।

निर्लोभता-धर्मका आदर्श तुलाधार– कुनै सानो गाउँको एउटा छाप्रोमा एउटा शूद्र-परि-वार बस्दथ्यो । शूद्रदम्पती भगवद् भक्त, सत्यवादी, वैरागी तथा निर्लोभ थिए। पत्नीलाई आफ्ना कष्टको कुनै चिन्ता नभए पनि आफ्ना पतिलाई दुई मुठी अन्न नियमित रूपले दिन नपाउनाको पीर अवश्य थियो । तर सती साध्वी उनी केही पनि भन्दिनथिइन् । उनका पति तुलाधार परम सन्तो-षी पुरुष थिए । खेतमा बालीहरू स्याहारिएपछि त्यहाँ खसेका अन्नका दाना टिपी बटुलेर ल्याई त्यसैबाट निर्वाह गर्ने उनले आफ्नो वृत्ति बनाइसकेका थिए । तुलाधारसँग लुगाको नाममा एउटा फाटेको धोती र रुमालको नाममा एउटा फाटेको कपडाको टुक्रो थियो। उनी जहाँ दिनदिनै नुहाउँथे त्यहाँ एक दिन दुइटा नयाँ र उत्तम कपडा राखिएका थिए । अरूका लुगामा तुलाधारको मन जाने कुरै थिएन । अर्को दिन त्यहाँ नुहाउन जाँदा एउटा डाली डुम्राका फल जस्ता सुनका

डल्लाहरूले भरिएको देखे । त्यहाँ देख्ने अरू कुनै मानिस थिएन ।

तुलाधारले विचार गरे– 'धन अनर्थको केन्द्रबिन्दु हो । त्यसबाट अभिमान, डर, चिन्ता र संशय आदि आदि दोषहरू मनमा उदाउँछन् । लोभीलाई कहिल्यै शान्ति हुँदैन । धनले नै मानिसहरूलाई पापकार्यमा प्रवृत्त गराउँछ । विचारवान् मानिसले धनबाट टाढा नै रहनुपर्दछ ।'

अर्कोतिर सन्त तुलाधारको परीक्षा लिन तर्खरिनुभएका भगवान् ज्योतिषीको रूप लिएर तुलाधारको गाउँमा पुग्नुभयो । अरूलाई भूत र भविष्यको फलादेश गरिरहेका ज्योतिषीछेउ तुलाधारकी श्रीमती पुगिन् र आफ्नो भविष्यबारे सोधिन् । ज्योतिषीले भने– 'तेरो दुलहा त मूर्ख मानिस हो । ऊ अनायास हात परेकी लक्ष्मीलाई पनि हेला गर्दछ । यस्तो भएपछि तिमीहरूको भाग्यमा कङ्गालीपन सिवाय अरू के हुन सक्छ !'

यो सुनेर पत्नी घर गइन् । सोद्धा तुलाधारले सुन भेटिएको कुरा बताए । त्यसपछि दुलाहालाई लिएर उनी फेरि ज्योतिषीछेउ पुगिन् । तुलाधारलाई ज्योतिषीले भने– 'धन भए संसारमा सुख र सम्मान दुवै कुरा हुन्छ । धन नै रोग लाग्दा र आपत्ति पर्दा काम लाग्छ । दुःखी र दरिद्रीहरूको सेवा धन भए मात्र गर्न सकिन्छ । यसरी धन परलोकमा पनि काम लाग्दछ ।'

तुलाधारले विनम्र स्वरमा भने– 'हातमा हिलो दलेर फेरि पखाल्न लाग्नुलाई बुद्धिमानी भन्न सकिंदैन । जसलाई प्रारब्धबाट धन प्राप्त हुन्छ, उसले पनि त्यस धनको सदुपयोग गर्न जान्नुपर्दछ । सदुपयोगमा दान, सेवा र त्याग-हरू पर्दछन् । धनमा स्पर्धा, अविश्वास र भय आदि अनेक दोष छन् । वस्तुतः मायाको प्रकट स्वरूप नै धन हो । धन आउँदा मानिस मात्तिन्छ । त्यसबेला मानिसका मनमा असत्य, छल, कपट, अनाचार, अभिमान र हिंसा आदि अनेक नराम्रा गुणहरू प्रवेश गर्दछन् । वास्तवमा धन दुर्गतिको ठूलो कारण हो । मेरा लागि परस्त्री आमा जस्तै हुन् भने परद्रव्य विष जस्तै हो । मलाई धन चाहिंदैन ।'

भगवान्द्वारा लिइएको परीक्षामा तुलाधार उत्तीर्ण भए । यथार्थमा भगवान् उनलाई दर्शन दिन नै आउनुभएको थियो । जो भगवान्द्वारा दिइने सुख र दुःखमा सन्तुष्ट रहेर भगवद्भजनमा लाग्दछन् उनीहरूको भगवान्सँग अत्यन्त नजीकको सम्बन्ध हुनाले भगवान्का पारिवारिक स्वजन हुन पुग्दछन् । अन्तमा भगवान्ले उनलाई आफ्नो सत्य स्वरूपको दर्शन दिएर कृतार्थ गराउनुभयो ।

भक्त राँका र बाँका– राँकाजी निकै विरक्त अपरिग्रही भगवद्भक्त थिए भने उनकी पत्नी बाँका पनि कत्ति कम थिइनन् । दुवै दिनदिनै वनबाट सुकेका दाउरा ल्याई ती दाउरा बेचेर जे-जति धन हात पर्थ्यो त्यसबाट अतिथि-सत्कार र आफ्नो दैनन्दिन जीविकाका काम चलाउँथे ।

कहिलेकाहीं लीलामय प्रभु आफ्ना प्यारा भक्तहरूकै कीर्ति फैलाउन उनीहरूको परीक्षा लिने काम गर्नुहुन्छ ।

एकदिन सर्वसमर्थ प्रभुले स्वर्णमुद्राले भरिएको एउटा थैली त्यस वन्यमार्गमा राखिदिनुभयो जुन मार्गबाट राँका-दम्पती दिनदिनै दाउरा काट्न वनमा जाने गर्थे । त्यस वनको यात्राको उपक्रममा राँकाजी अगाडि हिंडेका थिए, बाँका निकै पछि थिइन् । राँकाजीको चित्त भगवान्को चिन्तनमा लवलीन थियो । सहसा खुट्टामा ठेस लाग्दा उनका आँखासामु असर्फीको खुला थैली पऱ्यो । उनले छिटोछिटो त्यस थैलीलाई धूलोले पुर्न लाग्दा उनकी पत्नी बाँकाजी पनि आइपुगिन् । 'हजूर के गर्न लाग्नु भएको ?' भनेर बाँकाजीले सोधनी गर्दा पहिले त उनले त्यस कुरालाई त्यसै टार्न खोजेका थिए, तर साह्रै आग्रह भएपछि उनलाई भन्न कर लाग्यो – 'स्वर्णमुद्राले भरिएको थैली यहाँ रहेछ, यसलाई देखेर तिम्रो मनमा लालचले प्रवेश गर्छ कि भनेर धूलोले ढाक्दै थिएँ ।' कुरा सुनेर बाँकाजी मुसुक्क हाँसिन् र भनिन् -'प्राणनाथ ! धूलोलाई धूलोले ढाकेर केही लाभ छैन । सुन र धूलोमा केही पनि फरक छैन । हजूरले भेददृष्टिको भ्रमलाई पाल्नु भएन ।'

सुनेर बाँकाजी मुसुक्क हाँसिन् र भनिन् – 'प्राणनाथ ! धूलोलाई धूलोले ढाकेर केही लाभ छैन । सुन र धूलोमा केही पनि फरक छैन । हजूरले भेददृष्टिको भ्रमलाई पाल्नु भएन ।'

भक्त नामदेव– परिसा भागवतले पारसमणि पाएका थिए । उनको पत्नी नामदेवकी पत्नी रजाईको सँगिनी थिइन् । नामदेव निष्परिग्रह भक्त थिए । आफ्नो सँगिनी रजाईको दरिद्रता देखेर उनलाई परिसा भागवतकी श्रीमतीले एक दिन आफ्नो घरमा लिएर गइन् । त्यहाँ परिसाभागवतकी पत्नीले सँगिनीलाई पारसमणिको महत्त्व बताउँदै भनिन् –अरूसँग नभने नि ! यसबाट मैले निकै सुन बनाइसकेकी छु । तिमीले यसलाई घर लिएर गई फलाममा स्पर्श गराऊ र पर्याप्त स्वर्णराशि भएपछि यसलाई फिर्ता गरिदिनू ।'

रजाईले पारसमणि घरमा ल्याएर सानो टुक्रा फलामलाई सुनमा परिणत गराइन् । त्यसलाई बेचेर भोजन-सामग्री ल्याइन् । नामदेव घर फर्कंदा आफ्नो भान्सामा उत्तम पक्वान्न र व्यञ्जन पाकेको देख्दा पत्नीलाई भने –– 'यी पदार्थहरू आज कहाँबाट आइपुगे ?' पत्नीले दिनमा भएका सारा कुरा बताएपछि उनले भने –– 'त्यो पारसमणि मलाई देऊ, यो भोजन हामीलाई उपयुक्त छैन, कुनै भोका र दुःखी मानिसहरूलाई दिनु बेश होला ।'

नामदेवले त्यस मणिलाई चन्द्रभागा नदीमा लगेर मिल्काइदिए । स्नान-सन्ध्या गरेपछि भजन-कीर्तनमा तल्लीन भए । यता मणि फिर्ता गर्न ढिलो भएकोले परिसा भागवतकी पत्नी रजाईकहाँ आइन् । रजाई आफ्ना श्रीमान् नामदेवलाई खोज्दै चन्द्रभागामा पुग्दा कुरा बुझेर नामदेवले भने ––'मणि मैले चन्द्रभागालाई अर्पिदिएको छु ।'

परिसा भागवतकी पत्नी हतारिंदै घर पुगी । कुरा सुन्दा रिसले चूर भएर स्वयं परिसा भागवत नामदेव भएका ठाउँमा पुगेर झगडा गर्न थाले । नामदेवले सम्झाए – 'तपाईं भगवान्का भक्त हुनुहुन्छ । पारसचाहिं लोभको मूर्ति हो भन्ने कुरा सम्झेर मैले त्यसलाई चन्द्रभागामा मिल्काइदिएको छु । भक्तहरूले आफूलाई स्वर्णदेखि टाढै राख्नुपर्दछ किनकि स्वर्णमा कलि बसेको हुन्छ । अझै पनि तपाईंमा मणिप्रति आग्रह छ भने म मणि ल्याइदिन्छु ।' भनेर नामदेव चन्द्रभागाको जलभित्र पसे । अँजुलीभरि कङ्कड लिएर बाहिर आए । परिसा भागवतले तीं कङ्कडलाई फलाममा स्पर्श गराउँदा थाहा पाए कि वास्तवमा तीं पारसमणि नै रहेछन् । नामदेवको महिमाले अभिभूत भएर परिसा नामदेवका चरणमा परे । त्यसपछि सबै कङ्कडलाई नामदेवले चन्द्रभागामा नै मिल्काइदिए ।

श्रीसनातन गोस्वामी– 'तिमी वृन्दावनमा सनातन गोस्वामीलाई भेट्न जाऊ, उनीसित पारसमणि छ । उनले त्यो पारस तिमीलाई दिनेछन् ।'– सपनामा दर्शन दिएर भगवान् शङ्करले ब्राह्मणलाई यो आदेश दिएका थिए ।

गौडदेश -(बङ्गाल)- को वर्धमान जिल्लाका तीं ब्राह्मण निर्धनतासन्तप्त र दुःखी थिए । जहाँ-जहाँ उनका हातहरू फैलिए त्यहाँ-त्यहाँ उनले तिरस्कार बाहेक अरू केही पाएनन् । शास्त्रज्ञ र स्वाभिमानी उनले दृढ सङ्कल्प गरे – जुन स्वर्णलाई पाएर यी संसारका धनी भनाउँदाहरू मदमत्ता भएर भुइँमा टेक्दैनन्, त्यस स्वर्णलाई म महत्त्वहीन बनाउँछु र म त्यसको रास थुपार्छु किनकि म पारसमणि ल्याउनेछु ।

अब प्रश्न थियो –– 'त्यो पारसमणि पाइन्छ कहाँ ? खोजेर कतै भेटिने सामान्य कुरा त्यो थिएन । कसले दिने त त्यो पारस ? के लक्ष्मीका दास देवताहरू दिन सक्तछन् ?' यी तर्क-वितर्कलाई मिल्काएर ब्राह्मणले आशुतोषको शरण लिए । जो विश्वलाई विभूति दिएर आफूले खरानी लगाउँछन्, उनै कपालीले कृपा गरेमा मात्र पारसको प्राप्ति सम्भव छ । कठिन व्रत, निरन्तर पञ्चाक्षरी मन्त्रको जप र दृढ-रुद्रार्चन-निष्ठा जुटेपछि त्रिलोचन भगवान्लाई सन्तुष्ट हुन के बेर ? आखिर ब्राह्मणको बाह्र वर्षको तपस्या सफल भयो । भगवान् सदाशिवले स्वप्नमा दर्शन दिएर भन्नुभयो – 'वृन्दावनका सनातन गोस्वामीसित पारस छ । त्यो महारत्न तिमी पाउनेछौ ।'

ब्राह्मणलाई बङ्गालदेखि वृन्दावनसम्मको बाटो पनि त्यसबेला टाढा लागेन र बाटाका सम्भावित सङ्कटले उनको मन तर्सेन । 'भगवान्‌ले भनेपछि अवश्य पनि सनातन गोस्वामीले त्यो पारस मलाई दिनेछन् ।' यसै विश्वासले उनलाई वृन्दावनतर्फ द्रुतगतिले लैजाँदैथ्यो । वृन्दावनमा पुगेर सनातन गोस्वामीलाई खोज्दा त्यहाँका मानिसहरूले रूखमुनि अड्डा जमाई बस्ने कृशकाय, कौपीनधारी र थाङ्नो साधुलाई सङ्केत गर्दा ब्राह्मण साह्रै निराश भए । मनले भन्यो– 'यिनै हुन् सनातन गोस्वामी ! यस्तासित पारस छ भनेर कसले चिताउनु ! तर आइहालें यहाँ, नहुने कुरा त छँदैछ नि ! भेट्नसम्म भेटिहालौं । छ-छैन, सोधेर के बिग्रन्छ र !'

गएर सोधेपछि सन्तले भने– 'मसित त्यो छैन, मैले सँगै राखेर के गर्ने र ? अँ, एकदिन यमुनामा स्नान गर्न जाँदा त्यो पारस मेरो खुट्टामा ठोक्किन आयो । मैले त्यसलाई त्यहीं बालुवाले छोपेर राखिदिएँ, आउँदा खुट्टामा फेरि नपरोस् भनेर । त्यसलाई छोएपछि फेरि स्नान गर्नुपर्ने झन्झट को गरिरहोस् ।'

ठाउँ बताएकै थियो । गएर खोज्दा त्यो पारस त्यहाँ भेटियो । परीक्षाका लागि फलामका टुक्रा ब्राह्मणले साथमा राखेकै थिए । परीक्षण सफल भयो, फलाम सुन बनेर चम्क्यो । चिताएको पारस पाएपछि ब्राह्मण फर्के, तर चित्तले भन्यो– 'ती सन्तले त यो पारस पाएकै थिए । उनले त 'पारस छोइएमा पुनः स्नान गर्नुपर्ने हुन्छ भनेका थिए ।' ब्राह्मणले पारस लिएर सनातन गोस्वामी भएका ठाउँमा आएर भने– 'के तपाईंले पारसभन्दा पनि मूल्यवान् पदार्थ पाउनुभएको छ ?'

उनले जवाफ दिए – 'पाउन त पाएको छु ।'

'मलाई त्यो पदार्थ दिनुभएमा साह्रै गुन मान्ने थिएँ' ब्राह्मणले बिन्ती गरे ।

सनातन गोस्वामीले भने– 'दिन्छु, तर तिमीले पहिले पारसमणिलाई यमुनाजीमा मिल्काउनुपर्नेछ ।'

'लौ मिल्काएँ' भन्दै ब्राह्मणले आफ्नो सम्पूर्ण शक्ति लगाएर यमुना प्रवाहलाई पारस चढाइदिए। उनी अधिकारी भइसकेका थिए, किनकि शङ्करजीको दीर्घकालीन उपासनाद्वारा उनको चित्त शुद्ध भइसकेको थियो। गोस्वामीले उनलाई श्रीकृष्णनाममन्त्रको दीक्षा दिए। कृष्णमन्त्ररूपी पारसमणि पाएर ब्राह्मण कृतार्थ भए।

सन्त तुकाराम– सन्त तुकारामको भक्ति, वैराग्य र धर्मपरायणताको कीर्ति सुनेर छत्रपति शिवाजीले उनलाई लिन आफ्ना सेवकहरू पठाएका थिए। सेवकहरूका साथमा हात्ती, घोडा र पालकी पनि पठाएका थिए। जुन सवारी-साधनलाई सन्तले मन पराउलान् त्यसमा त्याउने उद्देश्य राखिएको थियो। सेवकहरूले त्यहाँ गएर बिन्ती गरे– 'महाराजा शिवाजी तपाईंको दर्शन पाउन अत्युत्सुक हुनुहुन्छ। कृपया हजूर हामीसित पाल्नुहुन अनुरोध छ।'

उनले भने– 'जानु नै परेछ भने ईश्वरले दिएका दुइटा गोडा मसँग छँदैछन्। यी पशु र पालकी बोक्नेहरूलाई भार भएर म दुःख दिन चाहन्नँ। छत्रपति शिवाजीलाई मेरातर्फबाट भनिदिनू, म उहाँको मङ्गल-कामना गर्दछु। म यहाँ मेरा प्रभु बिट्ठल भगवान्को सेवामा व्यस्त छु। मलाई यहीं सेवामा रहन दिएमा शिवाजीको सम्प्रति ठूलो दया भएको ठान्नेछु।'

राजसेवकहरू फर्के। जस-जसले यो कुरा थाहा पाए उनले भने– 'तुकाराम निर्बुद्धि मानिस हुन्। घरमा आएको राजवैभवलाई लत्याउनु कत्रो भूल! कुनै पनि बुद्धिमान् आफ्ना घर आएको लक्ष्मीको तिरस्कार अवश्य गर्दैनन्।'

छत्रपति शिवाजी सेवकहरूबाट तुकारामको सन्देश पाएपछि उनको दर्शन गर्न आफैं गए। दर्शन पाएपछि प्रणाम गर्दै उनले स्वर्णमुद्राको थैली सन्तलाई सादर टक्र्याए। तुकाराम-जीले भने– 'महाराज! तपाईं गो-ब्राह्मणप्रतिपालक र धर्मरक्षक राजा भएर मलाई मायाको बन्धनले किन जेल्दै हुनुहुन्छ? माया भक्तिमा बाधा दिने तत्त्व हो। कृपया यस स्वर्णमुद्रालाई फिर्ता लैजानुहोस्।'

तुकारामजीको घर एउटा अभावग्रस्त घर थियो। उनको छाप्रोमा लुगाका नाममा धुजाधुजा परेका भुत्ला थिए। भिक्षाद्वारा निर्वाह हुन्थ्यो तुकारामको। धनप्रतिको निःस्पृहता र भगवान्मा दृढ भक्ति देखेर छत्रपति भावविभोर भए। त्यसपछि त तुकारामको घर सत्सङ्ग गर्न आउने कुरा शिवाजीको जीवनको अपरिहार्य अङ्ग नै बन्यो।

अलोभ धर्मका आदर्श श्रावस्ती नरेश र ब्राम्हणकुमार- कौशाम्बीनरेशका राजपुरोहितका छोरा थिए –अभिरूप कपिल। उनी आचार्य इन्द्रदत्तसँग अध्ययन गर्न श्रावस्तीमा आएका थिए। आचार्यले अभिरूप कपिलको भोजनको व्यवस्था नगरसेठका घर मिलाइदिएका थिए। तर त्यहाँ कपिल भोजन बाँड्ने सेविकाको सौन्दर्यले मुग्ध भए। दुवैमा परिचयपछि प्रेमको चस्को बढ्दै गयो। वसन्तोत्सव आउँदा सेविकाले कपिलसँग राम्रा लुगा र गहना मागिन्।

अभिरूप कपिलसँग एक कौडी पनि थिएन । उनै सेविकाले युक्ति सुझाइन्- 'यहाँका नरेशको नियम छ- एकाबिहानै सर्वप्रथम जसले उनलाई अभिवादन गर्दछ त्यसलाई दुई मासा स्वर्ण प्रदान गर्दछन् ।'

कपिलले विचार गरे- 'महाराजाको सर्वप्रथम दर्शन त उनकै सेवकहरू मात्र गर्न सक्तछन्, तसर्थ राजभवनमा मध्यरात्रीमा नै पस्नु बेस होला ।' उनले त्यसै गरे । राजाको शयनकक्षभित्र पस्ने चेष्टा गर्दा उनी प्रहरीहरूद्वारा समातिए । वस्तुतः उनी चोर ठानिए । प्रातः राजसभामा राजाको सामु ल्याइएपछि उनलाई सोधियो । राजासित उनले भएको सम्पूर्ण कुरा कत्ति नलुकाएर भने । ब्राह्मणकुमारको सत्यता र सरलतामा सन्तुष्ट भएर राजाले भने- 'तिमीले चाहेको कुरा माग, जे माग्दछौ त्यो म दिनेछु ।'

'म सोचेर भोलि माग्नेछु' भनेपछि कपिललाई एक दिनको समय दिइयो । डेरामा फर्केपछि कपिल विचार गर्न थाले-'दुई मासा स्वर्ण त साह्रै सानो कुरा हो, एक सय स्वर्णमुद्रा माग्ने त ? तर त्यसले पनि कति दिनलाई निर्वाह होला र ! के हजार स्वर्णमुद्रा ? हैन लाख स्वर्णमुद्रा ?' उनी सोच्दै थिए, उनको तिर्सना झन्-झन् उर्लदै थियो । त्यस चिन्तनको प्रक्रियामा आधा राज्य पनि अपर्याप्त नै ठहरियो ।

अर्को दिन श्रावस्ती-नरेशसामु उपस्थित भएर कपिलले भने- 'महाराज ! मलाई तपाईंको सम्पूर्ण राज्य दिनुहोस् ।'

श्रावस्तीनरेश निःसन्तान थिए । कुनै योग्य अधिकारी पाए उसलाई सिंहासन सुम्पेर वनमा तपस्या गर्न जाने विचार उनको मनमा धेरै महीना पहिलेदेखि उठेको थियो । अभिरूप कपिल उनको दृष्टिमा योग्य साबित भए । उनको माग सुनेर प्रसन्नतापूर्वक श्रावस्तीनरेशले भने-'ब्राह्मण-कुमार ! तिमीले मेरो उद्धार गऱ्यौ । तृष्णारूपी नागिनीको पाशबाट अब म मुक्त भएँ । कामना-हरूको अगाध कुवालाई भर्दा-भर्दा मेरो जीवन समाप्त नै हुन आँटिसकेको थियो । तृष्णारूपी धापबाट जो मानिस बाहिर आउन सक्छ, त्यो परम सौभाग्यशाली हो । तिमीले मलाई यस्तो अवसर दियौ । म आभारी छु । यो सिंहासन अब तिम्रो हो, स्वीकार गर ।'

अभिरूप कपिल छक्क परे । उनले तत्कालै निर्णय गरेर भने- 'महाराज ! कृपा त हजूरले नै गर्नुभयो । तृष्णाकी नागिनीले त मलाई जेल्दै लगेकी थिई । म अब विषय-तृष्णाको हिलोमा फस्न चाहन्नँ । मलाई न राज्य चाहिएको छ, न दुई मासा स्वर्ण वा ती सुन्दरी नै ।'

अभिरूप कपिल श्रावस्तीनरेशको राजभवनबाट डेरातिर फर्कदा निकै प्रसन्न र निकै निर्द्वन्द्व थिए ।

गो-सेवक महाराज विक्रमादित्य- परदुःखकातर र परमोदार शकारि विक्रमादित्य प्रजा-को कष्ट थाहा पाउन प्रायः घुमिरहन्थे । यस्तै क्रममा एकपल्ट एक्लै घोडामा सवार भएर घुम्न गएका

थिए। बाटो वनको बीचमा पर्‍यो। साँझ परिसकेको थियो। वनको बाटोबाट छिटो निस्कन चाहने हुँदा उनले घोडालाई एडी लगाए। त्यत्तिकैमा गाई कराएको शब्द सुनियो। सम्राट् विक्रमादित्यले घोडालाई शब्दको दिशातर्फ फर्काए। वर्षा ऋतु थियो। नदीहरूमा बाढी थियो भने खोलानाला पनि प्रशस्त पानीले भरिएका थिए। बाढीको भेल हटेपछि खोला र नालाहरूमा ठाउँ-ठाउँमा हिलो जमेकै थियो। यस्तै एक ठाउँमा एउटा गाई फसेको थियो। उसका चार खुट्टा र पेट हिलोमा गडेका थिए। चल्न-चलमलाउन नै असमर्थ भएर त्यो गाई कराइरहेको थियो। महाराज विक्रमादित्यले घोडा फुकाइदिए। आफ्ना लुगाहरू खोली धापमा पसेर गाईलाई निकाल्ने प्रयास गरे। उनी आफैं हिलोले मुछिए तर एक्लै गाईलाई मुक्त गर्ने कुरा सम्भव थिएन। अझ घना अन्धकारले प्रयासलाई विफल बनाउन मद्दत गरेको थियो। बीच वनमा गाई कराएको सुनेर एउटा सिंह गाईलाई खान आइपुग्यो। फुकेको घोडा सिंहको गन्ध पाएर भाग्यो। विक्रमादित्यले तरवार उठाए। बिहानसम्म गाईको रक्षा गर्नु आवश्यक थियो। त्यस कालो अन्धकारमा सिंहसँग भिड्नु पनि उचित थिएन। सिंह आक्रमण गर्दैथ्यो, उनी त्यस आक्रमणलाई रोक्दै थिए। नजीकै एउटा बरको रूख थियो। त्यहाँबाट एउटा सुगा बोलेको सुनियो- 'राजन् ! गाईको मृत्युको बेला आइपुगेको छ। अहिले नमरे पनि बिहानसम्म त हिलोमा धस्सिएर नै मर्नेछ। यस गाईका निम्ति व्यर्थमा किन ज्यान फाल्दै हुनुहुन्छ ? अहिले यो सिंह एक्लै छ, तर केही बेरमा नै सिंहिनी र अरू वनका पशु आउन सक्छन्। त्यसकारण तपाईं त्यहाँबाट अन्त कतै सुरक्षित ठाउँमा जानुहोस्। यसै बरको रूखमा चढ्नुभए पनि तपाईं सुरक्षित हुनुहुनेछ।

विक्रमादित्यले भने- 'शुक ! मप्रति तिम्रो जुन सद्भावना छ त्यसका लागि कृतज्ञ छु, तर तिमी मलाई अधर्मको बाटो नबताऊ। आफ्नो प्राणको रक्षा गर्ने प्रयत्न त कीरा र पन्छीहरू पनि गर्दछन्, अरूको रक्षाका लागि जो जीवन दिन्छ त्यसैको जीवन धन्य बन्दछ। जसको हृदयमा दया छैन त्यसका अरू पुण्यकर्महरू व्यर्थ हुन्छन्। मेरो यस प्रयत्नबाट केही लाभ हुन्छ वा हुँदैन यो विचार गर्ने मेरो काम हैन। मैले त आफ्नो शक्तिअनुसार प्रयत्न गर्नुपर्छ। यस गाईको रक्षा गर्नु मेरो धर्म हो र म ज्यानको बाजी लगाएर पनि यसको ज्यान जोगाउने प्रयास गर्नेछु।'

पूरा रात सम्राट् विक्रमादित्य गाईको रक्षामा जुटिरहे। बिहान सूर्योदयभन्दा पहिले पूर्वडोरो पर्दा उनीसामु सिंह देवराज इन्द्रको रूपमा उभियो। सुगाको रूपमा कुरा गर्ने धर्म पनि आफ्नो रूपमा देखिए। साक्षात् पृथ्वीदेवी गाई बनेर राजाको परीक्षा गर्न सम्मिलित भएकी थिइन्। उनले पनि आफ्नो दिव्य रूपको दर्शन गराइन्।

सामान्य धर्म र विशेष धर्म

मनुस्मृतिमा सामान्य र विशेषका रूपमा धर्मका मुख्य दुई भेद बताइएका छन्। धृति, क्षमा आदि जस्तै मानवमात्रद्वारा पालन गरिन योग्य धर्महरूलाई सामान्य धर्मको रूपमा चिनाइएको

छ। सामान्य धर्महरू सर्वलोकोपकारी, शास्त्रसम्मत, सबैका लागि यथायोग्य अधिकारअनुसार आचरणीय र सर्वथा वैध हुन्छन्। सामान्य धर्म सनातन हुनुका साथै सार्वभौम पनि हुन्छ। यसले पृथ्वीगत सीमाबन्धनको वास्ता राख्दैन। आजसम्म जति मानिसहरू विश्वमा उत्पन्न भए र जो उत्पन्न हुनेछन् ती सबै सामान्य धर्मको सीमाभित्र पर्दछन्। यसको नियमबाट कुनै पनि मानिस अलग्गिन सक्तैन। चिनी गुलियो हुन्छ र आगोले पोल्दछ, यस सनातन सत्यले आफनो वास्तविकताका लागि हामीले मान्नु र नमान्नुलाई आधार मान्दैन। हामीले उक्त सत्यलाई मानेमा हाम्रो नै शुभ र कल्याण छ। नमानेमा उत्तिकै अशुभ र अमङ्गल हुन्छ। दुवै परिस्थितिमा नियम भने सार्वभौम अविकारी र सनातन नै हुन्छ। यस किसिमको छ हाम्रो सामान्य धर्म। विशेष धर्मको अन्तर्गत वर्णधर्म, आश्रम-धर्म र व्यक्तिधर्म अर्थात् पिता-माता, पति-पत्नी, पुत्र-सखा, गुरु-शिष्य, राजा-प्रजा आदिको आदर्शलाई लिइएको छ। यहाँसम्म सामान्य धर्मका आदर्श र कर्तव्यहरूलाई उदाहरणसहित संक्षेपमा उल्लेख गरिएको छ। यसपछि विशेष धर्मबारे केही विचार गर्नुभन्दा पहिले यो जान्नु आवश्यक छ- सामान्य धर्मको सम्बन्ध हाम्रो चरित्रसित हुन्छ र चरित्रको सङ्गठन हाम्रा कर्म र कर्तव्यहरूबाट हुन्छ। कर्तव्य के हो र त्यसको चरित्रमा कसरी प्रभाव पर्छ यस विषयमा स्वामी विवेकानन्दजीको सुन्दर विचार उहाँकै शब्दहरूमा यहाँ राख्नु वेश होला। स्वामीजी भन्नुहुन्छ- कर्मयोगको रहस्य बुझ्नका लागि कर्तव्यको स्वरूप जान्नु आवश्यक हुन्छ। मैले यदि कुनै काम गर्नुपरेको छ भने पहिले यो मेरो कर्तव्य हो भनी राम्ररी हृदयङ्गम गर्नुपर्छ। त्यसपछि मात्र म त्यो कर्तव्य पूरा गर्न सक्छु। विभिन्न जातिहरूमा र विभिन्न देशहरूमा कर्तव्यका सम्बन्धमा विभिन्न धारणाहरू हुन्छन्। मुसलमान कुरान-शरीफमा लेखिएको कुरालाई आफनो कर्तव्य ठान्दछ भने हिन्दू वेदविहित कर्तव्यलाई कर्तव्य ठान्दछ। त्यस्तै इसाईको दृष्टिमा बाइबिलमा जे लेखिएको छ त्यो कर्तव्य हुन आउँछ। यसबाट स्पष्ट हुन्छ- जीवनमा अवस्था, समय र जातिका भेदबाट कर्तव्यसम्बन्धी धारणाहरू पनि भिन्दाभिन्दै हुन्छन्। अन्यान्य सार्वभौमिक भावसूचक शब्दहरूको जस्तै, 'कर्तव्य' शब्दको पनि सही व्याख्या गर्न निकै अप्ठेरो छ। व्यावहारिक जीवनमा यसको परिणति र तज्जन्य फलाफलहरूद्वारा मात्र कर्तव्यको सम्बन्धमा हामी केही धारणा बनाउन सक्तछौं।

जब हाम्रा वरिपरि केही घटनाहरू घट्तछन्, त्यसबेला हामीहरूमा त्यस सम्बन्धमा विशेष रूपले कार्य गर्ने एउटा स्वाभाविक अथवा पूर्ण संस्कारानुयायी प्रवृत्तिको उदय हुन्छ र त्यसपछि मनले त्यस घटनाको सम्बन्धमा सोच्न थाल्दछ। कहिले त्यस मनले त्यस अवस्थामा यस्तै गर्नु उचित हो भन्ने सोचतछ भने कहिले यस्तै घटनाको पुनरावृत्ति भए पनि पहिलेको अवस्थामा गरेको कामलाई अनुचित ठहऱ्याउँछ। कर्तव्यको सम्बन्धमा सर्वत्र साधारण धारणा भएको देखिदैन। सत्पुरुषहरू आफना विवेकको आधारमा कर्म गर्ने गर्दछन्। तर त्यो के हो जसबाट कुनै कर्म कर्तव्य हुन आउँछ? जीवन र मरणको दोसाँधमा इसाईलाई गोमांसको एक टुक्रा प्राणरक्षाका लागि नखाएमा अथवा अर्को मानिसको प्राणरक्षाका लागि नदिएमा निश्चय नै यो आभास हुनेछ— उसले आफनो कर्तव्यको पालन गरेन। तर यस्तै अवस्थामा हिन्दूलाई गोमांसको टुक्रा आफैं खाएमा अथवा अरू-

लाई खान दिएमा ठीक यस्तै आफ्नो कर्तव्यको पालन नगरेको अनुभव हुनेछ । हिन्दू जातिको शिक्षा र संस्कार नै यस्ता छन् जसबाट हिन्दूको हृदयमा यस्तो भावको जागरण हुन्छ । साधारणतया मनुष्यले सडकमा गएर कुनै मानिसलाई गोली हानेर मारिदियो भने पछिबाट निश्चय नै उसलाई अपराध गरें भन्ने पछुतो हुनेछ । तर त्यसै मानिसले एउटा सैनिकको रूपमा युद्धमा एउटा मात्र होइन बीसौं मानिसलाई मार्दा पनि उसलाई आफ्नो कर्तव्य सुन्दर ढङ्गले पालन गरें भन्ने प्रसन्नता हुनेछ । यस प्रकार स्पष्ट छ– कुनै कार्यविशेषको विचारले मात्र हाम्रो कर्तव्य निर्धारण हुँदैन ।

बाह्य कार्यहरूको आधारमा मात्र कर्तव्यको व्याख्या गर्नु नितान्त असम्भव छ। फलानो कार्य कर्तव्य हो र फलानो कार्य अकर्तव्य भनेर कर्तव्याकर्तव्यको विभाग-निर्देश गर्न सकिंदैन । तर आन्तरिक दृष्टिकोण (Subjective Side)– बाट कर्तव्यको व्याख्या गर्न सकिन्छ । यदि कुनै कार्यद्वारा हामीहरू भगवान्को नजीक जान प्रयास गर्दछौं भने त्यो सत्कार्य हो र त्यो हाम्रो कर्तव्य हो । परन्तु जुन कर्मबाट हाम्रो पतन हुन्छ त्यो दुष्कर्म हो र त्यो अकर्तव्य हो । आन्तरिक दृष्टिकोणबाट विचार गर्दा प्रतीत हुन्छ– केही कार्यहरू यस्ता हुन्छन् जो हामीलाई उन्नत गराउँछन् र केही कार्य यस्ता हुन्छन् जो हामीलाई तल खसाउँछन् र पशुतुल्य तुल्याउँछन्, तर विभिन्न व्यक्तिहरूमा कुन कार्यले कस्तो भाव जगाउँछ भन्ने कुरा किटेर भन्न सकिंदैन । सबै युगमा समस्त सम्प्रदायले र समस्त देशका मनुष्यहरूले मानिएको कर्तव्यको कुनै सार्वभौमिक भाव छ भने त्यो हो– परोपकारः पुण्याय पापाय परपीडनम् । अर्थात् परोकार न पुण्य हो न परपीडा नै पाप हो ।

श्रीमद्भगवद्गीतामा जन्मगत तथा अवस्थागत कर्तव्यहरूको बारम्बार वर्णन गरिएको छ । जीवनका विभिन्न कर्तव्यहरूप्रति मानिसको जुन मानसिक र नैतिक दृष्टिकोण रहेको हुन्छ, त्यो अनेक अंशमा उसको जन्म र उसको चेष्टाद्वारा नियमित हुन्छ। यसले आफ्नो सामाजिक अवस्था-अनुरूप तथा हृदय र मनलाई सत्यतातर्फ उन्मुख गराउने कार्य गर्नु हाम्रो कर्तव्य हो । ख्याल राख्नुपर्ने कुरा के भने सबै देश र सबै समाजमा एउटै किसिमका आदर्श र कर्तव्य प्रचलित हुँदैनन् । यस विषयको अज्ञान नै एक जातिद्वारा अर्को जातिलाई गरिने घृणाको कारण बन्न आउँछ । अमेरिकावासी सोच्दछ– उसका देशका परम्पराहरू नै सर्वश्रेष्ठ हुन्, यसैले उसको दृष्टिमा जो उसको देशको परम्पराअनुसार व्यवहार गर्दैनन् ती दुष्ट र कर्तव्यहीन मानिस बन्न पुग्दछन् । २६८

यस्तै किसिमबाट एउटा हिन्दूको दृष्टिमा उसको परम्परा संसारमा सर्वश्रेष्ठ हुन्छ र त्यसको विपरीत परम्पराको पालन गर्ने व्यक्ति महादुष्ट हुन्छ । हामीहरू सजिलैसित यस्ता भ्रममा पर्दछौं, पर्नु स्वाभाविक पनि हो, त यस्तो भ्रम अत्यन्त अहितकर हुन्छ र संसारमा पारस्परिक सहानुभूति हुन नदिने पारस्परिक घृणाको मूल कारण बन्न पुग्दछ ।

हामीले जुन कुरामा विशेष रूपले ख्याल राख्नुपर्दछ, त्यो यो हो – अरूका कर्तव्यहरूलाई आफ्ना परम्पराहरूको मापदण्डमा नतौलौं । ध्यान राख्नुपर्ने कुरा यो हो– हाम्रै धारणाअनुसार सम्पूर्ण संसार चल्न सक्तैन । हामीले नै सम्पूर्ण संसारसँग मिलेर व्यवहार गर्नु पर्दछ । सम्पूर्ण विश्व

कहिल्यै पनि हाम्रा परम्परा र आदर्शको अधीनमा चल्न सक्तैन । यसप्रकार हामी पाउँछौं– देश, काल र पात्रअनुसार हाम्रा कर्तव्यहरू फेरिने गर्छन् । सर्वश्रेष्ठ कर्म त जुन विशिष्ट समयमा हाम्रो जे कर्तव्य हुन्छ त्यसको राम्ररी पालन गर्नु नै हो ।

कर्तव्य-पालनको क्रममा पहिले हामीले जन्मप्राप्त कर्तव्यलाई स्थान दिनुपर्छ र त्यसपछि सामाजिक जीवनमा हाम्रो पदअनुसार जे कर्तव्य हुन आउँछ त्यसलाई सम्पन्न गर्नु पर्दछ । प्रत्येक व्यक्ति जीवनमा कुनै न कुनै अवस्थामा अवस्थित भएकै हुन्छ, उसले आफ्नो अवस्थाअनुसारको कर्तव्य गर्नुपर्दछ मानव-समाजको एउटा कमजोरी छ– आफूलाई र आफ्नो वर्तमान स्थितिलाई नकेलाईकन अनधिकार चेष्टा गर्न थाल्दछ ।

मानिस आफ्नो शक्ति र सामर्थ्यको सीमाभन्दा पर चिन्तन गर्ने क्रमको सर्वोच्च सिंहासनमा आफूलाई व्यवस्थित गराउन चाहन्छ, र त्यसको अधिकारी आफूलाई ठान्दछ । मानिलिऊँ– त्यो अधिकारी रहेछ, तैपनि उसले सर्वप्रथम निरीक्षण गर्नुपर्छ– उसको वर्तमान पदको कर्तव्य पूरा भएको छ वा छैन ? यस्तो भएको छ भने क्रमशः उसका सामु उच्चतर कर्तव्यहरू स्वतः आउनेछन् । जब हामी निष्ठासाथ कुनै कर्तव्य गर्न थाल्दछौं त्यसबेला प्रकृतिले चारैतिर-बाट सङ्घर्षको जाल बिछाएर हाम्रो योग्यतालाई परिष्कृत र परिवर्धित गर्दै लैजान्छ र हाम्रो सही स्थानको निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । जो मानिस जुन कार्यलाई उपयुक्त हुँदैन त्यो मानिस दीर्घकालसम्म त्यस पदमा रहेर सबैलाई सन्तोष दिन सक्तैन । अतएव प्रकृतिले हामीलाई जुन कार्यको विधान गर्दछ त्यसको विरोध गर्नु व्यर्थ हो । यदि कुनै मानिसले सानो पदमा रहेर काम गर्दछ भने पदले गर्दा त्यो मानिस सानो हुँदैन । बाह्य भागबाट मात्र उच्चता अथवा नीचताको निर्णय गर्नु राम्रो हुँदैन, कर्तव्यपालन कुन रूपमा भएको छ त्यो मात्र उक्त कुराको निर्णायक हुन सक्तछ । त्यसपछि हामी कर्तव्यको उक्त धारणा पनि परिवर्तित भएको पाउने छौं । त्यसपछि हामीलाई बोध हुनेछ त्यो मात्र सर्वश्रेष्ठ कर्तव्य हो जुन सम्पन्न गर्दा कर्तामा कुनै किसिमको स्वार्थको लेशसम्म पनि हुँदैन । त्यसबेला याद राख्नुपर्ने हुन्छ– कर्तव्य-ज्ञानले गरिएको कर्मले नै हामीलाई कर्तव्यज्ञानातीत कर्मतर्फ अग्रसर गराउँछ र त्यस क्षणमा कर्म उपासनामा परिणत हुन्छ । त्यति मात्र नभएर त्यसबेला कर्मको अनुष्ठान केवल कर्मका लागि हुन्छ । यसै क्रममा त्यो कर्तव्य चाहे नीतिमा आश्रित होस् अथवा प्रेममा, त्यसको उद्देश्य कुनै योगको जस्तो भएको प्रतीत हुनेछ । उद्देश्य भन्नाले बुझौं- निम्न स्तरमा खेर गइरहेको आफ्नो शक्तिलाई रोक्नु, जसबाट आत्मा अधिकाधिक उच्च भूमिमा प्रकाशमान बन्न सकोस् । नीच वासनाहरूको उदयकालमा हामी तिनलाई वशमा पार्न सक्छौं भने हाम्रो आत्माको महिमाको विकास हुँदै जानेछ । कर्तव्यपालन गर्दा पनि स्वार्थत्यागको आवश्यकता अनिवार्य हुन्छ । ज्ञान अथवा अज्ञानले सम्पूर्ण समाजसंस्था सङ्घटित भएको छ । त्यो मानौं हाम्रो कार्यक्षेत्र हो र सत्य र असत्यको एउटा परीक्षाभूमि हो । यस कार्यक्षेत्रमा स्वार्थपूर्ण वासनाहरूलाई कम गराउँदै जाँदा हामी मानिसको वास्तविक स्वरूपको अनन्त विकासको मार्ग खोज्न सक्नेछौं । कर्तव्यपालन सम्भवतः

मीठो र सहज कम नै भएको होला । कर्तव्यचक्र त्यसबेला हलुका, सहज र गतिशील हुन्छ जब त्यसका पांग्राहरूमा प्रेमरूपी तेल दलिएको हुन्छ । अन्यथा त्यो घर्षण मात्र बन्न जान्छ । कर्तव्य-पालनमा प्रेम हुँदैन भने आमा-बाबुहरूले छोरा-छोरीहरूप्रति, बालकहरूले आमा-बाबुप्रति, पतिले पत्नीप्रति र पत्नीले पतिप्रति गर्नुपर्ने कर्तव्य कसरी सफल हुन सक्छ ? घर्षणका उदाहरणहरू के हामी आफ्नो दैनन्दिन जीवनमा पाउँदैनौं ? कर्तव्यपालनको मिठास प्रेममा नै हुन्छ र प्रेमको विकास स्वतन्त्रतामा हुन्छ । विचार गर्नु होस्– इन्द्रियहरूको, रिसको, ईर्ष्याको र प्रतिदिन घट्ने सैकडौं तुच्छ घटनाको दास बनेर बाँच्नुमा के स्वतन्त्रता हुन्छ ? आफ्ना जीवनका सम्पूर्ण क्षुद्र सङ्घर्षमा सहिष्णुता धारण गर्नु नै स्वतन्त्रताको सर्वोच्च अभिव्यक्ति हो । आइमाईहरू आफ्नो रिसाइरहने ईर्ष्यालु प्रकृतिको दास भएर आफ्ना पतिहरूलाई दोषी सिद्ध गर्दछन् । उनी-हरूको दावा हुन्छ– हामी स्वाधीन छौं, परन्तु उनीहरूलाई थाहा छैन– यसो गर्नाले हामी आफ्नै दुष्ट प्रकृतिको दासी बन्न पुगेका छौं । त्यस्तै हालत ती पतिहरूको पनि छ जो सबै आफ्ना स्त्रीहरूको दोष मात्र देख्ने गर्दछन् । नारी र पुरुषको पहिलो धर्म पवित्रता हो । यस्तो उदाहरण सम्भवतः दुर्लभ छ– पथभ्रष्ट, पतित र छिद्रान्वेषी पतिलाई एउटी पतिव्रता नारीले आफ्नो विनम्र र स्निग्ध व्यवहारले सही मार्गमा ल्याउन सक्तिन र ? संसार अहिले पनि त्यतिको गिरिसकेको छैन । धेरै पटक हामीहरूले संसारमा अनेक निर्दयी पति र पुरुषहरूको भ्रष्टाचरणको कुरा सुनेका छौं, तर यो पनि साँचो कुरा हो– संसारमा उत्तिकै निर्दयी र भ्रष्ट पत्नी र नारीहरू पनि छन् ।

सबै नारीहरू त्यतिकै शुद्ध र पवित्र भएका भए, जति उनीहरू दावा गर्छन्, मलाई पूरा विश्वास छ– संसारमा एउटा पनि अपवित्र मानिस हुने थिएन । यस्तो कुनचाहिं पाशविक भाव छ जसलाई पतिव्रता नारीको पवित्रता र सतीत्वले पराजित गर्न सक्तैन ? एउटी पतिव्रता नारी, जो आफ्नो पतिबाहेक सम्पूर्ण पुरुषहरूलाई छोराको दृष्टिले हेर्छिन् र उनीहरूमा आफ्नो मातृत्वको भाव जगाउँछिन्, उनको पवित्रताको शक्तिमा क्रमशः यति वृद्धि हुन्छ कि पाशविक प्रवृत्तिको मान्छे पनि उनको छेउमा पवित्र वातावरणको अनुभव गर्न थाल्दछ । प्रत्येक पतिले आफ्नी पत्नी बाहेक दुनियाँका समस्त नारीहरूलाई आमा, बहिनी र छोरीको रूपमा हेर्नु पर्दछ । खास गरेर त्यस पुरुषले त सबै नारीहरूलाई आमाकै रूपमा हेर्नु पर्दछ र व्यवहार गर्नु पर्दछ जो धर्मप्रचारक हुन चाहन्छ । मातृपद संसारको सर्वश्रेष्ठ पद हो, किनकि यो मात्र एउटा यस्तो पद हो जसबाट अधिकाधिक निःस्वार्थताको शिक्षा पाउन सकिन्छ र प्रेरणा पाएर निःस्वार्थ कार्यमा प्रवृत्त हुन सकिन्छ । भगवत्प्रेम मात्र मातृप्रेमभन्दा उच्च मानिएको छ, अरू सबै प्रेमहरू मातृप्रेमसामु त्यति महत्त्व राख्दैनन् । प्रत्येक आमाले सर्वप्रथम आफ्ना सन्तानको विषयमा चिन्तन गर्नुपर्दछ, त्यसपछि मात्र आफ्नो विषयमा चिन्तन गर्नु उपयुक्त हुन्छ । यसको विपरीत आमाबाबु आफ्नै विषयमा पहिले सोच्न थाल्दछन् भने उनीहरू र बच्चाहरूको सम्बन्ध चरा र उनका बच्चाबच्चीको जस्तो हुन जानेछ । चराका बच्चाहरू जब उड्न समर्थ हुन्छन् त्यसबेला उनीहरू आफ्ना बाबु-आमालाई

बिर्सन थाल्दछन्। वास्तवमा ती पुरुषहरू धन्य छन् जो नारीहरूलाई ईश्वरको वरदान मातृभावको प्रतिमूर्ति मान्दछन् र ती नारीहरू धन्य छन् जो पुरुषहरूलाई ईश्वरप्रदत्त पितृभावको प्रतिमूर्ति मान्दछन् र ती बालक-बालिकाहरू धन्य छन् जो बाबुआमालाई भगवान्का स्वरूपमा चिन्दछन् ।

हाम्रो उन्नतिको एउटा मात्र उपाय यो छ- हामी पहिले त्यो कर्तव्य गरौं जो हाम्रो सामु छ। यसप्रकार सुस्तसुस्त शक्तिसञ्चय गर्दै क्रमशः हामी सर्वोच्च अवस्थामा पुग्न सक्तछौं। कुनै पनि कर्तव्यलाई हामीले घृणाको दृष्टिले हेर्नु हुँदैन किनकि जो मानिस अरूको अपेक्षामा निम्न कार्यमा संलग्न हुन्छ त्यो आफूभन्दा उच्चतर कार्य गर्ने मानिसको अपेक्षा निम्नस्तरीय हुँदैन। व्यक्तिको कर्तव्यको स्वरूप हेरेर मात्र उसले वैयक्तिक उच्चता र नीचताको मूल्य आँक्नु युक्तिसङ्गत कुरा हुँदैन, त्य र व्यक्तिको कार्य-सम्पादनको शैली कार्यसामर्थ्य र शक्तिको परीक्षा लिएर मात्र उसको श्रेणी निर्धारण हुनुपर्दछ। यस सन्दर्भमा एउटा दृष्टान्त तल लेखिन्छ–

एउटा युवा तपस्वीले कुनै वनमा गएर दीर्घकालसम्म ध्यान-भजन र योगाभ्यास गरे। अनेक वर्षको कठिन तपस्यापछि एक दिन रूखको फेदमा बसिरहेको बेला उनीमाथि सहसा रूखबाट सुकेका पात झरे। उनले दृष्टि उठाएर हेर्दा रूखमा एउटा कौवा र एउटा बकुला लडिरहेका थिए। त्यसपछि तपस्वीलाई निकै रिस उठ्यो। तपस्वीले भने-'यो के हो ? तिमीहरूको यत्रो साहस ? सुकेका पात मेरो शिरमा प्याँक्न सक्ने तिमीहरू !'

यी शब्दहरूका साथ तपस्वीका क्रुद्ध आँखाहरूबाट आगाको एउटा ज्वाला निस्केको देखियो र ती बिचरा चराहरू डढेर खरानी बन्न पुगे। आफूमा यत्रो शक्ति देखेर ती तपस्वी निकै प्रसन्न भए। उनले सोचे–'बस, अब त म हेर्नासाथ कौवा र बकुलालाई भस्म गर्न सक्छु।' केही दिनपछि उनी भिक्षा माग्न एउटा गाउँमा पुगे। त्यसै गाउँको एउटा घरको ढोकामा उभिएर भने-'आमा! केही भिक्षा पाऊँ !' भित्रबाट शब्द आयो- 'बाबु ! केही बेर पर्ख।' तपस्वीले मनमनै भने-तेरो मबाट प्रतीक्षा गराउने यत्रो हिम्मत ! अझसम्म तँले मेरो शक्ति थाहा पाएको रहिनछस्। यत्तिकैमा भित्रबाट फेरि आवाज आयो-'बाबु ! तँ आफूलाई धेरै ठूलो नमान्, यहाँ कुनै कौवा छैन र बकुला पनि छैन।'

सुनेर तपस्वी छक्क परे। धेरै बेरसम्म उभिएपछि भित्रबाट एउटी आइमाई बाहिर आइन्। हेर्नासाथ तपस्वी उनका चरणमा परे र भने- 'आमा ! तपाईंलाई कौवा र बकुलाको कुरा कसरी थाहा भयो ?'

उनले भनिन्- 'बाबु ! न मैले तिम्रो योग जानेको छु, न तपस्या। म त एउटी साधारण नारी हुँ। मैले तिमीलाई यसैले यतिका बेरसम्म पर्खाएं कि मेरा स्वामी विरामी हुनुहुन्छ र म उहाँको सुसार गर्दै थिएँ। यो मेरो कर्तव्य हो। जीवनभरि मैले एउटै कुराको ख्याल गर्दै आएकी छु –म आफ्नो कर्तव्य पूर्ण रूपले निर्वाह गर्न सकूँ। पहिले कन्या छँदा मैले पिताप्रति गर्नुपर्ने कर्तव्यको निर्वाह गरें।

अब मेरो विवाह भइसकेको छ र पतिप्रति गर्नुपर्ने कर्तव्यको पालन गर्दै छु । बस, मेरो योगाभ्यास यही हो । आफ्नो कर्तव्यपालन गर्दा-गर्दै मेरा दिव्य चक्षु उघारिएका छन्, जसबाट मैले तिम्रा विचार-हरू बुझ्न सकें र मैले भन्ने कुरा पनि थाहा पाएँ वनमा तिमीले के के गरेका छौ । यदि तिमीलाई योभन्दा पनि माथिल्लो स्तरको कुरा जान्नु छ भने अमुक नगरको बजारमा जाऊ । त्यहाँ तिमी एउटा ब्याधालाई भेट्नेछौ । उसले तिमीलाई यस्ता कुरा बताउनेछ, जसबाट तिमी प्रसन्न हुनेछौ ।'

तपस्वीले विचार गरे- 'म किन त्यस ब्याधाछेउ जाऊँ' तर उनको मनःपटलमा अघि भर्खरको घटना घुमिरहेकै थियो र उनको विचार परिवर्तित भयो, आँखाहरू खुले । यसपछि उनी उक्त नगरमा गए । नगरको नजीकै एउटा हृष्ट-पुष्ट ब्याधालाई बसेको देखे । ऊ मासु काट्दै मानिस-हरूलाई दिने काम गरिरहेको थियो । तपस्वीले मनमनै भने –हरे! हरे! के यो त्यही ब्याधा हो जसबाट मैले उच्चस्तरीय शिक्षा पाउनु छ ? यो त मानिस नभएर पूरै राक्षसको रूपमा देखिएको छ ।

यत्तिकैमा ब्याधाले तपस्वीतिर फर्केर भन्यो- 'महाराज ! के तपाईंलाई उनै आइमाईले यहाँ पठाएकी हुन् ? कृपया बस्नुहोस्, म केही बेरमा नै आफ्नो कर्तव्य पूरा गर्छु ।' २७२

तपस्वीले विचार गरे-'यहाँ मैले के पाउनु छ र ?' तर उनी बसे । यता ब्याधा आफ्नो काममा निरन्तर लागिरह्यो । काम सकिएपछि रुपियाँ-पैसा जम्मा गर्दै तपस्वीलाई भन्यो-'महाराज ! अब मेरो घर पाल्नुहोस् ।'

घरमा गएपछि उसले तपस्वीलाई आसन टक्याएर भन्यो-'कृपया केही बेर यहाँ राज होस् ।' तपस्वीलाई बसाएपछि उसले आफ्ना वृद्ध माता-पितालाई स्नान गराएर भोजन गरायो । त्यसपछि जे गरेर उनीहरू प्रसन्न हुन्छन् ती समस्त सेवाहरू सामर्थ्यअनुसार सम्पादन गऱ्यो । आफ्नो कर्तव्य-सम्पादन गरेपछि तपस्वीछेउ आएर उसले भन्यो-'महाराज ! तपाईं मसँग आउनुभएको छ । मैले के सेवा गर्नुपर्छ, म तयार छु ।'

तपस्वीले ब्याधासित आत्मा र परमात्माको विषयमा प्रश्न गरे । प्रश्नको उत्तरमा व्याधाले जे भन्यो त्यो आज 'ब्याधगीता' नामले परिचित छ । त्यसमा अत्यन्त उच्च तथ्यहरू समा-विष्ट छन् ।

ब्याधाले आफ्नो उपदेश समाप्त गरेपछि तपस्वी आश्चर्यचकित देखिए । तपस्वीले भने-'तपाईं ज्ञानी पुरुष हुनुहुँदो रहेछ, तर तपाईं ब्याधाको रूपमा यस्तो निन्दित र कुत्सित कार्य किन गर्नुहुन्छ ?'

ब्याधाले भन्यो-'महाराज ! कुनै पनि कर्म निन्दित हुँदैन र कुनै पनि कर्तव्य कुत्सित हुँदैन । म जन्मदेखि जुन परिस्थितिमा छु तदनुसार म प्रारब्धलब्ध कर्म गर्दै छु । बालककालदेखि नै मैले यो कर्म सिकेको हुँ र यसमा मेरो रत्तीभर आसक्ति छैन । कर्तव्यको नाताले म ब्याधाले गर्नुपर्ने कर्म सही ढङ्गले गर्दै छु । म गृहस्थको नाताले उक्त कर्म गर्दै छु र आफ्ना आमा-बाबुलाई प्रसन्न तुल्याउन

यथाशक्य प्रयास गर्दै छु । न त मैले तपाईको योग जानेको छु, न त तपश्चर्या, न म संसार छाडेर वनमा गएको छु । यस परिस्थितिमा तपाईले मबाट जे सुन्नुभयो र ममा जे देख्नुभयो तो सबै कुरा अनासक्त भावले आफ्नो अवस्थाअनुरूप कर्तव्यपालनद्वारा मैले उपलब्ध गरेको हुँ ।'

उक्त दृष्टान्तको तात्पर्य हो साधकले आफ्नो साधनावस्थामा साधनमा नै तन, मन, प्राण अर्पेर कार्य गर्नुपर्छ । किनकि साधनावस्थाको चरम अवस्थाको नाम नै सिद्धि हो । जब तपाईं कुनै कार्य गर्नुहुन्छ त्यसबेला अरू विषयको विचार बिलकुल नै नगर्नुहोस् । त्यस कार्यलाई सर्वोत्तम उपासना-बराबर सम्झेर सफल गर्नुहोस् । त्यसलाई सम्पन्न गर्ने प्रक्रियामा आफ्नो समस्त शक्तिका साथ तन-मन अर्पित गरिदिनुपर्छ भन्ने कुरा माथिको उपाख्यानले पनि स्पष्ट गराउँछ ।

हामीले जीवनको जुनसुकै अवस्थामा पनि कर्मफलमा अनासक्त भएर उचित रूपले कर्तव्यको पालन गर्नुपर्दछ । यसबाट अन्तःकरण शुद्ध भएर मानिस ज्ञानको अधिकारी बन्न पुग्दछ ।

कर्मफलमा आसक्त व्यक्ति आफ्नो भाग्यअनुसार प्राप्त कर्तव्यलाई सम्पन्न गर्ने प्रक्रियामा विवशताको द्योतकभाव व्यक्त गर्दै दुःखानुभूति गर्दछ । अनासक्त पुरुषका सामु सबै कर्तव्य एकसमान हुन्छन् । उसका दृष्टिमा ती कर्तव्यहरू स्वार्थपरता र इन्द्रियपरायणतालाई हटाउँदै आत्मालाई अज्ञानबाट मुक्त गरेर ज्ञानको आलोकमा दीप्त गर्ने साधन बन्दछन् । हामी आफ्ना कर्तव्यहरूको पालन गर्दा गनगनाउँछौं । यसको कारण यो हो– हामी आफूलाई धेरै योग्य ठान्दछौं, तर हामी त्यस्ता योग्य व्यक्ति हुँदैनौं । दैवी नियम नै सदा आफ्नो कडा विधानले हाम्रा कर्मअनुसार उचित कर्मफल-को उपलब्धि गराउँछ । यसमा रत्तीभर पनि यता-उता हुँदैन । हामीहरू कुनै कर्तव्यलाई सम्पन्न गर्न अनिच्छुक भए पनि हाम्रा कर्मफलअनुसार नै हाम्रा कर्तव्यहरू निर्दिष्ट-निर्धारित हुन्छन् । स्पर्धा-बाट ईर्ष्या जन्मन्छ र ईर्ष्या हृदयको कोमलता नष्ट गरिदिन्छ । असन्तुष्ट र कलहप्रिय मानिसका लागि सबै कर्तव्य नीरस हुन्छन् । उसलाई त कहिल्यै कुनै कुराबाट सन्तोष हुँदैन र फलस्वरूप उसको जीवन दुःखमय र असफल हुन्छ । हामीले त कर्म गरिरहनुपर्छ र जुनसुकै कर्तव्यलाई पनि मनोयोगबाट पालन गर्नुपर्दछ । त्यसपछि मात्र हामीहरू आफ्नो अन्तःकरणको शुद्धि गर्दै ज्ञानका अधिकारी हुनेछौं ।

हिन्दू-दर्शनशास्त्रीले हाम्रा सामु एउटा मात्र लक्ष्य स्थापित गरेको छ । त्यो के हो भने– मानिसको चरम उद्देश्य विषयमुख नभएर ज्ञानप्राप्ति हो । विषयसुख र विषयानन्द दुवै विनश्वर हुन् । यस्तो स्थितिमा इन्द्रियहरूबाट पाइने सुखलाई चरम लक्ष्य मान्नु मानिसको ठूलो भूल हो । संसारमा सबै दुःखहरूको मूलकारण विषयसुखलाई महत्त्व दिने प्रवृत्ति हो । केही समयपछि विषयसुखलाई चरम लक्ष्य मान्न मानिसलाई होश आउँछ र थाहा पाउँछ– जुन बाटो म हिंडिरहेको छु त्यो बाटो नभएर शान हो । सुख र दुःख त मानिसका गुरु हुन् । मानिसले जति शिक्षा सुखबाट पाउँछ उत्तिकै शिक्षा दुःखबाट पनि पाउँछ । सुख र दुःख जब-जब अन्तःकरणको बाटो जाने गर्द-छन् त्यसबेला अन्तःकरणमा उनीहरूले आफ्नो-आफ्नो किसिमका अनेक चित्र अङ्कित गर्दछन् ।

यो अन्तःकरणचित्र र संस्कारहरूको समष्टिस्वरूप नै उक्त मानिसको चरित्रमा परिणत हुन्छ । यदि तपाईले कुनै मानिसको चरित्रलाई हेर्नुभयो भने तपाईलाई प्रतीत हुनेछ– वास्तवमा त्यो मानिस आफ्नो मानसिक प्रवृत्ति र मानसिक झुकावको समष्टिस्वरूप हो । तपाईले उक्त मानिसको चरित्र-गठनमा सुख र दुःख दुवैलाई उपादान कारण बनेको पाउनुहुनेछ । सुख र दुःख दुवैको चरित्रलाई एउटा विशिष्ट शैलीमा ढाल्नमा समान योगदान हुन्छ । कहिले त दुःख सुखभन्दा पनि ठूलो शिक्षक हुन्छ । यदि संसारका धेरैजसो महापुरुषहरूका चरित्रहरूको अध्ययन गर्‍यौं भने अधि-कांश अवस्थाहरूमा सुखको अपेक्षा दुःखले र सम्पत्तिको अपेक्षा दरिद्रताले उनीहरूलाई शिक्षा दिएको र प्रशंसाको अपेक्षा निन्दाको आघातले उनीहरूको अन्तःस्थ ज्ञानाग्निलाई प्रदीप्त बनाएको कुरा हामी पाउनेछौं ।

ज्ञान भन्ने कुरा बाहिरबाट हृदयमा आउने तत्त्व हैन, यो त मनुष्यमा नै अन्तर्निहित हुन्छ । हामी कुनै मानिसलाई 'ऊ ठान्दछ' भनेर जे भन्छौं, त्यसलाई ठीक वैज्ञानिक भाषामा भन्ने हो भने हामीले भन्नुपर्दछ–'ऊ आविष्कार गर्दछ ।' मानिस जे कुरा सिक्दछ त्यो वास्तवमा आविष्कार गर्नु हो । आविष्कारको अर्थ हो–मनुष्यद्वारा आफ्नो अनन्त ज्ञानस्वरूप आत्मामाथि ढाकिएको आवरणलाई पन्छाउनु । हामीहरू भन्दछौं न्यूटनले गुरुत्वाकर्षणको सिद्धान्तको आविष्कार गरे । के त्यस आवि-ष्कारले कहीं कुनामा बसेर न्यूटनलाई पर्खिरहेको थियो ? हैन, त्यो त न्यूटनको मनमा नै थियो । जब समय आयो त्यसबेला न्यूटनले खोजेर निकाले । संसारले आजसम्म जे-जति ज्ञानको लाभ गरेको छ त्यो सम्पूर्ण मनबाट नै निस्केको हो । विश्वको विशाल र असीम पुस्तकालय तपाईकै मनमा छ । बाह्य संसार त तपाईलाई आफ्नो मनलाई अध्ययनमा प्रवृत्त गराउने प्रक्रियामा उद्दीपक र सहायक मात्र हो । परन्तु प्रत्येक समयमा तपाईंको अध्ययनको मूल विषय तपाईकै मन हो । स्याउ रूखबाट खस्नु न्यूटनका लागि उद्दीपक कारण थियो । उनी वस्तुतः आफ्नै मनको अध्ययन गरिरहेका थिए । आफ्नो मनमा संस्काररूपमा वर्तमान भावशृङ्खलाका तन्तुहरूलाई एकपटक उनले व्यवस्थित गरे अथवा एउटा नयाँ तन्तुको आविष्कार गरे । यसैलाई हामी आज गुरुत्वाकर्षण-को सिद्धान्त भन्दछौं । यो सिद्धान्त न स्याउको दानामा थियो, न त पृथ्वीको केन्द्रमा स्थित कुनै अन्य वस्तुमा । अतएव समस्त ज्ञान, चाहे त्यो व्यावहारिक होस् अथवा पारमार्थिक, मानिसकै मनमा निहित हुन्छ । बहुधा ज्ञान प्रकाशित हुन नपाएर अडेको छ । जब आवरण हट्दै जान्छ, त्यसबेला हामी भन्दछौं– 'हामीलाई ज्ञान हुँदै छ ।' जब-जब आविष्कारको प्रक्रिया अगाडि बढ्दै जान्छ, तब-तब हाम्रो ज्ञानको वृद्धि हुँदै जान्छ । जुन मानिसको आवरण हट्दै जान्छ, त्यो मानिस अरू मानिसहरू भन्दा अपेक्षाकृत ज्ञानी कहलाउँछ र जुन मानिसको आवरण बिलकुल हटिसकेको हुन्छ, त्यो मानिस 'सर्वज्ञपुरुष' कहलाउँछ । अतीतमा कतिपय सर्वज्ञ पुरुष भइसकेका छन्, अहिले पनि धेरै नै छन् र आगामी युगहरूमा पनि यस्ता पुरुषहरूले जन्म लिनेछन् । जसरी एउटा चकमकको टुक्रामा अग्नि निहित हुन्छ, त्यसरी नै मनुष्यको मनमा ज्ञान निहित हुन्छ । यस्तै कुरा हाम्रा समस्त भाव र कार्यहरूको सम्बन्धमा पनि हुन्छ । यदि हामीले शान्त भएर स्वयं आफ्नो अध्ययन गर्‍यौं भने

प्रतीत हुनेछ– हाम्रो हाँसो-रोदन, सुख-दुःख, हर्ष-विषाद, शुभकामना-शाप, स्तुति र निन्दा आदि कुराहरू हाम्रा मनमा बाह्य जगत्को अनेक घात र प्रतिघातको फलस्वरूप उत्पन्न भएका हुन् र हाम्रो वर्तमान चरित्र उक्त प्रतिक्रियाकै उपज हो। उपर्युक्त घात र प्रतिघात नै मिलेर कर्म कहलाउँछन् । आत्माको आभ्यन्तर प्रकाश उसको शक्ति र ज्ञानलाई प्रकट गर्न जुन मानसिक र भौतिक घात आत्मामा पुऱ्याइन्छ, ती कर्म हुन् र यहाँ ती कर्महरूको उपयोग व्यापक रूपमा गरिएको छ। यस प्रकार हामी प्रतिक्षण केही न केही कुनै न कुनै कर्म गरिनै रहेका हुन्छौं। हामी जे गर्छौं त्यो शारीरिक अथवा मानसिक जेसुकै भए पनि 'कर्म' नै हो र त्यसले हामीमाथि विशेष चिन्ह अङ्कित गर्दछ। कति कर्म यस्ता पनि हुन्छन् जो अनेक साना-साना कर्महरूको समष्टि-स्वरूपको प्रतिनिधित्व गर्दछन्। उदाहरणार्थ हामीले समुद्रका किनारमा उभिएर हेर्यौं भने अनेक तरङ्गहरू आएर समुद्र तटमा ठोक्किने छन् र ठूलो आवाज आएको महसूस गर्नेछौं। साधारण-तया हामी जान्दछौं– ठूला तरङ्गहरू अनेक साना-साना तरङ्गहरूबाट बनेका हुन्। यद्यपि प्रत्येक साना तरङ्गबाट शब्द उत्पन्न हुन्छ, तर ती शब्दहरू सुनिंदैनन्। जब सबै तरङ्गहरू मिलेर एकाकार हुन्छन्, त्यसबेलाको ठूलो शब्द हामी सुन्छौं। यस्तै प्रकारले हृदयको हरेक स्पन्दनबाट कार्य भइ-रहेको हुन्छ। कति कार्य यस्ता हुन्छन् जसको अनुभव हामी गर्छौं, र ती कार्य इन्द्रियग्राह्य हुन्छन्। तर ती कार्य अनेक साना-साना कार्यहरूको समष्टिरूपमा हुन्छन् । यदि तपाई कुनै मानिसको चरित्र केलाउन खोज्नुहुन्छ भने त्यसका देखिने ठूला कार्यहरूबाट उसलाई जाँच्नुहोस्। मूर्ख पनि कुनै विशेष अवसरमा बहादुर बन्न सक्तछ। मनुष्यका अति सामान्य कर्तव्यहरूलाई परीक्षा गर्नु उचित हुन्छ। अति सामान्य क्रियाकलापबाट नै मानिसको वास्तविक चरित्र थाहा हुन सक्तछ। महान् पुरुषलाई चिन्ने आधार पनि उसका अति सामान्य क्रियाकलाप नै हुन्। आक-स्मिक अवसरहरू संयोगवश सानो पृष्ठभूमि र सानो आत्माको पुरुषलाई पनि महत्ता प्रदान गर्दछ। तर त्यो मानिस ठूलो हो जसको चरित्र सदा र सबै अवस्थामा महान् हुन्छ।

मानिसको जुन शक्तिहरूसित सम्बन्ध हुन्छ तीमध्ये कर्महरूको शक्ति प्रबल हुन्छ किनकि कर्मशक्तिको मानवीय चरित्र-गठनमा ठूलो प्रभाव पर्दछ। मानिस एक प्रकारको केन्द्र हो, जो संसारका समस्त शक्तिहरूलाई आफूतिर तान्दछ । उक्त केन्द्रमा सबै शक्तिहरूलाई मिलाउँदा समुद्रको विशाल तरङ्गजस्तै स्वरूप बन्दछ र त्यस स्वरूपलाई केन्द्रबाट बाहिर सञ्चार गराइन्छ । वस्तुतः यस प्रक्रियाको सञ्चालक नै प्रकृत मानव (आत्मा) हो। यो आत्मा सर्वशक्तिमान् र सर्वज्ञ छ। यसले समस्त विश्वलाई आफूतिर तानिरहेको छ। राम्रा-नराम्रा, सुख-दुःख सबै आत्मातर्फ दौडिरहेछन् र त्यो ती सबैलाई मिलाएर चरित्र-रूपी महाशक्तिको सङ्गठन गरी त्यसलाई बाहिर पठाइरहेछ। आत्मामा कुनै विषयलाई आफूतिर खिच्ने शक्ति भएझैं कुनै विषयलाई बाहिर पठाउने शक्ति पनि उत्तिकै मात्रामा रहेको हुन्छ। संसारमा हामी जे-जस्ता कार्यकलाप गरिरहेका छौं, या भएको देखिरहेका छौं, मानव-समाजमा जुन गति भइरहेको छ र हाम्रा चारैतिर जे-जस्तो भइरहेको छ यो सम्पूर्ण खेल केवल मनको नै

हो र मनुष्यको इच्छाशक्तिको प्रकाश मात्र हो। अनेक प्रकारका यन्त्र, नगर, जलीय साधनहरू र वायुयान आदि सबै मनुष्यका इच्छाशक्तिको विकास मात्र हो । मानिसमा यस किसिमको इच्छाशक्ति चरित्रबाट उत्पन्न हुन्छ र त्यो चरित्र उसका कर्महरूबाट बनेको हुन्छ । अतएव मानिसको जस्तो कर्म हुन्छ उस्तै उसको इच्छाशक्तिको विकास भएको हुन्छ । संसारमा प्रबल इच्छाशक्ति भएका जति पनि महापुरुष भए ती सबै धुरन्धर कर्मठ थिए। उनीहरूको इच्छाशक्ति यति प्रबल थियो कि उनीहरू यस संसारलाई नै उलट-पुलट पार्न सक्तथे र त्यो इच्छाशक्ति उनीहरूमा युग-युगान्तरसम्म निरन्तर कर्म गरिरहनाले आएको थियो । बुद्ध र ईसामसीहमा जस्तो प्रबल इच्छाशक्ति थियो त्यो एक जन्मको कर्मले मात्र प्राप्त हुन सम्भव हुने कुरा हैन र उसलाई हामी आनुवंशिक शक्तिसञ्जय पनि भन्न सक्तैनौं, किनकि हामीलाई थाहा छ– उनका बाबु को थिए । उनीहरूका बाबुहरूको मुखबाट मानवमात्रको कल्याणका लागि एउटा शब्द मात्र पनि निस्केको विषयमा हामी केही पनि बताउन सक्तैनौं । जोसेफ (ईसामसीहका पिता) जस्ता असंख्य सिकर्मीहरू दुनियाँमा भइसके र आज पनि छन् । बुद्धका बाबु जस्तै अनेक राजाहरू भएका छन् । अतः यदि तपाईं 'बुद्धमा आनुवंशिक शक्तिको सञ्चार भएको हो' भन्नु-हुन्छ भने पनि– एउटा सानो राजाको घरमा एउटा पुत्ररत्न पैदा भयो जसको उपासना आज लगभग आधा विश्वले गरिरहेको छ भन्ने कुरामा तपाईं कसरी स्पष्टीकरण दिन सक्नुहुन्छ ! यस्तै किसिमले जोसेफ नाम गरेको सिकर्मी तथा संसारका लाख-लाख मानिसद्वारा ईश्वर समान पुजिने उनका छोरा ईसामसीहमा जे-जति अन्तर छ त्यसको स्पष्टीकरण के हुन्छ सक्छ ?

२७६ आनुवंशिक शक्तिसञ्चारको सिद्धान्तबाट स्पष्टीकरण दिन सकिंदैन– बुद्ध र ईसाले यस विश्वमा जुन महाशक्तिको सञ्चार गरेर गए त्यो महाशक्ति उनीहरूमा कहाँबाट आएको हो ? त्यस महाशक्तिको उत्पत्तिको केन्द्रभूमि के हो ? अवश्य नै युग-युगान्तरदेखि त्यो शक्ति त्यहाँ हुँदो हो र क्रमशः बलवती हुँदै गएर अन्तमा बुद्ध र इसाको रूपमा समाजमा प्रकट भयो र जो आजसम्म बाँचिरहेकै छ । सम्पूर्ण संसार कर्मद्वारा नै नियमित छ । यो सनातन नियम हो– कुनै पनि मानिसले आफ्नो कर्मद्वारा उपार्जन नगरेको कुरा पाउँदैन । सम्भव छ– पहिले त यस कुरामा विश्वास नगरियोस्, तर पछि गएर यस नियममा दृढ विश्वास बाहेक अर्को उपाय रहँदैन । मानिसले जीवनभर नै धनी हुने धुनमा रगत र पसीना बगाउँछ तापनि हजारौं मानिसहरूलाई धोका दिएर पनि उसको कर्मले दिंदैन भने उसले खोजेको कुरा पाउँदैन । अन्तमा उसलाई थाहा हुन्छ– वास्तवमा ऊ सम्पत्तिशाली हुने सम्बन्धमा सही अधिकार थिएन । त्यसबेला उसको जीवन दुःखमय र भारमय हुन्छ । हामीले आफ्नो भौतिक सुख र समृद्धिका लागि नाना थरीका वस्तुहरूको संग्रह गरे पनि ती सबै हाम्रा हुँदैनन् । वस्तुतः जुन वस्तुहरू हाम्रा कर्मद्वारा उपार्जित हुन्छन् ती वस्तु नै हाम्रा हुन्छन् । मूर्खले संसारभरका सम्पूर्ण पुस्तकहरू किनेर आफ्नो पुस्तकालय भरे पनि उसले ती पुस्तकहरू मात्र पढ्न सक्नेछ जुन पढ्ने अधिकार उसलाई छ । यो अधिकार कर्मद्वारा मात्र प्राप्त हुन्छ । हामी के कुराका अधिकारी छौं, र आफ-

भित्र के-के ग्रहण गर्न सक्तछौं यी सबै कुराको निर्णय कर्मद्वारा मात्र हुन्छ । हामी अहिले वर्तमान अवस्थामा जे-जस्तो परिस्थितिमा र जे-जस्तो स्वरूपमा छौं, यस कुराको उत्तरदायी हामी आफै छौं । भविष्यमा या अर्को जन्ममा हामी जे बन्न चाहन्छौं त्यसलाई सफल तुल्याउने शक्ति पनि हामीमा नै छ । हाम्रो वर्तमान अवस्था हाम्रो पूर्वकर्मको फल हो भने निश्चित छ– हामी भविष्यमा जे बन्न चाहन्छौं त्यो हाम्रो वर्तमान कर्महरूद्वारा मात्र निर्धारित हुन्छ । अब हामीले जान्नुपर्ने कुरा यो हो– कर्मसम्पादन कसरी गर्ने ? सम्भवतः तपाईं भन्नुहोला– कर्म गर्ने शैली जानेर के लाभ ? संसारमा प्रत्येक व्यक्तिले कुनै न कुनै प्रकारले कुनै न कुनै कर्म गरेकै हुन्छ । यस सम्बन्धमा ख्याल राख्नुपर्ने कुरा के हो भने– कर्मको नाममा निरर्थक शक्तिक्षयबाट हाम्रो कल्याण अवश्य हुँदैन । गीतामा भनिएको छ– योग कर्मसु कौशलम् कर्मयोगको अर्थ हो कुशलताले अर्थात् वैज्ञानिक प्रणालीले कर्म गर्नु । कर्मानुष्ठानको विधिलाई राम्ररी जान्नाले मनुष्यलाई कर्मको श्रेष्ठ फल प्राप्त हुन सक्नेछ । यो कुरा सम्झनामा राख्नुपर्छ– समस्त कर्महरूको उद्देश्य हो मनभित्र पहिलेदेखि नै भएको शक्तिलाई प्रकट गर्नु र आत्मालाई जाग्रत् गराउनु । प्रत्येक मानिसभित्र पूर्ण शक्ति र पूर्ण ज्ञान विद्यमान छ । भिन्न-भिन्न कर्महरू आफूभित्र रहेका महान् शक्तिहरूलाई जाग्रत् गर्ने र बाहिर प्रकट गर्ने साधन मात्र हुन् ।

२७७ मानिस अनेक कारणहरूबाट कर्ममा प्रवृत्त हुन्छ, किनकि विनाकारण कुनै कर्मको आरम्भ हुँदैन । केही मानिसहरू कीर्ति चाहन्छन् र कीर्तिका लागि कर्म गर्दछन्, केही धन चाहन्छन् र धनका लागि कर्म गर्दछन्, केही स्वर्ग चाहन्छन् र स्वर्गसाधक कर्म गर्दछन् । केही मानिस आफ्ना शेषपछि आफ्नो नाम दुनियाँमा राख्न चाहन्छन् । चीनमा पहिले मानिस मरेपछि मात्र उसलाई उसका कर्मअनुसारको उपाधि दिने परम्परा थियो । कसैले निकै राम्रो कर्म गऱ्यो भने उसका दिवङ्गत पिता अथवा पितामहलाई सम्माननीय उपाधि दिने गरिन्थ्यो । केही मानिस त्यस्तै किसिमको उद्देश्य राखेर कर्म गर्दछन् । विचार गर्दा थाहा हुन्छ– धेरैजसो मानिसहरूले उपर्युक्त उद्देश्यहरूमध्ये कुनै एकलाई अपनाएका हुन्छन् । इस्लाम धर्मका केही सम्प्रदायका अनुयायीहरू आजीवन यस कुराका लागि प्रयत्न गर्दछन्– मृत्युपरान्त उनीहरूको एउटा ठूलो चिहान बनोस् । कोही मानिसहरू प्रायश्चित्तका लागि पनि कर्म गर्ने गर्दछन्; जस्तै– जीवनभर अनेक दुष्ट कर्म गरेपछि एउटा मन्दिर बनाउनु अथवा पुरोहितहरूलाई दानको रूपमा धन दिनु, उनीहरू मानूँ स्वर्गको पासपोर्ट बनाइदिन्छन् । त्यस्ता मानिसहरूको विश्वास हुन्छ– हाम्रो बाटो निर्विघ्न बन्यो । यस्ता किसिमबाट मानिसहरूलाई कर्ममा प्रेरित गर्ने अनेक उद्देश्यहरू हुन्छन्, जसमध्ये माथि लेखिएका पनि पर्छन् ।

कार्यका लागि कार्य

अब हामी 'कार्यका लागि कार्य' को सम्बन्धमा केही विचार गरौं । प्रत्येक देशमा केही यस्ता नर-रत्न हुन्छन् जो केवल कर्मका लागि नै कर्म गर्दछन् । उनीहरू नाम, यश र

स्वर्गको पनि वास्ता गर्दैनन् । उनीहरू कर्म यसकारण गर्दछन्– त्यसबाट अरूको भलो हुन्छ । कोही मानिस यस्ता पनि हुन्छन् जो अझै उच्चतर उद्देश्य लिएर गरीबहरूको भलो र मनुष्य-मात्रको कल्याणका लागि र सहयोगका लागि अग्रसर हुन्छन्, किनकि परोपकारमा उनीहरूको विश्वास र प्रेम हुन्छ । प्रायः देखिन्छ– नाम र यशका लागि गरिएका कर्महरू धेरैजसो शीघ्र फलीभूत हुँदैनन् । यी कुरा एक त त्यसबेला सार्थक हुन्छन् जुन बेला हामी बूढा भइसकेका हुन्छौं र जीवनको अन्तिम पला गनिरहेका हुन्छौं । यदि कुनै मानिस निःस्वार्थतालाई अँगालेर कर्तव्य गर्छ भने के त्यो फल पाउँछ ? जरूर पाउँछ । वास्तवमा त्यस्ता मानिसहरू त सर्वोच्च फल पाउँछन् । साँच्चै भन्ने हो भने निःस्वार्थ कर्म जस्तिको अधिक फलदायी अरू कुनै कर्म हुँदैन । मानिसहरूमा निःस्वार्थ कर्महरूको धैर्यले प्रतीक्षा गर्ने अभ्यास नहुनाले विश्वास कम हुनु बेग्लै कुरा हो । व्यावहारिक दृष्टिबाट पनि निःस्वार्थता धेरै लाभदायक छ । प्रेम, सत्य, निःस्वार्थता र अरू कुराहरू नीतिसम्बन्धी आलङ्कारिक वर्णन मात्र नभएर हाम्रा सर्वोच्च आदर्श हुन् किनकि यी कुराहरू शक्तिका महान् अभिव्यक्ति हुन् ।

२७८ कोही मानिस पाँच दिन हैन पाँच मिनेट मात्र भविष्यको कुनै चिन्तन नगरी स्वर्ग, नरक या अन्य कुनै कुराको विचार नगरेर निःस्वार्थतासाथ काम गर्न सक्तछ भने त्यो महापुरुष बन्न सक्तछ । यद्यपि यस कुरालाई कार्यरूपमा परिणत गर्नु साह्रै कठिन छ तापनि हामी हृदयले महत्त्व बुझ्दछौं र जान्दछौं– यसबाट धेरै लाभ हुन सक्तछ । यो शक्तिको महत्तम अभिव्यक्ति हो र यसका लागि प्रबल संयम चाहिन्छ । अरू सबै बहिर्मुखी कर्महरूको अपेक्षा आत्मसंयममा शक्तिको धेरै प्रकाश हुन्छ । एउटा चारघोडे बग्गी ओरालोमा सरलतापूर्वक गडगडाएर आउन सक्तछ अथवा शयसले घोडालाई रोक्न पनि सक्तछ । यी दुई कुरामध्ये कुनमा शक्तिको विकास हुन्छ ? घोडालाई ओरालोमा जान दिने कुरामा अथवा रोक्नुमा ?

एउटा तोपको गोला हावामा धेरै परसम्म जान्छ र तल खस्छ । अर्को पर्खालमा ठोकियो भने पर पुग्दैन तर ठोकिनाले भयङ्कर आगो बर्साउँछ । यसैप्रकार मनको सम्पूर्ण बहिर्मुखी गति स्वार्थ-पूर्ण उद्देश्यमा दौडिरहन्छ भने छिन्न-भिन्न भएर छरिन्छ । त्यो फर्केर तपाईसँग आई पुनः तपाईको शक्तिको विकासमा सहायक बन्दैन । त्यस शक्तिलाई संयमको अधीनमा गर्न सक्यौं भने उसको वृद्धि हुन्छ । यस प्रकारको आत्मसंयमबाट एक महान् इच्छाशक्तिको प्रादुर्भाव हुन्छ । इच्छाशक्तिको अभ्युदयपछि यस्तो चरित्र-निर्माण हुन्छ जसले संसारलाई इशारामा नचाउन सक्तछ । अज्ञानीहरूलाई यस रहस्यबारे कुनै जानकारी हुँदैन तापनि तो मनुष्यजातिमाथि शासन गर्न इच्छुक रहन्छन् । अज्ञानी पुरुषले पनि धैर्य धारण गर्न सक्यो भने उसका इच्छाहरू पूर्ण हुन सक्तछन्, तर जस्तै पशुहरूले आफू-भन्दा दुई-चार पाइला अगाडि हेर्न सक्तैनन् त्यस्तै हामीहरूमध्ये धेरैजसो मानिसहरू पनि नितान्त अदूरदर्शी हुन्छन् । हाम्रो ससार मानौं एउटा क्षुद्र बाटुलो (वर्तुल) चक्का जस्तो हुन्छ, बस । हामीहरू त्यसैमा आबद्ध हुन्छौं । हामीमा दूरदर्शिताका लागि धैर्य रहँदैन । यसकारण हामीहरू दुष्ट र नीच बन्न पुग्छौं । यो हाम्रो कमजोरी हो र शक्तिहीनता हो ।

अत्यन्त सामान्य कर्महरूलाई पनि घृणाको दृष्टिले हेर्नु हुँदैन । जुन मानिस कुनै उच्च आदर्शबारे केही जान्दैन, उसले स्वार्थदृष्टिले मात्र भए पनि नाम र यशका लागि राम्रा कर्महरू गर्नुपर्दछ । यस स्थितिमा पनि मानिसले उच्चतर ध्येयतर्फ अगाडि बढ्ने तथा त्यो बुझ्ने प्रबल प्रयत्न गर्नुपर्छ । हामीलाई कर्म गर्ने अधिकार छ, तर कर्मफलबाट हाम्रो कुनै अधिकार छैन । कर्मफलहरूको चिन्तालाई एकतर्फ पन्छाएर राख्नुहोस् । त्यसको चिन्ता नै किन गर्ने ? हामी कुनै मानिसको सहायता गर्न चाहन्छौं भने सहायतापछि त्यस मानिसले हामीसँग कस्तो व्यवहार गर्ला, यस कुराको कुनै चिन्ता नगर्नुहोस् । यदि तपाईं श्रेष्ठ र शुभ कर्म गर्न चाहनुहुन्छ भने त्यस कर्मको परिणामबारे चिन्ता लिनुपर्दैन ।

अब यस कर्मको आदर्शबारे एउटा कठिन प्रश्न आउँछ । कर्मयोगीमा सतत कर्म शीलता हुनु आवश्यक छ । हामीले सदैव कर्म गरिरहनुपर्दछ । विनाकार्य हामी एक छिन पनि रहन सक्तैनौं । तब प्रश्न छ–आरामका बारेमा के गर्ने ? यहाँ यस जीवन-संग्रामको एकातर्फ छ कर्म, जसको भुमरीमा परेर हामी फनफनी घुमिरहेका छौं । अर्कातिर छ शान्ति, मानौं सब निवृत्तितर्फ उन्मुख छन्, केवल प्रकृति आफ्ना जीवहरू, पुष्पहरू र गिरि-गुफाहरूका साथ विराजमान छन् । कर्म र शान्ति दुवै बेग्लाबेग्लै पूर्ण आदर्शका चित्र होइनन् । कुनै एकान्तवासमा अभ्यस्त मानिसलाई संसारचक्रमा घिच्याएर ल्याइयो भने समुद्रको गहिरो भागमा रहन अभ्यस्त विशेष प्रकारको माछो पानीको सतहमा आउनासाथ टुक्रा-टुक्रा भएर मरेजस्तै गरी उसको ध्वंश हुनेछ, किनकि पानीको सतहमा पानीको त्यो दवाब हुँदैन जुन दबाबमा त्यसको जीवनको अभ्यास थियो । यस्तै प्रकारले त्यो मानिस जो सांसारिक र सामाजिक जीवनका कोलाहलमा अभ्यस्त रहेको छ, त्यसलाई कुनै शान्त र एकान्त ठाउँमा लगियो भने के त्यो शान्तिपूर्वक बाँच्न सक्तछ ? कहिल्यै सक्तैन । कष्ट ऊ अनुभव गर्छ र सम्भव छ त्यो पागल पनि बन्न सक्तछ । आदर्श पुरुष त ती हुन् जो शान्ति र निस्तब्धताको बीचमा रहेर तीव्र कर्मको र प्रबल कर्मशीलताको बीचमा रहेर पनि मरुस्थलको शान्ति र निस्तब्धताको अनुभव गर्दछन् । उनीहरूले संयमका रहस्य जानेका हुन्छन् र आफूमाथि विजय प्राप्त गरेका हुन्छन् । कुनै ठूलो शहरको भीडभाडले भरिएका सडकहरूका बीचमा हिंड्दा पनि उनीहरूको मन उनीहरू निःशब्द गुफामा रहँदा जत्तिकै शान्त रहन्छ । जुनसुकै स्थितिमा पनि उनीहरूको मन कर्ममा तीव्र रूपले लागेकै हुन्छ । यो नै कर्मयोगको आदर्श, हो, यदि तिमीले उक्त आदर्शलाई पाएका छौ भने वास्तवमा तिमीले कर्मको रहस्य जान्यौ ।

कर्मको शुभारम्भ गरिहाल्नुपर्दछ । जुन -जुन कार्य हाम्रा सामु आउँदै जान्छन् ती कार्य हामी सम्पन्न गर्दै जाऔं, र दिनप्रतिदिन हामीले आफूलाई निःस्वार्थ बनाउने प्रयत्न गर्नुपर्दछ। हामीले निरन्तर कर्म गरिरहनुपर्दछ र चिन्ने प्रयास गर्दै जानुपर्दछ–हाम्रो कर्मप्रवृत्तिमा हाम्रा के-के हेतुहरू रहेका छन् । यस्तो गरेमा हामी पाउनेछौं– प्रत्येक कर्मको आरम्भावस्थामा हाम्रा प्रत्येक हेतु स्वार्थले भरिएका छन् । यसरी स्वार्थ-परिज्ञानको अध्यवसायबाट हाम्रो स्वार्थप्रवृत्ति क्रमशः क्षीण हुँदै जानेछ

पूर्णतामा पुग्नेछ । त्यसबेला यहाँ न कुनै प्रकारको रोग रहनेछ न शोक, न दुष्टता, न मृत्यु । हुन त यो निकै राम्रो विचार हो र ज्ञानीलाई शुभ कर्ममा प्रेरणा दिने सुन्दर युक्ति हो, तर एकछिन मात्र ध्यानपूर्वक विचार गरेमा पनि हामी सजिलैसित थाहा पाउनेछौं– यस्तो कुरा कहिल्यै पनि हुन सक्तैन । यो कुरा कसरी हुन सक्तछ जब हामी जान्दछौं– शुभता र अशुभता एउटै रुपैयाँ-(सिक्का) का दुइटा उल्टा र सुल्टा भाग हुन् । यस्तो कहिल्यै हुन सक्तैन कि राम्रो विचार या कर्मसित नराम्रो विचार या कर्म सम्बद्ध नहोस् । यस स्थितिमा पूर्णताको के अर्थ हुन सक्तछ ? सांच्चै भन्ने हो भने पूर्ण जीवन शब्द नै स्वविरोधात्मक छ । हामी र हाम्रा बाह्य वस्तुहरूको बीचमा हुने एक प्रकारको द्वन्द्वको नाम नै जीवन हो । प्रतिपल हामी बाह्य प्रकृतिसित सङ्घर्ष गर्दै छौं । त्यसमा हामी पराजित हुन्छौं भने हाम्रो जीवनदीप नै निभ्दछ। आहार र वायुका लागि निरन्तर चेष्टाको नाम नै जीवन हो । हामीले भोजन या हावा पाएनौं भने हाम्रो मृत्यु हुन्छ । जीवन सजिलैसित चल्ने सरल वस्तु हैन । यो त एक प्रकारको सम्मिश्रित व्यापार हो । बहिर्जगत् र अन्तर्जगत्का बीच हुने घोर द्वन्द्वलाई नै जीवन भन्दछन् । यसप्रकार यो कुरा स्पष्ट हुन्छ जहिले यो अन्तर्द्वन्द्व समाप्तिमा पुग्छ त्यसबेला जीवनको पनि अवसान हुन्छ । यस प्रकार हामी देख्दछौं– संसारको उपकार गर्नु नै आफ्नो उपकार गर्नु हो । अरूका लागि गरिएका कार्यहरूको मुख्य उद्देश्य हो आफ्नो आत्मशुद्धि। अरूहरूको निरन्तर भलो गरिरहनाले हामी स्वयंलाई (व्यक्तिगत स्वार्थलाई) बिर्सने प्रयास गर्दछौं । यो स्वार्थ-विस्मृति नै निकै ठूलो शिक्षा हो, जुन हामीले सिक्नुपरेको छ । मानिस मूर्खता-वश विचार गर्दछ– ऊ आफूलाई सुखी बनाउन सक्तछ । धेरै वर्षहरूको घोर सङ्घर्षपछि मात्र उसका आँखाहरू खुल्दछन् र यसपछि अनुभव गर्दछ– वास्तविक सुख भन्ने कुरा स्वार्थपरतालाई नाश गर्नुमा नै रहेको छ । आफूलाई सुखी बनाउने अरू कुनै नभएर आफू स्वयं नै हो । मनुष्य स्वयं आफ्नो मित्र हो र स्वयं आफ्नो शत्रु पनि । हामीले आफूले आफूलाई मित्र बनाउने प्रयास गर्नुपर्दछ ।

परोपकारका प्रत्येक कार्य, सहानुभूतिका प्रत्येक विचार, अरूको सहायताका लागि गरिएका प्रत्येक क्रियाकलाप र प्रत्येक शुभ कर्महरू हाम्रो क्षुद्र अहन्तालाई प्रतिपल घटाउने काम गर्दछन् र हामीमा हामी कोहीभन्दा ठूला मानिस हैनौं भन्ने भावना जगाउँछन् । यसकारण यी कर्महरू श्रेष्ठ छन् किनकि यस कुरामा ज्ञानी भक्त र कर्मनिष्ठ जनहरू एकमत छन् । चिरकालसम्म सम्पूर्ण रूपले आत्मत्याग नै सर्वोच्च आदर्श हो, जुन आत्मत्यागमा कुनै प्रकारको 'अहम्' (म) नभएर त्वम् नै त्वम् (तिमी नै तिमी) मात्र रहेको हुन्छ । हामी उक्त आदर्शको बाटो लागेपछि थाहा पाएर वा नपाएरै पनि हामी उसै महान् लक्ष्यतर्फ अग्रसर भएका हुन्छौं ।

सम्भव छ, एउटा धर्मप्रचारकले निर्गुणको कुरा सुनेर आश्चर्यको अनुभव गरोस् । सम्भवतः उसको दृढ मत यही छ– ईश्वर सगुण छ । ऊ आफ्नो विज्ञता र स्वतन्त्र व्यक्तित्वबाट ईश्वर-व्यक्तित्वबारे आफूले चाहेको जस्तोसुकै धारणा कायम गर्न सक्छ, तर उसका नीति-विषयक विचार

वास्तवमा शुद्ध छन् भने त्यसको आधार स्वार्थत्याग वा आत्मत्याग बाहेक अरू हुन सक्तैन । यो सम्पूर्ण आत्मत्याग वा स्वार्थत्याग नै सम्पूर्ण नीतिको मूल तत्त्व हो । मानिस, पशु र देवता यी सबैका लागि यही कुरा मूल भाव हो, जो सम्पूर्ण भौतिक आदर्शहरूमा व्याप्त छ । यस संसारमा हामी धेरै थरीका मानिस पाउनेछौं । पहिला तो मानिसहरू, जो पूर्णतः आत्मत्यागी हुन्छन्, देवप्रकृतिका पुरुष भनिन योग्य छन्, किनकि तो पुरुषहरू आफ्नो जीवनको बाजी लगाएर उपकार गर्दछन् । यो सर्वश्रेष्ठ पुरुष हुन् र कुनै पनि राष्ट्रमा यस्ता सयजना मानिस हुन्छन् भने त्यस राष्ट्रलाई कुनै पनि कुराको चिन्ता र भय हुँदैन । दुःख लाग्दो कुरा के छ, संसारमा यस्ता मान्छे निकै कम छन् । दोस्रो कोटिमा तो मानिसहरू पर्दछन्, जसलाई हामी साधु प्रकृतिका पुरुष भन्न सक्तछौं । उनीहरू तबसम्म अरूको उपकार गर्न लागिरहन्छन्, जबसम्म स्वयं उनीहरूको कुनै हानि हुँदैन । तेस्रा तो आसुरी प्रकृतिका मानिसहरू हुन्छन् जहाँ आफ्नो स्वार्थसिद्धि गर्ने क्रममा अरूको स्वार्थहनन गर्न सङ्कोच मान्दैनन् । भर्तृहरिले मानिसहरूको चौथो श्रेणीको विषयमा पनि भनेका छन् । त्यस श्रेणीको कुनै नाम हामी राख्न सक्तैनौं, किनकि तो मानिसहरू अकारण नै अरूको हानि नोक्सानीमा आनन्द मनाउँछन् । जसरी सर्वोच्च स्तरका साधु-महात्माहरू अरूको कल्याणका लागि अरूको कल्याण गर्दछन्, त्यस्तै तो नीच नारकी पुरुषहरू अरूको हानिका लागि नै अरूको हानि गर्दछन् । यसो गरेर तिनीहरूलाई कुनै व्यक्तिगत लाभ हुँदैन । यो उनीहरूको प्रकृति हो र स्वभाव हो ।

संस्कृतभाषामा दुइटा शब्द छन्-प्रवृत्ति र निवृत्ति । प्रवृत्तिको अर्थ हो-कुनै वस्तुतर्फ प्रवर्तन (लाग्नु) अथवा गमन (जानु) । निवृत्तिको अर्थ हुन्छ- कुनै वस्तुबाट फर्कनु अथवा टाढा जानु । कुनै वस्तुबाट निवर्तन या निवृत्तिको अर्थ हुन्छ हाम्रो यो संसार, यो 'म' र 'मेरो'-बाट टाढा पन्छेर आत्मोत्सर्गको माध्यमबाट आत्मालाई दीप्त बनाउनु । प्रवृत्तिको अर्थ हुन्छ हाम्रो यो संसार, यो 'म' र 'मेरो '-पनलाई धन, सम्पत्ति, प्रभुत्व, नाम र यशद्वारा बढाउँदै लैजाने प्रयास गर्नु, जे-जे हात लाग्छ त्यसलाई समाइराख्नु र सारा सम्भव वस्तुहरूलाई यस 'म'-रूपी केन्द्रमा संगृहीत गर्नु । उक्त प्रक्रियाको नाम हो 'प्रवृत्ति' । यो प्रवृत्ति नै मनुष्यमात्रको स्वाभाविक भाव हो । चारैतिरबाट जे-जे उपलब्ध हुन्छ त्यो लिने र सबलाई केन्द्रमा एकत्रित गर्दै जाने । त्यो केन्द्र हो उसको मधुर अहम् । जब कुनै मानिसमा यो प्रवृत्ति घट्न थाल्छ त्यसबेला पूर्वोक्त निवृत्तिको उदय हुन्छ, अनि नीति र धर्मको शुभारम्भ हुन्छ । प्रवृत्ति र निवृत्ति दुवै कर्मका स्वरूप हुन् । एउटा असत्कर्म हो भने अर्को सत्कर्म । निवृत्ति नै सारा नीति र धर्मको आधार हो । यसको पूर्णता नै सम्पूर्ण आत्मत्याग हो । जुन निवृत्तिलाई पाउनासाथ मानिस अरूका लागि आफ्नो शरीर, धन र सर्वस्व समर्पित गर्दछ त्यसबेला मानिसलाई कर्मयोगको सिद्धि प्राप्त हुन्छ । सत्कार्यहरूको सर्वोच्च फल यही हो । कुनै मानिसले कहिल्यै दर्शनशास्त्र नपढे पनि, कहिल्यै ईश्वरको प्रार्थना नगरेको भए पनि त्यस सत्कर्मको शक्तिले उसलाई त्यहाँ पुऱ्याउँछ जहाँ ऊ अरूका लागि आफ्नो जीवन र सर्वस्व त्याग्न तत्पर हुन्छ । हामीले सम्झनुपर्दछ-त्यो त्यस लक्ष्यमा पुगेको छ जहाँ भक्त आफ्नो उपासनाद्वारा र ज्ञानी आफ्नो ज्ञानद्वारा पुग्दछ । यसप्रकार हामी देख्दछौं-सत्कर्मी, ज्ञानी र भक्त यी तीन तरहका मानिस एउटै लक्ष्यमा पुग्दछन् अथवा एउटै ठाउँमा भेटिन्छन् । त्यो स्थान हो-आत्मत्याग । विभिन्न दर्शनहरू र विभिन्न धर्महरूमा आपसमा

जतिसुकै मतभेद किन नहोस् जो मानिस आफ्नो जीवन अरूका लागि समर्पण गर्न तत्पर हुन्छ त्यसको सामु सबै मानिस सादर र शीघ्रतापूर्वक उठेर भक्तिपूर्वक नतमस्तक हुन्छन् । यस स्थितिमा कुनै मत-भेदको प्रश्न नै उठ्दैन । यहाँसम्म कि जो मानिसहरू धर्मसम्बन्धी विचारहरूबारे ओठ लेब्याउँछन् ती पनि यस प्रकारको आत्मत्यागपूर्ण कार्य देखेपछि त्यस त्यागीप्रति श्रद्धासम्पन्न नभई रहन सक्तैनन् । वास्तवमा आफ्नो मन अथवा धर्मको मदले अन्धो मानिस जान्दैन– उसको आफ्नो लक्ष्य र जसलाई विरोधीको रूपमा हेर्छ उसको लक्ष्य एउटै हो । एउटा उपासक आफ्नो हृदयमा निरन्तर ईश्वरभाव र साधुभाव राख्दै अन्तमा त्यसै स्थानमा पुग्दछ र भन्दछ–'प्रभो !तपाईको जस्तो इच्छा ।' ऊ आफ्नो नाममा केही जोगाएर राख्न चाहँदैन । यसैलाई भन्छन्-आत्मत्याग । ज्ञानी आफ्नो ज्ञानद्वारा अनुभव गर्दछ-यो तथाकथित भासमान अहं (म) केवल नाम हो । त्यसपछि निःसङ्कोच त्यस अहंलाई त्याग गर्दछ । यसलाई पनि आत्मत्याग बाहेक अर्को नाम दिन सकिन्न । अतएव हामी देख्दछौं- कर्म, भक्ति र ज्ञान एउटै ठाउँमा आएर एकाकार हुन्छन् । प्राचीन कालमा ठूला-ठूला दार्शनिकहरू र धर्मप्रचा-रकहरूले हामीलाई सिकाएका थिए-ईश्वर जगत्भन्दा भिन्न छ, जगत्भन्दा पर छ । वास्तवमा त्यसको मर्म यही थियो-ईश्वर एक चीज हो, जगत् अर्को । यो भेद सत्य हो । जगत् भन्नाले स्वार्थपरता र ईश्वर भन्नाले निःस्वार्थता हो भन्ने प्रतिपादन गर्नु उनीहरूको उद्देश्य थियो । कुनै मानिस रत्नरचित सिंहा-सनमा आसीन छ, स्वर्णमहलमा उसको निवास छ, तर ऊ पूर्ण रूपले निःस्वार्थ छ भने त्यसलाई ब्रह्मस्वरूपमा स्थित मान्न सकिन्छ । एउटा मानिस छाप्रोमा बस्दछ, कन्थ भिर्न विवश छ, सर्वथा दीन र हीन छ, तर त्यो स्वार्थी छ भने हामी भन्न सक्छौं- संसारमा घोर रूपले लिप्त छ । २८४

अँ, हामी चर्चा गर्दै थियौं- अशुभ कर्म नगरीकन हामी शुभ कर्म गर्न सक्तैनौं, शुभ कर्म नगरी अशुभ कर्म पनि । अब प्रश्न छ-शुभतामा अशुभता र अशुभतामा शुभता रहेको जान्दा-जान्दै हामीले कर्म कसरी गर्ने ? यस समस्याको मीमांसा (विश्लेषणात्मक विचार) गर्न यस संसारमा धेरै सम्प्रदाय खडा भए । तीमध्ये कसैले निकै बेपरबाह भएर प्रचार गरे- शनैःशनैः आत्महत्या गर्नु नै यस संसारबाट मुक्त हुने एकमात्र उपाय हो । मानिसलाई जीवनरक्षाको क्रममा अनेक साना-साना जन्तु, वृक्ष र पोथ्रा-पोथ्रीहरूको नाश गरेर अथवा अरू कसैको कुनै-न-कुनै प्रकारको अनिष्ट गरेर मात्र पूर्ण जीवन उपलब्ध हुन्छ । अतएव उनीहरूको मनमा यस संसारचक्रबाट मुक्त हुने निर्विकल्प उपाय छ- मृत्यु । जैन-धर्मावलम्बीहरूले आफ्नो सर्वोच्च आदर्शको रूपमा उक्त कुरा रहेको प्रचार गरेका छन् । उनीहरूको यो शिक्षा बाहिरी तवरबाट तर्कसङ्गत अवश्य प्रतीत हुन्छ, परन्तु यसको ठीक-ठीक मीमांसा गीतामा पाइन्छ र त्यो हो- अनासक्ति अर्थात् आफ्ना जीवनका समस्त कार्यहरू गर्दा पनि कुनै कर्ममा आसक्त नहुनु । तिमीले यो कुरा अनुभव गर्नुपर्दछ- म संसारमा रहेर पनि संसारबाट अत्यन्त पृथक् छु, र जहाँ जे गर्दै छौ त्यो कर्म तिमीले आफ्ना लागि नगरेर अरूका लागि गरेको हुनु-पर्दछ । यदि कुनै कर्म तिमीले आफ्नो लागि भनेर गऱ्यौ भने त्यसको फल तिमीले नै भोग्नुपर्नेछ । यदि त्यो सत्कार्य भएमा त्यसको राम्रो फल र दुष्कार्य भएमा नराम्रो फल तिमी नै पाउनेछौ । यदि जुन-सुकै कार्य भए पनि तिमी आफ्ना लागि गर्दैनौ भने त्यसको प्रभाव तिमीमाथि पर्नेछैन । यसै भावलाई

पछ्याउन हाम्रा शास्त्रहरूले सुन्दर शैलीमा भनेका छन्- यदि कुनै मानिसमा म यो कर्म आफ्ना लागि गरिरहेको छैन भन्ने बोध रहन्छ र बोध कृत्रिम बोध छैन भने त्यसले समस्त संसारको हत्या गरे पनि या स्वयं नै हत भए पनि वास्तवमा न त्यसले हत्या गर्दछ न त त्यो स्वयं हत हुन्छ । यसकारण कर्मयोगले हामीलाई उपदेश गर्छ- 'संसारलाई नछाड, संसारमा नै तिमी बस, आफूले चाहेजति सांसारिक भावहरू ग्रहण गर, तर यी सबै तिम्रा लागि गर्दछौ भने तिमीले कर्म गर्नु व्यर्थ छ । तिमीले भोगलाई आफ्नो लक्ष्य बनाउनु हुँदैन । पहिले आफ्नो अहम्भावलाई नष्ट गर, अनि समस्त संसारलाई आत्मरूपमा हेर ।' यही दिव्य शिक्षा प्राचीन शास्त्रहरूले दिएका छन् । अज्ञानी बाबुआमाले मात्र आफ्ना सन्तति-लाई संसारलाई जति सकिन्छ उति उपभोग गर्नु नै जीवनको लक्ष्य हो भनी शिक्षा दिन्छन् । अर्का थरी मूर्ख मानिसहरू पनि छन् जो हामीलाई सिकाउँछन्- यी सानातिना जीवजन्तुहरू हाम्रो आहारका लागि नै त रचिएका हुन् र यो सम्पूर्ण संसार मानिसहरूको भोगका लागि नै रचिएको हो । यी कर्म मूर्खता बाहेक केही हैनन् । सिंह यो कुरा भन्न सक्तछ- मानिसको उत्पत्ति मेरो आहारका लागि भएको हो, अनि प्रभुसँग प्रार्थना गर्न सक्तछ- 'प्रभो ! मानिस कति दुष्ट छ, हेर्नुहोस् त, ऊ आफूलाई मेरा सामु समर्पित गर्दैन जसलाई खाएर म तृप्त बन्न सकूँ । के मानिसले तपाईंले बनाएको नियम तोडेन त !'

यदि संसारको उत्पत्ति हाम्रा लागि भएको हो भने हामी पनि संसारका लागि उत्पन्न भएका हौं । यो निकै कुत्सित धारणा हो- संसार हाम्रा लागि रचिएको घोषणा गर्न सक्नु । यस्तै भयानक धारणाहरूले हामी जेलिएका छौं । वास्तवमा यो संसार हाम्रा लागि रचिएको हैन । प्रतिवर्ष लाखौं मानिस संसार छाडेर बाहिर जान्छन्, तर संसारको त्यतातिर दृष्टिसम्म पनि पर्दैन । लाखौं मानिस प्रतिवर्ष संसारमा आउँछन्, संसारलाई त्यसबारे कुनै चासो छैन । अतएव संसार हाम्रा लागि जस्तो छ उस्तै संसारका लागि हामी छौं ।

यसकारण सुन्दर शैलीले कार्यसम्पादन गर्न हामीले आसक्तिभावको परित्याग गर्नु आवश्यक छ । दोस्रो कुरो यो हो-कर्म गर्दा हामीहरू कर्मसँग एकाकार नबनौं । साक्षी जस्तो बनेर आफ्नो कर्म गरिराखौं । परमहंस श्रीरामकृष्णदेवको वचन छ-आफ्ना सन्ततिमा त्यस्तो भावना राख जस्तो एउटी धाईआमाको हुन्छ । धाई तिम्रा छोराछोरीलाई काखमा लिन्छे, खुवाउँछे र उनीहरू-लाई यति माया गर्छे कि मानूँ उसैका वास्तविक छोराछोरी नै हुन् । जब तिमी त्यसलाई कामबाट हटाइदिन्छौ त्यसै बेला आफ्नो लुगा-बिस्तरा लिएर घर छाड्न तयार हुन्छे । तो तिम्रा बच्चाबच्चीमा उसको जति माया थियो त्यसलाई तुरुन्तै बिर्सिदिन्छे । एउटी साधारण धाईलाई तिम्रा छोराछोरी-लाई छाडेर अरूका छोराछोरीको स्याहार गर्नुपर्दा रत्ती पनि कष्ट हुँदैन । तिमी पनि आफ्ना छोराछोरीमा त्यस्तै भाव राख । तिमीले पनि आफूलाई आफ्ना सन्ततिको धाईको रूपमा रहेको विचार गर्नुपर्छ । यदि तिमीलाई ईश्वरमा विश्वास छ भने विश्वास गर- तो सारा कुराहरू जसलाई तिमीले आफ्ना ठानेका छौ वास्तवमा ईश्वरका चीज हुन् । अत्यन्त कमजोरीले पनि कहिलेकाहीं ठूलो साधुता र सबलताको रूप लिन्छ । ममा कुनै आश्रित छ र म कसैको भलो गर्न सक्छु, यो सोच्नु

पनि दुर्बलताकै परिचायक हो । यस्तो अहङ्कार नै समस्त आसक्तिको मूल कारण हो र आसक्तिबाट समस्त दुःखहरूको उत्पत्ति हुन्छ । हामीले आफ्नो मनलाई राम्ररी सिकाउनुपर्दछ– यो संसार हामीमाथि निर्भर छैन, एक भिकारी पनि हाम्रो दानमा निर्भर छैन । कुनै प्राणीलाई पनि हाम्रो दयाको आवश्यकता छैन र संसारको कुनै पनि जीव हाम्रो सहायताको भोको छैन । प्रकृति नै सबको सहायता गर्दछ । हामीमध्ये लाखौं मानिस संसारमा नरहे पनि समस्त प्राणीहरूलाई प्रकृतिको सहयोग प्राप्त भइरहन्छ । तिमी हामी नभए पनि प्रकृतिको द्वार बन्द हुने छैन । अरूको सहायता गरेर हामी जे शिक्षा पाउँछौं त्यही परम सौभाग्यको कुरो हो । जीवनमा जान्नुपर्ने कुरा यही नै हो । जब हामी उक्त रहस्यलाई पूर्ण रूपमा बुझ्नेछौं, तब हामीले दुःखी हुनुपर्ने छैन । त्यसबेला हामीहरू समाजमा जहाँसुकै गएर बस-उठ गर्न सक्छौं, हाम्रो कुनै हानि हुने छैन । तिमी विवाहित हुन सक्छौ, तिम्रा धेरै नोकरचाकर हुन सक्छन् र ठूलो ऐश्वर्य तिमीसित हुन सक्छ । यदि तिमी उक्त तथ्यलाई हृदयमा राखी कार्य गर्दा यो संसार मेरो भोगका लागि हैन, यस संसारलाई मेरो सहयोगको रत्ती मात्र पनि आवश्यकता छैन भन्ने धारणालाई पक्का गराउँछौ भने तिम्रो कुनै हानि हुने छैन । हुन सक्छ, यस वर्ष तिम्रा केही मित्रहरू संसारबाट बिदा भए होलान्, तर के यो संसार तिम्रा मित्रहरूलाई पर्खेर अडेको छ ? के संसारको गति मन्द भएको छ ? तर यस्तो कुनै कुरा भएको छैन । यो संसार आफ्नो नियमित गतिमा चलिरहेकै छ । मैले यस संसारलाई केही गर्नुपरेको छ भन्ने धारणालाई तिमीले आफ्नो मनबाट हटाइदेऊ, किनकि यस संसारलाई तिम्रो सहायता चाहिएको छैन । मानिसहरूले हामी संसारको सहायताका लागि जन्मेका हौं भन्ठान्नु कोरा मूर्खता बाहेक केही होइन । त्यो त स्पष्ट स्वार्थपरता हो जो धर्मका आडमा हाम्रो अगाडि आउँछ । जब तिम्रो मनमा मात्र हैन तिम्रा स्नायु र मांसपेशीहरूमा समेत यो संसार मेरो अथवा अरू कसैको सहयोगमा आश्रित छैन भन्ने कुरा गड्नेछ त्यसबेला कुनै कर्मबाट तिमीलाई दुःखात्मक प्रतिक्रिया झेल्नुपर्ने छैन । तिमी कसैलाई केही दिन्छौ भने उसबाट केही आशा नगर । अरू कुरा त छाडि नै दिऊँ कृतज्ञता-प्रकाशनको चाहना पनि नगर । त्यो मानिस कृतघ्न नै भएपनि त्यसको कृतघ्नताको प्रभाव तिमीमा पर्नेछैन, किनकि तिमीले त त्यसबाट कहिल्यै कुनै आशा नै गरेका हुँदैनौ, न त तिमीले त्यसबेला आफूले गरेको सहयोगको प्रतिफलबारे केही अधिकारको कुरा सोचेका नै हुन्छौ । तिमीले त त्यसलाई त्यो कुरा दियौ जो उसलाई प्राप्य थियो । उसलाई त्यो चीज उसकै कर्मबाट उपलब्ध भएको हो । आफ्नो कर्मले नै तिमी उक्त वस्तुको दाता बन्न पुग्यौ । यदि तिमी कसैलाई केही कुरा दिन्छौ भने तिमीले त्यस कुराको घमण्ड नै किन गर्ने ? तिमी त त्यस धनको अथवा दानको वाहक मात्र हौ । संसार आफ्ना कर्मद्वारा त्यस दान वा धनको अधिकारी बनेको हुन्छ । अब भन तिमीले कुन कुराको घमण्ड गर्ने ? जे-जति तिमी अरूलाई दिन्छौ आखिर त्यसको परिमाण कति हुन्छ ? यसरी जब तिमीमा अनासक्तिको भाव बढ्दै जानेछ त्यसबेला तिम्रा लागि कुनै चीज राम्रो र नराम्रो हुने छैन । अहिले तिमी राम्रो या नराम्रो जे देखिरहेका छौ त्यो तिम्रो स्वार्थपरता नै देखिएको हो । एउटा विशेष कुरा के भने– उपर्युक्त कुरा बुझ्न अत्यन्त गाह्रो छ ।

तिम्रो अभ्यास बढ्दै गएपछि आफै क्रमशः बुझ्दै जानेछौ– संसारको कुनै पनि चीजले तिमीमाथि त्यसबेलासम्म आफ्नो प्रभाव पार्दैन, जबसम्म तिमी आफै त्यस चीजमा आफ्नो प्रभाव पार्दैनौ । जहाँसम्म मानिस आफूलाई पतित र मूर्ख बनाई कुनै सांसारिक शक्तिको चंगुलमा पार्दैन, त्यस बेलासम्म मानिसको आत्मामा कुनै शक्तिको कुनै असर पर्दैन । त्यसकारण अनासक्तिद्वारा तिमी कुनै पनि शक्तिमाथि विजय प्राप्त गर्न सक्छौ । तिमीले आफूमा कुनै शक्तिको प्रभाव पर्न दिनु हुँदैन । त्यसो गरेमा कुनै पनि शक्तिले तिम्रो अहित गर्न सक्तैन भन्न त निकै सजिलो छ, तर प्रयोगमा ल्याउन निकै कठिन छ । तर जसले वास्तवमा आफूमा कुनै शक्तिको प्रभाव पर्न दिंदैन र बहिर्जगत्को प्रभावबाट जो सुखी अथवा दुःखी हुँदैन उसको लक्षण के त ? यसको उत्तर हो– जो मानिस सुख र दुःखमा समान मनःस्थितिको हुन्छ, जुनसुकै अवस्थामा पनि जसको मन निर्विकार रहन्छ । यस सम्बन्धमा श्रीमद्भगवद्गीताको २।५५ देखि ७१ सम्म हेर्नू, विषय अझ स्पष्ट हुनेछ ।

२८७ वेदव्यासका छोरा शुकदेवजी जन्मसिद्ध सिद्धपुरुष थिए । व्यासजीले छोरालाई तत्त्वोपदेश गरे । आफू सुहाउँदो तत्त्वोपदेशपछि उनले उत्तम ज्ञानलाभका लागि छोरालाई राजा जनकको राजसभामा पठाए । जनक आफ्नो समयका प्रसिद्ध राजा थिए । खास गरेर उनी विदेह नामले लोकमा प्रख्यात थिए । विदेहको अर्थ हुन्छ, शरीरबाट पृथक् रहेको । उनी त्यसबेला शासनको प्रपञ्चमा थिए तापनि उनी हरबखत आफूलाई अशरीरी सम्झन्थे । वास्तवमा उनको मनमा म शरीरधारी प्राणी हुँ भन्ने धारणा नै थिएन । उनी त सदा आफू भन्नु आत्मा मात्र हो भन्ने सम्झन्थे । बालक शुकदेवलाई वेदव्यासद्वारा आफूकहाँ पठाइएको कुरा अन्तर्दृष्टि राजा जनकले थाहा पाई उनी आउनुभन्दा पहिलेदेखि नै केही व्यवस्था गरिसकेका थिए । जब बालक शुकदेव राजदरबारको ढोकामा पुगे, त्यसबेला पालेहरूले कुनै ध्यान नै दिएनन् । बस्नलाई एउटा आसन मात्र राखिदिए । त्यस आसनमा बालक ३ दिनसम्म लगातार शान्त भावले बसिरहे । उनीसित कसैले उनी कहाँबाट आएका हुन् र के चाहन्छन् भन्नेसम्म पनि केही सोधेन । बालक शुकदेव त्यति ठूला ऋषिका छोरा थिए, उनका पिताको देशमा ठूलो प्रतिष्ठा थियो । उनी आफै पनि सम्मानित व्यक्ति थिए तापनि तो अति साधारण पालेसम्मले कुनै वास्ता राखेनन् । ३ दिनपछि एक्कासी राजाका मन्त्री र माथिल्लो स्तरका कर्मचारीहरूले तो बालकछेउ आएर अत्यन्त सम्मानका साथ स्वागत गरे । त्यसपछि उनलाई दरबारभित्र अत्यन्त सुसज्जित कक्षमा लगियो । निकै सुविधा र सम्मानका साथ राजसी ठाँट र विलासबीच आठ दिनसम्म उनलाई त्यहाँ राखियो । तर शुकदेवको प्रशान्त मुखमण्डलमा रत्ती पनि अन्तर आउन सकेन । बालक शुक आज तो विलासपूर्ण सुख र सुविधाबीचमा उस्तै निर्विकार थिए जस्तो ३ दिनसम्म पाले कोठामा बस्दा उनी देखिएका थिए । त्यसपछि उनलाई राजा जनकसामु पुऱ्याइयो । राजा सिंहासनमा बसेका थिए । राजाको चारैतिर नाचगान र आमोद-प्रमोद चलिरहेको थियो । राजा जनकले शुकदेवको हातमा दूधले टम्म भरिएको पात्र राखेर भने– 'यसलाई यसैगरी लिई यस दरबारको सातपटक प्रदक्षिणा गरेर आऊ, तर ख्याल रहोस् यसबाट एक थोपा दूध पनि भुइँमा पोखिनु हुन्न ।'

राजाको वचनलाई शिरोपर गर्दै उनी सङ्गीतको ध्वनि र सुन्दरीहरूको नाचगानको वातावरणमा प्रदक्षिणा गर्न उभिए । सातपटकसम्म प्रदक्षिणा गरे, तर पात्रबाट दूधको एक थोपा पनि पोखिएन । बालक शुकदेवको आफ्नो मनमा यस्तो संयम थियो कि उनाको इच्छाविना संसारको कुनै पदार्थ पनि उनलाई आकृष्ट गर्न असमर्थ थियो । दूधको पात्र लिएर राजाका सामु उनी पुगेपछि राजाले भने– 'वत्स ! जे-जति तिमीले आफ्ना पिताबाट सिकेका छौ र जो तिमी आफूले अनुभव गरिसकेका छौ, त्योभन्दा अधिक सिकाउन म असमर्थ छु । तिमीले सत्यलाई चिनिसकेका छौ । तिमी आफ्नै आश्रममा फर्क ।'

अतएव हामी थाहा पाउँछौं– जुन मानिस आफैंमाथि अधिकार प्राप्त गर्दछ, त्यसमाथि संसारको कुनै पनि वस्तुले आफ्नो प्रभाव पार्न सक्दैन । उसका लागि कुनै बन्धन बाँकी रहँदैन । उसको मन स्वतन्त्र बनेको हुन्छ । वस्तुतः यस्ता पुरुष नै संसारमा योग्य पुरुष बन्दछन् । बहुधा हामीहरू देख्दछौं– मानिसहरूका, संसारको सम्बन्धमा दुई प्रकारका धारणाहरू हुन्छन् । केही मानिसहरू निराशावादी हुन्छन् । उनीहरू भन्दछन्– संसार कस्तो डरलाग्दो र दुष्ट छ । अर्काथरी आशावादी हुन्छन्– उनीहरू भन्छन्– यो संसार कति सुन्दर छ र कति आश्चर्यमय छ । जुन मानिस-हरूले आफ्नो मनलाई नियन्त्रित गर्न सकेका छैनन्, तो मानिसहरूका लागि यो संसार नराम्रो या नराम्रा कुराको मिश्रण हुन पुग्दछ अथवा अत्यन्त राम्रो रूपमा देखा पर्छ र कसैको दृष्टिमा राम्रो र नराम्रो कुराको मिश्रण । यदि हामीले आ-आफ्नो मनमाथि विजय प्राप्त गर्न सक्यौं भने यही संसार सुखमय हुन आउँछ । त्यसबेला हामीलाई कुनै कुराको राम्रो या नराम्रोपनले असर गर्नेछैन । हाम्रो दृष्टिले पनि कतै किसिम कुनैको विभृङ्गलता देख्नेछैन । हाम्रा लागि सबै कुरा सामञ्जस्य-पूर्ण हुन आउनेछन् । प्रायः देखिएको कुरा हो– पहिले संसारलाई नरककुण्डको रूपमा देख्ने मानिस-हरू आफू आत्मसंयमको साधनामा सफल भएपछि भने स्वर्ग जस्तै सुन्दर देख्न थाल्दछन् । यदि हामी यथार्थमा कर्मयोगी छौं र आत्मसंयमको त्यस महान् अवस्थालाई प्राप्त गर्न कृतसङ्कल्प भई आफूलाई तदनुरूप ढाल्न चाहन्छौं भने हामी उक्त साधनालाई चाहे जस्तोसुकै अवस्थाबाट शुभारम्भ गरौं, त्यसको परिणाममा पूर्ण आत्मसंयमको लाभ हुने कुरामा कुनै सन्देह छैन । जुनबेला हामीहरूको कल्पित अहम्को नाश हुनेछ, त्यसबेला पहिले अमङ्गल रूपमा देखिने संसार हाम्रो सामु स्वर्गस्वरूप र परमानन्दमय भएर आउनेछ । यहाँको वायुसम्म बदलिएर मधुमय हुन पुग्दछ र प्रत्येक व्यक्ति भद्र प्रतीत हुन लाग्छ । यही हो– कर्मयोगको चरम परिणति र यही हो– कर्मयोगको परिपूर्णता अथवा सिद्धि । हाम्रा भिन्न-भिन्न रोगहरू परस्परमा वस्तुतः विरोधी छैनन् । प्रत्येकले अन्तमा ज्ञानरूपी एउटै स्थानमा पुऱ्याउँछन् र पूर्णताको प्राप्ति गराउँछन् । तर प्रत्येकको दीर्घकालिक दृढ अभ्यास अवश्य हुनुपर्दछ । सम्पूर्ण रहस्यहरू अभ्यासमा नै अन्तर्नि-हित हुन्छन् । पहिले श्रवण, त्यसपछि श्रुत वस्तुको अभ्यासमा नै मनन र तदनन्तर त्यसलाई प्रयोग-मा ल्याउनु– यो प्रक्रिया प्रत्येक योगमा समान रूपमा लागू हुने सत्य हो । पहिले तिमी श्रोतव्य कुरा राम्ररी सुन, त्यसपछि त्यसको मर्मबारे विचार गर । यदि केही कुराहरू

आरम्भमा नै अस्पष्ट हुन्छन् भने ती कुरा पनि निरन्तर श्रवण र मननपछि स्वतः स्पष्ट हुन थाल्दछन् । सबै कुरा राम्ररी बुझ्न निकै गाह्रो हुन्छ । त्यसो भए पनि त्यसको स्पष्टीकरण आखिर तिमीमा नै त छ । वास्तवमा कहिल्यै कुनै व्यक्तिले कसैलाई सिकाएको हुँदैन । हामीहरूमध्ये सबैले आफूले आफैंलाई सिकाउनुपर्नेछ । बाहिरका गुरु त केवल उद्दीपक कारण मात्र हुन्, जो हाम्रो अन्तःस्थ गुरुलाई सबै विषयको मर्म सम्झाउनका लागि उद्बोधित गराउँछन् । त्यसपछि धेरै कुराहरू हाम्रा आफ्ना विचारशक्तिबाट स्पष्ट हुन आउँछन् । त्यस कुराको अनुभव हामी आफ्नै आत्मामा गर्न थाल्दछौं । ती अनुभूतिहरू नै हाम्रा प्रबल इच्छाशक्तिको रूपमा परिणत हुन्छन् । पहिले भाव र त्यसपछि इच्छाशक्तिको क्रम रहेको हुन्छ । यस इच्छाशक्तिबाट कर्म गर्न प्रेरित गर्ने त्यो प्रबल शक्ति सिर्जिन्छ जो हाम्रा प्रत्येक नसा, प्रत्येक शिरा र प्रत्येक मांसपेशीमा त्यस बेलासम्म क्रियाशील रहन्छ, जुन बेलासम्म हाम्रो समस्त शरीर निष्काम कर्मयोगको एउटा मन्त्र बन्दैन । यसकै फलस्वरूप हामीलाई आफूले चाहेको पूर्ण आत्मत्याग र परम निःस्वार्थताको उपलब्धि हुन्छ । यो उपलब्धि कुनै प्रकारको मतामत विश्वासमाथि निर्भर छैन । कोही इसाई, यहुदी अथवा पारसी होस्, यसबाट केही अन्तर पर्दैन, प्रश्न यो छ – के तिमी निःस्वार्थ छौ ? यदि छौ भने तिमीले कुनै धार्मिक ग्रन्थको अध्ययन नगरेको भए पनि, तिमी कुनै मन्दिर, मस्जिद र गिर्जाघरमा नगएका भए पनि पूर्णतामा प्राप्त हुनेछौ । प्रत्येक योग यस लक्ष्यको प्राप्तिमा सहायक बन्दछ । सरसरती हेर्दा कर्मयोग, भक्तियोग र ज्ञानयोग एक अर्कोभन्दा पृथक् रूपमा देखा पर्छन्, तर यी सबैले साधकलाई एउटै लक्ष्यमा पुऱ्याउँछन् र त्यो लक्ष्य हो– पूर्णता । २८९

उक्त पूर्णताको प्राप्तिका लागि कर्तव्यबुद्धिले कर्म-सम्पादनको पनि एउटा सीमा हुन्छ । त्यसको नाम हो अन्तःकरणको शुद्धि । अन्तःशुद्धि भएपछि मानिसहरूलाई अनुभव हुन थाल्दछ– भौतिक रूपमा कर्तव्यको जुन भावना छ, त्यो एउटा निम्न श्रेणीको कुरा हो । कर्तव्य-बुद्धिबाट कुनै पनि कार्य केवल निम्न भूमिमा मात्र गरिन्छ तापनि हामीहरूमध्ये प्रत्येकले आफ्नो कर्तव्य कर्म गर्नुपर्ने नै हुन्छ । हामीहरू पाउँछौं – कर्तव्यको यो भावना नै धेरै पटक हाम्रा दुःखहरूको एकमात्र कारण बन्न आउँछ । हाम्रा लागि कर्तव्य एउटा रोग बन्न पुग्दछ र त्यसले हामीलाई सदा आफूतिर तानिरहेको हुन्छ । यसरी यो रोग हामीलाई आफ्नो पकडमा लिएर हाम्रो सम्पूर्ण जीवनलाई नै दुःखमय तुल्याइदिन्छ । वस्तुतः यो मनुष्यहरूका लागि महाविभीषिका बन्न पुग्दछ । यो कर्तव्यबुद्धि ग्रीष्मकालिक मध्यान्हको प्रचण्ड सूर्य जस्तो हो जसले मनुष्यको अन्तरात्मालाई डढाइदिन्छ ।

कर्तव्यका दासहरूतिर यसो दृष्टि लगाऊ त । उनको कर्तव्यले उनीहरूलाई यतिसम्म पनि छुट्टी दिंदैन कि उनीहरूले पूजा-पाठ अथवा स्नान-ध्यान गर्न सकून् । प्रतिकूल कर्तव्यले उनी-हरूलाई जेलिरहेको हुन्छ । उनीहरू घरदेखि बाहिर गएर काम गर्दछन्, कर्तव्य सदा उनीहरूको

शिरमा जागरूक बनेर बसेको हुन्छ। जब उनीहरू बाहिरबाट बेलुका घर फर्कन्छन्, भोलिको कर्तव्य-बारे सोच्न विवश हुन्छन्। कर्तव्य उनीहरूमाथि लादिएको हुन्छ। नियालेर हेर्ने हो भने यस्तो जिन्दगीलाई दासको जिन्दगी भन्नुपर्दछ। त्यसपछि त्यो दिन पनि आउनेछ, जुन दिन सवारीका लागि कसिएको घोडा बीच सडकमा नै महानिद्रामा पर्छ। कर्तव्यको यसै सर्वसाधारण कल्पनालाई आज-को भौतिक जगत्ले अड्याइरहेको छ। परन्तु अनासक्ति भएर स्वतन्त्र व्यक्तिले जस्तै कर्म गर्नु र समस्त कर्मलाई ईश्वरमा अर्पित गर्नु वस्तुतः हाम्रो एक मात्र कर्तव्य हो। हाम्रा समस्त कर्तव्य ईश्वरका लागि हुन्। कति सौभाग्यको कुरा कि हामी संसारमा ईश्वरद्वारा पठाइएका छौं। बस, हामीहरू हाम्रा निर्दिष्ट कर्म गर्दै अगाडि बढिरहेका छौं। को जान्दछ हाम्रा यी कर्महरू राम्रा छन् अथवा नराम्रा ? तौ कर्मलाई उत्तम रूपमा सम्पादन गरेर पनि हामी फलको चाहना गर्दैनौं र खराब किसिमबाट हुन गए पनि हामी चिन्तित हुँदैनौं। यो स्थिति हाम्रो बन्न सकोस्। हामी निश्चिन्त भएर स्वाधीन भावले शान्तिपूर्वक कर्म गरौं। यद्यपि यस्तो अवस्था पाउन केही कठिनता अवश्य हुन्छ। दासत्वलाई कर्तव्यको संज्ञा दिन र छालाप्रति हुने छालाको घृणित आसक्तिलाई कर्तव्य शब्दले बुझाउन कति सजिलो छ। मानिसले संसारमा धन अथवा अन्य कुनै प्रिय वस्तुको प्राप्तिका लागि भएभरको शक्ति लगाउँछ। त्यसलाई हामी 'यस्तो परिश्रम किन गरेको ?' भनेर सोधौं त त्यसबेला त्यसले तुरुन्त उत्तर दिनेछ– यो त मेरो कर्तव्य हो। वस्तुतः त्यो त धनका लागि गरिएको अस्वाभाविक तृष्णा मात्र हो। हामी तृष्णामाथि केही फूल चढाएर उसलाई ढाकि-राख्ने चेष्टा गर्दछौं। अनि जसलाई सबैजना कर्तव्य भन्ने गर्दछन्, त्यो के हो ? यो हो– केवल आसक्ति, शरीरको दासता। जब कुनै आसक्ति अत्यन्त सुदृढ बन्दछ, त्यसलाई नै हामीहरू कर्तव्य भन्न थाल्दछौं। उदाहरणका लागि जुन समाजमा विवाहको रिवाज छैन, त्यस समाज वा देशमा पति र पत्नीको परस्पर कुनै कर्तव्य हुँदैन। क्रमशः जब समाजमा विवाहप्रथा जन्मन्छ, त्यसबेला पति र पत्नी सँगै बस्न थाल्दछन्। उनीहरूको सँगै बस्ने प्रक्रिया शारीरिक आसक्तिको कारणबाट नै आरम्भ हुन्छ। धेरै पुस्तापछि पति र पत्नीको सहवास एउटा प्रथाको रूपमा परिणत हुन्छ। यो कुरा त एक प्रकारको चिरस्थायी व्याधि नै हो भन्नुपर्दछ। एक-दुई पटक प्रबल रूपमा प्रतीत हुने-लाई हामी व्याधि भन्दछौं, तर त्यही सामान्य रूपमा सदा प्रतीत हुन्छ भने त्यसबेला हाम्रो स्व-भाव बन्न आउँछ र त्यसलाई हामी कर्तव्यको संज्ञा दिन्छौं। विवाहके सन्दर्भमा कुरा गरौं– यो कर्त-व्यको रूपमा परिणत भएको व्याधिको आरम्भमा यसैमा फूल चढाउनु, मन्त्रोच्चारण गर्नु र बाजा बजाउनु एउटा प्रक्रिया बन्दछ। समस्त संसार यसै तथाकथित कर्तव्यका लागि आपसमा सङ्घर्ष गर्छ र एक-अर्काको धनको अपहरण गरिन्छ।

वास्तवमा कर्तव्य त्यहाँसम्म राम्रो हुन्छ जहाँसम्म त्यसले पशुभावलाई रोक्नमा सहयोग प्रदान गर्दछ। तौ निम्न स्तरका मानिसहरू जो आ-आफ्ना हृदयमा उच्चतर आदर्शको धारणा नै गर्न सक्तैनन्, तिनीहरूका लागि सम्भवतः कर्तव्यको भावना कुनै सीमासम्म राम्रो हुन सक्त-छ, तर जो मानिसहरू 'पूर्णता' प्राप्त गर्न चाहन्छन् तिनीहरूले कर्तव्यको उक्त धारणालाई परित्याग गरिदिनुपर्दछ। वास्तवमा हाम्रा या तिम्रा लागि यहाँ कुनै कर्तव्य नै छैन। संसारलाई तिमी जे कुरा दिन चाहन्छौ त्यो अवश्य देऊ, तर कर्तव्यको नाममा हैन। कर्तव्यका लागि कुनै चिन्ता नगर।

बाध्य भएर नगर केही पनि । लौ भन त तिमीले बाध्य भएर किन गर्ने ? तिमीले बाध्य भएर कुनै पनि काम गर्दा त्यसबाट आसक्ति पैदा हुन्छ । तिम्रो नाममा वा तिम्रो अधिकारमा कर्तव्य रहनुको कुनै प्रयोजन छैन । सबै सुम्पिदेऊ उनै परमपिता परमात्मालाई । संसाररूपी डरलाग्दो चुलोमा कर्तव्यरूपी आगोले सबैलाई पोलिरहेको छ। उक्त स्थितिमा ईश्वरार्पणभावरूपी अमृतचषकको पान गर र प्रसन्न बन । हामी सबै त केवल उनै प्रभुको इच्छाको पालना गरिरहेका छौं । कुनै पुरस्कार र दण्डसँग हाम्रो कुनै सम्बन्ध छैन । यदि तिमी पुरस्कारका इच्छुक छौ भने तिमीले दण्ड पनि स्वीकार गर्नुपर्ने हुन्छ । दण्डबाट छुट्न चाहन्छौ भने तिमी पुरस्कारको पनि त्याग गर । क्लेशबाट मुक्ति पाउन सुखको भावनाको परित्याग गर । किनकि यी दुवै कुराहरू परस्पर सम्बद्ध छन् । एकातर्फ सुख छ भने त्यसको ठीक अर्कोतर्फ दुःख रहेको हुन्छ; एकातर्फ जीवन छ भने त्यसको अर्कोतर्फ मृत्यु हुन्छ । मृत्युबाट मुक्त हुन एकमात्र उपाय यही छ–तिमी जीवनप्रति हुने आसक्तिको परित्याग गर । जीवन र मृत्यु वस्तुतः एउटै कुरा हुन् । यी त एउटै वस्तुका दुइटा विभिन्न पक्ष मात्र हुन् । अतएव दुःखशून्य सुख र मृत्युशून्य जीवनको भावना असम्भव छ; यद्यपि स्कूलका स-साना बालक-बालिकाहरूलाई कल्पनाको मधुर क्षणमा सम्भव प्रतीत हुन सक्तछ, तर एउटा चिन्तनशील व्यक्तिका लागि यी दुवै परस्परविरोधी कुराहरू हुन् । अतएव ऊ यी दुवैको परित्याग गर्दछ । तिमी जे गर्छौ त्यसबाट कुनै प्रकारको पुरस्कार अथवा प्रशंसाको आशा नगर । जब हामी कुनै सत्कार्य गर्न थाल्दछौं तुरुन्तै हामी त्यसबाट प्रशंसा पाउन चाहन्छौं । जब हामी कुनै सत्कार्यका लागि चन्दा दिन्छौं तुरुन्तै हामी चाहन्छौं– हाम्रो नाम अखबारमा खूब चम्कोस् । यस्ता वासनाहरूको फल दुःखसिवाय केही हुँदैन । संसारबाट कस्ता-कस्ता सर्वश्रेष्ठ महापुरुषहरू गइसके, तर संसारले उनीहरूलाई चिन्न पनि सकेन । वास्तवमा भन्ने हो भने उनीहरू सबै महापुरुषहरूभन्दा उच्च थिए, तर संसार आज उनीहरूको विषयमा केही पनि जान्दैन, प्रत्येक देशमा यस्ता सैकडौं महापुरुषहरू भए, तर उनीहरूले सदैव आफ्नो काम चूपचाप नै गरे । चूपचाप भएर त्यस्ता महापुरुषहरू जीवन बिताउँछन् र चूपचाप नै बिदा हुन्छन् । सर्वश्रेष्ठ महापुरुषहरू आफ्नो ज्ञानबाट कुनै कीर्ति पाउने आशा राख्तैनन् । यस्ता महापुरुषहरू केवल संसारको कल्याणका लागि आफ्ना भाव र चिन्तन छाडेर जान्छन् । उनीहरू न आफ्ना लागि कुनै वस्तुविशेषको कामना गर्छन्, न आफ्नो नाममा सम्प्रदाय अथवा धर्मप्रणालीको स्थापना गर्छन् । उनीहरूको स्वभाव नै यस्ता कुराको विपरीत रहेको हुन्छ । यी महापुरुषहरू शुद्ध सत्त्वगुणप्रधान हुन्छन् र केवल प्रेमले द्रवित भएर रहन्छन् ।

यसपछि फेरि यस्ता मानिस हुन्छन् जसमा अपेक्षाकृत अधिक रजःशक्ति हुन्छ । ती मानिसहरू शुद्ध सत्त्वगुणप्रधान सिद्धपुरुषहरूको भावको ग्रहण गरेर फेरि उनीहरूलाई संसारमा प्रचार गर्दछन् ।

सर्वश्रेष्ठ महापुरुषहरू (जसको चर्चा माथि भइसकेको छ) चूपचाप सत्य र उदात्त भावहरूको संग्रहमा लवलीन हुन्छन् भने यी रजोगुणप्रधान पुरुषहरू एक ठाउँबाट अर्को

ठाउँमा भ्रमण गरी उनको प्रचार गर्दछन् । सर्वश्रेष्ठ महापुरुषहरू शान्त, नीरव र अपरिचित हुन्छन् । विचारको प्रचण्ड शक्तिसित उनीहरू राम्ररी परिचित हुन्छन् । उनीहरूमा यो दृढ विश्वास हुन्छ– कुनै पर्वतको गुफामा गई त्यसको ढोका थुनेर चार-पाँच राम्रा विचारहरूको मनन गरेर मात्र संसार-बाट बिदा भए पनि ती चार-पाँच विचारहरू अनन्त कालसम्म विश्वमा व्याप्त रहनेछन् । वास्त-वमा यस्ता विचारहरू पर्वतलाई पनि चिरेर बाहिर निस्कन सक्दछन्, समुद्रहरूलाई पार गर्दछन् र संसारभर व्याप्त हुन्छन् । ती सद्विचारहरू मानिसहरूका हृदय र मस्तिष्कमा यति गहिरोसित घुस्दछन्, जसको फलस्वरूप मनुष्यहरूबाट नै नयाँ व्यक्तिहरू उक्त विचारहरूलाई कार्यरूपमा परिणत गर्न पैदा हुन्छन् । ती पूर्वोक्त सात्त्विक व्यक्तिहरू भगवान्को यति नजीक हुन्छन् कि यिनका लागि कर्मशील हुनु, परोपकार गर्नु तथा संसारमा धर्म-प्रचार आदि कार्य गर्नु साँच्चै नै असम्भव जस्तै हुन्छ ।

कर्मठ व्यक्ति जतिसुकै सज्जन वा सच्चरित्र भए पनि त्यसमा यत्किञ्चित् अज्ञान रहेको नै हुन्छ । जब हाम्रो स्वभावमा केही-न-केही अपवित्रता रहन्छ त्यसबेला नै हामी कर्ममा प्रवृत्त हुन्छौं । कर्मको पछाडि कुनै हेतु या आसक्ति हुनु त कर्मको स्वभाव नै हो । जो एउटा क्षुद्र पक्षीको पतनमा पनि आफ्नो दृष्टि लगाउँछन् त्यस्ता सतत क्रियाशील विधातासमक्ष मनुष्यले आफ्नो प्रशंसा कसरी गर्ने ? जब विधाताले संसारका स-साना प्राणीहरूको पनि पूर्ण ख्याल राख्तछन् भने मनुष्यले आफू-लाई केही भन्ठान्नु ईश्वरको घोर निन्दा हैन त ?

हामीले त प्रभुसमक्ष ससम्भ्रम नतमस्तक भई उभिएर केवल यही निवेदन गर्नुपर्दछ– 'प्रभो! हजूरको इच्छा पूर्ण होस् ! सर्वश्रेष्ठ पुरुषहरू कार्य नै गर्न सक्तैनन्, किनकि उनीहरूमा कुनै किसिम-को आसक्ति नै हुँदैन । जो आत्मामा नै आनन्दित हुन्छन्, जो आत्मामा नै तृप्त रहन्छन् र जो आत्मासित सदाका लागि एक भइसकेका हुन्छन्, उनीहरूका लागि कुनै कर्म शेष रहँदैन (गीता)। यी नै सर्वश्रेष्ठ मानव हुन् । यीबाहेक अरू सबले कर्म गर्नुपर्दछ । तर यस किसिमले काम गर्दा हामीले कहिल्यै यो विचार गर्नु हुँदैन– हामी यसै संसारमा कुनै सानाभन्दा साना प्राणीलाई पनि सहायता गर्न सक्तछौं । वास्तवमा त्यो कुरा हाम्रा निमित्त असम्भव जस्तै छ । संसाररूपी यस शिक्षालयमा परोपकारका यी कार्यहरूद्वारा त हामी केवल आफ्नै सहायता गर्दछौं । कर्म गर्नेको साँचो दृष्टिकोण त यही हो । अतएव हामी यसै भावले काम गरौं, अहिले जुन कर्म हामी गरिरहेका छौं, त्यो त हाम्रा निमित्त ठूलो सौभाग्यको कुरा हो भन्ने विचार गर्यौं भने हामी कुनै वस्तुमा कहिल्यै आसक्त हुँदैनौं । यस विश्वमा हामी-तिमी जस्ता लाखौं मानिस मनमनै सोच्तछौं– हामी महान् व्यक्ति हौं । परन्तु एकदिन जब हाम्रो मृत्यु हुन्छ, तब पाँच मिनटपछि नै संसार हामीलाई भुल्दछ । तर ईश्वरको जीवन अनन्त छ । सर्वशक्तिमान् प्रभुको इच्छा भएन भने, के एक क्षणका लागि पनि कोही बाँच्न सक्त छ? एक क्षणका लागि पनि कोही सास फेर्न सक्तछ ?– ऊ नै सतत कर्मठ विधाता हो । समस्त शक्ति उनैको हो र उनैको आज्ञावर्तिनी छ–

भयादस्याऽग्निस्तपति भयात् तपति सूर्यः ।
भयादिन्द्रश्च वायुश्च मृत्युर्धावति पञ्चमः ।। -कठोपनिषद्

प्रभुकै आज्ञाले हावा चल्दछ, सूर्य ज्योतिर्मय बन्दछ, पृथ्वी अवस्थित छ, इन्द्र स्वर्गको शासन गर्दछन् र मृत्यु यस संसारमा संरक्षण गर्दछ । उनै परमात्मा सर्वस्व हुन् । हामी त केवल उनको उपासना मात्र गर्न सक्तछौं । समस्त कर्महरूको फलाशालाई त्याग । कल्याणका लागि नै कल्याण गर; तब मात्र पूर्ण अनासक्ति प्राप्त हुनेछ र तिमी ज्ञानका अधिकारी हुनेछौ । २९३

यहाँसम्म सामान्य धर्म अर्थात् नैतिकता र कर्तव्यबुद्धिले कर्म-सम्पादनको विषयमा विचार गरियो । उक्त सामान्य धर्म सार्वभौम छ, प्राणिमात्रद्वारा अनिवार्य रूपमा पालनीय छ । सामान्य धर्मको परिपालनको सन्दर्भमा देश, जाति अथवा राष्ट्रविशेषको कुनै भेद गरिँदैन वा गर्न हुँदैन । सामान्य शब्दको अर्थ हुन्छ बहुदेशकालव्यापी । यसपछि विशेष धर्मको विचार गर्नुभन्दा पहिले फेरि एकपटक मौलिक विषयको स्मरण गर्नु कल्याणप्रद हुनेछ । अर्थात् हाम्रो जीवनको लक्ष्य के हो ? आध्यात्मिकता हो वा भौतिकता ? यी दुईमध्ये कुनचाहिं वरेण्य हो ? जुन युगमा आज हामी जीवन-यापन गर्दै छौं, यो विज्ञानको युग भनिन्छ । भनिनुको तात्पर्य यो हो - आज विज्ञानका नित्य नवीन आविष्कारहरूको प्रगति र प्रसारले गर्दा हाम्रा आचार, व्यवहार र दैनिक जीवनचर्या मात्र प्रभावित नभएर हाम्रो चिन्तन-पद्धतिमा पनि ठूलो परिवर्तन आएको छ । आज मानवको बुद्धि-चेतनाशक्तिले उसको भावात्मक सत्तालाई आक्रान्त गरेको छ । भौतिक समृद्धि नै जीवनको परम र चरम साधना बनेको छ । मानवीय कृत्यको कृतकार्यता अर्थ-सञ्चय र भोगसंग्रह नै मुख्य मानिएको छ । विज्ञान-प्रदत्त सुख-सुविधाका साधनहरूले मानवलाई आफ्नो क्रीतदास बनाएको छ । साना-साना वस्तुको अभावले पनि हाम्रो दैनिक जीवन सङ्कटापन्न बनाइदिन्छ । यति मात्र होइन, हाम्रो आध्यात्मिक निष्ठा, ईश्वरसम्बन्धी आस्था र परम्परागत विश्वासलाई अन्धविश्वास वा रूढिवादी भनी उपहास गरिन्छ । पूजा-अर्चना र धर्मको आराधना समयको दुरुपयोग भनेर छाडिदैछन् । आध्यात्मिक भावप्रति गरिएको उपेक्षाभावको परिणाम पनि खराब नै भएको छ । जीवन पहिलेको भन्दा झन् विषम र अभावग्रस्त हुँदै गइरहेछ । अधिकबाट अत्यधिक र अत्यधिकबाट सर्वाधिकको कामनाले मनुष्यमा स्वार्थ, प्रवञ्चना, ईर्ष्या, द्वेष, हिंसा आदि कुप्रवृत्तिहरूलाई जन्माइरहेछ । यसको विपरीत जीवनमा दया, क्षमा, सत्त्व, शील, स्नेह, करुणा, ममता आदि शाश्वत सद्वृत्तिहरूको निरन्तर ह्रास भइरहेछ । आजको विश्वजीवन जति संशयग्रस्त, भयाक्रान्त र विषम परिस्थितिहरूबाट गुज्रिरहेछ यस्तो कहिल्यै थिएन । प्रस्तुत प्रसङ्गमा विचारणीय यो छ - जीवनमा यो वैषम्य वस्तुतः आयो किन ? यो सङ्कटापन्न स्थितिका लागि उत्तरदायी को ? अनि अन्ततः यस वातावरणबाट मुक्तिको उपाय के छ ? अर्को शब्दमा आज हाम्रो अगाडि सबभन्दा महत्त्वपूर्ण प्रश्न यो छ– भौतिकता र आध्यात्मिकता-मध्ये कुनलाई संवरण गर्ने ? जीवनका लागि यी दुईमध्ये कुनचाहिं हितकर छ ? हाम्रो

जीवनमा वैषम्य वस्तुतः कसरी आयो ? यी सबै कुराहरूको विचार गर्ने सन्दर्भमा हामीले स्मरण गर्नुपर्दछ– यस्तो समय या परिस्थितिका लागि कुनै व्यक्तिविशेषलाई दोष दिनु सरासर त्रुटि हुनेछ । सामूहिक अनीश्वरवादी उच्छृङ्खलता र भोगवृत्तिहरूले गर्दा यस्ता समय आउने गर्छन् । पहिले पनि यस्ता समयहरू धेरै पटक आइसकेका छन् । यस कुराको उल्लेख पुराणहरूमा पनि स्पष्ट पाइन्छ । यस्तो समयमा अनेक क्षुद्रस्तरीय (निकृष्ट) आत्माहरू जन्म लिएर पृथ्वीमा अनेक उत्पात मचाउँछन् । प्रकारान्तरले भन्ने हो भने यस्तो समयलाई सघाउ पुऱ्याएर विनाशको बाटोलाई फराकिलो बनाउँछन् । मधुकैटभ, हिरण्यकशिपु, महिषासुर, शुम्भ, निशुम्भ, रावण, कंस, जरासन्ध, शिशुपाल आदिको समय यसै श्रेणीमा पर्छ ।

यस परिस्थितिलाई राम्ररी बुझ्न गत तीन-चार सय वर्षको इतिहासको समालोचना अत्यन्त आवश्यक हुन आउँछ । प्रायः तीनसय वर्ष पहिले जब इङ्ल्यान्ड, जर्मनी र अमेरिकामा बोक्सीको उत्पात मच्चियो (जोन अफ आर्क आदि), त्यस उत्पातलाई दबाउन लगभग अढाई लाख नारीहरू जीवित पोलिए । त्यो अवश्य नै लोमहर्षक दृश्य थियो होला । हामीहरूको विश्वास-अनुसार केही प्रेताविष्ट आत्माहरू त दुनियाँमा सधैं रहन्छन्, तर त्यो कुरा निश्चित हो– त्यस बेला ठूलो संख्यामा अनेकानेक निरपराध नारीहरू पनि जिउँदै जलाइए । यस घटनाको लगभग १५० वर्षपछि वर्तमान विज्ञान (Science) को उदय भयो । यसको चरम सीमामा आज आएर विमान, अणुबम, हाइड्रोजन बम, अनेकानेक युद्धोपयोगी रासायनिक पदार्थ, हवाईजहाज, पनडुब्बी र ती भयङ्कर शस्त्रास्त्र छन्, जसबाट मानव-संहारका साधन सुलभ भएका छन् । पहिले त धर्मयुद्धको नाममा क्रूसेड्स (Crusedes) सयौं वर्षसम्म चलिरह्यो । यसका साथसाथै भारतको अपूर्व व्यापारलाई हत्याउने लालसा पनि पाश्चात्य देशको थियो । पहिले पुर्तगाल, स्पेन र हल्यान्डले पनि यस होडमा भाग लिए र कालान्तरमा अंग्रेज व्यापारीहरूले अरू देश-लाई जिते । वाष्प र विद्युत्को आविष्कारले यातायातमा महत्त्वपूर्ण उन्नति गरिदियो । अब विजित देशमा बिक्री गर्नलाई मालसामान मेसिनद्वारा ठूलो राशिमा तयार गर्ने आवश्यकता प्रतीत भयो । यी मेसिनको आविष्कारले गर्दा मनुष्य-जीवनमा ठूलो परिवर्तन भयो । यस परिवर्तनले गर्दा मानिस शान्त ग्राम्य जीवन छाडी शहरमा बस्न लागे । यस विषयको एक सुन्दर वर्णन गोल्डस्मिथ-कृत Deserted Village मा पाइन्छ । बिस्तार-बिस्तार यो यान्त्रिक सभ्यता बढ्दै गयो र हाम्रो सभ्यता यो नयाँ चकाचौंध गर्ने सभ्यताबाट प्रभावित भयो । हिन्दूशास्त्रको रसविद्या अरब देशमा किमियागिरि (Alchemy) को नामले पुग्यो र त्यसको आश्चर्यजनक शक्तिले गर्दा पाश्चात्य देशमा पनि पारो, गन्धक, अभ्रख, सुन आदिको प्रयोग हुन थाल्यो । पारसमणि र अमृतको खोजी थालियो । कालान्तरमा उपर्युक्त देशका मण्डलीहरू अमेरिका तथा अरू देशहरूमा पनि पुगे ।

स्पेनको कार्टेज नामक व्यक्तिले आफ्ना साथीहरूसित मिलेर मेक्सिको नामक अत्यन्त सम्पन्न देशलाई आफ्नो अधिकारमा ल्यायो । स्पेनकै पिजारो भन्ने मानिसले अपार धनराशिले

सम्पन्नहरू देशलाई आपनो तुल्यायो । यसबाट यूरोपीय देशका मानिसहरूको ध्यान चुहिन लाग्यो । मेक्सिको र पेरुबाट सुन र चाँदीका रूपमा अपार धनराशि स्पेनमा आयो । अंग्रेजहरूले स्पेनका जहाजी बेडाहरूलाई ध्वस्त पारेर सन् १६०० मा भारतमा इस्ट इन्डिया कम्पनीको स्थापना गरे । उक्त कम्पनीको मुख्य ध्येय थियो– नयाँ-नयाँ वस्तुहरूको निर्माण गर्नु र जितेका देशहरूमा उनै वस्तुहरूको माग (Demand) पैदा गराउनु । यो नयाँ सभ्यता उच्छृङ्खल अनीश्वरवादको आधारमा निर्मित भयो । यसमा भोगलाई मुख्य स्थान दिइयो र कर्तव्यलाई गौण । धनको लालसाले जेलिएका ती पाश्चात्यहरूले उचित र अनुचितको कुनै विचार गरेनन् । जसरी हुन्छ धनसंग्रह गर्नु तिनीहरूको प्रमुख मन्तव्य थियो । सन् १८३३ मा मेकाले-शिक्षा-पद्धतिको प्रारम्भ गरियो । त्यसको लक्ष्य थियो मनुष्यलाई केवल क्लर्क मात्र बनाउनु नै, विद्याध्ययन गराउनु होइन । शुद्ध विद्याध्ययनबाट विनय पैदा हुन्छ । आज त्यसै विनयको अभाव स्पष्ट परिलक्षित भइरहेको छ । सन् १९१४ देखि १९१८ सम्म प्रथम विश्वयुद्ध र सन् १९३९ देखि १९४५ सम्म द्वितीय विश्वयुद्ध चल्यो । प्रत्येक युद्धमा विश्वका प्रायः २ करोड मानिसहरू हताहत भए । युद्धक्षेत्रमा अनेक देशका सिपाहीहरू लिइए । वस्तुहरूको कमीले गर्दा देशहरूको व्यापारनीतिमा ठूलो असर पऱ्यो । प्रथम विश्वयुद्धमा भन्दा द्वितीय विश्वयुद्धमा व्यापारीहरूमा लोभ बढ्यो । नियन्त्रणहरूले गर्दा व्यवस्था झन् बिग्रेर गयो । 'कालो बजार' जस्तो डरलाग्दो भूत प्रायः सर्वत्र देखिन थाल्यो ।

उपर्युक्त कारणहरूले गर्दा सदाचारमा ठूलो आघात पऱ्यो । पति-पत्नी तथा गुरु-शिष्यको सम्बन्धमा शैथिल्य देखियो र खानपानमा अनेक परिवर्तन भए । उपर्युक्त परिस्थितिहरू हुँदा-हुँदै पनि वैज्ञानिकहरू चन्द्रलोक अथवा मङ्गलग्रहमा जान तत्पर भए र गइरहेका छन्, जबकि संसार विनाशको अत्यन्त समीपमा पुगिसकेको छ । यसलाई विचित्र बिडम्बना भन्नुपर्दछ । अनेक लेखकहरूले लेखेका छन्– यस संसारमा पोषक र नाशक दुई शक्ति सधैं रहन्छन् । पोषक शक्तिहरू अवश्य नै प्रबल हुन्छन् । यसमा दुई मत हुन सक्तैन । यस्तो नभएको भए यो संसार उहिले नै नष्ट हुने थियो ।

उपर्युक्त तथ्य हुँदा-हुँदै पनि यो ध्रुवसत्य हो– भौतिक जीवनमा कहिल्यै पनि पूर्ण परितृप्तिको उपलब्धि हुन सक्तैन । यस कुराको ज्वलन्त प्रमाण यो छ– संसारका अत्यन्त धनी, ऐश्वर्यशाली र ठूला ओहदामा बसेका व्यक्तिहरू पनि सन्तुष्ट छैनन् । प्रत्युत भौतिक दृष्टिबाट साधनसम्पन्न व्यक्तिहरूको जीवन अधिक सङ्घर्षमय र चिन्ताग्रस्त बन्न पुग्दछ । यो कुरा आधुनिक विज्ञानमाथि पनि लागू हुन्छ । आरम्भमा विज्ञानले मानवीय सुख र सुविधाका सामग्री जुटाउने सन्दर्भमा आफूलाई समर्पित गऱ्यो । उदाहरणका लागि भनौं-विद्युत् एवं यातायातका साधनहरूबाट जीवन सुखमय बनाउने कुरामा महत्त्वपूर्ण योगदान थियो विज्ञानको । यी सुख-सुविधाले गर्दा मानवीय चिन्तनबोध अत्यन्त वेगले विज्ञानतर्फ आकृष्ट भयो । त्यसपछि शनैःशनै विज्ञानले

विध्वसक अस्त्रहरूको आविष्कार गऱ्यो । अणु र परमाणु बम बने । मिसाइल्स र रकेट यानको निर्माण भयो । आज स्थिति यो छ– विज्ञानले आफनै प्रगतिबाट भयभीत र सन्तप्त हुनु परेको छ । विज्ञानका ध्वंसात्मक उपकरणहरूले संसारमा तनावको वातावरण उत्पन्न गरेका छन् । महायुद्धको शङ्का दिनानुदिन बढ्दै गएको छ । आजकालका शिखर-सम्मेलन र शान्तिका लागि वा शस्त्रनिर्माण-मा रोक लगाउन गरिने निःशस्त्रीकरण-सम्मेलनहरू वास्तवमा विज्ञानको वैभवका लागि पश्चात्ताप नै हुन्, अरू केही होइन । ठूला भनाउँदा शक्तिशाली देशहरू पनि आज यो विचार गर्न बाध्य भएका छन्– निर्मित परमाणुका अस्त्रहरू नष्ट गरिनुपर्दछ र ती अस्त्रहरूको निर्माणमा प्रतिबन्ध लगाउनु पर्दछ । विचित्र विडम्बना ! आज मानिस आफनै कृत्यमा पछुताइरहेको छ । उसको कृतित्व घातक र संहारक बन्न पुगेको छ । यो स्थिति आयो कसरी ? यसमा कारण यही छ– परमाणु-शक्तिका आविष्कारक देशहरू भौतिक दृष्टिबाट सर्वाधिक सम्पन्न बन्ने इच्छा गर्थे । अरूभन्दा सम्पन्न र शक्तिशाली बन्ने प्रतिस्पर्धामा उनीहरूले मानवतालाई मृत्युको नजीकै ल्याएर उभ्याए । विज्ञानको प्रगतिको पुकार आज मानवताको चीत्कारमा परिणत भएको छ । निरन्तर ध्वंसक अस्त्रहरूको आविष्कारबाट विनाशका सम्भावनाहरू बढ्दै गएका छन् । यदि अर्को पक्षबाट विचार गर्ने हो भने भन्न सकिन्छ– भौतिक सुख र सुविधाहरूको अभिवृद्धिले मानिसहरूलाई विलासप्रिय, शक्तिहीन र कामचोर बन्न सघाउ पुऱ्याएको छ । परिणामस्वरूप जनसंख्यामा अयाचित वृद्धिभइरहेको छ । जतिसुकै योजनाहरू बनून् तिनीहरूको लक्ष्य अपूर्ण नै रहेको छ । ठूलाभन्दा ठूला पञ्चवार्षिक र सप्तवार्षिक योजनाहरू पनि जीवनमा शान्ति र सच्चा सुखको सञ्चार गराउने सन्दर्भमा विफल भएका छन् । प्रश्न छ– यसका लागि उत्तरदायी कसलाई ठह्याउने ? तर उत्तर स्पष्ट छ– स्वयं आजको मोहग्रस्त मानव हामी आफै आफनो जीवनलाई विषाक्त तुल्याइरहेका छौं । अतृप्त आकांक्षाहरू नै मानसिक अशान्तिका मूल कारण हुन् । अब दोस्रो प्रश्न छ– यस्तो वातावरणबाट मुक्ति कसरी पाउने ? यसको उपाय हो– स्वधर्मको पालन । यहाँ धर्म शब्दबाट सामान्य धर्म या व्यापक सार्वभौम धर्म बुझ्नुपर्दछ । धर्म मानव-जीवनको अनिवार्य आवश्यकता हो । मानवको अध्यात्मनिष्ठा नै धर्मको आधार हो । धर्मको रूप आस्था र विश्वासमा अडेको हुन्छ । धर्मको धारणाले जीवन आशामय र सुखसम्पन्न हुन्छ । धर्मको बाह्य रूप जे भए पनि, त्यसको मूलभूत विशेषता आस्था (विश्वास)– मा नै हुन्छ । एउटा अज्ञात सत्ता र शक्तिको प्रभुत्वलाई सर्वोपरि मानेर उक्त सत्तालाई विश्वव्यापी मान्नु धर्मको व्यापक कल्पना हो । संसारका सबै धर्महरूमा केही सर्वसम्मत सिद्धान्त या विश्वास प्रचलित छन् । यी विश्वासहरू सृष्टि-रचनाको अनादिकालदेखि नै मानवताका लागि नासो या उत्तराधिकारको रूपमा प्राप्त भएका हुन् । समय-समयमा उक्त विश्वासहरूलाई टेवा दिन ईश्वरीय किंवा प्राकृतिक शक्तिहरूको अभ्युदय हुने कुराका प्रमाणहरू उपलब्ध छन् । धर्मसंस्थापनका लागि युग-युगमा त्यस अनन्त सत्ताको अनेकानेक रूपमा आविर्भाव (अवतार) पनि भएको छ । विश्व-सभ्यताको विकासको इतिहासमा मानव-मूल्यको विघटन जुन रूपमा अहिले भएको छ त्यस्तो कहिल्यै भएको थिएन । हामीले कुनै-न-कुनै आध्यात्मिक सत्ताको अनुशासनमा

रहानुपर्दछ। आध्यात्मिक संयमको अभावमा स्वेच्छाचारी प्रवृत्तिको अभ्युदय हुन्छ र तो प्रवृत्तिले मानवलाई कुमार्गगामी बनाउँछन्, जस्तो आज भइरहेको छ। ठूला-ठूला निःशस्त्रीकरण सम्मेलनका शिखर-वार्ताहरूबाट आजको विकट समस्याको समाधान हुने कुरा सन्देहास्पद नै छ। आजको सङ्कटको निवारण केवल पारस्परिक विश्वास र बन्धुत्वभाव 'वसुधैव कुटुम्बकम्'बाट मात्र सम्भव छ। धर्मपालनको अभिप्राय, कुनै सम्प्रदाय-विशेषको सदस्य बन्नु या सिद्धान्त-पद्धतिको अनुपालनसँग सम्बद्ध छैन। धर्मपालनको उद्देश्य त मानवको नाताले सद्विवेकको आधारमा कर्तव्यपरायण बन्नु र मानवीय उत्तरदायित्वको निर्वाह गर्नु हो। यही कुरा सामान्य धर्मको नाममा शास्त्रहरूमा विस्तृत रूपमा निरूपित छ। यसै सामान्य धर्मको पालन गर्दै सर्वोपरि सत्तामा विश्वास गर्नु नै आध्यात्मिकता हो। विश्वधर्म किंवा मानवधर्मको यसभन्दा सरल र सुन्दर कल्पना अर्को हुन सक्तैन। हामीले प्राणीमात्रमा अनन्त सत्ताको झलक हेर्न थाल्यौं भने पनि स्वार्थवादी प्रवञ्चनात्मक प्रवृत्ति घट्न सक्तछ। यस कुरामा भने हामीले सदैव ख्याल राख्नुपर्दछ– भौतिक उपलब्धिहरू अवास्तविक र क्षणिक हुन्। वास्तविक शान्ति त आध्यात्मिकताको धारणामा नै रहेको छ। कठोपनिषद्मा यस कुरालाई अत्यन्त सुन्दर शैलीमा प्रस्तुत गरिएको छ–

श्रेयश्च प्रेयश्च मनुष्यमेतस्तौ सम्परीत्या विविनक्ति धीरः।
श्रेयो हि धीरोऽभि प्रेयसो वृणीते प्रेयो मन्दो योगक्षेमाद् वृणीते ॥ कठोपनिषद् २-२-२

श्रेय र प्रेय मानिससामु उपस्थित हुन्छन्। बुद्धिमान् मानिस यी दुवैको राम्ररी परीक्षण गर्दछ। विवेकी पुरुष प्रेयलाई पन्छाएर श्रेयको वरण गर्दछ, तर मूढ मानिस योगक्षेमका लागि प्रेयको वरण गर्दछ। त्यसको फलस्वरूप–

अन्यच्छ्रेयोऽन्यदुतैव श्रेयस्त उभे नानार्थे पुरुषं सिनीतः।
तयोः श्रेय आददानस्य साधुर्भवति हीयतेऽर्थाद्य उ प्रेयो वृणीत ॥ कठोपनिषद् २-१-१

अर्थात् श्रेय (विद्या) विचार अर्कै हो र प्रेय (अविद्या) विचार अर्कै। भिन्न-भिन्न प्रयोजन भएका यी दुवै तत्त्व पुरुषलाई अधीनमा तुल्याउँछन्, तर जो श्रेय विचारलाई अङ्गीकार गर्दछ उसको जीवन सुखी र शान्त बन्दछ, जो प्रेय अँगाल्दछ त्यो पुरुषार्थबाट पतित हुन्छ। यसकारण आत्मबोध र तत्त्वचिन्तनमा नै शान्ति र सुख रहेको हुन्छ। स्वकर्तव्यको ज्ञान र अनन्त सत्तामा विश्वासबाट नै हामीसहित समस्त विश्वको कल्याण हुन्छ।

विशेष धर्म

धर्मका तीन विभाग शास्त्रहरूमा गरिएको कुराको उल्लेख पहिले पनि गरिसकिएको छ । ती हुन्– सामान्य धर्म, विशेष धर्म र परम धर्म । सामान्य धर्म सर्वलोकोपकारी, शास्त्रसम्मत, सबैद्वारा यथायोग्य अधिकारअनुसार आचरणीय र सर्वथा वैध हुन्छ । विशेष धर्मभित्र वर्णधर्म, आश्रमधर्म र व्यक्तिधर्महरू पर्दछन् । व्यक्ति धर्मभित्र माता-पिता, पति-पत्नी, गुरु-शिष्य, पुत्र-मित्र र राजा-प्रजा आदिको विभिन्न आदर्श धर्मको वर्णन गरिएको छ । अब पहिले वर्णाश्रम-धर्मको विषयमा विभिन्न शास्त्रहरूमा कस्तो आदर्शको परिकल्पना गरिएको छ र आधुनिक दृष्टिकोण के छ ? यस विषयमा संक्षिप्त विचार गरौं ।

हिन्दूधर्मको एउटा विशेषता यो छ कि यसको व्यक्तिगत नाम छैन । प्राचीन शास्त्र-हरूमा 'हिन्दूधर्म' नामको कुनै उल्लेख गरिएको छैन । हिन्दू शब्द सिन्धु शब्दको विकृत रूप हो । सिन्धु नदीको पारि बसोवास गरेका हुँदा ती देशका मानिसहरूलाई पश्चिमका मानिसहरूले 'स' लाई 'ह'-कारको रूपमा उच्चारण गरेर हिन्दू भनेर पुकारे र उनीहरूको धर्मलाई हिन्दूधर्म भने । प्राचीन शास्त्रहरूमा यस धर्मको उल्लेख केवल धर्मको रूपमा गरिएको छ । यसबाट थाहा हुन्छ– प्राचीन युगमा दुनियाँमा हिन्दूधर्म बाहेक अर्को धर्म थिएन (यस आशयलाई लुकाउन पाश्चात्यहरूद्वारा पाश्चात्य कालनिर्णय-पद्धतिको निर्माण गरिएको थियो) । कुनै-कुनै शास्त्रमा यस धर्मलाई सनातन धर्म पनि भनिएको छ– एष धर्मः सनातनः यो सनातन धर्म हो । सनातन धर्म शब्दबाट हिन्दूधर्मको केवल एउटा विशेष गुणको उल्लेख हुन्छ । सनातनको अर्थ हो नित्य स्थायी अर्थात् उसको कुनै व्यक्ति या समूहद्वारा उत्पत्ति भएको हुँदैन । कुनै समयमा कुनै व्यक्ति-विशेषद्वारा यो धर्म प्रचलित भएको थिएन । श्रीराम, श्रीकृष्ण, व्यास र वाल्मीकि– यीमध्ये कुनै पनि यस धर्मका संस्थापक होइनन् । उनीहरूभन्दा पहिले पनि यो धर्म थियो । उनीहरूले पनि यस धर्मलाई अनादि र सनातन भनेका छन् ।

बौद्ध धर्म आजभन्दा लगभग २५०० वर्ष पहिले गौतम बुद्धबाट प्रचलित भयो । इसाई धर्मको प्रचार इसाद्वारा १९७६ वर्षपहिले भयो । इस्लाम धर्मको प्रचार १३९६ वर्षपहिले मोहम्मद साहेबद्वारा भयो । पारसी धर्म पनि जरथोस्त्रद्वारा धेरै पछि प्रचलित गरिएको हो ।

कहीं-कहीं हिन्दूधर्मलाई वर्णाश्रम-धर्मको नाममा पनि अभिहित गरिएको छ । वर्णाश्रम-व्यवस्था हिन्दूधर्मको एउटा महत्त्वपूर्ण व्यवस्था हुनाले नै यस्तो भनिएको हो । अरू कुनै धर्ममा यस किसिमको कुनै व्यवस्था छैन । वर्णाश्रम-व्यवस्थाको स्वरूप संक्षेपमा यसप्रकार छ–

ईश्वरले ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र –यी चार वर्ण र ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास यी चार- आश्रमको सृष्टि गरे । प्रत्येक व्यक्तिको कर्तव्य-कर्म उसको वर्ण र आश्रममा निर्भर

हुन्छ । ब्राह्मणको कर्तव्य-कर्म वेदपाठ तथा वैदिक यज्ञ-यज्ञादि कर्मको सम्पादन हो । क्षत्रियको कर्म दुष्टहरूको दमन, शिष्टहरूको पालान र उक्त कर्मसम्पादनका लागि दण्डधारण गर्नु मानिएको छ । वैश्यहरूको कर्म कृषि, गोपालन र वाणिज्य हो भने शूद्रहरूको कर्म ब्राह्मणादि वर्णत्रयको सेवा सम्पादन हो । यिनका अतिरिक्त सबै वर्णहरूद्वारा पालनीय केही सामान्य धर्महरू पनि छन् । जस्तै– अहिंसा सत्यमस्तेयं शौचमिन्द्रियनिग्रहः ।

एवं सामसिकं धर्मं चातुर्वर्ण्येऽब्रवीन्मनुः ।।

अर्थात् अहिंसा, सत्य, अस्तेय, शौच तथा इन्द्रिय-निग्रह –यी चार वर्णद्वारा पालनीय धर्म हुन् । यिनको अभावमा वस्तुतः कुनै पनि व्यक्ति मनुष्य कहलाउन सक्तैन । यस विषयमा पहिले नै पर्याप्त लेखिसकिएको छ । समाजको सर्वाङ्गीण उन्नतिका लागि धर्मभाव, शक्ति, ऐश्वर्य र श्रम –यी चार कुराको अपरिहार्य आवश्यकता हुन्छ । बृहदारण्यकोपनिषद्को १।४, ११, १२, १३ मा भनिएको छ– 'पहिले केवल ब्राह्मण थियो । यहाँ उसले एक्लै उन्नति गर्न नसक्दा उसले क्षत्रियको सृष्टि गऱ्यो । पूर्ण उन्नति त्यसपछि पनि हुन सकेन र उसले वैश्यको सृष्टि गऱ्यो । उसबाट पनि उन्नति भएन, अनि शूद्रको सृष्टि भयो ।'

ब्रह्म वै इदमग्र आसीदेकमेव ।
तदेकं सन्नत्यभवत् तच्छ्रेयोरूपमत्यसृजत क्षत्रम् ।।

स नैव व्यभवत् स विशमसृजत् ।
स नैव व्यभवत् स शौद्रं वर्णसृजत् ।।

यी चार वर्णहरूको सृष्टिपछि धर्मको सृष्टि भयो । पहिले जातिको सृष्टि भएपछि जातीय धर्म र कर्तव्य कर्महरूको सृष्टि भयो । केही मानिसहरूको धारणा छ– वैदिक युगमा जो यज्ञ गर्दथे तिनीहरू ब्राह्मण भनिए । जसले युद्ध गरे तो क्षत्रिय भनिए इत्यादि । परन्तु बृहदारण्यकोपरिषद्को उक्त वचनबाट ज्ञात हुन्छ– उक्त धारणा या मत युक्तियुक्त छैन । पहिले विभिन्न जातीहरूको सृष्टि भयो । त्यसपछि उनीहरूको कर्तव्य कर्मबारे निर्देश दिइयो अर्थात् ब्राह्मणले यज्ञादि कर्म गर्नुपर्दछ, क्षत्रियले गर्नुपर्दछ धर्मयुद्ध इत्यादि ऋग्वेदको पुरुष-सूक्तमा भनिएको छ– ईश्वरको मुखबाट ब्राह्मण, बाहुबाट क्षत्रिय, ऊरुबाट वैश्य र पाउहरूबाट शूद्रको सृष्टि गरियो । जस्तै– ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रोऽजायत ।।

तैत्तिरीय संहिता ७–२–१ मन्त्रमा स्पष्ट रूपमा भनिएको छ– 'प्रजापतिको मुखदेखि ब्राह्मण, बाहु वक्षस्थलबाट क्षत्रिय, देहको मध्यभागबाट वैश्य र चरणद्वयबाट शूद्रको सृष्टि भयो।' सृष्टिको आदिमा ब्राह्मण आदि वर्णहरूका कर्महरूको उत्पत्ति भएको भए वेदमा विराट् पुरुषबाट ब्राह्मणत्व, क्षत्रियत्व, वैश्यत्व र शूद्रत्व आदि गुणकर्म उत्पन्न भएको उल्लेख हुने थियो। तर त्यसो नभनेर ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र यी –चार वर्णको उत्पत्तिको उल्लेख भएको छ।

कसै-कसैको धारणा यस्तो पनि छ– 'वेदमा ब्राह्मणादि जातिको उल्लेख भए पनि त्यसबेला जन्मगत जातिव्यवस्था थिएन। ब्राह्मणका पुत्रको नाताले ब्राह्मण नभएर यज्ञ-सम्पादन-का नाताले व्यक्ति ब्राह्मणको रूपमा चिनिन्थ्यो।'

उक्त कुरा यथार्थ हैन। पुरुष–सूक्तमा ब्रह्माका विभिन्न अङ्गहरूबाट ब्राह्मण आदि जातिको सृष्टिक्रमको उल्लेख गरिएको छ। जन्मगत जाति मानिंदा मात्र पुरुष-सूक्तको सूक्ति सुसङ्गत हुन आउँछ। कठोपनिषद्मा यमले नचिकेतालाई ब्राह्मण भनेका छन् र ब्राह्मण हुँदा उनलाई नमस्कार गरेका छन्। नचिकेता त्यसबेला बालक थिए। त्यहाँ उनलाई जन्मअनुसार नै ब्राह्मण भनेर निर्देश गरिएको छ कर्मअनुसार होइन। धर्मशास्त्रहरूमा भनिएको छ– 'कोही ब्राह्मण वेदको अर्थ जान्दैन भने त्यो निन्दित कृषिकर्मद्वारा जीविका-निर्वाह गरोस्।' यसबाट स्पष्ट प्रतीत हुन्छ– ब्राह्मणवंशमा जन्मेर कृषिकर्म गरे पनि त्यसलाई ब्राह्मण नै भनिन्थ्यो। कर्मअनुसार जातिव्यवस्था भएको भए त्यस्ता मानिसलाई ब्राह्मणको सट्टा वैश्य नै भनिने थियो। ऋग्वेदको ८।९८।३० मन्त्रमा भनिएको छ– 'हे इन्द्र! तिमी अल्छी र नास्तिक ब्राह्मण जस्ता नबन।'

यसबाट ज्ञात हुन्छ– ब्राह्मणवंशमा जन्मेकालाई ब्राह्मणोचित गुणकर्म नरहे पनि ब्राह्मण नै भनिन्थ्यो। ऋग्वेद १।४३।२ मा भनिएको छ– 'ब्राह्मणपुत्रले जसरी यज्ञमा वेदमन्त्रको गान गर्दछ, हे पक्षी! तिमी पनि त्यसरी नै गान गर।' यसबाट प्रतीत हुन्छ– यज्ञमा ब्राह्मणका पुत्र नै वेदमन्त्रको गान गर्थे र अरू जातिका पुत्रको त्यसमा अधिकार थिएन। अतएव निष्कर्षमा भन्न सकिन्छ– वैदिक युगमा जन्मानुसार नै जातिको निर्देश गरिएको थियो र गुण र कर्मअनुसार जातिनिर्देशको कुनै व्यवस्था थिएन।

अश्वत्थामाका गुण र कर्म ब्राह्मणोचित थिएनन्। उनी युद्ध गर्दथे। उनको कर्म वस्तुतः क्षत्रियोचित थियो। अश्वत्थामा अत्यन्त क्रूर स्वभावका मानिस थिए। रातको बेला पाण्डवहरूको शिविरमा पसेर द्रौपदीका निद्रामग्न पाँच छोराहरूको हत्या गर्ने अश्वत्थामा नै हुन्। उत्तराको गर्भस्थ भ्रूणको हत्या गर्न अस्त्र चलाउने निर्दय व्यक्ति पनि अश्वत्थामा नै हुन्।

गुण र कर्मअनुसार जातिनिर्देशका कुरा गर्ने हो भने अश्वत्थामालाई कतैबाट पनि ब्राह्मण भन्न मिल्दैन। उक्त जघन्य अपराध गरेपछि उनलाई समातेर ल्याइयो। त्यसबेला

ब्राह्मण हुनाले उनाको हत्या गरिएन । उनको सहजात मस्तकमणिलाई काटेर उनलाई मुक्त गरियो यस अवसरमा भीमसेनले द्रौपदीलाई भनेका थिए – जित्वा मुक्तो द्रोणपुत्रो ब्राह्मण्याद् गौरवेण च ।

अर्थात् द्रोणाचार्यका छोरालाई जितेर पनि छाडियो, किनकि उनी ब्राह्मण र गुरुपुत्र हुन् । यहाँ स्पष्ट रूपमा गुणकमानुसार जातिको व्यवस्था नभएको कुरा देख्न सकिन्छ द्रोणाचार्य र कृपाचार्यले ब्राह्मण भएर पनि युद्धको व्यवसाय अँगालेका थिए, तर उनीहरूलाई क्षत्रिय भनिएन । रामायण अरण्यकाण्ड १।४०।६० मा लेखिएको छ–

मुखतो ब्राह्मणा जाता उरसः क्षत्रियास्तथा ।
ऊरुभ्यां जज्ञिरे वैश्याः पद्भ्यां शूद्रा इति श्रुतिः ।।

महाभारत शान्तिपर्व ४०।६० मा भनिएको छ–

ब्रह्मवक्त्रं भुजौ क्षत्रं कृत्स्नभूरुदरं विशः ।
पादौ यस्याऽऽश्रिताः शूद्रास्तस्मै वर्णात्मने नमः ।।

'हे चतुर्वर्णस्वरूप ईश्वर ! ब्राह्मण तपाईंका मुख, क्षत्रिय बाहु, वैश्य ऊरु र उदर, शूद्रहरू तपाईंका पाउ हुन् । यस्ता सर्ववर्णात्मा तपाईलाई नमस्कार छ ।'

श्रीमद्भागवत ११।५।२ मा भनिएको छ–

मुखबाहुरूपादेभ्यः पुरुषस्याश्रमैः सह ।
चत्वारो जज्ञिरे वर्णा गुणैर्विप्रादयः पृथक् ।।

ईश्वरका मुख, भुजा, ऊरु र पाउबाट चार आश्रमहरूका साथ चार वर्णहरू पृथक् भएको कुरा स्पष्ट छ। विष्णुपुराण ३।८।९ मा भनिएको छ-

वर्णाश्रमाचारवता पुरुषेण परः पुमान् ।
विष्णुराराध्यते पन्था नाऽन्यत्तत्तोषकारणम् ।।

अर्थात् 'आफ्नो वर्ण र आश्रमका विहित कर्महरू गर्दै परमपुरुषको आराधना गरिन्छ । तिनलाई सन्तुष्ट पार्ने अर्को कुनै उपाय छैन ।' मनुसंहिता १०।५ मा लेखिएको छ-

अर्थात् सबै वर्णहरूमा समान वर्णका अक्षतयोनि पत्नीहरूबाट जुन सन्ततिको उत्पत्ति हुन्छ त्यसको जाति आफ्नै पिताको जाति हुन्छ । श्रीमद्भागवद्गीतामा भगवान् भन्नुहुन्छ–

अर्थात् गुण र कर्महरूको विभागद्वारा मैले चारैवर्णको सृष्टि गरेको छु। उक्त वचनबाट कतिपय व्यक्तिहरूलाई भ्रान्त धारणाले जेलेको छ । उनीहरू भन्दछन्– गीताको उद्देश्य जन्मानुसार जातिविभाग गर्ने नभएर गुण र कर्मअनुसार जातिविभाग गर्नु हो । तर गीताको उक्त वचनको यसरी व्याख्या गर्नु सरासर भूल नै हुनेछ । एउटा मानिसको गुण ब्राह्मणको जस्तो र कर्म

क्षत्रियको जस्तो भएमा त्यस मानिसलाई ब्राह्मण मान्ने कि क्षत्रिय ? यस कुराको निर्णय गर्न निकै कठिनता हुन जानेछ। अर्को कुरा उक्त मानिसमा गुणपरिवर्तन पनि त हुनु सम्भव छ। एउटा असल मानिस केही समयपछि खराब हुन सक्दछ र खराब मानिस असल हुन सक्तछ। गुण जस्तै कर्ममा पनि परिवर्तन हुन सक्तछ। एउटा त्यो मानिस जो योद्धा क्षत्रियको रूपमा छ त्यसले आफ्नो कर्म त्यागेर कृषि र व्यापार पनि गर्न सक्तछ। यी सब कारणहरूले गर्दा गुण र कर्मअनुसार जाति-निर्णय गर्ने प्रक्रिया ज्यादै जटिल हुन आउँछ। 'मनु-संहिता'-मा लेखिएको छ– जन्मपछि दश या बाह्र दिन बितेपछि नामकरण-संस्कार सम्पन्न गर्नुपर्दछ। ब्राह्मणको नामका पछाडि 'शर्मा' क्षत्रियको 'वर्मा', वैश्यको 'गुप्त' र शूद्रको नामको पछाडि 'दास' शब्दहरू जोड्नुपर्दछ (मनु. २।३२) । यस स्थितिमा जन्मका दश या बाह्र दिनभित्र कसैको पनि गुण र कर्मको विचार गरेर नामकरण गर्नु सम्भव छैन। अतएव स्पष्ट छ- जन्मानुसार नै जाति-व्यवस्थाको निर्णय गर्नु शास्त्रहरूको उद्देश्य हो ।

ब्राह्मण बालकको ८ वर्षमा, क्षत्रियको ११ वर्षमा र वैश्यको १२ वर्षमा उपनयन-संस्कार गर्नुपर्दछ (मनु.२।३६) । ८, ११ र १२ वर्षमा ती बालकहरूको गुण र कर्मलाई विचार गरेर जाति-निर्देश गर्ने कुरा असम्भव कुरा हो । गीता- (४।१३) मा जो गुणकर्मविभागशः शब्दको व्यवहार गरिएको छ, त्यसमा कर्म शब्दको अर्थ कर्तव्य-कर्म हो। गुण शब्दको अर्थ सत्त्व, रज र तमोगुण हो। समस्त वाक्यको अर्थ यो हो- जन्मने वेला, जसमा जति परिमाणमा सत्त्व, रज र तमको स्थिति हुन्छ तदनुसार कर्तव्य-कर्मको विभाग गरेर परमेश्वरले चार वर्णहरूको सृष्टि गरेका छन्। यसै कुरालाई गीता (१८।१४) मा स्पष्ट रूपमा भनिएको छ–

ब्राह्मणक्षत्रियविशां शूद्राणाञ्च परन्तप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ।।

गुणैः कर्माणि विभक्तानि यी तीन शब्दहरूलाई संयोजन गरेर 'गुणकर्म-विभाग' शब्द बन्न गएको छ। समस्त श्लोकको आशय यो हो-ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रको जन्मको समयका जो गुण हुन्छन्, तदनुसार उनीहरूका कर्तव्य-कर्महरूको विभाग गरिएको छ । त्यसपछि ४२–४३–४४ श्लोकहरूमा प्रत्येक वर्णका कर्तव्य-कर्महरूको विभाग गरिएको छ। गीता (४।१३) श्लोकको यस-प्रकार व्याख्या नगरेर 'गुण र कर्मअनुसार जाति-निर्देश गर्नुपर्छ' भन्ने व्याख्या गर्दा शास्त्रमा अनेक ठाउँमा जन्मानुसार जातिका जुन कुरा भनिएका छन् तीसित विरोध हुन जानेछ।

केही मानिसहरू भन्छन्-जातिविभागले समाजमा भेदभावको सृष्टि गरेको छ, सबैको एउटै जाति भइदिएको भए बढी एकता हुन्थ्यो। यस्तो भन्नु भूल हो। एक भारी परालेलाई एउटा डोरीले बाँधा त्यसमा जुन एकता हुन्छ, त्यसभन्दा बढी एकता अलग-अलग मुठ्ठा बनाई पुनः ती सबै मुठालाई डोरीले बाँधा हुन्छ। ब्राह्मण आदि चार जातिहरूलाई समाजका मुख, हात, तिघ्रा र पाउका रूपमा निर्देश गरेर समस्त जातिहरूमा एकताको भावनाको सुप्रतिष्ठा गरिएको छ। जसरी मनुष्य शरीरमा मुख, हात र पाउहरू भिन्न-भिन्न कर्म-सम्पादन गरेर पनि सम्पूर्ण शरीर वा शरीरको

कल्याण गर्दछन् त्यस्तै समाजका अन्तर्गत रहेका विभिन्न जातिहरू भिन्न-भिन्न कर्मद्वारा समाजको नै कल्याण-साधन गर्दछन् । पाश्चात्य देशहरूमा धनी र गरीबाका बीचमा आरम्भकालदेखि नै तीव्र विद्वेष र विरोधको भावना रहेको पाइन्छ । हिन्दू-समाजका विभिन्न वर्गहरूमा त्यस किसिमको विरोध कहिल्यै पनि भएन । हामीलाई थाहा भएकै कुरा हो- पाश्चात्य समाजमा धनी र गरीब सँगै बसेर खानपान गर्दैनन् । हिन्दूसमाजमा हेर्ने हो भने लखपति ब्राह्मण र गरीब ब्राह्मण दुवैको भोजन एउटै पंक्तिमा हुन्छ । जन्मानुसार जातिविभाग अनिष्टकर छैन प्रत्युत परमकल्याणप्रद छ । धनअनुसार गरिने पंक्तिभेद अत्यन्त अनिष्टकर छ । स्वभावतः कङ्गाल मानिस धनीप्रति ईर्ष्याभाव राख्दछ, जन्मानुसार जातिविभाग मान्दा धनीप्रति कङ्गालको ईर्ष्याभाव रहँदैन, किनकि निम्न वर्णकाहरू त्यसबेला विचार गर्दछन्- ब्राह्मण हुनु, पूर्वजन्मकृत कर्म-अनुसार नै हो । जो ब्राह्मण छन् उनीहरूले पूर्वजन्ममा राम्रा कर्म गरेका थिए; अब मैले पनि त्यस स्थितिलाई प्राप्त गर्न राम्रा कर्महरू गर्नुपर्दछ ।' अतएव निम्न वर्णका मनुष्य उच्च वर्णका मनुष्यप्रति विद्वेषको भावना राख्दैनन् । 303

केही मानिसहरूको विचार छ- ब्राह्मणहरूले आफ्नो सुख र सुविधाका लागि जातिभेदको व्यवस्था गरेका हुन् । तर विचारणीय कुरा यो छ- जुन कार्यबाट बढी धनसंग्रह हुन्छ त्यो वाणिज्य-कार्य वैश्यलाई सुम्पिएको छ । जुन कार्यद्वारा अरूमाथि प्रभुत्व जमाइन्छ त्यो कार्य क्षत्रियलाई दिइएको छ । ब्राह्मणको जीविका पौरोहित्य र अध्यापनकार्यबाट चलाउने व्यवस्था भएको छ, तर त्यसबाट अधिक धनको प्राप्ति सम्भव छैन । अतएव यो जातिभेद ब्राह्मणहरूको स्वार्थसिद्धिका लागि बनेको हैन ।

अचेल धेरैजसो मानिसहरूको भनाइ छ- शूद्रहरूलाई मन्दिरभित्र पस्न नदिनु ठूलो अन्याय हो । तर यस्ता कुरा आधुनिक पाश्चात्य शिक्षा पाउनेहरू मात्र भन्न सक्दछन् । तर यो व्यवस्था अति प्राचीन व्यवस्था हो । शङ्कराचार्य, रामानुजाचार्य, श्रीचैतन्य महाप्रभु आदि कुनै पनि महापुरुष-हरूले यस व्यवस्थाको निन्दा गरेका छैनन् । श्रीचैतन्य महाप्रभुका एक प्रधान भक्त, 'हरिदास' यवन-वंशमा पैदा भएका थिए । उनी पुरीमा श्रीजगन्नाथ-मन्दिरको समीपमा जाँदैनथे । उनी भन्ने गर्थे- यदि जगन्नाथजीका सेवक ब्राह्मणसँग मेरो स्पर्श भयो भने मलाई ठूलो अपराध लाग्नेछ । उनको भनाइ थियो- मर्यादाको पालन साधुका लागि भूषण हो । मर्यादाको उल्लङ्घन गर्नाले मानिसहरू उपहास गर्छन् र इहलोक र परलोक दुवैको विनाश हुन्छ । छान्दोग्योपनिषद् (५।१०।७)-मा भनिएको छ- जो मानिस अतिशय नीच कर्म गर्दछन् ती मानिस नै चाण्डाल आदि नीच योनिमा जन्म लिन्छन् । त्यसै कारणले तिनीहरूको शरीर अपवित्र हुन्छ । तिनीहरूलाई मन्दिरमा प्रवेश गर्न नदिनुको मूल कारण पनि यही हो । यसै कुरालाई परमहंस श्रीरामकृष्णले एउटा दृष्टान्तद्वारा स्पष्ट गरेका छन्- मानौं, एउटा घरमा कुनै उत्सव छ । त्यहाँ पुलाउ आदि स्वादिष्ठ र गरिष्ठ वस्तुहरू पकाइएका छन् । आमा आफ्नो स्वस्थ छोरालाई सबै कुरा खान दिन्छिन् तर रोगी छोरालाई गरिष्ठ कुराहरू खान दिन्न, हलुका कुरा दिन्छिन् । यसबाट स्वस्थ छोरालाई माया गर्छिन् र रोगी छोरालाई उनी माया गर्दिनन् भन्ने अर्थ लाउनु मूर्खता हुनेछ । गरिष्ठ कुरा खानाले रोगी छोराको शरीर झन् अस्वस्थ हुने भयले उनले

त्यसो गरेकी हुन्छिन् जो मानिस मन्दिरमा प्रवेश गर्छ उसलाई पुण्य नै हुन्छ र जसले वेद पढ्छ त्यसलाई ज्ञान नै हुन्छ भन्ने अर्थ लगाउनु भारी भूल हुन जानेछ । कसलाई कुन कर्म पुण्यजनक छ र कुन कर्म पापजनक छ, यो कुरा शास्त्रका वचनहरूबाट नै जान्न सकिन्छ । शास्त्र जसलाई मन्दिर-प्रवेशको अनुमति दिन्छ त्यसलाई मन्दिर-प्रवेशबाट पुण्य प्राप्त हुन्छ, किन्तु जसलाई शास्त्र मन्दिर-प्रवेशको अनुमति दिंदैन त्यसलाई त्यसबाट पाप नै हुन्छ । शूद्रका लागि वेदाध्ययन निषिद्ध गर्नुको यही कारण हो ।

(यसै शास्त्रविधान-नियमानुसार हामी नित्य अनेक व्यावहारिक र राजनीतिक कर्तव्य-कर्म सहर्ष गर्दछौं । परन्तु धार्मिक विधानअनुसार कार्य गर्ने सन्दर्भमा हाम्रा मनमा अनेक प्रकारका कुतर्क आउँछन्, किन ? यो कुरा हामीलाई कसले सिकायो ? स्वयं विचार गर !) ३०४

चाण्डाल आदि जातिहरूका लागि मन्दिर-प्रवेष निषिद्ध भए तापनि उनका निमित्त भगवत्प्राप्तिको ढोका खुला छ । रोगीका लागि हलुका पथ्य भोजन जस्तै सरल र सुगम पनि छ । यसकारण अरूका भ्रान्त धारणाको अनुसरण गरेर त्यस सरल मार्गलाई किन तिरस्कार गर्ने ? आफै विचार गर ! –ती शूद्रहरू माता-पिताको सेवा गर्दै पापमार्गबाट टाढा रही सदा ईश्वरको नाम जपेर ईश्वरको प्राप्ति गर्न सक्तछन् । यस विषयमा महाभारत वनपर्व- (अ. २०४)- को धर्मव्याधको उपाख्यान द्रष्टव्य छ । हरिदास, रसखान आदि भक्तहरूले मन्दिरमा प्रवेश गरेनन्, यसकारण उनीहरूले ईश्वरप्राप्ति गर्न सकेनन्– यो धारणा राख्नु सरासर भूल हुनेछ । उनीहरूले सदा भक्तिभावले प्रभुको नाम जपे र सिद्धि प्राप्त गरे ।

केही व्यक्तिहरू भन्दछन्– हिन्दूहरूमा जातिभेद भएकोले मुसलमान र अंग्रेजसँग हार्नुपऱ्यो । तर यस्तो सोच्नु भूल हो । यो कालचक्र निरन्तर कहिले तल र कहिले माथि भएर चलिरहन्छ । यसमा कसैको दोष छैन । त्यसबेला मुस्लिमहरूले भारतका केही भाग मात्र होइन एक प्रकारले दुनियाँमा नै दिग्विजय गरेका थिए । उनीहरूले मोहम्मद साहबको मृत्युको ६ वर्षपछि मिश्र र सिरियालाई जिते । फारसलाई १० वर्षभित्रमा, स्पेन र अफ्रिकालाई एक-एक वर्षमा र तुर्किस्तान-लाई आठ वर्षभित्रमा आफ्नो पूर्ण अधिकारमा लिए, तर उनीहरू भारतवर्षलाई सम्पूर्णतया जित्न ३०० वर्षसम्म दृढ प्रयत्न गर्दा पनि सफल हुन सकेनन् । सर्वप्रथम सन् ६६४ मा अरबका मुस्लिम-हरूले भारतमा आक्रमण गरेका थिए । त्यसको ५२९ वर्षपछि शहाबुद्दीन गोरीले उत्तर-भारतमा अधिकार जमाएको थियो । अरब, तुर्क र पठानहरूको लगातार आक्रमण र प्रयासबाट साढे पाँचसय वर्षमा भारतको आंशिक स्वतन्त्रता लुप्त भएको थियो । नेपाल त सदा स्वतन्त्र नै रह्यो ।

अतएव सिद्ध हुन्छ– अरू जातिको अपेक्षा हिन्दू जातिले मुसलमानी आक्रमणहरूको डटेर मुकाबिला गऱ्यो र उनीहरूका अनेक आक्रमणहरूमा धेरै पटक बाधा पुऱ्यायो । हिन्दूहरूमा जातिभेद भएकाले हिन्दूहरूले सहज नै हार खानुपऱ्यो भन्नु भूल हो । त्यसको मट्टा

यो भन्न सकिन्छ– हिन्दूहरूमा जाति-भेद हुनाले नै हिन्दूहरू मुस्लिम आक्रमणहरूमा डटेर मुकाबिला गर्दै उनका आक्रमणहरूमा अनेक बाधा खडा गर्न सक्षम भए । छत्रपति शिवाजी, महाराणा प्रताप, दुर्गादास राठौर, रावल बप्पा आदिको इतिहास यस तथ्यको साक्षी छ ।

के तिमीले कहिल्यै अनुभव गरेका छैनौ ? आज पनि एउटा राजपूत (ठकुरी)- को बच्चाले छाती फुकाएर 'म ठकुरी हुँ' भन्दा उसको कद ६ इन्च बढ्दछ । वस्तुतः हिन्दू-जातिको राजनीतिक इतिहास अरू जातिहरूको राजनीतिक इतिहासभन्दा अधिक गौरवशाली छ । वैदिक युगदेखि ११९४ इ. सम्म यस जातिले आफ्नो स्वतन्त्रताको पूर्ण रक्षा गरेको थियो । सम्पूर्ण पृथ्वीमा यस जातिकै आधिपत्य थियो । यस जातिका अनेक चक्रवर्ती सम्राट्हरूले यहाँ आफ्नो कीर्तिपताका स्थापित गरेर गए । यसपछि कालचक्रको हेरफेरले गर्दा अफगानहरूको अधीनतालाई सकार्नुपऱ्यो । तीन सय वर्षको पठानराज्यपछि हिन्दूजातिको पुनरुत्थान भयो । बाबरले जब भारतमा आक्रमण गऱ्यो, त्यसबेला उसले अनायास नै इब्राहीम लोदीलाई परास्त गऱ्यो । परन्तु संग्रामसिंहसित युद्ध गर्नुभन्दा पहिले बाबर निकै भयभीत भएको थियो । कति रातसम्म जागा रहेर उसले ईश्वरसँग प्रार्थना गर्नुपऱ्यो । २०० वर्षसम्मको मुगल-शासनपछि हिन्दूजाति पुनः प्रबल शक्तिले सम्पन्न बन्यो । मराठा र सिखहरूले मुगल-साम्राज्यलाई चूर्ण-चूर्ण पारे । त्यसपछि कालचक्रको विधानअनुसार २०० वर्षसम्म हिन्दूजातिलाई अंग्रेजको अधीन हुनुपऱ्यो । तर तिनीहरूले पनि आखिर परास्त भएर भारत छाडेर जानुपऱ्यो । हिन्दू-जातिको उक्त इतिहाससँग इङ्गल्याण्डको इतिहासको तुलना गरौं ।

यस विषयमा कर्नल टोड- (Col. Tod) ले आफ्नो पुस्तक Annals of Mewar Chapter V मा लेखेका छन्–

"राजपूत जस्तो असाधारण चरित्रको जाति बाहेक यस संसारमा अर्को कुन जाति छ जुन अनेक शताब्दीसम्म भारी अत्याचारहरू हुँदा पनि आफ्नो सभ्यता, पूर्वजहरूको विचारधारा तथा आचारको रक्षा गर्नमा समर्थ भयो ? ब्रिटिशहरूले जसरी रोमनहरूको अधीनता स्वीकार गर्नुपऱ्यो, तिनीहरूले आफ्ना उपवन, पुरोहित, 'बल' देवताको वेदीहरूको रक्षा गर्न असफल चेष्टा नै गर्नुपऱ्यो, त्यसरी नै तिनीहरू साक्सनहरूको अधीनमा परे । पछि उनीहरूलाई 'डेन' जातिको अधीनमा रहनुपऱ्यो । त्यसरी उक्त सबै जातिहरू मिलेर 'नरमन'-हरूको वशवर्ती हुन पुगे । एक-एक युद्धमा एक-एक राज्य ध्वस्त र प्रतिष्ठित हुने प्रक्रिया त्यहाँ जारी रह्यो । विजित जातिका धर्म र व्यवहारहरू विजेता जातिका धर्म र व्यवहारमा विलीन भए । यो इतिहासभन्दा राजपूतहरूको इतिहास कति भिन्न छ ! यद्यपि राजपूत- (ठकुरी)- हरूले धेरैजसो भू-भाग गुमाउनुपऱ्यो, तर उनीहरूले आफ्नो धर्म र आचारमा रत्ती पनि आँच आउन दिएनन् ।"

वास्तवमा कुनै पनि व्यक्तिको वृत्ति–विशेषको उपयुक्तता प्रधानतया दुई कुरामा भर पर्दछ– पहिलो 'जन्मगत संस्कार' र दोस्रो 'पारिपार्श्विक अवस्था ।' यी

दुई कुराले नै उसलाई पैतृक वृत्तिका लागि उपयोगी तुल्याउँछन् । ब्राह्मणको पुत्र पिता जस्तै धीर शान्त स्वभाव र धर्मपरायण बनोस्– यो सम्भव छ, किनकि उसले बाल्यावस्थादेखि नै पितालाई शास्त्रचर्चा र क्रियाकर्ममा संलग्न देखिरहेको हुन्छ । यसकारण ब्राह्मणकालमा उक्त कर्मसम्पादन गर्ने प्रवृत्ति र उपयुक्तताको जग बसेको हुन्छ । क्षत्रियको पुत्र स्वभावतः शक्तिशाली हुन्छ । बाल्यकाल-देखि नै उसले लडाइँका कुराहरू र शूरता र वीरताका कथाहरू सुनेको हुन्छ । त्यसपछि उसको मनमा पनि उक्त प्रकारका वीरतापूर्ण कार्य गर्ने आग्रह स्वतः उत्पन्न हुन्छ । जुलाहाका पुत्रले बालक-कालदेखि नै चर्खा र कर्घासित परिचय पाएको हुन्छ । आफ्ना बाबुसित बसेर चर्खा र कर्घाको शिक्षा प्राप्त गर्नु उसका लागि सरल र सहज हुन्छ । जन्मगत वृत्तिको व्यवस्था भएमा जातिका अधिकांश मानिसहरूलाई समाजोपयोगी कुनै वृत्तिमा कुशल बनाउन सजिलो हुन्छ । उसका लागि आरम्भिक कालदेखि नै भिन्न रूपमा weaving school, technical school, industrial school आदि व्ययसाध्य संस्थाहरूको कुनै आवश्यकता नै रहँदैन । जन्मगत वृत्तिको फलस्वरूप नै हिन्दू-समाजमा प्राचीन कालमा नाना प्रकारका कला र शिल्पको उन्नति भएको थियो, यस कुरामा कुनै सन्देह छैन । हिन्दू-समाजले बनाएजस्ता अत्यन्त मिहिन सूती वस्त्र संसारमा अन्यत्र बन्दैनथे । संसारमा सर्वत्र ती वस्तुहरूको आदर गरिन्थ्यो । हिन्दू-शिल्पकला सर्वत्र प्रसिद्ध थियो । काँस, पितल तथा हात्ती-दाँतबाट बनेका नाना थरीका दर्शनीय वस्तु यहाँ प्रचुर मात्रामा उत्पादित हुन्थे र अन्य देशहरूमा बिक्ने गर्दथे । कुनै मनीषीले सही भनेका छन्– "जातिभेदको प्रथा प्रचलित हुनाले हिन्दू-समाजका सम्पूर्ण शिल्पहरू प्राचीन कालदेखि नै परम उन्नतिमा पुगेका थिए र सम्पूर्ण संसारमा उनको तुलनाका लागि कुनै कुरा छैन ।"

एलोरा, कोणार्क, भुवनेश्वर, रामेश्वर र मीनाक्षी आदि भारतवर्षका असंख्य मन्दिर-हरूको रचना-कौशल र शिल्परचनाको सौन्दर्य तथा अजन्ताका गुफाहरूका चित्रहरू पृथ्वीका कुना-कुनाका दर्शकहरूको चित्तलाई आकृष्ट गर्दछन् । जन्मगत वृत्तिको व्यवस्थाले गर्दा नै यस प्रकारको उन्नति सम्भव भएको हो ।

कुनै कुनै सङ्कीर्ण मनोवृत्तिका पाश्चात्य विद्वान्हरूले हिन्दूहरूको जातिभेद अथवा वर्णा-श्रमधर्मको निन्दा पनि गरेका छन्, तर धेरैजसो पाश्चात्य विद्वान्हरूले उक्त व्यवस्थाको प्रचुर प्रशंसा गरेका छन् । हिन्दू-धर्मका सच्चा हितैषी सर हेनरी कटन– (Sir Henry cotton) ले लेखेका छन्– "The caste system of India, far from being the source of all troubles of which can be traced in Hindu society has rendered the most important service in the past and still continues to sustain order and solidarity."

श्री सिड्नी लो (Sydney Low) लेख्तछन्– "There is no doubt that the caste-system is the main cause of the fundamental stability and contentment

by which Hindu society has been braced for centuries against the shocks of politics and at calactysms of nature."

श्रीमती एनी बेसेन्ट (Dr. Annie Besant) लेख्छन्-- "It is not well to destroy the stately edifice built by the Rishis which has weathered many a storm and given safe shelter to a muriad generations Chaldea, Persia, Egypt, Greece and Rome have perished– mighty as once they were. India which was their contemporary has out lived them all and this marvellous endurance, while primarily due to her pro-found spirituality, is partly due also to the stability given her by her caste system."

श्री अब्ब डुब्बा (Abbe Dubois) लेख्तछन्-- "It is simply and solely due to the distribution of the people into castes that India did not lapse into a state of barbarism and that she reserved and perfected the art of science of civilization. While most other peoples of the earth remainend in a state of barbarism."

श्री मेरेडिथ टाउनसेन्ड (Meredith Townsend)– "I firmly believe caste to be a marvellous discovery, a form of socialism which through ages has protected Hindu society from the worst evils of industrial and competetive life, it is an automatic poor law to begin with, and the strongest form of trade unian"– (Asia and Europe).

सर जोन उडरोफ (Sir John Woodroffe) लेख्तछन्-- "Cast system is democratic in the true sence of the term, it insists on the spiritual equality of all men".

सर जर्ज बर्डउड (Sir George Birdwood) लेख्तछन्-- "Such an ideal social order we should have held impossible of realization, but that it continues to exist and to efford us, in the living results of daily operation in India, a proof of the superiority in so many unsuspected ways, of the hierarch civilization antiquity over the secular joyless and self destructive mordern civilisation."

यद्यपि पाश्चात्य विद्वान्हरूको अनुमति वस्तुतः हाम्रो धर्मको विषयमा खास महत्त्व राख्दैन, तापनि हाम्रा युवावर्गको झुकाव धेरैजसो पाश्चात्य सभ्यतातर्फ भएकोले केही विदेशी विद्वान्हरूका सम्मति उद्धत गरिएका छन् । परसंस्कृति र परसभ्यताप्रति झुकाव हुनुमा कारण आफ्ना संस्कृति र सभ्यताको अनभिज्ञता नै हो ।

प्राचीन समयमा जब वर्णाश्रम-व्यवस्था सुप्रतिष्ठित थियो, त्यसबेला देशमा सुख, शान्ति र समृद्धि विद्यमान थियो। रामायण, महाभारतबाट र मेगास्थनीज, फाहियान र हुएन

साङ्ग जस्ता विदेशी पर्यटकहरूका लिखित वृत्तान्तबाट यो कुरा स्पष्ट हुन्छ– हाम्रो देश बाहेक कुनै पनि देशमा यस्तो सुखमय शान्ति थिएन । गीता (अ. ३।२४) मा भगवान्ले भन्नु-भएको छ– सङ्करस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ।

यसबाट स्पष्ट हुन्छ– वर्णसङ्कर (जातिप्रथा नरहने) हुनाले समाज नष्ट हुन्छ । विगत दुई विश्वयुद्धहरूमा पाश्चात्य जातिहरूले व्यापक रूपमा जसरी नरहत्या र लूटपाट गरे, त्यसबाट पाश्चात्य सभ्यता र पाश्चात्य दुर्नीति बुझ्न गाह्रो हुँदैन । यसै कारण अनेक पाश्चात्य विद्वान् हिन्दू-संस्कृतिको मूल तत्त्व र मर्म जान्न उत्सुक भएका छन् । श्रीचैतन्य महा-प्रभु र श्रीरामकृष्ण परमहंस जस्ता महापुरुषहरूले जातिभेदका समस्त नियमहरूको पालना गरेका थिए । एउटा मानिसले यदि अर्को मानिसको स्पर्शलाई निषेध गर्दछ भने त्यसको यो अर्थ हैन कि ऊ उसलाई घृणा गर्दछ । रजस्वला आमालाई उनकै छोराले स्पर्श गर्दैन । यसको अभिप्राय यो हैन कि ऊ आफ्नी आमालाई घृणा गर्दछ कोही यो युक्ति दिन्छन् – सँगै खानाले वा अन्तर्जातीय विवाह गर्नाले प्रेमभाव बढ्दछ । तर यो कुरा प्रायः देखिएको छैन । अंग्रेज र जर्मन जातिका अन्त-र्विवाह र सहभोज स्वतन्त्रतापूर्वक प्रचलित थियो, तथापि विश्वयुद्धहरूको समयमा उनीहरूमा तीव्र विद्वेष भएको थियो । किन ?

समाज समृद्ध बनोस्, समाजका विभिन्न वर्गमा पारस्परिक प्रेमको बन्धन स्थापित होस्, सबै सामाजिकहरू शान्तिपूर्ण र पावन जीवन यापन गर्दै धर्मसञ्चयको माध्यमबाट पारलौकिक कल्याण-साधनमा सक्षम बन्न सकून्, वर्णाश्रम व्यवस्थाको वा जातिभेदको उद्देश्य यही हो । उक्त उद्देश्यहरूको सिद्धिका लागि जातिभेद या वर्ण-व्यवस्था अत्यन्त उत्कृष्ट व्यवस्था हो । वर्णाश्रम-व्यवस्था विश्वको सर्वोत्कृष्ट व्यवस्था हो किनकि यो मनुष्य-निर्मित व्यवस्था नभएर ईश्वर-निर्मित व्यवस्था हो । वेद, उपनिषद्, रामायण, महाभारत, गीता र श्रीमद्भागवत आदि सम्पूर्ण धर्मग्रन्थले यस तथ्यलाई प्रतिपादन गरेका छन् । केही दिनदेखि हिन्दूहरूमा वर्णाश्रम-व्यवस्था वा जातिभेदका विरुद्ध आन्दोलन चलिरहेका छन् । वर्णाश्रम-व्यवस्था र हिन्दूधर्मको यति घनिष्ठ सम्ब-न्ध छ कि वर्णाश्रम-व्यवस्था नष्ट भएमा हिन्दूधर्म पनि नष्टप्राय हुनेछ । अतएव धर्महीन समाजमा जे-जस्ता र जति अनिष्टहरू हुन सक्तछन् ती सारा अनिष्टलाई त्यस स्थितिमा हिन्दूजातिले खप्नु-पर्नेछ । पाश्चात्य शिक्षाको प्रभावले हाम्रा युवावर्गमा जे-जति धर्मको ग्लानि आज भएकोछ, त्यसले गर्दा सबैलाई आफ्नो वर्णविहित कर्मसम्पादन गर्न निकै कठिनता भइरहेको छ । यस स्थितिमा पनि यथासम्भव र यथाशक्य वर्णविहित कर्तव्य कर्म गर्दै सदाचारको रक्षा गर्नु र असवर्ण विवाहबाट जोगिनु प्रत्येक हिन्दूको परम कर्तव्य हो ।

ऋषिहरूले वर्णाश्रम-धर्मको स्थापना आचारको दृढताका लागि नै गरेका हुन् । व्यक्तिगत जीवनचर्याको निरुपाधिक अनुसरणका लागि सामाजिक सङ्गठनको आवश्यकता हुन्छ । यसै

उसले आध्यात्मिक विज्ञानको शैली-अनुसार दृढतापूर्वक आचार-व्यवस्था प्रतिष्ठापित गर्न वर्णाश्रम-धर्म अनिवार्य र अपरिहार्य छ ।

सुसङ्गठित व्यवस्थाको जुनसुकै अङ्गलाई हेरौं त्यहाँ वर्गीकरण (Classifications) नै दृष्टिगोचर हुनेछन् किनकि प्राकृतिक नियमानुसार विनावर्गीकरण विकासको रत्ती पनि प्रगति र उन्नति हुन सक्तैन ।

पाश्चात्य राज्यव्यवस्था, शिक्षा-व्यवस्था, विज्ञान-व्यवस्था र अन्वेषण-व्यवस्था आदि जहाँसुकै हेरौं त्यहाँ निम्न श्रेणीदेखि लिएर उच्च श्रेणीसम्म वर्गीकरण नै देखिनेछन् । यो ध्रुव सत्य हो– प्राकृतिक नियमविरुद्ध कुनै पनि व्यवस्था एकछिन पनि टिक्न सक्तैन । आर्य ऋषिहरूले यसै कारण स्थूल शरीरलाई महत्त्व नदिएर आध्यात्मिक दृष्टिकोणले वर्णाश्रम--व्यवस्थालाई यथाक्रम निर्धारित गरेर आचारलाई सुरक्षित राखे । अब यदि वर्तमान अदूरदर्शी सुधारवादी मानिसहरू वर्णाश्रम-धर्मलाई आध्यात्मिक दृष्टिकोणले नदेखेर अर्कै दृष्टिकोणले हेर्दछन् भने सम्भव छ– उनीहरूका आँखाले वर्णाश्रम-व्यवस्थालाई आफ्नो कल्याणमय स्वरूपमा देख्न नसक्लान् । उत्ता-उलोपनले यदि वर्णाश्रम-धर्मलाई नै निर्मूल गर्ने चेष्टा कोही गर्दछ भने सदाचार पनि नष्टभ्रष्ट भएर जानेछ र भावी सन्ततिको अशलता ओइलाएर जानेछ । यसको परिणाम दुःखदायी नै हुनेछ । वर्तमान सुधारवादी मानिसहरूमा कुनै पनि त्यस्तो दिव्य प्रज्ञासम्पन्न महापुरुष दृष्टिगोचर छैन जो वर्णाश्रम-धर्म जस्तो प्रकृत, गम्भीर, वैज्ञानिक र सामाजिक व्यवस्थालाई भङ्ग गरेर इहलोक र परलोक डुबेका लागि योभन्दा पनि श्रेष्ठ कल्याणप्रद कुनै सामाजिक व्यवस्था लिएर अगाडि बढ्नसकोस् । के कुनै पनि सुधारवादी महाशयले ईमानदारीसाथ आफ्नो छातीमा हात राखेर भविष्यमाथि प्रत्यक्ष दृष्टि राख्दै निश्चयपूर्वक भन्न सक्तछ–यस प्राचीन अध्यात्मविज्ञानद्वारा सुव्यवस्थित वर्णाश्रम-धर्म-व्यवस्थालाई तोडिदिनाले आर्य-सन्ततिलाई भविष्यमा कल्याणको मार्ग खुल्नेछ ? तर पृथ्वी पल्टे पनि यो कुरा हुन सक्तैन । हाम्रो विचारमा त तो मानिसहरूले आफ्ना भूलले लज्जित भएर आफै आर्य ऋषिहरूसँग क्षमा माग्नुपर्दछ, किनकि जुन वर्णाश्रम-धर्ममा केवल निर्वाणसुखलाई लक्ष्य गरेर व्यष्टि अन्तःकरणलाई श्रेणी भेदले विभक्त गर्दै सरल सोपानहरू प्रस्तुत गरिएका छन्, त्यस एकमात्र अवलम्बनलाई तोडेर क्याँक्दा भावी सन्ततिको के गति होला, यस तथ्यलाई विवेकशील पुरुषहरू आफै बुझ्न सक्नेछन् । आध्यात्मिक विज्ञान मात्र यस्तो वस्तु हो, जुन प्रत्येक स्थिति, प्रत्येक युग र प्रत्येक समाजका लागि कल्याणप्रद र अविचल-स्थिर हुन सक्तछ । प्राचीन युनान-युग, रोमन युग, मिश्र-युग आदि विदेशका ठूला-ठूला आधिभौतिक बबन्डरहरूमा आधृत व्यवस्थाहरूको त आज नामनिशान पनि छैन । ठूलो वेगले आँधी उठ्यो, तर तुरुन्तै आँखाबाट अदृश्य भयो । बाह्यतः प्रगतिशील आधुनिक पाश्चात्य देशहरूतिर दृष्टिपात गर्नुस्, आजका प्रशंसित, सुघोषित प्रगतिशील भनाउँदा व्यवस्था भोलि नै किन निन्दित, गर्हित, पददलित र तिरष्कृत भएर उन्मूलन गरिंदै छन् ? कारण यही हो– ती व्यवस्थाहरू आर्ष अध्यात्मविज्ञानको मूलमा अवलम्बित नभएर जडविज्ञान-व्यवस्थाको मूलमा अवलम्बित छन् । मानिस चेतनशील

प्राणी हो । ऊ शान्ति चाहन्छ, सुख हैन । भौतिकवादले उसलाई सुखका प्रलोभनहरूमा केही कालसम्म भुलाउन सक्तछ, तर शान्ति-दान गर्न सक्तैन । शान्तिको शुद्ध भण्डार त अध्यात्मवादसँग मात्र छ । मानिसलाई अन्तमा विवश भएर अनेक हन्डर खाएपछि अध्यात्मकै शरणमा आउनु-पर्दछ । वस्तुतः अर्को कुनै बाटो नै छैन, जसको आधारमा जन्म-जन्मान्तरको आन्तरिक पिपासा शान्त हुन सकोस्– शान्त हृदयले दुराग्रहरहित भएर स्वयं नै विचार गर ।

वर्णाश्रम-धर्मको सम्बन्धमा सबभन्दा ठूलो आरोप अस्पृश्यतालाई लिएर गरिन्छ । त्यस सम्बन्धमा, तिम्रो इच्छानुसार गर, तर त्यसमा कति वैज्ञानिक तथ्य लुकेको छ यस कुरालाई राम्ररी जान्नुपर्दछ । यो कुरा राम्ररी बुझ्नुपर्दछ – अस्पृश्यताको अर्थ घृणा होइन । वर्णाश्रम-धर्मसा घृणाका लागि कुनै ठाउँ छैन । रजस्वला भएकी आमा पनि अस्पृश्या हुन्छिन् भने प्रेतकृत्य सम्पन्न गर्न 'किरिया' बसेका बाबु पनि अस्पृश्य नै हुन्छन् । मृताशौच, जननाशौच र पातकमा सर्वो-त्तम ब्राह्मण र दिग्गज विद्वान् पनि देव र पितृकार्यमा अयोग्य बन्दछन् । अरूको यज्ञसम्पादनको त के कुरा आफै पनि मन्त्रोच्चारणपूर्वक सन्ध्यावन्दनादि गर्न सक्तैनन्, मानसिक सन्ध्या मात्र गर्दछन् । सन्ध्याबान्दन र व्रत-पूजादिमा उपासकहरूलाई अरू मानिसहरू स्पर्श गर्न पाउँदैनन् ।

राजयक्ष्मा, कलेरा, टाइफाइड, प्लेग, कुष्ठरोग र जलसन्त्रास आदि भयङ्कर रोगहरूमा छोरादेखि बाबुलाई पर भाग्नुपर्दछ भने बाबुदेखि छोरालाई पर भाग्नुपर्दछ । संसर्गसम्म गर्नु हुँदैन । के उक्त दृष्टान्तहरूको अर्थ पारस्परिक घृणा हो त ? अस्पृश्यताको मूल कारणले नै स्पर्श गरिँदैन, घृणा त्यसको कारण होइन । प्रेम, श्रद्धा, भक्ति, करुणा र दया हुँदा-हुँदै पनि विवेकशील पुरुषहरूले र परिणामदर्शी बुद्धिमान् मानिसहरू अस्पृश्यताको मूल कारणलाई जानेर त्यसबाट जोगिने प्रयास गर्दछन् ।

निरपेक्ष बुद्धिबाट विचार गर्ने हो भने अस्पृश्यताको व्यवस्थामा पनि वैज्ञानिक रहस्य लुके-को छ । सम्भवतः त्यस कुरालाई लाटा-सुधा सुधारवादीको दिमागले भेट्न सक्तैन । तिमीलाई थाहा होला– विज्ञानको प्रत्येक शाखामा यस्तो वर्गीकरण देखिन्छ । यदि कुनै समूहलाई शेष समूह-बाट छुट्याएर भिन्दै राखिदैन भने सबै नै नष्ट हुन्छन् । अध्यात्मविज्ञानमा जुन मानिसहरूले केही उन्नत स्थितिको लाभ गरेका छन् उनीहरू प्रत्यक्ष अनुभव गर्दछन्–प्रत्येक मानिसबाट सूक्ष्म, प्रकाशमय परमाणुहरू निरन्तर निःसृत हुन्छन् । त्यसलाई वैज्ञानिक भाषामा औरा (Aura) अर्थात् ओज भन्दछन् । ती परमाणुहरू परस्पर एक-अर्कालाई प्रभावित गर्दछन् । व्यक्तिगत तत्त्व-अनुसार ती परमाणु वा ओजहरू सात्त्विक, राजसिक र तामसिक हुने गर्छन् । तिनका आ-आफ्ना रूप र रङ्ग पनि हुने गर्छन् । जसरी उच्च स्थल- (High Pressure) -बाट निम्नतर स्थान-(Low Pressure)-तर्फ पानी स्वयं नै प्रवाहित हुन्छ, त्यसरी नै वातावरणमा तामसिक परमाणुहरू आउनाले मनुष्यहरूका मस्तिष्कमा प्रतिकूल प्रभाव पर्दछ । फलस्वरूप ती उन्नति स्थितिबाट अव-नत स्थितिमा प्राप्त हुन्छन् । यस्ता धेरै उदाहरणहरू प्रत्यक्ष रूपमा देखा परेका छन् । आधुनिक

जडविज्ञानका कतिपय प्रख्यात पण्डितहरूले पनि निरन्तर अन्वेषणपछि उक्त प्राचिन ऋषिदृष्ट आर्ष तथ्यलाई स्वीकार गरे । कुसङ्गतिमा परेर यथार्थबाट वञ्चित बनाले धेरै मानिसहरूको अधः-पतन भइसकेको छ । वास्तवमा जसरी छोइछुतोबाट शारीरिक संक्रामक रोगहरूको संक्रमण हुन्छ ठीक त्यसरी नै मानसिक र बौद्धिक रोगहरू (दुर्व्यसनहरू)-को पनि छोइछुतो- (सङ्गत, सहवास र सहभोजन)- बाट संक्रमण हुन्छ र मनुष्यको अधःपतन हुन्छ । धेरै सम्भव छ- निकट भविष्यमा विज्ञानले त्यस कुरालाई आफ्नो रसायनशालामा सूक्ष्म उपायहरूद्वारा सिद्ध गरेर देखाइ-देला । त्यसबेला 'यो सबै फजूल हो' भनेर धार्मिक सिद्धान्तहरूको उपहास गर्ने लाटा-सोझाले पनि विवश भएर उनीहरूको कुरामा टाउको हल्लाएर स्वीकृति या समर्थन गर्नुपर्नेछ । विवेकहीन समानताको यो अर्थ हुन सक्छ- 'स्कूल-क्याम्पसका सबै कक्षाहरूमा छात्रहरूलाई एकै ठाउँमा राखेर क, ख पढ्न लगाइयोस् । कसैलाई पनि तल-माथि पढ्न नदिएर सबैलाई एकसाथ बढ्ने व्यवस्था मिलाइयोस् । अगाडि पाठ पढाउँदा सबै एकैपटक पढ्ने नियमका आधारमा कार्य-सञ्चा-लन होस् । त्यसबेला बुद्धिमान् छात्रहरूको अवनति हुनेछ । वर्णाश्रमका मर्यादाहरू नरहेमा समाज र जाति अवरोधले हीन जलप्रवाह जस्तै नियममुक्त भएर अवनति र आचारहीनतातर्फ तीव्र गतिले बहेर जानेछ । त्यसबेला मनोमानीसित स्वार्थमूलक आचार मात्र व्यवहारमा ल्याइनेछन् । फल-स्वरूप हिन्दू-समाज पुनः सुसङ्घटित हुन कठिन हुनेछ । वर्णाश्रम-व्यवस्था नष्ट भएमा हिन्दू-समाज सत्यबाट भ्रष्ट हुनेछ । सत्यच्युत भएपछि दैवी सम्पत्ति दुर्बल हुनेछ र अन्ततोगत्वा भ्रष्टाचारको नै वृद्धि हुने कुरा अपरिहार्य हुन आउँछ । त्यसपछि क्रमशः प्राचीन ऋषिहरूद्वारा निर्मित तेजोमय चरम लक्ष्यस्थल निर्वाण-सुखतिर उन्मुख परिपक्व शान्तिमय र आनन्दमय राजमार्ग पनि अदृश्य हुन जानेछ ।

सदा सबैद्वारा स्मरणीय एउटा महत्त्वपूर्ण कुरा हो– सांस्कृतिक स्वाधीनता नै यथार्थ स्वाधीनता हो । स्वाधीनताको अर्थ केवल राजनीतिक स्वतन्त्रता हैन । हिन्दू-समाजले दीर्घकालीन सम्म सांस्कृतिक र धार्मिक स्वतन्त्रतालाई अँगालेको हुँदा यथार्थ रूपमा स्वाधीनतालाई कहिल्यै पनि छाडेन । राजनीतिक स्वाधीनतालाई एकपटक गुमेपछि पुनः कुनै पनि समयमा फर्काउन सकिन्छ, तर धर्म र संस्कृतिलाई गुमाएपछि कुनै पनि जातिको जीवनमा फर्काउने कुरा प्रायः असम्भव हुन्छ । उदाहरणार्थ प्रायः १००० इ. सम्म अफगानिस्तान पूर्णतः हिन्दू-राष्ट्र थियो । गजनीमा यादव क्षत्रिय र ओपोहिन्द- (उद्भाण्डपुर)- मा ब्राह्मण राजाहरू थिए । । सुबुक्तगीनले पहिले कन्धारमाथि विजय गऱ्यो । त्यसको छोरो महमूदद्वारा जयपाल र आनन्दपाल पराजित भए । गौरराज्यको पनि पतन भएपछि त्यहाँ सीमान्तका मानिसहरूलाई बलपूर्वक मुसलमान बनाउन थालियो । फलस्वरूप आज अफगानिस्तानमा ९९ प्रतिशत मुसलमान छन् । उनीहरूलाई राजनीतिक स्वतन्त्रता त प्राप्त छ, तर उनीहरू सबैको वर्णाश्रमको सांस्कृतिक स्वाधीनता गुमिसकेको छ ।

भारतवासी हिन्दूहरू यदि पूर्णतः मुसलमान र पूर्णतः इसाई बने भने राजनीतिक स्वाधीनता प्राप्त गरेको कुनै सार रहन्छ र ?

संसारका अनेक सभ्यताहरूको इतिहासलाई तुलनात्मक रूपले अध्ययन गर्दा ज्ञात हुन्छ – कुनै पनि जातिले निरवच्छिन्न रूपमा स्वाधीनता वा सुख-समृद्धिको उपभोग गर्न पाएको छैन । जस्तै ब्रिटेनमा पहिले रोमनहरूको आधिपत्य थियो । त्यसपछि ब्रिटेन क्रमशः केल्ट, सूट, थाँगल, स्याक्सन र डेन आदि वैदेशिक जातिहरूद्वारा पराजित र पराधीन भएको छ । १०६६ इ. मा प्रकृतितः डेनवंशका फ्रान्सिसी र जर्मनहरूले इङ्गल्यान्डलाई जिते । त्यसपछि तिनीहरूलाई कसैले पनि धपाउन सकेन । त्यस बेलासम्म इङ्गल्यान्डका सबै मानिसहरू इसाई भएका थिएनन् । अष्टम हेनरीको समयसम्म फ्रेन्च भाषा नै इङ्गल्यान्डको राजभाषा थियो । अहिले जर्मन राजवंश ब्रिटेनमा अधिष्ठित छ । क्रमशः विजेता र विजित मिश्रित भएर आज एउटा इसाई जातिमा परिणत भएका छन् । ब्रिटेनमा प्राचीन निवासी र उनीहरूको सभ्यताको दृष्टिकोणले हेर्दा उनीहरूको वास्तविक संस्कृति र सभ्यताको कुनै चिन्ह बाँकी रहेको छैन । ३१२

प्रबल पराक्रमी जर्मनहरू धेरै राज्यमा बाँडिएका थिए । उनीहरूले १८१५ इ. सम्म बीच-बीचमा अस्ट्रिया र फ्रान्सको अधीनता स्वीकार गर्नुपऱ्यो । १८७० इ. मा जर्मन साम्राज्यको स्थापना भयो । १९१८ र १९४५ मा उनीहरूको घोर पराजय भयो । वर्तमान समयमा त्यस देशका अधिकांश भाग विदेशीहरूको प्रभुत्वमा रहेका छन् ।

प्राचीन ग्रीस एउटा अत्यन्त सानो (२४०० वर्गमील) देश थियो । त्यो पनि साना-साना जाति र राज्यहरूमा विभक्त थियो । एथेन्स त्यहाँको सबभन्दा ठूलो नगरराज्य थियो । त्यहाँको जनसंख्या ३ लाखभन्दा धेरै थिएन । त्यहाँ धरैजसो दासहरू थिए । खास नागरिक ५० हजारभन्दा धेरै थिएनन् । ४९० इ. पूर्वदेखि धेरै दिनसम्म ग्रीसअन्तर्गत सिसिली, मकदुनिया (Macedon) सम्पूर्ण ग्रीक द्वीपसमूह तथा एसिया माइनरका ग्रीक उपनिवेश, यी सबै फारसको अन्तर्गत थिए । १९४ इ. पूर्वदेखि १४६ इ. पूर्वसम्ममा ग्रीस देश रोमनहरूको आधिपत्यमा पुग्यो । ग्रीकहरू मारिए र केही दास पनि बनाइए । ३२५ इ. मा 'कस्टिन्टिनेपुल'- मा पूर्व रोमन साम्राज्यको स्थापना हुँदा ग्रीक सभ्यताको नामनिशान मेटिइसकेको थियो । प्राचीन ग्रीक सभ्यताको आयु प्रायः ६ सय वर्ष अथवा हजार वर्षभन्दा धेरै कदापि थिएन । वास्तवमा सिकन्दर ग्रीक थिएन । उसको बाबुको नाम फिलिप थियो जो मेकडोनियम (मदूनियानिवासी) थियो । सिकन्दरले केवल तात्कालिक इरान साम्राज्य अथवा त्यसभन्दा अधिक राज्यमा विजय गरेको थियो । तर त्यसको साम्राज्य १५-२० वर्षभन्दा धेरै टिक्न सकेन । ग्रीस पन्ध्रौं (१४५३ इ.) शताब्दीदेखि उन्नाइसौं शताब्दीसम्म तुर्कहरूको अधीनमा रह्यो । गत महायुद्धमा जर्मनहरूले कतिपय वर्षसम्म ग्रीसलाई आफ्नो अधिकारमा लिएका थिए । प्रबल पराक्रमी रोमन जातिको अभ्युदय र पतन प्रायः ४०० इ. पूर्वदेखि ५०० इ. सम्ममा एकहजार वर्षभित्रै घटित भइसकेका थिए । गथ, विसिगथ, हूण, भाण्डाल आदि जातिहरूले रोमन साम्राज्यलाई तहस-नहस पारे । इसाको छैटौं शताब्दीमा प्राचीन रोमन नामको कुनै चीज बाँकी थिएन । त्यसपछि कैयौं शताब्दीसम्म इटली, फ्रान्सिसी, मुसलमान, अस्ट्रियन आदि अनेक जातिहरूको अधीनमा रह्यो । १८७० इ. मा वर्तमान इटलीले स्वाधीनता प्राप्त गऱ्यो । गत महायुद्धमा इटली मित्रराष्ट्रहरूबाट पूर्णतः पराजित भएको थियो ।

चंगेज खाँ र उसका वंशजहरूले (१२२८-६० इ०) चीनदेखि यूरोप-रूसपर्यन्तमाथि विजय प्राप्त गरे। हालाकू खाँले बगदाद जितेर तात्कालिक खलीफालगायत सम्पूर्ण नगरवासी-हरूको हत्या गऱ्यो। यो मङ्गोल-साम्राज्य पृथ्वीको इतिहासमा सबभन्दा ठूलो साम्राज्य थियो। चंगेज खाँका वंशजहरूले पछि इस्लामधर्म ग्रहण गरे। बाबर चंगेज खाँका दौहित्र-वंशज तैमूरको उत्तराधिकारी थियो। स्पेन र पुर्तगाल पनि प्रायः ७०० वर्षसम्म मुसलमानहरूको (मूरहरूको) अधीनमा रहे।

स्मरणीय छ– उपर्युक्त देशहरूमा धेरै देशहरू क्षेत्रफलमा निकै साना र अत्यन्त थोरै जनसंख्या भएका देश थिए। ब्रिटिश, जर्मन, ग्रीक, रोमन, चीनी, अरबी, रूसी, स्पेनी आदि जातिहरू वर्णाश्रमदेखि बाहिर रहेका जाति हुन्। अफ्रिका, अमेरिका र अस्ट्रेलियामा पनि जन्मगत जाति-भेद कहिल्यै पनि थिएन। जातिभेद नहुँदा पनि यी सम्पूर्ण जातिहरू र अन्य त्यस्तै युद्धलोलुप जातिहरू बारम्बार पराजित भएका छन्। धेरैजसो जातिहरूका सभ्यता र धर्म आज सदाका लागि लुप्त भइसकेका छन्। आज उनीहरूको नाम मात्र इतिहासका पृष्ठहरूमा शेष भएको छ।

नृतत्त्व, पुरातत्व, भूगर्भ आदिका शास्त्रहरू तथा भौगोलिक र ऐतिहासिक नाना थरीका वैज्ञानिक गवेषणाको फलस्वरूप निश्चयपूर्वक प्रमाणित भइसकेको छ र हुँदैछ– पृथ्वीको सृष्टिको समय ६००० वर्षपूर्व (पाश्चात्य मान्यतानुसार) हैन अपितु यो कोटि-कोटि वर्षपूर्वको घटना हो। अन्ततः ४ लाख वर्षपूर्व पनि यस भूखण्डमा मनुष्य जातिको अस्तित्व थियो। इसाई धर्मग्रन्थ Old Testament मा वर्णित सृष्टिरचनाका कुराहरूलाई अब पाश्चात्य लेखकहरूले पनि सन्देहको दृष्टिले हेर्न थालेका छन्। यद्यपि वैदिक सभ्यताको उदय अझ अनेक युगअघि भइसकेको थियो। तथापि पाश्चात्य मतानुसार इ० पू० ४००० देखि यसको प्रारम्भ मानिएको छ। यसको प्रवाह अविच्छिन्न रूपले ६००० वर्षपूर्वदेखि आइरहेको छ। अन्य संस्कृतिहरूमा केवल सुमेरीय संस्कृति मात्र नभएर हिन्डायत, ग्रीक, इटालियन र एत्रस्कन (हिन्डायत वंशकै हुन्), कासाइत मिस्री, इरानी, मेक्सिकन, माया तथा चीन र दक्षिणपूर्व एसियाका अन्यान्य देशहरूको सभ्यतामाथि पनि वैदिक सभ्यताको स्पष्ट प्रभाव देखिन्छ। आधुनिक पाश्चात्य मतानुसार पनि पृथ्वीका समग्र सभ्यताहरूमा वैदिक वर्णाश्रमी सभ्यताले असाधारण र सर्वप्रथम स्थान ओगटेको छ। इस्लामी, इसाई, यूरोपीय, अमेरिकी आदि आधुनिक सभ्यता कति अल्प अवधिका हुन्, यो कुरा राम्ररी जान्नका लागि (Oxford Junior Encyclopedia Vol. I (Ancient Civilization P. 22) हेर्नुपर्दछ। वस्तुतः केवल स्थायित्वको दृष्टिकोणले हेर्दा पनि वैदिक सनातनी वर्णाश्रम-सभ्यतासित अरू कुनै संस्कृतिको तुलना हुन सक्तैन।

चंगेज खाँ तल विभिन्न सभ्यताहरूको उत्थान-पतनको समय, उद्भवस्थान, चरम उत्कर्षको समय र राज्य तथा संस्कृतिको विस्तार र जनसंख्याको एक संक्षिप्त विवरण- (Encyclopedia) को आधारमा उपस्थापित गरिँदै छ। यहाँ एउटा कुरामा विचार पुऱ्याउनुपर्दछ- पाश्चात्य लेखकहरू प्रायः इसाई छन्, इसाई मत यहूदी धर्मको एउटा शाखा हो। इसा र उनका शिष्यहरू यहूदी थिए।

अतएव पाश्चात्य जातिहरूको धर्मदर्शन सेमिटिक कहलाउँछ । इस्लाम धर्म पनि यहूदी र इसाई मतमा अवलम्बित छ । यसको अतिरिक्त पाश्चात्य संस्कृतिको मूल स्रोत ग्रीक र रोमन हुने कुरा ऐतिहासिक प्रमाणहरूद्वारा निश्चित छ । अंग्रेजी, फ्रेञ्च, जर्मन, इटालियन आदि भाषाहरू पनि मूलतः ग्रीक र ल्याटिनबाट निस्केको कुरा तदनुरूप वर्णमालाहरूबाट पनि स्पष्ट हुन्छ । अतएव वर्तमान यूरोपीय र अमेरिकी सभ्यता सेमिटिक (यहूदी), प्यागन (Pagan) ग्रीक र रोमनीय तथा नार्दिक (Nardic), उत्तर-यूरोपीय यी-सबै संस्कृतिहरूको सम्मिश्रण हो । विभिन्न देशहरूका नर-नारीहरूको अबाध मिलनबाट यी सबैमा पर्याप्त मात्रामा सङ्करता पनि रहेको कुरा निर्विवाद छ ।

निम्नलिखित विवरणबाट विभिन्न प्राचीन जातिहरूको सभ्यताको तुलनात्मक प्रधानता, आपेक्षिक गुरुत्व तथा रूपान्तरहरूको विषयमा स्पष्ट ज्ञान हुनेछ । यो पनि हृदयङ्गम हुनेछ- आज भारतीय, हिब्रू र चीनको सभ्यता बाहेक अरू सबै सभ्यताहरू प्रायः लुप्त भइसकेका छन् ।

प्राचीन सभ्यताहरू

(१) सुमेरियन– यस सभ्यताको काल ४००० देखि १८०० वर्ष इस्वीपूर्वसम्म हो । यसको विस्तार इराक-(फारसको खाडीबाट २०० मील पश्चिमपर्यन्त) सम्म थियो । यस सभ्यता-को क्षेत्रफल एक लाख वर्गमील र जनसंख्या ४०,००,००० थियो । वर्तमान समयमा यो लुप्त भइसकेको छ ।

(२) वर्णाश्रमी भारती– यो ४००० वर्ष इ. पू. भन्दा पनि धेरै पहिलेदेखि आइरहेको सभ्यता हो । यसको विस्तार नेपाल, भरतखण्ड, बलुचिस्तान, अफगानिस्तान, तुर्किस्तान, खोटान, ब्रह्मदेश, यूनान, इन्डोचीन, सिंहल, पूर्व -भारतीय द्वीपसमूह, फिलिपाइन द्वीपसमूह, एसिया माइनर, बेबिलोन, मध्यपूर्व, अफ्रिका, मुडागास्कर आदि । यस सभ्यताको विस्तारको क्षेत्रफल धेरै नै भए तापनि वर्तमान इतिहासकारहरूले केवल १६ लाख वर्गमील तथा तात्कालिक जनसंख्या २० करोड मानेका छन् । वर्तमानमा यही नै वैदिक सभ्यता हो ।

(३) मिश्री सभ्यता– २८००-२२०० इ. पू. सम्म मिश्रदेशमा यसको विस्तारकाल मानिएको छ भने प्यालेस्टाइन, सिरिया र सूडान आदि देशहरूमा यसको विस्तारकाल क्रमशः इ. पू. २०००–१७००, १५८०–५२५ र ३३२ इ.पू. मानिएको छ। यसको क्षेत्रफल, ३,८६,००० वर्गमील र जनसंख्या एक करोड मानिएको छ । यस समयको सेमेटिक सभ्यता लुप्त भइसकेको छ ।

(४) बेबिलोनियन र कासाइत– यस सभ्यताको काल इराक र पार्श्ववर्ती देशहरूमा इ.पू. २१०० देखि १६५० सम्म, १६५९ देखि १००० सम्म, ६१२ देखि ५३९ इ.पू. सम्म मानिएको छ । यसको क्षेत्रफल एक लाख वर्गमील र जनसंख्या ४० लाख मानिएको छ । यो सेमेटिक-वैदिक मिश्रित सभ्यता यसवेला लुप्त भइसकेको छ ।

(५) हिन्डायत-सभ्यता– यसको विस्तारकाल, एसिया माइनर, सिरिया, ग्रीस र एट्रस्कन (इटालियन) आदि देशहरूमा इ. पू. २००० देखि ६०० वर्षसम्म थियो। यसको विस्तारको क्षेत्रफल ४ लाख वर्गमील र जनसंख्या ५० लाख थियो। यो काकेशीय वैदिक मिश्रित सभ्यता यस समयमा लुप्तप्राय भइसकेको छ।

(६) मितन्नी सभ्यता– यसको विस्तारकाल एसिया माइनरमा इ. पू. १७०० देखि १५०० सम्म थियो। यस सभ्यताको विस्तारको क्षेत्रफल ४ लाख वर्गमील र जनसंख्या ५० लाख थियो। यो अर्धवैदिक सभ्यता यस समय लुप्त भइसकेको छ।

(७) चीनी सभ्यता– यसको विस्तारकाल चीन, तिब्बत, तुर्किस्तान, अनाम आदि देशहरूमा इ. पू. १५०० देखि आजसम्म आएको छ। यसको क्षेत्रफल ३० लाख वर्गमील र तात्कालिक जनसंख्या २५ करोड थियो। यो मङ्गोल-वैदिक-बौद्ध मिश्रित सभ्यता अहिलेसम्म छँदैछ।

(८) हिब्रू सभ्यता– यसको विस्तारकाल फिलिस्तिनमा इ.पू. ११०० देखि ७० सम्म मानिएको छ। यसको विस्तार ६००० वर्गमील र तात्कालिक जनसंख्या २० लाख थियो। यो सेमिटिक सभ्यता अहिले पनि वर्तमान छ।

(९) अस्त्रीरियन सभ्यता– यसको विस्तारकाल इराक, सिरिया, फिलिस्तिन, निम्न मिश्र र अरबसीमान्त प्रदेशहरूमा इ. पू. ९१० देखि ६५२ सम्म मानिएको छ। यसको क्षेत्रफल १ लाख वर्गमील र जनसंख्या ४० लाख मानिएको छ। यो सेमिटिक सभ्यता लुप्त भइसकेको छ।

(१०) इरानी (मिड) सभ्यता– यसको विस्तारकाल फारस, इराक, सीरिया, एसिया, माइनर र अफगानिस्तानमा इ. पू. ८५० देखि ६५० सम्म मानिएको छ। यसको विस्तारको क्षेत्रफल ६ लाख वर्गमील र जनसंख्या १ करोड थियो। यो वैदिक काकेसियन सभ्यता लुप्त भइसकेको छ।

(११) ग्रीक सभ्यता– यसको विस्तारकाल ग्रीस, सिसली, एसिया माइनर, फारस, तुर्किस्तान, अफगानिस्तान, मिश्र, सीरिया र पञ्जाबमा इ. पू. ४०० देखि १५० सम्म मानिएको छ। यसको क्षेत्रफल २४,००० वर्गमील र जनसंख्या ३० लाख थियो। यो काकेसियन सभ्यता लुप्त भइसकेको छ।

(१२) रोमन सभ्यता– यस सभ्यताको विस्तारकाल इटली, उत्तरी अफ्रिका, ग्रीस, इङ्ग्ल्यान्ड, रोमानिया, साइबेरिया, एसिया माइनर, फिलिस्तिन, मिश्र र इराकमा इ. सन् ४०० देखि ६०० सम्म मानिएको छ। यसको क्षेत्रफल १ लाख १६००० वर्गमील र जनसंख्या २ करोड मानिएको छ। यो काकेसियन सभ्यता लुप्त भइसकेको छ।

(१३) मेक्सिकन सभ्यता– (माया, पेरु आदि सभ्यता पनि यसैभित्र पर्दछन्।) यसको विस्तारकाल मेक्सिकोमा इ. सन् ५०० देखि १५०० सम्म मानिएको छ। यसको क्षेत्रफल ७ लाख वर्गमील र तात्कालिक जनसंख्या १ करोड मानिएको छ। यो मिश्रित वैदिक सभ्यता विकृत रूपमा अझै वर्तमान छ। इति।

पौराणिक मतलाई नलिएको खण्डमा पनि वर्तमान विद्वान्हरूद्वारा प्रमाणित ऐतिहासिक युगमा पनि देखिन्छ-वर्णाश्रमी वैदिक सभ्यता प्रायः एक हजार वर्षअघिसम्म समस्त भरतखण्ड (जुन रूसलाई छाडेर समस्त यूरोपको बराबर छ), बिलोचिस्तान, अफगानिस्तान, तुर्किस्तान, खोटान, भोटान, नेपाल, ब्रह्मा, श्रीलङ्का, इन्डोचीन, पूर्वी द्वीपसमूह, फिलिपाइन द्वीपपुञ्ज आदि देशहरूमा अल्पाधिक रूपमा वर्तमान थियो। यी सबै देशहरूको क्षेत्रफल रोमन साम्राज्यभन्दा कति पनि थोरै थिएन। तात्कालिक रोमन साम्राज्यको जनसंख्या १०–१२ करोडभन्दा धेरै थिएन। जबकि त्यसमा पनि क्रीत दासहरूको संख्या धेरै थियो। वर्णाश्रमी वैदिक जातिको जनसंख्या कुनै पनि समयमा २० करोडभन्दा कम थिएन।

३१६

प्रागैतिहासिक युगमा इरान, एसिया माइनर, हिन्डायत (मितन्नी), इराक (सुमेरीय कासाइत) आदि देशहरू वैदिक वर्णाश्रमसँग संश्लिष्ट थिए। यसका प्रमाण उपलब्ध छन्। सम्भवतः प्राचीन मेक्सिको र माया सभ्यता पनि वैदिक संस्कृतिद्वारा प्रभावित थिए। इसाको दोस्रो शताब्दीपछि चीन, जापान र मध्य एसियाका देशहरूले बौद्ध धर्म र त्यसको साथमा केही मात्रामा वैदिक आचार-व्यवहारलाई ग्रहण गरे। पूर्वी अफ्रिका, मुडागास्कर द्वीप आदि देशहरू पनि वैदिक विचारधाराद्वारा प्रभावित थिए।

यसबाट यो कुरा स्पष्टिन्छ– वैदिक सनातन धर्म आदिकालदेखि भरतखण्डमा प्रतिष्ठित छ र यस प्रकारले अजर तथा अमर छ। ऐतिहासिक, राजनीतिक, ऐहलौकिक र पारलौकिक जुनसूकै दृष्टिकोणबाट हेरे पनि यो धर्म प्राचीनतम मात्र नभएर सर्वोत्तम पनि छ। आज पनि हिन्दूधर्ममा सती नारी र ब्रह्मवेत्ता ब्राह्मणहरू छन्। वर्णाश्रम-धर्मलाई मेटिदिने हो भने मुक्तिको मार्ग सदाका लागि अवरुद्ध हुनेछ। यस तथ्यलाई उपेक्षित राखेर काम चल्नेछैन। हजार हन्डर खाएपछि विवश भएर मुख उल्टो गराई फेरि यतै नफर्की सुख छैन। भौतिकवादको असंयमपूर्ण मार्ग एक महाविनाशकारी गहिरो खाल्डोमा गएर समाप्त हुन्छ। फर्क आफैतिर, दुराग्रह नगर।

यतिका विस्तृत रूपमा अरू जातिहरूको भूतकालीन इतिहास लेख्नुको उद्देश्य हो– हाम्रा पाश्चात्य शिक्षा प्राप्त भाइहरूले यो बुझ्नुपर्‍यो– वर्णाश्रम-व्यवस्था हिन्दूहरूको पराजयका लागि उत्तरदायी छैन, परन्तु वर्णाश्रमको व्यवहारले गर्दा नै हिन्दूजाति संसारको इतिहासमा एउटा अमर संस्कृति लिएर आज पनि गौरवसाथ उभिएको छ। केवल एक हजार वर्ष अथवा त्यसभन्दा कम समयमा जुन जातिहरू (जस्तै ग्रीस, रोम, बेबिलोन आदि) अभ्युदयको चरम उत्कर्ष र विनाशमा पुगे, तिनको संस्कृति, धर्म, सामाजिक ढाँचा र राजनीतिक ढाँचालाई नियालेर हेर्दा ती संस्कृतिहरूलाई कुनै पनि हालतमा हिन्दू संस्कृतिभन्दा उत्कृष्ट ठहर्‍याउनु ठीक होइन।

वर्णाश्रमी हिन्दू-संस्कृतिको अमरताको रहस्य के हो ? किन यो संस्कृति मृतप्राय भएर पनि विनष्ट भएन ? कारण हो– हिन्दू-संस्कृतिको जीवनीशक्तिको अक्षय स्रोत ब्रह्मचर्य हो। द्विज ब्राह्मण, क्षत्रिय र वैश्यका बालकहरू पाँचदेखि पच्चीस वर्षको अवस्थासम्म गरु-

गृहमा ब्रह्मचर्यको पालन गर्दथे । त्यसबेला भूमिशयन, एक छाक मात्र भिक्षान्नको भोजन, गुरुको निष्कपट सेवा, वेदपाठ र अपरा विद्याका साथसाथै ब्रह्मचर्यविद्याको प्राप्तिका लागि चेष्टा– यी त्रिवर्णका आवश्यक कर्तव्य थिए । शूद्र बालकहरू पनि घरमा रहेर आफ्नो अधिकारअनुसार त्यस उच्च आदर्शको अनुशरण गर्दथे । परनारीको र परपुरुषको स्पर्शको त के कुरा उनीहरूप्रति दृष्टिपात र चिन्तन पनि वैदिक जातिका लागि वर्जनीय अपराध थियो । विवाहपछि मात्र खाटमा सुत्ने अधिकार थियो । पति र पत्नीले वैवाहिक जीवनमा पनि ब्रह्मचर्यको पालन गर्नुपर्ने शास्त्रको आदेश थियो । हिन्दूधर्मको धारणाअनुसार नारी भोग्या नभएर अनन्यताकी प्रतीक अर्धाङ्गिनी हुन्, यज्ञमा पत्नी हुन् र धर्मकर्ममा सहधर्मिणी हुन् । ऋतुकालमा सन्तानोत्पत्तिका लागि मात्र सहवास गर्ने सद्गृहस्थ ब्रह्मचारी मानिन्थ्यो । पहिले चारै वर्णका गृहस्थहरू यसै परम्परालाई पूर्णतः पालन गर्दथे । संसारमा अन्यत्र कहीं पनि यस किसिमको आदर्शको नामसम्म पनि थिएन । उक्त आजीवन ब्रह्मचर्यको फलस्वरूप स्त्री-पुरुषको सुन्दर स्वास्थ्य र उनीहरू अमित शक्ति प्राप्त गर्थे । त्यसले अध्यात्मराज्यमा पनि सहजै अग्रसर गर्दथ्यो ।

हिन्दू-संस्कृतिका विशेषताहरूमध्ये गुरुसेवाले पनि महत्त्वपूर्ण स्थान ओगटेको छ । आज्ञा गुरुणां ह्यविचारणीया (कालिदास)। पिता, माता, आत्मीय आदि, शिक्षाचार्य र सर्वोपरि दीक्षाचार्यका प्रति आज्ञाकारिता हिन्दू-संस्कृति बाहेक अरू कुनै संस्कृतिमा पाइँदैन । यस संस्कृतिमा नारीका लागि परम गुरु तथा देवता पति नै हो । श्रीराम र भीष्मजस्ताको जस्तो आदर्श पितृभक्ति अरू कुनै समाजको व्यवहारमा त के उपन्यासमा पनि पाइँदैन । जहिलेसम्म शास्त्र र गुरुका आदेशको श्रद्धापूर्वक पालन र नियमानुर्वातिता हिन्दूजातिमा रहे, त्यस बेलासम्म उच्छृङ्खलता आउन सकेन ।

हिन्दू-संस्कृतिको महान् गौरव मोक्षसाधन हो । सेमिटिक (यहुदी, इसाई र मुसलमान) मतमा पुरुषलाई छाडेर अन्य कुनै जीवमा यहाँतक कि नारीहरूमा पनि आत्मा हुँदैन । किनकि हौवा (Eve)-को सृष्टि आदमको अस्थिपञ्जरबाट भएको छ । उनीहरूको मतानुसार मनुष्यको जन्म एकपटक मात्र हुन्छ । यहुदी मतमा परलोकको कुनै कुरा मानिएको छैन । इसाई र मुसलमानहरूको मतानुसार यस जन्मको आचरणको फल अनन्त स्वर्ग र अनन्त नरक हो । सेमिटिक दर्शनानुसार देह र आत्माको प्रायः अविच्छेद्य सम्बन्ध छ । मृत्युपछि शवलाई सावधानीसाथ पवित्र भूमिमा गाडिन्छ । उनीहरूको मान्यतानुसार अन्तिम निर्णय गर्दा सम्पूर्ण मृतकहरू उभिन थाल्छन् । त्यस निर्णयको फलस्वरूप धार्मिक जनहरूले (धार्मिकमा इसाई र मुसलमान मात्र पर्दछन्) अनन्तकालसम्म स्वर्गभोग गर्दछन् र पापी जनहरूले अनन्तकालसम्म नरकभोग गर्नेछन् । सेमिटिक मतानुसार ईश्वर स्वर्गमा बस्तछ; जसरी जीवनको पुनर्जन्म हुँदैन, त्यसरी नै ईश्वरको पनि अवतार हुँदैन । जीव र ईश्वरमा ठूलो अन्तर छ ।

हिन्दू-संस्कृति पुनर्जन्म र कर्मफलवादको सिद्धान्तमा अवलम्बित छ । जीवहरूको जड देह पाञ्चभौतिक र विनाशी छ । शरीर आत्मा हैन र आत्मा अविनाशी छ– यो हिन्दू-संस्कृति-को मुख्य सिद्धान्त हो । जुन सिद्धान्तअनुसार एक परमात्माले नै अनेक रूप धारणा गरेको छ। जीव नै शिव हो । वर्णाश्रम-धर्मको चरम लक्ष्य हो– शिवत्वको प्राप्ति । ३१८

सञ्चित कर्म– अदृष्टद्वारा जीवले इहजन्मको प्रारब्धभोग गर्दछ । यसै जन्ममा शास्त्रानुसार आचरण गर्दै आ-आफ्नो अधिकारअनुसार निष्काम कर्म गरिरहेमा अन्तःकरण शुद्ध हुन्छ र ज्ञानद्वारा मोक्षको प्राप्ति हुन्छ । सञ्चित कर्मको राशि भगवान्को उपासनाद्वारा पनि क्षीण हुन्छ । श्रीभगवान्को नामरूपको आश्रय लिनुभन्दा पहिले स्थूल बहिरङ्ग देवमूर्तिको पूजा गरी मनुष्य क्रमशः अन्तरङ्ग मनद्वारा सूक्ष्म पूजाको अधिकारी हुन्छ । त्यसद्वारा क्रमशः पराभक्ति-को उदय हुन्छ ।

मुक्ति– 'तिमी मेरा हौ, म तिम्रो हुँ'– यो द्वैतसिद्धान्त हो । 'जे तिमी छौ त्यही म हुँ'– यस कुराको उपलब्धि अद्वैतवादमा अभ्यस्त भएपछि स्वतः हुन्छ । द्वैत र अद्वैतभन्दा पर पुगे-पछि मुक्तिको अवस्था आउँछ । जन्म-जन्मान्तरका चक्रदेखि मुक्ति पाउनु (उद्धार पाउनु) मानव-जीवनको चरम र परम लक्ष्य हो । वर्णाश्रम व्यवस्थाले यसैको साधना-मार्गलाई देखाउँछ । अवर्ण, शूद्र, वैश्य, क्षत्रिय र ब्राह्मणको शरीर यस क्रममुक्तिको पथमा सोपानसमान हुन् । हिन्दू-समाजमा आज पनि यस्ता ब्राह्मण र साधु छन् जसले ब्रह्मसाक्षात्कार गरेका छन् । यस कलिकाल-मा पनि शास्त्रानुसार कर्तव्य गरेमा भगवान्को दर्शन असम्भव छैन ।

पुनर्जन्म– हिन्दू-धर्मको सर्वोत्तम विशेषता पुनर्जन्मको सिद्धान्त हो । यहाँ पुनर्जन्मको सम्बन्धमा केही विचार गरौं । कठोपनिषद्मा यमराज नचिकेतालाई भन्दछन्–

न साम्परायः प्रतिभाति बालं प्रमाद्यन्तं वित्तमोहेन मूढम् ।
अयं लोको नाऽस्ति पर इति मानी पुनःपुनर्वशमापद्यते मे ।।

वास्तवमा मनुष्य-शरीर भगवत्प्राप्तिका लागि प्राप्त भएको हो, तर मानिस उक्त लक्ष्य बिर्सेर धन-वैभवादि भोग्य पदार्थमा यति धेरै व्यामुग्ध हुन्छ कि ऊ अज्ञानावस्थामा नै जीवन व्यतीत गर्दछ । यसको फलस्वरूप उसलाई परलोक या पुनर्जन्मको कुरा सुइँदै-सुइँदैन । अतएव प्रत्यक्षमा जे देखापर्दछ त्यस बाहेक अर्को लोक पनि छ, अनि शरीर-त्यागपछि अर्को शरीर-धारण गर्नुपर्दछ जस्ता कुरा उसले सोचेकै हुँदैन । यसैले पराधीन भएर जन्म-मरणको चक्रमा घुमिरहन्छ ।

केही मानिसहरूको भनाइ छ– अरू मानिसहरूले परलोक या पुनर्जन्म नमान्दा पनि उनीहरूको जीवन-निर्वाह राम्ररी भएकै छ । हामी मान्दछौं, तर मानेबापत हामी कुन सुख-सुविधा बढी पाउँछौं र ? यसको उत्तरमा यही भन्न सकिन्छ– मानव-शरीर केवल जीवन-निर्वाहका लागि मात्र त प्राप्त भएको अवश्य होइन । प्रत्येक देहधारी प्राणी कुनै न कुनै प्रकारले जीवन-निर्वाह त गरिहाल्दछ । त्यसमा पनि मनुष्येतर देहधारीहरूलाई त मनुष्यलाईभन्दा कम मात्रामा आलाप-विलाप गर्नुपर्ने हुन्छ । यसको कारण हो– कुनै पनि देहको उत्पत्तिभन्दा पहिले नै उसको जीवन-निर्वाहका लागि आवश्यक साधनहरूको निर्माण भइसकेको हुन्छ । प्रकारान्तरमा हामी भन्न सक्तछौं– प्रत्येक देहधारी निर्वाहका साधनहरू सँगै लिएर नै जन्मन्छ । यस्ता साधन-समूहलाई शास्त्रमा प्रारब्ध नाम दिइएको छ । प्रारब्धको निर्माण शरीरोत्पत्तिभन्दा पहिले नै भएको हुन्छ । अतएव मनुष्यले आफ्नो शरीर-निर्वाहलाई कुनै पुरुषार्थ गर्नुपर्दैन । पुरुषार्थ गर्नु छ भने अनाशक्त भावले सत्कर्म सम्पादन गर्नुपर्छ । यथाप्राप्त वर्तमान साधनमा सन्तोष गर्दै भावी जन्ममा जसरी सुख-सुविधा प्राप्त हुन सक्तछ र परलोक सुध्रन्छ त्यस्ता कर्म गरेर अन्तःकरणशुद्धि भएपछि जसरी मुक्तिलाभ हुन सक्छ त्यो कर्म गर्नुपर्दछ । मानव-जीवनको ध्येय नै मोक्ष हो, भोग होइन । भोग त सबै योनिहरूमा समान रूपले उपलब्ध हुन्छ नै ।

दोस्रो कुरा हो– केही मानिसहरू आफू बाँदरको वंशज भएको नाता देखाएर पुनर्जन्मलाई मान्दैनन् । बाँदरवंशमा सुधारिएको बाँदर नै जन्मन्छ कि अरू कुनै ? तर के गर्नु, उनीहरूलाई बालक-कालदेखि नै यस्तै शिक्षा दिइन्छ । तीमध्ये धेरैजसो तत्त्वज्ञ र वैज्ञानिक ईश्वरलाई मान्दैनन् । उनीहरू यही सिकाउँछन्- यस विश्वको संरचना नै विकासको क्रमले भएको हो । जीवनमा शरीरलाई सुख दिनु सिवाय अर्को कुनै प्रयोजन छैन । जङ्गली मानिस प्रगतिको कोपदेखि डराउँथ्यो, यसैले उसले आश्वासनका लागि 'ईश्वर' नामको एउटा 'हाउ' या भूतको कल्पना गऱ्यो र त्यस कल्पित तत्त्वलाई प्रसन्न गर्ने प्रक्रियालाई धर्मको संज्ञा दियो । योभन्दा बाहेक ईश्वर या धर्मजस्तो कुनै सत्य वस्तु छैन । कति सजिलो छ विकासवादी महाशयको दर्शन !

हेगल जस्ता पाश्चात्य तत्त्वज्ञको दृष्टिमा मनुष्य सृष्टिचक्रमा एउटा यन्त्र जस्तै हो । यसकारण त्यो आफ्ना वासनाहरूको दास हो । उनीहरू जसरी नचाउँछन् त्यसरी नै कठपुतली भएर मनुष्यले नाच्नु छ । यन्त्रचक्रले एउटा किलामा जड पदार्थ जसरी चक्रसित पराधीन भएर रिंग्दछ त्यस्तै प्रकारले मानिस पनि जसरी उसको मन नचाउँछ त्यसरी नाच्ने गर्दछ । फ्रायड महाशय पनि यसै पक्षका छन् । तो विचारकहरू यो पनि विचार गर्दैनन् कि मनुष्येतर प्राणीहरूमा पनि जीव छ । अतएव उनका लागि तो जीवको हत्या गर्दा हिंसा हुँदैन । यसकारण उनीहरूको दृष्टिमा एउटा काँक्रो काट्नु र कुनै जीवित प्राणीलाई मार्नुमा कुनै अन्तर छैन ।

दासहरूको व्यापार गर्दा उनीहरू काला मान्छे या दासमा पनि जीव या आत्मा छ भन्ने मान्दैनथे । त्यसैले उनीहरू दासप्रति पशुलाई पनि गर्न नसकिने दुर्व्यवहार गर्थे । दासलाई उनीहरू

पशुलाई जस्तै बेच्थे र उसबाट अपराध भएमा उसलाई जिउँदै सिंह वा कुकुरलाई खवाउँथे, अनि त्यस्ता दृश्यहरू उनीहरू आनन्दसाथ हेर्थे । यही हो सुध्रे को क्रमविकास-दर्शन ! कैयौं कुरामा त उनीहरू वानर-संस्कृतिभन्दा अघि बढेका छन् । वानरहरू जोडी मिलेर बस्छन् । जिन्दगीभर छुट्टिँदैनन् । परन्तु तिनीहरूका यी वंशजहरूमा व्यक्ति-स्वातन्त्र्यले प्रवेश पायो र तलाक दिने चलन चलाए, अतएव स्वतन्त्रतासाथ एकै जुनीमा अनेक सम्बन्ध जोड्न सक्ने भए । बाँदर त ऋतुकालमा मात्र स्त्रीसमागम गर्छ; तर त्यसका यी वंशजहरू न ऋतु देख्छन्, न काल देख्छन् । यिनीहरू कुनै पनि किसिमको बन्धन मान्नुमा मानहानि अनुभव गर्छन् । बाँदर आफ्नो बच्चालाई हुर्केपछि छुट्टयाउँछ र त्यसपछि कुनै किसिमको सम्बन्ध राख्दैन । यस विषयमा उसका वंशजहरू पनि त्यसो नै गर्छन् र ठूला भएपछि आमाबाबुसित छोरा-छोरीको सम्बन्ध रहँदैन । फलस्वरूप बूढा बाबु-आमाले अनाथालयको आश्रय लिनुपर्ने हुन्छ या आत्महत्या गर्नुपर्ने हुन्छ । बाँदरमा बाबु-आमा, दाजु-भाइ वा दिदी-बहिनी भन्ने नाता हुँदैन, त्यसरी नै यिनीहरू पनि नाता मान्दैनन् । वानर-समाजमा संयुक्त परिवारको भावना हुँदैन, त्यसैले उसका वंशजहरूले पनि यही सिके, किनकि संयुक्त परिवार मानेमा व्यक्तिगत स्वतन्त्रता-मा बाधा पर्दछ । यसप्रकार ती मानिसहरूले पुनर्जन्म परलोक नमान्नुमा उनीहरूको कुनै दोष छैन किनकि उनीहरूका तत्त्वज्ञानहरूले उनीहरूलाई यस्तै शिक्षा दिएका छन् । श्रुतिको भनाइ छ-

यच्चित्तस्तन्मयो भवेदित्येतद् गुह्यं सनातनम् । ३२०

अर्थात् चित्तमा जस्तो संस्कार बस्दछ, मनुष्य तदनुरूप आफ्नो स्वभावको निर्माण गर्दछ । उसको जीवननिर्वाह पनि उक्त स्वभावकै अनुसार हुने गर्दछ । अतएव त्यस कुरामा उनीहरूको दोष नभएर शिक्षक समाजको नै दोष हुन्छ । उनीहरू त लब्ध शिक्षाअनुसार नै व्यवहार गर्दछन् ।

आज अरूका सभ्यता र संस्कृतिको विचारबिना नै अन्धानुकरण गर्ने हामीले बिर्सनु हुँदैन-जुन ऋषिहरूले वेद-उपनिषद् ग्रन्थहरू देखे, जसले दर्शनशास्त्र बनाए, जसबाट स्मृतिशास्त्र बने, जुन वेदव्यास प्रभृति ऋषिहरूबाट इतिहा र पुराणहरूको रचना भयो, त्यस्ता तपःपूत ऋषि-मुनिका वंशज हौं हामी । हाम्रो जीवनको उद्देश्य नरबाट नारायण बन्नु हो, बाँदरको वंशज बन्ने हैन । उक्त आर्ष ग्रन्थहरूको रचना मनुष्यको परलोक-सुधार र उत्तरोत्तर उन्नति गर्दै उत्तम भूमिमा पुगेर ईश्वरको साक्षात्कार र जन्ममरणको बन्धनबाट छुट्ने उपाय बताउनका लागि भएको हो । यसरी हाम्रा गुरुहरू हामीलाई परलोक तथा पुनर्जन्ममा विश्वास गर्न सिकाउँछन् । हामीले ती कुरालाई निःसङ्कोच विश्वास गर्नुपर्दछ । आजकल शास्त्रहरूको अभ्यास ज्यादै घट्दै गइरहेको छ । अतः हामीहरू परलोक र पुनर्जन्मको सम्बन्धमा केही प्रमाण दिन चाहन्छौं । शास्त्रहरूमा यस्ता प्रमाण जति भने पनि छन्-

छान्दोग्योपनिषद्मा पुनर्जन्मको विषयमा भनिएको छ–

तद्य इह रमणीयाचरणा अभ्यासो ह यत्ते रमणीयां योनिमापद्येरन्, ब्राम्हण-योनिं वा क्षत्रिययोनिं वा वैश्ययोनिं वाऽथ इह य कपूयाचरणा अभ्यासो ह यत्ते कपूयां योनिमापद्येरन् श्वयोनिं वा शूकरयोनिं वा चाण्डालयोनिं वा । (५।१०।७)

मृत्युप्राप्त मनुष्यहरूमा जो विशुद्ध आचरणवाला हुन्छन्, ती तत्काल उत्तमयोनिमा पुग्दछन्, ब्राह्मण-शरीर, क्षत्रिय-शरीर अथवा वैश्य-शरीर धारण गर्दछन् । जुन मानिसहरूका आचरण पापयुक्त हुन्छन्, ती मानिसहरू तत्काल मलिन योनि धारण गर्दछन्- कुकुरको शरीर, सुँगुरको शरीर अथवा चाण्डालको शरीर धारण गर्दछन् । सारांश यो हो- यस जन्मको कर्मअनुसार नै मनुष्यको पुनर्जन्म हुन्छ । बृहदारण्यकोपनिषद्मा लेखिएको छ-

प्राप्यान्तं कर्मणस्तस्य यत्किञ्चेह करोत्ययम् ।
तस्माल्लोकात्पुनरेत्यस्मै लोकाय कर्मणे ।।

मानिस यस लोकमा जुन काम गर्दछ त्यसको फल भोग्न अर्को लोकमा पुग्दछ । उक्त लोकको भोग सकिएपछि मनुष्य यस लोकमा पुनः जन्मधारण गर्दछ, त्यसपछि कर्म गर्दछ । यस प्रकार जसरी बीजबाट वृक्ष र वृक्षबाट बीज उत्पन्न हुन्छ, त्यसरी नै मानिसले कर्म गर्दछ र कर्मफल भोग्नका लागि पुनर्जन्म प्राप्त गर्दछ । फेरि त्यस जन्ममा नयाँ कर्म गर्दछ र ती कर्मको फल भोग्न पुनर्जन्म हुन्छ । यसप्रकार अनवरत जन्म र मरणको चक्र घुमिरहन्छ । भगवद्गीतामा भनिएको छ–

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरोऽपराणि ।
तथा शरीराणि विहाय जीर्णान्यन्यानि संयाति नवानि देही ।। (२।२२)

बहूनि मे व्यतीतानि जन्मानि तव चाऽर्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ।। ४।५

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ।। ६।४१

योगवाशिष्ठ रामायणमा परलोक र पुनर्जन्मका अनेकौं दृष्टान्तहरू छन् । तीमध्ये पुण्य र पावन नामक दुई भाइहरूको दृष्टान्त निकै बोधप्रद रहेको छ। उक्त दृष्टान्त यहाँ प्रस्तुत गरिंदैछ

कुनै सुन्दर वनमा दीर्घतमा नामक एउटा मुनि बस्तथे । उनका पुण्य र पावन नामक दुई भाइ छोरा थिए । मुनिले दुवै छोराहरूलाई ज्ञान दिएका थिए । पुण्यको ज्ञानमा निष्ठा जमिसकेको थियो, तर पावन बालकै थियो र उसको निष्ठा हुन सकेन । कालक्रमले दीर्घतमाले विदेहमुक्ति लाभ गरे र उनकी श्रीमतीले उनको सहगमन गरिन् ।

यसप्रकार एकसाथ मातृ-पितृ वियोगले दुवै भाइहरूको हृदयमा निकै चोट पऱ्यो, तर पुण्यले थोरै समयपछि मनलाई स्थिर गराएर शान्तिपूर्वक पिताको श्राद्धक्रिया सम्पन्न गरे । पावनले भने चित्त समाल्न सकेनन् र उनी विलाप गर्दै वनमा घुम्न लागे ।

श्राद्ध सकिएपछि पुण्यले जङ्गलमा घुमेर भाइलाई खोजे र नजीकै राखेर भने- 'बाबु ! तिमी किन यसरी शोक गरिरहेका छौ ? हाम्रा आमा-बाबु त परमात्मस्वरूप हुनुहुन्थ्यो । उहाँहरू आ-आफ्ना पदमा पुग्नुभयो । यसकारण उहाँहरूका लागि शोक गर्नु वृथा छ। ध्यान दिएर सुन- यस संसारचक्रमा तिम्रा अनेक जन्म भइसकेका छन् । ती अनेक जन्महरूमा तिम्रा अनेक आमा र बाबु भइसकेका छन् । सदा तिम्रा यिनै पिता र यिनै माता भएनन् । त्यस्तै हाम्रा आमा-बाबुका पनि अनेक जन्ममा अनेक छोरा र छोरी भइसकेका छन् । त्यसकारण उहाँहरूका सन्तान हामी दुई मात्र होइनौं । यदि आमा-बाबुका लागि शोक गर्नु नै छ भने आजसम्म अनेक जन्ममा भएका आफ्ना सबै आमा-बाबुका लागि शोक किन गर्दैनौ ? किन वर्तमान शरीरका आमा-बाबुका लागि मात्र शोक गर्दछौ ? बाबु ! रगत, मासु र हाडहरूबाट बनेको यस शरीरदेखि बेग्लै चेतना भएको म को हुँ ?-यस कुरामा विचार गरेर हेर । तिमी अनन्त विस्तार भएको ब्रह्मतत्त्व नै हौ । तब भन त को आमा, को बाबु, को आफ्नो र को पराई छ यहाँ ! अज्ञानले गर्दा तिम्रा अनेक जन्म भइसकेका छन् । एक पटक तिमी हरिण भएका थियौ, दोस्रो पटक हाँस भयौ । कुनै समयमा रूख थियौ त कहिले सिंह भयौ, तथा कुनै समय तिमी माछो थियौ त कहिले कुखुरा थियौ, कुनै समयमा तिमी कुकुर थियौ ।'

'सारांश यो हो कि उद्भिज्ज, स्वेदज, अण्डज र जरायुज- यी चारै योनिहरूमा तिम्रा असंख्य जन्म भइसकेका छन् । ती सबै जन्महरूमा तिम्रा माता र पिता भएकै थिए । तब उनीहरूका लागि पनि किन शोक गर्दैनौ र अहिले मात्र शोक गर्दछौ ? बाबु ! तिमी एकाग्र चित्तले आफ्नो आत्मालाई सम्झ । त्यो आत्मा सुख-दुःख र जरामरणदेखि पर छ । त्यसपछि तिमी सुख-दुःख, जरा, मरण, जन्म, माता, पिता र देहादि तुच्छ पदार्थसँग आफ्नो सम्बन्ध नभएको कुरा पाउनेछौ । वस्तुतः तिमी देहादि तुच्छ पदार्थ नभएर स्वप्रकाश आत्मा नै हौ ।' यस कथानकको अभिप्राय यो हो- प्रत्येक देहधारीका असंख्य जन्म भइसकेका छन्, जबसम्म मुक्ति हुँदैन, तबसम्म असंख्य जन्म भइ नै रहनेछन् । अतएव पुनर्जन्म मान्नु नै पर्दछ ।

श्रीमद्भागवतमा एउटैले अनेक जन्म धारणा गरेको तथ्यसँग सम्बद्ध चित्रकेतुको इतिहास प्रसिद्ध नै छ । शूरसेन देशमा चित्रकेतु नामका एक चक्रवर्ती राजा थिए । पृथ्वी उनका सारा कामना-हरू पूरा गर्थिन् । चित्रकेतुका अनेक रानीहरू थिए तापनि उनी निःसन्तान थिए । एकदिन ऋषि अङ्गिरा चित्रकेतुछेउ आए । राजाले उभिएर शास्त्रविधिअनुसार उनको पूजा गरी आतिथ्य-सत्कार सम्पन्न गरे । परस्पर कुशल-समाचारपछि राजाले उनीसँग पुत्र-प्रदान गर्न प्रार्थना गरे । ऋषिले एउटा यज्ञ गरे, यज्ञशेष उनले एक पटरानीलाई खुवाए र भने- राजन् ! तिमीलाई पुत्र हुनेछ, तर त्यो हर्ष र शोक दुवै कुराको कारण हुनेछ ।

यथासमय राजाको छोरो जन्म्यो । अतः राजा-रानी र सम्पूर्ण दुनियाँको आनन्दको सीमा रहेन । दैवको गति बडो विचित्र छ- जेठी रानीको छोरो जन्मेको अरू रानीलाई सह्य भएन । अतएव उनीहरूले त्यस छोरालाई बिख खुवाएर मारिदिए । उसको जन्मले जति आनन्द भएको थियो, त्यसको सयगुना बढी शोक फैलियो । राजा र रानी मूर्च्छा भई लडे ।

राजाको त्यो स्थिति थाहा पाएर नारद र अङ्गिरा ऋषि त्यहाँ आए । उनीहरूले राजालाई आश्वस्त गराउँदै भने– 'हे राजेन्द्र ! तिमी जसका लागि शोक गरिरहेका छौ, त्यससित तिम्रो सम्बन्ध के छ ? यस सृष्टिमा तिमी कति पटक उसका सम्बन्धी बन्यौ ? पूर्वजन्ममा त्यससित तिम्रो के सम्बन्ध थियो ? अहिले के छ ? यसपछि के सम्बन्ध हुनेछ ? यी सबै कुरा विचार गर्दा स्पष्ट हुन्छ–– नदीको प्रवाहको वेगले बालुवा जसरी एकत्रित हुन्छ र फेरि अलग्गिन्छ, त्यस्तै किसिमले कालको वेगले प्राणीहरू एकत्रित हुन्छन् र फेरि अलग्गिन्छन् । मृत्यु सबैका लागि साधारण कुरा हो । अतएव तिमीले पुत्रका लागि शोक गर्नु व्यर्थ छ ।' त्यसपछि नारदजीले मृत राजकुमारलाई योगबलले जीवित गराई भने– 'हे जीवात्मा ! तेरा आमा-बाबु शोकले व्याकुल छन्, यिनीहरूलाई हेरेर आफ्नो र यिनीहरूको के सम्बन्ध छ त्यो कुरा स्पष्ट पार ।' जीवले भन्यो– 'म आफ्ना कर्महरूद्वारा देवता, पशु, पक्षी, मनुष्य आदि योनिहरूमा घुमिरहेको छु । मेरो कसैसँग स्थिर सम्बन्ध रहेको छैन । तिमीहरू यस जन्ममा मेरा आमा-बाबु भयौ र म मरेको कारणबाट पुत्रबुद्धि लिई शोक गर्दै छौ त मलाई अन्य कुनै जन्मको शत्रु मानेर किन खुशी हुँदैनौ ? वस्तुतः पुत्रादिसम्बन्ध नित्य सम्बन्ध हैन । यो सम्बन्ध परिवर्तनशील छ । सुवर्ण आदि विक्रेय द्रव्य जसरी व्यापारीहरूमा यता र उता भैरहन्छ त्यसरी नै प्रत्येक जीव चौरासी लाख योनिहरूमा घुमिरहन्छ । यस स्थितिमा मेरा लागि शोक गर्नु व्यर्थ छ ।' यति भनी जीव शरीर छाडेर हिंडिहाल्यो ।

यस दृष्टान्तबाट पनि एउटै जीवात्माले अनेक शरीर धारण गरेको कुरा स्पष्ट हुन्छ, यसप्रकार पुनर्जन्म निश्चित छ, यसबारे शङ्का गर्नु ठीक छैन । यसबाट पुनर्जन्म मात्र सिद्ध नभएर प्रत्येक सम्बन्ध एक-अर्काको हिसाब मिलाउन हुने कुरा पनि स्पष्ट हुन्छ । जीवले एउटा ठाउँको हिसाब मिलाएर अर्को हिसाब मिलाउन अर्को जन्म लिन्छ । पुरानो ऋण चुक्ता हुन्छ र नयाँ ऋण पनि तयार हुँदै जान्छ । यसरी जीवका ऋणानुबन्धको कहिल्यै अन्त हुँदैन । उचित नै भनिएको छ –

माता पिता च पुत्राश्च स्त्रीसहोदरबान्धवाः ।
स्वार्थसम्बन्धिनः सर्वे तस्माज्जागृहि जागृहि ।।

अब पुनर्जन्मको सम्बन्धमा युक्ति हेरौं-

कवि भवभूतिले यसै कुरालाई पाठशालाको दृष्टान्त दिएर स्पष्ट गर्न खोजेका छन् । एउटै गुरुसित पाँच-सातजना छात्र एउटै विषयमा अध्ययन गर्दछन् । तिनीहरूमा एउटा एकपटक सुन्दैमा कुरा बुझ्छ । अर्कोलाई एउटै कुरा दुई-चारपटक बुझाउनुपर्थ्यो । कसैलाई त जतिपटक बुझाए पनि

केही लाग्दैनथ्यो । सामग्री एउटै हुँदा पनि यति धेरै अन्तर हुँदो रहेछ । यसको कारण पूर्वजन्म-को संस्कार बाहेक अरू केही हुन सक्तैन । यदि कुनै मानिसले धेरै पटकसम्म पूर्वजन्महरूमा मानिस-को जन्म लिएको छ र विद्याभ्यास गरेको छ भने ऊ छिटो विद्याग्रहण गर्दछ । अर्को छात्रले पूर्वजन्ममा विद्याको अभ्यास गरेको छैन भने विद्यासंस्कार नहुनाले उसलाई ज्ञानग्रहण गर्न बेर लाग्दछ । यस प्रकार पुनर्जन्म सिद्ध हुन्छ ।

एउटै आमा-बाबुका दुई भाइ छोरा हुन्छन् । एउटा न्यायाधीश बन्दछ र अर्को अपराधीको रूपमा फाँसीमा झुण्डिन पुग्छ । एउटा श्रीमान् भएर वैभवको उपभोग गर्दछ, एउटा चाहिं आफ्ना सत्कर्मले राष्ट्रको उद्धार गर्दछ । अनि अर्को चाहिं अर्कै थोक बन्दछ । जगत्मा यस्ता अनेकौं उदाहरणहरू हामी पाउँछौं । उक्त कुरामा तिनीहरूमा पूर्वजन्ममा गरिएका पाप र पुण्यको प्रभाव बाहेक अरू कारण हुन सक्तैन । अब विचार गर्नु छ– जो पूर्वजन्म मान्दैनन्, ती वास्तवमा कति सुखी छन् त ? यस प्रकारका मानिसहरू अमेरिका आदि पाश्चात्य देशहरूमा धेरै छन् । ती नै उन्नतिका शिखरमा पुगेका छन् । हाम्रा कैयौं मानिसहरूले यसो भन्ने गरेको सुनिन्छ । तर गम्भीर भावले बाह्य चकाचौंधको प्रभावमा नपरेर विचार गर्यौं भने थाहा पाउन सक्छौं– अमेरिकामा प्रतिव्यक्ति वार्षिक आय ५,००० छ । हामीकहाँ त्यति आय सम्भवतः २।४ मानिसहरूको पनि होला-नहोला । तर यस्तो स्थितिमा पनि आज त्यहाँ प्रत्येक १८ सेकेन्ड- (मिनट वा घण्टा होइन) -मा हत्या या चोरीको अपराध हुने गर्दछ । जहाँ प्रत्येक मानिसको वार्षिक आय ५,००० छ, वहाँ अपराधहरूको संख्या पनि पाँच हजार प्रतिदिन हुन्छ । उनीहरू पुनर्जन्म मान्दैनन् र ऋणानु-बन्धन पनि स्वीकार गर्दैनन् । यसकारण विवाहको पवित्र सम्बन्धबारे त्यहाँ कसैको ध्यान जाने कुरा नै भएन । यसै कारण सम्बन्ध-विच्छेदका घटनाहरू प्रतिदिन बढ्दै गइरहेका छन् । यस परि-स्थितिमा त्यहाँका विचारशील व्यक्तिहरू पनि भित्रैदेखि चिन्तित छन् । कर्मफल अर्को जन्ममा भोग्नुपर्ने कुराको मान्यता नभएकोले धेरैजसो मानिसहरू दुःखनिवृत्तिका लागि आत्महत्याको आश्रय लिन्छन् । आत्महत्याका तथ्याङ्कहरू झस्काउने खालका छन् । एकजना विद्वान् महानुभावले मलाई आजभन्दा ११ वर्ष पहिले अगस्त, सितम्बर या अक्टूबर १९६५ को अमेरिकाको प्रसिद्ध समाचारपत्र 'न्यूयार्क टाइम्स'- मा प्रकाशित एक सर्भे-रिपोर्टको विषयमा सुनाउनुभयो । केही बेरका लागि मेरा खुलेका आँखासामु अन्धकार छायो । त्यस रिपोर्टमा भनिएको थियो– प्रतिवर्ष बीस हजार अमेरिकीहरू आत्महत्या गर्दछन् । यसै सर्भे-रिपोर्टबाट अमेरिकामा चिन्ता व्याप्त भएको छ । रिपोर्टमा भनिएको छ– मृत्युका धेरै यस्ता मामलाहरू जसलाई आत्महत्या मान्न सकिंदैन, वस्तुतः ती मामलाहरू आत्महत्या सिवाय अरू केही होइनन् । उक्त रिपोर्टअनुसार आत्महत्याका केही कारणहरू छन् । कुन महीनामा सबभन्दा धेरै मानिसहरू मर्दछन् ? अमेरिकी सर्भे-विभागको प्रतिवेदनअनुसार अर्वाधिक आत्महत्या डिसेम्बर महीनामा खास गरी क्रिसमसका दिनहरूमा हुने गर्दछन् । यो ठूलो आश्चर्यको कुरा हो– क्रिसमस त अंग्रेजहरूको खुशीको पर्व हो, खुशीका दिनहरू-मा पनि मर्छन्, किन ? कारण यो हो– यस महिनामा अमेरिकीहरू आफ्ना वर्षभरका कार्यहरूको

सिंहावलोकान गर्दछन् । वर्षभरमा के गरियो ? कति सफलता र कति विफलता हात लागे ? कति आर्थिक कठिनाइ भयो र कति सुविधाहरू जुटे ? व्यापारमा कति लाभ या हानि भयो ? – इत्यादि लेखाजोखा गर्दछन् । ती भौतिकवादी हुन्, 'खाऊ, पिऊ, मोज गर, कहिले मरिने हो के ठेगान ।' यस्ता उद्देश्य राखेर ती जिउँछन् । अधिकांश मानिसहरू आपना भौतिकवादी उद्देश्यहरूमा निष्फल र निराश हुन्छन् । कतिपय मानिसहरूका बाहिरिया देखावटी मित्रहरू यहाँसम्म कि पत्नीहरू समेत उनीहरूलाई छाडिदिन्छन् । तिनीहरू यस्ता मानिसछेउ पुग्न बाध्य हुन्छन् जो सम्पन्न र सुख-सुविधाशाली छन् । अधिकांश अमेरिकीहरू यसै निराशा र एकाकीपनबाट त्रस्त भएर आत्महत्या गर्ने गर्छन् । प्रधान कारण त यही हो, तर यसका केही अन्य कारणहरू पनि छन्, जस्तै–

(१) आफ्नो अस्तित्वमा अविश्वास– आत्महत्याका मानसिक रोगीहरू जीवनलाई क्षणिक, उद्देश्यशून्य र व्यर्थ मान्दछन् । उनीहरूको धारणाअनुसार सांसारिक परिस्थितिहरू उनीहरूलाई सजिलैसित परास्त गरेर माटोमा मिलाउन सक्छन् । स्वयं उनीहरूको स्वतन्त्र अस्तित्व हुँदैन । मनुष्य भाग्यका हातको खिलौना हो । यस अविश्वासले उनीहरूलाई कातर बनाएको हुन्छ ।

(२) उत्साहभङ्ग– त्यस्ता मानिसहरूको उत्साह अलिकति विरोधी परिस्थितिले पनि भङ्ग हुन्छ । पहिले त उनीहरूको प्रयास नै गतिलो हुँदैन, अनि उनीहरूसँग धैर्य-धारण गर्ने क्षमता पनि हुँदैन । व्यर्थका कारणहरूलाई आफ्ना असफलताहरूसित गाँसिदिन्छन् । तर वास्तवमा कोशिशको कमी नै उनीहरूको असफलताको मुख्य कारण हुन्छ । ३२५

(३) घरायसी झमेला– आइमाईका आपसी झगडा, सासू-बुहारीहरूका कलहहरू, बाबु-छोराका मतभेदहरू, नशाबाजी, कामलोलुपता, मनोविकारले सजिलैसित विचलित हुनु, स्नायविक तथा मानसिक विकार, छोरा-छोरीको वैवाहिक चिन्ता, छोराको उचित जीविकासम्बन्धी चिन्ता, धेरै सन्तान र सामाजिक रूढिहरू पनि आत्महत्याका कारण बन्दछन् ।

(४) आर्थिक कठिनाइहरू– आजको चर्को खर्च, बाहिरिया ठिपटप फेशनपरस्ती र मिथ्या प्रदर्शनका लागि निकै आय आवश्यक हुन्छ, त्यसको पूर्ति हुन पाउँदैन । मिथ्या आवश्यकताहरूको पूर्ति नहुनाले चिन्ता बढ्छ, जीवन भारी बन्न थाल्दछ ।

(५) मानसिक तनाव– मनलाई चिन्तित राख्नु, तुच्छ विषयहरूका बारेमा व्यर्थ चिन्ता गर्नु, मस्तिष्कलाई सङ्घर्ष र अन्तर्द्वन्द्वले भरिराख्नु, यी कारणहरू जीवनलाई अशान्त र अस्थिर बनाउँछन् ।

(६) मदिरा, मादक औखती आदिको सेवन गर्ने व्यसन– आफ्ना चिन्ता र दुःखलाई बिर्सन मानिसहरू नशालु औखतीहरूको खूब सेवन गर्दछन् । यसले गर्दा दिमागमा गर्मी पैदा हुन्छ र तिनीहरू उत्तेजनावश एक थोकको ठाउँमा अर्को थोक गर्न पुग्छन् ।

(७) ईश्वर र परलोकमा अविश्वास– भौतिक सुविधाको चाहना तथा असन्तोषका सबभन्दा प्रमुख कारण हुन्– ईश्वर र परलोकमा अविश्वास, जीवनमा केवल सुख–सुविधाहरूको चाहना र आफ्नो प्रत्येक परिस्थितिमा नित्य असन्तोष ।

अनिवार्य परिणाम– तर हिन्दू-संस्कृति बारम्बार स्पष्ट शब्दमा प्रेरणा दिन्छ (तर त्यस प्रेरणालाई हामी टेरौं तब न !)– तिमी शक्तिकेन्द्र हौ । त्यसैले उपर्युक्त कुनै पनि निराशाजनक कारणहरू तिम्रो मनमा उत्पन्न भएमा तुरुन्त सावधान हुनुपर्दछ । कसलाई थाहा हुन्छ– कहिले त्यस विषाक्त स्थितिले आत्महत्याको रूप धारण गर्दछ !

प्रातःकालमा शान्तिपूर्वक बसेर निम्नलिखित विचारलाई बारम्बार चिन्तन गर्दै त्यसलाई आफ्नो गुप्त (Sub-Consious) मनमा स्थापना गर– 'अहमिन्द्रो न परा जिग्ये' (ऋग्वेद १०।४८।५), अर्थात् म शक्तिको केन्द्र हुँ । जीवनमा कहीं पनि मेरो पराजय हुन सक्तैन । म सानातिना चिन्ताबाट कहिल्यै डराउने वा मार्गच्युत हुने मानिस हैन । म विकट प्रसङ्गको बेलामा कहिल्यै पराजित हुन्नँ । विपत्तिहरू आँधिबेरी झैं आउँछन्, जान्छन् । म आँधीबेरीमा पनि अविचलित रहने अडिग चट्टान हुँ । विकट प्रसङ्ग या विपत्तिबाट मेरो केही बिग्रने होइन । यो मेरो परीक्षा लिन आउँछ, तर म कहिल्यै पनि परास्त हुन्नँ ।

'मेरो आत्मविश्वास महान् छ । त्यो कहिल्यै साधारण अभाव र सानातिना विपत्तिबाट अस्तव्यस्त हुँदैन । मङ्गलमय प्रभुको महान् शक्तिमा अखण्ड विश्वास राख्दछु । प्रभुको शक्ति सदा मेरो साथ छ । त्यो सदा कवच झैं मेरो सहायता गर्छ । म मेरा समस्याहरूदेखि कहिल्यै आत्तिन्नँ । एक-एक गरेर तिनको समाधान गर्न युक्ति सोच्छु, समस्याहरूको विवेकपूर्ण समाधान पत्ता लगाउँछु ।'

'मेरो जीवन सुरक्षित छ । ईश्वरको महान् सामर्थ्य शनैःशनैः ममा व्यक्त भैरहेको छ । वीरात्मा झैं म समस्त विपत्तिहरूको सामना गर्नेछु ।'

दिनहुँ यस सङ्कल्पको सिंहगर्जना गर्ने गर । बिहान र बेलुका शयन गर्ने बेला व्यक्त गरिने यी अमृतमय शक्तिदायक विचारहरूबाट तिम्रो आत्मविश्वास दृढ हुँदै जानेछ । आत्मविश्वासको सम्बर्द्धन सधैं गरिराख । तिम्रो आत्मविश्वासले तिमीलाई समस्त विपत्ति, भय र शोकबाट जोगाइराख्नेछ । आफ्ना योग्यता, विशेष गुण र साहसहरूको विषयमा बुद्धिमान् मानिसले सदा चिन्तन गर्नुपर्दछ ।

आकाशमा जसरी काला बादल धेरै बेरसम्म टिक्दैनन्, त्यसरी नै जीवनका समस्यामूलक चिन्ताहरू पनि क्षणिक छन् । जुन मानिसको मङ्गलमय ईश्वरमा विश्वास हुन्छ, त्यसको जीवन नाना प्रकारका क्लेश, अविद्या, राग, द्वेष र चिन्ताहरूबाट मुक्त रहन्छ । आफैं विचार गर –

जीवनमा कष्ट कसलाई छैन ? को रोगी हुँदैन ? कसलाई चिन्ताले सताउँदैन ? रोग, शोक र मृत्यु कसलाई छुँदैन ? विचार गर्ने हो भने यस्ता झमेलाहरू हरेकलाई छन् । तिमी मात्र किन आत्तिन्छौ ? कुरा राम्ररी बुझ- साहसी पुरुषहरू त्यस्ता कुराको परवाह गर्दैनन् । तिनीहरू मनमा धैर्य र उन्नतिका लागि सत्प्रयत्न गरिरहन्छन् । उज्ज्वल भविष्यको बाटो हेर्नु र त्यसका लागि सदा प्रयत्नशील हुनु नै विकट प्रसङ्गहरूलाई पन्छाउने अमोघ उपाय हो ।

भय, कायरता र पराजयको अवाञ्छनीय विचार मनमा आउँदा तिनको विपरीत साहस, हिम्मत, वीरता र सङ्घर्षमा विजयी हुने विचारहरूलाई मनमा ल्याएर प्रतिकूल परिस्थितिलाई पन्छ्याउनु पर्दछ । शान्तिपूर्वक प्रभुको प्रार्थना गर –

ॐ भद्रं कर्णेभिः शृणुयाम देवाः भद्रं पश्येमाक्षभिर्यजत्राः ।
स्थिरैरङ्गैस्तुष्टुवान् सस्तनूभिर्व्यशेम हि देवहितं यदायुः ।।
स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः ।
स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु।। ॐ शान्तिः शान्तिः शान्तिः ।

'हे देवगण ! हामी कानहरूले मङ्गलमय वचन सुनौं र आँखाहरूले सधैं कल्याण मात्र देखौं । हाम्रो शरीर र शरीरका अवयवहरू पुष्ट बनून् । फलस्वरूप हामीहरू ईश्वरीय कार्य सम्पन्न गर्न सकौं ।'

'हे देवगण ! यशस्वी इन्द्र हाम्रो कल्याण गरून् । अनिष्टनाशक र अनिष्टनिवारक तार्क्ष्य र बृहस्पति हाम्रो मङ्गल गरून् । हामी शान्त रहौं र हाम्रो चारैतिर शान्ति रहोस् । हामी शान्ति-पूर्वक हाम्रा समस्याहरूको समाधान गर्न स्वस्थ चित्तले लागिरहौं ।'

त्यसकारण सधैंभरि यो पक्कापक्की गरी राख– 'जीवन बहुमूल्य छ, सङ्घर्ष र निरन्तर उन्नतिका लागि यसको रचना भएको छ ।' भय-कातरताका विचारहरू तिम्रो शोभा कुनै तरहले पनि बढाउने छैनन् । भनिएको पनि छ–उत्क्रामातः पुरुष माव पत्थ ।–अथर्ववेद ८।७।४

अर्थात् सदा माथि उठ्ने कुरा गर; तल खस्ने कुरा न कहिल्यै सोच, न कहिल्यै खस ।

प्रिय पाठकहरू ! जीवनरूपी यस सङ्घर्षमा निराशा र पराजयका होइन आशा र सफलता-का भावना सदा अँगालिराख । अहिलेको पटक म सफलतातर्फ अगाडि बढ्दै छु । भविष्यमा मेरो शतप्रतिशत सफलता निश्चित छ । यस्तै प्रबल भावनालाई मनमा भर्दै गर । सदा उन्नतिको विचार

गर। अवनतिका विचारहरूलाई बिर्सेर पनि मनामा आउन नदेऊ। पतन गराउने विचारहरूको परि त्याग गरेर जीवनलाई उत्तरोत्तर माथि उठाउने पुष्ट विचार र सत्कार्यहरूलाई अँगाल। जीवनको कुनै पनि क्षेत्रमा शिथिलता र अनुत्साह ठीक छैन। याद गर– अकर्मण्यता र निराशा एक प्रकारको नास्तिकता हो।

यस संसार-सागरमा उद्योगी पुरुषहरू पार पुग्छन्। पुरुषार्थीहीन व्यक्तिहरूको नाउ बीचमै डुब्दछ। जहिलेसम्म जीवित रहन्छौ तिमी आफ्नो मनमा स्वस्थ र पूर्ण आनन्दका कल्पनाहरूलाई भरिराख। उत्साही र आशावादी व्यक्तिहरूको सङ्गत गर। जो तिमीलाई कातर बनाउँछन् र भविष्यलाई निराशाजनक बनाउँछन्, तो कायरहरूबाट टाढै बस। धर्ममा पूर्ण आस्था राख। तिम्रो यस जीवनको पुण्यले तिम्रो अर्को जन्मलाई सुधार्ने छ। ईश्वर सदा तिमीसित छ, ईश्वरको मुरी-मुरी प्रशंसा गर, जो धर्ममा दृढ छन्, तिमी पनि त्यस्तै साहसी बन। यसरी दीर्घजीवी र स्वस्थ बन, अनि आत्मगौरव प्राप्त गर।

यी कुराहरू तिमीलाई सिकाउन केवल हिन्दू-संस्कृति समर्थ छ। संसारको अरू कुनै पनि संस्कृतिमा जीवनलाई यसरी आशावादी बनाउने र ठोस आधार दिने सदुपदेशहरू तिमी पाउने छैनौ। आफै विचार गर– जीवनमा सुख र शान्तिको आधार धन हुँदो हो त आज पाश्चात्य देशहरूमा यो स्थिति हुने थिएन। जहाँ प्रतिव्यक्ति वार्षिक आय ५००० छ, त्यहाँ प्रतिदिन चार सय त मोटर मात्र चोरिन्छन् भन्ने सुनिन्छ।

यसप्रकार सुखी जीवनको आधार धन होइन, अनि भोगसामग्रीको विपुलता पनि होइन त्यसरी नै वैभव र ऐश-आराम पनि होइन। सुख-शान्तिमय जीवन बिताउने हो भने ईश्वरमा श्रद्धा हुनुपर्छ। ईश्वर छन् र पक्कै छन्। उनैले नै आफूभित्रबाट यस संसारको सृष्टि गरेका हुन्। उनी नै संसारको भरण-पोषण र रक्षण गरिरहेका छन्। अर्को कुरा यो छ– धर्ममा आस्था राख्दै त्यसै धर्मद्वारा पाप र पुण्यको बाटो चिन्नुपर्छ। पापको मार्ग छाडेर पुण्यको मार्गमा बढ्नुपर्छ। कर्मको सिद्धान्तलाई अकाट्य स्वीकार गर्नुपर्दछ। करोडौं कल्प बिते पनि शुभाशुभ कर्महरूको फल भावी जीवनमा भोग्नैपर्दछ। यस कुरामा श्रद्धा राख्नुपर्दछ–

अवश्यमेव भोक्तव्यं कृतं कर्म शुभाशुभम्।
नाऽभुक्तं क्षीयते कर्म कल्पकोटिशतैरपि॥

आजको मानव-जीवन भोगप्रधान बन्न पुगेको छ। त्यसकारण प्रत्येक मानिस सर्वप्रथम भोगका साधनमा नै दृष्टि लगाउँछ। यसैको फलस्वरूप अपराधहरू हुने गर्दछन्। आजको संसारमा प्रतिपल बढिरहेको अपराधलाई रोक्नु छ भने जीवनलाई त्यागप्रधान बनाउनुपर्छ। मनुष्यको कदर उसको त्यागभावको आधारमा हुनुपर्दछ, भोगका सामग्रीको अनुपातमा हैन। निकट-

भविष्यमा तिम्रो पाश्चात्य सभ्यता पक्कै यतापट्टि झुक्नेछ । तब शायद तिमी नै सबभन्दा पहिले उनका कुरामा सही थाप्नेछौ ।

अब हामी हेर्न चाहन्छौं– हाम्रो कर्तव्य के हो ? आज हामी अनिवार्य रूपमा भोगप्रधान मानिसहरूको संसर्गमा परेका छौं । आजभन्दा ४०–५० वर्ष पहिलेसम्म पनि भौतिकताको यतिको ठूलो प्रभाव थिएन । प्रसिद्ध उपन्यासकार श्री एच. जी. वेल्सले आफ्नो इतिहासको रूपरेखा Outline of History अर्थात् 'जीवन र मानव-जातिको विकासको विषयमा प्रारम्भिक सृष्टि-को इतिहास' नामक पुस्तक प्रकाशित गरेका छन् । त्यो प्रकाशित भएपछि हाम्रा युवकहरूमा भौतिक-वादको सङ्ग र रङ्ग निकै बढ्दै गएको छ । विज्ञान, इतिहास र भूगोलका पाठ्यपुस्तकहरूमा पनि उक्त पुस्तककै आधारमा भौतिक विज्ञानको प्रतिपादन गरिएको छ र यो क्रम प्राथमिक पाठशाला-हरूदेखि नै चालु गरिएको छ । यसकारण नै हाम्रा संस्कृति र धर्मग्रन्थहरूदेखि अनभिज्ञ हाम्रो युवा समाज ईश्वर र धर्ममा श्रद्धा राख्दैन । धार्मिक विधानबाट उसको विश्वास बिस्तार-बिस्तार हट्दै गइरहेको छ र आत्माको अमरतालाई पनि ऊ मान्दैन । यसै कारण वर्तमान जीवनपछि अर्को जन्म लिनुपर्छ भन्ने कुराबाट पनि उसको विश्वास हट्दै गइरहेको छ । अतएव उसको जीवनको ध्येय केवल यति रहन गएको छ– वर्तमान जीवन कसरी सुखले बिताउने ? त्यसै कारण शरीरलाई बढीभन्दा बढी सुख पुऱ्याउने प्रयासमा नै जीवन बिताउँछन् र बिताउने सल्लाह दिन्छन्– 'जब-सम्म जीवन छ, तबसम्म खूब मोजमज्जा गर । ऋण काढेर, भ्रष्टाचार गरेर वा जसरी हुन्छ भोग-का सामग्रीहरूको संकलन गर । शरीर-नाश भएपछिको ऋण वा कुकर्मको चिन्ता किन ? शरीर नष्ट भएपछि के हुन्छ भन्ने कुरा कसलाई थाहा छ र ? यस कारण खाऊ, पिऊ र मोज गर ।' यही सिद्धान्त आजको अधिकांश आफूलाई शिक्षित ठान्ने र आधुनिक मान्ने हाम्रो समाज निकै शानसित भनिरहेको छ ।

ईश्वरले मानवको संरचना नै यसरी गरेका छन् कि त्यसमाथि सङ्गतको प्रभाव छिटो पर्दछ । यसमा पनि सत्संगको प्रभाव विलम्बले पर्दछ भने कुसङ्गतको प्रभाव निकै छिटो पर्दछ, किनकि प्रकृतिको स्वभाव नै अधोगामी छ । त्यसकारण पाश्चात्य सभ्यताका अनुयायीहरूको सङ्गतको प्रभाव हाम्रो समाजमा पनि पर्दै छ, फलस्वरूप यी सारा पापहरू हाम्रो समाजमा पसि-सकेका छन् । आज हामी पनि उनीहरूले गरे जस्तै पाप गर्न डराउँदैनौं । ढाँट्नु, विश्वासघात गर्नु, चोर्नु, हिंसा, व्यभिचार, अनाचार र दुराचारद्वारा आफूलाई भ्रष्ट तुल्याएर पनि आफ्नो प्रगतिशील आधुनिकताको अभियानले छोइनसक्नु छौं । मानिस मानिसको विश्वास गर्दैन भने राष्ट्रहरूमा पारस्परिक विश्वास कसरी हुने ? बलवान् निर्बललाई सताउँछ र मानिस नीति र धर्मको बाटो छाडेर अनीति र अधर्मको बाटो अँगाल्दै छ । मानिसले लौकिक उन्नति र विषयसुखलाई आफ्नो जीवनको ध्येय बनाएको छ । त्यसको प्राप्तिका लागि मरीमेटी परिश्रम गरिरहेको छ । फलतः विलासिता र विषयलोलुपता बढ्दै गइरहेको छ । यसैले इन्द्रियहरूलाई तृप्त पार्न र शरीरलाई आराम

पुऱ्याउन भक्ष्याभक्ष्यको विचार पनि छाड्दै गइरहेको छ । परपीडा ठीक छैन भन्ने विचार पनि देखिदैन । पठित युवासमाजमा धर्मशास्त्रहरूप्रतिको विश्वास नहुनाले र पाश्चात्य सभ्यताको अन्धानुकरणले गर्दा सामूहिक प्रीतिभोज, शुद्धाशुद्ध र भक्ष्याभक्ष्यको विषयमा अविवेक, उच्छृङ्खलता, सगोत्र-विवाह, अन्तर्जातीय विवाह, रजस्वला-धर्मको उल्लंघन, भ्रूणहत्या आदि अनेक नराम्रा संस्कार हाम्रो शिक्षित समाजले अँगाल्न थालेको छ ।

अतएव यदि सुख र शान्तिको इच्छा छ भने तिमी अन्धानुकरण गर्न छाडिदेऊ । जबसम्म धर्म र ईश्वरमा विश्वास हुँदैन, परलोक र पुनर्जन्मलाई स्वीकार गरिँदैन र कर्मफल भोग्नका लागि अनेक जन्म लिनुपर्छ भन्ने सिद्धान्त मानिँदैन, तबसम्म सुख र शान्तिको आशा गर्नु मृगमरीचिकाबाट प्यास मेटाउने कुरा जस्तै हुन जानेछ । ऋषि-मुनिहरूद्वारा निर्दिष्ट मार्गको अनुसरण गर्नु नै सुख र शान्तिको साँचो हो । व्यासजीले 'महाभारत'-मा भन्नुभएको छ–

न जातु कामान्न भयान्न लोभाद् धर्मं त्यजेज्जीवितस्याऽपि हेतोः ।
धर्मो नित्यः सुखदुःखे त्वनित्ये जीवो नित्यो हेतुरस्य त्वनित्यः ।।

कामनाहरूको तृप्तिका लागि, कसैको डरले वा कुनै वस्तुको प्राप्तिका लागि र आफ्नो प्राणरक्षाका लागि पनि धर्मको त्याग गर्न हुँदैन, किनकि धर्म नित्य छ । अतएव त्यो सदा तिम्रो साथ रहनेछ । सुख र दुःख अनित्य छन्, भोगप्रदान गरेपछि आफै शान्त हुन्छन् । जीव नित्य छ, तर उसले प्राप्त गरेको संसार अनित्य छ, किनकि त्यो संसार प्रत्येक देहसित फरक-फरक रूपमा सम्बद्ध हुन्छ । शास्त्रमा सत्य भनिएको छ –मतयो यत्र गच्छन्ति तत्र गच्छन्ति वानराः ।
शास्त्राणि यत्र गच्छन्ति तत्र गच्छन्ति ते नराः।।

जो कर्तव्याकर्तव्यको निर्णय गर्दा शास्त्रको आज्ञालाई पालन गर्दछन्, ती नै वास्तविक अर्थमा मनुष्य हुन्, तिनीहरू नै मानिस कहलाउन योग्य छन्, अरू चाहिं डार्बिन साहबका क्रमविकासवादी हुन् ।

वर्णव्यवस्थाको वैज्ञानिकता

अँ त, हामीहरू हिन्दू-संस्कृतिको विशेषताबारे विचार गर्दै थियौं । हिन्दूधर्मको वर्णाश्रम-व्यवस्था पनि वैज्ञानिक विशेषता हो । समाज-व्यवस्था अर्थात् जन्मगत वर्णभेद वैदिककालीन हो, अर्वाचीन होइन । वंशगत प्रभाव (Heredity) र पारिपार्श्विक अवस्था (Environment) मा कुनचाहिं मुख्य हो ? यस कुरालाई लिएर तर्क गर्न सकिने भए पनि वर्णाश्रमव्यवस्थामा जन्मद्वारा जाति र व्यवसाय पहिलेदेखि नै निश्चित हुन्छ । पारिपार्श्विक अवस्थाको उन्नति गरेर सानो अमलाको दानालाई ठूलो बनाउन सकिन्छ, तर अमलाको रूखबाट बम्बई

आँप पैदा गर्न सकिँदैन, गधाबाट घोडा जन्माउन सकिँदैन र बबूलका रूखका काँडाहरूलाई लुप्त गरे पनि त्यसलाई श्रीखण्डमा परिणत गर्न सकिँदैन । वर्णाश्रम-व्यवस्थामा वंशगत प्रभाव र पारिपार्श्विकताको अपूर्व समन्वय छ । विभिन्न वर्णका कर्महरूको बाँडफाँट भएको छ । उनी-हरूमा कुनै किसिमको प्रतियोगिता छैन । समाजको दृष्टिमा एउटै वर्णभित्रका धनी र गरीब समान हुन्छन् । प्रत्येक सामाजिकको व्यक्तित्वलाई स्वाभाविक रूपले उन्नत बनाउन सकिन्छ । वंशानुक्रमबाट वृत्तिनिश्चय गरिने हुँदा एकतर्फ सामाजिक शान्ति थियो, अर्कातर्फ कर्मकौशलमा पनि पर्याप्त वृद्धि भएको थियो ।

चातुर्वर्ण्य-व्यवस्था वैदिक हो । वेदमा ब्राह्मण, क्षत्रिय, वैश्य शुद्र र अन्यान्य जाति-हरूको उल्लेख भएको छ । 'पञ्चजन' शब्दको अर्थ हो निषाद-पञ्चम । अर्थात् वर्णबाह्य या हरिजन त्यसबेला पनि थिए ।

व्यक्तिविशेषका गुण र कर्महरूद्वारा जाति-निर्णय असम्भव छ । वर्णाश्रम-मर्यादामा यो परम्परा कहिल्यै पनि थिएन । शूद्रको सन्तान वैश्य, क्षत्रिय या ब्राह्मण बनेको अथवा वैश्यको सन्तान क्षत्रिय या ब्राह्मण बन्न पुगेको कुरा हिन्दूधर्मको इतिहासमा कहीं पनि फेला पर्दैन । निश्चय नै सत्ययुगमा कुनै विशेष कारणले गर्दा अथवा तपस्याको बलले त्यसै जन्ममा क्षत्रिय पनि ब्राह्मण बनेका थिए ।

विवाह-विच्छेद र पत्यन्तरग्रहणको एउटा उदाहरण पनि वर्णाश्रमको इतिहास वा साहित्यमा पाइँदैन । सती नारी वर्णाश्रम-समाजको एक प्रमुख विशेषता हो । हिन्दू-समाजमा पति र पत्नीको मन्त्र-विवाह हुन्छ । पति-पत्नीको सम्बन्ध केवल दैहिक भोगका लागि हुँदैन । त्यो सम्बन्ध त सदाका लागि र जन्म-जन्मान्तरका अनन्त भूमासुखका लागि बनेको हुन्छ । स्वयं जगज्जननी मूलप्रकृति नै आमा, स्वास्नी, बहिनी, कन्या र पुत्रवधूका रूपमा हाम्रा घरमा लीला गर्दछिन् । यसरी वर्णाश्रमका नैतिक आदर्शहरू संसारमा सर्वश्रेष्ठ छन् ।

हामीहरू हिन्दू-संस्कृतिका विशेषताको विषयमा चिन्तन गर्दै थियौं । दुःखको विषय हो-आज संसारमा धर्म र संस्कृतिका नयाँ नयाँ परिभाषाहरू बनाइँदै छन् । कहीं-कहीं त ती परिभाषा-हरूले धर्म र संस्कृतिका मौलिक रूपलाई नै ढाक्न शुरू गरेका छन् । तर सत्यलाई ढाक-छोप गर्न गाह्रै पर्छ । संस्कृति शब्दको वास्तविक परिभाषाको विषयमा विचार गर्ने हो भने जुनसुकै देशको भाषा, वेश, खान-पान र चरित्रबाट पनि त्यसको संस्कृतिको ज्ञान हुन्छ । अर्थात् उक्त कुराहरूबाट मानिसको हृदयमा जे संस्कार बस्दछन् तो संस्कार नै त्यसका संस्कृति हुन् । अतः यी चारवटाको समूहलाई नै संस्कृति भन्दछन् । यिनै कुरामा हामीले विचार गर्नु छ–

(१) भाषा र साहित्य– हिन्दू-संस्कृतिअनुसार सृष्टिको आदिमा ब्रह्माजीको उत्पत्ति भयो र ब्रह्माजीबाट वेदहरू प्रकट भए । वेदको भाषा संस्कृत हो । सृष्टिको आदिमा ब्रह्मादि देवताहरूबाट उत्पन्न भएकोले संस्कृत 'देवभाषा' भनियो र संस्कृत लिपिलाई 'देव-

नागरी'-को संज्ञा दिइयो । संस्कृतभाषाका अनेक विशेषताहरू छन् । संस्कृतमा साधारणतया धातुका १८० रूप बन्दछन् । यतिका रूप अंग्रेजी, उर्दू आदि कुनै पनि भाषामा बन्दैनन् । संस्कृत-वर्णमालामा स्वर र व्यञ्जन मिलाएर ५० अक्षर छन् जो अति विज्ञानसङ्गत र सुसमीचीन रूपमा श्रेणीबद्ध छन् । प्रत्येक ध्वनिको उच्चारण केवल यसै भाषामा सम्भव छ, जस्तो लेखिन्छ त्यस्तै उच्चारण गरिन्छ । यो संस्कृतिको आफ्नै विशेषता हो । संस्कृतमा एकवचन, द्विवचन र बहुवचन गरी तीन वचन हुन्छन् भने अरू भाषामा एकवचन र बहुबचन मात्र हुन्छन् । संस्कृतमा पुंलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग हुन्छन् भने अरू भाषाहरूमा लिङ्गका एक अथवा दुई भेद मात्र मानिएका छन् । अर्थात् अन्यत्र द्विवचन र नपुंसकलिङ्गको अलग भेद स्वीकार गरिएको छैन । संस्कृतका यी मौलिकतालाई आधुनिक व्यवहारमा उपयोगी नहुनाले व्यर्थ मानेर हटाइदिने युक्ति र कुनै पनि देशका सुरक्षाका सैन्य र युद्धोपकरणहरूलाई सदा व्यवहारमा प्रयोगमा नआउने भनी (सैकडौं वर्षपछि मात्र युद्धका अवसर आउने हुनाले) हटाउने युक्ति बराबर छन् । स्वयं विचार गर, यसमा अन्तर कत्ति पनि छैन । यी कुरा बाहेक भाषिक सौन्दर्य, लालित्य, व्याकरणको पूर्णता र अलौकिकता आदि गुण संस्कृत-भाषामा छन्, जो अन्यत्र पाइँदैनन् । तिमीहरूलाई थाहा नै होला 'सेमिटिक वर्णमाला' पूर्ण छैन र मनोमानी ढङ्गले उच्चारण गरिन्छ । हिब्रू भाषामा स्वर-वर्ण प्रायः छँदैथिएनन् । ग्रीकभाषामा २४ अक्षर मात्र थिए, आज दुई हजार वर्षपछि पनि अंग्रेजीमा जम्मा २६ अक्षर छन्, कुनै खास उन्नति हुन सकेको छैन । चीन आदि देशहरूमा वर्णमाला नै छैन । चित्रहरूद्वारा शब्दका भाव साङ्केतिक रूपमा व्यक्त गरिन्छन् । संस्कृत-व्याकरण पनि वैज्ञानिक रीतिले गठित छ । 'पाणिनीय व्याकरण' संसारमा सर्वश्रेष्ठ व्याकरण हो ।

(२) हिन्दू साहित्य– सुविशाल वैदिक साहित्य १,१३१ शाखाहरूमा विभक्त थियो । वेद-संहिता र उपनिषद्हरू ब्रह्मविद्याका मूल हुन् । ब्रह्मचर्य र मेधाको बलले ब्राह्मणहरूले आजसम्म चारै वेदलाई कण्ठस्थ गरिराखेका छन् । 'शतावधानी पुरुष' आज पनि हिन्दूधर्ममा पाइन्छन् । स्मृतिशक्तिको उन्नति जति हिन्दू-संस्कृतिमा भयो त्यति अन्यत्र कतै हुन सकेन ।

एक लाख श्लोकहरूको पुञ्ज 'महाभारत' संसारमा सर्वोत्कृष्ट र वृहत्तम धर्मग्रन्थ हो । स्कन्दपुराणका ८१,००० श्लोक र पद्मपुराणका ५५,००० श्लोकले हिन्दू-वाङ्मयमा क्रमशः दोस्रो र तेस्रो स्थान ओगटेका छन् । संस्कृतभाषामा रचित प्रायः १,००० महाकाव्यहरूका नाम आज पनि सुनिन्छन् । प्रत्येक वर्ष लेखिँदै पनि छन् । यी सारा कुरा हुँदा-हुँदै पनि हाम्रा पढे-लेखेका शिक्षित आधुनिक युवकहरूले 'हामी पाषाणयुगका गुफावासी असभ्यहरूका सन्तान हौं' भनेको र मानेको सुन्दा मेरा आँखामा सहसा दुःखका आँसु भरिन्छन्, रोक्न खोज्दा पनि रोकिन्नन् । तिमी कसका वंशज हौ, आफूलाई चिन !!!

तिमीहरूलाई थाहा भएकै कुरा हो–अंग्रेजीभाषामा केवल एउटा मिल्टननिर्मित 'पाराडाइज लस्ट' (Paradise Lost) महाकाव्य छ । त्यो पनि केवल तीन सय वर्ष-

पहिले लेखिएको हो। त्यसको कथा (Old Testament) को स्रोत 'आदम र हौवा (Eve)' काल्पनिक सेमिटिक कहानी हो। पाश्चात्य सभ्यतामा थोरै महापुरुष र महाकवि पैदा भएका छन्। महाकवि कालिदासले संस्कृतभाषामा श्रेष्ठ दृश्यकाव्य 'अभिज्ञानशाकुन्तलम्' र महाकाव्य 'रघुवंश'-को प्रणयन गरेका छन्। अर्थात् कालिदास विश्वको श्रेष्ठ भाषाका श्रेष्ठ कवि हुन्। स्मरणीय कुरा छ- इसापूर्व सप्तम शताब्दीमा ग्रीस देशमा लिपिको व्यवहार नै थिएन। प्लेटो र अरस्तूको समयमा पनि ग्रीक व्याकरणमा विशेष्य र क्रियापद मात्र थिए। सर्वनाम र कारकको विशेषतालाई ग्रीकहरूले धेरै पछि मात्र थाहा पाए।

(३) आहार र शौचाचार– आहार र शौचाचार पनि हाम्रो संस्कृतिका प्रधान अङ्ग हुन्। भनिएको पनि छ- आहारशुद्धौ सत्त्वशुद्धिः। सत्त्वशुद्धौ ध्रुवा स्मृतिः (छा.उ.)। शास्त्रको आदेश छ–आहार सात्त्विक, शुद्ध र मेध्य हुनुपर्दछ। हिन्दू-संस्कृतिले पाकशालालाई पनि यज्ञशाला मानेको छ। आहार उदरपोषण मात्र नभएर यज्ञमा आहुति हो। स्नानान्तर मन्त्र-पाठपछि पवित्र भावले मौन भएर इष्टमन्त्रको जप गर्दै आहार गर्नुपर्ने विधान छ। भुक्त पदार्थबाट शरीर, मन र बुद्धिको संरचना हुने हुनाले शास्त्रले जो पाइयो उही मानिसको हातबाट बनेको भोजन-लाई निषेध गरेको छ। यसमा घृणाको गन्ध पनि छैन। यसरी आत्मकल्याणका लागि शास्त्रीय आदेश-को परिपालनलाई 'घृणा' भन्ने तिमीलाई कसले, कहिले र किन सिकाएको हो यो बेग्लै प्रश्न हो, जसको उत्तर सम्भवतः तिमी बुझ्न सक्तैनौ। त्यो कुरा घृणा नभएर आत्मरक्षाको कवच मात्र हो। घृणा गर्नु महापाप हो। वर्णाश्रमी सभ्यताभन्दा बाहिरका सभ्यताहरूमा शुचि र अशुचिको धारणासम्म पनि पाइँदैन। सम्भवतः यस विषयको चर्चा पनि तिमी रुचाउँदैनौ। किन ? यो तिमी आफै जान।

हिन्दूजातिको आहार-प्रणाली संसारमा सर्वश्रेष्ठ छ। केही शताब्दीपहिले यूरोपमा साधारण मानिसहरू चिनीको व्यवहार गर्दैनथे, किनकि भारतवर्ष बाहेक अन्यत्र उखुको खेती गरिँदैनथ्यो। आज पनि पाश्चात्य जातिको भोजन मुख्यतः अण्डा, कुखुरा, गाई र सुँगुरको मासु हो। त्यो पकाउने वा पोल्ने गरिन्छ। मसला, नून र मरीचको धूलो त्यसको साथमा हुन्छ। नाना थरीका रक्सी नै तिनीहरूको प्रधान पेय बन्दछन्। यूरोप र अमेरिकामा मसलादार तरकारी या रसदार तरकारी बनाउन मानिस प्रायः जान्दैनन्। घीउ-तेलको व्यवहार नै हुँदैन। त्यसको सट्टा बोसोको व्यवहार गरिन्छ, खिचडी, पुलाउ, दलिया, झोल, अचार, साग, फापर, रोटी, पूरी, कचौडी, निम्की, समोसा, खीर, दही, अमावट, रसबरी, कालाकन्द, पेडा, बरफी, अनारदाना आदि सैकडौं (कहाँ-सम्म लेखौं लेख्दा-लेख्दै मुखमा पानी भरियो) सुस्वादु भोजन पाश्चात्य देशमा अज्ञ अज्ञात छ। चीन, जापान आदि देशहरूमा पनि समुद्री कीरा-फटेंग्रा र भटमास नै प्रसिद्ध भोजन हुन्।

स्वच्छताको विषयमा पनि वर्णाश्रमी जाति सर्वाग्रगण्य छ। ब्राह्मणादिको त्रैकालिक स्नान-सन्ध्या आदि नियमहरू आज पनि धेरै मानिसहरू पालन गर्दछन्। हिन्दू-संस्कृतिदेखि बाहिरका मानिसहरूलाई आज पनि मलत्यागपछि पानी र माटोद्वारा गरिने शौच र लुगा फेर्नुपर्ने कुरा

थाहा छैन, लघुशङ्कापछि गरिने शौचको त कुरा नै नगरौं । भोजनपछि चुठ्ने कुरा त परै जाओस्, एक शताब्दीअघि दाँत माझ्ने प्रथासम्म पाश्चात्य सभ्यतासा थिएन । त्यहाँका होटलहरूमा आज पनि नुहाउने व्यवस्था दुर्लभ छ । बहुधा एउटै टबमा राखिएको साबुनपानीमा धेरै मानिसहरू पालैपालोसँग नुहाउँछन् । त्यहाँ नाङ्गै नुहाउन मानिसहरू लजाउँदैनन् । जापानमा स्त्री र पुरुषहरू एउटै ठाउँमा नाङ्गै नुहाउँछन् ।

यस्तो सबै हुँदाहुँदै पनि हाम्रो शिक्षित युवावर्ग त्यसै सभ्यताको परम अन्धभक्त भएर अत्यन्त तीव्रतासाथ अन्धानुकरण गर्दै आफूलाई परम आधुनिक मानेर भुइँमा खुट्टा टेक्दैन । उसलाई त्यसो गर्नुबाट रोक्न पनि कसले सक्तछ ? तर मेरा परम आधुनिक सीधासादा भाइ हो ! अलि शान्त मनले आफै विचार गर । मेरो विचारमा भौतिक विकाससम्बन्धी वैज्ञानिक ढङ्ग र सामग्रीहरू संग्रह गर्नु योग्य र वाञ्छनीय छ, तर संस्कृति, सभ्यता र धर्म त तिम्रा नै सर्वोत्तम छन् । यसैको अनुसरणमा नै तिम्रो कल्याण छ । यसमा पनि तिम्रो जस्तो इच्छा छ, त्यस्तै गर, तिमी स्वतन्त्र छौ ।

यस प्रकार हामीले थाहा पायौं- वैदिक सनातन धर्म या वर्णाश्रमधर्म अनादिकालदेखि सुप्रतिष्ठित छ र एक किसिमले अजर र अमर छ । राजनीतिक, ऐतिहासिक र ऐहिक-पारलौकिक जुनसुकै दृष्टिकोणबाट हेर्दा पनि यो धर्म संसारमा प्राचीनतम मात्र नभएर सर्वश्रेष्ठ पनि छ । आज पनि हिन्दूधर्ममा सती नारी र ब्रह्मवेत्ता ब्राह्मणहरू छन् । वर्णाश्रमलाई बिगार्नाले मुक्तिको मार्ग सदाका लागि अवरुद्ध हुनेछ । यस कुरालाई बिर्सेर काम चल्नेछैन, यसमा पनि तिम्रो जस्तो इच्छा छ, त्यस्तै गर ।

उक्त आधुनिकताको हिलोबाट बाहिर निस्कनुभन्दा पहिले म हाम्रा आधुनिक सुधार-वादी भाइहरूलाई केही भन्न चाहन्छु । 'अर्तीं र ओखती मीठो हुँदैन' भन्ने उखान पनि छ, क्षमा गर ।

धर्म र संस्कृतिमा सुधार गर्ने उद्देश्यले तिमीले भेदभावको हाउदेखि डराएर वर्णाश्रम-व्यवस्था र पुनर्जन्मजस्ता वैज्ञानिक सत्यको परित्याग गऱ्यौ भने पनि यो भेदभावरूपी पिशाचले तिम्रो पिछा गर्न छाड्ने छैन । किनकि यो सृष्टिको प्रारम्भदेखि नै चलिआएको हो । महात्माहरूले यसलाई कहीं माया र कहीं गुणवैषम्य भनेका छन् र विकासक्रमका लागि यो अनिवार्य नियम हो । यो भेद-भाव अत्यन्त कुशल अभिनेता हो । यो छायामा भूत बनेर तिम्रा पछाडि सदा लागिरहनेछ । तिमीले त्यागे पनि ऊ त्यागिने छैन । यदि तिमी धर्ममा भेदभाव देखेर धर्मलाई त्याग गर्दछौ भने त्यसवेला यो कुनै सम्प्रदायविशेषको रूप लिएर तिम्रो अगाडि आइपुग्नेछ । तिमीले त्यस सम्प्रदाय-विशेषलाई पनि छाडिदियौ भने त्यो कालो-गोरो र आर्य-अनार्य जाति (Races)-को भेषमा तिम्रो सामु आउनेछ । तिमीले रङ्ग र जातिभेदलाई पनि पन्छाइदियौ भने सैद्धान्तिक मतभेदको सुन्दर पोशाकमा त्यसले तिम्रा अगाडि अनेक वादहरू (Isms) को जाल फिंजाउनेछ । त्यसवेला यो 'भेदभाव' कहीं समाजवाद, कहीं पूँजीवाद, कहीं साम्यवाद, कहीं यो वाद र कहीं त्यो वादको

रूप लिई तिमीलाई किंकर्तव्यविमूढ तुल्याउनेछ । तिमीले साहसपूर्वक त्यसलाई पनि त्याग्यौ भने त्यसवेला त्यो चतुर अभिनेता तिम्रा सामु राष्ट्रियताको सुन्दर पोशाक लाएर आउनेछ । एसिया र यूरोपका भिन्न-भिन्न नक्शा तिम्रो अगाडि राखिदिएपछि मेरा सोझा सुधारवादी भाइ हो ! तिमीहरू त्यसवेला के गरौला ? जुन भूतदेखि तर्सेर तिमी भागेका थियौ, त्यही भेदभावरूपी पिशाच तिम्रो अगाडि उभिएर हाँस्न थाल्नेछ । त्यसवेला कहीं तिम्रो मुखबाट सहसा अंग्रेजीको यो वाक्य Just think of the Devil and He is there ननिस्कोस् ! लौ त एक छिनका लागि मानौं तिमीले सबै भेदभावलाई त्यागिदियौ, त्यसो भए तापनि त्यो कुशल अभिनेता 'म र मेरो, तँ र तेरो'-रूप रङ्गीचङ्गी पोशाक पहिरेर तिम्रो अगाडि उपस्थित हुन आउनेछ । मेरा सीधासादा सुधारक भाइ ! लौ भन त अब तिमी के गर्छौ ? कहीं सुधारवादको झोला मिल्काएर भेदभावको शरणमा त पुग्दै छैनौ ? आखिर तिमी गर्नै पो के सक्छौ ! यसकारण मेरा सुधारवादी आधुनिक भाइ ! यस भेदभावको समस्यालाई सुल्झाउन, आऊ, तिमी-हामी दुवै थरी मिलेर यसको मूल पत्ता लगाऔं । मलाई पनि यसले सुदीर्घकालदेखि सताएकै छ । आऊ, हामी दुवै मिलेर त्यसको यथार्थ स्वरूप पत्ता लगाऔं । अनेक रूपमा आउने यो भेदभाव वास्तवमा हो के ? आजको आधुनिक मानव आजको युगलाई विज्ञानयुग भन्दछन् । तसर्थ तिमीहरूले पत्याएको विज्ञानकै आधारमा यस समस्याबारे विचार गरौं ।

जुन भेदभावको डरले तिमी वर्णाश्रमव्यवस्था र धर्म आदिलाई छाड्न खोजिरहेका छौ, त्यो भेदभाव केमा छ, तिमी नै भन ! जातिमा ? तब त्यो जाति के हो ? - व्यक्तिहरूको समूह । यस प्रकार कार्यबाट कारणतर्फ उन्मुख हुँदा त्यो व्यक्ति के हो ? हाड र मासुको सङ्गत । तो हाड र मासु केबाट बनेका हुन् ? - रगतबाट । रगतमा भेदभावरूपी तिम्रो शत्रु छ कि छैन ? यदि त्यसको उत्तर तिमीलाई थाहा छैन भने यस सम्बन्धमा कुनै डाक्टरसाहबलाई सोधौं । यस विषयमा उनकै प्रमाण सर्वमान्य हुनेछ । डाक्टरसँग सोद्धा उनले भने– यस विषयमा आधुनिक शरीर-विज्ञानको जे निर्णय छ त्यो म भन्छु– संसारमा मनुष्यहरूका रगतलाई श्रेणीबद्ध गर्दा चार प्रकारका भेदहरू पाइएका छन् । ती रक्तहरूको नाम ओ., ए., बी. र ए. बी. (O.,A.,B. & A.B.) राखिएको छ । ओ. यस्तो जातिको रगत हो, जसलाई ओ (O.), ए. (A.) बी. (B.) र ए. बी (A.B.) जातिका मनुष्यहरू ग्रहण गर्न सक्तछन्, अर्थात् यो रगत सबैका लागि दाता (Donor) हो । ए (A.) जातिका मानिसहरू ए. जातिका मानिस र ए. बी. जातिका मानिसलाई रगत दिन सक्तछन् । अर्थात् यो रगत दुई जातिका लागि दाता (Donor) हो । (वास्तवमा यो तीन जातिका लागि दाता (Donor) हुनुपर्छ । यसको निर्णय भविष्यको खोजीबाट हुनेछ) । बी. (B.) जातिका मानिसले बी. जातिलाई र ए.बी. जातिलाई रगत दिन सक्तछन्, अर्थात् यो रगत दुई जातिका लागि दाता (Donor) हो । ए. बी. जातिका मनुष्य ए. बी. जातिका मानिसलाई मात्र रगत दिन सक्छन् अरूलाई हैन, अर्थात् ए. बी. जात सबैबाट रगत ग्रहण गर्ने (Recipient) हो, आफ्नो जाति बाहेक अरूलाई दिने (Donor) होइन ।

'सब रगत समान छन्' भन्ने हठ आधुनिक भाइले गर्न थाले भने महान् विपत्तिको सामना गर्नुपर्नेछ। डाक्टरहरूको रायअनुसार उपर्युक्त नियमविरुद्ध 'ए' समूहको रगत 'बी' समूहमा भरिदिने हो भने मनुष्यका रगतका राता कणहरू जमेर चोक्टा-चोक्टा बन्नेछन्, रक्त सञ्चार बन्द हुनेछ, फलस्वरूप मानिस मर्नेछ। ए. बी., ए. अथवा बी. जातिका रगत ओ. जातिमा भर्दा पनि त्यस्तै परिणामहरू निस्केका छन्। सुनिन्छ– इङ्गल्यान्डमा सम्पूर्ण मनुष्यहरूको जातिविभाजन भइसकेको छ। फलस्वरूप त्यहाँ ओ.(O.) जातिका मानिस सर्वाधिक ४५.८ प्रतिशत पाइएका छन्। त्योभन्दा कम ए.(A.)जातिका मानिहरू ४२.२ प्रतिशत छन्। त्योभन्दा पनि कम बी. (B.) जातिका मानिस ८.७ प्रतिशत छन् र सबभन्दा कम ए. बी. (A.B.) श्रेणीका मानिस ३.२४ प्रतिशत पाइएका छन्। महत्त्वपूर्ण कुरो यो हो– प्रत्येक श्रेणीका सन्तानहरूमा आफ्ना पैतृक गुण पाइन्छ। यस प्रकार मेन्डलको पैत्रिकत्वनियम (Mendlian Law of Heredity) स्पष्ट रूपमा पुष्ट हुन्छ। आज धर्मको विषयमा त तिमी उल्टासोधा जेसुकै भन, भन्न सक्छौ, तिमीलाई कुनै प्रतिबन्ध छैन, तर मेरा सुधारवादी भाइ ! तिमीले डाक्टरहरूको रायका विरुद्ध 'रगतमा जातीय भेदभाव राख्न सकिन्न' भन्ने प्रस्ताव पारित गरिदियौ र त्यसपछि तिमीलाई नै कुनै कारणवश रगत लिनुपर्ने भएछ भने अरूको साथ आधुनिक भाइको पनि कुन दशा होला भन्न सकिन्न। भगवान् सबैको रक्षा गरुन् र सबैलाई सद्बुद्धि प्रदान गरुन्।

लौ, अब तिमी नै भन–मानव रक्त चार किसिमकै मात्र किन हुन्छ ? पाँच या तीन किसिमको किन हुँदैन ? यसबाट चतुर्वर्णको मौलिकताको स्पष्ट सङ्केतको प्रतीति तिमीलाई भइरहेको छैन ? मलाई त स्पष्ट रूपले प्रतीत भइरहेको छ। त्यसमा पनि के तिमी भन्न सक्छौ– ४ जातिको रगत पूर्व जातिको अपेक्षा द्वितीय र तृतीय जातिमा क्रमशः किन निकृष्ट हुँदै गएको छ ? अर्थात् ओ. (O.) जातिको रगत आफूसमेत चार जातिका लागि 'दाता' बन्दछ। ए. (A.) जातिको रगत आफूसमेत तीन जातिका लागि दाता हुन्छ। बी. (B.) जातिको रगत आफूसमेत दुई जातिका लागि दाताको रूपमा रहन्छ र अन्तिम ए. बी. (A.B.) जातिको रगत केवल आफ्नो जातिका लागि दाता हुन्छ। के यसबाट रगतका चार जातिहरूमा उत्कृष्टता र निकृष्टताको भान तिमीहरूलाई हुँदैन ? नभ्रात्तिनू, मेरा भाइ ! मलाई त स्पष्ट प्रतीत भइरहेको छ। अब अझ अगाडि भेदभावरूपी भूतको अन्तिम स्थान- (Termination)- मा गएर हेरौं, त्यहाँ त्यो उपस्थित छ वा छैन। रगतको कारण अवस्था अर्थात् जहाँबाट भौतिक रूपमा जीवनको आरम्भ भएको छ त्यसमाथि विचार गरौं। यस सम्बन्धमा पनि कुनै डाक्टर भाइ नै राम्ररी बताउन सक्छन्। डाक्टर साहबसँग राय लिंदा थाहा भयो– आधुनिक शरीर-विज्ञानले धेरै पहिले नै पत्ता लगाइसकेको छ कि प्राणीहरूको शरीर-निर्माण कोश– (Cells) - हरूबाट हुन्छ। त्यो कोश (Cell) के हो ? त्यो अत्यन्त सूक्ष्म, सक्रिय र सचेतन अणु हो। जो अनेक आकारका हुन्छन्। कुनै-कुनै कोश अत्यन्त सूक्ष्म हुन्छ जसलाई अणुवीक्षणयन्त्र- (Microscope)- बिना हेर्न सकिंदैन। कुनै कोश केही ठूलो पनि हुन्छ जसलाई तीक्ष्ण दृष्टि भएको मानिस देख्न सक्तछ। यी कोशहरूको परिमाण प्रायः एक इञ्चको ६०००

भागदेखि लिएर १०० भागसम्म हुन्छ । यसको संरचनामा एउटा चम्किलो र छिपछिपे झिल्ली हुन्छ । भित्र एउटा लेसिलो (च्यापच्याप लाग्ने) सोमा (रस) हुन्छ, जसलाई Protoplasm र संस्कृतमा प्रथम-प्रसोम भनिन्छ (A portion of protoplasm usually enclosed in membrance, ultimate element of organic structure), उक्त प्रोटोप्लाज्मभित्र एउटा अत्यन्त सूक्ष्म अणु हुन्छ, जसलाई (Neucleas) र संस्कृतमा कोशेश भनिन्छ र प्रकारान्तरमा जीवकोश पनि । वास्तवमा यो जीवकोश (Neucleas) मूलभूत कोशको चेतना-शक्तिको केन्द्र हो र प्रत्येक कोशको आत्मतत्त्व पनि । प्रत्येक कोशको जीवन यसैमा आधृत छ । यदि यस कोश- (Neucleas) लाई Microscope द्वारा हेर्ने हो भने यसको रचनामा पनि एउटा कपासको तन्तुको जस्तो जाल देखिन्छ । यस सूक्ष्म तन्तुको रङ्गलाई हामी ग्रहण गर्न सक्तछौं । यसैकारण तिनीहरूलाई क्रोमोसोम (Chromosome) भन्दछन् र हाम्रा तन्त्रग्रन्थहरूमा 'वर्णस्यूम' भनिएको छ । यो त्यही तन्तु हो जो परम्परागत वंशवृक्ष (गोत्र-प्रवर) मा माता-पिताद्वारा बीजरूपमा सन्तानमा आउँछ । त्यो त्यही तात्त्विक सत्ता हो, जसबाट प्रत्येक सन्तान अथवा आमा-बाबुको वास्तविक र धर्मसम्मत (Legal or lawful) सन्तान हुन् भन्ने मान्यता पाएर उत्तराधिकारी बन्दछ । यसबाट निश्चित हुन्छ वर्णव्यवस्थाको स्थापना उक्त वर्णस्यूम- (Chromosomes)- को आधारमा आरम्भ भएको हो । संस्कृतको शब्द वर्णस्यूमले अंग्रेजीको Chromosome कै भावलाई ग्रहण गरेको छ । शरीर-विज्ञान-अनुसार पनि एउटा प्राणीको कोशको कोशेश- (Neucleas)- मा वर्णस्यूम-तन्तुहरू (Chromosomes)- एक विशेष संख्यामा सदा स्थायी रूपमा अपरिवर्तनशील रहन्छन् । यिनै वर्णस्यूम- (Chromosome)- हरूद्वारा सन्तानमा पैतृक गुण, कर्म र स्वभाव आउँछन् भन्ने कुराबाट स्पष्ट रूपमा ज्ञान हुन्छ– वर्णव्यवस्था उक्त वर्णस्यूमको दृढ आधारमा स्थापित गरिएको थियो । अस्तु ।

मेरा आधुनिक भाइ ! आजको वैज्ञानिक युगमा उपर्युक्त वैज्ञानिक सत्यहरूलाई केवल ब्राह्मणवाद (Brahmarism) भनेर कसरी उडाउन सकिन्छ, आफै विचार गर ! भगवान्ले तिमीलाई सद्बुद्धि प्रदान गरून् ।

उक्त सम्बन्धमा मेरो कुरा थोरै मात्र बाँकी छ । त्यो पनि सुन–उक्त वर्णस्यूम या क्रोमोसोम मौलिक रूपमा चार प्रकारका नै छन् । सर्वप्रथम एउटा जर्मन डाक्टरले ती क्रोमोसोमहरूको खोज गरेर नोबल पुरस्कार पाएका थिए । त्यसबेला (यो धेरै वर्षअघिको कुरा हो) ती डाक्टरको घोषणा- जो अहिले पनि मेरो सम्झनामा छ- "यदि ती वर्णस्यूमहरू मौलिक रूपमा चार प्रकारका मात्र छैनन्, धेरै या थोरै छन् भन्ने कुरा कोही सिद्ध गरिदिन्छ भने मेरो यो नोबल पुरस्कार म उसैलाई दिनेछु "(यदि कोही आजकल क्रोमोसोमका अनेक प्रकारहरूको अनुसन्धान भइसकेको छ भन्दछ भने ती प्रकारहरू साङ्कर्यदोषले बनेका मिश्रणका मिश्रण (Ad-Mixture) हुन्, आपनो मौलिक रूपमा ती चार प्रकारका मात्र छन्) । अब तिमी नै भन- ती क्रोमोसोमहरू आफ्नो मौलिक

रूपमा चार प्रकारका मात्र किन छन् ? धेरै या थोरै किन छैनन् ? के यसबाट चातुर्वर्ण्यको मौलिकता-को स्पष्ट आभास पाइँदैन ? मेरो विचारमा त स्पष्ट आभास पाइन्छ । मेरा सज्जन भाइ ! यदि अब पनि तिमी जातिभेदका विषयमा आफ्नो नकारात्मक नै पूर्वाग्रह राख्दछौ भने मेरो विचारमा २+२=४ हुन्छ भन्ने कुरा पनि तिमी नकार्न सक्छौ । भगवान् तिमीलाई राम्रो बुद्धि दिऊन् र तिम्रो कल्याण होस् ।

अब विचारणीय विषय यो छ–यो भेदभावरूपी पिशाचबाट मुक्ति पाउने उपाय के छ ? यस समस्याको कुनै समाधान छ वा छैन ? मलाई पनि धेरै दिन यस शङ्काले सताएको थियो । आखिर मेरो शङ्काको समाधान त शास्त्रहरू र महात्माहरूको अनुकम्पाद्वारा यस प्रकार भएको थियो- यो भेदभाव, जीवनको आरम्भ क्रोमोसोमबाट नै भएको हो । उत्कृष्टता र निकृष्टताको भेदभाव पनि रगत र क्रोमोसोमहरूबाट नै चल्दै आएको छ, तर घृणा भने पछिबाट जोडिएको हो । कसले किन, कहिले र कसरी बनायो ? यसको पृष्ठभूमिमा एउटा मार्मिक कहानी छ, जसको विषयमा आज विचार गर्नु छैन ।

यदि भेदभावरूपी भूतबाट जोगिनु छ भने त्यसको एउटै उपाय छ- भेदभाव र घृणाको अन्तर या विभागलाई बुझ । तिमी यी दुवैको विभाजक रेखालाई राम्ररी चिन (यदि तिमीले यी दुवैको अन्तरलाई राम्ररी बुझ्यौ भने तिम्रो समस्याको समाधान हुन्छ) । भेदभावदेखि डराएर धर्म र संस्कृतिको परित्याग गर्नाले तिम्रो समस्या सुल्झने छैन, बरु झन् झल्झनेछ । मेरा प्यारा सुधारवादी भाइ ! रोगको नाश गर्नु छ, रोगीको हैन । प्रभु तिमीलाई सद्बुद्धि प्रदान गरून् । भेदभाव र घृणाको अन्तर बुझ्न सक्यौ भने भेदभावरूपी भूतदेखि तिमी सजिलैसित निर्भय हुनेछौ । यति मात्र होइन, तिमी भेदभावका कट्टर पक्षपाती बन्नेछौ । तिमी यस भेदभावलाई आधुनिक भाषामा वर्गीकरणको नाम दिनेछौ । तब तिमी देख्नेछौ- कुनै पनि सुसङ्घटित व्यवस्थाको जुनसुकै अङ्गमा दृष्टि परे पनि तिमी वर्गीकरण (Classification) मात्र देख्नेछौ, किनभने प्राकृतिक नियमानुसार वर्गीकरण-विना कत्ति पनि विकासको उन्नतिमा प्रगति हुँदैन । पाश्चात्य राज्य-व्यवस्था, शिक्षा-व्यवस्था, विज्ञानव्यवस्था, अन्वेषण-व्यवस्था वा अरू जुनसुकै व्यवस्था हेर, सर्वत्र निम्नश्रेणीदेखि लिएर उत्तम श्रेणीसम्म वर्गीकरणै वर्गीकरण मात्र दृष्टिगोचर हुनेछन् । किनकि प्राकृतिक नियमविरुद्ध कुनै पनि व्यवस्था एक छिनका लागि पनि टिक्न सक्तैन । आर्य ऋषिहरूले यसै कारण स्थूल शरीरलाई गौण रूपले हेरेर आध्यात्मिक दृष्टिकोणद्वारा नै वर्णाश्रम-व्यवस्था यथाक्रम निर्धारित गरी आचार सुर-क्षित राखेका थिए । विज्ञानको प्रत्येक शाखामा हेर, सबमा एउटा यस्तो वर्गीकरण देखिन्छ कि यदि त्यस समूहलाई शेष समूहबाट भिन्न (Eliminated) नराख्ने हो भने सम्पूर्ण समूह नष्ट हुनेछन् । यसैले क्षार (Alkalies) र अम्लद्रव्य (Acids) एउटै रसायनशालामा भिन्न-भिन्न कक्षाहरूमा र भिन्न-भिन्न सिसीहरूमा लेबल टाँसेर राखिन्छन् । चतुर वैज्ञानिक जान्दछन्– ती कुराहरूलाई परस्पर मिलाएर एउटै सिसीमा राख्दा अर्कै तत्त्व लवण (Salt) जन्मनेछ र रसायनशालाको काममा बाधा पर्नेछ । अब यस प्रसङ्गलाई यहीं टुङ्ग्याऔं ।

मेरा प्यारा आधुनिक सुधारवादी भाइ ! तिमीले मेरो अभिप्राय बुझ्यौ होला । राम्ररी बुझेर अँगाल्ने हो भने आधुनिकता र सुधारवाद खराब होइनन् । अन्यथा त्यो 'बाज' नामक चराको जस्तो दुर्गति भोग्नुपर्नेछ । कुरा के भने बाज पक्षीलाई सुधारेर सुन्दर र सुखी बनाउन कसैले त्यसको मुखको बाङ्गो चुच्चो र ठूला र तीक्ष्ण नंग्राहरूलाई काटेर त्यसलाई जीवनभरि दुःखी बनाइदिएको थियो । यही आहान चरितार्थ नहोस् । भगवान्ले सबैलाई सद्बुद्धि दिऊन् र सबैको मङ्गल गरून् । भाषाको कडापन र रूखोपनका लागि मेरा आधुनिक भाइ ! मलाई क्षमा गर्नू ।

वर्णाश्रमको स्वरूप

आज प्राच्य र पाश्चात्य संस्कृतिहरूको विचित्र संमिश्रण जस्तो भएको छ । फलस्वरूप हामीलाई आफ्नो संस्कृतिका मूल सिद्धान्तहरूप्रति अनभिज्ञतापूर्ण अश्रद्धा जस्तो उत्पन्न भएको छ । मलाई थाहा छ- मेरा आधुनिक भाइहरूलाई वर्णाश्रम जस्तो विषय जरूर नीरस प्रतीत हुनेछ, तर जुन संस्कृतिमा हामी जन्मेका छौं, त्यसका मूल सिद्धान्तहरूको सामान्य ज्ञान त हामीहरूलाई अवश्य नै हुनुपर्छ । त्यसबाट हाम्रो आधुनिकतालाई विशेष क्षति हुने सम्भावना छैन । अतएव सामान्य धर्मको निरूपणपछि अब विशेष-धर्मरूप वर्णाश्रम-धर्मको स्वरूपबारे धर्मशास्त्रहरूको आधारमा संक्षिप्त रूपमा विचार गरिन्छ ।

सनातन धर्मको वर्णविभाग-व्यवस्था समाज-शरीरको स्वस्थता र सर्वाङ्गीण उन्नतिका लागि अत्यन्त उपयोगी र परम आवश्यक छ । यो व्यवस्था मानवरचित हुँदै होइन । वर्णधर्मको रचना भगवान्द्वारा नै भएको छ । स्वयं भगवान्ले भन्नुभएको छ-

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।-गीता ४।१३

अर्थात् गुण र कर्मको विभागद्वारा चार वर्ण ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र मद्वारा नै सृष्टि गरिएका हुन् । हिन्दूधर्मका रागद्वेषशून्य, सर्वसुहृत्, दिव्यदृष्टिसम्पन्न, त्यागी र त्रिकालदर्शी महर्षिहरूले भगवान्द्वारा निर्मित यस सत्यको साक्षात्कार गरे । त्यसपछि त्यसै सत्यको आधारमा समाजको निर्माण गरी त्यस समाजलाई सुव्यवस्थित, शान्तिशीलमय, सर्वोदय-प्रयासी, सुखी, कर्मप्रवण, स्वार्थदृष्टिशून्य र सुरक्षित तुल्याए । यस वर्णविभागको संरचनामा कुनै पक्षपात भएको छैन । यहाँ न कसैका लागि विशेष छूट छ, न त कसैको स्वत्वको अपहरण । सबैको कल्याण नै यसको लक्ष्य हो । सामाजिक सुव्यवस्थाका लागि मनुष्यका चार विभाग, सबै देश र सबै कालहरूमा आवश्यक छन् र सबैमा कुनै न कुनै प्रकारले यी चार विभाग थिए र छन्। अवश्य नै सर्वसुखाभिलाषी ऋषिहरूको यस देशमा यी जति सुव्यवस्थित रूपमा रहे त्यति अन्यत्र कहीं रहन सकेनन् ।

समाजमा धर्मस्थापना र धर्मरक्षा, सुखी समाजको निर्माण, निर्बाध जीवन पद्धतिको व्यवस्था, कर्मप्रवाहको निराकरण, समस्यामय चिन्तनहरूको निवारण र धर्मसङ्कटको समयमा समुचित व्यवस्था दिनका लागि परिष्कृत र निर्मल मस्तिष्कको आवश्यकता हुन्छ । धर्म र धार्मिक समाजको भौतिक आक्रमणबाट रक्षाका लागि बाहुबल आवश्यक हुन्छ भने मस्तिष्क र बाहुको उचित सम्पोषणका लागि धन र अन्न अनिवार्य रूपमा आवश्यक हुन्छन् र उपर्युक्त कर्महरूलाई यथायोग्य सम्पन्न गर्न शारीरिक श्रमको आवश्यकता हुन्छ ।

अतएव समाज-शरीरको मस्तिष्क ब्राह्मण, बाहु क्षत्रिय, ऊरु (तिघ्रा) वैश्य र चरण शूद्र हुन् । चारै वर्ण एउटै समाजका चार अनिवार्य अङ्ग हुन् । एक-अर्काको सस्नेह र सजग सहयोग-को आडमा सुरक्षित र जीवित छन् । यहाँ घृणा र अपमानको कुरा नै छैन यीमध्ये कसैको पनि रत्तीभर अवहेलना गर्न सकिंदैन । यिनीहरूमा कुनै नीच र उच्च भन्ने परिकल्पना पनि छैन । आ-आफ्ना स्थान र कार्यअनुसार सबै ठूला छन् । चारै थरीको महत्त्वपूर्ण र गौरवपूर्ण स्थान छ । एउटा-को अभावमा अर्को अपाङ्ग बन्दछ । ब्राह्मण ज्ञानबलद्वारा, क्षत्रिय बाहुबलद्वारा, वैश्य धनबल-द्वारा र शूद्र जनबल या श्रमबलद्वारा समाजलाई जीवन्त बनाउँछन् । चारै वर्णको पूर्ण उपयोगिता छ । सबैको उत्पत्ति भगवान्कै शरीरबाट भएको छ– भगवान्को श्रीमुखबाट ब्राह्मणको, बाहु-बाट क्षत्रियको, वैश्यको ऊरुबाट र श्रीचरणहरूबाट शूद्रको उत्पत्ति भएको छ ।

ब्राह्मणोऽस्य मुखमासीद् बाहू राजन्यः कृतः ।
ऊरू तदस्य यद्वैश्यः पद्भ्यां शूद्रो अजायत ॥ -ऋग्वेद १०।९०।१२

यी सबै वर्णहरूका आ-आफ्ना शक्ति र कार्यहरू न स्वार्थसिद्धिका लागि हुन् र न कसैलाई दबाएर आफू उच्च बन्नका लागि समाज-शरीरका आवश्यक अङ्गहरूको रूपमा यिनीहरूको योग्यता-अनुसार कर्मविभाग गरिएको छ, जो केवल धर्मको पालन गर्न र गराउन मात्र निर्दिष्ट हुन्छन् । ठूलो-सानो भाव नभएर यथायोग्य कर्मविभाग हुनाले नै चारै वर्णमा एउटा शक्तिको सामञ्जस्य रहन्छ । न कोही कसैको अवहेलना गर्न सक्तछ, न कोही कसैको न्यायको अधिकारमा अवाञ्छित आघात । यसरी उक्त कर्मविभाग र कर्माधिकारको सुदृढ आधारमा रचित यो वर्णधर्म यति सुव्यवस्थित छ कि शक्ति-सामञ्जस्य स्वतः अक्षुण्ण रहन्छ । स्वयं भगवान् र धर्मनिर्माता ऋषिहरूले प्रत्येक वर्णका कर्महरूको पृथक्-पृथक् स्पष्ट निर्देश गरेर सबैलाई आ-आफ्नो धर्म निर्विघ्नतासाथ पालन गर्न आफ्नै सुविधा जुटाइदिएका छन् । यसरी स्वधर्मको परिचालन भएपछि शक्तिसामञ्जस्यमा कहिल्यै अवरोध हुन सक्दैन ।

यूरोप आदि देशहरूमा मनुष्य-समाजको स्वाभाविक चार प्रकारको विभाग भए तापनि निर्दिष्ट नियमहरूको अभावले गर्दा शक्तिसामञ्जस्य छैन । यसैकारण कहिले ज्ञानबलले सैन्यबल-

लाई परास्त गर्दछ भने कहिले जनबलले धनबललाई पराजित गर्दछ । भारतवर्षीय वर्ण-व्यवस्था-मा त्यो स्थिति नभएर सबैका लागि पृथक् रूपमा कर्महरू निर्दिष्ट छन् आर्ष शास्त्रहरूको अवलोकनबाट स्पष्ट हुन्छ– सर्वप्रथम मनुबाट नै मनुष्यको उत्पत्ति भयो र उत्पत्तिको मूलकेन्द्र भारतवर्ष नै बन्यो । यहाँबाट नै सर्वप्रथम पृथ्वीमा मानवसृष्टिको विस्तार भयो । मानवीय सृष्टि-को मूलकेन्द्र भारतवर्ष हुनाले नै यो मानवताको मूल उद्गमस्थान हो । अतः मनु महाराजको उप-देश छ कि समस्त पृथ्वीवासीले भारतवर्षबाट नै शिक्षा ग्रहण गरून्–

एतद्देशप्रसूतस्य सकाशादग्रजन्मनः ।
स्वं स्वं चरित्र शिक्षेरन् पृथिव्यां सर्वमानवाः।।–मनुस्मृति २।२०

अर्थात् भारतवर्षमा उत्पन्न ब्राह्मणहरूबाट पृथ्वीका समस्त मानवहरूले आफ्ना-आफ्ना चारित्रिक शिक्षा ग्रहण गरून् ।

अतएव हामीले मनुष्यताको पूर्ण आदर्श बन्नका लागि मानव-समाजका पूर्वज मनुद्वारा प्रोक्त धर्महरूको अनुसार नै आफ्नो जीवन बनाउनुपर्दछ, किनकि जति पनि स्मृतिहरूका प्रणेता महर्षिहरू छन् तिनमा मनु प्रधान छन् । अतः मनुले जे उपदेश गरेका छन् त्यही मानवधर्म हो ।

सृष्टिको सञ्चालन, संरक्षण र समुत्थानका लागि श्रीमनु महाराजले वेदहरूको आधारमा चार वर्ण र चार आश्रमहरूको व्यवस्था गरे । उक्त व्यवस्थामा विकृति आउनाले नै आज हाम्रो सांस्कृतिक पतन भइरहेको छ । अतः सुख र शान्तिका लागि हामीले मानवधर्मरूप आफ्नो संस्कृति-लाई अँगाल्नुपर्दछ । भाषा, वेश, खान-पान र चरित्रबाट नै मानव-हृदयमा राम्रा र नराम्रा संस्कार-हरू जम्दछन् । संस्कार नै संस्कृति हो । अतः ती चार तत्त्वहरूको समूहलाई नै संस्कृति भनिन्छ । भाषा, वेश, खान-पान र चरित्ररूप उक्त तत्त्वचतुष्ट्य सम्पन्न संस्कृतिको रक्षा गर्नु हाम्रो कर्तव्य हो र यसैमा हाम्रो परम कल्याण निहित छ ।

ब्राह्मणधर्म

ऋषिसेवित वर्णधर्ममा ब्राह्मणको पद सर्वोच्च छ । ब्राह्मण समाज-धर्मको निर्माता हो र उसले बनाएको विधिलाई सबै मान्दछन् । ऊ सबैको गुरु हो र मार्गदर्शक हो । तर ऊ न धनसंग्रह गर्दछ, न कसैलाई दण्डित गर्छ, न भोग-विलासमा नै रुचि राख्दछ । मानूँ स्वार्थ त उसको जीवनमा छँदैछैन । धनैश्वर्य र पदगौरवलाई धूलो झैं ठानेर त्यो कन्द-मूल र फल-फूलहरूद्वारा जीवन निर्वाह गर्दै सपरिवार शहरदेखि टाढा वनमा बस्दछ । दिनरात तपस्या, धर्मसाधन र ज्ञानार्जनमा लागिरहन्छ र आफ्ना शम, दम, शौच, तितिक्षा, क्षमा र सरलता आदिले समन्वित महान् तपोबलको प्रभावले ज्ञानका आँखा प्राप्त गर्दछ र त्यस ज्ञानको दिव्यज्योतिद्वारा सत्यको दर्शन

गर्दैछ । उक्त सत्यलाई निःस्वार्थ सदाचारी र सज्जन पुरुषहरूद्वारा समाजमा वितरण गर्दछ, त्यस-को सट्टा ऊ केही चाहँदैन । समाजले स्वेच्छाले जे वस्तु दिन्छ या भिक्षाबाट जे वस्तु उसलाई उपलब्ध हुन्छ, त्यसैद्वारा निकै सफलतापूर्वक आफ्नो जीवनयात्रा चलाउँछ । ब्राह्मण-जीवनको यही नै धर्म-मय आदर्श हो । मनु आदि स्मृतिकारहरूद्वारा ब्राह्मणका लागि भनिएको पनि छ–

अध्यापनमध्ययनं यजनं याजनं तथा ।
दानं प्रतिग्रहं चैव ब्राह्मणानामकल्पयत् ।। -मनुस्मृति १।८८

पढ्नु, पढाउनु, यज्ञ गर्नु, यज्ञ गराउनु, दान दिनु र दान लिनु, यी छ कर्म ब्राह्मणका लागि रचिएका हुन् । यीमध्ये यज्ञ गर्नु, दान दिनु र विद्या पढ्नु यी तीन चाहिं धर्मपालनका लागि हुन् भने यज्ञ गराउनु, दान लिनु र पढाउनु यी तीन कर्म आजीविकाका लागि निर्दिष्ट छन् । मनु-जीले भन्नुभएको छ– षण्णां तु कर्मणामस्य त्रीणि कर्माणि जीविका ।
याजनाध्यापने चैव विशुद्धाच्च प्रतिग्रहः ।। -मनुस्मृति १०।७६

उक्त छ कर्महरूको निष्काम भावले पालन गरेपछि ब्राह्मणको कल्याण हुन्छ । स्वतः प्राप्त भएको दान अमृत-समान हुन्छ भने दान मागेर जीविका गर्नु मृत अथवा निन्दनीय हुन्छ। यदि ब्राह्मणको जीविका ब्राह्मण-कर्मबाट हुँदैन भने आपत्ति कालमा क्षत्रिय अथवा वैश्यको वृत्तिद्वारा निर्वाह गर्न सक्तछ । मनुले भन्नुभएको छ–

आजीवन्तु यथोक्तेन ब्राह्मणः स्वेन कर्मणा ।
जीवेत् क्षत्रियधर्मेण स ह्यस्य प्रत्यनन्तरः ।।
उभाभ्यामप्यजीवंस्तु कथं स्यादिति चेद् भवेत् ।
कृषिगोरक्षमादाय जीवेद् वैश्यस्य जीविकाम् ।। -मनुस्मृति १०।८१।८२

तर ब्राह्मणले शूद्रवृत्तिको अवलम्बन आपत्तिकालमा पनि गर्नु हुँदैन । भनिएको पनि छ–

सत्यानृतं तु वाणिज्यं तेन चैवाऽपि जीव्यते ।
सेवा श्ववृत्तिराख्याता तस्मात् तां परिवर्जयेत् ।। -मनुस्मृति ४।६

चारै वर्णहरूमा पनि प्रत्येकका उत्तम, मध्यम र कनिष्ठ तीन तीन विभागहरू छन् । ब्राह्मणहरूमा उत्तम ती हुन्, जो ब्रह्मर्षि र ब्रह्मवेत्ता हुन्छन्; जस्तै– याज्ञवल्क्य र वशिष्ठ आदि ।

मध्यम ती हुन्, जो सदाचारी, तर ब्रह्मज्ञानले रहित हुन्छन् र केवल वेदशास्त्रहरूका पाण्डित्यले सम्पन्न हुन्छन् ।

कनिष्ठ ती हुन्, जो आफ्नो मुख्य कर्मको परित्याग गरेर केवल ब्राह्मणका बहिरङ्ग चिन्हहरूलाई धारणा गर्दै उदरपोषण गर्दछन् र त्यसैका लागि अहर्निश सेवापरायण हुन्छन्॥

ब्राह्मणधर्म कति विशाल र व्यापक छ भने त्यसभित्र सबै धर्म अन्तर्भूत हुन्छन् । महाभाष्यकार पतञ्जलिले ब्राह्मणधर्मको लक्षण गरेका छन्– "ब्राह्मणस्य निष्कारणो धर्मः षडङ्गो वेदोऽध्येयोज्ञेयश्च । अर्थात् छ अङ्गसहित वेदको अध्ययन गरी ज्ञान गर्नु ब्राह्मणको निष्कारण धर्म हो, यसपछि बाँकी नै के कुरा रहन्छ र ? ध्यानगम्य विषयलाई लोकहितका निमित्त गायन गरेर लोकलाई त्यसतर्फ प्रवृत्त गराउनु नै ब्राह्मणको धर्म हो । यसैले ब्राह्मण सर्वं खलु इदं ब्रह्म नेह नानाऽस्ति किञ्चनको भावनामा आरूढ हुन्छ र विश्वलाई ब्रह्ममय देख्न थाल्दछ । ब्राह्मणस्य तु देहोऽयं क्षुद्रकामाय नेष्यते ।

कृच्छ्राय तपसे चैव प्रेत्याऽनन्तसुखाय च ॥

ब्राह्मणको शरीर क्षुद्र कामका लागि बनेको होइन, किन्तु जन्मैदेखि षोडश संस्कारहरूद्वारा पवित्र भएर वेदाध्ययन गर्दै पवित्र तपद्वारा सारतत्त्वलाई तपाएर संसारका मानवहरूलाई तपःपूत ज्ञान प्रदान गरेर अनन्त सुखका साथ परमात्मामा लीन हुनका लागि बनेको हो । यस्तो पवित्र जीवन ब्राह्मणको हुन्थ्यो र हुनुपर्दछ ।

दुःखका साथ भन्नुपरेको छ– आधुनिक समयमा दिनानुदिन ब्राह्मणधर्मको ह्रास भइरहेको छ । कुनै दिन यज्ञानुष्ठानको बेला अल्पज्ञ र कर्महीन ब्राह्मणलाई 'जात्या ब्राह्मणोऽसि' भनेर रोषपूर्ण व्यङ्ग्य गरिन्थ्यो, आज कर्महीन ब्राह्मणहरू अग्निहीन (खरानी) जस्ता बन्न पुगेका छन् । यसैले समाजमा ठाउँ-ठाउँमा तिरस्कृत भइरहेका छन् । आज समाजमा ब्राह्मणका लागि कुनै नियत स्थान र कुनै नियत वृत्ति रहेको छैन । आजका ब्राह्मणको यसै दीन र हीन अवस्था देखेर केही दिन पहिले एकजना योगनिष्ठ परमहंस महात्माले करुणार्द्र हृदयले प्रेरित भई ब्राह्मणहरूलाई सम्बोधन गर्दै भनेका थिए–

भो ब्राह्मणहरू ! एक समयमा तिमीहरूको आसन यति उच्च थियो कि सम्पूर्ण विश्व तिम्रा चरणमा शिर झुकाउँथ्यो । तिमी गुरुको वरणीय पदमा आसीन थियौ । क्षत्रिय, वैश्य र शूद्र तिम्रो उत्तिकै आदर गर्दथे, जति उनीहरू परमेश्वरको गर्ने गर्थे । जब राजाहरूको सभामा

तिम्रो शुभागमन हुन्थ्यो, तिमीलाई देख्नासाथ राजन्यवर्गले आसनबाट उठी पाद्यार्घले पूजनोपरान्त भक्तिपूर्वक पुष्पाञ्जलि चढाएर प्रेमनम्र वचनहरूद्वारा कृतार्थता प्रकट गर्दथ्यो । तिमीहरूको शुभ दर्शनमा आफ्नो कुल, आफ्नो गोत्र, आफ्नो वंश र आफ्नो राज्य पवित्र भएको ठान्दथे । राजाका व्यावहारिक राजनीतिक कार्य बाहेक परमानन्दका मार्गमा सुख, शान्ति र ज्ञानोपदेशजन्य आत्मकल्याणका मार्गमा, तिमी उनीहरूका मन्त्री थियौ र मार्गप्रदर्शक थियौ । तीनै वर्णहरूको आत्मकल्याणको मार्गमा तिमी पथ-प्रदर्शक थियौ । आफूसँग अतुलनीय दैवी सम्पत्ति भएको हुँदा तिमी तुच्छ पार्थिव धनले धनी हुने इच्छासम्म गर्दैनथ्यौ । क्षत्रिय र वैश्य अत्यन्त प्रेम र भक्तिसित धनादिद्वारा तिम्रा पुत्र र परिवारको सेवा गर्दथे । ती छिनहरूको सम्झना गर ।

ब्राह्मणवर्ग ! धेरै के भनूँ । तिमी यति वीर्यशाली थियौ, तिम्रो यति महान् तपः प्रभाव थियो र तिम्रो यति गौरव थियो कि लक्ष्मीका पति शङ्ख, चक्र, गदा र पद्म धारण गर्ने भगवान् नारायण पनि आजसम्म तिम्रा चरणचिन्हलाई आफ्नो परम पवित्र वक्षस्थलमा धारण गरेर तिम्रो नै गौरवलाई प्रकट गरिरहनुभएको छ । तर खेद ! तिमी आफ्नो अत्यन्त मूल्यवान् दैवी सम्पत्ति गुमाएर अन्तर्मुखी वृत्तिको परित्याग गरी तपोहीन भई तुच्छ कामिनी र काञ्चनको भुमरीमा फसेर क्षत्रिय, वैश्य र शूद्रका ढोका-ढोकामा माग्दै घुमिरहेका छौ । यसैकारण मानिसहरू तिमीलाई उपेक्षाको दृष्टिले हेर्न थालेका छन् । आफैं विचार गर ।

आज तिमी अकृत्रिम र अपरिसीम ब्रह्मानन्दलाई त्यागी महामोहमयी कामिनी र काञ्चनको जालमा फसेर क्षणिक र घृणित इन्द्रियजन्य सुखका लागि कठपुतली झैं नाचिरहेका छौ । आफ्नो सम्पूर्ण शक्ति गुमाएर ब्रह्मानन्दको ठाउँमा रमणानन्द भोगिरहेका छौ । तिमी यति सत्त्वहीन भइसक्यौ, अनि यति तपोहीन भइसक्यौ कि अब तिम्रो असली शान्तिको स्वरूपमा दृष्टि दिने अर्थात् तिम्रो कति सम्पत्ति थियो त्यस विषयमा विचार गर्ने शक्ति नै तिमीसँग रहेन । यसैले आज तिमी चारैतिरबाट उपेक्षाको दृष्टिले हेरिन्छौ । यो ठूलो दुःखको कुरा हो ।

ब्राह्मणबन्धु ! आधिभौतिक दृष्टिकोणबाट तिमी जतिसुकै ऐश्वर्यशाली भए पनि यस ध्रुव सत्यलाई स्वीकार गर– तिम्रा पूर्वजहरूद्वारा अनुभूत ब्रह्मानन्दको तुलनामा, तिम्रो प्राचीन सामर्थ्यको तुलनामा र तिम्रो ब्राह्मणोचित शान्तिमय स्वरूपको दृष्टिमा तिम्रो यो सब ऐश्वर्य-वैभव नितान्त हेय, जघन्य र त्याज्य नै छ । निश्चित रूपमा तिमी बुझ– तिमी जतिसुकै ऐश्वर्यशाली भए पनि कङ्गालको कङ्गाल नै छौ ।

यसैले हे ब्रह्मपुत्र ! उठ ! उठ !! ब्यूँझ ! ब्यूँझ !! छिः ! छिः !! आफ्नो यस्तो दीन, हीन र दलित अवस्थादेखि तिमीलाई घिन लाग्दैन ? के तिमीले श्रुतिको मृतसञ्जीवन-मन्त्र सुनेका छैनौ ? सुन त श्रुति तिमीलाई नै भनिरहेको छ–

उत्तिष्ठत, जाग्रत, प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया दुर्गं पथस्तत् कवयो वदन्ति।। ३४५

ब्राह्मणको जीवन अत्यन्त पवित्र हुनुपर्दछ र पूर्व समयमा त्यस्तै थियो । यसै सन्दर्भमा एउटा आदर्श ब्राह्मणको कथा प्रस्तुत गरिंदै छ–

ब्राह्मणको पवित्र नाम थियो– महापण्डित कैयट । महाभाष्यका सुप्रसिद्ध टीका तिलकका रचयिता संस्कृतका उद्भट विद्वान् काश्मीरनिवासी कैयट नगरदेखि टाढा छाप्रोमा बस्थे । घरमा सम्पत्तिको नाममा एउटा कमण्डलु र फाटेको गुन्द्री थियो । उनी ब्रह्मचारी या संन्यासी नभएर विशुद्ध गृहस्थ थिए । उनको गृहस्थ-जीवन प्राचीन युगका ऋषिहरूको जस्तै थियो । सन्ध्या, पूजा, अध्ययन, अध्यापन र ग्रन्थ लेखनमा लाग्दा उनलाई अरू कुराका लागि फुर्सदै थिएन । उनकी पत्नी वनबाट मूज काटेर ल्याउँथिन् र डोरी बनाउँथिन् । त्यो बेचेर जे-जति आय हुन्थ्यो त्यसबाट घर-गृहस्थी चलाउँथिन् । उनका पतिले उनीलाई कसैबाट कुनै कुरा दानमा नलिने आज्ञा दिएका थिए । एक समयमा, काशीका केही विद्वान्हरू कैयटजीको प्रशंसा सुनेर उनको दर्शन गर्न काश्मीरमा पुगेका थिए । उनीहरूले कैयटको दर्शन गरेपछि काश्मीर-नरेशलाई भेटेर कैयटको जीवन-निर्वाहको व्यवस्था गर्न आग्रह गर्दा तात्कालिक काश्मीर-नरेशले भने– 'उहाँका लागि केही व्यवस्था गर्न मेरो साहस हुँदैन । तपाईहरूले उनी रिसाएर काश्मीर छाड्ने छैनन् भन्ने वचन दिएमा म व्यवस्था गर्न तत्पर नै छु ।' काशीका ब्राह्मणहरूले आश्वासन दिए । राजाले कैयटको नाममा पर्याप्त भूमिको दानपत्र लेखेर ती ब्राह्मणहरूका हातमा थमाइदिए । त्यसपछि काश्मीर-नरेश ती ब्राह्मणहरूका पछिपछि गुप्त रूपमा गए । जुन कुराको आशङ्का थियो त्यही भयो । कैयटजीले दानपत्र धुजा-धुजा पारेर मिल्काइदिए । कमण्डलु उठाई गुन्द्री बेरेर काखीमा च्याप्दै आफ्नी पत्नीलाई भने– 'यहाँको राजा अब ब्राह्मणलाई धनको लोभमा पार्न चाहन्छ । यो राज्य अब बस्न लायक रहेन । मेरा पुस्तकहरू उठाऊ र हिंड !'

काशीका ब्राह्मणहरूले क्षमा मागे र काश्मीर-नरेश आएर चरणमा पर्दै निवेदन गर्न लागे-'राज्यमा बस्ने विद्वान्, तपस्वी ब्राह्मणहरू कष्ट नभोगून् भनी हेर-विचार गर्नु राजाको कर्तव्य हो । यसै कर्तव्यलाई ध्यानमा राखेर म केही सेवा गर्न चाहन्थें ।'

कैयटले गुन्द्री र कमण्डलुलाई भुइँमा राखे । त्यसपछि राजासँग भने- 'यही मेरो ठूलो सेवा हुनेछ- तिमी फेरि यहाँ नआउनू, न त यहाँ कुनै कर्मचारीलाई पठाउनू । धन र जमीनको प्रलोभन नदिनू र मेरो अध्ययनमा कुनै पनि प्रकारको विघ्न नपरोस्, बस यति ध्यानमा राख्नू ।'

अहिले पनि कैयट जस्ता विद्वान्हरूको अभाव छैन । यहाँनेर त्यस्तै एउटा पवित्र ब्राह्मणको वृत्तान्त लेख्छु ।

उनको नाम थियो- श्रीरामनाथ तर्कसिद्धान्त । यो कुरा भारतमा इस्ट इन्डिया कम्पनीको शासनकालको हो । अध्ययनको समाप्तिपछि श्रीरामनाथ तर्कसिद्धान्तले नवद्वीपनगरबाहिर एउटा

कुटी बनाए । । धर्मपत्नीसित त्यहीं तिनी ऋषिजीवन व्यतीत गर्दै थिए । उनका घरमा अध्ययन गर्ने छात्रहरूको समूह सधैं रहन्थ्यो । कसैबाट उनले कुनै वृत्ति लिएका थिएनन् । एक दिनको कुरा- उनी विद्यार्थीहरूलाई पढाउन जान लाग्दा पत्नीले भनिन्- 'घरमा एक मुठ्ठी चामल मात्र छ । आज भोजन के बनाउने ?'

श्रीरामनाथ जवाफ नै नदिई पढाउन गए । मध्यान्हमा भोजन गर्न घर आउँदा भोजन देखेर स्वास्नीलाई उनले भने-'कल्याणी ! यो स्वादिष्ठ तरकारी केको बनायौ ?' उनले भनिन्-'मैले बिहान हजूरलाई भोजनबारे सोधनी गर्दा हजूरको दृष्टि इमलीको रूखमा परेको थियो । मैले त्यसैका पातहरूको तरकारी बनाएकी छु ।'

पण्डितजीले निश्चिन्त मुद्रामा भने- 'इमलीको साग यति मीठो हुन्छ भने अब हामीलाई भोजनको के चिन्ता रह्यो त ?'

कृष्णनगरका राजा शिवचन्द्रकी रानीका बुबा तर्कसिद्धान्तका यजमान थिए । राजा शिवचन्द्रलाई इस्ट इन्डिया कम्पनीले राजाको उपाधि दियो । त्यसवेला श्रीरामनाथ तर्कसिद्धान्तकी पत्नी शिवचन्द्रको घर गएकी थिइन् । रानीले अत्यन्त सरल र सौम्य ती ग्रामीण नारीलाई देखेर सोधिन्- 'तिमी यहाँ कुन प्रयोजनले आएकी हौ ?' ब्राह्मणीले भनिन्- 'केवल तपाईहरूमाथि अनुग्रहको प्रयोजनले आशीर्वाद दिन आएकी हुँ ।' आशीर्वाद दिएर केही नलिई उनी गइन् । रानीको प्रेरणाबाट राजा शिवचन्द्र हात्तीमा चढी श्रीरामनाथको घर गए र भने- 'तपाईको कुनै समस्या र कुनै विषयमा अनुपपत्ति भए भन्नोस्, म त्यसलाई दूर गर्न आएको हुँ ।'

श्रीरामनाथले उत्तर दिए- 'मैले भर्खरै चारुचिन्तामणि नामक ग्रन्थ पूरा गरेको छु । त्यसमा अवश्य एउटा समस्या थियो, त्यसको समाधान पनि लेखिसकेको छु । अझै त्यसमाथि कुनै अनुपपत्ति फेला पार्नुभयो र ?'

'मैले तर्कशास्त्रको विषयमा नभएर गृहनिर्वाहका विषयमा तपाईलाई सोधेको हुँ'- राजाले उत्तर दिए । पण्डितजीले भने- 'गृहको कुरा गृहिणीलाई नै थाहा होला । उनैसँग सोध्नुहोस् ।'

पण्डितजीको आज्ञा पाएर राजाले कुटीभित्र गएर भने- 'आमा ! केही अभाव छ भने आज्ञा दिनुहोस्, म गर्नुपर्ने गर्छु ।' निःस्पृह गृहिणीले उत्तर दिइन्- 'यहाँ त केही अभाव भएजस्तो लाग्दैन, लुगा फाटेको छैन, पानीको गाग्रो पनि फुटेको छैन, गुन्द्री पनि रास्रै छ, फेरि मेरो हातमा चूरा फुटेका छैनन्, तब मलाई केको अभाव ?'

राजा शिवचन्द्रले भुइँमा मस्तक राखेर ब्राह्मणीलाई प्रणाम गरे । त्यहाँबाट फर्कदा धेरै परसम्म पैदल आए । कुटी देखिएसम्म उनलाई हात्तीमा चढ्ने साहस आएन । अस्तु ।

क्षत्रियधर्म

मनुजीले संक्षेपमा क्षत्रियहरूका कर्तव्य-कर्मको प्रतिपादन निम्नलिखित रूपमा गरेका छन्- प्रजानां रक्षणं दानमिज्याऽध्ययनमेव च ।

विषयेष्वप्रसक्तिश्च क्षत्रियस्य समासतः ।। -मनु.१।८९

प्रजाको रक्षा, दान, यज्ञ, अध्ययन र विषयहरूमा अनासक्ति -यी संक्षेपमा क्षत्रियहरूका धर्म बताइएका छन् । भगवद्गीतामा पनि भनिएको छ–

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाऽप्यपलायनम् ।

दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ।। (१८।४३)

शूरवीरता, तेज, धैर्य, चतुरता र युद्धदेखि अपलायन तथा दान दिनु र स्वाभिभाव-यी क्षत्रियहरूका स्वाभाविक कर्म हुन् ।

क्षत्रियको निर्वाह क्षत्रियकर्मबाट हुन नसकेमा आपत्तिकालमा उसले वैश्यको वृत्तिबाट आफ्नो जीवन-निर्वाह गरोस्- कवेदेतेन राजन्यः सर्वेणाऽप्यनयङ्गतः ।

न त्वेष ज्यायसीं वृत्तिमभिमन्येत कर्हिचित् ।। -मनु. ९।९५

आपत्तिग्रस्त क्षत्रियले समस्त पदार्थहरूको क्रयविक्ररूप पूर्वोक्त वैश्यवृत्तिबाट जीविका चलाउन सक्तछ । तर आपत्तिकालमा पनि उसले ब्राह्मणवृत्तिबाट जीविका गर्ने अभिलाषा गर्न हुँदैन ।

क्षत्रियहरूमा पनि उत्तम, मध्यम र कनिष्ठ यी तीन विभाग गरिएका छन् । उत्तम क्षत्रिय ती हुन् जो ईश्वर-भावसम्पन्न, लोक-कल्याणकारी, समरकलाकौशलसम्पन्न, प्रजापालनमा परम दयालु, वेद र शास्त्रहरूका मर्मज्ञ र पूर्णनीतिज्ञ हुन्छन् । भगवान् श्रीकृष्णले पनि यस्तै गुणसम्पन्न क्षत्रियलाई आफ्नो रूप मान्नुभएको छ- नराणां च नराधिपम् ।

मध्यम क्षत्रिय ती हुन् जो उपर्युक्त गुणज्ञ सार्वभौमहरूको आज्ञाको अधीनमा रहेर आफ्नो मर्यादाको यथोचित परिपालन गर्दछन् । कनिष्ठ क्षत्रिय ती हुन् जसलाई केवल नामधारी क्षत्रिय भन्न सकिन्छ ।

जुन वीर पुरुष धर्म, राष्ट्र, जाति, न्याय र मातृभूमिका लागि आफ्नो प्राण अर्पण गर्दछन्, तीभन्दा ठूला महाप्राण पुरुष अरू हुँदैनन् । महाप्राण क्षात्रधर्मावलम्बी गणहरू आफ्नो प्राणको बाजी लगाएर समराङ्गणमा मृत्युलाई आलिङ्गन गरी 'मृत्युञ्जय' बन्न पुग्दछन् । यसको विपरीत जो क्षत्रिय युद्धपराङ्मुख अथवा शौर्यविमुख हुन्छन्, तिनीहरूको निकै कटु र तीखो स्वरमा निन्दा गरिएको छ, शुक्रनीतिमा भनिएको छ–

अधर्मः क्षत्रियस्यैष यच्छय्यामरणं भवेत् ।
विसृजन् श्लेष्ममूत्राणि कृपणं परिदेवयन् ।।
न गृहे मरणं शस्तं क्षत्रियाणां विना रणात् ।
शस्त्रास्त्रैः सुविनिर्भिन्नः क्षत्रियो वधमर्हति ।।
अविक्षतेन देहेन प्रलयं योऽधिगच्छति ।
क्षत्रियो नाऽस्य तत्कर्म प्रशंसन्ते पुराविदः ।। (४३)

रोगशय्यामा कफ र मूत्रादिको त्याग गर्दै करुण क्रन्दन गर्दै प्राणत्याग गर्नु क्षत्रियका लागि ठूलो अधर्म हो । साँचो कुरा गर्ने हो भने युद्धभूमिदेखि अन्यत्र घरमा नै मर्नु क्षत्रियहरूका लागि अपमानजनक कुरा हो । क्षत्रियले त समराङ्गणमा शत्रुवर्गका शस्त्रास्त्रहरूबाट क्षत-विक्षत भएर प्राणत्याग गर्नुपर्दछ । जो क्षत्रिय अक्षत-शरीर रहेर नै प्राण छाड्दछ शास्त्रकारहरू त्यसको प्रशंसा गर्दैनन् । साँच्चै भन्ने हो भने क्षत्रियको जन्म नै समराङ्गणमा शौर्य र वीर्यको प्रदर्शन गर्न भएको हो । वीर क्षत्रियका लागि धर्मको स्वार्थ, मातृभूमिको स्वार्थ, राष्ट्रको स्वार्थ र जातिको स्वार्थको सामु आफ्नो शरीर अत्यन्त तुच्छ हुन पुग्दछ । कत्ति ठूलो त्यागपूर्ण बलिदान हो यो, आफै विचार गर !

तिमीहरूका पूर्वजहरूमा कस्ता-कस्ता वीर पुरुष जन्मेका थिए । उनीहरूमध्ये एउटा आदर्श क्षत्रियको विषयमा सुन । ती हुन् भीष्म पितामह । महाभारत युद्धको कुरा हो- दुर्योधनलाई एकपटक भीष्मले भनेका थिए- 'दुर्योधन ! युद्धबाट भागिरहेका, शस्त्रहीन, भयातुर, अर्कैसँग युद्ध गरिरहेका र प्राणरक्षाका लागि प्रार्थना गर्ने मानिसमाथि भीष्मले प्रहार गर्नेछैन ।'

कौरवसेनाका प्रथम सेनापति बनाइएका थिए भीष्म । युद्धको प्रारम्भमा उनले सूचित गरे- 'स्त्री, बालक, नपुंसक, मूर्च्छित र गाईलाई सम्मुख पारी उभिएका मानिसहरू देखिएमा मैले धनुष भुइँमा राखिदिने गरेको छु । यो देवव्रतको व्रत हो ।'

संसारलाई थाहा थियो- देवव्रतको व्रत कुनै अवस्थामा पनि डग्दैन । यसैले दुर्योधनसामु कुरा सुन्नुसिवाय कुनै उपाय थिएन । यति मात्र होइन, अरू पनि थिए भीष्मका नियमहरू-जो दिव्यास्त्र जान्दैन, त्यसमाथि दिव्यास्त्रको प्रयोग गरिनेछैन आदि ।

आदर्श क्षत्रियहरू धर्मयुद्धलाई आदर्श मान्दथे, अधर्मयुद्धलाई हैन ।

युद्धमा अर्जुनले पाञ्चालराजका छोरा शिखण्डीलाई आफ्नो रथका अगाडि उभ्याए । शिखण्डी पहिले कन्याको रूपमा जन्मेको थियो । त्यसकारण उसलाई देख्नासाथ भीष्मले आफ्नो धनुलाई झुकाए । शिखण्डीलाई सामु राखेर अर्जुन बाण प्रहार गर्दै गए । पितामहका अङ्गप्रत्यङ्ग अर्जुनका बाणहरूले विद्ध भए । तर उनले फेरि धनु उठाएनन् । अन्तमा उनी रथबाट भुइँमा लडे । उनको शरीर यसरी बाणहरूले भरिएको थियो कि पूरा शरीर भुइँमा नै पर्न नपाई बाणै-बाणमा अडियो । बाणसमूह नै भीष्मको शय्या बन्यो ।

त्यो युद्धको दशौं दिन थियो । बेलुकीपख युद्ध रोकियो । त्यसपछि त्यहाँ दुर्योधन शस्त्र-चिकित्सकलाई लिएर आइपुगे । 'हजूरको शरीर शस्त्रचिकित्सकको चिकित्साबाट स्वस्थ हुनेछ'-उनले भने । भीष्मको उत्तर थियो- 'फर्काइदेऊ उहाँलाई । धनुषबाट छुटेको र हातबाट खसेको बाणलाई क्षत्रियले फेरि उठाएर धनुमा चढाउँदैन । शरीर एउटा साधन हो बाण जस्तै । क्षत्रिय स्वेच्छाले त्यसमा कसैलाई कुनै शल्यक्रिया गर्न दिंदैन । त्यसको देहको स्पर्श युद्धमा प्रतिपक्षीको शस्त्रले मात्र गर्न सक्तछ ।'

शस्त्रचिकित्सकलाई फर्काएपछि भीष्मले दुर्योधनलाई अन्हाए- 'मलाई तकिया देऊ ।' अत्यन्त कोमल रेशमी तकिया लिएर दुर्योधन त्यहाँ आउँदा भीष्मले हप्काउँदै भने- 'तिम्रो बुद्धि कहिले आउने हो ? यस शरशय्यामा तकिया क्षत्रियवीरले मात्र राख्न सक्तछ, खै अर्जुन ?' अर्जुनलाई तुरुन्त बोलाइयो । उनले आएर प्रणाम गरेपछि भीष्मले भने- 'बाबू ! मलाई तकिया चाहियो ।' भीष्म पितामहको सम्पूर्ण शरीर बाणशय्यामा अडेको थियो, तर शिर झुन्डिएको थियो किनकि युद्धमा अर्जुनले ती पूजनीयको मस्तकमा बाण प्रहार गरेका थिएनन् । अब धनञ्जयले तीन बाण धनुषमा चढाए र भीष्मको ललाटमा प्रहार गरे । ती बाणहरू निधारलाई छेडेर शिरको पछाडिपट्टि पुगी भुइँमा गाडिन पुगे । फलस्वरूप ती बाणको टेकोमा टाउको माथि आयो । भीष्मले भने-'पानी !' शरीरको रगत गएपछि तिर्खा लाग्नु स्वाभाविकै हो । दुर्योधनले स्वर्णपात्रमा पानी लिएर आए तर पितामहका आँखा अर्जुनतिर लागे । शरशय्यामा सुतेका शूर क्षत्रियमुकुटमणिले खाटमा पल्टेको रोगीले झैं पानी खाने कुरा सम्भव थिएन । गाण्डीवधन्वा अर्जुनको धनुष उठ्यो र बाणले भूमिको भेदन गऱ्यो । पृथ्वीबाट छुटेको जलधारा सीधै भीष्मको मुखमा पऱ्यो । त्यसबेला पितामहले आशीर्वाद दिए-'सफलकामी बन पुत्र ! तिमी योग्य क्षत्रिय हौ । क्षत्रिय नै क्षत्रियको उचित सत्कार गर्न सक्तछ ।'

वैश्यधर्म

श्रीमनु भन्नुहुन्छ–

पशूनां रक्षणं दानमिज्याऽध्ययनमेव च ।
वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च ।। -मनु. १।९०

पशुहरूको रक्षा, दान दिनु, यज्ञ गर्नु, अध्ययन, व्यापार, व्याजमा धन दिने काम र खेती –यी कर्महरू वैश्यका लागि बताइएको छ । गीतामा पनि भनिएको छ–

कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् । (१८।४४)

खेती, गोपालन र क्रय-विक्रयरूप सत्य व्यवहारहरू वैश्यका स्वाभाविक कर्म हुन् । उक्त कर्महरूमध्ये केवल ब्याजको भरमा जीविका गर्नु निन्दनीय हुन्छ । आफ्नो वृत्तिबाट निर्वाह भएन भने त्यस्तो आपत्तिकालमा उसले शिल्प आदिका काम गर्न हुन्छ अथवा शूद्रवृत्तिको अवलम्बन गरी सेवाभावद्वारा निर्वाह गरे पनि हुन्छ । मनुले भन्नुभएको छ–

वैश्यो जीवन् स्वधर्मेण शूद्रवृत्याऽपि वर्तयेत् ।
अनाचरन्न कार्याणि निवर्तेत च शक्तिमान् । (१०–९८)

वैश्यले आफ्नो वृत्तिबाट जीविका गर्न नसकेमा आफूले गर्न नहुने कर्महरूलाई छाडेर शूद्रको वृत्तिबाट निर्वाह गरोस् । पुनः आफू समर्थ भएमा शूद्रवृत्तिको परित्याग गरोस् ।

वैश्यहरूमा पनि उत्तम, मध्यम र कनिष्ठ –यी तीन विभाग छन् । उत्तम वैश्य ती हुन् जो कृषि, गोरक्षा र वाणिज्यधर्मलाई केवल ईश्वरको आज्ञा सम्झेर पालन गर्छन् र कुनै फलको कामना गर्दैनन् । अर्थात् जो ईश्वरार्पणबुद्धिबाट र केवल कर्तव्यताको निष्काम दृष्टिले स्वधर्मको पालन गर्दछन् ती चित्तशुद्धिरूप परमसिद्धिका अधिकारी हुन्छन् ।

मध्यम वैश्यहरू ती हुन् जो धर्मको आडम्बर र अभिमानपूर्वक ख्याति र सम्मानको इच्छा गर्दै वर्णधर्मको पालन गर्दछन् । ती व्यक्तिहरू लौकिक र पारलौकिक दुवै कामनाले संयुक्त हुन्छन् ।

कनिष्ठ वैश्यहरू ती हुन् जो धन कमाउनका लागि आफ्नो जाति, नीति र समस्त वर्णाश्रमका धर्महरूलाई लत्याएर झूठ र छल गरेर अन्यायको मार्गमा निरन्तर अग्रसर हुन्छन् ।

आर्यसंस्कृतिको चातुर्वर्ण्य-व्यवस्थामा वैश्यवर्ण तेस्रो वर्ण हो । यो वर्ण समाजसंस्थाको अर्थविभागको अध्यक्ष हो । न्यायपूर्वक सबैको जीविकाको व्यवस्था गर्दै व्यापार, कृषि, पशुपालन आदिद्वारा अर्थोपार्जन गर्नु र अरू तीन वर्णहरूको भरण र पोषणमा गुठी झैं भएर यथाविधान व्ययभार वहन गर्दै आफ्ना लागि पारिश्रमिकस्वरूप जीविकायोग्य अर्थ ग्रहण गर्नु वैश्यको धर्म हो । **कृषिगोरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।**

वैश्यवर्ण नै समाजको प्राण हो । वैश्य व्यापारीको बहीखातामा सम्पूर्ण हिसाब-किताब यथार्थ हुन्छ । क्रियादक्षता, व्यापार-कुशलता, ईमानदारी र सत्यको पालन उसको व्यवहारको मुख्य स्वरूप हुन्छ ।

वाणिज्ये वसते लक्ष्मीः

व्यापारमा लक्ष्मीको वास हुन्छ । पाश्चात्य वाणिज्यशास्त्रअनुसार व्यापारीमा आठ गुण-हरू हुनु आवश्यक छ । ती गुण यी हुन्-- एनर्जी (कार्यदक्षता), इकोनमी (मितव्ययिता), इन्टि-ग्रेटी (व्यापारिक एकता), सिस्टम (ढङ्ग), सिम्प्याथी (सहानुभूति र सहनशीलता), सिन्सि-यरिटी (विश्वासपात्रता), इम्पार्शियलिटी (निष्पक्षता) र सेल्फ रिलायन्स (आत्मविश्वास) । यी सिद्धान्तहरूमा आधृत व्यापार यति सुदृढ र लाभप्रद हुन्छ कि यसलाई कोही हानि पुऱ्याउन सक्तैन । त्यसमा कोही पनि विघ्न गर्न सक्तैन र व्यापारीको अस्तित्व सदा कायम रहन्छ तथा उसको सफलता सदा अविरल गतिले आफ्नो लक्ष्य प्राप्त गर्दै जान्छ । पाश्चात्य वाणिज्य-पद्धतिमा धेरै प्रकारका खाता-पद्धतिहरू छन् । जस्तै-- जर्नल, लेजर, क्यास-बुक आदि । तर पाश्चात्य वाणि-ज्य-पद्धति हाम्रो प्राचीन खाता-पद्धतिसमक्ष अपूर्ण जस्तो लाग्दछ । हाम्रो प्राचीन वाणिज्य विज्ञा-नअनुसार वाणिज्य सात खाताहरूमा विभक्त थिए । ती खाताहरू यसप्रकार छन्-- भू, भुव, स्व, मह, जन, तप र सत्य । भूखातालाई दैनिक खाता (रोजनामचा) भन्दछन् । भुवखाता सानो बही भनिन्छ । स्वको अर्थ पक्का रोकड हुन्छ । महको अर्थ खाता-बही हो । तपको अर्थ परिशोधित खाता हो अर्थात् तलपट ट्रायल ब्यालेन्स हो । सत्यखाताको अर्थ हो चिट्ठा, जसमा लाभ र हानि अङ्कित गरिएको हुन्छ । प्राचीनकालमा व्यापारीहरू सत्यखाता राखेर सत्यतापूर्ण आफ्नो लाभको दश-प्रतिशत राज्यले नमागदै नै गएर राजस्वकोषमा जम्मा गर्दथे । उनीहरूलाई यो विश्व ऋणानुबन्ध हो भन्ने कुरा थाहा थियो । जसरी यी सात हिन्दू-खाता-पद्धति छन्, त्यसरी नै विश्वमा सप्त खण्ड छन् । जो भू, भुव, स्व, मह, जन, तप र सत्यलोक कहलाउँछन् । मनुष्य आफ्ना कर्म-अनुसार ती लोकहरूमा जाने गर्छन् । यमराजका लेखन्दास चित्रगुप्त सबै खाताहरू आफूसँग राख्ने गर्छन् । यसैले हाम्रो व्यापार ईमान र जमानमा आधृत थियो । ईमानदारी नै सर्वश्रेष्ठ नीति हो ।

विदेशी विद्वान् इमर्सनको भनाइ छ-- 'यथार्थ र ईमानदारी-- यी दुवै सहोदर दिदी-बहिनी हुन् । पोपको मतमा 'ईमानदार मनुष्य परमेश्वरको सर्वोत्तम रचना हो ।' वस्तुतः ईमानदारी मोतीजस्तै निर्मल हुन्छ । यो मानवलाई अलंकृत गर्दछ तथा बेईमानी व्यापारीलाई कलङ्कित गर्दछ । हामी दैनिक जीवनमा पनि पाउँछौं-- जुन व्यापारी ईमानदारीसाथ व्यापार गर्दछ, वस्तुहरूको भाउ ठीक लगाउँछ र आफ्नो पसलमा बालक या वृद्ध जस्तो मानिस ग्राहकको रूपमा आए पनि समान मूल्यमा सामानहरू दिन्छ, त्यो ईमानदारी व्यापारी कहलाउँछ, सबैको विश्वासपात्र बन्दछ र त्यसको बिक्री पनि धेरै हुन्छ । जुन व्यापारी यसको ठीक विपरीत वस्तुहरूको मूल्यदर समान राख्दैन, अरूले भन्दा महँगो दरमा बेच्दछ, त्यसप्रति ग्राहकहरूको विश्वास रहँदैन । एउटा व्यापारीको सिद्धान्त थियो-- 'ग्राहक भगवान् हुन् ।' वस्तुतः यो कुरा साँचो पनि हो । ग्राहकलाई भगवान् मानी उसको हितको इच्छा गर्दै ईमानदारीसाथ व्यापार गर्नाले नै 'तुलाधर वैश्य' ठूला महात्मा बन्न पुगेका थिए । उनीसँग ठूला-ठूला योगीहरू सत्सङ्ग गर्न आउँथे र आफ्ना शिष्यहरूलाई सत्य व्यापारीसँग ज्ञान प्राप्त गर्न पठाउँथे । ईमानदारीपूर्वक व्यापार गर्नु नै तुलाधरका लागि मोक्षको कारण बन्न पुग्यो । यही कर्मयोग हो ।

हामीहरूको देशमा व्यापारीहरूलाई सेठ भन्ने चलन छ । उसको अर्थ महाजन या उत्तम पुरुष हुन्छ । सेठ शब्द श्रेष्ठ शब्दको नै अपभ्रंश हो । श्रेष्ठजनहरू जस्तो आचरण गर्दछन्, समाज उनीहरूको अनुकरण गर्दछ । अतः ईमानदारीको व्यवहार गर्नु अत्यन्त आवश्यक छ । त्यसैमा राष्ट्र र समाजको कल्याण निहित छ । प्रकृतिको प्रतिकूल व्यवहार गर्ने 'पशु' मानिन्छ । हामीहरूले देश, काल र समाजको प्रकृतिको अनुकूल व्यवहार गर्न जान्नुपर्छ । तब मात्र हामी सही अर्थमा 'मनुष्य' कहलाउन लायक हुनेछौं । ईमानदारीसाथ व्यापार र कर्तव्यहरू गर्नाले आत्मानुशासन, आत्मनियन्त्रण र आत्मविश्वासको जागरण हुन्छ । सत्यको पालन गर्नाले चित्तका वृत्तिहरूका कलुषित भावनाहरूको परिहार हुन्छ र असद् विचारहरूको निरोध हुन्छ । यसैकारण हाम्रो संस्कृतिको महामन्त्र छ– 'सत्यमेव जयते' । सत्यको परित्याग गर्दा लक्ष्मीको शुभागमन हुँदैन र व्यक्तिको विश्वास समाजबाट उठ्छ । जहाँ सत्यको सत्ता हुन्छ त्यहाँ लक्ष्मीको वास हुन्छ । यस सम्बन्धमा एउटा उदाहरण प्रस्तुत गरिँदै छ –

एउटा राजाले घोषणा गर्न लगाए– 'मेरो राज्यमा एउटा हाट लगाइयोस्, त्यसमा यदि कुनै व्यापारीको माल बिकेन भने बेलुका नबिकेको माल म खरीद गर्नेछु ।' ३५२

एकदिन एउटा व्यापारीले शनैश्चरको मूर्ति बनाएर हाटमा बिक्री गर्न ल्यायो । त्यसलाई कसैले पनि खरीद गरेन । अन्ततोगत्वा राजाले खरीद गर्नुपऱ्यो । मन्त्रीहरूले रोके– 'हजूर यो मूर्ति नकिनिबक्सियोस्, किनभने शनि जहाँ रहन्छन् त्यहाँ सर्वनाश हुन्छ ।' तर राजा मानेनन् । उनी भोजन गरेर सुते ।

राती लक्ष्मी आइन् र राजालाई भनिन्– 'राजन् ! तिम्रो घर शनि आयो, त्यसैले म जाँदै छु ।'

राजाले भने– 'तपाई जान सक्नुहुन्छ ।' त्यसपछि धर्मले आएर 'म जान्छु' भने । उनलाई पनि राजाले बाटो देखाइदिए । अन्तमा सत्यले आएर भन्यो– 'राजन् ! तपाईं कहाँ शनि आयो, त्यसैले यहाँ बस्न सक्दिनँ । म पनि जाँदैछु ।' अनि राजाले उठेर सत्यका पाउमा समाती भने– 'मैले आफ्नो वचनको सत्यताको निर्वाह गर्न नै शनिको मूर्ति किनें । त्यसो नगरेको भए मेरो सत्यता गुम्ने थियो । अहिले हजूर नै जानुहुन्छ भने यस दुनियाँमा मेरो सहारा को छ ?'

सत्यले विचार गऱ्यो– 'वास्तवमा राजा सत्यमा नै आश्रित छन् । अतः सत्य गएन । सत्य नै नगएपछि हिंडिसकेका लक्ष्मी र धर्मले पनि पुनः फर्कनुपऱ्यो । अतः स्वतः सिद्ध हुन्छ– सत्यतामा नै लक्ष्मीको निवास हुन्छ ।

धनको दुरुपयोग गर्नु र अनावश्यक खर्च गर्नु कठिनाइका जनक हुन् । सत्यता र ईमान्दारीपूर्वक व्यापार गर, त्यसबाट उपार्जित धन समाजकल्याणका अति उत्तम कार्यहरूमा

उदारतापूर्वक खर्च गर । यसैमा वैश्य-धर्मको सार्थकता लुकेको छ । अब एउटा आदर्श वैश्यको उदाहरण दिइँदै छ । उनको नाम हो– 'तुलाधर वैश्य' ।

'म जस्तो तपस्वी र ज्ञानी अर्को कुनै पनि छैन' – योगी जाजलिको मनमा उक्त अभिमानको उदयको कारण थियो– आफ्नो इच्छा हुनासाथ समस्त भूगोल र खगोलको ज्ञान उनलाई प्रत्यक्ष जस्तै प्रतीत हुने गर्नु । उनले समुद्रतटमा उभिएर दीर्घ कालसम्म तप गरेका थिए । सर्दी, गर्मी र वर्षा सहन गरी केवल वायुपान गर्दै उनी यसरी स्थिर रूपमा उभिएका थिए कि चराहरूले उनलाई रूखको ठुटो ठानेर उनको जटामा गुँड लाए र फुल पारे । फुलहरू फुटे-पछि जुन बच्चाहरू जन्मे ती त्यहीं हुर्के, बढे र उडे ।

'जाजलि ! तिम्रो गर्व उचित छैन । यस्तो गर्व त काशीनिवासी महात्मा तुलाधर पनि गर्न सक्तैनन्' –आकाशवाणीले जाजलिलाई सावधान गरायो ।

के तुलाधर मभन्दा पनि ठूला ज्ञानी र तपस्वी छन् ! जाजलिको मनमा ती महा-त्माको दर्शन गर्ने इच्छा जागृत भयो । उनी समुद्रतटबाट हिंडे ।

'आउनुहोस्, तपाईलाई स्वागत !' तुलाधर आफ्नो पसलमा व्यापार-संलग्न थिए । योगी ब्राह्मण जाजलिलाई देखी उनले उठेर प्रणाम गरे । आसन दिएर अतिथि-सत्कार गरे । त्यसपछि जाजलिले कति तपस्या गरे र उनलाई कसरी घमण्ड भयो, त्यो पनि उनले बताइ-दिए । अन्तमा भने– 'महाभाग ! म यहाँको के सेवा गरूँ ?'

'तपाईलाई यो कसरी थाहा भयो ? तपाई के साधना गर्नुहुन्छ ?' – जाजलिले सोधे । तुलाधरले भने– 'मैले केवल आफ्नो वर्णाश्रमविहित धर्मको पालन गरेको छु । आफ्नो वर्ण र आश्रमअनुसार आफ्नो कर्तव्यको पालन गर्दै कसैको कुभलो नगर्नु, सबैमा भगवान्को दर्शन गर्नु, मकहाँ ग्राहकको रूपमा स्वयं भगवान् पाल्नुहुन्छ भन्ने सम्झी ग्राहकहरूको सुविधाको पूरा ख्याल राख्नु, उनीहरूलाई ईमान्दारीसाथ उचित मूल्यमा राम्रा वस्तुहरू प्रदान गर्नु यिनै मेरा नियम हुन् । सबैको हित चाहनु, आफ्नो शक्तिअनुसार दान दिनु र रोगी तथा दुःखीहरूको सेवा-सहायता गर्नुलाई नै मैले आफ्नो धर्म ठम्याएको छु ।

सम्पूर्ण जगत् भगवान्को स्वरूप हो । वास्तवमा सुन र माटोमा केही फरक छैन । जो इच्छा, द्वेष र भयको त्याग गरेर आफ्ना कर्तव्यहरूको परिपालन गर्दछ, अरूलाई भयभीत तुल्या-उँदैन, कष्ट दिंदैन, त्यो नै ज्ञानको अधिकारी हुन्छ । तुलाधरले जाजलिलाई बताए । तुलाधरको उपदेशबाट जाजलिको अभिमान र अज्ञान नष्ट भयो र उनी आफ्नो कर्तव्यको पालनामा संलग्न भए ।

शूद्रधर्म

मनुजीले भन्नुभएको छ–

एकमेव तु शूद्रस्य प्रभुः कर्म समादिशत् ।
एतेषामेव वर्णानां शुश्रूषामनसूयया ।।

उक्त चारै वर्णको इर्ष्यारहित भएर सेवा गर्नु नै शूद्रको धर्म हो भन्ने आज्ञा प्रभुबाट भएको छ । गीतामा पनि भनिएको छ–

परिचर्यात्मकं कर्म शूद्रस्याऽपि स्वभावजम् । (१८।१४)

अतः शूद्रका लागि सबै वर्णको सेवा गर्नु नै आजीविकाको कर्म हो । आपत्तिकालमा उसले शिल्पवृत्तिबाट निर्वाह गर्नु हुन्छ । मनुले भन्नुभएको छ–

अशक्नुवंस्तु शुश्रुषां शूद्रः कर्तुं द्विजन्मनाम् ।
पुत्रदारात्ययं प्राप्तो जीवेत् कारुककर्मभिः ।। -मनु. १।९९

जो शूद्र द्विजातिहरूको सेवा गर्न असमर्थ हुन्छन् र जसका छोरा-छोरी र पत्नीहरू भोकले व्याकुल हुन्छन् उसले शिल्प र कालिगढीबाट जीविका गर्नुपर्दछ । तर उसले आपत्तिकालमा पनि ब्राह्मणको काम गर्नु हुँदैन । अचेल 'शूद्र' भन्नासाथ नै यो निकृष्ट जाति हो भन्ने भ्रान्त धारणा लिने गर्छन् । तर वास्तवमा यो मानिसहरूको ठूलो भूल हो । ज-जसले वेदादि शास्त्रहरूको अन्तर्मुखी वृत्तिको माध्यमबाट अध्ययन गरेका हुँदैनन् ती मानिसहरू मात्र यस्तो विचार गर्दछन् र शूद्रजनलाई घृणा गर्छन्, यसो गर्नु सर्वदा त्याज्य छ ।

हाम्रा शास्त्रहरूमा शूद्रहरूको कर्म एक उत्तम धर्म मानिएको छ । किनभने शूद्रहरूको परम धर्म नै 'सेवा' हो । सेवाकार्य नै परमेश्वरलाई प्रसन्न गराउने सर्वोत्तम साधन हो । सेवाद्वारा प्रत्येक प्राणी यस संसार-बन्धनबाट मुक्त हुन सक्तछ ।

धर्मराज युधिष्ठिरको राजसू, यज्ञमा विभिन्न कार्यहरूको भार विभिन्न व्यक्तिहरूलाई बाँडिएको थियो । त्यसबेला एउटा कार्य बाँकी रहेको थियो । त्यो थियो– आएका पाहुनाहरूका पाउ पखाल्नु । श्रीकृष्णले झट्ट उठेर भन्नुभयो– 'यो कार्य मेरा लागि छाडिदिनुहोस् ।' मानिसहरूलाई निकै आश्चर्य लाग्यो । तर यसमा आश्चर्यको कुनै कुरा छैन, किनकि सेवा गर्ने शिष्य नै एक दिन गुरुपदमा पुग्दछ ।

अचल प्रायः भनिन्छ– 'ब्राह्मणहरू सदैव शूद्रहरूलाई खसाउने षड्यन्त्रमा संलग्न भए, जेले गर्दा तिनीहरूले आफ्नो उन्नति गर्न सकेनन् । यस्तो सम्झनु ठूलो त्रुटि हो । शास्त्राध्ययनबाट ज्ञात हुन्छ– स्वधर्मपालन नै सबभन्दा ठूलो कुरा हो, उत्तम गतिको साधन हो । शूद्रहरूका लागि यो साधन ब्राह्मणका तप आदि साधनहरूको अपेक्षा सुगम छ । ३५५

मुनिहरूले चारै युगहरूमध्ये कलियुगलाई सर्वोत्तम मानेका छन् । यस युगमा भगवन्नाम–कीर्तनमात्रले संसार-सागरबाट मुक्ति पाइन्छ । यस सम्बन्धमा एउटा कथा छ–

एकपटक केही मुनिहरू 'कुन समयमा सानो पुण्यले पनि महान् फल प्रदान गर्छ र को सुगमतापूर्वक त्यसको अनुष्ठान गर्न सक्तछ ?' यस प्रश्नलाई लिएर श्रीवेदव्यासजीसमक्ष गए । त्यसबेला वेदव्यास गङ्गाजीमा नुहाउँदै हुनुहुन्थ्यो । डुबुल्की लगाएर वेदव्यासजीले भन्नुभयो– 'कलियुग श्रेष्ठ छ, शूद्र ! तिमी श्रेष्ठ छौ, तिमी नै धन्य हौ र नारीहरू साधु हुन् ।' त्यसपछि व्यासजीले गङ्गाको जलबाट बाहिर आई नित्यकर्म गरिसकेपछि मुनिहरूलाई अभिवादन गरेर उहाँहरू आउनाको कारण सोध्नुभयो । मुनिहरूले भने– 'हामी एउटा प्रश्न लिएर आएका थियौं । तर पहिले हजूरले बताउनुपऱ्यो– किन यहाँले कलि, शूद्र र नारीहरू श्रेष्ठ, धन्य र साधु छन् भन्नुभयो ? यसको रहस्य के हो ?'

व्यासजीले हाँस्दै भन्नुभयो- जुन धर्म सत्य, त्रेता र द्वापरमा दीर्घ कालको तप, ध्यान र पूजनबाट उपलब्ध हुन्थ्यो, त्यो कलिमा भगवान्को नाम कीर्तन मात्र गर्नाले थोरै प्रयत्नबाट नै प्राप्त हुन्छ । यसैले म कलियुगदेखि निकै प्रसन्न छु । ब्राह्मण, क्षत्रिय र वैश्यलाई ठूलो संयममा रहेर साधना गर्दा जुन पुण्यलोकहरूको प्राप्ति हुन्छ, त्यो सद्गति शूद्रहरूलाई केवल सेवाबाट प्राप्त हुन्छ । यसकारण शूद्र अरू जातिभन्दा धन्यतर छ, नारीहरू केवल तन, मन र वचनले पतिसेवा गर्नाले उत्तम गतिमा प्राप्त हुन्छन् ।

यसैले तो साधु हुन् । मैले यसै अभिप्रायले कलियुग, शूद्र र स्त्रीहरूलाई श्रेष्ठ तथा धन्य बताएको हुँ । यसर्थ शूद्रहरूको निमित्त यो युग सुवर्ण अवसर हो । यसबाट विशेष लाभ उठाउनुपर्छ । किनभने स्वधर्म-पालन गर्ने प्राणीहरूका लागि मुक्तिको द्वार सर्वथा खुला हुन्छ । यसै कलियुगमा शूद्रकुलमा पनि अनेक सन्त भए, जो सर्वसम्माननीय छन् । यसकारण परम्पराको द्वेषलाई छाडेर आफ्नो उद्धार आफैं गर्नुमा नै कल्याण छ । अस्तु ।

यसप्रकार माथि चार वर्णहरूको संक्षेपमा वर्णन गरियो । विस्तारका लागि धर्मशास्त्रहरू हेर्नुपर्छ ।

वास्तवमा, विचार गर्ने हो भने यही ठीक लाग्छ- वर्ण-विभागविना कुनै मनुष्यको पनि काम चल्न सक्दैन । पहिले सम्पूर्ण पृथ्वीभरि नै यसको प्रचार थियो । भारतवर्षमा ता अझै पनि प्रचलित नै छ । अरू देशहरू जस्तै यूरोप आदिमा पनि यो प्रकारान्तरले प्रचलित छ । फरक यति नै छ- यहाँ

जन्म र कर्म दुवैबाट वर्ण मानिन्छ र वहाँ चाहिं केवल कर्मको मात्र प्रधानता छ। जस्तै- मौलवी, पादरी, अध्यापक, व्याख्यानदाता आदि जुन कार्य गर्दछन्, त्यो एक प्रकारले ब्राह्मणकै काम हो। सैनिक, योद्धा, शासक, रक्षक र न्यायकर्ता आदि क्षत्रियका नै काम गर्दछन्। व्यापारी, किसान, पशुपालक आदि वैश्यको काम गर्दछन् एवं श्रमिक, सेवक, शिल्पी (कारीगर) आदि शूद्रकै काम गर्दछन्। यसप्रकार यी चार विभाग विदेशहरूमा पनि छन् (तर छन् कर्मद्वारा)। यस विभागविना त कुनै देशको पनि काम चल्न सक्तैन। तर शास्त्रहरूमा जन्म र कर्म दुवैबाट वर्ण-विभाग मानिएको छ र त्यसैमा सबैको परम हित छ। यदि जातिको ब्राह्मण छ र उसको आचरण शूद्रको जस्तो छ भने त्यो ब्राह्मण वास्तवमा ब्राह्मण हैन। यस प्रकार जातिको ता शूद्र हो, तर आचरण ब्राह्मणको जस्तो छ भने त्यो शूद्र शूद्र हैन।

अतएव सबैले शास्त्रोक्त आ-आफ्ना वर्णधर्महरू पालन गर्नुपर्दछ। यसमा सबैको परम हित र परम कल्याण छ। मनुले भन्नुभएको छ- **वरं स्वधर्मो विगुणो न पारक्यः स्वनुष्ठितः**
परधर्मेण जीवन् हि सद्यः पतति जातितः॥

आश्रमधर्म

ब्रह्मचर्याश्रम-- समाजलाई सुचारुरूपले आपनो गन्तव्य स्थान-(भगवत्प्राप्ति)- तर्फ लैजान जसरी वर्णधर्म-(कर्तव्य)-को रूपमा कार्य-विभाजन गरिएको छ, ठीक त्यसरी नै मानवको आयुको समय-विभाजन पनि शास्त्रकारहरूले गरेका छन्। सम्पूर्ण आयु- (१०० वर्ष)-लाई चार बराबर विभागहरूमा बाँडेर ती ती विभागहरूका कर्तव्य-कर्महरूलाई आश्रमधर्म नाम दिई वर्णन गरिएको छ। यो आयुको समय-विभाजन प्रकृतिको अनिवार्य नियम हो जुन नियम, मनुष्यले मात्र होइन प्राणिमात्रले नै पालन गर्नुपर्दछ। प्रत्येक वस्तुको आयुको प्रथम भाग विकासको नै हुन्छ। दोस्रो आयुविभाग उपभोग गर्न वा फल्न र फुल्न हो र तेस्रो आयुविभाग अवकाशप्राप्त जीवन- (Retired life)- को हो। यी नै प्राकृतिक आश्रम-धर्म हुन्। हिन्दू-शास्त्रहरूमा मानव-समाजको आयुको प्राथमिक भाग-(२५ वर्ष)- लाई 'ब्रह्मचर्याश्रम'- को नामले वर्णन गरिएको छ। आयुको यो भाग अत्यन्त महत्त्वपूर्ण छ। जड-जगत् र प्राणिजगत् दुवैतर्फ यस नियमको प्रधानता छ। भवनको रूप, आकार तथा दृढता जग(Foundation)- मा निर्भर हुन्छ। रूखबिरुवाहरूको आकृति, सौन्दर्य र फल्ने फुल्ने क्षमताहरू पनि उनीहरूले प्राथमिक अवस्थामा पाएको माटो, मल र जलमा नै निर्भर हुन्छन्। ठीक त्यसरी नै मानव-जीवनको प्रथम भाग पनि शेष जीवनको आधार हो। सम्पूर्ण जीवन त्यसै अनुरूप राम्रो वा नराम्रो, विकसित या अविकसित हुनेछ। यसर्थ जीवनको यो महत्त्वपूर्ण विभागका सर्वाङ्गीण विकासका लागि विशेष नियमहरूको विधान गरिएको छ। तिनैलाई ब्रह्मचर्याश्रमको नियम वा कर्तव्यको नाम दिई उल्लेख गरिन्छ-

माता-पिताले ५ वर्ष पुग्नासाथ आफ्नो बालकलाई ऋषिकुल या गुरुकुलमा पठाउनु उचित हो। चाणक्यनीतिमा भनिएको छ-

लालयेत् पञ्च वर्षाणि दश वर्षाणि ताडयेत् ।
प्राप्ते तु षोडशे वर्षे पुत्रे मित्रत्वमाचरेत् ॥ (३।३८)

छारालाई पाँच वर्षसम्म लालन-पालन गर्नू, त्यसपछि दश वर्षसम्म उसमाथि शासन गर्नू, तर जब त्यो सोन्ह वर्षको हुन्छ, तब ऊसँग मीतसँग झैं व्यवहार गर्नू ।

बाल्यावस्थामा नै विद्याभ्यास गराउने कुरामा बाबु-आमा सचेष्ट रहनुपर्दछ । जुन बाबु-आमा आफ्नो बालकलाई पढाउँदैनन्, ती पुत्रका लागि वस्तुतः शत्रु बराबर नै हुन्छन् ।

माता शत्रुः पिता वैरी येन बालो न पाठितः ।
न शोभते सभामध्ये हंसमध्ये वको यथा ॥ चाणक्य २।११

शास्त्रोक्त विधिपूर्वक यथाधिकार यज्ञोपवीत-संस्कार सम्पन्न भएपछि बालकले गुरुसँग वेदाध्ययन गर्दै विद्याको अभ्यास गरोस् । शास्त्र, लिपि र अनेक प्रकारका भाषाहरूको ज्ञान प्राप्त गरोस् । भिक्षा मागेर गुरुलाई सुम्पने र गुरुबाट प्राप्त भोजन आफूले गर्ने बानी बसालोस् ।

मनुले भन्नुभएको छ- समाहृत्य तु तद् भैक्ष्यं यावदर्थममायया ।
निवेद्य गुरवेऽश्नीयादाचम्य प्राङ् मुखः शुचिः॥-मनु. २।५१

जति आवश्यक छ त्यति भिक्षा ल्याई निष्कपट भावले गुरुलाई समर्पण गर्नु पर्दछ र आचमन गरी पवित्र भई पूर्वाभिमुख भएर भोजन गर्नु पर्दछ । दिनदिनै गुरुलाई नमस्कार गर्नु, गुरुसेवा गर्नु र गुरुको आज्ञा पालन गर्नु ब्रह्मचारीको उत्तम धर्म हो । ब्रह्मचारीले तत्परतासाथ शिक्षा र विद्याको अध्ययनमा नै विशेषतः मन लगाउनुपर्दछ । जो बालक बाल्यावस्थामा विद्याको अध्ययन गर्दैन, शिक्षा-ग्रहण गर्दैन र कुनै कुत्सित क्रियाद्वारा वीर्य नष्ट गर्दछ, त्यसले आजीवन पछुताउनुपर्दछ । शिक्षाग्रहण, विद्याभ्यास र ब्रह्मचर्य-पालन- यी तीनै कुरा बालकका लागि इहलोक परलोक दुवैमा लाभदायक हुन्छन् । ब्रह्मचर्यविना बालकको आयु, बल, बुद्धि, तेज, कीर्ति र यशको विनाश हुन्छ र मृत्युपछि दुर्गति हुन्छ । यसैले ब्रह्मचर्यपूर्वक शिक्षा र विद्या प्राप्त गर्ने बालकले विशेष प्रयत्न गर्नु पर्दछ । विद्याको अर्थ हो- विभिन्न भाषा र लिपिहरूको ज्ञान, शिक्षाको अर्थ हो- उत्तम गुण र उत्तम आचरणहरू सिकेर आफ्नो जीवनमा प्रयोग गर्नु, एवं ब्रह्मचर्यपालनको अर्थ हो- सबै प्रकारका मैथुनको त्याग गर्नु र ब्रह्मको स्वरूपमा विचरण गर्नु अर्थात् परमात्माको स्वरूपको मनन गर्नु ।

शास्त्रहरूमा आठ प्रकारका मैथुनहरूको चर्चा गरिएको छ। तो आठ प्रकारका मैथुन-हरूको त्यागलाई नै ब्रह्मचर्य भनिएको छ। स्मरणं कीर्तनं केलिः प्रेक्षणं गुह्यभाषणम् ।
सङ्कल्पोऽध्यवसायश्च क्रियानिष्पत्तिरेव च ॥

नारीजातिको स्मरण, नारीसम्बन्धी कुराकानी, नारीहरूसित खेल्नु, नारीहरूलाई हेर्नु, नारीहरूसित गुप्त भाषण गर्नु, समागमको अठोट एवं प्रयास गर्नु र सहवास गर्नु - यी आठ प्रकारका मैथुन हुन् ।

ब्रह्मचारीले मन र इन्द्रियहरूको संयम गर्दै, यम र नियमहरूको पालन गर्दै दिनदिनै नुहाई शुद्ध भएर देवता, दिव्य पितृ र ऋषिहरूलाई तर्पण गरेर देवपूजन र हवन अवश्य गरोस् । भनिएको छ- वर्जयेन्मधु मांसं च गन्धं माल्यं रसान् स्त्रियम् ।
शुक्तानि यानि सर्वाणि प्राणिनां चैव हिंसनम् ॥
अभ्यङ्गमञ्जनं चाक्ष्णोरुपानच्छत्रधारणम् ।
कामं क्रोधं च लोभं च नर्तनं गीतवादनम् ॥
द्यूतं च जनवादं च परिवादं तथाऽनृतम् ।
स्त्रीणां च प्रेक्षणालम्भमुपघातं परस्य च ॥ -मनु. २।१७७–७९

मह, मासु, सुगन्धित पदार्थ, माला, रसहरू, आइमाई, आसव बनाउने किसिमले बनाइएका कुनै पनि मादक वस्तुहरूको सेवन, प्राणिहिंसा, शरीरमा घस्ने सौन्दर्यवर्धक वस्तुहरू, गाजल, जुत्ता र छाताजस्ता भोग्य पदार्थहरूको परिवर्तन गर्नुपर्दछ । काम, क्रोध, लोभ, नृत्य, गायन, वादन, जूवा, असत्य-भाषण, गालीगलौज, निन्दा, स्त्रीजातिको दर्शन, आलिङ्गन र अरूको तिरस्कारजस्ता कर्महरूको त्याग गरोस् ।

इमं लोकं मातृभक्त्या पितृभक्त्या तु मध्यमम् ।
गुरुशुश्रूषया त्वेव ब्रह्मलोकं समश्नुते ॥ -मनु.

मानिस आमाको भक्तिद्वारा पृथ्वीलोकको, पिताको भक्तिद्वारा मध्यलोकको र गुरुको भक्तिद्वारा ब्रह्मलोकको उपभोग गर्छ । पितृ र गुरुको सेवा नै बालकहरूका लागि ठूलो तपस्या हुन आउँछ ।

तेषां त्रयाणां शुश्रूषा परमं तप उच्यते ।
न तैरभ्यननुज्ञातो धर्ममन्यं समाचरेत् ।। -मनु.

उक्त तीनजनाको सेवालाई परम तप भनिएको छ । अतः उनीहरूको आज्ञाविना मनुष्यले अन्य कुनै धर्मको आचरण गर्न हुँदैन ।

यं मातापितरौ क्लेशं सहेते सम्भवे नृणाम् ।
न तस्य निष्कृतिः शक्या कर्तुं वर्षशैतरपि ।। -मनु.२।२२७

'मनुष्यको उत्पत्तिकालमा आमा र बाबु जस्तो कष्ट या क्लेश सहन्छन् त्यसको बदला सय वर्षसम्म अनवरत सेवा गरेर पनि चुकाउन सकिंदैन ।' अतएव बालकहरूले नित्य आमा-बाबुका चरणमा प्रणाम गर्नुपर्दछ र उनीहरूको आज्ञाको पालन गर्दै सेवा गर्नुपर्दछ ।

यहाँसम्म संक्षेपमा शास्त्रानुसार ब्रह्मचर्यधर्मको वर्णन गरियो । यसपछि आधुनिक ब्रह्मचर्याश्रम अथवा विद्यार्थीजीवन र शिक्षाका विषयमा केही विचार गरिंदै छ-

हाम्रो वर्तमान शिक्षा

अत्यन्त दुःखसित भन्नुपरेको छ- आज हामी साक्षरतालाई नै विद्या अथवा शिक्षाको पर्याय मानिरहेका छौं । वस्तुतः हाम्रो संस्कृतिले हामीलाई सिकाउँछ- 'जसले प्रेयबाट श्रेयतर्फ लैजान्छ त्यो विद्या हो, त्यस शक्तिको आर्जन गर्ने साधना नै शिक्षा हो ।'

पाश्चात्य-सभ्यताले हामीमा सङ्ख्याबलको इन्द्रजाल प्रयोग गरेको छ । आज हामी उन्नतिको अर्थ तथ्याङ्कको भाषामा बुझ्न थालेका छौं । अर्को शब्दमा भन्ने हो भने Factory Mentality हरेक क्षेत्रमा व्याप्त भइसकेको छ । कपडाका कारखानाहरू जस्तै शिक्षाका पनि फ्याक्टरीहरू खुलेका छन् । तिनीहरूको सफलता र महत्ता दिनदिनै बढिरहेको तथ्याङ्कबाट गनिने गर्छ । कति कपडा र फलामको उत्पादन यो वर्ष बन्यो भनेझैं कति स्नातकहरू यसवर्ष कुन विश्वविद्यालयबाट निक्ले, यसैमा प्रायः शिक्षण-संस्थाहरूको अङ्कगणित चल्दछ । गुणप्रधान वा गुणात्मक (Qualitative) का ठाउँमा सङ्ख्याप्रधान वा सङ्ख्यात्मक (Quantitative) दृष्टिको स्थापनाले हाम्रो संस्कृतिका मूल प्रेरणाहरूमा सर्वाधिक आघात परेको छ । आफै विचार गर- विश्वविद्यालयहरू आज ज्ञानका यथार्थ साधनास्थल रहेनन् । विद्यार्थीहरूलाई नै हेरी उच्छृङ्खल, अनियन्त्रित, जीवनका बाह्य सुविधाहरू र भोगहरूमा आसक्त, सिनेमालाई तीर्थ मान्ने चलचित्रका अभिनेता-अभिनेत्रीहरूलाई नै आफ्नो आदर्श मान्ने अनुशासनविहीन, आत्मनियन्त्रणहीन र जीवनसँग भकुन्डो झैं खेलबाड गर्ने विद्यार्थीको जमात हाम्रो सामु छ ।

अब हाम्रो भविष्यको रूपरेखा कस्तो होला, विचार गरौं त ! तर यसमा उनीहरूको दोष के छ र ? हामीले आफै नै उनीहरूको निमित्त त्यस्ता साधन र त्यस्तै वातावरण जुटाइदियौं । आज विद्या र ज्ञानको मापदण्ड चरित्र र जीवन होइन, प्रत्युत कागतका छापिएका उपाधिपत्र हुन् । कुनै युग यस्तो पनि थियो, जब स्नातकले आफ्नो परिचय 'म अमुक आचार्यको शिष्य हुँ' भनेर दिन्थ्यो । अमुक आचार्यको शिष्य हुनु नै सर्वोत्तम प्रमाणपत्र थियो, किनकि विद्या पुस्तकहरूको माध्यमबाट हैन, आचार्यको जीवनको माध्यमबाट प्राप्त हुन्थ्यो । एउटाको जीवनको समस्त संस्कार अर्काको जीवनमा सर्ने गर्थ्यो । गुरु या आचार्य आफ्नो जीवन नै शिष्यलाई दिन्थे । विद्या जीवनमा उत्रन्थ्यो । जीवनमा उसको आचरणमा विद्या बोल्दथ्यो । यसै प्रसङ्गमा एउटा आदर्श आचार्यको कथा प्रस्तुत गर्दै छु-

प्राचीनकालको एक ऋषिकुल-आश्रमको कथा हो ।

'बाबु ! तिम्रो शिक्षा पूर्ण भइहाल्यो; अब तिमी आफ्नो घर फर्क ।' आचार्य दिव्याङ्गले पाउमा परेका चन्द्रधरको मस्तकमा प्रेमपूर्वक हातले सुमसुम्याउँदै भने । चन्द्रधरका आँखा हर्षाश्रुले भरिए । चन्द्रधरले भने- 'गुरुदेव ! मलाई गुरुदक्षिणाको आदेश दिएर कृतार्थ तुल्याउनुहोस् ।'

आचार्य दिव्याङ्ग चन्द्रधरको गुरुभक्ति र प्रतिभामा मुग्ध थिए । आचार्यले भावविभोर भएर भने- 'वत्स ! मैले गुरुदक्षिणा पाइसकेको छु, तिमी प्रसन्न भएर घर फर्क ।'

चन्द्रधर यो कुरा कसरी मान्न सक्थे । उनले आग्रह गरे- 'हैन गुरुदेव ! दक्षिणा नदिई मलाई शान्ति र सन्तोष हुनेछैन । दया रहोस् ममाथि ।'

आचार्य दिव्याङ्ग चन्द्रधरको दृढतामा गद्गद थिए । आचार्यले भने- 'बाबु ! म तिम्रो भक्ति र सेवाले अत्यन्त प्रसन्न छु । तिमीले यस विषयमा रत्तीभर पनि सङ्कोच मान्नुपर्दैन ।'

चन्द्रधरले विनयपूर्वक हात जोड्दै भने- 'हैन गुरुदेव ! आफ्नो अनुग्रहबाट मलाई वञ्चित नगर्नुहोस् र मलाई केही आज्ञा दिनुहोस् ।

चन्द्रधरको पटक-पटकको आग्रहबाट आचार्य दिव्याङ्गको मुखमण्डल गम्भीर भयो । निधारमा चिन्ताका रेखाहरू देखिए । उनको मानस-पटलमा दक्षिणासम्बन्धी विचारहरू उठ्न थाले । कुनै साधारण विद्यार्थी भए त्यसलाई जे पनि भन्न सकिने थियो । तर आचार्य चन्द्रधरको विद्या-बुद्धिअनुसार नै उनीसँग दक्षिणा माग्न चाहन्थे । उनी केही बेर आफूमा नै हराए । त्यस बेला चन्द्रधर तीव्र उत्सुकतासाथ गुरुदेवको मुखमण्डलमा देखा पर्ने र विलीन हुने भावतरङ्गहरूको अध्ययन गर्दै थिए । अन्तमा आचार्य दिव्याङ्गले आदेश दिए- 'ठीक छ चन्द्रधर ! तिमीबाट गुरुदक्षिणा लिन्छु ।' चन्द्रधरले दिव्याङ्गका चरणहरूमा शिर राख्दै निवेदन गरे- 'कृपा रहोस् गुरुदेव !' आचार्य दिव्याङ्गले गम्भीर वाणीमा भने- 'तिमी मेरो दक्षिणास्वरूप अध्यापन कार्य गर ।'

गुरु दक्षिणाको कुरा सुनेर चन्द्रधर हतप्रभ भए । गुरुदेवले आफूलाई उत्तरदायित्वको भारले दबाएजस्तो लाग्यो । वस्तुतः त्यसबेला अध्यापन कार्य आजजस्तो सरल थिएन । अध्यापक

बन्नुभन्दा पहिले आफूमा विजय पाउनुपर्थ्यो, सुन झैं खारिनुपर्थ्यो । गुरुले विद्या र चरित्रका दुबै क्षेत्रमा आफ्नो आदर्श स्थापित गर्नुपर्थ्यो । विद्यालाई भन्दा बढी चरित्रलाई प्रधानता दिइन्थ्यो । शिक्षाको उद्देश्य बुद्धिविकास मात्र नभएर चरित्र-निर्माण थियो । गुरु आफ्ना शिष्यका लागि आमा र बाबु पनि हुन्थे । विद्यार्थी गुरुको आश्रममा रहेर सम्पूर्ण विद्याहरूको अध्ययन गरी स्वावलम्बी बन्दथ्यो । शिक्षा-समाप्तिपछि आज झैं गुरु र शिष्यको सम्बन्ध समाप्त हुँदैनथ्यो । गुरुले आफ्नो छात्रका जीवनभरका प्रत्येक कार्यका लागि उत्तरदायी हुनुपर्दथ्यो । गुरु शिष्यको प्रत्येक भूललाई आफ्नै भूल मान्दथे र त्यसका लागि प्रायश्चित्त गर्दथे । चन्द्रधरले तुरुन्त उत्तर दिन नसक्दा आचार्य दिव्याङ्ग मुसुक्क हाँसे । उनले भने– 'किन बाबु ! गुरुदक्षिणा तिमीलाई ज्यादै भारी लाग्यो कि कसो ?'

चन्द्रधर आफ्नो कुण्ठित अवस्थाले गर्दा लज्जित थिए । आफ्नो भाव लुकाउँदै उनले भने– 'होइन गुरुदेव ! तपाईंलाई गुरुदक्षिणा दिनेछु ।'

आचार्य दिव्याङ्गले आशीर्वाद दिंदै सस्नेह चन्द्रधरको माथ सुमसुम्याए । चन्द्रधर चरण-स्पर्श गरी हिंडे ।

निर्जन वनमा नर्मदानदीको तीरमा चन्द्रधरले आफ्नो आश्रम खडा गरे । आश्रमको एका-तिर तुलसी र केराका बोट लगाइएका थिए । अर्कापट्टि यज्ञकुण्डको निर्माण गरिएको थियो । आश्रमदेखि छुट्टै अलि पर गोशाला र छात्रावास बनाइएका थिए । प्रतिदिन यज्ञजन्य धूवाँले वनको वातावरण मोहक बन्दथ्यो । नर्मदाको स्निग्ध जलको तटमा पिपलको विशाल वृक्ष थियो । त्यसको चारैतिर माटाका वेदीहरू बनाइएका थिए । चन्द्रधर दिनदिनै त्यस वेदीमा बसेर छात्रहरूलाई पढाउने गर्थे । यस प्रकार शनैःशनै धेरै वर्ष बिते । चन्द्रधरको ख्याति चारैतिर फैलिन लाग्यो ।

एकबिहान चन्द्रधर आफ्ना शिष्यहरूलाई 'एकोऽहं बहु स्याम'को पाठ बडो तन्मयतासाथ पढाइरहेका थिए । शिष्यहरू पनि एकाग्रचित्त थिए । त्यसै बेला गाई चराउन गएको एकजना विद्यार्थीले दौडँदै आएर भन्यो– 'गुरुदेव ! आज श्वेतकेतुले दुई जना बटुवाहरूको हत्या गरी उनी-हरूको धन लुटचो ।' विद्यार्थी भयग्रस्त कण्ठले बोलिरहेको थियो । त्यो सूचना पाउँदा चन्द्रधरलाई आफ्नो मुखमा कसैले जोडसित थप्पड हानेजस्तो अनुभव भयो । उनी रन्थनिएर चुप लागे । किन-कि श्वेतकेतु आजभन्दा ४ वर्ष पहिलेसम्म चन्द्रधरकै छात्र थियो । ऊजस्तो प्रतिभासम्पन्न र गुरुभक्त विद्यार्थी उनले पाएका थिएनन् । चन्द्रधरको श्वेतकेतुप्रति सहज ममता थियो । त्यस छात्रबाट उनले केही आशा गरेका थिए । तर २ वर्षयतादेखि उसले डाँकूको पेशा (दस्युवृत्ति) लिएको थियो । श्वेतकेतुका अत्याचारहरूको खबर प्रतिदिन पाउन थालियो र त्यसको आतङ्क दिनानुदिन बढ्दै गयो । चन्द्रधर उसको दोषलाई आफ्नै दोष मान्थे र मनमनै आफूलाई असफल अध्यापक मान्थे । आजको यो घटना सुनेर उनको मन क्षुब्ध भयो । यद्यपि उनी शिष्यहरूलाई पढाइरहेका थिए, तर उनको मन अन्तै थियो । उनी बारम्बार सोचिरहेका थिए– के यही गुरुदेवलाई दक्षिणा भयो त ?

एकदिन भदौको अँध्यारो रात थियो । आकाश मेघाच्छन्न थियो । प्रतिक्षण बिजुलीको चमक रात्रिको भयानकता बढाइरहेको थियो। चन्द्रधर आफ्नो कुटीबाट बाहिर निस्केर त्यस मार्गतिर अग्रसर भए जुन मार्गमा श्वेतकेतु डकैती गर्ने गर्थ्यो । चन्द्रधर निर्भीक भएर अगाडि बढ्दै गए । सहसा केही टाढाबाट कसैले कड्केर सोध्यो 'को हो ?' उनले भने– 'म एक बटुवा हुँ ।' उनको उत्तरमा निर्भयता थियो ।

'पर्खी !' पुनः कर्कश स्वर सुनियो । चन्द्रधर रोकिए । 'तेरा सबै सामान यहीं राखिदे' डाँकूले भन्यो । चन्द्रधरले नम्र तर निर्भीक स्वरमा भने– 'दस्यु ! मसँग केही पनि छैन ।' दस्यु क्रुद्ध भयो । उसले आवेशमा कोर्रा हान्दै भन्यो– 'पहिले सबै यस्तै निहुँ पार्छन् । दण्ड नदिएसम्म कोही पनि तर लाग्दैन ।' चन्द्रधरले दस्युको कोर्रा-हनाइमा रत्ती पनि बाधा पुऱ्याएनन् । उनी आफ्नो ठाउँमा हलचल नगरी अडिरहे । शरीरबाट रगत बग्न थाल्यो, यति हुँदाहुँदै पनि उनी शान्त र प्रसन्न थिए । दस्यु उनलाई निरन्तर कोर्रा हानिरहेको थियो । यसबेला बिजुली चम्क्यो । श्वेतकेतुले देख्यो– पिटिने मानिस कुनै अर्को मानिस नभएर उसैका गुरुदेव श्रीचन्द्रधर रहेछन् । गुरुदेवको रक्त-रञ्जित शरीरलाई देखेर दस्यु श्वेतकेतु स्तब्ध भयो । चन्द्रधरको मुखमण्डलमा गम्भीर शान्ति थियो ।

चन्द्रधरले हाँस्दै भने– 'किन रोकियौ दस्यु ! के तिमी थाक्यौ ?'

श्वेतकेतुले गुरुका पाउमा परेर रुँदै भन्न थाल्यो– 'गुरुदेव ! मलाई घोर दण्ड दिनुहोस् । मबाट भयङ्कर अपराध भएको छ । मलाई कठोर दण्ड दिनुहोस् ।'

चन्द्रधरले श्वेतकेतुलाई प्रेमपूर्वक उठाउँदै भने– 'उठ श्वेतकेतु ! जे भयो त्यो ठीकै भयो । मैले तिम्रो जीवनको अमूल्य समयलाई आफ्नो छात्र बनाएर नष्ट गरिदिएँ । मैले तिम्रो प्रति-भालाई दिशा दिन सकिनँ, यसकारण मैले तिमीप्रति अपराध गरेको छु । मैले अझ अरू दण्ड पाउनुपर्थ्यो ।'

श्वेतकेतु पश्चात्तापले निरन्तर रोइरहेको थियो । ऊ केही पनि भन्न नसक्ने अव-स्थामा थियो । चन्द्रधर उसलाई आफ्नो छातीमा टाँसेर आफै पनि रोए । एकातिर पानी बर्सिरहेको थियो, अर्कातिर गुरु र शिष्य आपसमा टाँसिएर रोइरहेका थिए । चन्द्रधर भनि-रहेका थिए– 'श्वेतकेतु ! मेरा शिष्यहरू सुध्रन्छन् भने आफ्ना प्रत्येक शिष्यहरूबाट यसभन्दा पनि धेरै कोर्राको प्रहार सहन म तयार छु ।'

त्यसैबेला एउटा वृद्ध मानिस त्यहाँ आइपुग्यो । उसको जटा र दाह्री पानीले भिजेका थिए । उसले टाँसिएर रोइरहका गुरु र शिष्यलाई छुटायो । वृद्ध पुरुषलाई चिन्नासाथ चन्द्र-धरले प्रसन्नतापूर्वक चिच्याएर भने– 'गुरुदेव ! हजूर यहाँ ? आकस्मिकताले चकित थियो

चन्द्रधरको स्वर । उनी श्रीगुरुका पाउमा परे । आचार्य दिव्याङ्ग थिए आगन्तुक वृद्ध । उनले चन्द्रधरलाई उठाउँदै भने– 'बाबु ! हो, म तिम्रो आचार्य दिव्याङ्ग नै हुँ, उठ तिमी, संसारमा तिमीजस्तै धेरै अध्यापकहरूको खाँचो छ । मैले आज अपूर्व गुरुदक्षिणा पाएको छु ।' ३६३

त्यसपछि कारणवश वा प्राक्तन संस्कारवश डाँकू बन्न पुगेका श्वेतकेतुको जीवनको धारा फेरियो । स्वयं विचार गर- एउटा समय त्यो थियो, तर आज पाश्चात्य जगत्को भौतिक उन्नतिको आकर्षक र प्रखर प्रकाशले हाम्रा आँखा तिरमिराएका छन् । जीवनका प्रत्येक क्षेत्रमा पाश्चात्य रीति र नीतिहरूको अनुकरणलाई नै हामी आफ्नो कर्तव्य ठान्दछौं । अरू क्षेत्रहरूमा जस्तै शिक्षाको क्षेत्रमा पनि यो अन्धानुकरण भइरहेको छ । गुरु र शिष्यको पावन सम्बन्धमाथि विचार गर्दा आजको शिक्षालयको श्रद्धापूर्ण र अनुशासनहीन वातावरणले हामीलाई लज्जित तुल्याउँछ । आजको यस वातावरणमा हाम्रो संस्कृतिको मूलवाणी आचार्यदेवो भवःका साथै मातृदेवो भवः र पितृदेवो भवः जस्ता पवित्र र आदर्शपूर्ण उपदेश पनि विलुप्त हुँदै छन् ।

आजको अप-टु-डेट (Up-to-date) युगमा गुरुमा श्रद्धा गर्नु मूर्खता मानिन्छ । गुरुको आज्ञापालन गर्नु र सेवा गर्नु प्रतिगामिता र दब्बूपनका परिचायक हुन पुगेका छन् ।

जहिलेसम्म समाजमा यस्तो विचारधारा प्रवाहित भइरहन्छ र यस्ता धारणाहरूलाई पोषक तत्त्व प्राप्त भइरहन्छन्, तबसम्म कहिल्यै पनि समाज उन्नत हुन सक्तैन । तैत्तिरीय उपनिषद्मा मातृदेवो भवः, पितृदेवो भवःका साथ आचार्यदेवो भवः भनेर आचार्यलाई माता र पिताको बराबर स्थान र महत्त्व दिइएको छ । यति मात्र होइन, अनेक स्थानहरूमा गुरुको महिमा ईश्वरको भन्दा पनि बढी गाइएको छ । यो महिमा-गायन त्यसै गरिएको होइन, यो त गुरुको वास्तविक महत्ताको प्रचलनकै लागि गरिएको हो ।

गुरुकुल-प्रणालीअनुसार बाल्यावस्थामा गुरुगृहको सदस्य हुनासाथ बालकको शिक्षण-कार्य प्रारम्भ हुने गर्दथ्यो । गुरु बालकलाई अक्षराभ्यास, भाषाबोध, व्याकरण-परिचय र साहित्य-दिग्दर्शन मात्र नगराई सदाचार-सच्चरित्रता, पवित्र-हृदयता, अतिथि-सेवास्नेह, स्वजनस्नेह, भ्रातृ-भावना, परदुःखकातरता र परोपकारजस्ता महत्त्वपूर्ण विषय पनि सिकाउँथे । सिकाइने पद्धति पनि आफ्नै किसिमको हुन्थ्यो । गुरुहरू उत्तम गुणहरूलाई आफ्नो चरित्रमा ढालेर सम्पूर्ण कुरालाई आफ्नो जीवनमा प्रयोग गरेपछि आफ्नै जीवनको माध्यमबाट छात्रहरूलाई ती गुणहरूको क्रियात्मक शिक्षा दिन्थे । ती गुरुहरूको व्यावहारिक जीवनले बालकहरूको कोमल हृदयमा गहिरो छाप पार्दथ्यो । यति मात्र होइन, बालकहरूको मन र जीवन गुरुहरूको सत्प्रेरणा पाएर स्वतः गुरुहरूकै जस्तो बन्न थाल्दथ्यो । श्रेष्ठ गुणहरूको आधारशिलामा निर्मित बालकहरूको जीवनरूपी भवन उत्तम र भव्य हुनु स्वाभाविक हो ।

ती गुरुजनहरूले सरल बालकहरूलाई सद्गुणी युवकका साथ-साथ श्रेष्ठ पण्डित पनि बनाए । ती गुरुजन गुणपुञ्ज मात्र होइन, ज्ञानपुञ्ज पनि हुन्थे । ब्रह्मसूत्रको प्रथम सूत्र

'अथाऽतो ब्रह्मजिज्ञासा'ले जिज्ञासु बालकहरूको ज्ञान-पिपासालाई व्यक्त गरिरहेकै छ । विद्यार्थी-हरूमा जीविका चिन्ता मात्र नभएर विश्वको रहस्यमय ग्रन्थि (गाँठो) फुकाएर परम सत्यलाई प्राप्त गर्ने उत्कट अभिलाषा हुन्थ्यो । जिज्ञासाले पूर्ण तथा ज्ञान-प्राप्तिका लागि योग्य र अधि-कारी छात्रलाई पाएर गुरुजन उपदेश दिन्थे भने छात्रहरू पनि ती उपदेशहरू वार्तालाप, विवेचन, विश्लेषण, विचार-विनिमय र गम्भीर चिन्तनद्वारा गुरुप्रदत्त ज्ञानको रूपमा ग्रहण गर्थे । माता-पिता आफ्ना बालकहरूलाई ती गुरुकहाँ पठाउँथे, जो आचारवान् र सद्गुणी हुन्थे । जिज्ञासु-हरूको भीड तिनैकहाँ हुन्थ्यो, जो बुद्धिमान् र ज्ञानी हुन्थे । सरल बालकहरूलाई सद्गुणी युवक र सद्गुणी युवकलाई उत्तम र आदर्श बनाएर समन्वयपूर्ण व्यक्तित्वहरूको निर्माण गर्ने गुणी र ज्ञानी प्राचीन आचार्यहरूले नै हाम्रो धर्म, ज्ञान, संस्कृति र सभ्यताको परमोज्ज्वल ज्योतिलाई अखण्डित राख्न सके, जुन ज्योति समयको डरलाग्दो आँधी- (झञ्झावात)- मा पनि अकम्पित रहेर प्रकाश छर्दै छ ।

त्यस्ता गुरुजनहरूको चरणमा नतमस्तक हुनु र उनीहरूका लागि आचार्यदेवो भवः भन्नु स्वाभाविक कुरा हो । आज पनि त्यस्ता गुरुजनहरू छन्, तर कम सङख्यामा । त्यस्ता गुरुजनहरू-को आज्ञापालन र सेवा गर्नु, अनि उनीहरूलाई श्रद्धा गर्नु आजका कसै-कसैलाई ठट्टा र हाँसोको कुरा भएको छ । यस्तो हाँसो र ठट्टा (हास-परिहास) पनि जनसाधारण होइन, आधुनिक उच्च शिक्षा-लयका अधिकांश विद्वान्हरू गर्ने गर्छन् । तिनीहरूको भनाइअनुसार प्राचीन पद्धति र प्राचीन स्थितिको पुनः स्थापना असम्भव छ । तब त तिनीहरूको अनुकरण गरेर तिनका शिष्यहरू हास-परि-हासको पनि सीमा नाघेर प्राचीन कुराको उपहास गर्न थाल्दछन् । यस कुरामा न ती अध्यापकहरूको दोष छ, न त छात्रहरूको । आजको युग सामूहिक शिक्षा (Mass education)- को हो । छात्र र अध्यापकको पारस्परिक सम्बन्ध मास कन्टयाक्ट- (Mass contact) -मा आधृत छ । छात्रहरूको सामूहिक प्रवेश (Mass admission) हुन्छ । अध्यापकहरूको पनि सामूहिक नियुक्ति (Mass Appointment) हुन्छ । बी.ए. को छाप लागेको छ त्यस-कारण छात्रलाई एम.ए.मा पढ्ने अधिकार छ । एम.ए.को डिग्री लिएको छ अतः उसलाई अध्यापक बन्ने अधिकार छ । पूर्णज्ञान-प्राप्तिको सट्टा परीक्षामा उत्तीर्ण हुने या गराउने कुरामा सबको चिन्ता छ । एउटा उत्ति पढ्न चाहन्छ र अर्को पनि त्यत्ति नै पढाउन चाहन्छ, जति पढे या पढाएपछि परीक्षा उत्तीर्ण गर्न वा गराउन गाह्रो नपरोस् । अध्यापकले पढाएन अथवा आफैले पढेन भने पनि विद्यार्थी-लाई कुनै चिन्ता छैन, किनकि उत्तीर्ण हुनका लागि अनेक शर्ट नोट्स- (Short notes)-ले बजार भरिएको छ । स्थिति नै यस्तो छ- अध्यापक अध्यापनमा योग्य छैन भने पनि उसको नियुक्ति भएको छ भने ज्ञानप्राप्तिका लागि उसकहाँ जानैपर्‍यो, विद्यार्थी ज्ञानप्राप्तिका लागि अधिकारी छैन भने पनि उसले प्रवेश पाएको छ भने ज्ञान दिनैपर्‍यो । पाश्चात्य प्रणालीमा आधुनिक शिक्षा-संस्था-हरूमा यस्ता अवसर थोरै आउँछन् जहाँ अधिकारी छात्र र योग्य अध्यापकको संयोग भएको होस् ।

आज शिक्षाको उद्देश्य नै एकमात्र धन र धन प्राप्तिको अधिकारप्राप्ति बन्न पुगेको छ । यसैले अध्ययन पनि अरू पेशा जस्तै बन्न पुगेको छ । आधुनिक अध्ययन येनकेन प्रकारेण डिग्री या उपाधिको प्राप्तिपछि राजकीय सेवामा प्रवेश गर्ने सरल साधन बन्न पुगेको छ । अध्ययन या अध्यापन उदरपूर्ति या भोगप्राप्तिभन्दा बढी जीवन-निर्माण, चारित्रिक उत्थानद्वारा राष्ट्रोत्थान, लोकसंग्रह र ज्ञानप्राप्तिको साधना हो भन्ने भावना नै समाप्त हुँदै गइरहेको छ । हास-परिहास, मनोविनोद र मनोरञ्जनका सस्ता र सारहीन आधुनिक साधनहरूमा मक्ख परेका आधुनिक अध्यापक र छात्रहरूको जीवनबाट तपश्चर्या र संयमको भावना लुप्त हुँदै गइरहेको छ । फलस्वरूप छात्रहरूको न आफ्ना गुरुहरूसँग निकटता छ न उनीहरूप्रति आदर या श्रद्धाको भाव; न अध्यापकहरूको जीवन नै तप, त्याग, संयम, ज्ञान र गुणहरूको दृष्टिकोणबाट उन्नत छ, जसबाट उनीहरू आफूलाई छात्रहरूको आदर र श्रद्धाका पात्र बनाउन सकून् ।

बालकहरू यति ठूला मनोवैज्ञानिक हुन्छन् र उनीहरूको सरल हृदय पनि यति गुणग्राही हुन्छ कि तिनीहरूलाई आफ्ना गुरुका गुणहरू थाहा पाउन कत्ति बेर लाग्दैन । जो गुरु यथार्थ रूपमा स्नेह गर्दछन्, सपरिश्रम पढाउँछन्, चारित्रिक दृष्टिमा महान् छन् र कर्मको क्षेत्रमा नैतिकतापूर्ण छन्, त्यस्ता गुरुजनहरूको आदर ती छात्रहरू अनायास गर्दछन् । त्यस्ता महान् गुरुहरूको आज्ञालाई प्रसन्नतापूर्वक पालन गर्दछन् ।

यो कुरा निश्चित छ- त्यो देश र समाज मात्र सुस्थिर रहन सक्तछ र उन्नत बन्न सक्तछ, जहाँका अध्यापकहरूको जीवनमा उत्तम चरित्ररूपी धन, ज्ञानको आदर, इन्द्रियहरूमा संयम, लक्ष्यप्रति तत्परता, अनुभवहरूको खजाना, शिक्षणको योग्यता र बालकहरूप्रति पवित्र स्नेह रहेको हुन्छ ।

त्यस्ता सुयोग्य आचार्यहरूको सम्पर्क या सान्निध्यमा बसेर बालक र युवक छात्रहरूको गुरुसँग निकटता, चारित्रिक विकास, गुणहरूको संग्रह, ज्ञानको सञ्चय, श्रद्धाको उदय र जीवनको उत्थान स्वयं र सहज रूपमा हुन्छ । यस्ता गुणहरूबाट नै राष्ट्रको कल्याण सम्भव हुन्छ ।

त हामी शिक्षाको विषयमा विचार गर्दै थियौं । जिज्ञासा मनुष्यको पहिलो वृत्ति हो । शिशुमा पहिले जिज्ञासा हुन्छ र पछि बोली (वाणी) फुट्दछ, जुन जिज्ञासाबाट उसको मानसिक विकास हुन्छ, त्यो जिज्ञासा परिस्थिति र संस्कारको अनुरूप हुन्छ । जति-जति बालकको संसार ठूलो हुँदै जान्छ र त्यसका संस्कारहरूको निर्माण हुँदै जान्छ, उति-उति जिज्ञासाको क्षेत्र पनि विस्तृत हुँदै जान्छ ।

जिज्ञासाको मूलमा तीन तत्त्वहरू हुन्छन्--(१) यो के हो ? (२) यो किन भयो ? (३) यो कसरी भयो ?

जिज्ञासा नै ज्ञानको बीज हो । जिज्ञासा-वृत्तिलाई विकसित गर्नु र त्यसमा उत्तम संस्कारको स्थापना गर्नुमा नै शिक्षाको उपयोगिता रहेको हुन्छ । यसै कारणले जुन शिक्षाले मानवमा सद्वृत्तिहरू

जाग्रत् गर्दैन, जसले मानवलाई प्रेय-(भोग)-बाट श्रेय-(मोक्ष)-तर्फ लग्दैन, मानवको हृदयमा पसेर मानवलाई एक श्रेष्ठ जीवन-स्वप्नले भरिंदैन, त्यो शिक्षा होइन, साक्षरता मात्र हो । आज यस किसिमको साक्षरता नै संसारका अनेक जटिल समस्याहरूको कारण बन्न पुगेको छ ।

यसकारण शिक्षा हाम्रो धर्म र संस्कृतिको अनुकूल हुनैपर्दछ । यस शिक्षाका दाता अध्यापकहरू चरित्रवान् र योग्य हुनु परम आवश्यक छ । विद्यार्थीले विद्यालयहरूमा मात्र सबै कुरा सिक्दछन् भन्नु ठूलो भूल हुन जानेछ । बालक परिवारमा, बाटामा, मित्रसम्पर्कमा र सर्वत्र केही-न-केही सिकिरहेको हुन्छ । ऊ आफ्ना माता-पिता, बन्धु-बान्धव, मित्र-साथी, परिचित-अपरिचित मानिसहरूको व्यवहारबाट पनि धेर-थोर सिकिरहन्छ । यसकारण समाजको वातावरण आजको जस्तो दूषित हुनु हुँदैन । समाजको वातावरणको परिष्कार गर्नु अत्यन्त आवश्यक छ । यसका लागि अर्थ-प्रधान जीवनदृष्टिको ठाउँमा धर्मप्रधान या कर्तव्यप्रधान जीवनदृष्टिको स्थापना अत्यन्त आवश्यक हुन आउँछ । उपयुक्त र पवित्र वातावरण तयार पार्न आधुनिक चलचित्रमाथि कडा निगरानी राख्नुपर्दछ । हामीले चाहेमा ती चलचित्रहरूद्वारा पवित्र सामाजिक वातावरणको सिर्जनाको सम्बन्धमा पर्याप्त सहयोग पनि लिन सक्तछौं । तर यसका लागि अश्लील चित्रहरूका ठाउँमा पवित्र र प्रेरणादायक चित्रहरूको निर्माण गर्नुपर्नेछ ।

आर्य-संस्कृतिअनुसार इहलोकमा सर्वाङ्गीण (शारीरिक, मानसिक, साम्पत्तिक र नैतिक) अर्थात् सर्वाङ्गीण अभ्युदय र परलोकमा परम निःश्रेयस मोक्षको प्राप्ति नै शिक्षाको उद्देश्य हो । आर्य ऋषिहरूको दृष्टिमा 'विद्या त्यही नै हो, जो हामीलाई अज्ञानको बन्धनबाट मुक्त गर्न सक्तछ,' सा विद्या या विमुक्तये । भगवान् श्रीकृष्णले पनि गीतामा अध्यात्मविद्या विद्यानाम् भनेर उक्त सिद्धान्तको समर्थन गर्नुभएको छ । यसै उद्देश्यले आर्य जातिको पवित्र हृदय, समदर्शी र त्रिकालज्ञ ऋषिहरूले चार आश्रमहरू (ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास) को व्यवस्था गरेका थिए । ब्रह्मचर्यका कठोर नियमहरूको पालन गर्दै ब्रह्मचारी विद्यार्थी संयमको व्यावहारिक शिक्षाको साथै लौकिक र पारलौकिक कल्याणकारी विद्याहरूको अध्ययन गरेर शरीर, मन र वचनद्वारा सर्वथा स्वस्थ र संयमी बनी गुरुकुलबाट निस्कन्थ्यो । तब ऊ गृहस्थ्य-जीवनमा प्रवेश गरेर क्रमशः जीवनलाई अझ संयमशील, सेवामय र त्यागमय बनाउँदै अन्तमा सर्वस्व त्याग गरी परमात्मस्वरूपमा लीन हुन पुग्दथ्यो । यही आर्य संस्कृतिको स्वरूप थियो । जबसम्म यो आश्रमसम्मत शिक्षा-पद्धति प्रचलित थियो, तबसम्म आर्य-संस्कृति सुरक्षित थियो । सबै श्रेणीका मानिसहरू प्रायः सुखी थिए । जहिलेदेखि अनेक किसिमका विपरीत परिस्थितिहरूमा परेर मोहवश हामीले आफ्नो यो आश्रमसम्मत शिक्षापद्धतिलाई ठुक्यायौं, त्यस वेलादेखि हाम्रो आदर्श आर्यसंस्कृतिमा विकार आउन थाले । आजको बीसौं शताब्दीमा त हाम्रो संस्कृतिको सुदृढ नाउलाई हाम्रै हातबाट तहस-नहस पार्ने प्रयत्न भइरहेका छन् । आज हामीलाई यस्तो बुद्धिविभ्रम भएको छ कि विनाशको गहिरो खाडललाई मनले उन्नतिको चरम शिखर ठानिरहेको छ । जुन शिखा (टुपी) र सूत्र-(जनै)लाई यवनहरूको तरवारले काट्न सकेनन्, त्यसैलाई

आज हामी शिक्षाभिमानी हिन्दूहरू स्वयं उन्नतिको नाममा कटाइरहेका छौं । अग्निकुण्डका रक्ताभ ज्वालाहरूमा परेर पनि हिन्दू नारीको जुन सतीत्वलाई कुनै राप लागेन बरु त्यो अझ उज्यालो (दीप्त) भयो । त्यही सतीत्व आज आधुनिक शिक्षाको फलस्वरूप हाम्रा दिदी-बहिनी र छोरीहरूलाई बोझ बन्न पुगेको छ । त्यस सतीधर्मलाई उखेलेर फाल्नका लागि चारैतिर सुसङ्गठित रूपमा कम्मर कसिंदै छ। जुन धर्म र ईश्वरलाई हामीले आफ्नो समाज-शरीरको मेरुदण्डको रूपमा स्वीकार गरेका थियौं, आज त्यसै धर्मको आवश्यकता र ईश्वरको अस्तित्वलाई आफ्नो शिक्षित समुदायको सामु स्वीकार गर्न हाम्रा शिक्षित युवाहरूलाई सङ्कोच र लाजको अनुभव हुन्छ । मानौं उनीहरू कुनै मूर्खतापूर्ण कुसंस्कारको समर्थन गरेर आफ्नो विद्वत्तामा बिर्को लगाउँदै छन्, अथवा कुनै ठूलो अपराध गर्दै छन् । कामोपभोग नै हाम्रो चरम लक्ष्य बनिसकेको छ । कामपरायण भएर आज हामी अदूरदर्शी र शिक्षाभिमानी मानिसहरू, आपातरमणीय इन्द्रियसुखलाई नै परम सुख सम्झेर अग्निको ज्वालामा परेर भस्म हुन पुग्ने मूढ पतङ्गहरू जस्तै कामाग्निमा खरानी बन्नका लागि अन्धा भएर उड्न थालेका छौं । यसमा युगको प्रभाव त प्रधान कारण हुँदै हो, तर त्यसको सिद्धिमा एक ठूलो कारण छ- त्यो हो हाम्रो धर्महीन शिक्षापद्धति । यस शिक्षाको पछाडि एक विदेशी संस्कृतिको प्रेरणा छ, जसले हाम्रा आँखा तिरमिर पारिदिएको छ । यसैले आज हामीहरू मायामरीचिकामा फसेर त्यसै शिक्षा-पद्धतिलाई अँगाल्न बेतोडसित दौड लगाइरहेका छौं । त्यसैले आज हामी आफ्ना सरलहृदय बाल-बालिकाहरूको हृदयमा कामोपभोगमय सभ्यताको भीषण विषयको प्रवेश गराएर उनीहरूलाई महान् दुःखको मुखमा धकेलिरहेका छौं । यसैमा आफ्नो र उनीहरूको कल्याण ठानिरहेका छौं । जुन देशहरूको यो सभ्यता हो, ती देशहरू हैरान भएर यसबाट मुक्त हुने बाटो खोजिरहेका छन् भने हामी भाग्यहीन र अन्धा मानिसहरू त्यसैलाई अँगाल्न आँखा चिम्लेर दौडिरहेका छौं । भगवान्ले हाम्रो बुद्धिको यस्तो विभ्रमलाई कहिले हटाउने हुन् ।

हाम्रा शिक्षित भाइहरूले सदैव यस कुरालाई मनन गर्नुपर्दछ– राजनीतिक स्वाधीनता, एकपटक गुमे पनि पछि कुनै समयमा फर्काउन सकिन्छ, तर संस्कृति र धर्मलाई एकपटक गुमाएपछि पुनः प्राप्त गर्ने कुरा कुनै पनि जातिको जीवनमा प्रायः असम्भव हुन्छ । विश्वको इतिहास यस तथ्यको साक्षी छ ।

अचेल महाविद्यालयहरूमा पढ्ने अधिकांश विद्यार्थीहरूमा न्यूनाधिक रूपमा क्रियात्मक र वैचारिक दृष्टिकोणले निम्नलिखित कुराहरू प्रायः भेटिनेछन्, जो विद्यार्थीजीवन या ब्रह्मचारी-जीवनका लागि सर्वथा प्रतिकूल छन्– जुन हुनुहुन्नथ्यो ।

(१) ईश्वर र धर्ममा अविश्वास– प्रायः भन्दछन्– ईश्वर मानिसको कल्पना मात्र हो र ईश्वरको चर्चा गर्नु समय बर्बाद गर्नु हो । ईश्वरलाई कसले देखेको छ ? धर्म ढोंग हो । स्वार्थी मानिसहरू सरल मानिसलाई ठग्न ईश्वर र धर्मको भूम खडा गरेर मानिसलाई तर्साइरहेका छन्, धर्म एउटा कुसंस्कार हो आदि कुरा आजका शिक्षित मानिस बडो गर्वसाथ गर्ने गर्छन् । कुनै मानिस,

उक्त कुराहरूलाई समर्थन गर्ने समहको भए पनि केही सज्जन स्वभावको रहेछ भने अरूका सिद्धान्तलाई खण्डन गरेर उनीहरूको मनमा ठेस पुऱ्याउन चाहँदैन, त्यसैले निकै बुद्धिमत्तापूर्वक मानौं कुनै मूर्खलाई सम्झाइरहेझैं गरी ऊ भन्दछ– होला ईश्वर ! हामी त्यसको विरोध गर्दैनौं, तर त्यसलाई कसैले देखेका छन् र ? परन्तु समस्त जगत् यदि ईश्वरले पूर्ण छ भने जगत्को सेवा गर्नु नै ईश्वरको सेवा हो। अतएव भजन र पूजनमा व्यर्थ समय नफालेर जनताको सेवा गर्नुपर्दछ। गीतामा पनि त सर्वभूतस्थित भगवान्लाई आफ्ना कर्महरूद्वारा पूजन गर्ने कुरा गरिएको छ। यस प्रकारको उपदेश दिने मानिस स्वयं भगवान्लाई मान्दैन, तर आफ्नो बुद्धिमत्ताको प्रदर्शन गरी ईश्वरको प्रत्यक्ष खण्डन नगरी परोक्ष रूपमा भजन, पूजन आदि कार्यलाई व्यर्थ सिद्ध गर्दै मानूँ ईश्वरसम्बन्धी कुसंस्कारबाट हामीलाई मुक्त गर्न उक्त युक्तिवादको आश्रय लिन्छ। ३६८

त्यो यो कुरा बुझ्दैन– सत्य भगवदनुभूतिबिना र जीवमा शिवको दर्शनबिना, यथार्थ सेवा कहिल्यै पनि हुन सक्तैन। जुन सेवाबाट अहङ्कार उत्पन्न हुन्छ त्यो सेवा नै होइन, त्यो त स्वार्थसिद्धि मात्र हो। शिवज्ञानशून्य सेवाबाट त अहङ्कार नै उत्पन्न हुनेछ। शिवहीन यज्ञको परिणाम ता सर्वध्वंश नै हुन्छ–

ध्रुवं कर्तुः श्रद्धाविधुरमभिचाराय हि मखाः।

यसप्रकार ईश्वर र धर्मको अवहेलनाबाट शनैःशनैः उच्छृङ्खलता र स्वेच्छाचारको वृद्धि भइरहेको छ। तर खेद छ– आज यसैलाई मानिसहरू उन्नति ठानिरहेका छन्।

(२) संयमको अभाव– संयम त कुनै कुरामा देखिंदैन। बोलीचाली, हँसी-ठट्टा, रहन-सहन, वेश-भषा, खान-पान, सुताइ-उठाइ र आचार-विचार जहाँसुकै मनोमानी मात्र हुँदैछ। शिष्टाचारको आदर गरिंदैन। आफ्नो वाणीमा आज कोही संयम राख्दैन। सार्वजनिक स्थानहरू- (रेल मोटर आदि)-मा हाँसो, ठट्टा, भद्र नारीहरूका सामु सभ्यताको सीमा नाघेर हँसी-ठट्टा, फोहर कुरा, फोहरी इशारा, सामूहिक विकट हास्य, चिच्याउनु र कुकुर र बिरालोको स्वरमा कराउनु आदि केही बाँकी रहेन। कसैको के हिम्मत, जो उनीहरूलाई केही भन्न सकोस् ! खानपानमा त आज कुनै विचार नै छैन, कस्तै चीज होस्, कसैको जूठो नै किन नहोस्, जुन रिकापीमा भर्खरै खाँसाहबका लागि भेमांस आयो, त्यसैमा केही बेर पछि हाम्रा बाबुसाहेबका लागि पकौडी ल्याइयो। भक्ष्याभक्ष्य र आचार-शुद्धिको कुनै विचार छैन।

घरमा गरीबी छ, बाबु निकै मुश्किलले खर्च पठाउँछन्, तर छोरालाई प्रत्येक कुरामा ठूलो मान्छे हुनुपरेको छ। अरू कुरा त छाडौं, जुत्ते पनि तीन जोर नभई काम चल्दैन। बाहिर जान एक-जोर, टेनिसका लागि अर्को जोर र कोठाका लागि बेग्लै। कहीं कुनै कुरामा पनि आत्मसंयम छँदैछैन। कहाँ त गुरुकुलवासी छात्रहरूको छात्रजीवनलाई संयत बनाउन मनु महाराज यी नियमहरूको विधान गर्छन्–ब्रह्मचारीले प्रतिदिन नुहाएर, देवर्षि पितृतर्पण गर्नुपर्छ। देवपूजा गर्नुपर्छ र सायंप्रातः यज्ञ गर्नुपर्छ। मदिरा र मांसको सेवन गर्नु हुँदैन। सुगन्धित वस्तुको सेवन, माल्यधारण र उत्ते-

जक वस्तु भोजन गर्नु हुँदैन । नारीसम्पर्क र प्राणहिंसा गर्नु हुँदैन । काम, क्रोध र लोभको वशमा पर्नु हुँदैन, नृत्य, गायन र वादन, द्यूत, कलह, असत्य बोल्नु, अरूको अहित गर्नु, परनिन्दा, स्त्रीहरूलाई कुदृष्टिले हेर्नु, उनीहरूसित अश्लील वा फोहरी हास-परिहास गर्नु आदि कुराबाट बचिरहनुपर्छ, तर कहाँ आज ती नियमहरूको सर्वथा विपरीत सूर्योदयपछि उठ्नु, चिया खाएर नुहाउनु, देवता, ऋषि र पितृहरूलाई उडाउनु, अभक्ष्य कुरा खानु, अन्तर हाल्नु, सिनेमा हेर्नु, अश्लील उपन्यास पढ्नु आदि संयमनाशक कुराहरू बढिरहेका छन् र दिनदिनै बढ्दैछन् ।

(३) ब्रह्मचर्यको अभाव– निकै दुःखलाग्दो कुरा छ– यस विषयमा हामीहरू धेरै तल खसिसकेका छौं । पाठ्यपुस्तकहरूमा खुला शृङ्गार अश्लील नाटक र उपन्यासहरू, यौन-साहित्यको प्रचार, विलासितापूर्ण रहन-सहन, अनुभवहीन र असंयमी युवक अध्यापकहरूको सङ्गति, सह-शिक्षाको प्रचार, भोगहरूको लीलाभूमि पाश्चात्य पद्धतिका विद्यालयहरू र छात्रावासहरू, पारस्परिक अश्लील पत्रव्यवहारका कुचालहरू, मनमा अनायास नै यौन विकृतिका उत्पादक आकर्षक चित्रपटहरू आदि कुराहरू, हाम्रा विद्यार्थीहरूको उच्छृङ्खल जीवनलाई दिनानुदिन अझ उच्छृंखल बनाइरहेका छन् । ज्यादै अधिक संख्यामा छात्र र छात्राहरू धातुसम्बन्धी रोगहरूले ग्रस्त छन् । उनीहरूको मुखमण्डलमा ब्रह्मचर्यको आभा पाइँदैन । जातीय जीवनका आधार नवयुवकहरूको यो दुर्दशा निःसन्देह दुःखद् छ ।

(४) माता- पिता आदि गुरुजनहरूमा अश्रद्धा– माता पिता आदि गुरुजनलाई मूर्खको रूपमा हेर्नु वा माता, पिता आदि गुरुजनहरूलाई मूर्ख सम्झनु, उनका कार्यहरूका दोष देख्नु, कर्तव्यवश या असल कहलाउन शरीरले उनीहरूको सेवा गरे तापनि उनीहरूको बुद्धिलाई अनादर गर्नु आजकलका शिक्षित मानिसहरूको स्वभाव बन्न पुगेको छ । घरमा जहाँ नित्य ठूला-बडा र वृद्धहरूलाई प्रणाम गर्नु आर्यप्रथा थियो, आज त्यहाँ तिनकै सन्तानको रूपमा आफूलाई चिनाउन पनि कसै-कसैलाई लज्जाको अनुभव हुन थालेको छ । मलाई सम्झना छ– एकपटक एउटा पढे-लेखेको युवकले भनेको थियो– 'यिनीहरूको छोरो या नाति नभएर म कुनै स्वतन्त्र विचार भएको देशमा जन्मन पाएको भए आज म कति सौभाग्यशाली हुने थिएँ ।'

यद्यपि यस्ता विचार भएका युवकहरू कमै होलान्, तर आमा बाबु-आदिका विचारहरूमा त श्रद्धा अत्यन्त कम बचेको छ । बरु कहीं-कहीं त उनीहरूको तिरस्कार गर्नुलाई नै उन्नति मान्ने र बताउने पनि हुन लागेको छ । जुन आमा-बाबुहरू जन्म दिन्छन्, पालन र पोषण गर्छन् तथा बडो कष्टसाथ पढाउँछन्, त्यस्ता आमा-बाबुलाई जब आफ्नै छोराले मूर्ख मानिदिन्छ र उनीहरूका विचार र वचनहरूलाई अनादर गरी उनीहरूलाई सन्ताप दिन्छ, त्यसबेला ती माता-पिताको हृदयमा कति मर्मभेदी व्यथा हुन्छ, त्यसको अनुमान ती पुत्रहरूलाई कहिल्यै हुन सक्तैन ।

मेरो सामु एकपटक एउटा पितालेरुँदै-रुँदै जब आफ्नो दुःख पोखे, त्यसबेला मेरा आँखा पनि सहसा आँसुले भरिए । यस्ता अनेकौं दुःखद् उदाहरणहरू छन् ।

(५) प्राचीनताप्रति विद्वेष– एउटा नवयुवक महानुभावले मसँग भनेका थिए– 'हामी त सम्पूर्ण पुराना कुराहरूको ध्वंस गरेर सबै कुराको नवीन निर्माण गर्न चाहन्छौं । वेद, पुराण, कुरान र बाइबल कुनै पनि हामी मान्दैनौं ।' यस्ता मनोभावनाहरू प्रत्यक्ष या परोक्ष रूपमा हाम्रा नवयुवकहरूको हृदयमा उत्पन्न भइरहेका छन् । यसैले ती सुधारको नाममा संहार गर्न चाहन्छन् । प्राचीनताप्रति यस्तो अविवेकपूर्ण विद्वेष र नवीनताप्रतिको यो नवीन आकर्षण, यस पाश्चात्य शिक्षाको फल हो ।

(६) विलासिता र अपव्ययिता– महाविद्यालयहरू र छात्रावासहरूको निर्माण नै यस्तो किसिमबाट भएको छ, उनीहरूको पद्धति र आदर्श नै यति खर्चिलो छ, यसैको फल-स्वरूप मितव्ययिता भएर बस्नुलाई छात्रहरू आफ्नो बेइज्जती सम्झन्छन् । उनीहरूको फेशन यति बढ्छ कि जति खर्च उनीहरू आफ्नो फेशनमा गर्दछन् त्यस खर्चले दुई-तीन गरीब गृहस्थ-हरूको गुजारा हुन सक्तछ । थरी-थरीका जुत्ताहरू, जुत्तामा लगाउने पालिस, बेलायती दन्तमञ्जन, ऐना, काँगियो, ब्रुश, नाडीघडी, क्रिकेटका लागि फलाटिनको सुट, टेनिसका लागि प्यान्ट र ब्लेजर, होटलहरूमा जलपान, सैलुनहरूमा हजामत, कम्पनीहरूमा कपडा-धुलाइ, नयाँ नयाँ उपन्यासहरू, मित्रहरूलाई दिइने भोजहरू, प्रेमीहरूलाई उपहार, सिनेमा (के भन्नु ! बम्बई विश्वविद्यालयको सम्पूर्ण दृश्य नै आँखामा आइपुग्यो) र फेरि नित्य नयाँ-नयाँ म्याच, आदि आदि नजाने कति कति फेशनका आवश्यकतालाई पूर्ण गर्न उनीहरूलाई आँखा चिम्लेर धन खर्च गर्नु-पर्दछ । विद्यार्थीहरूका गरीब आमा-बाबुहरूले आफ्ना गरगहना बेचेर, घरद्वार बन्धकी राखेर, मागेर र ऋण काढेर ठूलो आशाले आफ्ना छोराछोरीलाई पढाउन खर्चको ठूलो बोझ उठाउँ-छन् । तर महाविद्यालयका ती विद्यार्थीहरूलाई एक-अर्काको देखासिकी गर्दाहुँदी आफ्ना बाबु-आमाको घरको हालत सम्झने फुर्सद नै हुँदैन । यिनीहरूमध्ये विवाहित युवक कहिल्यै बिदामा घर आउँछ भने स्वास्नीका लागि अनेक किसिमका शौकका सामान ल्याउन चाहन्छ । आमा-बाबुलाई यसका लागि हैरान हुनुपर्ने कुरा त छँदैछ । छोरा नरिसाओस्, उसलाई दुःख लागेछ भने अनुत्तीर्ण होला भन्ने डरले माता-पिता आफ्नो दुःख आफै सहन्छन्, तर घरमा आएका छोराको अगाडि आफ्ना दुःख कहिल्यै प्रकट गर्दैनन् । ती घर आएका महाविद्यालयका विद्यार्थीले घर-गृहस्थीका कुरामा किन चाख राखून् ? घरका सानातिना काममा मन लगाएर आमा-बाबु-लाई किन सघाउन् ? साथीभाइहरूसँग भेटघाट ठट्टा-हाँसो, प्रेमपत्र, ताश, बुद्धिचाल, खाजा र जलपान आदिमा नै उनीहरूको समय-व्यतीत हुन्छ । आमा-बाबु यसै आशाले सबै कुरा सहन्छन् कि छोराले पास भएपछि हामीलाई कमाएर दिनेछ । गाउँघरका ती आमा-बाबुलाई के थाहा कि अहिले जुन छोरालाई पढाउने इच्छाले त्यसका उचित र अनुचित मार्गहरूलाई जसरी-तसरी पूरा गर्दै दुःख सहेर खर्च गरिएको छ, त्यही छोरो पास भएर आएपछि बाघ बन्नेछ र तिनीहरू

लाई मूर्ख सम्झन थाल्नेछ । संयोगवश नोकरीमा लाग्न सकेन भने सम्पूर्ण परिवारले दुःख-सागरमा डुब्नुपर्नेछ ।

(७) खेती, दूकानदारी र घरेलु कला-कौशलका कामहरू गर्नमा लज्जा– मैले धेरैपटक देखेको छु-परीक्षाहरूमा उत्तीर्ण भएका छोरा घरको खेतीको काम गर्न सक्तैनन् । तीं पसल चलाउन सक्तैनन् । सुनार, कुमाले, सार्की या कामीका छोराहरू आफ्नो परम्परागत शिल्प चलाउँदा आफ्नो मानहानि सम्झन्छन् । अड्डाको नोकरीबाहेक अरू कुनै पनि काममा ती प्रायः असमर्थ हुन्छन् । फोस्रो आत्माभिमानको वशमा परी आफ्नो काम आफ्नै हातले गर्दा तिनीहरूलाई शरम लाग्छ । बजारबाट दुई-चार किलो सामान घर पुऱ्याउँदा तिनीहरूलाई भरिया चाहिन्छ । आफ्नो सामान आफै बोक्नु तिनीहरूलाई आफ्नो शानको विपरीत प्रतीत हुन्छ । घरमा कुचो लगाउनु र लुगा धुनु आदि काम गर्दा त उनीहरूलाई ठूलो लाजको अनुभव हुन्छ । घरका कामहरूको कुरा त छँदैछ, कैयौंलाई त आफ्ना असभ्य जस्ता लाग्ने आमा-बाबु र भाइ-बहिनीसँग बस उठ गर्नसम्म पनि राम्रो लाग्दैन । साँच्चै भन्ने हो भने यसैले आज चारैतिर बेकारी बढिरहेको छ । आज सबैलाई नोकरी चाहिएको छ । झुट्टा शान र शौकका लागि खर्च बढिरहेको छ । परिणाममा कहीं-कहीं त आत्म-हत्याको स्थितिसम्म पनि आइपर्छ ।

तिमीलाई आश्चर्य लाग्ला- कुनै कालिगड या श्रमिकले आत्महत्या गरेको कमै सुनिन्छ । आत्महत्या त प्रायः बेकारीग्रस्त बाबुसाहेबहरू नै गर्छन्, जो नोकरी र वकालत आदि बाहेक अरू कुनै काम गर्न सक्तैनन्, अरू कार्यलाई हेय दृष्टिले हेर्छन् । यस्तै मनोभावना बोकेर प्रत्येक वर्ष विश्व-विद्यालयहरूबाट हजारौं विद्यार्थीहरू पास भएर निस्कँदै गर्दा भविष्यमा बेकारीको कति डरलाग्दो रूप हाम्रो समक्ष आउला र त्यसको परिणाम कति भयङ्कर होला, को भन्न सक्छ ?

(८) सरलताको अभाव– हाम्रो समाजका वृद्धजनहरूमा जति निष्कपटता छ, हामीमा उत्ति नै कपट-चातुरी आएको छ । पुराना मानिसहरू शत्रुलाई शत्रु र मित्रलाई मित्र भन्दछन् भने हामीहरू बाहिरबाट मित्र भनेर भित्रबाट त्यस मानिससँग शत्रुतापूर्ण व्यवहार गर्दछौं । कपटपूर्ण मैत्री र मधुर वचनहरूमा लुकेको कठोरता आजको सभ्यताको एक अङ्ग बनिसकेको छ । आज सरलता भन्नु मूर्खता भएको छ र कुटिलता भन्नु बुद्धिमत्ता ।

(९) स्त्रीशिक्षा–पुरुषहरूको शिक्षा जस्तै स्त्रीहरूको शिक्षाको पनि निकै प्रचार बढि-रहेको छ । पुरुषहरूमा शिक्षाको वृद्धिका साथै स्त्रीशिक्षाको पनि आवश्यकता महसुस गरियो । स्त्रीहरूका लागि विद्यालय, स्कूल र कलेजहरूको स्थापना भयो । स्त्रीशिक्षाको आदर्श उही ठानियो जुन पुरुषका लागि थियो, किनभने सामाजिक दृष्टिकोण नै यस्तो हुन गयो । उच्च शिक्षा हुनैपर्दछ, उच्चशिक्षाको अर्थ हो-महाविद्यालयहरूको शिक्षा-स्नातक, स्नातकोत्तरको डिग्री प्राप्त गर्नु, वकालत या डाक्टरी पास गर्नु । स्त्रीहरू पनि यसै मार्गमा हिंडे र हिंड्दै छन् । उनीहरू पनि पढेपछि अध्यापक, मास्टर, क्लर्क, वकील, ब्यारिस्टर, लेखिका, नेता र परिषद्हरूका सदस्य बनिरहेछन् । आजको

उन्नतिको स्वरूप यही हो । चारैतिर यस उन्नतिका लागि उल्लास व्यक्त गरिंदै छ । यस किसिमको उन्नतिलाई सदा जारी राख्न अथक प्रयास गरिंदैछ । यस्ता स्त्रीशिक्षा प्रदान गर्ने विद्यालय, महाविद्यालयहरू र विद्यार्थिनीहरूको सङ्ख्या प्रतिदिन बढ्दैछ । साथसाथै शिक्षाको अवश्यम्भावी फलरूप उपयुक्त दोष स्त्रीहरूमा पनि सर्दैछ । उनीहरू पनि ईश्वर र धर्मको विरोधमा बोल्न सिक्न थालेका छन् ।

सरलता, कोमलता, श्रद्धा, सङ्कोच, प्राचीनताप्रति प्रेम आदि स्वाभाविक गुणहरूले गर्दा यद्यपि पुरुषहरूले जस्तै ईश्वर र धर्मको खुला र आत्यन्तिक विरोध गर्ने स्त्रीहरू अहिलेसम्म पैदा भएका छैनन्, तर सूत्रपात भएको छ । संयमको अभाव पनि बढी मात्रामा देखिन थालेको छ । स्वभावैले स्त्रीहरू कति कुरामा पुरुषभन्दा बढी मात्रामा संयमी हुन्छन्, यसैले गर्दा तिनीहरूको यसतर्फको प्रगति धीमा या मन्द गतिमा भएको छ । परन्तु देखासिकीको स्वभावदोष उनीहरूलाई असंयमतिर तानेर लैजान्छ । यसैले आजका शिक्षित स्त्रीहरूमा असंयमको मात्रा बढिरहेको छ । जुन कुरा मनमा ल्याउन पनि शुद्ध र लज्जाशील स्त्रीहरूको मन स्वभावैले काँप्दथ्यो, आज त्यही कुरा चिच्याई-चिच्याई भन्न पनि उनीहरूलाई लाज लाग्दैन । पर-पुरुषहरूसँग पत्रव्यवहार गर्न, उनीहरूसँग हँसी-ठट्टा गर्न, परपुरुषसित सँगै बसेर तास र बुद्धिचाल खेल्न र नाच्न-गाउनमा पनि सङ्कोच हट्दै गइरहेको छ । ब्रह्मचर्यको अभाव त भीषण रूपमा बढ्दै गइरहेको छ । पढे-लेखेका वयस्क स्त्रीहरू र पढ्ने छात्राहरूमा स्त्रीरोग (प्रदर आदि) अधिक संख्यामा पाउन थालिएको छ, मानसिक अशान्ति प्रायः बढिरहेको छ ।

आजका पढे-लेखेका स्त्रीहरू आमा-बाबुलाई मान्दैनन् । कतिपय आमा-बाबुलाई महान् कष्ट भयो जब उनीहरूका शिक्षित छोरीहरूले आमा-बाबुको आशाको विपरीत मनमानी विवाह गरे, केही महिनापछि त्यो उत्ताउलो विवाह असफल हुन पुग्यो । यस्तो असफलता प्रायः ९० प्रतिशत प्रेमविवाहहरूमा हुने गर्छ । त्यसबेला त्यस कन्याले आँखामा आँसु लिंदै भनेकी थिई- प्रेमविवाहको कुरो त राम्रो लाग्छ, तर प्रेमविवाहचाहिँ राम्रो होइन रहेछ । तर बिचरीले अब दोष पनि कसलाई देऊस् ? दुःखी जीवन बिताउनुपऱ्यो ।

आजका युवक-युवतीहरू भन्न सक्तछन् या भनी पनि रहेका छन् विवाह कन्याको हुन्छ, आमा-बाबुको हुने होइन । कन्या स्वेच्छापूर्वक आफ्नो पति छान्दछिन् भने बाबु-आमालाई बोल्न के चासो ?

हो, यसैलाई हिन्दूधर्मको विपरीत आदर्श भनिन्छ । यसै आदर्शमा लागेर कतिपय अदूरदर्शी नवयुवक र नवयुवतीहरूद्वारा इन्द्रियहरूको आकर्षणबाट उत्पन्न बुद्धिशून्य र अमर्यादित प्रेम-स्वतन्त्रता-(Free Love) लाई महत्त्व दिइँदै छ । यसमा सानो व्यवधान पर्नासाथ तिनीहरू आत्महत्या गर्न पनि पछि पर्दैनन् । यही हिन्दू आदर्श आमा-बाबुमा, बुद्धिमा र विवेचनाशक्तिमा अश्रद्धा जन्माएर सम्पूर्ण प्राचीनताप्रति मनलाई विद्रोही बनाइरहेको छ । आजका शिक्षित बुहारीहरू त्यसैले सासूका पाउमा शिर झुकाउनु र पतिको सेवा गर्नुमा आफ्नो अपमान सम्झन्छन् ।

किन ? यसैले कि यस उच्च शिक्षाको आदर्श त्यही यूरोप हो, जहाँ सङ्गठित रूपमा पतिहरूका विरुद्ध विद्रोहको झण्डा उठाइन्छ र पतिघातिनी समितिहरू बन्दछन् ।

स्त्रीहरू कसैसँग हाँसून्-बोलून्, घुम्न फिर्न जाऊन्, सिनेमा हेर्न जाऊन् र रक्सी खाऊन् जेसुकै गरून्, तिनीहरूलाई पति या आमाबाबु केही भन्न सक्दैनन् । किनकि यही त आजको सभ्यताको चिन्ह हो ! हे हिन्दू सतीशिरोमणी देवी ! तिमी आज आफ्नो पवित्र लक्ष्यबाट भ्रष्ट भएर कुन नरककुण्डतर्फ गइरहेकी छौ, आफै विचार गर ।

विलासिता र अपव्ययिताको त के कुरा गर्नु ? पतिले ५० रुपैयाँको नोकरीसम्म पनि नपाएको किन नहोस् श्रीमतीजीलाई आफ्ना मोज र शौक पूरा गर्न, फेशनका सरसामान किन्न र सिनेमा हेर्न पैसा जरूर चाहिन्छ । महाविद्यालयहरूमा पढ्ने युवतीहरूको हालत यो छ कि तिनीहरू बौलाएर आधुनिक फेशनको पछि लागिरहेका छन् । करोडौं रूपैयाँका शृङ्गारका अनावश्यक सामग्रीहरू त्यसै फेशनको नाममा विदेशहरूबाट झिकाइन्छन् । घरको काम गर्नु, लिप्नु, पोत्नु र बढार्नु, जाँतो र ढिकीको काम गर्नु र भान्सा बनाउनु जस्ता कामहरू तिनीहरूका लागि अपमानका कारण बन्न पुगेका छन् । हाम्रो जस्तो निर्धन देशमा कन्याहरूलाई शौकीन र खर्चालु बनाउनु र घरायसी धन्दाहरूबाट विमुख बनाउनु अपार दुःखहरूलाई निम्त्याउनु हो । यो ज्यादै ठूलो सामाजिक पाप हो । मेरो अभिप्राय यो होइन कि स्त्रीहरू आफ्नो शरीरलाई मैलै राखून्, सरसफाइमा ध्यान नदिऊन्, मैला कपडा लगाऊन् या स्त्रीसुलभ उचित शृङ्गार नगरून् । यी सब काम त विलासिताको भावनाबेगर पनि हुन सक्छन् र हुनुपर्छ पनि, तथा यिनमा खर्च पनि धेरै हुँदैन । यो कुरा याद राख्नुपर्छ- सौन्दर्य फेशनमा होइन, हृदयका आदर्श गुणहरूमा बस्दछ । सौन्दर्य बोलीचाली, रहन-सहन, आचार व्यवहार, विनय-नम्रता, सत्यता, सफाइ, स्वास्थ्य, शक्तिको स्वाभाविक उच्चतामा रहेको हुन्छ । जसको हृदय मधुर र सुन्दर छ, जसका कार्य सुन्दर र मधुर छन्, त्यो मानिस नै सबभन्दा बढी सुन्दर हुन्छ । शारीरिक सौन्दर्यको रक्षाका लागि पनि उचित र सस्ता पदार्थहरूको यथासाध्य उपयोग गर्नुमा कुनै खराबी छैन । खराबी त फेशनको दासी हुनुमा छ । जहाँ फेशनको दासता हुन्छ, त्यहाँ त्यसको पूर्तिका लागि धनको विशेष आवश्यकता हुन्छ । त्यसै धनको आवश्यकताले नै आज हाम्रा स्त्रीहरूलाई स्त्रीहरूको स्वाभाविक गुण सरलतालाई कपटाचारद्वारा पराजित गराउँदै छ । यी कुराहरूको अतिरिक्त स्त्रीहरूमा केही स्त्रीयोचित खास दोष अरू पनि आउँदै छन् । यीमध्ये सबभन्दा प्रधानचाहिँ सम्बन्ध-विच्छेद र आत्मसंयमलाई पन्छाएर कृत्रिम उपायहरूद्वारा सन्तति-निरोधको भावना, सर्वत्र समानाधिकारको अव्यावहारिक इच्छा र सिनेमामा नाच्ने शौकलाई लिन सकिन्छ ।

सम्बन्ध-विच्छेदको भावना नै पवित्र दाम्पत्य जीवनलाई जरैदेखि उखेलेर फाल्ने कुरा हो । जुन हिन्दू-संस्कृतिमा 'सपनेहुँ आन पुरुष जग नाहीं' सतीत्वको आदर्श थियो, जहाँ हजारौं कुलाङ्गनाहरू पवित्र सतीत्वधर्मको रक्षाका लागि दन्किरहेको अग्निमा सहर्ष हाम्फाल्दथे, जहाँ दुर्दान्त रावणको चंगुलबाट मुक्त हुने सम्भावना हुँदा पनि पुत्रजस्ता हनुमान्लाई स्वेच्छापूर्वक स्पर्श गर्ने कुरालाई भगवती सीताले आफ्नो सतीत्वका लागि कलङ्क सम्झेकी थिइन्, जहाँ मरेका पतिको

लाश काखमा राखेर आफ्नो देहलाई सहर्ष चिताको खरानी बनाउनुमा गौरव ठानिन्थ्यो, त्यहाँका कुलदेवीहरू आज अन्तःपुरको पर्दा च्यातेर परपुरुषहरूका माझमा सभाहरूमा उभिएर यो भन्न रत्ती पनि लाज मान्दैनन्– सतीत्व एक कुसंस्कार हो, यो पुरुषहरूको दासता हो र यस दासताबाट मुक्त हुन सम्बन्ध-विच्छेद गर्ने हक हामीलाई छ ।

धेरै दिन पहिलेको एउटा सत्य घटना हो– बङ्गालको एक गाउँका जमिन्दार योगेन्द्रनारायणको अल्पायुमा नै मृत्यु भयो । उनकी रानीको नाम शरत्सुन्दरी थियो । रानी विदुषी थिइन् । सोह्र वर्षको अवस्थामा कोर्ट अफ वार्डस्बाट अधिकार पाएपछि उनी आफ्नो जमिन्दारीको काम बडो सावधानीसाथ चलाउन लागिन् । एकपटक त्यहाँका तात्कालिक अंग्रेज कलेक्टरकी पत्नी शरत्सुन्दरीको गुण सुनेर उनलाई भेट्न आइन् । त्यति सानो उमेरमा खौरिएको मस्तक, खस्रा कपडा र भुइँमा कम्बलको आसनमा बसेकी तपस्विनीको मूर्ति देखेर सहृदया श्रीमती वालेसको हृदय पग्ल्यो । उनले स्नेहको आवेगलाई रोक्न सकिनन्, सरल भावले उनले सोधिन्– 'रानी ! तपाईंको उमेर त अहिले ज्यादै कम छ । तपाईं विवाह किन गर्नुहुन्न ?'

शरत्सुन्दरीले कुनै उत्तर दिइनन्, तर उनका आँखाहरूबाट आँसुका धाराहरू बगे । मेम-साहेब उनलाई दुःखी देखेर बडो व्याकुल भइन् र क्षमा मागेर हिंडिहालिन् । रानीलाई पनि बडो खेद लाग्यो । हिन्दू विधवा स्त्रीलाई पुन ववाहको कुरा सुन्नुभन्दा ठूलो पाप के हुन सक्छ भन्ने उनको मनमा लाग्यो । रानीले यसको प्रायश्चित्त गर्नका लागि निर्जल उपवास गरिन् । उहिले पति मरिसकेपछि विवाहको नाम सुन्दैमा हिन्दू स्त्रीको हृदय यसरी पापको भावनाले काम्न थाल्थ्यो, अहिले आफ्ना जीवित पतिलाई समेत त्यागी परपुरुषलाई वरण गर्ने घोषणा हिन्दू महिलाहरू भारीसभामा आफ्नै मुखले गर्न लागे । दोष कसलाई दिने ? कलियुगलाई कि शिक्षालाई ?

यसको अतिरिक्त सन्तति-निरोधको प्रसंग पनि चलिराखेको छ । यो ठीक हो– निर्धन आमा-बाबुका लागि धेरै सन्तान सन्तापकै कारण हुन सक्छ, तर सन्तति-निरोधको उत्तम उपाय हो– इन्द्रिय-संयम । हाम्रो संस्कृति र स्वास्थ्यको दृष्टिले हाम्रा लागि यो उपाय उपयुक्त पनि हो । विदेशी रमणी मिस सिङ्गरले बताएको सन्तति-निरोधको प्रणाली स्वास्थ्यको दृष्टिले ज्यादै हानिकारक छ । त्यसको फलस्वरूप अनेक स्नायविक रोग (Norvous diseases) जहाँतहीं देखिन थालेका छन् । शारीरिक रोगहरूको साथमा मानसिक पतन (जुन सबै प्रकारका स्नायविक रोगहरूको कारण हो) हुने ज्यादै बढी सम्भावना छ । यस्तो सन्तति-निरोधक प्रणालीमा व्यभिचारीको वृद्धि र कामवासनाको निष्कण्टक चरितार्थको सम्भावना नै प्रत्यक्ष रूपले लुकेको हुन्छ । यी कृत्रिम साधनहरूलाई विवाहित स्त्रीहरूसम्म मात्र सीमित राख्नु असम्भव छ । ती साधन हाम्रा अपरिपक्वमति बालक-बालिकाको हातमा पर्नाले उनीहरूलाई ठूलो हानि हुने सम्भावना छ र सम्भवतः हानि भइरहेको छ । तसर्थ शुरुदेखि नै आत्मसंयमको शिक्षा दिएर यो काम सम्पादन गर्नुपर्छ ।

समानाधिकार

'स्त्री र पुरुषको समान अधिकार छ' भन्ने कुरा आजकल भन्ने गरिएको छ । अतः स्वास्नी-मानिसलाई सबै कुरामा समानता चाहिन्छ । लोग्नेमानिस बजारमा जान्छन्, नोकरी गर्छन्, खेल-तमासामा जान्छन्, सभा-समितिमा जान्छन्, परिषद्का सदस्य हुन्छन्, वकील, अधिवक्ता र न्याया-धीश हुन्छन् । स्वास्नीमानिसलाई पनि यस्ता सबै कुरामा किन अधिकार हुनुहुन्न ? यो लोग्ने-मानिसहरूको स्वार्थपरकता हो, उनीहरूले स्वास्नीमानिसहरूलाई शुरुदेखि नै आपना दासी बनाइ-राख्न उनीहरूलाई धोका दिएर यस्तो उल्टो उपदेश दिएका हुन् । यसप्रकार आजकल लोग्नेमानिस-प्रति विद्वेषका भावना उत्पन्न गराएर स्वास्नी मानिसहरूलाई उक्साइन्छ, तथाकथित शिक्षिता माताहरू उक्सन पनि थालेका छन् । उनीहरू फलावन थालेका छन्– 'हामीहरू बाल्यावस्थामा आमा-बाबु, यौवनावस्थामा पति र वृद्धावस्थामा पुत्रको संरक्षणमा किन रहने ? के हामी मनुष्य होइनौं ? के लोग्नेमानिसको जति हक हामीलाई छैन ? मायाको यस्तै चमत्कार छ– पाश्चात्य शिक्षा-वारुणीको यस्तै नशा छ । यसले वास्तविक कुरा त बुझ्नै दिंदैन, किनभने समानाधिकारको कुरा त्यसबेला निक्लन्छ, जब दुइटा कुरा वस्तुतः भिन्न-भिन्न हुन्छन् । हाम्रो संस्कृतिमा त दम्पती लोग्ने र स्वास्नीको सम्मिलित नाउँ हो । दुवै परस्पर अर्द्धाङ्ग हुन्, एकै आत्माका दुई व्यक्त स्वरूप हुन् । यस्तो अवस्थामा पुरुषका साथ प्रतिस्पर्धा गर्ने कुनै आवश्यकता छैन । रह्यो शारीरिक स्वाधीनताको कुरो । त्यो ता विधाताले स्त्री र पुरुषको रचना नै कुनै हालतमा पनि सबै कुरामा समान नहुने ढङ्गले बनाएको छ । घरकी रानी स्त्री हो । पुरुष उसको रक्षा गर्छ । उसले दिएको भोजन पुरुष खान पाउँछ । परन्तु बाहिर स्त्रीले पुरुषको संरक्षकतामा रहनुपर्छ । स्त्रीको शरीर सम्पूर्ण रूपले स्वाधीन हुन योग्य कहिल्यै बनेकै छैन । लोग्नेमानिसहरू लुगा नलगाएर पनि सडकमा घुम्न सक्छन्, तर स्वास्नीमानिसहरू त्यसरी हिंड्न सक्तैनन् । जङ्गली मानिसहरू पनि छातीमा कपडा बाँधेर बाहिर निस्कन्छन् । आजकलको नाङ्गो सम्प्रदायका पश्चिमी नारीहरू नाङ्गै रहन चाहन्छन्, यो कुरा अर्कै हो । त्यो त डार्विन-संस्कृतिको कुरा हो । तर त्यहाँ पनि प्रायः ती स्त्रीहरू नग्नोपनिवेश-(Nude colony)- मा मात्र नाङ्गा भएर घुम्छन् । त्यसबाहिर त्यहाँ पनि स्वास्नीमानिस सार्वजनिक बाटाघाटामा पुरुषहरू झैं निर्भीक भएर नाङ्गै हिंड्न सक्तैनन् । ऋतुकालदेखि नै स्त्रीका सम्पूर्ण अङ्गमा विलक्षण रूपले पुरुषहरूको भन्दा बेग्लै परिवर्तन आउन थाल्दछ । यस अवस्थामा उसको रक्षा आवश्यक हुन आउँछ । उसले गर्भधारण गर्नुपर्दछ । गर्भकालमा उसको शरीरमा कैयौं परिवर्तन हुन्छन् । धेरै किसिमका विघ्न-बाधाको सम्भावना रहन्छ । त्यस अवस्थामा यी विघ्न-बाधाहरूबाट बच्न अरूको सहायता आवश्यक हुन्छ । उसलाई कठोर शारीरिक र मानसिक श्रम तथा उद्वेगबाट बचाइराख्नुपर्दछ । प्रसवको अवस्थामा त विशेष रेखदेख पनि आवश्यक हुन्छ । गर्भ र प्रसव यी दुवै अवस्थामा उसले कैयौं आवश्यक नियमहरूको पालना गर्नु जरूरी हुन्छ । ऊ सन्तानकी

ग्रामा बन्छे। भगवान् उसको रक्तमा दूध भरिदिनुहुन्छ र ऊ बडो स्नेहसाथ बच्चाको पालन-पोषण गर्छे, तर लोग्नेमानिसले यी कुनै कुरा गर्नुपर्दैन ।

नारीहरणको नाम सुन्दैमा मनुष्यको शरीरमा मात्र होइन भगवान्को शरीरमा पनि रगत उम्लन थाल्दछ। पुरुष-हरणको कुरा शायद पश्चिमी मुलुकमा कहीं सुनिएला। स्वास्नी-मान्छेको शरीरमा तपस्या, धैर्य, तितिक्षा र पोषणको शक्ति छ। त्यसैले ऊ यति त्याग गर्छे, लोग्नेमान्छे त्यति गर्नै सक्तैन। तर यो सत्य हो– शारीरिक दृष्टिले स्त्री सदा निराश्रया हुन्छे। हृदयको दृष्टिबाट ऊ पिता, पुत्र र पतिको पनि आश्रयस्वरूप हुन्छे। उसको स्वाधीनता हृदयको क्षेत्रमा छ, शरीरको क्षेत्रमा होइन। यसै हृदयशक्तिले गर्दा स्त्री पुरुषमाथि सदाकाल विजयी हुन्छे। स्त्री स्नेहको मूर्ति, प्रेमको अवतार र वात्सल्यको प्रतिमा हो। यसकारण विद्या, पद, गौरव, मान-सम्मान आदिले विभूषित पुरुष पनि साँझमा घर आएर स्त्रीको आश्रय लिन्छन्। स्त्रीको यो प्रताप कुनै शारीरिक शक्तिले होइन प्रेमशक्ति, हृदयशक्ति र सेवाशक्तिले भएको हो। स्त्री यस्तो अनुपम हृदय-सम्पत्तिको बेवास्ता गरेर यदि शारीरिक सम्पत्तिको पछि लागेर पुरुष-हरूको प्रतिद्वन्द्वितामा लागी भने यसबाट दुवै थरीको अमङ्गल हुनेछ। स्त्री आफ्नो विजयपदबाट च्युत हुन्छे र निराश्रय हुन पुग्छे। ऊ जति यस क्षेत्रमा अगाडि बढ्ली उत्ति नै आफ्नो स्वाधीनता गुमाएर लोग्नेमानिसको चंगुलमा फँस्न पुग्छे। आज ऊ पुरुषलाई नचाउँछे, आफ्नो पाउमा पर्न लगाउँछे र अनि फेरि उसले पनि तदनुसार नाच्नुपर्छ, अनि पुरुष पनि (जो आफ्नो परम मित्र गुमाएर दिनभरको थकाइ मार्न घर आई जसको आडमा केही समय आफ्नो सम्पूर्ण दुःख भुलेर सुखी हुन्छ) सर्वथा निराश्रय हुन पुग्छ।

तर के गर्ने ? वर्तमान शिक्षा-सभ्यताले स्वास्नीमानिसहरूलाई विपथगामिनी बनाइ-दिएको छ। यसैले यिनीहरू समानाधिकारको मोहमा परेर पुरुष-विद्वेषको चश्मा लगाई आफ्नो भलो-कुभलो पनि याद गर्न सकिरहेका छैनन्, लोग्नेमानिससँगको प्रतिद्वन्द्विताले गर्दा घरको रानी पद छाडेर बजारमा उत्रेका छन्। त्यसैले आज उनीहरू थेटर, सिनेमा, सभा-समिति, परिषद्, अड्डा-अदालतको फेरमा परेर आफैलाई घृणित पराधीनताको पञ्जामा फँसाउन चाहेका छन्। यसैले आज उनीहरू आफ्नो पोषणमयी प्रतिभालाई बिगारेर शोषणको भीषण रूप धारण गर्न चाहन्छन्। स्वास्नीमानिसहरूलाई स्वतन्त्र नराखिएको परतन्त्र बनाएर गुलाम बनाउन खोजिएको होइन, यो कुरा हामीले गम्भीरतापूर्वक विचार गर्नुपर्दछ। वास्तवमा यो परतन्त्रता त उनको शोभा हो, गौरव हो। रानी-महारानीहरू नै आठपहरिया र अंगरक्षकहरूको रक्षमा बस्तछन्। उनीहरूमा रहेको गुण, उनीहरूको सुन्दर शरीर, त्यस्तो शरीरमा छोइदिनाले मात्र पनि अपवित्र हुन जाने पवित्र सतीत्व र आदर्श मातृत्व रक्षाका लागि मात्र परतन्त्रता जरूरी हुन गएको हो। वास्तवमा यो उनीहरूको सम्मान-रक्षाका लागि विधाताले दिएको दान हो।

यो दुर्भाग्य तथा शौकको कुरा हुन आएको छ– जुन कुरालाई हाम्रो संस्कृतिले पतन सम्झेको छ तिनैलाई हामी आज उत्थान र उन्नतिको चिन्ह मान्नलागेका छौं, किनभने पश्चिमी

सभ्यताको आदर्शले आज हाम्रो हृदयमा सबभन्दा उच्च आसन पाइसकेको छ । त्यसो भएको हुनाले त्यतातिर अग्रसर हुनु र अरूलाई त्यतातिर डोऱ्याउन खोज्नु स्वाभाविकै हो । तर जो व्यक्ति यस विषयमा केही विचार गर्दछ, उसले बुद्धिपूर्वक केही सोच्ने चेष्टा अवश्य गर्नुपर्छ । वास्तवमा शिक्षाको साधारण उदेश्य हो– मनुष्यमा अन्तर्निहित शक्तिलाई उचित मात्रामा विकास गर्नु । अब यो विचार गर्नुपर्ने कुरा छ– के स्त्री-पुरुषमा एकै किसिमको शक्ति छ ? के स्त्री र पुरुषको विकास क्षेत्र एउटै किसिमको छ ? के सबै कुरामा पुरुष बराबर नै शिक्षा लिनु स्त्रीलाई जरूरी छ ? विचार गरेमा यो स्पष्ट हुन्छ– यो कुरा होइन । दुवै थरीको शरीर संगठनमा अन्तर छ, दुवै थरीको कार्यमा अन्तर छ, दुवै थरीको हृदयमा अन्तर छ (दुराग्रह छाडेर निष्पक्ष भावले आफै विचार गर) । यस अन्तरलाई ध्यानमा राखेर नै शिक्षाको व्यवस्था गर्नुपर्दछ । यस्तो प्रकृति–वैचित्र्यलाई बेवास्ता गरेर हामी प्रमादवश सबै काममा स्त्री-पुरुषलाई बराबरको स्थितिमा देख्न चाहन्छौं । यस्तो असम्भव साम्यवादको मोहिनी आशाले हामीलाई विवेकशून्य बनाइदिएको छ । ध्यानपूर्वक विचार गरेमा यी दुई थरीमा दुई किसिमकै शक्ति छन् भन्ने कुरा मान्नुपर्दछ र कार्यक्षेत्र पनि दुई नै स्पष्ट देखिन्छन् । स्त्रीको क्षेत्र घर हो भने पुरुषको क्षेत्र हो बाहिर । स्त्री घरकी मालिक्नी हुन् भने पुरुष बाहिरका मालिक हुन् । स्त्री र पुरुष दुवै मिलेर मात्र सच्चा घर बन्दछ अन्यथा यो कुटी मात्र हुन्छ । पति बाहिर जान्छन्, घरकै लागि र पत्नी घरै बस्छिन् घरकै लागि । यो घरभित्र र बाहिरको व्यवस्था आउनु-जानु, मिल्नु-जुल्नु, कमाउनु-खानु, पाठ-पूजा, दान-पुण्य, आचार-व्यवहार– यी सबै कुरा घरगृहस्थी सुरक्षित र समुन्नत बनाउनका लागि हो । अड्डा-अदालत, बजार, सभा, समाज, परिषद् यी सबै पुरुषका लागि हो । यी कुरामा प्रवेश गरेर स्वास्नीमानिसले किन माथापच्ची गर्ने ? उनलाई मातृत्वमा जुन सुख छ, घरको स्वतन्त्रतामा जुन आनन्द छ, त्यो आनन्द अड्डाको बहिदारीमा कहाँ ? स्वास्नीमानिसको खास क्षेत्र मातृत्व हो । उनका सारा अङ्ग शुरुदेखि नै यसै मातृत्वका लागि सचेष्ट छन् । उनी मातृत्वको पोषण गर्ने गुणले गर्दा नै महान् बनेकी हुन्। निकै ठूलो त्याग गरेर मात्र उनी यो मातृत्व-पद- आमा भन्ने पवित्र नाम प्राप्त गरेर सुखी हुन्छिन् । जुन शिक्षा र सभ्यता मातृत्वमा व्यवधान ल्याउँछ, जुन शिक्षा स्त्रीको पवित्र मातृत्वको आधारस्वरूप सतीत्वमा कुठाराघात गर्दछ, त्यो शिक्षा होइन कुशिक्षा हो । पश्चिमी फेशनमा रङ्गिएकी एउटी युवतीले खोकी लागेको आफ्नो बालकले उनको निद्रामा विघ्न-बाधा पुऱ्यायो भनी उसको हत्या गरेको कुरा धेरै पहिले एउटा समाचारपत्रमा प्रकाशित भएको थियो । अर्की एउटी युवतीले बालकको पालन-पोषणको दुःखबाट मुक्ति पाउन आत्महत्या गरिन् । मातृत्वको यो विनाश कति भयङ्कर छ ?

हाम्रो संस्कृतिमा हुर्के-बढेका अशिक्षित नारी पनि यस्तो अमानवीय कृत्य कहिल्यै गर्दैनन् । शोक छ, खेद छ– जुन उच्च शिक्षाका लागि आज हामी व्याकुल छौं, जुन सभ्यताको प्रभाव आज हाम्रो स्त्रीशिक्षाको सञ्चालन गर्छ, त्यसै सभ्यताको मातृत्वनाशको नमूना हो यो । आज हामी

स्त्रीहरूको मातृत्वको विनाश गरेर यिनीहरूलाई तरबार चलाउन सिकाउँछौं, तर हामीले बिर्स्यौं– मातृत्व वा सतीत्वको आदर्श रहेन वा स्त्रीले आफ्नो स्वाभाविक त्यागको आदर्श बिर्सिन् भने उनी स्नेहमयी माता, प्रेममयी पत्नी, त्यागमयी देवी नभएर उनको तलबारको शिकार उनैका सन्तान, उनैका पति वा उनको आफ्नै शरीर हुनेछ । तलबार चलाउन सिकाउनुपर्छ, तर सर्वप्रथम मातृत्वलाई कायम राखेर, जसले गर्दा उनको प्रहार शत्रुप्रति होस् न कि आफैंपट्टि । माता शत्रु-विनाशिनी बनून्, तर पति-पुत्रग्रासिनी नबनून् । वर्तमान सभ्यता-शिक्षाले मातृत्वको ठूलो ह्रास गरिराखेको छ । पुरुष र स्त्रीलाई एकै किसिमको शिक्षा-पद्धति अनुकूल हुँदो रहेनछ भन्ने कुरा यसबाट सिद्ध हुन्छ । पुरुष र स्त्रीलाई भिन्नाभिन्नै शिक्षा-पद्धति हुनु नितान्त आवश्यक छ ।

स्वास्नीमानिसमा धेरै स्वाभाविक गुणहरू हुन्छन् । यिनै गुणहरूले गर्दा यिनीहरू महापुरुषहरूका आमा हुन्छन् । यिनै गुणको विकास गर्नु स्त्री-शिक्षाको उद्देश्य हुनुपर्छ । परन्तु याद गर्नुपर्छ-जुन चीज सुल्टो पर्दा जति फाइदा गर्ने हुन्छ, त्यो उल्टो चल्दा उत्तिकै हानिकारक पनि हुन्छ । स्वास्नीमानिसलाई उन्नत बनाउने त्याग, सहनशीलता, सरलता, तप, सेवा, आदि अनेक आदर्श गुणहरू छन् । तर स्वास्नीमानिस चरित्रबाट भ्रष्ट हुन गई भने यिनै गुणहरू विपरीत बाटोमा लागेर अति डरलाग्दा हुन जान्छन् र सहशिक्षाबाट प्रत्यक्ष रूपमा अझै अर्कै भावनाहरू उत्पन्न हुन्छन् र यसबाट कोमलहृदया कन्याहरूको चरित्रनाश हुने धेरै बढी सम्भावना हुन्छ ।

स्त्री-पुरुषको शरीरको सङ्गठन नै यस्तो छ, जसमा एक-अर्कालाई आकर्षण गर्ने विलक्षण शक्ति (ऋण र धन विद्युत्शक्ति) रहेको हुन्छ । सधैं नगीच रहेर संयम राख्नु असम्भवप्राय नै हो । प्राचीनकालमा तपोवनको निर्मल वातावरणमा बस्ने जैमिनि, सौभरी पराशरजस्ता महर्षि, न्यूटन र मिल्टनजस्ता विवेकी पुरुषहरू र वर्तमान समयका ठूला साधकहरूको पनि संसर्गदोषले गर्दा इन्द्रियसंयम हुन सकेन भने विलासले परिपूर्ण सिनेमामा जाने, फोहोरी उपन्यास पढ्ने, मन, वचन र शरीरले सदा शृङ्गारको चिन्तन गर्ने, मोज-शौक र उच्छृङ्खलताको आदर्शलाई नै लक्ष्य मान्ने, भोगवादलाई प्रश्रय दिने, खालि लेखन्दास बन्नका लागि पढ्ने, मनपरी आचरण गर्ने विलासी युवक-युवतीहरूबाट शुकदेवको जस्तो इन्द्रिय-संयमको आशा गर्नु व्यर्थ हो । तसर्थ केटाकेटीहरूका लागि शिक्षण-संस्था भिन्नाभिन्नै हुनु उचित हुन्छ ।

सिनेमा

सिनेमा पनि आजकालको सभ्यताको एक अङ्ग भएको छ र शिक्षित स्त्री-पुरुष सभ्यताका सबै अङ्गमा प्रवेश गर्न चाहन्छन्, कहीं पनि पछि पर्न चाहँदैनन् । अतएव स्वभावैले यता पनि उनीहरूको प्रवेश खूब भइरहेको छ । यो कुरा पक्का हो कि सिनेमा एक कला हो र संयमी, सदाचारी तथा निःस्वार्थ व्यक्तिले यसको सदुपयोग गरेमा यसबाट मनोरञ्जनको साथसाथै निकै उपकार हुन पनि सक्छ । तर उपकारको जति सम्भावना छ त्यसभन्दा बढी अपकारको मात्रा छ । जन्म-जन्मान्तरका खराब संस्कारले गर्दा प्रायः मानिस खराब कुरा जति चाँडै ग्रहण गर्छ त्यति चाँडै असल

कुरा ग्रहण गर्दैन। कथानक राम्रोभन्दा राम्रो होस्, सब कुरा शिक्षाप्रद होऊन्, तथापि त्यसमा कहीं न कहीं शृङ्गाररस त राख्नैपर्छ। जहाँ स्वास्नीमानिसको भूमिका लोग्नेमानिस खेल्दछन्, त्यहाँ त त्यति सान्है आपत्तिजनक कुरा हुन आउँदैन, तर जहाँ स्वास्नीमानिसको भूमिका स्वास्नीमानिसले नै खेल्दछन् त्यहाँ त स्वास्नीमानिस जतिसुकै उच्च घरानाका होऊन् वा लोग्नेमानिस जतिसुकै चरित्र-वान् होऊन् सधैंको बसउठले गर्दा प्रमाद हुने सम्भावना भइ नै रहन्छ। प्रकृतिले स्त्री-पुरुषको शरीर-रचना नै यस्तो किसिमले गरेको छ कि परस्पर (नेगिटिभ-पोजिटिभ जस्तै) मिलनको इच्छा भइहाल्छ। युवावस्थामा त यो मिलनको इच्छा झन् प्रबल हुन्छ। यस्तो अवस्थामा सधैं सँगसँगै रही शृङ्गारको भूमिका खेल्दै पद्मपत्रवत् निर्लेप भएर रहनु प्रायः असम्भव नै छ। सधैंको निर्बाध संसर्गमा इन्द्रिय-संयम कायम रहनु सामूली कुरा होइन। सदाकाल वनमा बस्ने, कन्दमूल खाने, तपस्वी, ठूला-ठूला विद्वान्, उच्च स्तरका साधकहरू पनि तीव्र आकर्षणले गर्दा इन्द्रियहरूको वशमा पर्छन् भने शृङ्गारको लीलाभूमि सिनेमातिर लाग्ने जवान उमेरका साधारण अभिनेता र अभिनेत्रीको त कुरै के गर्नु! यो ठूलो पतनको स्थिति त सिनेमा-जगत्मा काफी सुधार भए पनि (जसको आशा गर्नै सकिंदैन) रहि नै रहन्छ। वर्तमान सिनेमाहरूमा त पाइला-पाइलामा गहिरा खाडल खनिएका हुन्छन्। फोहोरी गीत, अश्लील ठट्टा, अर्धनग्नावस्थाको नाच, शृङ्गारले भरपूर कथानक, कुमारी भनाउँदा अभिनेत्रीहरूको फोहोरी हाउभाउ- यी सबै चीज नरकका ढोका हुन्।

चित्रपट अहिले धन कमाउने ठूलो साधन भएको छ। बढीभन्दा बढी धन कमाउनु नै सञ्चालकहरूको उद्देश्य हो। करोडौंको पूँजी लगाएर व्यापारीहरू धन कमाउन यस क्षेत्रमा हाम-फालेका छन्। कलाको विकास तथा शुद्ध भावको प्रचार गर्ने प्रायः कसैको पनि उद्देश्य छैन। त्यसैले जुन-जुन वस्तुबाट जनता विशेष रूपले आकर्षित हुन्छन् ती सबैलाई बटुलेर प्रदर्शन गर्नु नै सिनेमा-सञ्चालकहरूको कर्तव्य हुन गएको छ- चाहे त्यसले जनताको रुचिमा विकृति ल्याओस्, चाहे त्यसले आचरण भ्रष्ट गरोस्, चाहे त्यसले सधैंका लागि नरककुण्डमा किन नखसाओस् (जनताको पतनको जिम्मेदारीको ख्याल कसैलाई छैन), ध्यान केमा छ भने खालि धनमा छ। यो धनको ध्यान खालि सञ्चालकलाई मात्र होइन, सिनेमासित संलग्न प्रायः सबैलाई छ। नत्र फोहोरी साहित्यद्वारा फोहोरी फिल्म कसरी बन्दथे र त्यसको प्रदर्शन कसरी सम्भव हुन्थ्यो? बडो दुःखको कुरा हो-अहिले ठूलो घरानाका शिक्षिता भनिने महिलाहरू पनि आफ्नो आर्योचित उच्च कुलको मर्यादालाई छाडेर परपुरुषसँग मिलेर सिनेमामा अभिनय गर्नुमा गौरवको अनुभव र उन्नतिको गर्व गर्न लागेका छन्। अभिनेत्री बनेर सिनेमामा अभिनय गर्ने स्वास्नीमानिसहरू चरित्रवान् रहनु अत्यन्त नै गाह्रो छ। प्रायः यही हाल पुरुष अभिनेताहरूको पनि सम्झनुपर्छ। अधिकांश सञ्चालकहरू कुसङ्गतिको शिकार बन्नु अनिवार्य जस्तै छ। स्कूल-कलेजका छात्र-छात्राहरूमा दिनहुँ सिनेमाको सोख बढ्नु तथा ती अरू किसिमका कुप्रवृत्तिको शिकार बन्नु समाजका लागि नै दुर्भाग्यको कुरा हो। सिनेमाको साथै रक्सी आदि कुव्यसनहरूको प्रचार भइराखेको छ। हाम्रा शिक्षित पति हामीलाई जबरजस्ती सिनेमा र क्लबमा लगेर गन्दा खेल देखाउँछन्, मासु-रक्सी खाऊन् भन्ने चाहन्छन् भने हामीले के गर्ने? भनेर

कहिलेकाहीं सात्त्विक युवतीहरू सोद्धछन् पनि ।

आजकल पत्र-पत्रिकाबाट पनि यी सिनेमाको प्रचारमा प्रशस्त सहायता प्राप्त भएको छ । विज्ञापनको आमदानीको लोभले पत्र-पत्रिकाका सञ्चालकहरू पनि सिनेमासम्बन्धी साहित्य र सिनेमाका पात्र-पात्रीहरूको तस्वीर र त्यसमा पनि पात्रीहरूका आकर्षक चित्रहरू छपाएर जनताको चित्त त्यतातिर तानिराखेका छन् । कोमल मति भएका तथा प्रबल इन्द्रियको वेग सहन नसक्ने, अनुभव नभएका, भर्खरका युवा-युवतीहरूको हृदयमा जुन साहित्यले कलाको नामले कुप्रवृत्तिको आगो सल्काएर बराबर दाउरा थपेर भड्काइराखेको छ, त्यस्तो साहित्य कहिले पनि हितकर हुन सक्तैन । समाजरूपी बाटिकामा फुल्न लागेको तरलमति युवक-युवतीहरूको कोमल हृदयबाट दैवी सद्भाव हटाएर त्यसको ठाउँमा आसुरी भाव उत्पन्न गराउने नरकको आगोलाई सल्काउने कला त प्रत्यक्ष काल नै हो । साहित्यकारहरू नवयुवक-युवतीहरूको सामु पवित्र वस्तुहरू राखून्, उनीहरूको हृदयमा वीरता, धीरता, संयम र सदाचारको वृद्धि होस्, यस्तो साहित्यामृत पिलाऊन् । हाम्रो प्राचीन गुरुकुलको शिक्षा-पद्धतिअनुसार त कुनै पनि युवक छात्रको अगाडि शृङ्गारी साहित्य आउन दिनै हुँदैन । मलय-समीर, मधुगामिनी, कुसुम-सायक र नायक-नायिकाहरू तथा कामकला-को भेद जान्नु उनीहरूका लागि आवश्यक छैन । उनीहरूसमक्ष त पवित्र इन्द्रिय-संयमको पाठ राख्नुपर्छ । मलाई त यस्तो लाग्छ– आजकलको चित्रपट र सिनेमा त मलाई मधुर विष जस्तो लाग्दछ । यो समाजको शरीरमा पुगेर सुखपूर्वक भित्रभित्रै बडो जोरले फैलिदै गइरहेको छ र यसले विषाक्त बनाइराखेको छ । स्वास्नीमानिस खास गरेर यस विषयबाट बच्नुपर्दछ । तर बडो दुःखको कुरा छ– यिनीहरू नै खास गरेर यसको शिकार बन्न लागिरहेका छन् । ३८०

'शिक्षा कस्तो हुनुपर्दछ'– त्यसो भए के त बालक-बालिकालाई शिक्षा दिनैपर्दैन ? यस्तो को भन्दछ ? शिक्षा जरूर दिनुपर्दछ, तर बालकहरूलाई यस्तो शिक्षा दिनुपर्दछ जसबाट उनीहरूमा ईश्वरभक्ति, धर्म, सदाचार, त्याग, संयम आदिको विकास होस्, उनीहरू ईश्वरसित डराउने, आत्मामा विश्वास गर्ने, धीर, वीर, परदुःखकातर यथार्थ मनुष्य बनून् र यसको साथसाथै उनीहरू अरू सबै आवश्यक कुरा पनि सिकी आफ्नो चरित्रलाई आदर्श बनाऊन् ।

आजको शिक्षाको प्रभावले खान-पान, विवाह आदिमा उचित भेदलाई खतम गर्ने नाममात्र-को राष्ट्रियता त बढेको छ, तर पारस्परिक प्रेम र सौहार्द नराम्रोसित घटेको छ, दिनदिनै घटि-रहेको छ । जसरी यूरोपको देशभक्ति (Patriotism)-मा विश्वहितको त के कुरा छिमेकी राष्ट्रको हितको पनि परवाह हुँदैन, त्यसरी नै विश्वहितविरोधीनी संकुचित देशभक्तिको प्रचार आज जहाँ-तहीं भइराखेको छ । आज जातिभेद निर्मूल गर्ने कुरा त भइराखेको छ, तर प्रत्येक जाति-उपजातिको भेद दृढतासाथ कायम राख्नका लागि प्रतिद्वन्द्विताको भावले पूर्ण जातीय सम्मेलन भने चलि-राखेका छन् । सबै आफ्नो-आफ्नो अलग स्वत्व कायम गर्न खोजिरहेका छन् । समस्त समाजको सबै स्वार्थ हुने कुरा त परै जाओस् आज त हिन्दू-हिन्दूमा, मुसलमान-मुसलमानमा पनि वस्तुतः एक स्वार्थको भावना छैन । हजारौं जाति-उपजाति र प्रत्येक उपजातिका पनि विभिन्न भेद भइराखेका छन्

र प्रत्येकको स्वार्थ बेग्लाबेग्लै भएको छ । धेरै राजनीतिक दल गूट र संगठनहरू बनेका छन् र सबैको स्वार्थ बेग्लाबेग्लै छ । सधैंजस्तो स्वार्थका लागि आपसमा लडाइँ-झगडा भइरहेको छ । केवल आफ्नो-आफ्नो स्वार्थका लागि, धेरै कुरा त के भन्नु र कुनै दिन 'वसुधैव कुटुम्बकम्' वा 'आत्मवत् सर्वभूतेषु'जस्ता आदर्शलाई मान्ने जातिका महान् आदर्श नष्ट गरेर आजकलको यस पाश्चात्य शिक्षा-प्रणाली स्त्री-पुरुष-(दम्पती)-मा समेत बेग्लाबेग्लै स्वार्थको भावना जगाइदिएर यिनीहरूलाई लडाइँको मैदानमा उभ्याइदिएका छन् । अभेदको नाममा यस्तो विनाशकारी भेद संसारभर फैलिएको छ कि आज हामीहरूले खालि आफ्नो व्यक्तित्वको रक्षा र त्यसैको पोषणमा जीवन बिताउनु नै कर्तव्यको चरम सीमा हो भन्ने ठान्न थालेका छौं । ३८१

आश्चर्य छ– सबै विचारशील पुरुष यी दोषहरू जान्दछन्, अनुभव गर्दछन् र तिनलाई यथासम्भव दूर गर्न प्रयास पनि गरिरहेका छन् । हर्षको कुरा हो–सरकार पनि यिनै दोष हटाउनलाई शिक्षामा पर्याप्त सुधार ल्याउन सक्रिय पाइला चलाउँदै छ । तर यस विषयमा अझै गम्भीरतासाथ विचार गर्नु र शिक्षाप्रणालीमा धेरै सुधार ल्याउनु आवश्यक छ, ताकि शिक्षाको वास्तविक उद्देश्य पूरा हुन सकोस् ।

(१) पाठ्यपुस्तकहरूमा हाम्रो प्राचीन आर्य-संस्कृतिको सच्चा महत्त्व बुझाइयोस्, पौराणिक र ऐतिहासिक महापुरुषहरूको जीवनका प्रभावोत्पादक र शिक्षाप्रद घटनाको जस्ताको तस्तै वर्णन होस् र प्राचीन संस्कृत-ग्रन्थका उपयोगी अंशको समावेश गरियोस् (जुन जातिमा आफ्नो संस्कृति, आफ्ना महापुरुष र आफ्ना सत्यसाहित्यप्रति अश्रद्धा पैदा हुन्छ, त्यो जाति प्रायः नष्ट हुन्छ भन्ने कुरा सम्झिराख्नुपर्छ) । पाश्चात्य प्रणालीको शिक्षाले यस्तो विलक्षण ढङ्गले काम गरेको छ कि हामी यसलाई उन्नति मानिराखेका छौं, तर भइराखेको छ हाम्रो अवनति । यसै शिक्षाको प्रभावले आज हाम्रो आफ्नो संस्कृति र आफ्ना महापुरुषप्रति, अनि आफ्नो प्राचीन साहित्यमाथि हाम्रो श्रद्धा रहेन । यसको साटो पाश्चात्य सभ्यता एवं यूरोपका महापुरुष र उनीहरूको साहित्यमा हाम्रो श्रद्धा बढेर गयो । भनाइको तात्पर्य यो होइन कि कतैको असल कुराप्रति हाम्रो आदर नहोस् । आदर अवश्य गर्नुपर्छ, तर यस्तो आत्मिक गुलामी हुनु हुँदैन । हाम्रो घरका चीजतिर हामीले हेर्दै-हेरेनौं, यदि कहिल्यै हे-यौं भने केवल उपेक्षा या घृणाको दृष्टिले । त्यही चीज विदेशी विद्वान्हरूको कलमद्वारा प्रशंसित भएर उनीहरूमार्फत् विकृत रूपमा हाम्रो सामु आओस्, तर हामी त्यसैको भूरिभूरि प्रशंसा गर्न थाल्दछौं ।

(२) ईश्वर र धर्मको ठोस संस्कार बालकको हृदयमा जमोस् यस्ता कुरा पाठ्यपुस्तकमा राख्नैपर्छ । गीताजस्ता सर्वमान्य ग्रन्थ उच्च शिक्षाको पाठ्यक्रममा राखिने व्यवस्था हुनुपर्छ ।

(३) सदाचार र दैवी सम्पत्तिलाई बढाउने खालको उपदेश सदाचारी तथा दैवी सम्पत्तिले युक्त व्यक्तिहरूको चरित्रसहित पाठ्यपुस्तकहरूमा समावेश गरिनुपर्दछ र विशेष रूपले यसको महत्त्वप्रति प्रकाश पार्नुपर्दछ ।

(४) धार्मिक शिक्षा एक अनिवार्य विषयको रूपमा पढाउने व्यवस्था होस्, जसमा ईश्वर-भक्ति, माता-पिताको भक्ति, शास्त्रभक्ति, देशभक्ति, सत्यप्रेम,ब्रह्मचर्य,अहिंसा, निर्भयता, दानशीलता

निष्कपट व्यवहार, कसैको निन्दा नगर्नु, परस्त्रीलाई आमा दिदी-बहिनीको दृष्टिले हेनु, कुनै पनि अर्को धर्म वा धर्माचार्यलाई हेलाको दृष्टिले नहेर्नु, जीविका चलाउने काम आदिमा छल-कपट र चोरी नगर्नु, शारीरिक परिश्रमलाई खुशीसाथ अँगाल्नु र त्यसको महत्त्व बुझ्नु, सबैलाई यथायोग्य प्रेम गर्नु आदि गुणमा विशेष जोड दिइयोस् र बालकहरूको हृदयमा यी गुणको विकास र विस्तार गर्ने चेष्टा गरियून् । प्रतिदिन पढाइ शुरु गर्नुभन्दा पहिले सामूहिक रूपमा ईश्वरको प्रार्थना गरियोस् ।

(५) अवतार तथा महापुरुषहरूको जन्मतिथिमा उत्सव मनाइयून् र तिनका जीवनका महत्त्वपूर्ण कुरा छर्लङ्ग पारियून् ।

(६) खानपानको शुद्धि, समयको महान् लाभ र सदुपयोगबारे बालकहरूलाई बुझाइयोस् ।

(७) कुनै पनि पाठ्यपुस्तकमा नाङ्गो शृङ्गारको वर्णन नहोस् । यस्तो कुनै काव्य या नाटक पढाउनैपऱ्यो भने त्यसको त्यति अंश पाठ्यक्रमबाट हटाइयोस् ।

(८) साम्प्रदायिक विद्वेष बढाउने कुरा कुनै पनि पाठ्यपुस्तकमा समाविष्ट हुनु हुँदैन ।

(९) बिलासिता र फजूलखर्चीको दोष पाठ्यपुस्तकहरूमा रोचक ढङ्गले देखाइयोस् । जहाँसम्म हुन सक्तछ विद्यार्थीहरूको जीवन अधिकाधिक सादा र निर्मल रहोस् भनी प्रयास गर्नुपर्छ ।

(१०) अध्यापक र छात्रावासका व्यवस्थापकको चरित्रको प्रभाव बालकहरूमा सबै-भन्दा बढी पर्ने हुनाले तिनीहरू स्वयं सज्जन, सदाचारी, धार्मिक, ईश्वरमा विश्वास गर्ने, विलासिताका विरोधी र मितव्ययी हुनुपर्छ ।

(११) स्कूल-कलेजमा पढेका विद्यार्थीले शारीरिक श्रम र हातले गरिने कारीगरीको काम गर्नमा सङ्कोच मान्नुको सट्टा सम्मान अनुभव गरून् भन्नाका लागि सबै शिक्षालयमा प्राविधिक शिक्षक रहेर हातले गरिने कारीगरीको काम सिकाउनुपर्छ । यसमा विशेष ध्यान दिनुपर्ने कुरो के छ भने विद्यार्थीहरूद्वारा बनाइएको सामान, चाहे मामूली नै किन नहोस्, आफ्नो अन्तिम (Finished) रूपको होस् र बजारमा बिक्री हुन सक्ने र स्कूलका लागि (धेरथोर जति हुन्छ) आर्थिक सहयोग गर्न सक्ने होस् । यसबाट व्यावसायिक शिक्षाको व्यावहारिक (Practical) संस्कार बालकहरूको मनमा मजबूतीसाथ जम्दछ, अनि स्वावलम्बीपनको यथार्थ रहस्य समझमा आउन थाल्दछ । केवल स्केच (रूपरेखा) र मोडल-(प्रतिमान)-द्वारा बालकमा न त व्यावहारिक शिक्षाको यथार्थ ज्ञान र रुचि बढ्छ, न ठोसस्वावलम्बीपनको भाव दृढ हुन्छ । यी विषयमा ठुल्ठूला निबन्ध लेख्न सक्ने योग्यता त होला, तर व्यावहारिकता भने आएको हुँदैन । यसैकारण हरेक स्कूल र कलेजमा प्राविधिक शिक्षकहरूद्वारा यी संस्थाहरू सानोतिनो फ्याक्टरीहरू जस्तै पुनरुत्पादक-(Reproductive) को रूपमा आफ्नो आर्थिक भार कुनै न कुनै अंशमा स्वयं वहन गरून् । यही यथार्थ स्वावलम्बन-शिक्षा हो ।

(१२) छात्रावास अत्यन्त सादा र संयमका नियमहरूले पूर्ण हुनुपर्छ । घर आएपछि आफ्नै हातले काम गर्दा नराम्रो नजानून् भन्नाका लागि त्यहाँ विद्यार्थीहरूले भरसक आफ्नो काम

जति सब आफ्नै हातले गर्ने गर्नुपर्छ । तनमनले पवित्र रहने बानी बसाल्नुपर्छ ।

(१३) जहाँसम्म हुन सक्तछ, स्कूल-कलेज प्राकृतिक शोभायुक्त स्थानमा नै रहेको हुनुपर्छ र तिनमा यथासाध्य खर्चिलो सामान, विदेशी फेशनका फर्निचर आदि रहेको हुनु हुँदैन ।

(१४) आमा, बाबु र गुरुप्रति आदरबुद्धि होस्, तिनको सेवा र पोषण गर्नु आफ्नो कर्तव्य ठानून्, कसैको पनि अनादर नहोओस् कसैको हँसी नउडाइयोस्, यस्तो शिक्षा दिनुपर्छ ।

(१५) जहाँसम्म हुन सक्तछ, केटा र केटीको पढ्ने स्कूल र कलेज बेग्लाबेग्लै हुनुपर्छ ।

३८३

(१६) केटीहरूलाई पढाउनका लागि सदाचारिणी तथा सद्गृहस्था अध्यापिका रहनुपर्छ । कन्या-पाठशालाहरूको पढाइमा केटीहरू ठूला भएपछि तिनीहरूको सतीत्व, मातृत्व र सद्गृहिणीपनको नाश नहोस् र पूर्ण विकसित होओस् भन्ने कुरामा मुख्य ध्यान दिनुपर्छ ।

(१७) आर्य-संस्कृतिको अनुकूल सद्व्यवहार, सेवा-शुश्रूषा र आहार-विहारको शिक्षा पाठ्यपुस्तकहरूमा रहनुपर्छ । सात्त्विक त्याग, तितिक्षा र सात्त्विक दानको शिक्षा दिनुपर्छ ।

(१८) हरेक स्कूल र कलेजमा एक-एकजना अनुशासन-शिक्षक रहेर विद्यार्थीलाई अनुशासन, कर्तव्यनिष्ठा (Duty–determination) र जिम्मेदारी (Responsibility) को शिक्षा मनोवैज्ञानिक ढङ्गले दिनुपर्छ । वेश त अनुशासन-शिक्षक सेना-विभागबाट शैक्षिक योग्यता भएका जवानहरूलाई विशेष प्रशिक्षण दिएर स्कूल र कलेजमा नियुक्त गर्नु हो । किनभने जो स्वयं अनुशासित र कर्तव्यनिष्ठ छ त्यसले अनुशासन र कर्तव्यनिष्ठताको शिक्षा दिनसक्तछ, केवल निबन्ध लेख्न लाउनेले हैन ।

(१९) अन्तमा एक अति आवश्यक कुरो जो देख्दा मामूली नै छ- सम्पूर्ण शिक्षाको आधार वा जग कलेज हैन, प्राथमिक स्कूल हो भन्ने कुरो हरेकले जाने-बुझेर पनि त्यसलाई अझै पनि क्रियात्मक रूपमा अँगाल्न सकेका छैनन् । तर आश्चर्यको कुरो के भने प्राथमिक विद्यालयका विद्यार्थी र अध्यापकबारे युक्ति-बुद्धिपूर्ण सतर्कता कति आवश्यक छ, यो शिक्षा-शास्त्रीले अझै बुझ्न सकेका छैनन् , बुझ्दा हुन् त शिक्षाको जग आफ्नै इच्छानुरूप रूपरेखामा बनाउने थिए । 'साना बच्चाहरूका लागि अहिले यति नै पर्याप्त छ' भनेर निरन्तर भूल नै भइरहेको छ । प्राथमिक विद्यालयका लागि अध्यापक रोज्ने काम कलेज र विश्वविद्यालयका लागि प्राध्यापक रोज्ने कामभन्दा पनि अत्यधिक महत्त्वपूर्ण छ । आदर्श उच्च शिक्षाको प्रादुर्भाव आदर्श प्राथमिक शिक्षाविना हुनै सक्तैन यो निश्चित तथ्य हो ।

(२०) शिक्षाको सबभन्दा महत्त्वपूर्ण उद्देश्य छात्र-छात्रीहरूको दैवी गुण र कर्तव्य-परायणताको विकास गर्नु हो । धार्मिक शिक्षा यो उद्देश्य पूरा गर्नमा सहायक हुन सक्तछ । चरित्र असल हुनु शारीरिक शक्ति र प्रखर बुद्धि हुनुभन्दा पनि अधिक महत्त्वपूर्ण छ । देशको उन्नति र चौतर्फी विकासको निमित्त जीवनमा गरिने दैनिक कार्यलाई मिलीजुली एकले अर्काको सहयोगबाट गर्ने समस्त नागरिकहरूको चरित्र असल हुनु नितान्त अनिवार्य छ । चरित्र त्यो भूमि हो जहाँ अन्य सबै

वस्तु उत्पन्न हुन्छन्, यदि त्यही नै खराब छ भने हरकुरो खराब नै हुन्छ । मानिस ईमान्दार, वचनको पालन गर्ने, सबैप्रति दयालु र एकले अर्काप्रति गरेको कबूल (वचन) पूरा गर्ने हुनुपर्छ । धार्मिक शिक्षाविना यी गुणको आविर्भाव नागरिकहरूमा हुनु असम्भव छ । यसमा पनि जस्तो तिम्रो इच्छा छ त्यस्तै गर !

शिक्षाको प्रसङ्गमा माथि जे-जति भनियो त्यसमा भाषाको केही न केही कठोरता जस्तो हुन गएको छ, त्यसका लागि छात्र र अध्यापकगण तथा शिक्षा-सञ्चालनका कर्णधार, शिक्षा-शास्त्री महानुभावहरू ! क्षमा गर्नुहोला । पाश्चात्य शिक्षा पाएका पुरुष र स्त्रीहरू सबै उपयुक्त दोष भएका हुन्छन् भन्ने मेरो अभिप्राय कदापि हैन । मलाई यस्ता अनेक नर-नारी र श्रेष्ठ पुरुषहरूसित परिचय गर्ने सौभाग्य प्राप्त भएको छ, जो यस शिक्षामा निकै अघि बढेका भए पनि सबै तरहले आदर्श बनेका छन् र घर-गृहस्थीमा रहेर उच्च स्तरको जिम्मेवारी आदर्श रूपमा वहन गर्दै तपस्वी जीवन बिताइरहेछन् । यस्ता आमा, बहिनी र बालिकाहरूलाई पनि म जान्दछु, जो पाश्चात्य शिक्षा पाएर पनि परम सती-साध्वी छन् र ईश्वर, धर्म तथा सदाचारमा परम श्रद्धा राख्दछन् । परिचय त प्रायः थोरैसित नै हुन्छ । मसँग अपरिचित पाश्चात्य शिक्षा प्राप्त यस्ता अनेकौं शुद्ध संस्कारयुक्त महानुभाव र अनेक पवित्रहृदया बहिनीहरू होलान्, जो शुद्ध र पवित्र जीवन बिताइरहेका होलान् । तर मेरो विचारमा यिनमा अधिकांश या त बढी उमेरका छन् या सौभाग्यवश घर वा सत्सङ्गको शुद्ध वातावरणमा रहेर आमाबाबुको आदर्शलाई बाल्यावस्थादेखि देख्नेहरू नै छन् । आजका तरुण वयस्क छात्र र छात्रीहरूमा यस्ता पुरुष र स्त्रीहरूको संख्या क्रमशः घट्दै गइरहेको सबै स्वीकार गर्नेछन् र प्रत्यक्ष प्रमाणबाट पनि यही नै सिद्ध हुन्छ । यो कुरो देखेर मनमा अवश्य पनि दुःख लाग्दछ ।

मलाई यो पनि थाहा छ– शिक्षाक्षेत्रका विद्वान्हरू यसभन्दा पनि असल-असल कुराहरू सोच्ने र विचार गर्ने गर्दछन् र तिनलाई कार्यरूपमा परिणत गर्ने चेष्टा पनि गर्दछन् । भन्न सजिलो छ, तर परिस्थितिको सामना गर्न धेरै नै गाह्रो पर्दछ । तथापि शिक्षामा पहिलेको भन्दा का ी सुधार भएको छ र क्रमशः सुध्रंदै जाने सम्भावना पनि छ भन्ने कुरामा सन्तोष अवश्य पनि छ ।

गृहस्थाश्रम

आज समयको प्रभावले वर्णाश्रम-धर्ममा मानिसको विशेष श्रद्धा नभएकोले सम्भव छ यो विषय पाठकवर्गलाई नीरस जस्तो लाग्ला, तर जुन धर्म र संस्कृतिमा हाम्रो जन्म भएको छ त्यसको मौलिक सिद्धान्तको विषयमा सामान्य ज्ञानसम्म त अवश्य पनि हुनैपर्छ ।

ब्रह्मचर्याश्रमको विषयमा संक्षेपमा लेखें र अब गृहस्थाश्रमको विषयमा मनु आदि महर्षिहरूको के आदेश उपदेश छ त्यो संक्षेपमा लेख्दछु । समावर्तन-संस्कारपछि बालक घर आउँदा पिताले स्नातकलाई सत्कारपूर्वक मधुपर्क आदिले पूजा गर्नु उचित छ । स्नातकले पनि माता, पिता आदि गुरुजनको आज्ञानुसार उत्तम गुण, लक्षण र आचरणयुक्त कन्यासँग विवाह गर्नु उचित छ ।

गुरुणाऽनुमतः स्नात्वा समावृत्तो यथाविधि ।
उद्वहेत द्विजो भार्यां सवर्णां लक्षणान्विताम् ।। मनु. ३।४

त्यस्तै माता-पिता आदि गुरुजनको सेवा गरी शौचाचार-सदाचारमा रहेर आफ्नो जीवनको निर्वाह गर्नुपर्छ । गीता भन्दछ–

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ।। (१७।१४)

'देवता, ब्राह्मण, गुरु र ज्ञानीजनको पूजा गर्नु, पवित्रता, सरलता, ब्रह्मचर्य र अहिंसा– यो शरीरसम्बन्धी तप भनिन्छ ।'

यो शारीरिक तपअनुसार सदाचारको पालन गर्नुपर्छ । माता-पिता आदि गुरुजनलाई नित्य नमस्कार गरी तिनको सेवा गर्नुको बडो भारी महत्त्व छ । मनुले भन्नुभएको छ–

अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः ।
चत्वारि तस्य वर्धन्ते आर्युविद्या यशो बलम् ।। (२।१२१)

'जसको प्रणाम गर्ने स्वभाव छ र जो नित्य वृद्धहरूको सेवा गर्दछ त्यसको आयु, विद्या, यश र बल यी चारवटै बढ्दछन् ।'

गृहस्थ पुरुषले कसरी जीवन-यापन गर्नुपर्छ, यस विषयमा मनुले यसप्रकार भन्नुभएको छ–

ब्राह्मे मुहूर्ते बुध्येत धर्मार्थौ चाऽनुचिन्तयेत् ।
कायक्लेशांश्च तन्मूलान् वेद तत्त्वार्थमेव च ।।
उत्थायाऽऽवश्यकं कृत्वा कृतशौचः समाहितः ।
पूर्वां सन्ध्यां जपंस्तिष्ठेत् स्वकाले चापरां चिरम् ।। (४।९२-९३)

'ब्राह्ममुहूर्तमा (सुर्योदयको चार घडीअघि) बिउँझेर धर्म तथा अर्थको र तिनको उपार्जनको कारणभूत शारीरिक क्लेश र वेदको तत्त्वार्थरूप परब्रह्म परमात्माको बारम्बार चिन्तन गर्नुपर्छ । अनि ओछ्यानबाट उठेर शौचादि आवश्यक कर्म गरी स्नानादिले शुद्ध र सावधान भई आफ्नो नियत समयमा (सूर्योदयअघि) बिहानको र साँझको समयमा (सूर्यास्तअघि) गरिने सन्ध्या-कर्म गरी धेरै बेर गायत्रीको जप गर्नुपर्छ ।

यसप्रकार गृहस्थले नित्य आफ्नो अधिकारअनुसार सन्ध्योपासना, गायत्री-जप, अग्निहोत्र, गीता र वेदादि शास्त्रको स्वाध्याय र अतिथि-सेवा आदि गृहस्थाश्रमको कर्तव्यको पालन सम्झरी सत्कारपूर्वक गर्नुपर्छ । गृहस्थाश्रममा रहँदा नित्य पाँच प्रकारको पाप रहेको हुन्छ, त्यसको निवारणका लागि पञ्चमहायज्ञको अनुष्ठान गर्नु आवश्यक छ । मनुले भन्नुभएको छ–

पञ्च सूना गृहस्थस्य चुल्ली पेषण्युपस्करः ।
कण्डनी चोदकुम्भश्च बध्यते यास्तु वाहयन् ॥ (३।६८)

'गृहस्थका लागि चूल्हो, जाँतो, कूचो, ओखल र जलको घडा यी पाँच हिंसाका स्थान हुन्, यिनलाई काममा ल्याउने गृहस्थ पापद्वारा बाँधिन्छ ।' अतः क्रमैले यी सबबाट छुटकारा पाउन-का लागि महर्षिहरूले गृहस्थको निमित्त नित्य पञ्चमहायज्ञ गर्ने विधान गरेका छन् । ती पञ्च-महायज्ञ यसप्रकार छन्– अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम् ।
होमो देवो बलिभूतो नृयज्ञोऽतिथिपूजनम् ॥ मनु. ३।७०

'वेद पढ्नु र पढाउनु ब्रह्मयज्ञ हो, श्राद्ध-तर्पण गर्नु पितृयज्ञ हो, हवन गर्नु देवयज्ञ हो, बलिवैश्वदेव गर्नु भूतयज्ञ हो र अतिथिको पूजा-सत्कार गर्नु मनुष्ययज्ञ हो ।'

यदि श्रौत र स्मार्त विधिअनुसार नित्य अग्निहोत्र हुन सकेन भने बलिवैश्वदेव त अवश्य नै गर्नुपर्छ । बलिवैश्वदेव गर्नाले मानिस सबै पापबाट मुक्त हुन्छ । गीतामा भनिएको छ –

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥ (३।१३)

'यज्ञ गरेर बचेको अन्न खाने श्रेष्ठ पुरुष सब पापबाट मुक्त हुन्छ र पापी आफ्नै शरीरपोषणका लागि अन्न पकाएर पाप नै खान्छ ।'

गृहस्थले सत्य र न्यायपूर्वक धनोपार्जन गरी आत्मकल्याणको निमित्त देवता, पितृ र प्राणी सबैको निष्कामभावले सेवा गर्नुपर्छ । सबैलाई अन्न-जल दिएर आफूले अन्न-जल ग्रहण गर्नु मानिसका निमित्त कल्याणकारक छ, यस निमित्त तर्पण र बलिवैश्वदेवको विधान गरिएको छ । तर्पणमा क्रमै-सित देवता, ऋषि, मनुष्य, पितृ र प्राणिमात्र सबैलाई जल दिइन्छ, यो जल सूर्यको किरणले सोसेर फेरि जलवर्षाको रूपमा सबै प्राणीलाई प्राप्त हुन्छ । बलिवैश्वदेवको अर्थ हो– समस्त विश्वलाई बलि अर्थात् भोजन दिनु । अग्निलाई दिइएको आहुती सूर्यलाई प्राप्त भएर अनि वर्षाको रूपमा समस्त विश्वलाई प्राप्त हुन्छ । मनुले भन्नुभएको छ –

अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते ।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ॥ (३।८६)

'वेदोक्त विधिपूर्वक अग्निमा दिइएको आहुति सूर्यलाई प्राप्त हुन्छ, सूर्यबाट मेघद्वारा वर्षा, वर्षाबाट अन्न र अन्नबाट प्रजा उत्पन्न हुन्छन्, र अन्नबाट नै सबै प्राणीलाई तृप्त भई तिनको बृद्धि हुन्छ ।' अतः बलिवैश्वदेव गर्नु, मानौं, सारा विश्वलाई जीवनदान दिनु हो । किनभने अन्नबाट नै सबै प्राणी जीवित रहन्छन् । गीतामा भगवान्ले भन्नुभएको छ–

अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥ (३।१४)

'सम्पूर्ण प्राणी अन्नबाट नै उत्पन्न हुन्छन्, अन्नको उत्पत्ति वृष्टिबाट, वृष्टि यज्ञबाट र यज्ञ विहित कर्मबाट उत्पन्न हुन्छ ।' गृहस्थ यसप्रकार सधैं आफ्नो कर्तव्य कर्मको पालन गर्नमा लाग्नुपर्छ र काम, क्रोध, लोभ, मोह, द्वेष, दम्भ र नास्तिकता आदि दुर्गुणको परित्याग गरी सधैं मन र इन्द्रियलाई संयममा राखेर सदाचारमा रहनुपर्छ । मनुले भन्नुभएको छ –

नास्तिक्यं वेदनिन्दां च देवतानां च कुत्सनम् ।
द्वेषं दम्भं च मानं च क्रोधं तैक्ष्ण्यं च वर्जयेत् ॥ (४।१६।३)

'नास्तिकता, वेदनिन्दा, देवनिन्दा, द्वेष, दम्भ, अभिमान, क्रोध र कटुताको त्याग गर्नुपर्छ ।'

न पाणिपादचपलो न नेत्रचपलोऽनृजुः ।
न स्याद्वाक्चपलश्चैव न परद्रोहकर्मधीः ॥ (४।१७७)

'हात, खुट्टा र आँखा चञ्चल गर्नु हुँदैन, सधैं सरल रहनुपर्छ; वाणी चञ्चल गर्नु हुँदैन र अर्काको खरबि गर्नमा कहिल्यै मन लगाउनु हुँदैन ।'

अन्य तीन आश्रमवासीको पालन-पोषण गर्ने भार गृहस्थको काँधमा नै हुन्छ । कमजोर काँधले यो भार कसरी सह्याल्न सक्तछ ? दुर्वल स्त्री-पुरुष यो आश्रम धारण गर्न सक्तैनन् । यस-कारण गृहस्थाश्रम चलाउनको निमित्त स्त्री-पुरुषले आफ्नो मन खूब बलियो र संयत गर्नु आवश्यक छ, र सांसारिक व्यवहार उत्तम प्रकारले चलाउन सामर्थ्य र विद्याबल प्राप्त गर्नुपर्छ । तब शूर-वीर र बुद्धिमान् सन्तान जन्मेर आदर्श गृहस्थाश्रम हुन सक्ला । स्त्री-पुरुषको जुन वैवाहिक बन्धन छ, त्यही गृहस्थाश्रम भनिन्छ, र ती दुई एक भएर रहनाले नै गृहस्थाश्रमका कामको सुचारु रूपले सञ्चालन भइरहन्छ । गृहस्थाश्रममा स्त्री-पुरुष– कामवासनारहित संयतेन्द्रिय भई एक-अर्काको रक्षक बन्नुपर्छ । कामवासनाको क्षणिक सुखको वशीभूत भएर एक-अर्काको भक्षक बन्नु हुँदैन । यहाँ ध्यानमा राख्नुपर्ने अर्को एक कुरो के छ भने आत्मसंयमको भावना विशेष गरी पुरुषमा हुनुपर्छ स्त्री त स्वभावैले लज्जाशील हुन्छिन् र उनी प्रायः कहिल्यै आफ्नो इच्छाले आभयोगिनी हुँदिनन् । पुरुष नै प्रायः स्वैरी भएर स्त्रीलाई स्वैरिणी बनाउँछन् । जहाँ पुरुष स्वैरी छैन, त्यहाँ स्त्री पनि स्वैरिणी हुन सक्तिनन् । स्त्री पुरुषको अर्धाङ्गिनी हो, उसको विषयमा हक वा अधिकारको कुरो जडवादीद्वारा उठाइन्छ । स्त्रीलाई पुरुषबराबर बनाउन प्रयत्न गर्नु उसको अपमान गर्नु हो, उसलाई कैयौं गुना तल ओर्‍हाल्नु हो । विवाह गरी परिवारको पालन गर्ने उदात्त कर्तव्यलाई झण्झट सम्झने प्रवृत्ति जडवादी उच्छृङ्खल-पन्थीहरूको प्रेरणा हो । स्त्री-पुरुष सबै यदि नोकर र नोकनी हुने हो भने तिनका सन्तान पनि नोकर मनोवृत्तिका नै हुनेछन् । आमाको दूध नपाएर, आमाको माया-ममता र लालन-पालन नपाएर डिब्बाको दूध पिउने बच्चा निम्न श्रेणीका नै हुनेछन् र यही प्रवृत्ति अगाडि गएर

तिनलाई ठीक टेस्ट-ट्यूब बेबिज (Test-tube Babies)-को स्वभावसित मिल्दो-जुल्दो बनाउनेछ । आमा-बाबुको केटाकेटीप्रति केही प्रेम हुनेछैन, आमा-बाबुप्रति पनि कुनै आकर्षण वा अनुराग हुनेछैन, पति-पत्नीको पनि परस्पर स्थायी प्रेम नहुनाले कुनै पनि सम्बन्धमा स्थिरता आउने छैन । सबै सम्बन्ध वासना तृप्ति र पैसाका लागि हुनेछ । विवाह र सम्बन्ध-विच्छेदको अबाध परम्परा चलि नै रहनेछ । यो आजकालको सुधारणा भनौं वा कुधारणा केही बुझ्न सकिदैन । वास्तवमा यही पाश्चात्य सभ्यताको गृहस्थाश्रमको स्पष्ट चित्र हो । अब तिमी पाश्चात्य सभ्यता वा आर्य-संस्कृतिको कुन गृहस्थाश्रमलाई मन पराउँछौ, यो आफै विचार गर । हिन्दू-संस्कृतिको एक सुन्दर र सुव्यवस्थित गृहस्थाश्रमको रूपरेखा हेर–

३८८

सानन्दं सदनं सुताश्च सुधियः कान्ता न दुर्भाषिणी
सन्मित्रं सुधनं स्वयोषिति रतिश्चाऽऽज्ञापराः सेवकाः ।
आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे
साधोः सङ्गमुपासते हि सततं धन्यो गृहस्थाश्रमः ॥

'घरमा सधैं आनन्द र मङ्गल हुने, छोराहरू पढे-लेखेका र सभ्य हुने, स्त्री मीठो बोली बोल्ने हुने, सच्चा मित्र हुने, उत्तम कमाइबाट धन हुने, आफ्नै पत्नीमा प्रेम हुने, नोकरहरू आज्ञा-पालन गर्ने हुने र प्रतिदिन भगवान् शङ्कर र अतिथिको पूजा एवं सत्कार हुने हो भने गृहस्थाश्रम पनि स्वर्गसमान हुनेछ ।' अर्को पनि-

न्यायार्जितधनस्तत्त्वज्ञाननिष्ठोऽतिथिप्रियः ।
शास्त्रवित् सत्यवादी च गृहस्थोऽपि विमुच्यते ॥

'न्यायपूर्वक कमाइएको धन हुने, सधैं तत्त्वज्ञानको चर्चा हुने, अतिथिको सम्मान हुने, शास्त्रको चर्चा हुने र घरका सबै मानिस साँचो बोल्ने हुने हो भने यस्तो गृहस्थाश्रममा बस्नेहरू चित्तशुद्धिद्वारा ज्ञान र मोक्षका अधिकारी हुन्छन् ।' यसको विपरीत जुन घरका केटाकेटी रोइ-रहन्छन्, घरमा सधैं पानी जमिरहन्छ, आँगन सधैं हिलैहिलो भइरहन्छ, खाटमा उडुसको घर भइरहन्छ, भोजन रुखोसुखो खान पाइन्छ, घरमा धूवँधूवाँ भइरहन्छ, स्त्री कर्कशा छे र घरको मालिक सधैं क्रोधको वशीभूत भइरहन्छ भने त्यस्तो गृहस्थाश्रम नरकके समान छ । हिन्दू र पाश्चात्य गृहस्थाश्रमका बीच सबभन्दा ठूलो अन्तर के छ भने हिन्दू-गृहस्थाश्रममा धर्मको प्रधानता रहेको हुन्छ । ईश्वरको पूजा, अतिथिको सेवा-पूजा आदिको उदार आदर्श केवल हिन्दू-संस्कृतिमा मात्र छ । हिन्दू-गृहस्थाश्रममा १३ वस्तुको प्रधानता र आवश्यकता मानिएको छः–

(१) मानवता, (२) श्रेष्ठ वंशमा जन्म, (३) विभव, (४) दीर्घायु, (५) आरोग्य, (६) सच्चा मित्र, (७) सुन्दर पुत्र, (८) साध्वी स्त्री, (९) ईश्वरमा अगाध भक्ति, (१०) विद्वत्ता, (११) सुजनता, (१२) इन्द्रियमाथि नियन्त्रण, (१३) सत्पात्रलाई

दान । यी १३ वस्तु हुने गृहस्थ सफल गृहस्थ हो । हिन्दू-संस्कृतिमा अतिथि-पूजाको ज्यादै महत्त्व छ, यो एक उच्च आदर्श हो ।

वानप्रस्थाश्रम

एवं गृहाश्रमे स्थित्वा विधिवत् स्नातको द्विजः ।
वने वसेत् तु नियतो यथावद् विजितेन्द्रियः ।।
गृहस्थस्तु यदा पश्येद् वलीपलितमात्मनः ।
अपत्यस्यैव चाऽपत्यं तदाऽरण्यं समाश्रयेत् ।।
सन्त्यज्य ग्राम्यमाहारं सर्वं चैव परिच्छदम् ।
पुत्रेषु भार्यां निक्षिप्य वनं गच्छेत् सहैव वा ।। -मनु. ६।११

जब गृहस्थ पुरुषको आयु पचास पूरा हुन्छ, उसले आफ्नो शरीरको छाला चाउरी परेको, कपाल फुलेको र सन्तानको सन्तान देखेपछि सम्पूर्ण ग्राम्य आहार र समस्त सामग्रीहरूको परित्याग गरी आफ्नी पत्नी र गृहस्थीका सम्पूर्ण भार छोराहरूमाथि सुम्पेर ऊ वानप्रस्थाश्रममा जान सक्तछ । यदि स्त्रीलाई पनि साथ जाने इच्छा भएमा उनी पनि जान सक्तछिन् । किन्तु त्यहाँ स्त्री-पुरुष दुवैले ब्रह्मचर्यको निमित्त आफैं मरेको मृग आदिको पवित्र चर्म वा वस्त्र धारण गर्नु र प्रातः, मध्यान्ह र सायंकाल– तीनै समय स्नान गरी जटाजूटमा रहनु उचित छ ।

एताश्चान्याश्च सेवेत दीक्षा विप्रो वने वसन् ।
विविधाश्चौपनिषदीरात्मसंसिद्धये श्रुतीः ।। -मनु. ६।२९

'वानप्रस्थीले वनमा रहेर ती पूर्वोक्त तथा वानप्रस्थाश्रमका अन्य नियमको पालन गरी आत्मज्ञानको सिद्धिको निमित्त उपनिषद्का विभिन्न श्रुतिहरूको अभ्यास गरी योगसाधनमा लागिरहनुपर्छ ।'

संन्यासाश्रम

यसप्रकार आयुको तेस्रो भाग वनमा व्यतीत गरी चौथो भागमा संन्यासाश्रम ग्रहण गर्नुपर्छ, अर्थात् अग्निहोत्र आदि सम्पूर्ण कर्म, धर्मपत्नी र शिखा-सूत्र त्याग गरी प्राणि-मात्रलाई अभयदान दिएर संन्यास लिनुपर्छ–

यो दत्वा सर्वभूतेभ्यः प्रव्रजन्त्यभयं गृहात् ।
तस्य तेजोमया लोका भवन्ति ब्रह्मवादिनः ।।
यस्मादण्वपि भूतानां द्विजानोत्पद्यते भयम् ।
तस्य देहाद् विमुक्तस्य भयं नाऽस्ति कुतश्चन ।। मनु. ६।३९–४०

'जुन ब्राह्मणले सब प्राणीलाई अभयदान दिईकन घरबाट निस्केर संन्यास लिन्छ, त्यसले ब्रह्मवादीहरूको तेजोमय लोक प्राप्त गर्दछ । जुन द्विजबाट कुनै पनि प्राणीलाई अलिकति पनि भय हुँदैन, उसलाई शरीर छाडेपछि कहीं पनि भय हुँदैन ।'

जहाँ अत्यन्त आदर-सत्कार र पूजा हुन्छ अथवा जहाँ अनादर हुन्छ, त्यहाँ संन्यासीले भिक्षाको निमित्त जानु हुँदैन; किनभने अत्यन्त सत्कारबाट बन्धन हुन्छ । संन्यासीले एकान्तमा रहेर जप, ध्यान, स्वाध्याय आदि आफ्नो नित्यकर्मको पालन गर्नुपर्छ । विनासोधपूछ बोल्नु हुँदैन, अनुचित सोधेकोमा पनि बोल्नु हुँदैन, लाटाको जस्तो आचरण गर्नु पर्छ । कहिल्यै कुनै प्राणीको कुनै प्रकारले अलिकति पनि हिंसा हुनु हुँदैन । यस नियमको कहिल्यै पनि त्याग गर्नु हुँदैन । आफ्नो जीवनलाई वेदान्तको श्रवण-मनन आदिमा लगाउनुपर्छ–

कपालं वृक्षमूलानि कुचैलमसहायता ।
समता चैव सर्वस्मिन्नेतन्मुक्तस्य लक्षणम् ।।
नाऽभिनन्देत मरणं नाऽभिवन्देत जीवितम् ।
कालमेव प्रतीक्षेत निर्देशं भृतको यथा ।।
दृष्टिपूतं न्यसेत् पादं वस्त्रपूतं जलं पिबेत् ।
सत्यपूतं वदेद् वाचं मनःपूतं समाचरेत् ।।
अतिवादांस्तितिक्षेत नाऽवमन्येत कञ्चन ।
न चेमं देहमाश्रित्य वैरं कुर्वीत केनचित् ।।
क्रुध्यन्तं न प्रतिक्रुध्येदाक्रुष्टः कुशलं वदेत् ।
सप्तद्वारावकीर्णां च न वाचमनृतां वदेत् ।।
अध्यात्मरतिरासीनो निरपेक्षो निरामिषः ।
आत्मनैव सहायेन सुखार्थी विचरेदिह ।। -मनु.६।४४–४९

'भिक्षाका लागि टुटे-फुटेको माटाको बटुको, बस्त्रका लागि रूखको फेद, जीर्ण (कौपीन-कन्था आदि) वस्त्र, अकेला रहनु र सबैमा समान दृष्टि राख्नु– यी सबै सांसारिक विषय-

वस्तुप्रतिको आसक्तिको परित्याग गर्ने संन्यासीका लक्षण हुन्। संन्यासीले मर्ने वा बाँच्ने कुनै पनि चाहना गर्नु हुँदैन, किन्तु सेवकले प्राप्तिका लागि नियत समयको प्रतीक्षा गरेजस्तै संन्यासीले काल-(स्वकर्माधीन मृत्युसमय)– को प्रतीक्षा गर्नुपर्छ। बाटो हेरेर हिंड्नुपर्छ, कपडाले छानेर पानी पिउनुपर्छ। सत्यले पवित्र वचन बोल्नुपर्छ र पवित्र मनले सब काम गर्नुपर्छ। अर्काले भनेको कटु वचन सहनुपर्छ, तर कसैलाई अपमान गर्नु हुँदैन र यो क्षणभंगुर देहको आश्रय लिएर कसैसँग वैर गर्नु हुँदैन। अर्कोले क्रोध गरेमा उसप्रति क्रोध नगर। कसैले निन्दा गर्छ भने ऊसँग मीठो वचन बोल। कान, छाला, आँखा, जिभ्रो, नाक र मन-बुद्धि– यी सातद्वारा ग्रहण गरिएको विषयको चर्चा नगर, किनभने संन्यासीको निमित्त यो असत्य-भाषण बराबर नै हो। ऊ सधैं अध्यात्म-चिन्तनमा लागेको हुनुपर्छ। पद्मासन, स्वस्तिकासन वा सिद्धासन कसेर सब विषयमा उदासीन रहनुपर्छ; मांसाहार कहिल्यै गर्नु हुँदैन र मोक्षसुखको अभिलाषी भएर केवल आत्मसहायद्वारा नै अर्थात् एक्लै यस संसारमा विचरण गरी नित्य आफ्नो स्वरूपमा रहनुपर्छ।

इन्द्रियाणां निरोधेन रागद्वेषक्षयेण च।
अहिंसया च भूतानाममृतत्वाय कल्पते ॥ मनु.६।६०

'इन्द्रियलाई वशमा राख्नाले, राग-द्वेषको नाश गर्नाले र कुनै पनि प्राणीको हिंसा नगर्नाले संन्यासी अमृतत्वमोक्ष पाउन समर्थ हुन्छ।'

यदा भावेन भवति सर्वभावेषु निःस्पृहा।
तदा सुखमवाप्नोति प्रेत्य चेह च शाश्वतम् ॥
अनेन विधिना सर्वां स्त्यक्त्वा सङ्गाञ्छनैःशनैः।
सर्वद्वन्द्वविनिर्मुक्तो ब्रह्मण्येवाऽवतिष्ठते ॥ मनु.६।८०–८१

'जब मानिस मनको भावबाट सम्पूर्ण विषयमा निःस्पृह हुन्छ, त्यतिखेर उसलाई यस लोकमा र मरेपछि परलोकमा नित्यसुख प्राप्त हुन्छ। यस प्रकारले संन्यासी क्रमशः सम्पूर्ण आसक्तिको त्याग गरेर मान-अपमान, राग-द्वेष, सर्दी-गर्मी, सुख-दुःख आदि सबै द्वन्द्वबाट मुक्त भई परब्रह्म परमात्मामा राम्ररी रहेको हुन्छ। यसप्रकार चार आश्रम-धर्मको संक्षेपमा दिग्दर्शन गरिएको छ। उपर्युक्त संन्यासलाई क्रम-संन्यास भनिएको छ। परन्तु उपनिषद्हरूमा त भनिएको छ– ब्रह्मचर्यादेव प्रव्रजेद् गृहाद्वा वनाद्वा यदहरेव विरजेत् तदहरेव प्रव्रजेत् (जाबालोपनिषद्)– 'चाहे ब्रह्मचर्यबाट संन्यास लेऊ, चाहे गृहस्थाश्रमबाट वा वानप्रस्थाश्रमबाट नै लेऊ जुन दिन तीव्र वैराग्य हुन्छ त्यसै दिन संन्यास लेऊ।' वास्तवमा चार वर्ण र चार आश्रमको मर्यादा जीव-प्रवाहरूपी नदीको तटलाई सुदृढ राख्नको निमित्त थियो, जसबाट जीव-प्रवाहको नदी यता-उता किनारलाई बिगार नगरेर सीधा आफ्नो गतिले बग्दै ब्रह्मसमुद्रमा मिलेर प्रवृत्तिबाट निवृत्तिमा समाप्त

होओस् । अतः वर्णाश्रम-धर्मको लक्षण शास्त्रकारहरूले यसप्रकार गरेका छन्– 'प्रवृत्तिरोधको वर्णो निवृत्तिपोषकश्चाऽऽश्रमः', अर्थात् वर्णधर्मले प्रवृत्तिलाई अघि बढ्नुबाट रोक्तछ, अर्थात् विषय-प्रवृत्तिलाई एक सीमामा राख्तछ, र आश्रमधर्मले निवृत्तिलाई पोषण गरेर त्यसलाई अघि बढाउँछ । वास्तवमा हेर्ने हो भने विषय-प्रवृत्ति पनि विषय-निवृत्तिको निमित्त छ । मनुले भन्नुभएको छ– 'प्रवृत्तिरेषा भूतानां निवृत्तिस्तु महाफला'– अर्थात् जीवको प्रवृत्ति भोगहरूमा हुनु स्वाभाविक हो, किन्तु निवृत्ति महाफलरूप हो । प्रवृत्तिविना निवृत्ति नै कसरी ? यसप्रकार वर्णाश्रमको उद्देश्य पनि गुडजिह्वान्यायले निवृत्तिमा नै छ । जस्तो कि आमाले आफ्नो रोगी बालकलाई तीतो औषधी खुवाएर त्यसको रोग निको पार्न खोज्छिन् । जब बालक औषधी तीतो भन्ने सुनेर भाग्दछ, अनि आमा त्यस अबोध बालकलाई भुलाउनका लागि उसको अगाडि चुपचापसित हातको एउटा औंला गुलियो रसमा र अर्को औंला औषधीमा चोपेर उसलाई हेर, औषधी तीतो छैन, मीठो छ भनेर देखाउँछिन् । तर चटाउँदाखेरि औषधी भएको औंला नचटाईकन गुलियो रस भएको औंला चटाउँछिन् । वास्तवमा आमाको आशय गुलियो चटाउनु हैन, किन्तु तीतो औषधी खुवाएर उसको रोग निको पार्नु हो । ठीक यसप्रकार श्रुतिमाताले भोगरूपी रोगको रोगी आफ्नो जीवरूपी पुत्रको प्रवृत्तिरूपी कष्टको निवारणका लागि विषय-प्रवृत्तिलाई गुडजिह्वान्यायले रचेको छन् । वास्तवमा श्रुतिमाताको आशय निवृत्तरूप तीतो औषधी खुवाएर उसको रोग निको पार्नु हो, न कि प्रवृत्ति-रूपी हिलोमा फसाइराख्नु । यो नियम के भने जहाँ-जहाँ जति-जति प्रवृत्ति छ, त्यहाँ-त्यहाँ त्यति-त्यति नै सङ्कीर्णता र कृपणता छ; र जहाँ-जहाँ जति-जति निवृत्ति छ, त्यहाँ-त्यहाँ त्यति-त्यति नै उदारता छ; तथा जति-जति कृपणता र सङ्कीर्णता छ उति-उति नै अहम्भावको जडता छ, तथा जति-जति उदारता छ, त्यति-त्यति नै अहम्भावको द्रवता र विस्तारिता छ । यसकारण जति-जति प्रवृत्ति छ त्यति-त्यति नै पाप र दुःख छ, र जति-जति निवृत्ति छ, उति-उति नै पुण्य र सुख छ । प्रवृत्तिमा पनि जहाँ-जहाँ केही अंशमा पुण्यप्राप्ति हुन्छ, त्यो पनि केवल निवृत्तिको संयोगले नै प्राप्त भएको हो, केवल प्रवृत्ति आफ्नो स्वरूपले कहिल्यै पनि पुण्यरूप हुन सक्तैन । त्याग नै एक यस्तो चीज हो जसले प्रवृत्तिलाई पुण्यरूप वा सुखरूप बनाउँछ । अतः संन्यासरूपी चतुर्थाश्रमको विधान शास्त्रकारहरूले गरेका छन् ।

न योगेन न सांख्येन कर्मणा नो न विद्यया ।
ब्रह्मात्मैकत्वबोधेन मोक्षः सिद्धयति नाऽन्यथा ।।

'केवल आत्मा र ब्रह्मको एकत्वज्ञानद्वारा मोक्षको सिद्धि हुन्छ, अन्यथा न हठ आदि योग-द्वारा, न प्रकृतिपुरुषको विवेकरूपी साङ्ख्यद्वारा, न निष्काम कर्म आदिद्वारा, न शास्त्रको अध्ययन-रूप परोक्ष ज्ञानद्वारा नै मोक्ष सम्भव छ ।' अस्तु ।

यहाँ आएर वर्णाश्रम-धर्मको संक्षिप्त वर्णन समाप्त भयो । पहिले हामीले धर्मशास्त्रा-नुसार तीन प्रकार वा विभागको उल्लेख गरेको पाठकवर्गलाई याद नै होला । सामान्य धर्म, विशेष धर्म र परम धर्म । सामान्य धर्म सर्वलोकोपकारी, शास्त्रसम्मत, सबैको निमित्त यथायोग्य अधिकार-

अनुसार आचरण गर्नु योग्य र सर्वथा गर्न योग्य र सर्वथा वैध छ। वर्णधर्म, आश्रमधर्म, माता-पिता, पति-पत्नी, पुत्र-सखा, गुरु-शिष्य, राजा-प्रजा आदिका विभिन्न आदर्श व्यक्तिधर्म 'विशेष धर्म'-अन्तर्गत छन्। विशेष धर्मको अन्तर्गत वर्णधर्म र आश्रमधर्मको संक्षेपमा वर्णन गरिएको छ। अब आदर्श-व्यक्ति-धर्मको विषयमा विचार गरिन्छ।

आदर्श व्यक्ति-धर्म

सेवकधर्मका आदर्श भक्त हनुमान्– हिन्दूधर्ममा सेवकधर्मको महत्त्वपूर्ण स्थान छ। मर्यादापुरुषोत्तम भगवान् श्रीरामले स्वयं श्रीमुखबाट स्वीकार गर्नु भएको छ– सेवाको साकार मूर्ति कोही छ भने त्यो हो- 'पवनपुत्र हनुमान्।' रामको मुखारविन्दबाट सहसा निस्क्यो, 'सुनु कपि तोहि उरिन मैं नाहीं।' समुद्र पार गरी सीताको खोज गर्न जान लाग्दा जलमग्न मैनाकपर्वतले उठेर विश्रामको निमित्त प्रार्थना गऱ्यो। त्यसको उत्तरमा हनुमान्ले भने- रामकाज कीन्हे विनु मोहि कहाँ विश्राम- मेरो एक-एक श्वास, मेरो जीवन नै रामकाजको निमित्त छ। एउटा कथा प्रसिद्ध छ– अयोध्यामा मर्यादापुरुषोत्तम रामको राज्याभिषेक भएपछि हनुमान् त्यहीं रहन लागे। उनी रामको सेवाका व्यसनीमा गनिएका थिए। भगवान्लाई कुनै वस्तुको आवश्यकता पऱ्यो भने हनुमान् पहिले नै उपस्थित हुन्थे। कुनै काम, कुनै पदार्थको निमित्त संकेतसम्म पनि गर्नु पर्दैनथ्यो। सेव्यको मनको कुरा जान्नु नै सच्चा सेवकको लक्षण हो। आफ्ना स्वामी कुन वेला के चाहन्छन् र कुन वेला उनलाई के प्रिय लाग्दछ भन्ने कुरो सेवकले बुझ्नुपर्दछ। हनुमान्को तत्परताको परिणामस्वरूप भरत आदि भाइहरूलाई प्रभुको कुनै पनि सेवा गर्ने मौका प्राप्त गर्न गाह्रो भयो। तिनीहरू सब केही न केही सेवा गर्न अवसर प्राप्त होस् भन्ने कुरामा उत्सुक थिए, तर हनुमान् शिथिल होऊन् तब न? अतः एक दिन सबैजना मिलेर गुप्त मन्त्रणा गरे। एउटा योजना बनाएर जानकीलाई आफ्नो पक्षमा मिलाएर उनीद्वारा त्यस योजनामा रामको स्वीकृति लिए। यस विषयमा हनुमान्लाई केही थाहा थिएन। उनी सरयूमा स्नान गरी रामकहाँ जान लाग्दा तिनीहरूले उनलाई बीचैमा रोकेर भने- 'सुन हनुमान्! महाराजाधिराजको सेवा सुव्यवस्थित हुनुपर्छ। आजदेखि सेवा-कार्यको विभाजन गरिएको छ। प्रभुले यस व्यवस्थालाई स्वीकृति दिनुभएको छ, यसका लागि जुन वेला जसले जुन सेवा गर्नु निश्चित गरिएको छ, त्यसले त्यही सेवा गर्नेछ।'

'प्रभुले स्वीकृति दिनुभएको छ भने त्यसमा भन्नु नै के छ'– हनुमान्ले भने– 'यो व्यवस्था बताउनुहोस्, आफ्नो भागको सेवा म गरिरहनेछु।' सेवाको सूची सुनाइयो। त्यसमा हनुमान्को कहीं नाम नै थिएन। उनलाई कुनै सेवा दिइएको थिएन; किनभने हनुमान्लाई दिइने सेवा कुनै बचेकै थिएन। सूची सुनेर भने, 'यसबाट बचेको सेवा मेरो।' 'हो, त्यो तिम्रो।' अब सेवा त कुनै बचेकै छैन भनी सबैले सोचेका थिए। 'प्रभुको स्वीकृति पाउनुपर्छ।' पूरा सूचीमा स्वीकृति पाइएको छ भने यो व्यवस्थामा पनि त स्वीकृति चाहिन्छ। हनुमान्ले प्रभुको स्वीकृति लिएर कुरो पक्का गरिछाडे।

'प्रभुलाई हाई आउँदा त्यतिखेर उहाँको सामु चुट्की बजाउने सेवा मेरो'– हनुमान्ले यसो भन्दा त्यतिखेर सबै छक्क परे। यो सेवापट्टि त कसैको ध्यान गएकै थिएन। अब त प्रभुको स्वीकृति पाइसकिएको थियो। राजसभामा प्रभुको चरणको नजीक उहाँको मुखारविन्दतिर दृष्टि लगाएर हनुमान् दिनभर बसिरहे। रात पऱ्यो र प्रभु अन्तःपुरमा जाँदा हनुमान् पछि-पछि लागे, ढोकामा रोकिंदा भने त्यहाँबाट पछि हटे।

यो भयो के ? रामको मुख त खुलाको खुलै रहिरह्यो, उहाँले न बोल्नुभयो, न त संकेत नै गर्नुभयो, केवल मुख खोलेर बस्नुभयो। जानकी व्याकुल हुनुभयो। आमाहरू र भाइहरूलाई समाचार दिइयो। सब व्याकुल भए, कसैले केही बुझ्न सकेनन्। आखिरमा गुरु वसिष्ठलाई बोलाउन पठाइयो। वसिष्ठले आएर यता-उति हेरेर सोध्नुभयो, 'हनुमान् कहाँ छन् ?' उनको खोजी गर्दा उनी राजदरबारको एक बुर्जामा बसेर दुवै हातले चुट्की बजाइरहेका थिए; उनका आँखाबाट आँसु झरिरहेका थिए, शरीरका रौं-रौं ठाडा थिए र मुखबाट गद्गद स्वरमा कीर्तन भइरहेको थियो, **श्रीराम जय राम जय जय राम**।

'तपाईंलाई गुरुदेवले बोलाइरहनुभएको छ'– कुमार शत्रुघ्नले भनेपछि उनी जुरुक्क उठेर चुट्की बजाउँदै तल पुगे।

'तपाईं के गरिरहनुभएको ?'– वसिष्ठले सोध्नुभयो।

'प्रभुलाई हाई आयो भने चुट्की बजाउने मेरो सेवा हो'- हनुमान्ले भने- 'मलाई अन्तः-पुरमा जान मनाही गरियो। अब हाईको के ठेगान कुन वेला आउँछ कुन वेला। यसकारण सेवाबाट वञ्चित नहोऊँ भन्नालाई म बराबर चुट्की नै बजाइरहेछु।' वसिष्ठले भन्नुभयो- 'तिमी चुट्की त बजाइरहन्छौ, तर तिम्रो यो सेवा स्वीकार गर्नको लागि रामलाई हर-हमेशा जृम्भण-मुद्रामा बसि-रहनुपऱ्यो।' महर्षिले रोगको निदान गरिदिनुभयो- 'अब कृपा गरी यो काम बन्द गर।' हनुमान्ले चुट्की बन्द गरे, प्रभुले मुख बन्द गर्नुभयो। अनि पवनकुमारले भने-'म यहीं प्रभुको सामुन्ने बसूँ त ? तर सदा सर्वत्र प्रभुको सामुन्ने नै रहन्छु। जब-जब प्रभु जानुहुन्छ तब उहाँको श्रीमुखतिर हेरेर साथ रहिरहूँ, किनभने प्रभुलाई कुन वेला हाई आउँछ त्यसको कुनै निश्चित समय छैन।'

प्रभुले विस्तारै जानकीतिर हेर्नुभयो। हेर्नाको तात्पर्य थियो–'सेवाको विभाजन अरू पनि गर। हनुमान्लाई सेवाबाट वञ्चित गर्ने चेष्टाको सुफल देख्यौ ?' महर्षि वसिष्ठले भन्नुभयो- 'यो सब सेवाको विभाजन रहन देऊ। तिमी पहिले जसरी सेवा गर्ने गर्दथ्यौ त्यसरी नै गर्ने गर।' अब गुरुदेवको व्यवस्थाको विरुद्ध को पो के भन्न सक्तथ्यो। उहाँको आदर्श त सर्वोपरि नै थियो।

सेवाको आदर्श सुप्रिया– बौद्ध कालको कुरो हो, 'एउटा मृतप्राय बालक बौद्ध-विहारको ढोकामा भोकले पीडित भएर मर्न लागेको छ, भन्ते !'– भिक्षु आनन्दले जेतवन-विहारमा धर्मप्रवचन गर्दा भगवान् बुद्धको ध्यान आकृष्ट गरे। आनन्दको हृदय करुणाले परिपूर्ण थियो। उनले सम्पूर्ण श्रावस्तीनगरी अकालग्रस्त छ भनी निवेदन गरे। मानिसहरू भोकले आकुल-व्याकुल भएर राजपथमा अन्न मागिरहेछन्। मानिसको शरीरमा मांस र रगतको

नाममा केही नभएर हाड मात्र बाँकी छ । चारैतिर अनिकालको नाङ्गो नाच भइरहेछ । नाना किसिमका रोग फैलिदै छन् । कठोर हृदय भएका अन्नका व्यापारीहरू भोका जनताले अन्न लुट्लान् भन्ने डरले अन्न गोदाममा थुपारिरहेछन् । आनन्दले अकालबाट बच्ने उपाय सोधे । तथागतले 'उपाय छ' भनी आनन्दले गरेको प्रश्नको समाधान गरे । धर्म-प्रवचनमा सम्मिलित व्यापारीहरूको मण्डलीले अनेक बहाना झिक्न थाले । कसैले हाम्रो खलो र गोदाममा अन्न छैन भने त कसैले श्रावस्ती जस्तो विशाल नगरीमा घर-घर अन्न पुऱ्याउनु सम्भव छैन भनी झूटमूट कुरा गरे । 'यो भयङ्कर दुर्भिक्षबाट जनतालाई रक्षा गर्ने श्रावस्तीमा कुनै प्राणी नै छैन कि क्या हो ?' भनी शास्ताले चिन्ता प्रकट गरे । 'छ, त्यो प्राणी म हुँ । म हजूरको आज्ञाले जन-सेवा गर्ने व्रत लिएर मानिसहरूलाई अकालबाट मुक्त गर्नेछु ।' भगवान् तथागतका शिष्य सेठ अना-थपिण्डदकी कन्या सुप्रियाको घाँटी करुणरसको सञ्चारले रसायो । 'यति ठूलो जनसमूहको भोकको ज्वाला कसरी शान्त गर्न सक्तछ्यौ तिमी ?' तथागतले सुप्रियाको परीक्षा गर्नु भयो । 'म श्रावस्ती-को राजपथमा आफ्नो भिक्षापात्र लिएर अन्नदानको निमित्त निस्कनेछु । हजूरको सहज करु-णाले सिञ्चित यो भिक्षापात्र कहिल्यै पनि रित्तो हुन सक्तैन ।' सुप्रियाको उद्गारले भिक्षु आनन्दको हृदय गद्गद भयो । भगवान् तथागतले उनलाई आफ्नो करुणापूर्ण आशीर्वादद्वारा प्रोत्साहन दिए ।

श्रावस्तीका सबभन्दा ठूला धनी सेठ अनाथपिण्डदकी कन्या सुप्रिया भिक्षापात्र लिएर राजपथमा निक्लिन् । नगरवासीहरूको हृदय द्रवित भएर आयो । उनको भिक्षापात्र एक छिनको निमित्त पनि खाली रहन पाएन । पात्र अन्नले परिपूर्ण पार्नको निमित्त मान्छेहरू यिनको पछिपछि जनसेवा-भावनाले प्रेरित भएर लाग्न थाले । सुप्रियाले अकालग्रस्त प्राणीहरूलाई मृत्युको मुखमा जानबाट बचाइन् । रोग र महामारीले श्रावस्तीको सीमा छाडिदिए । उनले दीन-दुःखीहरूको सेवा र रोगीहरूको परिचर्या तथा शुश्रूषामा आफ्नो जीवनको सदुपयोग गरिन् । आदर्श लोकसेविका थिइन् सुप्रिया । उनले निष्काम जन सेवा-व्रतको आजीवन साधना गरिन् । ३९५

महात्मा सेरापियो– सेरापियोको सेवा पनि उच्चकोटिको थियो । उनले इस्वीको चौथो शताब्दीमा मिश्र देशलाई आफ्नो उपस्थितिले गौरवान्वित तुल्याएका थिए । उनी बडा सरल र उदार थिए । सन्त सेरापियो सधैं खस्रा लुगा लाउँथे र समय-समयमा दीन-दुःखीहरूको सहायता-को निमित्त त्यो पनि बेच्ने गर्दथे । कहिलेकाहीं त आवश्यकता पऱ्यो भने आफूले आफैलाई पनि केही समयको निमित्त बेचेर गरीबहरूलाई मदत गर्दथे ।

एक समयको कुरा हो, उनलाई झुत्रा कपडामा देखेर उनका एक मित्रलाई आश्चर्य लाग्यो र उनले सोधे– 'भाइ ! तपाईंलाई नाङ्गै र भोकै रहनको निमित्त कसले विवश पाऱ्यो ? तपाईले यो कस्तो भेष बनाइराख्नुभएको ?'

'यो सोधिने कुरा होइन, बुझ्नुपर्ने कुरो हो । विपत्तिबाट दीन-दुःखी असहाय प्राणीहरूको रक्षा गर्नु निकै ठूलो मानवता हो । मानवताप्रति मानवको पवित्र धर्म हो यो । म यिनीहरूको सहायता नगरी रहन सक्तिनँ । जबसम्म म उनीहरूलाई सुखी र सन्तुष्ट देख्न पाउन्नँ, तबसम्म मेरो मन अत्यन्त

अशान्त रहन्छ । मरो धर्मग्रन्थको यही आदेश मलाई आफ्नो सबै कुरा बेचेर पनि गरीब र असहायको सेवा गर्न प्रेरित गर्छ । मलाई यसो गर्दा ठूलो शान्ति मिल्छ ।' महात्मा सेरापियोले मित्रको शङ्काको समाधान गरे । तब मित्रले उत्सुकता प्रकट गरे– 'म तपाईको विचारको प्रशंसा गर्छु तथा तपाईंलाई निष्काम सेवाको परमोत्कृष्ट प्रेरणा प्रदान गर्ने तपाईको त्यो धर्मग्रन्थ हेर्न चाहन्छु । तब सन्तले भने– 'भाइ ! जुन ग्रन्थ असहाय र गरीबहरूको सेवा तथा सहायताका लागि सारा वस्तु बेच्ने आदेश दिन्छ, साथमा केही नभएपछि र समय आएपछि त्यो बेच्नुमा के आपत्ति हुन सक्छ र ! त्यसको सबैभन्दा ठूलो उपयोगिता यही हो कि त्यो अर्काको काममा आओस् र सबभन्दा ठूलो लाभको कुरो हो– जोसँग यो धर्मग्रन्थ रहला उसलाई पनि परोपकार र सेवाको पवित्र ज्ञान मिल्ला, उसको जीवनमा सद्गुणहरूको विकास होला यही सबभन्दा ठूलो लाभ हो ।'

निष्काम सेवाका पवित्र आदर्श सन्त फ्रान्सिस– सन्त फ्रान्सिस मध्यकालीन यूरोपमा सत्यनिष्ठा, दैन्यप्रियता, निष्काम सेवा, त्याग र दयाका मूर्तिमान् सजीव उदाहरण थिए । उनको जन्म १९८२ इ. मा इटालीको असिसाई नगरमा भएको थियो । उनको परिवार अत्यन्त सुखी र समृद्ध थियो । तर उनलाई त्यस वातावरणमा वास्तविक आत्मशान्तिको दर्शन भएन । दीनताको जीवन अपनाएर सन्मार्गमा हिंड्नु उनले आफ्नो कर्तव्य सम्झे । उनले असिसाई नगरमा भिक्षा मागेको देखेर मानिसहरू उनलाई अपमानित गर्दथे । कुकुरलाई जस्तै छिः छिः दुर्दुर् गर्दथे । 'ठूलो घरानाको भएर पनि मागेर हिंड्न लाज लाग्दैन ?' भन्दथे । तर फ्रान्सिसले कुनै पनि मूल्यमा आफ्नो जीवन-संगिनी दीनता-रमणीलाई परित्याग गरेनन् ।

निःसन्देह दीनता उनको जन्मजात सम्पत्ति थियो । आफ्ना लागि केही पनि शेष नराखेर परमात्मामा पूर्ण निर्भर रहनु दैन्यको उच्चतम रूप हो । दरिद्रनारायणको सेवाले आत्मगत दैन्य पुष्ट हुन्छ । फ्रान्सिसको विरक्त जीवनभन्दा पहिलेको एक घटना छ । त्यससमय पनि उनी उदारता र दानशीलतामा सबभन्दा अगाडि थिए । कुनै समय उनी आफ्नो रेशमी कपडाको पसलमा बसेका थिए । उनका बाबु पसलभित्र थिए । फ्रान्सिस एउटा धनी व्यापारीसँग कुरा गर्दै थिए, अचानक पसलको सामुन्ने एकजना भिखारी देखियो । कुरामा भुल्दा फ्रान्सिसले त्यसप्रति ध्यान दिन सकेनन् र त्यो हिंडिहाल्यो ।

'मबाट कत्रो भयानक पाप भयो' भनी उनी पसल छाडेर त्यस भिखारीको खोजमा हिंडे । पसलमा लाखौंको सम्पत्ति थियो ।

आखिर भिखारीलाई फेला पारेर अत्यन्त नम्र भाषामा उनले भने– 'भाइ ! मबाट ठूलो भूल भयो । रुपैयाँ-पैसाको मोह नै यस्तो छ कि त्यसमा फँसेर मानिस अन्धो हुन्छ । तपाईंले मलाई सेवा गर्ने अवसर दिनुभयो र पनि म चुकें । फ्रान्सिसले आफूसँग भएको सबै रुपैयाँ उसलाई दिएर आफ्नो कोट पनि उसलाई लगाइदिए फ्रान्सिसले अत्यन्त सन्तोष मान्दै आफूलाई धन्य सम्झे । सन्त फ्रान्सिसको एक उपाधि छ, 'कोढीहरूको बन्धु ।' कुनै समय तिनी घोडा चढेर आफ्नो गुफातिर गइरहेका थिए । अलि पर सडकमा तिनले एकजना कोढीलाई

देखे । तिनलाई चित्त बेर लागेन, किनभने यिनीहरू कोढी हुन् भन्ने कुरो परैबाट थाहा पाएर मानिसहरू अर्कै बाटो लागून् भन्नाका लागि तिनीहरूले विशेष लुगा लगाउनुपर्दथ्यो । सन्त फ्रान्सिसले घोडालाई मोड्न खोजे, तर यस्तो गर्नु पाप हो भनी उनको दयापूर्ण कोमल हृदय हाहाकार गर्न थाल्यो । कोढी पनि आफ्नै बन्धु हो । बन्धु त बन्धु नै हुन्छ, तब त्यसलाई घृणा गर्नु र त्यसको सेवा गर्नुबाट विमुख हुनु अधर्म नै हो । यस्तो विचार गरी फ्रान्सिस कोढी भएको ठाउँतिर गए । नजीक जाने साहस हुँदैनथ्यो, कोढीको चेहरा विकृत थियो । अङ्ग-प्रत्यङ्ग फुटेको थियो, कहीं सडेको रगत निस्किरहेको थियो भने कहीं पीप बगिरहेको थियो । पीपबाट भयानक दुर्गन्ध आइरहेको थियो । सन्त फ्रान्सिस त्यसको अगाडि उभिएर हेरि-रहेका थिए । त्यसलाई सहायता गर्नुपर्दछ भन्ने कुरो उनको मनमा सुझ्यो । सन्तले आफ्नो सबै पैसा त्यस कोढीलाई दिए । हिंड्नै लागेका थिए, घोडा के मोडिएको थियो, हृदयले धिक्कार्‍यो, बन्धुप्रति यस्तो व्यवहार उचित मान्न सकिंदैन । यसलाई पैसाको आवश्यकता छैन । यो सेवाको भोको छ, अङ्ग-प्रत्यङ्गमा भयानक पीडा छ । कोमल औंलाको स्पर्श चाहन्छ यो । फ्रान्सिस स्वयं अड्न सकेनन्, घोडाबाट ओर्लें ।

'बन्धु ! तिमीले मलाई आफ्नो सेवा वा व्रतको ज्ञान गराइदियौ । मैले बिर्सेको थिएँ । तिमीले कत्रो उपकार गर्‍यौ मेरो ।' फ्रान्सिसले कोढीको हात समातेर चुम्बन गरे । त्यसका अङ्ग-प्रत्यङ्ग सुमसुम्याएर आफ्ना कोमल औंलाहरूलाई पवित्र पारे । कोढीका घाउ उनको सेवाबाट अमृतले सिंचिएका जस्ता देखिए । सन्त फ्रान्सिसको निष्काम सेवा कति पवित्र थियो ।

राठौरशूर दुर्गादास– जोधपुर-नरेश महाराज जसवन्तसिंहले मुगल बादशाहको सत्ता सुरक्षित राख्न कति सहयोग दिएका थिए इतिहासकारलाई थाहै छ । किन्तु तिनै परम हितैषीको स्वर्गवास भएपछि बादशाह औरङ्गजेबले उनका अबोध पुत्र अजितसिंहको उत्तरा-धिकार मानेनन् । औरङ्गजेबले जसवन्तसिंहका दीवान आशकरणका वीर पुत्र दुर्गादासलाई ती विधवा महारानी र बालक राजकुमारको रक्षा गर्नुबाट हटाउने हेतुले आठ हजार स्वर्णमुद्रा घूस दिन खोजे । दुर्गादासको तरवारले बादशाहको सैनिक-शूरतालाई व्यर्थ पारिदिएको थियो र त्यस राठौरशूरको स्वामिभक्तिको सम्मुख यो कूट प्रयत्न पनि व्यर्थ हुन गयो ।

'राजकुमार अजितसिंह दिल्ली आऊन् । शाही प्रबन्धमा उनको शिक्षा र पालन हुनेछ'–तर भाइहरू र पितासम्मलाई पनि गरेको दुर्व्यवहार देखादेख्दै औरङ्गजेबको यस घोष-णामा राजपूत-सरदार कसरी विश्वास गर्थे ? कुमार अजितसिंह दुर्गादासको रेखदेखमा सुरक्षित रहे, पालिए र ठूला भए । दुर्गादासले उनलाई आफ्नो पराक्रमले मेवाडका अधिपति बनाए ।

दुर्गादास साँच्चै कठोर संरक्षक थिए । बालक अजितसिंह परिश्रमी, न्यायपरायण होऊन् र यिनमा विलासिता, प्रमादजस्ता कुनै दुर्गुण नआऊन् भन्ने कुरामा तिनी सावधान रहन्थे । सिंहासन प्राप्त गरेपछि एक दिन राजसभामा अजितसिंहले उनलाई भने– 'मेरो अभिभावक भएर

तपाईंले मलाई यति दुःख दिनुभयो, मलाई यति ताडना गर्नुभयो कि त्यो सम्झँदा मलाई अझै पनि कष्ट हुन्छ । त्यस कठोर व्यवहार का लागि म तपाईंलाई दण्ड दिनेछु । माटोको पात्र लिएर जोधपुरको गल्लीमा भिक्षा माग ।'

'जो आज्ञा !' राजसभामा पूरा सन्नाटा छायो । जुन शूरको नामले दिल्लीको बादशाह काम्दछ, जसले आफ्नो प्राणको बाजी लगाएर अजितसिंहको प्राणरक्षा गरी उनलाई योग्य बनाए, आज उसैलाई यो दण्ड ! तर दुर्गादासको आँखोभुई कत्ति पनि खुम्चिएन, उनले शिर झुकाएर राजाज्ञा स्वीकार गरे ।

केही दिनपछि महाराज अजितसिंह घोडा चढेर नगर घुम्न निस्के । साथमा अनेक सरदार थिए । सैनिक थिए । उनले दुर्गादासलाई हातमा फुटेको पात्र लिएर एकजना धनीको ढोकामा उभिरहेको देखे । उनले फाटेको लुगा लगाएका थिए । महाराजले घोडा रोकेर सोधे- 'तिमी प्रसन्न छौ ?' दुर्गादासले हात जोडेर भने– 'बहुत प्रसन्न छु । राजधानीमा प्रजा समृद्ध छन् । मानिसहरू उत्तम लुगा लगाउँछन्, उत्तम भाँडोमा उत्तम भोजन गर्दछन् । मेरो निमित्त यसभन्दा बढी प्रसन्नताको कारण के हुन सक्तछ ? मेरो शरीरमा झुत्रो लुगा भएर, मसँग फुटेको पात्र भएर के हुन्छ ? म कहिले खान पाउँछु त कहिले खान पनि पाउन्नँ । यदि मैले तपाईंलाई बाल्यावस्थामा कठोर नियन्त्रणमा नराखेको भए आज म यो अगाडिको महलको स्वामी-भन्दा अत्यधिक सम्पन्न हुने थिएँ । किन्तु यस दशामा राजधानीमा यी प्रजा त्यस अवस्थामा-हुन्थे जुन अवस्थामा आज म छु ।'

यति भन्नासाथै महाराज अजितसिंह घोडाबाट हामफाले– 'तपाईं मेरो पितृसमान हुनुहुन्छ, मलाई क्षमा गर्नुहोस् ।' उनी आफ्ना अभिभावकको हात समातेर उनीसँग पैदलै राजभवनतिर लागे । यो हो निष्काम कर्मवीरको आदर्श ।

आदर्श सेवक संयम राय- स्वतन्त्र भारतका अन्तिम हिन्दूनरेश पृथ्वीराज चौहान युद्ध-भूमिमा मूर्छित भए । उनको शरीर क्षत-विक्षत थियो । चारैतिर लाश र क्षत-विक्षत अङ्ग छरिएका थिए तथा घाइते सैनिकहरूको क्रन्दन गुञ्जिरहेको थियो । युद्ध गर्ने सेना पछि हटिसकेका थिए । सैकडौं गिद्ध युद्धभूमिमा आएर आफ्नो पेट भर्न लागेका थिए । यिनका लागि मरेको, मर्न लागेको, अर्ध-जीवित सब बराबर थिए । यी गिद्धहरूको एक बथान पृथ्वीराजतिर बढिरहेको थियो । पृथ्वीराजको अङ्ग-रक्षक संयम राय केही पर लोटिरहेका थिए । उनी मूर्छित थिएनन् । तर उनी यति घाइते भएका थिए कि उनका लागि घिस्रनु पनि असम्भव थियो । गिद्धहरू पृथ्वीराजतिर बढ्दै आएको देखेर उनको मनमा सुझ्यो-'म अङ्गरक्षक हुँ, जीवित छु, मैले हेर्दा-हेर्दै त्यस अङ्गलाई गिद्धले लुछ्यो भने त मलाई धिक्कार छ ।' तरबार नजीकै थियो । संयम रायले त्यो उठाएर लिए र आफ्नै हातले आफ्नो शरीरको मासु टुक्रा-टुक्रा पारेर गिद्ध भएतिर फ्याँक्न थाले । गिद्धहरू यी मासुका टुक्रा खान लागे । यता पृथ्वी-राजका सैनिक राजालाई नदेखेर खोज्न निस्के । पृथ्वीराज फेला परेर उनलाई बचाएर लगे । संयम राय

पनि फेला त परे तर त्यति बेलासम्ममा उनको मृत्यु भइसकेको थियो । उनको शरीर बचाउन नसके पनि उनको उज्ज्वल कीर्ति अमर छ। धन्य हो सैनिक !

सेवक-धर्मको एक अर्को आदर्श- समर्थ स्वामी रामदास वृद्ध भइसकेका थिए । उनको मुखमा दाँत थिएनन् । तर प्रसाद लिएपछि पान खाने उनको पुरानो अभ्यास थियो । अब उनलाई पानबट्टामा पान कुटेर दिइन्थ्यो । एकदिन पानमा चून बढी हुन गएको थियो, त्यो खाँदा उनको मुखको छाला नै खुइलियो । तो परम सहिष्णुले केही बोलेनन् । किन्तु जो पान दिएर सेवा गर्ने गर्दथ्यो ऊ बडो दुःखी भयो । गुरुदेवलाई यस्तो कष्ट फेरि नहोस् भनी ऊ सोच्न थाल्यो । उसलाई एक उपाय सुझ्यो । सेवा भइ नै रह्यो, तर एकदिन उसलाई कसैले देख्यो । त्यस सेवकले स्वयं पान आफ्नो मुखमा चपाएर श्रीसमर्थलाई दिएकोले देख्नेलाई बडो ग्लानि भयो । उसले छत्रपति शिवाजीलाई खबर गऱ्यो । रिसले चूर भएर शिवाजी समर्थको नजीक गए । उनले गुरुदेवलाई पान दिने सेवकको अशिष्टता बताउँदा श्रीसमर्थले आफूले केही थाहै नपाएजस्तो गरे । उनले सेवकलाई बोलाए । छत्रपति शिवाजी नै ऊसित बोले- 'गुरुदेवलाई जुन पानबट्टामा कुटेर पान दिन्छौ, त्यो लिएर आऊ ।'

सेवक गयो । फर्केर आउँदा उसको हातमा रगतले परिपूर्ण थाल थियो । ऊ आफै पनि रगतले लथपथ भएको थियो । उसले आफ्नो जिब्रो सबै काटेर थालमा राखेको थियो । थाल राखेर ऊ गुरुको पाऊ पऱ्यो । उसको प्राण गयो । शिवाजीले शिर झुकाएका थिए, उनका आँखाबाट आँसु टप्किरहेका थिए ।

आदर्श सेविका पन्ना धाई- राणा संग्रामसिंहले वीरगति प्राप्त गरिसकेका थिए । चित्तौड-को सिंहासनमा उनका ज्येष्ठ पुत्र विक्रमादित्य बसे, किन्तु उनको अयोग्यताले गर्दा राजपूत सरदार-हरूले उनलाई गद्दीबाट हटाए । राणा साँगाका कनिष्ठ पुत्र उदयसिंहलाई राज्यका उत्तराधिकारी घोषित गरियो, तर यिनी भर्खर छ वर्ष पुगेका बालक थिए । अतः दासीपुत्र वनवीरलाई तिनको संर-क्षक तथा तिनको तर्फबाट राज्यशासनको सञ्चालनकर्ता बनाइयो । किनभने महारानी करुणावतीको पनि स्वर्गवास भइसकेको थियो ।

राज्यको लोभले मनुष्यलाई मनुष्य रहन दिंदैन । वनवीर पनि यसै लोभले पिशाच बन्यो । यदि राणा साँगाका दुवै छोरालाई मारिदिने हो भने चित्तौडको सिंहासन आफ्नो लागि निष्कण्टक भइहाल्छ भन्ने कुरा उसले सोच्यो । एकदिन राति नाङ्गो तरवार लिई ऊ आफ्नो भवनबाट उठ्यो, उसले विक्रमादित्यको हत्या गऱ्यो ।

राजकुमार उदयसिंह सायंकालको भोजन गरी सुतिसकेका थिए । यिनको पालन-पोषण गर्ने पन्ना धाईलाई वनवीरको खराब अभिप्राय केही थाह थिएन । परन्तु राति जूठो टपरी हटाउने नोकर्नी आई, अनि उसले पन्नालाई वनवीरद्वारा विक्रमादित्यको हत्या भएको समाचार सुनाई । ऊ त्यससमय त्यहीं थिई र त्यहाँको यो कुकृत्य देखेर कुनै प्रकारले भागेर पन्नाकहाँ आएकी थिई । उसले भनी- 'त्यो यहाँ पनि आउँछ होला ।' पन्ना झस्की, उसलाई आफ्नो कर्तव्य स्थिर गर्न क्षणभर पनि

लागेन। उसले बालक राणा उदयसिंहलाई उठाएर नोकर्नीलाई दिई। यिनलाई लिएर चुपचाप निस्की। म तिमीलाई वीरानदीको तटमा भेट्नेछु।

उदयसिंह निदाइरहेका थिए। यिनलाई टोकरीमा सुताएर त्यसको माथिबाट पातले ढाकेर नोकर्नी राजभवनबाट बाहिर निस्की। उता पन्नाले छोरा चन्दनलाई कपडा ओढाएर उदयसिंहको पलङ्गमा सुताई। दुवै बालक लगभग एउटै अवस्थाका थिए। त्यस धर्मनिष्ठा धाईले आफ्नो कलेजोको टुक्रो बालकलाई स्वामीको रक्षाका लागि बलिदान दिने निश्चय गरेकी थिई।

जङ्गी तरबार लिएर वनवीर केही क्षणपछि अकस्मात् आइपुग्यो। उसले सोध्यो– 'उदय कहाँ छ?' धाईले ओंलाले सुतिरहेको आफ्नो छोरातिर संकेत गरी। तरवार उठ्यो र त्यस अबोध बालकको शिर गर्धनबाट छुट्यो, वनवीर गयो। किन्तु कर्तव्यनिष्ठा पन्ना धाईको मुखबाट न त चिल्लाहट निस्कियो, न त त्यस समय आँखाबाट आँसु नै झर्‍यो। उसलाई त यस समय आफ्नो धर्मको पालन गर्नु थियो। उसको छाती फाट्दै गएको थियो। छोराको लाश लिएर ऊ राजभवन-बाट निस्की। वीरानदीको किनारमा आफ्नो छोराको अन्तिम संस्कार गरेर मेवाडको निद्रित सानो बालक अधीश्वरलाई लिएर राति मेवाडदेखि बाहिर निस्की बिचरी धाई। ऊ एक ठाउँबाट अर्को ठाउँमा घुम्दै-फिर्दै रही। अन्तमा उसलाई देवराका आशा शाहले आश्रय दिए।

वनवीरले आफ्नो कर्मको दण्ड पाउनु थियो, पायो। राणा उदयसिंह सिंहासनमा बसेपछि पन्ना धाईको चरणधूलि मस्तकमा चढाएर उसले आफूलाई धन्य सम्झ्यो। पन्ना चित्तौडकी सच्चा धाई सिद्ध भई। धन्य छ उसको कर्तव्यनिष्ठता।

एक अर्को कर्तव्यनिष्ठ सेवक– इरानका शाह अब्बास आफ्नो एकजना पदाधिकारी-कहाँ भोजन गर्न गए। त्यहाँ अत्यधिक मद्यपान गर्नाले उनी आफै र उनका साथका सबैजना उन्मत्त हुन गए। नशामा झुम्स परेका शाह उठेर त्यस पदाधिकारीको जनानाखानातिर बढे। जनानाखानाको ढोकामा पालेले ढोका यसरी रोकेर बस्यो कि शाहलाई रोकिनुपर्‍यो। उनले हप्काए– 'हट् सामुन्ने-बाट। कसलाई रोकेको थाहा छ, तेरो टाउको उडाइदिन्छु।' पालेले नम्रतापूर्वक भन्यो– 'इरानका शाहंशाहलाई कसले नचिन्ला; तर म आफ्नो कर्तव्यमा रहेको छु। आफ्नो मुलुकका मालिक-माथि म हात उठाउन सक्तिनँ, तर पनि जिउँदो रहेसम्म हजूरलाई भित्र जान दिन्नँ। मलाई मारेर मेरो लाशमाथि टेकेर हजूर भित्र जान सक्नुहुन्छ। म आफ्नो मालिकको इज्जतको साथसाथै हजूर-को हिफाजत (रक्षा) गर्न पनि खडा छु। हजूर यदि भित्र जाने हो भने हजूरमाथि बेगमहरू-(रानी-हरू)-ले हतियार उठाउनेछन्। कुनै पराई मानिसले आफ्नो बेइज्जत गरेको तिनीहरू सहन सक्तैनन्, चाहे त्यो मानिस इरानको शाह नै किन नहोस्!'

शाह अब्बासको नशा आफ्नो प्राण जाने डरले हट्यो। उनी फर्के। भोलिपल्ट दरबारमा त्यस अधिकारीले शाहसित माफी माग्यो र बतायो– 'मैले त्यस पालेलाई निकालिदिएँ।' शाहले भने– 'बेश! ठीकै भएछ। अब तिमीसित मैले उसलाई माग्नुपरेन। त्यो कहाँ छ? बोलाऊ?

त्यसलाई । म त्यसलाई आफ्नो अङ्गरक्षकको सरदार बनाउन चाहन्छु । यस्तो बफादार सेवक प्रायः मुश्किलले भेटिन्छ त्यसको कदर हुनुपर्दछ ।

गुरुधर्म र त्यसको आदर्श

कुनै समय गुरु वास्तवमा गुरु थिए । गौरवशाली, ब्रह्मज्ञानी, विद्वान् तथा समाजका सञ्चालक थिए । ती अधिकारविहीन सर्वाधिकारी भएर आफ्नो महिमामा प्रतिष्ठित थिए । उनी हिन्दू-संस्कृति र सभ्यताको संरक्षक मानिन्थे । तिनको जीवनको लक्ष्य थियो–

ब्राह्मणस्य तु देहोऽयं क्षुद्रकामाय नेष्यते ।
कृच्छ्राय तपसे चैव प्रेत्याऽनन्तसुखाय च ।।

प्राचीन कालमा यस्ता गुरुहरूको आश्रम जङ्गलमा हुन्थ्यो । गुरुकुलको वातावरण सात्त्विक हुन्थ्यो । अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जनशलाकया ।
चक्षुरुन्मोलितं येन तस्मै श्रीगुरवे नमः ।।

शिष्यादिच्छेत् पराजयम्– जीवनमा कोही आफ्नो पराजय चाहँदैन । गुरु नै एक यस्ता व्यक्ति छन् जो आफ्नो शिष्यबाट आफ्नो पराजय चाहन्छन् । शिष्यको उन्नति र वृद्धि देखेर आचार्य दङ्ग पर्थे । आफ्नो शिष्यको व्यक्तित्वमा ती आफ्नो आत्माको दर्शन गर्दछन् । तिनी भेदभावको धरातलबाट माथि उठेर ज्ञानामृतको वर्षा गर्दछन् । गुरुको महिमा अपार छ । उनको अनुग्रहबाट मानव सहजैसँग परमगति प्राप्त गर्दछ । गुरुको स्थान मनुष्यमा मात्र होइन देवताहरूमा पनि विशिष्ट छ ।

शिवौरुष्टे गुरस्त्राता गुरौ रुष्टे न कश्चन । ईश्वर रुष्ट हुन गएमा गुरु रक्षा गर्न सक्तछन्, परन्तु केही गरी गुरु अप्रसन्न हुन गएमा कोही सहायक हुन सक्तैन । सन्तले गुरुको महिमामा लेखेका छन्–

गुरु गोविन्द दोऊ खडे काके लागूँ पाय ।
बलिहारी गुरुदेवकी, जिन गोविन्द दियो मिलाय ।।
वंदौं गुरुपद पदुम परागा । सुरुचि सुवास सरस अनुरागा ।।
अमिअ मूरिमय चूरन चारु । समन सकल भवरुज परिवारु ।।

प्राचीन कालमा गुरु धनका होइन, सम्मानका इच्छुक थिए । उनी आफ्नो आदर्श र सिद्धान्त का रक्षक थिए । आज त त्यसको कल्पनासम्म पनि गर्न सकिंदैन । आजकाल गुरु बदलिए, शिष्य बदलिए, शिक्षा र संस्कृति बदलिए । गुरु-शिष्य-परम्पराको इतिहास बडो तीव्र गतिले बदलिंदै गइरहेछ । गुरु-शिष्य, आचार्य-अन्तेवासी, उपाध्याय-छात्र, अध्यापक-विद्यार्थी, शिक्षक-परीक्षार्थी,

प्रोफेसर-स्कलर, टीचर-स्टुडेन्ट आदि अनन्त रूप हुँदै गइरहेछ, यो परिवर्तन कहाँसम्म जाने हो त्यसपछिका कुरा थाहा भएन ।

वास्तवमा समाजलाई कुन साँचोमा ढाल्ने, अबोध बालकको निरीह जीवनलाई कुन रङ्गले रंगाउने, यो कुरो शिक्षकमाथि नै निर्भर गर्दछ । शिक्षककहाँ विद्यार्थी गिलो माटोजस्तै आउँछन् । कुमालेले जस्तै गुरु जे-जस्तो चाहन्छन्, उसको पात्र बनाउँछन् । त्यसबेला उनको हातमा अपार शक्ति हुन्छ । उनैको हातबाट नै व्यास-शुक, इसा-बुद्ध, शिवाजी-प्रताप जस्ता व्यक्तिहरूको निर्माण भएको हो । आजका शिक्षक यदि आफ्नो धर्म र आदर्शलाई बिर्सेर स्वेच्छाचारिताको दास बन्दछ, विलासिताको धापमा फँस्तछ, आचरणलाई भन्दा अर्थलाई मुख्य सम्झन्छ भने भोलिको संसार र समाजको कुन रूप हुने हो, उनी स्वयं अनुमान गर्न सक्तछन् ।

गुरुधर्मका आदर्श महर्षि ऋभु– महर्षि ऋभु ब्रह्माका मानसपुत्र हुन्, स्वभावैले निवृत्ति-परायण तथा जन्मैदेखि आत्मतत्त्वका ज्ञाता हुन् । एक दिन घुम्दै-घुम्दै तिनी पुलस्त्य ऋषिको आश्रममा पुगे । त्यहाँ पुलस्त्यका वेदाध्ययनमा लागेका पुत्र निदाघलाई उनले उपदेश दिए– 'मनुष्य-जीवनको परम लाभ आत्मज्ञान भएन भने वेदाध्ययन गर्नु व्यर्थ छ ।'

निदाघ विद्वान् थिए, विरक्त थिए, शुद्धचित्त थिए । उनले महर्षि ऋभुको शरण ग्रहण गरे । केही काल उनी ती अवधूतसँग उनको सेवा गरी विचरण गर्दै रहे । महर्षिले उनलाई केही काल आफूसँग राखेर तत्त्वज्ञानको उपदेश दिए, अनि उनको चित्तको स्थिति बुझेर विवाह गर्ने आज्ञा दिए । निदाघ पिताकहाँ फर्केर आए । उनको विवाह भयो र उनी गृहस्थधर्मको पालन गरेर घरमा रहन लागे ।

शिष्यलाई सन्मार्गमा लगाइराख्नु गुरुको कर्तव्य हो । महर्षि ऋभु घुम्दै-घुम्दै एकदिन निदाघको घर गए । उनी शिष्यको स्थिति बुझेर उसलाई ठीक मार्गमा ल्याउन चाहन्थे । निदाघले उनलाई चिनेनन्; किन्तु अतिथि सत्कार त गृहस्थको कर्तव्य हुँदै हो, उनले राम्रो प्रकारले उनको सत्कार गरे । भोजन गरेपछि उनले सोधे– 'भगवन् ! हजूर कहाँबाट आउनुभयो ? कहाँ रहनुहुन्छ ? भोजन हजूरलाई स्वादिष्ठ त लाग्यो ?'

'ममा जानु-आउनु कहाँ छ ? म देश-कालदेखि अपरिच्छिन्न र तिनमा व्यापक छु । रसना स्वादको र मन तृप्तिको अनुभव गर्दछ । म इन्द्रिय अथवा मन होइन'– ऋभुले शिष्यलाई सम्झाए । निदाघ गुरुको परिचय पाएर अति प्रसन्न भए । दोस्रोपल्ट ऋभु आउँदा राजाको सवारी भइरहेको थियो । महर्षिले निदाघसँग सोधे– 'यो भीड केको हो ?' निदाघले भने– 'राजा कहीं यात्रामा गइरहेछन् ।' ऋभुले सोधे– 'यिनमा राजा कुन हो ?' निदाघले भने– 'जो सबभन्दा ठूलो हात्तीमा बसेका छन् तो राजा हुन् ।' ऋभुले सोधे– 'हात्ती कुन र राजा कुन ?' निदाघले उत्तर दिए– 'जो तल छ त्यो हात्ती हो र जो माथि चढेको छ त्यो राजा हो ।' ऋभुले फेरि सोधे– 'तल के र माथि के ?' निदाघ चिढिए । गुरुलाई उनले चिन्न सकेका थिएनन् ।

पागलजस्तो देखिने त्यस व्यक्तिमाथि चढेर बोले– 'अब तिमी तल र म तिम्रो माथि ।' ऋभुले फेरि सोधे– 'यो तिमी को र म को ?' यस पटकको यस प्रश्नले भने निदाघलाई झस्काइदियो । उनी फाल हालेर पाउ परे । ऋभुले उनलाई उपदेश दिए– 'भोगको अवस्था तिमीले पार गरिसक्यौ, तत्त्वज्ञानलाई जीवनमा व्यक्त हुन देऊ । मायाको यस व्यवहार-क्षेत्रबाट उपरति नै ब्राह्मणको धर्म हो ।' निदाघले घर त्यागेर संन्यास-ग्रहण गरे ।

४०३

आदर्श शिष्य कौत्स र आदर्श दाता रघु– 'गुरुदक्षिणा लिई मलाई कृतार्थ हुने अवसर दिनुहोस्, आज ब्राह्मणकुमार कौत्सको समावर्तन-संस्कार सम्पन्न भयो, विद्याध्ययन समाप्त भयो'– उनले गुरुदेवसँग प्रार्थना गरे ।

'वत्स ! यति समयसम्म आश्रममा रहेर तिमीले जुन श्रद्धा, संयम र तत्परतासाथ मेरो सेवा गऱ्यौ म त्यसबाट सन्तुष्ट छु'– गुरुदेवले प्रेमले भरिएको स्वरमा भने– 'तिम्रो सेवा नै मेरो दक्षिणा भयो ।'

'किन्तु सन्तोष त मलाई यसबाट हुँदैन'– कौत्सले आग्रह गरे । यो हिन्दू-आदर्श नै थियो– ऋषि वर्षौंसम्म शिष्यलाई छोरोलाई जस्तै भरण, पोषण तथा शिक्षण गरिरहे र उसको सेवाबाट नै उनी सन्तुष्ट थिए, त्यस्तै यो पनि हिन्दू-आदर्श नै थियो– कङ्गाल अकिञ्चन ब्राह्मणकुमार, जसको कौपीन नै वस्त्र थियो र त्यो पनि वल्कलको, गुरुसँग यथेच्छा दक्षिणा माग्ने आग्रह गरिरहेको थियो ।

'तिमीले मसँग चौध विद्या पढेका छौ । अतः चौध कोटि स्वर्णमुद्रा दक्षिणा देऊ'– कौत्सको वार-वारको आग्रहपछि गुरुले झर्केर भने– 'जो आज्ञा भगवन् !' कौत्स प्रसन्न भए । धर्मप्राण देशमा ब्रम्हचारी ब्रह्मकुमारका लागि कहाँ के अप्राप्य थियो र कौत्स त्यसको चिन्ता गर्दथे । उनी अयोध्यातर्फ लागे । अयोध्याको राजसभामा पुग्नेबित्तिकै महाराज रघुले कौत्सको सत्कार गरे । उनको पाद-प्रक्षालन गरे, उनको पूजा गरे र हात जोडी सम्मुखमा उभिए– 'हजूरको चरण-दर्शन गरी आज रघु परिपूत भयो । हजूरको पादोदक-प्रोक्षणले यो राजसदन आज पवित्र भयो । आश्रम निरुपद्रव त छ ? मेघले समयमा वर्षा गर्दछ ? नीवार ठीक पाक्दछ ? हिंस्रक पशु आश्रम-सीमाको अतिक्रम त गर्दैन ? हजूरहरू सबको तप निर्विघ्न रूपले त चलिरहेछ ? हजूर कसरी आइपुग्नुभयो ? आज्ञा दिनुहोस्, यो सेवक हजूरको आज्ञापालन गरी आफूलाई धन्य सम्झनेछ ।'

सम्राट् रघुको कुशल प्रश्न केवल प्रश्न मात्र थिएन, यो कौत्स जान्दथे । यिनलाई थाहा भयो– ऋष्याश्रममा असुविधा उत्पन्न गरेर मेघाधीश, जलाधीश, धान्याधीश आदि कोही पनि लोकपाल निःशुल्क रहन सक्तैनन् । रघुको दिव्यास्त्रमाथि भर परेका देवता स्वयं पनि त रघुको कृपा एवं मैत्रीका आकांक्षी रहन्छन् । परन्तु साथै सम्राट् सर्वथा निराभरण छन् भन्ने कुरो कौत्सले देखिरहेका थिए । उनको शरीरमा साधारण वस्त्र मात्र छ । साम्राज्ञीको शरीरमा

केवल सौभाग्य-चिन्ह छ र अयोध्याका चक्रवर्तीले अतिथिका चरण माटाको भाँडोमा धोएका छन् । सम्राट्ले यज्ञ गरेर सवस्व दान गरेका छन्, यस समय उनीसँग केही छैन भन्ने कुरो स्पष्ट नै थियो । यी सब देखेर ब्रह्मकुमारले भने–

'राजन् ! हजूरजस्तो प्रतापी प्रजावत्सल, धर्मात्मा, प्रजापालक जब जागरुक हुनुहुन्छ, तब हामीजस्ता वनवासीको आश्रमतिर हेर्ने साहस गरी कोही विघ्न कसरी गर्न सक्तछ ? - हजूरको मङ्गल होओस् । ऋष्याश्रम सर्वथा निरुपद्रव छ । म आउनाको त प्रयोजन थियो; किन्तु सर्वस्वदान गरिसकेको शुभ्र शारदीय मेघसित त चातकजस्तो चराले पनि याचना गर्दैन ।'

'त के रघु हजूरको प्रयोजन सुन्नेसम्म पनि अधिकारी भएन ?'–सम्राट्को स्वरमा व्यथा एवम् अनुरोध मानौं मूर्तिमान् हुन गयो ।

'गुरुदेवले अध्ययन-समाप्ति भएकोमा मबाट चौध कोटि स्वर्णमुद्रा गुरुदक्षिणाको रूपमा चाहनुभएको छ'– कौत्सको स्वरमा न व्यथा थियो, न शैथिल्य । यसमा महाराज रघुले अनुरोध गरे– 'हजूरले मलाई गौरवान्वित गर्नुभयो यहाँ आएर । अग्निदेवजस्तै सुपूजित भई हजूर तीन दिन अग्नि-शालामा निवास गर्ने कृपा गर्नुहोस् । अयोध्याबाट अतिथि निराश भई फर्के– यो अपवाद रघुलाई लाग्नु हुँदैन ।'

कौत्सले सम्राट्को अनुरोध स्वीकार गरे । त्यसै दिन साँझ महाराजले आफ्नो मन्त्रीलाई आदेश दिए– 'मेरो रथ शस्त्र-सज्जित गरिदेओ । आज अतिथि अपूर्णकाम अयोध्यामा हुनुहुन्छ । अतः रघु राजसदन जान सक्तैन । म रथमा नै शयन गर्नेछु ।'

'यज्ञमा पृथ्वीका समस्त नरेशले कर-दान गरेका छन्'– मन्त्रीले केवल सूचना दिए । कसैबाट दुईचोटि अनुचित कर लिने अन्याय सम्राट् गर्ने छैनन्, यति विश्वास त मन्त्रीलाई थियो नै

'लोकपाल कुबेर देवता नै किन नहोऊन्, किन्तु यिनको पुरी अलका पृथ्वीमा नै छ ।'– सम्राट्ले मन्त्रीको संशयको समाधान गरे–'जो पृथ्वीमा रहन्छ, उसले पृथ्वीको पालकलाई कर दिनैपर्दछ । अलकाले आजसम्म अयोध्यालाई कर दिएको छैन । आवश्यकता नहुँदो हो त धनाधीश-माथि आक्रमण गर्ने सङ्कल्प अयोध्याका रक्षकले गर्नुपर्दैनथ्यो ।'

'देव ! कोषागार स्वर्णमुद्राले भरिएको छ ।' धनाधीश कुबेरमाथि सम्राट्ले आक्रमण गर्नुपरेन । तो अलकाका अधीश्वरले अयोध्याको कोषागारमा राति नै स्वर्णवर्षा गरेका छन्, यो सूचना महाराज रघुलाई प्रातः सूर्योदय हुनुभन्दा पहिले उनका कोषाध्यक्षले दिए ।

'भगवन् ! यी सम्पूर्ण स्वर्णराशि हजूरको निमित्त आएको छ ।'– महाराज रघुले कौत्स-सित प्रार्थना गरे–'यो हजूरको हो । हजूर यसलाई स्वीकार गर्नुहोस् । हजूरको निमित्त आएको यो धन हाम्रो कुनै प्रयोजनको छैन ।'

'राजन् ! हजूर धर्मपालक हुनुहुन्छ । ब्राह्मणपुत्र स्वर्णको लोभमा नफसोस्, यही हजूरलाई अभीष्ट हुनुपर्दछ । ब्राह्मणको धन त तप हो ।'–कौत्सले भने- 'गुरुदक्षिणाको लागि केवल चौध कोटि

स्वर्णमुद्रा, यसभन्दा एक पनि अधिक म लिन सक्तिनँ ।'

स्वर्णराशि सम्मुख छ, अरू त्यसलाई स्वीकार गर्ने कोही छैन, त्यसलाई ब्राह्मणकुमारले लत्याइदिए र राजाले पहिले नै लत्याइराखेका थिए । धन्य त्यो भूमि, धन्य त्यो काल, जहाँ जब अर्थ यसप्रकार लत्याइन्थ्यो । कौत्सले गुरुदक्षिणा दिनका लागि स्वर्णमुद्रा लिए । शेष ब्राह्मणहरूलाई बाँडेर दिइयो ।

धर्मका आदर्श आरुणि– विद्या ग्रन्थको अध्ययनबाट त आउँछ, किन्तु साँच्चै भनौं भने त्यसको वास्तविक प्रकाश हुन्छ गुरुसेवा, तितिक्षा एवं संयमको पालन गर्नाले । महर्षि आयोद धौम्य यस तथ्यसित राम्ररी अवगत थिए । अतः उनी आफ्ना शिष्यलाई सेवा, संयम तथा तितिक्षामा दक्ष बनाउनमा विशेष ध्यान दिन्थे ।

वर्षा ऋतु थियो र दिन लगभग समाप्त हुन लागेको थियो । अचानक वेगसित वृष्टि प्रारम्भ भयो । महर्षिले आफ्ना शिष्यमध्ये आरुणिलाई भने– 'वत्स ! तिमी गएर खेत हेर । पानी खेतको आलीबाट बाहिर जान नपाओस् ।' आरुणि खेतमा पुगे र घुम्दाघुम्दै एक ठाउँमा खेतको आली भत्केर पानी बग्दै गइरहेको देखे । आसपासको माटो गिलो थियो । आली भत्केको ठाउँमा आरुणिले माटो हालेर अरू माटो उठाउन्जेल पानीको वेगले पहिले हालेको माटो बगाइसक्थ्यो । जति गर्दा पनि पानी नरोकिएकोले आरुणि स्वयं त्यहाँ सुते । यिनको शरीरले गर्दा पानीको प्रवाह बन्द हुन गयो । वर्षाको ऋतु भएकोले पानी बढी उनको शरीर सबै पानीमा डुब्यो । उनको देह स्तम्भित भयो, मस्तिष्क स्तब्ध भयो । माथिबाट स-साना जलजीव शरीरमा डस्दथे, तर आरुणि भने आफ्नो शरीर त्यस आलीको एक भाग नै हो कि भने जस्तो गरी स्थिर रहे ।

'आरुणि कहाँ छन् ?' त्यहाँ आश्रममा सन्ध्याकालीन हवनादि भएपछि शिष्यहरूले गुरुदेवका चरणमा प्रणाम गर्दा त्यतिखेर आयोद धौम्यले तिनीहरूबीच आरुणिलाई नदेखेकोले सोधे ।

'भगवन् ! हजूरले उनलाई खेतमा पठाउनुभएको थियो । उनी फर्केका छैनन्'– शिष्यहरूले बताए । महर्षिको मुखमा चिन्ताका रेखा देखिए । वर्षा भइरहेको थियो । रातको घोर अन्धकार थियो । अतः त्यस समय त केही गर्न सकिँदैनथ्यो । कुनै तरहले रात बित्यो । बिहान उज्यालो हुने बित्तिकै शिष्यहरूलाई लिएर खेतमा पुगे र पुकारे- 'आरुणि ! तिमी कहाँ छौ ?' महर्षिका यी पाञ्चालदेशीय शिष्य पानीमा सुती-सुती बोले– 'भगवन् ! म यहाँ छु ।' उनको वाणीमा कम्प तथा शिथिलता थियो । 'उठ, यहाँ आऊ वत्स !'– महर्षिले पुकारे र पाउमा परेको शिष्यलाई उठाएर आफ्नो छातीमा टाँसे– 'आलीलाई भङ्ग गरी उठेकोले तिमी उद्दालक भयौ । सम्पूर्ण श्रुति तिमीमा स्वतः प्रकाशित होओस् ।' गुरुसेवा र दृढ तितिक्षाले आरुणिलाई त्यसै दिन ऋषि उद्दालक बनायो ।

गुरुभक्त उपमन्यु- ब्रह्मचारी बालकको भोजनमा प्रतिबन्ध छैन । कसले कतिपल्ट आहार ग्रहण गर्नुपर्छ, यो नियम बताउँदाखेरि शास्त्रकारले भनेका छन्– **यथेच्छं ब्रह्मचारिणाम्** ।

किन्तु एक मर्यादा के छ भने गुरुको आदेशबाट र जुन पदार्थ जति उनी दिन्छन् त्यति नै उसले भोजन गर्नुपर्छ ।

प्राचीन कालमा राजा रङ्क सबका द्विजाति बालक ऋषिकुलमा गएर बस्तथे । घरसित तिनको कुनै सम्पर्क अध्ययनकालमा रहँदैनथ्यो । सब समान ढङ्गले रहन्थे र समान आहारादि पाउँदथे । सबैलाई भिक्षा लिन जानुपर्दथ्यो । भिक्षान्न ल्याएर सबै गुरुदेवको सम्मुख राखिदिन्थे । गुरुदेव कसैको भिक्षा झोलीबाट झिकेर लिन्थे वा केही बढी नै त्यसमा राखिदिन्थे । गुरुदेवको आदेश पाएपछि मात्र छात्र भोजन गर्दथे ।

महर्षि आयोद धौम्यले आफ्ना उपमन्युनामक शिष्यलाई गाई चराउने सेवा दिएर राखेका थिए । यिनी दूध दुहेपछि बिहान नै गाई लिएर वन जान्थे र साँझपख फर्कन्थे । भिक्षा माग्नका लागि सबै सँगै जाने अवसर थिएन । गुरुदेव उनलाई गाई चराउन पठाउँदा केही दिँदैनथे ।

'वत्स ! तिमी भोजन के गर्दछौ ?' –कैयौं दिन बितेपछि महर्षिले साँझतिर वनबाट फर्केर आउँदा प्रणाम गर्न लागेका उपमन्युसँग सोधे । 'भगवन् ! भिक्षा मागेर खान्छु । त्यसबाट मेरो काम ठीक चल्दछ'– उपमन्युले सरलतापूर्वक भने ।

'भिक्षान्न मलाई निवेदित नगरी खान हुँदैन'– गुरुदेवले भोला शिष्यलाई सम्झाए । कैयौं दिन बितेपछि फेरि एकदिन महर्षि धौम्यले उपमन्युसित साँझ उनी प्रणाम गर्न आउँदा सोधे– 'वत्स ! तिम्रो शरीर त स्वस्थ छ । विनाभोजन यस्तो पुष्ट शरीर त हुन सक्तैन र तिमी जो भिक्षा ल्याउँछौ त्यो म सबका सब राख्तछु । तिमी आजकाल कसरी आहार पाउँछौ ?'

'देव ! अर्कोपल्ट भिक्षा लिएर आउने गर्दछु'– उपमन्युले बताए । 'यो त बडो अन्याय हो । यसबाट अर्को भिक्षुकको स्वत्व मारिन्छ र गृहस्थमाथि अधिक भार पर्दछ । यस्तो गर्ने नगर'– उपमन्युले यो आज्ञा पनि स्वीकार गरे । कैयौं दिनपछि फेरि गुरुदेवले सोधे– 'तिमी अब के भोजन गर्ने गर्दछौ ?'

'बाछोको मुखबाट जो फिँज खस्तछ त्यही'– उपमन्युले बताए ।

'बाछो ज्यादै दयालु हुन्छ । त्यसले धेरै दूध फिँज बनाएर खसाल्दो होला र स्वयं भोको रहँदो होला'– यो मार्ग पनि महर्षिले बन्द गरिदिए ।

फेरि एकदिन महर्षिले सोधे– 'उपमन्यु कहाँ गयो ? हामीले त्यसको भोजन बन्द गरिदियौं । त्यो रिसाएर त भागेन ?' साँझ शिष्य नफर्केकोले गुरुलाई चिन्ता लाग्यो । उनी खोज्न निस्के । पुकारेपछि पानी नभएको एक कुवामा उपमन्यु खसेको थाहा भयो । भोकले आत्तिएर आँकको पात खाएकोले उनी त्यसबाट अन्धो भएका थिए ।

'वत्स ! अश्विनीकुमारको स्तुति गर'– महर्षिले शिष्यलाई सम्झाए । स्तुतिबाट प्रसन्न भई अश्विनीकुमार कुवामा प्रकट भए र उनलाई आशीर्वाद दिए– 'तिम्रा दाँत सबै सुनका होऊन् । तिम्रो नेत्र-ज्योति प्रकाशित होस् ।'

'तिमीलाई श्रुतिको साक्षात्कार होवोस् । तिम्रो ज्ञान-नेत्र प्रकाशित होओस् ।' –कुवाबाट निक्लेपछि गुरुको आशीर्वाद उपमन्युलाई प्राप्त भयो ।

आदर्श गुरुभक्त एकलव्य– धर्म कसैको निजी सम्पत्ति होइन । जो धारण गर्दछ, उसैको हो धर्म । महाभाग एकलव्य भिल्लकुमार थिए । स्वभावशूर जाति हो भिल्ल । वनको निरन्तर सङ्घर्षशील जीवन तथा सहज तितिक्षा भिल्लको स्वरूप हो । नगरदेखि दूर एकान्त जङ्गलमा रहने हुनाले जति कठोर छन् त्यति नै श्रद्धालु पनि ।

त्यससमय द्रोणाचार्य अस्त्रविद्याका आचार्यको रूपमा देशमा विख्यात थिए । भिल्लकुमार एकलव्यले पनि उनको कीर्ति सुनेका थिए र सुप्रसिद्ध धनुर्धर बन्ने महत्त्वाकांक्षा उनको मनमा थियो । आचार्य द्रोण हस्तिनापुरमा छन् र त्यहाँ राजकुमारहरूलाई अस्त्र-सञ्चालन सिकाउँछन् भन्ने सुनेर उनी पनि वनबाट हिंडे । हस्तिनापुर पुगेर एकलव्यले भुइँमा घोप्टिएर द्रोणाचार्यलाई प्रणाम गरेपछि आफू आउनाको उद्देश्य बताए । त्यतिखेर आचार्यले भने– 'मलाई बडो खेद छ बालक ! म राजकुमारहरूको शिक्षक हुँ । राजकुमारहरू आफूसँगै तिमीलाई बस्न दिन सक्तैनन्, न म यसलाई उचित नै ठान्दछु । यसकारण म तिमीलाई शिक्षा दिन सक्तिनँ ।'

एकलव्य फर्केर आए । आचार्य द्रोणले यस घटनालाई बिर्सी पनि हाले । समय बित्दै गयो । एकदिन कौरव-पाण्डव राजकुमार वनमा शिकारका लागि निस्के । आचार्य द्रोणले लिएर गएका थिए राजकुमारहरूलाई चल लक्ष्यमा आघात गर्न तिनीहरू अभ्यस्त होऊन् भनेर । पाण्डवहरूसँग गएको एउटा कुकुर केही अघि नै वनमा गयो र आत्तिएर दौडँदै फर्क्यो । त्यसको त्यो दशा देखेर सब राजकुमार चकित भए । त्यसको खुला मुख बाणले ठोक्रो भरिएझैं भरिएको थियो, तर रगत भने एक थोपो पनि कहीं थिएन । कुकुरलाई कहीं दरफर्‍याएकोसम्म पनि थिएन ।

'यस्तो कुशल धनुर्धर को हो ?' आचार्य द्रोणलाई पनि आश्चर्य लाग्यो । कुकुरको मुखमा लगातार बाण हानियो होला, किन्तु यसप्रकार कि त्यसको मुख वा जिब्रोमा लागेको थिएन । पहिलो बाण मुखमा पसेर छालासम्म पुग्दासम्मको थोरै समयमा पूरा मुख भरिने गरी जति बाण हानिए, ती बाणमा चर्म विद्ध गर्नै गति रहेन । स्वभावतः त्यस अस्त्रज्ञलाई हेर्ने उत्सुकता सबलाई भयो ।

'भद्र ! तिमीले कसबाट अस्त्रशिक्षा लियौ ? तिम्रो गुरु को हो ?' –वनमा गएपछि एउटा सबल, स्वस्थ, पुष्ट शरीर भएको कृष्णवर्ण भिल्ल युवकलाई देखे, उसले धनु पर राखेर द्रोणाचार्यको सम्मुख साष्टाङ्ग प्रणाम गर्‍यो, आचार्यले ऊसँग सोधे ।

'यो जन श्रीचरणको शिष्य हो'–यो भिल्ल युवक एकलव्य थियो, उसले संकेत दियो । माटोले बनेको द्रोणाचार्यको मूर्ति सिंहासनमा विराजमान रहेको सबैले देखे । त्यस मूर्तिलाई गुरु मानेर एकलव्यले यो अभ्यास गरेका थिए ।

'आचार्य ! हजूरले त मलाई पृथ्वीको श्रेष्ठतम धनुर्धर बनाउने वचन दिनुभएको छ,' –अर्जुनले बिस्तारै खिन्न स्वरले आचार्यसँग सोधे– 'त्यो हस्तलाघव प्राप्त गर्ने ममा आशा छैन ।'

'भद्र ! तिमो मेरा शिष्य हौ भने घर आएको गुरुलाई गुरुदक्षिणा दिंदैनौ ?'– आचार्यले गम्भीरतापूर्वक एकलव्यसँग भने ।

'आज्ञा दिनुहोस् भगवन् !'–एकलव्यले सोत्साह भने ।

'मलाई तिम्रो दाहिने हातको औंला चाहिन्छ'–द्रोणाचार्यले यति भनेर शिर झुकाए (शिर झुकाउनैपर्ने थियो) ।

'जो आज्ञा'–श्याबास !–मानौं कुनै ठूलो कुरा होइन ! कति प्रबल इच्छा, कति श्रम थियो अभ्यासको ! उत्कृष्ट धनुर्धर बन्ने कति लगन थियो; किन्तु तलवारले औंला काटेर अँजुलीमा लिएर आचार्यको चरणमा चढाउँदा एक रेखा त एकलव्यको निधारमा देखिनुपर्थ्यो ! अर्जुनसहित पाण्डव र कौरव कुमारहरू मनमनै उसको गुरुभक्तिको अगाडि झुके । एकलव्य सर्वश्रेष्ठ धनुर्धर बनेनन्, तर अमर बने त्यसै दिन आफ्नो गुरुभक्तिद्वारा । धन्य !

गुरुभक्त श्रीकृष्ण- सुदामा– भगवान् श्रीकृष्णले दुराचारी कंसको वध गरेर माता-पिता श्रीदेवकी- वसुदेवलाई सान्त्वना दिए । फेरि आफ्ना मातामह उग्रसेनलाई यदुवंशका राजा बनाए । त्यसपछि नन्दबाबा आदिलाई सम्झाई-बुझाई बडो आदरपूर्वक नाना प्रकारका उपहार दिएर ब्रजमा फर्काए । यसपछि वसुदेवले आफ्ना पुरोहित गर्गाचार्यलाई बोलाएर श्रीकृष्ण बलराम दुवै छोराको द्विजाति-समुचित यज्ञोपवीत-संस्कार गराए । त्यसपछि मनुष्य जस्तै लीला गर्ने, जसबाट समस्त विद्या निस्केका छन् र जो सर्वज्ञानस्वरूप जगदीश्वर छन्, तो श्रीकृष्ण गुरुकुलमा निवासपूर्वक विद्याध्ययनका लागि उज्जैनमा सान्दीपनि मुनिकहाँ गए र त्यहाँ उनले चौंसठ्ठी दिनमा नै चौंसठ्ठी कलाले पूर्ण समस्त विद्या सिके ।

गुरु तीन प्रकारका हुन्छन्– प्रथम गुरु जन्मदाता पिता, दोस्रा उपनयन-संस्कार गरी सत्कर्मको शिक्षा दिने विद्यागुरु र तेस्रा ज्ञानोपदेशद्वारा परमात्मालाई प्राप्त गराउने परम सद्गुरु । यी सद्गुरु वास्तवमा भगवत्स्वरूप नै हुन् । सान्दीपनि भगवान्का विद्यागुरु थिए । श्रीकृष्ण स्वयं भगवान् हुन् । तर गुरुको सेवा कसरी गर्नुपर्छ, यसको आदर्श सबैको सामु राख्नका लागि उनी बडो भक्तिपूर्वक इष्टदेवलाई जस्तै उनको सेवा गर्न लागे । गुरु सान्दीपनि उनको विशुद्ध-भावयुक्त सेवा-देखि ज्यादै प्रसन्न हुन्थे । ब्राह्मणकुमार सुदामा पनि त्यहीं विद्याध्ययन गर्दथे । श्रीकृष्णसँग उनको मित्रता हुन गएको थियो । एकदिनको कुरा हो, सान्दीपनिकी पत्नीले श्रीकृष्ण र सुदामालाई दाउरा लिनका लागि जङ्गलमा पठाइन् । ती घोर जङ्गलमा गएका थिए र विनाऋतुको भयङ्कर आँधी-बिजुली चम्कनुको साथै प्रलयसमान भयानक वर्षा हुन लाग्यो । रात परेर चारैतिर अँध्यारो थियो । सर्वत्र पानी भरिएको थियो । कहाँ खाडल छ, कहाँ किनारा केही पत्तो लाग्दैनथ्यो । आँधीको झोक्का र पानीको चुटाइले ती दुईलाई ज्यादै कष्ट भयो । दिशाको ज्ञान रहेन । कुनै तरहले एकले आर्काको हात समातेर रात काटे । यता शिष्यवत्सल गुरु सान्दीपनि अत्यन्त चिन्तित भएर दुवैलाई खोज्दै जङ्गलमा पुगे र त्यहाँ दुवै शिष्य अत्यन्त आतुर भइरहेको देखे । उनी आएर भन्न लागे–'पुत्र हो ! तिमीहरू

दुवैले ठूलो कण्ठ उठायौ। सबै प्राणीलाई आफ्नो शरीर सबभन्दा बढी प्रिय हुन्छ, किन्तु तिमीहरू दुवैजना आफ्नो शरीरको अलिकति पनि पर्वाह नगरी हाम्रो सेवामा लागिरह्यौं।' त्यसपछि गुरुले प्रसन्न भई धेरै-धेरै आशीर्वाद र वरदान दिए। अन्तमा गुरुदक्षिणाको रूपमा श्रीकृष्णले मरेका गुरुपुत्रलाई यमलोकबाट ल्याएर गुरुलाई दिए। श्रीकृष्ण-लीलामा शिष्यको अनुपम आदर्श छ।

आदर्श शिष्य छत्रपति शिवाजी- समर्थ स्वामी रामदास छत्रपति शिवाजीको बहुत ध्यान राख्तथे। अतः श्रीसमर्थ शिवाजीलाई राजा भएकोले यति महत्त्व दिन्छन् भन्ने कुरो उनका शिष्यहरूको मनमा लाग्यो, शिष्यहरूको सन्देह दूर गर्नु श्रीसमर्थलाई आवश्यक लाग्यो। उनी सबको साथमा घुम्न निस्के र वनको बाटोको एक गुफामा सुतेर भन्न लागे– 'मलाई निकै चर्को उदर-शूल छ।'

छत्रपति शिवाजी पनि त्यसै समय गुरुदेवको दर्शन गर्न निस्केका थिए। आश्रममा श्रीरामदास स्वामी नभेट्टिएकोले उनको पत्ता लगाउन वनतिर लागे। त्यहाँ गुफामा पुगेपछि गुरुदेवलाई वेदना भई व्याकुल भएको देखेर उनले तत्काल चिकित्सक बोलाउने व्यवस्था गर्न खोजे। श्रीसमर्थले भने– 'व्यर्थ उद्योग नगर। यो रोग चिकित्सकको चिकित्साबाट ठीक हुने होइन, किन्तु...।'

शिवाजीले हात जोडेर भने– 'औषधि बताउँदा-बताउँदै किन रोकिनुभयो ? सङ्कोच नमानीकन भन्नुहोस्। त्यो जतिसुकै दुष्प्राप्य किन नहोस्, त्यसलाई ल्याउनु त छँदैछ। हजूर पीडामा हुनुहुन्छ त त्यसको उपचार नगरीकन मलाई कुनै कुरो सुझ्दा पनि सुझ्दैन।'

श्रीरामदास स्वामीले शिथिल स्वरमा भने– 'यो शूल सिंहिनीको ताजा दूधले हटाउन सकिन्छ, किन्तु त्यो त दुष्प्राप्य मात्र होइन, अप्राप्य नै छ।' 'म कोशिश गर्दछु' –शिवाजी तत्काल प्रणाम गरी गुफाबाट निस्के। सिंहिनीको दूध स्वर्णपात्रमा मात्र अड्छ भन्ने कुरो सुनिराखेका थिए; अतः पहिले पात्र लिएर फर्के, अनि वनमा सिंहिनीको गुफा खोज्न थाले। यो सब गर्दैमा साँझ झमक्क परिहाल्यो। अन्ततः गुफा फेला पऱ्यो र त्यस सिंहका दुई डमरु परस्पर खेलेर रहेका देखिए। डमरु भएपछि यसको माउ पनि आउनेछ, यो सोचेर शिवाजी गुफामा ओर्ले र चुपचाप एकातिर उभिएर प्रतीक्षा गरी बसे।

सिंह, बाघ आदि पशु सीधा तलतिर झरेर फेरि पर्वतमा टाढासम्म जाने गुफा रुचाउँछन्। यसले गर्दा कुनै अर्को हिंस्रक जनावरले तिनको अनुपस्थितिमा तिनका बच्चामाथि आघात पुऱ्याउन सक्तैनन्। सिंहिनी आई र गुफामा तल कुदेर घुसी, अनि त्यसका डमरु त्यसको नजीक दौडेर आए, किन्तु मानिसको गन्ध पाएर ऊ गर्जन थाली। शिवाजी त्यसको सामु आएर हात जोडेर भने– 'माता ! गुरुदेवको लागि मलाई तिम्रो अलिकति दूध चाहियो।'

यद्यपि जुन सिंह वा बाघ नरभक्षी छैन, त्यसले मानिसलाई आक्रमण गर्दैन, तापनि डमरुको नजीक भएमा त्यसको पोथी बहुत भयङ्कर हुन्छे। त्यसले तुरुन्त आक्रमण गरिहाल्छे। तर मानिसको भाव सच्चा छ, सहानुभूतिपूर्ण छ भने त्यसको प्रभाव पशुमाथि परि नै हाल्दछ। सिंहिनीले

गर्जन बन्द गरिदिई । शिवाजी त्यसको नजीक बसेर त्यसलाई सुमसुम्याउन थाले । त्यसले पनि उनलाई सुँघेर चाट्न लागी । यो मौका छोपेर त्यसको दूध दुहेर उनले आफ्नो पात्र भरे । त्यस गुफामा माथि चढेर निस्कनमा श्रम धेरै गर्नुपऱ्यो । किन्तु कुनै प्रकारले माथि आइछाडे । ४१०

शिवाजी तब सिंहिनीको दूध पनि लिएर आइहाले । समर्थ शिष्यहरूको साथमा गुफाको करीब-करीब नजीक पुगेका थिए । उनले चरणमा प्रणत छत्रपतिलाई दुवै हातले उठाए ।

आदर्श शिष्य अम्बादास कल्याण– समर्थ स्वामी रामदास एकदिन यात्रामा निस्केका थिए । साथमा कैयौं शिष्य थिए । मध्याह्नको समय, एउटा ठूलो कुवाको नजीक एउटा घना रूखको छहारीमा आसनी बिछ्याएर श्रीसमर्थ विश्राम गर्न लागे । अचानक उनको मनमा केही विचार आयो । उनले आफ्ना शिष्यहरूमध्ये अम्बादासलाई नजीक बोलाए । रूखको एउटा हाँगा कुवामाथि थियो । त्यसतिर संकेत गरेर सोधे– 'तिमी त्यो हाँगा काट्न सक्तछौ ?'

'हजूरको आज्ञा भएमा अवश्य काट्न सक्तछु ।' अम्बादासले हात जोडेर भन्यो । श्रीसमर्थले भने– 'तब बन्चरो लिएर रूखमा चढ र त्यस हाँगालाई काटिदेऊ । त्यसका पात शरद् ऋतुमा झरेर कुवाको पानी दूषित गर्दछ । हाँगालाई त्यसको मूलमा नै काट्नु छ ।'

सब शिष्य यो आज्ञा सुनेर कहिले श्रीसमर्थको मुख हेर्दथे त कहिले अम्बादासको र कहिले त्यस हाँगातिर हेर्दथे । यो हाँगा जुन मोटो हाँगासँग मिलेको थियो, त्यो त सीधै माथि गएको थियो । त्यहाँ टेकेर काट्न सकिने अर्को कुनै हाँगा थिएन । हाँगाको मूलदेखि छुट्टिएको ठाउँबाट काट्नुको अर्थ हो– त्यसै हाँगामा टेकेर काट्नु । खुट्टा अड्याउने अर्को कुनै ठाउँ नै थिएन । त्यस हाँगामा बसेर त्यसलाई काट्नु त काटिने हाँगाको साथै कुवामा खस्नु नै थियो । त्यसको प्राण बच्ने सम्भावना नै थिएन ।

अम्बादासले यो सब देखेनन् भन्ने होइन, तर आज्ञा पाउनेबित्तिकै उनले धोती कसेर बाँधे र बञ्चरो लिएर रूखमा चढे । त्यस हाँगामा बसेर उनले त्यो निस्केकै ठाउँमा बञ्चरो चलाउन शुरू गरे ।

'मूर्ख ! यसप्रकार त तँ कुवामा खस्नेछस् ।' समर्थले माथितिर हेरेर अम्बादासलाई भयभीत गर्न, उनको परीक्षा लिन भने ।

'हजूरको कृपा मलाई संसार-सागरबाट पार गर्नमा समर्थ छ'– अम्बादासले भने– 'यो कुवा कुन गणनामा छ । म त हजूरको कृपाको आश्रयमा सदा सुरक्षित छु ।'

'यति श्रद्धा छ भने आफ्नो काम गर' –श्रीसमर्थले आज्ञा दिए । हाँगा आधाभन्दा केही बढी नै काटिएको थियो टुटेर अम्बादासको साथै कुवामा खस्यो। शिष्य व्याकुल भए, किन्तु श्रीसमर्थ शान्त बसेका थिए । तिनमा जसको यति श्रद्धा छ, त्यसको अमङ्गल सम्भव थिएन । अम्बादासलाई कुवामा आफ्ना आराध्य श्रीरामको प्रत्यक्ष दर्शन भयो ।

शिष्यहरूले प्रयत्न गरी अम्बादासलाई कुवाबाट बाहिर निकालेपछि उनी गुरुको चरणमा परे– 'हजूरले मेरो कल्याण गरिदिनुभयो ।'

'कल्याण त तेरो तेरै श्रद्धाले गऱ्यो । तँ कल्याणस्वरूप भइस्' । –श्रीसमर्थले भने । त्यस समयदेखि अम्बादासको नाम 'कल्याण' हुन गयो ।

गुरुभक्त जाबाल सत्यकाम– जबालाका पुत्र सत्यकाम जाबाल उच्च कोटिका गुरुभक्त थिए । उनले एकपल्ट हारिद्रमत गौतमकहाँ गई भने– 'म हजूरकहाँ ब्रह्मचर्यको पालन गरी बस्नका लागि आएको छु ।'

गुरुले भने– 'सौम्य ! तिमी कुन गोत्रका हौ ?' सत्यकामले भने– 'भगवन् ! मलाई थाहा छैन । मेरी आमाले भनिन् के भने मेरो नाम जबाला हो र तेरो नाम सत्यकाम । बस म यति नै जान्दछु ।'

तब गौतमले भने– 'यस्तो स्पष्ट भाषण ब्राह्मणेतरले गर्न सक्तैन । यसकारण तिमी ब्राह्मण हौ, किनभने तिमीले सत्यलाई त्याग गरेका छैनौ ।'

तब आचार्य गौतमले उनको उपनयन-संस्कार गरेपछि गाईको बथानमध्ये चार सय दुब्ला र दुर्बल गाई अलग निकालेर उनीसँग भने– 'सौम्य ! तिमी यी गाईको पछि-पछि लाग ।' गुरुको इच्छा थाहा पाएर सत्यकामले भने– 'यिनका संख्या जबसम्म एक हजार पुग्दैन तबसम्म म फर्कने छैन । यति भनेर उनी एक राम्रो वनमा गए, जहाँ पानी र घाँस प्रशस्त थियो र धेरै समय-सम्म उनले गाईको सेवा गरिरहे । एक हजार भएपछि एउटा साँढेले उनलाई भन्यो– 'सत्यकाम ! हामी एक हजार भयौं, अब हामीलाई तिमीले आचार्य कुलमा पुऱ्याइदेऊ ।' सत्यकामले ती गाई-लाई आचार्य कुलमा लिएर आए । गुरुको आज्ञाको प्रतापले उनलाई बाटो हिंड्दा-हिंड्दै नै साँढे, अग्नि, हाँस र मुद्गु पक्षीद्वारा विज्ञानानन्दघन ब्रह्मको स्वरूपको प्राप्ति भयो । यो कथा छान्दोग्योपनि-षद्को चौथो अध्यायको चौथोदेखि नवौं खण्डसम्म वर्णित छ ।

यिनै ब्रह्मवेत्ता सत्यकामका एक गुरुभक्त शिष्य थिए– उपकोसल । उनले यिनीबाट यज्ञो-पवीत लिएर बाह्र वर्षसम्म यिनको सेवा गरे । यसैले सत्यकामकी भार्याले आफ्ना स्वामीसँग भनिन्– 'यी उपकोसलले बहुत तपस्या गरिसकेका छन् । यसकारण यिनलाई ब्रह्मविद्याको उपदेश दिनु-पर्दछ । तर सत्यकामले यसको कुनै उत्तर दिएनन् र आदेश नदिईकन नै बाहिर कहीं गए । उनी गएपछि उनले उपवास गरे । तब उनलाई अग्निले ब्रह्मको उपदेश दिए । त्यसपछि गुरु फर्केर आए । अनि उनलाई भने– 'सौम्य ! तिम्रो मुख ब्रह्मवेत्ताको जस्तै देखिन्छ, तिमीलाई कसले उपदेश दियो ?'

उपकोसलले अग्निलाई लक्ष्य गरेर संकेत गरे । त्यसपछि आचार्यले सोधे- 'के उपदेश दिए-को छ ?' तब उनले भएभरको सबै कुरा भनेर सुनाए । आचार्यले भने– 'सौम्य ! अब तिमीलाई ती ब्रह्मको उपदेश गर्नेछु, जुन जानेपछि कमलको पात पानीले नभिजेझैं पापले लिप्त नहुने होइन्छ ।'

उपकोसलले निवेदन गरे– 'उपदेश दिनुहवस् ।' यसपछि आचार्यले त्यसै ब्रह्मको उपदेश दिए र त्यो मनन गरेपछि उनी बोधवान् (ज्ञानी) भए । यो कुरा छान्दोग्योपनिषद्मा भनिएको छ ।

राजधर्मको आदर्श

महाराज अश्वपति– एकपल्ट अनेक ऋषि र ऋषिपुत्र एकत्र भए । तिनमा आत्मा र ब्रह्मबारे विचार हुन थाल्यो; किन्तु तिनीहरू कुनै निश्चयमा पुगेनन् । यसकारण ती एकत्र भई महर्षि उद्दालककहाँ पुगे । तर उनले भने– 'यी वैश्वानर आत्माको ठीक-ठीक बोध त महाराज अश्वपतिलाई नै छ । हामी सबै उनकहाँ जाऔं ।'

यतिकसा ऋषि तथा ऋषिपुत्र एकसाथ आएको देखेर महाराज अश्वपतिलाई बडो खुशी लाग्यो । उनले सबैलाई अभिवादन गरेर आसनमा बसाले । महाराजले तिनका चरण धोए; चन्दन, माला, फूल आदिले तिनको पूजा गरे । यसपछि तिनका भोजनका लागि नाना प्रकारका स्वादिष्ट सात्त्विक पदार्थ सुनको थालीमा पस्के र दक्षिणाको रूपमा स्वर्णराशि अर्पण गरे । परन्तु ती अभ्यागतहरूले न त भोजनको स्पर्श गरे, न धन लिन स्वीकार गरे ।

राजा अश्वपतिलाई ऋषिहरूको यस व्यवहारबाट आश्चर्य लागेन । उनले हात जोडेर भने– 'म जान्दछु, शास्त्रमा राजाको अन्न अपवित्र भनिएको छ, अपवित्र पनि यसकारण भनिएको छ– राजाले चोर, डाँकू, अनाचारी आदिमाथि अर्थदण्ड गर्दछ र ती पापीहरूको धन उसकहाँ आउँछ । प्रजाको पुण्य र पापमा पनि राजालाई भाग मिल्दछ । तर मेरो राज्यमा त कोही चोर छैन, कोही मद्यप छैन, अनाचारी पुरुष नै छैन भने त अनाचारिणी स्त्रीहरू कहाँबाट होलान् । यस अवस्थामा हजूरहरू सबै मेरो यहाँ भोजन किन गर्नुहुन्न ? मेरा अन्न तथा धन त निर्दोष छन् ।'

तो ऋषिहरूले भने– 'राजन् ! पुरुष जहाँ जुन प्रयोजनले जान्छ, त्यसको त्यो प्रयोजन पूर्ण होस् –यही त्यसको सत्कार हो । हामी सब हजूरकहाँ धनका लागि आएका होइनौं । हामी वैश्वानर आत्माको ज्ञान प्राप्त गर्न आएका छौं ।'

'आज त हजरहरू सबै भोजन गरेर आराम गर्नुहोस् । भोलि हजूरहरूको कुरा विचार गर्नेछु । राजा अश्वपतिले हाँसेर कुरो टारिदिए । भोजन गरी अग्निशालामा बसेका ती अतिथि परस्पर विचार गर्न लागे– 'राजाले हाम्रो प्रश्नको किन उत्तर दिएनन् ? उनले भोलि उत्तर दिने निश्चित आश्वासन पनि दिएनन् ।' 'हामी सबैले अविधिपूर्वक प्रश्न गऱ्यौं त उत्तर कसरी मिल्ला ?' –महर्षि उद्दालकले बताए– 'हामी जिज्ञासु भएर आयौं र उच्चासनमा बसी पूजा स्वीकार गर्न लाग्यौं । ज्ञानको प्राप्ति यसप्रकार हुँदैन । विद्या पनि पानी जस्तै अधःप्रवाहिनी छ । जो तल बस्तछ, विनम्र हुन्छ, ज्ञान त्यसतिर जान्छ ।'

भोलिपल्ट तिनीहरू हातमा समिधा लिएर विनम्र भावले राजाको समीप गए । तब राजा अश्वपतिले तिनीहरूलाई आत्मज्ञानको उपदेश दिए र ब्राह्मण कुमारहरू क्षत्रिय राजाबाट ज्ञान प्राप्त गरी आ-आपना आश्रममा आए ।

सम्राट् अशोक– प्रियदर्शी सम्राट् अशोकको जन्मदिन थियो । सबै प्रान्तका शासक उपस्थित भएका थिए ।

राजसभामा सम्राट् सिंहासनमा आसीन भएपछि प्रान्तीय शासकहरूले आ-आपना कार्यको विवरण सुनाउन आरम्भ गरे । उत्तर-सीमान्तका शासकले तीन गुना आय गरेका थिए । दक्षिणका शासकले राजकोषमा प्रतिवर्षको अपेक्षा दुगुना सुन आयात गरेका थिए । पूर्वीय प्रदेशका शासकले आफ्नो प्रान्तमा उपद्रवी तत्त्वलाई दबाइदिएका थिए । एक अर्का प्रान्ताधिपले प्रजाबाट कर बढी लिएका थिए; सेवकहरूको व्यय कम गरेका थिए तथा राजकीय आयको अरू नै कुनै स्रोत खोजेर निकालेका थिए । यी सबै आफ्नो शासन-कुशलताको परिचय दिएर सम्राट्बाट पुरस्कृत हुने आशा गरिरहेका थिए ।

सबैभन्दा पछि मगधका प्रान्तीय शासक उठे । उनले निवेदन गरे– 'मेरो प्रान्तले प्रतिवर्षको अपेक्षा आधाभन्दा कमै धन राजकीय कोषमा दिएको छ, किनभने प्रजाको कर कम गरिएको छ र राजसेवकको सुविधा केही बढाइएको छ । प्रान्तमा उपयुक्त स्थलमा कुवा तथा धर्मशाला बनाइएका छन् । रोगीहरूका लागि चिकित्सालय तथा बालकहरूको शिक्षाका लागि पाठशाला पनि ठाउँ-ठाउँमा खोलिएका छन् ।'

'यस वर्षको सर्वश्रेष्ठ शासक हुनाको पुरस्कार मगधको प्रान्तीय प्रशासकको गौरव बढाउने छ ।' सब विवरण सुनेर सम्राट्ले घोषणा गरे । उनले यो पनि आदेश दिए– 'सब प्रान्तीय प्रशासकले उनबाट प्रेरणा लेऊन् । अशोकलाई प्रजालाई शोषण गरेर प्राप्त हुने स्वर्ण राशि चाहिएको छैन । प्रजाको उचित कुरा नसुनीकन तिनको दमन गर्नेलाई म निन्दा गर्दछु । प्रजालाई सुख-सुविधा दिनु-पर्दछ, यही मेरो इच्छा हो ।'

राजकुमार मूलराज– लगभग नौ शताब्दी पहिलेको कुरो हो । गुजरात त्यस समयमा भीमदेवको शासनमा थियो । एक वर्ष अनावृष्टि भयो । खेतमा केही हुँदै नभएपछि किसानले कर कहाँबाट देऊस् ? एक गाउँका मानिसहरूले कर दिन सकेनन् । राजाका सिपाही त्यस गाउँमा गए र तिनका घरमा जे-जे भेटिए सब उठाएर ल्याए । राजकुमार मूलराजले तो किसानको रुदन, तिनको दयनीय दशा देखे; किन्तु उनी बालक थिए, केही गर्नु उनको वशमा थिएन ।

तिनताक राजकुमार घोडसवारी सिकिरहेका थिए । पिताले भनेका थिए के भने उनले मन लगाएर सिके भने पुरस्कार पाउनेछन् । राजकुमारले रातोदिन धसिएर आफै र घोडालाई पनि थकाए, किन्तु हप्ताभित्रैमा घोडसवारीको परीक्षा दिन पिताको सम्मुख उपस्थित भए । उनको उत्साह र निपुणता देखि प्रसन्न भएर राजा भीमदेवले भने– 'तिमी आफ्नो पुरस्कार माग ।'

'यहाँका गरीब किसानहरूका जुन सामान राजसेवकले कर नदिनाको कारण लिएर आएका छन्, त्यो उनीहरूलाई फर्काइयोस् ।' मूलराजले पुरस्कारमा मागे । 'मेरो पुत्र यति प्रजावत्सल छ'– भीमदेव बहुत प्रसन्न भए । उनले भने– 'बाबु ! तिमी आफ्नो लागि पनि केही माग ।'

'आजदेखि जहाँ अकाल पर्दछ त्यहाँका किसानबाट कर लिइनेछैन भनी यदि हजूरबाट घोषणा हुन्छ भने मलाई बहुत खुशी लाग्नेछ ।' मूलराजले यो मागे र पुत्रलाई यो पुरस्कार दिएर राजालाई पनि अपार हर्ष भयो ।

धर्मका आदर्श महाराज चन्द्रापीड– महाराज चन्द्रापीडले देवमन्दिर बनाउने सङ्कल्प गरेका थिए । शिल्पी आमन्त्रित गरिए । शिल्पिवर्गका प्रधानले एक भूमि मन्दिरका लागि रोजे । किन्तु भूमिको रेखाङ्कन रोकिदिनुपऱ्यो । भूमि जति आवश्यक थियो त्यसको एक भागमा एक सार्कीको छाप्रो थियो । राज्यका कर्मचारीले त्यस भूमिको अत्यधिक मूल्य दिइरहेका थिए, किन्तु सार्की भन्दैथ्यो– 'मलाई कुनै पनि मूल्यमा भूमि बेच्नु छैन ।' प्रजावत्सल महाराज चन्द्रापीडको राज्यमा कर्मचारी प्रजाको कुनै सदस्यमाथि अत्याचार गर्ने साहस गर्न सक्तैनथे । तिनीहरूले महाराजसँग परिस्थितिबारे निवेदन गरे । महाराजले भने– 'बलपूर्वक कसैको जग्गा-जमीन लिन सकिंदैन । मन्दिर अन्त बनाइयोस् ।' प्रधान शिल्पीले यसमा बाधा दियो– 'त्यस जग्गामा मन्दिर बनाउने सङ्कल्प गरिसकियो । राजधानीको आसपासको जग्गा मैले हेरिसकेको छु । देवमन्दिरको उपयुक्त त्यति श्रेष्ठ जग्गा अर्को छैन ।'

सार्कीलाई राजदरबारमा बोलाइयो । महाराजले उसलाई भने– 'जग्गा मलाई आफ्नो कुनै उपयोगको लागि चाहिंदैन । देवमन्दिरको निर्माणमा बाधा दिनु पाप हो, यो तिमीलाई थाहै छ । तिमी अर्को जग्गा जहाँ चाहन्छौ, जति चाहन्छौ लेऊ । तिम्रो लागि त्यसमा भवन बनाइनेछ, यदि तिमी स्वीकार गर्छौ भने ।'

सार्कीले हात जोडेर भन्यो– 'महाराज ! हजूरको यो पैतृक राजसदन हो । कसैलाई कुनै मूल्यमा यसलाई दिन के हजूरले स्वीकार गर्नुहोला ? म दरिद्र छु, नीच जातिको हुँ, किन्तु मेरा पिता-पितामह त्यही छाप्रोमा बसेका हुन् । मेरो लागि त्यो जग्गा माता बराबर छ । म त्यो बेच्न सक्तिनँ ।'

नरेश उदास भए । सार्कीले एक छिन चुप लागेर भन्यो– 'महाराज ! हजूरले मलाई धर्म-सङ्कटमा पारिदिनुभयो । देवमन्दिर बनाउनमा बाधा हालूँ त पाप लाग्नेछ र त्यस पापले मेरा पूर्वजलाई पनि पीडा देला । यसकारण एक उपाय छ, यदि हजूर यो नीच जातिको सार्कीकहाँ आएर माग्नुहुन्छ भने त्यो छाप्रोको जग्गा देवमन्दिर बनाउनका लागि हजूरलाई दान गरिदिनेछु । यसबाट मलाई र मेरा पूर्वजलाई पुण्य हुनेछ ।'

'महाराज सार्कीले दान गरेको जग्गा लिन्छन् ।' राजसभाका सदस्यहरूलाई यस प्रस्तावमा क्रोध आयो । एक दरिद्र अछूतलाई महाराजको अपमानको साहस किन, कसरी आयो ?'

'तिमो जाऊ।' महाराजले सार्कीलाई केही नभनीकन बिदा दिए। किन्तु भोलिपल्ट काश्मीर-का धर्मज्ञ नरेश सार्कीको छाप्रोमा जग्गादान माग्न पुगे। सार्कीबाट उनले जग्गादान स्वीकार गरे र त्यसमा मन्दिर-निर्माण गराए।

आदर्श राजा देपाल दे– सौराष्ट्रको एक सानो गाउँमा एक चारण (भाट) किसान बस्थ्यो। मूलतः चारण सरस्वतीको पुत्रलाई भनिन्छ; परन्तु त्यो बिचरो चारण रत्ती पढे-लेखेको थिएन। अतः उससँग पूर्वजको जो थोरबहुत जमिन थियो, त्यसमा खेती गरेर आफ्नो जीवन-निर्वाह गर्दथ्यो। परन्तु हरे दुर्भाग्य ! ठीक वर्षाऋतुको शुरूमै बिचरो चारणका दुई गोरुमा एउटा गोरु मऱ्यो। जोडा खण्डित हुन गयो। एक त गरीब थियो नै, अर्को ठीक चौमासको शुरुमा नै गोरु मरिदि-एकोले चारण शोकातुर भयो। परन्तु अझै वर्षा भएको थिएन, यसैबीच त्यस चारण किसानले केही स्नेही मित्र र सेठहरूकहाँ गएर पैसाका लागि माग गऱ्यो र भन्यो– 'भाइ ! म तपाईंलाई तपाईंको पैसा बाली आएपछि ब्याजको साथै फर्काइदिनेछु।' किसानको दर्द भरिएको कुरामा कसैले ध्यान दिएनन् र कसैले उसलाई पैसा नदिएपछि त्यो चारण निराश भएर घर फर्क्यो।

आफ्नो पति निराश भएको देखेर चारिणी पनि दुःखित भई। झन् वर्षाको बादलले घेरेको देखेर त मानौं प्रभुलाई बिन्ती गर्दै मनमनै भन्न लागी– 'हे प्रभु ! मेरो यस जगत्मा तिमी सिवाय अर्को कोही छैन। तिमी त दीनदयालु कहलाउँछौ। हे नाथ !के तिमी समाथि दया गर्दैनौ ?'

मानौं त्यस स्त्रीको प्रार्थनाको उत्तरमा गर्जनको साथसाथै बिजुली चम्क्यो। समय बित्न केही बेर लागेन। ग्रीष्मको गर्मी हटेर चौमास प्रारम्भ हुन लागेको थियो। बिजुली मिलिक-मिलिक गर्नुको साथै आकाशलाई बादलले टम्म घेरेर वर्षा हुन लाग्यो। जहाँतहीं किसानका मुखमण्डलमा आनन्दको भाव झल्कन लाग्यो। सबै किसान आ-आफ्ना खेतका साधन र गोरु लिएर खेतमा जान लागे। कोही गोरु जोत्न थाले त कोही बीउ रोप्न थाले।

यो चारण (भाट) किसानले पनि आफ्नो खेतीका लागि उपयोगी साधन तयार पाऱ्यो। तर हरे दुर्भाग्य ! अर्को गोरु कहाँ ? अर्को गोरु त छँदैथिएन। तब त्यो चारिणी घरबाट बाहिर ढोकामा आएर भन्न लागी– 'स्वामी ! नाथ ! म पनि एक सहनशील सोरठी (ग्राम-कवि) किसान-की चरणसेविका पत्नी हुँ। हामीसँग अर्को गोरु नभएर के हुन्छ, अर्को गोरुको सट्टा म आफै जोतिन्छु; किन्तु हामीले खेती गर्ने समय व्यर्थ नष्ट हुन दिनु हुँदैन। समय बितेपछि खेती हुँदैन।

पत्नीको कुरा सुनेर हताश चारणलाई केही हिम्मत आयो र ऊ आजसम्म दुःख सहेर जोगा-इराखेको गोरुलाई र आफ्नी पत्नीलाई साथमा लिएर खेतमा गयो र जुवामा एकापट्टि गोरुलाई र अर्कोपट्टि आफ्नी जवान पत्नीलाई जोतेर हल चलाउन लाग्यो। जसरी मानिस मनले चाहना गरेको भोजन गरेर परितृप्त हुन्छ, त्यसरी नै काफी वर्षा भएकोले धरती माता पनि तृप्त भएकी थिइन्। ठीक मध्याह्नकाल थियो, भगवान् सूर्यनारायण पनि आज खूब तेजिला थिए। त्यो जवान किसान चाँडो-चाँडो रोप्ने हतपतमा साहसपूर्वक हल चलाइरहेको थियो, जसले गर्दा त्यसकी स्त्री

थाकिसकेको थिई र त्यसका मुखमण्डलमा थाकेको चिह्न स्पष्ट दृष्टिगोचर भइरहेको थियो । तैपनि त्यो किसान आफ्नो काममा साहसपूर्वक लागि नै रहेको थियो । त्यसै समय संयोगवश राजा देपाल दे त्यस चारणको खेतीको नजीक आइपुगे । किसानको गोरुका साथ अर्को गोरुको सट्टा त्यसकी स्त्री जोतिएको देखेर दयाले राजाको हृदय द्रवीभूत हुन गयो ।

कवि र शास्त्रकार भन्दछन्,.....राजा कालस्य कारणम् तथा यथा राजा तथा प्रजा- वस्तुतः यस भनाइमा कति सत्य लुकेको छ ? राजा देपाल दे आफ्ना साथका सिपाहीहरूलाई पर राखेर केवल एकजना मानिसलाई साथ लिएर त्यस किसानकहाँ गएर भन्न लागे– 'भाइ ! यो तेरो खेती गर्ने कुन तरिका हो ? भद्र मानिस ! गोरुको साथ स्त्रीबाट काम लिनु के ठीक छ ? भाइ ! अब चाँडै यी बहिनीलाई छाडिदे । के तेरो हृदयमा यति बढ्ता निर्दयता आयो र तँ यी बिचरी सोझी स्त्रीलाई गोरुको स्थानमा जोतिरहेको छस् ? हेर भाइ ! मनमा अलिकति दया त हुनुपर्छ ।'

यो सुनेर किसान बोल्यो– 'हेर्रे, धेरै हेर्रे । तर कोही ठूलो दयावान् देखिएन । त्यसो त दया-माया को कुरा त बहुत सुनेको छु र मनमा पनि दया छ र यो स्त्री पनि मेरै हो र मेरी अत्यन्त प्यारी पनि छ । परन्तु के गरुँ यो मौसम खेती गर्ने । अर्को भएको गोरु पनि केही दिन पहिले मरि-हाल्यो । घरमा पैसा छँदैछैन, गाउँमा पनि कैयौं ठाउँमा पैसाका लागि दौडधूप गरियो; परन्तु कहींबाट एक पैसा पनि मिलेन । बिनापैसा गोरु कहाँबाट पाउन सकिन्छ ?'

किसानको यो दयनीय कुरा सुनेर राजाले भन्न लागे– 'हेर भाइ ! तिमीलाई वास्तवमा गोरुको अत्यन्त आवश्यकता छ । म तिमीलाई अहिले गोरु मगाएर दिन्छु ।' यति भनेर आफ्नो साथको मानिसलाई तुरुन्त गोरु लिएर आउन भने । परन्तु त्यो किसान अलिकति पनि नहेरी या प्रतीक्षा नगरीकन आफ्नो काम यथावत् नै गरिरह्यो । यो देखर राजा भन्न लागे– 'ओ भद्र मानिस ! अब गोरु आइहाल्नेछ, के तिमी त्यति बेलासम्म धैर्य गर्न सक्तैनौ ? हेर भाइ ! मलाई तिम्री स्त्रीमाथि बडो दया लागिरहेछ । हेर त बिचरी कति बढी थाकेकी छिन् ।'

'अहो ! यति बडा दयालु पुरुष सैले कहिल्यै देखिन । यदि यति बढी दया लागिरहेछ भने जबसम्म गोरु आइपुग्दैन, तबसम्म तिमी आफूलाई जोताएर यस स्त्रीलाई किन छुटाउँदैनौ ?'

देपाल देले अलिकति पनि रूखो भाव प्रकट नगरीकन किसानको कुरा स्वीकार गरे र किसान-ले गोरुको साथ जोतिएकी स्त्रीलाई छाडेर त्यसको ठाउँमा राजालाई जुवामा जोत्यो । यसप्रकार शुरू-शुरूमा एक-दुई चक्कर के लगाएको थियो राजाका मानिस गोरु लिएर आइपुगे र किसानलाई गोरु दिइयो । पहिले त किसानले गोरुको कुरा गफ मात्र हो भन्ठानेको थियो । परन्तु अब थोरै समयमा गोरु आइपुग्दा त लज्जित भई गोरुलाई जुवामा जोतेर उसले राजालाई मुक्त गरिदियो ।

यस उपकारको बदला त्यस किसानले आभारको एक शब्द बोल्न सकेन । राजा देपाल दे पनि मानौं केही नभएको जस्तो गरी हाँस्दै-हाँस्दै आफ्ना मानिसहरूलाई साथमा लिएर त्यहाँबाट प्रस्थान गरे । बिस्तार-बिस्तार दिन बित्दै गयो । खेतमा रोपेको अनाज (ज्वार) राम्ररी उम्रियो ।

सारा खेत हराभरा भयो । तर त्यहाँ एक आश्चर्यलाग्दो कुरा के भयो भने खेतभर खूब सुव्यवस्थित किसिमसित ज्वार उम्रेको थियो; किन्तु जुन ठाउँमा राजा देपाल देलाई जुवामा जोतिएको थियो, त्यहाँ एउटा पातसम्म नटुसाएकोले किसान निराश भएर मनमनै सोच्न थाल्यो– 'अरे ! त्यो कुन अभागी मानिस आएको थियो ? त्यो जहाँ-जहाँ गएको थियो, त्यहाँ-त्यहाँ केही पनि उम्रेन ।'

यसप्रकार सोचेर कारण जान्नका लागि किसानले त्यहाँ जमीन खनेर हेर्न लाग्दा जहाँ-जहाँ राजा देपाल दे गएका थिए, त्यहाँ-त्यहाँ हलको सियोको डोबमा रोपेको ज्वारको बदला सच्चा मोती झल्किरहेको देख्यो । यसबाट त्यस चारण किसानलाई झन् आश्चर्य लाग्यो । पछि उसले भुइँ खनेर सारा मोती जम्मा गऱ्यो र घर गएर आफ्नी स्त्रीलाई सारा कुरा सुनायो । अनि त खोजी गर्दा उसलाई गोरु दिने अरू कोही होइन, किन्तु राजा देपाल दे नै हुन् भन्ने थाहा भयो । यसबाट त्यो किसान दुःखित भयो र आफ्नी स्त्रीसँग भन्न लाग्यो– 'देवी ! म मूर्ख मानिस हुँ, मैले कस्तो भूल गरें । म अभागीले राजालाई पनि चिनिनँ र देवताजस्ता सुकुमार राजालाई जुवामा जोतें । देवी ! यी सच्चा मोती मेरा आफ्ना होइनन्, म भोलि नै राजाको दरबारमा गएर राजालाई दिएर आउँछु ।'

भोलिपल्ट बिहान उज्यालो हुनेबित्तिकै किसान खेतमा पाएको मोती पोको पारेर सीधा राजदरबारमा गयो । किसान अपठित नै थियो नै, तर जातिको चारण (भाट) थियो, उसको मुखबाट सहसा एक दोहा निस्कियो–

जो जानत तुझ पाद साँचा मोती नीपजे ।
बपरावत दिन-रात देव तने देपाल दे ।

'हे देवतुल्य राजा देपाल दे ! तिमी चल्नाले सच्चा मोती झर्दछ भन्ने कुरो पहिले नै मलाई थाहा भएको भए म तिमीलाई रातोदिन काममा लगाइराख्ने थिएँ' –यति भनेर चारण किसानले मोतीको पोको राजाको सम्मुख खोल्यो । राजा देपाल दे र सारा दरबारिया यो देखेर चकित भए । चारणले आफूले मोती पाएको सब बेलीबिस्तार लगायो । यो सुनेर राजा देपाल दे अलि-अलि मुस्कुराउँदै भने– 'भाइ ! यस स्थितिमा त यी मोती मेरा होइनन्, किन्तु तिम्रा मानिन्छन् । यसमा मेरो अलिकति पनि अधिकार छैन, किनभने म त आफ्नै इच्छाले तिम्रो गोरुको सट्टा जोतिएको थिएँ ।' राजा देपाल देको यो उदारता, निष्कपटता र निरभिमानिता देखेर त्यस चारण किसानको साथ सारा दरबारिया गद्गद भए र नराणां च नराधिपम्रूप पवित्र राजाका चरणमा सबैका शिर निहुरिए ।

नारी-धर्म र त्यसको आदर्श

सृष्टिका आदि-स्रोत हुन् नारी । नारी सृष्टि-सिर्जनामा पुरुषका पूरक हुन् । यिनबाट सृष्टिको आरम्भ भयो । सृष्टि-सिर्जनामा यदि पुरुषको अंश बीजरूपमा रहेको छ भने नारी उर्वरा-श्यामला

भूको रूपमा रहेकी छ । सिर्जना र वृद्धि नारीका प्रभूत गुण हुन् । सम्भवतः यसै गुणबाट नारी जननी कहलिएर विश्वबन्द्य भइन् । हिन्दू-संस्कृतिका पृष्ठ नारी-महिमाको स्वर्णिम प्रशस्तिले भरपूर छन् । हाम्रो शास्त्र भन्दछ– जहाँ नारीको पूजा-सम्मान हुन्छ, त्यहाँ देवता रमण गर्दछन् ।

स्त्री समाज सभ्यता एवं संस्कृतिको मेरुदण्ड हो भन्ने विषयमा प्राचीन एवम् अर्वाचीन सब विचारक एकमत छन् । हाम्रो धर्मको धारणामा त्यसलाई अत्यधिक विशेषता प्राप्त भएको छ । भोगको बीच त्याग, तपस्या, समर्पण एवम् अर्चनाको प्रतिष्ठाले त्यसलाई एक अद्भूत शक्ति एवं भव्यता प्रदान गरेको छ । यो जगदम्बाकै स्वरूप मानिएको छ । दुर्गासप्तशतीमा भनिएको छ –

विद्या समस्तास्तव देवि भेदाः ४१८
स्त्रियः समस्ताः सकला जगत्सु ।

"हे जगदम्बिके ! जगत्मा जति पनि स्त्री छन्, तिम्रै भेद हुन्, तिम्रै अंश हुन् ।" लक्ष्मीको एक स्तोत्रमा कवि भन्दछन्– "माता लक्ष्मी ! तिमी घर-घरमा गृहलक्ष्मीको रूपमा प्रतिष्ठित छौ ।" हाम्रो विचारधारामा हाम्रो, धर्ममा र हाम्रो श्रेष्ठ साहित्यमा सदैव नारी पूज्या, आदरणीया र प्रेमास्पदा हुँदै आएकी छन् । श्रुति-स्मृति-पुराण तथा गृह्यसूत्रमा सर्वत्र हामी उनीप्रति विशेष स्नेह तथा आदरको व्यवहार गर्ने उपदेश पाउँछौं । महाभारतमा भनिएको छ–

स्त्रियो यत्र च पूज्यन्ते रमन्ते तत्र देवताः ।।
अपूजिताश्च यत्रैताः सर्वास्तत्राऽफलाः क्रियाः ।
तदा चैतत् कुलं नाऽस्ति यदा शोचन्ति जामयः ।।
जामिशप्तानि गोपानि निकृत्तानीव कृत्यया ।
नैव भान्ति न वर्धन्ते श्रिया हीनानि पार्थिव ।। -मनु. ४६।५–७

"जहाँ स्त्रीहरूको आदर-सत्कार हुन्छ, त्यहाँ देवता प्रसन्नतापूर्वक निवास गर्छन् तथा जहाँ यिनीहरूको अनादर हुन्छ, त्यहाँको सारा क्रिया निष्फल हुन जान्छ । जब कुलका छोरी-बुहारी-हरू दुःख पाएर शोकमग्न हुन्छन्, तब त्यस कुलको नाश नै हुन्छ । तो खिन्न भई जुन घरलाई सराप दिन्छन्, तो कृत्याद्वारा नष्ट भए बराबर उजाड हुन्छन् । तो श्रीहीन घरले न त शोभा पाउँछन्, न तिनको वृद्धि नै हुन्छ ।" वास्तवमा अलि गम्भीर दृष्टिले हेर्‍यो भने नारी नै कुनै पनि संस्कृतिको जड हो । जबसम्म तिनी अभिशप्त रहन्छिन्, जबसम्म तिनी आफ्नो धर्म र कर्तव्यलाई ठीक-ठीक ग्रहण गर्दिनन्, तबसम्म कुनै वास्तविक प्रगति हुनु सम्भव छैन । यो त तब हुन्छ, जब कन्या सच्चा कन्या, नारी सच्चा नारी र माता सच्चा माता बन्दछिन् ।

नारी-जीवनलाई प्रधानतः तीन भागमा विभाजित गर्न सकिन्छ; जस्तो कन्या, गृहिणी र विधवा ।

१) कन्या– कन्याऽप्येवं पालनीया शिक्षणीयाऽतियत्नतः । अत्यन्त यत्नपूर्वक कन्याको पालन तथा शिक्षण हुनुपर्दछ, किन्तु उनको शिक्षा उनलाई पुरुष बनाउने हुनु हुँदैन, किनभने जसभित्र जुन मौलिक सत्ता छ, त्यसैलाई प्रकट गर्नु र पुष्ट गर्नु शिक्षाको लक्ष्य हो । स्त्रीजातिको मौलिक सत्ता तीन छन्– उनी असल माता, सद्गृहिणी तथा आदर्श सती हुन् । अतः यी तीन भावलाई पुष्ट गर्नका लागि नै उनलाई शिक्षा दिनुपर्दछ । यदि बी. ए., एम. ए. र आचार्य पास गरेर पनि स्त्री-जाति यी तीन भावलाई गुमाउँछन् भने उनको शिक्षा कुनै कामको होइन भनिन्छ । ४१९

मध्ययुगमा धेरै समयसम्म कन्या समाजमा अपेक्षित भई रहे । पहिले उनको उपेक्षाको कारण केही निम्न कोटिको सङ्कीर्ण सामाजिक परम्परामा थियो, जहाँ उनलाई पराई चीजको रूपमा ग्रहण गरिन्थ्यो । आज बाह्य दृष्टिबाट उपेक्षा छैन, तिनलाई सामाजिक प्रतिष्ठा प्राप्त भएको छ, लाडप्यारसहित लडकीको पालनपोषण गरिन्छ, शिक्षा पनि दिइन्छ, जीवनको हरेक क्षेत्रमा प्रवेश गरिरहेछन्, कहीं तिनका लागि विधि-निषेध छैन । सब मार्ग खुलेका छन्– परन्तु यो सब शिक्षा मुख्यतः ऐहिक हो । यसको निमित्त समाजले जहाँ ऐहिक सुख-सुविधाको शक्ति प्रदान गरेको छ र बाह्यतः त्यसलाई विकसित गरेको छ, त्यहाँ (दुःखको साथ भन्नुपर्दछ) भित्रबाट तिन-लाई (कन्या) संकुचित गरिदिएको छ । तिनमा आफ्नो सुखको वृत्ति अधिकाधिक बढ्दै गएको छ, यसकारण एक भोगवादी, बाहिरबाट वृद्धिशीला, परन्तु प्राणको उत्साहलाई सुक्खा पार्ने परि-वेशमा तिनीहरू खुम्चेका छन् । बाह्य सजधज नै जीवनको लक्ष्य हुँदै गइरहेको छ ।

हामीले बालक-बालिकाको शिक्षामा एकरूपताको स्थापना गरी गर्व अनुभव गर्‍यौं । किन्तु निसर्गजात सत्यलाई बिर्स्यौं । पुरुष र स्त्रीको मनोरचना, अन्तःप्रवृत्ति र जीवनको निर्माण-मा, तिनको योग र कार्यमा जुन अन्तर छ, त्यसैअनुसार तिनका शिक्षा-दीक्षा, तैयारी र कार्य-विभाग हुनुपर्दछ । धेरैजसो कार्यमा समानता होला, कुनैमा सहयोग होला र कुनैमा एकरूपता पनि होला, किन्तु दुवैका प्रेरणाहरू बेग्लाबेग्लै स्रोतबाट उद्भूत हुन्छन्, यस कुरामा ध्यान नदिनाले कठिनाइ उत्पन्न हुन्छ । स्त्रीलाई पुरुष बनाउनु र पुरुषलाई स्त्री बनाउनु प्राकृतिक अभिक्रमलाई निरर्थक बनाउने चेष्टा हो । यसमा शक्तिको अपव्यय मात्र हुन्छ, विनिमय या सदुपयोग हुँदैन ।

यसै कारण एक सीमासम्म मात्र केटा-केटीहरूको पाठ्यक्रम एउटै हुनुपर्छ । सामान्य शिक्षणपछि प्रच्छन्न प्राकृतिक शक्तिहरूको विकास गराउने किसिमको शिक्षा कन्याहरूलाई दिनु-पर्छ । उसैबाट उसको आशा र अपेक्षाको पूर्ति हुन्छ । व्यावहारिक जीवनमा पुरुष मुख्यतः जीविका तथा तत्सम्बन्धी कार्यहरूको एवं कुटुम्ब, परिवार र समाजको गठनको बोझ उठाउने हुन्छ । स्त्री यस जीवन-विग्रहमा प्राणप्रतिष्ठा गर्दछे । पुरुष जीवनको सैनिक हो । नारी उसकी श्री हो, सुषमा हो, सौन्दर्य हो । पुरुष सभ्यता हो भने नारी संस्कृति हो; पुरुष मस्तिष्क हो त नारी हृदय हो; पुरुष ज्ञान हो भने स्त्री भक्तिनिष्ठा हो । फेरि यो एक सामाजिक सत्य नै हो कि केही अप-वादलाई छाडेर मुख्यतः नारी एक संयुक्त विवाहित जीवन बिताउन चाहन्छे । सुखी विवाहित एवं गार्हस्थ्य जीवनको प्रेरणा औसत नारीमा औसत पुरुषमा भन्दा निकै बढी हुन्छ ।

पुरुष बाँधिन चाहँदैन । स्त्री बाँधिन्छे पनि । यसकारण स्वभावतः उसका लागि यस्तो शिक्षाको आवश्यकता छ, जो उसको निवेदन र समर्पणको वृत्तिलाई विकसित गरोस्, सुसंस्कार गरोस् उसलाई परिवार खण्डित गर्ने होइन, जोड्ने बनाओस् । यो मालाको मणिलाई गुँथ्ने सूत्रसमान छ । यसैले कन्यालाई हाम्रो सभ्यता र संस्कृतिका मुख्य तत्त्वसित परिचित गराउनु आवश्यक छ। उसलाई हाम्रा दर्शन, इतिहास तथा धर्मसूत्रका केही ज्ञान दिनुपर्दछ। उसले ती पातिव्रत्य धर्मको विकास गरेर नयाँ आदर्शको अवतारणा गरी आफ्नो साधनाले सामान्य मानवलाई माटो-बाट उठाएर आकाशमाथि पुऱ्याइदिने प्राचीन महादेवीहरूको चरित्रसित परिचित हुनुपर्छ ।

उसलाई घर सुव्यवस्थित र सुसज्जित राख्ने विविध गृहकलाहरू, सङ्गीत तथा पाकविद्या-को राम्रो ज्ञान हुनुपर्छ । यस शिक्षापछि पनि स्वभावको रचना प्रमुख समस्या हो । सम्पूर्ण ज्ञान भए तापनि स्वभावको कटुता मानवजीवन तथा गृहजीवनको नाश गर्दछ । जो नारी जिभ्राको मिठासमा कटुताको दंशलाई पगाल्न सक्तछे र मुस्कानको जुन तीक्ष्णताको अन्धकारमा फैलाउन सक्तछे, त्यो नारी जीवनमा अवश्य सफल हुन्छे । आफ्ना आमा-बाबु, गुरुजनहरूको आज्ञापालन र सेवा गर्न सिक्नु एवं भाइ-बहिनीप्रति प्रेम र स्नेहले पूर्ण हुनु कन्याको धर्म हो । नोकर-नोकर्नी हरूसँग, छर-छिमेकका समवयस्क केटीहरूसँग नम्रतायुक्त मधुर व्यवहार गर्नु, सबैसँग मीठो बोल्नु, कसैको अपमान-तिरस्कार नगर्नु, नित्य सबेरै उठेर मान्यजनलाई प्रणाम गर्नु, सानालाई आशीर्वाद दिनु, नित्यक्रियाहरूबाट निवृत्त भइसकेपछि गृहदेवता या भगवान्को पूजा-अर्चना, ध्यान आदि गर्नु र त्यसपछि आफ्नो अध्ययन तथा घरका अन्य काममा लाग्नु कन्याको धर्म हो । ४२०

केटाहरूको अपेक्षा केटीहरूलाई धेरै सोची-विचारीकन शिक्षा दिनुपर्छ । उनको चित्त-मा रहेको परम्परागत स्वाभाविक आस्तिकता तथा भक्तिभावलाई शिक्षाद्वारा पुष्ट पार्नुपर्छ । आर्य वीर तथा आर्य सतीहरूको चरित्र, रामायण, महाभारत तथा अन्यान्य इतिहासहरूबाट संग्रह गरी तिनलाई पढाउनुपर्छ । संस्कृत-शिक्षा, मातृभाषा शिक्षा, साहित्य-शिक्षा, गीता आदि धर्म-ग्रन्थहरूको शिक्षा तिनलाई अवश्य दिनुपर्छ । साधारणतया चिकित्सा तथा पदार्थ विद्याको शिक्षा दिनुपर्छ, जसबाट बालबच्चाको सामान्य बिमारीमा डाक्टर बोलाउन नपरोस् । कन्याहरू-लाई शिल्पशिक्षा तथा भोजन बनाउने शिक्षा विशेष रूपले दिनुपर्छ, जसबाट तिनीहरू भविष्यमा सच्चा माता बन्न सकून् र तिनका फुर्सदको समय केटाकेटीका लागि वस्त्रादि बनाउने काममा राम्ररी कटोस् । अन्नपूर्णा जगत्लाई अन्नदान गर्दछिन्, यसैले उनको अंशरूपिणी स्त्री-जातिले पनि भोजन बनाउनु र भोजन खुवाउनुमा गौरव ठान्नुपर्दछ । यही सच्चा मातृधर्म हो ।

नारी-धर्म– यसप्रकार कन्यावस्थामा शिक्षा दिइएपछि विवाहयोग्य अवस्था हुँदा योग्य पात्रलाई कन्याको दान हुनुपर्छ । सुश्रुतको सिद्धान्तानुसार १६ वर्षकी कन्या र २५ वर्षको वर हुनुपर्छ । पुरुषमा भन्दा स्त्रीमा भोगशक्ति अधिक हुनाको कारण साधारणतः शास्त्रमा यही आज्ञा छ– कन्याभन्दा वरको आयु ९–१० वर्ष बढी हुनुपर्छ । विवाहपछि नारीको गृहिणी-जीवन आरम्भ हुन्छ । यही स्त्रीको आयुको दोस्रो अध्याय (भाग) हो । आयुको यसै भागमा कन्याको अधिकार,

कर्तव्य र जिम्मेवारी पूर्ण रूपले रूपान्तरित हुन जान्छ, 'कन्या' यो नाम अझै पनि शेष रहन्छ । कुलमा रहेसम्म जो कन्या भइरहेकी थिई, उही आज विवाहिता भएर दाम्पत्य-प्रेम-बन्धनमा बाँधिन्छे र गृहलक्ष्मी बन्दछे । प्रेम र विवाह –यी दुई यस्ता वस्तु हुन् जो आफूमाथि आफैले स्वेच्छा-पूर्वक कठोर शासन र सब प्रकारका स्वार्थको स्वयं नै बिलकुल त्याग चाहन्छन्, किन्तु कुनै लाटा-सुधा केटीहरू आफूलाई जित्ने व्यक्तिबाट आफ्नो बढी पूजाको आशा गर्दछन् र तिनको यो मूर्खता तिनको जीवनलाई दुःखदायी र निराशापूर्ण बनाउँदछन् । 'संसार कस्तो हुनुपर्छ' यसको चिन्ता धेरैजसो आफूभन्दा बूढापाकामाथि छाडेर तिनले के गर्नुपर्छ भने 'संसार के हो' यो बुझ्ने कोशिश गर्नुपर्छ ।

प्रेमविवाहको कुरा र उपन्यास पढ्नमा तिनलाई बडो चाख लाग्दछ र आजका उत्ताउला युवक र युवतीहरू ती कुरा बडो चाखले पढ्दछन् र त्यस्तै बन्ने प्रेरणा पनि पाउँछन्, परन्तु निश्चित तथ्य के छ भने जति राम्रा प्रेमविवाहका गाथा छन् त्यति राम्रो प्रेमविवाह हुँदैन, बरु त्यसको विपरीत यस्तो उत्ताउलो सम्बन्धले अल्लारे युवक-युवतीहरूलाई थोरै समयमा नै एक निराशापूर्ण दुःखदायी जीवनमा ल्याएर छाडिदिन्छ र अनि सधैंका लागि पश्चात्तापपूर्ण निराशामा नै दिन काट्नुपर्छ। यस्तै एक सत्य घटनाको उल्लेख यहाँ गरिन्छ । यसबाट सक्कली र नक्कली प्रेमको स्वरूपको ज्ञान हुन्छ ।

रामविनोद एम. कम. पास गरेर कानून पढ्दै थियो । बडो सुन्दर, चिटिक्क परेको, गौर शरीर, मनोहर मुख, विशाल नेत्र–सबै कुरा चित्ताकर्षक थिए । दुई वर्षपहिले एक असल उच्च घरानकी सुन्दर सुशीला कन्या चम्पासँग उसको विवाह भइसकेको थियो । उसले म्याट्रिकसम्म पढेकी थिई । उसको स्वभावमा शील, आर्यनारी सुहाउँदो लाज, सेवा, त्याग, नम्रता सादापन जस्ता एक-से-एक गुण थिए । तर स्वभावतः ऊ चटक-मटक, फेशन, यताउति बरालिने, पर-पुरुषसँग मिल्ने-जुल्ने, फोहोर हँसी-ठट्टा गर्ने, दिनहुँ सिनेमा जाने आदि मन पराउन्नथी । रामविनोद पढ्नमा तेजिलो भईकन पनि आजकलको उच्छृङ्खलताको शिकार थियो । उसैको कलेजकी एक केटी मनोरमासँग उसको प्रेम भयो । मनोरमामा रामविनोदको मनले चाहेको कुरा थियो। रामविनोदका पिता धनी व्यक्ति थिए । मनोरमाका पिता गरीब थिए र जँड्याहा र आवारा थिए । मनोरमाले रामविनोदको सौन्दर्य तथा वैभवको लाभ उठाउनका लागि उससँग रोज-रोज भेट्ने, प्रतिदिन सिनेमा जाने, यताउति सयल गर्ने चम्पाप्रति दुर्भाव भर्ने काम शुरू गरी । चम्पा घरमा रहन्थी, घरको काम गर्दथी, यथाशक्यर रामविनोदको अनुकूल रहेर सेवा गर्दथी, हरतरहको त्याग स्वीकार गरेर रहन्थी, तर रामविनोद कुरैपिच्छे हप्काउँथ्यो, अपमान गर्दथ्यो- 'मलाई मुख नदेखा, तँजस्ती नालायक असभ्यसँग मेरो के मेल ?' आदि । बिचरी ऊ चूपचाप सब सुन्दथी, तर कहिल्यै उसको मनमा पतिप्रति घृणा उत्पन्न भएन । पतिको आचरण देखेर उसको भविष्य बिग्रला कि भन्ने डरले उसलाई

अवश्य पनि दुःख लाग्दथ्यो । ऊ आफ्नो सुख चाहँदिनथी, किन्तु पतिको भावी दुःखको चिन्तालाई मनमनै देखेर दुःखी हुन्थी ।

यता रामविनोदले मनोरमाको रायअनुसार ऊसित दुई-तीन महिनापछि विवाह गर्ने निश्चय गऱ्यो । उसले चम्पाको आचरणमाथि झूटो दोष देखाएर ऊसँग सम्बन्ध-विच्छेद गरिदिने भयो । सारा योजना बन्यो र पैसाको लोभी एक वकीलको सल्लाहले सब प्रकारको प्रमाण पनि तयार गऱ्यो । अब त रामविनोद र मनोरमाको बीचमा खुल्लम-खुल्ला दुराचार हुन थाल्यो । मनोरमाको पितालाई रक्सी आदिका लागि पैसा मिल्दथ्यो, यसकारण ऊ पनि बहुत प्रसन्न थियो । रामविनोदका पिता सीधा स्वभावका पुरानो ढङ्गका मानिस थिए । उनी केही बोल्दैनथे ।

एक दिन रामविनोद आफ्नो नयाँ कारमा मनोरमासँग भेट गर्न एक निश्चित स्थानतिर गइरहेको थियो । कार आफै चलाइरहेको थियो । रक्सी धोकेको थियो, नशामा दुर्घ-टना हुन गयो । कार एउटा रूखमा नराम्रोसँग ठोक्किंयो । रामविनोदको एकपट्टिको खुट्टा नै भाँचियो । नाक, आँखा र मुखमा ठूलो चोट लाग्यो । चेहरा विकृत भयो । प्रहरीले अस्पताल पुऱ्याइदियो । घरमा खबर पुग्यो । बिचरा बूढा बाबु आए, आमा आइन् र रुँदै-रुँदै चम्पा पनि आई । अस्पतालमा नै उपचार हुन थाल्यो । प्राण त बच्यो, तर नाक धसियो र चेहरा भयानक भयो । रामविनोदले मनोरमालाई कैयौं पटक सम्झ्यो । बारम्बार खबर पठायो, तर ऊ आइन । 'परीक्षाको समय नजीक छ, यसैले आउन सकिन्न'– एक चिटमा लेखेर पठाई । चम्पाले पढेर सुनाई । रामविनोद लामो सुस्केरा हालेर बस्यो । यता चम्पाले जुन सेवा गरी त्यो अकथनीय थियो । ऊ खान-पिउन-सुत्न सब बिर्सेर पतिको सेवा गर्नमा लागी । दिसा-पिसाब गराउनु, पखाँल्नु, पीप सफा गर्नु आदि सब काम आफ्नै हातले गर्दथी । उसको सेवापरायणता, परिश्रमशीलता, कार्यपटुता र बुद्धिमत्ता देखेर अस्पतालका शिक्षण-विद्यालयहरू (ट्रेनिंग-स्कूलहरू) मा शिक्षा पाएका नर्सहरू पनि दङ्ग पर्दथे । डेढ-दुई महिनामा रामविनोद केही ठीक भयो । एकदिन मनोरमा आई । रामविनोदको विकृत चेहरातिर दृष्टि पर्नेबित्तिकै उसले मुख फर्काएर एउटा खाम रामविनोदको हातमा दिई र 'मलाई अहिले जरूरी काम छ, बसिरहन सक्दिनँ, पत्र पढ्नू' भनेर बिजुली चम्केजस्तै मिलिक्क गरेर तुरुन्त हिंडिहाली । रामविनोदले खामबाट चिट्ठी झिकेर पढ्यो, त्यसमा लेखिएको थियो–

'रामविनोद ! मोटर दुर्घटनाबाट तिमीलाई चोट लागेकोमा मलाई खेद छ । तर म के गर्न सक्तथें । परीक्षाको तयारी गर्नु थियो । अर्कोतिर आजकाल प्रभातकुमारको प्रेम मप्रति अत्यन्त बढ्दै छ । त्यो कति असल छ, तिमीलाई थाहै छ । ऊसित मिलजुल गर्नमा उसलाई र मलाई बडो आनन्द लाग्दछ । यसकारण धेरै जसो समय यसैमा लाग्दछ । यसैले गर्दा म आउन सकिनँ । फेरि ऊ अविवाहित छ, तिमीले त चम्पासित सम्बन्ध-विच्छेद गर्नु छ, उसमा

स्थो झञ्झट पनि छैन । अर्को कुरा तिमी खराब नमान- म त सधैं स्पष्ट भन्ने गर्छु– म तिम्रो योग्य पनि छैन । तिम्रो यस स्थितिमा जति बढी चम्पाको मेल खान्छ, त्यति मेरो मेल खाँदैन । मलाई जानु छ । बस, क्षमा ।'

मनोरमाको यो रूखो, कर्कश, प्रीतिशून्य, असभ्यतापूर्ण पत्र पढ्दा रामविनोदलाई मानौं बज्रपात नै भयो; तर साथै उसमा चम्पाप्रति अत्यन्त सद्भावना जागृत भयो ! देवी र दानवीको मूर्तिमान् चित्र उसको सामुन्ने उपस्थित भयो । उसले आँखाबाट आँसु बगाएर भन्यो– 'चम्पा ! तिमी देवी हौ । तिमीले मेरो जुन सेवा गरेकी छयौ र गरिरहेकी छयौ, यसको कुनै बदला छैन । मप्रति तिम्रा जुन उपकार छन्, ती म कहिल्यै बिर्सन सक्तिनँ । म सदा तिम्रो ऋणी छु । मैले मोहवश तिमीप्रति जुन दुर्व्यवहार गरें, यसको लागि क्षमा गर्नू . . . ।'

चम्पाले बीचमा रोकेर भनी– 'हजूरले यो के भनिरहनुभएको ? सेवा र बदला कस्तो ? हजूरको कष्ट त मेरै कष्ट हो । स्वयं आफ्नो काम गर्नु सेवा थोरै हो । त्यो त स्वाभाविक नै हुने गर्दछ । फेरि उपकार तथा ऋणी हुने भन्ने कस्तो कुरो ? म त सदैव हजूरको अभिन्न अङ्ग हुँ । फेरि मलाई त शुरुदेखि नै सिकाइएको छ-- हजूर हरहालतमा मेरा परमेश्वर हुनुहुन्छ । हजूर मप्रति कुनै दुर्व्यवहार गर्नुहुन्छ भन्ने सोच्नु नै मेरा लागि पाप हो । हो, हजूर दुःखी नहुनुहोस् भन्ने चिन्ता भने अवश्य लाग्दछ ।' यसो भन्दै चम्पा गद्गद भएर रामविनोदका पाउ परी । रामविनोदले उठाएर उसलाई अँगाल्यो । यस्तो उसले पहिलोचोटि गरेको थियो । दुवैका नेत्र सजल, हृदय द्रवित र सर्वाङ्ग पुलकित थिए । धन्य हुन् आर्यनारी, जो आफ्ना पतिको हरप्रकारले रक्षा तथा उत्थान गर्दछन्, केवल प्रेममय त्यागको बलमा ! यसै कारण भनिएको छ– 'संसार कस्तो हुनुपर्छ' भन्ने कुराको चिन्ता प्रायशः बूढापाकासाथि छाडेर युवक-युवतीहरूले 'संसार के हो ?' बुझ्नुपर्दछ ।

आजका पढे-लेखेका, स्वयं आफूलाई आधुनिक सम्झने स्त्रीको ज्यादाजसो धारणा विवाह-पछि आफ्नो स्वतन्त्र अस्तित्व बिर्सेर आफ्नो तन-मनको उपयोग पनि पतिको इच्छानुसार गर्नुपर्छ भन्ने नै छ । तर कुनै प्रगतिशील नारीहरू स्त्रीजातिमा स्वभावतः पाइने 'मातृत्व'–को प्रबल भाव-को निरोध गरी प्रकृति र ईश्वरसँग पनि लड्न तयार हुन्छन् । कोही आमा बन्नाले आफ्नो यौवन र सौन्दर्यको ह्रास हुन्छ भन्ने सम्झन्छन् भने कोही आमा भएमा आफ्नो सुख-शान्ति असमयमा नै गुम्दछ भन्ने धारणा लिन्छन् । यो मनोवृत्ति अपनाउने अधिकांश स्त्रीहरू स्वच्छन्द रहेर स्वयं आफ्नो जीविका उपार्जन गर्नु श्रेयष्कर सम्झन्छन् र आफ्नो स्वास्थ्य र सौन्दर्यलाई चिरस्थायी बनाइराख्न चाहन्छन् । यसरी हेर्दा कुनै अर्काको हातमा आफ्नो स्वतन्त्रता बेच्नु त यिनीहरूलाई अभीष्ट छैन, तर यिनीहरूमा अर्कामाथि शासन गर्न समर्थ होऊँ भन्ने कामना सधैं रहिरहन्छ । किन्तु संयमको शक्तिबिना यो सबै एक भ्रमजाल नै सिद्ध हुन्छ । विलासिताको वर्तमान वातावरणमा जुन नारी स्वभावले दुर्बल छन् ती आजीवन अविवाहित रहने सङ्कल्प गरे पनि जीवनमा सब समय सब

स्थितिमा आचरणमा दृढ भइरहन पाउँदैनन् । यसप्रकार जति-जति स्त्रीहरू नोकरीतिर दौडि-रहेछन्, त्यति-त्यति नै सामाजिक जीवनमा उच्छृङ्खलताको लक्षण विशेष देखा परिरहेछ । यथार्थमा स्त्रीहरू नितान्त स्वतन्त्र भएर, सुरक्षित रहन सक्तैनन् । स्त्रीमा यदि कोमलता छ त पुरुष कठोरताको प्रतीक हो । स्त्री र पुरुष एक यस्ता द्वन्द्व हुन्, दुवै एकसाथ रहेमा नै दुवैमा शोभा छ । पति-पत्नी एक-अर्काका पूरक हुन् । दुवै मिलेमा एक सम्पूर्ण मङ्गलमय सौन्दर्यको विकास हुन्छ । तर यसै मिलनलाई केही विशिष्ट नियममा बाँधेर रहनु विशेष लाभदायक हुन्छ । अतएव युवक र युवतीहरूको जीवन त्यसै बेला सफल हुन्छ, जब तिनीहरू विवाहको उद्देश्य केवल 'मनोविनोद' नसम्झेर त्यसको साथ धर्मविहित उत्तरदायित्वको समुचित निर्वाह गर्नका लागि प्रसन्नतापूर्वक आफ्नो गर्दन झुकाउँछन् । स्वेच्छाले ग्रहण गरेको उत्तरदायित्वको सम्यक् निर्वाह गर्नाले जुन आत्मसन्तुष्टि सम्भव छ त्यो अन्यत्र कहाँ पाउन सकिन्छ ।

सतीत्वको आफ्नो उच्च आदर्शलाई ध्यानमा राखेर नियम र संयमको बन्धनमा स्वेच्छा-पूर्वक बाँधिएर स्वास्थ्य र सौन्दर्यको चिन्तन गर्नु नै आर्य महिलाका लागि अभीष्ट छ । यसप्रकार शारीरिक व्यायाम र आवश्यक शृङ्गारद्वारा शरीरको स्वाभाविक सौन्दर्यको रक्षा र वृद्धि गर्दै पत्नी-हरूले पतिहरूमाथि आफ्नो समुचित अधिकार राख्नेछन् र जीवन सुखमय हुनेछ । तात्पर्य के भने जीवनको प्रत्येक क्षेत्रमा संयमशीलता र नियमबद्धता, सरलता र पवित्रता, कर्मशीलता र चेतनालाई यिनको योग्य महत्त्व दिनाले नै देशका सन्ततिले आरोग्य एवम् उन्नति प्राप्त गर्न सक्तछन् । तब मातृत्व र पितृत्वको पूर्ण विकास देख्न पाइनेछ । आफ्नो शरीरप्रति कर्तव्यको निर्वाह आफ्नो देश र समाजप्रति कर्तव्य-पालन हो ।

आजको सभ्य संसारमा यस्तो शङ्का प्रायः उठ्ने गर्दछ– नर र नारी जब एउटै सृष्टिकर्ता जगदीश्वरका हुन् र एउटै आत्मा दुवैको अभ्यन्तरमा व्याप्त छ भने दुवै जनाको अधिकार र धर्म पृथक्-पृथक् हुनाको कारण के ? विचार गरेमा यस्तो प्रतीत हुन्छ, अवश्य नै स्त्री र पुरुष दुवैमा एउटै आत्मा छ, किन्तु दुवैको प्रकृति सर्वथा भिन्न-भिन्न छ । जसरी स्थूल जगत्मा पनि मातृ शक्तिको आधिक्यबाट कन्या उत्पन्न हुन्छिन् र पितृशक्ति अधिक भएमा पुत्र पैदा हुन्छ, ठीक त्यसरी नै आदिसृष्टिमा पनि प्रकृति-पुरुषको संयोगबाट जगत्को उत्पत्ति भयो । तब प्रकृतिको शक्ति बढी लिएर नारी-धारा चल्यो र पुरुष जीव नारी-धारामा आयो त्यो चौरासी लाख योनिसम्म नारी-जीव बन्दै-बन्दै अन्तमा मनुष्य-योनिमा आएर स्त्री नै बन्यो र जुन जीव पुरुष-धारामा आयो त्यो चौरासी लाख योनिसम्म पुरुष-जीव बन्यो । प्रायः यस्तै नियम छ । सराप, वरदान वा अन्य विशेष कारणले गर्दा यसको अपवाद पनि हुन्छ । उभय (स्त्री-पुरुष) शक्तिको समानता भएमा सृष्टि चल्न सक्तैन; किनभने विषमता नै सृष्टिको कारण हो र समता लयको कारण हो । यसै कारण स्थूल जगत्मा पनि पितृशक्ति तथा मातृशक्ति अर्थात् रजोवीर्य-शक्ति बराबर हुनाले प्रायः नपुंसक सन्तान उत्पन्न हुन्छ, जसबाट फेरि सृष्टि हुँदैन । अतः के प्रमाणित भयो भने स्त्री र पुरुष दुवैमा आत्मा एक भईकन

पनि प्रकृति भिन्न-भिन्न हुन्छ र यसै कारण दुवैको अवयव, धर्म तथा अधिकारमा विभिन्नता छ । पुरुषमा पुरुषशक्तिको प्रधानता र नारीमा प्रकृतिशक्तिको प्रधानता हुन्छ । यथा देवीभागवतमा–

सर्वा प्रकृतिसम्भूता उत्तमाधममध्यमाः ।
कलांशांशसमुद्भूताः प्रतिविश्वेषु योषितः ।।

'उत्तम, मध्यम, अधम –सबै प्रकारका स्त्रीहरू प्रकृतिको अंशबाट नै उत्पन्न हुन्छन् । प्रत्येक विश्वमा सब स्त्रीहरू उनैको कलांशबाट बनेका छन् । अतः सृष्टिको स्वभावानुसार नै पुरुषमा परम-पुरुषशक्तिको प्राधान्य र नारीमा प्रकृतिशक्तिको प्राधान्य हुन्छ । प्रकृति भिन्न-भिन्न भएपछि धर्म र अधिकार पनि अवश्य नै भिन्न-भिन्न हुन्छन्, किनभने प्रकृतिको अनुकूल नै धर्म तथा अधिकार हुन्छन् । यसै कारण आर्यशास्त्रमा नारीका धर्म तथा अधिकार पुरुषका धर्म तथा अधिकारदेखि भिन्न प्रकारका बताइएका छन् ।

मानव-जीवनको लक्ष्य वास्तवमा भगवत्प्राप्ति या मुक्ति हो । यो मुक्ति परमात्मामा लवलीन नभई मिल्दैन । यसकारण मुक्तिका लागि स्त्री-पुरुष दुवैलाई नै साधनाद्वारा परमात्मामा लय हुनु आवश्यक छ । पुरुषमा त परमपुरुष परमात्माको शक्ति अधिक छँदैछ, अतः मुक्तिलाभार्थ उसको यति नै कर्तव्य हुन्छ– फसाउने माया वा प्रकृतिलाई छाडेर आफूभित्र जुन परमात्माको अधिक सत्ता छ त्यसलाई 'अहं ब्रह्मास्मि' (म नै ब्रह्म हुँ) भन्ने कुरो उसले बुझ्नुपर्छ । किन्तु स्त्रीमा त यस्तो छैन । उसमा फसाउने माया वा प्रकृतिको सत्ता अधिक छ, प्रत्युत स्त्री उसकी अंशरूपिणी नै हुन् । यसैले उनले आफ्नो सत्ता कहाँ छाड्ने ? उनी आफ्नो सत्तालाई छाड्न सक्तिनन्, किन्तु पुरुषको सत्तामा आफ्नो सत्ता मिलाउन सक्तछिन् । यसै कारण आफ्नो स्त्री-सत्तालाई पुरुष-सत्ता वा पति-सत्तामा मिलाउनु नै स्त्रीको धर्म हो र यसैलाई पातिव्रत्य धर्म भन्दछन् । जुन स्त्री आफ्नो सत्तालाई मैत्रेयी, गार्गी, मीरा आदिले जस्तै एकैफेर परमपति परमात्मामा लय गर्न सक्तछन्, तिनीहरू ब्रह्मवादिनी कहलाउँछन् । ब्रह्मवादिनी स्त्रीहरू रजस्वला हुँदैनन्, फलतः तिनमा कामविकार हुँदैन । अरू स्त्रीहरू आफ्नो पतिलाई नै भगवान्को रूप सम्झेर उनैमा सीता, सावित्री आदिले जस्तै आफ्नो मन-प्राणलाई तल्लीन गर्दछन् र त्यही तिनका लागि स्वाभाविक तथा सहज सरल साधन हो । यसै कारण आर्यशास्त्रमा पातिव्रत्य-धर्मको यतिको गौरव गाएर स्त्री-जातिका लागि मोक्षप्राप्तिको एकमात्र धर्म पातिव्रत्य धर्म नै बताइएको छ । श्री मनु महाराजले–

नाऽस्ति स्त्रीणां पृथग्यज्ञो न व्रतं नाऽप्युपोषणम् ।
पतिं शुश्रूषते येन तेन स्वर्गे महीयते ।। (५–१५५)

अर्थात् स्त्रीहरूका लागि अलग न यज्ञ छ, न व्रत छ, न उपवास छ, केवल पतिसेवाद्वारा नै तिनलाई उत्तम गति उपलब्ध हुन्छ । यही धर्मशास्त्रद्वारा वर्णित पातिव्रत्य या सतीधर्मको रहस्य हो । सतीधर्मको यस रहस्यलाई संसारका सबै जातिले पूर्ण रूपले सम्झे-बुझेका छैनन् ।

जुन जातिको आध्यात्मिक स्थितिको उत्थान जति अधिक हुन सकेको छ, त्यस जातिले यस रहस्यलाई त्यति नै अधिक बुझ्न सक्तछ । आर्य-जातिका महर्षिहरूले यस जातिको लक्ष्य आत्मानन्दको प्राप्ति तथा मोक्षसिद्धि नै राखेका थिए । यसकारण आर्यजातिको धर्मसिद्धान्त-अनुसार स्थूल इन्द्रियको विषय-भोग जीवनको चरम उद्देश्य होइन, किन्तु विषय-तृष्णालाई दूर गरी परमात्माको आनन्दमा लीन हुनु नै चरम उद्देश्य हो । अतः सतीधर्मको गौरव पनि यहाँ पराकाष्ठामा पुगेको छ ।

आर्य नारी आफ्नो शरीरलाई पतिदेवताको सुख-अर्चनको सामग्री सम्झन्छिन् । जुन प्रकार भक्तजन देवताको पूजन-सामग्रीलाई देवताको प्रसन्नताका लागि सजाएर राख्तछन्, त्यसैगरी केवल पति-देवताको प्रसन्नताका लागि नै सती स्त्री वस्त्रालङ्कार धारणा गर्दछिन् । तिनको जीवन-धारा तथा सबै कुरा आफ्ना लागि होइनन्, किन्तु ऊँटले कुमकुम बोकेजस्तै पतिदेवताका लागि नै हुन् । अतः जुन प्रकार देवमूर्तिको विसर्जन भएपछि सामग्रीको आवश्यकता रहँदैन, ठीक त्यसैगरी पतिदेवताको स्थूल शरीरको अवसान भएपछि सती स्त्री पनि उनको साथ सहमृता हुन्छिन् । अथवा भूषणालङ्काररहित सादा सरल जीवन व्यतीत गर्दछिन् । उही उन्नत लक्ष्य- (परमात्मा प्राप्ति)– को तारतम्यानुसार संसारका नर-नारीहरूको निम्नलिखित श्रेणी-विभाग गर्न सकिन्छ–

(१) सबभन्दा उत्तम पुरुष त्यो हो जसले प्रवृत्तिमार्ग लिएकै हुँदैन; किन्तु नैष्ठिक ब्रह्मचारी भएर सीधा निवृत्तिमार्गको अवलम्बन गरेर परमात्माप्राप्ति गर्दछ । यस्तो मानिस प्रायः ऊर्ध्वरेता हुने गर्दछ ।

(२) दोस्रो कोटि त्यो हो, जसमा पुरुष विवाह त गरोस्, तर सन्तान उत्पन्न गरी निवृत्तिसेवी भएर साधनाद्वारा मोक्षप्राप्तिमा मन लाओस् ।

(३) तेस्रो कोटि त्यो हो, जसमा एक स्त्री मरेपछि पुरुष पुनः विवाह नगरोस् र निवृत्तिसेवी भएर मोक्षप्राप्तिमा मन लगाओस् ।

(४) चौथो कोटि त्यो हो, जसमा पुरुष केवल वंशरक्षा या अग्निहोत्रको विचारले एक स्त्री-वियोग भएमा दोस्रो विवाह गरोस् । यहाँसम्म त आर्य-धर्मको कोटि हो ।

(५) यसपछि पाँचौं कोटि त्यो हो, जसमा पुरुष एक स्त्री मरेपछि केवल विषय-लालसाले विवाह गर्दछ ।

(६) र अति अधम छैटौं कोटि त्यो हो, जसमा पुरुष केवल काम-भोगार्थ कैयौं स्त्री-हरूको संग्रह गर्छ । यी दुई अनार्य भाव हुन् ।

यसैप्रकार नारी जातिका लागि पनि निम्नलिखित छ कोटि हुन सक्तछन् । जस्तो–

(१) असाधारण कोटि– यसमा ब्रह्मवादिनी स्त्रीहरू आउँदछन्; तिनको विवाह नभए पनि कुनै हानि छैन ।

(२) पतिव्रता कोटि– यसमा पतिको साथ स्त्रीको सहमरण हुन्छ ।

(३) पतिव्रता-स्त्री कोटि– यसमा स्त्री सहमृता नभएर नित्य ब्रह्मचर्यमा स्थित रहन्छे र परलोक भएका पतिको आत्माको उपासना गर्छे वा त्यस आत्मालाई परमात्मामा विलीन भएको सम्झेर परमात्माको आराधना गर्छे । पतिको मृत्युपछि सती स्त्री फूल, कन्दमूल या फल खाएर जीवन धान्दछे, किन्तु आफ्नो पतिको सिवाय अरू पुरुषको ध्यानसम्म पनि गर्दिन । आर्य-नारीको कोटि यहाँसम्म छ, किनभने यसमा जीवन-मरणमा एकमात्र पति लक्ष्य छ; पति-लाई भगवान् सम्झेर, जीवित रहेसम्म गृहस्थरूपमा उसको साकार मूर्तिको पूजा र उसको स्थूल शरीर नरहेमा संन्यासिनीको रूपबाट उसको निराकार आत्माको पूजा या भगवान्को कुनै पनि दिव्य सगुण रूपको पूजा र उसको पूजाद्वारा नित्यानन्दमय भगवत्प्राप्ति या मोक्षलाभ लक्ष्य हो ।

(४) यसपछि चौथो कोटि त्यो हो, जसमा पहिलो पतिको मृत्युपछि अर्को पतिको ग्रहण हुन्छ । यो आर्यकोटि होइन; किनभने यसमा स्थूल इन्द्रियको भोग लक्ष्य छ, आत्मा लक्ष्य छैन । यो रीति आर्य-जातिको अतिरिक्त पृथ्वीका अन्य जातिमा र हिन्दूहरूमा पनि कहीं-कहीं प्रचलित छ ।

(५) यसको उपरान्त पाँचौं कोटि त्यो हो, जसमा जीवित पतिलाई पनि त्याग (Divorce) गरेर दोस्रो, तेस्रो आदि पतिको ग्रहण गरिन्छ । यो रीति सर्वथा निन्दनीय र अनार्य हो । अनेक पाश्चात्य जातिहरूमा त्यो रीति प्रचलित छ, जसबाट तिनीहरूमा दाम्पत्य-प्रेमको सर्वथा अभाव र घरमा अशान्ति देखिन्छ र दुर्भाग्यवश हाम्रो देशमा पनि यस पापको प्रसार भइरहेछ ।

(६) छैटौं कोटि अतिशय अधम छ । यसमा दश-बीस दिनका लागि एक पुरुषसँग सम्बन्ध हुने गर्दछ र त्यसपछि उसलाई छाडेर दोस्रो-तेस्रोसँग सम्पर्क हुन्छ । टर्की र पारस देशमा कहीं-कहीं यस प्रकारको अति घृणित रीति पनि प्रचलित छ ।

अब यस प्रकारको उच्च-भावको रक्षा गर्नका लागि नारी-जीवनलाई प्रधानतः तीन भागमा विभक्त गर्न सकिन्छ– कन्या, गृहिणी र विधवा । कन्याहरूको धर्म संक्षेपमा पहिले भनिसकिएको छ । नारीको दोस्रो रूप गृहिणी हो । गृहकार्यलाई चतुरतापूर्वक सञ्चालन गर्नु नै गृहिणीको धर्म हो । गृहकार्यलाई उचित रूपमा चलाउनमा सफल नारी नै सच्चा गृहिणी हो ।

नारीको महत्त्वपूर्ण स्वरूप 'जननी' हो । नारीको यो रूप अत्यन्त आदरणीय, व्यापक एवं महान् छ । जननको महती क्रियाले गर्दा नै उनी जननी कहलाउँछिन् । ममता यसको प्राण हो । सृजनको यो शक्ति मातृ, माता या आमा नामले सम्बोधित छ । नारीमा ग्रहण छ, मातामा त्याग छ– आफ्ना लागि होइन सम्पूर्णतः अर्काका लागि बाँच्ने साधना हो र फेरि अर्काका लागि बाँच्नु नै आफ्ना लागि बाँच्नु पनि हो । मातृत्व एक अवस्था मात्र होइन, प्रत्युत नारी-जीवनको एक महत्त्वपूर्ण भाव हो, जुनविना नारीलाई स्वयं आफूमा एक अधूरोपन महसुस हुन्छ ।

नारीको सर्वप्रचलित रूप पत्नी हो । ऊ आफ्ना स्वामीको अनुगामिनी, गृहस्थीको उत्तरदायित्वमा सघाउने अर्द्धाङ्गिनी कहलाउँछे । आफ्नो सेवाबाट पतिको आधा अङ्गमा अधिकार गर्ने नै अर्द्धाङ्गिनी हो । पत्नी रूपमा नारी विलासक्रीडा-सहचरी नभएर विशुद्ध प्रेमको प्रतीक हो । पति नै उसको सर्वस्व हो । यस्ती पतिपरायणा नारी नै पतिव्रता कहलाउँछे । नारीको यो विशुद्ध रूप नै उसको नारीत्व हो । हिन्दूशास्त्र पातिव्रत्यको पुनीत धर्मध्वजा धारणा गर्ने नारीहरूको पवित्र गाथाहरूले परिपूर्ण छ । सीता, अनसूया एवं सावित्री यस्तै देवीहरू हुन्, जसले आफ्नो नारी-धर्मले गर्दा अमर ख्याति प्राप्त गरे ।

पातिव्रत्य-धर्म के हो र जगत्मा पतिव्रताहरू कति प्रकारका हुन्छन्, यसको वर्णन स्वयं अनसूयाजीले भगवती सीताजीको माध्यमबाट संसारका नारीहरूलाई उपदेश दिनुभएको छ –

जग पतिव्रता चारि विधि अहहीं ।
वेद पुरान संत सब कहहीं ।।

कुनचाहि हुन् यी चार प्रकार ? -

(१) उत्तमके अस बस मन माहीं । सपनेहुँ आन पुरुष जन नाहीं ।
(२) मध्यम परपति देखइ कैसें । भ्राता पिता पुत्र निज जैसें ।।
(३) धर्म विचारि समुझि कुल रहई । सो निकृष्ट त्रिय श्रुति अस कहई ।।
(४) बिनुअवसर भय ते रह जोई । जानेहु अधम नारि जग सोई ।।

उत्तम, मध्यम, निकृष्ट र अधम– यी चार प्रकारका नारीहरू बताइएका छन् । उत्तम स्वप्नमा पनि परपुरुषको कल्पना गर्दिन । मध्यम आफ्ना पतिको अतिरिक्त अन्य सबै पुरुषहरूलाई ठूलालाई पितृतुल्य, समवयस्कलाई बन्धुतुल्य एवं सानालाई पुत्रतुल्य देख्दछे । निकृष्ट प्रकारकी पतिव्रता धर्मको विचारले मात्र कुलको मर्यादा तोड्दिन । अधम प्रकारकी स्त्री त डरले मात्र आफ्नो धर्ममा चल्दछे । सीता, अनसूया एवं सावित्री प्रथम कोटिका पतिव्रता हुन् जसले आफ्नो प्रबल सतीत्वले गर्दा जगत्मा ख्याति प्राप्त गरे । सावित्रीले आफ्ना मृत पति सत्यवान्लाई आफ्नो पातिव्रत्य-धर्मको प्रतापले नै पुनर्जीवित गरी फिर्ता गरिन् । यो हो नारी-धर्मको महत्ता, जसको सामुन्ने यमराज पनि झुके । महासती अनसूयाको प्रतापले गर्दा नै शिव, ब्रह्मा एवं विष्णु शिशुरूपमा परिणत भए र तिनले आफ्नो धर्मको रक्षा गर्दै उनीहरूलाई दुग्धपान गराउन सकिन् र पार्वती, लक्ष्मी एवं ब्रह्माणीसमक्ष आफ्नो परीक्षा दिन सकिन् । अतः नारी-धर्मको परीक्षा कम कठोर छैन । धर्मबाट कहिल्यै नडग्ने नारी नै सच्चा पतिव्रता हो ।

नारीको उत्तम आदर्श स्थापित गर्ने सीता हुन्, जसले आफ्ना पतिको साथमा चौध वर्षसम्म घोर सङ्कट सहेर पनि कहिल्यै सुस्केरासम्म पनि हालिनन् । उनको परम सुख त्यसमा

थिया, जसमा पतिलाई सुख हुन्छ । अतः नारीको धर्म पतिको अनुगमन गर्नु हो । यही हाम्रो सनातन धर्म हो र विश्वका समस्त नारीहरूलाई प्रकाश दिने हाम्रा पूज्य नारीरत्नहरूको गौरवमयी गाथा हो । मानस- (रामायण)– मा नारीधर्मको सुन्दर वर्णन छ– पति चाहे जे होस्, नारीका लागि सेव्य छ– 'वृद्ध रोगबस जड धनहीन । अंध बधिर क्रोधी अतिदीना ।' नारीको सर्वतोमुखी धर्म त एउटै छ– 'एकइ धर्म एक व्रत नेमा । काय वचन मन पतिपदप्रेमा ।' सासू-ससुराप्रति बुहारीको धर्म बताउँदै भन्दछन्–

सास ससुर सन मोरी हुति विनय करबि परि पायँ ।
मोर सोच जनि करिआ कछु मैं बन सुखी सुभायँ ।।

सासू-ससुराको चरणसेवा गर्नु– बुहारीको रूपमा नारीको यही श्रेष्ठ धर्म हो । सासू-ससुराप्रति बुहारीको आदरभाव हुनुपर्दछ ।

एहिते अधिक धरम नहीं दूजा । सादर सास-ससुर–पदपूजा ।।

गुरुजनको अगाडि पतिसँग सोझै कुरा नगर्ने मर्यादा सीताको चरित्रमा हेर्नु होस् । श्रीराम पत्नीलाई जहाँ सासू-ससुराको सेवा गर्ने शिक्षा दिन्छन्, त्यहाँ सीता यसलाई स्वीकार त गर्छिन्, तर पतिसेवा गर्नु त्यसभन्दा पनि ठूलो धर्म मान्दछिन् । मातृतुल्य सासू कौशल्या सामुन्ने विराजमान छन् । यसैकारण मर्यादा राख्नु आवश्यक छ । यसैले पतिको शिक्षाको उत्तर पतिलाई सोझै नदिएर कसरी मीठो शब्दमा आफ्नी सासू कौशल्यासँग भन्दछिन्–

लागि सासु पग कह करजोरी । क्षमबि देवि बडि अविनय मोरी ।।

बोल्नुभन्दा पहिले पनि सासूसँग क्षमा माग्नु र उनको पाउ पर्नु, पतिसँग प्रत्यक्ष कुरा नगर्नु– कस्तो मर्यादा छ सीताको चरित्रमा । यही त हिन्दू-नारी-धर्मको आदर्श हो । गुरुजन-सँग धर्मसङ्कट परेको बेला कुरा गरिहाल्नुपर्‍यो भने पनि पहिले क्षमा माग्नु उचित ठहर्दछ । हेर्नुहोस्, सुमन्त्रसित कुरा गर्दा त्यतिखेर सीता के भन्दछिन्–

तुम पितु ससुर सरिस हितकारी । उतरु देऊँ फिरि अनुचित भारी ।।
आरति बस सन्मुख भई ऊँ, बिलगु न मानवतात ।

पतिप्रतिको नारी-धर्मको विषयमा सीताजी भन्दछिन्–

मातु पितु भगिनी प्रिय भाई । प्रिय परिबारु सुहृद समुदाई ।।
सास ससुर गुर सज्जन सुहाई । सुत सुन्दर सुशील सुखदाई ।।
जहँ लगि नाथ नेह अरु नाते । प्रियबिनु तियहि तरनिहु ते ताते ।।

स्त्रीका लागि त पति नै सबथोक हो । कुटुम्ब प्रिय छन्, किन्तु पत्नीको नाता त यी-सँग पतिको नाता लिएर नै नाता भएको छ । पतिको सुख नै नारीको सुख हो । बिनापति सुख कहाँ ? - प्राननाथ तुम्हबिनु जग नाहीं ।

मो कहुँ सुखद कतहुँ कुछ नाहीं ।।

बिनापतिको नारी बिनापानीको नदी र बिनाप्राणको देहजस्ती हुन्छे ।

जियबिनु देह नदी बिनुबारी ।
तैसि अनाथ पुरुष बिनुनारी ।।

सासूको रूपमा बुहारीप्रति नारीको धर्म बताउँदै कौशल्याजी भन्छिन्–

मैं पुनि पुत्रबधू प्रिय पाई ।
रूपरासि गुन सील सुहाई ।।
नयन पुतरि करि प्रीति बढाई ।
राखेउँ प्रान जानकिहि लाई ।।

जहाँ बुहारीको धर्म सासू-ससुराको सेवा गर्नुहुन्छ, त्यहाँ बुहारीलाई आफ्ना छोरीभन्दा बढी सम्झनु सासूको धर्म हो । आजभोलि सासू-बुहारीको मनोमालिन्य नै धेरैजसो गृहकलहको कारण हुन्छ । बुहारी सासूबाट लोग्ने खोस्छे र सम्पूर्ण कुटुम्बलाई छुटयाउँछे भने अर्कातिर सासू बुहारीलाई थरी-थरीका यातना दिएर उसलाई सन्त्रस्त पारिरहन्छे । कौशल्याको जस्तो सासूको बर्ताव र सीताको जस्तो बुहारीको बर्तावको शिक्षा सासू-बुहारीले लिने गरे कति राम्रो हुन्थ्यो होला ! नारीको व्यक्तित्व जति महान् छ उति नै उसको धर्म पनि महान् छ । नारीधर्मको पालन गर्ने नारी नै आफ्नो जीवनमा चमक ल्याउन सक्छिन् । पतिप्रति श्रद्धा, स्वजनप्रति प्रेम, पुत्रप्रति स्नेह, अतिथिप्रति विनम्रता र सत्कार, मित्रहरू र छिमेकीहरूप्रति सद्व्यवहार– यी सब नारी-धर्मभित्र पर्छन् । आज पश्चिमी सभ्यताले हिन्दू नारी-धर्ममाथि कम आघात पारेको छैन । तर हिन्दू-नारीका धर्मपरम्पराहरू यति गहन र महान् छन् कि यिनका जग कुनै हालतमा पनि हल्लँदैनन् । नारी पुरुषसँग प्रतिस्पर्धा गर्ने होइन, बरु उसको सहचरी हो, यो तथ्य हिन्दू-नारीहरूले बिर्सनु हुँदैन । हिन्दू-नारीहरूले गृहलक्ष्मीको आफ्नो आदर्श कहिल्यै बिर्सनु हुँदैन । त्यही उनीहरूको शोभा र गौरव हो । विधानसभाको क्लर्क या टेलिफोन-गर्ल बन्नु होइन ।

साध्वी स्त्रीले सदा पतिकै अनुसरण गरी तिनको आज्ञा पालन गर्नुपर्छ । किन्तु जुन आज्ञा पालन गर्नाले पति नरकको भागी हुन्छ, त्यस्तो आज्ञा पालन गर्नु हुँदैन । जस्तै पतिले काम, क्रोध, लोभ, मोहवश चोरी वा कसैसँग व्यभिचार गर्ने, कसैलाई विष खुवाउने, ज्यान मार्ने, भ्रूणहत्या, गोहत्या, आदि घोर पापका काम गर भन्दैमा गर्नुहुँदैन । आज्ञापालन नगर्नु अपराध नै सम्झिए

तापनि पतिलाई नरकदेखि बचाउनका लागि त्यस्तो आज्ञापालन गर्नु हुँदैन । जुन काम गर्नाले पतिको परम हित हुन्छ, त्यो काम स्वार्थरहित भएर गर्ने चेष्टा सधैं गर्नुपर्दछ । यदि पतिलाई ईश्वरको भक्ति मन पर्दैन भने पिताको घरबाट प्राप्त भएको शिक्षानुसार पनि ईश्वरको भक्ति, बाहिरी भजन-पूजन, सत्संग, कीर्तन आदि नगरेर गुप्त रूपबाट मनमनै गर्नुपर्दछ । भक्तिको मनसित विशेष सम्बन्ध हुनाले जहाँसम्म हुन सक्तछ गुप्त रूपले नै गर्नुपर्दछ, किनभने गुप्त रूपले गरिएको भक्ति विशेष महत्त्वको हुन्छ । ।

अतएव स्त्रीहरूले प्रातःकाल उठेर ईश्वर-स्मरण गरी शौच-स्नानादि क्रियाबाट निवृत्त भएर माइतमा माता-पिता आदिको, घरमा सासू-ससूरा, पति आदि मान्यजनको पूजा, नमस्कार र तिनको सेवा-कार्य गर्नुपर्दछ । त्यसपछि ईश्वरको भक्ति गर्नुपर्दछ । एकान्त स्थानमा बसेर, पवित्र आसनमा बसेर, पवित्र भएर करुणा र प्रेमभावका साथ प्रफुल्ल मनले भगवान्को स्तुति गरेर फेरि उनै सर्वव्यापी, सर्वशक्तिमान्, विज्ञानानन्दघन, निराकार, परमात्माको ध्यान गर्नुपर्दछ । साकार भगवान्मा प्रेम छ भने करुणाभावले उनको आह्वान गरेर प्रभाव र गुणहरूसहित उनको स्वरूपको ध्यान गर्नुपर्छ । निराकारसहित साकारको ध्यान गरिन्छ भने ता झन बेश; तर निराकार तत्त्वलाई बुझ्न नसके साकारकै मात्र ध्यान गर्न सकिन्छ । फेरि ध्यानावस्थामा भगवान् आएको सम्झेर प्रेममा मुग्ध हुनुपर्छ । त्यसपछि सावधान भएर भगवान्को मानसिक अर्थात् मनैले सारा सामग्रीहरू रचेर पूजा गर्नुपर्दछ । मनले नै भगवान्लाई भोग लगाएर उनको आरति गर्नुपर्दछ । फेरि मनमनै भगवान्को स्तुति गरेर भगवान्मा अनन्य प्रेम होस् र उनको साक्षात् दर्शन होस् भनी उनीसित प्रार्थना गर्नुपर्दछ । त्यसपछि गुण र प्रभावसहित भगवान्को स्वरूपको चिन्तन गरेर भगवान्कै आज्ञानुसार गृहकार्य गर्ने आदत बसाल्नुपर्दछ । घरको हरेक काम गर्दाखेरि भगवान्को नाम-जप र उनको स्वरूपको चिन्तन निरन्तर गर्ने चेष्टा गर्नु नै ईश्वर-भक्ति हो । ध्यान आदिको विस्तृत वर्णन अगाडि 'उपासना'मा हेर्नुपर्दछ ।

श्रीमद्भागवतमा प्रह्लादले आफ्ना पिताप्रति नवधा-(नौ प्रकारको)- भक्ति-लक्षण भनेका छन्-श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् ।

अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ॥ (७।५।२३)

अर्थात् भगवान्को नाम, रूप, गुण र लीलालाई प्रभावसहित प्रेमपूर्वक राजा परीक्षितले जस्तै सुन्नुको नाम श्रवण-भक्ति र शुकदेव, नारदादिले जस्तै वाणीद्वारा उच्चारण गर्ने वा अर्कोलाई सुनाउनुको नाम कीर्तन-भक्ति, ध्रुव-प्रह्लादादिले जस्तै मनले चिन्तन गर्नुको नाम स्मरण-भक्ति हो ।

ती प्रभुको चरणको सेवा भरत र लक्ष्मीले जस्तै गर्नुको नाम पाद-सेवन-भक्ति हो, र उनको स्वरूपको मानसिक वा पार्थिव धातु आदिको मूर्तिलाई गुण र प्रभावसहित राजा पृथु र अम्बरीषले जस्तै पूजा गर्नु अर्चना-भक्ति हो ।

अक्रूर, भीष्म आदिले जस्तै नमस्कार र प्रणाम गर्नु वन्दनभक्ति हो । लक्ष्मण र हनुमान्ले जस्तै दास-भावले आज्ञा-पालन गर्नु दास्यभक्ति हो । अर्जुन र उद्धवले जस्तै सख्यभावले उनको अनुकूल चल्नु सख्यभक्ति हो । राजा बलिले जस्तै सर्वस्व अर्पण गर्नु आत्मनिवेदन-भक्ति हो ।

सबै स्त्रीहरूले आफ्नो जो इष्ट छ ती देव वा देवीलाई परमेश्वर सम्झेर उपर्युक्त भक्ति निष्काम प्रेम-भावले गर्ने चेष्टा गर्नुपर्दछ । यसप्रकार गर्नाले आफ्नो इष्टदेवको साक्षात्कार भएर परम शान्ति र परमानन्दको प्राप्ति हुन्छ । मनु आदिद्वारा–

वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिक स्मृतः ।
पतिसेवा गुरौ वासो गृहार्थोऽग्निपरिक्रिया ।। - मनु. २।६७

स्त्रीहरूका लागि विवाहको विधिलाई नै वैदिक संस्कार, पति नै गुरु हुनाको कारण पति-गृहमा निवास गर्नु नै गुरुकुलवास र गृहकार्यलाई नै अग्निहोत्र भनिएको छ । शास्त्रमा बताइएअनुसार नै कार्य गर्नाले स्त्रीजातिलाई कल्याण-प्राप्ति हुन्छ । साध्वी स्त्रीहरूले घरमा कुनै प्रकार कलह, लडाइँ-झगडा हुन नदिने कुरामा विशेष ध्यान दिनुपर्दछ, किनभने कलह साक्षात् कलियुगको मूर्ति हो । जहाँ कलह हुन्छ, त्यहाँ क्रोध र क्लेश बढेर अनर्थ हुन्छ । कोही-कोही त उत्तेजित भएर आत्महत्यासम्म गर्दछन् । काल, क्लेश, कल्पना, कलि –यी सबको उत्पत्ति कलहबाट नै हुन्छ । यसकारण सुख र शान्ति चाहने स्त्रीहरूले यो दुष्ट कलहलाई आफ्नो घरभित्र प्रवेश नै गर्न दिन हुँदैन । कलह धन, धर्म, गुण, शरीर र कुललाई नाश गर्ने आगो हो । यसले यो लोक र परलोक दुवैलाई कलङ्क लगाउँछ । यसकारण यसको सूत्रपात हुनासाथै प्रेम र विनयले युक्त हितकारक सरल शीतल-जलरूपी वचनले यस कलहको आगोलाई तुरुन्त निभाउने चेष्टा गर्नुपर्छ । यस्तो व्यवहार गर्ने स्त्रीलाई मनुष्य नसम्झेर देवी नै सम्झनुपर्दछ ।

स्त्रीहरूले जहाँसम्म हुन सक्तछ घरको कामजति सबै आफैले गर्ने चेष्टा गर्नुपर्दछ । घरको कामका लागि बाहिरका कुनै स्त्री-पुरुषको आवश्यकता नपर्ने गरी यस्तो चेष्टामा सधैंभरि लाग्नुपर्दछ । जुन घरमा नोकर आदिबाट घरको काम जति सबै गराइन्छ त्यस घरका स्त्रीहरू अकर्मण्य हुन जान्छन् । पुस्तक पढेर नै दिन काट्ने तिनीहरूको आदत बस्तछ । फोहरी उपन्यास पढ्नुको सट्टा धार्मिक पुस्तक पढ्ने अभ्यास गरे त ठीकै हुन्थ्यो । अकर्मण्यताले प्रायः आलस्य र प्रमाद बढ्दछ, जसबाट मानिस अधःपतनतिर अग्रसर हुन्छ । यस उसले स्त्रीजातिहरूका लागि प्रसन्नचित्त भएर घरको काममा कुशलतासाथ लाग्नु र घरको सर-सामान राम्ररी सम्हाल्ने, कम खर्च गर्ने, धन र आय-व्ययको हिसाब राख्ने, अतिथि-सेवा, सन्तानको उत्पत्ति र पालन, धर्म-कार्य र सेवामा प्रेम राख्नु उचित छ । यसबाट यस लोकमा यश र परलोकमा उत्तम गति प्राप्त हुन्छ । मनुले–

पानं दुर्जनसंसर्गः पत्या च विरहोऽटनम् ।
स्वप्नोऽन्यगेहवासश्च नारीसन्दूषणानि षट् ।। -मनु. ९।१३

अर्थात् तमाखु, चुरोट, भाङ, मदिरा आदि मादक पदार्थको सेवन, दुर्जनको संसर्ग, पतिदेखि अलग बस्नु, यताउति स्वतन्त्रतासाथ घुम्नु, अर्काको घरमा रहनु, कुबेलामा सुत्नु– यी छ कुरा स्त्री-हरूका लागि महान् दोष बताइएका छन् । अतः सबै स्त्रीहरूले सावधानीपूर्वक यसबाट बच्नुपर्दछ ।

विधवा स्त्रीहरूको सेवा-कार्यमा विशेष ध्यान दिनुपर्दछ। किनभने आफ्नो धर्ममा रहने विधवा स्त्री देवीसमान हुन्छन् । तिनको सेवा-शुश्रूषा र तिनका साथ प्रेम गर्नाले स्त्रीहरू यस लोकमा सुख र परलोकमा उत्तम गति प्राप्त गर्दछन् । जुन स्त्री विधवालाई सताउने काम गर्दछे, त्यो उसको सरापले गर्दा यस लोक र परलोक दुवैमा दुःख पाउँछे । यसकारण विधवाप्रति सदा-सर्वदा सहानुभूति राखेर प्रेमपूर्वक व्यवहार गर्नुपर्दछ ।

विधवाको कर्तव्य– नारी-जीवनको तेस्रो अवस्था वैधव्य हो । भाग्यचक्रले गर्दा कुनै स्त्रीमाथि यो अवस्था आइपरेमा उसले संन्यासिनीले जस्तै ब्रह्मचर्य संयम आदि निवृत्तिभाव लिएर जीवन बिताउनु नै उसका लागि सर्वोत्तम तथा परम धर्म हो ।

पतिको देहान्त भएपछि ऊ जीवित छँदा जसरी उसको मनको अनुकूल आचरण गर्ने गरेको थियो । त्यसरी नै उसको मृत्यु भएपछि गर्नु विधवा स्त्रीको कर्तव्य हो । धर्मको यसप्रकार आचरण गर्ने स्त्री पतिको मृत्युपछि पनि साध्वी कहलाएर परम गति प्राप्त गर्दछिन् । उनले पवित्र पुष्प, कन्दमूल र फलद्वारा आफ्नो शरीरको निर्वाह गरी पवित्रतासाथ आफ्नो जीवन बिताउनुपर्दछ । परपुरुषतिर मन लगाउनु हुँदैन ।

कामं तु क्षपयेद्देहं पुष्पमूलफलैः शुभैः ।
न तु नामाऽपि गृह्णीयात् पत्यौ प्रेते परस्य तु ।।
आसीतामरणात् क्षान्ता नियता ब्रह्मचारिणी ।
यो धर्म एकपत्नीनां काङ्क्षन्ती तमनुत्तमम् ।। -मनु.५।१५७-५८

अर्थात् पवित्र पुष्प, मूल, फलद्वारा निर्वाह गरी आफ्नो देहलाई दुर्बल नै किन नगरून्, तर पतिको मृत्युपछि अर्कोको नामसम्म पनि लिनुहुँदैन । पतिव्रता स्त्रीको सर्वोत्तम धर्म चाहने विधवा स्त्रीले मरणपर्यन्त शान्ति तथा नियमपूर्वक रहनुपर्दछ । यसप्रकार ब्रह्मचर्यको पालन गरी विधवा सती साध्वी पतिव्रता स्त्री झैं पतिको उत्तम लोक प्राप्त गर्छन्। केवल फल-मूलादिद्वारा काम नचलेको खण्डमा साधारण शाक, अन्नद्वारा एक समय भोजन गरी जीवन धान्नुपर्दछ । यदि यस्तो

गरेर पनि भएन भने दुवै समय हलुका र अल्प आहार गरे हुन्छ, तर मादक, अपवित्र तथा कामोद्दीपक पदार्थ चाहिं कहिल्यै पनि सेवन गर्नु हुँदैन ।

जुन स्त्री ईश्वरको रहस्य जान्दछे, ऊ पतिको मृत्युमा पनि दुःखित हुन्न, किनभने ईश्वर जे गर्दछन् त्यो भलाइका लागि नै गर्दछन् भन्ने ऊ सम्झन्छे । ऊ पतिको मृत्यु जस्तो महाशोकमा पनि ईश्वरको दयाको दर्शन गर्दछे । कुनै भारी पापको फल पतिको मृत्यु हो, र पापको फलको उपभोग गर्नाले पाप शान्त हुन्छ । ईश्वरले भारी पापबाट मुक्त गराउनका लागि, भविष्यमा पापदेखि बचाउनका लागि, नाशवान् क्षणभङ्गुर भोगबाट मुक्ति दिलाउनका लागि, आफूमा अनन्य भक्ति गराउनका लागि र हाम्रै हितका लागि हामीलाई यो दण्ड दिएर हामीमाथि अनुग्रह गरेका छन् । यस प्रकार पाइला-पाइलामा दुःखमा पनि ईश्वरको दयाको अनुभव गर्ने स्त्री ईश्वरको अनन्य भक्ति गरी परम गति प्राप्त गर्छे ।

प्रातःकाल शौच, स्नान आदि गरी आफ्नो घरैमा एकान्त स्थानमा जप-तप, पूजा-पाठ, स्तुति, ध्यान आदि ईश्वरको भक्ति गर्नुपर्दछ । त्यसपछि बडाका चरणमा प्रणाम गरेर तिनको सेवा एवं तिनको आज्ञानुसार घरको कामकाज ईश्वरको स्मरण गरी गर्नुपर्दछ । सेवा एवं घरको कामकाज गरेर त्यसबाट फुर्सद पाएपछि एकान्तमा बसेर अनन्य मनले ईश्वर-भक्तिमा लाग्नुपर्दछ; किन्तु एक क्षण पनि बिनाकाम खाली बस्नु हुँदैन । अल्छी दिमाग शैतानको घर बन्छ ।

विधवाहरूका लागि त एकमात्र ईश्वर नै पति र ईश्वर नै गुरु हो र त्यस परम पूजनीय सर्वव्यापी सगुण-निर्गुण रूप परमात्माको आफ्नो हृदयरूपी मन्दिरमा चिन्मय मनोहर मूर्तिको ध्यान एवं पूजन गर्नु नै सर्वोत्तम हो । यदि यस्तो हुन सकेन भने आफ्ना सर्वव्यापी इष्टदेवको दिव्य मूर्ति बाहिरी देशमा मनमा स्थापना गरेर त्यस मानसिक दिव्य मूर्तिको मानसिक नै पूजा गर्नुपर्दछ । यदि यस्तो भएन भने मीराबाईले जस्तै आफ्नै घरमा इष्टदेव परमात्माको धातु आदिको मूर्ति या चित्र राखेर त्यसको सेवा, पूजा गर्नुपर्दछ ।

माइत या घरमा दुर्भाग्यवश निकटवर्ती कोही पुरुष छैन भने अथवा भएर पनि भोजन वस्त्र आदि दिएर पालन गर्दैन भने, यस्तो विपत्तिकालमा पनि उनको सेवा गर्दै गृहशिल्प या सिलाइ-बुनाइ आदिद्वारा आफ्नो शरीरको निर्वाह गरोस्; परन्तु काम, क्रोध, लोभ र मोहको वशीभूत भएर आफ्नो धर्म र लज्जा कहिल्यै नछाड्नू । आफ्नो लोक र परलोक नष्ट हुने यस्तो काम जति ठूलो आपत्ति आइपरे पनि नगर्नू ।

पलङ्ग, रङ्गीन वस्त्र, आभूषण, शृङ्गार एवम् ऐश-आराम, स्वाद, भोग, प्रमाद, आलस्य, दुर्गुण र दुराचारको एकदम त्याग गर्नू, आफ्नो ज्ञान, वैराग्य, ईश्वरभक्ति एवं तपमा बाधा दिने कुराबाट सदा सावधानीपूर्वक बचेर रहनू । मृत्युलाई नजीक सम्झेर सारा समय आफ्नो कल्याण हुने कार्यमा नै लाग्ने चेष्टा गर्नू । मन र इन्द्रियको संयम एवं यमनियमादि सामान्य धर्मको पालन गरेर ईश्वर-भक्तिपरायण भई पवित्रतासाथ आफ्नो जीवन बिताउनू ।

उपर्युक्त प्रकारले जीवन बिताउने विधवा स्त्री देवताद्वारा पनि पूजनीया हुन्छे । यस प्रकारका पवित्र स्त्रीको सेवा गर्ने पुरुष पनि पवित्र हुन्छ । विधवाको कृत्य ब्रह्मचारी र संन्यासीको तुल्य हुन्छ । अतः पवित्र विधवा स्त्री पनि गृहस्थका लागि पूज्या नै हुनुपर्दछ । यदि प्रवृत्तिभन्दा निवृत्ति श्रेष्ठ छ र भोगी गृहस्थभन्दा त्यागी संन्यासीको गौरव अधिक छ भने सधवाभन्दा विधवाको गौरव निवृत्तिको दृष्टिबाट अवश्य अधिक हुनुपर्दछ ।

माता र बहिनीहरूको दोष देखाउँदै हामीले धेरैजसो कुरा लेख्यौं, तर पुरुषको दोष हेर्ने हो भने यिनमा तीभन्दा पनि बढी दोष देखिनेछन् । परन्तु स्त्रीहरूको विषय हुनाले तिनका सुधार र ज्ञानका लागि त्यति कुरा लेख्यौं । अपेक्षाकृत रूपमा हेर्ने हो भने सबै स्त्री पुरुषसित सेवा आदिको व्यवहार गर्दछन्, तर त्यसको बदला पुरुष तिनीहरूसित त्यस्तो गर्दैनन् । कोही-कोही त बातैपिच्छे तिनको अपमान गर्दछन्, तिनलाई गाली गर्दछन् र मारपीटसम्म पनि गर्न थाल्दछन् । यो मनुष्यतादेखि बाहिरको कुरो हो । यस्तो अमानुषिक व्यवहार गर्नुहुँदैन । यस प्रकारको व्यवहार गर्नाले यस लोकमा अपकीर्ति र परलोकमा दुर्गति हुन्छ । स्त्रीहरूसँग सत्कारपूर्वक असल व्यवहार हुनुपर्दछ । स्त्रीहरूको जहाँ सत्कार हुन्छ, त्यहाँ सबै देवता निवास गर्दछन् । जहाँ सत्कार हुँदैन, त्यहाँ सारा कर्म निष्फल हुन्छन् । घरमा कुनै पुरुष वा कुमार बिरामी हुँदा त्यसका लागि जति कोशिश हुन्छ त्यति कुनै स्त्री वा कन्या बिरामी हुँदा हुँदैन । यो विषमताको व्यवहार विषबराबर फल दिने हुन्छ; अतः स्त्री-पुरुष सबैसँग समताको व्यवहार गर्नु पुरुषहरूका लागि उचित छ। स्त्रीहरूमा जति पनि दोष देखिन्छन् तिनको कारण पनि पुरुष नै हुन्छन्, किनभने पुरुष स्त्रीहरूसँग नराम्रो व्यवहार गर्दछन्, अतः तिनीहरूलाई पुरुषबाट खराब शिक्षा प्राप्त हुन्छ। यदि पुरुषले स्त्रीसँग आफ्नो व्यवहारमा सुधार गर्ने हो भने उसको धेरैजसो सुधार हुनु स्वाभाविक छ, किनभने न्याय के हो भने कसैले अर्कोसँग राम्रो व्यवहार गरेमा अर्कोले पनि ऊसँग राम्रै व्यवहार गर्दछ ।

विधवा स्त्रीहरूसँग त पुरुषहरूको व्यवहार प्रायः निन्दनीय नै छ। त्यसको सुधार हुनु अत्यन्त आवश्यक छ । जसको पति मर्दछ त्यो बिचरी असहाय र अनाथ हुन्छे । उसलाई मानिसहरू कहीं आदर गर्दैनन्; न माइतमा, न घरमा । धेरैजसो पुरुषहरू आफ्नी पत्नीको वशमा परेर धर्मको पालन गर्ने सुशील विधवा स्त्रीसँग पनि राम्रो व्यवहार गर्दैनन्, न उनको पालन-पोषण नै गर्दछन् । प्रथमतः यो घोर कलियुगमा विधवालाई धर्ममा रहन स्वभावतः नै कठिन छ, त्यसमा पनि यदि कोही रहन चाहन्छे भने पनि उसलाई मदत दिनु त परै रहोस्, मानिसहरू उसलाई अनेक प्रकारको झञ्झटमा पार्ने कोशिश गर्दछन् । यसमा कोही-कोही त दुःखित भएर धर्म छाडिदिन्छन् । अतएव जसको घरमा विधवा स्त्री हुन्छे, तो मानिसहरूले स्वयं संयममा रहेर तिनलाई संयमको शिक्षा दिनुपर्दछ । उनलाई तन, मन, धन दिएर मदत गर्नुपर्दछ । विशेष मदत दिन नसके तापनि उनको स्वत्वमा खराब नियत कहिल्यै गर्नु हुँदैन । धेरैजसो मानिस त यस्ता पनि देखिन्छन् जो भाइ छोरा आदि मरेपछि उनका स्त्रीहरूको धनमा अधिकार जमाएर तीमाथि भए-नभएका कलङ्क लगाएर तिनलाई खानसम्म पनि दिँदैनन् र कोही-कोही त लोभमा

फसेर धन लिनाका लागि घरबाट बाहिर निकाल्ने चेष्टा समेत गर्दछन् । त्यस दुखियाको सरापले उसका यो लोक तथा परलोक दुवै नष्ट हुन्छन् । तीं पुरुषहरूले ईश्वर र मृत्युलाई ध्यानमा राखेर यस्तो राक्षसी कर्मबाट विमुख हुनुपर्दछ । अब आदर्श नारी-धर्मको केही उदाहरण लेख्दछौं –

सपत्नीधर्म-माता कौशल्या र माता सुमित्राको महत्ता– भक्तराज हनुमान् द्रोणाचल उठाएर आकाशमार्गबाट अयोध्यामाथि हुँदै गइरहेका थिए । भरतले राक्षस सम्झेर बाण हाने र उनी 'राम' भन्दै खसे । वायुदेवताले अयोध्याको रक्षा गर्नका लागि पर्वतलाई माथि नै रोकिदिए । हनुमान् जमीनमा उत्रे । भरत उनको मुखबाट 'रामनाम' सुनेर चकित र दुःखी भए । फेरि भरतले हनुमान्को नजीक गएर उनलाई अँगालेर छातीमा टाँसे । हनुमान्ले सबै समाचार सुनाए । लक्ष्मण मूर्च्छा परेको सुनेर भरत अत्यन्त दुःखी भए । स्वामी रामको आज्ञा अयोध्यामा नै रहनू भन्ने थियो र उता स्वामी युद्धमा फसेका थिए– भरत बडो असमञ्जसमा परे, उनको चेहरा अति उदास भएको देखियो, यद्यपि राम अजेय छन् भन्ने कुरो उनलाई थाहा थियो ।

माता कौशल्या, सुमित्रा र शत्रुघ्न त्यहीं आएका थिए । लक्ष्मण मूर्च्छा परेको सुनेर कौशल्या माता अत्यन्त दुःखित भइन् र विलाप गर्न लागिन् । सुमित्रालाई पुत्रको यो अवस्था देखेर बडो दुःख लाग्यो । तर साथै श्रीरामको कामका लागि लक्ष्मणको यो बलिदान भइरहेको कुरा सम्झेर सुखी भई भन्न लागिन्–

धन्य सुपुत्र पिता-पन राख्यौ,
धनि सुबधू कुल–लाज ।।
सेवक धन्य अन्त अवसर जो,
आवे प्रभुके काज ।।
पनि धरि धरि कह्यौ,
धनि लक्षिमन रामकाज जो आवै ।।
'सूर' जियै तो जग जस पावै,
भरि सुरलोक सिधावै ।।

सुपुत्र श्रीराम धन्य छन्, जसले पिताको प्रणको, सत्यको रक्षा गरे । उत्तम पुत्रवधू जानकी धन्य छिन्, जसले उभयकुलको लाज राखिन् सेवक पनि त्यही धन्य हो जो प्राण छाड्दा-छाड्दै प्रभुके काममा आयो । फेरि धैर्य लिएर भनिन्– लक्ष्मण धन्य छन्, जो श्रीरामको काम आयो । यदि ऊ जीवित रहने हो भने संसारमा अक्षय यश प्राप्त गर्नेछ र मरिहाले पनि देव-लोकमा जानेछ। त्यसपछि शत्रुघ्नतिर मुख गरेर भनिन्– 'बाबु ! तिमी अब हनुमान्सँग जाऊ ।'

यति सुन्नेबित्तिकै शत्रुघ्न खडा भए, उनको शरीर आनन्दले पुलकित भयो । यति प्रसन्न भए कि मानौं दैवसंयोगले उनको पूरा दाउ लाग्न गयो । माता सुमित्रा र कान्छा भाइ शत्रुघ्नको यो त्यागमय प्रसन्नता देखेर हनुमान् र भरतलाई आफ्नो अयोग्यताको कारण अत्यन्त ग्लानि भयो । तब माताले उनलाई सम्झाएर सावधान गरिन्–

तात ! जाहुँ कपिसँग, रिपुसूदन उठि कर जोरि खरे हैं ।
प्रमुदित फलकि पैत पूरे जनु विधिवस सुढर ठरे हैं ॥
अब प्रमुदित गति लखि पवनज,
भरतादि गलानि गरे हैं ।
'तुलसी' सब समुझाई मातु,
तेहि समय सचेत करे ह ॥

तदनन्तर माता सुमित्रा देवी कौशल्यासँग भन्न लागिन्–

धन जननी, जा सुभटहि जावै ।
शोर परैं रिपुको दल–दलि–मलि,
कौतुक कहि दिखरावै ॥
कौसल्यासौं कहति सुमित्रा,
जनि स्वामिनि ! दुःख पावै ।
लछिमन जाने हौ भई सपूती
रामकाज जो आवै ॥
जीवै तो सुख बिलसै जगमें
कीरति लोकनि गावै ।
मरै तो मंडल भेदि भानुको,
सुरपुर जाई बसावै ॥
लोह गहैं लालच करि जियको
औरो सुभट लजावै ।
'सुरदास' प्रभु जीति शत्रुको
कुशल-छेम घर आवै ॥

स्वामिनी ! मनमा दुःख नलिनुहोस् । जननी त त्यही धन्य हो, जो यस्तो शूर-वीरलाई जन्म दिन्छे, जो युद्ध आइपरेमा शत्रुको दललाई दली–मर्दन गरी खेल खेलेजस्तो गरी देखाउँछ ।

लक्ष्मण रामको काम आए त उनलाई जन्म दिने म सुपुत्रवती नै भएँ, मेरो कोख सफल भयो । यो जीवित रह्यो भने संसारमा रहेर सुख भोग्ने छ र मानिसहरू उसको कीर्ति गाउने छन्, मन्यो भने सूर्यमण्डल भेदन गरेर दिव्यलोकमा निवास गर्नेछ । जो शस्त्र उठाएर प्राणको लोभ गर्दछ, त्यो कातर अरू शूर-वीरहरूलाई पनि लज्जित पार्दछ । म त चाहन्छु के भने श्रीरघुनाथ शत्रुलाई पराजित गरी कुशल-क्षेमसित घर फर्कियून् । सुमित्राका कुरा सुनेर माता कौशल्या हनुमान्सँग भन्न लागिन्–

सुनो कपि ! कौसल्याकी बात । ४३८
ईहिं पुर जनि आवहिं मम बत्सल, बिनुलछिमन लघु भ्रात ।।
छाँड्यौ राजकाज, माता हित, तुँव चरननि चित लाई ।
ताहि विमुख जावन धिक रघुपति, कहियो कपि समुझाई ।।
लछिमनसहित कुशल वैदेही, आनि राजपुर कीजै ।
नातरु 'सूर' सुमित्र-सुतपर वारि अपनओं दीजै ।।

हनुमान् ! तिमी कौशल्याका कुरा सुन । श्रीरामलाई मेरो यो सन्देश भनिदिनू– 'मेरा प्यारा पुत्र ! मेरा पुत्र हौ भने लक्ष्मणलाई साथ नलिईकन यस अयोध्यानगरमा फर्केर नआउनू ! हनुमान् ! तिमी यो सम्झाएर भनिदेऊ– रघुनाथ ! जसले तिम्रो चरणमा चित्त लगाएर राजकाज (राज-वैभव), माता र सारा हितैषी बन्धुबान्धवलाई छाडिदियो त्यसदेखि विमुख (त्यसले रहित) जीवन-लाई धिक्कार छ । अतएव या त लक्ष्मण र जानकीको साथ कुशलतापूर्वक फर्केर अयोध्यापुरीमा राज्य गर या सुमित्राकुमार लक्ष्मणमाथि आफूलाई समर्पण गरिदेऊ ।'

माता कौशल्याले फेरि भनिन् –

बिनती कहियो जाई पवनसुत तुम रघुपतिके आगे ।
या पुर जनि आवहु बिनुलछिमन, जननि लाजनि लागे ।।

'पवनकुमार ! तिमी जाऊ र श्रीरघुनाथको सम्मुख मेरो यो बिन्ती सुनाइदेऊ– आमाको लाज बचाउनका लागि पनि विनालक्ष्मण तिमी अयोध्या नआउनू' । कौशल्याको यो कुरा सुनेर सुमित्राले हनुमान्लाई सम्झाएर भनिन्–

मारुतसुतहि संदेश सुमित्रा ऐसे कहि समुझावै ।
सेवक जूझि परै रन भीतर ठाकुर तउ घर आवै ।।
जब तें तुम गवने काननको भरत भोग सब छाडे ।
'सूरदास' प्रभु तुम्हेर दरसन दुःख समह उर गोड ।।

'हनुमान् ! मेरो यो सन्देश श्रीरामलाई भनिदेऊ - सेवकले रणमा युद्ध गरेर आफ्नो प्राण देओस् तर पनि स्वामी त घर फर्केर आउँछन् । अतएव तिम्रो आउनुमा कुनै अनुचित कुरा छैन ।

यता भरतलाई पनि हेर्नु छ। जुन समय तिमी वन गयौ त्यस बेलादेखि भरत सब भोग त्याग गरी बसेका छन्। रघुनाथ ! तिम्रो दर्शन नपाएर उनी हृदयमा दुःखको बोझ बोकेर बसेका छन्। अतएव भरतका लागि पनि तिमी अवश्य फर्केर आउनुपर्दछ।'

हनुमान् भने माता कौशल्या, माता सुमित्रा, श्रेष्ठ भाइ भरत र शत्रुघ्नका भाव बुझेर मुग्ध भइरहेछन्। तर स्वामीको कार्य गर्नु छ, रात बित्न लागिरहेछ, यसउसले उनले भरतको आज्ञा माग्दै भने– 'अब धेरै अबेर भयो, कहीं रात धेरै गयो भने त बडो अनर्थ हुनेछ।' तब भरतले हनुमान्-लाई बिदा दिए। आमाहरूमा त्यागको होडबाजी चलिरहेछ र भ्रातृप्रेम झन् आदर्श नै छ। धन्य हो !

आदर्श माता पतिव्रता मदालसा– गन्धर्वराज विश्वावसुकी कन्या मदालसाको विवाह राजा शत्रुजित्का पुत्र ऋतध्वजसित भएको थियो। ऋषि-मुनिहरूलाई दुःख दिने राक्षस पाताल-केतुको बध राजकुमारले देवताको निमित्त घोडा चढेर गरेका थिए। त्यस राक्षसको पीछा गर्दै उनी पाताल पुगेका थिए। त्यस राक्षसद्वारा हरण गरिएकी गन्धर्वकन्या मदालसासित पातालमा उनको साक्षात्कार भयो। गन्धर्वहरूका पुरोहित तुम्बुरुले दुवैको विवाह सम्पन्न गरिदिएका थिए।

पातालकेतु मारियो, तर त्यसको भाइ तालकेतु मुनिको रूप लिई यमुनाको किनारमा आश्रममा रहन लाग्यो। ऊ आफ्नो दाजुको मृत्युको बदला लिने घातमा रहन लाग्यो। अतः उसले छलकपट गरी राजकुमारको मृत्यु भएको झूटो समाचार पठाएर मदालसालाई मरायो। राजकुमार पत्नीको वियोगले दुःखी भई रहन लागे। उनले कुनै पनि अर्की कन्यासँग विवाह गर्न अस्वीकार गरे।

नागराज अश्वतरका दुई छोरा मनुष्यको रूप लिएर कहिलेकाहीं पृथ्वीमा आउने गर्दथे। राजकुमार ऋतध्वजसँग उनको मित्रता हुन गएको थियो। आफ्नो मित्रको दुःख देखेर ती दुवैलाई बडो दुःख लाग्यो। तिनीहरूले प्रयत्न गरी सरस्वतीको वरदानले सङ्गीतमा निपुणता प्राप्त गरेर कैलाश गई आफ्नो सङ्गीतले शङ्करलाई प्रसन्न पारेर शङ्करबाट मदालसाको पुनः जन्म हुने तथा पूर्वस्मृति रहने वरदान प्राप्त गरे। यस वरदानको फलस्वरूप मदालसा तिनका मध्यम फणबाट प्रकट भइन्।

नागराजका कुमारहरूले राजकुमार ऋतध्वजलाई स्नान गराउन गोमतीमा लिएर गए र त्यहाँबाट पाताल लगे। त्यहाँ पहिलेको जस्तो रूपमा मदालसालाई राजकुमारले देखे। नागराज-बाट उनको पुनर्जन्मको वृत्तान्त थाहा पाएर उनले त्यहाँ फेरि उनीसँग विवाह गरे। त्यसपछि नागराजको अनुमति लिएर ती दुई त्यहाँबाट पृथ्वीमा आए।

राजा शत्रुजित्को परलोक भएपछि ऋतध्वज सिंहासनमा बसे। समयमा उनको प्रथम पुत्र पैदा भयो र राजाले उसको नाम विक्रान्त राखे। भगवान् शिवको वरदानले मदालसा योगविद्या जान्ने भएर जन्मेकी थिइन् ! पुत्रको नामकरण देखेर उनलाई हाँसो उठ्यो। उनका दुई पुत्र अरू पनि भए। राजाले तिनको नाम सुबाहु र शत्रुमर्दन राखेका थिए। त्यस समय पनि रानी मदालसालाई हाँसो उठेको थियो।

नारीको सफलता मातृत्वमा छ । किन्तु उनको सार्थकता पुरुषलाई मुक्त गर्नुमा छ । (प्रकृति न ठहरिइन् !) रानी मदालसा आफ्नो बच्चालाई यस्तो लोरी गाउँथिन् –

शुद्धोऽसि बुद्धोऽसि निरञ्जनोऽसि
संसारमायापरिवर्जितोऽसि ।
संसारस्वप्नं त्यज मोहनिद्रां
मदालसा वाक्यमुवाच पुत्रम् ।।

'पुत्र! तिमी शुद्ध छौ, ज्ञानस्वरूप छौ, निर्मल छौ, संसारको मायाले सर्वथा रहित छौ, संसार स्वप्नवत् छ, अतः मोहनिद्रा त्यागिदेऊ ।'

रानीको चौथो पुत्र भयो । यिनको नामकरण हुने बेला राजाले भने– 'मैले नाम राख्ता तिमीलाई हाँसो उठ्दछ । यसकारण यसको नाम तिमी आफै राख ।'

रानीले चौथो पुत्रको नाम 'अलर्क' राखिन् । रानीले तीनोटै पुत्रलाई बचपनदेखि नै ब्रह्म-ज्ञानको उपदेश गरेकी थिइन् । ती युवक भएपछि वीतराग, गृहत्यागी भएका थिए । राजाले प्रार्थना गरे– 'देवी ! अब यस पुत्रलाई पनि ब्रह्मज्ञानको उपदेश दिएर कुलको उच्छेद नगर । यसलाई त प्रवृत्तिमार्गमा लगाऊ ।'

चौथो पुत्र युवा भए । यिनलाई रानीले धर्म, अर्थ, कामको शिक्षा दिएकी थिइन् । तिनलाई गद्दीमा चढाएर दम्पती तपस्या गर्न वनमा गए । आफू जाँदा मदालसाले पुत्रलाई एउटा औंठी दिएर उपदेश दिएकी थिइन्– 'विपत्ति पर्दा यो खोल । यसमा उपदेशपत्र छ, त्यससमय यस-अनुसार काम गर्नू ।'

गङ्गा-यमुनाको सङ्गममा यमुनातीरमा अलर्कले आफ्नो राजधानी बनाए । यो स्थान अब प्रयागराजको नजीक छ र 'अरैल' भनिन्छ । केही समय बित्यो । अलर्कका दाजुहरूले यिनलाई संसारको आसक्तिमा फसेको देखेर यिनलाई सन्मार्गमा ल्याउने विचार गरे । अतः सुबाहुले काशि-राजको सहायता लिएर उसमाथि आक्रमण गरे । शत्रुका सेनाहरूले राजधानी घेरेपछि सङ्कट-कालमा अलर्कले आफ्नी माताले दिएको औंठी खोले । त्यसबाट उपदेश निस्क्यो– 'आसक्ति-त्याग नै पुरुषको धर्म हो । कामनाहरू नरकका द्वार हुन् । वीर त्यो हो जो कामनालाई जित्दछ । आफ्नो आत्मस्वरूप चिन्ने चाहना गर । पुरुषको जीवनको यही परम साफल्य हो ।

'हजूर राज्य लिनुहोस् । मलाई अब यसको आवश्यकता छैन ।'– माताको उपदेश पढेर अकेला, शस्त्रहीन अलर्क दाजु सुबाहुकहाँ गई उनका पाउ परे ।

'मलाई राज्य लिएर के गर्नु छ ?' –सुबाहुले भने– 'तर तिमी यस मोहलाई छाड । पुत्रलाई राज्य दिएर आफ्नो उद्धारको प्रयत्नमा लाग ।' अलर्कले पुत्रलाई राजगद्दी दिइदिए । उनी स्वयं दत्तात्रेयको शरण लिन पुगे । यसप्रकार रानी मदालसाले पतिधर्मको निर्वाहको साथ

माताको श्रेष्ठ कर्तव्यको पालना गरिन् र आफ्ना सबै छोराहरूलाई परमार्थको प्राप्ति गराइन् । धन्य छन् यस्ती माता !

प्रथम सती महारानी अर्चि– पृथ्वीका जुन प्रथम राजाको प्रजारञ्जनको कारणले गर्दा 'राजा' उपाधिले जन्म पायो ती महाराज पृथु पृथ्वीमा दीर्घकालसम्म शासन गरिसकेपछि भोगदेखि विरक्त हुन पुगे । छोरालाई सिंहासन दिएर उनी तपस्या गर्न वनमा गए । उनले धेरै दिनसम्म उग्र तप गरे । प्रारब्ध पूरा भयो । शरीरको समाप्ति हुने समय आयो । पृथुले आसन सह्याले, प्राणनिरोध गरे र शरीर छाडे । सप्तद्वीपयुक्त सम्पूर्ण पृथ्वीका प्रथम सम्राट्को महारानी अर्चि पनि आफ्ना पतिका साथ वनमा आएकी थिइन् । पति तपस्या गर्दथे र उनी पतिको सेवा-अर्चना गर्दथिन् । त्यसदिन पतिका पाउ ढोग्न जाँदा पतिको शरीर चिसो भेटिन् । बडो शोक लाग्यो । वनमा एक्ली नारी महारानी, उनका पतिको दाहसंस्कार सम्पन्न गर्न कुनै सहायक थिएन । महारानी अर्चिको चित्त चाँडै नै शान्त भयो । धैर्यपूर्वक उनले वनबाट दाउरा बटुलेर चिता बनाइन् । पतिको देहलाई स्नान गराएर चितामा राखिन् । स्वयं गङ्गामा स्नान गरेर उनले पतिलाई जलाञ्जलि दिइन् र त्यसपछि स्वयं चितामा गएर बसिन् । स्मरण गर्ने बित्तिकै अग्निदेव चितामा प्रकट भए ।

विश्वमा पतिको देहसँगै सती हुने प्रथम नारी थिइन् महारानी अर्चि । उनको शरीरको आहुति हुँदा आकाशबाट चितामा निरन्तर पुष्पवृष्टि भइरह्यो ।

आदर्श सती भगवती सती– पतिको देहसँगै चितारोहण गर्ने नारीलाई 'सती' भन्ने चलन जसको नामबाट चल्यो, उनै दक्षकन्या भगवती सतीले आफ्ना पतिको सम्मान राख्न गरेको देहत्याग अद्भुत तेजस्विता र उनी पतिप्राण हुनाको ज्वलन्त प्रमाण हो ।

एकपटक ब्रह्माको सभामा सबै देवता उपस्थित थिए । प्रजापति दक्ष सबभन्दा पछि त्यहाँ आए । उनलाई देखेर सबै देवता उनको सम्मानमा उठे । ब्रह्मालाई उठ्नुपर्ने कारण नै थिएन । उनी त दक्षका पिता नै थिए । भगवान् शङ्कर ध्यानमा मग्न थिए, यसकारण उनी पनि उठेनन् । दक्षले आफ्नी पुत्री सतीको विवाह शिवसँग गरेका थिए । आफ्नो ज्वाइँ नै आफ्नो सम्मानमा आसनबाट नउठेकोमा दक्षलाई आफ्नो अपमान भएको लाग्यो । उनले शङ्करलाई भस्मु-नभस्मु भने । क्रोधमा सराप पनि दिए । आफ्नो स्वामीले सराप पाएकोले चिढिएर नन्दीश्वरले दक्ष र ब्राह्मणहरूलाई सराप दिए । प्रत्युत्तरमा महर्षि भृगुले शिवका अनुयायीहरूलाई सराप दिए । कुरो यहाँसम्म बढ्यो । यो देखेर खिन्नचित्त भएका शङ्कर उठेर आफ्ना गणहरूका साथ त्यहाँबाट हिंडे ।

समय बित्यो । किन्तु दक्षको मनको क्रोध गएन । उनले मनमनै शिवसँग द्वेष नै गरिराखे । ब्रह्माले दक्षलाई प्रजापतिहरूका अग्रणी बनाएपछि दक्षले एक महायज्ञ प्रारम्भ गरे । यज्ञ जानी-जानीकन शङ्करलाई तिरस्कार गर्नका लागि नै गरिएको थियो । यसैले यज्ञमा दक्षले आफ्नी पुत्री सती र ज्वाइँ शिवलाई निमन्त्रित गरेनन् ।

'आकाशमार्गबाट साँतीका तांती विमानहरूमा पतिको साथ यी देवाङ्गनाहरू कहाँ जान लागिरहेछन् ?'– सतीले श्रेणीवद्ध विमान गएको देखेर सोधिन् । 'तिम्रा पिताको महा-यज्ञमा !'– भगवान् शिवले सहजैसित बताए । 'मेरा पिताकहाँ महायज्ञ छ ? त्यसो भए म त्यो हेर्न जान्छु । हजूर मलाई लिएर हिंड्नोस्'– सती उत्सुक भइन्– 'निमन्त्रणा नआएर के भयो । पिताले कामको लठारोले गर्दा बिर्से होलान् । माता-पिताको घर जानका लागि निम्ताको के आवश्यकता छ ?'

भगवान् शङ्करले धेरै सम्झाए, किन्तु सती रोकिन चाहँदिनथिन् । तिनी एक्लै हिंडिहालिन् । शङ्करले उनका साथ आफ्ना गण पठाए । पिताको घर पुगेपछि मातले पुत्रीको स्वागत गरिन् । बहिनीहरूले पनि भेटघाट गरे, तर दक्षले भने कुरोसम्म पनि गरेनन् । अरूहरूले पनि मुन्टो फर्काए । सती यज्ञशालामा गइन् त अरू देवताहरूका लागि आसन छन्, यज्ञमा तिनका भाग छन्, किन्तु भगवान् शिवको भाग यज्ञमा थिएन । उनलाई यज्ञबाट बहिष्कृत गरिएको देखिन् ।

'म यस्ता शिवद्रोही पिताबाट उत्पन्न भएको यो देह लिन चाहन्नँ ।' क्रोधले उद्दीप्ता सतीले दक्ष र सभासद्हरूलाई धिक्कारिन् अनि देह-त्याग गर्ने निश्चय गरी यज्ञमण्डपमा नै उत्तर दिशामा आसन लाएर बसिन् । भगवान् शिवको ध्यान गर्दै-गर्दै नै योगाग्निद्वारा उनले शरीरलाई भस्म गरिदिइन् । विश्वमा यो आत्माहुति नारीले गरेको पहिलो घटना हो । यसमा शिवगणहरूले क्रुद्ध भएर उत्पात मचाए । महर्षि भृगुले एकपटक त मन्त्रको बलले उनलाई रोके, किन्तु सतीको देह-त्यागको समाचार सुनेर शङ्करले वीरभद्रलाई प्रकट गरेर पठाए । वीरभद्रले यज्ञ नष्ट गरिदिए । दक्ष मारियो । देवताहरूलाई पनि चोट लाग्यो । भगवती सतीले हिमालयकी कन्या भएर जन्म लिइन् र तप गरेर फेरि पतिरूपमा शङ्करलाई प्राप्त गरिन् ।

भगवती उमा– नगाधिराज हिमालयकी कन्याले भगवान् आशुतोषको प्राप्तिका लागि गरेको यो उग्र तपको कल्पना त्यस युगमा पनि तपस्वीहरू बडो मुश्किलले गर्न सक्तथे । यथा– संबत सहस मूल फल खाये ।
सागु खाई सत बरष गँवाये ॥
कुछु दिन भोजनु वारि बतासा ।
किये कठिन कछु दिन उपवासा ॥
बेलपाती महिपरइ सुखाई ।
तीनि सहस संबत सोई खाई ॥
पुनि परिहरे सुखनेउ परना ।
उमहि नामु तब भयउ अपरना ॥

तपस्या कहिल्यै असफल भएको हुँदैन । त्यसलाई सफल त हुनु नै थियो, किन्तु त्यसअघि तपस्वीको निष्ठा परीक्षाको कसीमा घोटिन्छ । उमा पनि यसमा अपवाद भइनन् । यो परीक्षा त निष्ठालाई उज्ज्वल एवं प्रख्यात गर्ने हुन्छ ।

भगवान् शङ्कर प्रसन्न भए । उनले सप्तर्षिको स्मरण गरी तिनलाई आदेश दिए–

पारवती **जहँ जाई तुम प्रेमपरीच्छा लेहु ।**
गिरिहि प्रेरि पठायहुँ भवन दूरि करेहु संदेहु ।।

केवल परीक्षा मात्र लिनु छैन, तपको फल प्राप्त हुन्छ नै । यस सम्बन्धमा पक्का आश्वासन दिने ध्येय लिई पठाइँदै छ ।

सप्तर्षि आए र तिनीहरूले चाहिंदा-नचाहिंदा कुरा सुनाए– 'गिरिराजकुमारी ! तिमी किन नारदको बहकाउमा पर्न गयौ ? नारद स्वयं घरबाररहित ढोका-ढोका घुमिहिंड्ने हुन् । उनी सबैलाई आफूजस्तै बनाउन चाहन्छन् । हरे ! शिव त भिक्षुक हुन् । नङ्गा विभूति लगाएका, सर्प बेरिएका, भूत-प्रेतसँग रहने विरुपाक्ष हुन् । उनीसँग विवाह गरेर तिमी के सुख पाउँछ्यौ ? भैगो, जे भयो, भयो । तिमीले व्यर्थ यो तप गर्‍यौ । लक्ष्मीकान्त, वैकुण्ठाधिपति, त्रिभुवन-मनोहर श्रीनारायणसँग हामी तिम्रो विवाह गराइदिन्छौं ।'

व्यर्थ थियो सप्तर्षिहरूको यो प्रयास र प्रलोभन । पार्वतीले बडो दृढतापूर्वक स्पष्ट गरिदिइन्– **महादेव अवगुन भवन बिष्नु सकलगुणधाम ।**
जेहि कर मनु रम जाहि सन तेहि तेहि सन काम ।।
अब मै जन्मु संभु हित हारा ! को गुन दूषन करै बिचारा ।।
जन्मकोटि लगि रगर हमारी ! बरउँ संभु नत रहउं कुँआरी ।।

सप्तर्षिहरूको कुराको खण्डन भएन, विवाद भएन, किन्तु आफ्नो निष्ठामा अचल सुस्थिरता भने रह्यो । यही स्थिरता, यही निष्ठा थियो, जसले उमालाई भगवान् शङ्करको आधा अङ्गमा स्थान दियो । तो चन्द्रमौलीश्वर अर्धनारीश्वर बने– पार्वतीलाई आफ्नो अङ्गमा निवास दिएर ।

भगवती पार्वती सतीहरूको परम आदर्श एवं परमाराध्या छन् । उनको स्मरण, उनको अर्चन नारीलाई सतीत्वमा स्थिर रहने शक्ति दिन्छ । भगवती उमाको जय !

सती अनसूया– स्वायम्भुव मनुकी दौहित्री, भगवान् ब्रह्माकी पौत्री, प्रजापति कर्दमकी छोरी तथा सांख्यशास्त्रका प्रवर्तक भगवान् विष्णुका अवतार सिद्धेश्वर कपिलकी दिदी अनसूया महर्षि अत्रिकी पत्नी हुन् । अनसूयाको पातिव्रत्यको महिमा अपार छ । दीर्घकालीन अकाल

परेको थियो । चित्रकूटको त्यस देशमा, जहाँ महर्षि अत्रिले आश्रम बनाएका थिए, महर्षि दीर्घ-कालदेखि समाधिमा स्थित थिए र अनसूया उनको सेवामा थिइन् । महर्षिको समाधि टुटचो । उनले पत्नीसँग भने– 'देवी ! जल लिएर आऊ ।'

स्वयम् उनलाई यतिका दिनसम्म आफ्ना लागि आहार र जलको आवश्यकता नसुझेको कुरो अनसूयालाई बल्ल ध्यानमा आयो । पतिदेवको नजीकको ठाउँ स्वच्छ गर्नु, उनको गार्हपत्य अग्निलाई प्रज्ज्वलित गरी राख्नु र उनको ध्यान गर्नु, यसको अतिरिक्त आफ्नो शरीरको त उनलाई स्मरण नै भएन । उनी कमण्डलु उठाएर गुफाबाट बाहिर निस्किन् ।

वनका वृक्षमा पातसम्म थिएन । भुइँमा घाँसको नाममा एक त्यान्द्रो पनि थिएन । वनमा केवल सुक्खा ठुटा मात्र खडा थिए र कुनै पशु-पक्षी त के कीरा–फटचांग्रासम्म पनि देखिँदैनथ्यो । बाह्र वर्षको अनावृष्टिले गर्दा आर्द्रताको चिन्हसम्म पनि मेटिएको थियो । पानी कहाँ पाइन्थ्यो यस्तो समयमा ! पतिले पानी माग्दा पतिव्रताले पानी कहीं छैन भनी कसरी उत्तर दिनु ? पृथ्वीमा अन्न होस्, पानी मात्र नै होस् त सामान्य प्राणीको पोषण हुन्छ; किन्तु जो धर्ममा स्थिर छ, उसलाई पोषण गर्ने दायित्व धर्ममा नै छ । उसलाई प्रकृतिको अवस्थाले कहाँ आबद्ध गर्दछ ? 'भगवती महादेवको जटामा रहेकी, विष्णुका पाउबाट निस्केकी जन्हुकन्या ! म तिम्रो आवाहन गर्दछु । सुरसरित् ! अनसूया तिमीलाई पुकार गर्दछिन् । आऊ आमा ! यस बच्चीलाई आफ्ना आराध्यको अर्चन गर्नका लागि जल देऊ ।' –देवी अनसूयाले क्षणभर आँखा बन्द गरिन् । उनले आँखा उघारेर हेर्दा उनी जहाँ उभिएकी थिइन् त्यहाँ उनको पादतलको नजीक र अगल–बगलबाट शत-सहस्र धारामा निर्मल गङ्गाजीको धारा निस्केको देखिन् । आजसम्म चित्रकूटको अत्रि-आश्रममा टाढासम्म शत-शत धारा खसिरहेछन् त्यो सुरसरित्को जल जुन एकत्र भएर मन्दाकिनीको प्रवाह बन्दछ ।

'देवी ! तिमीले यो सुक्खा जङ्गलमा जल कहाँ पायौ ?' – अनसूयाले जल ल्याएर दिइन् । महर्षि अत्रिले आचमन गरे । किन्तु उनी गुफाबाट बाहिर के निस्केका थिए आफ्नो चारैतिरको अवस्था देख्दा चकित भए । पत्नीबाट उनले जलको उद्गम जान्न खोजे ।

'हजूरको श्रीचरण नै यस जलको उद्गमस्थल हो ।' अनसूयाले शिर निहुराइन् । नारीका लागि त पति नारायणकै प्रत्यक्ष मूर्ति हो । यी चरणका प्रभावलाई हेर्दा त्रिभुवनमा कुनै पनि कुरा अलभ्य एवम् अकल्पनीय छैन ।

देवी अनसूयाको यो यशोगाथा देवलोकसम्म मात्र होइन, कैलाश, ब्रह्मलोक, वैकुण्ठ-सम्म पनि गुञ्जियो । उनको पातिव्रत्यको प्रशंसा सुनेर उमा, रमा, ब्रह्माणीलाई ईर्ष्या लाग्यो । पत्नीहरूको आग्रहले शिव, विष्णु तथा ब्रह्मा अनसूयाको धर्मपरीक्षा लिनका लागि विवश भए । प्रस्थान त तीनै जनाले पृथक्–पृथक् गरेका थिए; किन्तु संयोगवश चित्रकूट पुग्नुभन्दा पहिले बाटामा तीनै जनाको भेट भयो । तीनै जनाले छद्मवेश धारण गरे ।

महर्षि अत्रि वनमा फल-समिधादि लिन गएका थिए । तीन तेजस्वी अतिथि सँगसँगै उनको आश्रममा आइपुगे । तीन जनाले भने– 'हामी अत्यन्त भोकाएका छौं ।' अनसूयाले तिनलाई अभ्यर्थना गरिन्, आसन दिइन्, जल दिइन् । तर अतिथिहरूले एक अनौठो कुरो गरे– 'जबसम्म निरावरण भएर आहार दिनुहुन्न, हाम्रो उपयोगमा त्यो आउनेछैन ।'

'ठीक छ ।' अनसूया गम्भीर भइन् । स्त्री आफ्ना पतिको सम्मुख निरावरण हुन्छिन् अथवा आफ्नो शिशुको सम्मुख, जो आफ्नो पेटबाट उत्पन्न हुन्छ, अन्य पुरुषको सम्मुख सती निरावरण कसरी हुन सक्छिन् ? आँखा बन्द भए क्षणभरका लागि तो सती शिरोमणिका । उनको सतीत्वको अगाडि त त्रिदेवको माया पनि आवरण बन्न सक्तैनथ्यो । तथ्य के हो भन्ने कुरो उनलाई तत्काल थाहा भयो । उनको ओठमा मन्द मुस्कान आयो ।

'तिमीहरू तीनै जना नवजात शिशु बन ।' अनसूयाले हातमा जल लिएर तीनै जनालाई छर्किदिइन् । त्रिदेव साना नवजात बच्चा बनेर च्याहाँ च्याहाँ गर्न लागे । अब माता तिनलाई कसरी राखिछन्, कसरी दूध खुवाछिन्, यसको प्रश्न नै कहाँ रह्यो । 'यसरी खाने र यसरी नखाने' भन्ने अब को पो रह्यो ?

महर्षि आए र पत्नीले उनलाई तीन पुत्र पाएको मङ्गल समाचार दिइन् । अत्रि-आश्रम तीनजना बालकको क्रीडाले मुखरित त भयो, तर कैलाश, वैकुण्ठ र ब्रह्मलोकमा भने लामो प्रतीक्षा असह्य हुन गयो । प्रतीक्षा सहन गर्नै नसकिने भएपछि तीनै जना देवी एकत्र भए । तीनै जनाको विपत्ति-कथा एउटै थियो । अतः तीनै जनालाई अत्रिआश्रम आउनु नै पऱ्यो । 'हामी हजूरका पुत्रवधू हौं । हाम्रो अपराध क्षमा गर्नुहोस् ।' तीनवटै देवीले अनसूयाका चरणमा मस्तक राखे– 'अब हामीलाई हाम्रा स्वामी प्राप्त हुने अनुग्रह गर्नुहोस् ।'

अनसूयाले त्रिदेवलाई उनका वास्तविक रूप दिइन्; किन्तु तीनवटैले माता अनसूयाको वात्सल्यको स्वाद लिइसकेका थिए । तिनीहरू उनलाई छाड्न तत्पर थिएनन् । अतएव आफ्नो एक-एक अंशबाट तिनीहरू महर्षि अत्रिका पुत्र बने । भगवान् विष्णुको अंशबाट दत्तात्रेय, शङ्करको अंशबाट दुर्वासा र ब्रह्माको अंशबाट चन्द्रमा । मर्यादा पुरुषोत्तम श्रीराम चित्रकूटबाट दक्षिणतिर जान लाग्दा महर्षि अत्रिसँग बिदा लिन उनको आश्रममा गए । त्यससमय अनसूयाले श्रीजनक-नन्दिनीलाई पातिव्रत्य-धर्मको उपदेश दिइन् । प्रत्येक नारीले मनन गर्न योग्य छ त्यो उपदेश–

मातु पिता भ्राता हितकारी ।
मितप्रद सब सुनुराजकुमारी ।।
अमित दानी भर्ता वैदेही ।
अधम सो नारि जो सेवन तेही ।।

धीरज धर्म मित्र अरु नारी ।
आपदकाल परिखि अहींचारि ॥
वृद्धरोगवश जड धनहीना । ४४६
अंध बधिर क्रोधी अतिदीना ॥
ऐसेहु पति कर किय अपमाना ।
नारी पाव जमपुर दुःख नाना ।
एकहिं धर्म एक व्रतनेमा ।
काय वचन मन पतिपदप्रेमा ॥
जगपतिव्रता चारि विधि अहहीं ।
वेद पुरान सन्त सब कहहीं ॥
उत्तमके अस बस मन माहीं ।
सपनेहु आन पुरुष जग नाहीं ॥
मध्यम परपति देखई कैसे ।
भ्राता पिता पुत्र निज जैसे ॥
धर्म विचारी समुझि कुल रहई ।
सो निकृष्ट प्रिय श्रुति अरु कहई ॥
विनु अवसर भय ते रह जाई ।
जानेहुँ अधम नारि जग सोई ॥
पतिवंचक परपतिरति करई ।
रौरव नरक कलपसत परई ॥
छन सुख लागि जनम सत कोटी ।
दुःख न समुझ तेहि समको खोटी ॥
विनु श्रम नारी परम गति लहई ।
पतिव्रत धर्म छाडो छल गहई ॥
पतिप्रतिकूल जनम जहँ जाई ।
विधवा होइपाइ तरुनाई ॥

सहज अपावन नारी पति सेवत शुभ गति लहइं ।
जस गावत श्रुति चारि अजहुँ तुलसिका हरि हि प्रिय ॥

यहाँ एक विचारणीय कुरो के छ भने जहाँ स्त्रीका लागि पातिव्रत्य धर्मको विधान छ, त्यहाँ पतिका लागि पनि सबभन्दा ठूलो कर्तव्य के छ भने उसले पनि ठिटौली देखि विवाह नभएसम्म पूर्ण रूपले ब्रह्मचर्य अर्थात् यौन-पवित्रतामा रहेर विवाह भएपछि पनि एकपत्नीव्रतको पालन गर्नु-पर्दछ। जब प्रत्येक मानिस आफ्नी पत्नी शुद्ध एवं पवित्र चरित्र भएकी चाहन्छ, तब ऊ स्वयं पनि सच्चरित्र पतिको रूपमा रहनु उसको कर्तव्य हुन आउँछ। चारित्रिक पवित्रता नष्ट भएकी यस्ती केटीसँग कोही मानिस विवाह गर्न चाहन्छ ? चाहँदैन, कहिल्यै चाहँदैन। यसको अर्थ यो हुन्छ— तपाईं उसको चारित्रिक शुद्धता उच्च चाहनुहुन्छ। तब फेरि ऊ पनि तपाईंबाट त्यस्तै आशा राख्छे। तपाईं पनि परम पवित्र चरित्र भएको, सुप्रसन्न, स्वस्थ एवं कुशलतापूर्वक जीवन चलाउनमा सक्षम भएको हुनुहोस्। यौन-दुर्बलता हुँदा-हुँदै विवाह गर्दा पति-पत्नीको धर्म विकृत हुन्छ। विवाह पवित्र, स्वस्थ एवं प्रसन्न स्थितिमा नै हुनुपर्दछ। पातिव्रत्य-धर्मको नियम यदि स्त्रीका लागि भए पुरुषका लागि पनि एकपत्नी-धर्मको पालन गर्नु त्यति नै आवश्यक छ। हामी पुरुष हौं भनेर यसै घमण्डमा अकडिनु हुँदैन। सच्चरित्रताको जिम्मेवारी स्त्रीको अपेक्षा तिमीमा अधिक छ भन्ने कुरो स्वयं विचार गर। त्यो त स्त्री हो तर तपाईं त पुरुष हुनुहुन्छ। यदि तपाईं पति हुनुहुन्छ त पत्नीको सुन्दरता, उनको रूपलावण्य तपाईंलाई मनमोहक लाग्दछ। तर याद राख्नुपर्दछ, स्त्रीको बाह्य रूप सौन्दर्य एवं बी. ए., एम. ए. आदि शिक्षा त्यति मूल्यवान् तथा कामको वस्तु होइन, जति उनको हृदय-सौन्दर्य छ। विवाह भएपछि तपाईंलाई आफ्नी पत्नी संसारमा सबभन्दा सुन्दर, योग्य एवम् असल लाग्नुपर्दछ। तपाईंको मधुर व्यवहारबाट बिग्रेकी तथा खराब स्वभावकी स्त्री पनि ठीक हुन सक्छिन्। यदि उसको व्यवहारमा कटुता भए तपाईंको मधुर व्यवहारबाट उसको मन बदलिएर ऊ सरल एवं सुशील हुन सक्छे। पत्नीप्रति सिकायत राख्नु, पत्नी कस्ती भेटिएछ भनी आफूलाई धिक्कार्नु, यो ज्यादै गलत कुरो हो। जस्ती छ, सारै असल छ। उसलाई स्वयं सारै असल भएर अझै असल बनाउनुहोस्। त्याग, प्रेम, सहृदयता, आत्मीयता एवं उच्च तथा आध्यात्मिक विचारको सहायताले तपाईं उसलाई र स्वयम् आफूलाई पनि माथि उठाउन सक्नुहुन्छ। गृहस्थी-का लागि हिन्दू-धर्मको मर्यादा यही हो।

सती सावित्री- मद्र देशका नरेश अश्वपतिले भगवती सावित्रीको आराधना गरेर एउटी कन्या प्राप्त गरेका थिए र यिनको नाम उनले सावित्री नै राखेका थिए। उनकी यी कन्या सानै उमेर-देखि नै सुशीला, विनयपरायणा र धर्ममा निष्ठा भएकी थिइन्। राजाहरूको काम साधारणको जस्तो गरेर चल्दैन। मद्र नरेशकी परमसुन्दरी धर्मज्ञा कन्याको स्वयम्वर भएछ भने कसले हरण गरेर लैजाने हो थाहा पाउन सकिन्न। राजालाई आफ्नी पुत्रीको आचरण एवं बुद्धिमा पूरा विश्वास थियो। उनले तिनलाई मन्त्रीसँग भ्रमण गर्न पठाए। तिनी कुल, देश र त्यहाँका राजकुमारहरूमध्ये जसलाई वरण गर्लिन् उसैसँग उनको विवाह गर्ने कुरा थियो। केही दिन भ्रमण गरेर कन्या फर्किइन्। त्यस समय देवर्षि नारद महाराज अश्वपतिकहाँ आएका थिए। पिताको आदेशबाट देवर्षिको मुखिञ्जेल नै, आफूले कसलाई वरण गर्ने निश्चय गरेकी थिइन् त्यो सावित्रीले बताउनुपऱ्यो।

धर्ममा निष्ठा भएको ती कन्यालाई कुनै राज्यवैभवले लोभ्याउन सकेको थिएन । तिनको हृदयले शाल्वदेशका नरेश द्युमत्सेनका पुत्र सत्यवान्‌लाई रोजेको थियो । द्युमत्सेनको राज्य शत्रुले जबर्जस्ती लिएका थिए । उनी पत्नी र पुत्रलाई लिएर वनमा रहन्थे र अन्धा भइसकेका थिए । सत्यवान् नै उनका आधार थिए । वनमा निर्धनताको जीवन व्यतीत गर्नु, श्रम गर्नु, किन्तु शीलवान्, धर्मात्मा, पितृभक्त पति प्राप्त गर्ने निर्णय मद्रदेश-नरेशकी सर्वसद्‌गुणवती पुत्रीले गरेकी थिइन् ।

सहसा देवर्षि नारदको मुख खिन्न भयो । उनी बोले– 'राजन् ! सत्यवान् रूप, शील तथा सद्‌गुणमा अद्वितीय छन्, यसमा कुनै सन्देह छैन; किन्तु उनको आयु त एक वर्ष मात्र बाँकी छ ।'

'उनी दीर्घायु हुन् वा अल्पायु, गुणवान् हुन् वा निर्गुण, मैले त उनलाई हृदयदेखि नै वरण गरें । अब अर्को पुरुषलाई म स्वीकार गर्ने छैन । अर्को पुरुषको चर्चा गर्न र सुन्न पनि म चाहन्नँ ।' –राजकन्याले बडो दृढ स्वरमा भनिन् । तिनले पिता अथवा अरू कसैलाई केही बोल्ने अवसर नै दिइनन् ।

४४८

'यिनी बुद्धिमती र धर्मज्ञा छन् । यिनको इच्छा पूरा गरिदिनुहोस् ।' –देर्वाष पनि अनुमति दिएर बिदा भइगए । यसपछि महाराज अश्वपति आफ्नी कन्या र विवाहको सामग्री आदि लिएर तपोवन गए । सत्यवान्‌का पिताले उनको सत्कार गरे । उनको अनुमति लिएर वनमा नै सत्यवान्-सँग सावित्रीको विवाह भयो । सावित्रीले पिताले आग्रह गरे पनि आभूषण, मूल्यवान् वस्त्रादि लिइ-नन् । तिनले भनिन्– 'वनमा यी सबको मेरो लागि कुनै उपयोग छैन ।'

कन्यालाई पतिगृहमा छाडेर राजा अश्वपति फर्के । सावित्रीले सासू-ससूरा र पतिलाई सेवाद्वारा सन्तुष्ट गरेकी थिइन् । तर उनको हृदय भने देर्वाषको कुरा सम्झेर सधैं व्यथित भइर-हन्थ्यो । देर्वाषले बताएको समय आइपुग्दा उनले तीन रात निराहार व्रत लिइन् । चौथो दिन बिहान स्नानादि गरी उनले सासू-ससुरा र ब्राह्मणलाई वन्दना गरेर तिनका आशीर्वाद प्राप्त गरिन् । यो त्यही दिन थियो जुन सत्यवान्‌को आयु पूरा हुने थियो । त्यस दिन सत्यवान् वनमा समिधा लिन जान लाग्दा सावित्री पनि साथै गइन् । वनमा केही दाउरा बटुलेपछि सत्यवान्‌को शिरमा पीडा हुन थाल्यो । उनी पत्नीको काखमा शिर राखेर सुते । अचानक सावित्रीले आफ्नो सामुन्ने रातो वस्त्र लाएको कृष्णवर्ण तेजोमय पुरुष देखिन् । सावित्रीले उसप्रति आफ्नो शिर के झुकाएकी थिइन् ऊ बोलिहाल्यो– 'म यम हुँ । सत्यवान्‌लाई लिन आएको छु । यिनको आयु पूरा भयो ।'

'देव ! सुनिन्छ, जीवलाई लिन तपाईंको सेवक आउँछ' –सावित्रीले सोधिन् । 'तिमीले सुनेको ठीक हो, तर सत्यवान् पुण्यात्मा छन्' –यमले बताए– 'फेरि तिमीजस्ती पतिव्रता नजीक बसेकी छौ । यसकारण मेरो सेवक यहाँ आउन सक्दैन । त्यसैले म स्वयं आउनुपरेको हो ।'

'मेरो गति प्रकृतिले अवरुद्ध गर्न सक्तैन' – यमले सत्यवान्‌को जीव निकालेर हिंड्न लाग्दा सावित्रीले पतिदेहको शिर काखबाट तल राखिन् र उभिइन्– 'जहाँ मेरा पति जान्छन्, म उनकै साथ जानेछु ।'

पत्नीले पतिको अनुगमन गर्नुपर्दछ, यो कुरा धर्मसङ्गत थियो । सती नारीको गति सूक्ष्म दिव्यलोकसम्म पनि अनवरुद्ध छ र इच्छा भएमा तिनी सशरीर यमलोकजान सक्छिन्, यो पनि यमराज जान्दथे । जहाँ ऋषिपुत्र नचिकेता जान सक्छन् त्यहाँ सती जान सक्तिनन् ? धर्मराजलाई यस्तो भ्रम हुन सक्तैनथ्यो । यसकारण उनले भने– 'मनुष्यको धर्म-पालनको सीमा मर्त्यलोक हो । तिमीले आफ्नो धर्मको सम्यक् निर्वाह गरेकी छौ । यसबाट म प्रसन्न छु । सत्यवान्को जीवनलाई छाडेर अरू कुनै पनि वरदान माग ।' ४४९

'मेरा ससुरालाई नेत्रज्योति प्राप्त होस्' – सावित्रीले मागिन् । 'एवमस्तु' यमराजले भने– 'अब तिमी फर्क ।'

'तपाईं लोकपाल हुनुहुन्छ, वैष्णवाचार्य हुनुहुन्छ । तपाईंको दर्शन एवं सङ्गतको लाभ मलाई कहाँ प्राप्त होला ? म तपाईंलाई छाडेर अहिल्यै फर्कन्नँ' –सावित्रीले उत्तर दिइन् ।

'भैगो त, सत्यवान्को जीवनको अतिरिक्त कुनै अरू वरदान माग' यमले फेरि भने ।

'मेरा ससुरा आफ्नो गुमेको राज्य प्राप्त गरून्' – सावित्रीले वर मागिन् । 'तथास्तु, अब त फर्क' – यमले आफ्नो पीछा छुटाउन खोजे ।

'सत्पुरुषको साथ हिंड्नाले मैत्री हुन्छ । मैले तपाईंको दर्शन तथा सत्सङ्गको लाभ गरेकी छु । धर्मको तत्त्व अत्यन्त गूढ छ र तपाइँ त्यस धर्मका ज्ञाता र निर्णायक हुनुहुन्छ' –सावित्रीले भनिन् ।

'तिमी सत्यवान्को जीवनलाई छाडेर अर्को एक वरदान पनि लेऊ ।' यमराजले कहीं धर्मको चर्चाको प्रसङ्ग आयो भने यमलोक पुगेर पनि समाप्त हुने आशा गर्न सकिंदैन भन्ने देखे, अनि धर्म एवं सत्सङ्गको चर्चा स्वयम् उनलाई प्रिय हुनाले आकृष्ट गरिरहेको थियो । अतः त्यसबाट चाँडै छुट्न सके मात्र कर्तव्यको पालना गर्नु सम्भव थियो । 'मेरा निःसन्तान पिताका सय पुत्र होऊन्' – सावित्रीले पनि वरदान माग्नमा केही सङ्कोच मानिनन् ।

'देवी ! अब तिमी फर्क' – यमराजले भने ।

'जीवन क्षणभङ्गुर छ । धर्म नै मनुष्यको वास्तविक सम्पत्ति हो । धर्मको पनि परम तात्पर्य भगवत्प्राप्ति हो र भगवत्प्राप्तिको मार्ग सत्पुरुषको सङ्गबाट नै प्रशस्त हुन्छ । मेरो परम सौभाग्य हो, आज मलाई तपाईं जस्ता महाभागवतको साथको लाभ भएको छ ।' सावित्रीले बडो नम्रतापूर्वक भनिन् ।

'भद्रे ! तिमी कुनै अरू वरदान पनि माग ।' – यमराजले यस पटक कुनै प्रतिबन्ध लगाउन पनि बिर्से ।

'सत्यवान्बाट मलाई सय पुत्र होऊन्' – सावित्रीले मागिन् ।

'तथास्तु' भन्दै यमराजले भने– 'अब तिमी फर्क ।'

'फर्कन्छु, भगवन् !' – सावित्रीले हात जोडिन् – 'किन्तु मेरा पतिको प्राण फर्काइ-दिनुहोस्, जसले गर्दा तपाईंको वरदान मिथ्या नहोओस् ।'

'धर्म सधैं विजयी हुन्छ, देवी ! जो धर्मको रक्षा गर्दछ, धर्मले निश्चय नै मबाट पनि त्यसको रक्षा गर्दछ । सत्यवान् जीवित होऊन् । तिमी सफलकाम होऊ ।' – यमराजले सत्यवान्को जीव उनको देहमा फर्काइदिए । सत्यवान् उठेर बसे । सावित्री पतिसँग आश्रममा फर्किइन् । सत्यवान्का पितालाई दृष्टि प्राप्त भइसकेको थियो । त्यसै समय उनको राज्यका प्रमुख मानिसहरू उनलाई लिन आएका थिए । शत्रुनरेशलाई प्रजाले विद्रोह गरी मारिदिएका थिए र आफ्ना धर्मात्मा राजालाई लिन तिनीहरू आएका थिए । सावित्रीको साथ सत्यवान्-लाई लिएर द्युमत्सेन त्यसै दिन राजधानी पुगे ।

भगवती जानकी– 'सती–शिरोमणि सिय गुण गाथा ।'

महासती अनसूयाले सतीधर्मको उपदेश दिएपछि सीतालाई भन्छिन्–

सुनु सीता तव नाम सुमिरि नारि पतिव्रत करहिं ।
तोहि परम प्रिय राम कहेहुँ तथा संसार हित ।।

महाराज जनककी यी अयोनिजा कन्या भूमिसूताको स्मरणले नै सतीहरूलाई आफ्नो सतीत्व-धर्ममा स्थिर रहने शक्ति दिन्छ । यिनको सतीत्वको चर्चा गर्ने शक्ति कसमा होला ? श्रीरामलाई वन जानु थियो । यिनी माता कौशल्यासँग बिदा माग्न गए । श्रीजानकीलाई समाचार दिइयो र यिनी पनि सासूको भवनमा आइन् । यिनले केही भन्नुपरेन । यिनको मनमा निश्चय थियो – चलन चहत वन जीवन नाथ ।
केहि सुऽति सन लेहहि साथ ।।
की तनु प्रान कि केवल प्राना ।
विधि करतब कछु जात न जाना ।।

माता कौशल्याले नै श्रीरामसँग अनुरोध गरिन्, जनककुमारीलाई अयोध्यामा रहनका लागि सम्झाइन् । श्रीरामले आफ्नो तर्फबाट वनमा हुने कष्टको भय देखाए, अयोध्यामा रहनु धर्मसङ्गत छ भन्ने पनि बताए । आपन मोर नीक जौ चहहुँ ।
वचन हमार मानि गृह रहहुँ ।।
आपसु मोर सासु सेवकलाई ।
सब विधि भामिनि भवन भलाई ।।

यहिँ ते अधिक धरम नहीं दूजा ।
सादर सासु–ससुर–पद पूजा ।।

श्रीरामको भय-दर्शन एवम् उपदेश–आदेशको उत्तरमा अत्यन्त व्याकुलतापूर्वक जनक-नन्दिनीले निवेदन गरिन्–प्राननाथ करुनायतन सुन्दर सुखद सुजान ।
तुह्म बिन रघुकुल कुमुद बिधु सुरसुर नरक समान ।।

मातु पिता भगिनी प्रिय भाई ।
प्रिय परिवार सदन समुदाई ।।
सासु-ससुर गुरु सजन सहाई ।
सुत सुन्दर सुशील सुखदाई ।।
जहं लगि नाथ नेह अरु नाते ।
पिय बिनु तियहि तरनिहुते ताते ।।
तनु धन धाम धरनि पुर राजू ।
पतिविहीन सब शोक समाजू ।।
भोग रोग सम भूषण भारु ।
जम जातनासरिस संसारु ।।
प्राननाथ तुमबिन जगमाहीं ।
मो कहुँ सुखद कतहुँ कोउ नाहीं ।।
जियबिनु देह नदी बिनुबारी ।
तैसि अनाथ पुरुषबिनु नारी ।।
नाथ सकल सुख साथ तुह्मारे ।।
सरद बिमल बिधु बदन निहारे ।।

कहाँ राजसदनको स्नेहपालिता राजकन्या र कहाँ वनको दुर्गम पथ, वल्कल-वस्त्र, कन्दमूल आहार, स्याउलामाथिको शयन तथा पर्णकुटी ! किन्तु जानकीलाई यो कष्ट कहिल्यै प्रतीत भएन । यो ठीक हो, रावण छाया-सीता नै हरण गर्न सक्तथ्यो, जनककुमारीले त श्रीरामको आज्ञाले अग्निमा गुप्त निवास स्वीकार गरेकी थिइन्; छाया-सीता पनि त अन्ततः सीताकै छाया थियो । सुरासुरजयी रावण– 'लोकप जाके बन्दी खाना' – र उसलाई तिरस्कृत गरी भन्नु–

सुनु रावण खद्योत प्रकासा .....
कबहुँ कि नलिनी करई विकासा ।

यो ओजस्विता तो आदिशक्ति निखिलेश्वरीको छायामा नै सम्भव थियो । लोकमर्यादाको रक्षाका लागि मात्र मर्यादापुरुषोत्तमले अग्निपरीक्षा आवश्यक देखे, किन्तु सीता त जगन्माता तथा नित्य मङ्गलमयी परम शुद्धा छन् ।

सती दमयन्ती– विदर्भनरेश राजा भीष्मककी कन्या दमयन्ती विवाहयोग्य हुँदा यिनको सौन्दर्यको प्रशंसा यति फैलिएको थियो कि इन्द्र आदि लोकपाल पनि यिनीसँग विवाह गर्न उत्सुक थिए । किन्तु एक हाँसबाट निषधनरेश नलको वर्णन सुनेर दमयन्तीले आफ्नो हृदय उनलाई अर्पित गरेकी थिइन् । राजा नल पनि दमयन्तीको रूप-गुण सुनेर उनीसँग विवाह गर्न उत्सुक थिए । दमयन्तीको स्वयंवर गर्नु थियो । इन्द्र, यम, वरुण र अग्नि– यी लोक-पाल पनि स्वयंवरमा आइरहेका थिए । यी देवताहरूले नललाई नै आफ्नो दूत बनाएर दमयन्तीकहाँ पठाए । देवताद्वारा प्रदत्त अन्तर्धान हुने विद्याको प्रभावले नल अन्तःपुरमा पुगे र दमयन्तीलाई भने– 'लोकपालको सम्मुख मानिसले कसरी तिम्रो रक्षा गर्न सक्दछ । तिमी यी लोकपालमध्ये नै कुनैलाई वरण गर ।' दमयन्ती रुन थालिन् । यिनले भनिन्– 'मैले तिमीलाई पतिको रूपमा लिएकी छु, अर्कोलाई म स्वीकार गर्न सक्तिनँ । म आफ्नो धर्ममा सच्ची छु भने देवता मलाई आशीर्वाद नै दिनेछन् ।'

नल फर्के । स्वयंवर-सभामा नलको नजीक उनकै रूपमा चारैजना लोकपाल पनि आएर बसे । वरमाला लिएर दमयन्ती आइन् त पाँच जना नल देखेर चकित भइन् । किन्तु उनले देवतालाई मनमनै प्रार्थना गरिन् । सतीलाई छल गर्ने साहस देवतामा थिएन । दमयन्ती-ले केवल एकजना नललाई पसिना आएको देखिन् । यिनी नै आसन छोएर बसेका थिए, यिनैको मालाको फूल ओइलाएको थियो । अतः यिनैका कण्ठमा उनले वरमाला लगाइदिइन् ।

दमयन्तीले मनोनीत पतिका लागि लोकपालहरूको पनि तिरस्कार गरेकी थिइन् । यसबाट लोकपाल अत्यन्त प्रसन्न भए । किनभने देवता धर्मका सहायक हुन्छन् । अग्निले आशीर्वाद दिँदै भने– 'नल ! तिमीले स्मरण गर्नासाथ म प्रकट हुनेछु ।'

इन्द्रले प्रत्यक्ष यज्ञभाग लिन स्वीकार गरे । वरुणले इच्छा गर्नासाथ जल प्रकट हुने र यमले नलको हातबाट सुस्वादु भोजनको पाक हुने आशीर्वाद दिए । देवताहरूले प्रस्थान गरे । नल पत्नीको साथ राजधानी आए, धेरै वर्षसम्म उनले राजसुख भोगे; किन्तु नलको जुवा खेल्ने व्यसन थियो । आफ्नो भाइ पुष्करसित जुवा खेल्दा उनले सारा राज्य हारे । दमयन्तीले आफ्ना छोरा र छोरीलाई आफ्ना पिताको घर पठाइन् र आफू पतिसँगै राजभवनबाट निस्किइन् ।

'जो नललाई शरण दिन्छ, त्यो प्राणदण्डको भागी हुनेछ – यो घोषणा पुष्करले राज्यभरि नै गरे । जो हिजोसम्म नरेश थिए, तो नल परम सुकुमारी रानीको साथ कतै शरण नपाएर यताउति हिंड्न थाले । उनले दमयन्तीलाई आफ्ना पिताको घर गएर विपत्तिका दिन काट भनी धेरै सम्झाए; किन्तु ती पतिव्रताले सङ्कट परेको बेला पतिलाई छाड्ने कुरो स्वीकार गरिनन् । वनमा घुम्दा तीन दिन बित्यो र पनि दम्पतीले केही खानेकुरो भेटेनन् । चौथो दिन केही सुनौला रङ्गको पखेटा भएको हाँस देखियो । नलले त्यस हाँसलाई पक्रन आफूले लाएको धोती फ्याँक्दा त्यो धोती समेत उडयो । नल नाङ्गा भए । दमयन्तीको शरीरमा पनि एउटै मात्र सारी थियो । भोक र प्यासले गर्दा दुवै थाकेर निदाए । नलको निद्रा टुटयो । उनले सोचे– 'मेरा त दुर्भाग्यका दिन छन् । मैले गर्दा यी राजकुमारीले कष्ट पाइरहेको छन् । म हिंडिदिएँ भने यिनी हार खाएर आफ्नो पिताको घर जानेछिन् ।'

नाङ्गै कहीं जानु सम्भव थिएन । सुतिरहेकी दमयन्तीको आधा सारी च्यातेर नलले आफ्नो कम्मरमा बाँधे र उनलाई निद्रामै छाडेर गए । दमयन्ती के जागा भएकी थिइन् पतिलाई नदेखेर विलाप गर्दै वनमा खोज्न लागिन् । पतिवियोगमा पागल भएकी दमयन्तीले आफू अजिङ्गरको नजीक पुगिसकेको देख्दा पनि देखिनन् । अजिङ्गरले उनलाई पक्रेर निल्न शुरू गऱ्यो ।

कुनै व्याधा वनमा शिकार गर्न आएको थियो । ऊ दमयन्तीको चीत्कार सुन्नासाथ दौडेर आयो । अजिङ्गरलाई उसले मार्न त मान्यो, तर दमयन्तीको सौन्दर्य देखेर काममोहित भयो । उसले बलात्कार गर्ने प्रयत्न गर्दा ती सतीको क्रोधपूर्ण दृष्टि पर्ने बित्तिकै आफ्नै शरीरबाट अग्नि प्रकट भई ऊ तत्काल भष्म भयो । यसप्रकार वनमा घुम्दै दमयन्ती राजा सुबाहुको राजधानी चेदिनगर पुगिन् । दीनदशामा बाटो हिंड्दा उनलाई राजमाताले ध्यालबाट देखिन् र आफूकहाँ बोलाइन् । सतीत्वको रक्षाको आश्वासन पाएपछि दमयन्ती उनको नजीक पर्न गइन् । केही समयपछि परिचय हुँदा त दमयन्ती राजमाताकी सहोदर बहिनीकी छोरी हुन् र यिनी अनजानमा नै आफ्नी ठूलीआमा-कहाँ शरण-ग्रहण गर्न पुगिछन् भन्ने थाहा भयो । परिचय पाएपछि राजमाताले प्रबन्ध मिलाएर दमयन्तीलाई यिनका पिताकहाँ पठाइन् ।

दमयन्तीलाई त्यागेर नल वनमा गएका थिए । यस यात्रामा उनले दावाग्निले घेरिएको कर्कोटक नागलाई देखे ! नलले त्यसको प्राण बचाइदिए । यसकारण दुवैमा मित्रता हुन गयो । कर्कोटकले नलको रूप परिवर्तित गरिदियो । साथै उनले चाहेमा आफ्नो रूप लिन सक्ने व्यवस्था पनि गरिदियो ।। नागको सम्मतिबाट नलले आफ्नो नाम बाहुक राखे । उनी त्यहाँबाट अयोध्या पुगे र त्यहाँका राजा ऋतुपर्णद्वारा अश्वशालाको अध्यक्ष पदमा नियुक्त भई रहन लागे ।

पिताकहाँ पुगेर दमयन्तीले नलको खोजी गर्न चारैतिर गुप्तचर पठाइन् । तिनमा एक चर अयोध्या पनि पुगे । उनी चतुर ब्राह्मण थिए । उनले बाहुकलाई देखे । बाहुकको शारीरिक लक्षण

र उनको व्यवहार देखेर उनलाई सन्देह लाग्यो । उनको विवरण पाएर दमयन्तीले अयोध्याका राजा ऋतुपर्णलाई सन्देश पठाइन्–'म पुनः स्वयंवर गर्दै छु, भोलिसम्ममा आइपुग्नुहोला ।'

एक दिनमा अयोध्याबाट विदर्भ कसरी पुग्न सकिएला भनी ऋतुपर्ण चिन्तामा परे । तर बाहुकले राजालाई निश्चिन्त गरिदियो । उसले रथ सजायो । बाहुकको रथ वायुवेगले उडेर गइरहेको थियो । बाटामा कुरैकुरामा बाहुकले ऋतुपर्णलाई रथ हाँक्ने कला सिकाइदियो । त्यसको बदलामा ऋतुपर्णले पनि उसलाई जुवामा विजयी हुने विद्या बताइदिए । ४५४

बाहुकको रथ एकै दिनमा अयोध्याबाट विदर्भ पुग्यो । त्यहाँ अर्का कुनै राजा आएका थिएनन्, न स्वयंवरको नै कुनै आयोजना थियो । दमयन्तीलाई त बाहुक नल हुन् वा होइनन् भन्ने कुरो थाहा पाउनु थियो । छोरा र छोरीलाई दमयन्तीले दासीको साथ लगाएर पठाइन् । बाहुक ती बालकलाई छातीमा टाँसेर रुन लाग्यो । भोजन तयार पार्दा बाहुकले आगो र पानी आसपास कतै नपाउने व्यवस्था गरिएको थियो । बाहुकले चूल्होमा फुग्नासाथ अग्निदेव प्रकट भए । उसले पानीको भाँडोतिर हेर्नासाथ पानी माथिसम्म भरिएर आयो । उसले बनाएको भोजन दमयन्तीले कौशलद्वारा मगाइन् र खाएर हेरिन् । यमराजको वरदानले गर्दा नलले बनाएको भोजनमा जुन स्वाद हुन्थ्यो त्यो कसले कसरी छिपाउन सक्ने ? पूरा परीक्षा गरेर दमयन्ती नल भएठाउँमा आइन् । अन्ततः नलले आफ्नो वास्तविकता बाध्य भएर स्वीकार गर्नुपऱ्यो । उनले आफ्नो असली रूप लिए ।

विदर्भबाट बिदावारी भएर राजा नल निषध आए । उनले पुष्करलाई जुवा खेल्न चुनौती दिए र जुवामा गुमेको राज्य जुवामा नै जितेर लिए । आफ्नो उदार स्वभावले गर्दा उनले राज्य पाए पनि आफ्ना भाइ पुष्करलाई निर्वासित गरेनन् ।

विलक्षण सतीधर्म-भामतीदेवी- संयम, सन्तोष तथा शास्त्रनिष्ठा नै ब्राह्मणको धर्म हो । यस ब्राह्मणत्वको मूर्तिमान् सजीव स्वरूप थिए श्री वाचस्पति मिश्र । यिनी विद्याध्ययन गरेर फर्केपछि माता-पिताले यिनको विवाह गरिदिए । बस्नका लागि एकान्तमा छाप्रो पाएर यिनी आफ्नो अध्ययन-चिन्तन तथा शास्त्र-प्रणयनमा लागे ।

शरीरको धर्म त सबैसँग छँदैछ । शौच-स्नान, भोजन, निद्राको अतिरिक्त ब्राह्मणसँग सन्ध्या-वन्दन, हवन, तर्पणका कर्म पनि रहेका हुन्छन् । त्रिकाल स्नान, समयमा सन्ध्या, पूजन, पितृतर्पण गर्दा प्रमाद हुँदैनथ्यो, किन्तु भोजन गर्दा मुखभित्र गाँस कसरी पसिरहेछ भन्नेसम्म थाहा नहुनेलाई अर्काको कुरामा ध्यान दिने समय नै कहाँ हुन्थ्यो र ! वाचस्पति मिश्रको शरीर यन्त्रसमान समयमा सबै काम गर्नमा अभ्यस्त थियो र उनको मन शास्त्रको गम्भीर चिन्तनमा नै लीन रहन्थ्यो ।

एकरातको घटना हो, पण्डितजी बारम्बार आँखा चिम्लँदै केही विचार गर्दछन् र फेरि लेख्न थाल्दछन् । आसपास ग्रन्थको रास लागेको थियो । कहिले कुनै ग्रन्थ त कहिले कुनै पल्टाएर कुनै कुरो हेर्दछन्– अचानक बत्ती निभ्यो । पण्डितजीको काममा बाधा पऱ्यो र उनको ध्यान भङ्ग भयो । यत्तिकैमा उनकी पत्नी आइन् । बत्ती बालिदिएर त्यहाँबाट जान लागिन् । पण्डित-

जोले सोधे– 'देवी ! हजूर को हुनुहुन्छ ?' पत्नीले शिर झुकाएर बडो नम्र शब्दमा भनिन्-'म हजूरकी सेविका हुँ ।'

'मेरी सेविका ? मेरो सेवा गर्न तिमीलाई कसले नियुक्त गऱ्यो ?'–पण्डितजीको समझमा कुरो चढेन । पत्नीले बताइन्– 'धर्मको अतिरिक्त पत्नीलाई पतिको सेवामा अर्को कसले नियुक्त गर्न सक्तछ ?

'तिमी मेरी पत्नी हौ ?'– पण्डितजीले भन्नै पनि पूर्णतया यतातिर ध्यान पुऱ्याउन सकेका थिएनन् । 'हाम्रो विवाह कहिले भयो मलाई त केही सम्झना छैन ।' पत्नीले भनिन्–'त्यो घटना घटेको त पचास वर्ष भयो । विवाह-मण्डपमा पनि हजूरको एक हातले मलाई समाएको थियो भने अर्को हातमा त पुस्तकका पाना थिए । हजूरको ध्यान त्यस शास्त्र-चिन्तनबाट पृथक् नहोस् यही प्रयत्न मैले गरें । आज मेरो असावधानीबाट बत्ती निभ्न गई हजूरको काममा बाधा पऱ्यो । मलाई क्षमा गर्नुहोस् ।

पचास वर्षसम्म एउटै छाप्रोमा एकसाथ रहेर पनि आफ्नो स्नान, भोजन, अध्ययनको समस्त सेवा को गर्दछ भन्ने कुरामा उनको ध्यान नजानु आश्चर्यको कुरो हो । उनका लागि हरसुविधा हरसमय प्रस्तुत गर्ने को ? ती शास्त्र-चिन्तनमा लागेका ब्राह्मण श्रेष्ठ हुन् वा पूरा पचास वर्ष निरन्तर पतिको सेवामा लागेकी, उनका लागि अन्न-पानीदेखि लिएर बत्ती बाल्नुसम्मको सानो-ठूलो सम्पूर्ण सुविधाको क्षण-क्षणमा रेखदेख गर्ने तपस्विनी पतिव्रता श्रेष्ठ हुन् ? यसको निर्णय गर्ने काम त धर्म-राजबाट मात्र सम्भव छ ।

'म तिम्रो नाम अमर गरिदिनेछु' –पण्डितजीले आफ्नो ग्रन्थको नाम लेखिने स्थानमा ठूलो अक्षरमा लेखे–'भामती'

'तिमीलाई अरू के चाहिन्छ ?' शास्त्रनिष्ठ संयमी ब्राह्मणले दिन नसक्ने कुरा के छ र ! किन्तु पतिव्रता पत्नीलाई पति-सेवाको अतिरिक्त चाहिन्छ नै के ? वेदान्त-दर्शनको अपूर्व भाष्य-टीका भामती आज पनि ती धर्मप्राण विप्र-दम्पतीको उज्ज्वल यशोगाथाको रूपमा रहेको छ ।

सती कुमारी सूर्य र परमाल–यो कुरा वि.सं. ७७५ (सन् ७१८)- कोहो । बगदादका खलीफा वलीदले आफ्ना युवक सेनापति मुहम्मद बिन-कासिमलाई आर्यधरतीमा आक्रमण गर्न आज्ञा दियो । तब मुहम्मद बिन-कासिमले आफ्नो सेना लिएर देवल-(सिन्ध)-मा आक्रमण गऱ्यो । त्यससमय सिन्धको शासन महाराज दाहरको हातमा थियो । युवराज जय शाहले यवनसेनासित डटेर सामना गरे ।

किन्तु भाग्य विपरीत थियो । आर्यसेना पराजित भयो । आफ्नो सेनाको पराजयको समाचार सुनेर महाराज दाहर छटपटाए । आफ्नो सेनाको साथ उनी स्वयं युद्धको मैदानमा उत्रे र यवनसेनालाई मूला काटेझैं काट्न थाले । उनी रणाङ्गणमा जता मोडिन्थे त्यहाँ यवनदल सखाप हुन्थ्यो । उनको सेना पनि वीरतापूर्वक लडिरहेको थियो । तर पनि महाराज दाहरलाई यवनहरूले घेरे । सैकडौं शत्रुलाई तरवारले उडाएर उनले वीरगति प्राप्त गरे । यवन-सेनापतिले खलीफाको

सम्मुख आफ्नो वीरता प्रदर्शन गर्नका लागि महाराज दाहरको निष्प्राण शरीरबाट उनको शिर काटेर लियो । दाहरकी वीर पत्नीले यो समाचार के सुनेकी थिइन् क्रोधले जिउँदै खाउँला जस्तो गरी दान्हा किट्न थालिन् । स्त्रीहरूको सेनाको साथ उनी स्वयं शत्रुहरूसँग लडिन् । कैयौं यवनहरूको संहार गरेर उनले पनि वीरगति प्राप्त गरिन् । यसप्रकार युद्ध समाप्त भयो । विजयोन्मत्त यवनहरू महाराज दाहरको राजभवन लुट्न लागे । यस लूटमा सेनापति मुहम्मद बिन-कासिमले तीन प्रमुख कुरा प्राप्त गऱ्यो । महाराज दाहरको शिर, उनका दुई परम रूपवती छोरीहरू सूर्य र परमाल तथा दाहरको छत्र ।

४५६ सेनापतिले लूटको सारा सामान बगदादमा खलीफा वलीदकहाँ पठायो र ऊ स्वयं भारत-माथि विजय प्राप्त गर्ने युक्ति सोच्न थाल्यो । सामान बगदाद पुगेपछि महाराज दाहरको काटिएको शिर देखेर खलीफा डरायो । उनको मुखबाट आश्चर्ययुक्त वाक्य निस्कियो– 'या खुदा ! हिन्दुस्तानी काफिर पनि भयङ्कर हुन्छन् ! यसलाई यहाँबाट छिटै हटाओ ।'

काटिएको शिर हटाइयो र महाराज दाहरका दुई छोरी सूर्य र परमाल उनीसमक्ष उपस्थित गरिए । उनीहरूका रूप र लावण्य देखेर खलीफा चकित भयो – यी लडकी हुन् वा बहिश्त-(स्वर्ग)-का हूर (अप्सरा) ! शैतान जाग्रत् भयो । आज्ञानुसार सैनिक त्यहाँबाट हटे । खलीफा अगाडि गयो र तिनलाई भन्यो– 'म तिमीहरूलाई आफ्ना बेगम (रानी) बनाउन चाहन्छु ।' उसले हिन्दू देवीहरूले सतीत्व र धर्मको निमित्त प्राण दिने कुरो सुनेको थियो । उसलाई ती लडकी कुपित होलान् भन्ने लागेको थियो । किन्तु उसको आशाको विपरीत उनीहरू रुन थाले । खलीफा अगाडि बढ्दा पछि हट्दै सूर्य देवीले भनिन् 'हैन जहाँपनाह ! ۞ मलाई छुनु हुँदैन ।'

'किन ?' केही पनि नबुझेर खलिफाले सोधे– 'के कुरा छ ?'

'म छुनको लागि योग्य छैन ।'– रुँदै-रुँदै सूर्यदेवीले उत्तर दिइन्– 'यो शरीर हजूरको अधम सेनापति मुहम्मद विन-कासिमले अपवित्र गरिदिएको छ ।'

खलीफा छक्क पऱ्यो । क्रोधले उसका आँखा लाल भए । उसले आफूले छानेका विश्वासी सैनिकलाई आज्ञा दियो– 'मुहम्मद बिन-कासिमलाई जिउँदै छालाको धोक्रोमा हाली सिएर हिन्दुस्तानबाट ल्याएर मेरो हजूरमा हाजीर गर ।'

सैनिकहरू प्रस्थान गरे र भारत वर्ष पुगे । मुहम्मद बिन-कासिम कराउन लाग्यो, आफूलाई निर्दोष बताउँदै जहाँपनाहको सामु आफ्नो कसूर साबित गर्ने मौका दिइयोस् भनी प्रार्थना गर्न थाल्यो । तर हुकुम त हुकुम नै थियो, सैनिकहरूले त्यो तामेल गर्नु थियो । रोइरहेको, गिडगिडाइरहेको मुहम्मद बिन-कासिमलाई जिउँदै कक्रक्क परेको छालाको धोक्रामा कसकास गरेर सिइ नै दिए । त्यसलाई सैनिकहरूले बगदाद लिएर गए । कक्रक्क परेको छालाको धोक्रामा बन्द गरिएको त्यस सेनापतिको मृत शरीर खलीफाको सामु पेश गरियो । खलीफाले क्रोधमा हडबडाउँदै त्यसलाई दुई लात कसेर जमायो र त्यसलाई दूर लैजाने हुकुम दियो । तर जब आफ्नो विश्वासी र साहसी वीर सेनापति-(मुहम्मद बिन-कासिम)-को अन्तिम

۞ संसारलाई शरण दिने (बादशाहका लागि गरिने सम्बोधन) ।

सन्देश सुनेर ऊ अवाक् भयो। उसलाई त्यस कुरामा पूरा विश्वास लागिरहेको थिएन। के यो सम्भव छ ? केही निश्चय गर्न सकेको थिएन। महाराज दाहरका धर्मप्राण पुत्री सूर्यदेवी र परमाल सामुन्ने खडा थिए। खलीफासाहबले केही चिन्तित स्वरमा भन्यो– 'जो हुनु थियो, त्यो भयो। तर तिमी सत्य कुरा बताऊ। मुहम्मद बिन-कासिमको मामलामा तिमीले जे-जति भन्यौ, त्यो सत्य हो वा होइन ?'

४५७

'बिलकुल झूट'– सूर्यदेवीले दाँत किटेर भनिन्– हिन्दू कन्यालाई अपवित्र बनाउने सामर्थ्य तिम्रो सेनापतिमा कहाँ ? मेरा माता-पिता तथा सैनिकको मृत्युको बदला लिनको लागि मसँग अन्य कुनै साधन नै बचेर रहेको थिएन।'

यति सुन्ने बित्तिकै खलीफा ट्वाल्लको ट्वाल्लै भयो। उसलाई रिंगटा लाग्न थाल्यो। महाराज दाहरका दुई छोरीलाई कठोरतम दण्ड दिनका लागि शिर के ठाडो गरेको थियो उसले तो दुई छोरीका निर्जीव देह जमीनमा ढुनमुनिंदै पछारिएको देख्यो। आफ्नो विषाक्त छुरी दुवैले एक-अर्काका छातीमा घोपेका थिए। खलीफा चकित भएर हेरेको हेर्‍यै भयो।

सती पद्मिनी– 'म पद्मिनी चाहन्नँ। एकपटक हेर्न मात्र पाऊँ, म दिल्ली फर्कनेछु' भनी अलाउद्दीनले चित्तौड दुर्गका शासक रत्नसिंहलाई सन्देश पठायो। चित्तौडमा घेरा हाल्दा-हाल्दा अलाउद्दीन थाकिसकेको थियो। उसका सैनिक मर्न आँटे तापनि चित्तौडमा उसको केही प्रभाव परेन। आफ्नो लाज बचाउनका लागि अलाउद्दीनले उपर्युक्त सन्देश पठाएको थियो।

'चित्तौडको विनाश गर्नमा म निमित्त बन्न चाहन्नँ'– क्रोधले काम्दै आफ्ना पतिलाई अत्यन्त विनीत शब्दमा सती पद्मिनीले सम्झाइन्– 'विपत्को समयमा राजपूत नारी आफ्नो कर्तव्य जान्दछन्, तर विपत्ति सजिलैसँग टर्दछ भने राम्रै हो। ऐनामा मेरो छाया देखेर यो नृशंस फर्क्यो भने त कल्याण नै छ ! कुरामा

'ऐनामा छाया मात्र !' अलाउद्दीन यतिमै राजी भयो। चित्तौडको दुर्गमा उसको स्वागत भयो। परैबाट ऐनामा पद्मिनीको छाया मात्र के देखेको थियो ऊ उन्मत्तजस्तै भयो, किनभने त्यस्तो रूपराशि पहिले उसले कहिल्यै देखेको थिएन। बडो मुश्किलसँग उसले आफूलाई संयमित गर्‍यो। दुर्ग-द्वारको बाहिर रत्नसिंह उसलाई पुर्‍याउन आउँदा कुटिल अलाउद्दीनले उनलाई गिरफ्तार गर्‍यो। 'रानी आइनन् भने रत्नसिंहको शिर उड्नेछ' भनी उसले दुर्गमा पत्र पठायो। दुर्गमा खैला-बैला मच्चियो। राजपूत शस्त्रसज्जित हुन लागे, किन्तु रानीले वीर गोरा-बादलको परामर्श लिएर पत्रोत्तर दिइन्– 'मेरो कारण रक्तपात किन हुने ? आफ्ना सात सय दासीहरूका साथ पतिदेवको दर्शन गरेर म तिमीकहाँ आउनेछु। बरु पतिदेवको वरिपरि कुनै सैनिक या प्रहरी भने रहनु हुँदैन।'

अलाउद्दीन कामान्ध भइसकेको थियो। भूत-भविष्य केही पनि विचार गर्ने शक्ति उसमा थिएन। ऊ प्रसन्न थियो।

'ऐ' भनी अलाउद्दीन करायो । भयानक युद्ध हुन थालेको थियो । रत्नसिंह त पहिले नै निस्के । दासीहरूको पालकीमा सशस्त्र वीर बसेका थिए र पालकी बोक्नेहरू पनि राजपूत योद्धा नै थिए । रानीको पालकीमा रत्नसिंहलाई बन्धनमुक्त गर्नका लागि औजार लिएर कामी बसेको थियो र रानी पद्मिनी त दुर्गमा आफ्ना पतिको मुक्तिका लागि परम शक्तिशाली दयामय परमेश्वरसँग प्रार्थना गरिरहेकी थिइन् । घोर युद्ध हुन लाग्यो । अलाउद्दीन क्याम्पबाट पछि हटेर भाग्यो । यवन फौज असावधान थियो । यसले गर्दा अत्यधिक यवन मारिए । गोरा र बादलले अपूर्व शौर्यको प्रदर्शन गरी वीरगति प्राप्त गरे । अलाउद्दीन पराजित भयो र रत्नसिंह सकुशल दुर्गमा फर्के ।

पुच्छावर्मर्दित सर्पजस्तै अलाउद्दीनले पुनः तयारी गरी चित्तौडमा आक्रमण गऱ्यो । अबको पल्ट उसको साथमा असङ्ख्य सैनिक थिए । भयानक युद्ध हुन थाल्यो । रत्नसिंह कैयौं शत्रुहरूको संहार गरेर अलाउद्दीनसँग युद्ध गरिरहेको बेला पछिल्तिरबाट गरिएको हमलामा छलकपटद्वारा मारिए । चित्तौडका वीर राजपूतहरूले अत्यधिक मात्रामा यवनसेनाको संहार गरे, किन्तु तिनको सङ्ख्या यवनसेनाको दाँजोमा थोरै थियो । यसकारण ती सबले वीरगति प्राप्त गरे ।

एकातिर भयानक युद्ध चलिरहेको थियो भने अर्कोतिर दुर्गमा विशाल चिता तयार थियो । महारानी पद्मिनीले राजपूत-स्त्रीहरूलाई भनिन्– 'दिदी-बहिनी हो ! अधम यवन दुर्गमा आए पनि हाम्रो केही बिगार गर्न सक्तैन ।' तिनी प्रज्ज्वलित अग्निमा बेतोडसँग हुर्रिइन् । तिनको पछि अनेक राजपूत नारीहरूले सतीत्व बचाउनका लागि आफ्ना कोमल शरीरको आहुति दिए । धन्य आर्य सती ! तिम्रो उज्ज्वल कीर्ति सदा-सदाका लागि अमर छ ।

अलाउद्दीनले दुर्गमा प्रवेश त गऱ्यो, तर त्यहाँ ऊ चकित भयो । ऊ पद्मिनीलाई खोजिरहेको थियो, मैनको पुतलीजस्तो रूप लावण्यकी सजीव मूर्ति पद्मिनीलाई खोजिरहेको थियो, तर त्यहाँ उसले भेट्यो निभेको चिता-भस्मको ठूलो रास । सहस्रौं राजपूत स्त्रीहरूका साथ कोमलाङ्गिनी विशाल अग्निमा फाल हानेर आफ्ना पतिको निकट गएकी थिइन् । अलाउद्दीन औंला टोकी मनमनै आफूलाई धक्कारिरहेको थियो ।

सती तारा– अलाउद्दीनको दृष्टिमा हिन्दू-राज्य काँडा जस्तै घोच्ने थियो । उसले मौका हेरेर बिस्तार-बिस्तार एक-एक गरी हिन्दू-राज्यमाथि आफ्नो अधिकार जमाउँदा त्यतिखेर राजस्थानको बदनौर मात्र कसरी बच्न सक्तथ्यो ? एक दिन मुसलमानको सेनाले बदनौरमाथि आक्रमण गरेर दुर्गमा आफ्नो अधिकार जमायो ।

बदनौरका यशस्वी शासक शूरसेन निर्वासितको जस्तै जीवन व्यतीत गर्न लागे । उनकी एक सानी छोरी थिइन् । यिनको नाम थियो तारा । यिनी शूरसेनका आँखाकी तारा नै थिइन् । शूरसेन उनलाई प्राणभन्दा पनि बढी प्यार गर्दथे । ताराको लालन-पालनमा नै उनी बिगत दिनका दुःखद स्मृतिलाई बिर्सन खोज्दथे । बिस्तार-बिस्तार तारा युवावस्थाकी भइन् । उनलाई आफ्ना पितालाई विपत्ति परेको कुरा थाहा भइसकेको थियो । उनले पिता-

बाट बडा लगनशीलतापूर्वक युद्धको शिक्षा प्राप्त गरिन् । उनको सौन्दर्य र गुणको चर्चा टाढा-टाढासम्म फैलिएको थियो । अनेक राजपूत युवक तारासँग विवाह गर्ने इच्छा गरेर आउँथे । तर तारा आफ्नो सुस्पष्ट निश्चय सबैलाई बताउने गर्थिन्– 'मेरा पिताको राज्य फिर्ता दिलाउने युवकमात्र मेरो पाणिग्रहण गर्न सक्तछ ।'

शर्त बडो कठिन थियो । अलाउद्दीनको सलहझैं ओइरिने सैन्यदलको सम्मुख डट्ने कुरो मामूली थिएन । अधिकांश युवक उदास-निरास भई फर्कन्थे । अन्तमा जयपाल नाम गरेको एक युवक ताराका लागि बदनौरको उद्धार गर्ने प्रतिज्ञा गरी शूरसेनकहाँ रहन लाग्यो । एक दिन एकान्तमा तारालाई भेट्टाएर उसले कुचेष्टा गर्ने प्रयत्न गर्दा तारालेत्यसको शिर उडाइदिइन् ।

फेरि केही कालपछि चित्तौडका निर्वासित राजकुमार पृथ्वीराज आए । यिनले आफ्नो वीरताको बडो बखान गरे । तारालेउनलाई भनिन्– 'वीरताको बखान सुन्दा-सुन्दा मेरो त कान पनि टट्टाइसक्यो । म त बदनौरको शासकको रूपमा आफ्ना पितालाई देख्न चाहन्छु ।' पृथ्वीराजले दृढ प्रतिज्ञा गरे– 'निश्चय नै म तिम्रो पिताको राज्य फर्काउनेछु ।' मौका हेरी पृथ्वीराज शूरसेनका पाउ स्पर्श गरेर आशीष प्राप्त गरी पाँच सय चुनिएका वीर सैनिकलाई लिएर बदनौरतर्फ बढे । सैनिकको वेशमा स्वयं तारा आफ्नो घोडा चढेर गइरहेकी देखी उनको हर्षको सीमा रहेन । उनको लामो तरबार बगलमा झुण्डिरहेको थियो ।

त्यस दिन मुहर्रम मनाउने काम भइरहेको थियो। ताजीहरूको मलामीको साथ मुसलमानहरू 'हा ! हुसेन, हा ! हुसेन' भन्दै छाती पिट्दै रुँदै कराउँदै अगाडि बढिरहेका थिए । दुर्गमा बसेको अफगान लाइलाहा मलामी हेरिरहेको थियो । ठीक त्यसै बेला पृथ्वीराजले आफ्नो तीखो वाण छाडे । त्यो वाण लाइलाहाको छातीमा गएर धसियो । लाइलाहा त्यहीं ढल्यो । मुसलमानहरूको बीच खैलाबैला मच्चियो । पृथ्वीराज र तारा आफ्ना सैनिकहरूसित सम्मिलित हुन पछि हटे । मुसलमान सैनिकले तिनको पिछा गरे । घमासान युद्ध हुन थाल्यो । यवनहरूलाई हतियार उठाउन नपाउँदै सखाप पारे । जो जहाँ थियो त्यहीं कालको काखमा लम्पसार पऱ्यो ।

तारालेपनि आफ्नो धारिलो तरवारले कैयौं यवनहरूको संहार गरिन् । बदनौरको दुर्ग पुनः शूरसेनको अधिकारमा आयो र आफूले प्रतिज्ञा गरे अनुसार तारालेपृथ्वीराजसँग विवाह गरिन् ।

वीराङ्गना महारानी लक्ष्मीबाई– इस्ट-इन्डिया कम्पनीको समयको कुरो हो । 'झाँसी मेरो हो, म कसैलाई दिन्नँ'– मातृभूमिको अमित स्नेहले ओतप्रोत यो आत्मगौरवपूर्ण वाक्य त्याग र बलिदानकी सजीव प्रतिमा एवं स्वतन्त्रताकी प्रज्ज्वलित मूर्ति महारानी लक्ष्मीबाईको हो ।

महारानी लक्ष्मीबाई मोरोपन्त ताम्बेकी अर्द्धाङ्गिनी सौभाग्यवती भागीरथीबाईको कोखबाट उत्पन्न भएकी थिइन् । यिनको बाल्यकालको नाम मनूबाई थियो । बाल्यकालमा यिनी

बिठूरमा नानासाहेबसँग खेल्ने गर्थिन् । बाजीराव पेशवाले नानासाहेबसँगै यिनलाई पनि बाल्यकालमा नै अश्वारोहण एवं शस्त्र-सञ्चालनमा दक्ष बनाइदिएका थिए । उनी जति रूपवती थिइन् त्यति नै पराक्रमशालिनी पनि थिइन् । झाँसीनरेश गङ्गाधर रावसँग यिनको विवाह भएको थियो । दुर्भाग्यवश यिनको सन्तान थिएन । निःसन्तान भएकोले यिनले दामोदर नाम गरेको बालकलाई धर्मपुत्र बनाएकी थिइन् । दुर्भाग्यवश उनका पिता परलोक भए र उनी विधवा भइन् । झाँसीलाई लर्ड डलहौजीले अंग्रेजी-राज्यमा मिलाए र उनका धर्मपुत्रलाई निर्वाहार्थ केही पेन्सन नियत गरिदिए । धर्मपुत्र दामोदरको यज्ञोपवीतको समयमा उनको नाममा जम्मा भएको सात लाख रुपैयाँमध्येबाट अंग्रेज सरकारले एक लाख रुपैयाँ स्वीकार गऱ्यो । रानीले सोत्साह उपनयन-संस्कार गराइन् । उनी पवित्रतम् आचरण गर्ने हिन्दू विधवा थिइन् । धर्ममा उनको प्रगाढ प्रीति हुनुको साथै स्वतन्त्रतामा पनि पूर्ण निष्ठा थियो । देश केही विदेशी व्यापारी-हरूको हातमा परेको र पराधीन भएको देखेर उनी काम्दथिन् । नानासाहेब, कुँवरसिंह, बान्द्राका नवाब, तात्या टोपे र अन्तिम मुगल-सम्राट् बहादुर शाह पनि त्यसै पंक्तिमा थिए ।

अर्कातिर लुटेराहरूको वर्ग थियो । जो लुटपाट गरेर आफ्नो निर्वाह गर्न जान्दथ्यो । त्यस्तै एक लुटेरा नत्थे खाँले झाँसीको दुर्गलाई घेरेर तीन लाख रुपैयाँ माग्यो । झाँसीको सम्पत्ति पहिले नै अंग्रेजहरूले आफ्नो हात पारिसकेका थिए । तैपनि रानीले आफूसँग भएको बहुमूल्य आभूषण उक्त लुटेराको हातमा दिएर आफ्नो रक्षा गरिन्, किन्तु त्यस दुष्टले अंग्रेज-हरूलाई भड्कायो । त्यस दुष्टले रानीमाथि विद्रोहको लाञ्छना लगायो । अंग्रेजहरूले रानी-लाई दमन गर्ने योजना बनाए । नत्थे खाँ सदल तिनका साथ थियो । अंग्रेजी सेना झाँसीनजीक आएर डटचो । त्यस अवसरमा खानदेशका सदाशिवनारायणले पनि रानीको विरुद्ध अंग्रेजहरू-लाई साथ दिए ।

'झाँसी मेरो हो, यो म कसैलाई दिन्नँ' भनी रानीले अंग्रेजहरूलाई जवाब दिइन् र युद्ध शुरू भयो ।

रानीले दुर्गमा गरगज, कडक-बिजुली, धनगर्ज र भवानीशङ्कर नामक तोपहरू राखिन् । भयानक गोलाबारी हुन थाल्यो । महिषमर्दिनी झैं रानी लक्ष्मीबाई आफ्ना सैनिकहरूलाई घुमी-घुमीकन प्रोत्साहित गरिरहेकी थिइन् । यसैबीच उनलाई तात्या टोपेको पराजय भएको समाचार मिल्यो । उनी खिन्न भइन्, तर उनले आफ्नो प्राण रहेसम्म शत्रुलाई झाँसी-दुर्गमा प्रवेश गर्न र आफ्नो अङ्ग स्पर्श गर्न नदिने सङ्कल्प गरेकी थिइन् । उनी रणकुशल सेनापतिले जस्तै सैन्य-सञ्चालन गरिरहेकी थिइन् । अंग्रेज चकित त थिए नै, तर सशङ्क पनि भए ।

अन्ततः अंग्रेजहरूले कलङ्कित रणनीतिको आश्रय लिए । तिनीहरूले छल-कपट गरी आक्रमण गर्न आरम्भ गरे । तिनीहरूले विशाल दुर्गमा आगो लगाइदिए । रानी आफ्नो शरीरलाई विशाल गोला-बारुदको अग्निमा भस्म गर्नका लागि प्रस्तुत भइन्; तर आफ्ना सरदारहरूले सम्झाइ-बुझाइ गरेकोले दुर्गबाट बाहिर निस्किन् । लेफ्टिनेन्ट वाकर उनको पीछा गरिरहेको थियो ।

तर रानीले आफ्नो पीछा गर्नेहरूलाई तरवारले काटी सोत्तर पारिदिइन् र चौबीस घण्टासम्म घोडाको पीठमा बसेर अविराम यात्रा गर्दै एक सय दुई मील दूर कालपी पुगिन्। कालपीमा पनि अंग्रेज सेना विजयी भए। रानी त्यहाँबाट पनि हटिन्।

महारानीको सहायता लिएर नानासाहबले ग्वालियरमा आफ्नो अधिकार गरे। किन्तु जो ग्वालियरका दीवान दिनकर राव विश्वासघात गरी अंग्रेजहरूसँग मिले, कर्नेल स्मिथले आफ्नो सेना र जयचन्दलाई लिएर रानीमाथि आक्रमण गरे। रानीले अद्भुत पराक्रमको परिचय दिइन्। भयानक युद्ध भयो। धेरैजसो अंग्रेज सेना मारिए, तर तिनको सङ्ख्या अधिक थियो। यसकारण तिनलाई तरवारका मारमा पार्न महापराक्रमशालिनी रानी तिनका ब्यूहलाई तोडेर बाहिर निक्लिन्।

रानी घोडा दौडाउँदै गइरहेकी थिइन् तापनि भाग्य यिनको पक्षमा थिएन। दुई अंग्रेज सैनिक उनको पछि थिए। बाटोमा नाला पर्दथ्यो, उनको थाकेको घोडाले त्यो पार गर्न सकेन। दुवै अंग्रेज सैनिक नजीक आए। युद्ध भयो। सैनिक हैरान थिए। तर एकले पछाडिबाट र अर्कोले अगाडिबाट उनको शिरमा प्रहार गऱ्यो। रानी रगतले लतपत भइन्, तर त्यस अवस्थामा पनि उनले दुवै सैनिक-लाई सिद्धयाइदिइन्। उनमा प्राण रहेसम्म कुनै शत्रुले पनि उनलाई स्पर्श गरेन। उनको प्रतिज्ञा पूरा भयो। स्वतन्त्रताकी देवी अमर भइन्।

सती चञ्चलकुमारी–औरङ्गजेबको समयको कुरो। 'तँ त बडो शैतानजस्ती पो देखिन्छेस् बुढिया!' रूपनगरकी रूपवती एवं चञ्चल राजकुमारी चञ्चलले अलि रिसाएजस्तो गरी भनिन्-'तँ या त मुसलमान बादशाहहरूको तसबीर देखाउँछेस् या मानसिंह, जयसिंह र जगत्सिंह आदि तिनका नोकरहरूको। म तँसित बारम्बार हिन्दू-नरेशहरूको चित्र देखाउनको लागि भनिरहेछु।' त्यो सुनी 'हेर राजकुमारी! तिमी किन रिसाउँछ्यौ?' भन्दै बुढियाले प्रतापसिंह, करणसिंह र राजसिंहका चित्र देखाई।

'अरू?' अब ती चञ्चल प्रसन्न भइन्। 'यसपछि दिल्लीको बादशाह आलमगीरको तसवीर हो यो' –फेरि औरङ्गजेबको चित्र सामुन्ने राखेर बुढियाले भनी-'यसलाई प्रणाम गर, राजकुमारी!'

'प्रणाम?' राजकुमारीले दान्हा किटिन्।

'सुन!' भनी अनेक दासीहरूलाई बोलाएर मुस्कुराउँदै राजकुमारीले 'यो नरकको देवतालाई प्रणाम गर' के भनेकी थिइन् सबै जनाले त्यस चित्रमा जुत्ता बर्साए। चित्र धुजा-धुजा भयो।

बुढिया चित्रको टुक्रा उठाएर लिई चुँक्क केही नबोलीकन त्यहाँबाट हिंडी। दिल्ली पुगेर सारा घटना उसले नून-खोर्सानी मिलाएर औरङ्गजेबलाई सुनाई। औरङ्गजेब रिसले आगो भयो। उसले आफ्नो सेनापतिलाई तुरुन्त आदेश दियो-'अहिल्यै रूपनगरतिर फौज दौडाऊ र राज-कुमारी चञ्चलको डोला यहाँ लिएर आऊ।'

'यस्तै हुनेछ' भनी सेनापतिले उत्तर दियो र औरङ्गजेबको सशस्त्र सेनाले रूपनगरका लागि प्रस्थान गऱ्यो। सेनापतिले रूपनगरका राजा, कुमारी चञ्चलका पिता विक्रम सोलङ्कीलाई

हामी आउँदै छौं, आफ्नो छोरीको डोला तयार पारिराख्नू, अन्यथा रूपनगरमा रगतको खोलो बग्नेछ र कुमारी त जसरी-तसरी हाम्रो हात पर्ने नै छिन्' भनी पत्र लेखेर पठायो । विक्रम थरहरी भए । 'दिल्लीश्वरको अपार शक्तिको सामुन्ने म के गर्न सकुँला र ? अतः कुमारीलाई नै किन नपठाइदिऊँ ? कति राजपूतका कन्याहरूको विवाह मुसलमानसँग भइसकेकै छ'– आफ्नो यही मन्तव्य उनले अन्तःपुरमा चञ्चललाई सुनाए ।

त्यसको उत्तरमा चञ्चलले भनिन्- 'रगतको स्नान रूपनगरले गरोस्! यसमा कुनै पनि हानि छैन; तर हजूरकी छोरी मुसलमानकी बेगम हुनु त महापाप हो। कसरी यो सहन सक्नुहुन्छ ?'

'किन्तु रक्षा गर्ने शक्ति त मसमा छैन' -विक्रमले भने 'म तिमीलाई स्पष्ट भनिदिन्छु, औरङ्गजेबको विशाल सेनाको सामुन्ने हामी मुठीभर राजपूत गर्न नै के सक्तछौं ?'

तब अत्यन्त दुःखित भएर चञ्चलले भनिन्- 'शक्ति हजूरमा होइन, सर्वशक्तिमान् जगदीश्वरमा छ, पिताजी ! ती प्रभुले निश्चय नै मेरो रक्षा गर्नेछन् र यति त हजूरलाई थाहै छ–अग्नि, विष र विषाक्त कटार त हामी क्षत्राणीहरूका सदाका साथी हुन् । हाम्रो धर्मको रक्षा तिनले गरिहाल्दछन् । मेरो चिन्ता नगर्नुहोस् भनी म फेरि पनि जोड दिएर भन्दछु ।'

विक्रम निदाउरो मुख लाएर निस्के र राजकुमारी दुःख मानेर रुन थालिन्–'करुणामय स्वामी ! मेरो धर्मको रक्षा गर ।' चञ्चलले प्रार्थना गरिन् र अचानक उनको दृष्टि माथि पर्नेबित्तिकै उनले राजसिंहको चित्र देखिन् । राजसिंह महाराणा प्रतापका वंशधर एवं चित्तौडका रक्षक थिए । राजकुमारीले चित्रतिर एकटक लाएर धेरै बेरसम्म हेरिन् । 'करुणामय भगवन् !'-उनले फेरि पनि प्रभुको संस्मरण गरिन् र सारा कुरा सविस्तार लेखेर राणाकहाँ पत्र पठाइन् । रुक्मिणीले श्रीकृष्णलाई पत्र लेखेको कुरो उनी सम्झन पुगिन् । केही दिनमा नै उत्तर पनि आयो-'पत्र पाएँ'-राजसिंह आफैले लेखेका थिए -'तपाईं निश्चिन्त रहनुहोस् ।'

'प्रभो !' भनी राजकुमारीले फेरि पनि दयामय प्रभुको संस्मरण गरिन् । अब उनी प्रसन्न थिइन् ।

केही दिनपछि सेनापति सशस्त्र सेना लिएर आउँदा त्यहाँ राजकुमारीको डोला रहि-रहेको थियो । मुगल-सेनापति आश्चर्यचकित थिए । रगत एक थोपा पनि नबगाईकन डोला आउने कुरो उसले कल्पना पनि गरेको थिएन । मुगल-सेनापति प्रसन्न भई फर्क्यो । सेनाहरू अरावली पर्वतबीचको साँघुरो बाटो गरी गइरहेका थिए र राजकुमारी चञ्चल छिन-छिनमा पर्दा हटाएर बडो उत्सुकतापूर्वक राणा राजसिंहको आश्वासनको कार्यान्वयनको प्रतीक्षा गरिरहेकी थिइन् । अचानक सैनिकहरूमाथि शिला-खण्डको वृष्टि हुन थाल्यो । 'या खुदा !' भन्दै सैनिक अगाडि भागे, तर बाटो बन्द थियो; पछाडि भागे, तर त्यहाँबाट निक्लने बाटो नै थिएन । मुगलसेना खोरमा परेका मूसा जस्तै भए । उता माथिबाट पत्थर बर्सि नै रहेको थियो । केही क्षणमा नै हजारौं सैनिक हताहत भए । थोरै मात्र यताउति प्राण बचाएर भाग्न सके होलान् ।

महाराणा चञ्चलकहाँ आए र उनलाई भने– 'अब तपाईलाई आफ्ना पिताकहाँ सुरक्षित पुऱ्याइनेछ ।' राजसिंहले बडो शालीनतापूर्वक राजकुमारीलाई निवेदन गरे– 'मुगलसेना मर्नु जति मरे, बचे-खुचेका भागे । अब कुनै बाधा छैन ।'

'मेरा पिताले त मलाई औरङ्गजेबकहाँ पठाइसक्नुभएको छ', चञ्चलले भनिन्–'अब म उहाँकहाँ कसरी जान सक्छु र !'

'तब के गर्ने त ?'– महाराणाले सोधे ।

'म त यिनै श्रीरचणको आशा..... ।' राजकुमारीको मुख लाजले रातो भयो । उनले अरू केही बोल्न सकिनन् ।

'यस्तै हो भने त धन्य मेरो भाग्य'– राजसिंहले मुदित मनले भने ।

'मेवाडकी महारानीको जय !' राजपूतहरूले उच्च घोषले आकाश घन्काए ।

सती लाजवन्ती– सम्राट् अकबरको समयको कुरो हो । अहह ! अकबर जस्ता पनि अधीर-झैं भए । खण्डहर बने भव्य प्रासादहरू र हाड-मासुका डढेका अवशेष देखेर उनले भने– 'राज्य-को सीमा बढाउनको लागि कति निरपराध व्यक्तिहरूको रगत बगाउनुपर्दछ, हराभरा दुनियाँलाई उजाड पार्नुपर्दछ या खुदा !' (यो जौहरको एक दृश्य थियो) ।

'तिमी को हौ ?' –आफ्नो क्रूरताप्रति पश्चात्ताप गर्दै अकबरले आफ्नो दृष्टि फेरेर पछाडि हात बाँधिएको एक तेजस्वी सैनिकलाई देखेर प्रश्न गरे ।

'म पुरुष होइन, स्त्री हुँ'– सैनिकले उत्तर दियो, डुङ्गरपुर मेरो घर हो । मेरा पति पहिले नै युद्धको लागि आएका थिए । म पनि जौहर-व्रतमा सम्मिलित हुन चाहन्थें, तर यहाँ त म आइपुग्नुभन्दा पहिले नै सब काम समाप्त भइसक्यो । आफ्ना पतिको लाश खोज्दै थिएँ, तिम्रा सैनिकले मलाई जबर्जस्ती कैद गरी ल्याए । तिम्रा सिपाहीहरूले.....।'

'सब मलाई जहाँपनाह, परवरदिगार आदि नजाने के–के भन्दछन् । तर यी राज-पूतकन्या ! वास्तवमा यी जाति बडो निडर हुन्छन् ।' – 'तिम्रो विवाह कहिले भएको थियो ?' अकबरले सोधे ।

'अहिले त वाग्दान मात्र भएको छ ?' – सैनिकवेशकी लडकीले भनिन् ।

'तब तिमी दोस्रो बिहे किन गर्दिनौ ?' – अकबरले सहानुभूतिपूर्वक भने– 'तिमीले त पूरा जीवन नै बिताउनु छ । जीवन किन खेर फाल्छ्यौ ?'

'अपशब्द नबोल अकबर !'–लडकीका आँखा रसाएर आए–'सुन्दछु, तिमी बडा बादशाह हौ । भगवान्ले तिमीलाई शक्ति सामर्थ्य दिएको कुनै सती नारीको अपमान गर्नको लागि होइन ।'

'हैन, नानी ! हैन ।' – अकबरले अलि डराएर भने– 'होइन, होइन, मेरो यो मनसाय होइन । यो थुप्रो लाशमा तिमी आफ्ना पतिको लाश पाउँछ्यौ भने खोज र लिएर जाऊ । यसमा मलाई कुनै आपत्ति छैन ।'

लडकीको नाम लाजवन्ती थियो । उनले आफ्ना पतिको लाश खोजेर निकालिन् । केही दाउरा ल्याइन् । चिता बनाइन् । त्यसमा पतिको लाशलाई सुताएर राखिन् । पाँचपल्ट परिक्रमा गरिन् र फेरि प्रणाम गरेर स्वयं चितामा बसिन् । पतिको शिरलाई काखमा राखेर आगो चमकबाट पैदा गरेर लगाइन् । क्षणभरमा चिता दनदनाएर बल्यो । लाजवन्तीको कोमल शरीर उनका पतिको शवको साथै आगोको ज्वालामा समाप्त भयो र खरानी बन्यो ।

अकबर र उनका सैनिक राजपूत कन्याको साहस र त्याग देखेर चकित थिए । सतीको सहज पति-प्रेमको प्रशंसा सिवाय अरू के गर्न सकिन्छ र ! धन्य हुन् हिन्दू नारी !

पतिव्रता मयणल्ल देवी– चन्द्रपुरका राजा कादम्बराज जयकेशीकी मयणल्लदेवी नाम गरेकी छोरी थिइन् । यिनी केही मोटी र कुरूपा थिइन्, तर यिनको हृदयले गुजरात-नरेश भीमदेवका पुत्र कर्णलाई वरण गरिसकेको थियो । पिताको देहावसान भएपछि कर्ण सिंहासनासीन भए । यिनी आफ्नी माता उदयमतीका परम भक्त थिए । यिनी अत्यन्त रूपवान् हुनुको साथै वीर पनि थिए ।

'म अर्कोलाई वरण गर्ने छैन' – राजकुमारीले विवाहको चर्चा गर्दा स्पष्ट भनिदिइन् । किन्तु चालुक्यनरेश त्यस समय 'भारत-सम्राट्' हुनका लागि प्रतिस्पर्धा गरिरहेका थिए । दक्षिण-भारतसित उनको मैत्री-सम्बन्ध थिएन । यस स्थितिमा कन्याको विवाहको प्रस्ताव अस्वीकार गरे त युद्ध अनिवार्य थियो । चन्द्रपुर-नरेश जयकेशी युद्ध गर्न डराउँदैनथे, किन्तु युद्ध गरेर पनि कर्णलाई विवाह गर्नका लागि मनाउनु कठिन थियो ।

'उनी मेरा आराध्य हुन् । युद्ध गरेर उनलाई विवश पार्ने कुरो म सहन गर्न सक्तिनँ' – राजकुमारीले युद्धको चर्चा नै उठ्न दिइनन्– 'मलाई जाने आज्ञा दिनुहोस् । उनले मलाई स्वीकार गरे पनि अस्वीकार गरे पनि मेरो गति त उनका चरणमा नै छ ।'

पुत्रीको हठ स्वीकार गर्न राजा जयकेशी बाध्य भए । उनले एकजना चित्रकार-लाई अघि पठाए । चित्रकारले राजसभामा गएर कर्णलाई काम्भोजराजकी कन्याको चित्र देखाएर निवेदन गऱ्यो– 'मेरा महाराजले भेटस्वरूप हात्ती पठाउनुभएको छ ।' हात्ती हेर्न सभा-सद्हरूको साथ राजा कर्ण बाहिर आए । हात्तीमा राजकुमारी स्वयं बसेकी थिइन् । तर कर्णले उनीसँग विवाह गर्न अस्वीकार गरे । उनको त्यो निर्णय सुनेर राजकुमारी हात्तीबाट ओर्लिइन् । उनले भनिन्– 'आर्यकन्या एकैफेर पतिवरण गर्दछिन् । हजूरबाट यो स्वीकार नहुने हो भने यो शरीरको कुनै उपयोग छैन ।'

राजकुमारीको आदेश पाएर उनको साथ आएका मानिसहरूले त्यहीं चिता बनाए । राजकुमारीले कर्णलाई प्रणाम गरिन् र चितामा चढ्न गइन् । त्यसै समय राजमाता उदयमती आइन् । उनले पुत्रलाई हप्काएर भनिन्– 'म जीवित छँदै तँलाई वरण गर्ने साध्वी चितारोहण गर्ने ? तँ शरीरको आकार मात्र देख्तछस्, हृदयको शुद्ध सौन्दर्य देख्तैनस् ? चितामा चढ्नु छ भने मेरो पुत्रवधू होइन, म आफैं चढ्नेछु ।'

अब राजा कर्णको हृदय पग्लियो । यिनले माताका चरणमा शिर राखेर क्षमा मागे । उनले मयणल्लको पाणिग्रहण गरे । यिनै रानी मयणल्लदेवी सिद्धराज जयसिंहकी जन्मदात्री भइन् । यिनैको शिक्षादीक्षा र रेखदेखमा नै सिद्धराज यति निपुण तथा समर्थ बने । चालुक्यवंशमा पतिव्रताको यो आदर्श अमर छ ।

साध्वी कान्तिमती– शाकलनगरीमा श्रीवत्स गोत्रमा उत्पन्न ब्राह्मण थिए तिनी । उनको अपार सम्पत्ति थियो र उनलाई अत्यन्त सुन्दरी र गुणवती पत्नी पनि मिलेको थियो । तर कुसङ्गतमा परेर उनी वेश्याको मोहजालमा फसेका थिए । त्यस वेश्यालाई उनले आफ्नो घरैमा राखेका थिए ।

पतिको आज्ञाले साध्वी पत्नी कान्तिमती त्यस वेश्याका खुट्टा पनि धुन्थिन् । रातमा पति वेश्यासँग सुत्दा उनी ती दुवैको सेवा गर्थिन् ।

उनले ब्राह्मणको नियम-संयम सब छाडिसकेका थिए । मनमानी आहार-विहारको फलस्वरूप उनको शरीरमा रोगले डेरा जमायो । पहिले वमन-विरेचन भयो, संग्रहणी भयो र फेरि भगन्दर पनि भयो । वेश्याले उनको धन त पहिले नै आफ्नो घर पुऱ्याइसकेकी थिई । अब उनलाई छाडेर गई । अरू सम्बन्धीहरूले त पहिले नै सम्पर्क छाडेका थिए । अब केवल पत्नी त्यस कष्टमा उनकी सहायिका थिइन् । उनी आफ्नो शरीरको विश्रामको चिन्ता त्यागेर रात-दिन उनको सेवा गर्नमा लागिरहिन् ।

'मैले तिमीलाई बडो कष्ट दिएँ । तिम्रो अपमान गरें र गराएँ । मलाई क्षमा गर ।' एक दिन ती पुरुषको मनमा पश्चात्ताप लाग्यो र उनले यसो भने ।

'हजूर मेरा आराध्यदेव हुनुहुन्छ । मलाई अपराधिनी नबनाउनुहोस् । म त हजूरकी तुच्छ दासी हुँ । हजूरको सेवा गरेर मलाई अवर्णनीय आनन्द प्राप्त हुन्छ । यति भनेर कान्तिमतीले उनका पाउमा शिर राखिन् । पतिको मङ्गल होस् भन्ने चिताउँदै उनी नाना किसिमका व्रत लिन्थिन्, देवताहरूको आराधना गर्थिन् । पतिको कष्ट कम गर्नका लागि उनी आफूले गर्न सक्ने कुरो गर्दथिन् । घरमा कुनै अतिथि महात्मा आउँदा तिनको सत्कार गर्दथिन् । तिनका चरणोदक पतिमाथि छर्किदिन्थिन् । सहसा एक दिन ती ब्राह्मणलाई सन्निपात भयो । बिचरी ब्राह्मणी वैद्यकहाँ दौडेर गई त्यहाँबाट औषधि लिएर आइन् । त्यति बेलासम्म ब्राह्मणका दाँत टम्म जोरिइसकेका थिए । उनी बलपूर्वक दाँत फट्टाएर मुखभित्र औषधि हाल्ने प्रयत्न

गर्न लागिन् । रोगीले सन्निपातको आवेशमा दाँत दबाउँदा स्त्रीको एउटा औंला काटिएर उनको मुखमा रहन गयो । उनको प्राण गयो । पतिको मृत्यु भएपछि कान्तिमतीले स्नान गरी नयाँ वस्त्र लाइन्, आफ्नो शृङ्गार गरिन्, सिन्दूरले सिउँदो भरिन्, पतिको शरीरको साथ श्मशान गइन् र त्यस देहको साथै उनले चितारोहण गरिन् ।

नारीका लागि पति साक्षात् परमेश्वर हुन् । पतिव्रता स्त्री पतिको आराधना गर्दा उसलाई एक व्यक्ति वा एक जीव सम्झेर गर्दिनन् । जस्तो उपासकको लागि मन्दिरको मूर्ति धातु, काठ, पाषाण आदि होइनन्, त्यस्तै नारीका लागि पति व्यक्ति होइनन् । उनी त साक्षात् भगवान्का स्वरूप हुन् । यसकारण पतिभक्ति गरेर नारी पुरुषकै साथ मात्र स्वर्ग-नरक जाँदिनन् । ती ब्राह्मण वेश्याको चिन्तन गर्दा-गर्दै मरेका र पत्नीको औंला पनि रहिरहेकोले अर्को जन्ममा व्याधा भए तापनि साध्वी कान्तिमती वैकुण्ठ गइन् ।

सती ब्राह्मणपत्नीको प्रभाव– विक्रम संवत् १९५६ मा भयानक दुर्भिक्ष पऱ्यो । अन्नको अभावले गर्दा मानिस छटपटाएर प्राणत्याग गरिरहेका थिए । मारवाडको डीडवाना-नगरको एकजना ब्राह्मण आफ्नी नववधूलाई छाडेर गए । बिचरी दुःखी ब्राह्मणपत्नी ब्राह्मण, क्षत्रिय र वैश्यका घरबाट भिक्षा मागेर जीवन-निर्वाह गर्न लागिन् । भिक्षान्नका लागि उनले आफ्नो गाउँ छाडिन् । यसप्रकार उनी सुजानगढको एउटा गाउँमा ठाकुरको घर गइन् र आफ्नो सारा दुःख वृत्तान्त सुनाइन् । भगवान्को दयाले गर्दा ठाकुरले उनलाई आफ्नै श्रीराधा र भगवान् श्रीकृष्णको मन्दिरकी पुजारिनी बनाएर राखे । ब्राह्मणी बडो सात्त्विक प्रकृतिकी देवी थिइन् । श्रद्धाभक्तिपूर्वक श्री भगवान्को सेवा-पूजा एवं कथा-कीर्तनमा आफ्नो समय व्यतीत गर्न लागिन् ।

एकफेरा ठाकुरकी पत्नी र उनको बीच केही भनाबैरी भयो । ठाकुरकी पत्नीको मनमा पवित्र पुजारिनीप्रति केही सन्देह उत्पन्न भयो । उनी पुजारिनीलाई निकाल्ने षड्यन्त्र रच्न थालिन् । उनले आफ्नो माइतबाट एक धामी बोलाइन् ।

'यो शूद्रा हो'– धामीले श्रीठाकुरजीको प्रसाद पर हटाएर भन्यो 'म यसले छोएको प्रसाद स्वीकार गर्न सक्तिन । यसलाई म राम्ररी चिन्दछु ।'

बिचरा ठाकुर किंकर्तव्यविमूढ झैं भए । फेरि धामीले जोड गरेर भन्यो– 'मेरा कुरामा विश्वास लाग्दैन भने आगोमा पोलेर रातो भएका दुई गोला ल्याउन लगाऊ । म ती दुई गोला उठाएर लिनेछु र त्यसबाट मेरो केही हानि हुँदैन ।'

आगोमा पोलिएर राता भएका दुई गोला ल्याउन लगाइयो । गाउँघरका अधिकांश स्त्री-पुरुष एकत्र भएर हेरिरहेका थिए । धामी अग्नि-स्तम्भन विद्या जान्दथ्यो । उसले आगोमा पोलेको गोला हातमा लिएर घुम्दै माथितिर फ्याँकिरहेको थियो । ठाकुर दुःखी र चिन्तित थिए र ब्राह्मणी मनमनै रोइरहेकी थिइन् । बिचरी व्यर्थ नै अन्त्यजा सिद्ध भइरहेकी थिइन् ।

'महाराज ! भन्नुहोस्, यी गोला कहाँ हालौं ?' भनी धामीले ठाकुरसँग सोध्यो ।

'हाल् सूर्यनारायणको शिरमा' दुःखी र चिढिएकी ब्राह्मणीले दान्हा किटेर भनिन् । धामीले गोला भुइँमा फ्याँकिदियो । त्यस समय आश्चर्यको कुरो भयो । गोला अचानक माथि आकाशतिर गयो। र, एक गोला माथिबाट सीधा धामीको शिरमा खसेर फुट्यो । धामीको तत्काल मृत्यु भयो ।

अब त्यहाँ भएका सब मानिस आत्तिए । ठाकुरले पुजारिनीका पाउ पर्के– 'माँ ! तिमी सती हौ, रक्षा गर ।'

यसमा सती ब्राह्मणीले सूर्यनारायणलाई दुवै हात जोडेर 'प्रभो ? यी मेरा अन्नदाता हुन् । सरल र निर्दोष छन् । यिनको रक्षा गर्नुहोस्' भनी प्रार्थना गरिन् । दर्शक जति सबै सतीको चमत्कार देखेर दङ्ग परे । ठकुरानी पनि सती ब्राह्मणी पुजारिनीका पाउ परेर क्षमा माग्न थालिन् ।

अद्भुत सतीत्व– रूससित जापानको युद्ध चलिरहेको थियो । रूसी सेनाको एक टुकडीले सामन्तराज सातोमीको दुर्गमा घेरा हालेको थियो । पहाडमा बनेको दुर्ग सुदृढ हुनुका साथै चारैतिर खाई पनि थियो, तर लामो अवधिसम्मको घेराले गर्दा दुर्गमा खानेकुरा सकिंदै गएकोले एक दिन दुर्गपतिले घोषणा गरे– 'शत्रु सेनाको सेनापतिको शिर ल्याउनेसँग म आफ्नी छोरीको विवाह गरिदिनेछु ।'

शीतकाल आइसकेको थियो। एक दिन साँझदेखि हिउँ पर्न थाल्यो । त्यस दिन आफ्नो कुकुर सुबूसा दुर्गमा नदेखिएकोले सामन्तराज चिन्तित भए । त्यो शिकारी जातको कुकुर अग्लो, बलियो र बढी स्वामिभक्त थियो । राति बाहिर रह्यो भने हिउँले त्यो मर्ला भन्ने डर थियो । तर कुकुर रातमा पाइएन । त्यस दिन राति भारी हिउँ पऱ्यो । शत्रुका ठूल्ठूला तोप हिउँले चल्ने स्थिति-मा थिएनन् । सेनापतिमाथि आक्रमण गर्नका लागि यो राम्रो मौका थियो। बिहान दुर्गमा सैनिक जति सब एकत्रित भए । सामन्तराज आक्रमण गर्ने योजना बनाइरहेका थिए । त्यसै समय उनको कुकुर सुबूसा दुर्गमा आइपुग्यो । त्यसको मुखमा रक्ताम्य शत्रु-सेनापतिको शिर थियो । सुबूसा साँझपख निस्केको थियो । र, राति शिविर निरीक्षण गरी निस्कन लागेका रूसी सेनापतिलाई मार्न सफल भएको थियो ।

'दैव-गति विचित्र छ । छिः ! मानव-हृदय अति दुर्बल छ ।' युद्ध समाप्त भइसकेको थियो; शत्रु हारेर फर्किसकेका थिए; किन्तु आफ्नो कुकुर देख्ता सातोमीको हृदय घृणाभावले भरिन्थ्यो । हिन्दू राजपूतजस्तै जापानका सामुरायी वंशका मानिसहरू पनि आफ्ना बचनका पक्का हुन्छन् । कति अभागी दिन थियो त्यो, जब सामन्तराजले शत्रु सेनापतिको शिर ल्याउनेसँग छोरीको विवाह गर्न घोषणा गरेका थिए । कुकुरलाई जब सबैले तिरस्कार गर्न थाले । त्यो जसकहाँ गए पनि पिटाइ पाउँथ्यो । त्यसलाई किन तिरस्कार हुनुपऱ्यो भन्ने कुरो त्यो स्वामिभक्त पशु बुझ्दैनथ्यो ।

सामन्तराज सातोमीको सन्तानको नाममा एउटी छोरी मात्र थिइन् । तिनी जति रूपवती थिइन् त्यति नै गुणवती र ईश्वरभक्ता पनि थिइन् । उनी मनमनै सोच्न थालिन्– 'माता-पिताबाट मैले यो शरीर पाएकी छु । सामुरायी सामन्त आफ्नो कुरो झूटो गर्न सक्तैन । पिताले मलाई दिने जुन प्रतिज्ञा गरेका थिए, त्यसअनुसार सुबूसा नै मेरो स्वामी हो । मेरो मोहले गर्दा पिता त्यसलाई तिरस्कार गर्दछन् । मैले त्यसलाई तिरस्कार भएको, भोकै रहेको हेरेर बस्नु त धर्म होइन !'

अन्तमा ती धर्मात्मा एक दिन राति कुकुरसँग दुर्गबाट सुटुक्क निक्लिन् । उनले घोर वनमा एउटा गुफालाई आफ्नो निवासस्थान बनाइन् । वनमा कन्दमूल र फल आफ्नो पेट भर्नका लागि खोजेर ल्याउँथिन् । शिकारी कुकुर सुबूसा आफ्नो लागि शिकार ल्याउँथ्यो । ती सामन्त कुमारी तपस्विनी बनिन् । प्रतिदिन नित्य एउटै प्रार्थना उनी प्रभुसित गर्दथिन्– 'प्रभो ! यो स्वामिभक्त जीवलाई आफ्नो चरणमा स्वीकार गर ।'

सामन्तराज सातोमीले बहुत खोज्न लगाए, किन्तु उनलाई आफ्नी छोरीको पत्ता लागेन । एक दिन उनको एकजना सैनिक शिकारका लागि गयो । त्यही गुफाको सामुन्ने उसले सुबूसा बसिरहेको देख्यो । आफ्नो मालिकको कुकुरलाई चिनेर उसले बन्दूक सोझ्यायो– 'यो अभागी कुकुरले गर्दा नै सामन्तराज दुःखी भए । उनकी छोरी हराइन् ।' यस्तो विचार गरेर उसले बन्दूक चलायो । गोली लाग्नासाथ कुकुर त ढल्यो ढल्यो, तर त्यसको साथै एक कोमल कण्ठको चित्कार पनि सुनियो । कुकुरको आड लिएर त्यससित टाँसिएर बसेकी सामन्तकुमारीलाई गोलीले छेदन गरेको थियो । कुकुरको साथै उनको निष्प्राण देह रहेको थियो । सार्वजनिक सती-धर्मको वस्तुतः यो एक विचित्र उदाहरण हो ।

पतिप्राणा विप्रपत्नी– महाराज शर्याति दिग्विजय गरी फर्किरहेका थिए । उनको साथमा उनका राजपुरोहित मधुच्छन्दा थिए । महर्षि विश्वामित्रका पुत्र संयमी, तपस्वी, विद्वान् राजपुरोहित विनाकारण नै यहाँ उदास भइरहेका थिए । राजाले नम्रतापूर्वक उनी खिन्न हुनाको कारण जान्न खोज्दा उनले भने– 'मैले पत्नीलाई घर फर्कने जुन समय दिएको थिएँ, अब म त्यस समय घर पुग्नु सम्भव छैन । यसबाट मेरी पत्नीलाई बहुत क्लेश हुनेछ । उनको दुःख सम्झेर नै मेरो चित्त खिन्न भएको छ ।'

राजाको निमित्त यो हँस्सीको कुरो थियो । उनले भने– 'हजूर तपस्वी हुनुहुन्छ, संयमी हुनुहुन्छ । हजूरको त आफ्नो मनमा अधिकार पो हुनुपर्दछ । मेरी रानी स्थविष्ठा पनि परम पतिव्रता छन् । उसको चित्तको आश्रय म नै हुँ । उनलाई मैले पनि फर्कने समय त्यही दिएको थिएँ, जुन हजूरले आफ्नी पत्नीलाई दिनुभएको छ । म त खिन्न छैन । साधारण मानिसले जस्तै हजूरले स्त्री चिन्ता लिनु योग्य छैन ।'

राजाको यसै कुराले मधुच्छन्दा न लज्जित भए, न उनलाई क्रोध नै आयो । उनले भने– 'हजूरको कुरा सामान्य दृष्टिले उचित छ; किन्तु पति-पत्नी दुवै एक-अर्कोलाई प्रेम गर्ने र एक-

अर्काको कष्टमा ध्यान दिने हुनुपर्दछ । गृहस्थका लागि यो भूषण हो, दूषण होइन । मेरी पत्नीको प्राण मसा नै रहेको छ । म बिना उनी क्षणभर पनि जीवित रहन सक्तिनन् । यसैले उनको चिन्ता-ले म खिन्न हुन्छु ।'

पुरोहितलाई प्रसन्न गर्नका लागि राजाले सेनालाई प्रस्थान गर्ने आज्ञा त दिए तर उनलाई आफ्ना ती पुरोहितमा स्त्री-आसक्ति भएजस्तो लाग्यो । उनले परीक्षा लिने निश्चय गरेर एक दूत बडो वेगसित जाने घोडामा अगाडि नै पठाए । दूत राजसदन पुग्यो । पतिबाट वियोग भएका महारानी र राजपुरोहितकी पत्नी एक ठाउँमा बसिरहेका थिए । राजाको आदेशानुसार दूतले समाचार दियो– 'महाराज शत्रुविजय गरेर फर्किरहेका थिए । राति एउटा राक्षसले उनलाई र उनका राजपुरोहितलाई खाइदियो । सेना बहुत दुःखित छ । मलाई उचित आदेश दिनुहोस् ।'

'राक्षसले राजपुरोहितलाई खायो' भन्ने सुन्ने बित्तिकै राजपुरोहितकी पत्नी भुइँमा पछारिइन् र उनले आफ्नो प्राण त्याग गरिन् । केहीबेर स्तब्ध भएर महारानीले यो कसरी सम्भव छ भन्ने कुरो विचार गरिन् । उनले यसो हेर्दा त दूत गइसकेको थियो ।

'कुनै परिहास हो यो'– उनले सम्झिन् ।

ब्राह्मण पत्नीको मृत्यु भएको देखेर दूत कुलेलम ठोकेको थियो । ऊ गएर राजालाई समाचार दियो । नरेश आकुल-व्याकुल भए– 'म महापापी हुँ । कुतूहलवश मैले ब्रह्महत्या गरें ।' ती सतीको देहको रक्षा गर भन्ने आदेश दिएर महाराजले फेरि दूतलाई दौडाएर पठाए । राजपुरो-हितलाई चार्हि सेनाको साथ राजधानी पठाए । 'मलाई अलि विलम्ब होला' भनेर उनी रोकिए । स्वयं गौतमी नदीको किनारमा पुगे, चिता बनाएर देवता, ब्राह्मण, पितृ आदिको पूजा, तर्पण गरी चितामा बसे । प्रज्वलित अग्नीमा बसेर राजाले सङ्कल्प गरे– 'मैले निष्काम भावले दान, यज्ञ तथा प्रजापालन गरेको छु भने अग्निदेवताले मेरो आयुबाट विप्रपत्नीलाई जीवित गरिदिऊन् ।'

नरेशको देह भस्म भयो, किन्तु त्यसै समय विप्रपत्नी बिउँतिन् । राजपुरोहितले बाटोमा यी दुवै समाचार पाए । उनी धर्मसङ्कटमा परे– 'मेरो लागि जसले प्राण त्याग गऱ्यो, त्यस पत्नीकहाँ जानु पर्दछ या जसले मेरी पत्नीलाई जीवित तुल्याउनका लागि आफ्नो आहुती दियो, त्यसको अनुसरण गर्नुपर्दछ ।'

मधुच्छन्दा तपस्वी थिए । तपको अमित शक्ति उनीसँग थियो । उनले त्यहीं सूर्यको रथलाई रोकेर भगवान् सूर्यको आराधना गरे र भगवान् सूर्यसँग राजालाई जीवित तुल्याउने वर मागे । सूर्यनारायणको वरदानले राजा शर्याति बिउँझे । उनी चिताको भष्मबाट जीवित भई उठे । महाराजसँग मधुच्छन्दले राजधानीमा प्रवेश गरे । धन्य हो सती-धर्म ।

पतिप्राणा रानी पिङ्गला– पतिको मृत्युपछि जुन स्त्री जीवित रहन्छिन् ती सती कहला-उँदिनन् । ती सती मानिन्छिन् जो पतिको मृत्युको समाचार सुन्नेबित्तिकै देहत्याग गर्दछिन् । पतिको देहको साथ चितारोहण गर्ने नारीलाई मात्र वीरस्त्री भन्न सकिन्छ । रानी पिङ्गलाले यो कुरो

अनवसर भनिन् । चन्द्रवंशबाट उत्पन्न भएको परमारवंशका अन्तिम राजा हून शिकारबाट फर्केका थिए । त्यसबेला उनी उत्साहमा थिए । वनमा उनले सर्पले टोकेर मरेको व्याधाको शरीरको साथ त्यसकी स्त्रीलाई चितामा बसेर जलेको देखेका थिए । व्याधाजस्तो नीच कुलमा यस्ती पतिव्रता स्त्रीलाई देखेर त्यसप्रति उनलाई आश्चर्यको साथमा श्रद्धा पनि लागेको थियो । यस्तो समयमा पतिको उत्साह भङ्ग गर्नु उचित थिएन । ४७०

'यस्ती सती त रानी पिङ्गला नै होलिन् ।' उत्साह भङ्ग हुन गएकोले झोक्किएर राजाले भने । रानी झसङ्ग भइन् । उनले आफूले भूल गरेको कुरो सम्झिन् । अब उनको परीक्षा अवश्य लिइनेछ; किन्तु भूल हुनु भइसकेको थियो, अब पश्चात्ताप गरेर के हुन्थ्यो ? आपना धर्मगुरु दत्तात्रय राजभवनमा आउँदा रानीले आफूलाई सङ्कट परेको कुरा सब बताइन् । दत्तात्रयले एउटा बीउ दिएर भने– 'यो आँगनमा रोप्नू, सानो बोट उम्रिनेछ । जब महाराजको जीवनबारे शङ्का लाग्दछ त्यतिखेर त्यस बोटसित सोध्नू । राजा यदि जीवित नभए त्यसका पात सुकेर त्यसै समय झर्नेछन् ।'

रानीले बीउ रोपिन् । त्यो उम्रियो, बढ्यो र हराभरा भयो । राजाको राज्यमा दस्यु बढ्दै गएका थिए । उनी तिनलाई दमन गर्न गए । तिनलाई दमन गरी फर्कदाखेरि त्यस समय रानीको सतीत्वको परीक्षा गर्ने विचार उनको मनमा उठ्यो । उनले एक दूतलाई आफ्नो मुकुट दिएर पठाए । दूत राजधानीको ढोकादेखि नै रुन थाल्यो । 'दस्यूहरूले राजालाई मारे' भन्ने समाचार उसले दियो । दूत राजसदन पुग्नुभन्दा पहिले नै रानीको साथमा रहेका सहेलीहरूले दूत रुँदै आइरहेको समाचार रानीका कानमा पारिसकेका थिए । रानीले पहिले नै स्नान गरिन् र अनि त्यस बोटसित सोधिन् । वृक्षबाट पानीको थोपा टप्कियो । महाराज सकुशल छन् भन्ने कुरामा रानी निश्चित भएकी थिइन् । दूतले समाचार दिंदा उनले विचार गरिन्– 'महाराजले मेरो परीक्षा लिनको लागि दूत पठाएका हुन् । मैले देह त्याग गरोस् भन्ने उनको इच्छा होला । पतिको इच्छा पालन गर्नु नै स्त्रीको धर्म हो । परलोकमा त उनलाई पाइहाल्नेछु ।'

पति सकुशल रहेको जानीकन पनि रानी पिङ्गलाले देहत्याग गर्ने निश्चय गरिन् । उनी योगिनी थिइन् । दत्तात्रयको कृपाले उनलाई योगसिद्धि प्राप्त भएको थियो । महाराजले दूतद्वारा पठाइएको मुकुटलाई काखमा राखेर उनले आसन बाँधिन्, आँखा बन्द गरिन्, प्राणको संयम गरिन् र अनि शरीर छाडिन् ।

'यो संवाद झूटो हो'– दूतले भन्यो; किन्तु त्यति बेलासम्म रानीको शरीर निष्प्राण भइसकेको थियो । उता दूत पठाएपछि नरेशलाई रानीले वास्तवमा कहीं देहत्याग त नगरून् भन्ने लागेको थियो । उनी छिटो-छिटो गए । तर नगरको नजीक पुग्दा श्मशानमा रानी पिङ्गलाको शरीर चित्ताको लपेटामा जलिरहेको थियो ।

राजाले वस्त्र-आभूषण फुकालेर फ्याँके । पैदलै श्मशान पुगे । मानिसहरू चिता जलाएर फर्किसकेका थिए । विक्षिप्त भएका राजा एक्लै त्यहाँ रुँदै घुम्न लागे । यस अवस्थामा

उनलाई सिद्धश्रेष्ठ गोरखनाथले देखे । महापुरुषलाई दया आयो । उनले सम्झाउने बहुत प्रयत्न गरे, किन्तु राजाको शोक हटेन । अतः गोरखनाथले एक चुटकी भस्म चितामा फ्याँके । 'यिनीहरूमध्येबाट आफ्नी पिङ्गलालाई पहिचान गर ।' चिताबाट नारीहरू एक जमात निस्के । सबै रूपरङ्गमा पिङ्गलाजस्तै थिए । राजा पहिचान गर्न असमर्थ भए । सन्तले तालीबजाएपछि अकेली पिङ्गला मात्र रहिन् । बाँकी सब अदृश्य भए । यो सब विचित्र दृश्य देखेर 'मेरो मोह दूर भयो । मलाई हजूरका चरणमा आश्रय दिनुहोस्' भन्ने कुरो राजाले गरे । राजाको मनमा ती महासिद्धका कृपाले वैराग्य आयो । ती देखिएकी पिङ्गला त माया थिइन्, अदृश्य भइन् ।

पतिप्राणा जयदेव पत्नी– पद्मावती भक्तवर जयदेवकी अर्धाङ्गिनी थिइन् । राजभवनमा उनको बडो सम्मान थियो । उनी प्रायः रानीकहाँ जान्थिन् र उनलाई भगवान्को मधुर लीला–कथा सुनाउने गर्थिन् । रानी उनका कुरा बडो आदर र प्रेमपूर्वक सुन्दथिन् र उनलाई पनि खूब सम्मान गर्थिन् । एकदिन कथाको प्रसङ्गमा पद्मावती थिइन्– 'शरीरको अन्त भएपछि पतिको साथ चितामा भस्म हुने स्त्री उच्च कोटिकी स्त्री होइन, उच्च कोटिकी सती त पतिको देहान्त भएको संवादले नै प्राण छाड्छिन् ।'

रानीले चूपचाप सुनिरहिन्, तर साँचो कुरो के थियो भने उनलाई पद्मावतीको त्यो कुरा रास्रो लागेको थिएन । उनले मौका हेरेर पद्मावतीको परीक्षा गर्ने मनैमन निश्चय गरिन् ।

एक दिन नरेश शिकारका लागि गए । उनको साथमा जयदेव पनि थिए । बिस्तार-बिस्तार साँझ पर्दै आइरहेको थियो ।

'पण्डितजीलाई सिंहले खायो', आँखाभरि आँसु गरी अँध्यारो मुख लाउँदै रानीले पद्मावतीकहाँ गएर भनिन् । यो सुन्नासाथ 'श्रीकृष्ण ! श्रीकृष्ण !' उच्चारण गर्दै पद्मावती धडचाम्म पछारिइन् र तुरुन्त उनको प्राणपखेरु उड्यो । रानी ठूलो अत्यासमा परिन् । उनको बुद्धिले काम गर्न छाड्यो । उनी घुँक्क-घुँक्क गरी रुन लागिन् । यस्तो होला भनी उनले कल्पनासम्म पनि गरेकी थिइनन् । सतीको महिमा उनले नसुनेको होइन, सुनेकी थिइन्, किन्तु यस कोटिको सतीत्व उनी सोच्न पनि सक्तिनथिन् ।

नरेशको साथ जयदेव फर्के । बडो दुःखका साथ यो संवाद उनलाई सुनाइयो । रानीलाई दुःख त लागेको थियो नै, किन्तु लाज र ग्लानिले गर्दा उनी मरेतुल्य भएकी थिइन् । परन्तु भक्त जयदेवलाई आफ्नी पत्नीको देहान्त भएकोमा त्यति दुःख लागेको थिएन जति दुःख रानीको मनःस्थितिको कल्पना गर्दा उनलाई लागेको थियो । सन्देशवाहकलाई भक्तराजले मधुर वचनमा 'रानीमाँलाई मेरो यो सन्देश देऊ' भनी पठाए । त्यो सन्देशमा भनिएको थियो– 'मेरो मृत्युको संवाद सुनेर पद्मावती गएकी हुन् भने मेरो जीवन सुरक्षित रहेको समाचार सुनेर उनी फर्केर आउनुपर्दछ ।'

भक्तराजले परमेश्वरसँग प्रार्थना गरे र पद्मावतीको शवको सन्निकट बसेर भगवान्को मधुर मङ्गलमय नामको कीर्तन गर्न थाले । बिस्तार-बिस्तार पद्मावतीका आँखा खुले र मुस्कुराउँदै जुरुक्क उठेर उनले पतिका चरणमा शिर राखिन् ।

नारी-धर्मको आदर्श-सिरिमा—श्रीलङ्कामा 'सिरिमा' अत्यन्त आदरणीय नाम मानिन्छ । यो 'श्रीमाँ'को सिंहली भाषामा अपभ्रंश हो । सिरिमा नामकी यी कन्याको जन्म श्रीलङ्काको अनुराधापुरमा भएको थियो । बचपनदेखि नै बौद्ध धर्ममा उनको दृढ निष्ठा थियो । तथागत-प्रति उनको जुन भक्ति थियो त्यसले अरूलाई पनि प्रेरणा दिन्थ्यो ।

धार्मिक शिक्षाको साथै माता-पिताले आफ्नी सुशीला, सुन्दरी बालिकालाई नृत्य-सङ्गीत, वाद्य—वादन आदिको शिक्षा पनि दिएका थिए । सङ्गीतको साथै काव्यको पनि उनले अध्ययन गरेकी थिइन् । सुमङ्गल नाम गरेको एकजना सुन्दर, सम्पन्न व्यापारीसँग उनको विवाह भयो ।

सुमङ्गल व्यापारी थियो । समुद्रपारका देशमा गएर ऊ आफ्ना वस्तु बेच्तथ्यो र विनिमयमा त्यहाँका वस्तुहरू लिएर आउँथ्यो । एक यस्तै लामो यात्रामा ऊ गएको थियो । त्यस यात्रामा उसलाई बहुत फाइदा भयो । ऊ फर्कने समाचार पाएर सिरिमा अत्यन्त खुशी भइन् । पतिको स्वागतका लागि उनले आफ्नो भवन सजाइन् ।

देशको प्रतिष्ठित व्यापारी बहुत फाइदा गरेर फर्किरहेको थियो । सिंहल (त्यस समय श्रीलङ्काको यही नाम थियो) उसै त सानो द्वीप हो । त्यहाँका प्रतिष्ठित व्यक्तिहरू समुद्रतटमा सुमङ्गलको स्वागत गर्न गए । तिनीहरूमध्ये नगरकी सबभन्दा सुन्दरी गणिका पनि थिई । सुमङ्गलले त्यस गणिकालाई के देखेको थियो उसको चित्त त्यसमा आसक्त हुन गयो । सिरिमाले पनि पतिको स्वागत गरिन् । तर उनले पतिको मुखमा उल्लास नभएको लक्षित गरिन् । बन्दरगाहमा नै पतिको दृष्टि कहाँ परिरहेछ भन्ने कुरो उनले देखिसकेकी थिइन् । एकान्त पारेर उनले सोधिन्— 'के त यस गणिकाको लागि नै हजूर उदास हुनुहुन्छ ?'

सुमङ्गलले भने— 'जब तिमी मेरो पीडा जान्दछ्यौ भने फेरि सोध्छ्यौ किन ?'

त्यसै समय गणिकाको सन्देश लिएर दूती आई । गणिका यति सम्पन्न तथा सुन्दर युवकलाई आफूतिर आकर्षित भएको देख्दा-देख्दै तटस्थ भएर किन रहन्थी ? परन्तु सिरिमाले दूतीसँग भनिन्— 'तिमी किन आएकी छौ, यो म जान्दछु । तिमी आफ्नी स्वामिनीलाई यस कुलको पुरुष उनको कोठीमा गएर आफ्नो वंशलाई कलङ्कित गर्न चाहँदैनन् भन । उनी यदि आफ्नो व्यवसाय छाडेर यस घरकी बधू बन्ने कुरो स्वीकार गर्छिन् त भोलि यहाँ आऊन् । म उनको लागि आफ्नो स्थान छोड्न तयार छु ।'

गणिकालाई त वरदान पाएजस्तै भयो । ऊ यस्तो सम्पन्न घर तथा पति कहाँ पाउँथी ? ऊ भोलिपल्ट नै आई । सिरिमाले उसलाई मन्दिरमा लगेर आफ्नो पतिसँग विवाह गराइदिइन्

र आफूचाहिं दीक्षा लिएर भिक्षुणी बनिन् । उनी मठमा रहन लागिन् । केही समय बित्यो । एक दिन एक भिक्षु रक्ताम्मे भएर फर्क्यो । उनीसँग सोद्धा एक गृहस्थको घरमा ऊ भिक्षा माग्न गएको थियो र त्यतिखेर उसकी पत्नीले उसलाई चाँदीको भाँडोले हिर्काएकी थिई भन्ने कुरो थाहा भयो । भिक्षुले दिएको विवरणबाट त्यो सुमङ्गलकी नयाँ पत्नी (भूतपूर्व गणिका) मन्दार-माला नै हुनुपर्दछ भन्ने कुरो सिरिमालाई लाग्यो । उनले मन्दारमालासित भेट्ने निश्चय गरिन् । उसलाई भेटेर सोधिन्– 'एक निरपराध साधुमाथि तिमीले किन प्रहार गऱ्यौ ?'

मन्दारमालाले रोएर भनी– 'म होशमा कहाँ थिएँ र । सुमङ्गलले तिमीलाई त्यागेर मलाई अपनायो । भोलि ऊ अब अर्को विवाह गर्न लागिरहेछ ।' ४७३

'प्रभु ! सुमङ्गललाई सद्बुद्धि प्रदान गर । त्यसप्रति मेरो जुन कर्तव्य छ, त्यो पूरा गरिदेऊ प्रभु ।' सिरिमा सोझै मन्दिर गइन् । उनी घुँक्क-घुँक्क गरी रोइरहेकी थिइन्, उनी त्यहाँ कुन वेलादेखि बसिरहेकी थिइन्, त्यो थाहा भएन । तर त्यस रात सुमङ्गलले जुन स्वप्न देख्यो त्यसको प्रभाव के पऱ्यो भने बिहान उसले आफ्नो सब सम्पत्ति दान गरिदियो । ऊ भिक्षु बन्नका लागि मन्दिरमा आयो ।

यहाँ नारी-धर्मको विषय समाप्त हुन्छ । अन्तमा पुरुषसित पनि यही भन्नु छ के भने नारी एक प्रहेलिका हुन् र धर्म एकदम व्यापक छ । साथै युग-युगको विचारधारा नाना प्रकारका र असम्बद्ध छन् । आफ्नो पुरुषत्वको अभिमानमा जकडी नरहेर प्राचीन र नवीन संस्कारको समुचित सम्मिश्रणबाट युग-धर्मानुसार आफ्नो कर्तव्यको निर्णय गर्नुपर्दछ ।

आदर्श मित्र-धर्मको निरूपण–मानव एक सामाजिक प्राणी हो । ऊ समाजदेखि कदापि अलग भएर बस्न चाहँदैन । जीवनमा प्रायः उसलाई धेरथोर साथी, कोही न कोही मित्रको आवश्यकता प्रतीत हुन्छ । मनुष्य नै किन, पशु-पक्षी पनि विनासाथी रहँदैन । पशु प्रायः बथानमा रहन्छ । पक्षीहरू पनि बथान बनेर यताउति विचरण गर्छन् र यताउति घुमफिर गर्दछन् । वास्तवमा मित्रहरूबाट सांसारिक जीवनमा स्फूर्ति र मधुर मिठास आउँछ । कपट चंगुलबाट मित्र नै छुटाउँछ र सुन्दर मन्त्रणा-ले कर्तव्य मार्गमा अग्रसर गराउँछ । यसै कारण भनिएको छ– 'दुई हृदयको दूध र पानी जस्तै मिलेर एक हुनु नै सच्चा मित्रता हो ।' मित्रको व्युत्पत्तिजन्य अर्थ हो- दुःखबाट बचाउने । **प्रमीयते त्रायते ।**

दुःखबाट त्राण पाउनका लागि तथा एकान्त जीवनमा कसैलाई समीप पाउनका लागि मित्र बन्नु आवश्यक ठानिन्छ । जसको मन धर्मानुकूल आपसमा मिलेको हुन्छ तिनीहरू एक-अर्कोलाई सुख-दुःखमा धेरै सहानुभूति प्रकट गर्दछन् र सद्विचारमा एक-अर्काका साथी र सहायक हुन्छन् । मैत्रीमा प्रेम नहुने हो भने त त्यसलाई जड मैत्री भनिन्छ । मित्रको कर्तव्य बडो महत्त्वपूर्ण छ । जब हामी दुःखको भुमरीमा परेका हुन्छौं, हाम्रो लागि संसार नै अँध्यारो देखिन्छ, जता हेऱ्यो त्यतै शून्य मात्र लागेर आउँछ, त्यतिखेर सच्चा मित्रले नै तन-मन-धनले हाम्रो सहायता गर्दछ । मित्रको परीक्षा विपत्तिको समयमा हुन्छ, यसमा कुनै सन्देह छैन । धीरज धर्म मित्र अरू नारी । आपतकाल

परिखिअहिं चारि । विपत्तिमा मित्रबाट नै कार्य सिद्ध हुन्छ । युद्धमा मित्र नै काम आउँछ । रघुकुलतिलक श्रीरामचन्द्रले मित्र सुग्रीवको सहायताबाट महाशौर्यशाली लङ्केश्वर रावणको संहार गरेर पुनः सीतालाई प्राप्त गरे । त्यससमय मित्र-कुमित्रको लक्षण रामायणमा बडो राम्रोसित दिइएको छ–

जे न मित्र दुःख होहिं दुखारी ।
तिनहिं विलोकत पातक भारी ।
निज दुःख गिरिसम रजकरि जाना ।
मितक दुःख रज मेरु समाना ।।
जिन्हके असि मति सहज न आई ।
ते सठ कत हठि करत मिताई ।।
कुपथ निवारि सुपन्थ चलावा ।
गुन प्रकटइ अवगुनन्हि दुरावा ।।
देत लेत मन संक न धरई ।
बल अनुमान सदा हित करई ।।
विपति काल कल सतुगुन नेहा ।
श्रुति कह संत मित्र गुन एहा ।।
आगे कह मृदुवचन बनाई ।
पाछें अनहित मन कुटिलाई ।।
जा कर चित्त अहि गति सम भाई ।
अस कुमित्र परिहोहिं भलाई ।।

हाम्रा धर्मग्रन्थहरू अनेकानेक सच्चा मित्रको दृष्टान्तले भरिपूर्ण छन् । भगवान् श्रीकृष्णको अर्जुनप्रतिको मित्रता आदर्श मानिन्छ । यिनको र सुदामाको मित्रतादेखि को पो परिचित नहोला ! सहस्त्रौं वर्ष व्यतीत भएर पनि त्यो आदर्श मित्रता अद्यावधि सजीव छ र त्यसको गुणगान आजसम्म सबै गरिरहेछन् । कहाँ ऐश्वर्यशाली श्रीकृष्ण र कहाँ अकिञ्चन दीन द्विज सुदामा । आकाश पातालको अन्तर छ । तर करुणालय श्रीहरिले आफ्नो महत्ताको गर्व नछाँटेर कसरी आपद्ग्रस्त विप्र सुदामाको अवस्था देखी दयार्द्र भएर उनको सहायता गरे । श्रीकृष्णले आफ्नो मैत्री भावलाई जुन सच्चाइ र निष्ठापूर्वक पूरा गरे त्यो सच्चा मित्र-धर्मको अप्रतिम उदाहरण हो । त्यसै भावलाई एक कविले यसरी भनेका छन् -

ऐसे विहाल विवाइन सौं,
पग कण्टक जाल गडे पुनि जोये ।

हाय ! महादुःख पाए सखा तुम आये,
इतै न कितै दिन खोये ।।
देखि सुदामाको दीन दसा,
करुना करि कै करुनानिधि रोये ।
पानी परात को हाथ छुयौ नहीं,
नैननके जल सौं पग धोय ।।

सच्चा मित्रमा सच्चा आत्मीयताको अनुभव हुन्छ । श्रुतिमा पनि विश्वमैत्रीको भावना वर्णित छ–'सर्वा आशा मम मित्रं भवन्तु' । सब दिशा मेरा मित्र बनून् । त्यस्तै -मित्रस्य चक्षुषा समिक्षामहे । अर्थात् हमीले एक-अर्कालाई मित्रताको दृष्टिले हेरौं । मित्रतालाई मजबूत बनाउनका लागि हामीले आफ्नो अन्तःस्थलमा उत्सर्गको भावनालाई स्थान दिनुपर्दछ । स्वार्थलाई जरैदेखि उखेलेर फाल्नुपर्दछ । आजको समयमा वास्तविक मित्र पाउनु सजिलो कुरो छैन । संसारमा तपाईलाई नाना प्रकारका मानिस मिल्नेछन् । तपाई तिनका चक्करमा परेर मित्रता गर्नुहुन्छ । तर तिनीहरू तपाईलाई अधिकांश स्वार्थी, लोभी लाग्नेछन् । किनभने तपाईसित पैसा भएसम्म तिनीहरू तपाईको पछि लागिरहनेछन् । यस्ताका लागि कविले भनेका छन्–

साँई सब संसारमे मतलबका व्यवहार ।
जब लग पैसा गाँठमें तब लग ताको यार ।।
तब लग ताको यार, मार संग-ही-संग डोलै ।
पैसा रहा न पास यार मुखसों नहीं बोले ।।
कह गिरधर कविराम जगत यहि लेखा भाई ।
करत बेगरजी प्रीतियार बिर-ला कोई साँई ।।

मनुष्यको चरित्र उसका मित्रहरूबाट नै ज्ञात हुन्छ भन्ने कुरो निर्विवाद सत्य हो । यस कारण सच्चरित्र व्यक्तिहरूसँग नै मित्रता गर्नुपर्दछ ।

मित्र-धर्मका विलक्षण आदर्श भगवान् श्रीकृष्ण– अर्जुनसँग श्रीकृष्णको मैत्री यति प्रसिद्ध थियो, स्वयं दुर्योधनले पाण्डवहरूको राजसूय-यज्ञको वर्णन गर्दा आफ्ना पितालाई भनेका थिए– आत्मा हि कृष्णः पार्थस्य कृष्णस्यात्मा धनञ्जयः ।
यद् ब्रूयादर्जुनः कृष्णं सर्वं कुर्यादसंशयम् ।।

कृष्णो धनञ्जयस्याऽर्थे स्वर्गलोकमपि त्यजेत् ।
तथैव पार्थः कृष्णार्थे प्राणानपि परित्यजेत् ।। -सभापर्व ५२।३१-३२

अर्थात् 'श्रीकृष्ण अर्जुनका आत्मा हुन् र अर्जुन श्रीकृष्णको आत्मा । अर्जुन श्रीकृष्णलाई जे गर भन्दछन् श्रीकृष्ण निःसन्देह त्यो सब गर्दछन् । श्रीकृष्ण अर्जुनका लागि दव्य धाम त्याग गर्न सक्तछन् र अर्जुन पनि श्रीकृष्णका लागि प्राणसम्म त्याग गर्न सक्तछन् ।'

श्रीकृष्णको अर्जुनप्रति सहज सख्य-प्रेम थियो । खाण्डव-दाहपछि इन्द्रले अत्यधिक मात्रामा शस्त्रास्त्र दिंदा त्यतिखेर श्रीकृष्णले पनि अर्जुनसँग मेरो प्रेम निरन्तर बढ्दै जाओस् भनी इन्द्रसँग वर मागेका थिए र इन्द्रले बुद्धिमान् अर्थात् मित्र-धर्ममा प्रवीण श्रीकृष्णलाई यो वर दिएका थिए-वासुदेवोऽपि जग्राह प्रीतिं पार्थेन शाश्वतीम् ।
ददौ सुरपतिश्चैव वरं कृष्णाय धीमते ।।
-महाभारत आदिपर्व २३३।१३

४७६

मित्र अर्जुनको निमित्त सानो-ठूलो कुनै पनि काम गर्न श्रीकृष्णले कहिल्यै इन्कार गरेनन् । पाण्डवको राजसूय-यज्ञमा जहाँ ठूला-बडा वृद्ध पुरुषहरूको सामुन्ने एकमात्र उनैलाई अग्रपूजाको योग्य सम्झेर उनैको अग्रपूजा हुन्छ त्यसै राजसूय-यज्ञमा आएका अतिथिहरूका पाउ धुने काम खुद आफैंले गरेर अर्जुनको सम्मानार्थ अरू राजाहरूले जस्तै उनले युधिष्ठिरलाई चौध हजार असल-असल हात्ती उपहारस्वरूप प्रदान गरे ।

वासुदेवोऽपि वार्ष्णेयो मानं कुर्वन् किरीटिनः । -महाभारत सभा.
अददद् गजमुख्यानां सहस्राणि चतुर्दश ।। ५२।३०-३१

सञ्जयले पाण्डवहरूकहाँबाट फर्केर धृतराष्ट्रलाई त्यहाँको समाचार दिंदा अर्जुनप्रति श्रीकृष्णको बिलक्षण प्रेमको वर्णन गरे । उनले भने- 'म तीं दुवैसँग कुराकानी गर्नका लागि अत्यन्त विनम्रतापूर्वक अन्तःपुरमा गएको थिएँ । त्यहाँ गएर मैले श्रीकृष्ण र अर्जुनलाई एक रत्नजडित महामूल्यवान् स्वर्णासनमा विराजमान देखें । श्रीकृष्णका चरण अर्जुनको काखमा थिए र अर्जुनका दुवै पाउ देवी द्रौपदी र सत्यभामाका काखमा थिए । त्यहाँ श्रीकृष्णले आफ्नो श्रीमुखबाट अर्जुनको प्रशंसा गरी अर्जुनलाई आफैंसमान बताउँदै भने- पाण्डवनन्दन अर्जुनसँग सामना गर्न सक्ने कुनै यस्तो वीर मैले देवता, असुर, मनुष्य, यक्ष, गन्धर्व र नागहरूमा देखेको छैन । बल, पराक्रम, तेज, शीघ्रकारिता, हातको स्फूर्ति, विषादहीनता र धैर्य- यी सब गुण अर्जुनसिवाय अर्को कुनै पुरुषमा पनि छैनन् ।'

देवासुरमनुष्येषु यक्षगन्धर्वभोगिषु ।
न तं पश्याम्यहं युद्धे पाण्डवं योऽभ्ययाद् रणे ।। -महाभारत उद्यो. ५९।२६,२९
बलं वीर्यं च तेजश्च शीघ्रता लघुहस्तता ।
अविषादश्च धैर्यं च पार्थान्नान्यत्र विद्यते ।।

महाभारत युद्धमा बडो कुशलतापूर्वक, दुर्योधनलाई सेना दिए र आफूचाहिं अर्जुनको रथ हाँक्ने सारथि बनेर उनलाई विपत्तिबाट रक्षा नै गरिरहे । युद्धमा पनि इन्द्रले दिएको शक्तिको प्रयोग घटोत्कचमाथि गरी कर्णले उनको वध गर्दा त्यतिखेर श्रीकृष्णले अत्यन्त प्रसन्न भई सात्यकिसित जुन कुरा गरेका थिए त्यसबाट श्रीकृष्णको अर्जुनप्रति कस्तो आदर्श प्रेम थियो भन्ने कुरो थाहा पाइन्छ त्यस समय पनि श्रीकृष्णले भने– सात्यकि ! इन्द्रले दिएको शक्तिको प्रयोग केवल एकफेर हुन सक्तथ्यो । कर्ण त्यस शक्तिले केवल अर्जुनको वध गर्न चाहन्थे । यसकारण जुन-जुन बेला कर्णको सामना हुन्थ्यो तब-तब म कर्णलाई आफ्नो शक्तिको स्मरण नहुने गरी मोहमा पारिराख्तथें । त्यस शक्तिले गर्दा कर्णलाई म अर्जुनको काल सम्झन्थें र मलाई रातमा निद्रा पनि पर्दैनथ्यो र मेरो मन खुशी पनि थिएन । आफ्ना माता-पिता, तिमीहरू, भाइहरूको र आफ्नो प्राणको रक्षा गर्न पनि म त्यति आवश्यक ठान्दिनँ जति आवश्यक रणमा अर्जुनको रक्षा गर्न ठान्दछु । सात्यकि ! तीन लोकको राज्य-भन्दा दुर्लभ वस्तु अरू छ भने पनि म अर्जुनलाई छाडेर त्यो लिन चाहन्नँ । मेरो अर्जुन मृत्युको मुखबाट फुत्किएकोमा म आज सारै प्रसन्न छु । यस्ता प्रसङ्ग अरू पनि छन् जसबाट श्रीकृष्णको अर्जुनप्रतिको विलक्षण प्रेम सिद्ध हुन्छ ।

मित्र-धर्मका आदर्श महारथी कर्ण– श्रीकृष्ण पाण्डवहरूका शान्ति-दूत बनेर हस्तिनापुर आएका थिए । उनले पाण्डवहरू पाँच गाउँ पाएर सन्तुष्ट हुनेछन् भनेका थिए । किन्तु दुर्योधन युद्ध नगरीकन सियोको टुप्पो जति जमीन दिन पनि राजी थिएनन् । श्रीकृष्णको प्रयास विफल भयो । युद्ध निश्चित भयो ।

फर्कंदाखेरि पुऱ्याउन आएका मानिसलाई विदा गरी श्रीकृष्णले कर्णलाई आफ्नो रथमा बसाले । कर्णको खाली रथ सारथिले पछि-पछि ल्याइरहेको थियो । श्रीकृष्णले भने– 'वसुषेण ! तिमी वीर, धर्मात्मा र विचारवान् छौ । म तिमीलाई एक गुप्त कुरो बताइरहेछु । तिमी अधिरथ सूतका पुत्र होइनौ । पाण्डवहरू जस्तै तिमी पनि देवपुत्र हौ । भगवान् सूर्य तिम्रा पिता र देवी कुन्ती माता हुन् । तिमी त पाण्डव पो हौ ।'

कर्ण शिर निहुराइरहेका थिए । श्रीकृष्ण भन्दै गए– 'तिमी युधिष्ठिरका दाजु हौ । अन्यायी दुर्योधनको साथ छाडेर मसँग हिंड । भोलि नै तिम्रो राज्याभिषेक हुनेछ । युधिष्ठिर

तिम्रा युवराज हुनेछन् । पाण्डव तिम्रा पछि लाग्नेछन् । म स्वयं तिमीलाई अभिवादन गर्नेछु । तिमीसमेत पाण्डव छ भाइ भए भने त्रिभुवनमा तिनको सामना गर्ने साहस कसमा होला ।'

अब कर्णले शिर ठाडो गरी बडो गम्भीरतापूर्वक भने– 'वासुदेव ! मलाई थाहा छ, म सूर्यपुत्र हुँ र देवी कुन्ती मेरी माता हुन् । धर्मतः म पाण्डव हुँ । किन्तु जतिखेर सबैले मलाई तिरस्कार गरिरहेका थिए त्यतिखेर दुर्योधनले मलाई अपनाए, मलाई सम्मान गरे । मेरो भरोसा गरेर नै उनले युद्धको आयोजना गरेका छन् । म उनीसँग विश्वासघात गर्दिनँ । हजूर मलाई उनको पक्षबाट युद्ध गर्ने आज्ञा दिनुहोस् । हुनत हजूरले चाहेको कुरो हुनेछ, किन्तु क्षत्रिय वीरले युद्धमा वीरगति प्राप्त गरोस्, खाटमा सुतेको सुत्यै नमरोस्– यही मेरो इच्छा छ ।'

४७८

'तिमी मेरो प्रस्ताव मान्दैनौ भने युद्ध अनिवार्य छ' भनी श्रीकृष्णले रथ रोके । त्यस रथबाट ओर्लंदाखेरि कर्णले भने– 'वासुदेव ! मेरो एक प्रार्थना छ । म कुन्तीपुत्र हुँ, यो कुरो हजूरमा गुप्त रहोस् । युधिष्ठिर धर्मात्मा छन् । म उनको दाजु हुँ भन्ने कुरो उनलाई थाहा भयो भने मेरो पक्षमा उनले राज्य-स्वत्व त्यागिदिनेछन् । तर म दुर्योधनप्रति कृतज्ञ छु । अतः युद्ध उनको पक्षमा गर्नेछु । तथापि न्यायको विजय होस् भन्ने चाहन्छु । धर्मात्मा पाण्डवले आफ्नो राज्य प्राप्त गरून् । हजूर जहाँ हुनुहुन्छ विजय त त्यहाँ भइछाड्दछ ।' श्रीकृष्णले कर्णको अनुरोध स्वीकार गरे । कर्ण आफ्नो रथबाट फर्के ।

युद्धको तिथि निश्चित भयो । श्रीकृष्ण फर्के । देवी कुन्ती–विदुरबाट सब समाचार पाउँदथिन् । उनको मन व्याकुल भयो । उनले कर्णलाई सम्झाउने-बुझाउने निश्चय गरिन् । एक दिन कर्ण गङ्गास्नान गरी सन्ध्या गरिरहेका थिए । देवी कुन्तीलाई त्यहाँ पुगेर केहीबेर प्रतीक्षा गर्नुपऱ्यो । सन्ध्या सकिएपछि कर्णले यता-उति हेरे । पाण्डव-जननीलाई देख्नासाथ हात जोडेर भने– 'देवी ! यो अधिरथको पुत्र कर्ण हजूरलाई प्रणाम गर्दछ ।' तब कुन्तीले भनिन्– 'वत्स ! मेरो मुखिन्जेल तिमी आफूलाई सूतपुत्र नभन । म यही भन्न आएकी हुँ के भने म तिम्री माता हुँ र जगत्का साक्षी यी भगवान् आदित्य तिम्रा पिता हुन् ।' बडो सङ्कोच मानेर व्यथापूर्ण स्वरमा कुन्तीदेवीले भनिन्, 'म तिम्री माता तिमी महादानीबाट आफ्ना सहोदर भाइहरूसित युद्ध गर्ने हठ छाड भन्न भिक्षा माग्न आएकी छु ।'

कर्ण अलि गम्भीर भए– हजूर मेरी माता हुनुहुन्छ, यो मलाई थाहा छ । किन्तु दुर्योधन मेरा त्यस समयका मित्र हुन् जुन समयमा मलाई हेर्ने कोही थिएन । म ती मित्रलाई आपत्तिको समय छाड्न सक्तिनँ । युद्ध त म उनैको पक्षबाट गर्नेछु ।

तब अत्यन्त व्यथापूर्ण शब्दमा कुन्तीले सोधिन्– त म के त्यसै निराश फर्कूं ?

अत्यन्त खिन्न स्वरमा कर्णले भने– म कर्तव्य-विवश छु । तथापि वचन दिन्छु, अर्जुनको अतिरिक्त कुनै पाण्डव सम्मुख भएमा पनि म उसमाथि घातक प्रहार गर्नेछैन । हजूरका पाँच पुत्र कायम नै रहनेछन् ।

कुन्तीदेवी कर्णलाई आशीर्वाद दिएर फर्किन् ।

पितामह भीष्म सधैं कर्णलाई तिरस्कार गर्दथे । युद्धको प्रारम्भमा महारथी, अतिरथी आदि वीरहरूको दुर्योधनले परिचय दिइरहेको बेला भीष्म कर्णलाई 'अर्धरथी' भनेर बताइरहेका थिए । यस अपमानले गर्दा चिढिएर प्रतिज्ञा गरे– जबसम्म पितामह कौरव सेनाको सेनापति भइरहन्छन्, तबसम्म म शस्त्र उठाउँनँ ।

दश दिनसम्म युद्धमा कर्ण तटस्थ दर्शकको रूपमा रहे । दशौं दिन पितामह युद्धभूमिमा गिरे । अर्जुनका वाणले उनलाई शरशय्या दियो । त्यस समय स्वजनवर्गका प्रायः सबै उनको समीप गए । भीड गइसकेपछि एकान्त पारेर पितामहकहाँ कर्ण आए र उनलाई प्रणाम गरे । पितामहले स्नेहपूर्वक कर्णलाई आफ्नो नजीक बोलाएर भने– तात ! तिमी अद्भुत वीर एवं श्रेष्ठ महारथी छौ भन्ने कुरो मलाई थाहा थियो, किन्तु तिमीलाई हतोत्साह गर्नको लागि मैले सधैं तिम्रो तिरस्कार गरि नै रहें । तिमीले युद्धमा उत्साह नदेखाएको भए दुर्योधनले युद्ध गर्ने हठ छाड्दथे । उनी तिम्रो बल पाएर नै उफ्रन्छन् । तिमी मेरो कुरालाई खराब नठान ।

यसपछि भीष्म पितामहले पनि कर्णलाई तिमी सूत अधिरथका पुत्र होइनौ, कुन्तीपुत्र हौ भनी सबै कुरो बताए । उनले भने– सूर्यनन्दन ! तिमी पाण्डवहरूमा जेठा हौ । तिमीले त दुरात्मा दुर्योधनको साथ छाडेर आफ्ना धर्मात्मा भाइहरूको पालन पो गर्नुपर्दछ ।

कर्णले नम्रतापूर्वक उत्तर दिए– पितामह ! जुन कर्तव्यले विवश भएर हजूरलाई दुर्योधनको तर्फबाट युद्ध गर्नुपऱ्यो, त्यसै कर्तव्यले मलाई पनि विवश तुल्याइरहेछ । दुर्योधन मेरा मित्र हुन् । उनले मसँग जहिले पनि सम्मानको व्यवहार गरेका छन् । आज उनी युद्धमा फसेका छन् । आफूलाई उपकार गर्ने मित्रलाई यस्तो समयमा कुनै पनि कारणले कसरी छाड्न सक्छु र ! कौरवको पक्षमा युद्ध गर्दा गर्दै म वीरगतिमा पुगूँ भन्ने आशीर्वाद हजूर मलाई दिनुहोस् । पितामहले आशीर्वाद दिए– जाऊ, तिम्रो कामना पूर्ण होस् ।

राजधर्माको विलक्षण मित्र-धर्म– गौतम नाम गरेका एकजना ब्राह्मण व्याधाहरूको सङ्गतमा लागेर हिंस्रक सर्वभक्षी व्याधा जस्तै भएका थिए । उनलाई दैवसंयोगवश एकपल्ट राजधर्मा नामक बगलका धर्मात्मा राजासँग भेट्ने सौभाग्य प्राप्त भयो । उनले ब्राह्मणलाई आश्रय दिए । उनलाई दुःखी सम्झेर स्वयं राजधर्माले उनको मित्र बनेर भने-तिमी मेरा मित्र हौ । भन म तिम्रो के काम गरूँ ?

गौतमले भने- म धनको निमित्त आएको छु । मलाई धन मिल्ने यस्तो कुनै सुगम उपाय बताउनुहोस् । राजधर्माले उनलाई आफ्ना एक ठूला मित्र राक्षसराज विरुपाक्षकहाँ धन दिनका लागि पत्र लेखेर पठाए ।

गौतम विरुपाक्षकहाँ पुगे । विरुपाक्ष बडा बुद्धिमान् थिए । उनले गौतमलाई असल मान्छे त ठानेनन् तर मित्र राजधर्माको आग्रह सम्झेर उनलाई यथेष्ट धन दिएर पठाए । ती दुवैका तेस्रा मित्र थिए इन्द्र । तीनैजना मित्र प्रायः प्रतिदिन भेट्तथे

गौतम फर्केर राजधर्माकहाँ आए। राजधर्माले उनलाई परममित्र मानेर आफूकहाँ आदर-पूर्वक राखे । उनलाई अपरिमित स्नेह-दान दिए । परन्तु गौतम अत्यन्त कुटिल राक्षसी स्वभावका दुष्ट मानिस थिए । उनले विचार गरे- बाटोमा खानेकुराको नाममा केही छैन । जाऔं, राजधर्मा-लाई नै मारेर लिएर जाऔं । त्यस नृशंस कृतघ्नले सुतेका राजधर्मालाई मारेर उनको मृत शरीर-लाई लिएर कुलेलम ठोक्यो ।

यता दुई-तीन दिनदेखि राजधर्मा नआएकाले त्यतिखेर विरुपाक्षको मनमा ती ब्राह्मण क्रूर देखिन्थे, कतै तिनले त मेरा मित्रलाई मारेनन् भन्ने शङ्का लाग्यो । विरुपाक्षले आफ्ना छोरालाई उनको पत्तो लगाउन पठाए । उनले स्वच्छन्द जान लागेका गौतमलाई पक्डे । राजधर्माको रगतपच्छे शरीर भेटियो । गौतमलाई पक्डेर विरुपाक्षकहाँ ल्याइयो । विरुपाक्षले राक्षसमना दुष्ट गौतमको शरीरलाई टुक्रा-टुक्रा गरी काटिदिए । ती कृतघ्नको मासु नरभक्षीहरूले पनि लिन स्वीकार गरेनन् । तदनन्तर विरुपाक्षले विधिविधानपूर्वक मित्र राजधर्माको दाहसंस्कार गरे । त्यसैबीच स्वर्गसुरभिले मुखको फींजको रूपमा मित्रवत्सल राजधर्माको चितामा सुधा-वर्षा गरिन् । राजधर्मा जीवित भई उठे । विरुपाक्षको प्रसन्नताको सीमा रहेन । उनले मित्रलाई अङ्कमाल गरे । तदनन्तर इन्द्र सब कुरा सुनेर त्यहाँ आए । तीनैजना मित्र प्रफुल्ल हृदयले मिले ।

राजधर्मा बडो उदास थिए । प्रसन्न हुनुको साटो मुखमा विषाद् देखेर देवराज इन्द्रले र विरुपाक्षले यसको कारण सोधे । राजधर्माले भने– गौतम चाहे जे हुन्, उनी मेरा परममित्र थिए । उनको मृत्युले गर्दा मलाई बडो दुःख लागिरहेछ । तिमीहरू मलाई सुखी देख्न चाहन्छौ भने देवराज इन्द्रले अमृतको वर्षा गरी उनलाई जिलाइदिऊन् ।

देवराज इन्द्र र राक्षसराज विरुपाक्षले राजधर्मालाई सम्झाउँदै भने– त्यस्तो कृतघ्नको त विनाश हुनु नै समुचित छ । उसले अब दीर्घ कालसम्म मित्र-द्रोह तथा कृतघ्नताको फल भोग्न-का लागि नरकमा रहनुपर्दछ ।

राजधर्माले बडो विनम्र भई भने– देवराज ! उनको जीवनलाई धर्मयुक्त बनाएर उनलाई जीवन दान देऊ, म उनले गरेको पापको प्रायश्चित्तको रूपमा पुण्य-दान गर्दछु ।

इन्द्रले मित्रको कुरा मानेर उनलाई जिउँताइदिएका मात्र होइनन्, अपितु धर्मसम्पन्न जीवन-का लागि आशीर्वाद पनि दिए । इन्द्र र विरुपाक्षमा राजधर्माको त्यस आदर्श स्वरूप मैत्री-धर्मको ठूलो प्रभाव पऱ्यो । गौतम जीवित भए । अब त उनलाई केवल शरीरदेखि नै होइन, मन-देखि पनि श्रेष्ठ जीवन प्राप्त भयो । राजधर्माले चरणमा परेर गौतमलाई उठाएर आलिङ्गन गरे ।

मैत्री-धर्मका आदर्श हंसश्रेष्ठ सुमुख– हिमालयमा एक उत्तम सरोवर थियो । त्यसमा अनेक जलपक्षी बिहार गर्दथे । हंसहरूले उड्दाखेरि कमलले भरिभराउ भएको त्यस सरोवर-लाई देखे । आफ्ना राजाकहाँ गएर तिनीहरूले सरोवरको प्रशंसा गरे र आग्रहपूर्वक उनलाई त्यहाँ लिएर आए । त्यहाँ सरोवरको नजीकै एक व्याधाले जाल फिंजाएर राखेको थियो । हाँसका राजा त्यहाँ आइपुग्दा त्यस जालमा पर्न गए । अर्को हाँस सरोवरको पानीमा थियो । धैर्यशाली हंसराज जालमा फसेर पनि शान्त नै रहे । उनले कराइदिनाले अरू हाँस पनि आत्तिएर भोकै भागेर जाऊन् भन्ने उनी चाहँदैनथे । साँझमा फर्कने बेला भएपछि उनले आफ्नो स्थिति बताए । त्यहाँ विपत्ति छ भन्ने थाहा पाएर सब हाँस त्यहाँबाट उडेर गए, किन्तु सुमुख नाम गरेका हंसराजका मन्त्री भने त्यहीं नै रहे ।

हंसराजले भने- यहाँ रहेर तिमीले पनि आफ्नो प्राण दिनुमा कुनै लाभ छैन । यसकारण तिमी यहाँबाट गइहाल ।

सुमुखले भने– 'म यहाँबाट भागेर गए पनि अमर हुने त होइन । तपाईंको साथ म सुख-साथ रहें, दुःखमा तपाईंलाई छाड्नु मेरो धर्म होइन । प्रातःकाल व्याधा आयो । एक स्वतन्त्र हाँस समेत जालको नजीक बसेको छ, उसलाई देख्ता पनि उड्दैन, उसले सोध्यो– तिमी किन बसि-रहेछौ ? तिमीलाई के चोट लागेको छ ?

सुमुखले भने– व्याधा ! मलाई चोट लागेको छैन । म यहाँ आफ्नो राजासँग बसेको छु । तिमी यिनलाई छाडिदेऊ । बदलामा मलाई समात । मलाई तिमी बेच या तिम्रो इच्छा छ भने मारेर खाऊ ।

व्याधाको हृदय द्रवित हुन गयो । उसले दुवै हाँसलाई छाडिदियो । उसले भन्यो- तिमी-जस्ता मित्र जसले पाएको छ, त्यसलाई मार्ने पाप म गर्दिनँ ।

मैत्री-धर्मका आदर्श डेमन र पिथियस– सिसलीको सिराक्यूजनगरका राजा डियोनि-सियसले डेमन नाम गरेको युवकलाई एक सामान्य अपराध गरेकोमा प्राणदण्ड दिने आदेश दिए । डेमनले प्रार्थना गऱ्यो, एक वर्षको अवकाश पाए ग्रीस गएर आफ्नो परिवार र सम्पत्तिको प्रबन्ध गरी आउने थिएँ ।

राजाले भने– तिम्रो जमानत बसेर तिमी फर्केर नआएमा फाँसीमा चढ्न कोही तयार छ भने तिमीलाई छाड्न सकिन्छ ।

जमानत म दिन्छु भनी डेमनको मित्र पिथियस आयो । उसलाई नजरबन्द गरियो । डेमन स्वदेश फर्क्यो । दिन बित्दै गयो । वर्ष पूरा हुन आँट्यो, तर डेमन भने फर्केन । मानिसहरू भन्न लागे– डेमन अब किन फर्कन्थ्यो; प्राण दिन के भनेर आउँछ ? पिथियस मूर्ख हो । तर पिथियस-लाई भने डेमन नआइछाड्दैन भन्ने विश्वास थियो । ऊ सोचदथ्यो– कहीं समुद्रमा तूफान आइदेओस् र जहाज बाटो अलमलिएर डेमन समयमा नआइपुगोस् त ठीकै छ ।

डेमन समयमा आइपुगेन । ऊ हिंड्न त ठीक समयमा हिंडेको थियो, तर उसको जहाज समुद्री तूफानमा परेको थियो । किनारामा आइपुगेर पनि सवारी नभेटेकोले उसलाई पैदल दौडनु-पऱ्यो । कैयौं दिनको भोको, दौडँदा खुट्टामा फोका उठेको र कपाल पनि जिङ्गिङ्ग भएको डेमन हस्याङ्ग-फस्याङ्ग गरी आउँदा त उसको मित्र पिथियसलाई प्राणदण्डको आदेश दिइसकिएको रहेछ र ऊ बधस्थलमा पुगि पनि सकेको थियो । तर टाढाबाट पुकार्दै डेमनले आफू आएको सूचना दिएर बधिकहरूलाई रोक्यो ।

जब राजाले यी दुई मित्रको मित्रताको समाचार पाए, तिनको मैत्रीबाट प्रभावित भएर उनले डेमनलाई क्षमा दिए, स्वयं ती दुईका मित्र बने ।

मैत्री-धर्मका आदर्श-रोजर र एन्टोनियो– कुनै समयमा यूरोप र मध्य एसियाका बर्बर जाति अर्को दूरस्थ देशका बस्तीमाथि आक्रमण गरी तिनीहरूलाई बाँधा बनाएर खुला बजारमा पशु जस्तै बेच्ने गर्दथे । रोजर तथा एन्टोनियो यसरी नै भिन्न-भिन्न ठाउँबाट बाँधा बनाएर बेचिएका थिए । ती एक मालिकद्वारा खरिद भएका दास थिए । सँगसँगै बसेका हुँदा ती दुईका बीच मित्रता हुन गएको थियो । दुवैलाई समुद्रको किनाराको पर्वतमा बाटो बनाउने काममा लगाइएको थियो । एन्टोनियो समुद्र देख्यो कि लामो सास फेर्दथ्यो । यस सागरको पार उसको देश थियो, धन थियो, स्त्री र पुत्र थिए । तिनलाई सम्झेर उसको मन व्याकुल हुन्थ्यो । एक दिन समुद्रमा एउटा जहाज देखियो । उसले त्यस दासताको पशु-जीवनदेखि उद्धारको आशा देख्यो । ऊ पौडेर जहाजसम्म पुग्ने हो भने त दासत्वबाट छुटकारा हुने थियो । रोजर पौडन जान्दैनथे । आफ्नो मित्रलाई दासताको यन्त्रणामा छाडेर एन्टोनियो एक्लै निस्केर जान मान्दैनथ्यो । रोजरले एक्लै जाऊ भनेर उसलाई धेरैचोटि भन्यो; किन्तु एन्टोनियोले रोजरलाई बलपूर्वक पहाडबाट खसालिदियो र आफू पनि हाम्फाल्यो । उसले रोजरलाई डुब्नबाट बचाउन उसलाई आफ्नो कम्मर समाउन लाएर आफू पौडन थाल्यो ।

दासहरूको रेखदेख गर्नेहरूले दुवैजना समुद्रमा फाल हालेको देखेर एउटा डुङ्गा लिएर तिनको पीछा गरे । यो देखेर रोजरले भन्यो– मित्र ! हामी दुवै पक्डिइन्छौं, त्यसैले तिमी मलाई छाडेर एक्लै पौडँदै गएर जहाजमा चढ, नाउका मानिसहरूले मलाई पक्रनेछन्, डुब्नबाट बचाउनेछन्, त्यतिखेरसम्ममा तिमी भाग्न समर्थ हुनेछौ । मलाई लिएर यस किसिमले सुस्तरी जाने हो भने त हामी दुवै पक्डिइनेछौं । यति भनेर रोजरले एन्टोनियोको कम्मर छाडिदियो, पौडन नजानेकोले ऊ पानीमा डुब्यो । मित्र डुबेको देखेर एन्टोनियोले पनि डुबुल्की लगायो । पीछा गर्दै आइरहेको नाउ दुवैलाई पानीमा नदेखेर टक्क अड्यो । जुन जहाजलाई देखेर ती दुई पानीमा दौडेका थिए त्यसका कप्तानले शुरूदेखि नै तिनलाई देखेका थिए । जहाज लङ्गर हालेर अडेको थियो । दुवै डुबेको देखेर उनले एक सानो नाउमा केही खलासीलाई तिनको सहायताका लागि पठाए । त्यो नाउ तिनलाई खोजेर निराश भई फर्कन मात्र के लागेको

थियो एन्टोनियो पानीमाथि उत्रियो । एक हातले रोजरलाई पक्डेर ऊ जहाज भएतिर पौडि-रहेको थियो । नाउ चलाउनेले माथि तानेर जहाजमा पुऱ्याइदियो । जहाजमा पुग्नासाथ एन्टो-नियो मूर्छा पऱ्यो । उसलाई धेरै नै परिश्रम परेको थियो । रोजर पहिले नै मूर्छा परिसकेको थियो । तर वमन भएर पेटबाट समुद्रको पानी निस्केपछि ऊ होसमा आयो । आफ्नो बेहोस मित्रको शरीरलाई आलिंगन गरी रुन लाग्यो– तिमीले मलाई बचाउनका लागि प्राण दियौ । म अब तिमी बिना बाँचेर के गर्ने ?

४८३

एन्टोनियोमा जीवनको चिन्ह देखिंदैनथ्यो । रोजर मित्रको शोकमा लगभग पागल जस्तै भयो । उसलाई नसमातेको भए ऊ समुद्रमा फाल हाल्थ्यो । ऊ बार-बार समुद्रमा फाल हाल्ने चेष्टा पनि गरिरहेको थियो । यत्तिकैमा एन्टोनियोले लामो सास फेऱ्यो । रोजर आनन्दले नाच्न थाल्यो । त्यस जहाजले दुवैलाई लगेर माल्टा पुऱ्याइदियो । त्यहाँबाट तीं आ-आफ्ना घर गए ।

पुत्र-धर्म र त्यसको आदर्श– पुत्र शब्द संसारी जीवका लागि कति मधुर छ, यसलाई माता र पिताले नै अनुभव गर्दछन् । बिना पुत्रका मानिस पुत्ररत्नको प्राप्तिका लागि कति लाला-यित हुन्छन्, यसलाई एकमात्र पुत्रहीनले नै अनुभव गर्दछ । हाम्रो संस्कृति र सभ्यतामा 'पुत्र' नरकबाट बचाउने मानिएको छ । पुत्रले माता-पिताको ऋणबाट उद्धार पाउनका लागि आफ्नो कर्तव्य पूरा गर्ला र श्राद्धद्वारा पितृलाई तृप्त पार्ला, हवनादि कर्म गरी देवतालाई सन्तुष्ट गर्ला र वेदपाठद्वारा ऋषिहरूलाई प्रसन्न तुल्याउला भनेर नै पुत्रलाई वास्तविक महत्व दिइएको छ । पुत्रमाथि मातृऋण, पितृऋण तथा गुरुऋण पनि रहन्छ । यिनै ऋणबाट उद्धार पाउनका लागि पुत्रले कर्मयोगी बन्नुपर्दछ र यसै निमित्त पुत्रलाई यति महत्त्व प्राप्त छ, आर्य आचार्यहरूले पुत्रको अत्यन्त सुन्दर व्याख्या उपस्थित गरेका छन् । महर्षि वशिष्ठले पुत्रबारे पवित्र व्याख्या गर्दै लेखेका छन्– 'जुन पुत्रको मन सर्वदा पुण्यमा लागेको छ, जो सर्वदा सत्यको पालन गर्नमा तत्पर छ, जो बुद्धिमान् छ, ज्ञानी, तपोनिष्ठ, श्रेष्ठ वक्ता, कुशल, धीर, वेदभ्यासी, सम्पूर्ण शास्त्रका ज्ञाता, देव-ब्राह्मणको उपासक, अनुष्ठान-कर्ता, ध्यानी, त्यागी, प्रियवादी, भगवान्को भक्त, शान्त, जितेन्द्रीय, जापक, पितृभक्त, स्वजनप्रेमी, कुलभूषण र विद्वान् छ त्यो पुत्र नै यथार्थमा पुत्र सुख दिने हुन्छ । अरू प्रकारका पुत्र त सम्बन्ध जोडेर केवल शोक-सन्ताप दिने हुन्छन् ।' (पद्मपुराण, भूमिखण्ड १७।२०-२५)- एकः पुत्रो वरं विद्वान् बहुभिर्निगुणैस्तु किम् ।

एकस्तारयते वंशमन्ये सन्तापकारकाः ।। -पद्मपुराण, भूमिखण्ड ११।३९

एउटै पुत्र यदि गुणवान् छ भने अन्य सयकडौं पुत्रबाट केही लाभ छैन, किनभने एउटै चन्द्रमा आकाशको अन्धकारलाई नाश गर्दछ र असंख्य ताराले केही पनि प्रकाश दिंदैन । एउटै

पुत्र उत्पन्न गरेर सिंहिनी विनाभय घनघोर जङ्गलमा सुत्छे; किन्तु गदही दश पुत्रलाई जन्म दिएर पनि केवल भारी बोक्तछे । एक कविले ठीकै भनेका छन् 'त्यस गाईबाट के लाभ छ जो न त दूध नै दिन्छे र न ब्याउँछे; त्यस पुत्रबाट के लाभ जो न त धार्मिक नै छ, न विद्वान् नै ।'

यो भन्नुपर्दा दुःख लाग्दछ के भने आज नयाँ संसारको कुप्रभावमा अधिकतर युवक-समाज बहकिरहेछ र आफ्नो धर्म र संस्कृतिबाट पर-पर हुँदै गइरहेछ, जसको फलस्वरूप तिनका उद्दण्डता, उच्छृङ्खलता, अनुशासनहीनता, स्वार्थपरता र अशिष्टतादेखि माता-पिता, गुरु अध्यापक सबै दिक्क छन् । यी दुर्गुणको प्रारम्भ बालकहरूमा घरैदेखि भइरहेछ र विद्यालयमा त्यसको विस्तार हुन गइरहेछ । यो कुप्रभावबाट कुल र राष्ट्र दुवै प्रभावित हुन्छ र अन्तमा

एकेन शुष्कवृक्षेण दह्यमानेन वन्हिना । ४८४
दह्यते तद्वनं सर्वं कुपुत्रेण कुलं यथा ।।

अर्थात् एउटा सुकेको रूखमा आगो लाग्नाले त्यो आगो दावाग्नि भएर वनलाई नै सखाप पारिदिन्छ, त्यस्तै एउटा कुपुत्रले सम्पूर्ण वंशलाई नष्ट गरिदिन्छ । पुत्रको धर्मपालन पुत्रलाई सन्मार्गमा हिंडाउन सहायक मात्र होइन, अपितु राष्ट्रका लागि पनि कल्याणकारक मानिएको छ । यहाँ यो कुरो ध्यानमा राख्नुपर्दछ, पुत्र-धर्म पूरा गर्न कठिन छ र सरल पनि छ । भगवान् राम, भीष्म तथा ययातिले जुन पुत्रधर्मलाई पूरा गरे त्यसलाई आजका पुत्र निर्वाह गर्न सक्दैनन् भन्ने होइन, इच्छा भएमा गर्न पनि सक्तछन् र गर्नेहरूले गरिरहेका पनि छन् ।

पुत्र-धर्मका आदर्श-विष्णु शर्मा– शिव शर्माले आफ्नो पुत्रलाई भने– 'बाबु ! समस्त रोग तथा जरा मृत्युको नाशक अमृत चाहिन्छ मलाई । त्यो पिएर म आफ्नो देहलाई अजर-अमर बनाउन चाहन्छु ।' 'जो आज्ञा' पिता साक्षात् नारायण हुन् भन्ने जसको दृढ निश्चय छ, ऊ पिताको विषयमा विचार किन गर्न लाग्दथ्यो र स्वधर्मनिष्ठ, तपस्वी ब्राह्मण कुमारका लागि त्रिलोकमा साध्य बनाउन नसकिने त्यस्तो के छ ? पिताको आज्ञा स्वीकार गरेर विष्णु शर्मा स्वर्गतिर लागे ।

तपोबलले सशरीर आउन लागेका विप्रकुमारलाई देवराजले देखे । यो ब्राह्मण युवकलाई आफूप्रति आकृष्ट गर भनी उनले अप्सराहरूमा श्रेष्ठ मेनकालाई पठाए । सम्पूर्ण शृङ्गारले सजधज भएकी मेनका नन्दनवनमा मार्गको नजीक झुलौनामा बसेर मधुर स्वरले गाउँदै झुल्न लागी । उसको सङ्गीत आफ्नो माधुर्य तथा भावमा आह्वान नै थियो ।

'मनोहारी युवक ! यति हतपताएर कहाँ जान लागिरहेछौ ? स्वर्ग पुग्न यति हतार किन ? स्वर्गको सौन्दर्य त यहाँ तिम्रो स्वागत गर्न बसेको छ । म मन्मथको शराघातले व्याकुल तिम्रो शरणमा आएकी छु । मलाई स्वीकार गरी मेरो प्राणरक्षा गर ।' त्यो बाटो गरी गइरहेका विष्णु शर्माले मेनकातिर आँखा पनि लगाएका थिएनन् । ऊ झटपट झुलौनाबाट ओर्लेर स्वयं बोली । उसको बोली साथसाथै उसका अङ्ग-प्रत्यङ्गका चेष्टा उन्मादक दिए ।

'सुन्दरी ! तिम्रो मनको कुरो मलाई थाहा नभएको होइन ।' विष्णु शर्माले मेनकालाई हतप्रभ गर्दै भने । तिमीले महर्षि विश्वामित्रको तपस्या भङ्ग गरेकी थियौ; किन्तु आफ्नो पितृभक्तिको प्रतापले गर्दा म तिम्रो वशमा आउने मानिस होइन । तिमी अरू कसैलाई खोज । म पिताको काममा गइरहेछु । यसमा बाधा दिन्छौ भने त ब्राह्मणको क्रोध कति दारुण हुन्छ यो तिमीलाई थाहै छ ।

४८७

बिचरी मेनका ! उसमा यो चुनौतीलाई डटेर सामना गर्ने शक्ति नै कहाँ थियो र ? उसको सौन्दर्य त केवल प्रमत्तलाई आकृष्ट गर्न सक्तथ्यो । इन्द्रको नजीक गएर विष्णु शर्माले मागे 'मेरा पिताजी अमृतपान गर्न चाहनुहुन्छ । अमृत-कलश मलाई दिने कृपा गर्नुहोस् ।'

इन्द्रले यसरी दिनाका लागि त देवता र असुरहरूले मिलेर त्यति कष्टपूर्वक समुद्र-मन्थन गरी अमृत निकालेका त होइनन् भन्ने कुरो मनमा विचार गरे । अतः देवराज इन्द्र नाना प्रकारको बाधा उपस्थित गर्न थाले । किन्तु बाधा देखेर उद्दीप्त हुनु शक्तिशाली पुरुषको स्वभाव हुन्छ । बाधा देखेर निराश त कापुरुष हुन्छन् । विष्णु शर्माले सोधे- यो इन्द्र मेरो अवज्ञा गरिरहेछ । ब्राह्मणको आज्ञा जब जगन्नियन्ता श्रीहरि त टार्न सक्तैनन् भने यो मेरो अपमान गर्ने ? यसलाई म अहिल्यै स्वर्गबाट तल खसालिदिन्छु । मेरो तपको क्षुद्रांश पाएर कुनै न कुनै जीवले इन्द्रत्व सम्हालिहाल्नेछ ।

देवता सङ्कल्पद्रष्टा हुन्छन् । विष्णु शर्माको यस सङ्कल्पले इन्द्रलाई भयभीत पारिदियो । उनी अमृत-कलश लिएर तत्काल उपस्थित भए । उनीबाट अमृत लिएर विप्रकुमार पृथ्वीमा फर्के । दैव-लीला विचित्र छ । शिव शर्मालाई अमृत पिउनु थिएन । उनलाई त पुत्रको परीक्षा लिनु थियो । देह नश्वर छ । तपस्वी वीतराग ब्राह्मणलाई देहाशक्ति कसरी हुन सक्तथ्यो ? अमृत लिएर आएका पुत्रलाई उनले भगवद्धाम प्राप्त गर्ने आशीर्वाद दिए ।

पितृभक्त सोम शर्मा- शिव शर्माका सबै पुत्र पिताका परम भक्त थिए । उनका चारजना पुत्र त पितृभक्तिको प्रतापले भगवद्धाम गइसकेका थिए । सबैभन्दा कान्छो पुत्र सोम शर्मालाई अमृतको घडा दिएर सुरक्षित राख्नू भनी अन्हाएर उनी आफूचाहिँ पत्नीलाई लिएर तीर्थयात्रा गर्न निस्के । दश वर्षपछि फर्कदा तपोबलले पत्नीको साथै कुष्ठरोगीको रूप धारण गरी आए । सर्वाङ्ग गल्दै गइरहेको थियो । सोम शर्मा माता-पितालाई देखेर तिनका चरणमा घोप्टिए । माता-पिताको दुःखले अत्यन्त दुःखी भए । दुवैको घाउ धोइदिए, त्यसमा पट्टी बाँधिदिए र तिनलाई नरम बिछ्यौनामा सुताइदिए । बडो परिश्रमपूर्वक उनी मातापिताको सेवामा लागे । दुवैको घाउ सधैं धोएर पट्टी बाँधिदिन्थे । तिनका कफ, मल-मूत्र सफा गर्थे । स्नान गराइदिन्थे, भोजन गराइदिन्थे, आफ्नो हातले तिनका मुखमा गाँस हालिदिन्थे । किनभने तिनका दुवै हातमा घाउ भएकोले स्वयं भोजन गर्न सक्तैनथे ।

माता-पिताको इच्छा भएमा आफ्नो काँधमा चढाएर तिनलाई आसपासका तीर्थ-मन्दिरमा लगिदिन्थे । आफ्नो नित्य-कर्म, स्नान, तर्पण, देवपूजन पनि नियमपूर्वक गर्दथे । माता-पिताका लागि

भोजन पनि तयार पार्दथे । किन्तु सोम शर्माको कुनै मार्गमा, कुनै सेवामा कुनै त्रुटि हुँदैनथ्यो, उनमा आलस्य कहिल्यै आएन ।

रोगले गर्दा सोम शर्मा च्याँट्ठिने र झर्कने भएका थिए । जसरी रोग उनलाई आफ्नै इच्छाले भएको थियो, त्यसरी नै जानी-बुझीकन उनी च्याँट्ठिने र झर्कने पनि भएका थिए । आफ्नो सेवामा रातोदिन कठोर श्रम गरिरहेको पुत्रलाई उनी प्रायः हप्की-दप्की गर्दथे । बडो कठोर वचन बोल्दथे । उनको तिरस्कार गर्दथे । डण्डा होस् वा अरू नै हातमा जे आयो त्यसैले पिताले आफूलाई कुटेको, हपारेको, तिरस्कार गरेको सोम शर्माले कहिल्यै खराब ठानेनन् । पितासँग मुखामुख लाग्नु त परै रहोस्, मनमनै रुष्ट अथवा खिन्नसम्म पनि हुँदैनथे । माता-पिताको सेवामा उनले अलिकति पनि शिथिलता आउन दिएका थिएनन् । एक दिन उनले भने- 'अरे, त्यो अमृत त लिएर आ ।'

दीर्घकालसम्म पुत्रको परीक्षा गरेपछि शिव शर्मा सन्तुष्ट भएका थिए तापनि पुत्रको तपःशक्ति र आस्था उनलाई अझै हेर्नु थियो । आफ्नो शक्तिले उनले अमृतलाई अदृश्य पारिदिएका थिए । सोम शर्मालाई पनि अमृत स्मरण नै थिएन भन्ने होइन, अमृत सर्वरोगहारी हो भन्ने कुरो उनलाई थाहै थियो । किन्तु पितालै नै उनलाई सुरक्षित गरी राख्नका लागि दिएका थिए । माता-पिता त्यस दैवी पदार्थको उपयोग उचित ठान्दैनथे भने आफ्नो योग्यता देखाएर अमृतको चर्चा गर्नु उनलाई अशिष्टता लागेको थियो । यसैले उनी चूपचाप सेवामा लागिरहेका थिए । पिताले माग्दा उनले अमृतको घडा उठाए, तर त्यो रित्तो थियो । यो देखेर 'यदि ममा सत्य र गुरु शुश्रूषारूप धर्म छ, यदि मैले निश्चल भावले तप गरेको छु, यदि मन तथा इन्द्रियको संयमले गर्दा म कहिल्यै विचलित भएको छैन भने यो घडा अमृतले पूर्ण होस् भनी सोम शर्माले सङ्कल्प गरे । घडाको अमृत के भयो, यस ऊहापोहमा उनले समय नष्ट गरेनन् । सहसा घडा अमृतपूर्ण भयो ।

'वत्स ! म प्रसन्न भएँ तिम्रो सेवा र तप देखेर ।' अमृत-कलश लिएर माता-पिताकहाँ जाँदा ती दुवै कोढीरूप त्यागेर स्वस्थ भइसकेका थिए । पुत्रलाई साथमा लिएर त्यसै दिन ती दुवै वैकुण्ठ गए ।

पितृभक्त सुकर्मा- 'ब्राह्मण ! मूर्ख हौ तिमी । के तिमी संसारमा आफूभन्दा ठूलो कोही छैन भन्ने ठान्दछौ ? निर्विशेष तत्त्वको त तिमीलाई ज्ञान नै छैन । कान खोलेर सुन । यस समय संसारमा कुण्डलका पुत्र सुकर्माको समान ज्ञानी कोही छैन । यद्यपि उनले तप गरेनन्, दान गरेनन्, ध्यान-हवनादि कर्म पनि गरेनन् र तीर्थयात्रा गर्न पनि गएनन्, तापनि उनी समस्त शास्त्रका ज्ञाता छन् । बालक भईकन पनि उनलाई जुन ज्ञान प्राप्त छ त्यो ज्ञान तिमीलाई अझै दुर्लभ छ ।' महातापस पिप्पलको सम्मुख अचानक एक सारस पक्षी आएर बसेको थियो र उसैले उनीसित यो कुरा भनिरहेको थियो ।

तीन हजार वर्षसम्म पिप्पलले कठोर तप गरेका थिए । त्यस समय उनको शरीरमा धमिराले आफ्नो घर बनाएर त्यसलाई माटोले ढाकिदिएको थियो । तैपनि त्यस माटोको ढिस्कोबाट

पिप्पलको शरीरको तेज आगाको ज्वाला समान प्रकट भइरहेको थियो। यो तपदेखि प्रसन्न भएर देवताले उनलाई वरदान दिएका थिए- 'सारा जगत् तिम्रो वशमा हुनेछ।'

यो वरदान पाएर पिप्पल विद्याधर हुन गएका थिए। जुन व्यक्तिलाई आफ्नो मनमा चिन्तन गर्दथे त्यही उनको वशमा आउँथ्यो। यसै सिद्धिले गर्दा उनलाई गर्व भएको थियो। उनी आफूलाई संसारको सर्वश्रेष्ठ तपस्वी सम्झन थाले। अहङ्कारले गर्दा भगवत्प्राप्तिको मार्ग अवरुद्ध हुन गयो। तपस्वी ब्राह्मणको यो अवस्था देखेर ब्रह्माजीलाई दया लाग्यो। उनी सारसको रूप लिएर पिप्पललाई सावधान गर्न आएका थिए।

सारसको कुरा सुनेर पिप्पल छिट्टै कुरुक्षेत्रतिर लागे। त्यहाँ विप्रश्रेष्ठ कुण्डलको आश्रममा गएर उनले सुकर्मालाई आफ्ना माता-पितालाई सेवामा लागेको देखे। घरमा आएका अतिथिको सुकर्माले स्वागत-सत्कार गरे। यसपछि सारसको कुरा सुनेर पिप्पल आफूकहाँ आएको कुरो सुकर्माले बताए।

'तिम्रो उमेर कम छ। तिमीले कुनै तप गरेजस्तो लाग्दैन। तैपनि तिम्रो ज्ञान अपार छ। यो हुनाको कारण के हो?' सुकर्माले साक्षात् देवतालाई बोलाएर देखाएको र निर्विशेष तत्त्वको सम्यक् गरेको देखेर पिप्पलले सोधे। तब सुकर्माले भने- 'म तप वा यज्ञ गर्दिनँ। दान, तीर्थाटन अथवा अन्य कुनै धर्म म जान्दिनँ। मातापिता नै मेरा इष्ट देवता हुन् र म तिनको सेवालाई नै आफ्नो परम धर्म मान्दछु।' उनले फेरि भने-'आलस्य छाडेर रातोदिन म माता-पिताको सेवामा लागिरहेछु। माता-पिता जीवित रहेर तिनका सेवाको अलभ्य लाभ प्राप्त भइरहेसम्म मलाई अन्य तप, तीर्थयात्रा एवं अन्य पुण्यकर्म गर्नु किन आवश्यक छ अथवा के प्रयोजन छ? तप, यज्ञ, अनुष्ठान, दानादिबाट जुन फल मिल्दछ, त्यो सब मैले माता-पिताको सेवाबाट प्राप्त गरेको छु।

पुत्रका लागि माता-पिताभन्दा ठूलो कुनै तीर्थ छैन। अन्तमा सुकर्माले बताए, 'माता-पिता यो लोक तथा परलोकमा पनि साक्षात् नारायणसमान छन्। जो माता-पिताको आदर गर्दैन, त्यसका सब शुभ कर्म व्यर्थ हुन्छन्।' अरू पनि अनेक उपाख्यान सुकर्माले पिप्पललाई सुनाए। पिप्पलको गर्व सुकर्माको उपदेश सुनेर दूर हुन गयो। उनी सुकर्मालाई प्रणाम गरेर त्यहाँबाट हिंडे।

पुत्रधर्मका आदर्श पुण्डरीक– धर्मस्य प्रभुरच्युतः भगवान् धर्मका लक्ष्य हुन्, धर्मका परम प्राप्य र रक्षक हुन्। किन्तु जसको धर्ममा दृढ निष्ठा छ, त्यसले भगवान्लाई पनि आफूकहाँ आउन विवश गर्दछ। यस्ता धर्मात्मा थिए पुरातन कालमा पण्डरपुर- (महाराष्ट्र)- का महाभाग पुण्डरीक। उनी आफ्ना माता-पितालाई नै साक्षात् धर्म मान्दथे। कुनै श्रद्धालु भक्तले आफ्नो आराध्यको उपासना गरेजस्तै गरी पुण्डरीक आफ्ना माता-पिताको सेवा गर्दथे। सफा तन्ना हालेर सफा बिछ्यौना लगाएको पलङ्गमा माता-पिता सफा लुगा लगाएर विराजमान हुन्थे। तिनले उठ्न खोज्दैमा पुण्डरीक तिनका चरणमा पादुका-नगोच लगिदिन्थे। कहिले पङ्खा त कहिले चमर हम्कन्थे; कहिले पाउ दाब्थे त कहिले अरू नै काममा लाग्दथे। माता-पिताको सेवा गर्नु सिवाय पुण्डरीकको

लागि मानौं संसारमा अरू कुनै काम नै थिएन । माता-पिता नै उनका देवता, उनका निधि र उनका परम सुख थिए । उनको यो अबिचल श्रद्धा, एकान्त निष्ठा र तन्मयता देखेर भगवान् पनि मुग्ध भएका थिए । श्रीकृष्ण रुक्मिणीको साथ आफ्नो दिव्यधामबाट पुण्डरीकलाई दर्शन दिन आए । अनन्त सौन्दर्य-सिन्धु, उज्ज्वल, स्निग्ध, शत-शत-ज्योत्स्ना-धवल, श्रीअङ्गकान्ति, असीम-सौरभ प्रभुको अङ्ग एवं वनमालासम्मको पनि कुनै आभास पुण्डरीकलाई भएन । उनका पिता शयन गरिरहेका थिए र उनी पिताको चरण-सेवामा तन्मय थिए । उनले त आफ्नो शरीरको पनि सुद्धी हराएका थिए ।

४८८

'पुण्डरीक !' भनी प्रभुले बडो स्नेहले पुकारे, हामी तिम्रो आतिथ्य ग्रहण गर्न आएका छौं ।'

'हजूरहरू दुवै केही समय बस्नुहोस्', पुण्डरीकले गर्दन घुमाएर यसो हेर्दा नगीच दुइटा इँट देखे र एक हातले आसनका लागि पर्याँकिदिए र भने– 'कृपा गरी चूपचाप केही बेर पर्खनुहोस्, पिताजी अहिले सुतिरहनुभएको छ । उहाँको निद्रा कचमचिन दिनु हुँदैन । उहाँ जागा भएपछि म हजूरहरूको सत्कार गर्न सक्तछु ।' यति भनेर पुण्डरीक फेरि पिताका चरण दाब्नमा तन्मय भए । त्रिभुवन स्वामी उनको पछाडि उभिएर प्रतीक्षा गरिरहेछन् भन्ने कुराको उनलाई ध्यान नै रहेन ।

'देव !' रुक्मिणीले श्रीकृष्णतिर हेरिन् । उनका आराध्यको यस्तो उपेक्षा पनि कसैले गर्न सक्तछ ! यो त उनले सपनामा पनि चिताएकी थिइनन् । श्रीकृष्णले परैबाट देखेर बुझेका थिए । 'हुँ' चुपचाप बसिराख भनी संकेत दिए– 'बोल्यौ भने गाली खप्नुपर्ला । पिताको निद्रा कचमचिएको देखे भने ती महाभागले हामी दुवैलाई यहाँबाट खेदेर पठाउनेछन् । ती धर्मनिष्ठ पितृ-सेवकलाई हामी न केही दिन सक्तछौं, न डर देखाउन नै सक्तछौं । उनी त हाम्रो पनि सम्मान-का पात्र छन् ।'

कम्मरमा दुवै हात राखेर इँटमा उभिएर बसेका रुक्मिणी र श्रीकृष्ण प्रतीक्षा गरी– उभि-इरहे । पिता जागा भएपछि पुण्डरीक उठेर भने– 'हजूर दुवै यस्तै गरी बस्नुहोस् ।' पण्ढरपुरमा आज पनि श्रीविग्रहको रूपमा पितृभक्तिको यश फैलाउँदै श्रीकृष्ण र रुक्मिणी दुवै त्यसै गरी उभिइरहेका छन् । पुण्डरीक त त्यसै दिन माता-पिताको साथ भगवद्धाम गए ।

पुत्र-धर्मका आदर्श श्रवणकुमार– श्रवणकुमार वैश्य-पुत्र थिए । आफ्ना माता-पिताका एकमात्र सन्तान थिए यिनी । माता-पितालाई नै उनी आफ्नो आराध्य मान्दथे । श्रवणका माता-पिता दुवै अन्धा थिए र वृद्ध भइसकेका थिए । ती दुवैको सेवाको प्रत्येक कार्य उत्साह, तत्परता र नम्र-तासाथ श्रवणकुमार गर्दथे । वृद्धावस्थाको शरीर कुन बेला ढल्ने हो त्यसको के ठेगान ? अतः ती वृद्ध दम्पतीको मनमा तीर्थयात्रा गर्ने इच्छा भयो । श्रवणकुमारले खर्पन बनाए र त्यसमा माता-पितालाई बसाएर तीर्थयात्रा गराउन हिंडे । काँधमा माता-पितालाई बोक्नु, ती दुवैलाई स्नान गराउनु, भोजनादि गराउनु अथवा पानी खुवाउने कामदेखि लिएर वृद्ध माता-पिताका लागि परि-

आएको जुनसुकै सानो ठूलो आवश्यकताको सबै काम श्रवणकुमारले नै गर्नुपर्दथ्यो । अन्धा हुनाको कारण ती दुवै सर्वथा पुत्रनाथि नै निर्भर थिए । अर्को कुरा के छ भने- ब्राह्मण त निर्धन भए भिक्षा मागेर खान्थ्यो, तर अर्को वर्णका लागि भिक्षाटनको विधि छँदा पनि छैन । तीर्थयात्रामा निर्धन यात्रीलाई कसैले दिइहाल्यो भने त्यसैबाट उसले निर्वाह गर्नुपर्दछ । मार्गमा सर्वत्र गाउँ वा शहर त पर्दैनथ्यो । कहिले नमागीकनै पनि भोजन मिल्दथ्यो, नमिलेमा वनको कन्दमूल, फल, पात आदि खोजेर ल्याउनु, तिनलाई पानीले पखालेर वा भुटेर भोजनयोग्य बनाई माता-पितालाई भोजन गराउनु– बस यही नै श्रवणकुमारको दैनिक कार्य थियो । माता-पिता तृप्त भएपछि जो बच्दथ्यो, त्यो उनी भोजन गर्दथे । रातमा चरणसेवा गर्ने र दुवै सुतेपछि आफू सुत्ने गर्दथे । बिहान दुवै जागा हुनुभन्दा पहिले नै उठिसक्तथे ।

यात्रीले प्रायः केही रात छँदैमा हिंड्न शुरू गरेर घाम चर्कनुभन्दा पहिले नै धेरैजसो बाटो काटिसक्नुपर्थ्यो । त्यस दिन श्रवणकुमार पनि रातको पछिल्लो प्रहरमा हिंडिरहेका थिए । वनमा उनका माता-पितालाई प्यास लाग्यो । उनी खर्पन सुरक्षित स्थानमा राखेर पानी लिन गए । दैवसंयोगले त्यस रात महाराज दशरथ शिकार खेल्न निस्केका थिए । श्रवणकुमारले सरयूको कुण्डमा कमण्डलु डुबाउँदा त्यसको शब्द सुनेर राजालाई कुनै जङ्गली हात्तीले पानी पिइरहेजस्तो लाग्यो । उनले शब्दको लक्ष्यमा बाण हाने । त्यो बाण श्रवणकुमारको छातीमा गड्न पुग्यो । उनी चिच्याएर पछारिए । युद्धमा बाहेक हात्तीको वध शास्त्रमा वर्जित छ । हात्ती नै सम्झेर पनि राजाले बाण हान्न हुँदैनथ्यो, धर्ममा जुन प्रमाद भयो, त्यसैले गर्दा धर्मात्मा राजाको हातबाट यो अनर्थ हुन गयो । चिच्याएको सुनेर महाराज दशरथ त्यहाँ गए र त्यो दृश्य देख्ता व्याकुल भए । श्रवणकुमारले सम्झाउँदै भने– 'म ब्राह्मण होइन, वैश्य । हजूरलाई ब्रह्महत्या लाग्दैन । तर मेरा माता-पिता तिर्खाएका छन् । तिनलाई पानी खान दिनुहोस् र यो बाण मेरो छातीबाट निकालिदिनुहोस् ।'

बाण निकाल्ने बित्तिकै श्रवणकुमारको प्राण गयो । महाराज दशरथ पानी लिएर उनका मातापिताकहाँ पुगे । तो दम्पतीको आग्रहले गर्दा बोल्नुपऱ्यो । उनलाई यो दुःखपूर्ण संवाद दिनुपऱ्यो । तो दुईले आफूलाई पुत्रकहाँ पुऱ्याउन भने । त्यहाँ चिता पनि दाउरा छानी-छानीकन महाराज आफैले बनाइदिए । पुत्रको देहको साथसाथै तो अन्धा वृद्ध-वृद्धा चितामा बसे । अन्तिम समयमा तिनले राजालाई सराप दिए– 'हामीजस्तै तिमी पनि पुत्र-वियोगमा मर्नेछौ ।'

पितृभक्तिको प्रतापले श्रवणकुमार दिव्यदेह धारण गरी भगवद्धाम गइरहेका महाराज दशरथले देखे । उनका माता-पिता पनि उनैको साथ गए ।

पितृभक्त देवव्रत भीष्म– भीष्म महाराज शन्तनुका एउटै पुत्र थिए-देवव्रत र यिनी पनि सामान्य मानवका सन्तान थिएनन् । । भगवती गङ्गाका पुत्र थिए उनी । देवी गङ्गाले आफ्नो कुनै पनि कार्यमा महाराज शन्तनुले बाधा दिन नपाउने शर्तमा उनीसँग विवाह गरेकी थिइन् । जुन पुत्र उत्पन्न हुन्थ्यो उसलाई उनी भागीरथीको प्रवाहमा विसर्जन गरिदिन्थिन् । सात पुत्रसम्म उनले प्रवाहमा

बगाइदिएको थिइन् । आठौंको पालोमा महाराजले उनलाई रोके । यस प्रकार गङ्गा जस्ती पत्नीको त्याग गरेर शन्तनुलाई देवव्रत पुत्रलाभ भएको थियो । उनलाई देवताहरूले अस्त्रशिक्षा दिएका थिए । अचानक महाराज उदास भइरहन थाले । उनको शरीर दिनानुदिन क्षीण हुँदै गयो । मुख क्लान्त भयो । देवव्रतलाई पिताको यो अवस्था असह्य भयो । बडो कठिनाइपूर्वक मन्त्रीहरूद्वारा उनलाई रोगको कारण पत्ता लाग्यो । महाराज शन्तनु कतै कहीं दासराजकी कन्या योजनगन्धा (मत्स्यगन्धा) सत्यवतीलाई देखेर उनीसित मुग्ध भएका थिए तिनको चिन्ताले गर्दा उनी क्षीण हुँदै गएका थिए । तर दासराजको इच्छा भने आफ्नो दौहित्रलाई सिंहासनको अधिकारी मान्ने भए मात्र हस्तिनापुरका सम्राट्लाई आफ्नी कन्या दिने थियो । भला देवव्रत जस्ता देवात्मा पुत्रले उनलाई अधिकारदेखि वञ्चित गर्लान् भन्ने कुरो महाराज के भनेर सोच्न सक्तथे । देवव्रतले पिता खिन्न हुनाको कारण थाहा पाएर भने- 'बस्, यति सानो कुराको लागि पिताजीले यति कष्ट पाइरहनुभएको छ ?' उनी रथ सजाएर कैवर्तपल्ली पुगे । केवट दासराजको छाप्रोको ढोकामा उनको रथ रोकियो । उनले दासराजसँग भने- 'तपाईं की कन्याको पुत्र सिंहासनासीन होला । म आफ्नो स्वत्वको त्याग गर्दछु । तपाईं आफ्नी पुत्रीलाई बिदा दिनुहोस् । यी महाभागाले राजसदनमा गएर मलाई मातृचरण-वन्दनाको पुण्य प्रदान गरून् ।'

'राजकुमार ! हजूर धन्य हुनुहुन्छ ।' दाशराजले भने- 'हजूरको त्याग महान् छ । अन्यथा हजूरजस्तो धनुर्धर प्रतिपक्षमा हुँदा हुँदै देवतै पनि कसरी सुरक्षित रहन सक्तछन् । हजूरले वचन नदिए त महाराजले मेरी पुत्रीबाट भएको सन्तानलाई राज्य दिने वचन दिए पनि त निष्फल हुन्छ । हजूरले त आफ्नो स्वत्वको त्याग गर्नु भयो, तर हजूरका सन्तानले त त्यसलाई त्याग गर्ने छैनन् ? हजूरका पुत्रले के मेरो दौहित्रलाई निष्कण्टक राज्य गर्न देलान् ?'

देवव्रत गम्भीर भए । कुरो उचित थियो । उनी युवा थिए । उनले विवाह गर्ने हो भने उनका पुत्र यी नयाँ माताका पुत्रभन्दा ज्यादै कम उमेरका त कदाचित् नै होलान् । दुई क्षण जति विचार गरी हात उठाएर उनले प्रतिज्ञा गरे- 'मेरा कोही सन्तान हुने छैनन् । म आजन्म ब्रह्मचारी रहनेछु ।'

'भीष्म ! भीष्म प्रतिज्ञा !' देववाणी गुन्ज्यो र कुमारमाथि आकाशबाट पुष्प वृष्टि भयो । त्यसै समयदेखि देवव्रतको नाम भीष्म हुन गयो । सत्यवतीलाई साथमा लिएर जब उनी राजसदन पुगेका थिए आँखामा प्रेमाश्रुपूर्ण गद्गद कण्ठले पिताले आशीर्वाद दिए- 'वत्स ! मृत्युले पनि तिम्रो अभिभव गर्न सक्नेछैनन् । तिमीले इच्छा नगरेसम्म तिम्रो मृत्यु हुनेछैन ।'

आदर्श पुत्र सनातन– त्यस समय केवल एघार वर्षका थिए सनातन । उडीसाका एक निर्धन दम्पतीका दुई छोरा थिए । यिनमा सनातन एघार वर्षको र अर्को ऊभन्दा सानो छ वर्षको थियो । अचानक देशमा अकाल पऱ्यो । यस अकालले निर्धनलाई नै मार्दछ । जोसँग धन छ, संग्रह छ, ऊ पनि अकालको समय आफ्नो व्यय कम गर्दछ । मजदूरको घरमा त्यस्तो केही रहेको हुँदैन, अकालको समय

धेरैजसो उद्योगपति व्यय घटाउनका लागि आफ्नो काम सीमित गर्दछन् । अतः दोहोरो मार दरिद्र-माथि– अन्न महँगो हुन्छ र काम पाउन प्रायः बन्द हुन्छ ।

सूर्योदय हुनुभन्दा पहिले नै सनातनका पिता घरबाट निस्कन्थे । सूर्यास्तसम्म कहीं केही काम भेटे त त्यसबाट दुई मुठी अन्न भए पनि पाएर त्यो दिन भाग्यशाली सम्झिन्थ्यो । किन्तु प्रत्येक दिन त भाग्यशाली दिन कसैको पनि जीवनमा हुँदैन, त्यसमाथि निर्धनको जीवन-दिन त्यो पनि भयानक अकालको समयमा । कैयौं दिनसम्म लगातार कुनै काम पनि फेला परेन । काम नपाएपछि अन्न कहाँबाट आउँथ्यो । घरमा टुटे-फुटेका जुन भाँडा-वर्तन आदि थिए, तो पनि पेटको ज्वालामा आहुति दिनाका लागि पहिले नै बिक्री भइसकेका थिए । उधारो पनि कुसमयमा निर्धनलाई कसले दिन्थ्यो ? कुनै उपाय थिएन । सनातनका पिताले एक दिन राति चुपचाप घर त्यागिदिए । उनी कहाँ गए भन्ने कुरा कसैलाई थाहा थिएन । आफ्नो आँखाको सामुन्ने आफ्ना सन्तानलाई भोकले छटपटाएको देख्न नसकेर उना कहीं गएका थिए ।

पिता गएपछि यो असहाय परिवारलाई यदाकदा दुई मुठी अन्न पाउने आशा पनि गयो । उपवास-आखिर कति दिनसम्म ? केवल पानी पिएर जीवित रहन सक्ने त कोही-कोही होला ! नारी ओछ्यान परिन् । चार वर्षको सानो बालक मरणासन्न भयो । कङ्कालप्राय एघार वर्षको बालक सनातन अन्तमा पिताको लठ्ठीको सहारा लिएर निस्क्यो । धेरै दिनको उपवासले गर्दा उसलाई बारम्बार रिंगटा लाग्दथ्यो । बारम्बार मूर्च्छा परेर ऊ पछारिन्थ्यो, तर पनि उसलाई हिंड्नैपर्दथ्यो, नहिंडेर के गर्ने, हिंड्दै गयो ऊ ।

'आमा ! अलिकति भात ।' एक वृद्धा नारीलाई मरणासन्न बालक सनातनले त्यसरी मागेको-मा दया लाग्यो । उनले उसलाई अलिकति भात दिइन् । ऊ भात लिएर घरतिर लाग्यो ।

भन्दछन्, सर्पले आफ्नो बच्चा आफै खान्छ । यसबाट उसले अपयश कमाएको छ । तर अकालमा भोकले व्याकुल भएको मानिसले आफ्नो बच्चा बेचिदिन्छ । माता आफ्नो मर्न आँटेको बच्चाको हातबाट अन्न खोसेर खाइदिन्छिन् । यो दृश्य जतिसुकै दारुण किन नहोस्, त्यतिखेर पनि मानवतालाई हृदयमा पत्थर राखेर हेर्नुपर्दछ र बारम्बार ठाउँ-ठाउँमा देख्नै परेको छ, किन्तु मानव-मा नै देवोपम– होइन, देवदुर्लभ आत्मा पनि अवतीर्ण हुन्छन् । एघार वर्षको बालक, धेरै दिनसम्म-को उपवासले गर्दा बारम्बार मूर्छित हुँदै, लड्दै-पड्दै हिंडिरहेको छ र हातमा भोजन छ, किन्तु मुखमा एक सिता पनि उसले हालेन । उसलाई देख्नेबित्तिकै भाइचाहिं चिच्याउँदै कराउँदै दौडेर आयो र उसलाई एक गाँस अन्न सनातनले दियो । फेरि उसले कराए पनि त्यसलाई सुनेको नसुन्यै गरेर खाटमा भोकले अशक्त अर्ध-मूर्छिता माता भएतिर लम्कियो– 'आमा भात ल्याएको छु ।'

'बाबु ! कल्याण होस् तेरो'– मातालेआशीर्वाद दिइन् । कुनै तपस्वी, ऋषि, देवता, लोक-पालको आशीर्वाद ती माताको आशीर्वादको बराबर हुन सक्तथ्यो ? कदापि होइन ।

मातृभक्तिका आदर्श बालक राम सिंह– शाहजहाँको शासन कालको कुरो हो– अमर-सिंहकी रानी पगली जस्तै भइन् । किनभने शाहजहाँको दरबारमा आफ्नो अपमान भएकोले उनका वीर पति अमरसिंहले बादशाहको साला सलावत खाँको शिर नै उडाइदिएका थिए। बादशाह पनि डरले भित्र पसेका थिए र अमरसिंहचाहिं घोडा लिएर दुर्गको प्राचीरबाट बाहिर आइसकेका थिए। रानीको लोलोपोतो गर्ने सिपालु भाइ अर्जुन गौडले भए-नभएका कुरा सिकाई अमरसिंहलाई महलमा लगेर पछाडिबाट उनको हत्या गरिदियो ।

शाहजहाँले अमरसिंहको नाङ्गो लाश बुर्जामा राख्न लाए र त्यसमा चील-कौवा बस्न थाले । यस समाचारले गर्दा रानीको बुद्धिले काम गरिरहेको थिएन। उनले पठाएका सैनिक जति सबै मारिए । ती शवको नगीच पनि पुग्न सकेनन् । 'जसको लाश चील-कौवाले खाइरहेछन्'– शाह-जहाँको यो कथन पनि रानीले सुनेकी थिइन्– 'उनको खानदानमा उनको लाश उठाएर लैजाने आज एउटा पनि भएनन् ।' रानी बेचैन थिइन् । आफ्ना भन्ने सबैजनाको सामुन्ने उनी रुँदै आइन्, आँचल पसारिन्, तर कसैले ध्यान दिएनन् । रानी अधीर भइन् । उनले आफ्नी दासीसँग भनिन्– 'दासी ! मेरो तरबार ल्याएर मेरो साथ हिंड् । म स्वयं महाराजाको लाश शाहजहाँको किल्लाबाट निकालेर ल्याउँछु ।'

रानीले सैनिक भेषमा तरबार लिइन् र अन्तःपुरका सबै नारीले तरबार, भाला, बर्छा बोके । यत्तिकैमा 'काकी ! पर्खनुहोस् ।' दौडँदै आएका रामसिंहले भने– 'म जीवित छँदा-छँदै तपाईंले महलबाट बाहिर जाने आवश्यकता छैन । पूज्य काकाको निष्प्राण शरीरको रक्षा र उनको अन्त्येष्टि गर्नु मेरो पावन धर्म हो । म यस धर्मलाई आफ्नो प्राणको बलि दिएर पनि पूरा गर्नेछू ।'

'बाबु ! जाऊ' रुँदै-रुँदै रानीले आशीष दिइन्– 'महिष-मर्दिनी दुर्गा तिम्रो सहायता गरून् ।'

'नरुनुस् काकी !'– घोडालाई अगाडि बढाउँदै रामसिंहले भने– 'काकाको शवको साथै म अहिल्यै फर्कन्छु ।' अमर सिंहका दाजु जसवन्त सिंहका एक मात्र पुत्र रामसिंह त्यत्तिखेर पन्ध्र वर्षका थिए, तर थिए आफ्ना पिता र काकाजत्तिकै वीर र पराक्रमी ।

उनले शाहजहाँको दुर्गतिर घोडा दौडाए । दुर्गको द्वार खुला थियो र बाज झैं एक युवक अश्वारोहीले त्यसलाई पार गरेर भित्र प्रवेश गरे । छोकेले उनलाई चिन्नसम्म पनि सकेन । बुर्जा-को नगीच सैकडौं मुगल सैनिक तयार भइसकेका थिए । युद्ध शुरू भयो । मुखमा घोडाको लगाम च्यापेका पन्ध्र वर्षका वीर बालकले जतातिर दुवै तरबारसहित हात उठाउँथे त्यतै शत्रु लडेको देखिन्थ्यो । आखिरमा उनी बुर्जामा चढे । पूज्य काकाको शव उठाएर तल ओह्राले र घोडा-माथि चढे । फेरि त्यही युद्ध । तर अनेक सैनिक मिलेर पनि ती तेजस्वी बालकको केही अनिष्ट गर्न सकेनन् । तिनीहरूले हेर्दा हेर्दै रामसिंह दुर्गबाट बाहिर निक्लिए ।

महलमा चिता पहिलेदेखि नै तयार थियो । रामसिंह आउनासाथ 'बाबु ! तैले मेरो सम्मान-प्रतिष्ठा र धर्मको रक्षा गरिस् ।' पाउमा घोप्टिएका रामसिंहलाई उठाएर अत्यन्त स्नेह-पूर्वक उनको शिरमा हात राखेर रानीले आशिष दिइन्– 'त्यस्तै गरी भगवान्ले तेरो रक्षा नित्य निरन्तर गरून् ।' अनि रानी पतिको शवको साथ चितामा प्रवेश गरिन् । त्यस समय रामसिंहका आँखामा आँसु भरियो र उनी चुपचाप हेरेर बसे । उनी के बोल्दथे, वाणी त अवरुद्ध भएको थियो ।

भ्रातृ–धर्मका आदर्श त्यागमूर्ति श्रीभरत– 'आगे होइ जेहि सुरपति लेई । अर्ध सिंहाशन आसन देई ।' यो महाराज दशरथको प्रभाव भनिएको छ । अयोध्याका चक्रवर्ती सम्राट्को त्यो सिंहासन भरतका लागि सुलभ थियो । श्रीराम वन गए, महाराज दशरथले उनको वियोगमा देहत्याग गरे । अयोध्या सुनसान भयो । राज्यपरिषद् एकत्रित हुँदा कसैलाई पनि भरत शासनाधीश बन्ने सिवाय अर्को कुनै मार्ग सुझेको थिएन । सत्यप्रतिज्ञ श्रीराम चौध वर्षभन्दा पहिले वनबाट फर्कन सक्तैनथे, न लक्ष्मण वा जनक-नन्दिनीको नै फर्कने सम्भावन थियो । अयोध्याको सिंहासन खाली रहन त दिनु भएन । मन्त्रीहरू, प्रजाका प्रमुख व्यक्तिहरू, गुरु वशिष्ठ र माता कौशल्याले पनि भरतलाई सिंहासन स्वीकार गर्नुपर्दछ, कम-से-कम चौध वर्ष त अवश्य राज्य गर्नैपर्दछ भनी आग्रह गरे ।

सौंपेहु राजु राम के आएँ ।
सेवा करेहु, सनेह सुहाएँ ।

किन्तु भरतको उत्तर बहुत स्पष्ट छ–

हित हमार सियपति सेवकाईं ।
सो हरि लीन्ह मातु कुटिलाइ ॥
सोक समाजु राजु कहिं लेखें ।
लखन राम सिय बिनु पद देखें ॥

जुन राज्यको स्पृहा सुरपतिलाई पनि छ त्यसलाई उनी लात मारिरहेका थिए । भरत वन गए, गए त नाङ्गा खुट्टा, पैदल नै । उनलाई रथ चढ भन्दा उनले भने–

राम पथ देहि पायँ सिधाए ।
हम कह रथ गज बाजि बनाए ॥
सिर भर जाऊँ उचित अस मोरा ।
सब तें सेवक-धर्म कठोरा ॥

'यस पथमा श्री राम त पैदल गए भने मेरो लागि रथ, हात्ती, घोडा ? मैले त टाउकोले टेकेर जानुपर्दछ किनभने म उनको सेवक हुँ ।'

श्रीरामलाई फर्कनु थिएन, उनी फर्कनका लागि वन गएका थिएनन्; किन्तु भरतलाई सन्तुष्ट पारेर नै फर्काए । श्रीरामको व्रत रह्यो त भरतको प्रेम पनि सर्वत्र सम्मानित भयो । भरत श्रीरामका चरण-पादुका लिएर फर्के । राज्यको कार्य उनले चलाइहाले पनि केवल प्रतिनिधिको रूपमा र त्यो पनि राज्यभवनमा रहेर होइन । अग्रज भाइ वनमा पर्णकुटीमा रहन्छन् भने अर्जुनले पनि नन्दिग्राममा पर्णकुटी बनाए र 'महि खनि कुस साथरी सवारी...'

राम लखन सिय कानन बसहिं ।
भरत भवन बसि तप तनु कसहिं ॥

श्री राम कन्दमूल-फलको आहार गर्दथे होलान्, तर भरतले त चौध वर्ष गोमूत्रयावक व्रत लिए । अर्थात् जौ गाईलाई खुवाएर गोबरमा निस्केपछि त्यसलाई धोएर, सफा गरेर गोमूत्रमा पकाएर दिन-रातमा केवल एक पटक त्यसको आहार गरे । यो तप पनि कुनै क्लेश राखेर गरेनन्–

पुलक गात हियँ सिय रघुवीरु ।
जीह नाम जप लोचन नीरू ।

यो अवस्था भरतको थियो । भायप भगति भरत आचरनू । परम पावन छ यो भ्रातृ भक्तिको स्मरण गर्नु पनि । धन्य हुन् भरत ।

धर्मराज युधिष्ठिर– वनवासको समय व्यतीत गरी पाण्डव द्वैतवनमा पुगे । एक दिन हिंड्दा-हिंड्दै उनीहरूलाई ज्यादै प्यास लाग्यो । त्यतिखेर युधिष्ठिरले एउटा रूखमाथि चढेर हेरे । पर एक ठाउँमा हरियाली र जलपक्षी देखिए । त्यहाँ पानी होला भन्ने अनुमान गरी उनले नकुललाई पानी लिन पठाए । त्यहाँ स्वच्छ पानीले पूर्ण सरोवर थियो । किन्तु नकुल सरोवरको तटमा पुगेका मात्र के थिए उनको कानमा पऱ्यो– 'यस सरोवरमा मेरो अधिकार छ । यसको पानी पिउने साहस नगर । मेरो प्रश्नको उत्तर दिएर मात्र पानी पिउनू ।' एक यक्ष बकुल्लाको रूप धारण गरी वृक्षमाथि बसेर त्यो कुरा भनिरहेको थियो ।

नकुललाई ज्यादै प्यास लागेको थियो । उनले यक्षको कुरामा ध्यान दिएनन् । किन्तु सरोवरको पानी मुखमा हाल्ने बित्तिकै उनी निष्प्राण भएर ढले । यता धेरैबेरसम्म नकुल नफर्केपछि युधिष्ठिरले सहदेवलाई पठाए । यिनको पनि नकुलको जस्तै घटना भयो । यस प्रकार अर्जुन र भीम जाँदा तिनको पनि नकुलको जस्तै दशा भयो । पानी लिन गएका कुनै पनि भाइ फर्केर नआएकोले ज्यादै थाकेका भए पनि युधिष्ठिर स्वयं त्यहाँ गए । त्यहाँ आफ्ना भाइहरूलाई मरेको देखेर उनी विह्वल भए । शोक चाहे जे-जस्तो होस्, प्यासले आकुल भएपछि

उनले आफ्नो प्राणलाई तृप्त त गर्नैपरेको थियो । उनी पानी पिउन जाँदा यक्षको त्यही कुरो उनको कानमा पनि पऱ्यो । युधिष्ठिर ठिङ्ग उभिए । उनले भने 'सरोवरको पानीमा तिम्रो यदि अधिकार छ भने ठीक छ । अर्काको स्वत्वको वस्तु म लिन चाहन्नँ । तिमी प्रश्न गर, म आफ्नो बुद्धिअनुसार त्यसको उत्तर दिने कोशिश गर्नेछु ।'

यक्ष प्रश्न गर्दै गयो । युधिष्ठिरले उसको प्रश्नको उचित उत्तर दिए । अन्तमा त्यस यक्षले भन्यो– 'तिमीले मेरो प्रश्नको उत्तर ठीक-ठीक दिएका छौ, यसकारण तिमी पानी पिउन सक्तछौ र आफ्ना भाइहरूमा जुन एउटालाई चाहन्छौ त्यो जीवित हुनेछ ।'

'मेरा भाइ नकुललाई जीवित गरिदिनुहोस्'– युधिष्ठिरले भने । यो कुरा सुनेर यक्षलाई बडो आश्चर्य लाग्यो र उसले भन्यो– 'तिमीले कहीं आफ्नो विवेक त हराएका छैनौ ? राज्य-हीन भएर तिमी वनमा यताउति घुमिरहेछौ । यहाँ अनेक विपत्ति छन् । अन्तमा प्रबल शत्रु-हरूसँग युद्ध गर्नु छ । नकुलले तिम्रो के सहायता गर्लान् ? वनमा जो सहायक हुन सक्दछ र शत्रुहरूको मान-मर्दन गर्न सक्दछ यस्ता महापराक्रमी भाइ भीमसेन अथवा दिव्यास्त्रमा पारङ्गत अर्जुनलाई छाडेर नकुललाई किन जीवित गराउन चाहन्छौ ?'

युधिष्ठिरले भने– 'यक्ष ! वनवासको दुःख वा राज्य त प्रारब्धबाट पाइन्छ । म भोगको इच्छा वा चिन्ता गरेर धर्मको त्याग किन गरूँ ? जसले धर्मको रक्षा गर्दछ, धर्मले स्वयं त्यसको रक्षा गर्दछ । मेरा दुई माता हुन् । तिनमा कुन्तीको पुत्र म जीवित छु । मेरी अर्की माता माद्री-को वंश नष्ट नहोस्, यिनको एक पुत्र जीवित होस् यो म चाहन्छु । अतः तिमी नकुललाई जीवनदान दिएर उनलाई पुत्रवती बनाइदेऊ ।'

यो सुनी यक्षले प्रसन्न भएर भन्यो– 'वत्स ! तिमी अर्थ र कामको विषयमा पनि धर्मनिष्ठ छौ, अतः तिम्रा चारै भाइ जीवित होऊन् ।' यो यक्ष साक्षात् धर्म नै थियो । उसले आफ्नो निजी रूपको दर्शन दिएर भन्यो– 'म त तिम्रो पिता धर्म हुँ । तिम्रो धर्मनिष्ठाको परीक्षा लिन आएको थिएँ ।' युधिष्ठिरका चारै भाइ निद्राबाट ब्यूँझे जस्तै ब्यूँझेर उठे ।

पुरोहित-धर्मका आदर्श– महाराणा प्रताप आफ्ना कान्छा भाइ शक्तिसिंहलाई साथमा लिएर शिकार खेल्न निस्केका थिए । विजया दशमीको पर्व थियो र त्यस दिन शिकार खेल्नु राजपूत शुभ मान्दथे । संयोगवश दाजु-भाइ दुवैका दृष्टि एकसाथ एउटै मृगमाथि परे । दुवै जनाले वाण हाने । मृग त मऱ्यो, तर मृग कसको वाणले मऱ्यो भन्ने कुरालाई लिएर दाजु-भाइमा विवाद खडा भयो । दुवैले त्यसलाई आफ्नो शिकार भनी दावा गरे । कुरा यतिसम्म बढ्यो कि दुवैले तरबार उठाए । राजपुरोहित पनि तिनका साथमा आएका थिए । उनले दुवैलाई सम्झाउने कोशिश गरे । किन्तु राणा प्रतापले क्रोधको आवेशमा भाइको स्नेहलाई बिर्सेका थिए– कठिन छत्रि जाति कर रोषा र

क्रोधको आवेशमा शक्तिसिंह पनि दाजुलाई श्रद्धा-सम्मान गर्न तयार थिएनन् । राजपुरोहितको शपथको पनि तीमाथि कुनै प्रभाव परेन ।

'म यस भूमिमा जन्म लिएर राजकुलको अन्नबाट पालिएँ । यजमानलाई विपत्तिमा रक्षा गर्नु पुरोहितको मुख्य धर्म हो । मेरा यजमान परस्पर काटाकाट गरेर मरून् यो म हेर्न सक्तिनँ ।' राजपुरोहित दुवैको बीच कटार लिएर खडा भइदिए । 'आज जब विधर्मीले यो मातृभूमिलाई तहस-नहस गर्ने अवसर हेरिरहेका छन्, यसको रक्षा गर्ने दायित्व जसमाथि छ, यिनका शिरमा क्रोधको पिशाच चढेको छ । तिनलाई आज रगत पिएर नै शान्त हुनु छ भने म ब्राह्मणकै रगत यिनले पिऊन् । यति भनेर ब्राह्मणले कटार आफ्नो छातीमा घोपे । उनको शरीर जमीनमा ढल्यो । दुवै भाइले मस्तक झुकाए र क्रोध विषादयुक्त पश्चात्तापमा परिणत हुन गयो ।

कवि-लेखक-धर्म– व्यक्ति-धर्मको अन्तर्गत अन्तमा अब लेखक-धर्मको विषयमा केही लेखेर विशेष धर्मको अन्तर्गत व्यक्ति-धर्म समाप्त गरिन्छ । लेखकको अन्तर्गत कवि पनि आउँछन्– प्राचीन आर्यहरूको सभ्यता र संस्कृतिका प्रचारक कवि नै थिए । समाजमा जुन तप, त्याग, अहिंसा, दया, दाक्षिण्य, धर्म, नीति एवं बलिदानको भावना छ, त्यसको जग कवि र लेखकहरूले नै बसालेका हुन् । वाल्मीकि र व्यास जस्ता कविहरूले नै हामीलाई उच्च आदर्श र उज्ज्वल परम्परा प्रदान गरेका छन् । अतएव यिनको महिमा शास्त्रले मुक्तकण्ठले गाएका छन् । अमरकोश अनुसार कवि सर्वज्ञ हुन्छ । 'कविर्मनीषी परिभूः स्वयम्भूः ।' यहाँ परमेश्वरका लागि पनि 'कवि' शब्दको प्रयोग भएको पाइन्छ । विश्वको समस्त हलाहल पिएर पनि जो आफ्नो काव्यामृतले समाजलाई अमरत्व प्रदान गर्दछ, त्यही वास्तविक कवि हो । कवि वा साहित्यकार हुनु असिधाराव्रतको पालन गर्नु हो । यस व्रतमा जसको निष्ठा छैन, उसले कलम थन्क्याइदिनुपर्दछ । (म स्वयं न त कवि हुँ, न लेखक नै, एक सामान्य धर्मप्रिय एकान्तसेवी साधु मात्र हुँ) ।

आजको साहित्यकार कथा लेख्तछ वासना उद्दीप्त गर्नका लागि; उपन्यास लेख्तछ सन्मार्गमा हिंड्ने सीधासाधा नवयुवकलाई पथभ्रष्ट गर्नका लागि; गीत लेख्तछ समाजमा विरह-वेदना जगाउन र आफ्नो अतृप्त वासनाको पूर्तिका लागि । यस्तो लाग्छ– यसको अतिरिक्त ऊ केही जान्दै जान्दैन । जुन संस्कृतिमा पालित-पोषित एक महान् मर्यादावादी कवि तुलसीदासले कुनै समय घोषणा गरेका थिए– कीरति भनिति भूति भलि सोई ।

सुरसरि सम सब कहँ हित होई ।।

आज यसै संस्कृतिका कवि र लेखक विदेशी सभ्यता-संस्कृतिमा मुग्ध भएर आफ्नो प्रतिभा-को सार्थकता सम्झन लागेका छन् ।

साहित्य धर्मसम्म पुग्ने सोपान हो र धर्म हो– ऐहिक एवं आमुष्मिक सुखको निष्पादक। साहित्य धर्मको उपेक्षा गरेर मनोमानी मार्गमा हिंड्न थालेपछि त्यसमा लोकमङ्गलको भावना रहँदैन। यस्तो साहित्यले देशमा र समाजलाई पतनतिर लैजान्छ। अतएव साहित्यमा धर्मको नियन्त्रण रहनु अनिवार्य छ। धर्मद्वारा नियन्त्रित साहित्यले नै समाजको खराबी र कुरीतिलाई हटाउन सक्तछ। साहित्यकार जबसम्म धर्मप्रति आस्था राख्ने हुँदैन तबसम्म त्यसको वाणी देश र जातिको उत्थान गर्न असमर्थ हुन्छ। यसकारण अधार्मिकलाई धर्म, कामीलाई त्याग, दुष्टलाई दण्ड, सज्जनलाई संयम, नपुंसकलाई धृष्टता, शूरलाई उत्हास, मूर्खलाई ज्ञान, शोकार्त र दुःखी हृदयलाई विश्रान्ति दिन सक्षम साहित्यको रचना गर्नु प्रत्येक लेखक वा कविको धर्म हो। तब त्यसको कला सार्थक होला, तब त्यसको साधना पूर्ण होला। शील र सौन्दर्यले सुसज्जित काव्य नै सत्काव्य हो। जुन काव्यबाट उत्तम शिक्षा प्राप्त हुँदैन, कुनै दर्शन, सत्प्रेरणा, कुनै आदर्श प्राप्त हुँदैन, त्यो वाग्जाल मात्र हो। रामायण पढेमा रामको पितृभक्ति, सीताको सतीत्व, लक्ष्मणको भ्रातृप्रेम र भरतको त्यागले हाम्रो हृदयलाई वशीभूत गर्दछ। तिनका शील र सौन्दर्य देखेर हामी यति मुग्ध हुन्छौं कि त्यसैको अनुकरण गर्नमा हामी आफ्नो जीवनको साफल्य सम्झन थाल्दछौं। कवि र लेखकको काम समाजलाई परिष्कृत एवं सुरुचिसम्पन्न बनाउनु हो। कृतयुग र कलियुग ती नै कलमका परिणाम हुन्। अतएव साहित्यकारले बहुत सोच-विचार गरेर कलम चलाउनुपर्दछ। समाज र देशमा नयाँ स्फूर्ति नयाँ चेतना, नयाँ उत्साह र नयाँ आशाको सन्देश दिनु छ भन्ने कुरो तिनले सोच्नुपर्दछ। तिनले सत्य, अहिंसा, तप, त्याग, विशुद्ध प्रेम, सेवा एवं बलिदानको भावना जन-जनको हृदयसम्म पुऱ्याउनु छ। तिनले समाजमा शिवाजी र प्रताप जस्ता देशभक्त, शङ्कराचार्य, बुद्ध र महावीर जस्ता महापुरुष, सीता र अनसूयाजस्ता देवीहरू र ध्रुव, प्रह्लाद र नचिकेता जस्ता दृढव्रती बालकहरूको जन्म दिन्छन्।

दुःखका साथ भन्नुपर्छ– आज हाम्रो साहित्यमा विदेशी प्रभाव बढ्दै गइरहेछ। हाम्रा युवक विदेशी आचार-विचार र सभ्यता-संस्कृतिमा लट्ठ परेर आफ्नो प्राचीन संस्कृति र साहित्यलाई हेय दृष्टिले हेर्न लागिरहेछन् र हाम्रा भावी कर्णधार विदेशी ढङ्गले बोल्न, विदेशी ढङ्गले उठ-बस गर्न र विदेशी ढङ्गले सोच-विचार गर्नमै गौरव अनुभव गर्न लागिरहेछन्। यसै देशमा यसै देशको भाषा, वेश-भूषा आदि धारण गर्नु पछौटेपनको प्रतीक मानिन थालेको छ। सुरदास तुलसी र मीराको वाणीमा श्रद्धा घट्दै गइरहेछ। गौतम, कपिल र कणादको पुण्यभूमिमा मार्क्स र डारविनको दुन्दुभि बजाउने चेष्टा गर्न लागिरहेछन्। परन्तु खेद छ– हाम्रा साहित्यकार, हाम्रा संस्कृतिका जागरुक प्रहरी नयाँ-नयाँ योग गर्नामा आफ्नो दिमाग खियाइरहेका छन्।

वाल्मीकि, व्यास, शङ्कराचार्य र तुलसी पनि साहित्यकार थिए। तिनले हिन्दू-संस्कृतिलाई त्यो मोहक रूप दिए, जसको अगाडि विदेशी पनि नतमस्तक हुन्छन्।

कवि, लेखक वा वक्ता हुनु एक कुरो हो, किन्तु त्यसको आदर्शको निर्वाह गर्नु अर्कै कुरे हो। जो स्वार्थले प्रेरित भएर, जनताको मनोरञ्जनका लागि पनि वा गण्यमान्य र धनी व्यक्तिहरू-लाई खुशी पार्न र फेरि जनताको मन बहलाउनका लागि अलिकति पनिहित र अहित नसोचीकन जसो-तसो लेखिहाल्दछन्, त्यस्तै जहाँ अरूलाई प्रसन्न तुल्याउने भाव नै प्रबल हुन्छ त्यहाँ यथार्थता सर्वथा आवृत्त हुन्छ। त्यहाँ त्यही कुरो लेखिन्छ जो पढ्ने र सुन्नेहरूलाई प्रिय लाग्दछ। यस्तो गर्नेहरूको स्वतन्त्र प्रतिभा कहिल्यै स्फुरित हुँदैन र ती सत्यका आँखा छोप्ने काम गर्छन्, साथै समाजको धेरै ठूलो अहित पनि गर्दछन्। तिनीहरू मानिसहरूको करतल-ध्वनिले आफ्नो मनलाई एकपल्ट प्रसन्न किन नतुल्याऊन्, परन्तु तिनका साहित्य करतल-ध्वनिको साथसाथै उडेर सदाका लागि विलीन पनि हुन्छ। एक शृङ्गारिक, अश्लील एवं छिनाल साहित्यले कवि वा लेखकको प्रतिष्ठालाई चरम सीमामा पुऱ्याओस्, किन्तु अवाञ्छनीय तत्त्वलाई फैलाइरहने हुनाले त्यसबाट कवि वा लेखक कर्तव्यच्युत हुन्छ। अर्कोतिर समाजको अपहेलना पाएर पनि कुनै साहसिक साहित्यकार आफ्ना लेखहरूमा ती नैतिक मूल्य, ती आध्यात्मिक तथा तथ्य जीवन-विकासका तत्त्वहरूलाई उल्लिखित गर्दछ र त्यसबाट तल गिरेको जन-जनको जीवनस्तर माथि उठ्छ भने ऊ अवश्य नै आज नभए भोलि पूज्य हुने नै छ। आफ्नो कर्तव्यभारबाट मुक्त हुनुको साथै ऊ संसारमा सदाका लागि अमर हुनेछ। वाल्मीकि, व्यास, तुलसी र सूरलाई आज इतिहासमा पढ्नुपर्दैन, किन्तु तिनले आफ्नो धर्मको– कवि र साहित्यकारको धर्मको निर्वहन गरेकोले शताब्दियौंपछि पनि आज ती जन-जनको मुखबाट मुखरित भइरहेछन्। इति।

विचारको सरलताका लागि धर्मलाई सामान्य, विशेष र परम धैर्य– यी तीन भागमा विभक्त गरी तदनुसार सामान्य धर्म र विशेष धर्ममा विचार गरिएको पाठकलाई याद नै होला। विशेष धर्मअन्तर्गत व्यक्ति-धर्मको विचार यहाँ समाप्त हुन्छ। अब 'परम धर्म' माथि विचार गर्नुभन्दा पहिले हामीले आफ्नो पूर्वप्रतिपादित मौलिक विषयको एकफेर फेरि स्मरण गर्नु आवश्यक छ। मनुष्यमात्रको अन्तिम लक्ष्य परमानन्दको प्राप्ति र सर्वदुःख निवृत्ति हो। सांसारिक विषय कदापि सुखस्वरूप होइन, सुखस्वरूप त केवल परमानन्द नै हो र त्यो आफनै स्वरूप हो जो अज्ञानावृत छ। त्यो आफ्नो स्वरूपभूत परमानन्दको प्राप्तिको साधन केवल ज्ञान नै हो। त्यस ज्ञानका प्रतिबन्धक दोष– मल, विक्षेप र आवरण हुन्। तिनको निवृत्ति निष्काम कर्म, उपा-सना र ज्ञानका अन्तरङ्ग साधन– श्रवण, मनन र निदिध्यासन आदिद्वारा हुन्छ। तिनै साधनामा परम्परा अथवा साक्षात् रूपले सहायक जुन कर्तव्य-कर्म छन्, जुनद्वारा अन्तःकरणको शुद्धि भएर मनुष्यलाई ज्ञानद्वारा मोक्षको प्राप्ति हुन्छ, तिनै कर्तव्य–कर्म अथवा उपासना आदिलाई 'धर्म' शब्दले शास्त्रहरूमा सर्वत्र वर्णन गरिएको छ। यस मौलिक विषयलाई (परम धर्म-लाई) सर्वत्र याद राख्नुपर्दछ, अन्यथा धर्मको लक्ष्य र उद्देश्यदेखि पर पुगेर हामी भ्रममा पर्नेछौं। अस्तु।

तिनै चित्तशुद्धिको हेतुभूत कतर्व्य-कर्महरूको विचार निष्काम-कर्मरूप विशेष धर्मको विचार यहाँसम्म गरियो । अब अन्तमा यसै निष्काम-कर्मयोग वा कर्मरहस्यलाई स्वामी विवेकानन्दको शब्दमा दिएर यस प्रसङ्गको उपसंहार गर्दछौं ।

अरूहरूको शारीरिक आवश्यकताको पूर्ति गरी तिनको सहायता गर्नु महान् कर्म अवश्य हो, परन्तु अभावको मात्रा जति अधिक रहन्छ, तथा सहायता वा उपकार जति अधिक दूरसम्म आफ्नो असर पार्न सक्तछ, त्यति नै त्यो उपकार पनि उच्चतर हुन्छ । एक मनुष्यको अभाव एक घण्टाका लागि हटाउन सके त्यो उसको सहायता अवश्य हो र एक वर्षका लागि हटाउन सके त झन् त्यसभन्दा पनि अधिक सहायता हो, तर त्यसको अभाव सधैंका लागि नै हटाइदिने हो भने त वास्तवमा त्यो उसका लागि सबभन्दा अधिक सहायता हुन्छ । केवल आध्यात्मिक पूर्ति ज्ञान नै यस्तो छ, जो हाम्रो दुःख सदाका लागि नष्ट गरिदिन सक्तछ, अन्य कुनै प्रकारको ज्ञानबाट त हाम्रो आवश्यकताको पूर्ति केवल अल्प समयका लागि मात्र हुन्छ । आत्मविषयक ज्ञानद्वारा मात्र हाम्रो अभाववृत्तिको अन्त सदाका लागि हुन सक्तछ । अतएव कुनै मनुष्यलाई आध्यात्मिक सहायता गर्नु नै उसलाई सबभन्दा ठूलो सहायता गर्नु हो र जो मानिस पारमार्थिक ज्ञान दिन सक्तछ, त्यही मानव-समाजको सबभन्दा ठूलो हितैषी हो । जुन-जुन व्यक्तिले मनुष्यलाई आध्यात्मिक सहायता गरेका छन्, ती नै वास्तवमा महान् शक्ति-शाली थिए भन्ने कुरा हामीले देखेका पनि छौं । कारण के भने आध्यात्मिकता नै हाम्रो जीवनको सम्पूर्ण कृत्यको सच्चा आधार हो । आध्यात्मिक शक्तिशाली पुरुष चाहेमा कुनै पनि विषयमा क्षमता-सम्पन्न हुन सक्तछ, र जबसम्म मनुष्यमा आध्यात्मिक बल आउँदैन, तबसम्म उसका भौतिक आवश्यकताहरू पनि भली-भाँती तृप्त हुन सक्तैनन् ।

आध्यात्मिक सहायताभन्दा तल छ बौद्धिक विकासमा सहायता गर्नु । तर साथै भोजनदान तथा वस्त्रदानभन्दा त्यो ज्ञानदान कता हो कता श्रेष्ठ छ, यति मात्र होइन प्राणदानभन्दा पनि उच्च छ, किनभने ज्ञान नै मनुष्यको प्रकृत जीवन हो , अज्ञान नै मृत्यु हो र ज्ञान जीवन । यदि जीवन अन्धकारमय छ र अज्ञान तथा क्लेशमा बित्दछ भने वास्तवमा यस्तो जीवनको कुनै मूल्य छैन । ज्ञानदानभन्दा तल छ शारीरिक सहायताको दान । अतएव हाम्रो सम्मुख अरू-हरूको सहायताको प्रश्न उपस्थित हुँदा शारीरिक सहायता नै एकमात्र हो भन्ने भ्रान्त धारणाबाट सधैं बच्ने प्रयत्न गर्नुपर्दछ । वास्तवमा शारीरिक सहायता त सब अन्तिम मात्र होइन, प्रत्युत निम्नतम श्रेणीको पनि हो, किनभने यसद्वारा चिरतृप्ति हुन सक्तैन । भोको रहनाले जुन कष्ट हुन्छ, त्यसको परिहार भोजन गर्नाले नै हुन्छ, परन्तु भोक त फेरि पनि लाग्दछ । हाम्रो क्लेशको अन्त त त्यस बेला मात्र हुन सक्छ, जब हामी तृप्त भएर सबै प्रकारका अभावदेखि पर हुन्छौं । तब भोक हामीलाई सताउन सक्दैन, क्लेश वा दुःखले पनि विचलित पार्न सक्तैन । अतएव जुन सहायताले हामीलाई आध्यात्मिक बल दिन्छ, त्यही नै सर्वश्रेष्ठ हो । त्यसभन्दा तल छ बौद्धिक अथवा मानिसक सहायता र सबभन्दा तल छ शारीरिक सहायताको स्थान ।

केवल शारीरिक सहायताद्वारा मात्र संसारका दुःखहरूबाट छुटकारा हुन सक्तैन । जबसम्म मनुष्यको स्वभाव नै परिवर्तित हुँदैन, तबसम्म शारीरिक आवश्यकता सधैं मात्र भइरहन्छ, र फलस्वरूप क्लेशहरूको अनुभव पनि सदैव भइरहन्छ । शारीरिक सहायता चाहे जति गरियोस्, त्यसद्वारा उसको पूर्ण उपचार हुन सक्तैन । यस दुःखसमस्याको केवल एउटै समाधान छ र त्यो हो- समस्त मानवजातिलाई पवित्र बनाउनु । हामी आफ्नो चारैतिर जुन दुःख-क्लेश देख्तछौं, ती सबको एउटै मात्र मूल कारण हो-'अज्ञान' । मनुष्यलाई ज्ञानको आलोक देऊ, उसलाई आध्यात्मिक बलले सम्पन्न तुल्याऊ । हामी यो गर्न समर्थ छौं र सबै मनुष्य पवित्र, आध्यात्मिक बलले सम्पन्न र सुरक्षित होऊन्, तब मात्र संसारबाट दुःखको अन्त हुन सक्ला, अन्यथा हुन सक्दैन । देशको प्रत्येक घरलाई हामी सदावर्तमा परिणत गरिदेऔं वा देशलाई अस्पतालले भरीपूर्ण गरौं, तैपनि जबसम्म मनुष्यको चरित्र परिवर्तित हुँदैन, तबसम्म दुःख-क्लेश भइ नै रहन्छ । भगवद्गीतामा हामीलाई बारम्बार निरन्तर कर्म गरि नै रहनुपर्छ भनी उपदेश दिइएको छ। कर्म स्वभावैले सत् र असत् यी दुवैसित एकसाथ मिलेर रहेको हुन्छ । हामी कहीं केही भलो नहुने गरी कुनै कर्म गर्दैनौं, फेरि कहीं केही कुभलो नहुने कुनै यस्तो कर्म पनि छैन । जुनसुकै कर्ममा पनि गुणको साथै दोष पनि अनिवार्य रूपले रहेको हुन्छ- 'सर्वारम्भा हि दोषेण धूमेनाऽग्निरिवावृता ।' तथापि शास्त्रमा हामीलाई सत् कर्म गरि नै रहनुपर्छ भन्ने नै उपदेश दिइएको छ । सत् र असत् यी दुवै कर्मका आ-आफ्ना बेग्लाबेग्लै फल हुन्छन् । सत् कर्मको फल सत् नै हुन्छ र असत् कर्मको फल असत् नै । परन्तु सत् र असत् दुवै आत्माको निम्ति बन्धनस्वरूप हुन् । यस सम्बन्धमा गीताको कथन छ- यदि हामी आफ्ना कर्महरूमा आसक्त हुँदैनौं भने हाम्रो आत्मा- मा कुनै प्रकारको बन्धन रहन सक्तैन ।

अब हामीले विचार गर्नुपर्छ- कर्महरूमा अनासक्तिको तात्पर्य भनेको के हो ? भगवद्- गीताको मूलसूत्र 'निरन्तर कर्म गरिरहनू, तर त्यसमा आसक्त नहुनू' भन्ने रहेको छ । जेतिर मन विशेष गरी ढल्केको हुन्छ त्यो मोटामोटी हिसाबले संस्कार भनिन्छ । मानौं मन एउटा जलाशय हो, त्यसमा उठेका सबै लहर शान्त भए तापनि वास्तवमा त्यो बिलकुल नष्ट भएको हुँदैन, किन्तु फेरि पनि त्यो लहर दोहोरिएर उठ्न सक्ने सम्भावनाको निर्माण गरेर चित्तमा एक प्रकारको छाप छाडेर गएको हुन्छ । त्यो लहर फेरि पनि उठ्ने सम्भावना त्यो छाप पार्ने काम दुवैलाई मिलाएर हामी संस्कार भन्दछौं । हाम्रो प्रत्येक कार्य, हाम्रो प्रत्येक अङ्ग-सञ्चालन, हाम्रो प्रत्येक विचारले हाम्रो मनमा यस्तै प्रकारको एक संस्कार छाड्दछ । यी संस्कार बाह्य दृष्टिबाट स्पष्ट नहुन पनि सक्तछन्, तर पनि यी अज्ञात रूपले भित्रभित्रै कार्य गर्नमा विशेष गरी प्रबल हुन्छन् । हामी प्रतिमूहूर्त्त जे छौं त्यो यी संस्कारको समुदायद्वारा नै नियमित हुन्छ । म यस घडीमा जे छु त्यो मेरो विगत जीवनका सम्पूर्ण संस्कारको प्रभाव हो । यसैलाई प्रकृत दृष्टिले चरित्र भनिन्छ र प्रत्येक मनुष्यको चरित्र संस्कारको समष्टिद्वारा नै नियमित हुन्छ । शुभ संस्कारको प्राबल्य भयो भने मनुष्यको चरित्र असल हुन्छ र यदि अशुभ संस्कारको प्राबल्य भयो भने चरित्र खराब हुन्छ । कुनै मानिसले लगातार खराब कुरो सुन्ने गऱ्यो भने, खराब विचार गर्ने गऱ्यो भने, त्यसको मन पनि खराब संस्कारले परिपूर्ण हुन्छ । त्यसले

त्यसले थाहै नपाउने गरी त्यस संस्कारले त्यसको सारा विचार र कार्यमा आफ्नो प्रभाव पारेको हुन्छ। वास्तवमा यो खराब संस्कार निरन्तर आफ्नो काम गरि नै रहेको हुन्छ। अतः खराब संस्कारले सम्पन्न हुनाले गर्दा त्यस व्यक्तिको काम पनि खराब हुन्छ-ऊ आफै पनि एक खराब मानिस बन्दछ र यो हुनु सिवाय उसका लागि अर्को हुनु सम्भव पनि छैन। यी खराब संस्कारले उसमा दुष्कर्म गर्ने प्रवल प्रवृत्ति उत्पन्न गर्छन्, ऊ त यी संस्कारको हातको यन्त्रझैं हुन जान्छ र तो संस्कारले उसलाई बलपूर्वक दुष्कर्म गर्नका लागि बाध्य गराउँछन्। यस प्रकार यदि कुनै मानिसले यी संस्कारको असल विचार राख्छ र सत्कर्म गर्छ भने उसमा यी संस्कारको प्रभाव पनि असल नै हुन्छन् र उसको इच्छा नभए पनि त्यस संस्कारले उसलाई सत्कर्म गर्नका लागि प्रवृत्त गर्छ। यति सत्कार्य र सच्चिन्तन गरिसक्ने मनुष्यमा इच्छा नहुँदा पनि सत्कार्य गर्ने एक अनिवार्य प्रवृत्ति उत्पन्न हुन्छ, उसले दुष्कर्म गर्न चाहे पनि यी संस्कारहरूको समष्टिस्वरूप उसको मन उसलाई यस्तो कर्म गर्नुबाट तत्काल रोक्छ। यति मात्र होइन, उसका यो संस्कारहरू उसलाई त्यस मार्गबाट हटाउँछन् पनि। अनि ऊ आफ्नो सत्संस्कारको हातको एक कठपुतली जस्तो बन्दछ। यस्तो स्थिति भएपछि मात्र त्यस मनुष्यको चरित्र सङ्गठित भएको भनिन्छ। कछुवा जसरी आफ्ना सबै अङ्ग आफ्नो शरीररूपी खबटाभित्र समेट्छ, र त्यतिखेर त्यसलाई हामी हिर्काऔं वा क्षत-विक्षत किन नपारौं त्यो आफ्नो खबटाबाट बाहिर निस्कँदैन, त्यसरी नै जो मानिस आफ्नो मन र इन्द्रियलाई आफ्नो वशमा राख्तछ त्यसको चरित्र पनि सधैं स्थिर रहेको हुन्छ। ऊ आफ्नो आन्तरिक शक्तिको वशमा रहेको हुन्छ र त्यस शक्तिको इच्छाविरुद्ध चल्न संसारको कुनै वस्तुको जोर चल्दैन। मनमा यस प्रकार सद्विचार र सुसंस्कारको निरन्तर प्रभाव परिरहनाले हामीमा सत्कार्य गर्ने प्रवृत्ति प्रबल हुन्छ र यसको फलस्वरूप हामी इन्द्रिय(कर्मेन्द्रिय र ज्ञानेन्द्रिय दुवै)-लाई आफ्नो वशमा राख्न सक्ने हुन्छौं। अनि मात्र हाम्रो चरित्र प्रतिष्ठित भई हामी सत्यको प्राप्ति गर्न सक्तछौं। यस्तो मानिस नै सधैं निरापद भइरहन सक्तछ, यसबाट कुनै प्रकार-को खराबी पनि हुन सक्तैन। फेरि त्यो मानिस जहाँसुकै बसोस् त्यसका लागि कहीं केही हनि होला भन्ने पनि छैन। यी शुभ संस्कारले सम्पन्न हुनुको अपेक्षा एक अर्को पनि अधिक उच्चतर अवस्था छ र त्यो हो-मुक्ति पाउने इच्छा। हामीले ध्यान दिनुपर्ने कुरो के छ भने सबै योगको ध्येय आत्माको अज्ञानले गर्दा भएको बन्धनबाट मुक्त हुनु नै हो र प्रत्येक योग समान रूपले त्यसै ध्येयतिर लैजान्छ। भगवान् बुद्धले ध्यानद्वारा, ईसामसीहले प्रार्थनाद्वारा जुन अवस्था प्राप्त गरेका थिए, मानिस निष्काम कर्मद्वारा आफ्नो चित्तशुद्धि गरेर त्यो अवस्था प्राप्त गर्न सक्तछ। बुद्ध ज्ञानी थिए र ईसासंसीहरूभक्त, किन्तु तो दुवै एउटै ध्येयमा पुगेका थिए। मुक्तिको अर्थ हो सम्पूर्ण स्वाधीनता, शुभ र अशुभ दुवै प्रकारका बन्धनबाट छुटकारा पाउनु। यो कुरो बुझ्न अलि गाह्रो छ। फलामको जञ्जीर पनि जञ्जीर हो र सुनको जञ्जीर पनि जञ्जीर नै हो। यदि हाम्रो औंलामा एउटा कांढो बिझ्यो भने त्यसलाई झिक्न-का लागि हामी एउटा अर्को काँढो काममा ल्याउँछौं; परन्तु काँढो झिकेपछि हामी दुइटै काँढालाई फ्याँकिदिन्छौं। हामीलाई फेरि अर्को काँढो राख्नुपर्ने कुनै आवश्यकता हुँदैन, किनभने दुइटै आखिरमा कांढै त हुन्। यस प्रकारको कुसंस्कारको नाश शुभ संस्कारद्वारा गर्नुपर्दछ र जबसम्म कुविचार जति

सबै नष्ट अथवा पराजित हुँदैन वा वशीभूत भएर मनको एक कुनामा रहँदैन तबसम्म खराब विचार-लाई असल विचारद्वारा हटाउने प्रयास गरि नै रहनुपर्दछ। परन्तु त्यसपछि शुभ संस्कारमाथि पनि विजय प्राप्त गर्नु आवश्यक छ। अनि आसक्त हुने त्यो पनि अनासक्त हुन्छ। कर्म गर, अवश्य गर, तर त्यस कर्म अथवा विचारले आफ्नो मनमा गहिरो प्रभाव पार्न नदेऊ। लहर आउँछन्, मांसपेशी र मस्तिष्कका ठूला-ठूला कार्य भइ नै रहुन्, तर तिनले आत्मामा कुनै प्रकारको प्रभाव पार्न नपाऊन् भन्ने होश पनि राख।

अब प्रश्न यो कसरी हुन सक्तछ भन्ने हुन्छ। हामी जुन कर्ममा लिप्त भई रहन्छौं त्यसको संस्कार हाम्रो मनमा रहन्छ भन्ने कुरो हामी देख्दछौं। मानौं, दिनभर हामीले सयकडौं मानिसलाई भेटेर तीमध्ये हाम्रो प्रेम भएको एउटा विशेष व्यक्तिलाई पनि भेटयौं। राति सुत्दा हामीले ती सबै मानिसलाई सम्झने कोशिश गर्यौं भने हाम्रो अगाडि त्यही हामीले क्षणभर मात्र देखेको र हाम्रो प्रेम भएको व्यक्तिको अनुहार नै देखिन आउँछ। त्यो बाहेक अरू सबै मानिस अन्तर्हित हुन्छन्। यस्तो हुनाको कारण के भने त्यस व्यक्तिप्रति हाम्रो विशेष आसक्ति भएकोले हाम्रो मनमा अरूको भन्दा त्यसको अत्यन्त गहीरो प्रभाव पर्न गएको थियो। शरीर-विज्ञानको दृष्टिले सबै मानिसको प्रभाव एकसमान रूपले परेर मस्तिष्कमा तिनको चित्र पनि बनेको थियो। परन्तु तैपनि मनमा सबैको एक-समान प्रभाव परेको थिएन। हुन सक्तछ, अधिकांश मानिसको अनुहार बिलकुल नयाँ भएकोले त्यस-बारे मैले विचार पनि गरेको थिइनँ हुँला, तर त्यो एक अनुहार भने मैले केवल एकै झलक देखेको भए पनि त्योचाहिं भित्रसम्म घुसेको थियो। शायद यो अनुहारको चित्र मेरो मनमा वर्षौंदेखि रहेकोले यसको विषयमा मैले सयकडौं कुरा पनि जानेको हुँला। अतः उसको एक झलकले नै मेरो मनमा सुतिरहेका सयकडौं सम्झनालाई जगायो, र यसैले बाँकी सब अरू अनुहार देखेको फलस्वरूप मनमा जति संस्कार परेथ्यो, तो सबको अपेक्षा सयगुना बढ्ता संस्कार यो एक अनुहारलाई देख्दा मेरो मानस-पटलमा पर्न गयो। यसै कारण त्यसले मनमा सहजैसित त्यति प्रभाव पार्‍यो।

याद राख्नुस्– कर्मफलमा आसक्त रहने व्यक्ति मात्र आफ्नो भाग्यमा आएको कर्तव्यमा भनभनाउँछ। अनासक्त पुरुषको निमित्त सब कर्तव्य एकसमान हुन्छन् (धर्मव्याधको समान)। उसको निमित्त कर्तव्य स्वार्थपरता र इन्द्रियपरायणतालाई नष्ट गरेर आत्मालाई मुक्त गरिदिने एक शक्तिशाली साधन हुन्छ। हामी आफ्नो कर्तव्यमा भनभनाउनाको कारण के भने हामी त्यस्तो केही नहोऔं, तर पनि आफूलाई हामी सबै ठूलो योग्य सम्झन्छौं। प्रकृतिले नै सदैव बडो कडा नियम-सित हाम्रो कर्मानुसार उचित कर्मको फल अलिकति पनि हेरफेर हुन नसक्ने गरी आयोजित गरेको हुन्छ, र यसैले चाहे हामी कुनै कर्तव्यलाई ग्रहण गर्न इच्छा नगरौं तापनि वास्तवमा हाम्रो कर्मफल-अनुसार नै हाम्रो कर्तव्य पनि निर्दिष्ट भएको हुन्छ। स्पर्धाबाट ईर्ष्या उत्पन्न हुन्छ र त्यस-बाट हृदयको कोमलता नष्ट हुन्छ। असन्तुष्ट र झगडालु पुरुषलाई सबै कर्तव्य नीरस लाग्छ। उसलाई कहिल्यै कुनै चीजबाट सन्तोष भनेको हुदैन। फलस्वरूप उसको जीवन दुःखी र

असफल हुन्छ – यो हुनु स्वाभाविक नै छ । हाम्रा लागि उचित के भने हामी काम गरि नै रहौं । हाम्रो कर्तव्य जे छ त्यो गरि नै रहौं । यसबाट हाम्रो अन्तःकरण शुद्ध हुन्छ ।

यसकारण अनासक्त होऊ; काम भइरहन देऊ; मस्तिष्क केन्द्र आफ्नो काम गरि-रहोस्, निरन्तर आफ्नो काम गरि नै रहोस्; किन्तु एउटा लहरको प्रभाव पनि मनमा पर्न नदेऊ । संसारमा यसप्रकार कर्म गर, मानौं तिमी एक विदेशी पथिक हौ, दुई दिनको निमित्त यहाँ आएका छौ । कर्म त निरन्तर गरि नै राख, तर आफूलाई बन्धनमा नहाल, बन्धन बडो भयानक छ । संसार हाम्रो निवासस्थान हैन, यो त तीं सिंढीमध्ये हामी उक्लँदै जाने एक सिंढी हो । साङ्ख्यदर्शनको त्यस सिद्धान्तलाई नबिर्स– समस्त प्रकृति आत्माको निमित्त हो र आत्मा प्रकृतिको निमित्त हैन ।

प्रकृतिको अस्तित्वको प्रयोजन नै आत्माको शिक्षाको निमित्त हो, यो बाहेक यसको अर्को कुनै अर्थ छैन । यसको अस्तित्व आत्मालाई ज्ञानप्राप्ति होस् र ज्ञानद्वारा नित्यमुक्त आत्माले आफूलाई मुक्त गरोस् भन्नानिमित्त हो । यो कुरो हामीले निरन्तर ध्यानमा राख्न सक्यौं भने प्रकृतिमा हामी कहिल्यै पनि आसक्त हुनेछैनौं । प्रकृति हाम्रो निमित्त एउटा पुस्तक जस्तै हो, जसको हामीले अध्ययन गर्नु छ भन्ने ज्ञान हामीलाई हुनेछ । त्यसबाट हामीले आफूलाई चाहिएको ज्ञान प्राप्त गरेपछि फेरि त्यो पुस्तक हाम्रो निमित्त कुनै कामको हुनेछैन । किन्तु यसको विपरीत भइरहेछ– हामी आफूलाई प्रकृतिमा नै मिलाउँदछौं, अनि यो ठान्दछौं कि आत्मा प्रकृतिकै निमित्त हो, आत्मा शरीरको निमित्त हो । प्रकृतिलाई नै 'अहम्' मानेर हामी प्रकृतिमा आसक्त भई एक दास झैं काम गरिरहन्छौं । हामीले एक मालिकले जस्तै काम गर्नुपर्दछ, दासले जस्तो हैन । शत-प्रतिशत मानिस दासले झैं काम गरिरहेछन्, चाहेर पनि कोही आराम लिन सक्तैनन् । मुक्तभावले कर्म गर, प्रेमपूर्वक कर्म गर, प्रेम शब्दको यथार्थ अर्थ बुझ्न ज्यादै गाह्रो छ । विना-स्वाधीनता प्रेम हुनै सक्तैन । तिमीले एक दासलाई उसको पर्ने मोल तिरेर उसलाई गलफन्दी हालेर उसबाट आफ्ना लागि कुनै काम लिन खोज्यौ भने उसले कष्ट सहेर कुनै न कुनै प्रकारको काम त अवश्य पनि गर्नेछ, तर उसमा कुनै प्रकारको प्रेम रहेको हुँदैन । यसै प्रकार हामीले संसारको लागि दासले गरे-जस्तै कर्म गर्ने हो भने त्यसप्रति हाम्रो प्रेम रहँदैन र यस हेतु त्यो सच्चा कर्म पनि हुन सक्तैन । सच्चा प्रेमसाथ कुनै पनि कर्म गरेको फलस्वरूप शान्ति र आनन्द नआउला भन्ने छैन । प्रकृत सत्ता (सत्), प्रकृत ज्ञान (चित्) र प्रकृत प्रेम (आनन्द) –यो तीन सधैंका लागि परस्पर सम्बद्ध छन् । यी तीन तत्त्व एउटैमा रहेका छन् । जहाँ एक रहेको हुन्छ त्यहाँ बाँकी दुई पनि अवश्य नै रहेका हुन्छन् । यी त्यस अद्वितीय सच्चिदानन्दकै तीन प्रकारका रूप हुन् । यी सत्ता शान्त तथा सापेक्ष रूपमा प्रतीत हुँदा त्यतिखेर हामी त्यसलाई विश्वको रूपमा देख्दछौं । यो ज्ञान पनि सांसारिक वस्तुविषयक ज्ञानको रूपमा परिणत भई त्यो आनन्द मानव-

हृदयमा विद्यमान सारा प्रकृत प्रेमको आधार हुन्छ । यसकारण सच्चा प्रेमले प्रेमी अथवा त्यसको प्रेमपात्रलाई कष्ट हुन सक्तैन ।श्रीकृष्ण भगवान्‌ले गीतामा भन्नुभएको छ-

न मे पार्थाऽस्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नाऽनवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥
यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थः सर्वशः ॥(३--२२-२३)

'हे अर्जुन ! म कर्म गर्न क्षणभर मात्र पनि रोकिएँ भने संसार नै नष्ट हुन जान्छ । कर्म गरेर मलाई त्यसबाट कुनै प्रकारको लाभ गर्नु छैन, किनभने म नै जगत्‌को एकमात्र प्रभु हुँ । तर पनि म कर्म गर्दछु, किन ? किनभने मेरो संसारप्रति प्रेम छ ।'

ईश्वर अनासक्त छ, किन ? किनभने त्यो सच्चा प्रेमी छ । त्यस सच्चा प्रेमद्वारा नै हामी अनासक्त हुन सक्तछौं । जहाँकहीं आसक्ति छ त जान्नुपर्छ के भने त्यहाँ केवल भौतिक आकर्षण छ-- केवल केही जड कणप्रति भइरहेको आकर्षण, मानौं एक चीज दुई वस्तु-को अत्यन्त नगीच आकर्षित भइरहेछ, र केही गरी यी दुई वस्तु एकदम नगीच आउन सकेनन् भने फेरि कष्ट पनि उत्पन्न हुन्छ । तर जहाँ सच्चा प्रेम छ त्यहाँ भौतिक आकर्षण बिलकुल हुँदैन । यस्तो प्रेमी चाहे सहस्रौं कोस टाढा किन नहोस्, उसको प्रेम सधैं त्यस्तै रहन्छ, र त्यो प्रेम कहिल्यै नष्ट हुँदैन, न त त्यसबाट कहिल्यै कुनै क्लेश दिने प्रतिक्रिया नै हुन्छ ।

यस प्रकारको अनासक्ति प्राप्त गर्न करीब-करीब सारा जीवन नै पनि लाग्दछ । किन्तु यो प्राप्त हुनासाथ हामीलाई आफ्नो प्रेमसाधनाको लक्ष्य प्राप्त भएर हामी मुक्त हुन्छौं । अनि हामी प्रकृतिको बन्धनबाट मुक्त भएर त्यसको यथार्थ स्वरूप चाहन्छौं । अनि हामी त्यसको बन्धनमा पनि पर्दैनौं । तब सर्वथा स्वाधीन भएर हामी कर्मको फलाफलतिर ध्यानै पनि दिंदैनौं । फेरि कर्मको फल के होला भनेर को परवाह गर्ने ? आसक्ति नै बन्धनको कारण हो ।

मानव-चरित्रलाई नियमवद्ध गर्ने दुई चीज छन्-- एक हो बल-प्रयोग र अर्को दया । बलको उपयोग सधैं स्वार्थवश नै गरिन्छ । धेरैजसो सबै स्त्री-पुरुष आफ्नो शक्ति र सुविधाको भरसक उपयोग गर्ने कोशिश गर्छन् । परन्तु दया दैवी सम्पत्ति हो । असल बन्नका लागि हामी दयालु हुनुपर्छ, यहाँसम्म कि न्याय र अधिकार पनि दयामा प्रतिस्थापित भएको हुनुपर्छ । कर्म-फलको लालसा हाम्रो आध्यात्मिक उन्नतिको मार्गमा बाधक हुन आउँछ, यति मात्र हैन, आखिरमा त्यसबाट मनमा क्लेश पनि उत्पन्न हुन्छ । दया र निःस्वार्थतालाई कार्यरूपमा परिणत गर्ने एउटा अर्को पनि उपाय छ । त्यो के भने कर्मलाई नै उपासना ठान्नु हो । यहाँ हामी आफ्नो सम्पूर्ण कर्मको फल ईश्वरलाई नै समर्पित गर्दछौं । यसप्रकार ईश्वरको उपासना-स्वरूप आफूले

गरेको कर्मको बदलामा मानवजातिसित केही माग्ने कुराको अधिकार हामीमा हुँदैन । भगवान् स्वयं निरन्तर कर्म गरिरहेछन् र पनि उनी सबै आसक्तिदेखि पर छन् । अहंशून्य र अनासक्त पुरुष जनसंकुल र पापमय नगरको बीचमा नै किन नरहोस्, तर पापले उसलाई छुन पनि सक्तैन ।

त्यागको भाव हामीहरूबाट बिस्तार-बिस्तार लोप हुँदै गइरहेछ । महानुभाव व्यक्ति-हरूको सङ्ख्या अलि-अलि गरेर कम हुँदै छ । स्वामी विवेकानन्दले एक ठाउँमा भन्नुभएको छ— बाल्यावस्थामा मैले एउटा अंग्रेजी पुस्तक पढेको थिएँ त्यसमा एकजना कर्तव्यपरायण बालकको वर्णन थियो । त्यस बालकले जे-जति कमाएको थियो, त्यसको केही अंश आफ्नी वृद्धा आमालाई दिएको थियो । त्यसले गरेको यस कामको प्रशंसा त्यस पुस्तकको तीन-चार पृष्ठमा गरिएको थियो । तर यसमा विशेषता नै के छ । कुनै पनि हिन्दू बालकले त्यस कथाको नीतिशिक्षालाई बुझ्न सक्तैन, र म पनि त्यसको महत्त्व अहिले बुझ्दै छु । पश्चिमी देशको चाल-चलनको कुरो सुनेर मलाई के थाहा हुन्छ भने त्यहाँ प्रत्येक मानिस आ-आफ्ना लागि छन् । फेरि त्यस देशमा यस्ता पनि मानिस छन्, जसका आमा बाबु, स्त्री र छोरा-छोरी चाहे जस्तोसुकै हालतमा रहेका किन नहोऊन्, तिनीहरू सब थोक आफ्नै लागि मात्र राख्दछन् । एक गृहस्थको यस्तो आदर्श त कदापि हुनुहुँदैन । वास्तवमा यथार्थ कर्ममय (गृहस्थ) जीवन यथार्थ त्यागमय (संन्यस्त) जीवनको अपेक्षा कठिन वा सरल केही होइन, तर दुवै एक समान नै हुन् ।

कर्मयोगको एक अर्को रूप पनि छ, जसलाई उपासना भनिन्छ— यो पनि बुझ्नु आवश्यक छ— वास्तवमा प्रत्येक धर्मका तीन विभाग हुन्छन्, पहिलो हो- दार्शनिक, दोस्रो- पौराणिक र तेस्रो हो- कर्मकाण्ड । दार्शनिक भाग वास्तवमा प्रत्येक धर्मको सार हो । पौराणिक भाग दार्शनिक भागको व्याख्यानस्वरूप हो । यसमा महापुरुषहरूको जीवनी र अलौकिक विषयसम्बन्धी कथा र आख्यायिका-द्वारा त्यस दर्शनलाई उत्तम प्रकारले बुझ उने चेष्टा गरिएको छ र कर्मकाण्ड यस दर्शनकै अधिकतर स्थूलरूप हो । यो रूप यसबाट सर्वसाधारणले पनि दर्शन बुझ्न सकून् भन्नका लागि हो । वास्तवमा अनुष्ठान दर्शनकै एक स्थूलतर रूप हो, र यही कर्म हो । प्रत्येक कर्ममा त्यसको आवश्यकता छ, किनभने जबसम्म हाम्रो आध्यात्मिक जीवनमा अधिक उन्नति हुँदैन तबसम्म हामी आध्यात्मिक तत्त्व बुझ्न सक्तैनौं । आफूलाई जुनसुकै कुरो पनि बुझ्न सक्ने ठान्न मानिसलाई अति सजिलो छ, तर त्यसै-लाई जब ऊ व्यवहारमा ल्याउन खोज्दछ, तब सूक्ष्म भावलाई यथार्थ रूपमा बुझेर त्यसलाई हृदय-ङ्गम गर्न त बडो कठिन रहेछ भन्ने कुरो उसलाई थाहा हुन्छ । यसैका लागि त प्रतीक (मूर्ति आदि) विशेष गरी सहायक हुन आउँछन् । प्रतीकद्वारा सूक्ष्म विषयलाई बुझ्ने जुन प्रणाली छ, हामी त्यसलाई केही गरे पनि छाड्न सक्तैनौं । अत्यन्त प्राचीन समयदेखि नै प्रतीकको प्रयोग प्रत्येक धर्ममा हुँदै आइ-रहेको छ । विनाप्रतीक हामी कुनै पनि सोच-विचार गर्न सक्तैनौं भन्छौं भने एक दृष्टिले यो ठीकै छ शब्द पनि त हाम्रो विचारको प्रतीक नै त हो । अर्को दृष्टिले संसारको प्रत्येक चीज प्रतीकको रूपमा

देखिन्छ भन्न सकिन्छ । सारा संसार नै प्रतीक हो र यसको पछाडि मूलतत्त्व-(अधिष्ठान) को रूपमा ईश्वर विराजमान छ । यस प्रकारको प्रतीक केवल मानिसले उत्पन्न गरेको हैन, न कुनै धर्मका अनुयायी-हरू मिलेर केही प्रतीकको कल्पना गरे भन्ने कुरो नै हो । धर्मको प्रतीकको उत्पत्ति स्वाभाविक रूपले हुन्छ, हैन भने सब मानिसको मनमा केही विशेष प्रतीक केही विशिष्ट भावसित किन यसरी सम्बद्ध रहन्छ ? केही प्रतीक त सर्वत्र नै दृष्टिमा आउँछ । क्रस चिन्ह सर्वप्रथम इसाई धर्मको साथ प्रचलित भएको हो भन्ने इसाईहरूको धारणा छ, तर यो वास्तवमा इसाई धर्मको धेरै पहिलेदेखि, मूसाको जन्म हुनुभन्दा पहिले, वेदको पनि आविर्भाव हुनुभन्दा पहिले, यहाँसम्म कि मानवीय कार्यकलापको कुनै प्रकारको इतिहास लिपिबद्ध हुनुभन्दा पनि पहिलेदेखि विद्यमान छ । ऐक्टिक्स र फिनिशिन्स जाति-हरूमा पनि यो विद्यमान थियो भन्ने प्रमाण पाइन्छ र यस प्रकार प्रायः प्रत्येक जातिमा नै यसको अस्तित्व थियो । यति मात्र हैन, किन्तु यस्तो पनि प्रतीत हुन्छ कि क्रसमा टाँगिएका महापुरुषको प्रतीक प्रायः प्रत्येक जातिमा प्रचलित थियो । संसारमा सबभन्दा बढी प्रचलित भएको प्रवृत्ति स्वस्तिक (卐) थियो । क्रस (+) यसैको अपभ्रंश हो । बौद्धहरूले यसलाई आफ्नो साथसाथै संसारभर फैलाएका हुन् भन्ने धारणा पनि कुनै समयमा थियो । तर बौद्ध धर्मको शताब्दियौं पहिले कैयौं जातिहरूमा यसको प्रचार थियो भन्ने कुरो पत्ता लाग्दछ । प्राचीन बेबिलोन र मिश्र देशमा पनि यो पाइन्थ्यो । यी सब कुराबाट के प्रकट हुन्छ ? यी सब प्रतीक केवल कल्पना वा स्वेच्छाबाट भएका होइनन् भन्ने कुरा नै प्रकट हुन आउँछ । यसको कुनै न कुनै विशेष कारण अवश्य पनि हुनुपर्छ, र त्यसमा र मानिसको मनमा कुनै स्वाभाविक सम्बन्ध पनि हुनुपर्छ । यसप्रकार भाषा पनि कुनै कृत्रिम वस्तु हैन । केही मानिसहरू मिलेर कुनै विशेष भाव कुनै विशेष शब्दद्वारा प्रकट गर्ने निश्चय गरेर भाषाको उत्पत्ति गरे भन्ने कुरो हैन । भाषाको उत्पत्ति यसरी भएको हैन । कुनै पनि भाव आफ्नो आनुषङ्गिक शब्दविना रहन सक्तैन, न कुनै शब्द नै आफ्नो आनुषङ्गिक भावविना रहन सक्तछ । शब्द र भाव स्वाभाविक तथा अविच्छेद्य छन् । भाव प्रकट गर्नका लागि शब्दप्रतीक अथवा वर्णप्रतीक जुनसुकैको प्रयोग गर्न सकिन्छ । लाटा र बहिरालाई शब्दप्रतीक कुनै प्रकारको सहायता दिने काममा आउन सक्तैन, तिनीहरूले कुनै अर्का प्रतीक-को सहायता लिनुपर्छ । मनमा उठ्ने प्रत्येक विचारको एक अर्को अंश पनि हुन्छ र त्यो हो आकृति । यसलाई दर्शनशास्त्रमा 'नाम-रूप' भनिन्छ । जसरी कृत्रिम उपायद्वारा कुनै भाषा उत्पन्न गर्न सकिंदैन, त्यसरी नै कृत्रिम उपायद्वारा प्रतीकको निर्माण पनि गर्न सकिंदैन । संसारमा कर्मकाण्डका सहकारी जुन-जुन प्रतीक छन्, ती मानवजातिको धार्मिक विचारका एक-एक बाह्य रूप हुन् । अनुष्ठान, मन्दिर र अरू बाह्य आडम्बरको कुनै आवश्यकता छैन भन्न अति सजिलो छ, र यो कुरो त एउटा सानो बालक-ले पनि भन्न सक्तछ; तर जो मानिस मन्दिरमा गई पूजा-आजा गर्छन् तो त्यो पूजा-आजा नगर्नेहरूको अपेक्षा कति कुरामा भिन्न छन् भन्ने कुरो सजिलैसित देख्न सकिन्छ । विभिन्न धर्मको साथ जुन विशिष्ट मन्दिर, अनुष्ठान र अन्य स्थूल कार्यकलापको विधान छ, त्यसले तो-तो धर्मावलम्बीहरूको मनमा मन्दिर र अनुष्ठान आदि प्रतीक-स्वरूप हुन् भन्ने भाव जागृत गराउँछ । यसकारण अनुष्ठान र प्रतीक-लाई केही हैनन् भनेर उडाउनु उचित छैन । तो सब विषयको अध्ययन र अभ्यास गर्नु स्वाभाविकतया कर्मयोगको एक अङ्ग हो ।

यस कर्मयोगका अरू पनि कैयौं पक्ष छन् । यिनमा एक कुरो भाव र शब्दको सम्बन्ध छ भन्ने कुरो जानेर शब्दशक्तिबाट के-के हुन सक्तछ भन्ने कुरो जान्नु पनि हो । प्रत्येक धर्म शब्द-(मन्त्र)-को शक्तिलाई मान्दछ; यसमा पनि विशेष गरी हिन्दू-धर्मको त धारणा नै पनि यहाँसम्म छ कि सृष्टि नै शब्दबाट भएको हो । ईश्वरको सङ्कल्पको बाह्य आकार शब्द हो, किनभने ईश्वरले सृष्टिको रचना हुनुभन्दा पहिले सङ्कल्प र इच्छा गरेको थियो । यसै कारण सृष्टि शब्दबाट नै व्यक्त हुन्छ भन्ने कुरो निर्विवाद तथ्य हो । यो जडवादग्रस्त जीवनको कोलाहलले हाम्रो स्नायुमा पनि जडता आएको छ । जति-जति हामी बूढा हुँदै गएर संसारमा ठक्कर खाँदै जान्छौं, त्यति-त्यति हामीमा बढी-से-बढी जडता आउँछ र फलस्वरूप हाम्रो चारैतिर निरन्तर हाम्रो ध्यान आकर्षण गर्ने जे-जति घटना घट्दछन्, तिनप्रति हामी उदासीन रहेर त्यसबाट कुनै शिक्षा ग्रहण गर्न पनि सक्तैनौं । परन्तु कहिले-कहिले यस्तो पनि अवश्य हुन्छ- हाम्रो स्वाभाविक भाव प्रबल भएर आउँछ, त्यतिखेर हामी यो साधारण सांसारिक घटनावलीको रहस्य बुझ्ने कोशिशमा लाग्दछौं र अनि त्यसमा आश्चर्य मान्दछौं । यसरी आश्चर्य मान्नु नै ज्ञानप्राप्तिको पहिलो खुड्किलो हो ।

शब्दको उच्च दार्शनिक एवं धार्मिक महत्त्वको अतिरिक्त पनि हाम्रो यो जीवन-नाटचमा शब्द-प्रतीकको विशेष स्थान रहेको हामी देख्दछौं । तिमीलाई नछोईकन म तिमीसँग कुरा गरिरहेछु, तर मेरो शब्दबाट उत्पन्न भएको वायुको स्पन्दन तिम्रो कानमा परेर कर्ण-स्नायुलाई छुन्छ र अनि त्यसबाट तिम्रो मनमा असर पर्छ । यसलाई तिमी रोक्न सक्तैनौ । तिमी आफै विचार गर--यसभन्दा बढी आश्चर्यजनक कुरो अरू के हुन सक्तछ ? एक मानिसले अर्कालाई बेकूफ भन्यो भने अर्को मानिस उठेर उसको नाकमा कसेर घुस्सा हान्दछ । हेर, शब्दमा कति शक्ति रहेछ त ! एउटी स्त्री अलाप--विलाप गरी रोइरहेकी छन्, यत्तिकैमा अर्की स्त्री आएर उनलाई केही सान्त्वना दिने शब्द भन्दछिन् । प्रभाव हुन्छ के भने ती रोइरहेकी स्त्री उठ्छिन्, उनको दुःख हराउँछ र उनी मुस्कुराउन थाल्छिन्, हेर, शब्दमा कति शक्ति रहेछ त ! उच्च दर्शनमा जुन प्रकार शब्द शक्तिको परिचय पाइन्छ त्यसै प्रकार साधारण जीवनमा पनि पाइन्छ । यस शक्तिको सम्बन्धमा विशेष विचार र अनुसन्धान बेगर नै हामी रातोदिन यस शक्तिलाई उपयोगमा ल्याइरहेछौं यस शक्तिको स्वरूपलाई जान्नु र यसको उत्तम रूपले प्रयोग गर्नु पनि कर्मयोगको एक अङ्ग हो, र यही उपासना पनि भनिन्छ । कर्म-योगको विचार र विशेष धर्मको विषयमा गरिएको विचार अब यहीं समाप्त हुन्छ । अब धर्मको तेस्रो विभागको विचार 'परम धर्म'मा गरिन्छ ।

प्रथम खण्ड समाप्त ।

卐